CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

क्र.सं.५८

महाभारत

बाबू माधव प्रसाद शर्मा - बनारस

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF
क्र.सं. ५८   5.प्र. 343

॥ श्रीः ॥

नारायणं नमस्कृत्य नरं चैव नरोत्तमम्। देवीं सरस्वतीं व्यासं ततो जयमुदीरयेत् ॥
आदौ पाण्डव धार्तराष्ट्र-जननं लाक्षागृहे दाहनं द्यूते श्रीहरणं वने विचरणं मत्स्यालये वर्तनम्।
लीला-गो-हरणं रणे विहरणं सन्धिक्रिया जृम्भणं पश्चाद् भीष्म-सुयोधनादि-हननं चैतन्महाभारतम् ॥

महाभारत

(१८ पर्व)

★

लेखक
पं० रामप्रसाद सत्याल

पाइने ठेगाना
बाबू माधवप्रसाद शर्मा
के. २३/११९, पो. बा. ६, वाराणसी—१

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रकाशक :
बाबू माधवप्रसाद शर्मा
के २३/११९, वाराणसी-१.

संवत् २०६६

NEPAL SANSKRIT UNIVERSITY
पुस्तकालय

सर्वाधिकार सुरक्षित

मूल्य ४००

मुद्रक—ज्ञान, कृते—सागर मुद्रण,
के २३/११६, २२१००१.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

इ.पु. ३४३

NEPAL SANSKRIT UNIVERSITY पुस्तकालय

विषय-सूची

श्रीमहाभारत-आदि पर्व (१)

विषय	पृ०सं०
१ वेदव्यास-जन्म	१
२ सर्प-यज्ञ	२
३ व्यास र जनमेजय संवाद	६
४ ययाति राजा	१०
५ शुक्राचार्य	१०
६ देवयानी र शर्मिष्ठाको झगडा	१४
७ देवव्रतको जन्म	२०
८ भीष्मको भीषण-प्रतिज्ञा	२४
९ काशीराज-कन्या हरण	२९
१० शिखण्डीको उत्पत्ति	३१
११ धृतराष्ट्र, पाण्डु र विदुर-जन्म	३३
१२ कर्ण-जन्म	३७
१३ पाण्डव र कौरवको जन्म	३९
१४ श्रीपाण्डुको स्वर्ग-वास	४५
१५ दुर्योधनको भीमसित वैमनस्य	४७
१६ कृपको जन्म	५०
१७ द्रोणको उत्पत्ति	५०
१८ कुरु-पाण्डवको युद्ध-शिक्षा	५२
१९ गुरु-दक्षिणा	५६
२० लाहाका घरको रचना	५८
२१ भीम द्वारा हिड़म्बासुर-वध	६२
२२ बकासुर-वध	६४
२३ गन्धर्व सँग पाण्डवको मित्रता	६७
२४ धौम्य ऋषिलाई प्रोहित्याई	७०
२५ पांचाल तिर गमन	७०
२६ द्रौपदीको स्वयम्वर	७२
२७ पार्थले लक्ष्यभेदन गर्नु-कृष्णाले हार पैह्राउनु	७४
२८ द्रौपदीको विवाह	७६
२९ धृतराष्ट्रले पाण्डवलाई अंश दिनु	८५
३० इन्द्रप्रस्थमा युधिष्ठिर राजा हुनु	८८
३१ नारदको उपदेश	८८
३२ प्रतिज्ञानुसार अर्जुनजी १२वर्ष तीर्थ गर्न जानु	९०
३३ अर्जुन -उलूपी विवाह	९१
३४ अर्जुन-चित्रांगदा विवाह	९२
३५ अप्सराको श्रापमोचन	९२
३६ प्रभास तीर्थमा कृष्णजीसित भेट	९३
३७ अर्जुनको द्वारिका गमन	९४
३८ रैवतक पर्वतमा महोत्सव	९५
३९ सुभद्रा-हरण	९६
४० खाण्डव-वन-दहन	१०१
४१ मयले कृष्ण र अर्जुनलाई बिन्ती चढाउनु	१०४
४२ इति आदिपर्व समाप्त	१०५

महाभारत-सभापर्व (२)

विषय	पृ० सं०
१ श्रीकृष्णले बिदाभई द्वारिकापुरी तिर जानु	१०७
२ मयले पाण्डवका लागि रत्न-जटित सभा बनाउनु	१०८
३ युधिष्ठिरादिको सभा-प्रवेश, नाच-गाना	११०
४ नारदको राजासित राजनैतिक प्रश्न	११०
५ युधिष्ठिरले यस्तै सभा काहीं देख्नुभयो भनी सोध्नु	१११
६ इन्द्रका सभाको वर्णन	११२
७ श्रीयमराजका सभाको वर्णन	११३
८ वरुणका सभाको वर्णन	११४
९ कुबेरका सभाको वर्णन	११५
१० ब्रम्हाजीका सभाको वृत्तान्त,	११६
११ हरिश्चन्द्र राजाको वृत्तान्त, राजसूययज्ञगर्ने अर्ति	११८
१२ युधिष्ठिरको बन्धुवर्ग तथा श्रीकृष्णसँग सल्लाह	१२०
१३ श्रीकृष्णले प्रथम जरासन्ध वध गर भन्नु	१२२
१४ युधिष्ठिर, भीम र कृष्णजीको सल्लाह	१२५
१५ अर्जुनले आफ्नू विचार प्रकट गर्नु	१२६
१६ जरासन्धको उत्पत्ति	१२७
१७ जरासन्धको राज्यप्राप्ति	१३१
१८ श्रीकृष्ण, भीमार्जुन लिएर मगध जानु	१३२
१९ श्रीकृष्णजीको जरासंध सित कुरा	१३२
२० श्रीकृष्णको जरासन्ध मार्ने उद्योग	१३४
२१ जरासन्ध र भीमको मल्लयुद्ध	१३५
२२ जरासन्ध वध, इन्द्रप्रस्थ गमन	१३६
२३ पाण्डवहरूको दिग्विजय	१३८
२४ युधिष्ठिरले यज्ञको निम्तो सबैलाई दिनु	१३८
२५ निमंत्रित हजारौं राजा र विप्रादि शुभागमन	१४०

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बिषय	पृ० सं०
२६ युधिष्ठिरले राजाहरूलाई काम बाँडीदिनु	१४२
२७ युधिष्ठिरले यज्ञस्नानगरी कृष्णलाई अर्घदिनु	१४३
२८ शिशुपालले श्रीकृष्णको निन्दागर्नु	१४४
२९ श्रीयुधिष्ठिरले शिशुपाललाई सम्झाउनु	१४४
३० श्रीकृष्णको पूजागर्दा वैरिले युद्धगर्न आँट्नु	१४५
३१ भीष्मले कृष्णको महिमा भनेर भय दूर गराउनु	१४६
३२ शिशुपालले भीष्मको निन्दा गर्नु	१४६
३३ भीमले रीस गर्दा भीष्मले बुझाउनु	१४६
३४ शिशुपालको उत्पत्ति वर्णन	१४७
३५ सय अपराध पूर्ण बधभई शिशुपाल	१४८
३६ व्यासजीले उत्पातको फल बताउनु	१५०
३७ दुर्योधनलाई जलस्थलको भ्रम	१५२
३८ शकुनीको जुवा खेल्ने सल्लाह	१५४
३९ युधिष्ठिरलाई जुवा खेल्न	१५६
४० धृतराष्ट्रले पुत्रलाई द्वेष नगर्ने अर्तिदिनु	१५९
४१ दुर्योधनले पाण्डवको ऐश्वर्य हरण गर्नु वा मर्नु उचित भन्नु	१५९
४२ धृतराष्ट्रले दुर्योधनको कुरा स्वीकार गर्नु	१६०
४३ विदुरले धृतराष्ट्रसित जुवाको विरोध गर्नु	१६१
४४ राजाज्ञा पालन गर्न विदुरले इन्द्रप्रस्थ जानु	१६१
४५ जुवाको खेल शुरू	१६४
४६ शकुनी र युधिष्ठिरको जुवा	१६५
४७ युधिष्ठिरले शकुनी सँग धेरै धन हार्नु	१६६
४८ विदुरले धृतराष्ट्रलाई अर्ती दिनु	१६८
४९ दुर्योधनले विदुरलाई निकालिदिनु	१७०
५० युधिष्ठिरले भाई र द्रौपदी हार्नु	१७१
५१ दुर्योधनले विदुरलाई द्रौपदी डाक भन्दा नमान्नु	१७५
५२ दुःशासनले द्रौपदीको केश खिची ल्याउनु	१७६
५३ श्रीकृष्णबाट द्रौपदीको लज्जा बचाउनु	१८२
५४ कर्णका वचनले भीमलाई रिस उठ्नु	१८७
५५ पाण्डवहरू विदा भई इन्द्रप्रस्थ जानु	१८८
५६ पाण्डव र कौरवको दोस्रो जुवा	१८८
५७ पाडवहरूको वन-गमन	१९१
५८ इति सभापर्व समाप्त	१९३

महाभारत-वनपर्व (३)

बिषय	पृ० सं०
१ पाण्डवको वनगमन, ताउलो प्राप्ति	१९४
२ भीम द्वारा किर्मिर वध	१९८
३ काम्यक बनमा विदुरजीको आगमन	१९९
४ श्रीकृष्णजी र धृष्टद्युम्नहरूको आगमन	२०२
५ द्रौपदी-युधिष्ठिर-संवाद	२०५
६ वेदव्यासको आगमन	२०८
७ अर्जुनको हिमालय गमन	२०९
८ महादेव र अर्जुनको युद्ध	२१२
९ अर्जुनको स्वर्ग-गमन	२१६
१० युधिष्ठिरादिको चिंता	२२०
११ नलदमयन्तीको कथा	२२२
१२ नलोपाख्यान समाप्त	२५०
१३ लोमशको आगमन, तीर्थयात्रा	२५१
१४ तीर्थ-वर्णन	२५३
१५ अगस्तिचरित्र	२५५
१६ कमलफूलको कथा	२६१
१७ भीमसेन-कुबेर युद्ध	२६६
१८ भीमको खोजी	२६७
१९ स्वर्गलोकबाट अर्जुन फर्कनु	२६८
२० काम्यक बनमा श्रीकृष्णजीसँग भेट	२७३
२१ मार्कण्डेय ऋषिको आगमन	२७४
२२ साम्राज्ञी सीताजीको दुःख वर्णन	२८०
२३ सावित्री चरित्र	२८५
२४ इति सावित्री सत्यवान् चरित्र	३०८
२५ द्रौपदी-सत्यभामा-संवाद	३०९
२६ दुर्योधन-बन्धन तथा उन्मोचन	३१०
२७ दुर्वासा ऋषिले भाग्नु	३१४
२८ द्रौपदीहरण	३१७
२९ कर्णको कवच-कुण्डल-हरण	३१९
३० युधिष्ठिर-धर्मपरीक्षा	३२९
३१ महाभारत-वनपर्व-समाप्त	३३३

महाभारत-विराटपर्व (४)

बिषय	पृ० सं०
१ पांडवहरूको विराट नगरमा गुप्तवासगर्ने विचार	३३४
२ भीम र अर्जुनले आफ्नु विचार प्रकट गर्नु	३३७
३ नकुल, सहदेव र द्रौपदीको कार्य-निर्णय	३३९
४ धौम्यको उपदेश लिई पाण्डवको गुप्तवास	३४३
५ पाण्डवहरूले रूखमा हतियार झुन्ड्याई विराट-नगर जानु	३४७
६ युधिष्ठिरले स्तुति गर्दा दुर्गा प्रकट भई वरदान दिनु	३५१
७ युधिष्ठिरले विराट कहाँ गई सम्मानपूर्वक रहनु	३५६
८ भीमले सभामा जानु, विराटले भान्से तुल्याई राख्नु	३५९

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विषय	पृ० सं०
९ द्रौपदीले सैरन्ध्री बनी सुदेष्णा कहाँ जानु	३६१
१० सहदेवले गोठालाको भेष लिई विराट कहाँ जानु	३६७
११ अर्जुनले हिजड़ाको भेष लिई मत्स्यपति कहाँ जानु	३६९
१२ नकुलले विराट कहाँ सवार बनेर जानु	३७३
१३ भीमले मल्ल, बाघ, हात्ती सित कुश्ती खेल्नु	३७५
१४ कीचकले द्रौपदीलाई देखेर मोहित हुनु	३८१
१५ रानीले द्रौपदीलाई कीचकको घर पठाउनु	३८८
१६ कीचकले अपमानगर्दा द्रौपदीले फिराद गर्न जानु	३९१
१७ द्रौपदीले भीमलाई जगाउँदा भीमले सोध्नु	३९६
१८ द्रौपदीले भीमसित दुःख पुकारा गर्नु	३९७
१९ द्रौपदीले पतिहरूको कष्ट देखेर चिंता गरेको	४००
२० द्रौपदीले जहर खाई मर्छु भन्नु	४०३
२१ भीमसेनले द्रौपदीलाई धैर्य दिनु	४०५
२२ भीमले कीचकलाई नाचघरमा मार्नु	४१०
२३ कीचकका बन्धुवर्गले सैरन्ध्रीलाई मशानमा लैजानु	४१८
२४ राजाले द्रौपदीलाई बिदा दिन खोज्नु	४२१
२५ दुर्योधन कहाँ दूतले कीचक मरेको खबर पुऱ्याउनु	४२६
२६ दुर्योधनले पाण्डवहरूको खोजीगर्ने सल्लाह गर्नु	४२७
२७ द्रोणले आफ्नू विचार प्रकट गर्नु	४२८
२८ भीष्मले आफ्नू सम्मति दिनु	४२९
२९ कृपले सेना र धन एकत्र गरी राख्नू भन्नु	४३०
३० सुशर्माका मतले कौरव र त्रिगर्तहरूले गाई हर्न जानु	४३१
३१ विराट र पाण्डवहरू स-सैन्य भै गाई खोज्न जानु	४३३
३२ राजा विराटको र सुशर्माको युद्ध	४३५
३३ युद्धमा विराट पक्रिनु र पाण्डव द्वारा बन्धन मुक्त हुनु	४३६
३४ विराटले लड़ाई जितेको खबर पठाउनु	४४१
३५ कौरवले गौ हरेको खबर विराटपुत्रलाई दिनु	४४३
~~३६ राजपुत्रले बृहन्नलालाई~~ सारथी बनाउन डाक्नु	४४४
३७ कुमारले बृहन्नलालाई सारथी गरी युद्धमा जानु	४४७
३८ कौरवका डरले उत्तर भाग्दा अर्जुनले पक्रनु	४५१
३९ अरिगणले अर्जुनलाई चिन्ही डराउनु	४५५
४० पार्थले उत्तरलाई पाण्डवहरूको शस्त्र ल्याऊ भन्नु	४५७
४१ उत्तरले रूख चढी धनुहरू ल्याउनु	४५८
४२ उत्तरले शस्त्रका सम्बन्धमा सोध्नु	४५८
४३ अर्जुनले पञ्चपाण्डवका हुन् भन्नु	४५९
४४ अर्जुनको हेतुसहित दश नाम	४६२
४५ उत्तर कुमारको शंका	४६५
४६ अर्जुन सैन्यतिर जानु र द्रोणले अपशकुन-का फल भन्नु	४६८
४७ गुप्तवास पुगेकोमा दुर्योधनको शंका	४७०
४८ कर्णले अर्जुनलाई जित्न सक्छु भन्नु	४७१
४९ कृपाचार्यको कथन	४७२
५० अश्वत्थामाले कर्णलाई भन्नु	४७३
५१ भीष्मले क्रोध शान्त गराई द्रोणसँग क्षमा गराउनु	४७५
५२ भीष्मले तिथ पूर्ण भएको वृत्तान्त गरी, व्यूह रचना गर्नु	४७६
५३ अर्जुन र कर्णको युद्ध, कर्ण संग्राम बाट भाग्नु	४८०
५४ अर्जुनले सेना मार्नु, उत्तरले रथ योद्धानेर लैजानु	४८३
५५ अर्जुन-कौरव युद्ध हेर्न देवताहरू आउनु	४८६
५६ अर्जुन र कृपको युद्ध, कृपाचार्य हार्नु	४८७
५७ अर्जुन र द्रोणको युद्ध, द्रोण हार्नु	४९०
५८ अर्जुन र द्रोणीको युद्ध	४९३
५९ कर्ण र अर्जुनको दोस्रो युद्ध, कर्ण हार्नु	४९४
६० विकर्ण आदि धृतराष्ट्रका पुत्रसँग लड़ाई	४९५
६१ पार्थले अरि-सैन्य मारी रक्तकोनदी बगाउनु	४९८
६२ अर्जुन र महारथीहरूको युद्ध	४९९
६३ अर्जुन-भीष्म युद्ध, भीष्मको पराजय	४९९
६४ अर्जुन र दुर्योधन युद्ध, दुर्योधन भाग्नु	५०१
६५ पार्थले वीरहरूलाई विचेत पारी वस्त्र-हरण गर्नु	५०३
६६ पार्थको जय-लाभ, नगरमा खबर	५०६
६७ उत्तरको जीत सुनी विराटले जूवा खेल्दा कंकलाई हान्नु	५०८
६८ उत्तर सभामा आउनु, विराटले कंकसित क्षमा माग्नु	५१२
६९ उत्तरले देवपुत्रले जिते मैले होइन भन्नु	५१५
७० पाँच पाण्डव प्रकट भई विराटका सिंहा-सनमा बस्नु	५१६

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विषय	पृ० सं०
११ उत्तरले बुबालाई पाँच पाण्डवको परिचय गराउनु	५१८
१२ अभिमन्यु र उत्तर कुमारीको विवाह	५२१
१३ महाभारत विराट-पर्व-समाप्त	५२४

महाभारत-उद्योगपर्व (५)

१ विराट-सभामा युद्ध-मन्त्रणा	५२५
२ शल्य युधिष्ठिर सम्वाद	५२९
३ पाण्डवको दूत हस्तिनापुर जानु	५३३
४ कृष्णजी सित मदद माग्न अर्जुन र दुर्योधन जानु	५३९
५ कौरवका दूत संजय	५५१
६ श्री विदुर नीति	५६२
७ विरोचन र सुधन्वाको कलह	५७८
८ सनत्कुमारको उपदेश	५८१
९ कौरवहरूको बातचीत	५८४
१० श्रीकृष्णजी पांडवको दूत बनी हस्तिनापुर जानु	५८८
११ कुरुवंशीको उत्पत्ति, दुष्यन्त शकुन्तलाको इतिहास	५९१
१२ श्रीकृष्णले कुन्ती र विदुरसित भेट गर्नु	५९९
१३ कौरव सभामा श्रीकृष्णको प्रवेश तथा उपदेश	६०२
१४ गरुड, गालव र दंभोद्भवको कथानक	६०६
१५ दुर्योधनलाई धृतराष्ट्रले सम्झाउनु	६१४
१६ धृतराष्ट्रको अति न-मान्दा कृष्ण र भीष्मले सम्झाउनु	६१६
१७ गान्धारीले पुत्रलाई सम्झाउनु र कौरवले कृष्णलाई कैद गर्न खोज्नु	६१८
१८ श्रीकृष्णजीले कुन्तीजीलाई भेट्नु	६२२
१९ विदुला-पुत्र संवाद	६२३
२० श्रीकृष्ण-कर्ण संवाद	६२७
२१ पाण्डवहरूको युद्ध गर्न निर्णय	६२९
२२ कुन्ती-कर्ण सम्वाद	६३०
२३ राजा रुक्मिलाई कौरव र पांडवले बहिष्कार गर्नु	६३३
२४ कौरव-पांडव-युद्ध तैयारी	६३५
२५ दुर्योधनको दूतलाई पाण्डवको जवाफ	६३६
२६ भीष्मले पांडवको सहनी गर्दा कर्णले क्रुद्ध भै भन्नु	६३९
२७ शिखण्डीको वर्णन	६४५
२८ कर्ण र दुर्योधनको संवाद	६४९
२९ श्रीकृष्ण युधिष्ठिर संवाद	६५१
३० इति उद्योग-पर्व-समाप्त	६५२

महाभारत-भीष्मपर्व (६)

१ महाभारत भीष्मपर्व	६५३
२ व्यासजी र धृतराष्ट्रको वार्तालाप	६५३
३ व्यासजीले संजयलाई दिव्य-दृष्टि दिनु	६५५
४ धृतराष्ट्रले सोध्नु, संजयले पल्टनतिरको हाल भन्नु	६५५
५ कौरव पतिले कौरवतिरको शुभाशुभ लक्षण सोध्नु	६५७
६ संजयले समस्त ब्रह्माण्डको वर्णन गर्नु	६५८
७ श्रीमद्भगवद्गीता-प्रथम अध्याय	६६८
८ द्वितीय अध्याय (सांख्ययोग)	६७१
९ तृतीय अध्याय (कर्मयोग)	६७९
१० चतुर्थ अध्याय (ज्ञानकर्म संन्यास योग)	६८४
११ पञ्चम अध्याय (संन्यास योग)	६८९
१२ षष्ठ अध्याय (आत्मसंयम योग)	६९२
१३ सप्तम अध्याय (ज्ञान-विज्ञान-योग)	६९७
१४ अष्टम अध्याय (ब्रह्माक्षर योग)	७००
१५ नवम अध्याय (राजगुह्य, राजविद्यायोग)	७०३
१६ दशम अध्याय (विभूति योग)	७०९
१७ एकादश अध्याय (विश्वरूप-दर्शन)	७१०
१८ द्वादश अध्याय (भक्तियोग)	७१६
१९ त्रयोदश अध्याय (क्षेत्रक्षेत्रज्ञ योग)	७१९
२० चतुर्दश अध्याय (त्रिगुण विभाग योग)	७२२
२१ पञ्चदश अध्याय (पुरुषोत्तम योग)	७२५
२२ षोडश अध्याय (दैवी-आसुरी-सम्पदा)	७२८
२३ सप्तदश अध्याय (श्रद्धा-त्रय-विभाग योग)	७३१
२४ अष्टादश अध्याय (मोक्ष संन्यास योग)	७३४
२५ सप्तश्लोकी गीता र गीतामाहात्म्य	७४२
२६ युधिष्ठिरले गुरुजन कहाँ गएर आशीर्वाद लिनु	७४४
२७ पाण्डवसँग मिल्न युयुत्सु आउनु	७४७
२८ कौरव पाण्डवादिहरू कसका अंश हुन्	७५१
२९ भारतको युद्धारम्भ	७५४
३० भीष्मको प्रथम दिनको युद्ध, श्वेतवध	७५५
३१ दोस्रा दिनको युद्ध, भगदत्तको मृत्यु	७७४
३२ भीष्मको तेस्रा दिनको युद्ध	७८८
३३ भीष्मको चौथा दिनको युद्ध	७९४

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विषय	पृ० सं०
३४ भीष्मको पाँचौं दिनको युद्ध	७९४
३५ भीष्मको छैटौं दिनको युद्ध	७९९
३६ भीष्मको सातौं दिनको युद्ध	८०६
३७ भीष्मको आठौं दिनको युद्ध	८१४
३८ महाभारत युद्धको नवम दिन	८२४
३९ दशौं दिनको युद्ध, भीष्मको पतन	८३०
४० महाभारत भीष्मपर्व समाप्त	८३४

महाभारत-द्रोणपर्व (७)

१ महाभारत द्रोणपर्व	८३५
२ दुर्योधनबाट द्रोणजी सेनापति भई वार्तालाप गर्नु	८३५
३ द्रोणको पैल्हा दिनको युद्ध	८३८
४ द्वितीय दिनको युद्ध, अर्जुन र सुशर्मा	८४२
५ शूरसेनको मृत्यु, युधिष्ठिरले भाग्नु	८४४
६ पार्थले युधिष्ठिरलाई बचाउनु	८४५
७ द्रोणको चक्रव्यूह रचना	८४८
८ अभिमन्युले चक्रव्यूह भेदन गर्नसक्तछु भन्नु	८४९
९ उत्तरा अभिमन्युको आखिरी भेट	८५२
१० अभिमन्युले सैन्य ध्वस्त पार्नु	८५६
११ छवै द्वार तोड़ी सप्तम द्वारमा पस्नु	८५७
१२ वीर अभिमन्यु वध	८६२
१३ उत्तरा-विलाप	८७०
१४ माता रानीहरूको विलाप	८७१
१५ युद्धबाट कृष्णार्जुन फर्कनु, अप्रिय समाचारले पार्थ मूर्छा पर्नु	८७३
१६ कृष्णले पार्थलाई अभिमन्युसित भेट गराउनु, तिनको मोह नाश	८७६
१७ द्रोणले जयद्रथको रक्षा गर्ने भारलिनु	८८१
१८ द्रोण र अर्जुनको युद्ध,	८८३
१९ अर्जुनको खबर बुझ्न सात्यकी जानु	८८६
२० युधिष्ठिरले भीमलाई पठाउनु, भीम र द्रोणको युद्ध	८९०
२१ कर्ण र भीमको युद्ध	८९२
२२ जयद्रथ-बध	८९४
२३ सुरथ राजाको वृत्तान्त	८९७
२४ रात्रिमा युद्ध, द्रुपद-वध	९०१
२५ द्रोणले द्रुपद-मैत्रीको कारण भन्नु	९०५
२६ पार्थसित द्रोण र दुर्योधनको युद्ध	९११
२७ द्रोणाचार्य-वध	९१३
२८ युधिष्ठिरको संताप, श्रीकृष्णद्वारा प्रबोध	९२०
२९ इति द्रोण-पर्व समाप्त	९२४

महाभारत-कर्णपर्व (८)

१ कर्ण सेनापति हुनु	९२५
२ कौरव र पाण्डव तिरका वीरहरूको युद्ध	९२७
३ कर्ण द्वारा घटोत्कच वध	९३०
४ भीमको फिक्री, कृष्णले बुझाउनु	९३३
५ शल्यले कर्णको निन्दा गर्नु	९३४
६ कर्णको बहादुरी. पांडवसेनामा हाहाकार	९३७
७ कर्ण र अर्जुनको भयंकर युद्ध	९३८
८ भीमले दुश्शासनको रगतले द्रौपदीको केश भिजाउनु	९४२
९ कर्ण वध	९४६
१० खिन्न कौरवादि र प्रसन्न पाण्डवादि	९५१
११ इति कर्णपर्व समाप्त	९५४

महाभारत-शल्यपर्व (९)

१ मद्रराज शल्य सेनापति बन्नु	९५५
२ दुवै पक्षको रण-भूमिमा प्रस्थान	९५६
३ दुवै दलका वीरहरूको युद्ध	९५८
४ शकुनी-वध	९६३
५ शल्य-वध	९७०
६ इति शल्य-पर्व समाप्त	९७३

महाभारत गदापर्व (१०)

१ महाभारत-गदापर्व	९७४
२ भीमको प्रहारले दुर्योधनको तिघ्रा टुट्नु	९८३
३ इति गदापर्व समाप्त	९८९

महाभारत-सौप्तिकपर्व (११)

१ महाभारत-सौप्तिकपर्व	९९०
२ दुर्योधनको प्राण त्याग	९९२

महाभारत-स्त्रीपर्व (१२)

१ महाभारत-स्त्रीपर्व	१००३
२ इति स्त्रीपर्व समाप्त	१०१७

महाभारत शान्तिपर्व (१३)

१ युधिष्ठिर भीम-संवाद	१०१८
२ मृत्युको उत्पत्ति	१०२२
३ राजा भरतको वृत्तान्त	१०२५

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विषय	पृ० सं
४ वर्णाश्रमको धर्म र राजधर्म	१०२६
५ एकादशी व्रत-माहात्म्य	१०२९
६ तुलसी शालिग्राम माहात्म्य	१०३७
७ काशी माहात्म्य	१०३९
८ श्री गंगाजीको माहात्म्य	१०४१
९ शिवको चतुर्दशी व्रत माहात्म्य	१०५१
१० प्राण राख्न जे गरे पनि हुन्छ	१०५३
११ राजा बलि र देवेन्द्रको वार्तालाप	१०५८
१२ काटिएको शिरले लड़ाईंको कुरा गर्नु	१०६८
१३ इति शान्तिपर्व समाप्त	१०७४

महाभारत-अनुशासनपर्व (१४)

१ भाग्यैले दुःख-सुख दिन्छ, संताप नगर्नु	१०७५
२ पति-पत्नीको सम्बन्ध	१०८०
३ नारीलाई वश गर्ने उपाय	१०८५
४ स्त्री-स्वभाव महिमा	१०८७
५ मैथुनमा धेरै मजा कसलाई हुन्छ	१०८९
६ विवाह आदिको वर्णन	१०९१
७ आफ्ना छिमेकीको उपकार गर्नुपर्छ	१०९३
८ दानादिको फल, भीष्मको स्वर्गवास	१०९४
९ इति अनुशासन पर्व समाप्त	११००

महाभारत-अश्वमेधपर्व (१५)

१ अश्वमेध पर्व	११०१
२ अनुगीता	११०२
३ युधिष्ठिरले धन लिन जानु, परीक्षित जन्म	११०७
४ अश्वमेधयज्ञ	१११०
५ राजाहरुसित अर्जुनको युद्ध	१११३
६ मनिपुरको युद्ध, पार्थको पुनर्जीवन	१११५
७ देश-देशका भूपतिसित पार्थको लडाइ	११२०
८ अश्वमेध यज्ञ पूर्ण	११२१
९ अश्वमेधभन्दा सत्तुदान ठूलो	११२३
१० इति अश्वमेध पर्व समाप्त	११२७

विषय	पृ० सं०

महाभारत-आश्रमवासिक-पर्व (१६)

१ महाभारत आश्रमवासिक पर्व	११२८
२ भीमसेनले छेड़हान्दा धृतराष्ट्र वन जान खोज्नु	११२८
३ भीमले रोक्नु, तर युधिष्ठिरले खर्च दिंदा धृतराष्ट्रले श्राद्ध गर्नु	११३३
४ धृतराष्ट्र, गान्धारी र कुन्तीको वनगमन	११३३
५ धृतराष्ट्र भेट्न पाण्डव वन जानु विदुरको मृत्यु	११३५
६ व्यासको सबैलाई नगर फर्कने अर्ती	११३७
७ गत महाभारत युद्धमा मरेका वीरहरूसित कुरुपाण्डवको पुनर्मिलन	११३९
८ वनवासी राजा-रानीको डढेलाले मृत्यु युधिष्ठिर विलाप	११४१

महाभारत-मुशलपर्व (१७)

१ महाभारत मुशलपर्व	११४६
२ नारदले श्रीकृष्णलाई ब्रह्माजीको सन्देश विन्ती गर्नु	११४६
३ दुर्वाशा ऋषिको भयानक श्राप	११४९
४ यदुवंशका नाश, श्रीकृष्ण बलराम वैकुण्ठ गमन	११५१
५ कृष्णका विरहमा वसुदेव देवकी र महारानीहरूको देह त्याग	११५५
६ रस्तामा-भीलहरूको डकैती	११५७
७ अर्जुनको दिक्दारी, व्यासले संझाउनु	११५८
८ इति मुशलपर्व समाप्त	११५९

महाभारत-स्वर्गारोहणपर्व (१८)

१ महाभारत स्वर्गारोहणपर्व	११६०
२ नाग र ब्राह्मण कथा	११६०
३ नागसित विप्रले हाँसेको कारण सोध्नु	११६१
४ महापन्थमा गिर्नेको दोषवर्णन	११६५
५ सम्राट् युधिष्ठिरको वैकुण्ठ गमन	११६८
६ धर्मकुमारलाईमायापति श्रीरामको दर्शन	११७०
७ इति स्वर्गारोहणपर्व समाप्त	११७२

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

NEPAL SANSKRIT UNIVERSITY
पुस्तकालय

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

महाभारत १८ पर्व सचित्र



चित्र सं० १ प्रकाशक—बाबू माधव प्रसाद शर्मा, वाराणसी—१

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

❋ श्री ❋

महाभारत-आदिपर्व

मङ्गलाचरण

शङ्का घेर बढेर सत्य-पथको ❋ बाटो भुली जो पनी।
दुःखी भै रहनन् र दुष्टहरुले ❋ अन्याय गर्नन् भनी॥
उद्धारार्थ झरेर आफु ब्रजमा ❋ लीला गरी निर्मल।
गर्ने दुष्ट विनाश माधव दिउन् ❋ श्रीकृष्णले मङ्गल॥

वेदव्यास-जन्म

(१)

श्रीमान् पाण्डव पाँच भाइ निजकी ❋ रानी समेत् द्रौपदी।
जान्छौं स्वर्ग भनी हिमालय गये ❋ नाती[1] विषे राज्य दी॥
नाती पाण्डवका परीक्षित भनी ❋ नाउँ भयेका थिए।
छोरा हुन् अभिमन्युका नृपति भै ❋ साम्राज्य तिन्ले लिए॥

(२)

तेजस्वी नृपती परीक्षित थिये ❋ न्यायी प्रतापी अती।
जस्को शासन रामराज्य सरिको ❋ मान्थे दुनीयाँ जती॥
राजाबाट शिकार एक दिन ता ❋ खेल्ने इरादा धरी।
जाँदा पुग्न गये तपोवन विषे ❋ बाटो बनैको भुली॥

(३)

देखीये हरि-ध्यानमग्न ऋषिजी[2] ❋ आँखा थुनेका तहीं।
त्यै बेला कलिले लिएछ बदला ❋ क्रोधान्ध साह्रै भई॥
राजाथ्यैं किन हो रिसाइ बदला ❋ त्यस्ले लिएको तहाँ।
सोही पूर्व कथा छ जान्नु परने ❋ श्रोताहरूले यहाँ॥

१-परीक्षित। २-शमिक ऋषि।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(४)

गाई गोरु कहीं वनान्तर विषे ❋ कुट्थ्यो खडा भै कली ।
पृथ्वी गाइ थिइन् र गोरु त थिए ❋ साक्षात श्री धर्मजी ॥
दैवात् ताहिं पुगे परीक्षित अनी ❋ देखी लिए क्रूरता ।
औंटे मार्न जसै पराजित भई ❋ आयो शरण्मा उ ता ॥

(५)

ठाऊँ आज मिलोस् भन्यो र उसले ❋ जूवा र चोरी अनी ।
रक्सी रण्डि विषे खटन् गरि दिए ❋ जा बस् उसैमा भनी ॥
राम्रो ठाउँ कुनै मिलोस् भनि गर्‍यो ❋ बिन्ती कलीले अनी ।
हूकुम् बक्सनु भो परीक्षितजिले ❋ जा स्वर्णमा बस् भनी ॥

(६)

राजाको शिरमा किरीट सुनको ❋ हूँदा उसैमा गई ।
बस्दो भो कलिले र बुद्धि नृपको ❋ दीयो बिगारी तहीं ॥
उल्टो बुद्धि गराउँदा नृपतिले ❋ दम्भी[1] ऋषी हो भनी ।
मुर्दा सर्प उठाइ राखि त दिए ❋ तिन्का गलामा पनी ॥

(७)

एती कर्म गरी फिरेर नृपती ❋ दरबारमा पो गए ।
विश्रामार्थ[2] किरीट झीकि शिरको ❋ अन्यत्र राखी दिए ॥
त्यै बेला सब सम्झना हुन गयो ❋ मैले गरें के भनी ।
साह्रै चिन्तित भै परीक्षित रहे ❋ शोकार्त[3] जस्ता बनी ॥

(८)

राजाबाट भयो अनादर ठुलो ❋ आफ्ना पिताको भनी ।
जानी खूब रिसाइ शाप दिनु भो ❋ श्रृंगी - ऋषीले पनी ॥
आजैको तिथि देखि सात दिनमा ❋ डस्ला गई तक्षक ।
मृत्यू होस् नृपती परीक्षितजिको ❋ ये श्रापले भै क्षय ॥

(९)

एही श्राप मिली परीक्षित गए ❋ श्रीस्वर्गवासी भई ।
श्रीजन्मेजय बाट राज्य गरियो ❋ गद्दी पिताको लिई ॥
यिन्का शासनमा सबै सुखि भए ❋ विप्रादि रैतीहरू ।
जस्को राज्य त राम-राज्य सरि भो ❋ त्यस्को बयान् के गरूँ ॥

१-पाखण्डी । २-आराम गर्नका लागि । ३ फिक्रीले कातर भएका ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(१०)

डस्दा तक्षकले बुबा मरि गए ❋ त्यस् निम्ति त्यै सर्पको ।
पार्नु वंश विनाश योग्य छ उही ❋ होला कुरा हर्षको ॥
सोची एति नृपेन्द्रबाट सहसा ❋ यौटा सभा डाकियो ।
आए मन्त्रिहरू ऋषी-मुनि समेत् ❋ ठाऊँ सबै ढाकियो ॥

(११)

श्रीजन्मेजय बाट सोधनि भयो ❋ हे विज्ञ हो ! के गरी ।
होला तक्षकको कुलै क्षय उही ❋ आज्ञा हवस् यो घरी ॥
हूकुम् एति सुनेर सभ्यहरूले ❋ सोची विचारी अती ।
भन्नू भो यदि सर्प-यज्ञ त हवस् ❋ पुग्ला चिताए जती ॥

(१२)

सोही यज्ञ गराउँछू अब भनी ❋ हूकुम् भएथ्यो जसै ।
ठाऊँ हेरि तुरुन्त मण्डप रचे ❋ मन्त्रीहरूले तसै ॥
निम्तो पाइ ऋषी-मुनीगण जती ❋ आएर जम्बा भयो ।
सामग्री सब ठीक पारि कन पो ❋ सौँप्-यज्ञ आरम्भ भो ॥

सर्प-यज्ञ

(१)

ऋषिवर्ग जुटी गनागन । बहुतै मन्त्र पढी दनादन ॥
सब अग्नि जलाउँछन् तहीं । अति मुस्लो हुन गो धुवाँ बही ॥

(२)

त्यसमा तब सर्प झर्दछन् । खिंचिंई रोइ-कराइ मर्दछन् ॥
सिलिमिल्ल परी बटारिई । सब जल्छन् दुःखमा लठारिई ॥

(३)

शिरबाट झरे कुनै - कुनै । झरथे पुच्छरबाट ता कुनै ॥
सब फूँ-फुँ गरी गरी कन । झरि जान्छन् बलि जान दन्दन ॥

(४)

लामा सर्प हजार कोस तकका ❋ छोटा भए मन्त्रले ।
घोडा तुल्य कुनै अजिङ्गर कुनै ❋ हात्ती सरीका बले ॥
ऋत्विक् ब्राह्मण चण्ड भार्गव थिए ❋ छन् कौत्स औ जैमिनी ।
धेरै छन् ऋषि यज्ञमा सब मिली ❋ ती सर्प खिच्छन् चिनी ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(५)

बोसो झर्झर भो र गन्ध चलि गो ❋ ढाक्यो बतास् गन्धले ।
बोल्थे सर्प किर्किर किर्र सबका ❋ रोएर आत्मा जले ॥
काँपी तक्षक इन्द्रका घर गयो ❋ सारा बतायो कुरा ।
पाई आश्रय इन्द्रबाट उ त्यहीं ❋ बस्थ्यो खुशी भै पुरा ॥

(६)

ठूलै हड्बडि बासुकी कन भयो ❋ काँप्यो कलेजा अनी ।
भन्छन् ती बहिनी अगाडि बहिनी ! ❋ देखिन्न केही पनी ॥
आँखा घुम्दछ काँप्छ यो मुटु उसै ❋ आगो जले झैं भयो ।
नाशै गर्दछ सर्प जाति कन ता ❋ यो यज्ञले ता अहो ! ॥

(७)

तिम्रो नाम समान नाम गरने ❋ खोजी दुलाहा कन ।
हे बैनी ! मइले बिहा गरि दियाँ ❋ तिम्रो खुशी भै कन ॥
दूवैको शुभ नाम सुन्दर जर- ❋ त्कारू भनेको थियो ।
रक्षा हुन्छ भनेर सर्पहरूको ❋ सोही बिहा भै गयो ॥

(८)

छन् आस्तीक बचाउने न अरु छन् ❋ यो सर्पको यज्ञ रे ।
ब्रह्माबाट यही हुकुम् हुन गयो ❋ तिम्रै भरोसा परें ॥
जाऊ बन्धु बचाउ आज बहिनी ! ❋ आस्तीकलाई भन ।
हाम्रो जाति विनाश्न यज्ञ रचियो ❋ के गर्नु त्यो वर्णन ॥

(९)

यस्ता वाक्य सुनी उठेर बहिनी ❋ भन्छिन् गई पुत्रमा ।
मर्छन् सर्प जलेर बाबु ! अहिले ❋ त्ये सर्पका सत्रमा ॥
छौ आस्तीक तिमी बचाउन भनी ❋ भो जन्म तिम्रो यहाँ ।
केही सोच उपाय सर्पहरुको ❋ रक्षा हुने यज्ञमा ॥

(१०)

माता सर्प समस्तकी जुन थिइन् ❋ ती कद्रुले श्राप दी ।
सारा सर्प जलेर प्रेत-पुरमा ❋ जान्छन् दुःखैले मुटी ॥
ब्रह्माको खुशिले सराप झिकिंदा ❋ आस्तीकका नामको ।
यौटा हुन्छ बचाउ गर्न सबको ❋ छोरो जरत्कारुको ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



चित्र सं० २ माताको उपदेश पाई आस्तिकले सर्प यज्ञ बन्द गराएको ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(११)

भन्ने मर्जि भएर सर्पहरुको ❋ क्यै चित्त शान्तै भयो ।
जाऊ बाबु ! बचाउ सर्प सब ती ❋ त्यो यज्ञ रोक्नै पऱ्यो ॥
माताको उपदेश पाइ कन ती ❋ ऊठेर जाँदा भए ।
हुन्थ्यो यज्ञ जहाँ उहीं अति छिटै ❋ आस्तीक पौंची गए ॥

(१२)

आशीर्वाद दिएर स्वस्ति कहँदै ❋ आस्तीक भन्छन् तहाँ ।
आएको छु नरेन्द्र ! देउ पहिले ❋ भिक्षा मलाई यहाँ ॥
पश्चात् जो गरनूछ कार्य उ हवस् ❋ एती कहेको सुनी ।
सोधे ब्राह्मण - वर्गलाइ नृपले ❋ के गर्नु यस्मा भनी ॥

(१३)

यस्ता बात सुनेर ब्राह्मणहरू ❋ भन्छन् दिनै पर्दछ ।
धेरै सर्प जली मरे अब त त्यो ❋ बैरी पनी मर्दछ ॥
केही बेर तथापि थामुँ कि प्रभो ! ❋ ताने पछी तक्षक ।
जो जो पर्छ दिनू जहाँ उ दिउँला ❋ आफ्नू पुऱ्याइ लख ॥

(१४)

गुन्छौं तक्षक बस्छ इन्द्र सँग पो ❋ जल्दै नजल्ने गरी ।
रक्षा पाउँछ इन्द्रको जब त त्यो ❋ के मर्छ आई झरी ? ॥
यस्ता बात सुनेर दुःखित भए ❋ राजा तिनी भन्दछन् ।
इन्द्रै साथ खिंचेर तक्षक दुवै ❋ होमूँ दुवै जलदछन् ॥

(१५)

थाले मन्त्र-विशेष बोल्न ऋषिले ❋ काँपेर इन्द्रासन ।
इन्द्रैलाइ भएछ दिक्क बहुतै ❋ डोल्यो भनी आसन ॥
लाग्यो लान खिंचेर मन्त्र-बलले ❋ धेरै झरेथ्यो जसै ।
भागे इन्द्र परन्तु तक्षक भयो ❋ बेचैन साह्रै तसै ॥

(१६)

झर्दै त्यो तल आउँदा खुशि भए ❋ राजा तथा ब्राह्मण ।
शत्रू - साधन भो भनेर तिनको ❋ साह्रै रमायो मन ॥
राजाले अब दिन्छु माँग कछु लौ ❋ आस्तीकमा भन्दछन् ।
बन्दै होस् अब सर्प-यज्ञ यहि पो ❋ आस्तीकले माँग्दछन् ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(१७)

राजाले अरु माँग भिन्न वर क्यै ❋ भन्दा कहेनन् अरू ।
साराले वर मिल्नु पर्दछ भने ❋ बन्दै भई गो चरू ॥
'बस्‌बस्‌बस्' यति शब्द निस्कन गयो ❋ आस्तीक देखी तहाँ ।
आकाशै बिच चट्ट तक्षक अड्यो ❋ चैतै हराई वहाँ ॥

व्यास र जनमेजय संवाद

(१३)

सिद्धीयो जब सर्प-यज्ञ उ बखत् ❋ श्री व्यासलाई अनी ।
श्री जन्मेजयले प्रणाम गरि यै ❋ गर्नू भयो सोधनी ॥
इच्छा सुन्न मलाइ भो ऋषिपते ❋ ऐले महाभारत ।
श्रीमान्‌बाट दया गरी कहि दिए ❋ सम्पूर्ण सुन्थें अब ॥

(१४)

वेदव्यास ऋषी प्रसन्न हुनु भो ❋ देखी ठुलो नम्रता ।
आज्ञा भो अनि शिष्यलाइ तिमिले ❋ देऊ सुनाई कथा ॥
चेला ब्यासजिका प्रसिद्ध बहुतै ❋ त्यै मण्डलीमा थिए ।
वैशम्पायन नाम हो ति ऋषिले ❋ आज्ञा शिरैमा लिए ॥

(१५)

श्री जन्मेजयले यसै समयमा ❋ न्यूहेर आदर् गरी ।
वैशम्पायनलाइ ढोग दिनु भै ❋ सोध्नू भयो एसरी ॥
हाम्रा जीजुबराजु पूर्वजहरू ❋ काहाँ थिए के गरी ।
बस्थे काम कउन् गरे ऋषिपते ! ❋ आज्ञा हवस् यस् घरी ॥

(१६)

हाम्रा पूर्वजहरुको किन यहाँ ❋ दासानुदासै बनी ।
खूबैनै गुण - गान गर्छ दुनियाँ ❋ सुन्दैछु मैले पनी ॥
यो के कारण हो सुकीर्ति चल्ने ❋ सोही खुलासा गरी ।
हे विद्वद्वर ! लौ सुनाउनु हवस् ❋ सुन्छू म लौ यस् घरी ॥

(१७)

यस्तो प्रश्न सुनेर भूपवर को ❋ भन्छन् ऋषी भूपती ।
पुर्वा कौरव पाण्डवादि कहने ❋ थीए हजुर्‌का अघी ॥
तिन्‌ले नै कुरुक्षेत्रमा अति ठुलो ❋ जुन् ता लडाई गरे ।
माहाभारत - युद्ध त्यस् कन सबै ❋ भन्छन् कडोरौं मरे ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(१८)

वेदव्यास त्रिकालदर्शि गुरुले ❋ त्यै युद्धको हाल् जती ।
लेखीयो इतिहास झैं सकलको ❋ कल्याणमा दी मती ॥
बोली संस्कृत शब्दमा रचित भो ❋ सोही महाभारत ।
सोही लोक विषे प्रकाशित हुँदा ❋ भै गो सु-कीर्ति प्रद ॥

(१९)

सोही दिव्य-कथा सुनाउँछु विभो ! ❋ मैले हजुर्मा यहीं ।
सुन्ने योग्य छ यो यही सरि कथा ❋ पाइन्न कौनै कहीं ॥
पैले इन्द्र कि अद्रिका भनि कुनै ❋ यौटी थिइन् अप्सरा ।
पृथ्वीमा ति झरिन् त्यजी सुर-पुरी ❋ पाई सराप् पो कडा ॥

(२०)

माछाको भइ जन्म सोहि यमुना- ❋ जीका जलैमा रही ।
लागिन् गर्न बिहार खेलि जलमा ❋ अत्यन्त खूशी भई ॥
यस्तै औसरमा कुनै उपरिचर् ❋ नाउँ हुने भूप पो ।
आऊँथे धरि देव-मार्ग तिनको ❋ पानी विषे दृष्टि गो ॥

(२१)

देखीइन् तहिं अद्रिका र नृपती ❋ मोहित् भए त्यै घरी ।
राजाको तब वीर्यपात हुन गो ❋ सोझो जलैमा परी ॥
माछाले उहि वीर्य पो निलि दियो ❋ एती हुनाले तहीं ।
माछालाई तुरुन्त गर्भ रहि गो ❋ इच्छा हरीको भई ॥

(२२)

मैह्ना केहि बित्यो र आइ यमुना- ❋ जीका किनारा महाँ ।
माँझीले निज जाल हानि कन त्यै ❋ माछो फँसायो तहाँ ॥
टुक्रा पारि बिकाउने सुर लिई ❋ त्यो माँझिले त्यै घरी ।
माछाको जब पेट पो चिरि दियो ❋ देख्यो तबै छक् परी ॥

(२३)

माछाको उहि पेट भित्र रहने ❋ ज्यूँदा र राम्रा अती ।
निस्के बालक-बालिका दुइ जना ❋ कस्तो छ दैवी गती ॥
माँझीले तब के उद्देक हुन गो ❋ एती करायो जसै ।
थीए घाट विषे जती जनहरू ❋ आई पुगे झट् तसै ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(२४)

देखे दृश्य उदेक् परेर सबले ❋ फेर् माँझिले आश् गरी ।
बोकि सोहि कुमारलाइ नृपका ❋ साम्ने लग्यो त्यै घरी ॥
राजा श्री बसुमानले लिइ कुमार् ❋ गर्दा भए पालन ।
फर्क्यो माँझि इनाम पाइ बहुतै ❋ डेरा विषे तत्क्षण ॥

(२५)

माँझीले तब त्यै कुमारि कन ता ❋ छोरी सरीकी गनी ।
लाग्यो पालन गर्न योग्य रितले ❋ बढ्दै गई त्यो अनी ॥
छोरीको शुभ-नाम सत्यवति यै ❋ त्यस्ले त राखी दियो ।
जस्को रूप अपूर्व देखि दुनियाँ ❋ आश्चर्य मान्दो भयो ॥

(२६)

डुङ्गालाइ खियाउँने सब इलम् ❋ सीकिन् पिता थ्यैं रही ।
तार्थिन् मानिसलाइ बाबु न हुँदा ❋ तिन्ले त खेवा लिई ॥
पारी जानु पर्‍यो तरेर यमुना ❋ भन्ने विचारै गरी ।
पौंचे क्वै दिनमा पराशर ऋषी ❋ क्यै कार्य आई परी ॥

(२७)

बाबू माँझि थिएन घाट बिचमा ❋ एक्लै ति कन्या थिइन् ।
तिन्ले ती ऋषिलाइ तार्दछु भनी ❋ डुङ्गा चढाई लिइन् ॥
डुङ्गालाइ खियाइ पारि यमुना ❋ तर्दा हुँदी त्यै घरी ।
खूबै मोहित भै पराशर ऋषी ❋ भन्दा भए एसरी ॥

(२८)

नानी ! सुन्दरता अपार जिउको ❋ देखेर तिम्रो यहाँ ।
साह्रै मोहित भै गएँ म तिमि झैं ❋ पाउँछु प्यारी कहाँ ॥
आऊ खूशी भएर प्यारि ! नजिकै ❋ संभोग गर्छू भनी ।
भन्दामा ऋषिले ति सत्यवतिले ❋ लाज् मानी भन्छिन् अनी ॥

(२९)

ऐले मानिस छन् यता-उति प्रभो ! ❋ दूवै किनारा महाँ ।
फेरी सानि छु छाति छैन भगवन् ! ❋ मेरो उठेको यहाँ ॥
कस्ता रित् सँग ब्रह्म-तेज प्रभुको ❋ मैले सही यस् घरी ।
सम्भोगै म गराउँली यहि ठुलो ❋ चिन्ता मलाई परी ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(३०)

यस्तो बिन्ति सुनी पराशर ऋषी ❋ भन्छन् प्रिये ! यस् घरी ।
बाधा छन् जति सो हटाउँछु सुन्यौ ❋ तिम्‌लाइ प्यारो गरी ॥
पैले येति भनेर योग-बलले ❋ औंलो ऊठाए जसै ।
बाला षोडश वर्षकी हुन गइन् ❋ माँझीकि पुत्री तसै ॥

(३१)

आफू ता युवती भएकि तिनिले ❋ देखी अचम्मै परिन् ।
ठूला हुन् ऋषिजी भनेर मनले ❋ तिन्‌ले प्रणामै गरिन् ॥
त्यै बेला हुरि आइ छाइ कुहिरो ❋ केही नदेख्नू भयो ।
फेरी सत्यवतीजिलाइ ऋषीले ❋ वर् माँग भन्नू भयो ॥

(३२)

तिन्‌ले बिन्ति गरिन् छ गन्ध जिउमा ❋ मेरो त मत्स्यै सरी ।
सोही नष्ट भई सुगन्धि जिउ होस् ❋ ऐले कृपाले गरी ॥
कत्ती दोष मलाइ कोहि न दिउँन् ❋ आजन्म कन्यै रहूँ ।
भन्दामा तिनिले तथास्तु ऋषीले ❋ भन्नू भयो यै कहूँ ॥

(३३)

वर दिइ कन इच्छा ❋ माफिकैको पहीले ।
रति-सुख लिनु भो खुब् ❋ भोगको फेर् ऋषीले ॥
यति गरि ऋषिजी ता ❋ हिंड्नु भो पारि जाई ।
सुत तहिं पइदा भो ❋ माँझिकी पुत्रिलाई ॥

(३४)

उत्ती खेरि त वेदव्यास ऋषिजी ❋ ऊठी खडा भै तहीं ।
मातालाइ नजर् गरेर तिनिले ❋ क्यै भन्न लागे उहीं ॥
हे मातर् ! तप गर्न जान्छु बनमा ❋ आज्ञा म माग्छु भनूँ ।
केही कष्ट कबै पऱ्यो यदि भने ❋ सम्झी मलाई लिनू ॥

(३५)

त्यै बेला म पुगेर कष्ट हरूँला ❋ चिन्ता न लीनू रती ।
मातालाइ भनेर व्यासजि गए ❋ लीएर छीटो गती ॥
थीयो श्यामल वर्ण व्यास ऋषिको ❋ यै निम्ति तिन्‌को पनी ।
नाऊँ कृष्ण रह्यो सबै जगतले ❋ मान्थे तपस्वी भनी ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(३६)

पैदा द्वीप विषे भएर यिनको ❋ दोश्रो त नाऊँ पनी ।
श्रीद्वैपायन यो रह्यो पृथिविमा ❋ धेरै त व्यास्‌जी भनी ॥
भन्थे यिन्‌कन विष्णु अंशि यिनि हुन्‌ ❋ सर्वज्ञ आफैं थिए ।
चारै वेद पुराण धेर्‌ उप-पुराण्‌ ❋ सोचेर लेखी दिए ॥

(३७)

जस्को पञ्चमवेद नाम छ यहाँ ❋ सोही महाभारत ।
राजन्‌ ! जीवनि हो हजूरहरूका ❋ पुर्खाहरूको सब ॥
सोही जीवनिको गरी सु-रचना ❋ श्रीव्यासले लोकमा ।
फैलाए जुन हेर्छ-सुन्दछ भने ❋ पर्दैन त्यो शोकमा ॥

ययाति राजा

(१)

हे सम्राट्‌ ! पहिले ययाति भनिने ❋ राजा भरत्‌ वंशमा ।
जन्मी सर्व इलम्‌ सिकी भइ ठुला ❋ बस्नू भयो गद्दिमा ॥
शुक्राचार्यजिकी सुपुत्रि जुन हुन्‌ ❋ श्रीदेवयानी अनी ।
शर्मिष्ठा वृषपर्व-पुत्रि कन पो ❋ बीहा गरेथे पनी ॥

(२)

छोरा श्री यदु तुर्वसू दुइ भए ❋ श्री देवयानीजिमा ।
शर्मिष्ठा तिर ता द्रुहू अनु पुरू ❋ जन्मे तिनोटा तहाँ ॥
शर्मिष्ठा अनि देवयानि दुइटी ❋ ज्येठी र कान्छी बनी ।
भिन्नै खोपि[1] बनाइ बास गरथे ❋ थीएन केही कमी ॥

शुक्राचार्य

(१)

शुक्राचार्य गुरू-पुरोहित थिए ❋ दैत्यादिका साथमा ।
मुर्दालाइ जियाउने पनि इलम्‌ ❋ तिन्‌को थियो पासमा ॥
त्यस्‌लाई मृत-संजिवीनि सबले ❋ भन्थे जगत्‌मा अरू ।
त्यो विद्या गुरु थ्यैं हुँदा अजय भो ❋ दैत्यादिको हूल्‌[2]हरू ॥

१ रानीको वासगृह । २ बथान ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(२)

गिर्थे दानव युद्धमा जति मरी ❋ तिन्लाइ सोही घरी ।
शुक्राचार्य जियाउँथे सहजमा ❋ संजीवनीले गरी ॥
द्यौता - दानवको लडाइँ परदा ❋ संग्राम देवासुर ।
दैत्यैले जय पाउँथे रण विषे ❋ हारेर बस्थे सुर ॥

(३)

देवेन्द्रादि मिलेर एक दिनमा ❋ लूकी सभा पो गरे ।
सोची जीत हुने उपाय सजिलो ❋ तिन्ले बिचारी लिए ॥
विद्यासंजिवनी सिकुन् कच[1] गई ❋ चेला बनी शुक्रको ।
एही निश्चित भै बृहस्पतिजिले[2] ❋ आज्ञा दिए जानको ॥

(४)

द्यौताका गुरु श्रीबृहस्पति पिता- ❋ जीले ति देवादिको ।
होला श्रेय भनेर जा भनि बिदा ❋ दीए जसै जानको ॥
मान्नू पर्छ पिताजीको वचन पो ❋ भन्ने बिचारी कन ।
शुक्रैका कुटि तर्फ श्री कच गए ❋ आनन्द पारी मन ॥

(५)

चेलो योग्य मिल्यो गुरू कन खुपै ❋ मानेर सेवा पनी ।
गर्ने चित्त दिई भनेर कविले[3] ❋ तिन्मा दयालू बनी ॥
विद्या जो मृत-संजिवीनि कहिने ❋ थीयो र आफू सँग ।
लागे शुक्रजिले पढाउन उही ❋ पढ्दा भए श्री कच ॥

(६)

देखी सुन्दरता अपूर्व जिउको[4] ❋ उस्मा जवानी नयाँ ।
आनी-बानी समेत सुन्दर निकै ❋ जस्मा छ ठूलो दया ॥
यस्ता ती कचलाइ शुक्र-दुहिता ❋ ती देवयानीजिले ।
लागिन् मन् मन प्रेम गर्न सहसा[5] ❋ तिन् माथि आसक्तिले ॥

(७)

यो चाला गुरु-पुत्रिको ति कचले ❋ देखेर चूपै रही ।
दीएनन् मनलाइ डग्न कहिले ❋ देवात्म आफू भई ॥
विद्याभ्यास विषे कठोर मिहिनत् ❋ गर्दै तपस्या पनी ।
गर्ने बिघ्न हटाउना कन सदा ❋ विद्यार्थि जस्ता बनी ॥

१ बृहस्पतिका पुत्र । २ देवताका गुरु । ३ शुक्राचार्य । ४ शरीर । ५ अकस्मात् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(८)

यस्ता ती कचलाइ देव-गुरुका ❀ हुन् पुत्र यी ता भनी ।
धेरै दानवले बुझेर कचको ❀ ज्यान् लीन आँटे अनी ॥
भन्छन् दानव-वृन्द आपस महाँ ❀ हे साथि हो ! यो कच ।
विद्या सीकि गयो भने गजब भो ❀ हूने छ हाम्रो क्षय ॥

(९)

थाहा छैन ति शुक्रलाइ छल यो ❀ चेलाहरूको भनी ।
विद्याभ्यास गराउँछन् दिन-दिनै ❀ साह्रै दयालू बनी ॥
ज्यान् लीनू कचको छ श्रेय सबको ❀ भन्ने विचारी लिए ।
मौका[1] हेरि कती पटक् ति कचको ❀ हत्या गराई दिए ॥

(१०)

आखिर्मा गइ दानवादिहरुको ❀ तिन्लाइ अन्तै लगी ।
मारी ती कचलाइ पोलि कन पो ❀ राम्रै खरानी गरी ॥
शुक्राचार्यजिलाइ भस्म कचको ❀ हालेर रक्सी दिए ।
थाहा केहि न भै लिएर मदिरा ❀ तिन्ले सबै पी दिए ॥

(११)

विद्याको बल फेर् दया गुरुजिको ❀ पाएर विद्वान् कच ।
त्यस् पाली पनि निस्कि जीवित भए ❀ देखी गुरूले तब ॥
जाऊ जानि लियौ इलम् भनि बिदा ❀ दींदा खुशी ती भए ।
बैनी सीत विदा हुना कन गुरू- ❀ पुत्री भएमा गए ॥

(१२)

जाने[2]लाइ बिदा दिनू त परि गो ❀ ती देवयानीजिले ।
आशीर्वाद दिनू पनी भुलि गइन् ❀ पोलेर कामाग्निले ॥
त्यै बेला त बिहा मलाई गरनोस् ❀ भन्ने कुरा पो गरिन् ।
पत्नी हुन्छु तपाइँकी म त भनी ❀ जिद्दी उसैमा धरिन् ॥

(१३)

देवात्मा कचको पवित्र मन भै ❀ ती देवयानीजिको ।
इच्छा पूर्ण हुनै सकेन कचमा ❀ लागेन सो बात् निको ॥
त्यै बेला कचले बहीनि ! मुखले ❀ बोलेर सम्बोधन ।
गर्दै भन्न शुरू गरे अति मिठो ❀ बोली गरी तत्क्षण ॥

१ अनुकूल बखत पारेर । २ कहलाई ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(१४)

नाताले गुरु-पुत्रि पो हुन गयौ ❋ हे देवयानी ! तिमी ।
छोरी श्रीगुरुकी त बैनी परछिन् ❋ साहीनु यस्तै भनी ॥
भन्छन् सज्जनले तसर्थ तिमि ता ❋ मेरी बहीनी पऱ्यौ ।
बीहाको कसरी विचार न गरी ❋ यो बात् तिमीले गऱ्यौ ॥

(१५)

दाज्यूका सँग बैनिको पनि बिहा ❋ हुन्थ्यो जगत्मा कहाँ ।
दाज्यू पर्न गएँ म बैनी तिमि हौ ❋ हामी दुईको यहाँ ॥
हूँदै हुन्न बिहा कदापि बुझिल्यौ ❋ यस् निम्ति दाजू भनी ।
आशीर्वाद मलाइ देउ तिमिले ❋ मेरी बहीनी बनी ॥

(१६)

आशीर्वाद दियौ भने म कन ता ❋ साईतमा यस् घरी ।
होला मङ्गल खुप् मलाइ हिंडदा ❋ बाटो घरैको गरी ॥
विद्या जौन सिकें सबै फल दिने ❋ विद्या हवस् लौ भनी ।
आशीर्वाद मलाइ देउ तिमिले ❋ के हुन्छ धेरै भनी ॥

(१७)

यस्ता मार्मिक वाक्यका श्रवणले ❋ ती देवयानी तहीं ।
रीसाइन् बहुतै र ज्ञान मनको ❋ तिन्को बिलायो कहीं ॥
तिन्को लाल भएर नेत्र मुख ता ❋ अर्को किसिम्को भयो ।
दाह्रा कर्रं किटिन् र त्यै समयमा ❋ यै वाक्य निस्की गयो ॥

(१८)

हे पापी ! परदेशि ! दुष्ट रहिछस् ❋ मेरा मनैका कुरा ।
तैंले पारिदिइस् विफल् जसरि है ❋ सोही हिसाब्ले पुरा ॥
तैंले जौन इलम् सिकिस् गुरुजि थ्यैं ❋ मेरा सराप्ले गरी ।
सो विद्या सब बिर्सिजा फलवती ❋ विद्या नहोस् क्यै गरी ॥

(१९)

यस्तो श्राप सुनेर फेरि कचले ❋ भन्छन् तिमीमा रती ।
बुद्धी न्याय विवेक केहि न भई ❋ मेरो गरायौ खती ॥
मेरो केहि थिएन दोष त पनी ❋ तिम्ले सराप्यौ उसै ।
दिन्छू मै प्रतिशाप[1] आज तिमिमा ❋ टर्दैन सो ता कसै ॥

---

१ श्रापको बदलामा दिएको श्राप ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(२०)

तिम्रो बैनी ! विवाहको वय[1] भयो ❋ वेद्को विधीले गरी।
हूने छैन स्वजातिका सँग बिहा ❋ तिम्रो त जन्मै भरी॥
एती श्राप दिएर श्री कच गए ❋ आफ्ना जसै लोकमा।
पुत्री शुक्रजिकी पनी उही बखत् ❋ पर्दी भइन् शोकमा॥

देवयानी र शर्मिष्ठाको झगडा

(१)

पाई श्री कच देखि श्राप बिचरी ❋ मानेर ठूलो डर।
बस्थिन् चित्त उदास् गरेर कविकी ❋ पुत्री[2] पिताकै घर॥
शर्मिष्ठा भनि दैत्य-राज दुहिता ❋ थीइन् कुमारी कुनै।
तिन्ले आफ्नि सँगीनिहेरु सँग ली ❋ जाँदी भइन् खेलनै॥

(२)

शर्मिष्ठा सित साथ लागि खुशिले ❋ ती देवयानी पनी।
पैदल् जाँदि भइन् हिंडेर बनमा ❋ क्रीडा गरूँली भनी॥
घुम्दै दिव्य वनस्थली बिच पुगे ❋ सब् सुन्दरी जुन् घरी।
देखे ताहिं तलाउ स्वच्छ जलमा ❋ फुल्थे कमल् धेर् थरी॥

(३)

खेलौं मीलि-जुली पसेर जलमा ❋ भन्ने इरादा धरी।
लाएका कपडा फुकालि जलमा ❋ नाङ्गै पसे सुन्दरी॥
छ्यापा-छ्याप गरेर पानि सखिले ❋ खुब् खेल्न लागे जसै।
आयो हूरि र वृष्टि पर्न शुरु भो ❋ संयोगले खुब् तसै॥

(४)

शर्मिष्ठा यहि कष्ट खप्न न सकी ❋ काम्दी छँदी थर्थरी।
जाडो भै जल देखि निस्कि कन पो ❋ तिर्मा पुगिन् त्यै घरी॥
निस्के पानि त्यजी[3] सखीहरु सबै ❋ जाडो भयो खुब् भनी।
तिर्मा आइ लुगा लगाइ ति सबै ❋ पूगे ठुलो रुख् मनी॥

---

१ उमेर। २ देवयानी। ३ छोडेर।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(५)

मैयाँले[1] भुलमा परेर कपडा ❋ श्री देवयानीजिकै ।
लाईछन् बहुतै गरी कन हतार् ❋ जाडो हुनाले निकै ॥
मेरो सारि कसोरि लाउन पुगिन् ❋ मैयाँ अहीले भनी ।
एसैले गरि देवयानि कन ता ❋ ऊठ्यो ठुलो रिस् पनी ॥

(६)

एही बात बढी कचिङ्गल हुँदै ❋ मैयाँ गुरू - पुत्रिमा ।
ठूलै भो झगडा रुखै मनि रही ❋ दूवै सखीहेरुमा ॥
शर्मिष्ठा सखिहेरुलाइ सँग ली ❋ केही छिटो चाल् गरी ।
फर्किन् राजमहल् तिरै गुरुजिकी ❋ पुत्री त्यजी त्यै घरी ॥

(७)

मैयाँको व्यवहारले हृदय खुब् ❋ पोली अशान्ती भई ।
अन्धी जस्ति बनेर क्रोध बढदा ❋ ती देवयानी तहीं ॥
टिक्नू व्यर्थ बुझेर आश्रम तरफ् ❋ एकूलै ति फिर्दी भइन् ।
सूखा एक कुवाँ रहेछ पथमा ❋ त्यस्मा ति खस्दी भइन् ॥

(८)

एसै औसरमा ययाति - नृपती ❋ बाटो त्यतैको लिई ।
आउँदै ति थिए शिकार गरना- ❋ लाई तृषातैं भई ॥
घोडा बाँधिदिएर कोहि रुखमा ❋ आफू कुवाँमा पुगे ।
स्त्रीको रोदन-शब्द पो सुनि तहीं ❋ राजा निकै आत्तिए ॥

(९)

जो कोही छ मलाइ देउन झिकी ❋ भन्ने बिलौना सुनी ।
कूवाँ भित्र दिएर दृष्टि नृपले ❋ देखे कुनै कामिनी[2] ॥
राम्री चन्द्रमुखी मजाकि युवती ❋ देखी मदद् पो दिए ।
राजाले झुकि दाहिने कर[3] धरी ❋ तानी निकाली लिए ॥

(१०)

दूवैले निजको पता अनि पछी ❋ नाउँ बताई दिए ।
चीह्नाजानि गरेर आफ्नु दुइले ❋ बाटो समाई लिए ॥
छोरी आज कता गइन् हुन गयो ❋ यस्तो बियाँलो भनी ।
शुक्राचार्यजि पुत्रिको विकल भै ❋ बाटो ति हेर्थे अनी ॥

---

१ राजपुत्री । २ स्त्री जाती । ३ हात ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(११)

यस्तैमा तहिं देवयानि नजिकै ❋ आइन् पिताका जसै ।
बाबू खूशि भएर आँसु चुहि गो ❋ आनन्द मानी तसै ॥
देखे शुक्रजिले सुपुत्रि कन ता ❋ ओठ्मा कलेटी परी ।
आँसूले परिपूर्णका नयन ती ❋ रूँदी छँदी त्यस् घरी ॥

(१२)

पुत्रीको गति देखि शुक्रजि त्यहीं ❋ खुब् छक्क पर्नू भयो ।
ठूलै दुःख परेछ पुत्रि कन ता ❋ यै बात सोच्नू भयो ॥
पक्री जोर-जुलुम् गरेछ कि कसो ❋ कोही अधर्मी गई ।
यस्तै तर्क उठेर शुक्रजि भए ❋ चिन्ता लिएका तहीं ॥

(१३)

बाबा नेर पुगेर झट्ट तिनिले ❋ न्यूह्नाइ मन्टो अली ।
शर्मिष्ठा - कृत मान - हानि जुन भो ❋ विस्तार बिन्ती गरी ॥
राजा वीर ययातिको गुन पनी ❋ तिन्ले कहिन् त्यै घरी ।
शुक्राचार्य सुनेर दुःखित भए ❋ चिन्ता मनैमा परी ॥

(१४)

भन्छिन् रोइ ति देवयानि प्रभु झैं ❋ सामर्थि विद्वान् ठुला ।
आँटेमा सबलाइ भस्म गरने ❋ यस्ता तपस्वी बडा ॥
उस्तो बाबु खडा छँदै पनि अहो ❋ उस्ताकि छोरी कन ।
बेइज्जत् गरनू बडो शरम हो ❋ राख्दीन यस् ज्यान् कन ॥

(१५)

क्यै जानी उहि कूपमा समयले ❋ राजा न पुग्दा भए ।
बाँच्ने थीन पिता ! कदापि म तहीं ❋ भोकै त मर्नें थिएँ ॥
राजा वीर ययातिको भइ दया ❋ ऐले हजुर्ले यहाँ ।
पाई बक्सनु भो मलाइ घरमा ❋ नाहीं म मिल्थें कहाँ ॥

(१६)

आफ्नू हाल रुँदै-रुँदै यति कहिन् ❋ ती देवयानीजिले ।
शुक्रचार्यजिलाइ कष्ट हुन गो ❋ सुन्दा उ वृत्तान्तले ॥
लागे भन्न ठुली ! नरोउ अहिले ❋ सन्ताप यस्तो गरी ।
जुन् इच्छा मनमा छ बोल तिमिले ❋ दीनेछु पूरा गरी ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(१७)

बाबाका इ कुरा सुनी मन-मनै ❀ ती देवयानी तहीं ।
इच्छा पूर्ण हुने बुझेर खुशि भै ❀ भन्छिन् नजीकै गईं ॥
शर्मिष्ठा सित लीन पाउँ बदला ❀ मेरी उ दासी बनोस् ।
एती हुन्न भने ति दैत्य-पतिको ❀ सम्पर्क त्यागी दिनोस् ॥

(१८)

पुत्रीको कथनादि शुक्र ऋषिले ❀ सोचेर मानी लिए ।
जान्छू राज-सभा तिरै अब भनी ❀ रस्ता उतैको लिए ॥
हाली चादर काँधमा तिनि हिंडे ❀ सो देखि कन्या तहीं ।
हाँसिन् काम बन्यो भनेर मनमा ❀ अत्यन्त खूशी भईं ॥

(१९)

देखी श्रीगुरुलाइ दैत्य-पतिले ❀ ढोगेर नम्रै भई ।
सोधे काम कउन् पऱ्यो कुल-गुरो ! ❀ भन्दै नजीकै गई ॥
यस्तो प्रश्न सुनेर दैत्य-पतिको ❀ भन्छन् ऋषीले तहाँ ।
हे दैत्येन्द्र ! परेर कार्य अहिले ❀ आएँ हजूरै कहाँ ॥

(२०)

शर्मिष्ठाले देवयानीजिलाई ।
इज्जत् लींदा सारि तिन्को लगाई ॥
रीसाएकी भन्दछिन् देवयानी ।
मैयाँलाई राख्दछू दासि जानी ॥

(२१)

दीनोस् मैयाँलाइ डाकेर ऐले ।
साथै लान्छू दासि मानेर मैले ॥
सुम्पी दिन्छू देवयानीजिलाई ।
खूशी होलिन् चित्तकी दासि पाई ॥

(२२)

यो ता मान्नू हुन्न पो दैत्य-राज ।
मैले आफ्नू छाड्दछू काम-काज ॥
त्यागी दिन्छू दैत्यको राजधानी ।
राख्नू अर्कैलाइ प्रोहीत मानी ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(२३)

यस्तो वाक्य सुनेर दैत्य-पतिले ❋ मानेर ठूलो डर ।
राजी छू म भने तहीं किन भने ❋ राख्थे गुरूकै भर ॥
मैयाँका सँगमा सहस्र युवती ❋ दासी दिई तत्क्षण ।
आफ्नी पुत्रि त दाइजो भनि दिए ❋ ती देवयानी कन ॥

(२४)

शर्मिष्ठा कन साथ ली घर पुगे ❋ आफ्ना पिताजी जसै ।
डूबिन् हर्ष-समुद्रमा स्मितमुखी[1] ❋ श्रीदेवयानी तसै ॥
आएका सँगमा हजार सुमुखी ❋ केटी र मैयाँ पनी ।
सेवामा गुरु-पुत्रिका रहि गए ❋ हो धर्म हाम्रो भनी ॥

(२५)

बीहा भो शुभ-लग्न बीच दुइको ❋ थीयो मिलेकै मन ।
पाए स्त्री-रुपमा ययाति नृपले ❋ ती देवयानी कन ॥
फर्के राज्य तरफ् दुवै वर-वधू ❋ घोडा र पाल्की चढी ।
शर्मिष्ठा पनि दाइजो बनी गइन् ❋ आफ्ना सबै केटि ली ॥

(२६)

शर्मिष्ठा अति सुन्दरी छ नृपती ❋ फस्नन् कदाचित् भनी ।
तिन्लाई त हवेलि सुन्दर कुनै ❋ दीइन् खटाई अनी ॥
आफूलाइ फरक् दिइन् गृह जसै ❋ बूझेर सो कारण ।
शर्मिष्ठा त अजान झैं भइ बसिन् ❋ लीएर केटी - जन ॥

(२७)

स्वामी नेर गएर शुक्र-दुहिता ❋ भन्छिन् हजुर्ले पनी ।
मेरो अर्ति लिनू न फँस्नु प्रिय हे ! ❋ त्यो ता छ मायाविनी ॥
शर्मिष्ठा सित प्रेम भो यदि भने ❋ होला नजाती भरे ।
राजी छैन म एसमा बुझि लिनू ❋ यै बिन्ति मैले गरें ॥

(२८)

पत्नीका इ कुरा सुनेर पतिले ❋ क्यै मन्द हास्यै गरी ।
बोले प्राणप्रिये ! म बस्दछु सुन्यौ ❋ यो दिल् तिमीमा धरी ॥
तीमीलाइ त्यजी कसै सित अरू ❋ प्रीती म जोर्छू कहाँ ?
यस्ता वाक्य सुनेर भार्गव-सुता ❋ खूशी भइन् खुब् तहाँ ॥

१ हँसीलो मुख भएकी ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(२९)

मधुर वचन बोल्दै ❋ प्रेम आफ्नू जताई ।
फगत प्रिय तिमी छौ ❋ मेरि भन्ने बताई ॥
हृदय खुशि गराई ❋ नारिलाइ भुलाई ।
चतुर नृपतिं लागे ❋ खोज्न फेर् अर्किलाई ॥

(३०)

शर्मिष्ठा कन भोग गर्न नृपले ❋ पक्का इरादा लिए ।
भूमी भित्र सुरुङ् बनाउन भनी ❋ मानिस् खटाई दिए ॥
फेरी क्यै दिनमा तयार् हुन गो ❋ भू-गर्भ रस्ता बनी ।
शर्मिष्ठा सँग भूपको भइ गयो ❋ गान्धर्व बीहा अनी ॥

(३१)

मैयाँका शुभ गर्भबाट क्रमले ❋ छोरा तिनोटा भए ।
सौताका पनि कानमा यहि कुरा ❋ उड्दै पुगी गै गए ॥
छोरा द्रूहु अनू पुरूहरु भए ❋ सौता तरफ्मा भनी ।
शर्मिष्ठा कन गालि खुब् गरि गइन् ❋ आफ्ना पिता थ्यैं तिनी ॥

(३२)

बाबूका नजिकै गएर तिनिले ❋ सो हाल् सुनाइन् जसै ।
शुक्रैले पनि वृद्ध होस् नृप भनी ❋ यो श्राप दीए तसै ॥
यस्तो श्राप सुनेर हर्ष हुन गो ❋ ती देवयानी कन ।
लौ रौंडी ! अब गर् मजा लुकि-लुकी ❋ भन्दी भइन् मन्मन ॥

(३३)

आयो ज्ञान झसङ्ग पो तिनी भइन् ❋ कच्चा उमेर्की म छू ।
स्वामी वृद्ध भई व्यहोर्नु कसरी ❋ जान्दीन मैले कछू ॥
चौंडै बिन्ति गरिन् पिता सित गई ❋ यो ता नजाती भयो ।
श्राकैं केहि उपाय होस् नहिं भने ❋ यौ जन्म व्यर्थै गयो ॥

(३४)

बाबू शुक्रजिले बताउनु भयो ❋ सो श्राप टर्दैन पो ।
क्वै छोरा सित त्यो बुढ्याइँ बदली ❋ लीए हुने जाति हो ॥
पुत्रीलाई यती सिकाइ कविले ❋ जल्दी पठाई दिए ।
स्वामी सीत गई कुरा यहि कहिन् ❋ ती देवयानीजिले ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(३५)

राजा वृद्ध ययातिले अनि पछी ❋ पाँचै ति छोराहरू ।
डाकी सोधनि पो गरे क्रम सँगै ❋ हे बाबु हो ! के गरूँ ?
मेरो आज बुढ्याइँ साट्छ कसले ❋ दीएर आफ्नू वय ?
यो सूनी अरु पुत्र ता लुकि गए ❋ मानेर ठूलो भय ॥

(३६)

शर्मिष्ठा - सुत श्री कनिष्ठ पुरुले ❋ मानेर सोही कुरा ।
बूबाको मनसुब् प्रसन्न मनले ❋ गर्दा भए झट् पुरा ॥
बाँकी चार कुमारलाइ नृपले ❋ ठानी ननीका तहाँ ।
तिन्ले राज्य नपाउने भनि सराप् ❋ दीनू भयो रिस् महाँ ॥

(३७)

राजाले पुरुको जवानि कन ली ❋ आनन्द धेरै गरे ।
तृप्ती भो जब ता बुढ्याइँ निजको ❋ माँगेर फेरी लिए ॥
बेला आखिरिमा ययाति नृपले ❋ कान्छा पुरूजी कन ।
आफ्नू राज्य दिई दिवंगत[1] भए ❋ सानन्द[2]ले तत्क्षण ॥

(३८)

जन्मेका पुरु - वंशमा नरपती ❋ दुष्यन्त नामी थिए ।
तिन्की रानी शकुन्तला तिर भरत् ❋ सामर्थि छोरा भए ॥
एही देश त राज्य भै भरतको ❋ नामै भयो भारत ।
जन्मे याहिं प्रसिद्ध भूपतिहरू ❋ खुब् धन्य हो भारत ! ॥

देवव्रतको जन्म

(१)

वृष्णी अन्धक भोज कुक्कुर भनी ❋ संज्ञा भएका जती ।
क्षत्री हुन् यदुवंशका भनि सबै ❋ जान्नू हवस् भू - पती !
सोही श्रीयदुवंशमा समयले ❋ माग्दा जगत्का धनी ।
हूनू भो अवतीर्ण पृथ्वीतलमा ❋ श्रीकृष्ण मानिस् बनी ॥

१ स्वर्ग गए । २ आनन्दका साथ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चित्र सं० ३ कान्छा पुत्र पुरुले पिता ययातिलाई प्राप्त यौवन दिनु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(२)

वंशैमा पुरुका कुरू नृपतिको ❋ वंशै चल्यो खुब् गरी ।
इन्कै वंशजहेरु कौरव भनी ❋ प्रख्यात थीए अघी ॥
सोही कौरवका प्रसिद्ध कुलमा ❋ राजा प्रतिप्जी भए ।
आफ्ना सन्तनु नाम पुत्र कन पो ❋ इन्ले त राज्यै दिए ॥

(३)

तेस्रो द्वापरको त आखिरि हुँदा ❋ जन्मेर ती सन्तनू ।
बूबा बाट रजाइँ पाइ सुखले ❋ साम्राज्य भोग्थे भनूँ ॥
जान्ने नीति प्रतापशाली नृप भै ❋ गर्दा हुँदी राज्य पो ।
राजाको गुणले विमुग्ध हुन गै ❋ रैती सबै खूशि भो ॥

(४)

बानी सन्तनुको शिकार गरने ❋ हूँदा सुबिस्ता बुझी ।
गङ्गाका तिरमा बनाइ दरबार् ❋ बस्थे तहीं भूपति ॥
गंगाका तटमा खजित् बन थियो ❋ सोही बनैमा गई ।
खेली खूब शिकार एक दिन ता ❋ फर्के तिनी खुश् भई ॥

(५)

बाटामा नृपले कुनै शशि-मुखी ❋ अत्यन्त राम्री अनी ।
चुल्ठो लामु गरेकि दीर्घ नयनी ❋ देख्दा भए कामिनी ॥
तिन्को रूप-शिखा विषे नरपती ❋ मानू पतङ्गै भए ।
को हुन् सोधनि गर्दछू अब भनी ❋ तिन्का अगाडी गए ॥

(६)

भन्छन् सन्तनु हे गजेन्द्र गमने ! ❋ मानिस् र द्यौता अनी ।
यक्षै - किन्नरका कउन् कुल विषे ❋ जन्म्यौ बताऊ तिमी ? ॥
तिम्रो रूप अपूर्व देखि मन यो ❋ मेरो तिमीमै गयो ।
राजा हूँ तर कामको वश परी ❋ लज्जा समेत् त्यागियो ॥

(७)

हे प्यारी ! तिमिलाइ गर्छु म बिहा ❋ रानी बनौली ठुली ।
राजी छौ त भने बताउ तिमिले ❋ दूवै बसौंला मिली ॥
भन्छिन् ती पनि हे नरेन्द्र ! म बिहा ❋ गर्ने कुरामा यहाँ ।
राजीछू कुन पाउली युवतीले ❋ सौभाग्य यस्तो कहाँ ! ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(८)

मैले जो कुछ आँट्ुली म गरुँली ❋ त्यसमा हजुरूले रती।
नाईं हुन्न भनी न भन्नु कहिल्यै ❋ केही हवस् ता खती॥
यस्तो गर्न हुँदैन-भन्नु यदि भो ❋ सोही बखत्मा म ता।
त्यागी झट्ट हजूरलाइ नृपते! ❋ जानेछु भै बे-पता॥

(९)

मैले हुन्न कदापि भन्दिन भनी ❋ श्रीसन्तनूले पनी।
तिन्‌लाई लगि साथमा महलमा ❋ राख्दा भए फेर् अनी॥
वेदैको विधिले गरी शुभ-बिहा ❋ रानी बनाई वरी।
लागे भोग-विलास गर्न नृपती ❋ आनन्द-सिन्धू परी॥

(१०)

जन्मे सात जना कुमार क्रमले ❋ ती सुन्दरीमा तहाँ।
रानीले नवजात बालक लगिन् ❋ च्यापेर गङ्गाजिमा॥
ज्यूँदै पुत्र लगेर भागिरथिमा ❋ आइन् बगाई वरी।
यस्तो कुत्सित[1] कर्म देखि नृपति ❋ चूपै रहे छक् परी॥

(११)

बेलाले गरी पुत्र अष्टम पनी ❋ जन्म्यो ति रानी तिर।
जन्मेको शिशुलाइ काख बिच ली ❋ लागिन् ति गङ्गा तिर॥
यस्‌पाली नृपती रिसाइ बहुतै ❋ दौडेर रोकी लिए।
खोसी त्यै शिशुलाइ रानी कन ता ❋ यस्तो सुनाई दिए॥

(१२)

दुष्टे! राक्षसि! बाल-घातिनि तँ होस् ❋ धेरै कुरा के गरूँ?
हेरें सात पटक् सहेर अब ता ❋ सक्तीन हेर्नें अरू॥
मेरो वंश विनष्ट पारि कन फेर् ❋ आएन सन्तोष पो।
यो छोरा म त मार्न दिन्न कुलको ❋ मेरो यही दीप हो॥

(१३)

यस्ता बात गरेर सन्तनुजिले ❋ त्यस् पुत्रलाई अनी।
खुब् प्यारो गरि अङ्कमा धरि लिए ❋ भन्छिन् ति रानी पनी॥
मेरो जो प्रण हो उ भङ्ग हुन गो ❋ रोक्दा हजुरूले यहाँ।
प्यारे! बस्न हुँदैन जान्छु अब ता ❋ मेरो छ जानू जहाँ॥

[1] नराम्रो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(१४)

जह्नु नाम हुने महर्षिकि पते ! ❋ कन्या म गङ्गाजि हूँ ।
पितृ तार्न भनी भगीरथजिले ❋ ल्याए मलाई कहूँ ॥
एसै निम्ति मलाइ भागिरथि पो ❋ भन्छन् जगत्मा सब्ब ।
छोरा आठ इ देव अष्ट-वसु हुन् ❋ सो भेद सुन्नोस् अब ॥

(१५)

गाई चर्न भनी वशिष्ठ ऋषिकी ❋ घुम्दी कुनै कालमा ।
कोही जङ्गलमा पुगिन् उहिं थिए ❋ आठै वसू पो तहाँ ॥
कान्छा द्यु[1]-वसुले समाति उहि गौ ❋ दूहेर दुध् पी दिए ।
यो जानेर वशिष्ठले रिस गरी ❋ तिन्लाइ श्रापै दिए ॥

(१६)

सातोटै वसु पाप-भागि यिनि हुन् ❋ मानीसका कोखमा ।
जन्मुन् पृथ्वि विषे र मृत्यु पनि होस् ❋ आउन् अनी लोकमा ॥
द्यू चाहीं नर-लोकमा नर भई ❋ देहान्त सम्मन् रही ।
ठूलै भै कन पो बसुन् यहि सराप् ❋ थीयो सुनाएँ उही ॥

(१७)

ब्रह्माले त मलाइ श्राप दिनु भो ❋ गङ्गे ! जगत्मा गई ।
नारी भै सुख-भोग गर्नु तिमिले ❋ राम्रै गृहस्थी भई ॥
सोही पूर्ण गरूँ भनेर मइले ❋ बीहा हजुर् थ्यैं गरी ।
एती काम पुरा भयो अब म लौ ❋ जान्छू सरापै टरी ॥

(१८)

चाँडै श्राप छुटोस् भनेर वसुका ❋ ती पुत्र सातै यहाँ ।
जन्मेकै घडिमा बगाउनु पऱ्यो ❋ गङ्गाजि बग्थिन् जहाँ ॥
यो कान्छो सुत सानुनै छ अहिले ❋ यस्लाइ साथै लगी ।
ठूलो पारि हजूरलाइ दिउँली ❋ एती भनिन् पुत्र ली ॥

(१९)

अन्तर्ध्यान त्यहीं त भागिरथिको ❋ देखेर राजा पनी ।
पत्नी-पुत्र वियोगले हुन गए ❋ विक्षिप्त जस्ता अनी ॥
धर्मात्मा नृपती थिए र निजले ❋ फेर् राज्य राम्रै गरी ।
राजा सन्तनु चक्रवर्ति भनिए ❋ सम्पूर्ण पृथ्वी भरी ॥

---

१ देवव्रत ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

देवव्रतको भीषण-प्रतिज्ञा

(१)

श्रीमान् सन्तनु मिर्ग-व्याघ्रहरुको ❋ खेल्छु शिकार् पो भनी ।
जाँदा क्वै दिनमा पुगे तट विषे ❋ भागीरथी का तिनी ॥
देखे नीर सुकेर केहि थल पो ❋ सूखा भएको तहाँ ।
राम्रो बालक एक दिव्य मुखको ❋ देखे उसै बीचमा ॥

गङ्गाजी राजा सन्तनुलाई छोरो जिम्मा लाउँदै छिन् ।

(२)

आफ्ना हात विषे धनू-शर लिई ❋ हानेर तीखा शर ।
गङ्गाको त प्रवाह बग्न न दिई ❋ रोक्तै थियो ऊ भल ॥
आफ्नू पुत्र भनेर चिन्न न सकी ❋ आश्चर्य मान्दै अती ।
कस्तो वीर रहेछ बालक भनी ❋ छक्कै परे भू-पती ॥

(३)

चीन्यो बालकले बुबा नृप भनी ❋ घूस्यो जलैमा गई ।
माता भागिरथीजिलाइ उसले ❋ दीयो खबर् सो कही ॥
गङ्गाजी अति सुन्दरी युवतिको ❋ देहै धरी त्यस् घरी ।
निस्किन् बाहिर पानि बाट सुतको ❋ बाहू समाती वरी ॥

(४)

आई भूपतिका नजीक तिनले ❋ बिन्ती चढाइन् यतो ।
राजन् ! पुत्र हजूरको लिनुहवस् ❋ थाती बुझाएँ यहीं ॥
शुक्राचार्य गुरू वशिष्ठ परशू- ❋ रामका नजीकै रही ।
विद्या शास्त्र र शस्त्रको सिकि सक्यो ❋ खुब् पूर्णतामा भई ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(५)

श्रीमान् सन्तनु पुत्र-रत्न कन सो ❋ लीई महल् फिर्नु भो ।
सोही बालकको त देवव्रत पो ❋ नाऊँ यही राखियो ॥
देखी खूब सु-योग्य पुत्र नृपले ❋ शास्त्रोक्त चाला गरी ।
बक्सीयो युवराजको पदवि ता ❋ माया बहूतै गरी ॥

(६)

रैतीलाइ अपार हर्ष भइ गो ❋ पाएर देवव्रत ।
सल्लाहा सित राजकाज हुन गै ❋ साम्राज्य भो हर्षित ॥
यस्तै रीति गरेर वर्षहरु क्यै ❋ बीतेर जाँदा भए ।
खेल्नालाइ शिकार एक दिन ता ❋ भूपेन्द्र निस्की गए ॥

(७)

घोडामा चढि सन्तनू चलि गए ❋ बाटो बनैको धरी ।
केही दूर गएर ताहिं यमुना ❋ भेटे तिनैले नदी ॥
आयो हर् उडी सुगन्ध बहुतै ❋ अत्यन्त मीठो तहाँ ।
सोचे दिव्य सुबास आउन गयो ❋ कुन् ठाउँ देखी यहाँ ? ॥

(८)

कोही छन् कि त अप्सरा नजिकमा ❋ ठानेर चारै तिर ।
फेर्नू भो जब दृष्टि देखिन गइन् ❋ नारी अगाडी तिर ॥
माँझीकी दुहिता मजाकि युवती ❋ अत्यन्त राम्री भई ।
तिन्कै गन्ध त देहको अति मीठो ❋ उड्थ्यो बतास्मा बही ॥

(९)

थीनै सत्यवती ति व्यास - जननी ❋ थीइन् तहीं त्यस् घरी ।
देखी तिन् कन कामको शर गड्यो ❋ भूपेन्द्रमा बेस् गरी ॥
केही शर्म नमानि भूपति हिंडी ❋ तिन्का अगाडी गए ।
साह्रै मोहित भै मिठा वचनले ❋ यो वाक्य बोल्दा भए ॥

(१०)

धन्यै रूप रहेछ चन्द्र सरिको ❋ तिम्ले त रानी भई ।
राज्यैको सुख-भोग गर्नु परने ❋ कुन् चूक तिम्रो भई ?
पुत्री माँझि कि पो भयौ प्रियतमे ! ❋ आसक्त साह्रै भएँ ।
बीहा गर्छु म सन्तनू नृपति हूँ ❋ साँचै बताई दिएँ ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(११)

राजाज्ञा सुनि एति सत्यवतिले ❋ मीठो स्वरैले गरी ।
बिन्ती झट्ट गरिन् नृपेन्द्र ! म त छू ❋ बूबा सँगै यस् घरी ॥
बूबा थ्यैं गइ सोधि बक्सनु हवस् ❋ ऐले कुमारी म छू ।
मेरा माथि पिता छँदै अरु कुरा ❋ गर्दीन मैले कछू ॥

(१२)

एती बिन्ति चढाइ भूप कन ली ❋ हींडेर ती सुन्दरी ।
माँझीको नजिकै गइन् र नृपले ❋ आज्ञा गरे त्यै घरी ॥
हे माँझी ! सुन सन्तनू नृपति हूँ ❋ तिम्री यि कन्या कन ।
देख्दैमा दिल यो बस्यो उहिं गई ❋ गर्छू बिहा यिन् कन ॥

(१३)

आज्ञा सन्तनुको सुनेर उसले ❋ बिन्ती चढायो अनी ।
मेरो नाति रजाइँ पाउँछ भने ❋ दिन्छू हजुर्मा यिनी ॥
यो बात् हुन्न भने म दिन्न दुहिता ❋ कस्तै हजुर्ले गरे ।
एती सूनि नकेहि उत्तर दिई ❋ राजा महल्मा फिरे ॥

(१४)

राजाले भइ मौन फर्कनु उसै ❋ केहि थियो कारण ।
ज्येठो पुत्र छँदै कनिष्ठ सुतले ❋ साम्राज्य लीने किन ? ॥
राजा त्यै दिन देखि खिन्न मनले ❋ चिन्ता बहूतै धरी ।
लागे बस्न गएर शून्य - गृहमा ❋ आहार थोरै गरी ॥

(१५)

दुब्लाऊनु भयो बुबा किन भनी ❋ सोचेर देवव्रत ।
राजाका गइ सामुमा कर दुबै ❋ जोरेर भन्छन् तब ॥
बूबा ! फिक्रि कउन् पऱ्यो हजुरमा ❋ दुब्लाउनू भो अती ।
आज्ञा होस् त मलाइ फिक्रि हरुँला ❋ मैले भए भर् जती ॥

(१६)

भन्छन् सन्तनु राजपुत्र सित यै ❋ बाबू ! अझै सम्म ता ।
तिम्रो हून सकेन है शुभ-बिहा ❋ भन्ने कुराले म ता ॥
साह्रै चिन्तित छू कसोरि निजको ❋ चल्नेछ वंशै भनी ।
राजाका छलका कुरा यति सुनी ❋ बूझेन चित्तै पनी ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(१७)

सोधे गै कन वृद्ध मन्त्रि सित पो ❋ के हुन् कुरा ई भनी ।
प्रीती सत्यवती उपर् नृपतिको ❋ तिन्ले बताए तहीं ॥
सो सुन्दै युवराज ता उहि बखत् ❋ माँझी भएमा गए ।
राजा सित विवाह गर्न उसकी ❋ त्यै पुत्रि माग्दा भए ॥

(१८)

माँझीले युवराजलाइ खुशि भै ❋ आफ्नू प्रतिज्ञा कहे ।
मैले राज्य कदापि गर्दिन भनी ❋ तिन्ले कबोल् यै गरे ॥
तिम्रा सन्ततिले त राज्य हरनन् ❋ भन्दा हुँदी माँझिले ।
बीहा गर्दिन ब्रह्मचारि बसुँला ❋ भन्ने जवाफ् पो दिए ॥

(१९)

यस्तो श्रीयुवराजले प्रण ठुलो ❋ गर्नू भएथ्यो जसै ।
नाऊँ भीष्म भनेर देवव्रतको ❋ प्रख्यात भै गो तसै ॥
माँझीले युवराजको सँग गरी ❋ पुत्री पठाई दिए ।
साथै सत्यवती लिएर नृप थ्यैं ❋ श्रीभीष्म जाँदा भए ॥

(२०)

बूबालाइ ति भीष्मले कहि दिए ❋ आफ्नू प्रतिज्ञा पनी ।
राजा सन्तनु बाट यै वर मिल्यो ❋ इच्छा मरण् होस् भनी ॥
श्रीमान् सन्तनुको र सत्यवतिको ❋ राम्रो कुनै लग्नमा ।
बीहा भो सबलाइ हर्ष हुन गो ❋ त्यै राज-दर्बारमा ॥

(२१)

केही काल बितेर सत्यवतिमा ❋ छोरा दुइटा भए ।
चित्राङ्गद् र विचित्रवीर्य दुइको ❋ यै नाम राखी दिए ॥
तिन्को लालन-पालनादि हुन गो ❋ खूशी भई भीष्मले ।
आफ्नै भाइ बुझेर शिक्षित गरे ❋ सम्पूर्ण विद्या विषें ॥

(२२)

कान्छी रानिजिमा सुपुत्र दुइटा ❋ जन्मी दिनाले पनी ।
सारा रैति खुशी भए भरतको ❋ वंशै चल्यो लौ भनी ॥
केही काल पछी ति सन्तनु गए ❋ श्रीस्वर्ग - वासी भई ।
श्रीचित्राङ्गद गद्दिमा गइ बसे ❋ साम्राज्यको भार ली ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(२३)

विद्वान् वीर पराक्रमी नृप थिए ❀ नीतिज्ञ चित्राङ्गद ।
मान्थे यिन् कन पृथ्विका अधिपति ❀ राजाहरूले सब ॥
सल्लाहा सँग भीष्मको यि नृपती ❀ गर्थे सदा शासन ।
देखी न्याय-निसाफ सत्य नृपको ❀ खूशी भए सज्जन ॥

(२४)

श्रीचित्राङ्गद नामका अति बली ❀ गन्धर्व राजा थिए ।
श्रीचित्राङ्गद भूप पृथ्वि तलमा ❀ कोही छ भन्ने सुने ॥
मेरै नाम धरेछ तुच्छ नर भै ❀ यस्तो मनैमा गुनी ।
हेर्थे दाउ कुनै बखत् समरमा ❀ मार्छू अवश्यै भनी ॥

(२५)

केही काम पऱ्यो र भीष्मजि उठी ❀ अन्यत्र जानू भयो ।
गन्धर्वाधिपलाइ युद्ध गरने ❀ मौका बढीया मिल्यो ॥
श्रीचित्राङ्गद दुइ वीरहरुले ❀ ठूलो लडाईं गरे ।
गन्धर्वैं तिर जीत भो समरमा ❀ मानीस् राजा[1] मरे ॥

(२६)

तिन्का भाइ विचित्रवीर्य अनि फेर् ❀ बाग्डोर ली राज्यको ।
लागे शासन गर्न देशहरुमा ❀ यस्ले त सौभाग्य भो ॥
फर्के भीष्मजि हस्तिनापुर विषे ❀ देखे उलट् - फेर् अनी ।
एकै पालि त शोक - हर्षहरुको ❀ सम्बाद लीए सुनी ॥

(२७)

दुख-सुख जति पर्छन् ❀ लोकमा भाग्य ठानी ।
सहन गरनु पर्ने ❀ भाग्यको खेल जानी ॥
यहि बुझि चुप लागी ❀ भीष्मले उत्ति खेरी ।
हृदय कन बुझाए ❀ भाइका तर्फ हेरी ॥

(२८)

काशी-राजजिका सुपुत्रिहरु छन् ❀ राम्री तिनौटी अती ।
एकै साथ तहीं स्वयम्बर गरी ❀ रोज्छन् तिनैले पती ॥
तस्मात् देश · विदेशका नृपहरु ❀ आऊँदछन् प्रीतिले ।
पाल्नू होस् तहिं भीष्मजी भनि दियो ❀ निम्तो पुगी दूतले ॥

१ चित्राङ्गद ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(२९)

काशीराजजिको निमंत्रण मिली ❀ श्रीभीष्मजी त्यै घरी।
राजा भाइ विचित्रवीर्य कन ली ❀ क्यै फौज साथै गरी॥
खुब् राम्रो रथमा चढी जुन घडी ❀ प्रस्थान गर्दा भए।
राम्रो लक्षण देखियो जय हुने ❀ हाँसेर बढ्दै गए॥

काशीराज-कन्या हरण

(१)

काशीराजजिको सभा - भवनमा ❀ श्रीभीष्म आए जसै।
राजा बाट विशेष आदर भयो ❀ श्रीभीष्मजीको तसै॥
साथै भीष्म विचित्रवीर्य कन ली ❀ राजा सभामा गए।
गद्दीमा लगि दूइ भाइ कन ता ❀ तिन्ले बसाई दिए॥

(२)

राजा राजकुमार - वृन्द बहुतै ❀ थीए बसेका तहाँ।
गाऊँथे जय - गान गायकहरू ❀ नाना किसिम्का जहाँ॥
कस्तूरी अगरू तगर् र बढिया ❀ अत्तर् र धुप्को अती।
चल्थ्यो दिव्य सुगन्ध त्यस् भवनमा ❀ मस्तै थिए भूपती॥

(३)

विद्वान् ब्राह्मणले सु-मंगल पढे ❀ बाजा बजे त्यै घरी।
खुब् राम्रो सु-मुहूर्त आइ पुगि गो ❀ शृङ्गार खूबै गरी॥
आए राजसुताहरू भवनमा ❀ साथ्मा सखी धेर् थिए।
अम्बाका पछि अम्बिका अनि पछी ❀ अम्बालिका देखिए॥

(४)

लीएका जय-माल राज-दुहिता ❀ ढल्केर हंसी सरी।
बिस्तारै सित हिंड्दथे भवनमा ❀ चौतर्फ दृष्टी छरी॥
चिन्ता पर्न गयो नरेन्द्रहरुमा ❀ श्रीभीष्म हूँदा तहीं।
हेर्थे आपसमा मुखा-मुख गरी ❀ उत्साह तिन्को गई॥

(५)

श्रीभीष्मको प्रण कुनै ❀ नृपहेरु लाई।
थाहा थियो तब ति ❀ कत्ति न हड्बडाई॥
मौनै भए खुशि हुँदै ❀ लिइ केहि आशा।
बाँकी नृपादि कन ❀ हून गयो निराशा॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(६)

यस्तै औसरमा ति भीष्मजि उठी ❀ भूपादिलाई तहाँ ।
भन्नू भो सुनि लेउ राजगण हो ! ❀ केही म भन्छू यहाँ ॥
मेरो ता प्रण ये छ आमरण तक् ❀ गर्दीन बीहा भनी ।
भाईलाइ विवाह गर्न नृपकी ❀ लैजान्छु कन्या यिनी ॥

(७)

यी कन्या अब पाउनू कठिन भो ❀ जानू हवस् देशमा ।
मेरो सामु लडाइँ गर्न सकने ❀ कुन् भूपती हो यहाँ ? ॥
एती बात भनेर राज-दुहिता ❀ कन्या तिनौटी हरी ।
राखे भीष्मजिले चढाइ रथमा ❀ हेर्थे सबै छक् परी ! ॥

(८)

भाईलाइ पनि चढाइ रथमा ❀ श्रीभीष्म चढ्नू भयो ।
लागेथ्यो रथ हाँक्न सारथि जसै ❀ खल्बल् बहुतै पऱ्यो ॥
आए रोक्न भनेर केहि नृपती ❀ श्रीभीष्मलाई तहीं ।
चोट् खाई कन दिव्य-अस्त्रहरुको ❀ भागे सबै हार् भई ॥

(९)

जीती राज - समाजलाइ नृपकी ❀ कन्या लिई भीष्मजी ।
फर्कें शीघ्र ति हस्तिनापुर विषे ❀ आफ्ना सबै सैन्य ली ॥
बस्थिन् कान्छि मुमा ति सत्यवतिजी ❀ जाहाँ उहीं ती गए ।
ल्याएका ति बुहारि पार्न सहजै ❀ मैयाँ बुझाई दिए ॥

(१०)

सामग्री सब ठिक्क भो शुभ-बिहा ❀ गर्ने तयारी गरी ।
अम्बाले गइ भीष्मजी सित भनिन् ❀ न्यूहेर बिन्ती गरी ॥
भार्या हुन्छु म शाल्वकी भनी यही ❀ इच्छा मलाई थियो ।
त्यस्तै औसरमा पुगी हजुरले ❀ हर्नू मलाई भयो ॥

(११)

बूबाको मनमा पनी यहि थियो ❀ सो बिन्ति मैले गरें ;
जे गर्नूं अब पर्छ सोहि गरियोस् ❀ साह्रै सकस्मा परें ॥
यस्तो बिन्ति सुनी झसङ्ग हुनु भो ❀ श्रीभीष्मजी त्यस् घरी ।
ठूलो खेद परी गयो हृदयमा ❀ आज्ञा भयो झट् गरी ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(१२)

हे अम्बे ! अघिनै मलाइ तिमिले ❋ केही भनीनौ उहीं ।
विग्रेको अझ छैन जाउ म बिदा ❋ दीं दैछु खूशी भई ॥
साथी विप्रहरू दुई जन दिए ❋ तिन्लाइ श्रीभीष्मले ।
अम्बाजी नृप-शाल्वका नगरिमा ❋ जाँदी भइन् आशले ॥

(१३)

मैयाँ सुन्दरि अम्बिका सहितकी ❋ अम्बालिकाको पनी ।
बीहा भो ति विचित्रवीर्य सित पो ❋ दर्बार बिच्मा अनी ॥
माफी भो कर एक वर्ष भरिको ❋ रैती बसे खुश् भई ।
राजाले खुशियालिमा गरि दिए ❋ गो-दान धेरै तहीं ॥

शिखण्डीको उत्पत्ति

(१)

अम्बा सरासर पुगी ❋ कन शाल्व कहाँ ।
भन्दी भइन् यहि कुरा ❋ उनलाइ ताहाँ ॥
हे भूपते ! हजुरलाई ❋ पती भजेर ।
आँट् गर्दथें म त ❋ बिहा गरुँली भनेर ॥

(२)

हाम्रो स्वयम्वर थियो ❋ तहिं भीष्म आई ।
शेखी गरी हरि लगे ❋ तिन बैनिलाई ॥
आफ्नू कहें मनसुबा ❋ जब भीष्मलाई ।
तिन्ले खुशी भइ ❋ पठाइ दिए मलाई ॥

(३)

साथी दिए म कन ❋ इज्जत साथ तिन्ले ।
छन् विप्र दूइ जन ❋ हेर्नु हवस् हजुर्ले ॥
बीहा मलाइ गरनोस् ❋ यहि निम्ति आएँ ।
भार्या हजुर्कि हुन ❋ यस् घरि बिन्ति लाएँ ॥

(४)

यस्ता कुरा सुनि ति ❋ शाल्व विचार गर्दैं ।
भन्छन् तुरुन्त तिनिको ❋ मुखलाइ हेर्दैं ॥
हे सुन्दरी ! हरि लग्यो ❋ तिमिलाइ जस्ले ।
उस्की भयौ तिमि बिहा ❋ अरु गर्छ कस्ले ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(५)

अर्काकि जो भइ सकिन् ❀ उसलाइ मैले ।
गर्थें बिहा किन ? उसै ❀ सित जाउ ऐले ॥
एती भनी कन निकालि ❀ दिए जसै ता ।
अम्बा परिन् अनि त ❀ संकटमा तसै ता ॥

(६)

रूँदै गइन् परशु- ❀ रामजिका कुटीमा ।
बिन्ती गरिन् सब कुरा- ❀ हरु छोट्करी मा ॥
तिन्लाइ ली परशुराम ❀ तुरुन्त आई ।
बीहा तिमी गर भने ❀ अनी भीष्मलाई ॥

(७)

मान्नू भएन जब ❀ भीष्मजिले रिसाई ।
लड्नू भयो परशुराम ❀ तुरुन्त जाई ॥
संग्राममा जय भयो ❀ तब भीष्मजीको ।
फिर्नू भयो परशुराम ❀ अनी कुटी पो ॥

(८)

अम्बाजि भीष्म कन ❀ मार्छु भनेर आँटी ।
पस्दीभइन् बन विषे ❀ अति कष्ट काटी ॥
लागिन् कठोर तप गर्न ❀ महेशजी को ।
शम्भु प्रसन्न भइ ❀ दर्शन बक्सनू भो ॥

(९)

आज्ञा भयो शिवजिको तिनिलाइ अम्बे !
मारौलि भीष्म कन युद्ध गरेर तिमूले ॥
यो जन्ममा तर हुँदैन कदापि जान्नू ।
आर्को लिएर तिमि जन्म सकौलि मार्नू ॥

(१०)

यस्तो दी वरदान शङ्कर गए ❀ अम्बाजि खूशी भइन् ।
दाऊरा अनि शुष्क पातहरूको ❀ थुप्रो लगाई लिइन् ॥
सल्काइन् त्यहिं अग्नि हुर्हुरि बल्यो ❀ श्रीभीष्म मार्छू भनी ।
फाल् हाली उहि अग्निमा डढि मरिन् ❀ भस्मै खरानी बनी ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(११)

जन्मिन् पुत्रि भएर श्रीद्रुपदका ❋ सोझै महल्मा गई।
छोरै हो भनि पालना गरि लिए ❋ नाऊँ शिखण्डी रही॥
ठूलो भो जब ता शिखण्डि उसको ❋ बीहा पनी भै गयो।
नारी त्यस्कि ति राजपुत्रि कन पो ❋ यो भेद मालुम् भयो॥

(१२)

साह्रै शर्म भई शिखण्डि बनमा ❋ गो मर्नलाई भनी।
फेटा आफ्नु फुकाइ डोरि गरि त्यै ❋ झुण्डीन आँट्यो अनी॥
ताहीं यक्ष थियो कुनै रुख उपर् ❋ त्यसमा दयालू भयो।
आफ्नू जो छ पुरुष चिह्न उसले ❋ एक् वर्षलाई दियो॥

(१३)

स्त्रीका चिह्न जती थिए सब लियो ❋ साटेर त्यै यक्षले।
उत्ती खेरि शिखण्डि पूरुष भयो ❋ त्यै यक्षका चिह्नले॥
थाहा पाइ कुबेर क्रोधित भए ❋ त्यो यक्ष देखिन् अनी।
दीए श्राप शिखण्डिको मरण तक् ❋ यस्तै रहेस् लौ भनी॥

धृतराष्ट्र, पाण्डु र विदुर-जन्म

(१)

रानीहरू दुइ जना सुकुमारि सीत।
गर्दा अहर्निश[1] विलास विचित्रवीर्य॥
भै वीर्य नष्ट क्षय-रोग समेत लागी।
सात् वर्षमै दिनु भयो निज-देह त्यागी॥

(२)

संतानले रहित भो यहि राजवंश।
सोचैर सत्यवति ताहिं भइन् भ्रसंग॥
डाकेर भीष्म कन सोहि कुरा चलाई।
भन्छिन् गराउ सुत-जन्म बुहारिलाई॥

---

१ सधैं।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain, Digitization by eGangotri.Funding: MIDF

(३)

आफैं स्वयम् तिमि गई ऋतु-दान देऊ ।
एही नियोग-विधि हो तिमि जानि लेऊ ॥
आज्ञा सुनी यहि भने तहिं भीष्मजीले ।
मेरो छ सत्य-प्रण त्याग्दिन सोहि मैले ॥

(४)

डाकेर ब्राह्मण सु-योग्य मुमाजि ! ऐले ।
बूहारिमा रमण गर्न दिनू हजुर्ले ॥
हूनेछ सन्तति यही म त योग्य ठान्छू ।
पान्नू हवस् यहि कुरा भनि बिन्ती गर्छू ॥

(५)

भन्छिन् ति सत्यवति फेरि ति भीष्मलाई ।
हे बाबु ! जो बिति गयो पहिले मलाई ॥
सो याद् भो म कन भन्दछु तीमिलाई ।
सानी थिएँ म त पराशर ताहिं आई ॥

(६)

डुङ्गा खियाउँदि मलाइ नजर् गरेर ।
आसक्त पो हुनु भयो रुपमा भुलेर ॥
कन्या सदैव तिमि हौलि यती सुनाई ।
खूशी गराउनु भयो ऋषिले मलाई ॥

(७)

फेरी गरेर सुख-भोग म सीत ताहीं ।
जानू भयो ऋषि उठेर तुरुन्त काहीं ॥
श्रीव्यास-जन्म हुन गो तब उत्ति खेरी ।
तिन्ले उठी यहि भने मुख तर्फ हेरी ॥

(८)

संझी दिनू हजुरले जननी ! मलाई ।
दीनेछु कष्ट जति आइ सबै हटाई ॥
एती भनी तिनि गए तप गर्नलाई ।
सोही कुरा स्मरण भो र दिएँ सुनाई ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(९)
तिम्रा दाज्यु ति व्यास हुन् म अहिले ❋ डाकी बुहारी कहाँ ।
तिन्‌लाई त पठाउँछु सुत हउन् ❋ भन्ने विचारी यहाँ ॥
दुवै भाइ-बुहारि सीत तिनले ❋ सम्भोग गर्नन् गई ।
हाम्रो कौरव-वंश चल्छ यसरी ❋ सन्तान तिन्‌को भई ॥

(१०)
वार्ता कान्छि सुमाजिको यति सुनी ❋ श्रीभीष्मजीले पनी ।
आफ्नू सम्मति दीनु भो यहि कुरा ❋ हूनेछ राम्रो भनी ॥
सासूले तब अम्बिका सित गई ❋ एही सुनाइन् जसै ।
आज्ञा मान्न म राजि छू यहि भनिन् ❋ श्रीअम्बिकाले तसै ॥

(११)
संभिन् स्रनी जननिले तहिं व्यासलाई ।
आई खडा हुन गए अति हर्ष पाई ॥
आज्ञा दिइन् जननिले तिनलाइ ताहाँ ।
सम्भोग गर्न तिमि जाउ बुहारि काहाँ ॥

(१२)
माता बाट ऋह्राइ बक्सनु हुँदा ❋ श्रीअम्बिकाजी कहाँ ।
गर्छू भोग भनेर व्यासजि गए ❋ थीइन् बुहारी जहाँ ॥
दुब्ला वृद्ध उमेरका शिर विषे ❋ बाँधी जटाजूट पो ।
आएका ऋषि व्यासलाइ तिनिले ❋ देख्दा ठुलो डर् भयो ॥

(१३)
डर् लागी कन नेत्र बन्द दुइटै ❋ गर्दै सुतिन् सुन्दरी ।
तिन्‌का साथ रती गरेर अनि फेर् ❋ जानू भयो व्यासजी ॥
अन्धा भै धृतराष्ट्र जन्मन गए ❋ मैह्ला पुगी गर्भको ।
अन्धोलाइ त राज्य हुन्न कहिल्यै ❋ त्यो जन्म व्यर्थै भयो ॥

(१४)
यस्तो मर्म बुझेर सत्यवतिले ❋ अम्बालिकामा पनी ।
होला पुत्र भनेर व्यास कन फेर् ❋ तिनले पठाइन् अनी ॥
डर्‌ले श्वेत गरिन् मुहार रतिमा ❋ अम्बालिकाले तहीं ।
जन्मे पाण्डु त पाण्डु वर्ण हुन गै ❋ मैह्ला दसौटा गई ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(१५)

डाकिन् व्यासजिलाइ सत्यवतिले ❋ तेस्रा पटक्मा अनी ।
देऊ जन्म गराइ दिव्य-सुतको ❋ ती अम्बिकामा भनी ॥
आज्ञा एति गरिन् र व्यासजि गए ❋ श्रीअम्बिकाजी कहाँ ।
यस् पाली तिनि जानलाइ सकिनन् ❋ श्रीव्यासका सामुमा ॥

(१६)

दासीलाइ सिंगारि वस्त्र बढिया ❋ पैह्राइ राम्रो कती ।
तिन्ले व्यासजि थ्यैं पठाउँदि भइन् ❋ दासी खुशी भै अती ॥
हाँस्दै व्यासजि थ्यैं गएर उसले ❋ न्यूह्रेर ढोगी दिई ।
गर्भाधान खुशी भएर अनि फेर् ❋ त्यस्ले गराई लिई ॥

(१७)

दासी तर्फ सु-पुत्र भै विदुरजी ❋ धर्मात्मि पैदा भए ।
पैदा राजकुमार तीन हुन गै ❋ चिन्ता जती गै गए ॥
राजा पाण्डु भए परन्तु तिनले ❋ जो गर्नु पर्नें जती ।
गर्थें भीष्मजिले र रैतिहरुमा ❋ सन्तोष भै गो अती ॥

(१८)

अन्धा राजकुमारको शुभ-बिहा ❋ गर्ना निमित्तक् महाँ ।
गान्धारी कन माग्न भीष्मजि गए ❋ गान्धार-राजा कहाँ ॥
देखी भीष्मजिलाइ आदर गरी ❋ पुत्री दिए त्यै घरी ।
गान्धारी धृतराष्ट्रकी भइ गइन् ❋ रीती बिहाको गरी ॥

(१९)

अन्धा आज खसम् मिले म कन ता ❋ अन्धी म बस्छू भनी ।
बाँधिन् पट्टि रुमालले नयनमा ❋ गान्धारिजीले पनी ॥
मैयाँ कुन्तिजिको स्वयम्बर थियो ❋ श्री पाण्डु राजा पनी ।
जानू भो मथुराजिमा कटक ली ❋ तिन्लाइ हर्छू भनी ॥

(२०)

कुन्तीले जयमाल दी पति वरिन् ❋ बीहा दुवैको भयो ।
रानी कुन्तिजिलाइ ली नरपती ❋ श्री पाण्डु फिर्नु भयो ॥
माद्री बैनि थिइन् ति शल्य नृपकी ❋ श्रीभीष्मजीले गई ।
पाण्डूलाइ भनेर माग्नु जब भो ❋ दीए बहुत् खुश् भई ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(२१)

ये बिच्मा गइ पाण्डुले नृपहरू ❀ जीते लडाईं गरी ।
ल्याए दौलत रत्न-राशि बहुतै ❀ गाडा उपर्मा धरी ॥
ल्याएको धृतराष्ट्रलाइ धन त्यो ❀ श्री पाण्डुजीले दिए ।
देखी आदर-भाव यो खुशि भई ❀ तिन्ले सह्यारी लिए ॥

कर्ण-जन्म

(१)

कुन्तीभोज पिताजिका महलमा ❀ कन्या छँदै कुन्तिजी ।
कोही एक तपस्वि आउनु भयो ❀ तिन्ले तुरुन्तै उठी ॥
गर्दै स्वागत राखि आसन विषे ❀ धोइन् र पाऊ दुई ।
टक्र्याइन् फल - मिष्ट भोजनहरू ❀ आज्ञा बुझ्याको भई ॥

(२)

तिन्को भक्ति बुझी तपस्विजि पनी ❀ अत्यन्त खूशि भए ।
कुन्तीलाइ दिएर मन्त्र उसको ❀ शक्ती सुनाई दिए ॥
डाकौली जुन देवता कन तिमी ❀ यै मन्त्र बोली जसै ।
आऊँनन् ति अगाडिमा बुझ्क तिमी ❀ जाँदैन बिस्तुर् कसै ॥

(३)

एती अर्ति दिई तपस्विजि गए ❀ ऊठेर चाँडै बन ।
कुन्तीले अनि मन्त्र त्यै पढि गरिन् ❀ श्रीसूर्य - आवाहन ॥
आई श्री रवि बाट यै हुकुम भो ❀ कुन्ती ! मलाई यहाँ ।
डाकेकी किन हौ ? बताउ तिमिले ❀ आफ्ना अगाडी महाँ ॥

(४)

देखी सूर्यजिलाइ छक्क परि खुब् ❀ ती कुन्तिले त्यै घरी ।
जोरी हात दुई प्रसन्न - मनले ❀ ढोगिन् भुमीमा परी ॥
लागिन् भन्न प्रभो ! म मन्त्र-बलको ❀ गर्छू परीक्षा भनी ।
डाकेकी हुँ हजूरलाइ भगवन् ! ❀ क्यै काम ता छैन नी ॥

(५)

कुन्तीका इ कुरा सुनेर रविले ❀ आज्ञा गरे फेर् तहाँ ।
हे कुन्ती ! तिमि पुत्रको वर लिई ❀ जन्माउ छोरो यहाँ ॥
मेरो आउनु व्यर्थ हुन्न कहिल्यै ❀ जो पुत्र होला यहीं ।
दानी वीर अभेद्य कुण्डल कवच् ❀ संयुक्त होला उही ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(६)

फेरी बिन्ति गरिन् प्रभो ! म त अझैं ❀ कन्या हुनाले गरी ।
के भन्नन् अरुले भनेर मन यो ❀ काम्दैछ शङ्का परी ॥
आज्ञा गर्नु भयो तुरुन्त रविले ❀ कन्यै रहौली सदा ।
लोक्मा त्यैं दिनदेखि कुन्ति गनिइन् ❀ श्री पंच[1] कन्या महाँ ॥

(७)

कुन्तीमा वर-दान दी सुत हुने ❀ श्री सूर्य जानू भयो ।
श्री कुन्ती कन तेजिलो सुत कुनै ❀ पैदा तुरुन्तै भयो ॥
देख्दा सुन्दर पुत्र हर्ष हुन गो ❀ फेरी डराइन् तिनी ।
लागिन् सोच्न कसोरि पालन गरुँ ❀ यस्लाइ मैले भनी ॥

(८)

माया लाग्न गयो तथापि तिनिले ❀ सन्दूक ली काठको ।
हावा छिर्न हुने गरेर उसमा ❀ यौटा गरिन् छेद[2] पो ॥
जन्मेको शिशु[3] राखि बाकस महाँ ❀ खुब् वज्र छाती गरी ।
दीइन् झट्ट बगाई ताहिं नदिमा ❀ तिन्ले हतारै गरी ॥

(९)

कुन्तीले यहि कार्य साधन गरिन् ❀ थीएन कोही तहाँ ।
बग्दै बाकस सो किनार् तिर गई ❀ लागी गयो घाटमा ॥
राधाका पति राज-सारथि थिए ❀ दैवात् नदीमा गई ।
सोही बाकस पाई त्यै शिशु लिए ❀ अत्यन्त खूशी भई ॥

(१०)

राधालाइ दिए गएर घरमा ❀ यो पुत्र पाल्नू भनी ।
त्यस् माथी धरि प्रेम पालन गरिन् ❀ तिन्ले मयालू बनी ॥
पैले ता बसुसेन नाम रहि गो ❀ फेरी पछाडी अनी ।
सोही कर्ण महारथी हुन गए ❀ प्रख्यात दानी बनी ॥

---

१ अहिल्या द्रौपदी तारा कुन्ती मन्दोदरी यती । पाँच कन्या जपे नित्य हुन्छ पातक नाशन ॥

२ दुलो । ३ बालक ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(११)

कुन्तीजी पठिता[1] थिइन् सु-गृहिणी ❋ प्रारब्धको खेलले ।
सौता माद्रि भइन् तथापि दुइटै ❋ बस्थे ठुलो मेलले ॥
थीए देवक नामका नृप कुनै ❋ जस्की कुमारी सित ।
बीहा हून गयो पछी विदुरको ❋ पारासवीजी सित ॥

(१२)

दासीका सुत[2] पो ति हुन् विदुरजी ❋ षड्शास्त्र ज्ञाता भई ।
जान्ने नीति सु-बुद्धिमान् हुन गए ❋ त्यस् निम्ति आधार ली ॥
कौनै कार्य परे पनी विदुर थ्यैं ❋ सोधेर सल्लाहले ।
गर्थें राज्य-प्रबन्ध भीष्म र अनी ❋ भूपेन्द्र श्रीपाण्डुले ॥

पाण्डव र कौरवको जन्म

(१)

कोही वसन्त ऋतुका दिनमा खुशी भै ।
श्री पाण्डुले दुइटि रानि[3]-हरू समेत् भै ॥
खेल्छू शिकार भनि खूब तयारि साथ ।
जानू भयो बन हिमालय बीचमा त ॥

(२)

ठूलो थियो बन भयानक भै रहेको ।
भालू मृगेन्द्र[4] र मृगादिहरू भएको ॥
श्री पाण्डुले धनु विषे शर एक जोरे ।
यौटा थियो मृग तहीं शरलाइ छोडे ॥

(३)

सो मिर्ग सीत हरिणी पनि एक थीई ।
श्री पाण्डुको शर गड्यो मृगिलाइ सोही ॥
ती मिर्ग दूइ ऋषि-दम्पति[5] पो रहेछन् ।
लागेर सो शर मृगी सहसा[6] मरीछन् ॥

१ पढेकी । २ पुत्र । ३ कुन्ती र माद्री । ४ सिंह । ५ लोग्ने स्वास्नी । ६ अकस्मात् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(४)

सो मिर्ग मानिस भई कन रून लाग्यो ।
श्री पाण्डुका त मनमा अति खेद् जाग्यो ॥
हा ! हा !! अनर्थ हुन गो भनि पाण्डु जाई ।
भन्दा भए ऋषिजिका सँग बिन्ति लाई ॥

(५)

जानीन हे ऋषिजि ! भूल भयो मलाई ।
गर्नोस् क्षमा म कन एति दिए सुनाई ॥
भन्छन् ऋषी तहिं त भूपति ! सुन्नु होला ।
संसर्ग[1] भो यदि बधू[2] सित मृत्यु होला ॥

(६)

हा ! हा !! गरेर ऋषिले तहिं प्राण त्यागे ।
ती शब्द पाण्डु कन बज्र समान लागे ॥
कुन्ती र माद्रि संगमै नृपका हुनाले ।
दुःखी भए उहि शराप् ऋषिले दिनाले ॥

(७)

पुग्दो भयो यदि खबर् जब राजधानी ।
दुःखी भए यहि सुनी कन सर्व प्राणी ॥
श्री पाण्डुले विपिन[3] मै झुपडी बनाई ।
बस्दा भए दुइटि रानि लिएर ताहीं ॥

(८)

श्रीपाण्डुले यसरि पो निज राज्य त्यागे ।
त्यै राज्य-भार धृतराष्ट्रजिले सँभाले ॥
श्री पाण्डुको समय केहि उहीं त गै गो ।
त्यागेर राज्य-सुख जङ्गल-वास भै गो ॥

(९)

श्रीपाण्डु थ्यैं ऋषिहरू बनबासि आई ।
दिन्थे सधैं असल धर्म-कथा सुनाई ॥
सन्तान छैन गति हुन्छ कसोरि हाम्रो ।
चिन्ता पऱ्यो नृपतिलाई यही नराम्रो ॥

१ संभोग । २ स्त्री । ३ बन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(१०)

देखी चिन्तित पाण्डुलाई ऋषिजी ❁ कोही अगाडी सरी ।
लागे भन्न वृथा छ चिन्तित हुनू ❁ हे भूपते ! यस् घरी ॥
इच्छा सन्ततिको छ ता हृदयमा ❁ डाकेर क्वै ब्राह्मण ।
पैदा पुत्र गराउनू उचित हो ❁ रानी दुईटी कन ॥

(११)

एती अति दिई ऋषीश्वर गए ❁ श्रीपाण्डुजीले अनी ।
आज्ञा भो दुइ रानिलाइ तिमिले ❁ सन्तान होला भनी ॥
डाकी एक तपस्वि विप्र सित पो ❁ सम्भोग गर्नू पऱ्यो ।
प्यारी हो ! यहि कार्यले हृदयको ❁ सन्ताप हर्नू पऱ्यो ॥

(१२)

पैह्लेका नृपहेरु बाट पनि ता ❁ आफू अपुत्री भई ।
डाकी ब्राह्मणलाई रानि कन पो ❁ सन्तान दीए गरी ॥
वेदव्यासजि बाट मेरि जननी- ❁ लाई म पैदा भएँ ।
पैदा पुत्र गराउना कन यही ❁ आज्ञा मईले दिएँ ॥

(१३)

भन्छिन् कुन्ति नरेन्द्र ! माइत थिएँ ❁ बीहा नहूँदै अघी ।
दुर्वासा ऋषि पाल्नु भो र मइले ❁ सेवा गरें खुश् भई ॥
यौटा मन्त्र मलाइ दी कहनु भो ❁ डाकौंलि जुन् देवता ।
आउँनन् र गरेर भोग तिमि थ्यैं ❁ सत्पुत्र देलान् ति ता ॥

(१४)

स्वामिन् ! मन्त्र मलाइ याद छ उही ❁ त्यै मन्त्र ऐह्ले भनी ।
डाक्छु श्रीयमलाइ मर्जि यदि होस् ❁ पुत्रार्थिनी पो बनी ॥
आज्ञा पाण्डुजिले तुरुन्त दिनु भो ❁ त्यै काम गर्नू भनी ।
कुन्तीले तब गर्भधारण गरिन् ❁ श्रीधर्म देखिन् अनी ॥

(१५)

जन्मे युधिष्ठिर अनी दश मास जाई ।
खुब् हर्ष भो नृप शिरोमणि पाण्डुलाई ॥
आकाश-वाणि पनि भो सबको अगाडी ।
हूनेछ धार्मिक यही सुत सत्यवादी ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(१६)

श्रीपाण्डुले सुत गराउन वायु बाट ।
आज्ञा दिए जब त कुन्ति गरेर आँट ॥
त्यै मन्त्र पाठ गरि वायुजिलाइ डाकिन् ।
आऊँनु भो पवनदेव र पुत्र माँगिन् ॥

(१७)

भेटेर कुन्ति सित वायु गए उडेर ।
मैह्ला पुगेर जनमे अनि भीमसेन ॥
थीयो शिला नजिकमा तहिं खूब ठूलो ।
बज्रे उहीं परि ति भीम र भो उ धूलो ॥

(१८)

त्यै बेगले सहज कुन्ति गिरिन् धरामा ।
आकाश-वाणि भइ गो अनि फेरि ताहाँ ॥
यो भीमसेन बलियो भइ यस् जगत्मा ।
नाऊँ कमाउँछ ठुलो निजको बखत्मा ॥

(१९)

केही बित्यो जब त वर्ष उही बनैमा ।
भन्छन् ति पाण्डु अति खूशि भई मनैमा ॥
हे प्यारि ! कुन्ति ! अब इन्द्रजिबाट तिमूले ।
जन्माउ वीर सुत मान्य हुने सबैले ॥

(२०)

आज्ञा सुनेर पतिको अनि कुन्तिजीले ।
डाकिन् सुरेन्द्र कन मन्त्र पढेर पैले ॥
देवेन्द्र आउनु भई कन कुन्तिलाई ।
सम्भोगले खुशि गराउनु भो रमाई[1] ॥

(२१)

मैह्ला दशोक पछि कुन्तिजि बाट ताहाँ ।
जन्मे ति अर्जुन पनी उहि बीच माहाँ ॥
द्यौता महर्षि अनि किन्नर यक्ष आए ।
नाचेर गाइ कन हर्ष बहुत मनाए ॥

१ प्रसन्न भएर ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(२२)

वर्षाए कुसुमादि[1] अर्जुन उपर् ❋ झट् अप्सराले गई ।
सूनीयो बनवासि बाट पनि यै ❋ आकाश-वाणी भई ॥
राजन्! बालक यो हुनेछ भवमा ❋ वीरादिमाको मणी ।
शम्भूलाइ रिझाउनेछ यसले ❋ संग्राम गर्दा अनी ॥

(२३)

दीनन् पाशुपतास्त्र शङ्करजिले ❋ फेर् इन्द्रजीका अरी[2] ।
जित्ला एही गएर इन्द्र-पुरिमा ❋ क्वै हुन्न यस्का सरी ॥
राजा रानि र जो थिए वन विषे ❋ प्रणीहरू खुश् भए ।
द्यौता किन्नर अप्सरा अरु ऋषी ❋ फर्केर फेरी गए ॥

(२४)

आज्ञा लिएर पतिको उहि बीचमाहाँ ।
ती कुन्तिले सहज माद्रिजिलाई ताहाँ ॥
डाकेर अश्विनिकुमार दिइन् मिलाई ।
माद्रीजिमा सुत दुई त दिइन् गराई ॥

(२५)

नाऊँ रह्यो नकुल औ सहदेव भन्ने ।
चिन्ता रहेन अब पाण्डुजिलाइ अन्य[3] ॥
यस्ता प्रकार सँग पाण्डव पाँच भाई ।
जन्मी बढे विपिनका[4] बिच खेलि-खाई ॥

(२६)

वेदव्यास महर्षि कोहि दिनमा ❋ दर्बार जानू भयो ।
पाल्नू भो शशुरा भनेर मन खुश् ❋ गान्धारिजीको भयो ॥
राखी भक्ति विशेष आदर गरिन् ❋ श्रीव्यास खूशी भए ।
हूनन् पुत्रहरू सये जन भनी ❋ आशीष तिन्ले दिए ॥

(२७)

आशीर्वाद महर्षिको हुन गई ❋ सेवा पतीको गरी ।
गान्धारी पनि गर्भिणी भइ गइन् ❋ सो गर्भ भित्रै बढी ॥
पेटैमा रहि पो बित्यो समय ता ❋ चौबीस मैह्ना जती ।
सुत्केरी किन हुन्न सोचि यहि बात् ❋ आश्चर्य मानिन् अती ॥

---

१ फूलहरु । २ शत्रु । ३ अर्को । ४ बन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(२८)
यस्तै औसरमा युधिष्ठिर भए ❋ श्रीकुन्तिलाई भनी।
पाइन् एहि खबर् र माडि कन[1] पेट् ❋ गान्धारिजीले पनी॥
मैन्हा चौबिसको त गर्भ सहसा ❋ तिन्ले गिराइन् जसै।
मासूको अति गोल गेंद सरिको ❋ देखिन् तिनीले तसै॥

(२९)
साह्रै दिक्क भएर त्यस् कन कहीं ❋ फाल्ने इरादा धरी।
गान्धारी जब ता उठिन् तहिं पुगे ❋ श्रीव्यासजी झट् गरी॥
फाल्नू हुन्न बुहारि! यस् कन भनी ❋ फेरी उसै बीचमा।
घैंटा[2] एक सये र एक घिउको ❋ तिन्ले मगाए तहाँ॥

(३०)
बाटा[3] एक भरी गराइ जलले ❋ ताहीं मँगाई लिए।
त्यै गोला जलमा धरेर उसको ❋ हिस्सा लगाई दिए॥
त्यस्को एक सये र एक गरि भाग् ❋ घैंटा विषे सब् धरी।
बोले फुट्न न दीइ राख्नु इ सबै ❋ सम्भार राम्रो गरी॥

(३१)
झिक्नू पर्दछ दुइ वर्ष बिति पो ❋ सौ पुत्र होलान् अनी।
यौटी पुत्रि हुनेछ पाल्नु अनि फेर् ❋ सन्तान मेरा भनी॥
गान्धारी कन एति अर्ति दिइ फेर् ❋ श्रीव्यास जानू भयो।
सौता दासि तरफ् युयुत्सु भनिने ❋ उत्पन्न छोरो भयो॥

(३२)
बीत्यो वर्ष दुई र सौ सुतहरू ❋ यौटी कुमारी पनी।
निस्के त्यै घट बाट राज-गृहमा ❋ सर्वाङ्ग राम्रा बनी॥
श्रीदुर्योधन ज्येष्ठ पुत्र जुन हो ❋ निस्केर भैंमा झरी।
चिप्पों[4] शब्द गऱ्यो भयङ्कर निकै ❋ बोली गधाको धरी॥

(३३)
त्यै बेला नभ देखि बीच दिनमा ❋ उल्काहरू पात भो।
ठूलो हूरि चली गरीबहरुको ❋ ज्यान्-मालको नाश भो॥
जो-जो हुन्छ कुलक्षणादि सब भो ❋ त्यै हस्तिनापूरमा।
यस्तो देखि गए उठी विदुरजी ❋ राजाजिका पासमा॥

१ मिचीकन। २ गाग्रो। ३ आरि। ४ गधाले बोल्ने शब्द।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(३४)
बिन्ती गरे विदुरले नृप ! त्याग्नु पर्नै ।
पैदा भयो सुत कुलै कन नष्ट गर्नै ॥
त्यस्लाइ त्यागि दिनु श्रेय हुनेछ भारी ।
हो पुत्र यो हजुरको कुल-नष्ट-कारी ॥

(३५)
जन्मान्ध भूपतिजिले सुनि उक्ति खेरी ।
आज्ञा गरे विदुरलाइ तुरुन्त फेरी ॥
हे भाइ ! पुत्र कन त्याग्नु कसोरि ऐले ।
त्याग्दीन ज्येष्ठ सुतलाइ कदापि मैले ॥

(३६)
मान्नू भएन यहि त्याग्न परन्तु भारी ।
पर्नेछ ताप मनमा यहि बिन्ति पारी ॥
ऊठी गए विदुरजी निजको घरैमा ।
सौ पुत्र भै नृपति खूशि भए मनैमा ॥

श्रीपाण्डुको स्वर्ग-वास

(१)
कोही वसन्त-ऋतुका दिनमा उठेर ।
श्रीपाण्डुजी बन-बिहार गरूँ भनेर ॥
श्रीमाद्रि रानि कन ली कन बात गर्दै ।
पस्नू भयो विपिनमा सब दृश्य हेर्दै ॥

(२)
बेला वसन्त-ऋतुको त सुगन्ध पूर्ण ।
चल्यो बतास मृदु शीतलता लिएर ॥
एता-उती अधिक पुष्पहरू फुलेका ।
देखेर शून्य वन-मार्ग खुशी भएका ॥

(३)
ती राज-दम्पति मिली कन हत्पताई ।
लागे सुतेर तहिं मैथुन गर्नलाई ॥
थीयो र श्राप ऋषिको उहिं पाण्डुजीको ।
प्राणान्त पो हुन गई कन गिर्नु पो भो ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(४)
रूँदै उठेर गइ माद्रिजि कुन्तिलाई ।
भन्दी भइन् उहि कुश कुटिमा बताई ॥
रूँदै गरेर अति शोक ति दुइ रानी ।
आए उही स्थल विषे अति दिक्क मानी ॥

(५)
आई समस्त वनका ऋषि-वृन्द ताहाँ ।
पर्दा भए सकल शोक-समुद्र माहाँ ॥
माद्री सती भइ गइन् निज देह त्यागी ।
चल्दैन जोर कहिल्यै पनि दैव माथी ॥

(६)
त्यैं बीचमा विपिन-वासि ऋषी मिलेर ।
कुन्ती ति पाण्डव र लाश दुई लिएर ॥
श्री हस्तिनापुरि विषे धृतराष्ट्र काहाँ ।
सुम्पी दिए सकल हाल बताइ ताहाँ ॥

(७)
सत्कार बेस गरि ती ऋषि-वृन्दलाई ।
श्रीभीष्म बाट दिनु भो र खुशी गराई ॥
फर्के ऋषीश्वरहरू पनि उत्ति खेरी ।
डाक्नू भयो अनि पुरोहितलाइ फेरी ॥

(८)
राजा श्रीधृतराष्ट्रले अनि पछी ❋ गङ्गा-किनार्मा गई ।
पाण्डु-माद्रिजिको पनीं गरि दिए ❋ दाहा-क्रिया सब् तहीं ॥
शुद्धै शान्ति भएर तेह्र दिनमा ❋ दानादि धेरै भयो ।
सारा ब्राह्मणलाइ भोजन दिई ❋ जूठो छिनी गै गयो ॥

(९)
चाहीने जति बस्तु दास बहुतै ❋ दासीहरू धेर् पनी ।
कुन्ती-पाण्डवलाइ दी कन महल् ❋ यौटा दिनू भो अनी ॥
घोडा हात्ति रथादि दौलत समेत् ❋ म्याना र पाल्की पनी ।
राजा श्रीधृतराष्ट्र बाट दिनु भो ❋ भोग्नुन् भतीजा भनी ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दुर्योधनको भीमसित वैमनस्य

(१)

बूहारी उहि अम्बिका कन लिई ❋ श्रीव्यास - माता अनी ।
लागिन् बस्न गएर एक वनमा ❋ ठिक् योगिनी झैं बनी ॥
गर्दै खुब् भजनादि नित्य हरिको ❋ क्यै वर्ष सम्मन् रही ।
देह - त्याग गरी दुवै जन रहे ❋ वैकुण्ठमा पो गई ॥

(२)

पाँचै भाइ ति पञ्च-पाण्डवहरू ❋ सौ भाइ ती कौरव ।
साथैमा रहि खेल्नु-खानु-पढनू ❋ गर्थे मिलेरै सब ॥
भाईमा अति हृष्ट-पुष्ट बलिया ❋ श्रीभीम भै त्यस् घरी ।
कुश्तीमा जय पाउँथे अरु रहे ❋ भाई रिसैमा परी ॥

(३)

श्री दुर्योधनलाइ भीम सितको ❋ उत्पन्न ईर्ष्या भई ।
लागे युक्ति विचार गर्न सहसा ❋ मार्ने इरादा लिई ॥
तम्बू पाल समेतको रचि दिए ❋ भागीरथी तीरमा ।
राखे खाद्य-पदार्थ धेर् किसिमका ❋ मिष्ठान्नहेरु तहाँ ॥

(४)

एती काम गरी युधिष्ठिरजि थ्यैं ❋ पौंचेर दुर्योधन ।
भन्छन् दाज्यु ! सवारिहोस् सकलको ❋ होला मनोरन्जन ॥
हाम्रो पाल खडा छँदैछ तिरमा ❋ ज्यूनार वाहीं गरी ।
सूनौंला अनि गायकादिहरुका ❋ गानाहरू त्यस् घरी ॥

(५)

श्री दुर्योधनको सुयोधन यही ❋ नाऊँ धरेका थिए ।
बिन्ती एति सुनी सुयोधनजिको ❋ दाज्यू युधिष्ठीरले ॥
आफ्ना भाइहरू लिएर सँगमा ❋ राम्रो रथैमा चढी ।
गङ्गाका तटमा पुगी नजर भो ❋ शोभा भएको जती ॥

(६)

सारा कौरव पाण्डवादि सँग भै ❋ बस्दा भए पालमा ।
आई गायक बाट गान गरियो ❋ बाजा बजे तालमा ॥
ल्याए खाद्य - पदार्थ दासहरुले ❋ नाना किसिम्का अनी ।
लागे भोजन गर्न भाइहरु सब् ❋ अत्यन्त मीठो भनी ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(७)

लड्डूमा विष हालि तीव्र बहुतै ❋ श्री भीमलाई दिए।
मीठो मानि उही वृकोदरजिले ❋ सम्पूर्ण खाई लिए॥
गर्मीले गरि छट्पटी हुन गयो ❋ यौटा कुनामा गई।
पल्टे होश हराइ भीम तब ता ❋ बेहोश राम्रै भई॥

(८)

बाँधी भीमजिलाइ पारि गठरी ❋ दुर्योधनैले लगी।
पानी घेर जहाँ थियो उहिं दियो ❋ त्यस्ले डुबाई अनी॥
पश्चात् आइ बस्यो र भाइहरु थ्यैं ❋ वार्ता गरी साँझ भो।
भाई भीम कता गए भनि अनी ❋ श्री भीमको खोज भो॥

(९)

देखेनौं सबले भनेर उ बखत् ❋ बाटा घरैको धरी।
भाई चार फिरे ति पाण्डवहरु ❋ चिन्ता बहूतै गरी॥
ज्येठा पाण्डवले गई विदुर थ्यैं ❋ सो हाल भन्दा भए।
त्यो सूनेर भने यही विदुरले ❋ हे बाबु ! खुब् द्वेषले॥

(१०)

त्यै दुर्योधनले गर्‍यो छल कुनै ❋ रिस् गर्छ सो भीमको।
मार्नें कोहि सक्वैन भीम कन ता ❋ त्यस्को त कुन् शक्ति हो॥
साह्रै चङ्ख बनी रहे तिमिहरू ❋ केही नजान्ने बनी।
त्यो दुर्योधनको नमान्नु कहिल्यै ❋ विश्वास केही पनी॥

(११)

यस्तो अर्ति सुनेर ती विदुरको ❋ आज्ञा शिरोपर् धरी।
फर्के पाण्डवहेरु आफ्नु गृहमा ❋ चिन्ता मनैमा धरी॥
आएनन् जब भीम फर्कि घरमा ❋ शङ्का हजारौं गरी।
लागिन् कुन्तिजि रून त्यस् बखतमा ❋ आँसू नयन्मा[1] भरी॥

(१२)

हूने कुरा जुन थियो उ न भै रहेन।
डूबी अगाध जलमा परि भीमसेन॥
पातालमा जब पुगे तब नाग आई।
डस्दा भए रिस गरी कन तीनिलाई॥

१ आँखामा।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(१३)

सो नाग-दंशन भई विष उत्रि गै गो।
श्रीभीमलाइ अनि होश तुरुन्त भै गो॥
तोडी दिए सहज बन्धन आफ्नु लाई।
मारी दिए अधिक नागहरू समाई॥

(१४)

थाहा भयो र तहिं बासुकि[1] राज आए।
ती भीमलाइ नव[2] बालक देख्न पाए॥
हुन् वायु-पुत्र भनि जानि लिएर ताहाँ।
साथै लगे ति कन आफ्नु हवेलि माहाँ॥

(१५)

माया गरेर बहुतै तहिं भीमलाई।
कुण्डादि आठहरुको जल घेर् मँगाई॥
ख्वाएर भीम कन खुब् बलियो गराए।
आठै सहस्र गजको[3] जति शक्ति पाए॥

(१६)

यस्तो अमानुषि[4] अहो! शुभ शक्ति पाइ।
निद्रा पर्‍यो अति मिठो तहिं भीमलाई॥
जागा भए दिवस सात सुतेर ताहीं।
ख्वाए अनेक थरि भोजन भीमलाई॥

(१७)

फेरी ति नागहरुले लगि भीमलाई।
श्री हस्तिनापुरि विषे त दिए पुर्‍याई॥
आफ्ना गएर घरमा सबलाइ भेटे।
थीयो तृषा अधिक पानि पिएर मेटे॥

(१८)

माता र दाज्यु कन ढोग दिएर फेरी।
आफ्ना ति भाइहरुका मुख तर्फ हेरी॥
जो-जो भयो सब कुरा तिनले बताए।
तागत् मिल्यो जसरि सोहि पनी सुनाए॥

१ नागका राजा। २ नयाँ। ३ हात्तीको। ४ मानिसले नपाउने।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कृपको जन्म

(१)

पैले कुनै समयमा बन बीच जाई ।
बस्थे ति गौतम ऋषी झुपडी बनाई ॥
देखी ठुलो तप तहीं तिनले गरेको ।
देवेन्द्रका[1] हृदयमा डर खुब् परी गो ॥

(२)

गै विघ्न पार तिमिले ऋषिको तपस्या ।
एती अह्राउनु भयो जब स्वर्ग-वेश्या ॥
कोही परी[2] तब त गौतम नेर आई ।
नाचेर ताहिं उसले अनि गीत गाई ॥

(३)

राम्री परी[2] नजिकमा जब देख्न पाए ।
आफ्नू त वीर्य कन गौतमले गिराए ॥
भागे उठेर ऋषिजी अति लाजले पो ।
त्यै वीर्य बाट कृपिको कृपको जनम् भो ॥

(४)

कोही नरेन्द्र[3] पुगि बालक सो उठाए ।
आफ्नो लगी महलमा अनि पाल्न लाए ॥
ठूला भए तिनि र गौतम ताहिं जाई ।
षड्शास्त्र-ज्ञान कृपलाइ दिए गराई ॥

द्रोणको उत्पत्ति

(१)

श्री भागीरथिका रहेर तिरमा ❋ योगी भरद्वाजले ।
गर्थे श्री हरिको कठोर तप पो ❋ ताहीं त संयोगले ॥
आइन् स्वर्गकि अप्सरा तट विषे ❋ स्नानार्थिनी पो बनी ।
त्यै बेला किन हो कुनी गिरि गयो ❋ तिन्को त वीर्यै पनी ॥

---

१ इन्द्र । २ अप्सरा । ३ राजा ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(२)

आफ्नू वीर्य उठाइ राखि लिनु भो ❋ यौटा दुनामा[1] जसै।
सोही वीर्य त एक बालक बनी ❋ श्री द्रोण जन्मे तसै ॥
बाबूको तप-शक्तिले बढि छिटै ❋ ती द्रोण ठूला भए।
बाबू सीत लीएर पाठ दिनहूँ ❋ ती पढ्न लागी गए ॥

(३)

आऊँथे तहिं पढ्न पो द्रुपदजी[2] ❋ एसै हुनाले गरी।
भै गो प्रीति ति द्रोणको द्रुपदको ❋ साथै रहन्थे पढी ॥
खूशी क्यै दिनमा भई द्रुपदले ❋ ती द्रोणलाई भने।
आधा राज्य दिनेछु मित्र! मइँले ❋ तिम्लाइ जानी लिए ॥

(४)

यस्तै औसरमा बुबा द्रुपदका ❋ भै स्वर्गबासी गए।
आफ्नू राज्य विषे गई द्रुपदजी ❋ पाञ्चाल - राजा भए ॥
पर्शूरामजि थ्यैं ति द्रोणजि गए ❋ दिव्यास्त्र सिक्छू भनी।
वाहाँले पनि शस्त्र - अस्त्रहरुको ❋ विद्या दिनू भो भनी ॥

(५)

विद्या प्राप्त गरेर गै कृपजि थ्यैं ❋ मागेर कन्या कृपी।
बीहा द्रोणजिको भयो तिनि रहे ❋ आफू गृहस्थी भई ॥
केही काल बितेर पुत्र हुन गो ❋ श्री द्रोणलाई तहाँ।
साह्रै खिन्न दरिद्र झैं तिनि भए ❋ पैसा न भै हातमा ॥

(६)

बेला आयो नाम राख्ने जसै ता।
हेरी—कोरी नाम राखे तसै ता ॥
अश्वत्थामा नाउँ तिन्को रही गो।
देखी छोरो द्रोणलाई खुशी भो ॥

(७)

आफूलाइ गरीब देखि बहुतै ❋ मितूलाइ सम्झी लिए।
नारी पुत्र लिएर द्रोणजी अनी ❋ पाञ्चाल जाँदा भए ॥
राजा भै कन बस्दथे द्रुपदजी ❋ सिंहासनैमा जहाँ।
नारी पुत्र लिई खडा हुन गए ❋ श्री द्रोण पौंची तहाँ ॥

---

१ सानू बोहोतामा। २ पाञ्चाल देशका राजपुत्र।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(८)

राजन् ! स्वस्ति भनेर आशिष दिंदै ❋ बिन्ती चढाए अनी ।
आएँ मित्र ! हजूर थ्यैं म अहिले ❋ साह्रै दरिद्री[१] बनी ॥
आधा राज्य दिनेछु एहि प्रण हो ❋ राजन् ! हजुर्को उही ।
सम्झाई कन अर्ध-राज्य लिनका ❋ खातिर् म आएँ यहीं ॥

(९)

बिन्ती द्रोणजिको सुनेर नृपले ❋ हाँसेर केही तहाँ ।
लागे भन्न तिमी त ब्राह्मण भई ❋ आएर राजा कहाँ ॥
भन्छौ मित्र भनी मलाइ किन हो ? ❋ फेर् अर्ध - राज्यै पनी ।
माग्छौ बात बनाइ व्यर्थ कसरी ❋ विक्षिप्त[२] जस्तै बनी ॥

(१०)

आयौ आश गरेर विप्र[३] तिमि हौ ❋ एक् छाक खाई यहाँ ।
जाऊ फर्कि कुटी नआउनु कबै ❋ मेरा अगाडी महाँ ॥
यस्तो वाक्य सुनेर द्रोण रिसले ❋ भन्छन् म यस्को पनी ।
लीनेछू बदला अवश्य बुझिलयौ ❋ पापी तिमी हौ भनी ॥

(११)

त्याहाँ बाट हिंडेर द्रोणजि गए ❋ श्री हस्तिनापूरमा ।
त्यै बेला कृप बस्दथे गुरु बनी ❋ त्यै राज - दर्बारमा ॥
देखी द्रोणजिलाइ शिक्षकजिको[४] ❋ दर्जा दिई भीष्मले ।
मैह्नावारि तलब् दिएर सँगमा ❋ राख्दा भए प्रेमले ॥

(१२)

सारा राजकुमार पाण्डव कुरू- ❋ लाई कृपाचार्यले ।
विद्या खूब पढाइ भीष्म कन बेस् ❋ खूशी गरे कार्यले ॥
लागे द्रोण पनी सिकाउन तहीं ❋ शस्त्रास्त्र - विद्या जती ।
सिक्थे ती कुरु-पाण्डवादि नृपका ❋ सन्तान खुश् भै अती ॥

कुरु-पाण्डवहरूको युद्ध-शिक्षा

(१)

त्यै बेला अरु राजपुत्र बहुतै ❋ अन्यत्र देखी पनी ।
आए द्रोणजि थ्यैं रही समर[5]को ❋ विद्या सिकौंला भनी ॥
राखी प्रेम ठुलो ति शिष्यहरुमा ❋ माया बराबर् धरी ।
दिन्थे आफु खडा भई कन इलम् ❋ युद्धादिको द्रोणजी ॥

१ कङ्गाली । २ बौलाहा । ३ ब्राह्मण । ४ गुरुजीको । ५ लडाइँको ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(२)

सारा राजकुमारमा बढि गए ❋ श्रीपार्थ[1] शस्त्रास्त्रमा ।
श्रीदुर्योधन भीम मुख्य गनिए ❋ जान्ने गदा-युद्धमा ॥
माद्री-पुत्रहरू दुवै जन खुबै ❋ तरवार हान्ने भए ।
सीकी युद्ध-कला युधिष्ठिरजि ता ❋ मुख्यै रथी भै गए ॥

(३)

जस्को जो रुचि हो बुझी कन उही ❋ सोही बमोजिम् गरी ।
शस्त्रास्त्रैहरु खुब् सिकाउनु भयो ❋ श्री द्रोणले त्यस् घरी ॥
आफू सीत त ब्रह्मशीर्ष भनिने ❋ जुन् अस्त्र थीयो उही ।
सीकाएर ति अर्जुनै कन दिए ❋ अत्यन्त खूशी भई ॥

(४)

श्रीभीष्मजी र धृतराष्ट्र नरेन्द्रलाई ।
भन्दा भए गुरुजि द्रोण अगाडि जाई ॥
यी राजपुत्रहरुको लिनलाइ जाँच ।
झुट्टा लडाइँ म गराउँन खोज्छु नाथ ! ॥

(५)

आज्ञा दिए नृपतिले तब मन्त्रिलाई ।
तैयार पार रण-भूमि[2] गरी सफाई ॥
बस्ने जगा पनि ति दर्शक[3]लाइ ताहीं ।
दर्जा बमोजिम बनाउनु हेर्न लाई ॥

(६)

सो रङ्ग-भूमि सकियो जब ता बनाई ।
ताहीं बसे नर र नारि असङ्ख्य आई ॥
गान्धारि कुन्ति धृतराष्ट्र र भीष्म आए ।
साथ्मा तहीं विदुरजी पनि बस्न आए ॥

(७)

बाजा बज्यो समरको गरि शब्द भारी ।
झुट्टा लडाइँ गरने भइ गो तयारी ॥
श्री भीमका पछि सुयोधन निस्कि आए ।
थीयो गदा दुइ जना सित त्यै उजाए ॥

१ श्रीअर्जुन । २ लडाइँको मैदान । ३ हेर्नें मानिस ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(८)

बाँधेर मण्डल दुवै जन लड्न थाले ।
साह्रै परिश्रम परी पसिना निकाले ॥
घण्टा दुई जति पर्‍यो यहि युद्ध भारी ।
दूवै बराबर भए न कुनै त हारी ॥

(९)

हुन् धन्य भीम कतिले यहि बोल्न थाले ।
क्या बात् सुयोधन भनी कति भन्न लागे ॥
श्री भीमले रिस लिए जब मार्नलाई ।
रोकी दिए गुरु गई दुइ वीरलाई ॥

(१०)

लीएर चाप[1] शर बाहुलिले समाई ।
आए ति छात्र-वर[2] अर्जुन खुब् रमाई ॥
देखेर द्रोण कन झट् शिर पो नुहाए ।
त्यो वीर-भेष लिइ अर्जुन खुब् सुहाए ॥

(११)

फेरी बिकुल् बजि गयो सब चूप लागे ।
वायव्य अस्त्र कन अर्जुनले त त्यागे ॥
हुरि चल्यो अधिक तीव्र बतास आई ।
छोडी दिए अनि त पर्वत-अस्त्रलाई ॥

(१२)

त्यस् अस्त्रले हुरि बिलाउन पो त गो र ।
वर्षा भयो अनि शिलाहरुको अघोर ॥
वज्रास्त्र त्यागि कन पत्थर चूर्ण पारे ।
अग्न्यास्त्र छाडि कन त्यै पनि भस्म पारे ॥

(१३)

वर्षा गरेर शरको नभ[3]लाइ छेके ।
भो अन्धकार जब विद्युत अस्त्र फ्याँके ॥
फेरी तुरुन्त झलमल्ल प्रकाश भै गो ।
दिव्यास्त्र छोडि नभको शर गिर्न गै गो ॥

१ धनु । २ विद्यार्थीमा श्रेष्ठ । ३ आकाश ।

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(१४)

इन्द्रास्त्र त्यागि जल वृष्टि अती गराए ।
अग्न्यास्त्र हानि कन पानि सबै सुकाए ॥
हानेर बाण बहुतै शर-जाल पारी ।
लूकी बसे तहिं ति पार्थ थकाइ मारी ॥

(१५)

देखेर अर्जुनजिको रण - कर्मलाई ।
आश्चर्य मानि कन तालि समेत् बजाई ॥
हुन् धन्य ! अर्जुन ! भनी सबले कराए ।
भै गो असह्य ति सुयोधन पो डराए ॥

(१६)

हानेर बाण बहुतै शर-जाल तोडी ।
निस्के ति अर्जुन गुरू कन हात जोडी ॥
त्यै बीचमा अघि सरी कन कर्ण आए ।
लड्छू म पार्थ सित लौ भनि यै कराए ॥

(१७)

ताहीं थिए कृप गुरू तिनले रिसाई ।
भन्दा भए खिसि[1] गरी कन कर्णलाई ॥
यो सूत - पुत्र भइ राजकुमार सीत ।
लड्ला कसोरि यहि नीच भनोस् म सीत ॥

(१८)

सूने सुयोधनजिले यहि पो जसै ता ।
भन्दा भए सब जना सित यै तसै ता ॥
यी कर्णलाइ नृपती म बनाइ लिन्छू ।
जो देश-अङ्ग छ उही यिनलाइ दिन्छू ॥

(१९)

आज्ञा दिएर चर[2] बाट किरिट्[3] मँगाई ।
श्री कर्णका शिर विषे त दिए लगाई ॥
भन्छन् सुयोधन सबै सित यै सुनाई ।
आउन् यी कर्ण सित अर्जुन लड्नलाई ॥

१ होंचो तुल्याएर । २ दूत । ३ मुकुट ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(२०)

बेला बिती दिवसको अनि उत्ति खेरी ।
आयो निशा-मुख[1] तुरुन्त न-लाइ देरी ॥
झुट्टा लडाइँ कन बन्द गरेर झट्ट ।
फर्के निवास तिर दर्शक ती समस्त ॥

गुरु-दक्षिणा

(१)

जम्मा भै कुरु पाण्डवादि सबले ❋ श्री द्रोण काहाँ गई ।
लागे भन्न गुरो ! दया हजुरको ❋ हाम्रा उपर्मा भई ॥
जान्यौं युद्ध - कला लिनू अब हवस् ❋ क्यै दक्षिणा यस् घरी ।
जो इच्छा छ सुनाउनोस् सकलको ❋ बिन्ती छ पाऊ परी ॥

(२)

भन्छन् ती सबलाइ द्रोण खुशि भै ❋ हे वीर हो ! यस् घरी ।
दिन्छौ ता गुरु-दक्षिणा द्रुपद्को ❋ शेखी रणैमा हरी ॥
बाँधी तिन् कन ल्याइ देउ म कनै ❋ खूशी हुनेछू अनी ।
भन्दामा गुरुले भने ति सबले ❋ त्यै काम गर्छौं भनी ॥

(३)

श्रीदुर्योधन भाइले सहित भै ❋ पाञ्चाल जाँदा भए ।
ठूलो युद्ध गरेर ता द्रुपद्ले ❋ सातो सबैको लिए ॥
घाऊ भै कन अङ्गमा सब जना ❋ भागी गए कौरव ।
आए पाण्डव लड्नलाइ अनि फेर् ❋ तिन्कै अगाडी तब ॥

(४)

आफ्नू लौहमयैं[2] गदा लिइ ठुलो ❋ श्रीभीमले त्यै घरी ।
आधा सैन्य जती सखाप् गरि दिए ❋ गीरे हजारौं मरी ॥
माद्री - पुत्र ति दूइ भाइहरुले ❋ तर्वार खैंची लिए ।
खोजी - खोजि सवार वीरहरुको ❋ गर्दन् उडाई दिए ॥

१ साँझ । २ फलामको ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(५)

यो देखी कन क्रुद्ध[1] भै द्रुपदले ❋ वर्षा शरैको गरी।
चारै पाण्डवका शरीर भरिमा ❋ घाऊ गरे त्यस् घरी॥
लाग्यो घाउ भनेर अर्जुनजि ता ❋ ताहीं रिसाए अती।
हानी बाण दुई त अश्व[2] अनि फेर् ❋ मारी दिए सारथी॥

(६)

फेरी अर्जुनले दुई शर झिकी ❋ छोडेर चाँडो गरी।
तोडी सो रथ भूपलाइ विरथी ❋ पारी दिए त्यस् घरी॥
राजाजी विरथी भई जमिनमा ❋ देखे परेका जसै।
जल्दी गै कन वीर अर्जुनजिले ❋ तिन्‌लाइ बाँधे तसै॥

(७)

बाँधेका नृपलाइ[3] राखि रथमा ❋ भाईहरु तीन ली।
फर्के अर्जुन हस्तिनापुरि विषे ❋ ढीलो न-लाई रती॥
डेरामा गुरुका पुगी नृप कनै ❋ तिन्‌लाइ सुम्पी दिए।
गै आफ्नू गृहमा युधिष्ठिरजि थ्यैं ❋ सारा सुनाई दिए॥

(८)

खोली बन्धन द्रोणले द्रुपद्‌को ❋ हाँसेर फेरी तहाँ।
भन्छन् लिन्छु म अर्ध-राज्य नृपते ! ❋ तेसै म छोड्छू कहाँ ?
तिम्रो ज्यान् म त लिन्न जाउ नृपते ! ❋ फर्केर पाञ्चालमा।
झुट्टा बात न बोल्नु फेरि कहिल्यै ❋ भूलेर संसारमा॥

(९)

श्रीपार्थले द्रुपद्‌लाई जिती लिएको।
साह्रै प्रताप तहिं पाण्डवको बढेको॥
देखेर अन्ध नृपले[4] मत[5] भीष्मको ली।
श्रीधर्मलाइ[6] दिनु भो युवराज पद्वी॥

१ रिसाएर। २ घोडा। ३ द्रुपदराजा। ४ धृतराष्ट्रले ५ सल्लाह। ६ श्रीयुधिष्ठिर।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लाहा-घरको रचना

(१)

देखी प्रताप अति पाण्डवको बढेको ।
आफ्ना कुमारहरुको कमती भएको ॥
चिन्ता पऱ्यो र धृतराष्ट्रजिलाइ धेर ।
सोधे कणिक्-सचिवलाइ त उक्ति खेर ॥

(२)

गर्नू कसो भन यि पाण्डवको प्रताप ।
बढ्दो छ नित्य यसले छ मलाइ ताप ॥
बिन्ती गऱ्यो सचिवले नृपते ! जगत्‌मा ।
हूनेछ श्रेय यदि बुद्धि गरे बखत्‌मा ॥

(३)

त्याहीं सुयोधन पुगी कन भूपलाई[1] ।
बिन्ती गरे अब त हुन्न कसै भलाई ॥
राजा युधिष्ठिर हुनन् अब केहि दिन्‌मा ।
होवैन श्रेय[2] रति भर् पनि हामि जन्‌मा[3] ॥

(४)

टाढा पठाइ दिनुहोस् तिनि पाँचलाई ।
ताहीं रहुन् तिनिहरू त यहाँ न आई ॥
एती भए पछि त दौलतका बलैले ।
मीलाउँछौं सकल मन्त्रिहरू क्रमैले ॥

(५)

यै चातुरी गरि छिटै सब राज्य लिन्छौं ।
ती शत्रु हुन् किन तिनै कन राज्य दिन्छौं ॥
एती भन्यो जब सुयोधन दुर्मतीले ।
डाके ति पाण्डवहरू कन भूपतीले ॥

१-राजा । २ भलाइ । ३ कौरवमा ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(६)

आएर ढोग् दिइ बसे जब पाँच भाई।
भन्नू भयो नृपतिले कुरुराज[1]लाई॥
जो वारणावत भनेर पुरी छ हाम्रो।
सो हेर्न योग्य छ युधिष्ठिर बाबु! राम्रो॥

(७)

जाऊ लिएर जननी र सबै यि भाई।
आनन्दले सहज क्यै दिन बस्नु ताहीं॥
राम्रो हवेलि छ तहाँ बसनू रमाई।
हूनेछ चार दिनमा उसको सफाई॥

(८)

जान्छौं उहीं भनि ति पाण्डव फर्कि आए।
श्रीकुन्तिलाइ नृप-वाक्य[2] सबै सुनाए॥
फेरी ति अन्ध-नृपले छल पो रचाए।
डाकी पुरोचनजिलाइ यही सिकाए॥

(९)

लाहा र धूपहरु खूब मिसाइ तिम्ले।
यौटा हवेलि रच[3] जल्दि गएर पैले॥
गै वारणावत विषे गृह झट् बनाऊ।
आए ति पाण्डव भने उहिंनै बसाऊ॥

(१०)

पारेर घात तिमि अग्नि लगाइ लेऊ।
ती पाँच भाइ सँग कुन्ति जलाइ देऊ॥
एती गऱ्यौ यदि भने म खुशी हुनेछू।
तिम्लाइ ग्राम[4] दश माफि गरी दिनेछू॥

(११)

भन्छन् सुयोधन पुरोचनलाइ तिम्ले।
सो कार्य सिद्ध गरि देउ ठुलो जतन्ले॥
मन्त्री बनाइ तिमिलाइ म राखि लिन्छू।
घोडा रथादि गृह रत्न अनेक दिन्छू॥

१ युधिष्ठिर। २ राजाका कुरा। ३ बनाऊ। ४ गाऊँ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(१२)

त्यो कार्य सिद्ध गरूँला भनि बिन्ति लाई ।
गै गो पुरोचन उठेर अती रमाई ॥
जो चाहिने सकल वस्तु बटोलि लीयो ।
मिस्त्रीहरू[1] बहुत ली कन मार्ग लीयो ॥

(१३)

गै वारणावत विषे अति शीघ्रताले ।
हेरेर ठाउँ गृह एक बनाइ हाले ॥
राम्रै सजाइ गृह सुन्दर खुब् बनायो ।
जो चाहिने सकल वस्तु पनी सजायो ॥

(१४)

चौथा भयो र दिन पाण्डव कुन्तिलाई ।
ली वारणावत गए अति हर्ष पाई ॥
ताहीं पुरोचन थियो घर त्यै बतायो ।
श्रीपाण्डवादि कन त्यै घरमा बसायो ॥

(१५)

जानेर श्रीविदुरले छल-भेद लाई ।
डाकेर दूत निजको बहुतै बुझाई ॥
भन्नू भयो गइ ति पाण्डवलाइ तैंले ।
एकान्तमा भनि दिएस् जति भन्छु मैले ॥

(१६)

लाहा र धूपहरु बाट बन्यो हवेली ।
राती पुरोचन कुनै दिन घात[2] हेरी ॥
आगो लगाइ गृहमा उ त भाग्छ जाने ।
पोलेर मार्नु यहि उर्दि[3] छ एति ठाने ॥

(१७)

तस्मात् घरै मनि[4] त शीघ्र सुरुङ् बनाऊ ।
सल्काइ अग्नि निशिमा[5] सब भागि जाऊ ॥
यस्ता प्रकार सित ज्यान् सबले बचाई ।
जाऊ बनै तिर त भेष पनी छिपाई ॥

---

१ घर बनाउन जान्ने मानिस । २ मौका पारेर । ३ राजाज्ञा । ४ तलतिर । ५ रात्रिमा ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(१८)

एती भनेस् भनि अह्राउनु भो जसै ता ।
गो वारणावत उ दूत पनी तसै ता ॥
एकान्तमा गइ युधिष्ठिरलाइ भेट्यो ।
सो दूतले विदुरको समचार दीयो ॥

(१९)

काकाजिको भइ कृपा समचार पाई ।
सो दूतलाइ पनि जल्दि दिये पठाई ॥
भन्छन् युधिष्ठिर अनी तहिं भीमलाई ।
हे भाइ ! देउ घर भीत्र सुरुङ् बनाई ॥

(२०)

आज्ञा शिरोपर धरी कन भीमजीले ।
लामू सुरुङ् तल तिरै त बनाइ दीए ॥
त्यै साँझ एक बुढिया अनि भिल्ल पाँच ।
आई बसे त्यहिं बिताउँ भनेर रात ॥

(२१)

कोठा कुनै लिइ पुरोचन सो घरैमा ।
बस्थ्यो विचार गरि घात लिंदै मनैमा ॥
त्यै राति भीम उठि खूब गरेर आँट ।
सोही निवास[1]-गृहमा सब तर्फ बाट ॥

(२२)

आगो लगाइ दिनु भो घर जल्न लागे ।
माताजिलाइ लिइ पाण्डव पाँच भागे ॥
ज्वाला उठेर बहुतै घर जल्न गै गो ।
ती भिल्लका सँग पुरोचन भस्म भै गो ॥

(२३)

राती अचानक हवेलि जल्यो भनेर ।
आए अनेक पुरवासिहरू मिलेर ॥
भस्मै भए सकल पाण्डव ये विचारी ।
फर्के ति अन्ध-नृपलाइ दिएर गाली ॥

---

१ बस्ने घरमा ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(२४)

पाएर हाल धृतराष्ट्र अती कराई।
रोए ति पाण्डव मरे भनि बुझ्पचाई॥
देखाउना कन गरे सब काम-काज।
खूशी भए अरि मरे भनि अन्ध-राज॥

भीमद्वारा हिडम्बासुर-बध

(१)

लाहाको घर बाट पाण्डवहरू ❋ निस्केर टाढै गई।
त्यै राती बनमा पुगे थकित भै ❋ साह्रै अँध्यारो भई॥
आफ्नू पीठ र काँधमा र शिरमा ❋ च्यापेर काखी मनी।
दाज्यू-भाइहरू मुमा सब लिई ❋ श्री भीम दौडे अनी॥

(२)

दौडे भीम बतास् समान बनको ❋ त्यस् मार्गमा[1] जुन् घरी।
पर्ने वृक्षहरू अघिल्तिर जती ❋ टुटेर जान्थे गिरी[2]॥
केही दूर गई जगा[3] चउर झैं ❋ केही उँचा देखिए।
बिस्तारै सित भीमले सब जना- ❋ लाई उतारी दिए॥

(३)

स्याउलाहरू ल्याइ छप्पर तहीं ❋ तय्यार पारी लिई।
रक्षा गर्न भनेर भीम न सुती ❋ जागै बसे खुश् भई॥
केही बेर बिते पछी हुन गयो ❋ केही उज्यालो जसै।
कोही सुन्दरि पूर्ण यौवनवती[4] ❋ आइन् अगाडी तसै॥

(४)

लागिन् भन्न ति भीमलाइ यसरी ❋ ऐले महात्मन्! यहाँ।
पाल्नू भो कुन कार्यले सब जना ❋ यो राक्षसी-देशमा?
यो हो राज्य हिडम्बको त भगिनी[5] ❋ उन्की हिडम्बा म हूँ।
दाज्यूले म कनै पठाउनु हुँदा ❋ आएकि ऐले म हूँ॥

१ बाटोमा। २ ढलेर। ३ जमीन। ४ तरुणी। ५ बहिनी।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(५)

दाज्यूले नर-मांस ल्याउन भनी ❀ भन्दा म आएँ यहाँ ।
साह्रै मोहित भै गएँ हजुरको ❀ देखेर यो रूपमा ॥
आफू माथि भएर आशक कुनै ❀ आवस् त नारी कहीं ।
त्याग्दैनन् उसलाइ मर्दहरुले[1] ❀ नामर्द जस्ता भई ॥

(६)

मेरो हात समाउनोस् हजुरले ❀ सम्भोग गर्छू भनी ।
दाज्यू देखि हजुरहरू कन सबै ❀ रक्षा म गर्छू अनी ॥
सोही औसरमा हिडम्ब दगुरी ❀ आएर भन्दो भयो ।
तेरो हे मनुवा ! बुझेस् मरणको ❀ बेला त आई गयो ॥

(७)

यस्तो वाक्य सुनी उठेर दगुरी ❀ श्री भीमले त्यै घरी ।
दूवै हात पुऱ्याइ कम्मर विषे ❀ त्यस्लाइ लीए धरी ॥
फेरी त्यस् कन ता उचालि सहजै ❀ भैंमा पछारी दिए ।
चोट्को शब्द ठुलो भयो असुरको[2] ❀ ज्यान् भीमजीले लिए ॥

(८)

जागा भै कन दाज्यु-भाइ अनि फेर् ❀ श्री कुन्तिजीले पनी ।
देखे पौरुष[3] भीमको अनि तहीं ❀ देखे कुनै कामिनी[4] ॥
साँचो हाल सबै वृकोदरजिले ❀ ताहीं सुनाई दिए ।
आज्ञा प्राप्त भई हिडम्ब-भगिनी ❀ पत्नी गराई लिए ॥

(९)

पाँचै भाइ भई रचेर झुपडी ❀ सोही बनैमा रही ।
खेल्थे नित्य शिकार मिर्गहरुको ❀ अत्यन्त खूशी भई ॥
केही काल बितेर पुत्र भइ गो ❀ ताहीं हिडम्बा कन ।
त्यस्को नाम रह्यो घटोत्कच भनी ❀ देख्दा थियो शोभन[5] ॥

(१०)

दाज्यूको सब राज्य ली सुत समेत् ❀ ताहीं हिडम्बा रही ।
पाँचै पाण्डव कुन्तिजी अघि बढे ❀ बाटो बनैको लिई ॥
बाटैमा ऋषि व्यास भेटिनु भयो ❀ अर्ती उनैको लिई ।
गाऊँमा गृहि विप्र थ्यैं मिलि बसे ❀ ती एकचक्रा[6] गई ॥

१ लोग्नेमान्छेहरुले। २ राक्षसको। ३ वहादुरी। ४ स्वास्नीमानिस। ५ राम्रो। ६ कुनै गाउँको नाम।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बकासुर-वध

(१)

जम्मा ब्राह्मणका थीए भवनमा[1] ❁ सासू बुहारी अनी।
फेरी पुत्र पिता समेत हुन गै ❁ ती चार प्राणी पनी॥
पाँचै पाण्डव कुन्तिले सहित भै ❁ सोही गृहस्थी कहाँ।
बारी नेर बनाइ एक झुपडी ❁ बस्दा भए ती तहाँ॥

(२)

अर्को वृत्ति न भै ति पाण्डवहरू ❁ गाउँ घरैमा गई।
भिक्षा माँगि लिएर अन्न उहि पो ❁ खाई रहन्थे तहीं॥
माताको रखवालि[2] गर्न कुटिमा ❁ श्रीभीम राखी दिए।
भिक्षा माग्न भनेर एक दिन ता ❁ तीनै जना गै गए॥

(३)

सूनिन् कुन्तिजिले विलाप घरमा ❁ ती विप्रको त्यस् घरी।
जाऊ बुझ्न भनेर भीम कन पो ❁ आज्ञा दिइन् झट् गरी॥
सोधे ताहिं गई वृकोदरजिले ❁ के भो र ऐले यहाँ।
रूनू हुन्छ तपाइँहेरु यसरी ❁ मीलेर आपस् महाँ ?॥

(४)

लागे ब्राह्मण भन्न भीम कन हे ❁ नानी ! कहूँ के यहाँ ?
यौटा राक्षस बस्छ नाम बक हो ❁ हाम्रो यही गाउँमा॥
गाउँलेन् रुको कबोल हुन गै ❁ मैह्ला पुगेका घरी।
त्यसलाई दिनु पर्छ खाद्यहरु[3] पो ❁ जस्को त पालो परी॥

(५)

पाला जुन् घरको छ सोहि घरको ❁ मानीस यौटा अनी।
चौउरा मन दुइ मासु खसिको ❁ दोटा भुटेको पनी॥
आलूको अमिलो अचार दशसेर् ❁ राखेर गाडा महाँ।
पौंचाई बनमा दिने यही प्रथा ❁ थीयो चलेको यहाँ॥

---

१ घरमा। २ हेरचाहा ३ खानेकुराहरु।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(६)

पालो आज थियो र एहि घरको ❋ त्यस्लाइ दीने जती ।
खाने वस्तु तयार् गऱ्यौं सब मिली ❋ जो चाहिने हो उती ॥
लोग्ने मानिस दूइ छौं घर महाँ ❋ नारीहरू छन् दुई ।
कस्लाई अब लौ पठाउँ बनमा ❋ निर्मोही ठूलो भई ॥

(७)

ज्यान्को मोह ठुलो छ यस् जगतमा ❋ को मर्न जाने भनी ।
भन्दा पुत्र तयार भो सहजमा ❋ मै मर्न जान्छू भनी ॥
छोरोलाइ मराइ हामि दुइटा ❋ माता - पिताले यहाँ ।
राँडी यौटि बुहारि ली कसरि हो ❋ बस्ने यही गाउँमा ॥

(८)

एही प्रश्न उठ्यो र हामिहरुमा ❋ रूवा र बासी चल्यो ।
छोरो मर्छ भनेर शोक बढदा ❋ मेरो त बर्गत् गल्यो ॥
गर्नू भिक्षुक ! कौन कार्य अहिले ❋ आयो विपत्को घरी ।
एती बात सुनाइ ब्राह्मण अनी ❋ रोए बिलौना गरी ॥

(९)

सूनी ब्राह्मणका कुरा हृदयमा ❋ माया बहूतै भरी ।
भन्छन् भीम नरोउ मार्छु बक त्यो ❋ भन्छू प्रतिज्ञा गरी ॥
एती ब्राह्मण सीत बोलि कन फेर् ❋ कुन्ती भएमा गए ।
सारा हाल भनेर भीम बनमा ❋ जानै तयारी भए ॥

(१०)

गाडामा सब खाद्य-वस्तु पहिल्यै ❋ देखिन् धरेकै थियो ।
त्यै गाडा कन तानि भीम बनमा ❋ हाँसेर जानू भयो ॥
केही दूर गएर एक बरको ❋ ठूलो रुखैका मनी ।
गाडालाइ खडा गराइ उसमा ❋ चढ्दा भए फेर् अनी ॥

(११)

लागे भोजन गर्न मासु चिउरा ❋ जोर्ले डकार्दै तहीं ।
आयो त्यो बक वेगले नजिकमा ❋ अत्यन्त क्रुद्धै भई ॥
मुड्कीले दुइ पल्ट भीम कन पो ❋ त्यस्ले दियो चोट् जसै ।
ऊठी वायु-कुमारले[1] कर[2] धरी ❋ तानी गिराए तसै ॥

१ भीमसेनले । २ हात ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(१२)

पृथ्वीमा जब त्यो बकासुर पऱ्यो ❋ घूँडा दिई छातिमा।
घुस्सा बज्र समानको जडि दिंदा ❋ श्रीभीमले नाभिमा॥
फुत्रा नेत्र गराइ श्री यमपुरी- ❋ गामी भयो त्यै घरी।
मारी राक्षस भीमजी घर फिरे ❋ सानन्दले बेसरी॥

(१३)

माता दाज्यु र भाइलाइ सब हाल् ❋ भन्दा भए भीमले।
कुन्तीले गइ विप्र थ्यैं भनि दिइन् ❋ आनन्दमा ती परे॥
साथी त्यस् बकका डराइ बहुतै ❋ त्यो गाउँ छोडी कन।
अन्तै काहिं गई बसे सहजमा ❋ निर्विघ्न भो त्यो बन॥

(१४)

यस्तै औसरमा घुमेर हिंडने ❋ आएछ कोही यती[1]।
बासा ब्राह्मणकै बसेछ घरमा ❋ आनन्द मानी अती॥
सेवा पाण्डवहेरुले जब गरे ❋ त्यसूले निकाल्यो कुरा।
लाग्यो भन्न अपूर्व हाल् सफर[2]को ❋ वृत्तान्त आफ्नू पुरा॥

(१५)

घुम्दै हे परदेशि हो ! म त पुगें ❋ पाञ्चाल - देशै महाँ।
देखें भूपति एक श्री द्रुपदजी ❋ नाऊँ भएका तहाँ॥
द्रोणाचार्यजिलाइ ती नृपतिले ❋ बैरी बुझेका थिए।
मार्ने तिन् कन पुत्र पाउँ म भनी ❋ पुत्रेष्टि[3] गर्दा भए॥

(१६)

त्यसूकै दिव्य प्रभावले महलमा ❋ पैदा भयो पुत्र पो।
धृष्टद्युम्न भनेर नाम रहि गो ❋ सोही पछी वीर भो॥
गर्थे यज्ञ बसेर ती द्रुपदजी ❋ त्यै अग्नि देखीन् तहीं।
निस्के पुत्रिहरू शिखण्डिनि र ❋ फेर् कृष्णा भनेका दुई॥

(१७)

कृष्णा राजकुमारीलाइ सबले ❋ पाञ्चालमा द्रौपदी।
भन्छन् सुन्दरता अपूर्व हुन गै ❋ छन् ती अती सुन्दरी॥
तिन्कै हुन्छ अरे स्वयम्वर तहीं ❋ एती भनेथे जसै।
जानै पाण्डवलाइ हेर्न रमिता ❋ मन्सूब[4] लाग्यो तसै॥

१ जोगी। २ यात्रा। ३ छोरो जन्मोस् भन्नाका लागि गर्ने यज्ञ। ४ रहर।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(१८)

जाऊँ लौ भनि पाँच भाइ सँगमा ❀ माता लिई कुन्तिजी ।
ऑटे हिंड्न भनी उसै समयमा ❀ पाल्नू भयो व्यासजी ॥
देखी तिन् कन खूशी भै सकलले ❀ न्यूह्री प्रणामै गरे ।
आशीर्वाद दिनू भयो सब जना ❀ फेर् आसनीमा बसे ॥

(१९)

विन्ती झट्ट गरे युधिष्ठिरजिले ❀ हे नाथ ! पाञ्चालमा ।
सुन्छौं हुन्छ भनी स्वयम्वर पनी ❀ श्री द्रौपदीको तहाँ ॥
जाने मन्सुब गर्दछौं सब जना ❀ के हुन्छ मर्जी प्रभो !
यस्तो बिन्ति सुनेर व्यास ऋषिले ❀ यै वाक्य बोल्नू भयो ॥

(२०)

नानी हो ! तिमिहेरु जाउ खुशी भै ❀ जाने छ इच्छा जहाँ ।
तिमूलाई हुन जान्छ लाभ-जय खुब् ❀ देख्दैछु मैले यहाँ ॥
एती बात गरेर व्यसजि गए ❀ गर्छू तपस्या भनी ।
पाँचै भाइ हिंडे लिएर जननी ❀ खुब् मन्दगामी बनी ॥

गन्धर्व सँग पाण्डवको मित्रता

(१)

योगी समान धरि भेष ति पाँच भाई ।
कुन्तीजिका सहित सुस्त कदम् बढाई ॥
हेर्दै अनेक रमिता त विदेश काटी ।
भागीरथी तट[1] समीप पुगेर राती ॥

(२)

रॉको लिई कन त अर्जुन हिंड्न लागे ।
आमा र दाज्यू दुइ भाइ पछाडि लागे ॥
गन्धर्व चित्र - रथ नारिहरू लिएर ।
खेल्दै थियो उस बखत् जलमा पसेर ॥

---

१ किनारा ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(३)

देखेर पाण्डवहरू कन कुन्ति साथ ।
गन्धर्व भन्दछ रिसाइ कराइ बात ॥
मानीसलाइ दिन हो विधिले रचैको ।
गन्धर्व - राक्षसहरू कन रात् दिएको ॥

(४)

तिम्रूले त हिंड्नु परने दिन मात्रमा हो ।
रात्मा हिंड्यौ किन ? चखाउँछु चोट मै पो ॥
एती भनेर धनु - बाण लिएर रिस्ले ।
लाग्यो र हेर्न तहिं अर्जुनलाइ त्यस्ले ॥

(५)

झट् पार्थले पनि जवाफ दिए यसोरी ।
तेरै निमित्त छ निशा म भनूँ कसोरी ॥
पापी तँ होस् अति पवित्र यही जलैमा ।
खेल्छस जनानिहरुका सँगमा मजैमा ॥

(६)

साह्रै घमण्डि रहिछस् म घमण्ड तोड्छू ।
लौ गर् प्रहार पछि बाट म बाण छोड्छू ॥
गन्धर्व - राज रिसले चुरिएर जाग्यो ।
ढाकी दिशाहरु दशै शर छोड्न लाग्यो ॥

(७)

श्री पार्थले धनु विषे शर एक जोडे ।
आग्नेय अस्त्र कन मन्त्र जपेर छोडे ॥
त्यस् अस्त्रले रथ र सारथि भस्म पारी ।
गन्धर्वलाइ त दियो तटमा पछारी ॥

(८)

मार्छू म यस् कन भनी जब पार्थ लागे ।
गन्धर्वका सब जनानि अगाडि आए ॥
पाऊ परी कन युधिष्ठिरलाइ ताहीं ।
भन्दा भए प्रभु ! दया गर हामिलाइ ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(९)

हाम्रा यि मूर्ख पतिले फल खूब पाए।
ज्यान् बक्सनोस् हजुरले यहि बिन्ति लाए॥
हेरी युधिष्ठिरजिले तब भाइलाई।
सम्झाइ प्राण दिनु भो उसको बचाई॥

(१०)

श्री पार्थले तब भने तिमि ज्यान् बचाऊ।
हार्‍यौ म सीत तिमि मार्दिन भागि जाऊ॥
गन्धर्व हाँसि कन भन्दछ उत्ति खेरी।
होस् मित्रता हजुर थ्यैं अब देखि मेरी[1]॥

(११)

यस्मा युधिष्ठिरजिको पनि राय लीए।
आग्नेय-अस्त्र उसलाइ सिकाइ दीए॥
गन्धर्वराज खुशि भो उहि अस्त्र पाई।
बोल्यो चिह्नो अब म दिन्छु हजूरलाई॥

(१२)

घोडा छ उड्न सकने दुइ पङ्ख[2] पाई।
दिन्छू हजूर् कन लिनोस् मन खुश् गराई॥
मित्को चिह्नो लिनु त पर्दछ खूशी मानी।
त्याग्दैन कोहि मितले मितको निशानी[3]॥

(१३)

श्री पार्थले कहनु भो अनि मित्रलाई।
हे मित्र! राखि दिनुहोस् मम[4] अश्वलाई॥
हूनेछ केहि दिनमा दिन जाति हाम्रो।
माग्छौं अनी दिनु भए हित हुन्छ राम्रो॥

(१४)

लौ हुन्छ मित्र ! भनि सोहि बिदा भएर।
नारीहरू सहित भै कन गो उडेर॥
हेरी रहे सकलले निज मित्रलाई।
सो देखिएन पछि बादलमा हराई॥

१ मेरो। २ पखेटा। ३ चिह्न। ४ मेरो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

धौम्य ऋषिलाई पुरोहित्याइँ दिनू

(१)

श्री पाण्डवादिहरुले पर जानलाई ।
इच्छा गरी कन हिंडेर कदम्[1] बढाई ॥
उत्कोच तीर्थ बिच आइ पुगे जसै ता ।
श्री धौम्यजी सँग त भेट भयो तसै ता ॥

(२)

क्यै काल ताहिं गरि बास ति धौम्यलाई ।
आफ्ना पुरोहित समेत लिए गराई ॥
पाञ्चाल जान भनि तीर्थ अनी त्यजेर ।
हिंड्दा भए विपिनको पथ[2] पो लिएर ॥

पाञ्चाल तिर गमन

(१)

हिंड्दा हुँदी नदि-पहाड़-वनस्थली पो ।
नाघेर जानु परदा अति कष्ट भै गो ॥
पाइन्न खान कहिले बन-मार्ग माहाँ ।
कोंढा बिभ्की रगत बग्दछ फेरि ताहाँ ॥

(२)

घाँटी सुकी जल बिना पसिना बगेर ।
हिंड्दा अहर्निश[3] शरीर पनी गलेर ॥
भो चित्त व्याकुल निकै उहि बीच माहाँ ।
देखा परे पथिक ब्राह्मणहेरु ताहाँ ॥

(३)

ती पाण्डवादिहरुलाइ त विप्र ठानी ।
आएर ब्राह्मणहरू उहि बीचमा नी ॥
भन्दा भए हिंड स्वयम्वर हेर्न जाऊँ ।
पाञ्चाल तर्फ अब शीघ्र कदम् बढाऊँ ॥

१ पाऊला । २ बाटो । ३ दिन-रात ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(४)

हूने स्वयम्वर छ द्रौपदिको अहोले ।
राजा नृपेन्द्र[1] हरु धेर तहीं त छन् रे ॥
योद्धादि वीर जति छन् यस लोक माहाँ ।
जान्छन् अरे तहिं तमाश हुनेछ जाहाँ ॥

(५)

बन्दी र सूत नट कत्थक नृत्य गर्नें ।
जान्छन् अनेक नटुवाहरु चित्त हर्नें ॥
हूनेछ उत्सव ठुलो सब हामि जाई ।
हेरौं स्वयम्वर बसी कन हर्ष पाई ॥

(६)

विप्रादिका यति कुरा सुनि हास्य[2] गर्दै ।
भन्छन् ति पाण्डवहरू पनि मग्न पर्दै ॥
हेरौं स्वयम्वर भनेर बहुत् रमाई ।
जाँदै थियौं खुशि भयौं अब साथि पाई ॥

(७)

एती भनेर तहिं ब्राह्मण - वर्गलाई ।
साथै ति पाण्डव हिंडी कन हर्ष पाई ॥
राजाजिका[3] नगरिमा पुगि हेर्न थाले ।
देखा पऱ्यो तहिं रहेछ गृही[4] कुमाले ॥

(८)

त्यै कुम्भकार[5] सित गै कन बास मागे ।
डेरा दियो र तहिं पाण्डव बस्न लागे ॥
देवेन्द्रको नगर झैं उहि राजधानी ।
देखेर पाण्डव रहे तहिं हर्ष मानी ॥

---

१ महाराज । २ हाँसो । ३ द्रुपदका । ४ गृहस्थी । ५ कुमाले ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

द्रौपदीको स्वयम्बर

(१)

सारा भारत वर्षमा द्रुपदले ❀ आफ्नू प्रतिज्ञा कन ।
फैलाऊन भनेर छानि चतुरा ❀ खुब् बोल्न सक्ने जन ॥
दीनू भो र पठाइ ती सब गई ❀ झ्याली[1] पिटी देशमा ।
जाहेरी सबलाइ झट् गरि दिए ❀ लागेन बेर् एसमा ॥

(२)

तिन्ले गै यहि हाल् कहे सुजन हो! ❀ संसारमा छन् जती ।
योद्धा[2] राजकुमार भूपति अनी ❀ सम्राट्[3] र भूमी-पती[4] ॥
मामूली[5] त गृहस्थि होस् कित हवस् ❀ कोही द्विजाती[6] महाँ ।
जो आफू कन वीर ठान्छ अहिले ❀ आवस् उ पाञ्चालमा ॥

(३)

मैयाँ द्रौपदिको स्वयम्बर विषे ❀ यौटा निशाना[7] छ जो ।
सो कस्तो छ भने छ एक मछली[8] ❀ चक्रै[9] विषे घुम्छ सो ॥
जस्ले तल्तिर पानिमा नजर दी ❀ हेरेर छाया कन ।
घुम्ने मास्तिर मीनको[10] नयनमा ❀ बाण् हान्न सक्ने जन ।

(४)

सोही वीर मनुष्य ज्वाइँ नृपको ❀ हूनेछ जानी लिनू ।
दिन्छिन् हार[11] लगाइ द्रौपदिजिले ❀ त्यस्को गलामा भनूँ ॥
यस्तो डुग्डुगि पीटियो र भवका[12] ❀ वीरादि पाञ्चालमा ।
आई हेर्न बसे स्वयम्बर हुने ❀ ऊँचा फराक् ठाउँमा ॥

(५)

पाँचै पाण्डव भेष विप्रहरुको ❀ लीई सभामा गए ।
थीए ब्राह्मण-वर्ग जुन् स्थल विषे ❀ ताहीं ति बस्दा भए ॥
देखे पाण्डवहेरुले तहिं थिए ❀ संसारका वीर पो ।
थीए दर्शक-वृन्द रैति बहुतै ❀ गन्नै न सक्नू अहो ॥

---

१ डुग्डुगी पिटेर । २ वीर । ३ राजाका पनि राजा । ४ जिमिदार । ५ साधारण । ६ ब्राह्मण-क्षत्रियहरु । ७ चिह्न । ८ माछो । ९ पाङ्ग्रोमा । १० माछाको । ११ माला । १२ संसारका ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(६)

बाजा ताल र सूरमा मिलि बजे ❋ संगीत[1] आरम्भ भो ।
आएका सब प्राणि हर्षित भए ❋ सूनेर आनन्द भो ॥
त्यै बेला सँगमा लिएर सँगिनी ❋ शृङ्गार राम्रो गरी ।
मैयाँ द्रौपदी हार ली कर विषे ❋ हिंड्दी भइन् सुस्तरी ॥

(७)

आइन् मण्डपमा जसै स्मितमुखी[2] ❋ मैयाँ तिनै द्रौपदी ।
लागे दर्शकहेरु हेर्न उ बखत् ❋ आसक्त[3] तिन्मा भई ॥
त्यै बेला तहिं राज-दूत दुइटा ❋ आई खडा भै गए ।
ऊँचो शब्द गरी कबोल[4] नृपको ❋ तिन्ले सुनाई दिए ॥

(८)

जो हो वीर उठोस् लिएर करमा ❋ आफ्नू धनुर्बाण पो ।
घुम्ने चक्र विषे छ मत्स्य उसको ❋ बायाँ जउन् नेत्र हो ॥
त्यै हो लक्ष्य त कुण्डमा नजर दी ❋ हेरेर छाया महाँ ।
माथीको उहि लक्ष्य भेदन गरी ❋ प्रख्यात होस् वीरमा ॥

(९)

सोही वीर हुनेछ यस् जगतमा ❋ त्यसकै गलामा पनी ।
कृष्णाले जय-माल हालि कन पो ❋ वर्छिन्[5] पती हुन् भनी ॥
बेला एहि छ जाँचको बुझ सबै ❋ क्षत्रीयका अर्थमा[6] ।
आफ्नू नाम चलाउ लौ उठि छिटो ❋ बस्छौ उसै व्यर्थमा ॥

(१०)

एती बात भनेर मौन[7] ति भए ❋ प्राणीहरूमा अनी ।
कोही जल्दि उठेन साहस गरी ❋ मार्छू निशाना भनी ॥
नामी वीरहरू जती तहिं थिए ❋ मन्टो[8] झुकाई कन ।
जाहाँकै तहिं चूप भै कन रहे ❋ क्यै खिन्न पारी मन ॥

(११)

धृष्टद्युम्न उठेर त्यै समयमा ❋ चर्को स्वरैले गरी ।
लागे भन्न ति वीर यस् जगतका ❋ सारा गएछन् मरी ॥
कोही उठ्न सकेन वीर अहिले ❋ यो शर्मको[9] बात हो ।
पृथ्वी वीर बिना भइन् पृथिविमा ❋ क्षत्रीयको जात गो ॥

---

१ गीत । २ हँसीलो मुख गरेकी । ३ मोहित । ४ प्रण । ५ वरण गर्दछिन् ।
६ निमित्तमा । ७ चूप । ८ शिर । ९ लाजको ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(१२)

रूखो वाक्य सुनेर कर्ण रिसले ❋ तत्काल[1] उठ्‌दो भयो।
ताँदो खैंचि सरासरी अघि बढी ❋ त्यो कुण्ड नेरै गयो॥
त्यै बेला अरु भूपले यहि भने ❋ हे कर्ण! तिम्‌ले यहाँ।
ताक्नू व्यर्थ छ लक्ष्यलाइ अहिले ❋ हाम्रा अगाडी महाँ॥

(१३)

कस्‌का हौ तिमि पुत्र! पालन गर्‍यो ❋ तिम्‌लाइ ता सूतले।
ठेगाना पनि छैन जात-कुलको ❋ उस्तो कुनै जीवले॥
आशा राजकुमारीको गरनु ता ❋ हूनेछ योग्यै कहाँ?
वर्लिन्[2] क्षत्रिय-राजपुत्रि[3] कसरी ❋ तिम्‌लाइ ऐले यहाँ॥

(१४)

पृथ्वीमा धनु-बाण राखि रिसले ❋ श्रीसूर्यमा दृष्टि दी।
लाग्यो हेर्न खडा भएर उ बखत् ❋ त्यो कर्ण खुब् ईख ली॥
क्षत्री-वीरहरू अरू जति थिए ❋ चूपै रहे त्यस् घरी।
कोही प्राणि उठेन लक्ष्य बिचमा ❋ हान्ने निशाना धरी॥

पार्थले लक्ष्यभेदन गर्नु—कृष्णाले हार पैह्राउनु

(१)

त्यै बेला उठि पार्थले नजिक गै ❋ हेरेर पानी महाँ।
सो माछा कन ताकि एक शर पो ❋ छोड्‌दा भए झट् तहाँ॥
लागी लक्ष्य विषे उ बाण गिरि गो ❋ आएर पाऊ मनी।
लागे भन्न सबै कसोरि कहुँ है! ❋ लाग्यो निशाना भनी॥

(२)

देखेनौं सब हामिले कति छिटो ❋ भो लक्ष्यको भेदन।
भन्नू लौ कसरी नदेखि अहिले ❋ मार्‍यौ निशाना कन?
यस्ता बात सुनेर अर्जुनजिले ❋ लौ हेर ऐले भनी।
हान्दामा शर टाउको गिरि गयो ❋ त्यै मत्स्यको झट् अनी॥

---

१ त्यै बेला। २ वरण गर्लिन्। ३ क्षेत्री राजाकी छोरी।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



चित्र सं० ४ द्रौपदीको स्वयम्बर मा अर्जुनजीले मत्स्यभेदन गरेको ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(३)

यस्तो अद्भुत[1] कार्यले खुशि भई ❋ क्षत्रीहरू ज्ञानले ।
भन्छन् लक्ष्य त भेदिएछ बुझियो ❋ यै वीरका बाणले ॥
यस्तै औसरमा गजेन्द्र-गमनी[2] ❋ श्री द्रौपदीले गई ।
माला ब्राह्मण-भेष पार्थ कन पो ❋ लाई दिइन् खुश भई ॥

(४)

राजा चार जना उठेर नजिकै ❋ श्रीपार्थ नेरै गए ।
मैयाँलाइ मलाइ सुम्प[3] तिमिले ❋ यै वाक्य बोल्दा भए ॥
पुत्री क्षत्रियकी यि हुन् तिमि भने ❋ आफू भयौ ब्राह्मण ।
मैयाँलाइ विवाह गर्नु तिमिले ❋ हूँदैन है शोभन ॥

(५)

साटोमा[5] तिमिलाइ हामिहरूले ❋ हात्ती र घोडा अनी ।
गाऊँ खेत र रत्न दौलतहरू ❋ दासी र दासै पनी ॥
दिन्छौं हामिहरू लिएर तिमिले ❋ ठूलो धनीका सरी ।
आफ्नू आयु बिताउ विप्रवरकी ❋ पुत्री विवाहै गरी ॥

(६)

देखाएर अनेक लोभ तिनिले ❋ श्री पार्थलाई तहाँ ।
भन्दा भन्नु भयो यही सुन सबै ❋ राजाहरूले यहाँ ॥
मेरै हुन् यिनि राजपुत्रि म अरू- ❋ लाई कदाचित् पनी ।
कैल्यै दिन्न हटेर जाउ नृप हो ! ❋ आज्ञानुकारी[6] बनी ॥

(७)

यस्तो उत्तर पाउँदा नृपहरू ❋ अत्यन्त क्रुद्धै भए ।
मैयाँलाइ अगाडि लाइ कन पो ❋ श्रीपार्थ निस्की गए ॥
छेके भूप मिलेर आइ पथमा ❋ लड्ने इरादा धरी ।
आएका जति वीरलाइ रिसले ❋ श्री पार्थले त्यै घरी ॥

(८)

हानी बाण असङ्ख्य घायल गरी ❋ निर्जीव पारी दिए ।
केही सीप न लागि वीरहरूले ❋ बाटो[7] तताई लिए ॥
दाज्यू भाइहरू थिए पथ[8] विषे ❋ भेट् भो र साथै भई ।
पाँचै भाइ र द्रौपदीहरु हिंडे ❋ बाटो घरैको लिई ॥

---

१ अचम्मको । २ हात्ती हिंडेझैं हिंड्ने । ३ देउ । ४ ठुहाउने । ५ बदलामा ।
६ आज्ञामान्ने । ७ आफ्नो बाटो लाग्नु । ८ बाटो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

द्रौपदीको विवाह

(१)

डेरामा रहि कुन्तिजी मनमनै ❋ भन्थिन् निकै बेर भो ।
फर्कैनन् अझ पुत्रहेरु किन हो ❋ साह्रै उदेक् भै गयो ॥
त्यै बेला सब भाइहेरु घरका ❋ पूगेर दैला[1] महाँ ।
लागे भन्न खडा भई खुशि हुँदै ❋ श्री कुन्तिलाई तहाँ ॥

(२)

माग्दा सुन्दर एक वस्तु मिलि गो ❋ माताजी ! सोही लिई ।
आयौं हामिहरू बताउनु हवस् ❋ कर्त्तव्य[2] आज्ञा दिई ॥
यस्तो बिन्ति सुनेर पुत्रहरुको ❋ कुन् वस्तु ल्यायौ भनी ।
कुन्तीले त नसोधि उत्तर दिइन् ❋ भोग्नू[3] सबैले भनी ॥

(३)

पाँचै भाइ र द्रौपदी अनि पछी ❋ साम्ने खडा पो भए ।
कुन्ती छक्क परिन् ति पाण्डवहरू ❋ छक्कै परी पो रहे ॥
कोही बोल्न सकेन एक क्षण ता ❋ कुन्तीजिले त्यै घरी ।
बूझी बात भनिन् हुने जति कुरा ❋ है जान्छ राम्रो गरी ॥

(४)

बाबू हो ! यहि कार्य गर्नु तिमिले ❋ खुब् दूरदर्शी[4] बनी ।
मेरो बात पुगोस् रहोस् जगतमा ❋ तिम्रो स्वधर्मै पनी ॥
भन्छन् अर्जुनलाइ धर्म-सुतले[5] ❋ सोचेर केही तब ।
भाई ! पूर्ण गर्‍यौ कबोल् द्रुपदको ❋ तस्मात्[6] तिमीले अब ॥

(५)

बीहा द्रौपदिलाइ गर्नु छ असल् ❋ एती भनेथे जसै ।
भन्छन् अर्जुन् दाज्यु आज इ कुरा ❋ मान्दीन मैले कसै ॥
हूनू पर्छ विवाह ज्येष्ठ सुतको ❋ पैले जगत्मा अनी ।
कान्छाको हुनु शास्त्रकै मत छ यो ❋ हो मान्नु पर्ने पनी ॥

---

१ ढोकामा । २ गर्ने काम । ३ भोग गर्नू । ४ पछिसम्मको हेर्नसक्ने । ५ युधिष्ठिरले । ६ त्यस कारणले ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(६)

फेरी अर्जुनलाइ धर्म-सुतले ❁ भन्नू भयो यै कुरा ।
हाम्रो मेल छँदैछ भाइहरुमा ❁ जस्तो हुनू हो पुरा ॥
यौटी द्रौपदिका निमित्त सबले ❁ गर्नू कचिङ्गल्[1] यहाँ ।
केही जाति[2] हुँदैन हामिहरुले ❁ मीली गरौंला बिहा ॥

(७)

बीहा पाँच जना गरौं सब मिली ❁ यी द्रौपदीको भनी ।
भन्दामा यहि बात धर्म-सुतले ❁ भाईहरूले पनी ॥
लौ-लौ हुन्छ उसै गरौं जब भने ❁ पक्का यही बात भो ।
मैयाँ द्रौपदि सीत पाँच वरको[3] ❁ बीहा हुने भै गयो ॥

(८)

पत्ता पाण्डवको लगाइ भगवान् ❁ श्रीकृष्ण सोही घरी ।
पाल्नू भो बलरामलाइ सँग ली ❁ भेट्ने इरादा गरी ॥
देखिन् कुन्तिजिले हरी कन जसै ❁ आनन्द मानी अती ।
ऊठिन् जल्दि र अङ्कमाल गर्दै ❁ आँसु चुहाइन् कती ॥

(९)

बस्नू भो दुइ भाइ आसन उपर् ❁ श्रीकुन्तिले फेर् अनी ।
दीइन् पाउ महाँ चढाइ प्रभुको ❁ हुन् पुत्र मेरा भनी ॥
भन्छिन् कुन्तिजि पितृहीन[4] बिचरा[5] ❁ यी पाँच भाई कन ।
आफ्नै दास बुझी लिनोस् शरणमा ❁ हे कृष्णजी ! यिन् कन ॥

(१०)

पाँचै पाण्डवलाइ फेर् गरि दिइन् ❁ तिन्ले चिन्हारी जसै ।
छोरा हुन् फुपुका भनेर भगवान् ❁ खूशी हुनू भो तसै ॥
पाई दर्शन कृष्ण-राम दुइको ❁ कुन्ती कृतार्थै भइन् ।
नाताले हरि ता भदा हुनु भयो ❁ एती सुनाई दिइन् ॥

(११)

भन्छिन् कुन्ति युधिष्ठिरादि कन फेर् ❁ हे पुत्र हो ! यस् घरी ।
आफ्नू जन्म गराउ सार्थ दुइका ❁ पस्तेर पाऊ परी ॥
नाताले गरि दूइ भाइ बुझिलयौ ❁ तिम्रा त दाज्यू परे ।
सुन्दा एति ति पाण्डवादिहरुले ❁ पस्तेर ढोगै गरे ॥

१ झगडा । २ असल । ३ दुलहाको । ४ बाबु नभएका । ५ असहाय ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(१२)

त्यै बेला बलरामले[1] र हरिले[2] ❋ तिन्लाइ प्यारो गरी ।
ऊठाई क्रम[3]सीत लाउनु भयो ❋ छाती विषे त्यस् घरी ॥
पाई प्रेम ठुलो जनार्दनजिको[4] ❋ रोमाञ्च[5] भै खुश् भए ।
पाँचै पाण्डवले भयो सुफल पो ❋ यो जन्म ठानी लिए ॥

(१३)

बिन्ती अर्जुनले गरे प्रभुजि थ्यैं ❋ हाँसेर केही तहाँ ।
थीयौं ब्राह्मण झैं स्वयम्वर हुने ❋ सोही सभा बीचमा ॥
चिन्नैलाइ सकेन कर्ण शकुनी ❋ दुर्योधनैले पनी ।
चीनी बक्सनु भो कसोरि प्रभुले ❋ यी पाण्डवै हुन् भनी ॥

(१४)

हाँसी केहि मुसुक्क अर्जुन तिरै ❋ हेरेर आज्ञा भयो ।
हामीले त न चिन्न सक्नु उ बखत् ❋ ठूलो कुरा कुन् थियो ॥
आगो छोपिन गो भने अलिकती ❋ केही खरानी मनी ।
सक्छन् भन्न त जुन् पनी पुरुषले ❋ आगो छ याहीं भनी ॥

(१५)

त्यस्तो क्रम सु-सिद्धपार्न सकने ❋ सामर्थ्य[6] कस्को थियो ।
यी हुन् पाण्डव नै भनेर मनले ❋ हाम्लाइ सूचन्[7] दियो ॥
पाँचै भाइ र कुन्तिजी कन छिटै ❋ पोलेर मार्छू भनी ।
त्यै दुर्योधनले रच्यो[8] भवन[9] पो ❋ जाहेर् छ सोही पनी ॥

(१६)

हाम्रो भाग्य थियो र पो फुपुजिको ❋ पायौं यहाँ दर्शन ।
ती दुर्योधन आदिलाइ त छिटै ❋ देला विधाता फल ॥
होला उन्नति है तपाइँहरुको ❋ साँचै म भन्छू यहाँ ।
ऐले कष्ट पर्‍यो भनी हजुरको ❋ चिन्ता नहोस् चित्तमा ॥

---

१ श्रीकृष्णका दाज्यू । २ श्रीकृष्णजा । ३ पालैपालाले । ४ श्रीकृष्णजीको ।
५ भाव मुलक हुनु । ६ तागत । ७ इशारा । ८ बनाबो । ९ घर ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(१७)

भोग्नू पर्दछ सूख-दुःख सबले ❋ यैं जन्मको सार हो ।
भाग्यैका अनुसार भोग्नु परने ❋ यस्तै त संसार हो ॥
गर्नू धर्म सुखी हुँदा दुख परे ❋ त्यागी दिनू धर्म पो ।
यो ता कातर गर्दछन् सुजनले ❋ गर्नू वडो शर्म हो ॥

(१८)

तिन्को चित्त बुझाइ एहि रितले ❋ ठूलो भरोसा दिई ।
डेरा तर्फ फिऱ्यो सवारि हरिको ❋ ऊठेर बाटो लिई ॥
धृष्टद्युम्नजिले लुकी सब कुरा ❋ देखे - सुनेछन् तहीं ।
फर्की हालि सबैं कहें द्रुपदका ❋ सामू अगाडी गई ॥

(१९)

पुत्री ब्राह्मणमा परी भनि ठुलो ❋ चिन्ता परेको थियो ।
पाई हाल कुमार बाट नृपका ❋ आनन्दले हर्ष भो ॥
डाकी प्रोहितलाइ फेर् द्रुपदले ❋ भन्दा भए हत्पती[1] ।
जानू होस् अब कुम्भकार-गृहमा[2] ❋ छन् ताहिंनै द्रौपदी ॥

(२०)

हैनन् ब्राह्मण लक्ष्य-भेद गरने ❋ क्षत्री रहेछन् तिनी ।
भेट्नु होस् गइ पाण्डवादिहरुको ❋ साथै त कुन्ती पनी ॥
वीर - श्रेष्ठ ति पार्थ अर्जुनजि हुन् ❋ मार्ने निशाना यहाँ ।
बीहा द्रौपदिको हुनेछ कहनोस् ❋ श्रीपार्थकै साथमा ॥

(२१)

बिन्ती गर्नु तपाइँले उहिं गई ❋ श्रीकुन्तिलाई पुरा ।
मर्जी[3] हुन्छ जसो उसै तरहले ❋ होला बिहाको कुरा ॥
आज्ञा एति भयो र प्रोहित गए ❋ सोझै कुमाले कहाँ ।
तिन्ले पाण्डव कुन्ति द्रौपदिहरू ❋ देखे बसेका तहाँ ॥

(२२)

आशीर्वाद दिई पुरोहितजिले ❋ ठूलो प्रशंसा[4] गरी ।
लागे भन्न ति पाण्डवादि कन फेर् ❋ मीठा स्वरैले गरी ॥
कस्ले शाल्व र कर्णलाइ बलले ❋ सक्थ्यो जितूँला भनी ।
को सक्थ्यो अरु गर्व[5] तोड्न सहजै ❋ दुर्योधनैको पनी ॥

१ चाँडै । २ कुमालेको घरमा । ३ आज्ञा । ४ सराहना । ५ घमण्ड ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(२३)

छैनन् कोहि प्रसिद्ध[1] वीर जगमा[2] ❋ श्री पार्थ झैं यस् घरी ।
ठूलो नाम छ पाण्डवादिहरुको ❋ ऐले जगत्[2]का भरी ॥
बूबाका[3] प्रिय साथि हुन् द्रुपदजी ❋ पुत्री तिनैकी पनी ।
जान्नोस् हुन् ति अयोनिजा[4] सुवदनी[5] ❋ श्री द्रौपदीजी भनी ॥

(२४)

यस्तो बात सुनी पुरोहितजि हुन् ❋ यी भूपतिका भनी ।
राखी आसनमा युधिष्ठिरजिले ❋ पाऊ पखाले अनी ॥
पाँचै भाइ मुमा र द्रौपदि भई ❋ तिन्लाइ ढोगै दिए ।
हाँसी केहि तहीं युधिष्ठिरजिले ❋ यै बात भन्दा भए ॥

(२५)

साँचै हो यिनि पार्थ बाट हुन गो ❋ सो लक्ष्यको भेदन ।
पैह्राइन् जयमाल द्रौपदिजिले ❋ हाम्रा यि भाई कन ॥
राजालाइ सुनाउनोस् अब गई ❋ हाम्रो प्रणामै पनी ।
भन्नोस् भूपतिकै कुलोचित[6] गरी ❋ बीहा हुने हो भनी ॥

(२६)

यै संवाद[7] लिई पुरोहित उठी ❋ दर्बार जाँदा भए ।
खोपीमा[8] भइ भेट श्रीद्रुपद थ्यैं ❋ सोही सुनाई दिए ॥
मन्त्रीलाइ हुकुम् भयो द्रुपदको ❋ हे मन्त्रि ! जाऊ अनी ।
सेनालाइ तयार पार तिमिले ❋ जल्दी छ ज़ानू भनी ॥

(२७)

पाल्कीका सँग हात्ति अश्व रथ फेर् ❋ जाउन् ति दासी तहाँ ।
कृष्णा कुन्ति समेत पाण्डवहरू ❋ ली आउ तिमूले यहाँ ॥
राजाज्ञा यहि पाइ मन्त्रिवर झट् ❋ जाँदा भए कोतमा ।
सेना - नायकलाइ उर्दि नृपको ❋ तिन्ले सुनाए तहाँ ॥

---

१ नामी । २ संसार । ३ पाण्डुमहाराजका । ४ आफैं अग्निदेखि उत्पन्न भएकी ।
५ सुन्दर मुहार भएकी । ६ राजवंशको बमोजिम । ७ समाचार । ८ राजाको बैठक ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(२८)

हूकुम्ले सब फौज सज्जित भयो ❋ हिंड्दो भयो त्यस् घरी ।
बाजा बेस बजाउने जनहरू ❋ हींडे खुशीमा परी ॥
सुन्को पाल्कि उचालि भृत्य[1] सँग भै ❋ काहारहेरु हिंडे ।
केटीहेरु र पण्डितादि जन फेर् ❋ सर्दारहेरु बढे ॥

(२९)

हींडेका जति हुन् सरासर गई ❋ पूगे कुमाले कहाँ ।
मन्त्री मित्र पसे ति पाण्डवहरू ❋ थीए बसेका जहाँ ॥
भन्छन् मन्त्रि हजूरहेरु सबले ❋ मानेर निम्तो अब ।
पाल्नोस् ल्याउन हामिहेरु अहिले ❋ आयौं हुकुम्ले सब ॥

(३०)

यस्तो नम्र कुरा सुनी सचिवको[2] ❋ लौ हुन्छ जान्छौं भनी ।
पाल्कीमा गइ कुन्तिजी जब बसिन् ❋ मैयाँ पसिन् फेर् अनी ॥
पाँचै भाइहरू पनी रथ चढे ❋ बाजा बज्यो खुब् गरी ।
गाए मङ्गल गीत दासिहरुले ❋ बोली सुरीलो गरी ॥

(३१)

हिंड्ने सूचनले बिकुल् पनि बज्यो ❋ फर्केर जाऊँ भनी ।
बिस्तारै सित पो हिंडी सब पुगे ❋ दर्बारमा झट् अनी ॥
पाञ्चालाधिपले[3] ति पाण्डव अनी ❋ कुन्ती र कृष्णा कन ।
खोपीमा लगि राख्नु भो उहि बखत् ❋ खूशी गराई मन ॥

(३२)

भन्छन् भूपति कुन्तिलाइ खुशि भै ❋ कुन्ती महारानिको ।
भाग्यैले गरदा शुभै मिलन पो ❋ हाम्रो यहाँ मानियो ॥
छोरा पाँच हजूरका चिरजिवी ❋ होउन् जगत्मा पनी ।
यिन्को उन्नति खूब हुन्छ सबले ❋ मान्नन् ठुला हुन् भनी ॥

(३३)

यस्तो बात गरेर ती द्रुपदले ❋ हीरा र मोती मणी ।
घोडा हात्ति रथादि शस्त्र हतियार् ❋ टक्र्याउनू भो अनी ॥
कोसेली यति पाइ त्यै समयमा ❋ हर्षाश्रु[4] गिर्दो भयो ।
हेरी उत्तम शस्त्र पाँच - जनले ❋ छानेर लीनू भयो ॥

१ नोकर। २ मन्त्रीको। ३ द्रुपद महाराज। ४ हर्षको आँसू।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(३४)

भन्छन् भूपतिलाइ धर्मसुतले[1] ❋ हेरी अवस्था[2] कन ।
जो-जो बक्सनु भो रहुन् सब यहीं ❋ हात्ती र घोडा धन ॥
बेलामा लिउँला इ चीज जति छन् ❋ हामी सबै भाइले ।
यस्तो उत्तर पाइ हुन्छ अति बेस् ❋ भन्नू भयो भूपले ॥

(३५)

पाँचै पाण्डवका निमित्त रहने ❋ यौटा सजेको अती ।
बंगाला[3] मिलि गो र पाण्डवहरू ❋ जानू भयो झट् उठी ॥
कुन्ती द्रौपदि ता रहे महलमै ❋ रानीजिका साथमा ।
कम्ती केहि भएन पाण्डवहरू- ❋ लाई कुनै बातमा ॥

(३६)

खाने चीज अनेक थोक रचियो ❋ दर्‌बारमा त्यस् घरी ।
खाउन् ज्वाइँ भनी पठाइ दिनु भो ❋ पक्वान्न[4] धेरै थरी ॥
लागे भोजन गर्न पाण्डवहरू ❋ पक्वान्नहेरू तहाँ ।
खाई पिइ सकी थकाइ पथको ❋ बाँकी रहन्थ्यो कहाँ ॥

(३७)

बैरी बाट प्रपञ्च[5] भै दुःख परी ❋ ठूलै विपत्ती खपी ।
भिक्षा माँगि हिंडेर पेट भरने ❋ ती पाँच भाई दुखी ॥
केही काल रहेर राज - गृहमा ❋ आनन्द ऐले परे ।
खाई भोजन राजसी[6] सब जना ❋ मोटा पनी देखिए ॥

(३८)

आए क्यै दिनका पछी द्रुपदजी ❋ ती पाँच भाई कहाँ ।
राखी प्रेम ठुलो बसे सब जना ❋ एक् आसनैमा तहाँ ॥
भन्छन् भूपति भोलि लग्नछ असल् ❋ हूनेछ बीहा निको ।
गर्नू पर्छ विवाह अर्जुनजिले ❋ श्री द्रौपदीलाइ पो ॥

१ युधिष्ठिर । २ आफ्नू समय । ३ राम्रो हवेली । ४ पाकेका अन्नहरु । ५ छल । ६ राजाको लायक।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0: In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(३९)

भन्छन् भूपतिलाइ धर्म सुतले ❋ दाज्यूहरू छौं दुई ।
भाइले कसरी विवाह गरने ❋ नाघेर आफैं गई ॥
जानी बक्सनुहोस् अभिन्न[1] सब छौं ❋ पाँचै जना पाण्डव ।
मूमाको पनि वाक्य सत्य गरनू ❋ पर्नेछ राजन् ! अब ॥

(४०)

पाऊँछौं जुन वस्तु पाँच जनले ❋ मीलेर भोग्नू भनी ।
माताको छ हुकुम् तसर्थ इ कुरा ❋ सोची हजुर्ले पनी ॥
साक्षी[2] अग्नि धरेर हामिहरुको ❋ श्री द्रौपदीका सँग ।
बीहा गर्दिनु होस् भलो शुभ कुरो ❋ क्यै छैन अर्को अब ॥

(४१)

यस्तो मूर्ख कुरा सुनी द्रुपद्जी ❋ साह्रै सकस्मा परी ।
भन्छन् के भनुँ बुद्धि लोप[3] हुन गो ❋ कस्तो कुरा हो हरी ॥
लोग्नेमानिसका त धेर दुलही[4] ❋ हुन्छन् जगत् बीचमा ।
स्वास्नीमानिसका त धेर दुलहा[5] ❋ हुन्नन् कुनै कालमा ॥

(४२)

वेश्याका पतिको हुँदैन गणना[6] ❋ हुन्छन् असङ्ख्यै[7] यहाँ ।
यौटी स्त्री यदि पाँच पो पति गरोस् ❋ हुन्छे उ साध्वी[8] कहाँ ॥
धर्मात्मा हुनुहुन्छ पाण्डवहरू ❋ कुन् वाक्य बोल्नू भयो ।
सोची हेर्दछु शास्त्र लोकहरुमा ❋ यो ता विरुद्ध[9] छ पो ॥

(४३)

सोही औसरमा अचानक तहीं ❋ पाल्नू भयो व्यासजी ।
ऊठे स्वागत गर्न पाण्डवहरू ❋ साथै उठे भूपती ॥
राखी व्यासजिलाइ आसन विषे ❋ भन्छन् ति राजा अनी ।
पत्नी द्रौपदिजी हुनिन् कसरी है ❋ पाँचै जनाकी पनी ॥

---

१ एकै । २ गवाही । ३ हरायो । ४ स्त्री । ५ पति । ६ गिन्ती । ७ अनगिनती ।
८ पतिव्रता । ९ उल्टो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(४४)

यस्तो प्रश्न[1] सुनेर तां द्रुपद्को ❋ श्रीव्यासले झट् गरी।
चिम्ली नेत्र दुवै विचार गरदा ❋ थाहा भयो त्यै घरी॥
हेरी भूपतिलाई व्यास-ऋषिले ❋ हाँसेर भन्नू भयो।
राजन्! द्रौपदिका त पाँच पति छन् ❋ यै भाग्यमा[2] देखियो॥

(४५)

थीइन् द्रौपदि सुन्दरी ऋषि-सुता ❋ अर्का जनम्मा अनी।
तिन्ले आफु सुहाउँदा पति मिलुन् ❋ अत्यन्त राम्रा भनी॥
भक्ती शङ्करको गरेर तिनिले ❋ गर्दा तपस्या कन।
आज्ञा भो शिवको तहीं प्रकट भै ❋ के माग्न आँट्यौ भन॥

(४६)

आज्ञा श्रीशिवको सुनेर तिनि ता ❋ अत्यन्त खूशी भइन्।
शम्भो! देहि पति[3] भनेर तिनिले ❋ पाँचै पटक् पो भनिन्॥
अन्तर्ध्यान हुनू भयो पति दिएँ ❋ तिम्लाई पाँचै भनी।
आफ्नू आयु[4] सबै बिताउँदि भइन् ❋ तिन्ले तपैमा अनी॥

(४७)

सोही कारणले त जन्म हुन गो ❋ आफू[5] हुनू भो पिता।
निस्किन् यज्ञ तपाइँ बाट हुन गै ❋ त्यै अग्नि देखिन् यि ता॥
शम्भूको वरदान सत्य छ सदा ❋ सङ्कोच मान्नू किन?
यस्मा धर्म-विरुद्ध हुन्न कहिल्यै ❋ कृष्णा यि पुत्री दिन॥

(४८)

यस्तो दी उपदेश व्यासजि उठी ❋ फेरी बनैमा गए।
सूनी पूर्वकथा सबै द्रुपदजी ❋ अत्यन्त-खूशी भए॥
डाकी ज्योतिषि लग्न निश्चित भयो ❋ निम्ताहरू बाँडिए।
राजाहरु ठुला-ठुला जन समेत् ❋ आफन्त जम्मा भए॥

(४९)

पूर्वाङ्गादि गरेर विप्रहरुले ❋ थालेर वेद-ध्वनि।
यज्ञारम्भ गरेर वेद-विधिले ❋ भै गो विवाहै पनी॥
बेला भो जब यज्ञ-मण्डप विषे ❋ राजा र रानी गए।
कन्या द्रौपदि पाँच पाण्डवहरू- ❋ लाई त दींदा भए॥

१ सवाल। २ प्रारब्धमा। ३ शङ्कर! पति दिनुहोस्। ४ उमेर। ५ तपाईं।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(५०)

पत्नी पाँच प्रसिद्ध वीरहरुकी ❋ यौटी ति कृष्णा भइन् ।
कुन्ती पाइ बुहारि हर्षित भई ❋ दर्बारमै ती रहिन् ॥
लागे पाण्डव बस्न गै महलमा ❋ ज्वाँई बनी भूपका ।
भाग्यैले सुख पर्न गो र दिन ता ❋ बीती गए दुःखका ॥

(५१)

वृत्तान्तै[1] यहि हस्तिनापुर पुग्यो ❋ क्यै काल बीती कन ।
लाहाका घर बाट पाण्डवहरू ❋ भागी पसेछन् बन ॥
पूगे छन् सब ती हिडेर सहजै ❋ पाञ्चालको देशमा ।
बीहा द्रौपदि सीत भै यस बखत् ❋ छन् ती ठुलो सोखमा[2] ॥

धृतराष्ट्रले पाण्डवलाई अंश दिनु

(१)

ऐले पाण्डवको यसोरि हुन गो ❋ चाँडै त भाग्योन्नती[3] ।
भन्ने हाल सुनेर अन्ध-नृपमा ❋ चिन्ता परी गो अती ॥
सोचे पाण्डवको प्रताप दिनहूँ ❋ बढ्दोछ सूर्यै सरी ।
हाम्रा पुत्रहरू त अल्छि र गफी ❋ देख्छू म जाँगर् मरी ॥

(२)

नाना[4] तर्क गरेर खिन्न मनले ❋ राजा सभामा गए ।
सारा राजकुमार वीर-गण फेर् ❋ मन्त्री सभामा थिए ॥
राजा श्री धृतराष्ट्रले उहि बखत् ❋ कर्त्तव्य कुन् हो भनी ।
सोद्धामा सब वीरले मत दिए ❋ आफ्ना मनैको पनी ॥

(३)

धेरैको मत-भेद[5] भो र पछि ता ❋ जन्मान्ध राजाजिले ।
सोधे आखिरमा तहीं विदुर थ्यैं ❋ भाई! कहू तीमिले ॥
लागे भन्न खडा भई विदुरजी ❋ राजन्! म भन्छू यहाँ ।
ऐले पाण्डव छन् विशेष बलिया ❋ पाञ्चाल-राजा कहाँ ॥

---

१ पूरा हाल-खबर । २ सौख्यमा । ३ भाग्य खुल्नु । ४ अनेक । ५ राय नमिल्नु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(४)

धर्मात्मा तिनि छन् र भूपतिहरू ❋ ठूला - ठूला यस् घरी ।
तिन्कै पक्ष[1] विषे म देख्छु बुझ्नोस् ❋ बस्छन् ति मैत्री गरी ॥
फेरी पाण्डवलाइ कृष्ण-बलजी[2] ❋ गर्छन् पियारो भनी ।
सुन्छू गर्नु विरोध हुन्न बढिया ❋ हामीहरूले पनी ॥

(५)

छोराको अब मोह[3] त्यागि दिनुहोस् ❋ सोही भयो दुर्मती ।
तस्मात् पाण्डवलाइ डाकि अहिले ❋ आनन्द मानी अती ॥
तिन्को अंश बुझाइ बक्सनु हवस् ❋ सोझो र सापू भई ।
बस्ने छन् तब पाण्डवादिहरु ता ❋ आज्ञानुकारी[4] रही ॥

(६)

यस्तो बात सुनेर द्रोण कृपले ❋ श्री भीष्मजीले पनी ।
एही बिन्ति गरे प्रभो ! विदुरले ❋ बेसै बताए भनी ॥
मानी सोहि कुरा भने विदुर थ्यैं ❋ हे भाइ ! तिम्ले अब ।
लावा - लश्कर साथ इज्जत गरी ❋ ल्याऊ ति आउन् सब ॥

(७)

आज्ञा एति सुनेर ती विदुरले ❋ जो चाहिने हो वहाँ ।
बन्दोवस्त मिलाइ लश्कर समेत् ❋ पूगे ति पाञ्चालमा ॥
पैले भेट गरेर श्रीद्रुपद थ्यैं ❋ भन्छन् म ता यस् घरी ।
आएँ पाण्डवलाइ लीन नृपको ❋ आज्ञा हुनाले गरी ॥

(८)

दीनू आज पर्‍यो बिदा हजुरले ❋ यी पाँच भाई कन ।
भन्दा भन्नु भयो तहीं द्रुपदले ❋ जान्छन् त रोकूँ[5] किन ॥
आज्ञा एति सुनी उठी विदुरजी ❋ अर्को घरैमा गए ।
श्रीमान् कृष्ण र पाण्डवादि कन पो ❋ तिन्ले त देखी लिए ॥

(९)

पाई दर्शन ढोग - भेट हुन गै ❋ सारा खुशीमा परे ।
मौका बेस पर्‍यो भनी विदुरले ❋ आफ्नू कुरा पो गरे ॥
काका[6] भूपति बाट मर्जि हुन गो ❋ आउन् भतीजा भनी ।
कृष्णा कुन्ति पनी त्यहीं किन बसुन् ❋ आउन् सँगैमा तिनी ॥

१ तर्फमा, तिर । २ कृष्ण, बलराम । ३ माया । ४ आज्ञा मान्ने । ५ छेकूँ । ६ धृतराष्ट्र ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(१०)

त्यै निम्ति म सवारि लीन अहिले ❋ आएँ भनेथे जसै ।
जानै पर्छ भनेर कृष्णजि[1] पनी ❋ बोल्नू भयो फेर् तसै ॥
कुन्ती द्रौपदि पाण्डवादि जनले ❋ आज्ञा हरीको लिई ।
पाल्कीमा रथमा चढी कन बसे ❋ अत्यन्त खूशी भई ॥

(११)

बस्नू भो रथमै चढी विदुरजी ❋ हिंड्ने तयारी भयो ।
लावा - लश्कर साथ भै रथ चली ❋ बाटो समाती लियो ॥
पौंच्यो पाण्डवको सवारि जब ता ❋ श्री हस्तिनापूरमा ।
रैतीले तब पुष्प-वृष्टि गरियो ❋ लावा समेत्को तहाँ ॥

(१२)

सिंहद्वार[2] पुगी सवारि अडियो ❋ उत्रे सबै झट् गरी ।
पौंचै फेर् धृतराष्ट्रका हजुरमा ❋ भेट्ने इरादा धरी ॥
देखे भीष्म समेत अन्ध-नृपती ❋ थीए बसेका वहाँ ।
पालैले सबले प्रणाम गरियो ❋ नामै बताई तहाँ ॥

(१३)

खूशी खुब् धृतराष्ट्रजी हुनु भयो ❋ आए भतीजा भनी ।
दीं दै आशिष राख्नु भो नजिकमा ❋ आज्ञा भयो फेर् अनी ॥
धर्मात्मन् ! तिमिहेरु याहिं रहँदा ❋ त्यो दुष्ट दुर्योधन ।
गर्ला केहि अनिष्ट[3] निश्चय भनी ❋ काम्दैछ मेरो मन ॥

(१४)

आधा राज्य लिएर अंश निजको ❋ तीमीहरू यस् घरी ।
सोझै 'खाण्डव प्रस्थ' जाउ र तहीं ❋ चाँडै तयारी गरी ॥
देख्दा सुन्दर खुब् बसाउ नगरी ❋ त्यै राजधानी बनोस् ।
आनन्दै सित वास गर्नु खुशि भै ❋ टण्टा सदाको हटोस् ॥

(१५)

आज्ञा एहि नृपेन्द्रको शिर धऱ्यौं ❋ जान्छौं उहीं लौ भनी ।
पाँचै भाइहरू प्रणाम गरदै ❋ जाँदा भए झट् अनी ॥
राजाज्ञा भइ मिस्त्रि-राज[4] बहुतै ❋ कुल्ली र जान्नेहरू ।
हींडे 'खाण्डव-प्रस्थ' तीर उ बखत् ❋ त्यस्को बयान् के गरूँ ॥

१ कृष्णजीको । २ राजाका दर्बारको मूल ढोका । ३ दुःख दिने काम । ४ घर बनाउने कालीगड ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

इन्द्रप्रस्थमा युधिष्ठिर राजा हुनु

(१)

जल्दी सो नगरी[1] तयार हुन गो ❋ आएर रैती बसे।
देख्दैमा धन-धान्य पूर्ण हुन गै ❋ ऋद्धी र सिद्धी पसे॥
राजा हूनु भई युधिष्ठिर तहाँ ❋ आनन्द खुब् वैरियो[2]।
'इन्द्र - प्रस्थ' भनेर नाम उसको ❋ संसारमा फैलियो॥

(२)

योगी नारद कीर्तनादि गरदै ❋ घूमेर कोही दिन।
ताहीं आइ पुगे र पाण्डव उठे ❋ तिन्लाइ देखी कन॥
दूवै पाउ पखालि नारदजिको ❋ पानी शिरैमा छरे।
राखी आसनमा युधिष्ठिरजिले ❋ यै बिन्ति फेरी गरे॥

(३)

पाल्नू भो कुन कामले ऋषिपते! ❋ आज्ञा हवस् यस् घरी।
हामी सेवक छौं तयार् हजुरका ❋ बिन्ती छ पाऊ परी॥
यस्तो नम्र कुरा सुनेर ऋषिले ❋ आज्ञा भयो फेर् तहाँ।
राजन्! कीर्ति छँदैछ खुब् हजुरको ❋ सर्वत्र[3] संसारमा॥

(४)

होला अन्य पनी सुकीर्ति पछि पो ❋ ठूलै भई उन्नती।
शङ्का एक पन्यो मलाइ अहिले ❋ देखेर दैवी-गती[4]॥
पाँचै भाइ हजुर की त दुलही ❋ यौटी हुनाले गरी।
पर्ला की झगडा भनेर डर भो ❋ शङ्का मनैमा परी॥

नारदको उपदेश

(१)

यौटा हुन् उपसुन्द सुन्द अरका ❋ भाई र दाज्यू थिए।
ब्रह्माका वरले कुनै पुरुषले ❋ मार्दा नमर्नैं भए॥
ठूलो प्रेम थियो ति भाइ दुइको ❋ यस्तै थियो ता पनी।
देखी काहिं तिलोत्तमा कन भए ❋ आसक्त साह्रै तिनी॥

१ शहर। २ चारैतिरबाट खनिएर आयो। ३ सबै तिर। ४ प्रारब्धको दशा।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(२)
स्वर्वेश्या[1] ति तिलोत्तमा गजबकी ❀ राम्री थिइन् कामिनी[2] ।
दाज्यू - भाइ जुधे परस्पर गई ❀ मेरी यि हुन्छिन् भनी ॥
आखिर्मा तरवारले समर[3] भै ❀ ज्यान् दूइको गै गयो ।
काटा - काट गरेर भाइ दुइले ❀ मर्नू नसिब्मा थियो ॥
(३)
सोही हाल हुनेछ आखिर कभै ❀ त्यस् निम्ति पालो गरी ।
पत्नीको गर भोग पाँच जनले ❀ पालो निशीमा[4] घरी ॥
यस्को सत्य बनोस् अटूट नियमै ❀ यै बात भन्छू म ता ।
पालोमा अरुको गयो यदि कुनै ❀ भूलेर होस् वा उ ता ॥
(४)
पूरा वर्ष त बाह्र सम्म उसले ❀ ठिक् भेषधारी बनी ।
घूमोस् गै कन तीर्थमा यहि हवस् ❀ साँचो प्रतिज्ञा पनी ॥
एही अर्ति ति पाँच भाइहरुले ❀ मान्ने प्रतिज्ञा गरे ।
ताहीं बाट उठेर देव - ऋषिले[5] ❀ अर्कै त बाटो धरे ॥
(५)
केही काल पछी युधिष्ठिरजिको ❀ पालो हुनाले गरी ।
खोपीमा उनि द्रौपदी सित कुरा ❀ गर्दै थिए त्यस् घरी ॥
आई ब्राह्मणले ति पार्थ सित पो ❀ रोएर भन्दा भए ।
राजन् ! चोरहरू फुकाइ कन गौ ❀ हाँकेर भागी गए ॥
(६)
यो हो भर्खरको कुरा तिनिहरू ❀ हिंड्दै हुनन् गौ लिने ।
वीर - श्रेष्ठ प्रसिद्ध अर्जुन छँदै ❀ हाम्रा पशू उम्कने ?
यस्तो बात गरेर मौन[6] ति भए ❀ श्री पार्थले झट् अनी ।
बोले गाइ छुटाइ दिन्छु म गई ❀ पर्दैन रूनू भनी ॥
(७)
यस्तैमा तहिं सम्झना हुन गयो ❀ मेरो धनुर्बाण ता ।
खोपीमै त छुटेछ ल्याउँ कसरी ❀ जाऊँ कसोरी उता ॥
बाहुन् सीत झुटो कसो गरि बनूँ ❀ दीनन् ति श्रापै पनी ।
भित्रै जाऊँ त तीर्थ जानु परने ❀ हाम्रो कबोलै छ नी ॥

---
१ स्वर्गकी वेश्या । २ तरुणी स्त्री । ३ लडाईं । ४ रात्रिमा । ५ नारद । ६ चूप ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(८)

साह्रै पर्न गयो हरे ! असजिलो[1] ❀ के गर्नु पर्नें भनी ।
घोरीए अलि बेर अर्जुनजि ता ❀ चिन्तातुरै पो बनी ॥
लीनू ब्राह्मणको त श्राप ननिको ❀ हिंड्नू निको तीर्थमा ।
एती निश्चय भो र अर्जुन पसे ❀ खोकेर झट् खोपिमा ॥

(९)

आफ्ना ली हतियार बाहिर तिरै ❀ आएर ती अर्जुन ।
साथैमा लिइ विप्र जङ्गल पसे ❀ छूटाउनै गौ कन ॥
भागे चोरहरू र अर्जुनजिले ❀ ती विप्रलाई तहीं ।
गाई सुम्पि दिए र ब्राह्मण गए ❀ आशीष राम्रो दिई ॥

प्रतिज्ञा अनुसार बाह्र वर्ष तीर्थ गर्न जानु

(१)

फर्की जङ्गल देखि अर्जुनजि ता ❀ दर्बार आई गए ।
दाज्यू भूपतिका गई हजुरमा ❀ बिन्ती चढाई लिए ॥
रक्षा गर्न भनेर गाइहरुको ❀ शस्त्रादि[2] झिक्छू भनी ।
खोपीमा म गएँ र भङ्ग भइ गो ❀ हाम्रो प्रतिज्ञा पनी ॥

(२)

रोकी बक्सनु योग्य हुन्न अहिले ❀ पाऊँ बिदा यस् घरी ।
घुम्छू तीर्थहरू गएर बनमा ❀ ठिक् बाह्र वर्षै भरी ॥
देखी अर्जुनको ढिपी नृपतिले ❀ दीए बिदा जानको ।
निस्के बाहिर पार्थ छोडि घरबार् ❀ भेषै धरी विप्रको ॥

(३)

साथै जान भनेर ब्राह्मणहरू ❀ संन्यासिहेरू पनी ।
आए योगि-तपी[3] अनेक उ बखत् ❀ साथी सरीका बनी ॥
त्याहाँ देखि हिंडेर पर्वत नदी ❀ खोला र नाला पनी ।
नाघी पुग्नु भयो सबै जनहरू ❀ गङ्गा किनार्मा अनी ॥

---

१ गाह्रो । २ हतियारहरू । ३ तपस्वी ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(४)

त्याहीं एक कुटी रचेर[1] खरको[2] ❀ ठूलो र चाक्लो कती ।
लागे बस्न मिली-जुली सब जना ❀ आनन्द मानी अती ॥
गर्थे स्नान बिहान भागिरथिमा ❀ पश्चात्[3] कुटीमा गई ।
सन्ध्या पाठ सकेर यज्ञ गरथे ❀ सम्पूर्ण जम्मा भई ॥

(५)

खान्थे जङ्गलका अनेक फलका ❀ साथै तरुल् कन्द पो ।
श्री भागीरथिको बतास-जलले ❀ खुब् चित्त आनन्द भो ॥
गाऊँ तुल्य कुटी सु-सज्जित भई ❀ सम्पूर्ण खूशी भए ।
रोजै होम गरेर केहि दिन ता ❀ श्री पार्थ ताहीं रहे ॥

अर्जुन र उलूपीको विवाह

(१)

बीहानै उठि पार्थ एक दिन ता ❀ रूमाल-धोती लिई ।
गङ्गाजी गइ पस्नु भो जल विषे ❀ स्नानार्थ खूशी भई ॥
त्यै बेला उलुपी भनेकि युवती ❀ क्वै नाग - कन्या थिई ।
त्यस्ले अर्जुनलाइ देखि कन ता ❀ आसक्त हूँदी भई ॥

(२)

त्यस्ले अर्जुनलाइ मन्त्र - बलले ❀ खैंचेर सोही घरी ।
पौंचाई अनि नाग - लोक[4] बिचमा ❀ अत्यन्त चाँडो गरी ॥
त्यस्का बाबु त नागराज बलवान् ❀ कौरव्य नाम्का थिए ।
देखी अर्जुनलाइ आदर गरी ❀ साथै बसाई लिए ॥

(३)

कन्या - दान दिए उलूपि कन पो ❀ श्री पार्थलाई तहीं ।
बस्नू लागि गयो र कर् उहिं बसे ❀ ती वीर खूशी भई ॥
मैन्हा एक बिते पछी उलुपिले ❀ श्री पार्थलाई अनी ।
गङ्गाकै तटमा पुऱ्याउँदि भई ❀ जानोस् कुटीमा भनी ॥

---

१ बनाई । २ घाँस पातको । ३ पछिबाट । ४ पातालमा ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(४)

चाँडे अर्जुनजी पसेर कुटिमा ❋ साथी तपस्वी कन।
आफ्नू हाल बताउँदा खुशि भए ❋ त्याहाँ भएका जन॥
केही काल पछी ति अर्जुन उठे ❋ तीर्थै त जान्छू भनी।
अङ्ग बङ्ग समस्त देश डुलि फेर् ❋ पूगे कलिङ्गै तिनी॥

अर्जुनको चित्राङ्गदासित विवाह हुनु

(१)

हींडे पार्थ कलिङ्गबाट अनि फेर् ❋ जान्छू अगाडी भनी।
बाटो पक्रि लिए समुद्र - तटको ❋ आफू बटोही[1] बनी॥
बाटामा मुनि सिद्ध भेटिन गई ❋ गर्दा भए दर्शन।
आखिर्मा 'मणिपूर' देश पुगदा ❋ खूशी भई गो मन॥

(२)

आए अर्जुनजी भनेर नृपले ❋ जो गर्नु पर्ने जती।
तिन्को स्वागत इज्जतै सित गरे ❋ आनन्द मानी अती॥
थीइन् राजसुता[२] अपूर्व रुपकी ❋ चित्राङ्गदा नामकी।
जस्मा सीप निकै थियो सुपठिता[३] ❋ थीइन् खुबै कामकी॥

(३)

मैयाँ सीत ति पार्थको नृपतिले ❋ बीहा गराई दिए।
राजाकै अनुसार[४] वस्तु सब दी ❋ ज्वाइँ तुल्याई लिए॥
पैदा पुत्र भयो र केहि दिनमा ❋ दानादि हूँदो भयो।
जस्को नाम त 'बभ्रुवाहन' भनी ❋ संसारले जानियो॥

(४)

भोगी राजसि सौख्य दम्पति[5] मिली ❋ श्री पार्थले फेर् अनी।
सोखैले गरि वर्ष तीन जब गो ❋ लौ तीर्थ जान्छू भनी॥
साथी विप्र ऋषी लिएर सँगमा ❋ वार्ता[६] कथाको गरी।
तीर्थै दक्षिणका गरौं भनि गए ❋ सानन्द[७] पैदल् हिंडी॥

१ बाटो हिंड्ने। २ मैयाँ। ३ पढे-लेखेकी। ४ बमोजिम। ५ स्त्री-पुरुष। ६ कुरा। ७ आनन्दपूर्वक।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अप्सराको श्राप-मोचन

(१)

पूगे पार्थ अगस्ति-कुण्ड र उहीं ❀ स्नान् गर्नलाई भनी ।
पानीमा परदा दुवै चरण पो ❀ पक्रेछ कस्ले कुनी ॥
डूबी हात बढाइ अर्जुनजिले ❀ कोही मगर्नी[1] कन ।
पाई च्यापु समाति तानि बलले ❀ मारी दिए त्यस् कन ॥

(२)

मार्ना साथ उ अप्सरा हुन गईं ❀ साम्ने अगाडो परी ।
जोडी हात दुवै ति पार्थ सित पो ❀ यैं वाक्य बिन्ती गरी ॥
वर्गा नामकि अप्सरा अघि थिएँ ❀ मैलाइ श्रापै परी ।
गोही भै कन बस्दथें म जलमा ❀ अत्यन्त कष्टै गरी ॥

(३)

ऐले मारि दिनू हुँदा हजुरले ❀ सो श्राप मेरो टऱ्यो ।
पैलेकै सरि अप्सरा[2] हुन गएँ ❀ लौ जानु मैले पऱ्यो ॥
एती बिन्ती गरेर ती उडि गइन् ❀ देवेन्द्रका पासमा ।
निस्की अर्जुन पानिबाट अनि फेर् ❀ जाँदा भए वासमा[3] ॥

प्रभासतीर्थमा कृष्णजीसित भेट हुनु

(१)

यस्तै रीति गरेर चार तिरका ❀ तीर्थादि घुम्दै गयी ।
सारा पृथ्वि परिक्रमा हुन गयो ❀ छूटेन तीर्थैं कहीं ॥
श्रीमान् अर्जुनजी प्रभास[4] बिचमा ❀ आई पुगे जुन् घरी ।
चाल् पाइ कन कृष्ण आउनु भयो ❀ भेट्ने इरादा धरी ॥

(२)

जुन् बेला हरिको र अर्जुनजीको ❀ भो भेट त्यै ठाउँमा ।
राखे झट्ट कपाल अर्जुनजिले ❀ श्रीनाथका[5] पाउमा ॥
लामा हात बढाइ हाँसि हरिले ❀ जल्दी उठाई लिए ।
छातीमा लगि छातिको मिलन[6] पो ❀ राम्रो गराई दिए ॥

---

१ गोहीको पोथीलाई । २ स्वर्गकी परी । ३ बस्ने स्थानमा । ४ एक तीर्थको नाम ।
५ लक्ष्मीपतिका । ६ भेट ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(३)

आयौ यस् तिर तीर्थ गर्न कसरी ❋ घर्-बार छोडी भनी।
सोधी बक्सनु भो र अर्जुनजिले ❋ सारा बताए अनी॥
साथै ली कन पार्थ रैवतकमा[1] ❋ पाल्नू भयो फेर् हरी।
ताहीं बेसरि मेजमानि[2] हुन गो ❋ अत्यन्त प्यारो गरी॥

(४)

बाटाको श्रमको थकाइ जति हो ❋ श्री पार्थको गै गयो।
केही काल पछी शरीर तिनको ❋ खुब् हृष्ट-पुष्टै भयो॥
आज्ञा भो हरिको ति पार्थ कन फेर् ❋ द्वारावतीमा पनी।
जाऊँ स्थान रमाइलो छ बहुतै ❋ हो राजधानी भनी॥

अर्जुनको द्वारिका गमन

(१)

गर्छू दर्शन द्वारिका - नगरिको ❋ साथ्मा हजुर्का गई।
भन्ने बिन्ति गरेर अर्जुनजिले ❋ खूशी बहूतै भई॥
साथै पार्थ लिएर कृष्ण अनि फेर् ❋ पाल्नू भयो द्वारिका।
देखी अर्जुनलाइ चित्त खुशि भो ❋ पूरुष फेर् नारिका॥

(२)

डेरा एक खटन् गरेर हरिले ❋ श्री पार्थलाई दिए।
चाहीने जति चीज - बीज गृहमा ❋ ल्याएर राखी दिए॥
दासी - दास अनेक हात्ति रथ फेर् ❋ दींदा भए त्यै घरी।
केहीको कमती भएन सब थोक् ❋ पूर्णै भयो बेसरी॥

(३)

वीर - श्रेष्ठ यि पार्थ हुन् भनि यही ❋ जान्दै थिए यादव[3]।
तस्मात् वीरहरू गई नजिकमा ❋ श्री पार्थलाई तब॥
लागे भन्न गएर एक दिन ता ❋ ऐले हजुर्ले यहाँ।
आफ्नू शस्त्रकला[4] प्रदर्शित[5] गरी ❋ हाम्रा अगाडी महाँ॥

१ एक पर्वतको नाम। २ पाहुनाको सत्कार। ३ यदुवंशीहरू। ४ हतियारको इलम। ५ देखाएर।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(४)

हाम्रो मन् सुख पूर्ण गर्दिनु हवस् ❋ एती भनेथे जसै ।
लीनू भो धनु - बाण अर्जुनजिले ❋ ताँदो खिचीयो तसै ॥
लागे छुट्न असंख्य बाण उ बखत् ❋ आकाश ढाकीन गो ।
देख्ने मानिसको त हूल[1] जति हो ❋ आश्चर्य मान्दो भयो ॥

(५)

त्यै बेला शर एक त्यागि तिनले ❋ बाणादि काटी दिए ।
आकाशादि तुरुन्त स्वच्छ भइ गो ❋ देख्नेहरू खुश् भए ॥
अग्नी - बाण प्रयोग गर्दिनु भयो ❋ लाग्यो डढेलो अनी ।
हानी फेर् वरुणास्त्र पानि परि गो ❋ आगो निभी गो पनी ॥

(६)

देखी अर्जुनको पराक्रम ठुलो ❋ छक्कै परी त्यस् घरी ।
तारिफ् यादव वीर बाट हुन गो ❋ श्री पार्थको खुब् गरी ॥
एती काम गरेर अर्जुनजिले ❋ राखे धनुर्बाण पो ।
श्याबास् अर्जुनजी ! भनेर खुशि भै ❋ सो यादवी हूल गो ॥

रैवतक पर्वतमा महोत्सव

(१)

त्यस्को क्यै दिनमा त रैवतकमा ❋ मेला मजाको भयो ।
हाँगामा रुखका मचान रचना ❋ खुब् दिव्य देखीन गो ॥
टाँगे तम्बु ठुलो चऊर भरिको ❋ राम्रो बिछाए दरी[2] ।
राखे मेच र चौकि धेर सुनकै ❋ तिन् माथि गद्दी जडी ॥

(२)

गाईने नटुवा र गायक समेत् ❋ उस्ताद कत्थक्हरू ।
बाजा तानपुरा सितार तबला ❋ लीएर आए अरू ॥
योग्यस्थान लिएर दर्शक समेत् ❋ आएर बस्दा भए ।
भै गो गायनको शुरू उहि बखत् ❋ बाजा असंख्ये बजे ॥

(३)

घोडाका ति सवार हात्ति चढने ❋ फेरी रथी छन् जती ।
लागे घुम्न नजर् गरेर रमिता ❋ आनन्द मानी अती ॥
त्यै बेला सँग पार्थ ली हरि पनी ❋ ताहीं सवारी भयो ।
साराले जयकृष्ण एती कहँदा ❋ सो शब्द आकाश गो ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(४)

सोही उत्सव हेर्न राज- गृहका ❁ आए जनाना[1] अनी ।
आए स्त्रीहरु रैतिका सब त्यहीं ❁ श‍ृङ्गारले बेस् बनी ॥
देखीए बनियाँ महाजन धनी ❁ योगी र संन्यासि पो ।
त्यै बेला हरिले ति पार्थ सँग भै ❁ खूशी हुँदै घुम्नु भो ॥

सुभद्रा-हरण

(१)

बैनी श्री बलराम - कृष्णहरुकी ❁ थीइन् सुभद्रा भनी ।
जस्को रूप बयान गर्न अहिले ❁ सक्तैन जड् लेखनी ॥
आफैं रूपवती थिइन् तर पनी ❁ श‍ृङ्गार खूबै गरी ।
पैह्री सुन्दर वस्त्र - भूषणहरू ❁ आइन् त्यहीं त्यस् घरी ॥

(२)

साथैमा सँगिनीहरू पनि थिए ❁ देख्दा परी[2] झैं दुई ।
आँखा अर्जुनका घुमी कन पुगे ❁ तिन्का उपर्मा गई ॥
चारै नेत्र जुधे परस्पर गई ❁ आसक्त दूवै भए ।
नेत्रैले मनमा कुरा भनि दिंदा ❁ दूवै खडा भै गए ॥

(३)

बूझ्नू भो हरिले प्रवृत्ति[3] सहजै ❁ श्री पार्थको त्यै घरी ।
हेरी अर्जुनलाइ हाँसि कन क्यै ❁ आज्ञा भयो एसरी ॥
इच्छा के छ बताउ पार्थ मनमा ❁ सुन्छू म तिम्रो कुरा ।
मान्ने योग्य भए अवश्य बुझिल्यौ ❁ हूनेछ सोही पुरा ॥

(४)

हाम्रो प्रीति[4] अवश्य मालुम भयो ❁ श्री कृष्णलाई भनी ।
साह्रै लज्जित[5] भै सखीहरु लिई ❁ भागिन् सुभद्रा अनी ॥
बोले अर्जुनले हरी संग तहीं ❁ आत्मीय[6] हूनू भयो ।
बिन्ती गर्छु रहस्य[7] बात प्रभुमा ❁ हे कृष्ण ! सुन्नू भयो ॥

१ स्त्री जाति । २ अप्सरा । ३ मनको झुकाव । ४ प्रेम । ५ लाज मानेर । ६ आफन्त । ७ गुप्त कुरा ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(५)

बीहा गर्न म खोज्दछू हजुरकी ❀ बैनी सुभद्रा सँग ।
देहै मात्र यहाँ छ चित्त अघि नै ❀ गै गो प्रभो ! तिन् सित ॥
यस्मा जे त उपाय हुन्छ प्रभुको ❀ एती भनेको सुनी ।
लाग्नू भो हरिले सुनाउन कुरा ❀ श्री पार्थलाई अनी ॥

(६)

तिम्रो कार्य अवश्य हुन्छ फलवान् ❀ सो सिद्ध पार्ना कन ।
हर्नू पर्छ गएर पार्थ ! तिमिले ❀ बैनी सुभद्रा कन ॥
कोही दूत पठाउ गै कन खबर् ❀ देओस् उ दर्बारमा[1] ।
सेना ली कन भीमसेन लुकदै ❀ आई टिकुन् मार्गमा ॥

(७)

बैनीलाइ चढाइ आफ्नु रथमा ❀ हाँकेर जानू छिटो[2] ।
कोही यादव[3] लड्न आउँछ भने ❀ लड्नू नमानी भुटो[4] ॥
दीनन् भीम सहायता उहिं पुगी ❀ तिम्लाइ राम्रो गरी ।
क्यै जानी परि गो लडाइँ त भने ❀ लड्नेछ सेना बढी ॥

(८)

दिइ कन शुभ अर्ती पाथलाई उ बेला ।
लिई कन तिनलाई फर्कनू भो र डेरा ॥
चतुर पुरुष ज्ञानी भन्नु पर्ने सिकाए ।
उस कन प्रभुजी[5]ले इन्द्रप्रस्थै पठाए ॥

(९)

बूझी बक्सनु भो युधिष्ठिरजिले ❀ जो - जो भन्यो दूतले ।
सेना दी कन भीमलाइ अनि फेर् ❀ दीए बिदा भूपले ॥
हुकुम् माफिक सैन्यले सहित भै ❀ श्री भीम जाँदा भए ।
जल्दी - जल्दि हिंडेर रैवतकमा ❀ लूकेर आई बसे ॥

(१०)

फेरी श्री बलरामले चरहरू[6] ❀ श्री हस्तिनापूरमा ।
निम्तो दी कन पो पठाउनु भयो ❀ जन्मान्ध राजा कहाँ ॥
त्यो दुर्योधन भाइ - वर्ग सँग ली ❀ द्वारावतीमा गयो ।
ताहीं श्री बलराम बाट बहुतै ❀ सत्कार त्यस्को भयो ॥

१ इन्द्रप्रस्थ दरबार । २ चाँडै । ३ यदुवंशी । ४ टण्टा । ५ श्रीकृष्णजीले । ६ दूतहरु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF.

(११)
श्री दुर्योधनलाइ बैनि अब द्यूँ ❋ चाँडै त बीहा गरी।
भन्ने बात चलाइ ताहिं बलजी ❋ चूपै रहें क्यै घरी॥
कौनै यादवले जवाफ न दिई ❋ सम्पूर्ण चूपै रहे।
मन्जूरी सबको बुझेर बलजी ❋ अत्यन्त खूशी भए॥

(१२)
मच्चीयो तब खल्बली हृदयमा ❋ श्री पार्थको बेसरी।
दाहीने भगवान् थिए र जय भो ❋ विघ्नादि सारा टरी॥
ईशारा हरिको बुझेर खुशि भै ❋ आफू रथैमा चढी।
फर्के अर्जुनजी त रैवतकमा ❋ कम्मर् बलीयो कसी॥

(१३)
मेला[1] हेर्दथिइन् सखी सँग कुरा ❋ गर्दै सुभद्रा उहीं।
पौंचे अर्जुनजी नजीक उनका ❋ सानन्द[2] खूबै भई॥
उत्री त्यै रथ देखि बाहु दुइले ❋ तानेर बोकी लिए।
तिन्लाइ रथमा बसाइ कन फेर् ❋ आफू पनी गै बसे॥

(१४)
हाँक्यो सारथिले तुरुन्त रथ सो ❋ वायू सरी भै गयो।
मैयाँलाइ हरेर अर्जुन हिंडे ❋ भन्ने कुरा फैलियो॥
थीए रक्षक-वृन्द[3] जो जति तहीं ❋ साथै सुभद्राजिका।
देखी भारि चलाखि रक्षक भए ❋ बेहोश जस्तै ति ता॥

(१५)
दौडी झट्ट खबर् दिए ति सबले ❋ श्री पार्थले यस् घरी।
मैयाँलाइ लगे चढाइ रथमा ❋ टीपेर चोरी गरी॥
सुन्दैमा बलरामको रिस बढ्यो ❋ खुब् कर्र दाह्रा किटे।
पाजी अर्जुनलाइ मार्दछु भनी ❋ रिस्ले त तिग्रा पिटे॥

(१६)
लागे बोल्न रिसाइ फेरि बलजी ❋ त्यस्ले नगर्नू गऱ्यो।
हाम्रा चेलि र बेटि हर्दछ भने ❋ त्यस्मा बिपत्ती पऱ्यो॥
त्यस्लाई त निभाउनै[4] छ बढिया ❋ यस्मा सबै यादव।
के भन्छौ भन लौ भनेर सबले ❋ भन्छन् अवश्यै अब॥

---

१ जात्रा। २ आनन्दले सहित भएर। ३ साथका सिपाही। ४ मारीदिनै।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(१७)
मानैं पर्दछ दुष्टलाइ अहिले ❋ रोकेर बाटा महाँ।
हामीहेरु छँदाछँ दै कसरि त्यो ❋ उम्केर जाला कहाँ॥
लागे गर्जन यादवादि अनि फेर् ❋ यिन्ले बिगार्नन् भनी।
आज्ञा गर्नुभयो तुरुन्त हरिले ❋ खुब् शान्त आफू बनी॥

(१८)
दाज्यै ! नाहकमा रिसानि हुनु भो ❋ श्री पार्थ माथी यहाँ।
हाम्री बैनि हरेर कुन् खत[1] गरे ❋ तिन्ले जगत् बीचमा ?
हर्छन् क्षत्रियले कुमारि कन ता ❋ क्षत्रीहरूका भनी।
थाहानै छ हजूरलाइ कुलको ❋ यस्तै छ रीती पनी॥

(१९)
यस्मा यादवको अनादर[2] कबै ❋ हूँदैन सुन्नू भयो।
ठान्छू यादव - वंशमा बरु निकै ❋ सम्मान वृद्धी भयो॥
यो सुन्दा बलरामले सहितका ❋ शान्तै भए यादव।
आज्ञा भो हरिको अनी शुभ-बिहा ❋ चाँडै गराऊँ अब॥

(२०)
यस्मा यादव - वृन्दको मत मिली ❋ सामग्रि जम्मा भयो।
बैनीलाइ र पार्थलाइ हरिले ❋ लीएर आऊनु भो॥
डाकी प्रोहितलाइ वेद - विधिले ❋ पूजा र होमै गरे।
बैनी दान दिएर पार्थ कन ता ❋ ज्वाईं बनाई लिए॥

(२१)
आनन्दै सित द्वारिका नगरिमा ❋ श्री पार्थका दम्पती[3]।
केही काल बसेर पुष्कर तिरै ❋ जाँदा भए फेरि ती॥
त्याहाँको जति तीर्थ - दर्शन थियो ❋ गर्नै दुवैले गरे।
फर्की फेरि ति इन्द्रप्रस्थ नगरी ❋ आएर दाखिल् भए॥

(२२)
आए अर्जुनजी भनी खुशि भई ❋ दाज्यू र भाईहरू।
आए स्वागत गर्न प्रेम-वशले ❋ त्यस्को बयान् के गरूँ॥
लावा फूल अबीर वर्षण गरी ❋ लाखौं अशर्फी छरी।
भित्र्याई दुलही लगे महलमा ❋ नारीहरूले मिली॥

---

१ विराम या बिगार। २ बेइज्जती। ३ स्त्री-पुरुष।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(२३)

साशू कुन्तिजिमा प्रणाम गरियो ❋ ताहीं सुभद्राजिले ।
कुन्तीले पनि झट्ट आशिष दिइन् ❋ सानन्द भै प्रीतिले ॥
फेरी द्रौपदिका गई नजिकमा ❋ तिन्ले त ढोगै गरी ।
भन्छिन् हूँ म त सेविका[1] हजुरकी ❋ गर्नेछु खुब् चाकरी ॥

(२४)

तिन्का नम्र कुरा सुनी खुशि हुँदै ❋ ती द्रौपदीले पनी ।
ऊठी तिन् कन अङ्कमाल गरियो ❋ बैनी तिमी हौ भनी ॥
आइन् नौलि[2] वधू[3] भनी महलमा ❋ खुब् नाच-गाना भयो ।
नाता यादव-पाण्डवादिहरुमा ❋ पर्दा हुँदी जाति भो ॥

(२५)

बैनी ज्वाइँहरू पुगे घर भनी ❋ संवाद[4] गो द्वारिका ।
दाईजो दिनलाइ रत्न गहना ❋ चोलाहरू तासिका ॥
दासी-दास अनेक वस्त्र रुपियाँ ❋ घोडा र हात्ती अनी ।
गाई-भैंसि रथादि बर्तन[5] लिई ❋ लीएर सेना पनी ॥

(२६)

पाल्नू भो बलराम कृष्ण अनि फेर् ❋ प्रद्युम्नजी सात्यकी ।
वृष्णी अन्धक भोजवंशि बलिया ❋ ती यादवादी जती ॥
तिन्को स्वागत हर्ष मानि बहुतै ❋ ती पाण्डवैले गरे ।
राखी राज-सभा विषे सकलको ❋ सत्कार-सेवा गरे ॥

(२७)

ल्याएको सब दाइजो दिनु भयो ❋ श्री कृष्णजीले अनी ।
लीए पाण्डवले सहर्ष हरिको ❋ ठूलो दया भो भनी ॥
केही काल त्यहीं बसी बलजिको ❋ इच्छा भयो जानमा ।
साथै लागि गए ति यादवहरू ❋ श्रीद्वारिका-धाममा[6] ॥

(२८)

बस्नू भो हरि साथ अर्जुनजिका ❋ त्यै पाण्डवी राज्यमा ।
केही काल पछी कुमार हुन गो ❋ पैदा सुभद्राजिमा ॥
भाञ्जाको सब जात-कर्म कहिने ❋ संस्कार गर्ने जती ।
गर्नू भो भगवानले उहिं रही ❋ आनन्द मानी अती ॥

१ दासी। २ नयाँ। ३ दुलही। ४ कुरा। ५ भाँडा-कुँडा। ६ यादवहरूका राजधानीमा।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(२९)

नाऊँ श्रीअभिमन्यु पो रहन गो ❋ राम्रो थियो बालक ।
लागे पालन गर्नलाइ शिशुको ❋ माता - पिताले तब ॥
पाँचै पाण्डव तर्फका सुतहरु ❋ ती द्रौपदीमा पनी ।
पाँचै पुत्र भए क्रमै सित गरी ❋ राम्रा बहूतै बनी ॥

(३०)

नाऊँ हो प्रतिविन्ध्य एक सुतको ❋ दोश्रो सुत श्टोम भो ।
तेस्रो हो श्रुतकर्म फेरि अरको ❋ चाहीं शतानीक पो ॥
पाँचौं पुत्र भयो श्रुताशन भनी ❋ खुब् हृष्टपुष्टै[1] थिए ।
यस्ता रित् संग कीर्ति दौलत अनी ❋ सन्तान बढ्दै गए ॥

(३१)

छन् है पाण्डव पाँच भाइहरु ती ❋ आदर्श राजाहरू ।
कीर्ती सम्पति वीरता र यशमा ❋ क्वै छैन तिन् झैं अरू ॥
तिन्मा धार्मिकता र सत्यव्रतता ❋ खूबै छ है साहस ।
भन्थे चार दिशा विषे सब जना ❋ गाएर तिन्कै यश ॥

खाण्डव-वन-दहन

(१)

जाऊँ डुल्न भनेर मन् सुब गरी ❋ प्यारा सँगी पार्थ ली ।
सोझै खाण्डव-प्रस्थ एक दिनमा ❋ जानू भयो श्री हरि ॥
बग्थिन् श्री यमुना नदी समिपमा ❋ रेती[2] थियो तीरको ।
हुन्थ्यो कल्कल शब्द चित्त हरने ❋ बग्दा हुँदी नीरको[3] ॥

(२)

दूवै मित्रहरू बसेर तटमा ❋ खेली रहेका थिए ।
बूढा ब्राह्मणले गएर नजिकै ❋ हाँसेर बोल्दा भए ॥
हे कृष्णार्जुन हो ! हुताशन[4] म हूँ ❋ रोगी सरीको बनी ।
आएको छु सहायता हजुरको ❋ मिल्ला कि ऐले भनी ॥

---

१ मोटा-घाटा । २ वालुवाको मैदान । ३ पानीको । ४ अग्नि देवता ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(३)

राजा श्वेतकि[1] बाट यज्ञ हुन गो ❋ पूरा शताब्दी[2] भरी।
खानाले घृत[3] खुब् मलाइ हुन गो ❋ ऐले अजीर्ण[4] सरी॥
घीऊ हुन्छ गरिष्ठ चीज बहुतै ❋ तस्मात् न भै पाचन।
मेरो जीउ गह्रौं भयो मुँडि दुख्यो ❋ खोज्छू दवाई[5] कन॥

(४)

यो हो खाण्डव यै समान बन ता ❋ पाइन्न काहीं पनी।
याहीं औषधिका जडी बहुत् छन् ❋ उम्रेर पुष्टै बनी॥
धेरै जङ्गलि जीव-जन्तुहरु छन् ❋ खाएर तागत् दिने।
तस्मात् खान मिलोस् मलाइ बन यै ❋ कुन् अन्य[6] खोजी लिने !॥

(५)

राखेको सुर - राजले विपिन हो ❋ मानू जगेडा सरी।
रक्षा यस् कन गर्छ तक्षक सधैं ❋ ठूलो परिश्रम् गरी॥
कैले क्यै गरि लाग्न गो बन विषे ❋ काहीं डढेलो यदि।
बर्षाई जल इन्द्रले सहजमा ❋ राखिन्छ डढ्नै न दी॥

(६)

यस्तो हो र सहायता म अहिले ❋ खोज्दैछु पाए हुँदी।
आगो लाग्न गई बनस्थलि विषे ❋ सम्पूर्ण पोल्थें कुदी॥
के आज्ञा गरि बक्सिइन्छ यसमा ❋ एती भनेको सुनी।
लागे अर्जुन भन्न अग्नि सित पो ❋ केही मनैमा गुनी॥

(७)

यस्का लागि त शस्त्र-अस्त्र रथ फेर् ❋ घोडा धनुर्बाण ई।
चाहिन्छन् बढिया न - टूटि रहने ❋ ठोक्रो अमोघै भई॥
सक्नू हुन्छ दिनै भने हजुरले ❋ रक्षार्थ सामू परी।
सक्थें रोक्न म इन्द्र - तक्षक दुवै- ❋ लाई सजीलै गरी॥

(८)

खूशी भै कन अग्निले तब भने ❋ भन्नू भएका जती।
ल्याई दिन्छु हजूरलाई ति सबै ❋ ढीलो न लाई रती॥
भन्दै लोप भई गए बरुण थ्यैं ❋ ती अग्नि चाँडो गरी।
माँगी श्रीजलदेव सीत सब थोक् ❋ ल्याएर देखा परी॥

२ एक राजाको नाम। २ एक सौ वर्ष। ३ घीऊ। ४ नपच्ने रोग। ५ औषधी। ६ अर्को।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(९)

दीए अर्जुनलाई गाण्डिव-धनू ❋ अक्षय्य ठोक्रो[1] पनी ।
साथैमा रथ सो कपिध्वज[२] दिए ❋ घोडा समेत्का अनी ॥
श्रीकृष्णार्जुन अग्नि देखि बहुतै ❋ खूशी हुनू भो अनी ।
आज्ञा बक्सनु भो गई बन सबै ❋ पार्नोस्न् भस्मै भनी ॥

(१०)

सुनेर तिनका कुरा झट तयार भै पावक[३] ।
पसे वन विषे गई अलिकती नमानी धक ॥
भयङ्कर स्वरूप ली दहन[४] गर्न लागे जब ।
चटा-चट अवाज[5] पो निसकि जान लाग्यो तब ॥

(११)

त्यहीं बन विषे थिए जति त जन्तु-जीवै पनी ।
यताउति डराउँदै तब त भाग्न लागे तिनी ॥
उसै समय पार्थले प्रबल[६] बाण हानी कन ।
भुसूनु पनि उम्कनै न दिइ मार्दथे तिन्न कन ॥

(१२)

यसो भइ समस्त ती अनलमा[७] हुमी दै गई ।
पटापटि मरी गए सहजमा खरानी भई ॥
रिसाइ कन इन्द्रले मुसल-धार वर्षा गरे ।
निभेन जब अग्नि सो मन मनै ति छक्कै परे ॥

(१३)

बचाउनु छ नाग यो नहि त मर्छ है तक्षक ।
भनेर सुर-राजले प्रकट भै अगाडी तब ॥
यि पार्थ अनि कृष्ण हुन् भनि चिनेर खूशी भए ।
म सीत वर माग्नु होस् मन विषे छ जो यै कहे ॥

१ जति बाण झिके पनि न सकिने । २ ध्वजामा श्रीहनुमानजी रहेका । ३ अग्नि देवता ।
४ पोल्न । ५ शब्द । ६ बलियो । ७ आगामा ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(१४)

प्रसन्न भइ पार्थले सुरपती[1] सँगै भन्नु भो ।
दिनोस् मकन प्रेमले हजुरले त दिव्यास्त्र पो ॥
सुनेर तब इन्द्रले कहनु भो छ इच्छा यदि ।
रिझाउ शिवलाइ लौ अनि त पाउला त्यै तिमी ॥

(१५)

दिएर यहि सूचना अनि त इन्द्र जानू भयो ।
समस्त बन अग्निले अनि पछी जलाऊनु भो ॥
प्रसन्न भइ अग्निले लिइ बिदा शुभाशीष दी ।
प्रयाण[2] गरियो छिटै अनल-लोकको[3] मार्ग ली ॥

(१६)

जली नमरने त्यहाँ सब छ प्राणि जम्मा थिए ।
चराहरु त चार ती ऋषिकुमारहेरू भए ॥
भयो गिनती पञ्चम मय भनी कुनै दानव ।
छ भन्नु त्यहिं अश्वसेन सरप हो रहेको तब ॥



मयले कृष्ण र अर्जुनलाई विन्ती चढाउनु ।

(१७)

गएर मयले भने नजिक पार्थलाई त्यहाँ ।
बचाइ दिनु भो प्रभो ! हजुरले मलाई यहाँ ॥
तसर्थ उपकार कुन् गरूँ मलाइ आज्ञा हवस् ।
म शिल्पि हुँ हजूरले मकन एहि जानी लिनोस् ॥

१ देवताका मालिक इन्द्र । २ जानुभयो । ३ अग्निलोकको ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(१८)

तुरुन्त अनि पार्थले दिनु भयो यही उत्तर।
मलाइ त अभाव क्यै पनि त छैन हे दानव ! ॥
गएर हरिलाइ पो तिमि सुध्याउ जाउ अब।
जसो मरजि हुन्छ त्यै गर तिमी उही माफिक ॥

(१९)

हुकुम् प्रभुजिको भयो मय ! तिमी यही प्रस्थमा।
सभा - भवन एक लौ रच अपूर्वको सृष्टिमा ॥
त्रिलोक भरिमा जउन् छइन वस्तु त्याहीं रहोस्।
युधिष्ठिर-निमित्त हो यहि बुझर अद्भुत् बनोस् ॥

(२०)

आज्ञा सुनेर हरिको बहुतै रमाई।
नम्रै भएर कर-बद्ध समेत् गराई ॥
बिन्ती गरे ति मयले उहि बीच माहाँ।
रच्छू सभा-भवन खाण्डव-प्रस्थ माहाँ ॥

* इति आदिपर्व समाप्त *

सबै किसिमको पुस्तक पाइने ठेगाना
बाबू माधवप्रसाद शर्मा
पो० बा० १००६,
के २३।११९, वाराणसी-१

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

* श्रीः *

महाभारत-सभापर्व

* मङ्गलाचरण *

(१)

सभापर्व हवस् पूर्ण ति हुन् पूर्ण गराउने ।
भीमलाई इशारा दी जरासन्ध मराउने ॥

(२)

सोधे श्री जनमेजयै नृपतिले * सुन्ने इरादा धरी ।
वैशम्पायन जी ! बताउनु हवस् * विस्तार राम्रो गरी ॥
भै गो यज्ञ उ राजसूय कसरी ? * ती पाण्डवैको अनी ।
साथै कौरवका विरोध किन भो ? * आफन्त हुन् ती पनी ॥

(३)

जूवामा सब थोक हारि बनमा * कुन् रीतिले पाण्डव ।
जानू भो यहि सुन्न मन् सुब भयो * आज्ञा गरीयोस् अब ॥
यस्तो नम्र कुरा सुनेर खुशि भै * भन्छन् ऋषीले पनी ।
हे सम्राट् ! सब बिन्ति गर्छु अहिले * यस्तो भएथ्यो भनी ॥

(४)

रच्छू खाण्डव-प्रस्थमा अब सभा * एती भनेथे जसै ।
श्रीकृष्णार्जुन साथमा मय लिई * फर्के शहर्मा तसै ॥
साथै तीन जना युधिष्ठिरजिका * चौंडे नजिक्मा गए ।
यस्ले दिव्य सभा बनाउँछ भनी * विस्तार गर्दा भए ॥

(५)

खूशी खूब भई युधिष्ठिरजिले * गर्नू भयो आदर ।
आज्ञा भै हरिको गएर मयले * रोजे भुमी[1] सुन्दर ॥
फेरी अर्जुनले अनेक द्विजमा * सुन् - चाँदि दानै दिए ।
चौतर्फी अयुतै[2] त हात पृथिवी * हेरेर नापी लिए ॥

१ जमीन । २ दशहजार ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्रीकृष्ण विदा भई द्वारिका पुरी तिर जानु

(१)

जाने सुर् गरि द्वारिका तिर हरी ❋ हुन्छु विदा पो भनी।
जानू भो दरबारमा फुपु जहाँ ❋ कुन्ती रहन्थिन् तिनी॥
माग्नू भो हरिले बिदा र फुपुले ❋ दीइन् बिदा त्यै घरी।
बैनी भेट्न भनेर पार्थ - गृहमा[1] ❋ पस्नू भयो श्रीहरी॥

(२)

जान्छू बैनि ! म ता भनेर हरिले ❋ भन्नू भएको सुनी।
बर्-बर् आँसु गिराउँदी नजिक गै ❋ भन्छिन् सुभद्रा अनी॥
दाज्यै ! भेट हुनेछ फेरि कहिले ❋ हामीहरूको पनी।
मेरो याद सदा रहोस् हजुरकी ❋ यौटी छ बैनी भनी॥

(३)

बिर्सूला कसरी म बैनि ! सहजै ❋ तिमूलाई एती भनी।
निस्की बाहिर धौम्यका नजिकमा ❋ आए प्रभूजी[2] अनी॥
गर्दै दर्शन धौम्यलाइ अनि फेर् ❋ हूँदै बिदा त्यै घरी।
आए द्रौपदिलाइ भेट्न भगवान् ❋ प्रीती मनैमा धरी॥

(४)

वार्ताले खुशि पारि द्रौपदि बिदा ❋ मागेर जान्छू भनी।
पाल्नू भो हरि भीम-अर्जुन थिए ❋ जाहाँ बसेका पनी॥
देखी कृष्णजिलाइ स्वागत गरी ❋ ऊठी प्रणामै गरे।
आई कृष्णजिले प्रसन्न मनले ❋ बाहू[3] दुवैको धरे॥

(५)

जाने साइतमा सबै सित मिली ❋ राम्रो रथैमा चढी।
ताहीं विप्र - समाजलाइ दिनु भो ❋ स्वर्णादि दानै गरी॥
पाँचै भाइ गए सँगै रथ चढी ❋ क्यै दूर जाऊँ भनी।
कोशै तीन सँगै गएर हरिका ❋ फर्के ति दिक्दार् बनी॥

---

१ अर्जुनको घरमा। २ कृष्णजी। ३ हात।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(६)

पुग्नू भो हरि द्वारिका-पुरि विषे ❋ शोभा बहुतै भयो ।
चिन्ता जुन् यदुवंशिका हृदयमा ❋ थीयो सबै गै गयो ॥
बाबू दाज्यु र माइका चरणमा ❋ पर्नू भयो श्रीहरि ।
देखी कृष्णजिलाइ ती खुशि भए ❋ ठूलो भरोसा धरी ॥

मयले पाण्डवका लागि रत्न-जडित सभा बनाउनु

(१)

भन्दो भो मयले ति पार्थ कन ता ❋ अत्यन्त नम्रै बनी ।
कैलासाचल[1] देखि उत्तर गिरी[2] ❋ मैनाक भन्ने छ नी ॥
त्याहीं बिन्दु-सरोवरै छ पहिले ❋ मैले श्रमैले गरी ।
यौटा दिव्य - सभा रचें मणि-हिरा ❋ मोती र पन्ना जडी ॥

(२)

वृष्पर्वा[3] कन त्यै सभा रचि दिएँ ❋ मैले निकै काल भो ।
नाशीए जब दानवादि उ सभा ❋ एक्कासि गिर्दो भयो ॥
त्यस्कै ता मणि-मोति-रत्नहरु छन् ❋ खम्बा सुनैका पनी ।
राखेको छु त्यहीं कुनै समयमा ❋ लाग्नन् इ कामै भनी ॥

(३)

ताहीं एक गदा छ ठोस[4] सुनको ❋ ठूलो बनेको अनी ।
यौटा शङ्ख छ देवदत्त कहिने ❋ ऊँचा स्वरैको पनी ॥
भीमै लायकको गदा छ उहि पो ❋ सो शङ्ख चर्को भई ।
खूबै योग्य हजूरको छ बुझ्नोस् ❋ ल्याउँछु मैले गई ॥

(४)

हीराका टुकडा र माणिक मुगा ❋ पन्ना लसूनेहरू ।
ताहीं छन् कति पत्र - पुष्प सँगका ❋ सुन्का हजारौं तरू[5] ॥
ल्याउँछू सब चीज - बीज सहजै ❋ जम्मा गरी यै घरी ।
त्यै सामग्रि लिएर रच्दछु सभा ❋ अत्यन्त राम्रो गरी ॥

१ कैलास पहाड । २ पर्वत । ३ दैत्यराज । ४ गह्रौं । ५ वृक्ष ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(५)

एती बात गरी उठी मय गए ❀ ईशान तर्फै अनी ।
मैनाकाचल[1] माथि बिन्दु-सरमा ❀ पूगे दगुर्दै तिनी ॥
हीरा-माणिक आदि बाँधि गठरी ❀ शंखै गदा ली लिए ।
सुन्-चाँदीहरुका ति ईंटहरुको ❀ पोको बनाई लिए ॥

(६)

चाहिने जति वस्तु ली मय अनी ❀ फेर् इन्द्रप्रस्थै गयो ।
भेटी भीमजिलाइ खूशि मनले ❀ सुन्को गदा त्यै दियो ॥
दीयो अर्जुन थ्यैं गएर मयले ❀ त्यै शङ्ख लीनोस् भनी ।
फर्की खाण्डव-प्रस्थ कार्य उसले ❀ थाली दियो झट् अनी ॥

(७)

लाग्यो दिव्य-सभा बनाउन बसी ❀ त्यसूले हतीयार ली ।
तैयारी गरियो असंख्य मणिले ❀ घेरा जडाऊ दिई ॥
ब्रह्माको जुन हो सभा उ पनि ता ❀ त्यस्का अगाडी महाँ ।
कौनै चीज थिएन दिव्य रचियो ❀ राम्रो सभा पो वहाँ ॥

(८)

सूर्यैका सरि तेजिलो टलकले ❀ राम्रो बनेको कती ।
देख्दामा मन खैंचिने सु-रचना[2] ❀ सोही सभाको अती ॥
यौटा पोखरि पद्म[3]ले सहितको ❀ सोही सभामा रची ।
घाटैका सिंढिहेरु ता स्फटिकले ❀ तैयार पाऱ्यो सजी ॥

(९)

पानी निर्मल ठिक्क मोति सरिको ❀ राख्यो तलाऊ महाँ ।
चौतारा मणिकै थियो वरि-परी ❀ थीयो तलाऊ जहाँ ॥
पत्ता फूल र डाँठ् पनी कमलका ❀ थीए जवाहीर[4]का ।
सूनौला कछुवा र मत्स्य सुन झैं ❀ थीए तलाऊ महाँ ॥

(१०)

पक्षी जाति[5] पनी गनी नसकनू ❀ सारा जुहार्का तहीं ।
थीए बोट र वृक्ष रत्नहरुका ❀ चौतर्फि राखी दिई ॥
पानी हो कि त पृथ्वि हो नबुझिने ❀ हेर्दा चलाखी गरी ।
गिर्थे पानि विषे स्थलै सरि बुझी ❀ प्राणी भ्रमैमा परी ॥

१ मैनाक पर्वत । २ राम्रो बनोट । ३ कमल । ४ जुहारका । ५ चराको जात ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(११)

छाया शीतल खुब् दिने रुखहरू ❋ सोही सभाको पनी।
चारै तर्फ थिए सुगन्ध फुलको ❋ उड्थ्यो मिठो खुब् बनी॥
मैह्ला चौध गरी परिश्रम सभा ❋ तैयार पारी लियो।
सोझै गै मयले ति धर्म - सुतमा[1] ❋ सोही चढाई दियो॥

युधिष्ठिरादिको सभा-प्रवेश

(१)

डाकी एक हजार ब्राह्मणहरू ❋ फेर् दक्षिणा स्वर्ण[2] दी।
पैले वेद - ध्वनी गराइ उसका ❋ साथै अफीसर् लिई॥
वास्तू - पूजन फेर् गरेर नृपले ❋ सोही सभा बीचमा।
चारै भाइ लिएर गै कन बसे ❋ आनन्द मानी तहाँ॥

(२)

राजाका सँगमा असंख्य ऋषिजी ❋ गन्धर्व वीणा लिई।
विद्वान् विप्र - समाज भूपति कती ❋ आए निकै ठाँटिई॥
आए तुम्बरु यक्ष - किन्नरहरू ❋ स्वर्गाप्सरा[3] त्यै घरी।
तिन्ले नृत्य र गान खूब गरियो ❋ राम्रो लयैले गरी॥

नारद आई राजासित राजनैतिक प्रश्न गर्नु

(१)

आए नारदजी सभा - भवनमा ❋ राजा रहन्थे जहाँ।
ऊठी अर्घ्य दिएर फेरि नृपले ❋ पूजा गरे खुब् तहाँ॥
आफ्नै आसनमा बसाइ अनि फेर् ❋ ढोगेर पाऊ परी।
सोधे प्रश्न पनी छिटै कुशलको ❋ सम्मान राम्रै गरी॥

(२)

देवर्षी तब प्रीति राखि मनमा ❋ खूबै दयालू बनी।
लागे सोध्न सबै प्रजा हजुरका ❋ राजी - खुशी छन् भनी॥
सेना - नायक फेरि सैनिक[4] हरू ❋ मैह्ला पुगेकै घरी।
पाऊँछन् कि तलब् रहन्छ कि कतै ❋ बाँकी पनी क्यै गरी ?॥

---

१ राजा युधिष्ठिरलाई। २ सुन। ३ स्वर्गका अप्सराहरू। ४ सिपाही।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(३)

टक्सालमा ढुकुटी विषे महलमा ❋ मेगजिन्हरूमा पनी ।
विश्वासी-जन छन् कि कार्य गरने ❋ आज्ञानुकारी बनी ?
व्यापारी गुरु वृद्ध मानिस अनी ❋ योगीहरूमा पनी ।
राख्नू हुन्छ दया कि अन्न धन दी ❋ राजी रहुन् यी भनी ॥

(४)

डाकू चोर समातिंदा हजुरले ❋ दण्डादि तिन्मा गरी ।
रक्षा गर्नु हुँदैछ के मुलुकको ? ❋ आज्ञा हवस् यै घरी ॥
जुन् राजा यति कार्यमा चतुर भै ❋ गर्छन् रजाईं यहाँ ।
तिन्को नष्ट हुँदैन राज्य कहिल्यै ❋ यस् विश्व-संसारमा ॥

(५)

यस्तो वाक्य सुनी युधिष्ठिरजिले ❋ देवर्षिका साथमा ।
भन्नू भो करबद्ध भै ऋषिपते ! ❋ गर्दैछु त्यै चालमा ॥
योगिन् ! आर्ति मलाइ बक्सनु हवस् ❋ स्त्री वेद दौलत् अनी ।
शास्त्रै कौन प्रकारले सफल ई हुन्छन् ❋ म सोध्छु पनी ॥

(६)

यस्तो प्रश्न सुनी युधिष्ठिरजिको ❋ देवर्षि खूशि भए ।
राजालाइ बताउँछु अब भनी ❋ हाँसेर भन्दै गए ॥
अग्नीहोत्र भए श्रुती सफल भो ❋ दौलत् त दानै दिंदा ।
स्त्री हुन्छन् सफलै प्रसन्न मनले ❋ तिन् सीत भोगै हुँदा ॥

(७)

शास्त्रै ता सफलै हुनेछ नृपते ! ❋ आफू सुशीलै भए ।
बुझ्नू भो कि विचारपूर्वक गरी ❋ मैले बताई दिएँ ॥
जुन् राजा रिस तर्कना भय अनी ❋ निद्रा र आलस्यता ।
त्यागी राज्य चलाउला मुलुकको ❋ हूनेछ ठूलो उ ता ॥

युधिष्ठिरले 'यस्तै सभा कतै देख्नु भयो' भनी सोध्नु

(१)

फेरी श्री नृपती युधिष्ठिरजिले ❋ देवर्षिका साथमा ।
सोध्नू भो मन-वेगले हजुर ता ❋ पुग्नुन्छ लोकादिमा ॥
देख्नू भो कि कुनै बताउनु हवस् ❋ हाम्रो सभा झैं कहीं ?
कस्को दिव्य सभा छ हे ऋषिपते ! ❋ अत्यन्त राम्रो भई ? ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(२)

'यस्तो सोधनि[1] भो र नारद्जिले ❋ भन्नू भयो त्यै घरी ।
पृथ्वीमा कहिं छैन हे नरपते ❋ तिम्रा सभाका सरी ॥
छन् हे दिव्य-सभाहरू वरुणका ❋ देवेन्द्रका धर्मका ।
ब्रह्माका र कुबेरका म तिनको ❋ गर्छू बयान् मर्मका ॥

इन्द्रका सभाको वर्णन

(१)

राजन् ! दिव्य-सभा छ स्वर्ग बिचमा ❋ श्रीइन्द्रजीका पनी ।
आफैं इन्द्रजिले रचे उहि सभा ❋ श्रीविश्वकर्मा बनी ॥
कोशै लामु छ चारसौ अनि उँचो ❋ बिस् कोश सम्मन् भई ।
चौडा छे सय कोशको छ उ सभा ❋ उड्दैछ जाहाँ-तहीं ॥

(२)

ग्लानी[2] शोक बुढ्याइँ छैन बुझ्नोस् ❋ खुब् शान्त राम्रो भई ।
फूलैका वर[3] वृक्ष छन् वरि-परी ❋ देवेन्द्र वाहीं गई ॥
साथै आफ्नि प्रिया शची[4] कन लिई ❋ शोभा बहुतै छरी[5] ।
बस्छन् निर्मल वस्त्र पैह्रि बहुतै ❋ आभूषणादि धरी ॥

(३)

लक्ष्मी-कीर्ति-प्रभा छ खूब जिउमा ❋ देवेन्द्रका बेसरी ।
राम्रो दिव्य किरीट हुन्छ शिरमा ❋ शोभा विचित्रै गरी ॥
देवर्षी अनि सिद्ध - साध्यगण फेरु ❋ देवादिहेरू तहाँ ।
वायू मेघ तडित्[6] अरू ऋषि-मुनी ❋ बस्छन् खुशी भै जहाँ ॥

(४)

मेधा देव - गुरू[7] र राक्षस-गुरु[8] ❋ अग्नीहरू छन् जती ।
गन्धर्वादि ति चित्रसेन कहने ❋ बस्छन् छ शोभा अती ॥
गन्धर्वीहरु गाउँछन् गित खुबै ❋ नाच्छन् निकै अप्सरा ।
बस्छन् सप्त-ऋषी त्यहीं अति मिठो ❋ बोल्छन् रुखैमा चरा ॥

---

१ प्रश्न । २ खिन्नता । ३ श्रेष्ठ । ४ इन्द्राणी । ५ छरेर । ६ बिजुली । ७ बृहस्पती । ८ शुक्राचार्य ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(५)

नामै 'पुष्करमालिनी' छ जसको ❋ हिंड्ने उ आकाशमा।
यस्तो दिव्य - सभा विषे गइ बसी ❋ हेरें तमाशा वहाँ॥
भन्छू लौ यमराजको अब सभा ❋ जस्तो छ उस्तै गरी।
हे राजन्! सुनि बक्सियोस् हजुरले ❋ सानन्द एसै घरी॥

श्रीयमराजका सभाको वर्णन

(१)

छोरा हुन् रविका[1] ठुला गुणनिधी ❋ श्रीधर्म पित्री-पती॥
जस्को दिव्य-सभा छ चार शय कोश् ❋ लामू र चौडा उती।
तेजीलो रवि झैं छ गर्मि-सरदी ❋ क्यै छैन धेरै तहाँ।
बस्दामा मन खूशि हुन्छ यमको ❋ सोही सभा बीचमा॥

(२)

शोकै कत्ति हुँदैन भोक र तृषा ❋ लाग्दैन केही तहाँ।
दैवी मानुषि भक्ष्य भोज्य सब छन् ❋ तैयार हर्दम् जहाँ॥
छन् धेरै तरु[2] पो सभा - भवनमा ❋ इच्छा गरेको फल।
आफैं नै रुखबाट खस्छ सहजै ❋ टिप्छन् सबैले तल॥

(३)

ताता फेरि चिसा दुवै किसिमका ❋ पानी हुने पोखरी।
धेरै छन् मन खूशि हुन्छ मधुरो ❋ सौगन्धि[3] हावा चली॥
ब्रह्मर्षी तहिं छन् अनेक नृपती ❋ राजर्षि राजाहरू।
मान्धाता र पुरू ययाति र नहुष् ❋ राजा जति छन् अरू॥

(४)

मृत्यू काल र योगि सन्त तपसी ❋ पितृहरू फेर् अनी।
ठूला सिद्ध र कालचक्र यहिं छन् ❋ मानीस जस्तै बनी॥
गाउँछन् गित अप्सराहरु कती ❋ सोही सभामा रही।
गर्छू वर्णन् लौ सभा वरुणको ❋ वृत्तान्त सारा कही॥

---

१ सूर्यका। २ रूख। ३ बास्ना आउने।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वरुणका सभाको वर्णन

(१)

सभा वरुण्को पनि पानि[1] बीच। राम्रो बनेको छ खुबै विचित्र[2] ॥
रत्नै जडेको छ अमूल्य[3] धेरै। वृक्षादि छन् सुन्दर खुब् घनेरै[4] ॥

(२)

मैना जुरेली र सुघा मुनीयाँ। क्वैली मुजुर् सुन्चार वन्-मुनीयाँ ॥
डाँफे मुहूनाल् रुखमा बसेर। बोल्छन् मिठो बोली सदा गरेर ॥

(३)

सफेद् रङ्को छ सभा विचित्र। छन् धेर सिंहासन भित्र-भित्र ॥
रङ्-रंगका झालर[5] छन् उसैमा। जाडो न गर्मी छ उहीं बसेमा ॥

(४)

बस्छन् वरुण् 'माध्वी' लिएर साथ। रानी ति हुन् सुन्दर खुब् छ गाथ[6] ॥
सर्पादि तक्षक् धृतराष्ट्र नाग। बस्छन् सबै पन्नगका[7] समाज[8] ॥

(५)

फन् काढि श्रीखण्ड[9] लगाइ आङ्मा। बस्छन् सबै सर्प र नाग जाहाँ ॥
फेर् दैत्य राजा बलि कालखञ्ज। बाली दशग्रीव[10] सुनाम शङ्ख ॥

(६)

बस्छन् सबै दानव ठाँट पारी। भूलाइ माला मुकुटादि धारी ॥
नाच्छन् परीले पनि गीत गाई। गर्छन् वरुणको स्तुति खुब् रमाई ॥

(७)

समुद्र चारै विदिशा र गङ्गा। कालिन्दि सिन्धू अनि व्योम-गङ्गा ॥
शतद्रु गोदावरि नर्मदा जी। बैतर्नि ईरावति धेर् नदी यी ॥

(८)

समस्त तीर्थादि तलाउ झर्ना। कूवा पहाड् पर्वत विश्वकर्मा ॥
आफ्नू धरी रूप उही सभामा। बस्छन् सुशोभीत भएर जाहाँ ॥

(९)

रत्नैका पनि खानि - युक्त बहुतै ❋ राम्रा निकै पर्वत ।
बस्छन्सोहि सभा विषे वरुणको ❋ एता - उती भै स्थित ॥
मन्त्री - पुष्कर - गो भनी वरुणका ❋ छन् पुत्र - पौत्रै लिई ।
गर्छन् त्याहिं रही प्रबन्ध जलको ❋ अत्यन्त खूशी भई ॥

१ जल। २ अद्भुत। ३ दामी। ४ धेरै। ५ झल्लर। ६ शरीर। ७ सर्पका। ८ जाति। ९ चन्दन। १० रावण!

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कुबेरका सभाको वर्णन

(१)

लामू योजन सौ र योजन अनी ❀ चौडाइमा सत्तरी ।
सेतो स्वच्छ सभा छ सुन्दर अती ❀ हीरा र मोती जडी ॥
बस्नू हुन्छ कुबेरजी मुख-प्रभा ❀ उस्को छ चन्द्रै सरी ।
कैलासाचल झैं उँचा छ उ सभा ❀ टल्कन्छ सुन्कै सरी ॥

(२)

बस्ने स्थान सुवर्णको[1] छ जसमा ❀ जूहार् जडेका कती !
मीठो चल्छ बतास् सुगन्धयुत भै ❀ आनन्द दीने अती ॥
सोही दिव्य-सभा विषे शिवसखा[2] ❀ पारेर ठाँट् राजसी ।
गर्नू हुन्छ रजाइँ यक्षहरुको ❀ लीएर दैवी गती ॥

(३)

साथै एक सहस्र यौवनवती ❀ रानीहरू गद्दिमा ।
राख्नू हुन्छ कुबेरले शशिमुखी ❀ बस्छन् खुशी भै जहाँ ॥
विश्वाची अनि मिश्रकेशि र अनी ❀ रम्भा घृताचीहरू ।
नाच्छन् नित्य जहाँ बजाइकन बिन् ❀ त्यस्को बयान् के गरूँ ॥

(४)

सारा किन्नर-यक्ष फेर् ऋषी-मुनी ❀ कण्व्यादिहेरू अनी ।
साथै भूतहरू लिएर भगवान् ❀ शम्भू र गौरी पनी ॥
आफ्ना मित्र कुबेरको समिपमा ❀ बस्छन् उज्यालो गरी ।
यस्तो भारि सभा थियो भनि कउन् ❀ सक्ला बयानै गरी ॥

(५)

राजा राक्षसका वरी-परि सबै ❀ बस्ने खुशीले अती ।
बिन्ध्यै फेरि महेन्द्र पर्वतहरू ❀ संसारमा छन् जती ॥
आफ्ना पार्षदयुक्त यक्षपतिजी[3] ❀ अत्यन्त शोभा छरी ।
बस्नू हुन्छ म गै नजर् गरि लिएँ ❀ धेरै प्रशंसा गरी ॥

---

१ सुनको । २ शिवका साथी (कुबेर) । ३ कुबेरजी ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ब्रह्माजीका सभाको वृत्तान्त

(१)

भन्छन् ति देवर्षि तुरून्त ताहाँ।
ब्रह्माजिको जो छ सभा उ याहाँ—
वर्णन् गरीयोस् कसरी अहीले?
सामर्थ्य पुग्थ्यो म कनै कहीले?॥

(२)

हेर्छू ब्रह्म-सभा भनेर रविले ❋ ऊठी कुनै कालमा।
आए स्वर्ग त्यजेर पो गगनमा ❋ वायू सरी चालमा॥
मानिस्को सरि ली स्वरूप रविले ❋ हेरे सभा सो जसै।
आई हाल कहे मलाइ तिनले ❋ आनन्द मानी तसै॥

(३)

भन्थे हे रविले सभा छ विधिको ❋ द्यू-लोकको बीचमा।
देखें देख्न परन्तु हाल कहुँ के ❋ पुग्दैन शक्ती यहाँ॥
आफ्नू रूप बदल्छ एक क्षणमा ❋ सोही सभाले अनी।
ताहाँ गै कन चित्त हर्षित हुने ❋ लाग्दैन भोकै पनी॥

(४)

यस्तो वाक्य सुनेर झट्ट उ सभा ❋ हेर्नें इरादा धरी।
सोधें के गरि हेर्न पाउँछु सभा ❋ आज्ञा हवस् यैं घरी॥
आज्ञा भो रवि बाट एति सुनि ❋ झट् हज्जार वर्षै भरी।
ब्रह्माको व्रत गर्नु पर्छ तिमिले ❋ तिन्को त ध्यानै गरी॥

(५)

देखौला अनि ब्रह्मको शुभ-सभा ❋ भन्ने सुनाई यती।
पाल्नू भो निज मार्गमा रवि अनी ❋ लायी तपैमा मती॥
आएँ जल्दि हिमालयै बिच म ता ❋ फेरी विधीले गरी।
वर्षै एक हजार पो व्रत बसें ❋ चिन्ता तिनैमा धरी॥

(६)

सो मेरो व्रत पूर्ण भो र रविले ❋ खूशी भई त्यै घरी।
आए लान मलाइ साथ उ बखत् ❋ माया बहूतै गरी॥
खूशी भै म पनी रवी सित गएँ ❋ सोही सभामा जसै।
देखें दिव्य-सभा ठुलो कति भनूँ ❋ अन्दाज् नपुग्ने कसै॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(७)

जूहार्ले मणि मोतिले र सुनले ❋ हीरा र माणिक् अनी ।
पन्नाले जडि खुब् झकाझकि थियो ❋ सोही सभा बेस् बनी ॥
खम्बा छन् सब चन्द्र झैं भवनमा ❋ ज्योती छ तिन्को अती ।
सृष्टी गर्न सिपालु ब्रह्म[1] तहिं छन् ❋ जस्को छ दैवी गती ॥

(८)

छन् है कश्यप फेर् मरीचि र भृगू ❋ दत्ते पुलस्त्यैहरू ।
फेरी गौतम आदि छन् ऋषिहरू ❋ गिन्ती कती पो गरूँ ?
विद्या वायु र बालखिल्य पृथिवी ❋ ती रूप गन्धै तहाँ ।
बस्छन् फेर् रस गै अघिल्तिर उनै ❋ ब्रह्माजिका साथमा ॥

(९)

गिन्तीमा उनचास वायु सब छन् ❋ वेदादि चारै वहाँ ।
आठै अङ्ग ति वेदका पनि थिए ❋ विस्तार भन्छू यहाँ ॥
गन्धर्वादि र अप्सराहरु निकै ❋ नक्षत्रहेरू पनी ।
सत्ताईस थिए अनी ग्रहहरू ❋ राहू र भौमै[2] अनी ॥

(१०)

दिक्पालादि सुरेन्द्र जीव[3] र शनी ❋ आठै वसू देवता ।
थीए वाहिं मरुत् र शास्त्र जति छन् ❋ मानीसकै रूपमा ॥
आयुर्वेद र यज्ञ फेरि तरणी ❋ ॐकार मेधा धृती ।
प्रज्ञा बुद्धि श्रुति क्षमा यश कथा ❋ नाना थरी औषधी ॥

(११)

चारै यूग पलादि फेरि विपला ❋ मैह्ना र वर्षै अनी ।
रात्री भो दिन भो छवै ऋतु भए ❋ संवत्सरादी[4] पनी ॥
द्यौता पितृ र नाग किन्नरहरू ❋ फेर् कालचक्रै तहाँ ।
मानिस्कै लिङ्ग रूप सुन्दर बनी ❋ बस्छन् सदा ती जहाँ ॥

(१२)

प्राधा गोमति कद्रु षष्टि विनता ❋ पृथ्वी र भद्रा अनी ।
ह्री लक्ष्मी सुरभी इरा र सरमा ❋ रुद्राणि काली पनी ॥
स्वाहा कीर्ति अरुन्धती अनि पछी ❋ आशा यि देवी जती ।
बस्थे सोहि सभा विषे ति विधिका ❋ आनन्द मानी अती ॥

१ ब्रह्मा । २ मंगल ग्रह । ३ बृहस्पति । ४ साठी संवत्सरहरू ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(१३)

जड् चैतन्य समस्त सृष्टि भरिका ❁ बस्थे शरीरै धरी।
अठ्ठासी त सहस्र सिद्धहरु फेर् ❁ दैत्यादि ठूला गिरी[1] ॥
गन्धर्वँहरु अप्सराहरु सबै ❁ देवाङ्गना[2] छन् जती।
बस्छन् सोहि सभा महाँ नरपते ! ❁ शोभा कती हो कती ॥

(१४)

पृथ्वीमा यहि पो सभा हजुरको ❁ देख्छू म राम्रो अती।
ब्रह्माको त सभा छ जो गगनमा ❁ त्यै ठान्छु राम्रो कती ॥
दोस्रो छैन कुनै सभा जगतमा ❁ हे भूप ! सुन्नू भयो।
क्या बात् भव्य सभा रचेछ मयले ❁ यो चित्त खूशी भयो ॥

हरिश्चन्द्र राजाको वृत्तान्त, राजसूय यज्ञ गर्ने अति

(१)

सूनी वर्णन एति धर्मसुतले ❁ सोध्नू भयो त्यै घरी।
बस्छन् गै कन इन्द्रका सँग ऋषी ❁ कुन् कर्म याहाँ गरी ?
राजर्षी हरिच्चन्द[3]को सब कथा ❁ सुन्ने इरादा भयो।
आज्ञा होस्नू दया गरी हजुरले ❁ वृत्तान्त कस्तो छ सो ॥

(२)

हाम्रा पिता पाण्डु थिए कि ताहाँ। देवेन्द्रका साथ बताइ याहाँ ॥
भयो कि वार्ता सँगमा हजुर्को। सूनाउनोस् हे ऋषि ! हाल् उहाँको॥

(३)

राजा हरिश्चन्द्र उही सभामा। थीए भनी भन्नु भयो ति ताहाँ ॥
कुन् कार्य याहाँ गरि स्वर्गमा गै। श्रीइन्द्रका साथ बसे खुशी भै ॥

(४)

माहात्म्य तिन्को मकनै सुनाई। पीताजिको हाल् पनि क्यै बताई ॥
शङ्का-समाधान हवस् अहीले। एती कुरा बिन्ति गरें मईले ॥

(५)

भन्छन् नारदजी सुनेर इ कुरा ❁ राजाजिका साथमा।
हे राजन् ! हरिचन्द्रको सब कथा ❁ विस्तार गर्छू यहाँ ॥
सम्राट् श्री हरिचन्द्र ये धरणिमा[4] ❁ थीए प्रतापी अती।
सप्त-द्वीपहरू जिते रण गरी ❁ जस्ले बताऊँ कती ॥

१ पहाड। २ देवताका आइमाई। ३ हरिश्चन्द्र। ४ पृथ्वीमा।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(६)

सारा पृथ्वि जितेर भूपतिहरू ❀ आफ्नू अधीनै गरीं ।
तिन्ले यज्ञ त राजसूय गरियो ❀ धर्मैं विषे चित्त दी ॥
माग्ने याचकलाइ चौबर गरी ❀ द्रव्यादि[1] दिन्थे तिनी ।
लाखौं कोटि असंख्य द्रव्य व्यय[2] भै ❀ यज्ञै पुरा भो अनी ॥

(७)

होमैमा रहि विप्र कार्य गरने ❀ जो-जो नियुक्तै[3] थिए ।
तिन्लाई नृपले त द्रव्य दछिना ❀ रत्नादि धेरै दिए ॥
यज्ञैलाइ समाप्त पारि वहुतै ❀ कीर्ती भयो लोकमा ।
आधा आसन इन्द्रको मिलि गयो ❀ जाँदा हुँदी स्वर्गमा ॥

(८)

जस्ले गर्दछ 'राजसूय' भवमा ❀ राज्यादि त्यस्ले गरी ।
बस्ला आखिर इन्द्रका सँग रही ❀ खूबै मगन्मा परी ॥
युद्धैमा कि लडेर मर्दछ भने ❀ आफू अगाडी सरी ।
त्यस्ले पाउँछ इन्द्रलोक नृपते ! ❀ के हुन्छ विस्तार् गरी ? ॥

(९)

राजन्! इन्द्र-सभा विषे नृपति जो ❀ तिम्रा पिताजी थिए ।
मेरो भेट भयो र तिन् सित अनी ❀ वार्तादि केही भए ॥
भन्थे पाण्डुजिले मलाइ उ बखत् ❀ देखेर नम्रै बनी ।
पाँचै पाण्डवलाइ भन्दिनु यही ❀ भन्थे पिताले भनी ॥

(१०)

छौ भाई तिमि पाँच पाण्डवहरू ❀ तिम्ले अगाडी सरी ।
जित्नू पर्दछ पृथ्विलाई नृपती ❀ सारा अधीनै गरी ॥
राजाहेरु सबै जिती कर[4] लिई ❀ आएर फेर् राज्यमा ।
गर्नू पर्दछ राजसूय कहिने ❀ त्यै यज्ञ पो पृथ्विमा ॥

(११)

सोही यज्ञ गर्‍यौ भने म पनि फेर् ❀ मेरा पिताले पनी ।
राजा श्रीहरिचन्द्र झैं सुरपती ❀ जीका[5] सँगाती बनी ।
देवेन्द्रै सँग अर्ध-आसन विषे ❀ पाउँदछौ वास पो ॥
भन्थे सोहि भनूँ भनेर नृपते ! ❀ आएँ यहीं सुन्नु भो ! ॥

१ धन । २ खर्च भएर । ३ खटाइएका । ४ तिरो । ५ देवताका राजा इन्द्रको ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(१२)

राजन् ! पाण्डुजिले भने जति गरी ❋ पैले लडाँई गरी ।
लेऊ लौ कर भूपतीहरु सबै ❋ आफ्ना अधीनै गरी ॥
गर्नू फेर् पछि राजसूय कहिने ❋ त्यै यज्ञ एती गरे !
प्राप्तै हुन्छ अवश्य इन्द्रपुरिमा ❋ इन्द्रासनै पो भरे[1] ॥

(१३)

ठूलो यज्ञ छ राजसूय गरदा ❋ आएर बेताल[2] ती ।
ब्रह्मैराक्षस[3] आदिले अघि सरी ❋ खोज्छन् त छिद्रै कती ॥
छिद्रै पाइ ति यज्ञ नष्ट गरछन् ❋ त्यस् निम्ति विद्वान्हरू ।
डाकी यज्ञ गराउनू उचित हो ❋ विघ्नै न आवस् बरू ॥

(१४)

क्षत्रीको कुल[4] नष्ट पार्न सकने ❋ ठूलो लडाँई पनी ।
कैले ता परिजान्छ आपस महाँ ❋ बुझ्नोस्न साँचो भनी ॥
रक्षा ख़ुब् गरि चार वर्ण[5]हरुको ❋ सोची विचारे गरी ।
त्यै यज्ञै बिच हात हाल नृपते ❋ शान्ती मनैमा धरी ॥

(१५)

बीदा देउ म द्वारिकापुरि तिरै ❋ जान्छू कुनै कामले ।
होस् कल्याण सु-उन्नती पनि हवस् ❋ तिम्रो ठूलो नामले ॥
यस्तो आशिष दी ऋषी हिंडी गए ❋ आकाशगामी[6] बनी ।
भाईका सँगमा युधिष्ठिरजिले ❋ क्यै भन्न लागे अनी ॥

युधिष्ठिरले बन्धुवर्ग तथा श्रीकृष्णसँग सल्लाह गर्नु

(१)

गर्नू पर्दछ राजसूय भनि यै ❋ चिन्ता लिई चित्तमा ।
बस्थे राज्य चलाइ धर्म-सुतले ❋ खुब् न्यायका चालमा ॥
यस्तो रीति गरेर राज्य गरदा ❋ दौलत् निकै वृद्धि भो ।
गाई बढ्न गए सबै मुलुकमा ❋ घ्यू-दूध सस्तो भयो ॥

१ आखिरमा । २ भूत । ३ राक्षस । ४ वंश । ५ चार जात । ६ आकाशमा हिड्न सक्ने ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(२)

गर्दा राज नरेन्द्र धर्म-सुतले ❋ वर्षा बखत्‌मा भई ।
खेती-पाति असल् भएर दुनियाँ ❋ बस्थे खुशी नै भई ॥
आफ्नू काम गरेर रैति र प्रजा ❋ सारा सुखी भै गए ।
चोरी फेरि डकैति बन्द हुन गै ❋ चिन्ता सबै गै गए ॥

(३)

आज्ञा गर्नु भयो युधिष्ठिरजिले ❋ भाई र मन्त्री कन ।
इच्छा लाग्दछ राजसूय गर्ने ❋ के भन्दछौ लौ भन ॥
आज्ञा यो सुनि बन्धुवर्गहरुले ❋ मन्त्रीहरूले पनी ।
बेस् हो यज्ञ शुरू[1] हवस् नरपते ! ❋ भन्दा भए फेर् अनि ॥

(४)

यस्तो वाक्य सुनेर बन्धुहरुको ❋ डाकेर विद्वान्‌हरू ।
एही प्रश्न गरे ति धर्म-सुतले ❋ केही नबोली अरू ॥
बिन्ती शीघ्र गरे सबै ति ऋषिले ❋ त्यो यज्ञ गर्ना कन ।
योग्यै छौ गर राजसूय तिमिले ❋ सम्राट् सरी भै कन ॥

(५)

यस्तो आशय[2] पाइ धर्म-सुतले ❋ श्रीकृष्णका साथमा ।
अर्ती लीनु असल् भनेर यहि पो ❋ सोची लिए चित्तमा ॥
डाकी दूत ति इन्द्रसेन कन ता ❋ श्रीकृष्ण ल्याऊ भनी ।
आज्ञा एति दिंदा तुरुन्त ति गए ❋ जान्छू प्रभो ! लौ भनी ॥

(६)

पूगी दूत ति द्वारिका नगरिमा ❋ श्रीकृष्णजी थ्यैं गई ।
डाक्नू हुन्छ भनी युधिष्ठिरजिले ❋ बिन्ती चढाए तहीं ॥
अन्तर्यामि[3] स्वयं[4] थिए र भगवान् ❋ सोही रथैमा चढी ।
पाल्नू भो अनि इन्द्रप्रस्थ पुरिमा ❋ भेट् गर्छु जाई भनी ॥

(७)

देखीयो रथ कृष्णको र दुगुरी ❋ श्रीपार्थ आफैं गई ।
ल्याए, सोहि सभा विषे हरि कनै ❋ अत्यन्त खूशी भई ॥
राजाले[5] सँग भीमले र अरुले ❋ गर्दा भए दर्शन ।
पाल्नू भो हरि मान्नु पर्दछ भनी ❋ कुन्ती फुपू भेटन ॥

१ थालियोस् । २ विचार । ३ सबैका मनको कुरा जान्ने । ४ आफैं । ५ युधिष्ठिरजीले ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(८)

भेटी कुन्तीजिलाइ क्यै घरि महल् ❋ बीचै रही श्रीहरी।
पाल्नू भो उहि झट् सभा-भवनमा ❋ बस्ने इरादा धरी॥
देखी कृष्णजिलाइ धर्म-सुतले ❋ सिंहासनैमा धरे।
सामग्रीहरु ल्याइ जल्दि हरिको ❋ पूजा विधिले गरे॥

(९)

जोरी हात दुवै युधिष्ठिरजिले ❋ बोली मधूरो गरी।
लागे भन्न म राजसूय गरछू ❋ सल्लाह पाऊँ हरी!॥
मेरा बन्धु र फेर् कुटुम्बिहरु ता ❋ लौ इच्छ गर्नौस् भनी।
भन्छन् हे प्रभु! अर्ति पाउँ अहिले ❋ जो गर्नु पर्ने पनी॥

श्रीकृष्णले पैले जरासन्ध-वध गर भन्नु

(१)

सुनी यस्तो वाणी[1] खुशि भइ हरीले पनि तहाँ।
दिई बक्स्यो अर्ती मख[2] गरनु योग्यै छ त यहाँ॥
सबै राजालाई निज अधिनमा पार्छ जसले।
उसैले सो गर्ला करहरु[3] लिई आफ्नु यशले॥

(२)

राजाहेरु बहूत छन् पृथिविमा ❋ जसका उपर् यस् घरी।
सम्राट् भै कन बस्छ वीर छ जरा- ❋ सन्धै भनेको अरी[4]॥
राजामा शिशुपाल भो सुबल भो ❋ फेर् दन्तवक्रै अनी।
राजा छन् भगदत्त हात्ति जसको ❋ साह्रै अजङ्को छ नी॥

(३)

सम्राट् मानि जरासुतै कन कबै ❋ राजा - रजौटाहरू।
त्यसकै आधिनता लिएर हिंडछन् ❋ धेरै कुरा के गरूँ?
छन् एकै नृप कुन्तिभोज भनिने ❋ मामा ति तिम्रा भई॥
राख्छन् प्रीति तिम्रहेरु सीत तिनिले ❋ आफ्ना शहर्मा रही॥

---

१ बोली। २ यज्ञ। ३ राजाले लिने पैसा। ४ शत्रु, दुश्मन।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(४)

नाऊँ हो पुरुषोत्तमै नृपति हो ❋ चन्देरिको यस् घरी ।
आफूलाइ त कृष्ण ठान्छ उसले ❋ ठूलो घमण्डै गरी ॥
हातैमा लिइ शङ्ख, चक्र, नकली ❋ ठूलो चरोमा चढी ।
हिंड्ने त्यो छ म वासुदेव हुँ भनी ❋ मेरै त नक्कल् गरी ॥

(५)

पैले कोहि बखत् लडी जिति लिएँ ❋ मैले र भागी गयो ।
ऐले ता उहि दुष्ट पो मगधको[1] ❋ राजा तरफ्को भयो ॥
सम्राट् मानि लियो जरासुत[2] कनै ❋ आफू भई चाकर ।
हाम्रो बैरि बनी रहेछ भगुवा ❋ लीएर ठूलो रिस ॥

(६)

भाइ भीष्मकको पराक्रमि निकै ❋ राजा छ जुन् आकृति[3] ।
चेला हो उ त परशुराम ऋषिको ❋ सामर्थ्य राख्ने अती ॥
आफ्नू मान भुलेर आज उ पनी ❋ ऐले जरासन्धको ।
गर्दै चाकरी बस्छ सेवक बनी ❋ कस्तो त आश्चर्य यो ! ॥

(७)

भोजैका कुलका अठार नृपती ❋ उत्तर् - दिशाका थिए ।
भागी पश्चिम तर्फमा सब तिनी ❋ लूकेर बस्दा भए ॥
भाग्ने कारण के भने डर त हो ❋ सोही जरासन्धको ।
सम्राट् मान्नु पऱ्यो र पो तिनि गए ❋ भागेर अन्यत्र[4] पो ॥

(८)

छोरो कंस ति उग्रसेन नृपको ❋ नीकै प्रतापी थियो ।
त्यसले अस्ति र प्राप्ति नाम दुइटी ❋ नारी बिहा पो गऱ्यो ॥
पुत्रीहेरु ति हुन् जरासुतजिका ❋ माग्यो र दीनै पऱ्यो ।
साह्रै शेखि लिई कुटुम्बहरुको ❋ नाशै विषे दिल् दियो ॥

(९)

दाज्यू श्री बलरामलाइ सँग ली ❋ त्यै कंसको ज्यान् लिएँ ।
कंसैका ति कुटुम्बलाइ अनि फेर् ❋ रक्षा गराई दिएँ ॥
ज्वाँई मारि दियो भनेर रिसले ❋ साथै ठुलो सैन्य ली ।
आयो लड्न भनी जरासुत अनी ❋ साम्ने मुहूडा त दी ॥

१ षटनाको । २ जरासन्ध । ३ एकराजाको नाम । ४ आफैं ठाउँ मा ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(१०)

आयो सैन्य समुद्र तुल्य[1] मथुरा[2] ❀ हान्ने इरादा गरी।
सो संवाद मलाइ प्राप्त हुन गो ❀ मैले बसाईं सरी॥
सोझै पश्चिम गै कुशस्थलि[3] विषे ❀ किल्ला[4] बनाई लिएँ।
खाली सो मथुरा गरी उ नगरी ❀ मैले बसाईं दिएँ॥

(११)

थीयो रैवत नाम पर्वत ठुलो ❀ हाम्रो नजीकै अती।
टाकूरा[5]हरु खूब सुन्दर थिए ❀ गिन्ती गरे तीन ती॥
के राम्रो हरियो वनस्थलि थियो ❀ हामीहरुले गई।
खेल्थ्यौं त्याहिं शिकार मिर्गहरुको ❀ अत्यन्त खूशी भई॥

(१२)

मेरो आशय भन्दछू नृप! सुन्यौ ❀ सम्राट् हुने गुण् जती।
देख्दैछू तिमिमा र यज्ञ गरनू ❀ ठान्छू असल् भूपती!॥
यौटा बाधक[6] भो जरासुत फगत् ❀ त्यस्लाइ मारी यहाँ।
गर्नू पर्दछ राजसूय सबका ❀ सामू अगाडी महाँ॥

(१३)

आफ्ना शत्रु जिती जरासुत पनी ❀ ऐले प्रसन्नै छ सो।
कोही छैन म झैं भनेर उसको ❀ शेखी बहूतै भयो॥
जीतेका नृप-वृन्दलाइ उसले ❀ राखी गुफा बीचमा।
थूनेको छ असङ्ख्य भूपतिहरू ❀ छन् ती बसेका त्यहाँ॥

(१४)

शिवार्थ[7] यौटा मख[8] रुद्रयाग[9]। गर्ने छ इच्छा बलिदान साथ॥
राजा जती छन् थुनुवा अहीले। तिन्लाइ मार्ने छ पछी कहीले॥

(१५)

तेजैमा बलमा पराक्रम विषे ❀ फेर् सैन्यमा यस् घरी।
सामर्थी छ उही जरासुत ठुलो ❀ बस्छन् सबै डर् गरी॥
त्यस्के डर् लिइ यादवादिहरुका ❀ साथै म आफैं पनी।
आधारै लिइ सिन्धुको[10] गइ बसें ❀ द्वारावतीमा पनी॥

---

१ बराबर। २ यादवको राजधानी। ३ कुनै स्थानको नाम। ४ गढो। ५ शिर।
६ बीचको छेस्का। ७ शिवजीका लागि। ८ यज्ञ। ९ यज्ञको नाम। १० सागरको।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(१६)

गर्नै पर्दछ राजसूय पहिले ❋ मारी जरापुत्र त्यै।
राजा छन् थुनुवा जती सकलको ❋ मुक्ती गराई छिटै॥
एती कार्य पुरा हवस् त नृपते ! ❋ सो यज्ञ गर्नोस् यहाँ।
एती कार्य नहोस् त विघ्न परला ❋ हुन्नेछ पूरा कहाँ ?॥

(१७)

बुद्धीले जुन बात ठीक हुन गो ❋ सोही बमोजिम् गरी।
जो भन्नू परने भनें यहि बखत् ❋ प्रीती मनैमा धरी॥
आफ्नू चित्त सँगै सलाह गरिल्यौ ❋ सोही छ जाती यहाँ।
सुन्नू पो अरुको परन्तु मनको ❋ गर्नू छ योग्यै यहाँ॥

युधिष्ठिर, भीम र कृष्णजीको सल्लाह

(१)

आज्ञा एति सुनेर कृष्ण प्रभुको ❋ सोची विचारी अनी।
लागे बोल्न ति धर्मपुत्र अनि फेर् ❋ बिन्ती म गर्छू भनी॥
सम्राट्को पदवी लिनू छ मइँले ❋ उद्योग ठूलो गरी।
जीती लिनु पर्‍यो सबै नृपहरू ❋ रणमा अगाडी सरी॥

(२)

पृथ्वी पूर्ण छ रत्नले तर पनी ❋ ठूलो छ साह्रै मही[1]।
राजा छन् बहुतै विदेशहरुमा ❋ बस्छन् बलीया भई॥
हामीले रण पो गर्‍यौं यदि भने ❋ खोलो रगत्को बही।
मर्नन् प्राणि असङ्ख्य व्यर्थ अहिले ❋ त्यस् निम्ति चूपै रही॥

(३)

बस्नू योग्य छ शान्ति-रक्षण गरी ❋ रोकेर इच्छा यहाँ।
डर् लाग्यो म कनै जरासुतजिको ❋ सुन्दा कुरा चित्तमा॥
थीयो आश मलाइ भर् अति ठुलो ❋ यै चित्तमा नाथको[2]॥
त्यस्कै पो डरले हजुर् लुकनु भो ❋ हे कृष्ण ! कुन् बात हो ?॥

१ पृथिवी। २ हजूरको।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(४)

पार्थै भीम हजुर् र फेरि बलजी[1] ❋ कस्ले अगाडी सरी ।
सक्नन् मार्न जरासुतै कन प्रभो ! ❋ आज्ञा हवस् यै घरी ॥
भन्छन् भीम कुरा सुनेर नृपका ❋ उद्योग गर्दा हुँदी ।
कस्तै काम पनी पुरा सहजमा ❋ भै जान्छ हे भूपती ! ॥

अर्जुनले आफ्नू विचार प्रकट गर्नु

(१)

यस्तो वाक्य सुनी वृकोदर[2] जिको ❋ भन्छन् ति राजा[3] अनी ।
आफ्नू स्वार्थ[4] निमित्त पार्थ र हरी ❋ भीमादिलाई पनी ॥
मैले आज पठाउँ कुन् तरहले ❋ त्यस्का अगाडी महाँ ?
शक्तीमा र प्रतापमा उ सरिको ❋ देख्दीन यै लोकमा ॥

(२)

जस्लाई यमले पनी जिति लिनू ❋ गाह्रो छ युद्धै गरी ।
त्यस्तो भारि प्रतापि मौजुद[5] जरा- ❋ सन्धै छ हाम्रो अरी[6] ॥
हाम्रो जीत कसोरि हुन्छ ? मखको[7] ❋ इच्छा हटाई यहाँ ।
बस्नू श्रेय म देख्छु अर्जुन! सुन्यौ ❋ यै इन्द्रप्रस्थै महाँ ॥

(३)

दाज्यू श्री धर्मराज्का यहि वचन सुनी पार्थले सासु आई ।
भन्छन् हे नाथ ! ऐले किन लिनु परि गो पीर यो कष्टदायी ॥
गाण्डीवै लिन्छ जस्ले कर बिच शर छन् खुब् अमोघै भएका ।
अस्त्रैका खूब ज्ञाता भइ कन सँगमा कृष्णजी नै रहेका ॥

(४)

यस्तो वीर म भाइ छू हजुरको ❋ आज्ञा हवस् ता गई ।
मार्छू युद्ध गरी जरासुत कनै ❋ साथै हरीका रही ॥
मारी त्यस् कन बन्धनादि नृपका ❋ मैले फुकाई कन ।
आई पुग्छु र राजसूय गरियोस् ❋ खूशी बनाई मन ॥

१ बलदेवजी । २ भीमसेन । ३ युधिष्ठिर । ४ मतलब । ५ खडा । ६ वैरी । ७ यज्ञ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जरासन्धको उत्पत्ति

(१)

श्रीकृष्णले एति सुनेर ताहाँ । भन्नु भयो फेर् उहि बीच माहाँ ॥
बैरी बलीयो छ भनेर जानी । छलादि[1] गर्छन् भवमा[2] ति ज्ञानी ॥

(२)

सामू उसै सीत लडाँई गर्दा । शोभा छ हारी बरु वाहिं मर्दा ॥
जातीय[3] कामै गरी मर्नलाई । अस्सल् छ बस्छौं मरि स्वर्ग जाई ॥

(३)

जीत्यौं भने शत्रु निभाइ ताहाँ । कीर्ती लिने छौं यहि लोक माहाँ ॥
भूपादिको बन्धन फोड़ दिन्छौं । इच्छा हजुर्को पनि पूर्ण गर्छौं ॥

(४)

हेरी श्रीहरिलाइ त्यै बखतमा ❋ भन्छन् ति राजा अनी ।
कस्को पुत्र त हो जरासुत उही ❋ आज्ञा हवस् त्यो पनी ॥
सामर्थी र पराक्रमी कसरि भो ❋ सो वीर संसार मा ?
कुन् हो बाबु थियो उही अघि कहाँ ❋ आज्ञा हवस् लौ यहाँ ॥

(५)

अग्नी झैं प्रभु सीत युद्ध गरदा ❋ भस्मै खरानी बनी ।
केका लागि मरेन त्यै रण हुँदा ❋ आश्चर्य मान्छू पनी ॥
त्यस्को जन्म र वंशको सब कुरा ❋ सुन्ने इरादा भयो ।
आज्ञा होस् प्रभु बाट यादवपते[4] ! ❋ त्यस्को कहाँ जन्म भो ? ॥

(६)

यस्तो प्रश्न सुनी युधिष्ठिरजिको ❋ श्रीकृष्णजीले अनी ।
आज्ञा गर्नु भयो प्रसन्न मनले ❋ विस्तार गर्छू भनी ॥
ब्रीहद्रथ् भनि एक भूपति थिए ❋ नीकै प्रतापी तिनी ।
तिन्को राज्य थियो ठूलो मगधको ❋ सेना असङ्ख्यै पनी ॥

(७)

श्रीमान् सुन्दर देहका तिनि थिए ❋ इन्द्रै सरी तेजमा ।
थीए ती धनमा कुबेर सरिका ❋ न्यायी निकै राजमा ॥
काशी - राजजिकी सुपुत्रि दुइटी ❋ राम्रा थिए त्यस् घरी ।
तिन्कै साथ विहा गरे ति नृपले ❋ राम्रै विधिले गरी ॥

---

१ छल कपट । २ संसारमा । ३ आफ्नू जातका । ४ यादवहरूका मालिक, श्रीकृष्णजो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(८)

श्रीगङ्गा - यमुना समान दुइटी ❋ रानी हुँदा सुन्दरी ।
खुब् आनन्द गरे बृहद्बलजिले ❋ प्यारो बहुतै गरी ॥
तिन्को यौवन[1] गै गयो तर पनी ❋ सन्तान हीनै[2] रहे ।
चिन्ता सोहि लिएर ती नरपती ❋ दिक्‌दार साह्रै भए ॥

(९)

हाम्रो पुत्र हवस् भनेर नृपती ❋ यज्ञादि गर्थें अनी ।
दिन्थे दान द्विजातिमा दिन-दिनै ❋ दाता दयालू बनी ॥
यस्तै चाल गरेर केहि दिन गो ❋ पैदा नभै सन्तती ।
वंशै चल्छ कसोरि एहि पिरले ❋ बिस्मात मान्थे अती ॥

(१०)

डुल्दै देशहरू हिंडी मगधको ❋ राज्‌धानि भित्रै पसी ।
कोही वृक्ष मनी गई कन बसे ❋ श्री चण्डकौशिक् ऋषी ।
तिन्को आगमको सुनी कन खबर् ❋ राजा पनी त्यै घरी ।
दोटी रानिहरू लिएर सँगमा ❋ आए तयारी गरी ॥

(११)

सामग्रीहरु खाद्य - वस्तु बहुतै ❋ रत्नादिहेरू पनी ।
ल्याई भूपतिले ऋषी कन दिए ❋ खूशी हउन् यी भनी ॥
खूशी भै ऋषिले भने नरपते ! ❋ इच्छा छ कुन् चित्तमा ?
माँगी ल्यौ वरदान दिन्छु मइँले ❋ तिम्लाइ ऐले यहाँ ॥

(१२)

यो आज्ञा ऋषिको सुनेर नृपले ❋ आँसू नजर्मा धरी ।
लागे भन्न प्रभो ! भएन किन हो ? ❋ सन्तान कौनै थरी ॥
गै गो नाथ ! जवानि स्वप्न सरि भै ❋ सन्तानले हीन भै ।
बाँच्नू व्यर्थ म ठान्दछू पृथिविमा ❋ यस्तो दशाले सधैं ॥

(१३)

जस्को पुत्र हुँदैन एक पनि पो ❋ त्यस्को त मुक्ती[3] पनी ।
हूने छैन भनेर सज्जनैहरू ❋ भन्छन् ति जान्ने बनी ॥
मेरो पुत्र भएन जन्म हुन गो ❋ व्यर्थै सरी लोकमा ।
रूँदो नित्य मनै छ हे ऋषिपते ! ❋ हर्दम् परी शोकमा ॥

१ जवानी । २ सन्तान न भएका । ३ मोक्षप्राप्ति ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(१४)

माँगी ल्यौ वर भन्नु भो हजुरले ❋ कुन् माग्नु मैले वर !
पुत्रैको मन-कामना[1] छ प्रभुजी ! ❋ चाहिन्न कौनै वर ॥
स्वामिन् ! केहि दया छ ता यदि ❋ भने यस्को उपाये गरी ।
छोरै बक्सनु होस् ऋषे ! हजुरले ❋ यो दुःख हाम्रो हरी ॥

(१५)

देखी आग्रह[2] भूपको ऋषिजिले ❋ आँखा त चिम्ली दिए ।
सोची खूब विचारि हेरि मनले ❋ गर्दै ति मौनै रहे ॥
यस्तै औसरमा तिनै ऋषिजिका ❋ आएर झट् काखमा ।
यौटा आँप गिरी गयो रुख त्यजी ❋ देखे सबैले त्यहाँ ॥

(१६)

हातैमा लिइ आम्र[3]को फल उही ❋ मन्त्रेर केही अनी ।
दीए त्यै फल भूपलाइ ऋषिले ❋ साह्रै दयालू बनी ॥
भन्छन् फेरि ति चण्डकौशिक ऋषी ❋ राजन् ! म भन्छू यहाँ ।
देऊ रानिजिलाइ खान फल यो ❋ बाँडेर दर्बारमा ॥

(१७)

राजा-रानिहरू बिदा भइ गए ❋ दर्बारमा त्यै घरी ।
दीए आँप ति रानिहेरु दुइटी- ❋ लाई बराबर् गरी ॥
रानीले तब आँप भोजन गरे ❋ आनन्द मानी कन ।
त्यै खाँदा हुँदि गर्भ पो रहि गयो ❋ रानी दुईटी कन ॥

(१८)

दूवै रानिहरू ति गर्भिणि भए ❋ देखेर राजा पनी ।
साह्रै खूशि भए हुनेछ अब ता ❋ छोरो अवश्यै भनी ॥
ठूलो उत्सव राज्यमा हुन गयो ❋ बेला पुगेका घरी ।
आधा बालक जन्म भो दुइटिमा ❋ ठिक् अर्ध भागै सरी ॥

(१९)

यस्तो देखि ति रानिले मत गरी ❋ डाकेर धाई तहाँ ।
ती आधा दुइ भाग फालन दिए ❋ गै मूल बाटो महाँ ॥
धाईले ति दुवै टिपी कन लगी ❋ हाली पछ्यौरा महाँ ।
बाटामा धरि[4] फेरि धाइ फरकी ❋ आई ति रानी कहाँ ॥

---

१ इच्छा। २ अनुरोध, प्रार्थना। ३ आँप। ४ राखी।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(२०)

यस्तै औसरमा 'जरा' भनिइने ❋ आई त्यहीं राक्षसी।
टीपी भाग दुवै तुरुन्त उसले ❋ जोडी पथैमा[1] बसी॥
जोरीए दुइ भाग एक जिउ भै ❋ ज्यूँदो भयो बालक।
लाग्यो रून उ मेघ-गर्जन गरी ❋ फेर् राक्षसीले तब॥

(२१)

राजाकै सुत[2] हो भनी कन बुझी ❋ त्यस्‌लाइ काखूमा लिई।
आफू यौटि मनुष्य-नारि सरि भै ❋ दर्‌बार जाँदी भई॥
खोपीमा गइ रानिलाइ शिशु[3] दी ❋ हाँसेर त्यस्‌ले अनी।
भन्छे राजकुमारलाइ किन है ❋ फाल्यौ दुबाटा[4] भनी॥

(२२)

बाहुन्‌को वरदान बाट शिशु यो ❋ पैदा भएको भनी।
थाहा खुब् छ मलाइ रानिहरु हो! ❋ होला प्रतापी पनी॥
तिम्‌ले ता यसलाइ फालि बहुतै ❋ अन्याय हूने थियो।
लेऊ जीवित दिन्छु बालक यही ❋ यो पुत्र तिम्रै त हो॥

जरा-राक्षसीले आफ्नू हाल भन्नू

(१)

सोधे भूपतिले जरा सित त्यहीं ❋ आएर साम्ने महाँ।
को हौ सुन्दरि! पुत्र ल्याइ तिमिले ❋ सेवा गर्‍यौ खुब् यहाँ॥
राजाको यति बात सूनि कन झट् ❋ हाँसेर केही तहाँ।
लागी भन्न जरा म राक्षसि त हूँ ❋ जन्मैं उही वंशमा॥

(२)

ब्रह्माले गृह-देवि नाम दिनु भो ❋ राक्षस्‌नि हूँ ता पनी।
भित्तामा जसले बनाइ मुरती ❋ पुज्ने छ देवी भनी॥
वंशै वृद्धि[5] हुने छ रानिहरुले ❋ मेरो पुजा खुब् गरे।
पूजाकै फल हो प्रसन्न म भई ❋ तिम्रो विपत्ती हरें॥

१ बाटैमा। २ पुत्र। ३ बालक। ४ दोबाटो। ५ उन्नति।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(३)

एती बात गरेर चूप ति भइन् ❋ राजा र रानीहरू।
पाई पुत्र प्रसन्न बेसरि भए ❋ त्यस्को बयान् के गरूँ ?
पूजा खुब् गरि त्यै जरा कन त्यहीं ❋ फेर् हात जोरे जसै।
माँगी जल्दि बिदा जरा उठि गइन् ❋ आनन्द मानी तसै॥

(४)

जरासन्ध त्यै पुत्रको नाम राखे। सह्यारै गरी पुत्र त्यो पाल्न लागे॥
बढी चन्द्र झैं शुक्लको[1] बाल[2] सोही। भयो तेजिलो त्यो सरीछैन कोही॥

जरासन्धले राज्यप्राप्ति गर्नु

(१)

आए फेर् त्यहीं चण्डकौशिक मुनी ❋ चालू पाइ राजा पनी।
रानीहेरु दुवै लिएर नजिकै ❋ पूगे ठुला हुन् भनी॥
पैले अर्घ्य दिई पुजा गरि लिए ❋ तिन्ले ऋषीको जसै।
खूशी भै तिनिले अनी नृपतिमा ❋ क्यै भन्न लागे तसै॥

(२)

होला मुख्य पराक्रमी नरपते ! ❋ यो पुत्र तिम्रो यहाँ।
धेरै भूपतिहेरुलाइ यसले ❋ गर्ला अधीनै महाँ॥
लक्ष्मीवान् यहि पुत्र भै हजुरको ❋ होला प्रतापी अती।
पाऊला यहि दर्शनादि शिवको ❋ धेरै बताऊँ कती ?॥

(३)

एती बात भनी ऋषी हिंडी गए ❋ श्री भूपतीले अनी।
दीए राज्य कुमारलाइ[3] खुशि भै ❋ ल्यौ राज्य आफ्नू भनी॥
दूवै रानि लिई बृहद्बल गए ❋ इच्छा तपैमा धरी।
जीत्यो भूपति - वृन्दलाइ रणमा ❋ त्यस्ले अगाडी सरी॥

(४)

ठूलो त्यै दिन देखि त्यो नृप भयो ❋ संसारमा वीर भै।
मारे कंस भनी खबर् जब सुन्यो ❋ कल्प्यो निकै पीर भै॥
बैरी ठान्छ मलाइ मै पनि गएँ ❋ आफ्नू स्वदेशै त्यजी।
सिन्धू[4]मा नगरी रचेर[5] म रहें ❋ लीई कुटुम्बै जती॥

१ शुक्लपक्षको। २ केटो। ३ पुत्र (जरासन्ध) लाई। ४ समुद्रमा। ५ बनाएर।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्रीकृष्ण भीमार्जुन लिएर मगधमा जानु

(१)

वृत्तान्त एती हरिले सुनाई। भन्नू भयो फेरि ति भूपलाई॥
कुश्ती गरी मार्नु पर्छ सोही। उपाय अर्को पनि छैन केही॥

(२)

हामी तिनोटै गइ भेष् छिपाई। भेट्छौं जरासन्ध जहाँ छ जाई॥
माग्छौं जसै युद्ध उ राजि होला। यी भीम मार्नन् तब छोड्छ चोला[1]॥

(३)

पत्यार् छ मेरो यदि तीमिलाई। श्रीभीम पार्थै कन द्यौ मलाई॥
भाई दुईटै कन साथ लिन्छू। उपायले बैरि निभाइ[2] दिन्छू॥

(४)

श्रीधर्मले[3] फेर् हरिलाइ[4] ताहाँ। बिन्ती गरे भाइ दुवै त याहाँ॥
हाजीर छन् ली कन साथ माहाँ। जानू हवस् बैरि रहन्छ जाहाँ॥

(५)

यस्तो मर्जि सुनी युधिष्ठिरजिको ❋ तीनै जनाले अनी।
च्यापी पुस्तक काखिमा गइ गए ❋ ठिक् विप्र[5] जस्तै बनी॥
श्रीकृष्णार्जुन भीमले मगधको ❋ बाटो समाती लिए।
चिन्नैलाइ सकेन कोही जनले ❋ मानू ति बाहुन् थिए॥

(६)

हींडी धेर दिनै अनि मगधका ❋ साँध्मा पुगेथे जसै।
देखे 'गोरख' नाम पर्वत ठुलो ❋ तीनै जनाले तसै॥
त्यै माथी चढि ती पुगे शिखरमा ❋ वाहीं खडा भै अनी।
हेर्दा देखिन गो उही मगध पो ❋ गाई र रुख्ले धनी॥

श्रीकृष्णजीको जरासन्धसित कुरा

(१)

भन्नू भो हरिले यही नगर हो ❋ पाँचै पहाड् नामको।
शोभा खुब् हरियो छ जङ्गल हुँदा ❋ खूबै छ यो कामको॥
पैले गौतम[6]को यहीं घर थियो ❋ हावा र पानी पनी।
खुब् राम्रो छ तसर्थ रैतिहरु छन् ❋ आरोग्यताका[7] धनी॥

---

१ शरीर। २ मारिदिन्छु। ३ युधिष्ठिरले। ४ श्रीकृष्णलाई। ५ ब्राह्मण। ६ कुनै ऋषिको नाम। ७ निरोगी।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(२)

नाऊँ अर्बुद फेरि स्वस्तिक भनी ❋ ती नागराजा दुई ।
रक्षा गर्न तयार छन् नगरको ❋ बस्छन् प्रसन्नै भई ॥
राज्यै गर्दछ त्यै जरासुत यहीं ❋ सम्राट् उ आफैं बनी ।
यस्को शेखि म तोडि दिन्छु अब गै ❋ को गर्छ रक्षा अनी ? ॥

(३)

वैशम्पायन भन्दछन् यति भनी ❋ श्रीकृष्णजी त्यै घरी ।
दूवै साथि लिएर तल्तिर् झरे ❋ क्यै शीघ्रताले गरी ॥
त्याहाँ बाट हिंडी पुगे मगधमा ❋ देवेन्द्रको झैं पुरी ।
थीयो सोहि शहर् सुरम्य[1] बहुतै ❋ मानिस्हरूले भरी ॥

(४)

राजी खूशि थिए प्रजाहरु सबै ❋ मोटा र घाटा पनी ।
राम्रा वस्त्र र भूषणादि पहिरी ❋ हिंड्थे ति सभ्यै बनी ॥
तीनोटा नगरा[2]हरू त्यहिं थिए ❋ श्रीकृष्णले ती पनी ।
फोरी मार्ग लिनू भयो महलको ❋ चाँडै पुगौंला भनी ॥

(६)

यज्ञस्थान विषे समाधि सरिको ❋ ढिस्को बनेको थियो ।
त्याहीं पुग्नु भएर तोडि दिनु भो ❋ त्यस्को गजुर् जो थियो ॥
एती कार्य हुँदा भयो अपसकुन् ❋ सोही शहर्मा जसै ।
शान्ती - कर्म गरे द्विजादिहरुले ❋ आश्चर्य मानी तसै ॥

(५)

त्यहाँ बाट हिंडी सरासर सबै ❋ त्यस्का सभामा गए ।
थीयो गद्दि त्यहीं जरासुत उही ❋ गादी विषे देखिए ॥
देखी ब्राह्मणलाइ स्वागत गरी ❋ दींदा भए आसन ।
जोरी हात दुवै खडा हुन गए ❋ खूशी गराई मन ॥

(७)

भन्छन् ब्राह्मण झैं लवाइ जिउको ❋ देख्छू म सादा यहाँ ।
क्षत्रीको सरि तेज देख्छु मुखमा ❋ को हौ घरै हो कहाँ ?
जे माग्छौ उहि दिन्छु माँग तिमिले ❋ वृत्तान्त आफ्नू पनी ।
को हौ सत्य कहू[3] यती जब भने ❋ भन्छन् हरीले अनी ॥

---

१ अत्यन्त रमाइलो । २ ठूला ढोलहरू । ३ भन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(८)

हामी स्नातक[1] हौं भनेर नृपते ! ❋ जानी लिनू यस् घरी ।
गर्छन् यो व्रत क्षत्रिले पनि यहाँ ❋ त्यस् निम्ति सोही धरी ॥
क्षत्री हौं तर कार्यले समयमा ❋ हूनू पऱ्यो स्नातक ।
पाहूना भइ बैरिका मुलुकमा ❋ आयौं यहाँ बेशक[2] ॥

(९)

यस्तो वाक्य सुनी जरासुत पनी ❋ सोद्धा भए फेर् त्यहाँ ।
कस्तो कारण शत्रुता हुन गयो ❋ मेरो तिम्हेरू महाँ ?
थाहा छैन मलाइ शत्रु म कनै ❋ भन्नू भयो यस् घरी ।
सारा बात खुलस्त भन्दिनु हवस् ❋ विस्तार राम्रै गरी ॥

श्रीकृष्णले जरासन्धलाइ मार्ने उद्योग गर्नु

(१)

आज्ञा भो हरिले सुनेर इ कुरा ❋ भन्छू म हे भूपती !
तिम्लाइ छ बहूत शेखि मनमा ❋ बिग्रेछ तिम्रो मती ॥
राजाहेरु जिती बली दिन भनी ❋ थूनेर गूफा महाँ ।
राखेछौ तिमिले तिमी सरि अरू ❋ निर्मोहि होला कहाँ ? ॥

(२)

दीनै शङ्करलाइ पो नर-बली ❋ इच्छा गऱ्यौ जो यहाँ ।
सोही कारणले हुनेछ क्षय[3] पो ❋ उम्केर जान्छौ कहाँ ?
ती राजा कन छोडिद्यौ कि त भने ❋ लडने इरादा धरी ।
आऊ युद्ध गरौं परस्पर महाँ ❋ जो जान्छ जावस् मरी ॥

(३)

हामी क्षत्रिय हौं म कृष्ण बुझिल्यौ ❋ तिम्रो पुरानू अरी[4] ।
श्री भीमार्जुन दूइ भाइ यिनी हुन् ❋ सङ्साथ मेरो गरी ॥
आए माग्न लडाइँ पो तिमी सितै ❋ भेष् ब्राह्मणैको धरी ।
चाहन्छौ तिमि लड्न को सित गई ❋ ऐले अगाडी सरी ? ॥

---

१ ब्रह्मचारी । २ ठीक । ३ नाश । ४ बैरी ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जरासन्ध र भीमको मल्लयुद्ध

(१)

आज्ञा एति सुनेर ती नरपती[1] ❋ भन्दा भए त्यै घरी ।
भीमै सीत म मल्लयुद्ध[2] गरुँला ❋ सून्यौ कि तिमूले हरी ॥
पैले एति भनी जरासुत कछाड् ❋ कस्दो भयो फेर् अनी ।
भीमैले पनि झट् कछाड् कसि लिए ❋ लड्छू अवश्यै भनी ॥

(२)

पैले हात मिलाइ ठोकि कन कुम् ❋ काँध्मा दुवै हात दी ।
फेरि आङ् सित आङ् मिलाइ रिसले ❋ जोर् सीत धक्का दिई ॥
कैले ता दुइ वीरले रिस गरी ❋ छाती शिरैमा पनी ।
हान्थे बज्र - मुठी बटारि सहसा ❋ कालै सरीका बनी ॥

(३)

कैले कम्मर पो समाति बलले ❋ तान्थे दुवै वीर ती ।
दूवैको मनमा थियो जय लिने ❋ धेरै बताऊँ कती ?
त्यै बेला पुर - वासि बालक युवा ❋ बूढा र नारी पनी ।
आए हेर्न भनेर कुश्ति दुइको ❋ को जित्छ यिन्मा भनी ॥

(४)

लड्दा आपसमा ति वीर दुइको ❋ ठक्कर् जिऊमा परी ।
मानू पर्वतमा खसेर बिजुली ❋ चौपट्ट चड्के सरी ॥
हुन्थ्यो शब्द अघोरको उहि सुनी ❋ सारा डराई गए ।
जित्नै पर्छ भनेर वीरहरु ती ❋ फेर् लड्न लाग्दा भए ॥

(५)

मैह्ना कार्तिक कृष्णको[3] प्रतिपदा[4] ❋ ऊठान भो युद्धको ।
दूवै वीर लडेर तेह्र दिन पो ❋ ठूलै भयो युद्ध पो ॥
चौधौं रात्रि हुँदा जरासुत निकै ❋ थाकेर सुस्तै भयो ।
लड्ने शक्ति न भै थुचुक्क भुमिमा ❋ सो वीर बस्दो भयो ॥

---

१ जरासन्ध राजा । २ कुश्ती । ३ बदिको । ४ परेवा ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(६)

श्रीकृष्णले त्यै घरिमा विचारी । आज्ञा भयो भीमजिलाइ हेरी ॥
के हेर्दछौ पक्क परेर याहाँ । बेला यही प्राप्त हुनेछ काहाँ ? ॥

(७)

केश लिई हात भरी जसोरी । हेर्छौ कुनै लाटि सुन्यौ उसोरी ॥
चूपै भई कीन बस्यौ अहीले ? । एती भनी त्यै घरिमा हरीले ॥

(८)

टपक्क भैं बाट उठाइ सिन्को । नङ्ले चिरी चर्र दुई गरीयो ॥
एती गरी फालि दिनू भएको । बूझे इशारा हरिले दिएको ॥

जरासन्ध वध, इन्द्रप्रस्थ-गमन

(१)

ईशारा हरिको बुझेर रिसले ❋ कालाग्नि जस्तै भई ।
पक्री कम्मरमा वृकोदरजिले[1] ❋ माथी उठाई लिई ॥
घूमाई सय पालि पृथ्वि - तलमा ❋ दीए पछारी जसै ।
पीडा[2] घेर भई जरासुत निकै ❋ रोयो कराई[3] तसै ॥

(२)

त्यस्का छाति विषे धसी कन घुँडा ❋ भैंमा दली बेसरी ।
लागे गर्जन गर्न भीम उ बखत् ❋ ठिक् क्रुद्ध[4] सिंहे सरी ॥
त्यस्को टाङ् कन लातले थिचि दिंदै ❋ तानी लिएथे जसै ।
त्यस्को जोड खुलेर फ्याँक् दुइ भयो ❋ सो देह त्यस्को तसै ॥

(३)

यस्ता रित् सँग त्यो जरासुत मऱ्यो ❋ ती वीर तीनै अनी ।
राजाकै रथमा गुफा गइ गए ❋ राजा छुटाउँ भनी ॥
फोई बन्धन भूपतीहरु सबै ❋ बाहीर निस्के जसै ।
तिन्ले आधिनता कबोल गरियो ❋ श्रीकृष्णजीको तसै ॥

(४)

आज्ञा भो हरि बाट भूप - गणमा ❋ राजा युधिष्ठीरले ।
आँट्नू भो सुन राजसूय गरने ❋ शास्त्रोक्तका रीतले ॥
तस्मात् हे नृप हो ! गएर सबले ❋ साहाय दीने भई ।
कार्यं सिद्ध गराइ देउ अहिले ❋ झट् इन्द्रप्रस्थै गई ॥

१ भीमले । २ दर्द । ३ चिच्याएर । ४ रिसाएको ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(५)

हुकुम् एति दिएर राजसुत[1] फेर् ❋ हाजिर् गराए अनी ।
तिन्लाई अभिषेक दी प्रभुजिले ❋ गर्नू रजाई भनी ॥
आज्ञा भै सहदेवले[2] मुकुट सो ❋ आफ्ना शिरैमा धरे ।
खूशी भै कन राजवंशहरुले ❋ पूजा हरीको गरे ॥

(६)

बेस् राम्रो रथमा चढी हरि पनी ❋ भाई दुवै साथ ली ।
फर्की बक्सनु भो अनी नगरि[3]मा ❋ अत्यन्त खूशी भई ॥
पूगी त्यै मयको सभा - भवनमा ❋ उत्रेर भित्रै गए ।
थीए ताहिं युधिष्ठिरादि हरिले ❋ भेटेर भन्दा भए ॥

(७)

राजन् ! भाग्य ठुलो हुँदा हजुरका ❋ भाई यिनै भीमले ।
मारे भूपतिलाइ पो मगधको ❋ कुश्ती रची खेलले ॥
राजा जो थुनुवा थिए सब छुटे ❋ ती छन् अधीनै महाँ ।
सो राज्यै सहदेवलाइ त दिई ❋ फर्केर आयौं यहाँ ॥

(८)

भन्छन् युधिष्ठिर सबै कन यै सुनाई ।
ठूलो कृपा हुन गई हरिको मलाई ॥
मान्यौं जरासुत पनी सजिलै गरेर ।
हाम्रा सबै वश परे नृपती छुटेर ॥

(९)

पूजा म गर्छु हरिको भनि चित्त लाई ।
सामग्रिहेरु जति हुन् लिनु भो मँगाई ॥
पूजा गरे सकल पाण्डवले हरीको ।
दानादि विप्रहरुमा पनि खुब् गरीयो ॥

(१०)

जाने सुर् लिइ द्वारका नगरिमा ❋ श्री कृष्णले त्यै घरी ।
आज्ञा गर्नु भयो युधिष्ठिरजिका ❋ चाँडै अगाडी परी ॥
राजन् ! जान्छु म द्वारिका नगरिमा ❋ पर्ला पछी कार्य पो ।
आऊँला म यहीं खबर् दिनु भए ❋ यै बात पक्का भयो ॥

१ राजपुत्र । २ जरासन्धका पुत्रको नाम । ३ इन्द्रप्रस्थ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पाण्डवहरूले दिग्विजय गर्नु

(१)

देशै उत्तरका सबै जय[1] गरी ❋ फिर्छू म चाँडै भनी ।
सेना साथ लिएर अर्जुन गए ❋ त्यस्का पछी फेर् अनी ॥
पूर्वैका मुलुकै म जित्दछु भनी ❋ श्रीभीम जाँदा भए ।
देशै पश्चिम जित्न ती नकुलजी ❋ सेना लिई झट् गए ॥

(२)

जित्छू म दक्षिण दिशा भनि उत्ति खेरी ।
सेना लिएर सहदेव भई तयारी ॥
जाँदा भए यसरि पाण्डव चार भाई ।
राजा युधिष्ठिर रहे घरमै रमाई ॥

(३)

केही काल बिते पछी नृपहरू ❋ चारै तरफ्का जिती ।
फर्के पाण्डव चार भाइहरु फेर् ❋ लीएर द्रव्यै अती ॥
खूशी हुनु भयो युधिष्ठिर निकै ❋ ऐश्वर्यशाली[2] भई ।
दुःखी कोहि भएन त्यस् नगरमा ❋ दानी ति राजा भई ॥

युधिष्ठिरले यज्ञको निम्तो सबैलाई दिनु

(१)

धर्मात्मा नृपती युधिष्ठिरजिले ❋ गर्दा रजाइँ त्यहाँ ।
रोग - व्याधि हराइ गो मुलुकमा ❋ रैती परे चैनमा ॥
धेरै दौलतले त कोष[3] भरियो ❋ खूशी भए भूपती ।
यज्ञै गर्नु पर्‍यो भनेर नृपको ❋ भो चित्तमा जाग्रती[4] ॥

(२)

विद्वान्मा नृपमा कुटुम्बहरुमा ❋ ऋष्यादिमा[5] त्यै घरी ।
निम्तो देश - विदेशमा गइ गयो ❋ खुब् आदरैले गरी ॥
निम्ता श्रीहरिलाइ गो जुन बखत् ❋ हूनेछ यज्ञै भनी ।
ठूलो सैन्य र खूब दौलत लिई ❋ पाल्नू भयो श्रीहरी ॥

१ जितेर । २ धनले परिपूर्ण भएका । ३ ढुकुटी । ४ इच्छा । ५ ऋषि आदिमा ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(३)

वेद्व्यास र धौम्य अन्य ऋषिजी ❀ सोही सभामा थिए।
भेट् भो कृष्णजिको युधिष्ठिरजि थ्यैं ❀ सारा खुशी भै गए॥
बिन्ती गर्नु भयो युधिष्ठिरजिले ❀ श्री कृष्णलाई अनी।
हे नारायण! सम्मती दिनुहवस् ❀ यो हुन्छ जाती भनी॥

(४)

आज्ञा बक्सनु भो भने हजुरले ❀ यो यज्ञ थाल्छू यहाँ।
भाइका सँग भै गरूँ कि प्रभुजी! ❀ एक्लै गरूँ लौ यहाँ?॥
जुन् रित्ले बढिया हुनेछ हरिले ❀ आज्ञा हवस् यै घरी।
गर्छू यज्ञ म राजसूय अहिले ❀ जो गर्नु पर्ने गरी॥

(५)

यस्तो बिन्ति सुनेर धर्मसुतको ❀ श्रीकृष्णले फेर् त्यहाँ।
आज्ञा बक्सनु भो नृपेन्द्र! गरिल्यौ ❀ सो यज्ञ तिम्ले यहाँ॥
योग्यै छौ तिमि राजसूय गर्नै ❀ सम्राटका गुण् पनी।
देख्छू छन् तिमिमा र भन्छु मइँले ❀ कल्याण होला भनी॥

(६)

यो आज्ञा हरिको युधिष्ठिरजिले ❀ सूनेर सोही घरी।
मन्त्रीलाइ भने तयार् गर सबै ❀ सामग्रि[1] जम्मा गरी॥
चाहीने जति वस्तु हुन् मख[2] विषे ❀ श्रीधौम्यजीले[3] अब।
भन्छन् ल्याउनलाइ ल्याउ तिमिले ❀ खोजेर राम्रो सब॥

(७)

होता[4] धौम्य ऋषी भए मख विषे ❀ जम्मा भए धेर् मुनी।
कालीगड्हरुले त मण्डप रचे ❀ जग्गा मजाको चुनी॥
वेदी-कुण्डहरू तयार गरिए ❀ त्यै यज्ञ-भूमी महाँ।
टाँगे तोरण पुष्प पातहरुको ❀ सो यज्ञ थीयो जहाँ॥

(८)

सामग्रीहरु ल्याइ ठिक् तरहले ❀ राख्दा भए त्यै घरी।
विद्वान् ब्राह्मणले शुरू गरि लिए ❀ पुण्याह वाचन् गरी॥
निम्ताका सब भूप-ब्राह्मणहरू ❀ आएर बस्दा भए।
आफू दीक्षित भै युधिष्ठिर अनी ❀ त्यै यज्ञमा पो रहे॥

१ सामान। २ यज्ञ। ३ पाण्डवका पुरोहितजी। ४ हवन गर्ने।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(९)

खानाको पनि बेस् प्रबन्ध हुन्न गो ❀ खाद्यादि तैयार् गरी।
लागे गायक गर्न गान खुशि भै ❀ सुन्दा सुरीलो गरी॥
स्वर्गैको अमरावती सरि भयो ❀ सो यज्ञ भूमी अनी।
भन्नू भो नृपले अनी नकुलमा ❀ जो भन्नु पर्नै पनी॥

निमन्त्रित हजारौं राजा र विप्रादिको शुभागमन

(१)

भन्नू भो नृपति युधिष्ठिरजिले ❀ हे भाई! हात्ती चढी।
जाऊ लौ तिमि हस्तिनापुर तिरै ❀ ऐले तुरुन्तै गरी॥
निम्ता द्यौ धृतराष्ट्र भीष्म कन फेर् ❀ छन् कौरवादी जती।
आउन् हेर्न भनेर यज्ञ अहिले ❀ ढीलो न लाई रती॥

(२)

दाज्युको[1] सुनि कुरा उठि झट्टै।
जान्छु लौ अब हजुर्! भनि चट्टै॥
बिन्ति पारि सँग विप्र लिएर।
गै गए नकुल हात्ति चढेर॥

(३)

श्री हस्तिनापुर पुगेर गई सभामा।
भेटेर कौरवहरू सबलाइ ताहाँ॥
त्यै यज्ञको खबर जल्दि दिए सुनाई।
निम्तो सबैकन दिए उहिं जानलाई॥

(४)

निम्तो प्राप्त भएर कौरवहरू ❀ सो यज्ञ हेर्छौं भनी।
पैह्री सुन्दर वस्त्र-भूषणहरू ❀ राम्रा बहूतै बनी॥
भीष्मै कर्ण विदुर् र बाल्हिक भए ❀ राजा शकूनी अनी।
द्रोणाचार्य भुरिश्रवा र कृपजी ❀ फेर् सोमदत्तै पनी॥

---

१ श्रीयुधिष्ठिरको।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(५)

श्रीदुर्योधन भाइले सहितका ❋ राजाजि शल्यै अनी ।
पाल्नू भो धृतराष्ट्र खूशि मनले ❋ सो यज्ञ हेर्नैं भनी ॥
कुन्तीभोज विराट सिंहलपती ❋ द्राविणका भूपती ।
आए हेर्न त राजसूय-मख सो ❋ आनन्द मानी अती ॥

(६)

धेरै दूत गई युधिष्ठिरजिको ❋ निम्तो सबै देशमा ।
बाँडे भूपति - वृन्दलाइ र तिनै ❋ उत्साह ली चित्तमा ॥
घोडा-हात्ति-रथादिमा चढि वरी ❋ त्यै इन्द्रप्रस्थै महाँ ।
आई दाखिल भै गए नृपहरू ❋ सो यज्ञ थीयो जहाँ ॥

(७)

पाहाडी नृपतीहरू अनुपका ❋ वासी ति म्लेच्छैहरू ।
आए बङ्ग-कलिङ्गका नरपती ❋ भन्ने कुरा के गरूँ ? ॥
राजा श्रीशिशुपाल श्रीगद भए ❋ प्रद्युम्नजी शाल्वजी ।
पाल्नू भो बलराम वृष्णिकुलका ❋ थीए जती भूपती ॥

(८)

राजाहेरु समस्त धर्म-सुतका ❋ खूबै हितैषी भई ।
यज्ञैलाइ भनेर द्रव्य सबले ❋ दीए अगाडी गई ॥
आएका जति भूपलाइ नृपले ❋ ऊठी खुशी भै कन ।
गर्दै स्वागत प्रश्न फेर् कुशलको ❋ गर्नू भयो तत्क्षण ॥

(९)

मिष्ठान्नादि फलादि खाद्यहरुको ❋ भण्डार थीयो जहाँ ।
कोठी सो सुनको हिराहरु जडी ❋ थीयो बनेको वहाँ ॥
सीँढी हेरु थिए सबै स्फटिकका ❋ खुब् पारदर्शी[1] बनी ।
शोभा बेसरि भो उ स्वर्णगृहको[2] ❋ को सक्छ धेरै भनी ? ॥

(१०)

चाहीने जति वस्तु भूप-गणमा[3] ❋ खोजेर ल्याई कन ।
जो खोजे पनि पाइने गरि छिटै ❋ राम्रै सजाई कन ॥
राखेका सुनका हवेलिहरुमा ❋ प्रत्येक राजा गई ।
डेरा आफ्नु गरी सुखै सित बसे ❋ ती पाहुना झैं भई ॥

१ सबै छर्लङ्गै देखिने । २ सुनका घरको । ३ राजाहरूमा ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

युधिष्ठिरले राजाहरुलाई काम बाँडिदिनु

(१)

आऊनेहरुलाइ मान सितको ❁ सत्कार गर्न भनी ।
श्रीमान् सञ्जयजी नियुक्त[1] गरिए ❁ तिन्का पछाडी अनी ॥
भीष्म-द्रोण दुवै मखस्थल[2] विषे ❁ अध्यक्ष[3] जस्ता भई ।
गर्थे काम अह्राउनू सकलमा ❁ जो गर्नु पर्ने तहीं ॥

(२)

जो गर्नू परने उ खर्च धनको ❁ लीनू र दीनू पनी ।
श्रीदुर्योधन गर्दथे ढुकुटिमा ❁ आफैं खजाञ्ची बनी ॥
मीठो भोजनको प्रबन्ध गरनू ❁ ख्वाउँनु तृप्तै गरी ।
श्री दुश्शासनको त कार्य खटियो ❁ त्यैं यज्ञ - मण्डप् भरी ॥

(३)

दानादी दिनु दक्षिणा द्विज विषे ❁ कर्तव्य भो कर्णको ।
पाऊ विप्र-समाजको धुनु बसी ❁ श्रीकृष्णको कार्य भो ॥
सारा बान्धवले मिलेर यसरी ❁ कार्यादि बाँडी कन ।
गर्दा काम प्रबन्ध चारु[4] हुन गै ❁ खुश् भो सबैको मन ॥

(४)

त्यै बेला मख राजसूय शुरु भो ❁ श्रीधौम्यजीले अनी ।
बाले अग्नि समस्त कुण्डहरुमा ❁ वेदादि मन्त्रै भनी ॥
यज्ञैमा रहि मन्त्रले हवन खुब् ❁ गर्दा ऋषी - वृन्दले ।
आफ्नू भाग लिएर तृप्त हुनु भो ❁ देवादि आनन्दले ॥

(५)

पूर्णै भो जब यज्ञ सोहि दिनमा ❁ गौ-दान लाखौं भए ।
भूमी-दान सुवर्ण-दान गरिंदा ❁ बाहुन् धनी भै गए ॥
दुःखी खण्डित-अङ्ग सूरहरु फेर् ❁ कङ्गालिलाई पनी ।
बाँडीयो रुपियाँ अशर्फि कपडा ❁ पाउन् सबैले भनी ॥

---

१ खटाए । २ यज्ञभूमिका । ३ मालिक । ४ सुन्दर ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

युधिष्ठिरले यज्ञ स्नान गरी कृष्णलाई अर्घ्य दिनु

(१)

यज्ञ-स्नान गरी लिने समय भो ❋ त्यै यज्ञको स्थानमा।
थीए ब्राह्मण भूपतीहरु सबै ❋ खुश् भै बसेका जहाँ॥
मन्त्रोच्चारण गर्दिएर ऋषिले ❋ लौ स्नान गर्नोस् भनी।
राजालाइ् भने र धर्मं सुतले ❋ स्नानै गरीयो अनी॥

(२)

यस्तै औसरमा विचार गरि क्यै ❋ गाङ्गेयले[1] त्यै घरी।
भन्नू भो कुरुराजलाइ नृपते! ❋ लौ ठिक्क बेला परी॥
आएका नृप-वृन्दलाइ तिमिले ❋ सत्कार पूजा गरी।
ऐले अर्घ्य दिनू अवश्य परला ❋ प्रीती मनैमा धरी॥

(३)

आएका जनमा छ वीर - वर जुन् ❋ त्यस्लाइ पैले यहाँ।
देऊ अर्घ्य उठेर हे नरपते! ❋ पाइन्छ फेरी कहाँ?
आज्ञा एति सुनी युधिष्ठिरजिले ❋ श्री भीष्मलाई अनी।
सोध्नू भो कसलाइ अर्घ्य दिनु है ❋ मैले पहीले भनी॥

(४)

गाङ्गेयले एति सुनेर ताहाँ। भन्नू भयो हे नृपतीन्द्र! याहाँ॥
श्रीकृष्ण छन् लायक अर्घ्य लीने। छाडी हरी कस्कन अर्घ्य दीने?

(५)

आज्ञा मान्नु भएर धर्म-सुतले ❋ फेरी उसै बीचमा।
भन्नू भो सहदेव सीत अनि फेर् ❋ श्रीकृष्णलाई यहाँ॥
हे भाई! गइ अर्घ्य देउ तिमिले ❋ ऐले विधीले गरी।
भन्दा अर्घ्य दिए गएर तिनले ❋ भक्ती मनैमा धरी॥

(६)

यो चाल् कत्ति रुचैन[2] क्रोधित भई ❋ राजा शिशूपालजी।
आए भीष्म र ती युधिष्ठिरजिका ❋ सामू अगाडी बढी॥
लागे कृष्णजिको अनादर[3] गरी ❋ क्यै बोल्न तिन्ले वहाँ।
यस्लाइ किन अर्घ्य बक्सनु भयो ❋ खुब् पूज्य मानी यहाँ?॥

---

१ गंगाजीका पुत्र अर्थात् भीष्मजी। २ मन परेन। ३ बेइज्जती गरी।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शिशुपालले श्रीकृष्णको निन्दा गर्नु

(१)

राजा पाण्डुजिका सुपुत्र तिमि भै ❋ कस्तो भ्रमैमा पऱ्यौ ?
छाडी उत्तम राजवंशि कन पो ❋ पूजा अहिर्‌को[1] गऱ्यौ ? ॥
बूढा भै कन बुद्धि नष्ट हुन गो ❋ यी भीष्मको यै घरी ।
अर्ती कृष्णजिको पूजा गर भनी ❋ दीए बिना सोच् गरी ॥

(२)

ठूलाको अपमान पो हुन गयो ❋ श्री व्यासजी छन् यहाँ ।
श्रीदुर्योधन शल्य रुक्म प्रभृती ❋ छन् मान्य राजा यहाँ ॥
यिन्‌लाई त्यजि कृष्णलाइ तिमिले ❋ अर्घ्यैं दिनाले गरी ।
तिम्रो धर्म र निति लोप[2] हुन गो ❋ गै गो सुकीर्ती मरी ॥

(३)

जो प्राणी हिजडा[3] छ त्यस् कन कुनै ❋ स्त्री-जातिको साथमा ।
बीहा गर्दिनु झैं भयो उहि वृथा ❋ सो अर्घ्य दीनू यहाँ ॥
जस्तै हर्छ हवी गई कुकुरले ❋ कोही नदेख्दा कहीं ।
उस्तै चाल् सित अर्घ्य व्यर्थ हुन गो ❋ ऐले हरीले लिई ॥

(४)

यो भन्दै शिशुपाल झट्ट उठि गो ❋ बस्दीन याहाँ भनी ।
ढोकामा गइ सो खडा हुन गयो ❋ खूबै रिसाहा बनी ॥
त्यस्‌का साथि थिए जती नरपती ❋ ऊठेर साथै गए ।
ढोकामा पुगि ती पनी सँग सँगै ❋ त्यस्‌का खडा भै गए ॥

श्रीयुधिष्ठिरले शिशुपाललाई सम्झाउनु

(१)

साह्रै क्रुद्ध भएर लण्ठ[4] नृपती ❋ ऊठी गएथ्यो जसै ।
त्यस्‌लाई त बुझाउना कन गए ❋ राजाजि[5] फेरी तसै ॥
नम्रै भै कन श्रीयुधिष्ठिरजिले ❋ भन्दा भए भूपति !
यस्तो क्रुद्ध हुनू हुँदैन तिमिले ❋ कस्तो लिएको मती ? ॥

१ गोठालाको । २ नष्ट । ३ नपुंसक । ४ मूर्ख । ५ श्रीयुधिष्ठिर ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(२)

तिम्ले भीष्मजिलाइ बुद्धि नहुने ❋ बूढा भन्यौ जो यहाँ ।
यस्ले ता अपमान पो हुन गयो ❋ हाम्रा अगाडी महाँ ॥
मान्छन् सज्जनले यि कृष्ण कन ता ❋ ठूला हरी हुन् भनी ।
मान्दैनौ कसरी तिमी नरपते ! ❋ दुर्बुद्धि ठूला बनी ? ॥

(३)

भन्नू भो अनि भीष्मले त्यहिं पुगी ❋ श्रीकृष्णमा गुण् भई ।
भक्ती कीर्ति र लक्ष्मि छन् सँग सँगै ❋ तस्मात् यहाँ यी रही ॥
हाम्रा पूज्य भनेर हामिहरुले ❋ पूजा गऱ्यौं यस् घरी ।
पाऊला शिशुपाल याहिं फल पो ❋ दीने छँदैछन् हरी ॥

श्रीकृष्णको पूजा गर्दा वैरि राजाहरुले युद्ध गर्न आँट्नु

(१)

फेरी झट् सहदेवले पनि भने ❋ जो कृष्णद्वेषी[1] भई ।
बोल्ला त्यस् कन लात्ति दिन्छु शिरमा ❋ मैले तुरुन्तै गई ॥
यस्तैमा तहिं पुष्पवृष्टि[2] भइ गो ❋ आकाश देखी अनी ।
धेरैले तब धन्य - धन्य ! भनि यो ❋ ठीकै भनेको भनी ॥

(२)

पूजा ब्राह्मण-क्षत्रि मान्यहरुको ❋ ताहीं क्रमैले गरी ।
मौनै[3] भै सहदेवजी बसि रहे ❋ चिन्ता मनैमा धरी ॥
रीसायो शिशुपाल पूजन गरे ❋ व्यर्थै हरीको भनी ।
लाग्यो भन्न कराइ पाण्डवहरू ❋ द्वैनन् ति जाती भनी ॥

(३)

यिन्ले हामिहरू सबै कन यहाँ ❋ डाकेर निम्ता गरी ।
पैह्ले पूजन कृष्णको गरि लिए ❋ हाम्रो अनादर् गरी ॥
आऊ हे नृप हो ! मिलेर सबले ❋ चाँडै लडाईं गरौं ।
लीऊँ फेर् अपमानको त बदला ❋ त्यै कृष्णलाई धरौं ॥

---

१ श्रीकृष्णजीको निन्दा गर्ने । २ फूलहरुको वर्षा । ३ चूप भएर ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भीष्मले कृष्णको महिमा भनेर भय दूर गराउनु

(१)

बूझा बक्सनु भो युधिष्ठिरजिले ❁ होला भनी विप्लव[1] ।
सोध्नू भो गइ भीष्मका समिपमा ❁ दिक्दार हूँदै तव ॥
कस्तो चाल गरे पितामह[2] ! यही ❁ हाम्रो त यज्ञै पनी ।
निर्विघ्नै सित पूर्ण हुन्छ कहनोस् ❁ यो कार्य गर्नू भनी ॥

(२)

सूनी सोधनि भीष्मले कहनु भो ❁ कत्ती न ल्यौ डर् यहाँ ।
साथै कृष्णजि छन् जगत्पति भने ❁ डर् मान्नु पर्ला कहाँ ?
मर्नै भो शिशुपाल जान तिमिले ❁ यस्को हरायो मती ।
यस्को काल म देख्दछू नजिकमा ❁ देख्दीन क्यै औषधी ॥

शिशुपालले भीष्मको निन्दा गर्नु

(१)

बोला भीष्मजिको सुनेर रिसले ❁ काँपेर सोही घरी ।
भन्दो भो शिशुपाल बुद्धि यिनको ❁ बिग्रेछ राम्रै गरी ॥
केले कृष्ण ठुलो भयो जगतमा ? ❁ जात्को अहीरै पनी ।
पूजा यस् कन गर्न सम्मति दियौ ❁ हे भीष्म ! मूर्खै बनी ॥

(२)

ब्रह्मै हुन् भनि कृष्णलाइ अघि नै ❁ तिम्ले भन्यौ जो यहाँ ।
तिम्रो बुद्धि खतम्[3] भएछ सकियो ❁ आऊँछ फेरी कहाँ ?
राम्रो काम कउन् गऱ्यो अहिरले ? ❁ हर्दम् बिजाई गरी ।
माऱ्यो कंस समेतलाइ यसले ❁ ठानेर मामा अरी[4] ॥

भीमले रीस गर्दा भीष्मले बुझाउनु

(१)

सुनेर शिशुपालको वचन भीममा रिस् बढी ।
दुवै नयन लाल भै अति नजाति भो आकृती[5] ॥
किटे ज़ब त दन्त पो तब त कर्र शब्दै भयो ।
नमार तिमिले भनी अनि त भीष्मले भन्नु भो ॥

---

१ उत्पात । २ बाजेज्यू । ३ सकिएछ । ४ दुस्मन । ५ चेहरा (अनुहार) ।

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(२)

श्री भीष्मले जब नमार तिमी भनेर।
भन्नू भयो तब वृकोदर क्यै गमेर॥
सोध्दा भए अब पितामह! जीवनी पो।
आज्ञा हवस्‌न शिशुपाल नरेश को हो?॥

भीष्मले शिशुपालको उत्पत्ति वर्णन गर्नु

(१)

यस्तो वाक्य सुनी पितामहजिले ❋ भन्छू सबै हाल् भनी।
लागे वायु-कुमार[1] थ्यैं कहन फेर् ❋ जान्ने बहूतै बनी॥
हे बाबू! शिशुपाल-जन्म जब भो ❋ देख्ने त छक्कै परे।
आँखा तीन र चार हात उसका ❋ थीए गजब्का अरे॥

(२)

यो कस्तो शिशु[2] आज जन्मन गयो! ❋ भन्ने विचारै गरी।
आमा-बाबु दुवै दुखी हुन गए ❋ चिन्ता मनैमा परी॥
त्यै बेला नभवाणि[3] भो शिशु सुन्यौ ❋ साह्रै प्रतापी छ यो।
पाल्नू यस् कन मृत्यु छैन यसको ❋ मार्ने त ब्रह्मै[4] भयो॥

(३)

जस्‌ले काख विषे लिंदा दुइ भुजा ❋ आँखा त यौटा पनी!
भैंमा खस्छ अवश्य जान्नु सबले ❋ त्यै काल यस्‌को भनी॥
यस्तो वाणि सुनी जती जन थिए ❋ तिन्‌ले अचम्मै परी।
काखैमा शिशुलाइ राखि क्रमले ❋ हेर्दा भए त्यै घरी॥

(४)

आँखा हातहरू खसेन जब ता ❋ चन्देरि-बासी जती।
लागे उत्सव गर्न त्यस् मुलुकमा ❋ आनन्द मानी अती॥
फूपू भेटुँ भनी कुनै दिन हरी ❋ चन्देरि जानू भयो।
फूपू कृष्णजिकी थिइन् महलमा ❋ यस्‌कै त माताजि पो॥

---

१ भीमसित। २ बालक। ३ आकाश वाणी। ४ परमात्मा।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(५)

छोरोलाइ खुशी भएर तिनले ❋ काखमा हरीको दिइन् ।
दूवै हात र एक नेत्र खसि गो ❋ आँसू चुहाई लिइन् ॥
बिन्ती ती फुपुले गरिन् हरि ! सुन्यौ ❋ केही म भन्छू यहाँ ।
यस्ले जो अपराध गर्छ उ सबै ❋ गर्नू तिमीले क्षमा ॥

(६)

छोरो हो फुपुको भनेर हरिले ❋ भन्नू भयो त्यै घरी ।
यस्का सौ[1] अपराध[2] माफ गरूँला ❋ मानेर भाई सरी ॥
थाहा यस् कन भै गयो यहि कुरा ❋ यस्की मुमाले भनी ।
तस्मात् गर्दछ गालि कृष्ण कन यो ❋ वैरी समानै बनी ॥

(७)

आयो काल र शेखि आज यसले ❋ खुब् गर्न लाग्यो यहाँ ।
राजालाइ जुधाउने मन पनी ❋ गर्दछ हामी महाँ ॥
भीष्मैका इ कुरा सुनी रिस गरी ❋ कामेर सोही घरी ।
भीष्मैलाइ र कृष्णलाइ उसले ❋ गाली गर्‍यो खुब् गरी ॥

कृष्णले सय गाली सहेर शिशुपाल-वध गर्नू

(१)

भन्नू भो हरिले सबै नृपति[3]मा ❋ हे भूपती हो ! यहाँ ।
गाली आज गर्‍यो मलाई बहुतै ❋ शेखी लिई चित्तमा ॥
यस्को सौ अपराध माफ हुन गो ❋ बोल्दै छ गाली गरी ।
ऐले मार्छु म दुष्टलाइ सहजै ❋ काटी दुई टुक् गरी ॥

(२)

आज्ञा एति गरेर चक्र हरिले ❋ लीनू भयो हातमा ।
छोडी बक्सनु भै सुदर्शन[4] गयो ❋ त्यै दुष्टको पासमा ॥
त्यस्ले गै शिशुपालको छिनिदियो ❋ घाँटी दुई टुक् गरी ।
हाहाकार पर्‍यो उ दुष्ट गिरि गो ❋ मुर्दा भई त्यै घरी ॥

१ सय । २ पाप, दोष । ३ राजाहरू । ४ श्रीकृष्णजीको चक्रको नाम ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्रीकृष्णले शिशुपालको वध गरेको ।

(३)

ज्योती त्यै मृत - देह बाट निसकी ❋ ऊडेर चाँडो गरी ।
देहैमा गइ कृष्णका मिलि गयो ❋ आश्चर्य भो त्यस् घरी ॥
वर्षा भो बिनु बादलै गगनमा ❋ वज्रै पऱ्यो फेर् अनी ।
साराले स्तुति कृष्णको गरि लिए ❋ हुन् मान्य हाम्रा भनी ॥

(४)

भाई - बन्धुहरू थिए मृतकका[1] ❋ धेरै त साथी-सँगी ।
संस्कारादि गरी दिए ति सबले ❋ त्यै लाश[2] त्यस्को लगी ॥
त्यस्को पुत्र त्यहीं थियो नजिकमा ❋ त्यस्लाइ माया गरी ।
दीए राज्य सबै युधिष्ठिरजिले ❋ चन्देरिको त्यै घरी ॥

(५)

यस्तो चाल् सित राजसूय भइ गो ❋ निर्विघ्नताले गरी ।
बाँकी स्नान रही गयो र अवभृथ् ❋ मानीस जम्मा गरी ॥
राजाहेरु ऋषी मुनी र जनता[3] ❋ न्वाहूँनलाई भनी ।
गाऊँदै गइ घाटमा सकलले ❋ न्वाहे तुरुन्तै अनी ॥

१ मरेको मानिसको । २ मुर्दा । ३ मानिसहरू ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(६)

माँगे जान बिदा नरेन्द्रहरूले ❋ जान्छौं मुलुक्मा भनी ।
बीदा बक्सनु भो युधिष्ठिरजिले ❋ तिन्लाइ नम्रै बनी ॥
साथी तिन् कन अङ्ग रक्षकहरू[1] ❋ घेरै खटाई दिए ।
यस्तो आदर पाइ भूप - गण ती ❋ अत्यन्त खूशी भए ॥

(७)

पाएका जति दानमा धन लुगा ❋ पोको बनाई लिए ।
आएका जति विप्र - ब्राह्मणहरू ❋ माँगी बिदा गै गए ॥
भन्नू भो कुरुराजलाइ हरिले ❋ खुब् भाग्य ठूलो भई ।
तिम्रो यज्ञ सुपूर्ण भो जगतमा ❋ ठूलै त कीर्ती रही ॥

(८)

श्री द्वारावति तर्फ जान्छु म पनी ❋ आज्ञा सुनी यै तहाँ ।
लागे भन्न बिदा कसो गरि दिउँ ❋ हे नाथ ! ऐले यहाँ ॥
जस्को पूर्ण कृपा हुँदा सुफल भै ❋ कार्यादि सिद्धै भए ।
उस्ता नाथ दयालु कृष्ण भगवान्- ❋ लाई म बीदा दिने ? ॥

(९)

कुन्ती सीत र द्रौपदी सित पनी ❋ भेटेर फेरी तहाँ ।
भेटे बैनि पनी गएर हरिले ❋ त्यै राज - दर्बारमा ॥
बीदा भै रथमा चढेर प्रभुजी[2] ❋ पाल्नू भएथ्यो जसै ।
प्रीतीले गरि पाण्डवादिहरूका ❋ आँसू गिरे खुब् तसै ॥

व्यासजीले युधिष्ठिरलाई उत्पातको फल बताउनु

(१)

द्वारावती नगरि जान हिंडे मुरारी[3] ।
श्रीव्यास आउनु भयो अनि योगधारी ॥
सम्राट् युधिष्ठिर समेत ति चार भाई ।
ऊठे तुरुन्त तब स्वागत गर्नलाई ॥

१ साथै रहेर हेरचाह गर्ने । २ श्रीकृष्णजी । ३ श्रीकृष्ण ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(२)

ल्याएर व्यास कन आसनिमा बसाई ।
पूजा तिनै कन गरे सब चीज ल्याई ॥
जोरेर हात जब पाण्डव ती उभीए ।
श्रीव्यासले पनि त अति यसोरि दीए ॥

(३)

प्रारब्धै बलियो भएर नृपते ! ❁ साम्राज्यको पद्‌ पनी ।
पायौ राजसुयज्ञ पूर्ण हुन गो ❁ भन्छू म धन्यै भनी ॥
जाती भो सब किन्तु जो भइ गयो ❁ उत्पात सो यज्ञमा ।
त्यो हो लक्षण नाशको बुझि लिनू ❁ हे भूपते ! चित्तमा ॥

(४)

मारीयो शिशुपाल शब्द सुनियो ❁ ठिक्‌ वज्रपातै सरी ।
तारो पुच्छर - युक्त पो उदय भो ❁ उल्का भए झैं गरी ॥
पृथ्वी कम्प भइन्‌ र कारण पनी ❁ भन्छू म ऐले यहाँ ।
तेह्रै वर्ष बितेर क्षत्रिहरुको ❁ नाश्‌ हुन्छ संसारमा ॥

(५)

तीमीलाइ गराइ कारण स्वयं ❁ दुर्योधनैले सरी ।
राजाहेरु सबै लडाइँ रणमा ❁ नाश्‌ गर्छ पापै गरी ॥
देख्नेछौ तिमि स्वप्नमा शिवजिले ❁ नन्दी सवारी गरी ।
हेर्नन्‌ दक्षिण तर्फमा तर पनि ❁ बस्नू न चिन्ता गरी ॥

(६)

कालैको त प्रभाव मेट्न कहिले ❁ सक्तैन कोही यहाँ ।
चिन्ता क्यै नलिएर राज्य गरनू ❁ जान्छू म धामै महाँ ॥
बोली बात भविष्यको[1] ऋषि तिनै ❁ ऊठेर जाँदा भए ।
चिन्ता पो मनमा युधिष्ठिरजिका ❁ चोँडै उदाई गए ॥

(७)

लागे गम्न तिनै न भावि टरने ❁ कस्तै गरी लोकमा ।
हूनीहार अवश्य होइ रहला ❁ होला न हूने कहाँ ?
मानिस्‌को गति छैन भावि कन ता ❁ रोकी लिने क्यै गरी ।
बोली व्यासजिको हुनेछ कि पुरा ❁ के गर्नु चिन्ता गरी ? ॥

---

१ हुनेकुराको ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(८)

मै आफैं मरुँ की मरें म त भने ❋ नाश् हुन्न ठूलो यहाँ ।
नाहीं ता सब क्षत्रि नष्ट यि हुनन् ❋ यस् विश्व - संसारमा ॥
बिन्ती अर्जुनले गरे उहि बखत् ❋ सोच् त्यागियोस् भूपती ।
सोच्ले बुद्धि खराब हुन्छ अरु धेर् ❋ मैले बताऊँ कती ? ॥

(९)

सूनी अर्जुनका कुरा अनि पछी ❋ भन्दा भए भूपती ।
आफैं मर्नु त आत्मघात[1] सरिको ❋ हूनेछ पापै अती ॥
आजै देखि लिएर तेह्र वर्षै ❋ राजाहरू छन् जती ।
तिन्को बात र भाइहेरु सबको ❋ मान्नेछु कूरा जती ॥

(१०)

मानूँला जब बातलाई सबको ❋ हूनन् ति सारा खुशी ।
गर्नन् प्रेम म सीत निश्चय अनी ❋ हूनन् ति मेरा वशी ॥
बोल्ने छैन कठोर वाक्य म कबै ❋ तिन्लाइ घोच्ने गरी ।
आफैं दास सरी बनेर रहुँला ❋ यो तेह्र वर्षै भरी ॥

(११)

यस्तो चाल गरी जसै म रहुँला ❋ हूनेछ फूटै कहाँ ?
गर्नै छैन म युद्ध क्वै सित पनी ❋ यो तेह्र वर्षै महाँ ॥
एती बात सुनाइ पार्थ कन फेर् ❋ ती राज - राजा[2] अनी ।
राजालाइ बिदा गरी कन गए ❋ आफ्ना महल्मा पनी ॥

(१२)

राम्रो त्यैं मयको सभा-भवनमा ❋ लीएर कोठा दुई ।
श्री दुर्योधन भूपती र शकुनी ❋ बस्थे प्रसन्नै भई ॥
ऐश्वर्यै कन देखि धर्म - सुतको ❋ डाहा भयो चित्तमा ।
लागे हेर्न डुली सभा - भवन त्यै ❋ घूमेर जाहाँ तहाँ ॥

दुर्योधनले सभा हेर्दा जलस्थलको भ्रमले लड्दा हँसी हुनु

(१)

मामा भानिजले घुमी कन सभा ❋ सर्वत्र डुल्दै गई ।
लागे हेर्न असंख्य चीजहरु ती ❋ अत्यन्त खूशी भई ॥
भूमी केहि थियो त्यहीं स्फटिकको ❋ सङ्लो जलैका सरी ।
पानी हो भनि झट् सुयोधनजिले ❋ राम्रो विचारै गरी ॥

१ आत्महत्या । २ युधिष्ठिर ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(२)

आफ्नू राजसि वस्त्र जो छ जिउमा ❋ झीकेर धोती कसी।
पाऊलाइ उचालि हेलिन[1] गए ❋ राखी निकै चौकसी[2]॥
पानीलाइ नदेखि लज्जित भई ❋ वस्त्रादि लाए अनी।
अर्कै पट्टि गए प्रसन्न मनले ❋ क्या बात् रचेको भनी॥

(३)

पानीको त्यहिं पोखरी कन स्थलै ❋ जस्तो विचारी लिए।
पाउ एक अगाडि सारि हिंडदा ❋ तत्काल चिप्ली गए॥
पानीमा मुख ठोकियो र कपडा ❋ निश्शङ्क भीजी गयो।
ताहीं भीम थिए र देखि रमिता ❋ तिन्लाई हाँसो छुट्यो॥

(४)

लज्जा भै मनमा सुयोधन गए ❋ आफ्नो शहर्मा जसै।
हाँसे पाण्डवले भनेर मनमा ❋ ईर्ष्या लिए खुब् तसै॥
चिन्ता पर्न गई मुखै मलिन भो ❋ गर्दन् झुकाई लिए।
त्यै बेला शकुनी गएर नजिकै ❋ तिन्लाइ सोद्धा भए॥

(५)

हे राजन्! किन हो मुहार मलिनो ❋ देख्छू हजुर्को यहाँ।
लामू सास् किन फेर्नु हुन्छ यसरी ❋ कुन् कष्ट भो चित्तमा?
यस्को कारण सुन्न पाउँ म भनी ❋ सोधी लिएथे जसै।
ती दुर्योधनले अनी शकुनिमा ❋ क्यै भन्न लागे तसै॥

(६)

मामा! के भनुँ हेर्नुहोस् न अहिले ❋ शस्त्रादि जान्ने भई।
जीते अर्जुनले नृपादि रणमा ❋ आफैं अगाडी गई॥
उत्रो यज्ञ त राजसूय सहजै ❋ तिन्ले त पूरा गरे।
हेर्नोस् यो मयले सभा रचि दियो ❋ खुब् सौख्यमा ती परे॥

(७)

डाहाले रिसले त रात-दिन हा! ❋ जल्दैछ मेरो जिऊ।
कीर्ती पाण्डवको चल्यो म कसरी ❋ त्यस्लाइ बिर्सी दिऊँ?
मारीयो शिशुपाल त्यस् समयमा ❋ बोलेन कोही पनी।
सारा भूपति मौन भै कन रहे ❋ तस्वीर जस्तै बनी॥

---

१ पस्न गए। २ सावधानी।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(८)

यीनै पाण्डवलाइ दौलत पनी ❀ राजाहरूले दिए।
हे मामा! यिनि पाण्डवादिहरुले ❀ हाँसेर हुर्मत्[1] लिए॥
पानीमा जब मै गिरें भ्रम भई ❀ त्यो भीम हाँस्यो अती।
खाई लिन्छु जहर् र मर्छु अब ता ❀ दिल् छैन बाँच्ने रती॥

(९)

गर्नाले विष-पान मर्छु कि जली ❀ मर्छू खरानी बनी।
तिन्को उन्नति देख्न सक्तिन म ता ❀ आफन्त हुन् ती भनी॥
आँटी पाण्डवलाइ मार्न मइँले ❀ उद्योग धेरै गरें।
टेढो एक रऊँ भएन तिनको ❀ चिन्ता विषे मै परें॥

(१०)

रोजै उन्नति देख्छु पाण्डु-सुतको ❀ प्रारब्ध ठूलो भनी।
जान्दैछू तर ठान्दछू म मनले ❀ पौरुष् वृथा हो भनी॥
मामा! गै कन भन्दिनोस् अब बुबा- ❀ ज्यूलाइ चाँडो गरी।
आज्ञा मर्न दिउन् मलाइ तिनिले ❀ मर्छू म हत्या गरी॥

शकुनीको जूवा खेल्ने सल्लाह

(१)

एती सुनेर शकुनी उहि बीच माहाँ।
भन्दा भए अघि सरी कन केहि ताहाँ॥
ती पाण्डवादि सित क्रोध अयोग्य मानी।
राजन्! नलेउ रिस क्यै पनि ठीक जानी॥

(२)

गर्नै सम्म गऱ्यौ निभाउँछु[2] भनी ❀ कैयौं उपाये पनी।
प्रारब्धै बलियो हुँदा तिनिहरू ❀ बाँचे जयी[3] नै बनी॥
तिम्रो यत्न सबै त व्यर्थ हुन गो ❀ तिन्कै भयो उन्नती।
अग्नीलाइ त पार्थले खुशि गरे ❀ धेरै बताऊँ कती॥

१ इज्जत। २ मार्छु। ३ जितुवा।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(३)

पाए गाण्डिव नामको धनु पनी ❀ श्री अग्नि देखी यहाँ ।
ठोक्रो बाण सदैव निस्कि रहने ❀ पाई लडाईं महाँ ॥
जीते खुब् पुरुषार्थि[1] भै नृपहरू ❀ ती पार्थले यस् घरी ।
गर्छौ खेद वृथा सुयोधन ! तिमी ❀ केही नजान्ने सरी ॥

(४)

तिम्रा पट्टि नृपादि वीरहरु छन् ❀ श्रीद्रोण - द्रोणीहरू ।
धेरै सैन्य पनी छ जित्न सकछौ ❀ देशादि धेरै अरू ॥
रीसै लीनु वृथा छ अर्जुनजिको ❀ तिन्लाइ शत्रू गनी ।
मेरो अर्ति अवश्य मान नृपते ! ❀ साँचै बताए भनी ॥

(५)

जित्छु पाण्डव-वृन्द्लाइ भनि यो ❀ आँट्छौ भने यो घरी ।
जीती सक्नु त छैन छन् मदतमा ❀ साक्षात् मुरारी हरी ॥
पाँचै भाइ पनी त अस्त्रहरुका ❀ ज्ञाता सबै छन् यहाँ ।
मामाका यि कुरा सुयोधनजिले ❀ सूनेर भन्छन् तहाँ ॥

(६)

हे मामा ! गरनोस् उपाय सजिलो ❀ जुन् कामले यस् घरी ।
हाम्रा आधिनमा ति पाण्डव हउन् ❀ खूबै सजीलो गरी ॥
हाम्रा मानिसको खती पनि नहोस् ❀ जित् - बाजि हाम्रै भई ।
हाम्रो कीर्ति हवस् सदा जगतमा ❀ चिन्ता मनैको गई ॥

(७)

भाञ्जाका इ कुरा सुनी शकुनिले ❀ केही विचारी तहाँ ।
लाग्यो भन्न यही छ निश्चय भने ❀ सल्लाह दिन्छू यहाँ ॥
जूवाको छ व्यसन् युधिष्ठिरजिमा ❀ ज्ञानै न भै खेलको ।
सीपालू छु जुवा महाँ कपट पो ❀ खुब् जान्दछू झेलको ॥

(८)

जूवा खेल्न सिपालु कोहि म सरी ❀ छैनन् यहाँ विश्वमा ।
ज्येठा पाण्डवलाइ डाक्नु तिमिले ❀ त्यै खेलका निम्तिमा ॥
तिम्रो पट्टि भएर खेल्दछु जुवा ❀ तिन् सीत मैले जसै ।
लक्ष्मी पाण्डवको सबै म जितुँला ❀ कङ्गालि पारी तसै ॥

---

१ बहादुर ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(९)

ती दुर्योधन भन्दछन् यति सुनी ❀ मामा ! बढीया भयो ।
बूबालाइ त भन्नु पर्छ इ कुरा ❀ सक्तीन बोल्नै म पो ॥
बूबालाई तपाइँले भनि दिनू ❀ संभ्फाइ राम्रो गरी ।
मेरो मन्सुब पुग्छ जित् गरि जुवा ❀ लिन्छौं सबै चिज् हरी ॥

युधिष्ठिरलाई जुवा खेल्न डाकी पठाउनु

(१)

मामा - भानिज हस्तिनापुरि पुगी ❀ सोभ्फै महल्‌मा गए ।
राजा श्री धृतराष्ट्रका समिपमा ❀ दाखिल् शकूनी भए ॥
बोल्दो भो शकुनी सुयोधनजि ता ❀ हे भूपते ! यस् घरी ।
देख्छू दुःखित छन् निकै हृदयमा ❀ सन्ताप ठूलो परी ॥

(२)

चिन्ता कुन् मनमा रहेछ बुझियोस् ❀ दुर्योधनैको पनी ।
देख्छू दुर्बल भै जिऊ सुकि गयो ❀ बस्छन् ति खिन्नै बनी ॥
राजा दुःखि भए सुनेर इ कुरा ❀ चिन्ता पऱ्यो कुन् भनी ।
डाक्नै ज्येष्ठ कुमारलाइ[1] नृपले ❀ मान्छे पठाए अनी ॥

(३)

ती दुर्योधन जल्दि हाजिर भए ❀ ती अन्धराजा अनी ।
लागे सोधनि गर्न पुत्र ! भन लौ ❀ चिन्ता परेको पनी ॥
ऐश्वर्यं पनि खुब् छ जुन् पुरुषको ❀ भाई भएका जती ।
आज्ञाकारि ति छन् भने कसरि हो ❀ चिन्ता परेको अती ?

(४)

आश्चर्यं छ अभाव छैन जसको ❀ त्यस् प्राणिमा के गरी ।
चिन्ता आज पऱ्यो ? सुनाउ अहीले ❀ विस्तार राम्रो गरी ॥
बिन्ती झट्ट गरे सुयोधनजिले ❀ कम्ती न भै क्यै यहाँ ।
पूर्णैछू सब चीजले तर पनी ❀ चिन्ता छ यै चित्तमा ॥

१ दुर्योधनलाई ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(५)

बैरीका वशमा परेर रहनू ❋ साह्रै ननीको भई ।
ठान्छू पाण्डवलाइ बैरि मनले ❋ तिन्का नजीकै रही ॥
बस्ता डाह भएर पोल्छ मन यो ❋ तस्मात् सबै सम्पती ।
तिन्को हर्न म खोज्छु के गरि हरूँ? ❋ को दिन्छ राम्रो मती ? ॥

(६)

तिनैको वृद्धि पो नजर गरदा डाह हुन गै ।
म दुब्लाएँ बूबा ! जिउ सहजमा पीत[1] भइ गै ॥
खुवाई लाखौं ती द्विजहरु पछाडी अनि तिनी ।
स्वयं खान्छन् रोजै नृपतिहरुका साथ ति रही ॥

(७)

स्यत्रो दौलत पाण्डु - पुत्र सित पो ❋ जम्मा कसोरी भयो ।
बूबा ! एहि कुरा लिएर मनमा ❋ चिन्ता परी गै गयो ॥
जस्तो वैभव इन्द्रको वरुणको ❋ श्री धर्म राजाजिको ।
उस्तो वैभव श्री युधिष्ठिरजिको ❋ देखी मनै आत्तियो ॥

(८)

राजा श्री धृतराष्ट्रले नकहँ दै ❋ राजा शकूनी तहाँ ।
लाग्यो भन्न धनादि प्राप्त गरने ❋ भन्छू उपायै यहाँ ॥
जूवा राम्ररि खेल्न जान्दछु मता ❋ हार्दीन मैले कहीं ।
पाशालाइ बनाउँछू म कपटी ❋ हान्छू म जान्ने भई ॥

(९)

जूवाको व्यसनै छ धर्म-सुतमा ❋ खेल्छन् त जूवा तिनी ।
जान्दैनन् कसरी छ खेल्नु परने ❋ खेल्छन् नजाने पनी ॥
डाकौं तिन्कन खेल्नलाइ सहजै ❋ आउँदछन् झट् गरी ।
पाशाले छलको म दौलत सबै ❋ लीनेछु तिन्को हरी[2] ॥

(१०)

ती दुर्योधन भन्दछन् अब बुबा ! ❋ तिन्लाइ डाकौं यहाँ ।
खेलाएर जुवा जितौं धन सबै ❋ जित्छन् यि मामा यहाँ ॥
ल्यूँला राज-धनादि पाण्डवहरू ❋ नष्टै भई सम्पत्ती ।
जानेछेन् वनमा भिखारि सरि भै ❋ बिन्ती चढाऊँ कती ? ॥

१ पहेंलो । २ हरण गरेर ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(११)

भन्छन् श्री धृतराष्ट्र काम नहुँदै ❋ पैले विचारै गरी।
गर्नू पर्दछ सोधुँला विदुरका ❋ साथै म राम्रो गरी ॥
सल्लाहा तिनले दिए यदि भने ❋ जूवा रचौंला[1] यहाँ।
हाम्रो आपसमा विरोध यसले ❋ हूनेछ संसारमा ॥

(१२)

ती दुर्योधन भन्दछन् विदुरले ❋ हाम्रै तरफ्का भई।
गर्दैनन् हित कार्य निश्चय छ यो ❋ बानी छ तिन्को यही ॥
गर्छन् ती दुइ पक्षको हित हुने ❋ सोची-विचारी अनी।
हाम्रै श्रेय[2] हुने कसोरि मनले ❋ सल्लाह दीनन् र ती ॥

(१३)

यो जूवा त हुँदैन पो यदि भने ❋ खान्छु विषै पो म ता।
फाल् हाली कन मर्छु गैह्रि नदिमा ❋ साँचै त भन्छू पिता ॥
मेरो मृत्यु भए पछी हजुरले ❋ साथै विदुर्को भई।
गर्नू राज्य खूशी भई मुलुको ❋ के गर्नु मैले रही ? ॥

(१४)

ज्येठाको[3] यो वाक्य[4] सूनेर ताहाँ। राजा भन्छन् मन्त्रिका साथ माहाँ ॥
राम्रो यौटा लौ सभा झट् बनाऊ। खम्बा हज्जार् रत्नका ठिक् गराऊ ॥

(१५)

ढोका सौ[5] हुन् रत्नका नै तयारी। सुन्कै पो होस् त्यो सभा दिव्यपारी ॥
त्याहीं जूवा खेल्दछन् पुत्रहेरू। आँखा छैनन् के गरी लौ म हेरूँ ? ॥

(१६)

तैयारी जब होस् सभा - भवन त्यो ❋ जाहेर गर्नू यहाँ।
एती काम अह्राइ अन्ध - नृपले ❋ फेरी उसै बीचमा ॥
डाकी त्याहिं विदुर्जिलाइ मनियो ❋ के गर्नु पर्ला भनी।
जूवा खेल्न हुँदैन पुत्रहरुले ❋ बोले तिनैले पनी ॥

(१७)

विदुर्जीको अर्ती सुनि कन कहन्छन् नरपती।
जुवा खेलाऊँछू सुत कन म धेरै भनुँ कती ॥
जसो होला होला शुभ-अशुभ भोगेर रहुँला।
तिमी चिन्ता केही नगर जुन पर्ला म सहुँला ॥

१ जूवाको खेल गराउँला। २ कल्याण। ३ दुर्योधनको। ४ वोली। ५ एक सय।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

धृतराष्ट्रले पुत्रलाई द्वेष नगर्नें अर्ति दिनु

(१)

भन्छन् ती धृतराष्ट्र पाण्डु - सुतको ❋ जानेर द्वेषै गरी।
बस्दा गर्नु निको छ निष्कपट छन् ❋ ती ता सबै यस् घरी॥
भाई हौ तिमीले मिलेर रहनू ❋ राम्रो म देख्छू यहाँ।
आफ्नै हुन् तिनि पाण्डवादि बुझिल्यौ ❋ हुन्थे पराई कहाँ!॥

(२)

तिम्लाई पनि राजसूय गरने ❋ इच्छा भए लौ यहाँ।
डाकी दिन्छु ऋषी - मुनी कन सबै ❋ यै हस्तिनापूर मा॥
तिम्रा पास विशेष[1] दौलत लिई ❋ आउँदछन् भूपती।
लोभै गर्नु वृथा छ बाबु! धनमा ❋ मैले सिकाऊँ कती?॥

(३)

आफ्ना बाहु[2] समान पाण्डवहरू ❋ जानी सदा चित्तमा।
यिन्को द्वेष त गर्नु छैन तिमिले ❋ हुन्थे यि वैरी कहाँ?
आफ्नै हुन् सब पाण्डवादि यिनिमा ❋ प्रीती गरेका घरी।
कल्याणै छ विरोधले समरमा[3] ❋ नाशै छ पक्का गरी॥

दुर्योधनले पाण्डवको ऐश्वर्य-हरण गर्न्नु वा मर्नु उचित भन्नु

(१)

भन्छन् सुयोधन यती सुनि फेरि ताहाँ।
बूवा! जितेन्द्रिय प्रतापि भएर याहाँ॥
कुन्नी कसोरि किन स्वार्थ[4] नहेरि ऐले।
अर्ती मलाइ दिनु भो यसरी क्रमैले॥

(२)

राजा भै कन राजनीति सितको ❋ कार्यादि गर्छन् अनी।
सन्तोषी भइ बस्छ कुन् नृपतिले ❋ भो एति राज्यै भनी?
वृत्ती क्षत्रियको त गर्नु विजयै ❋ हो सोहि गर्दा यहाँ।
धर्माधर्म विचार गर्न नहुने ❋ नीयम् छ संसारमा॥

---

१ धेरै। २ हात। ३ लडाईंमा। ४ आफ्नू मतलब।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(३)

एसैले मत[1] बिन्ति गर्दछु पिता ! ❋ राजा हुनाले गरी ।
राजा सीत विरोध गर्नु परने ❋ नीती हजुरले धरी ॥
तिन्को दौलत राज्यलाइ सहजै ❋ जीतेर लीनू कि ता ।
की ता मर्नु असल् छ हामिहरुले ❋ भन्छू म साँचै पिता ! ॥

(४)

वैरी पाण्डवको अपार धनको ❋ देखेर चिन्ता गरी ।
तिन्को हर्दछु लक्ष्मिलाइ[2] मइले ❋ ऐले छलैले गरी ॥
त्यो गर्दा यदि मर्नु पर्दछ भने ❋ मर्नेछु खूशी भई ।
देख्छु पाण्डवको छ उन्नति ठुलो ❋ मित्रादि बढ्दै गई ॥

धृतराष्ट्रले दुर्योधनको कुरा स्वीकार गर्नु

(१)

बिन्ती सुयोधनजिको यति सुन्न पाई ।
भन्छन् ति अन्ध-नृपले मन खुश् गराई ॥
हे बाबु ! मन् सुख अवश्य पुऱ्याइ दिन्छू ।
जूवा रचाइ कन काम बनाइ लिन्छू ॥

(२)

आज्ञा एती गरी सभा नृपतिले ❋ चाँडै तयारी गरी ।
सामग्रीहरुले सुशोभित गरे ❋ जो चाहिने हो धरी ॥
सुन्का मेच र कुर्सि चौकि बहुतै ❋ राखी सभा बीचमा ।
चौतारो पनि चाँदिको रचित भो ❋ जूवा हुने हो जहाँ ॥

(३)

डाकी झट्ट विदुर्जिलाइ नृपले ❋ आज्ञा दिए त्यै घरी ।
भाई ! जाउन इन्द्र-प्रस्थपुरिमा ❋ अत्यन्त चाँडो गरी ॥
भेटी पाण्डव पाँचलाइ तिमिले ❋ भन्नू सबैले गई ।
हेर्नू कौरवको सभा-गृह जउन् ❋ तैयार भो ठिक् भई ॥

---

१ सल्लाह । २ ऐश्वर्यंकन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(४)

याहीं पाण्डव - कौरवादिहरुले ❀ हाम्रै सभा बीचमा ।
खेलुन् खूब जुवा रउस् सँग निकै ❀ आफन्तका साथमा ॥
जूवा मच्चिनु पर्छ बेसरी यहाँ ❀ हेर्नें खुशी हुन् भनी ।
हे भाई ! गद्द पाण्डवादि कन यै ❀ उर्दी[1] सुनाऊ तिमी ॥

विदुरले धृतराष्ट्रसित जुवाको विरोध गर्नु

(१)

यो आज्ञा सुनि चित्तमा विदुरले ❀ सोचेर केही घरी ।
लागे भन्न नजाति यो हुकुम भो ❀ यस्ज्ञाट चाँडै गरी ॥
वंशै नष्ट अवश्य हुन्छ नृपते ! ❀ जूवा खराब् हो अती ।
आपस्मा कलहै[2] हुनेछ सबको ❀ बिग्रन्छ यस्ले मती ॥

(२)

यस्तो वाक्य सुनेर अन्ध - नृपती ❀ भन्छन् अगाडी सरी ।
मेरो भाग्य असल् भए कलहले ❀ के गर्छ बाधा गरी ?
भन्छू यै तिमिले तुरुन्त अहिले ❀ तिन्लाइ साथै लिई ।
आऊ फर्कि कृपा गरेर अहिल्यै ❀ झट् इन्द्र-प्रस्थै गई ॥

राजाज्ञा पालन गर्न विदुरले इन्द्र-प्रस्थ जानु

(१)

आज्ञाले धृतराष्ट्रको विदुरजी ❀ बग्गी चढी त्यै घरी ।
जाँदा पाण्डवका पुगे नगरमा ❀ अत्यन्त चाँडो गरी ॥
आए पूज्य कनिष्ठपितृ[3] भनि खुब् ❀ खूशी भएका त्यहाँ ।
पाँचै पाण्डव बाट प्रेम गर्दै ❀ राखी लिए साथमा ॥

(२)

सत्कारादि पनी खुबै हुन गयो ❀ तिन्लाइ दर्बारमा ।
लागे सोधनि गर्न धर्म-सुतले ❀ भन्नोस् हजुर्ले यहाँ ॥
सारा छन् कुशलै कि काम परि कुन् ❀ पाल्नू भयो यस् घरी ?
यो सुन्दा तिनले पनि यहि भने ❀ चिन्ता मनैमा धरी ॥

---

१ हुकुम । २ झगडा । ३ काका ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(३)

हे राजन् ! धृतराष्ट्र छन् सुत समेत् ❀ आनन्दले चैनमा।
तिम्रो एहि सभा समान रचियो ❀ अर्को सभा पो त्यहाँ॥
आज्ञाले धृतराष्ट्रको म त यहाँ ❀ आएँ भनी यस् घरी।
जानीलयौ अहिल्यै म लान्छु[1] सँगमा ❀ तिम्लाइ चाँडो गरी॥

(४)

पाँचै भाइहरू गएर उ सभा ❀ हेर्नू पर्‍यो खुश् भई।
हेरी सोही सभा बसेर सँगमा ❀ तैयार राम्रै भई॥
खुशीको उपलक्षमा तहिं जुवा ❀ खेलुन् सबैले भनी।
भन्नू भो नृपले र हाजिर भएँ ❀ आज्ञानुकारी बनी॥

(५)

ऐले कौरव भाइ बन्धुहरु ती ❀ सोही सभा बीचमा।
हेर्छन् मार्ग तिम्रहेरुको बसि - बसी ❀ आनन्द मानी त्यहाँ॥
खेलाडी कपटीहरू वरि-परी ❀ छन् ती बसेका अनी।
देख्नेछौ अधिराज ! ताहिं तिमिले ❀ तिन्को तमाशा पनी॥

(६)

सुन्दै एति कुरा युधिष्ठिरजिले ❀ भन्दा भए त्यै घरी।
यस्मा श्रेय कदापि छैन बुझियोस् ❀ जूवा छ ठूलै अरी[2]॥
ज्ञानीले त जुवा नखेलि रहला ❀ खेलछन् ति मूर्खेहरू।
जूवा जान्नु अनर्थको जड भनी ❀ त्यै खेलन इच्छा गरूँ ?॥

(७)

काका ! उ आज्ञा पनि नाघ्नलाई। सक्तीन मैले र तसर्थ जाई॥
सभा भने कौरवको म हेर्छू। खेलौं ति भन्नन् मुखलाइ फेर्छू॥

(८)

सुनेर तिन्ले यति वाक्य ताहाँ। भन्दा भए तिन् सित सामु माहाँ॥
मैले भरी सक्य नखेल्नलाई। जिद्दी गरेथें नतिजा[3] बताई॥

(९)

राजाजिले ता उहि बातलाई। नराखि दिल्मा बरु क्रोध ल्याई॥
आज्ञा दिए जत्ति भनें मईले। गरेर आऊ तिमी कार्य ऐले॥

१ लैजान्छु। २ वैरी। ३ परिणाम।

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(१०)

एती भनी जलिद् पठाइ दीए। क्यारूँ[1] ? करैमा परि मार्ग लीएँ॥
भन्छू विचारी यहि बात मैले। जूवा निको हुन्न कदापि कैले॥

(११)

जो बात हो मुख्य उ बातलाई। सूनाइ दीएँ सब हाल् बताई॥
जो गर्नु पर्नें गर त्यै विचारी। ज्ञानी तिमी छौ नृप-नीति-धारी[2]॥

(१२)

सोध्नू भो नृपती युधिष्ठिरजिले ❋ एती सुनी फेर् तहाँ।
को-को छन् कपटी बताउनु हवस् ❋ हामलाइ ऐले यहाँ॥
भन्छन् फेरि तिनी छ जौन शकुनी ❋ कन्धारको[3] भूपती।
मर्यादा कन छाडि खेल्छ उ जुवा ❋ त्यो ता छ झेली अती॥

(१३)

पाशा हान्न निकै सिपालु छ उही ❋ जुन् दाउ होस् ता पनी।
सोही माफिक दाउ पार्छ उसले ❋ मार्छू म साँचै भनी॥
खेलाडी उहि नै ठुलो छ अरु ता ❋ छन् चित्रसेन् भूपती।
पूरु मित्र जयादि सत्यव्रत छन् ❋ देख्दा बहुतै घती[4]॥

(१४)

यस्ता बात सुनेर धर्म-सुतले ❋ भन्दा भए त्यै घरी।
आज्ञा मान्नु अवश्य पर्छ मइले ❋ तिन्को त मानें गरी॥
बूढा हुन् धृतराष्ट्र मानि तिनिको ❋ आज्ञा म ऐले ताहाँ।
जान्छू खेल्न जुवा डराइ किन है ? ❋ बस्थें कदापी यहाँ॥

(१५)

वार्ता[5] एति गरेर ती विदुर थ्यैं ❋ सामग्रि जम्मा गरी।
भोली पल्ट बिहान रानि सँगमा ❋ श्री द्रौपदीजी लिई॥
चाहीने जति केटि चाकर अनी ❋ लीएर भाई पनी।
हस्तीनापुरमा युधिष्ठिर गए ❋ जूवा म खेल्छू भनी॥

(१६)

काका मान्य सँगै गए विदुरजी ❋ पूगे महल्मा जसै।
भैगो भेट् सब सीत धर्मसुतको ❋ खूशी भए ती तसै॥
विश्रामादि गरेर कौरव समेत् ❋ ती पाँच जम्मा भई।
सोही दिव्य-सभा तरफ् गई गए ❋ उत्साह[6] साथै लिई॥

१ के गरूँ। २ राजनीतिले युक्त। ३ देशको नाम। ४ दाउको विचार गर्ने। ५ कुरा। ६ खूबै इच्छा।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जूवाको खेल शुरू हुनु

(१)

पाँचै भाइहरू गई कन बसे ❋ सोही सभामा जसै ।
आए कौरव भाइ - बन्धु र अरू ❋ राजाहरू पो तसै ॥
कन्धाराधिपले[1] भने उहि बखत् ❋ राजेन्द्रका[2] पासमा ।
खेलौं आउ जुवा परस्पर मिली ❋ हामीहरूले यहाँ ॥

(२)

ज्येठा पाण्डव श्री युधिष्ठिरजिले ❋ सूनेर यस्ता कुरा ।
लागे भन्न जुवा खराब् छ बहुतै ❋ खेल्दैन कोही जुवा ॥
जित्छन् ती कपटीहरू छल गरी ❋ जूवा खराब् हो अती ।
जूवा खेल्नु हुँदैन हामिहरुले ❋ मन् छैन मेरो रती ॥

(३)

भन्दो भो शकुनी कुरा त ठिक हो ❋ जूवा खराब् हो अती ।
जूवा खेलि जितेन कोहि जनले ❋ बिग्रे अनेकौं कती ॥
यस्तो हो तर हामिले छिन घरी ❋ रस् बस् गरौंला भनी ।
खेल्छौं पो नृपते ! नराखि कन रिस् ❋ कौनै कुरामा पनी ॥

(४)

यस्तो उत्तर पाई धर्म-सुतले ❋ चिन्ता लिई चित्तमा ।
लागे भन्न मुहार हेरि शकुनी- ❋ लाई उसै बीचमा ॥
जस्ले डाक्छ मलाइ खेल्न त जुवा ❋ लौ आउ खेलौं भनी ।
मेरो ता प्रण यै छ खेल्छु म जुवा ❋ कौनै बखत्मा पनी ॥

(५)

भन्छन् झट्ट सुयोधनै पनि अनी ❋ हाम्रा यि मामा यहाँ ।
खेल्छन् आज जुवा हजुर् सँग बसी ❋ मेरा त निम्ती महाँ ॥
थाप्ना खातिर रत्न-दौलतहरू ❋ दिन्छू म मामा कनै ।
शङ्का कत्ति नहोस् तिरोइन भनी ❋ थुप्रै[3] छ मेरो धनै ॥

---

१ शकुनिले । २ युधिष्ठिरका । ३ धेरै ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(६)

एती सुनेर उ बखत् कुरुराज ताहाँ ।
भन्दा भए विष समान जुवा छ याहाँ ॥
खेल्ने छ पूरुष कुनै अरको छ तिर्नै ।
जूवा यही अब हुनेछ अवश्य पिर्नै ॥

शकुनी र युधिष्ठिरको जुवा पर्नु

(१)

जूवा खेल्न भनी तयार जब ता ❋ ती धर्मराज्जी भए ।
चाँडै नै धृतराष्ट्र द्रोण कृपजी ❋ सोही सभामा गए ॥
तिन्कै साथ भई पुगे विदुरजी ❋ राजाहरू छन् जती ।
आए राजसि वस्त्र पैह्नि जिउमा ❋ आनन्द मानी अती ॥

(२)

आफ्ना इज्जतले बसे वरि-परी ❋ राजा सभामा जसै ।
जूवाको पनि खेल ता शुरु भयो ❋ सोही बखत्मा तसै ॥
शोभा भो सब देवता सहित भै ❋ जस्तो प्रकारै गरी ।
शोभा हुन्छ बसेर इन्द्र पुरिमा ❋ उस्ता प्रकारै गरी ॥

(३)

भन्छन् युधिष्ठिर पनी उहि बीच माहाँ ।
माला छ यो म सित बेस् मणिको त याहाँ ॥
सुन्को त तार बिचमा छ उनाइएको ।
थाप्छु म यै अधिक मूल्य छ तोकिएको ॥

(४)

यस्को बरोबरि कउन् बहुमूल्य जानी ।
राख्छौ उ चीज भन लौ कुरुराज-नानी[1] !
भन्छन् सुयोधन पनी यति सूनि ताहाँ ।
छन् है मणी म सित थाप्दछु दाउ माहाँ ॥

१ सुयोधन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(५)

पाशा लियो शकुनिले करमा र फेरी ।
हान्दो भयो अनि युधिष्ठिरलाइ हेरी ॥
भन्दो भयो जिति लिएँ यहि दाउ मैले ।
लौ हेर सत्र परि गो भुमिमा सबैले ॥

युधिष्ठिरले शकुनीसँग धेरै धन हार्नु

(१)

माला जित्यो शकुनिले भनि फेरि ताहाँ ।
हज्जार् घडा अशरफी उहि बीच माहाँ ॥
थापे युधिष्ठिरजिले मनमा रिसाई ।
मारी दियो शकुनिले उ पनी हियाई[1] ॥

(२)

फेरी श्री नृपती युधिष्ठिरजिले ❋ तिन्का अगाडी महाँ ।
थापे झट्ट अपूर्व दिव्य सुनको ❋ आफ्नू रथै पो वहाँ ॥
घोडा आठ सफेद सोहि रथ पो ❋ खिंच्थे बडो वेगले ।
त्यस्लाई छलले गरी जिति लियो ❋ कान्धार[2]को भूपले ॥

(३)

जीती सो रथ छल् गरेर शकुनी ❋ भन्दो भयो यो तहाँ ।
जीतें है रथ ता युधिष्ठिरजिको ❋ हानेर दाऊ महाँ ॥
यस्तो वाक्य सुनी युधिष्ठिरजिले ❋ भन्दा भए त्यैं घरी ।
लाखै दासिहरू किशोर वयका ❋ देख्दा परीकैं सरी ॥

(४)

राम्रा छन् अति रूपमा र शिपमा ❋ खुब् गीत जान्ने अनी ।
बाजाहेरु सबै बजाउन खुबै ❋ सक्ने प्रवीणा बनी ॥
लाएका गहना जुहार सुनका ❋ आफ्ना शरीरै महाँ ।
मेरा छन् तिनिलाइ थाप्छु मइले ❋ लौ हान पाशा यहाँ ॥

---

१ तुच्छ ठानेर । २ शकुनीले ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(५)
लौ हान्छू नृपते ! भनी शकुनिले ❀ पाशा लिई हातमा ।
फ्याँक्यो दाउ पनी पऱ्यो जित हुने ❀ देखेर फेरी तहाँ ॥
लाग्यो भन्न जुँघा मुसारि खुशि भै ❀ दासी जितेँ लौ यहाँ ।
के थाप्छौ नृपते ! छ कुन् चिज कहू ❀ मेरा अगाडी महाँ ? ॥

(६)
हारे दासिहरू जसै रिस गरी ❀ फेरी ति राजा तहाँ ।
भन्छन् दासहरू पनी उति त छन् ❀ राम्रा बहूतै यहाँ ॥
आसा फेर् गुरजा लिएर करमा ❀ रेशमी लुगा आङ् भरी ।
हिंड्छन् पैह्नि म थाप्तछू यस बखत् ❀ तिन्लाइ बाजी धरी ॥

(७)
सो बाजी पनि छल् गरी शकुनिले ❀ जीतेर बोल्यो अनी ।
के थाप्छौ नृपते ! ति दास जति हुन् ❀ मेरै भए ती पनी ॥
जूवामा जितला मलाइ कसले ❀ सर्वस्व थापे पनी ।
जीती लिन्छु घमण्ड गर्दछु म ता ❀ हार्दीन कैह्ले भनी ॥

(८)
थापे एक सहस्र[1] खूब बलिया ❀ हौदा समेत्का पनी ।
हात्तीहेरु सबै युधिष्ठिरजिले ❀ थाप्नै पऱ्यो लौ भनी ॥
ती हात्ती पनि दाउमा शकुनिले ❀ पाशा कपट्को धरी ।
जीत्यो छिन् भरमा र खुब् सँग निकै ❀ हाँस्यो ठुलै स्वर् गरी ॥

(९)
भने ती राजाले रथहरु जती छन् म सँग ती ।
पताका छन् सुन्का रथिहरु समेत् वीर-शुर ती ॥
तिनैलाई थाप्छू अब त बुझ दाऊ बिच यहाँ ।
यती सुन्दा हाँस्यो शकुनि पनि खूबै मन महाँ ॥

(१०)
लिई पाशा हातै खर-खर बजाई खुशि भयो ।
अनी पाशा हानी यहि वचन बोल्दो तहिं भयो ॥
जितेँ मैले दाऊ नजर गरनोस् विज्ञहरुले ।
शकूनी के हार्थ्यो ? जितन सकने छैन अरुले ॥

---
१ हजार ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(११)

यि कूरा सुन्दैमा कुरुपतिजिलाई पनि तहाँ ।
ठुलो रिस् पो उठ्यो असहन भई खूब मनमा ॥
भने तिन्ले फेरी तुरग[1]हरु जो छन् म सँगमा ।
ति हुन् गन्धर्वैंका मुलुक बिचका वेग जसमा ॥

(१२)

बिजुली झैं हूँदा उडन सक्ने दौडन पनी ।
बहूतै ती सक्छन् परम गति वायू सरी बनी ॥
अघी जुन् पार्थैले तुरग रणमा नै जिति लिए ।
उनैलाई मैले यस घरि सबै थापि त दिएँ ॥

(१३)

त्यो बाजी पनि जीत भो शकुनिको ❋ हार्नै नृपैले[2] अनी ।
कुण्डा[3] चार सए भरी सुन सबै ❋ थापी दिए हान् भनी ॥
लौ मार्छु भनि दुष्टले सहजमा ❋ फ्याँकेर पाशा तहाँ ।
भन्दो भो सब ई जितें नजर होस् ❋ दाऊ परेको यहाँ ! ॥

विदुरले धृतराष्ट्रलाई अर्ती दिनु

(१)

यस्तो घोर जुवा हुँदा विदुरजी ❋ भन्दा भए झट् अनी ।
हे राजन् ! धृतराष्ट्र ! वाक्य पहिले ❋ मैले भनेंथें पनी ॥
मेरो बात रुचैन त्यस् समयमा ❋ राम्रै भनें ता पनी ।
रोगीको जब रोग बढ्छ सबले ❋ ठान्छन् असाध्यै भनी ॥

(२)

उस्तै रोग असाध्य यो हुन गयो ❋ लाग्दैन क्यै औषधी ।
श्रीदुर्योधन जन्मदा रुदन सो ❋ ठिक् फ्याउराको[4] सरी ॥
जुन् त्यस्ले गरियो कुलक्षण उही ❋ फल्ने बखत् भै गयो ।
यो दुर्योधन मृत्यु-रूप सबको ❋ भै वंश नाश्ने भयो ॥

---

१ घोडा । २ युधिष्ठिरले । ३ बहुतै ठूलो घडा । ४ श्यालको ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(३)

भन्छू शुक्रनिती बमोजिम गरी ❀ बेच्ने मधूको यहाँ ।
छातो माहुरिको मधू सहितको ❀ देखी उँचो रूखमा ॥
इच्छा त्यै महको गरेर रूखमा ❀ जो जान्छ चढ्नै भनी ।
खस्नेछू भनि क्यै न सोचि पछि त्यै ❀ खस्नेछ साँचै पनी ॥

(४)

यो दुर्योधन क्यै विचार नगरी ❀ यिन्का सँगैमा यहाँ ।
जूवा खेलि वृथैव बैरि हुन गो ❀ नाश् हुन्छ आखीरमा ॥
भोजैका कुलमा कुनै नृपतिले[1] ❀ सोचे हितै होस् भनी ।
नाऊँ कंस हुने कुपुत्र सहजै ❀ त्यागी दिएथे पनी ॥

(५)

भोजै यादव अन्धकादिहरुले ❀ त्यस् कंसलाई तहाँ ।
त्यागेथे जब कृष्णले त्यस कनै ❀ मार्नू भयो छिन् महाँ ॥
त्यस्लाई जब मार्नु भो प्रभुजिले ❀ रैती सबै खुश् भए ।
आनन्दै सित वर्ष सौ बिति गयो ❀ चिन्ता सबैका गए ॥

(६)

राजन् ! आज पनी यहाँ हजुरले ❀ सोही बमोजिम् गरी ।
हूकुम् अर्जुनलाइ बक्सनु हवस् ❀ तिन्ले सर्जाले गरी ॥
यो दुर्योधनलाइ पक्रि ति लिनन् ❀ कैदी गराई यहाँ ।
सारा कौरव खुश् हुनन् नरपते ! ❀ नाशिन्छ वंशै कहाँ ? ॥

(७)

आफ्नू वंश निमित्त ज्ञानिहरुले ❀ त्यागिन्छ यौटा पनी ।
गाउँका त निमित्त वंश कन पो ❀ छाड्छन् ठिकै हो भनी ॥
देशै खातिर ग्राम त्यागि हिंडछन् ❀ आत्मार्थ[2] पृथ्वी पनी ।
त्याग्छन् सज्जनले विचार मनले ❀ यस्तो छ नीती भनी ॥

(८)

यो दुर्योधनलाइ त्यागि दिनुहोस् ❀ यस्मा छ श्रेयै अती ।
एही ता रहि गो भने सहजमा ❀ हूनेछ वंशै खती ॥
द्रोहै पाण्डव सीत गर्नु बढिया ❀ देख्दीन मैले यहाँ ।
इन्द्रैले पनि जित्न मुश्किल हुने ❀ छन् यी प्रतापै महाँ ॥

१ उग्रसेन राजाले । २ आफ्ना लागि ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(९)

यस् निम्ति नृपते ! जुवा अब नहोस् ❋ होला विरोधै यहाँ ।
होला मानिसको विनाश बहुतै ❋ गै युद्ध-भूमी महाँ ॥
ज्ञानीले कहिल्यै लिंदैन अरुको ❋ कस्तै हवस् ता मती ।
अर्काको मतिमा हिंडे दुःख भयो ❋ धेरै बताऊँ कती ॥

(१०)

जूवाले रिसमा परी जुन घरी ❋ यी पाँच भाई यहाँ ।
गर्नेछन् अति घोर युद्ध उ घरी ❋ को टिक्छ सामू महाँ ?
यो पापी शकुनी ठुलो छ कपटी ❋ छल्मा चतूरो भई ।
देख्छू खोज्दछ पाण्डवादिहरुको ❋ ऐश्वर्य हर्नै पनी ॥

(११)

यम्लाई त निकालि बक्सनु हवस् ❋ जावस् उ जाने जहाँ ।
रीसै पाण्डवको बढ्यो यदि भने ❋ गाह्रो परी गो यहाँ ॥
जुन् कूरा हितको थियो भनि दिएँ ❋ त्यसमा विचारै गरी ।
आफ्नू श्रेय हुने कुरा गरि लिनोस् ❋ चिन्ता उसैमा धरी ॥

दुर्योधनले रिसाई विदुरलाई निकालिदिनु

(१)

यस्तो वाक्य सुनेर ती विदुरको ❋ दुर्योधनैले तहाँ ।
लागे भन्न कठोर वाक्य उ बखत् ❋ क्रुद्ध भई चित्तमा ॥
हाम्रो खाइ सदैव दुष्ट सरि भै ❋ हाम्रै कु-निन्दा गरी ।
गर्छौ खुब् सह्नी तिमी त अरुको ❋ हामूलाइ तुच्छै गरी ॥

(२)

निन्दा मालिकको गरेर रहने ❋ जो छन् ति पापीहरू ।
तिनूको हुन्न गती भनेर बुझिल्यौ ❋ धेरै कुरा के गरूँ ॥
जो राख्छन् मनमा त द्वेष प्रभुको ❋ तिन्लाइ कैले पनी ।
हूने छैन म भन्छु सौख्य फस्नू- ❋ पर्ने छ दुःखी बनी ॥

(३)

तीमी ता हरदम् रहेर सँगमा ❋ हाम्रा घरैमा बसी ।
हाम्रै द्रोह गरेर अप्रिय कुरा ❋ बोल्छौ त घूँडा धसी ॥
स्वामी-द्रोह समान कुन् छ नरमा ❋ हो पाप ठूलो यही ।
सोही पो तिमि गर्दछौ यस बखत् ❋ शत्रू सरीका भई ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(४)

जाऊ निस्कि तुरुन्त पो अब बिदा ❋ तिम्लाइ भो यस् घरी ।
जाहाँ बस्नु छ गै बसे अब उहीं ❋ मालीक अर्कै गरी ॥
गर्दैनौं अब सोधनी तिमि सितै ❋ सल्लाहको क्यै पनी ।
गर्छौं बक्-बक व्यर्थमा किन तिमी ❋ खुब् नीति जान्ने बनी ॥

(५)

शत्रूको तिमि पक्ष ली कन यहाँ ❋ हाम्लाइ नीचा गरी ।
गर्छौ बात पचाइ लाज यसरी ❋ घोचेर छेड्ने सरी ॥
यस्तो बात सुनेर फेर् विदुरले ❋ भन्छन् दियौ जो बिदा ।
ठीकै हो न बुझी बिदा पनि दियौ ❋ जान्छू खुशी भै म ता ॥

(६)

बातै जुन् हितको भनें तर पनी ❋ बैरी सरीकै गरी ।
ठान्यौ आज बिदा दियौ असल हो ❋ जान्छू म धैर्यै धरी ॥
रक्षा ईश्वरले गरुन् म त गएँ ❋ रिस् छैन मेरो रती ।
तिम्रो मन् सुब पूर्ण होस् यही भनी ❋ निक्ले तिनै धीर् मती ॥

युधिष्ठिरले सब धन, राज्य हारेर भाइ र द्रौपदी हार्नु

(१)

ताहाँ देखि हटेर क्यै पर बसे ❋ जाई विदुर् पो जसै ।
जूवा फेर् मचियो रिसा-रिस भई ❋ दूवै जनामा तसै ॥
भन्दो भो शकुनी युधिष्ठिरजिका ❋ हेरी मुखैमा तहीं ।
हार्नू भो धन धेर क्यै अरु भए ❋ थाप्नोस्न भन्छू यहीं ॥

(२)

वार्ता यो सुनि धर्मराज अनि फेर् ❋ भन्छन् ढुकूटी महाँ ।
मेरो दौलत हो जती उ सहजै ❋ बिर्सन्छु मैले कहाँ ॥
अर्बै खर्ब र शङ्ख देखि बढता ❋ पूँजी छ मेरो जउन् ।
थाप्छू हान तिमी ढिला नगरि लौ ❋ ढीलाइको काम कुन् ॥

(३)

एती बात सुनेर त्यै शकुनिले ❋ हानेर पाशा तहाँ ।
बोल्यो यो धन ता जितें बुझ तिमी ❋ हार्थें म जूवा कहाँ ?
यस्तो शेखि सुनी युधिष्ठिरजिले ❋ त्यस्कै अगाडी महाँ ।
लागे भन्न धनै गयो तर पनी ❋ क्यै छैन चिन्ता यहाँ ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(४)

पर्णासा नदि देखि सिन्धुतकका[1] ❋ गाई र घोडा अनी ।
बाख्रा गोरु खसी ति छन् ति सबको ❋ मालिक हूँ मै पनी ॥
ती सम्पूर्ण म थाप्छु यस् समयमा ❋ जूवा पियारो गरी ।
पाशा हान तिमी म हेर्छु कसको ❋ जित् हुन्छ एही घरी ॥

(५)

हानेर पाशा भुमिमा लडाई । बोल्यो उही आफ्नु गरी बडाई ॥
यो बाजि जीतें सहजै अहीले । हार्दीन जूवा म बुझ्यौ कहीले ॥

(६)

त्यै बाजी पनि जीत भै शकुनिको ❋ भन्छन् ति राजा[2] तहाँ ।
मेरा देशहरू प्रजा सहितका ❋ थाप्छू म दाऊ महाँ ॥
छोडी ब्राह्मण जातका अरु जती ❋ छन् तीन वर्णेहरू ।
थापें दाउ विषे म हेर्छु कसको ❋ जित् हुन्छ ऐले अरू ॥

(७)

दाऊ हेर्नु हवस् म हान्छु अब लौ ❋ एती भनी झट् गरी ।
हान्दो भो शकुनी र दाउ उसकै ❋ देखे त्रिपाशा परी ॥
बोल्यो झट् मइले जितें सब कुरा ❋ थाप्नू भएको यहाँ ।
इच्छा कुन् चिज राखनको छ अहिले ❋ राखनोस् छ जो पासमा ॥

(८)

आफ्नू सम्पति राजपाट् जति थियो ❋ हारेर जूवा महाँ ।
केही साथ रहेन जुन् बखतमा ❋ भन्छन् ति राजा तहाँ ॥
मेरा भाइहरू यि छन् जति वटा ❋ हुन् राजपुत्रै यिनी ।
थाप्छू दाउ विषे क्रमै सित तँ हान् ❋ लीएर पाशा पनी ॥

(९)

एती बात गरी युधिष्ठिरजिले ❋ सोही सभा बीचमा ।
आफ्ना भाइहरू क्रमै सित गरी ❋ थापी दिए फेर् तहाँ ॥
पाशा ली शकुनी निकै खुशि भयो ❋ पाशा कपट्कै थिए ।
जीत्यो भीम र अर्जुनादि कन पो ❋ ती दास तुल्यै भए ॥

---

१ सागर सम्मका । २ युधिष्ठिर ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(१०)

जूवाका बिच चार भाइ जिति ली ❁ फेरी शकूनी तहाँ।
लाग्यो भन्न रही युधिष्ठिरजिका ❁ सामू अगाडी महाँ॥
गर्छू आज प्रणाम लौ हजुरमा ❁ ठूला तिमी हौ भनी।
सारा हारि सक्यौ छ चीज अरु कुन्? ❁ दाऊ लगाऊ तिमी॥

(११)

कुरुपति तब भन्छन् भाइ हारेर मैले।
निज कन अब थाप्छू दाउका बीच ऐले॥
यति सुनि शकुनीले हाँसि पाशा गिरायो।
जिति कन उहि बाजी बेसरी पो करायो॥

(१२)

भन्दो भो शकुनी युधिष्ठिर! सुन्यौ ❁ एही सभा बीचमा।
तिमूले नीच करम् गऱ्यौ यहि सरी ❁ गर्छन् अरूले कहाँ?
साथैमा धन भै न थापि कन सो ❁ थापेर आफू कन।
को हार्छन्? यहि नीच काम गर्दै ❁ लौ-लौ मलाई भन?॥

(१३)

पाञ्चाली अझ शेष[1] छन् जितियकी ❁ छैनन् जुवामा यहाँ।
नारी तिम्री ति हुन् लगाउ अहिले ❁ तिन्लाइ दाऊ महाँ॥
त्यो दाऊ तिमिले जिते भइ गयो ❁ फर्काइ लीयौ सबै।
हाऱ्यौ ता तिनी द्रौपदी जितिय लिन् ❁ एही जुवामा अबै॥

(१४)

यति सुनि शकुनीका ती कुरू-राज फेरी।
वचन यहि त भन्छन् दुष्टको नेत्र हेरी॥
उहि असल कुरा हो जो सुनायौ तिमीले।
सहज सित उ कामै गर्न आँटें मईले॥

(१५)

प्यारी द्रौपदि होचि कत्ति छइनन् ❁ छैनन् ति अग्ली पनी।
दुब्ली ती छइनन् न भन्छ कसले ❁ तिन्लाइ मोटी भनी॥
जस्का छन् दुइ नेत्र पद्म[2] सरिका ❁ फेरी सुगन्धी अती।
जस्का आउँछ जीउ बाट जसको ❁ साथै छ राम्रो मती[3]॥

१ बाँकी छन्। २ कमल। ३ बुद्धि या स्वभाव।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(१६)

जस्को रूप अनूप[1] लक्ष्मि सरिको ❋ सम्पत्तिशीलै भई ।
देख्दामा कटि सिंहकै सदृशको ❋ खुब् पातलो भै रही ॥
यस्ती द्रौपदिलाइ जो जन पनी ❋ चाहन्छ राम्री भनी ।
थापी दिन्छु म दाउमा यस घरी ❋ दुःखी बहूतै बनी ॥

(१७)

थापें द्रौपदिलाइ दाउ बीचमा ❋ जूवा जितूँला भनी ।
स्त्रीलाई पनि थापछन् जनहरू ❋ ठूलै जुवारी बनी ॥
कामै आज नयाँ गरीन मइँले ❋ हो ता पुरानै पनी ।
छाती पोल्दछ खेदले सब जना ❋ भन्नन् कुकर्मी भनी ॥

(१८)

स्वामीनै म हुँ थापछू समयले ❋ स्त्रीलाइ दाऊ महाँ ।
यस्तो वाक्य सुनेर सभ्य जन जो ❋ थीए त्यसै बीचमा ॥
धिक् हो काम यहाँ जुवारिहरुको ❋ हूँदैन बुद्धी रती ।
लागे भन्न यही कुरा सकलले ❋ दैवी विचित्रा गती ॥

(१९)

राजाहेरु जती थिए उस बखत् ❋ सोचै ति गर्दा भए ।
द्रोणाचार्य र भीष्म फेरि कृपका ❋ तर्-तर् पसीना बहे ॥
लाग्दामा रिङटा समाति शिर पो ❋ न्यूह्ने विदुर्जी पनी ।
क्षत्री ब्राह्मण शूर वीरहरु ता ❋ रोए दुखीया बनी ॥

(२०)

राजा श्री धृतराष्ट्र ता खुशि हुँदै ❋ कुन् वस्तु जीत्यौ भनी ?
सोध्थे दुष्ट शकूनिलाइ उ बखत् ❋ खुब् आग्रही[2] झैं बनी ॥
फेरी कर्ण दुशासनादि खुशि भै ❋ हाँस्थे नबोली तहाँ ।
बाँकीका जनको चुह्यो नयनको ❋ पानी[3] सभा बीचमा ॥

(२१)

थापे द्रौपदिलाइ दाउ बिचमा ❋ राजा जुवारीजिले ।
पाशा ली शकुनी रहन्छ उ बखत् ❋ गम्केर पो तेजिले ॥
हेर्नोस् ! दाउ म हान्दछू यति भनी ❋ हानी त्रिपाशा तहाँ ।
बोल्दो भो मइँले जितें यहि पनी ❋ दाऊ परी गो यहाँ ॥

---

१ उपमा रहित । २ चाख मान्ने । ३ आँसु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दुर्योधनले विदुरलाई 'द्रौपदी ड्राक' भन्दा नमान्नु

(१)

जूवा खेलि समस्त हारि कन ती ❀ राजा जुवाडी[1] तहाँ।
मौनै भै कन भाइले सहितका ❀ बस्थे सभा बीचमा ॥
यस्तै औसरमा सुयोधनजिले ❀ हाँसेर खूशी भई।
लागे भन्न विदुर्जिलाइ अब ता ❀ तिम्ले महल्मा गई ॥

(२)

रानी द्रौपदिलाइ दासि हुनका ❀ खातिर् सबै हाल् कही।
डाकी ल्याउ यहाँ कमारि ति भइन् ❀ हाम्रा घरैमा रही ॥
दासीका सँगमा मिलेर तिनिले ❀ कार्यादि हाम्रो गरी।
कूचो लाउनु पर्छ माझि[2] ति जुठा ❀ भाँडाहरू साफ् गरी ॥

(३)

भन्छन् एती सुनेर ती विदुरजी ❀ कुन् वाक्य बोल्छौ यहाँ?
तिम्रो काल खडा भयो कि शिरमा ❀ बुद्धी हरायो कहाँ?
आफू मिर्ग भएर व्याघ्रहरुको ❀ हेलाँ बहूतै गरी।
व्यर्थै क्रोध बढाउँछौ यसरि के ❀ बोल्छौ तिमी मन्परी ? ॥

(४)

रानी द्रौपदिलाइ दासि तिमिले ❀ ठान्छौ कसोरी यहाँ?
आफू हारिइए पछी ति कन ता ❀ थापी दिए दाउमा ॥
आफू हारिइएर धर्म-सुतले ❀ थापी दिए द्रौपदी।
तस्मात् द्रौपदिलाइ थाप्न तिनको ❀ पुग्दैन हक् क्यै रती ॥

(५)

थाप्दा हुन् पहिले त ठीक उ थियो ❀ स्वामी ति तिन्कै थिए।
आफू हारिइए पछी कउन हक् ❀ थीयो र थापी दिए?
दासी हुन् भनि भन्न सक्छ कसले ❀ पाञ्चालिलाई यहाँ?
यो दुर्योधन शेखि गर्छ पछि ये ❀ मर्नेछ युद्धै महाँ ॥

---

१ युधिष्ठिर। २ माँझेर।

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(६)

को लाग्ने पछि काम एति जनमा ❋ को जान्दछन् यस् घरी ?
छातीमा बिझने कुरा किन गऱ्यौ ❋ उन्मत्त[1] चाला गरी ॥
अर्काको मन ता दुखाउन भनी ❋ जो हान्छ छेडे यहाँ ।
त्यस्ले नर्क मरेर बस्नु परला ❋ यस्तो छ शास्त्रै महाँ ॥

(७)

लोभैले गरि बल्छि निल्छ जसरी ❋ माछो जलैमा रही ।
घाँटीलाइ छिचोल्छ बल्छि उसकै ❋ शत्रु सरी पो भई ॥
आफ्नू यै गति जानि पाण्डव सँगै ❋ द्वेषादि छाडी यहाँ ।
भाई हुन् सब मेल राख ति सँगै ❋ सोचेर खुब् चित्तमा ॥

(८)

तिम्रा साथिहरू सबै मतलबी ❋ हुन् भन्दछू सत्य हो ।
लाग्दैनन् दुःखका पछी यि कहिल्यै ❋ यो ठीक नै वाक्य हो ॥
डुब्नेछौ दुखका समुद्र - तलमा ❋ गर्दा खराबी अती ।
त्यागी देउ खलादिलाइ[2] तिमिले ❋ आफ्नू सपारी मती ॥

दुशासनले द्रौपदीको केश खिचेर सभामा ल्याउनु

(१)

वाणी एति सुनी सकी विदुरको ❋ दुर्योधनैले अनी ।
लाग्यो भन्न रिसाइ वाक्य बिष झैं ❋ बोल्छौ वृथामा पनी ॥
प्रातीकामि[3] ! तँ जा र द्रौपदि लिई ❋ साथै तँ आ यै घरी ।
कामै छैन डराउने ति त भइन् ❋ हाम्री करीयी[4] सरी ॥

(२)

हूकुम् भो जब प्रातिकामि उठि गो ❋ जान्छू महल्मा भनी ।
चारै तीर नजर् दिंदै डर लिंदै ❋ पूग्यो महल्मा अनी ॥
रानी द्रौपदिको गई हजुरमा ❋ भन्दो भया त्यै घरी ।
जूवामा तिमि हारियौ हिंड छिटै ❋ दासी भयौ यस् घरी ॥

---

१ बौलाहा । २ दुष्ट जनलाई । ३ एक सेवकको नाम । ४ कमारा ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(३)

हे रानी ! तिमिलाइ धर्म - सुतले ❋ थापेर जूवा महाँ ।
हार्दा जीति लिए सुयोधनजिले ❋ यस् निम्ति ऐले यहाँ ॥
आज्ञा भै कन श्रीसुयोधनजिको ❋ डाकेर ल्याऊ भनी ।
आएको छु म हिंड्नुहोस् अब छिटै ❋ जाऊँ सभामा पनी ॥

(४)

यस्तो वाक्य सुनेर द्रौपदि पनी ❋ सोध्दी भइन् त्यै घरी ।
केही दौलत के थिएन सँगमा ? ❋ दुर्बुद्धि यस्तो गरी ॥
थापे आज मलाइ धर्म-सुतले ❋ कुन् मर्द संसारमा ।
आफ्नी स्त्री कन थाप्छ है यसरि पो ❋ तिन्ले गरे झैं यहाँ ? ॥

(५)

यस्तो प्रश्न सुनेर भन्दछ तहीं ❋ सो प्रातिकामी पनी ।
जूवामा धन-राज्य चीज जति छन् ❋ हारेर खेल्छू भनी ॥
आफ्ना भाइ समेत हारि नृपले ❋ फेरी पछाडी तहाँ ।
तिमूलाई पनि थापि दाउ बिचमा ❋ हारी दिए छिन् महाँ ॥

(६)

सोधिन् द्रौपदि रानिले उहि बखत् ❋ साह्रै भई विह्वल ।
आफू हारिनु भै मलाइ पतिले ❋ थाप्नू भयो की भन ?
की ता थापि मलाइ हारि उ पछी ❋ आफ्नू जिऊ हार्नु भो ।
यस्को उत्तर देउ सत्य तिमिले ❋ कुन् रीतिले हार्नु भो ॥

(७)

कृष्णाका[1] इ कुरा सुनी उठि गयो ❋ सोही सभा बीचमा ।
लाग्यो सोध्न गई युधिष्ठिरजिको ❋ सामू अगाडी महाँ ॥
सोध्छिन् द्रौपदीले तपाइँ पहिले ❋ हारेर त्यै द्यूतमा[2] ।
थाप्नू भो म कनै कि हार्नु पहिले ❋ मैलाइ भो लौ तहाँ ॥

(८)

यस्को उत्तर बक्सनोस् म कन लौ ❋ एती भनेथ्यो जसै ।
मौनै[3] भै कन ती युधिष्ठिर बसे ❋ केही नबोली तसै ॥
यो हाल् देखि सुयोधनै अघि सरी ❋ भन्दा भए त्यै घरी ।
भन्दे द्रौपदिलाई दूत ! अब गै ❋ तैंले अगाडी परी ॥

१ द्रौपदीका । २ जूवामा । ३ चूपै ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(९)

जो सोध्नू छ उ सोध प्रश्न तिमिले ❀ आई सभा बीचमा ।
याहीं उत्तर पाउली अब ढिलो ❀ गर्नैछ कामै कहाँ ॥
यो आज्ञा सुनि प्रातिकामि उठि गो ❀ श्री द्रौपदी छन् जहाँ ।
बोल्यो देवि[1] ! उहीं गएर तिमिले ❀ सोधी लिनू साथमा ॥

(१०)

देख्छू नष्ट हुनेछ वंश कुरुको ❀ हे देवि ! धेर् के कहूँ ?
यो दुर्योधन दुष्ट काल सरि भो ❀ आज्ञा कती लौ सहूँ ?
यस्तो कर्म सहन्न ईश्वर कबै ❀ अन्याय ठूलो भयो ।
एसैले म त देख्छु कौरव जती ❀ निर्मूल हूने भयो ॥

(११)

डाकूछन् सभ्यहरू असभ्य सरि भै ❀ ऐले सभामा तहीं ।
पाञ्चाली[2] ! अब जानु पर्छ तिमिले ❀ हींडेर ऐले उहीं ॥
यी क्रूरा सुनि भन्दछिन् द्रुपदकी ❀ पुत्री पनी फेर् तहाँ ।
इच्छा ईश्वरको छ नष्ट गरने ❀ सप्रन्छ बुद्धी कहाँ ? ॥

(१२)

के त्यागछन् निज - धर्म सभ्यहरुले ❀ ठूला सभामा रही ?
आश्चर्यै म त मान्छु धर्म छ ठुलो ❀ को धर्म छोडछन् कहीं ?
श्रेष्ठै भन्नु त धर्म हो म कन ता ❀ साहाय धर्मै भई ।
रक्षा निश्चय गर्छ छैन मनमा ❀ चिन्ता भनेको कहीं ॥

(१३)

जाऊ गै कन भन्दिए सब जना ❀ ती कौरवादी भई ।
आफ्नू धर्म कदापि त्याग नगरुन् ❀ ठूला सभामा रही ॥
मेरो उत्तर न्याय पूर्वक दिउन् ❀ विद्वान्हरू छन् जती ।
पाई उत्तर कार्य त्यै म गरुँली ❀ धेरै सुनाऊँ कती ॥

(१४)

यति सुनि कन प्रातीकामि फर्केर आयो ।
पुगि कन सब वार्ता[3] त्यै सभामा सुनायो ॥
सुनि कन सब वार्ता द्रौपदीले भनेको ।
कुरुपति चुप लागे आफु भै नुर् - गएको[4] ॥

---

१ रानी । २ पाञ्चालदेशकी राजकुमारी द्रौपदी । ३ कुरा । ४ मन्द अनुहार भएको ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(१५)

ती दुर्योधन भन्दछन् रिस गरी ❋ हे भाइ दुःशासन !
तिम्ले द्रौपदिलाइ पक्रि अहिले ❋ देखाउ हामी कन ॥
भीमैको भय मान्छ सेवक छ जो ❋ जाऊ तिमी यैं घरी ।
पाञ्चाली कन ल्याउ पक्रि सहजै ❋ दासी सरीकी गरी ॥

(१६)

दाज्यू बाट अह्राइँदा खुशि हुँदै ❋ ऊठेर त्यैं बीचमा ।
पापी दौडि गयो दुशासन छिटै ❋ पाञ्चालि बस्थिन् जहाँ ॥
सामू द्रौपदिका गएर उसले ❋ भन्दो भयो त्यस् घरी ।
पाञ्चाली ! तँ त दासि पो भइ गइस् ❋ हाम्रै करीया सरी ॥

(१७)

तेरा स्वामि जुवाडि धर्म-सुतले ❋ तैंलाइ दाऊ महाँ ।
थाप्दा जित्नु भयो सुयोधनजिले ❋ सोही सभा बीचमा ॥
लज्जा त्यागि तँ हिंड् सुयोधनजिका ❋ सामू त एही घरी ।
दासी भै कन शर्म मान्नु छ वृथा ❋ तैंले गृहीणी सरी ॥

(१८)

पैले एति सुनाइ त्यस् अधमले ❋ पक्रेर चुल्ठो महाँ ।
लाग्यो तान्न तँ हिंड् भनेर बलले ❋ पाञ्चालिलाई तहाँ ॥
आफ्नू यो हबिगत् नजर् गरि तहाँ ❋ पाञ्चालि रोइन् अती ।
लागिन् भन्न कसोरि जानु मइँले ❋ यस्तो छ मेरो गती ॥

(१९)

छू ऐले नछुने[1] म तीन दिनकी ❋ यौटा छ वस्त्रै पनी ।
लै जान्छस् कसरी सभा-भवनमा ❋ हे दुष्ट ! पापी बनी ?
स्वामिन् ! हे हरि! कृष्ण! विष्णु ! अहिले ❋ सङ्कष्ट ठूलो पऱ्यो ।
यो दुःशासन पापिले त कबरी[2] ❋ मेरो करैले धऱ्यो ॥

(२०)

त्यो पापी पनि भन्छ मान्दिन डरै ❋ रोएर तैंले यहाँ ।
चाहे होस् नछुने कि धोति सितकी ❋ ऊम्केर जालिस् कहाँ ?
नाङ्गै छेस् त पनी खिचेर अहिले ❋ लान्छू सभा बीचमा ।
जूवामा जितिएकि दासि तँ त होस् ❋ हुन्थिस् तँ रानी कहाँ ? ॥

१ रजस्वला । २ चुल्ठो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(२१)

दासी होस् अब दासिहेरु सँग भै ❋ मीलेर तैंले पनी ।
बस्नू पर्दछ दासिकै गरि करम् ❋ हाम्री कमारी बनी ॥
यस्ता वाक्य सुनेर द्रौपदि पनी ❋ काँपेर थर्-थर् गरी ।
रीसाई कन भन्दछिन् वचन यी ❋ क्यै सुस्त चाला गरी ॥

(२२)

छन् घेरै त्यहिंनै गुरु-जनहरू ❋ वृद्धादि मान्यै अनी ।
घेरै पण्डित छन् नरेन्द्रहरु छन् ❋ मेरा ससूरा पनी ॥
ऐले छू म रजस्वला तिन दिनै ❋ भै गो कसोरी वहाँ ।
जाऊँ ? पाँच पतीहरू पनि त छन् ❋ मेरा बसेका तहाँ ॥

(२३)

छूने योग्य म छैन जाऊँ कसरी ❋ एक्छत्त ऐले गरी ।
तान्छस् क्या म कनै यसोरि बलले ❋ रिस्मा बहूतै परी ?
रीसै पाण्डवलाइ पो यदि उठोस् ❋ सोही सभा बीचमा ।
मार्नेछन् तँ कनै बचाउँन्छ कउन् ? ❋ मर्लास् अवश्यै तहाँ ॥

(२४)

धिक्कारै म त दिन्छु कौरव विषे ❋ अन्याय देख्दा पनी ।
चूपै छन् मुखले नबोलि कन क्यै ❋ लाटा सरीका बनी ॥
लज्जा छैन कता गयो यस घरी ❋ वीरै ति ठूला पनी ।
मर्यादा कन नाघ्दछन् यसरि के ? ❋ ठिक् शण्ड[1] जस्ता बनी ॥

(२५)

ठान्छू भारत-वंशिको कुल-धरम् ❋ नष्टै भई गो यहाँ ।
अन्यायै कन हेर्न मन्सुब लिए ❋ प्राणीहरूले तहाँ ॥
स्त्रीका ऊपर यो जुलुम्[2] नयनले ❋ देखेर चूपै रही ।
डाक्छन् सभ्यहरू मलाइ त भने ❋ हुन्छू खडा लौ गई ॥

(२६)

पाञ्चाली यति वाक्य बोलि कन फेर् ❋ लागिन् ति रूनै जसै ।
सो पापी पनि क्रोधको वश परी ❋ क्यै बोल्न लाग्यो तसै ॥
रानी बाट तँ दासि भै गृहिणि झैं ❋ लज्जा तँ गर्छेस् कती ?
दासीको बल पुग्छ के कहिं पनी ❋ बिग्रेछ तेरो मती ॥

१ नपुंसक । २ अन्याय ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(२७)

पैले एति भनेर केश कन ता ❀ तान्दै सभा बीचमा।
ल्यायो द्रौपदिलाइ त्यस् अधमले[1] ❀ आनन्द मानी तहाँ॥
पुगी ती कुरुका सभा-भवनमा ❀ ती द्रौपदीले पनी।
देखिन् भूपति मान्य प्राणि कन पो ❀ साह्रै दुखीया बनी॥

(२८)

लागिन् भन्न यि वृद्ध-मान्य-जनले ❀ लज्जा र धर्मैं पनी।
त्यागेछन् कि यि हेर्दछन् कसरि यो ❀ अन्याय पापी बनी!
पैले एति भनेर पाँच पतिमा ❀ रिस्ले कटाक्षै गरी।
हेरिन् द्रौपदिले उसै बखतमा ❀ ठूलो भरोसा धरी॥

(२९)

पाँचै पाण्डवको मुहार[2] सहसा ❀ रातो भयो रिस् परी।
धर्मैं ठानि सबै जना चुप रहे ❀ न्यूह्रेर लाटा सरी॥
यो हाल् देखि खुशी भएर बहुतै ❀ हाँसेर साम्ने महाँ।
चुल्ठोलाइ हिलाई[3] द्रौपदिजिको ❀ दुःशासनैले तहाँ॥

(३०)

लाग्यो भन्न तँ दासिहोस् यस बखत् ❀ हाम्रा यि दाज्यूजिकी।
रानी होस् तर पाण्डवादिहरुकी ❀ लीयौं जुवामा जिती॥
दासी भै कन बोल्दछेस् कति कुरा ❀ लज्जावती झैं बनी।
यस्ता बात सुनेर कर्ण शकुनी ❀ हाँसे ठिकै हो भनी॥

(३१)

त्यो दुश्शासन कर्ण फेरि शकुनी ❀ दुर्योधननै चार यी।
खूशी खूप भए अरू जति थिए ❀ बस्ने ति शोकै लिई॥
आँसू बर्र गिराइ रोइ ति रहे ❀ यो चाल देख्दा महाँ।
लागे भीष्मजि भन्न त्यस् समयमा ❀ पाञ्चालिलाई तहाँ॥

(३२)

हे पाञ्चालि! नरोउ कारण सदा ❀ आफ्ना पतीका भई।
बस्नू पर्दछ नारिले दिन-दिनै ❀ तिन्कै अधिन्मा रही॥
हारें स्त्री भनि यी युधिष्ठिर यहाँ ❀ आफ्ना मुखैले गरी।
बोल्छन् ता यसमा कहुँ कुन कुरा ❀ मैले अगाडी सरी?॥

---

१ दुशासनले। २ मुखमण्डल। ३ हल्लाएर।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(३३)

धर्मात्मा नृपती युधिष्ठिरजिले ❀ ऐश्वर्य राज्यै पनी ।
त्याग् गर्छन् तृण[1] झैं गरी तर पनी ❀ धर्मै छ ठूलो भनी ॥
त्याग्दैनन् निज-धर्मलाइ कहिले ❀ तिम्लाइ दाऊ महाँ ।
थापेथे यिनिले परन्तु उ पनी ❀ हार्दा भए छिन् महाँ ॥

(३४)

यस्तो वाक्य ति भीष्मको सुनि सकी ❀ नम्रै बहूतै बनी ।
भन्छिन् द्रौपदि सभ्य हो ! बुझि लिनोस् ❀ साँचै म भन्छू पनी ॥
जान्दैनन् नृपती युधिष्ठिर कबै ❀ जूवा भनेको यहाँ ।
हौस्यायी[2] अरुले वृथा यहि जुवा ❀ खेलाइ दींदा महाँ ॥

(३५)

दाऊको पनि ज्ञान छैन जसमा ❀ उस्ता यि सोझा थिए ।
सोझा भै यसरी अपूर्व रितले ❀ सर्वस्व हारी दिए ॥
जूवारीहरुमा छली शकुनिले ❀ पाशा छलैको धरी ।
बाजी जीति लियो छलै सित महाँ ❀ मन्लागि ठूलो गरी ॥

(३६)

धर्मात्मा नृपती युधिष्ठिरजिले ❀ साथै छलीका रही ।
जूवा खेलि समस्त हारि कन फेर् ❀ केही नजान्ने भई ॥
आफूलाइ हराइ फेरि म कनै ❀ थापेर जूवा महाँ ।
हारेमा हक कुन् थियो यि कन लौ ❀ मैलाइ थाप्ने यहाँ ॥

(३७)

पैले थापि मलाइ हारि अनि फेर् ❀ हार्थैं त ठीकै थियो ।
अर्काको भइ दास फेरि म कनै ❀ कुन् हेतु थाप्नू भयो ?
यस्को न्याय म माग्दछू यति भनी ❀ रोइन् ति रानी जसै ।
दाज्यू माथि उठ्यो ति भीम कन रिस् ❀ अत्यन्त धेरै तसै ॥

श्रीकृष्णबाट द्रौपदीको लाज बचाउनु

(१)

भन्छन् भीम ति दाज्युलाइ रिसले ❀ जूवारि काहाँ पनी ।
हुन्छन् दासिहरू परन्तु कसले ❀ थाप्थ्यो हलम्बू बनी ॥
ऐश्वर्यादि समस्त हारि यिनले ❀ हारी दिंदा द्रौपदी ।
साह्रै रीस उठ्यो म पोल्छु अहिले ❀ यिन्का दुवै हात ती ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(२)

हे भाई सहदेव ! अग्नि[1] तिमिले ❀ लीएर आऊ यहाँ ।
दाज्यूको[2] दुइ हात पोल्छु सहजै ❀ छोड्छू म तेसै कहाँ ॥
भन्छन् अर्जुन भीमलाइ किन हो ❀ ऐले हजुरले पनी ।
साह्रै क्रुद्ध भएर बोल्नु यहि भो ❀ जानी नजान्ने बनी ॥

(३)

वैरीले छलले जिते तर पनी ❀ धर्मैं विचारी यहाँ ।
मौनै दाज्यु भए भनेर बुझनु- ❀ पर्नें थियो चित्तमा ॥
हामीले अब बोलन हुन्न यसमा ❀ एती सुनी त्यै घरी ।
चूपै लागि रहे ति भीम उ बखत् ❀ मूहार[3] नीचो गरी ॥

(४)

पाँचै पाण्डव द्रौपदी सहितका ❀ यस्तो प्रकारै गरी ।
साह्रै दुःखि भए भनेर दुखि भै ❀ आफू अगाडी सरी ॥
लागे भन्न विकर्ण वृद्धहरुका ❀ हेर्दै मुखै मूखमा ।
हे राजाहरु ! बोल्नु हुन्न किन क्यै ❀ पाञ्चालिका बातमा ? ॥

(५)

तिन्को उत्तर बक्सनू उचित हो ❀ बोलेर स्पष्टै गरी ।
मौनै भै कन बस्नु भो नृप जती ❀ अन्यायको पक्ष ली ॥
निष्पक्षै भइ बोल्नु पर्छ सबले ❀ ठूला सभामा रही ।
बोली बन्द गराइ बक्सनु भयो ❀ भन्छू अचम्मै भई ॥

(६)

जूवा खेलन भनी युधिष्ठिर यहाँ ❀ आफ्ना मनैले गरी ।
आएनन् यिनलाइ डाकि सबले ❀ ल्यायौ फकाई वरी ॥
खेल्दा झेल गरेर बाजि छलले ❀ जीत्यौ सबै थोक् हरी ।
एतीले पनि ता पुगेन धिक हो ❀ मनसूब खूबै गरी ॥

(७)

भार्या[4] थाप भनी यही शकुनिले ❀ सम्झाउँदा बेस् भनी ।
थापे द्रौपदिलाइ धर्म - सुतले ❀ सोझो बहूतै बनी ॥
यौटैकी यिनि पति हुन् कि यि सबै ❀ पाँचै जनाकी यिनी ।
पत्नी हुन् ? सबले बताउ अहिले ❀ न्यायी सरीका बनी ॥

१ आगो । २ युधिष्ठिर । ३ मुख । ४ स्त्री ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(८)

पाँचै भाइकि पत्नि हुन् यदि भने ❋ यिन्ले कसोरी यहाँ ।
हार्दैमा यिनि हारिइन् भनि दिनोस् ❋ सोची सभा बीचमा ॥
उस्माथी निजलाइ हारि कन पो ❋ यिन्लाइ हार्नू यहाँ ।
दासी आज कसो गरी हुन गइन् ? ❋ इन्साफका[1] दृष्टिमा ॥

(९)

वार्ता यो सुनि कर्णले तब भन्यो ❋ केटो[2] भइ के यहाँ ।
बोल्छस् बात नबूझि हामिहरुका ❋ आई अगाडी महाँ ?
दासी आज जुवा विषे यि जितिइन् ❋ भन्ने मनैमा लिई ।
सारा मानिस मौन छन् तँ यउटा ❋ बोल्छस् त पक्षै लिई ॥

(१०)

अज्ञानी शिशु[3] होस् तँ द्रौपदि कनै ❋ दासी भईनन् भनी ।
ठान्छस् आज कसोरि ? धर्म-सुतले ❋ जूवारि ठूला बनी ॥
दाऊमा धरदा यि हारिन गइन् ❋ दासी भइन् यस् घरी ।
हे दुःशासन ! सारि खिच् अब गई ❋ साम्ने अगाडी परी ॥

(११)

भर्त्ता[4] पाँच गराइ चोखि म त छू ❋ भन्ने जर्नाना[5] यहाँ ।
वेश्या[6] तुल्य[7] छ मान्छ यस्कन सती ❋ कस्ले जगत् बीचमा ?
नाङ्गी पार्न समेत हुन्छ सबले ❋ हेरुन् तमाशा भनी ।
यस्तो बात सुनी दुशासन उठ्यो ❋ हाँस्यो पिशाचै बनी ॥

(१२)

सारीलाइ समाति द्रौपदिजिको ❋ नाङ्गी म पार्छू भनी ।
लाग्यो तान्न दुशासनै उहि बखत् ❋ आफू पशू झैं बनी ॥
यो चाला कन देखि द्रौपदी तहाँ ❋ साहाय - हीना भई ।
लागिन् ईश्वरलाइ सम्झन अनी ❋ आफू खडा भै रही ॥

(१३)

हे गोविन्द ! अनाथ-नाथ ! प्रभुजी ! ❋ श्रीकृष्ण ! विष्णू ! हरी ।
बस्ने हौ तिमि द्वारिका नगरिमा ❋ आऊ हतारो गरी ॥
अन्तर्यामि भएर मौन किन छौ ? ❋ हे विश्वकर्ता ! यहाँ ।
मेरो हुर्मत लौ बचाउनु पर्‍यो ❋ यिन्का अगाडी महाँ ॥

१ न्यायका । २ सानु बालक । ३ बालक । ४ पति । ५ आइमाई । ६ रण्डी । ७ बराबर ।

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



चित्र सं ५ द्रौपदी चीरहरण

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(१४)

सम्झिन् कृष्णजिलाइ द्रौपदिजिले ❋ सङ्कष्ट[1] पर्दा जसै ।
विश्वात्मा[2] भगवान् प्रसन्न हुनु भो ❋ तिन्का पुकार्ले तसै ॥
त्यागी द्वारवती[3] तुरन्त हरिले ❋ लाखौं फरीया भई ।
आङ्मा द्रौपदिका गएर रहियो ❋ गुप्तै हिसाब्ले गई ॥

(१५)

सारि पक्रि दुशासनै रिस गरी ❋ खुब् तान्न लाग्यो जसै ।
यौटाका पछि फेरि एक गरदै ❋ राता र सेता तसै ॥
निस्के सारिहरू अनेक उ बखत् ❋ आश्चर्य ठूलो भयो ।
थाक्यो नीच दुशासनै बल गई ❋ तागत् नभाको भयो ॥

(१६)

सारी द्रौपदिको त पर्वत सरी ❋ थुप्रो सभामा भयो ।
त्यो दुश्शासन शर्म मानि बहुतै ❋ लाटो सरी भै गयो ॥
यै बेला सबले सुयोधन कनै ❋ निन्दा बहुतै गरी ।
तारिफ् द्रौपदिको गरे सति बुझी ❋ भक्ती मनैमा धरी ॥

(१७)

त्यै बेला त्यहिं भीमले प्रण गरे ❋ सोही सभा बीचमा ।
यो दुःशासनलाइ मारि रणमा ❋ यिन्कै अगाडी महाँ ॥
छाती च्याति रगत् झिकेर मुटुको ❋ यै अन्जुलीमा भरी ।
प्यूनेछू सब वीर कौरव सुनुन् ❋ कानै त तीखो गरी ॥

(१८)

साह्रै थाकि बस्यो दुशासन पनी ❋ लज्जा गरी चित्तमा ।
साराले धृतराष्ट्रलाइ उ बखत् ❋ निन्दा गरे धेर् तहाँ ॥
धेरैले यहि पो भने नृपतिले ❋ यी द्रौपदीको यहाँ ।
दीं दैनन् किन उत्तरै बधिर[4] झैं ❋ एही सभा बीचमा ॥

(१९)

लाग्यो कर्ण कराइ भन्न सहसा[5] ❋ पाञ्चालिका साथमा ।
दासी आज भयौ गएर कुरुका ❋ बस्नू महल् बीचमा ॥
हामीमा तिमि एकलाइ खुशि भै ❋ आफ्नू बनाऊ पती ।
दासी भै पती धेर् गऱ्यौ यदि भने ❋ हुनेछ खूब् दुर्गती ॥

---

१ दु:ख । २ घट-घट-वासी परमात्मा । ३ द्वारका नगरी । ४ बहिरो । ५ एक्कासि ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(२०)

एती बात गरेर कर्ण खुशि भो ❀ हाँसेर फेरी तहाँ ।
सो दुःशासनलाइ यै अनि भन्यो ❀ लैजाउ दरबारमा ॥
यो आज्ञा सुनि सो दुशासन उठ्यो ❀ पक्रेर चुल्ठा महाँ ।
लाग्यो तान्न ति द्रौपदी कन उहीं ❀ त्यत्रो सभा बीचमा ॥

(२१)

लागिन् भन्न ति द्रौपदी पनि रुँदै ❀ धिक्कार हो यो सभा ।
क्षत्रीको त सभा रहेन छ कि के ? ❀ देख्छू सभा निस्प्रभा[1] ॥
हेर्छन् केहि नबोलि क्षत्रियहरू ❀ चुप्चाप लागी यहाँ ।
के गर्नू उचितै छ बोल सबले ❀ चल्छू उही बातमा ॥

(२२)

हाँस्दै केहि अगाडि आइ कन फेर् ❀ दुर्योधनैले अनी ।
देखायो यहिं बस् भनेर निज जाँघ् ❀ पाञ्चालिलाई पनी ॥
ठूलो रीस गरी वृकोदरजिले ❀ तिन्का अगाडी महाँ ।
लागे भन्न म तोडनेछु यहि जाँघ् ❀ यस्को लडाइँ महाँ ॥

(२३)

यस्तैमा अशकुन् निकै हुन गयो ❀ कागै र गिद्धै पनी ।
लागे उड्न अवाज तीव्र गरदै ❀ उत्पात जस्तै बनी ॥
लागे श्याल रुनै ति कुक्कुरहरू ❀ आँसू नजर्मा भरी ।
हिंड्थे रोदनको स्वरै कन झिकी ❀ दौडेर पागल् सरी ॥

(२४)

यो चाला कन देखि भीष्म कृपजी ❀ द्रोणादिले त्यै घरी ।
हाहाकार गरे कुलक्षण बुझी ❀ सन्ताप ठूलो परी ॥
उल्काको सब देखि लक्षण उठी ❀ फेरी विदुर्जी गए ।
देखेको अशकुन् ति अन्ध-नृपती- ❀ लाई बताई दिए ॥

(२५)

यस्तो हाल सुनी ठुलो डर लिई ❀ ती अन्धराजा[2] गई ।
लागे भन्न फुल्याइ द्रौपदिजिका ❀ माथी दयालू भई ॥
हे कल्याणि[3] ! पतिव्रता तिमि सरी ❀ मेरी बुहारी भई ।
साह्रै खूशी भएँ तसर्थ तिमिले ❀ मेरो अगाडी रही ॥

१ तेजहीन । १ धृतराष्ट्रजी । ३ भलो गर्नै ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(२६)

जो इच्छा मनमा छ माँग वर लौ ❀ जे माग्दछयौ यस् घरी ।
मैले दिन्छु प्रसन्न भै सहजमा ❀ अत्यन्त माया गरी ॥
आज्ञा यो ससुराजिको सुनि लिई ❀ पाञ्चालिले त्यै घरी ।
साह्रै नम्र भई भनिन् यति कुरा ❀ तिन्कै अगाडी रही ॥

(२७)

दीनू हुन्छ भने मलाइ वर यो ❀ मेरा पतीको यहाँ ।
यो दासत्त्व[1] छुटाइ बक्सनु हवस् ❀ एही सभा बीचमा ॥
मेरा पुत्र त राज-पुत्र भनियुन् ❀ यी दास-पुत्रै भनी ।
यिन्लाई नभनुन् प्रभो ! हजुरमा ❀ माग्छु म नम्रै बनी ॥

(२८)

बोले श्री धृतराष्ट्रले यति सुनी ❀ पाञ्चालिलाई तहाँ ।
दीएँ त्यो वर अन्य[2] कोहि वर ल्यौ ❀ मागेर फेरी यहाँ ॥
भन्छिन् द्रौपदि श्रीनरेन्द्र कन फेर् ❀ भीमादिहेरू पनी ।
दासत्वै न रहेर मुक्त सब हुन् ❀ ती राजपुत्रै बनी ॥

(२९)

फेरि खुशि भएर अन्ध-नृपले ❀ होला तथास्तू भनी ।
लागे भन्न म सीत माँग वर लौ ❀ तेस्रो म दिन्छू पनी ॥
माग्दीनौ त पनी सबै चिज दिएँ ❀ फिर्ता गरी यै घरी ।
जाउन् पाण्डवहेरु खुशि हुन गै ❀ तिम्लाइ साथै लिई ॥

कर्णका वचनले भीमलाई रिस उठ्नु

(१)

दासत्वै जब छुट्न गो यसरि हे ❀ श्री पाण्डवैको तहाँ ।
साह्रै छट्पटिएर कर्ण मुखले ❀ बोल्यो सभा बीचमा ॥
दुःखै रूपि समुद्र देखि सहसा ❀ डुङ्गा सरीको भई ।
सारा पाण्डवलाइ पार् गरि दिइन् ❀ यिन्ले सभामा रही ॥

---

१ कमारोपन । २ आर्को ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(२)

छेड् हान्यो यहि दुष्टले भनि खुबै ❋ रिस् भीमलाई उठ्यो ।
औँटे मार्छु भनी ललाट[1] बिचमा ❋ तर्-तर् पसीना छुट्यो ॥
रोके हात समाति धर्म-सुतले ❋ ती भीमलाई अनी ।
मौनै भै कन ती वृकोदर बसे ❋ खुब् शान्त-मूर्ति बनी ॥

(३)

यस्तै औसरमा युधिष्ठिरजिले ❋ जोरेर हातै दुई ।
बोले श्री धृतराष्ट्रका हजुरमा ❋ लत्रेर खूशी भई ॥
मैले बस्न त खोज्दछू हजूरकै ❋ सेवा विषे चित्त दी ।
हाम्रो मन्सुब पूर्ण पारि दिनु होस् ❋ हे नाथ! खूशी भई ॥

(४)

खूशी भै धृतराष्ट्रले तब भने ❋ हे पुत्र! राज्मा गई ।
आनन्दै सँग राज्य लौ गरि रहू ❋ खुब् धर्म जान्ने भई ॥
हारेको सब राज्य दौलत सबै ❋ तिम्लाई फिर्ता दिएँ ।
धन्यै हुन् ति बुहारि द्रौपदि भनी ❋ मैले वरै पो दिएँ ॥

पाण्डव विदा भई इन्द्र-प्रस्थ जानु

(१)

यो दुर्योधन भाइ हो मन महाँ ❋ त्यस् माथि तिमूले रती ।
रीसै केहि नराख्नु जाउ खुशि भै ❋ एती भनी भूपती ॥
लागे चूप उठेर पाण्डवहरू ❋ पाञ्चालिलाई लिई ।
आफ्नू दिव्य रथादिमा चढि हिंडे ❋ बाटो शहर्को लिई ॥

पाण्डवहरू र कौरवको दोस्रो जूवा

(१)

केही काल पछी सुयोधन गयो ❋ राजाजिका[2] पासमा ।
लाग्यो भन्न बुबा! ठूलो डर भयो ❋ यी पाण्डवैको यहाँ ॥
साराको मत एक भै समरका ❋ लागी तयारी गरी ।
सुन्छू सैन्य बढाउँदै त यिनि छन् ❋ ठूलै दगा पो धरी ॥

१ निधार। २ धृतराष्ट्र।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(२)

बैरीलाइ थिचेर राख्नु परने ❋ नीती हुनाले गरी।
हामीले त जुवा रचेर वशमा ❋ बैरी लिएथ्यौं गरी॥
सोझो भै कन हे बुबा! हजुरले ❋ दींदा बिदा यस् घरी।
हाम्लाई डर पो ठुलो हुन गयो ❋ शङ्का विपत्को गरी॥

(३)

लीनेछन् अपमानको त बदला ❋ ती पाण्डवैले यहाँ।
तस्मात् डाकि पठाइ बक्सनु हवस् ❋ तिन्लाइ फेरी तहाँ॥
जूवाले निज-कार्य सिद्ध गरुँला ❋ हामीहरूले पनी।
शङ्का केहि हवैन फेरि मनमा ❋ निश्शङ्क हौंला अनी॥

(४)

माहाशनि[1] र फेरि ती विदुर भै ❋ बिन्ती चढाए तहाँ।
हेर्नोस्! फेरि विनाशको मति लियो ❋ दुर्योधनैले यहाँ॥
तस्मात् यस्कन त्यागिबक्सनु हवस् ❋ एती भए बेस भो।
एसैका मतमा हिंडे धन-जिऊ ❋ हाम्रो त जाने भयो॥

(५)

राम्रो बात बुझाउँदा विदुरले ❋ बैह्रो सरीकै बनी।
सूनेनन् धृतराष्ट्रले यहि भने ❋ त्याग्दीन छोरो भनी॥
हूकुम् हुन्छ भनेर पाण्डवहरू ❋ डाक्नै भनी दूत गो।
जूवा फेरि गराउने सुर झिकी ❋ खूशी शकूनी भयो॥

(६)

आए फेरि ति पाँच पाण्डवहरू ❋ सोही सभामा जसै।
बोल्दो भो शकुनी ति धर्मसुत थ्यैं ❋ गर्दै प्रणामै तसै॥
खेलौं आज जुवा यहीं अब भने ❋ जो हार्छ जूवा महाँ।
बाह्रै वर्ष बसोस् गएर बनमा ❋ त्यागेर राज्यै यहाँ॥

(७)

बाह्रै वर्ष बिताइ एक अनि फेर् ❋ वर्षै त लूकी कहीं।
गुप्तै-बास अवश्य गर्नु परला ❋ चिन्नै नसक्ने भई॥
एती काल बिताइ आइ निजको ❋ राज्यै जती हो लिई।
बस्नू राज्य गरेर यै प्रण[2] रहोस् ❋ बाजी प्रतिज्ञा भई॥

१ गान्धारी। २ प्रतिज्ञा, कबूल।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(८)

हूनीहार त हुन्छ दैवगति[1] सो ❋ टर्दैन कस्तै गरी ।
धर्मात्मा नृपती युधिष्ठिर पनी ❋ त्यस्का वशैमा परी ॥
सोही माफिक होड् धरी कन बसे ❋ जूवा म खेल्छू भनी ।
पाशा हानि जिती लियो शकुनिले ❋ त्यैं बाजिलाइ पनी ॥

(९)

बोल्यो दुष्ट दुशासनै असल भो ❋ हाम्रा यि दाज्यू यहाँ ।
यिन्‌लाई जिति चक्रवर्ति नृपती ❋ हूँदा भए छिन् महाँ ॥
यस्तो वाक्य सुनेर कर्ण शकुनी ❋ अत्यन्त खूशी भए ।
पाँचै पाण्डवले त राजसि लुगा ❋ आफ्ना उतारी दिए ॥

(१०)

पाँचैले मृग-चर्म ओढि बनमा ❋ जाने इरादा धरी ।
ऊठेका सब पाण्डवादि कन ता ❋ देखेर हँस्सी गरी ॥
गाई हुन् यि भनी दुशासन तहीं ❋ यै बात बोल्दो भयो ।
त्यस्को बात सुनेर भीम कन ता ❋ मर्नू न मार्नू भयो ॥

(११)

श्री भीमले प्रण गरे सबमा सुनाई ।
दुःशासनै सँग लडी रणमा गिराई ॥
फोरेर छाति रगतै पिउनेछु मैले ।
यो बात याद् मनमा गरियोस् सबैले ॥

(१२)

दुर्योधनै कन त भाँचि दिएर जङ्घा ।
मार्नेछु युद्ध-भुमिमा मन पारि चङ्गा ॥
मेरो कबोल छ यही सब सत्य मानुन् ।
हो क्षत्रिको प्रण भनी सब सभ्य जानुन् ॥

(१३)

मार्छू कर्ण भनेर अर्जुनजिले ❋ एही प्रतिज्ञा गरे ।
मार्छू यै शकुनी अवश्य रणमा ❋ भन्दै ति कान्छा[2] रहे ॥
यो दुर्योधनका त भाइ जति छन् ❋ सम्पूर्ण गिन्ती गरी ।
मार्नेछु प्रण यै गरे नकुलले ❋ रिस्‌मा बहूतै परी ॥

१ प्रारब्धको चाल। २ सहदेव।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(१४)

माता कुन्तिजिलाइ गै महलमा ❋ ती पाण्डवैले अनी।
पाऊमा परदै प्रणाम गरियो ❋ जान्छौं बनैमा भनी॥
हारेको सब हाल् सुनाइ खुशि भै ❋ मागे बिदा पो जसै।
रोइन् कुन्ति विपत्ति देखि सुतको ❋ सन्ताप[1] गर्दी तसै॥

(१५)

आई पाण्डव नेर ती विदुरले ❋ दिक्‌दार साह्रै बनी।
बोले कुन्तिजिलाइ राख्छु घरमा ❋ मेरा नजीकै भनी॥
माने पाण्डवले कुरा विदुरका ❋ अर्ती दिइन् माइले।
निस्के द्रौपदिलाइ ली कुरुपती[2] ❋ साथै भई माइले॥

पाण्डवहरूको वन-गमन

(१)

पाँचै पाण्डव योगि झैं विपिनमा[3] ❋ लौ जान लागे भनी।
सुन्दा शोक लिएर अन्ध-नृपति ❋ चिन्तातुरै पो बनी॥
डाकी भाइ विदुर्‌जिलाइ कसरी ❋ निस्की गए ती भनी।
लागे सोध्न र झट् भनें विदुरले ❋ विस्तार सारा पनी॥

१ फिक्री। २ युधिष्ठिर। ३ वनमा।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(२)

सुर गरि बन जाने ज्येष्ठ[1] ती पाण्डवैले ।
मुख तिर कपडा पो हालि ढाकी उसैले ॥
नजर नछरि काहीं मार्ग आफ्नू धरेर ।
वन तिर तिनि लागे धैर्य खूबै गरेर ॥

(३)

तिनि पछि-पछि जाने माहिला भीमजीले ।
निज नयन गडाई बाहु दूवै क्रमैले ॥
प्रथम अनि त दोस्रो हेरदै पाखुरामा ।
विपिन तिर ति लागे दैवका आस माहाँ ॥

(४)

बालूवा करमा लिएर छर्दै ❋ जान्थे ति पार्थै अनी ।
जान्थे ती सहदेव भस्म मुखमा ❋ लाएर योगी बनी ॥
आङ्मा मट्टि दली हिंडे नकुलजी ❋ बाटो बनैको धरी ।
चुल्ठोलाइ फुकाइ द्रौपदि हिंडिन् ❋ न्यूह्रेर रूँदै गरी ॥

(५)

यो वृत्तान्त[2] सुनेर अन्ध-नृपले ❋ आश्चर्य मानी अति ।
सोधे भट्ट विदुर्जिलाइ भन लौ ❋ कारण् छ यस्मा कति ?
यस्तो रीति गरि बनै किन गए ❋ यो प्रश्न सुन्दा महाँ ।
लागे भन्न विदुर्जि तत्त्व यसको ❋ पूरा म भन्छू यहाँ ॥

(६)

हेर्दा रीस गरी युधिष्ठिरजिले ❋ हुन्थे सबै भस्म पो ।
तस्मात् ढाकि मुहार चिम्लि नयनै ❋ बाटो समात्नू भयो ॥
यै बाहू-बलले म कौरव सबै ❋ जीती लडाईं महाँ ।
मार्नैछू भनि भीम बाहु कन[3] पो ❋ हेर्दै गए मार्गमा ॥

(७)

पार्थले[4] लिइ बालुवा मुठि भरी ❋ छर्दै हिंडेको पना ।
भन्छू कारण सुन्नुहोस् हजुरले ❋ कस्तो छ सोही पनी ॥
बालूवा जसरी त झर्छ उ सरी ❋ त्यस्तै असङ्ख्यै गरी ।
मेरा बाणहरू छुटेर अरिको ❋ लीनेछ प्राणै हरी ॥

१ जेठा । २ वर्णन । ३ हात । ४ अर्जुनले ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



चित्र सं० ६ पाण्डव वन - गमन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(८)

एही अर्जुनको त आशय थियो ❋ भाइ दुवैले पनी ।
छिप्ना खातिर मिट्टि[1] आङ् भरि घसी ❋ हिंड्थे ति योगी बनी ॥
पाञ्चाली पनि चुल्ठि फोइ विधवा ❋ जस्तै विलापै गरी ।
हिंड्थिन् यै रित कौरवादिहरुका ❋ नारी खसम्[2] पो मरी ॥

(९)

हिंड्नन् क्वै दिनमा भएर विधवा ❋ मैले हिंडेको सरी ।
भन्ने आशय यै थियो भनि दिएँ ❋ विस्तार राम्रो गरी ॥
देवर्षी पनि एहि औसर महाँ ❋ आएर दाखिल् भए ।
सत्कारै धृतराष्ट्र बाट हुन गो ❋ आनन्द मानी रहे ॥

(१०)

सोधे नारदलाइ अन्ध - नृपले ❋ होला पछी के ? भनी ।
भन्छन् नारद चौध वर्ष पुगदा ❋ नाशिन्छ वंशै पनी ॥
मर्नेछन् कुरु-वंशि गै समरमा[3] ❋ यै हो हुनीहार ता ।
एती सूचन दी उठी ऋषि गए ❋ जानू थियो है जता ॥

(११)

सोही औसरमा लिएर शकुनी ❋ कर्णै पनी साथमा ।
गो दुर्योधन द्रोणका समिपमा ❋ चिन्ता परी चित्तमा ॥
बोल्यो कर्ण गुरो ! बचाउनु हवस् ❋ हाम्लाई राज्यै गरी ।
शिष्यै हौं तर सेवकै त रहुँला ❋ हर्दम् खटन्मै परी ॥

(१२)

बिन्ती एति सुनेर द्रोण गुरुले ❋ त्यसलाइ भन्नू भयो ।
चूक्यौ काम विरोध पो अति ठुलो ❋ आफन्तमा भै गयो ॥
जो हूनू छ अवश्य हुन्छ अहिले ❋ साम्राज्य गर्दै रहू ।
तेह्रै वर्ष बिताइ आइ बदला ❋ लिन्छन् ति वीरैहरू ॥

इति सभापर्व समाप्त

पुस्तक पाइने ठेगाना—

बाबू माधवप्रसाद शर्मा,

२३।११९, दूधविनायक, वाराणसी–१

१ माटो । २ स्वामी । ३ लडाईंमा ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

* श्रीः *

महाभारत-वनपर्व

पाण्डवको वनगमन, ताउलो प्राप्त हुनु

(१)

बन-बास सहेर दुखले। दिन काटी सब पाण्डु-पुत्रले ॥
शुभ-कार्यहरू गरे जती। सब लेखिन्छ कुरा यथामती ॥

(२)

जूवामा सब थोक हारि प्रणको * ठीकै बमोजिम् गरी।
रानी पुत्र लिएर उत्तर तिरै * आफ्नू मुहूँडा गरी ॥
जाँदा मन्त्रि समेत पाण्डव पुगे * गङ्गाजिका तीरमा।
सूर्यास्तै हुन गो र वृक्ष मनि पो * बासै बसे साँझमा ॥

(३)

त्याहीं रात्रि बिती प्रभात हुन गो * पूर्वै उज्यालो भई।
स्नानादी सबले गरे खुशि हुँदै * भागीरथीमा गई ॥
आँटे जान जसै अगाडि ति सबै * फेर् पौरवासी जती।
आई घेरि लिए लिएर मनमा * चिन्ता र फिक्री अती ॥

(४)

तिन्मा जुन् चतुरो थियो अघि सरी * भन्दो भयो भूपती !
कर्णौ भीष्म र द्रोण अन्ध - नृपती * पापी रहेछन् अती ॥
चोरै हुन् जति कौरवादिहरु छन् * यस् हस्तिनापूरमा।
बस्नू योग्य हुँदैन हामिहरुले * राजा छ पापी जहाँ ॥

(५)

अन्धा भूपतिलाइ कर्ण शकुनी * सल्लाह दीने भई।
पापै मात्र गराउँछन् दिन-दिनै * तिन्का नजीकै रही ॥
राजा भै कन स्वार्थमा मन दिई * जो आततायी भयो।
त्यस्को राज्य रहन्न केहि दिनमा * बिग्रन्छ पक्का छ यो ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(६)

तस्मात् चित्त बुझेन हामिहरुको ❋ हामी जती छौं सब ।
जान्छौं जङ्गलमा प्रसन्न मनले ❋ यो देश छाडी अब ॥
हामीलाइ लिएर साथ बनमा ❋ जानू हवस् भूपते !
राजा पापि भएर राज-गुण पो ❋ आऊँछ रैती विषे ॥

(७)

यस्ता बात सुनेर त्यै पुरुषको ❋ केही अधैर्यै भई ।
लागे भन्न त्यहीं युधिष्ठिरजिले ❋ त्यस्का नजीकै गई ॥
राजालाइ र भीष्मलाइ तिमिले ❋ गाली गऱ्यौ जो यहाँ ।
सो ता व्यर्थ छ छैन दोष तिनको ❋ दोषी ति हुन्थे कहाँ ? ॥

(८)

लेखीयो जुन बात भाग्य-लिपिमा ❋ सो भोग्नु पर्ने भई ।
गर्छन् भोग सबै जना जगतमा ❋ जानू छ जाहाँ गई ॥
हाम्रो ता वन जानु लेखिन गयो ❋ त्यै निम्ति जान्छौं त्यहाँ ।
तिम्रो ता बन-बास छैन किन सुर् ❋ यस्तो लिएको यहाँ ? ॥

(९)

माता कुन्ति समेत श्री विदुरजी ❋ काका ति हाम्रा यहीं ।
बस्छन् जाउ तिमीहरू घर घरै ❋ पर्दैन जानू कहीं ॥
तेह्रै वर्ष बिताइ हामिहरु ता ❋ अन्तै न जाई कहीं ।
भेट्नेछौं तिमिहेरुलाई बुझिलयौ ❋ फर्केर आई यहीं ॥

(१०)

आज्ञा एति सुनी युधिष्ठिरजिको ❋ रैती ति खूशी भए ।
राजाज्ञा कन ता शिरोपर धरी ❋ फर्की घरैमा गए ॥
फर्की रैतिहरू गए घर जसै ❋ ती शौनकादी अनी ।
लागे भन्न अगाडि धर्म-सुतका ❋ खूबै हितैषी बनी ॥

(११)

भन्छन् आँसु चुहाउँदै द्विजहरू ❋ पापीहरूले भई ।
ऐश्वर्यादि लुटी दरिद्र हुनु भो ❋ सम्पत्ति सारा गई ॥
ख्वाऊँला कसरी भनेर प्रभुको ❋ चिन्ता नहोस् क्यै रती ।
गर्नेछौं निजको प्रबन्ध सबले ❋ साथै रही भूपती ! ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(१२)

साथैमा लगि बक्सियोस् हजुरले ❋ छौं ब्राह्मणादी जती ।
जान्छौं साथि भएर घोर बनमा ❋ आनन्द मानी अती ॥
पैह्ले सौख्य गऱ्यौं प्रभो ! हजुरको ❋ हाम्ले बसी राज्यमा ।
छाड्दैनौं अब सङ्गती हजुरको ❋ जान्छौं सबै साथमा ॥

(१३)

यस्ता ब्राह्मण-वर्गका सब कुरा ❋ सूनेर चिन्ता गरी ।
साह्रै दुःखि भई युधिष्ठिर गिरे ❋ तत्काल मूर्छा परी ॥
त्यै बेला उठि धौम्य प्रोहितजिले ❋ पानी लिई हातमा ।
लागे छर्कन वेद-मन्त्र पढ्दै ❋ राजाजिका माथमा ॥

(१४)

एती कार्य हुँदा युधिष्ठिरजिमा ❋ चैतन्य आई गयो ।
उठ्नू भो नृपती र धौम्य ऋषिले ❋ यै वाक्य बोल्नू भयो ॥
हे भूपेन्द्र ! वृथा छ चिन्तित हुनू ❋ दारिद्र्यको दोष गै ।
खाद्यान्नादि समस्त प्राप्त गरने ❋ भन्छू हजुर्का सँगै ॥

(१५)

चोखो भै कन भक्तिले मिहिरको[1] ❋ यो मन्त्र भन्दै गरी ।
ध्यानै गर्नु भयो भने हजुरको ❋ जाने छ चिन्ता टरी ॥
साथैका सब विप्रको र अनि फेर् ❋ आफूहरूको पनी ।
निर्बाहा कन गर्न अन्न खुशि भै ❋ दीनन् रवीले[2] अनी ॥

(१६)

एती अर्ति दिएर मन्त्र रविको ❋ तिन्ले सिकाई दिए ॥
धर्मात्मा नृपती युधिष्ठिरजिले ❋ सो मन्त्र घोकी लिए ।
कण्ठस्थै जब मन्त्र भो नृप उठी ❋ एकान्तमा गै बसे ।
भक्तीले रवि - मन्त्रको जप गरी ❋ लागे ति ध्यानै विषे ॥

(१७)

देखी भक्ति ठुलो युधिष्ठिरजिको ❋ श्रीसूर्य खूशि भए ।
कोही ब्राह्मणको समान रुप ली ❋ तत्काल आई गए ॥
देखी ब्राह्मणलाइ धर्म - सुतले ❋ ऊठी प्रणामै गरे ।
राखी आसनमा पखालि चरणै ❋ पानी शिरैमा छरे ॥

१ सूर्यको । २ सूर्यले ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(१८)

जोरी हात दुवै भने नृपतिले ❀ हे विप्र ! कुन् कामले ।
पाल्नू भो कहनोस् छ कार्य जुन हो ❀ गर्छु पुरा प्राणले ॥
यस्ता नम्र कुरा सुनेर खुशि भै ❀ भन्छन् मनैका कुरा ।
बूझे सूर्य म हूँ नृपेन्द्र ! सहजै ❀ गर्दिन्छु मैले पुरा ॥

(१९)

दिन्छू अक्षयपात्र[1] एक अहिले ❀ तिम्लाइ मैले यहाँ ।
तामाको उ त ताउलो छ बुझनू ❀ इच्छा छ जुन् चीजमा ॥
सोही वाक्य हवस् भनेर मनले ❀ बस्नू चिताई वरी ।
चूलोमा धरनू तुरुन्त उहि पो ❀ पाक्ने छ राम्रो गरी ॥

(२०)

जत्ती खेप झिके पनी नसकिने ❀ वर्दानका शक्तिले ।
लाखौं प्राणि भए पनि सब हुनन् ❀ सन्तुष्ट त्यै वाक्यले ॥
खालिन् द्रौपदिले सबै जन पछी ❀ शेषान्न सोही जसै ।
फेरी त्यस् दिन वाक्य बन्द हुन पो ❀ जाला ननिस्की कसै ॥

(२१)

आज्ञा एति गरेर धर्म - सुतमा ❀ दीनू भयो ताउलो ।
लीए हात पसारि धर्म - सुतले ❀ बूझेर आफ्नू भलो ॥
अन्तर्ध्यान भई रवी गइ गए ❀ देवादि खूशी भए ।
एकान्त स्थल बाट फर्कि नृपती ❀ भाई भएमा गए ॥

(२२)

यो वृत्तान्त सबै सुनाउनु भई ❀ दीनू भयो ताउलो ।
लीइन् द्रौपदि रानिले खुशि हुँदै ❀ अक्षय्य सो ताउलो ॥
चूलाको मुखमा धरेर लकडी[2] ❀ ती द्रौपदीले अनी ।
आगो बालि दिइन् झिकेर चकमक् ❀ त्यसकै रगड्ले पनी ॥

(२३)

इच्छा खीर विषे धरेर तिनिले ❀ पात्रै बसालिन् जसै ।
पाकी पायस ताउलो भरि भयो ❀ लागेन देरी कसै ॥
रोजैं खीर पकाइ द्रौपदिजिले ❀ ख्वाई सबैलाई पो ।
खान्थिन् आफु पछाडि द्वैत-बनमा ❀ मैह्ला निकै बीति गो ॥

१ कैल्यै न सकिने भाँडो । २ दाउरा ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(१२)

साथैमा लगि बक्सियोस् हजुरले ❋ छौं ब्राह्मणादी जती ।
जान्छौं साथि भएर घोर बनमा ❋ आनन्द मानी अती ॥
पैह्ले सौख्य गर्‍यौं प्रभो ! हजुरको ❋ हाम्‌ले बसी राज्यमा ।
छाड्‌दैनौं अब सङ्गती हजुरको ❋ जान्छौं सबै साथमा ॥

(१३)

यस्ता ब्राह्मण-वर्गका सब कुरा ❋ सूनेर चिन्ता गरी ।
साह्रै दुःखि भई युधिष्ठिर गिरे ❋ तत्काल मूर्छा परी ॥
त्यै बेला उठि धौम्य प्रोहितजिले ❋ पानी लिई हातमा ।
लागे छर्कन वेद-मन्त्र पढ्दै ❋ राजाजिका माथमा ॥

(१४)

एती कार्य हुँदा युधिष्ठिरजिमा ❋ चैतन्य आई गयो ।
उठ्नू भो नृपती र धौम्य ऋषिले ❋ यै वाक्य बोल्नू भयो ॥
हे भूपेन्द्र ! वृथा छ चिन्तित हुनू ❋ दारिद्र्यको दोष गै ।
खाद्यान्नादि समस्त प्राप्त गरने ❋ भन्छू हजुर्का सँगै ॥

(१५)

चोखो भै कन भक्तिले मिहिरको[1] ❋ यो मन्त्र भन्दै गरी ।
ध्यानै गर्नु भयो भने हजुरको ❋ जाने छ चिन्ता टरी ॥
साथैका सब विप्रको र अनि फेर् ❋ आफूहरूको पनी ।
निर्बाहा कन गर्न अन्न खुशि भै ❋ दीनन् रवीले[2] अनी ॥

(१६)

एती अर्ति दिएर मन्त्र रविको ❋ तिन्‌ले सिकाई दिए ॥
धर्मात्मा नृपती युधिष्ठिरजिले ❋ सो मन्त्र घोकी लिए ।
कण्ठस्थै जब मन्त्र भो नृप उठी ❋ एकान्तमा गै बसे ।
भक्तीले रवि - मन्त्रको जप गरी ❋ लागे ति ध्यानै विषे ॥

(१७)

देखी भक्ति ठुलो युधिष्ठिरजिको ❋ श्रीसूर्य खूशि भए ।
कोही ब्राह्मणको समान रुप ली ❋ तत्काल आई गए ॥
देखी ब्राह्मणलाइ धर्म - सुतले ❋ ऊठी प्रणामै गरे ।
राखी आसनमा पखालि चरणै ❋ पानी शिरैमा छरे ॥

१ सूर्यको । २ सूर्यले ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(१८)

जोरी हात दुवै भने नृपतिले ❋ हे विप्र ! कुन् कामले ।
पाल्नू भो कहनोस् छ कार्य जुन हो ❋ गर्छु पुरा प्राणले ॥
यस्ता नम्र कुरा सुनेर खुशि भै ❋ भन्छन् मनैका कुरा ।
बूझे सूर्य म हूँ नृपेन्द्र ! सहजै ❋ गर्दिन्छु मैले पुरा ॥

(१९)

दिन्छू अक्षयपात्र[1] एक अहिले ❋ तिम्लाइ मैले यहाँ ।
तामाको उ त ताउलो छ बुझनू ❋ इच्छा छ जुन् चीजमा ॥
सोही वाक्य हवस् भनेर मनले ❋ बस्नू चिताई वरी ।
चूलोमा धरनू तुरुन्त उहि पो ❋ पाक्ने छ राम्रो गरी ॥

(२०)

जत्ती खेप झिके पनी नसकिने ❋ वर्दानका शक्तिले ।
लाखौं प्राणि भए पनि सब हुनन् ❋ सन्तुष्ट त्यै वाक्यले ॥
खालिन् द्रौपदिले सबै जन पछी ❋ शेषान्न सोही जसै ।
फेरी त्यस् दिन वाक्य बन्द हुन पो ❋ जाला ननिस्की कसै ॥

(२१)

आज्ञा एति गरेर धर्म - सुतमा ❋ दीनू भयो ताउलो ।
लीए हात पसारि धर्म - सुतले ❋ बूझेर आफ्नू भलो ॥
अन्तर्ध्यान भई रवी गइ गए ❋ देवादि खूशी भए ।
एकान्त स्थल बाट फर्कि नृपती ❋ भाई भएमा गए ॥

(२२)

यो वृत्तान्त सबै सुनाउनु भई ❋ दीनू भयो ताउलो ।
लीइन् द्रौपदि रानिले खुशि हुँदै ❋ अक्षय्य सो ताउलो ॥
चूलाको मुखमा धरेर लकडी[2] ❋ ती द्रौपदीले अनी ।
आगो बालि दिइन् झिकेर चकमक् ❋ त्यसकै रगड्ले पनी ॥

(२३)

इच्छा खीर विषे धरेर तिनिले ❋ पात्रै बसालिन् जसै ।
पाकी पायस ताउलो भरि भयो ❋ लागेन देरी कसै ॥
रोजै खीर पकाइ द्रौपदिजिले ❋ ख्वाई सबैलाई पो ।
खान्थिन् आफु पछाडि द्वैत-बनमा ❋ मैल्हा निकै बीति गो ॥

१ कैल्यै न सकिने भाँडो । २ दाउरा ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(२४)

त्याहाँ बाट अगाडि जाउँ भनि यैं ❀ पक्का गरी चित्तमा ।
हींडे पाण्डव द्रौपदी सहित भै ❀ विप्रादिका साथमा ॥
भालू - बाघ - बनेल - सिंहहरुको ❀ हिंड्थ्यो बथानै जहाँ ।
यस्तो काम्यक नामको वन थियो ❀ पूगे सबै पो त्यहाँ ॥

भीमद्वारा किर्मिर वध

(१)

किर्मीर भन्ने यहि नामधारी । देख्दा कुनै राक्षस ठिक् भकारी ॥
जस्तो ठुलो खुब् बलियो भएको । थीयो उहीं काम्यकमा रहेको ॥

(२)

मनुष्यको देखि जमातलाई । दौडेर आयो बहुतै रमाई ॥
युधिष्ठिरैका गइ सामु माहाँ । सोध्यो तिम्हेरू किन आज याहाँ ॥

(३)

आयौ ? बताऊ निज नाम-काम । राजा म हूँ किर्मिर जान नाम ॥
यस्ता कुरा पो जब सुन्न पाए । राजाजिले उत्तरमा सुनाए ॥

(४)

हौं पाण्डुका पुत्र त पाँच हामी । हाम्री यि हुन् द्रौपदि राजरानी ॥
जूवा विषे राज्य र द्रव्य हारी । हिंड्नू पर्‍यो आज बनै चहारी ॥

(५)

साँचो कुरा जान्नु दियौं बताई । के खोज्दछौ ? लौ भन हामिलाई ॥
सूनेर त्यो राक्षस खूब हाँस्यो । यै वाक्य त्यस्ले मुखले निकास्यो ॥

(६)

ब्रह्माजिले गाँस दिए पठाई । भोकै थिएँ भर्दछु पेटलाई ॥
यै भीम हो है बकलाइ मार्ने । यस् भीमलाई किन हो नमार्ने ? ॥

(७)

खूशी भए छन् विधि भन्छु साफै । आयौ तिम्हेरू मुख नेर आफैं ॥
यै भीमको रक्त म पान गर्छू । सन्तुष्टतामा अनि पो म पर्छू ॥

(८)

तातो रगत् यै अरिको पिएर । तीमी सबका पनि ज्यान् लिएर ॥
साटो म बन्धू - बधको लिनेछू । ऊसै कहाँ उम्कन पो दिनेछू ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(९)

भन्दै उही राक्षस खुब् करायो । श्री भीमलाई रिस धेर् गरायो ॥
ती भीमले वृक्ष उखेलि लीए । कपाल ताकी कन छोडि दीए ॥

(१०)

सो चोट लागी कन हत्पताई । ठूलो शिला खण्ड लियो उठाई ॥
फाली दियो भीम निरै जसै ता । छाती विषे बज्रन गो तसै ता ॥

(११)

मार्छू म छोड्दीन भनेर छूट्यो । श्रीभीमथ्यैं कुशित विषे उ जूट्यो ॥
बाली र सुग्रीव लडे सरीको । मुक्का र मुक्की दुइमा परी गो ॥

(१२)

फेर् भीमले जुल्फि समाति ताने । भैंमा गिऱ्यो मुड्कि कसेर हाने ॥
त्यै चोटले राक्षस मर्न गै गो । सबै जनाको मन खूशि भै गो ॥

काम्यक बनमा विदुरजीको आगमन

(१)

चीरेर बाँस खरका झुपडी बनाए ।
लीपेर साफ गरी सुन्दर भैं गराए ॥
बेली चमेलिहरुका बिरुवा सजाए ।
चारै तरफ् ति बनका तुलसी लगाए ॥

(२)

छाया दिने रूख अनेक थिए थलामा ।
बस्थे चराहरु अनेक गई लतामा ॥
थीयो बनै तर उ ग्राम सरी त भै गो ।
विप्रादिले सहित पाण्डव-बास भै गो ॥

(३)

खाई-पिई सकि ति पाण्डव दाज्यु-भाई ।
गर्थे कुरा बसि कुनै दिनमा रमाई ॥
मध्याह्नको समय भो दिनका क्रमैले ।
टाढै थिए विदुर देखि लिए सबैले ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(४)

भन्छन् मनै-मन ति पाण्डव वर्ग ताहीं ।
फेरि निमन्त्रण लिएर अवश्य याहीं ॥
आए गई अब जुवा यदि खेल्नु पर्ला ।
क्यै छैन साथ बरु ज्यान् यहि थाप्नु पर्ला ॥

(५)

राज्यादि हार भइ गो शकुनी-दयाले ।
डेरा भयो बन-विषे विधिका[1] कृपाले ॥
पैसा र कौडि पनि छैन हरे ! मुठीमा ।
भन्दै थिए विदुर आइ पुगे कुटीमा ॥

(६)

ऊठी प्रणाम गरि आसनमा बसाए ।
काकाजिका सँग युधिष्ठिरले सुध्याए ॥
काका ! सबै कुशल छन् कि ति कौरवादी ?
गर्छन् कि याद कहिल्यै नृप भीष्म आदी ॥

(७)

यो प्रश्नले हृदयमा दुःख उम्रिनाले ।
भन्दा भए तिनि मलाइ सुन्यौ निकाले ॥
भन्छू म कारण उही सुनि लेउ नानी !
मेरो थिएन कछु दोष भयो रिसानी ॥

(८)

बाबू ! तिमीहरु गयौ वन-बासलाई ।
मैह्ला बित्यो जब अनेक म चट्पटाई ॥
भन्दो भएँ नजिक गै धृतराष्ट्रलाई ।
राजन् ! ति पाण्डव गए सब थोक् गुमाई ॥

(९)

डाकेर अंश दिनुहोस् जति दीनु पर्ने ।
जान्छन् ति नर्क तिर पो जन अंश हर्ने ॥
पापी सुयोधन भयो छलिको सँगैले ।
गर्नेछ नष्ट कुलको यति भन्छु मैले ॥

१ भाग्यका ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(१०)
यो तेह्र वर्ष पछि पाण्डव-वृन्द आई।
मार्नन् अवश्य सबलाइ धनू समाई॥
दिव्यास्त्र अर्जुनजिले जब त्याग गर्नन्।
को टिक्छ सम्मुख परी सब वीर मर्नन्॥
(११)
मार्दैन ता यदि सुयोधन अंश गर्न।
आज्ञा दिनोस्‌न गुरु-पुत्रजिलाइ धर्न॥
श्रीद्रोणिले सहज त्यस् कन पक्रि लीनन्।
बाँधेर कैद गरि शेखि उतारि दीनन्॥
(१२)
यस्तो सुनेर धृतराष्ट्र रिसाइ बोले।
ओर् गर्दछस् तँ तिनि पाण्डवको छुचोले॥
मेरा सुपुत्रहरुको गरछस् तँ डाहा।
पर्दैन आउनु कदापि म नेर याहाँ॥
(१३)
छन् पाण्डवादि प्रिय मानिसहेरु जाहाँ।
दीएस् गएर शुभ अर्ति अवश्य वाहाँ॥
साह्रै अयोग्य रहिछस् दरबार तैंले।
पर्दैन आउनु भने म कनै रिसैले॥
(१४)
यस्तो अनादर गरे तिनले र जागें।
केही नबोलि कन काम्यक तर्फ लागें॥
एती भने विदुरले सब खोलि बात।
खूशी भयो सकल पाण्डवको समाज॥
(१५)
काकाको गरि मान धर्म-सुतले ❀ आफ् सितै बासमा।
राखे तिन् कन प्रीतिले विदुरजी ❀ ताहीं रहे साथमा॥
नाना धर्म-कथा भने विदुरले ❀ शिक्षा र अर्ती दिई।
यस्तै चाल गरी बिते दिन निकै ❀ सोही बनैमा रही॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(९)

दीनेछू म त पाण्डवादि कन पो ❋ ठूलै त साहायता ।
रानी द्रौपदि ! धैर्य राख पछि फेर् ❋ होली महारानि ता ॥
ऊदाउन् रवि पश्चिमाभिमुख[1] भै ❋ सूकोस् समुद्रै गई ।
टूटोस् पर्वत नै सुमेरु इ कुरा ❋ झूटा हुँदैनन् कहीं ॥

(१०)

रूनू छैन नरोउ द्रौपदि ! तिमी ❋ भन्दै जगन्नाथले ।
आँसू द्रौपदिको पुछी दिनु भयो ❋ आफ्ना दुवै हातले ॥
यस्तो भारि कृपा नजर् गरि खुशी ❋ हूँदै ति कृष्णा पनी ।
लागिन् हेर्न मुहार अर्जुनजिको ❋ के भन्दछन् यी भनी ॥

(११)

भन्छन् अर्जुन द्रौपदी कन तहीं ❋ हे सुन्दरी ! यस् घरी ।
आज्ञा जुन् हरिबाट भो उहि कुरा ❋ पुग्नेछ साँचो गरी ॥
त्यस्मा खूब पत्यार मान तिमिले ❋ हुन्छौं रणैमा जयी ।
लीने छौं मुलुकै बसौलि तिमि ता ❋ रानी मुलुक्की भई ॥

(१२)

यस्ता बात गरेर अर्जुनजिले ❋ संझाउँदामा पनी ।
लामू स्वास[2] निकालि द्रौपदि रहिन् ❋ केही नबोली अनी ॥
धृष्टद्युम्नजिले भने बहिनि हे ! ❋ सोच्छू विचारै गरी ।
ठान्छू जीत हुनेछ हामिहरुको ❋ जानन् ति वैरी मरी ॥

(१३)

फेरी श्री यदुनाथले कहनु भो ❋ पापी सबै वैरिले ।
मौका हेरि जुवा रचे बुझ तिमी ❋ कापट्यका[3] रीतिले ।
जूवाको शुरु भै गयो जुन घरी ❋ सोही बखत्मा म ता ।
मार्छू शाल्व भनी समुद्र-तटमा ❋ थीएँ गएको उता ॥

(१४)

श्रीद्वारावतिमा थिईन उ बखत् ❋ हुन्थें म ताहीं यदी ।
जूवा रोकि दिने थिएँ र तिनको ❋ पार्थें म खुब् दुर्गती ॥
सो मौका अब गै गयो जसरि होस् ❋ यो तेह्र वर्षै पनी ।
बीताऊनु पर्‍यो तिमूहेरु सबले ❋ योगी सरीका बनी ॥

---

१ पश्चिमबाट । २ सास । ३ कपटीपना ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(१५)

वर्षैं तेह्र बिताइ अन्ध-नृपका ❋ साम्‌ तिम्हेरू परी ।
आफ्नू अंश अवश्य माग्नु उ बखत्‌ ❋ न्यायानुसारै गरी ॥
दीएनन्‌ यदि अंश पो पनि भने ❋ ती भाइमारा कन ।
मार्नेछू म स्वयं गएर कसले ❋ गर्नेछ रक्षा भन ?

(१६)

आज्ञा एति गरेर भै कन बिदा ❋ बैनी सुभद्रा अनी ।
भाञ्जा श्री अभिमन्युलाइ सँग ली ❋ खुब्‌ धैर्यधारी बनी ॥
चढ्नू भो रथमा सबै जन भई ❋ आफू दयालू हरी ।
श्री द्वारावति जान भो बन उही ❋ त्यागेर चाँडो गरी ॥

(१७)

त्यस्का त्यै पछि रानि द्रौपदिजिका ❋ छोराहरू पाँच ली ।
धृष्टद्युम्नजि झट्‌ उठी गइ गए ❋ पाञ्चालको मार्ग ली ॥
आएका जति प्राणि भेट गरदै ❋ फर्की यसोरी गए ।
पाँचै भाइ र द्रौपदी उठि बनै ❋ फेर्‌ द्वैत जाँदा भए ॥

(१८)

पुगेर वन द्वैतमा कुटि बनाइ बस्नै भनीं ।
लिएर सँगमा निकै पठित विज्ञ विप्रै पनी ॥
युधिष्ठिर सम्रात[1] भै सँग पतिव्रता द्रौपदी ।
तपस्वि सरि भै रहे वन विषे बताऊँ कती ? ॥

द्रौपदी-युधिष्ठिर-संवाद

(१)

बस्थे पाण्डव - वर्ग क्वै दिन कुरा ❋ गर्दैं ति आपस्तमा ।
रानी द्रौपदिले असह्य हुन गै ❋ बोलिन्‌ महाराजमा ॥
यो दुर्योधन दुष्टले हजुरको ❋ ऐश्वर्य लूटी लियो ।
बोक्रानै रुखको लगाइ हिंड्ने ❋ सम्मन्‌ गराई दियो ॥

(२)

हाम्रो दुर्मत ली दियो बन गई ❋ बस्ने तुल्यायो अनी ।
यो भन्दा अरु दुःख कुन्‌ छ ? दुःखको ❋ लागेछ टुङ्गो पनी ॥
यस्तो आफ्नु दशा भयो तर पनी ❋ क्लेशादि सारा खपी ।
बस्नू हुन्छ हजूर ढुक्क परदै ❋ आश्चर्य मान्छू अती ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(३)

देख्दा आज त दुर्दशा हजुरको ❋ छाती चिरीं दै गयो ।
थीयो राज्य जउन् बखत् हजुरले ❋ सौख्यादि गर्नू भयो ॥
ऐले आफ्नु दशा र भाइहरुको ❋ मेरो पनी दुर्दशा ।
देख्दा शान्त छ चित्त पो हजुरको ❋ आश्चर्य मान्छू म ता ॥

(४)

जस्का भाइहरू त वीरहरुमा ❋ छन् श्रेष्ठ चारै अती ।
आफू फेरि स्वयम् प्रतापिहरुमा ❋ बेजोड पृथ्वी पती ॥
उस्ता आज हजूरले जगतमा ❋ उद्योगलाई त्यजी ।
भाग्यैका भरमा परेर रहनू ❋ आश्चर्य लाग्यो अती ॥

(५)

यस्ता बात सुनी युधिष्ठिरजिले ❋ ती रानिलाइ तहा ।
लागे भन्न प्रिये ! कुरा जति गर्‍यौ ❋ ती सत्य ठान्छू यहाँ ॥
शत्रू बाट कुकर्म जुन् हुन गयो ❋ थाहा छ हे सुन्दरी !
धर्मै - बन्धनमा परैं कसरि सो ❋ तोडूँ अगाडी सरी ॥

(६)

जान्नेछू म अबूझ छैन न त छू ❋ आफू म मूर्खै पनी ।
वैरी माथि मलाइ क्रोध छ खुबै ❋ पापी तिनी हुन् भनी ॥
यस्तो हो तर जुन् क्षमा छ उ सदा ❋ ठूलो छ संसारमा ।
गर्नू पर्छ क्षमा महापुरुषले ❋ जानी लिए चित्तमा ॥

(७)

यस्ता वाक्य सुनेर धर्म सुतका ❋ दुःखी बहूतै बनी ।
गाली द्रौपदिले गरिन् उहि बखत् ❋ ती दैवलाई पनी ॥
सुन्दा क्रुद्ध हुनू भयो र नृपती ❋ पाञ्चालिले त्यै घरी ।
बिन्ती झट्ट गरिन् अगाडि पतिका ❋ क्यै चित्त शान्ती गरी ॥

(८)

हे नाथ ! दैव कन गालि गरीन मैले ।
खुब् व्याकुलै हुन गई दुःख बाट ऐले ॥
बौलाहि झैं बक बकादि गरैं म आत्ती ।
चूपै भइन् यति भनी कन द्रौपदी ती ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(९)

लागे त्यै घरि भन्न भीम नृप थ्यैं ❀ मेघादि गर्जें सरी ।
शान्ती शान्ति र शान्ति यै हजुरले ❀ बोलेर थाम्पुर् गरी ॥
रोकी बक्सनु भो नयुद्ध हुन दी ❀ नाहीं त मैले गई ।
वैरीलाइ मजा चखाइ त दिने ❀ थीएँ अगूवा भई ॥

(१०)

आज्ञा बक्सनुहोस् लडाइँ गरने ❀ बोके समानै गरी ।
सारा कौरव मार्दछू बिनि - बिनी ❀ तिन्कै अगाडी परी ॥
रानी द्रौपदिले भने जति कुरा ❀ हुन् सत्य भन्छू यहाँ ।
एती बिन्ति गरी खडा हुन गए ❀ श्रीभीम सामू महाँ ॥

(११)

हाँसी केहि मुसुक्क धर्म - सुतले ❀ भन्छन् छ आशा यही ।
मार्नेछौ सब शत्रुलाइ रणमा ❀ भाई ! तिम्रहेरू गई ॥
ऐले हुँन परन्तु वर्ष बितला ❀ तेह्रै र उसका पछी ।
राज्यै पाउन हामि बाट अनि पो ❀ उद्योग होला सही ॥

(१२)

मागौंला गइ अंश आफ्नु जब ता ❀ तिन्ले दिएनन् भने ।
हाम्ले युद्ध अवश्य गर्नु परला ❀ यो बात पक्का बुझे ॥
त्यै बेला सब वीर भूपति हुनन् ❀ हाम्रा सहायै भनी ।
भन्छू युद्ध भएर कौरव जती ❀ मर्छन् अवश्यै पनि ॥

(१३)

कर्त्तव्यै कन पाल्नु पर्छ पहिले ❀ आफ्नू प्रतिज्ञा पनी ।
गर्नू हुन्न कदापि भङ्ग कहिल्यै ❀ त्यस् निम्ति धीरा बनी ॥
बस्नू पर्छ यसो गर्‍यौं यदि भने ❀ न्यायी जती भूप छन् ।
हाम्रै पट्टि भई गएर रणमा ❀ उत्साहले लड्दछन् ॥

(१४)

संझाई कन भीमलाइ यसरी ❀ धर्मी महाराजले ।
हेर्दै फेर् अनुहार भाइहरुको ❀ भन्नू भयो प्रेमले ॥
भाई भीम अवश्य छन् यि बलिया ❀ हुन् वीर ठूला अती ।
के गर्नू तर बुद्धि देख्छू यिनको ❀ मोटो छ भन्छू यती ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(१५)

के सामान्य कुरा छ जित्नु सबले ❋ ती कौरवादी कन ?
लोहाको[1] चिउरा चपाउनु सरी ❋ देख्दैछ मेरो मन ॥
दाज्यूका यि कुरा सुनी अनुज[2] ती ❋ चूपै भए त्यस् घरी ।
झूकाई शिर ती बसे त्यहिं मुहार् ❋ आफ्नू अँध्यारो गरी ॥

वेदव्यासको आगमन

(१)

ऋषि व्यास त्यहीं सरा - सरी । हिंडी आए बनमा त्यसै घरी ॥
गरि स्वागत भूपती तब । बसनू भो सब भाइले सँग ॥

(२)

ऋषिले अनि भन्नु भो त्यहाँ । तिनि कर्णादि र भीष्मको वहाँ ॥
गिनती छ महारथी भनी । जितनू तिन् कन खेल है ननी ॥

(३)

रणमा तिनिलाइ जित्न पो । लिनु पर्नेछ अमोघ अस्त्र पो ॥
शिव इन्द्र खुशी हउन् जब । उहि पाइन्छ अवश्य है तब ॥

(४)

खुशि पार्न तिनीहरू कन । म त दिन्छू शुभ मन्त्र यिन्कन ॥
भनि अर्जुनलाइ आशले । दिनु भो मन्त्र बताइ व्यासले ॥

(५)

उहि मन्त्र सुनाइ कानमा । ऋषिजी जानु भो र धाममा ॥
तब पाण्डवले कटी[3] कसे । फरकी काम्यकमै[4] गई बसे ॥

(६)

फर्की काम्यक नामको वन विषे ❋ थीए कुटी पो जहाँ ।
पूगी पाण्डव-वर्ग द्रौपदि अनी ❋ विप्रादि साथी तहाँ ॥
साँचैका बनवासी झैं हुन गई ❋ बस्दा बखत् धेर गो ।
भाइं अर्जुनलाइ धर्म सुतले ❋ एही कुरा भन्नु भो ॥

१ फलामको । २ भाइ । ३ कम्मर । ४ ठाउंको नाम ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(७)

हे भाई ! नलडेर हामिहरुले ❋ दुर्योधनादी सित ।
पाउन्नौं निज राज्य वापिस[1] सुन्यौं ❋ लड्नै पर्‍यो तिन् सित ॥
तिन्का जागिरिया महारथिहरू ❋ जो छन् हितैषीहरू ।
तिन्लाइ तिमिले त मार्नु परला ❋ सक्तैन कोही अरू ॥

(८)

बाजे व्यासजिको लिएर अरती ❋ हे पार्थ ! कैलासमा ।
जानू आज पर्‍यो हिंडेर तिमिले ❋ त्यै मन्त्रका जोरमा ॥
ताहीं गै कन भक्तिले शिवजिको ❋ गर्नू तपस्या अनी ।
होला पाशुपतास्त्र प्राप्त उहि हो ❋ दिव्यास्त्र भन्नू पनी ॥

(९)

दिव्यास्त्रैहरु इन्द्रको र शिवको ❋ तिम्ले सिकेका घरी ।
वीर-श्रेष्ठ जगत् भरी तिमि भयौ ❋ जित्छौ लडाई गरी ॥
आज्ञा एति सुनेर धर्म-सुतले ❋ हिंड्ने इरादा गरी ।
खूशी अर्जुनजी भए मनमनै ❋ संझी दयालू हरी ॥

अर्जुनको हिमालय गमन

(१)

जाने आँट् गरि वीर अर्जुनजिले ❋ कम्मर् बलीयो कसे ।
पैह्रे झट् कवचादि गाण्डिव धनू ❋ लीएर ठोक्को भिरे ॥
त्याहाँ बाट उठेर पैदल हिंडी ❋ श्री अग्निशाला महाँ ।
अग्नी सीत बिदा लिएर द्विजको ❋ आशीष पाए तहाँ ॥

(२)

पाञ्चाली पनि सोहि औसर महाँ ❋ थीइन् पुगेकी तहीं ।
हेरे अर्जुनले ति रानि कन ता ❋ फिक्री मनैमा भई ॥
त्यै बेला तिनिले भनिन् प्रिय हवस् ❋ कार्यादि सिद्धी अनी ।
श्रेयै ईश्वरले गरून् श्रम फलोस् ❋ इच्छा पुरा होस् पनी ॥

(३)

आशीर्वाद लिएर पार्थ अनि फेर् ❋ श्री धौम्य काहाँ गए ।
त्यस् बेला तिनका तहीं सब जना ❋ दाज्यू र भाई थिए ॥
बीदा भै सब सीत केहि निठुरी ❋ तिन्ले प्रणामै गरी ।
निस्के जान भनी हिमालय तिरै ❋ दुर्गा मनैमा धरी ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(४)

मत्ता हात्ति जसोरि हिंड्छ बनमा ❋ सोही बमोजिम् गरी ।
जाँदा उत्तर ती हिमालय पुगे ❋ झाडी र खोला तरी ॥
पूगे अर्जुन गन्धमादन विषे ❋ ऊँचो थियो पर्वत ।
बस्थे योगि तपस्वि सिद्ध र ऋषी ❋ गर्दैं तपस्या ब्रत ॥

(५)

शोभा त्यै गिरिको नजर् गरि सबै ❋ कैलासको मार्गमा ।
लागेका तिनि पार्थलाइ सहसा ❋ ऊँचो अली शब्दमा ॥
कस्ले कुन्नि भनेछ जानु छ कता ❋ को होस् अगाडी न जा ।
यस्तो वाक्य सुनेर अर्जुन भए ❋ आश्चर्य मानी खडा ॥

(६)

त्यस्तै औसरमा जटा शिर भरी ❋ लामू भएको कुनै ।
दुब्लो योगि त्यहीं रहेछ नजिकै ❋ देख्दा भए अर्जुनै ॥
त्यै योगी तब भन्छ भन् कउन होस् ❋ के काम आइस् यहाँ ?
देख्छू भेष तपस्विको तर धनू ❋ ठोक्को छ है पासमा ॥

(७)

यो ता हो बन पो तपस्विहरुको ❋ गर्छस् तपस्या भने ।
सक्छस् है तप गर्न याहिं बसि पो ❋ डुल्नू छ कामै भने ॥
फर्की जा हतियारलाइ सँगमा ❋ राखी कसैले पनी ।
याहाँ डुल्नु हुँदैन स्वर्ग पुरिको ❋ जान् हो सिमाना भनी ॥

(८)

सुन्दामा ति खडै रहे निडर भै ❋ बोल्दैं नबोली तहीं ।
योगीले तब भन्छ पार्थ कन फेर् ❋ अत्यन्त खूशी भई ॥
वीरै हौ तिमी धन्य छौ खुशि भएँ ❋ लौ माँग इच्छा गरी ।
दिन्छू जान्नु मलाई इन्द्र तिमिले ❋ जस्को छ स्वर्गै पुरी ॥

(९)

यस्ता बात सुनेर इन्द्र यिनि हुन् ❋ भन्ने विचारै गरी ।
बिन्ती अर्जुनले गरे नयनमा ❋ हर्षाश्रु केही धरी ॥
हे देवेन्द्र ! प्रणाम श्रीचरणमा ❋ गर्छू म लौ यो घरी ।
नाऊँ अर्जुन हो म पाण्डुसुत[1] हूँ ❋ क्यै कार्य आई परी ॥

१ पाण्डुका पुत्र ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(१०)

आएँ भेट्न हजूरलाई भगवन् ! ❋ प्रारब्ध[1] ठूलो भई ।
आफैं दर्शन बक्सियो हजुरले ❋ मेरा अगाडी रही ॥
दिव्यास्त्रै कन सिक्नको मन गरी ❋ आएँ म ऐले यहाँ ।
सो विद्या अब बक्सनोस् हजुरले ❋ बिन्ती छ पाऊ महाँ ॥

(११)

यस्ता अर्जुनका कुरा सुनि छिटै ❋ भन्नू भयो इन्द्रले ।
हे बाबू ! नर - लोकमा जरुरि कुन् ❋ दिव्यास्त्रको काम के ?
यै हो धर्म कमाउने शुभ भुमी ❋ याहीं कमाई गरी ।
धर्मात्माहरुले त्यजेर पृथिवी ❋ जान्छन् ति स्वर्गैपुरी ॥

(१२)

तिमूलाई कठिनादि छैन उहिं पो ❋ जानू सजीलै भयो ।
मेरा साथ हिंड्यौ भने सुरपुरी[2] ❋ लै जान्छु पक्का छ यो ॥
भन्छन् एति सुनेर पार्थ अनि फेर् ❋ हे देवताका पती ।
इच्छा छैन गएर स्वर्गपुरिमा ❋ बस्ने मलाई रती ॥

(१३)

मेरा दाज्युहरू र भाइहरु छन् ❋ ऐले बनै बीचमा ।
तिन्को दुःख छुटाउना कन गरेँ ❋ मैले तपस्या यहाँ ॥
इच्छा राखि लिएर स्वर्ग-सुखको ❋ वाहीं बसूँला भनी ।
मैले ता तप पो गरीन भगवन् ! ❋ साँचै म भन्छू पनी ॥

(१४)

बैरी कौरवहेरुका सँग पछी ❋ पर्ला लडाई भनी ।
दिव्यास्त्रैहरु प्राप्त गर्न तप यो ❋ मैले गरेको छु नी ॥
यस्ता नम्र कुरा धनञ्जयजिका[3] ❋ सूनेर देवेन्द्रले ।
भन्नू भो यदि त्यौ विचार छ भने ❋ पैह्ले यहीं तीमिले ॥

(१५)

गौरीका पति भूतनाथ शिवको ❋ आराधना खुब् गरी ।
लेऊ पाशुपतास्त्र नाम शिवको ❋ दिव्यास्त्र प्राप्तै गरी ॥
आऊला पछि स्वर्गमा जब तिमी ❋ क्यै कामलाई जसै ।
तिमूलाई अनि दिव्य अस्त्र दिउँला ❋ मैले सिकाई तसै ॥

१ भाग्य । २ देवताको नगर । ३ अर्जुनजीका ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(१६)

अन्तर्ध्यान भई गए सुरपती ❋ तत्काल[1] एती भनी ।
खूशी अर्जुनजी भए मन-मने ❋ सम्प्रन्छ कार्यैं भनी ॥
फेरी अर्जुनजी तहीं चउरमा ❋ पद्मासनैले बसे ।
खानू - पीनु समेत बन्द गरदै ❋ कम्मर् बलीयो कसे ॥

महादेव र अर्जुनको युद्ध

(१)

टेकी केवल एक पाउ भुमिमा ❋ आफू खडा भै रही ।
लागे श्रीशिव-मन्त्र जप्न मुखले ❋ चित्तादि तिन्मै[2] दिई ॥
मैह्ना चार बित्यो यसै तरहले ❋ गर्दा तपस्या तहाँ ।
त्याहींका ऋषि - योगिले खबर यै ❋ दीए शिवा - नाथमा[3] ॥

(२)

गर्दैछन् तप पार्थले खबर यो ❋ भूतेशले[4] सुन्नु भो ।
दिन्छू दर्शन लौ भनेर शिवजी ❋ ऊठेर जानू भयो ॥
मैह्ना पाँच बित्यो ति अर्जुनजिको ❋ गर्दा तपस्या तहाँ ।
आयो भारि बनेल एक दिन ता ❋ तिन्का नजीकै महाँ ॥

(३)

थीयो सो शुकनाम दैत्य बलवान् ❋ श्री पार्थलाई त्यहीं ।
मार्नै सुर् लिइ आफु भैकन सुँगुर् ❋ दौड्यो रिसाहा भई ॥
गर्ज्यो सोहि सुँगुर् र अर्जुनजिको ❋ ध्यानै पनी भङ्ग भो ।
झीकी झट्ट धनू मिलाइ शर फेर् ❋ श्रीपार्थले हान्नु भो ॥

(४)

लाग्दा अर्जुनको कठोर शरले ❋ घायल् बनेल् भो जसै ।
आयो त्यै घरिमा शिकारि बलियो ❋ कोही किराती[5] तसै ॥
त्यै बेला त किरातिले शर झिकी ❋ जोड्यो धनूमा पनी ।
हान्यो त्यै पशुलाइ सो शर घुसी ❋ लोट्यो बनेल् झट् अनी ॥

१ त्यै बेला । २ शिवजीमा । ३ महादेवमा । ४ शिवजीले । ५ जंगली मान्छे ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चित्र सं० ७ किरात - अर्जुन विवाद

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(५)

लाग्यो भन्न किराति यो मरि गयो ❋ मेरा शरैले गरी ।
मेरा माफिक अन्य[1]को छ जगमा ❋ हान्ने निशाना धरी ॥
भन्छन् अर्जुनजी अहो ! किन उसै ❋ गर्छस् तँ शेखी वृथा ।
मैले नै पहिले प्रहार गरियो[2] ❋ यस् माथी भन्छू म ता ॥

(६)

पर्नाले झगडा कचिङ्गल बढ्यो ❋ मध्यस्थ[3] कोही न भै ।
शान्तै सो झगडा भएन दुइको ❋ रिस् बढ्न लाग्यो तबै ॥
सोही औसरमा धनञ्जयजिले ❋ वर्षा शरैको गरी ।
त्यागे बाणहरू किराति तिर पो ❋ पानी परेकै सरी ॥

(७)

त्यै बेला त ठुलो उद्रेक हुन गो ❋ ती बाण वर्षा सबै ।
नील्यो है सुख बाउँदै सहजमा ❋ त्यस्ले सजीलो सँगै ॥
ठोक्रो खाली भयो र अर्जुनजिले ❋ आफ्नै धनूले पनी ।
लागे ठोक्न पटापटी नजिक गै ❋ यो हार मानोस् भनी ॥

(८)

बायाँ हात अगाडि सारी सहजै ❋ त्यस्ले तिनैको धनू ।
खोसी फालि दिंदा परै तिर गिऱ्यो ❋ छीटो कती पो भनूँ ?
यस्तै रीति गरेर खड्ग तरवार् ❋ खोसेर फाली दियो ।
साह्रै छक्क परेर पार्थ कन ता ❋ शङ्का मनैमा भयो ॥

(९)

त्यै बेला मनले चमेलि फुलको ❋ माला चिताई लिए ।
ध्यानैले उहि पुष्प-हार[4] शिवमा ❋ तिन्ले चढाई दिए ॥
एती कार्य गरेर आफ्नु मनले ❋ फेरी किराती कन ।
मूर्च्छा पार्छु भनेर वज्र मुठिले ❋ हान्दा भए तत्क्षण ॥

(१०)

त्यै बेला जति शक्ति पार्थ सितको ❋ थीयो बिलाई गई ।
लोटे त्यै स्थलमा धनञ्जय छिटै ❋ बेहोश राम्रै भई ॥
आयो चेत घुमेर केही क्षणमा ❋ ती पार्थ जागा भए ।
पृथ्वी बाट उठेर सोहि थलमा ❋ यो दृश्य[5] देखी लिए ॥

१ अर्को । २ हान्ने काम । ३ अर्को देख्ने मानिस । ४ फूलको माला । ५ रमिता, तमाशा ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(११)

देखे झट्ट किरातिका हृदयमा[1] ❋ त्यो श्वेत[2] माला अती ।
साथै यौटि किरातिनी तहिँ थिइन् ❋ चौपट्ट राम्री पनी ॥
माला जुन् मनले रचेर शिवजी- ❋ लाई चढाए अर्घी ।
त्यो माला कन पार्थले चिनि लिंदा ❋ गै गो त शङ्का जती ॥

(१२)

हुन् यी शङ्कर-पार्वती भनि चिने ❋ ती पार्थले त्यो घरी ।
पाऊमा शिवका परे खुशि हुँदै ❋ हर्षाश्रु वर्षा गरी ॥
फेरी झट्ट उठेर शंकर - प्रिया[3] ❋ श्री गौरिलाई पनी ।
पाऊमा शिर राखि दर्शन गरे ❋ इच्छा पुरा होस् भनी ॥

(१३)

हाँसी भन्नु भयो सदाशिवजिले ❋ हे वत्स ! तिम्रा सरी ।
अर्को लायक[4] वीर छैन उभिने ❋ तिम्रा अगाडी परी ॥
तिम्रो ता पुरुषार्थले खुशि भएँ ❋ इच्छा छ कुन् चित्तमा ?
माँगी ल्यौ तिमिलाइ दिन्छु तिमि ता ❋ मेरा भयौ मित्रमा ॥

(१४)

गर्नू भो शिवले ति पार्थ कन ता ❋ फेर् अंकमालै पनी ।
बिन्ती अर्जुनले गरे शिव सँगै ❋ अत्यन्त नम्रै बनी ॥
भीष्म द्रोण र कर्ण वीरहरुका ❋ मैले गई सामुमा ।
हे कैलासपते ! अवश्य लड्नू ❋ पर्नेछ सङ्ग्राममा ॥

(१५)

ठूला वीर ति छन् महारथिहरू ❋ तिन्लाइ जित्नै भनी ।
दिव्यास्त्रै कन खोज्छु हे पशुपते ! ❋ त्यो बक्सनोस् लौ भनी ॥
सूनी बिन्ति दिए तुरुन्त शिवले ❋ हान्ने र फर्काउने ।
मन्त्रैका सँग अस्त्र जो छ निजको ❋ संसार थर्काउने ॥

(१६)

आज्ञा गर्नु भयो महेश्वरजिले[5] ❋ हे पार्थ ! मौका परी ।
शंकष्टै यदि आइ गो पनी भने ❋ दिव्यास्त्र त्यागै गरी ॥
आफ्नू जीत गराउनू सिति - मिती ❋ सामान्य सङ्ग्राममा ।
छोड्नू पाशुपतास्त्र हुन्न कहिल्यै ❋ सानातिना युद्धमा ॥

१ छातीमा । २ सेतो । ३ शिवकी प्यारी ४ योग्य । ५ शिवजीले ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(१७)

एती अर्ति दिई उमा सहित भै ❋ भूतेश गौरी-पती ।
अन्तर्ध्यान भएर लोप हुनु भो ❋ हुन्थ्यो ब्रियाँलो कती ?
हर्षै हर्ष भएर पार्थ मनमा ❋ भन्छन् कृतार्थैं भएँ ।
कैलासाधिप[1] शम्भुको भइ दया ❋ दिव्यास्त्र पाई लिएँ ॥

(१८)

मैले यो नर-जन्ममा शिवजिको ❋ प्राप्तै गरी दर्शन ।
चोला धन्य भयो सबै मिलि गयो ❋ आनन्दमा भो मन ॥
हूँदै कार्यहरू मनोरथ जती ❋ पुग्नन् सबै सिद्धिमा ।
पाई दर्शन शम्भुको सब कुरा ❋ बन्छन् दुवै लोकमा ॥

(१९)

यस्तै औसरमा सुरेन्द्र[2] निजको ❋ ऐरावतैमा[3] चढी ।
पाल्नू भो तहिं साथमा सुर सबै ❋ दिक्पालहेरू लिई ॥
देवादी कन पार्थले खुशि हुँदै ❋ न्यूह्रेर ढोगै दिए ।
खूशि भै कन इन्द्रले उहि बखत् ❋ यैं वाक्य बोल्दा भए ॥

(२०)

हे ब्राबू ! नर-रूपमा तिमि त हौ ❋ मेरा सुपुत्रै पनी ।
तिम्रो यो अवतार भो पृथिविको ❋ भारादि हर्नैं भनी ॥
ठूला क्षत्रिय वीरलाइ तिमिले ❋ सङ्ग्रामका भूमिमा ।
पर्ला मार्नु भनेर दिन्छु मइँले ❋ यो बज्र लेऊ यहाँ ॥

(२१)

दीए एति भनेर बज्र तिनले ❋ फेरी यमैले पनी ।
खूशी भै कन काल-दण्ड दिनु भो ❋ छन् योग्य लीने भनी ॥
अग्न्यास्त्रै कन अग्निले दिनु भयो ❋ फेर् वारुणास्त्रै तहाँ ।
दीनु भो जलदेवले[4] सदय[5] भै ❋ श्रीपार्थका हातमा ॥

(२२)

आफ्नू अस्त्र कुबेरले दिनु भयो ❋ अत्यन्त प्यारो गरी ।
पाए अर्जुनले त अस्त्र बहुतै ❋ को सक्छ गिन्ती गरी ?
भन्छन् इन्द्र मदत् दिना कन पछी ❋ तिमूले त देवादिमा ।
पर्ला आउनु स्वर्गमा म सित भेट् ❋ हूनेछ फेरी वहाँ ॥

---

१ कैलासका मालिक । २ देवताका मालिक । ३ इन्द्रको हात्तीमा । ४ वरुण देवताले । ५ दयालु भै ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(२१)

बाँकीका अरु दिव्य-अस्त्र जति छन् ❀ मिल्नेछ वाहीं गई ।
एती सूचन दी सुरेन्द्र अनि फेर् ❀ जानू भयो खुश् भई ॥
जानू भो जब इन्द्र स्वर्गपुरिमा ❀ दिक्पालहेरू पनी ।
अन्तर्ध्यान भई गए उहि बखत् ❀ हूनेछ भेटै भनी ॥

अर्जुनको स्वर्ग-गमन

(१)

त्यै रम्य[1] कानन[2] विषे ऋषि-वृन्द साथ ।
नाना पुराण इतिहास पुरानु बात ॥
सुन्दै ति अर्जुन रहे बनवास गर्दै ।
दिव्यास्त्र प्राप्त हुन गै कन मस्त पर्दै ॥

(२)

बेला भयो उदयको जब ता रवीको ।
आए त्यहीं रथ लि मातलि[3] इन्द्रजीको ॥
भन्छन् ति अर्जुनजिलाइ ति सारथीले ।
हे नाथ! हूकुम हुँदा सुर-राजजीले ॥

(३)

आएँ म लीन भनि आज हजूरलाई ।
तैयार् हुनोस्न अमरावति[4] जानलाई ॥
एती सुनी गइ सरोवरमा नुहाए ।
सन्ध्या र पाठ सकि अर्जुनजी रमाए ॥

(४)

साथी ऋषी मुनिहरू सित उत्ति खेरी ।
भेटेर अर्जुनजिले यहि वाक्य फेरी ॥
भन्दा भए म कन ता सुरराज बाट ।
लीनै पठाउनु भएछ र स्वर्ग बाट ॥

---

१ सुन्दर । २ वनमा । ३ इन्द्रका सारथी । ४ स्वर्गको राजधानी ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(५)

लीएर दिव्य-रथ इन्द्रजिको अहीले ।
आए यि सारथि भनी बुझ्नोस् सबैले ॥
एती भनी कन प्रणाम समेत गर्दै ।
चढ्दा भए रथ धनञ्जय[1] मग्न पर्दै ॥

(६)

आशीर्वाद दिए ऋषी सकलले ❋ कल्याण होला भनी ।
हाँक्दा सारथिले रथै उडि गयो ❋ आकाशचारी[2] बनी ॥
देखीए अनगिन्ति लोक नभमा[3] ❋ उड्दै अगाडी गई ।
पूगे अर्जुन स्वर्ग-लोक सहजै ❋ त्यै मानुषी देह ली ॥

(७)

राजा इन्द्रजिको पुगी महलमा ❋ ती सारथीले अनी ।
थामे सो रथलाइ ओर्लनु हवस् ❋ दर्बार यै हो भनी ॥
त्यै बेला सुर-राज आउनु भई ❋ श्रीपार्थलाई अनी ।
बाहू[4] थामि उतारि बक्सनु भयो ❋ जाऊँ महल्मा भनी ॥

(८)

खूशि भै कन पार्थ इन्द्र सँग भै ❋ दर्बार भित्रै गए ।
देखी दिव्य सजावटै महलको ❋ छक्कै परी पो रहे ॥
जस्तो स्वागत गर्नु पर्छ नृपको ❋ सोही बमोजिम् गरी ।
गर्दा स्वागत इन्द्रले खुशि भए ❋ श्रीपार्थ मस्तै परी ॥

(९)

त्यस बेला बलवान् ति दानव भई ❋ देवादिलाई अती ।
दिन्थे दुःख बसेर स्वर्ग-पुरिको ❋ साँध् नेर किल्ला रची ॥
तिन्को ज्यान् लिनलाइ पार्थ कन पो ❋ आज्ञा दिए इन्द्रले ।
खूशी भै रथमा चढी असुरको ❋ ती ता गढैमा गए ॥

(१०)

हातैमा लिइ दिव्य गाण्डिव धनू ❋ पानी परेकै सरी ।
बर्साई शर सो गढै कन दिए ❋ टुक्रा करोडौं गरी ॥
निस्के घायल भै ति राक्षसहरू ❋ श्रीपार्थले त्यै घरी ।
हानी पाशुपतास्त्र प्राण सबको ❋ लींदा गिरे ती मरी ॥

१ अर्जुनजी । २ आकाशमा हिंड्ने । ३ आकाशमा । ४ हात ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(११)

मारी राक्षस ती निवातकवचै ❋ फेर् पौलमादी पनी ।
जीती युद्ध सुरेन्द्रका महलमा ❋ फर्के किरीटी अनी ॥
देखी अद्भुत कर्म अर्जुनजिको ❋ देवेन्द्र खूशी भए ।
जो बाँकी अरु दिव्य अस्त्र तिनले ❋ सारा सिकाई दिए ॥

(१२)

सीके नृत्यकला[1] र गायनकला[2] ❋ श्रीपार्थले चित्त दी ।
सीकाए तिनलाइ तुम्बुरु[3] अनी ❋ गन्धर्व हेरू भई ॥
बसूदा सो अमरावती नगरिमा ❋ पाँचै बित्यो वर्ष पो ।
दिव्यास्त्रै कन पाइ गायन-कला ❋ जान्दा निकै हर्ष भो ॥

(१३)

कोही सुन्दर साँझका समयमा ❋ श्रीपार्थ एक्लै रही ।
डुल्थे नन्दन नाम दिव्य बनमा ❋ श्रीइन्द्रजीका गई ॥
चारै तर्फ रही सुगन्धि फुलका ❋ क्यारी हजारौं तहाँ ।
तान्थे दर्शकको त चित्त सहजै ❋ आफ्ना नजीकै महाँ ॥

(१४)

वायू शीतल मन्द-मन्द बहँदा ❋ बास्ना फुलेको ।लई ।
जान्थ्यो नाक विषे पसी मगजमा[4] ❋ आनन्द - दाता भई ॥
बोल्थे पक्षि झिकेर सुर् अति मिठो ❋ वृक्षादिका डालिमा[5] ।
थोरै तेज भयो मनोहर भई ❋ श्रीसूर्यको लालिमा[6] ॥

(१५)

यस्तै औसरमा कुरंग-नयनी[7] ❋ खुब् तेजिली कामिनी ।
आइन् स्वर्गकि उर्वशी शशि-मुखी ❋ अत्यन्त राम्री बनी ॥
कस्तूरी रसको त पत्र-रचना ❋ च्यूँडो मनी झल्कँदा ।
प्रेमीको मन फँस्दथ्यो मदनको[8] ❋ प्रेमाग्निले सल्कँदा ॥

---

१ नाचको इलम । २ गाउने विद्या । ३ स्वर्गका गायनाचार्य । ४ मस्तिष्कमा ।
५ हाँगामा । ६ रातो वर्ण । ७ मृगको जस्ता आँखा भएकी । ८ कामदेव ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(१६)

लागिन् भन्न अगाडि आइ कन ती ❋ हे पार्थ ! तिम्रा सरी ।
कोही वीर प्रतापि देख्दिन म ता ❋ यस् विश्वमा[1] यो घरी ॥
तिम्रो गायन मिष्ट[2] खुब् छ प्रिय हे ! ❋ छेड्ने मुट्मा गई ।
आएँ रूप अपूर्व देखि तिमिमा ❋ आसक्त साह्रै भई ॥

(१७)

स्वर्गैंकी म त अप्सरा हुँ म कनै ❋ भन्छन् यहाँ उर्वशी ।
मेरो यौवन दिव्य-रूप सुनमा ❋ जाँच्नै लगाऊ कसी ॥
प्यारे सुन्दर ! आज हात धर लौ ❋ मैले पसारी दिएँ ।
मानिस्को परिको अपूर्व विधिले ❋ जोडी मिलाई दिए ॥

(१८)

पैह्ले एति भनेर हात निजको ❋ दीइन् बढाई जसै ।
लागे अर्जुन भन्न त्यै बखतमा ❋ यस्ता तवर्ले तसै ॥
तिम्रो बोलि सुनेर हे शशिमुखी ! ❋ छक्कै परें यस् घरी ।
स्वर्गैंकी तिमि अप्सरा त रहिछौ ❋ श्री इन्द्रजीकी परी ॥

(१९)

गर्छन् भोग-विलास इन्द्र तिमि थ्यौं ❋ श्री इन्द्रलाई म ता ।
ठान्छू पूज्य पिता भनेर मनले ❋ मेरा पिता हुन् ति ता ॥
माता-तुल्य तिमी भयौ सुवदने[3] ❋ सो बात हुन्थ्यो कहाँ ?
यस्तो वाक्य नबोल्नु फेरि कहिले ❋ मेरा अगाडी महाँ ॥

(२०)

भन्छिन् उर्वशिले सुनेर इ कुरा ❋ हे पार्थ ! मानीसको ।
मर्यादा कन पाल्नलाइ तिमिले ❋ कूरा गर्‍यौ रीतको ॥
ऐह्ले छौ तिमि स्वर्ग-लोक बिचमा ❋ यो पृथ्वि ता ह्वैन पो ।
नाता लाग्दछ पृथ्विमा तर यहाँ ❋ सो रीति ता छैन हो ॥

(२१)

आऊ चुम्बन[4]-अङ्कमाल गर लौ ❋ चिन्ता जती हुन् त्यजी[5] ।
थालौं काम[6]-कला दुई जन मिली ❋ एही चउर्मा सुती ॥
यस्ता उर्वशिका कुरा सुनि छिटै ❋ ती पार्थ भन्छन् अनी ।
हे कल्याणि[7] ! मलाइ लौ गर क्षमा ❋ यी हुन् विदेशी भनी ॥

१ जगत्मा । २ मोठो । ३ राम्रो मुख भएकी । ४ म्वाइँ । ५ छोडी । ६ संभोग । ७ हे भलो गर्ने ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(२२)

बोलिन् ऊर्वशिले धनञ्जय ! ठुलो ❋ इच्छा गरेकी थिएँ ।
बाधा हालि दियौ र क्रुद्ध हुन गै ❋ लौ श्राप मैले दिएँ ॥
जुन् बेला मन लाग्छ वर्ष दिन पो ❋ नामर्द तिमीले भई ।
बस्नू भू-तलमा[1] नपुंसक हुँदै ❋ नारीहरूमा गई ॥

(२३)

यस्तै बात हुनू थियो उहि भयो ❋ त्यस् अप्सराले तहीं ।
श्रापै तिन् कन दी उठी कन अनी ❋ आफ्ना घरैमा गईं ॥
व्यर्थैं श्राप दिइन् भनेर मनमा ❋ चिन्ता पऱ्यो पार्थको ।
सोच्छन् अर्जुन स्वर्गमा प्रबलता ❋ देखीन गो स्वार्थको[2] ॥

युधिष्ठिरको चिन्ता

(१)

त्यै काम्य नाम वनमा बनवासि चाला ।
लीएर धर्म-सुत रानि र भाइ सारा ॥
बस्दा निकै दिन बित्यो पछि क्वै दिनैमा ।
तिन्को पुग्यो मन र चित्त ति साहिंलैमा[3] ॥

(२)

भन्छन् धर्म-कुमार भीम कन झट् ❋ हे भाइ ! भन्छू म यो ।
केही हाल मिलेन अर्जुन कहाँ ❋ हूनन् निकै वर्ष भो ॥
दिव्यास्त्रैहरु सिक्नलाइ ति गए ❋ सो मिल्छ काहाँ गई ?
हाम्रा निम्ति अनेक कष्ट सहँदा- ❋ हूनन् ति काहाँ रही ॥

(३)

दाज्यूका वचनै सुनेर ति पनी ❋ भन्छन् बनैमा गई ।
खोजौं अर्जुनलाइ नाथ ! पहिले ❋ भेटेर साथै रही ॥
मारौं शत्रुहरू गएर सबले ❋ यो दुःख काटौं कती ?
तेह्रै वर्ष न भै त मार्न नहुने ❋ भन्ने छ कुन् दुर्मती ? ॥

---

१ पृथ्वी लोकमा । २ मतलबको । ३ अर्जुनमा ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(४)

लागे भन्न तुरुन्त धर्म-सुतले ❋ ती भीमलाई तहाँ ।
हे भाई ! अब धेर छैन दिन ता ❋ पर्ला लडाँई यहाँ ॥
मारौंला सब बैरिलाइ रणमा ❋ ऐल्हे त उत्ताउलो ।
हूनू छैन पखीरहे[1] त सुखको ❋ बग्नेछ राम्रो कुलो[2] ॥

(५)

यस्तै रीति गरेर भीम कन पो ❋ संझाउँ दै ती थिए ।
त्यै बेला बृहदश्व नामक ऋषी ❋ आई उभीई गए ॥
सत्कारादि गरी युधिष्ठिरजिले ❋ दीनू भयो आसनी ।
आशीर्वाद दिंदै गई कन बसे ❋ त्यस्मा तपैका धनी ॥

(६)

लागे भन्न ऋषी प्रभो ! हजुरले ❋ शोकै गरेको सरी ।
देख्छू शोक वृथा छ गर्नु भवमा ❋ शोकै छ ठूलो अरी ॥
जो हूनू छ अवश्य हुन्छ नरको ❋ प्रारब्धका लेखले ।
दुःखैका पछि सौख्य हुन्छ बुझनू ❋ घुम्दो छँदो चक्रले[3] ॥

(७)

सूनी एहि कुरा युधिष्ठिरजिले ❋ फेर् भन्न लाग्नू भयो ।
जूवामा कपटी रहेछ शकुनी ❋ दुर्योधनै सुन्नु भो ॥
मेरो राज्य र सम्पती हरि लिए ❋ तिन्ले छलैले गरी ।
ऐल्हे बस्नु परी रहेछ बनमा ❋ हाम्ले दुखीया सरी ॥

(८)

भन्नू भो बृहदश्वले नरपते ! ❋ पाउँनु भो दुःख ता ।
राज्यै नष्ट भएर बस्नु बनमा ❋ सामान्य[4] हुन्थ्यो कहाँ ?
सुन्नू होस् नल नाम भूप-वरले ❋ जुन् दुःख खप्नू भयो ।
दुःखैमा पनि दुःख फेरि थपि दी ❋ दुर्दैवले के गर्‍यो ॥

(९)

रानी श्री दमयन्तिलाइ परि गो ❋ त्याग्नू बखत्ले गरी ।
लूकी बस्नु पर्‍यो गरेर अरुको ❋ दुःखै सही चाकरी[5] ॥
सुन्नाले नलको चरित्र जति छन् ❋ पापादि नष्टै भई ।
श्रोतामा[6] सुख बढ्छ लौ सब जना ❋ सुन्नू हवस् मन् दिई ॥

---

१ पर्खी रहे । २ खोलो । ३ प्रकृति नियमले । ४ साधारण । ५ नोकरी । ६ सुन्नेहरुमा ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नल-दमयन्तीको कथा

(१)

राजा थिए निषधका नल-नाम कोही ।
ती झैं प्रतापि गुणि कोहि भएन खोई ॥
जानेर न्याय गरथे चिनि राजनीती ।
तिन्को चल्यो दश-दिशा भरिमा सु-कीर्ती ॥

(२)

ऊडेर एक दिन हाँस सरोवरै[1]मा ।
आयो थिए नरपती पनि त्यै तटैमा[2] ॥
देखेर हाँस कन सुन्दर भूपतीले ।
पक्री लिए घत विचारि तिनै घतीले ॥

(३)

हुँदा अधीन नलको दुःख मानि रोई ।
बोल्दो भयो मनुजको[3] गरि बोलि सोही ॥
छोडी दिनोस् मकन भूपति ! झट्ट ऐले ।
गर्नेछु है हजुरको उपकार मैले ॥

(४)

देशै विदर्भ छ कुनै नर - लोक माहाँ ।
छन् भीम नाम नृपती पनि एक ताहाँ ॥
तिन्की मृगाङ्कमुखि[4] छन् दमयन्ति कन्या ।
छन् रूपमा र गुण शील विषे ति धन्या[5] ॥

(५)

ब्रह्माजिले सकल कालिगडी लगाई ।
गर्नू भएछ रचना दमयन्तिलाई ॥
तिन् सीत गै हजुरको गुण - रूप भन्छू ।
तिन्को मनै हजुर तीर लगाइ दिन्छू ॥

१ पोखरी । २ किनारैमा । ३ मानिसको । ४ चन्द्रमाको जस्तो मुख भएकी । ६ धन्य ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(६)

त्यै हाँसको वचन ठीक र सत्य[1] ठानी।
छाडी दिए नलजिले अति खुशि मानी॥
त्यो हाँस ऊडि कन देश विदर्भ गै गो।
राजाजिको महल तर्फ सवारि भै गो॥

(७)

ऊडेर हाँस पुगि गो फुल-बारि माहाँ।
थीयो सरोवर[2] पनी जल स्वच्छ ताहाँ॥
ती पारिजातहरु[3] फूल फुली रहेका।
मैना जुरेलि शुक[4] मस्त थिए भएका॥

(८)

संयोगले सखिहरू सँगमा लिएर।
आइन् त्यहीं ति दमयन्ति पनी घुमेर॥
देखिन् थियो नजिकमा पनि हाँस चर्दै।
मैयाँ गइन् उ तिर पक्रन आँट गर्दै॥

(९)

लाग्यो हाँस मनुष्यको स्वर गरी ❋ तिन्‌लाइ भन्नै तहाँ।
हे मैयाँ! नल-राज छन् निषधका ❋ मालीक राज्यै महाँ॥
जस्‌को सुन्दरता जवानि गुण भो ❋ विद्या प्रतापै पनी।
गर्नू वर्णन मुश्किलै छ उपमा ❋ पाइन्न सूर्यै मनी[5]॥

(१०)

जस्तो सुन्दरता हजुर् सित छ पो ❋ त्यस्तै नलैमा भई।
चन्द्रै सूर्य समान यस् जगतमा ❋ मिल्ने छ जोडी दुई॥
भार्या[6] तिन्‌कि भएर जन्म सुफलै ❋ गर्नोस् हजुरले भनी।
बिन्ती गर्दछु राजपुत्रि! बुझ्नोस् ❋ तिम्रो हितैषी बनी॥

(११)

हाँसैका मुख बाट भूप नलको ❋ यस्तो प्रशंसा सुनी।
गर्दै केहि विचार राजदुहिता[7] ❋ बोल्दी भइन् फेर् तिनी॥
गर्छू हाँस! सुन्यौ स्वयम्बर छिटै ❋ बिन्ती बुबा थ्यैं गरी।
बर्नेछू नल-राजलाइ म पती ❋ आफैं अगाडी सरी॥

१ साँचो २ तलाऊ। ३ फूलको नाम। ४ सुगा। ५ संसारमा। ६ स्वास्नी। ७ राजपुत्री।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(१२)

मैयाँका मनको कुरा सुनि सकी ❋ त्यो हाँस भन्दो भयो।
मैयाँ ! गै नललाइ दिन्छु म खबर् ❋ भन्दै उडी गै गयो॥
राजा श्री नलका गई हजुरमा ❋ त्यस्ले खबर् त्यै दियो।
मैयाँको पिरती बुझेर नलमा ❋ अत्यन्त आनन्द भो॥

(१३)

मैयाँ श्री दमयन्तिमा नलजिकै ❋ चिन्ता हुनाले गरी।
लागिन् चिन्तित भै ति बस्न सखिले ❋ देखेर चाँडो गरी॥
रानीलाइ खबर् दिए नृप-सुता ❋ बस्छिन् ति खिन्नै बनी।
ठान्छौं यौवनको चढाइ शुरु भो ❋ तिन् माथि ठीकै भनी॥

(१४)

यस्ता बात सुनेर राजमहिषी[1] ❋ राजा भएमा गइन्।
मैयाँ हाम्रि विवाह योग्य ति भइन् ❋ भन्ने सुनाई दिइन्॥
राजा रानि मिलेर त्यै विषयमा ❋ सल्लाह हूँदो भयो।
मैयाँ बाट स्वयम्बरै अब हवस् ❋ भन्ने त पक्का भयो॥

(१५)

खोपी बाट उठेर भीम नृपती ❋ चाँडै सभामा गए।
मन्त्रीलाइ हुकुम् स्वयम्वर-गृहै ❋ रच्ने सुनाई दिए॥
राजाज्ञा अनुसार मन्त्रिवरले ❋ राम्रो जगा[2] बीचमा।
देख्दा सुन्दर एक मण्डप रचे ❋ मानिस् लगाई तहाँ॥

(१६)

चाहीने जति वस्तु मण्डप विषे ❋ छानेर राम्रा कती।
राखे गै कन कर्मचारिहरुले ❋ शोभा भयो खुब् अती॥
राजा बाट हुकुम् हुँदा चरहरू[3] ❋ निम्ता लिई त्यौं घरी।
चारै तर्फ गए नृपादि रणमा ❋ निम्तो दिने सुर् गरी॥

(१७)

दूतै बाट बिदर्भ - राज - दुहिता[4] ❋ जो सुन्दरी छन् अती।
गर्नेछन् ति स्वयम्वरै भनि खबर् ❋ पाएर राजा जती॥
पैह्री भूषण-वस्त्र उत्तम अती ❋ आफ्ना रथैमा चढी।
थाले आउन इष्ट-मित्र सँग भै ❋ त्यागेर आफ्नू गढी॥

१ रानी। २ जमीन। ३ दूतहरु। ४ विदर्भ राजाकी पुत्री।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(१८)

निम्तो पाइ ति भीमको खुशि हुँदै ❀ जाने इरादा गरी।
राजा श्रीनलजी पनी रथ चढी ❀ हिंड्दा भए त्यै घरी॥
स्वर्गैमा पनि त्यै खबर् दिनु भयो ❀ देवर्षिजीले[1] गई।
घोता चार जना हिंडे उहि बखत् ❀ मानू मनुष्यै भई॥

(१९)

जान्थे हेर्न उही स्वयंवर यमै ❀ अग्नी र इन्द्रै अनी।
साथै श्री जल-देवता वरुणजी ❀ मानू मनुष्यै बनी॥
बाटैमा नल सीत भेट हुन गो ❀ ती देवताको जसै।
देखी श्री नलको अपूर्व जिउको ❀ शोभा लजाए[2] तसै॥

(२०)

भन्छन् ती सुरवृन्द आफ्नु मनमा ❀ इन्‌लाइ देख्दा यहाँ।
थाहा भो अरु छैन सुन्दर कुनै ❀ पूरुषका जातमा॥
देख्लिन् श्री दमयन्तिले जुन बखत् ❀ आसक्त भै रूपमा।
दीने छिन् पहिराइ हार नलकै ❀ राम्रो यही घाँटिमा॥

(२१)

छोडी श्री नललाइ राज-दुहिता[3] ❀ वर्लिन् कसोरी अरू?
राजा श्री नल झैं अपूर्व रुपका ❀ छैनन् यि राजाहरू॥
हाम्रो आउनु व्यर्थ पो हुन गयो ❀ ऐंहे हतारो[4] गरी।
यै सोची कन इन्द्रले ति नलका ❀ भन्छन् अगाडी परी॥

(२२)

भन्छन् इन्द्र मुसुक्क हाँसि नल थ्यैं ❀ राजन्! खुशी पो भई।
हाम्रो दूत बनेर कार्य गर लौ ❀ मैयाँ भएमा गई॥
जानी ल्यौ म त इन्द्र हूँ सब जना ❀ छौं देव चारै यहाँ।
मैलाई दमयन्तिले पति बरुन् ❀ त्यै कार्य साधे तहाँ॥

(२३)

बिन्ती फेर् नलले गरे सुरपते ❀ दर्‌बारमा यस् घरी।
मैयाँलाइ गएर भेट्‌नु मइँले ❀ कस्ता तबर्‌ले गरी?
पाले रक्षक छन् डुली महलको ❀ रक्षार्थ हिंड्‌ने जहाँ।
मैले ती दमयन्तिका नजिकमा ❀ पुग्नू कसोरी तहाँ॥

१ नारदजीले। २ लाजमाने। ३ मैयाँ। ४ चाँडो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(२४)

भन्छन् इन्द्र कदापि कोहि जनले ❀ तिम्लाइ दर्बारमा ।
पस्दा देख्न सक्वैन दिन्छु वर यौ ❀ तिम्लाई मैले यहाँ ॥
यो आज्ञा सुनि सोहि कार्य गरुँला ❀ बोले नलैले अनी ।
खूशी इन्द्र भए कुरा ति नलले ❀ माने अहीले भनी ॥

(२५)

बाटैमा रथ राखि सारथि कनै ❀ जिम्मा लगाई दिई ।
राजा ती नल पैदलै गइ गए ❀ बाटो महल्को लिई ॥
थीए घेर ति शस्त्रधारि[1] पहरा ❀ रुङ्नै[2] बसेका जहाँ ।
देखेनन् नललाइ कोहि जनले ❀ पस्दा महल् बीचमा ॥

(२६)

खोपीमा दमयन्तिका नल पुगे ❀ ती राज-पुत्री कहाँ ।
चारोटी सखिहेरुका सँग थिइन् ❀ मैयाँ बसेकी जहाँ ॥
दूवैले दुइलाइ जुन् समयमा ❀ देखे भई मोहित ।
मूर्छामा परि ती दुवै गिरि गए ❀ केटी भए शोकित ॥

(२७)

जल्दी दोटि सखी ऊठेर सुरही ❀ ल्याए सुनैको गई ।
छर्कैं ती दुइलाइ शीतल छिटा ❀ पानी करैमा लिई ॥
पङ्खा सूर्यमुखी लिएर सखिले ❀ हावा दिंदै पो रहे ।
प्रेमी-प्रेयसिलाइ[3] चैत हुन गो ❀ ऊठेर बस्दा भए ॥

(२८)

त्यै बेला नल भन्दछन् शशिमुखी ! ❀ मेरो नलै नाम हो ।
इन्द्रैले म कनै पठाउनु हुँदा ❀ पुग्ने यहाँ काम भो ॥
निम्तो पाइ म आउँथे प्रियतमे[4] ❀ देवादि चारै भई ।
लागे भन्न मलाई ता पथ[5] विषे ❀ हे भूपती ! लौ गई ॥

(२९)

भन्नू यो दमयन्तिलाई तिमिले ❀ देवेन्द्र ऐले यहाँ ।
तिम्रो रूप विषे भुलेर रसिली ! ❀ आएँ म जाऊँ कहाँ ?
जस्लाई मन लाग्छ चार सुरमा[6] ❀ यौटा बनाऊ पती ।
आज्ञा इन्द्रजिको यही छ सुमुखी ❀ मैले सुनाएँ जती ॥

१ हतियार भिरेका । २ पहरा दिन । ३ प्यारा-प्यारीलाई । ४ हे प्यारी । ५ बाटामा । ६ देवतामा ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(३०)

इन्द्रैको वर-दानले म कन ता ❁ पाले कसैले पनी ।
देख्नैलाई सकेन आइ म पुगें ❁ तिम्लाइ खोज्दै अनी ॥
जो गर्नू अब पर्छ त्यै गर तिमी ❁ कर्त्तव्य हेरी यहाँ ।
एती बात गरेर भूप-वर ती ❁ चूपै भए फेर् तहाँ ॥

(३१)

भन्छिन् ती दमयन्ति शर्म[1] गरदै ❁ द्योता र नागै अनी ।
पर्दैनन् मन ता मलाइ कहिल्यै ❁ क्वै देव-योनी पनी ॥
मैले यो मनले पती वरि लिएँ ❁ मेरो हजूरै फगत् ।
स्वामी मान्दछु मासु हूँ यदि भने ❁ मेरो हजूरै रगत् ॥

(३२)

औंठी हूँ सुनको भने यदि म ता ❁ त्यस्को नगीना पनी ।
भन्नेछन् पठितादिले[2] खुशी हुँदै ❁ राजा नलै हुन् भनी ॥
आई जुन् दिन हाँसले हजुरको ❁ दीयो समाचार पो ।
मैले त्यै दिनमा पती वरि लिएँ ❁ स्वामी हजुर् हूनु भो ॥

(३३)

दिल[3] जस्मा गइ बस्न गो उहि पती ❁ होला सतीको यहाँ ।
यो दिल् ता मइँले समर्पण गरें ❁ राजा नलै देवमा ॥
भन्नूहोस् गइ इन्द्रका हजुरमा ❁ हूँनन् नलै पो पती ।
भन्छिन् यै दमयन्तिले भनि दिनोस् ❁ फर्कन्न मेरो मती ॥

(३४)

पाई उत्तर यै उठी नल गए ❁ जान्छू म ऐले भनी ।
सोझै इन्द्रजि थ्यैं पुगी भनि दिए ❁ जस्तो भनीथिन् पनी ॥
मैयाँका मनका कुरा नलजिले ❁ भन्दा तिनै देवता ।
अन्तर्ध्यान भई गए उहि बखत् ❁ मीलेन केही पता ॥

(३५)

द्योता जानु भए पछी नल पनी ❁ पूगे सभामा गई ।
देखे भूप-समाजलाइ खुशि भै ❁ थीए बसेका त्यहीं ॥
राजा श्रीनललाइ भीम नृपले ❁ सम्मान गर्दै कती ।
बस्नैलाइ भनेर चौकि दनु भो ❁ त्यस्मा बसे भूपती ॥

१ लाजमान्दै । २ पढे गुनेका मानिसले । ३ चित्त ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(३६)

त्यै बेला अरु चार भूपतिहरू ❋ मानू नलैका सरी।
आई श्रीनलका सँगै बसि गए ❋ एकै लहर्‌मा परी॥
देखीए अब पाँच भूप नल पो ❋ कुन् चाहिं साँचा भनी।
चिन्नै मुश्किल भो लुगा र गहना ❋ उस्तै र उत्रै बनी॥

(३७)

आइन् सोहि बखत् कुमारि नृपकी ❋ शृङ्गार राम्रो गरी।
साथैमा सँगिनी पुरोहित भई ❋ माला करैमा धरी॥
मालाकै गरि आश भूपतिहरू ❋ थीए बसेका जहाँ।
पूगिन् श्रीदमयन्ति हंस-गतिले[1] ❋ तिन्का समाजै महाँ॥

(३८)

भूपादीहरुको त राज्य जुन हो ❋ नाऊँ नृपैको अनी।
मैयाँलाइ भने पुरोहितजिले ❋ हे दैं क्रमैले पनी॥
जुन् बेला नलका पुगिन् नजिकमा ❋ मैयाँ अगाडी सरी।
देखिन् पाँच जना थिए नल तहीं ❋ एकै किसिम्‌का गरी॥

(३९)

यस्तो अद्भुत[2] दृश्य भारि रमिता ❋ देखेर मैयाँ पनी।
ढोगै दी कन देवता कन तहीं ❋ भन्छिन् ति नम्रै बनी॥
हे हाम्रा कुल-पूज्य[3] देवगण हो! ❋ पर्छू शरण्‌मा म ता।
राजा नैषधका[4] प्रतापि नलजी ❋ मेरा पती हुन् ति ता॥

(४०)

नारी - जाति म हूँ सदैव अबला ❋ मेरा उपर् यस् घरी।
खूशी भै निज - रूप दर्शन दिनोस् ❋ भन्छू म पाऊ परी॥
यस्तो बिन्ति सुनी दयालु हुन गे ❋ आफ्नू स्वरूपै लिए।
ताहीं दर्शन राजपुत्री कन पो ❋ ती देवताले दिए॥

(४१)

मैयाँ श्री दमयन्ति ता खुशी हुँदै ❋ केही अगाडी गइन्।
त्यै बेला नललाइ आफ्नु करको ❋ माला लगाई दिइन्॥
बाजा खूब बजे शतघ्नि[5] हरुले ❋ राम्रो बढाईं गरे।
मैयाँलाइ नपाउने नृपतिले ❋ आँसू नयन्‌मा भरे॥

१ हाँसको हिंडाईले। २ उदेकको। ३ कुलमा पूजा गरिने। ४ निषधदेशका। ५ तोपहरूले।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(४२)

आगो पानि चिताउँदै प्रकट होस् ❀ तिम्रो अगाडी महाँ।
दीए यै वर अग्निले वरुणले ❀ राजा नलैमा तहाँ॥
भन्नू भो यमले त वाक्य-रचना ❀ तिम्रो मिठो होस् भनी।
वायूवेग हवस् भनेर दिनु भो ❀ देवेन्द्रजीले अनी॥

(४३)

यस्तो दी वर-दान देवहरु ता ❀ जानू भयो धाममा।
बीहा भो दमयन्तिको नल उनै ❀ राजाजिका साथमा॥
घोडा हात्ति रथादि भूषण जुहार् ❀ दासी र दासै पनी।
दाईजो दमयन्तिलाइ दिनु भो ❀ श्री भीमजीले अनी॥

(४४)

लावा-लश्कर साथ भै निषधका ❀ राजा नलैजी अनी।
रानी श्री दमयन्तिलाइ सँगमा ❀ लीएर जान्छु भनी॥
साथैमा सबका भई कन बिदा ❀ हिंड्नू भएथ्यो जसै।
स्वस्ती-वाचन विप्र बाट हुन गो ❀ बाजा बजे खुब् तसै॥

(४५)

राजा-रानिहरू पुगी मुलुकमा ❀ दर्बार जाँदा भए।
देखी सुन्दर राज-दम्पति सबै ❀ प्राणीहरू खुश् भए॥
दूवैले मिलि गाइ-दान गरियो ❀ विप्रादिमा त्यै घरी।
आशीर्वाद दिएर ब्राह्मणहरू ❀ फर्के मगन्मा परी॥

(४६)

राजारानि मिलेर राज्य सुखको ❀ आनन्द भोगै गरी।
वर्षौं धेर बिती गयो ति दुइमा ❀ प्रीती बहुतै बढी॥
रानी श्री दमयन्ति गर्भवति भै ❀ मैह्ला पुगेका घरी।
जन्म्यो राजकुमार पो महलमा ❀ मानू अनङ्ग[1] सरी॥

(४७)

नाऊँ राजकुमारको रहि गयो ❀ श्री इन्द्रसेनै भनी।
चारै वर्ष पछी कुमारि जनमिन् ❀ तिन्लाइ यौटी अनी॥
राजा-रानिहरू निकै खुशि भए ❀ पैदा हूँदा सन्तती[2]।
न्यायी भै नल बाट शासन हुँदा ❀ रैती भए खुश् अती॥

---

१ कामदेव। २ सन्तान।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(४८)

थीए इन्द्र-सभा विषे सुरहरू ❋ श्री देव-लोकै महाँ ।
भन्नू भो तहिं इन्द्रले यहि कुरा ❋ तिन्कै अगाडी तहाँ ॥
भन्छु यी नलराज सत्य-प्रिय हुन् ❋ मान्थे ति आफ्नू भर ।
पाए है दमयन्तिलाइ सुरको ❋ भो मानहानी तर ॥

(४९)

द्योतालाइ पती नमानि नल ती ❋ मानीसलाई पती ।
रोजिन् ती दमयन्तिले र सुरको ❋ हेलाँ भई गो अती ॥
यस्ता बात सुरेन्द्रको सुनि सकी ❋ खूबै रिसाई कली ।
लाग्यो भन्न उठेर राज्य नलको ❋ छोड्दीन मैले न ली ॥

(५०)

हेलाँको बदला म लिन्छु सहजै ❋ दाज्यू लिई साथमा ।
जान्छू गैकन गर्व तोड्छु नलको ❋ पक्का म छू बातमा ॥
दाज्यू द्वापरलाइ ली कलि गयो ❋ एती सुनाई वरी ।
पूगे नैषध राज्यमा युग दुवै ❋ अत्यन्त चाँडो गरी ॥

(५१)

बोल्यो द्वापर सीत दाज्यु ! तिमिले ❋ जल्दी त्रिपाशा भई ।
आफ्नू रूप लुकाउनू अब पर्‍यो ❋ पाशाहरूमा रही ॥
त्यै पाशा लिइ जान्छु पुष्कर[1] कहाँ ❋ भेषै धरी ब्राह्मण ।
जूवा खेल्न म लाउँछू नलजिका ❋ साथै अनी तिन् कन ॥

(५२)

पाशा[2] द्वापर भो सुनी कन कुरा ❋ फेर् विप्र भै गो छली[3] ।
त्यै पाशा लिइ भेट्छु पुष्कर भनी ❋ चाँडै हिंडी गो कली ॥
थीए पुष्करजी घरै उहि बखत् ❋ भेट्यो कलीले गई ।
आफ्नू भेद[4] सबै तिनै कन भन्यो ❋ तिन्कै हितैषी भई ॥

(५३)

प्यारे पुष्कर ! खेल गै कन जुवा ❋ राजाजिका साथमा ।
पाशा दिन्छु म जीतको उहि लिई ❋ जाऊ र खेल्नू तहाँ ॥
मौकाले नलका पसेर जिउमा ❋ बुद्धि बिगार्छू जसै ।
खेल्नेछन् नलले जुवा अनि पछी ❋ सर्वस्व[5] हार्नन् तसै ॥

१ राजा नलका भाई । २ त्रिपाशा । ३ छल गर्ने कलियुग । ४ गुप्त कुरा । ५ सम्पत्ति र राज्य ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(५४)

राजा भै कन सौख्य गर्नु तिमिले ❋ जान्छन् बनैमा तिनी ।
हेलाँको बदला लिनू सुफल पो ❋ हुनेछ ठान्छू अनी ॥
पैल्हे एति भनेर पुष्कर कनै ❋ त्यस्ले त्रिपाशा दियो ।
पस्छू गै नलमा भनेर कलि ता ❋ ऊठेर पो गै गयो ॥

(५५)

राजा हुन्छु भनेर पुष्कर खुबै ❋ खुशी भयो त्यै घरी ।
पाशा ली नलका गयो हजुरमा ❋ जूवा विषे दिल् धरी ॥
थीए है अपवित्र[1] नैषध-पती[2] ❋ त्यै बीचमा त्यो कली ।
राजाका पसि देहमा बसि गयो ❋ फिक्की कदाचित् न ली ॥

(५६)

आयो पुष्कर भूपका हजुरमा ❋ दर्बारमा त्यस् घरी ।
दाज्यूका चरणारविन्द - युगमा ❋ माथा[3] दियो झट् धरी ॥
भाईलाइ उठाइ भूपवरले[4] ❋ लाएर छाती महाँ ।
सोधे हाल खबर्हरू कुशलको ❋ आनन्द मानी तहाँ ॥

(५७)

बिन्ती पुष्करले गऱ्यो कुशल छन् ❋ जाहान डेरा महाँ ।
फेरी भन्दछ नाथ ! खेल्न मन भो ❋ जूवा मलाई यहाँ ॥
आएँ खेल्न भनी जुवा म अहिले ❋ रत्नादि धेरै लिई ।
पाल्नू होस् दुइ भाइ भै कन जुवा ❋ खेलौंन चित्तै दिई ॥

(५८)

राजाका जिउमा थियो कलि र पो ❋ इच्छा जुवामा गयो ।
पाशा पुष्करले झिकी नलजिका ❋ श्रीहस्तमा दी दियो ॥
रोकीथिन् दमयन्तिले यहि जुवा ❋ खेल्नू नजाती भनी ।
मानेनन् नलले जुवा शुरु भई ❋ हान्-थाप भै गो अनी ॥

(५९)

जीती पुष्करले सबै हरि लियो ❋ सर्वस्व तिन्को जसै ।
रानीका गहना सिवाय अरु थोक् ❋ बाँकी रहेनन् तसै ॥
त्यै बेला सचिवादिले[5] र अरुले ❋ जूवा हटाऊँ भनी ।
गर्नू सम्म गरे परन्तु नलले ❋ केही सुनेनन् पनी ॥

---

१ बिटुला । २ नलराजा । ३ शिर । ४ नल राजाले । ५ मन्त्रीहरूले ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(६०)

छोरा-छोरि विदर्भका महलमा ❋ पुऱ्याइ आऊ भनी ।
रानीले तब सारथी कन दिइन् ❋ आज्ञा तुरुन्तै पनी ॥
आज्ञा पालन गर्न सारथि गयो ❋ बोल्यो अनी पुष्कर ।
दाज्यू ! के अब थाप्दछौ सब कुरा ❋ जीती सकें मर्खर ॥

(६१)

थापीद्यौ दमयन्तिलाइ तिनि छन् ❋ बाँकी रहेकी यहाँ ।
यस्ता बात सुनेर क्रोधित भए ❋ राजा नलैजी तहाँ ॥
रानीका गहना निकालि पणमा[1] ❋ थापी दिए फेर् अनी ।
जीत्यो पुष्करले उ दाउ सहजै ❋ सत्रै परी गो भनी ॥

(६२)

राजा भीमजिका पुगी हजुरमा ❋ त्यो सारथीले अनी ।
सुम्प्यो बालक - बालिका कन रुँदै ❋ यस्तो भयो हाल् भनी ॥
जूवाको सब हाल् जसै भनि दियो ❋ श्रीभीम दुःखी भए ।
भाग्यैको लिपि मेटिंदैन कहिल्यै ❋ भन्ने बुझी चुप् रहे ॥

(६३)

हारी आफ्नु अशेष[2] राज्य धन फेर् ❋ थीयो जती सम्पती ।
जूवामा सब हारि जान बनमा ❋ हींडे नलै भूपती ॥
रानी ती दमयन्तिजी पछि-पछी ❋ लागिन् पतीका अनी ।
खूशी भै कन पापि पुष्कर रह्यो ❋ राजा भएँ लौ भनी ॥

(६४)

आज्ञा पुष्करले दियो नगरमा ❋ ती दूइलाई[3] यहाँ ।
पानी अन्न र बस्न ठाम नदिनू ❋ गर्नू न केही दया ॥
केही बात नगर्नु तिन् सित कभै ❋ आज्ञा नमान्ने जती ।
राज - द्रोहि भएर जल्दि शुनुवा ❋ हूनन् छ आज्ञा यती ॥

(६५)

यो आज्ञा जब फैलियो नगरमा ❋ रैती डरैमा परे ।
दीनैलाइ सहायता[4] नसकदा ❋ तिन्ले त धैर्यै धरे ॥
राजा-रानि हिंडेर तीन दिनमा ❋ भोकै थिए ता पनी ।
पूगे जङ्गलमा बडा कठिनले ❋ लागेछ तिर्खा अनी ॥

१ दाउमा । २ सबै । ३ नल र दमयन्तीलाई । ४ मद्दत ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(६६)

देखे एक मयूर-पक्षि नलले ❀ थीयो चउर्मा तहीं ।
लागे भन्न ति रानिलाइ उ बखत् ❀ अत्यन्त खूशी भई ॥
हे प्यारी ! अब यै चरो कन धरी ❀ हामी दुवैले यहाँ ।
पोली - पालि तुरुन्त भोजन गरौं ❀ अन्यत्र खोजौं कहाँ ? ॥

(६७)

त्यै पक्षी कन पक्रने सुर[1] गरी ❀ राजा नलैले पनी ।
धोती आफ्नु निकालि पक्षि कन पो ❀ छोपी दिए झट् अनी ॥
धोतीलाइ लिई चरो उडि गयो ❀ आकाश - मार्गैं धरी ।
लाग्यो बोल्न मलाइ जान नलजी ! ❀ तिम्रो कली हूँ अरी[2] ॥

(६८)

मैले हार जुवा विषे गरि दिएँ ❀ सर्वस्व तिम्रो गयो ।
देख्दा नग्न तिमी मलाइ मनमा ❀ आनन्द ठूलो भयो ॥
साह्रै छक्क परे सुनेर नलजी ❀ त्यस् पक्षिले जो भन्यो ।
पक्षी एति भनी नभ-स्थल विषे[3] ❀ लोपै भई गै गयो ॥

(६९)

त्याहाँ देखि हिंडी अली पर गई ❀ बाटो दुई भेटियो ।
राजाले दमयन्ति रानि कन फेर् ❀ एही कुरा भन्नु भो ॥
यो बाटो त विदर्भ जान्छ सुमुखी ❀ जाऊ तिमी माइतै ।
बूबाका गृहमा बसी रहु तिमी ❀ नानीहरू ली सँगै ॥

(७०)

तिमूलाई लिन आउनेछु म पछी ❀ आफ्नू असल् हालमा ।
ऐले जान हुँदैन हीन हुन गै ❀ मैले ससूरालमा ॥
यो आज्ञा पतिको सुनेर सतिले ❀ बिन्ती चढाइन् अनी ।
भन्नू भो किन आर्यपुत्र ! यसरी ❀ नारी छ मूर्खै भनी ! ॥

(७१)

सेवा नै पतिको गती छ सतिको ❀ साध्वीहरू[4] छन् जती ।
त्याग्दैनन् पतिलाइ दुःख परदा ❀ स्वार्थी[5] गराई मती ॥
सेवा छोड्दिन जान्छु साथ बनमा ❀ एती भनेको सुनी ।
चूपै भै नलजी रहे उहि बखत् ❀ साँचै यि भन्छिन् भनी ॥

१ आँट । २ वैरि । ३ आकाशमा । ४ पतिव्रता । ५ मतलवी ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(७२)

बिस्तारै सित दम्पती बन बीचै ❋ बढ्दै अगाडी गए ।
देखी पीपलको ठुलो रुख मुनी ❋ विश्राम गर्दा भए ॥
थाकेकी दमयन्तिलाइ उ बखत् ❋ पल्टेर निद्रा पऱ्यो ।
निद्रा ता नलका परेन मनले ❋ चिन्ता बहूतै गऱ्यो ॥

(७३)

भन्छन् ती मनमा यिनै कन अघी ❋ श्री सूर्यलाई पनी ।
देख्नू मुश्किल पर्दथ्यो महलमा ❋ बस्ता ति रानी बनी ॥
ऐल्हे यो वन बीच पैदल हिंडी ❋ सङ्कष्ट[1] काट्छिन् अती ।
कस्तो लेखि दिएछ भाग्य विधिले ❋ दैवी विचित्रा गती ॥

(७४)

यिन्लाई म त छाडि जानु बढिया ❋ हूनेछ ठान्छू यहाँ ।
जाने छन् न मलाइ पाइ हिंडदै ❋ आफ्नै बुबाज्यू कहाँ ॥
यै पक्का मनले विचारि नलले ❋ ती रानिको त्यस् घरी ।
आधा धोति फुकाइ च्याति कन पो ❋ लाए चटाकी[2] गरी ॥

(७५)

छाडी ती दमयन्तिलाइ निंदमा ❋ दिक्दार साह्रै बनी ।
राजाजी बनमा निकै पर[3] गए ❋ जागिन् ति रानी अनी ॥
चारै तीर नजर् छरेर तिनिले ❋ हेरिन् कहाँ छन् भनी ।
देखीनन् पतिलाइ निश्चय भयो ❋ छाडी गए छन् भनी ॥

(७६)

लागिन् रून ति रानि घोर बनमा ❋ एक्लै परी त्यस् घरी ॥
भन्छिन् हा प्रिय ! त्यागि आज मकनै ❋ जानू भयो के गरी ?
पैले भन्नु भयो म छोड्दिन भनी ❋ ऐले उ झूटो भयो ।
मिथ्या बोलि भएर के पुरुषको ❋ पत्यार नै गै गयो ॥

(७७)

सेवामा त्रुटि क्यै गरीन बनमा ❋ फेरी महल् बीचमा ।
तिम्रो वाक्य असत्य ठानि मइँले ❋ बाँचूँ कसोरी यहाँ ?
आज्ञा भङ्ग पनी गरीन कहिल्यै ❋ केमा रिसानी भयो ?
यो दासी कन फाँसी दी कन गयौ ❋ यो बुद्धि कसले दियो ? ॥

१ दुःख । २ चाँडो गरी । ३ टाढा ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(७८)

रून्थिन् यै रितले ति रानि बनमा ❀ साह्नै बिलौना गरी ।
मोटो सर्प रहेछ वाहिं उसले ❀ ती रानिको त्यै घरी ॥
दूबै पाउ निलेछ प्राण-भयले ❀ भन्छिन् ति रानी तहाँ ।
स्वामिन् ! भेट अवश्य हुन्न अहिले[1] ❀ निल्ला अवश्यै यहाँ ॥

(७९)

इच्छाले हरिको उसै बखतमा ❀ व्याधा अगाडी सरी ।
हान्यो त्यस् कन ता विषालु शरले ❀ सो सर्प गै गो मरी ॥
व्याधा भन्दछ रानिलाइ खुशि भै ❀ राम्री रहीछौ अती ।
मैलाई पति मान आज खुशि भै ❀ हुन्छू म तिम्रो पती ॥

(८०)

पैह्ले एति भनेर त्यस् अधमले ❀ हे रेर आँखा तरी ।
देऊ प्यारि ! मलाइ चुम्बन[2] भन्यो ❀ कन्दर्पले[3] जोर् गरी ॥
त्यैं बेला तिनिले भनिन् यदि सती ❀ साँचै म हूँ ता यहाँ ।
जल्दी भस्म खरानि भै कन गिरेस् ❀ मेरा अगाडी महाँ ॥

(८१)

इच्छाले जगदीशको उहि कुरा ❀ ततकाल साँचो भई ।
व्याधा भस्म भई जली कन गिऱ्यो ❀ थुप्रो खरानी भई ॥
त्याहाँ बाट उठेर रानि बनमा ❀ केही अगाडी गइन् ।
देवर्षी भृगु अंगिरा ऋषिहरू ❀ तिन्‌ले त देख्दी भइन् ॥

(८२)

ढोगै दी कन ती ऋषीश्वरहरू- ❀ लाई तिनै रानिले ।
आफ्नू हाल सबै सुनाउँदि भइन् ❀ सूने तिनै ज्ञानिले ॥
दीं दै आशिष भन्दछन् ऋषिहरू ❀ हे रानि ! जुन् कष्ट हो ।
तिम्रो नष्ट भयो हुनेछ नल थ्यैं भेट् ❀ भन्दछौं स्पष्ट[4] पो ॥

(८३)

राजा श्रीनलले जिती कन जुवा ❀ ऐश्वर्य राज्यै जती ।
लिन्छन् पुष्कर सीत जान तिमिले ❀ आफ्नू सबै सम्पती ॥
चन्देरी नगरी अगाडि छ त्यहीं ❀ जाऊ तिमी यस् घरी ।
राख्नेछन् तिमिलाइ रानि सँगमा ❀ आफ्नी सखी झैं गरी ॥

१ सर्पले (संस्कृतमा सर्पलाई अहि भन्दछन्)। २ म्वाँई। ३ कामदेवले। ४ साफ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(८४)

केही काल त्यहीं रहू गइ तिमी ❋ फर्कन्छ बेला अनी ।
जान्छौं हामि भनेर ती गइ गए ❋ तिन्लाइ एती भनी ॥
यो आज्ञा ऋषिको सुनेर मनमा ❋ क्यै धैर्य पैदा भयो ।
लागिन् ती दमयन्ति जान बनमा ❋ सूर्यास्त[1] पो भै गयो ॥

(८५)

बिक्रीका सब माल हात्तिहरूमा ❋ घोडाहरूमा पनी ।
राखेका बनियाँहरू त्यहिं पुगे ❋ बासै बसौंला भनी ॥
भारी - तारि उतारि राखि भुमिमा ❋ सारा बनीयाँ बसी ।
लागे जोड्न हिसाब बिक्रिहरुको ❋ नाफा र घाटा[2] जती ॥

(८६)

केही रात गए पछी सब सुते ❋ थाकी निदैमा परी ।
आए हात्तिहरू अनेक बनका ❋ साम्ने मुहूँडा गरी ॥
देखी ती घर-हात्तिलाइ वनका ❋ हात्ती ठुलो रिस् गरी ।
लागे लड्न र वृक्ष धेर् गिरि गए ❋ धक्का तिनैको परी ॥

(८७)

वृक्षादीहरु चर्र-मर्र गर्दै ❋ टूटेर गिर्दा महाँ ।
जागे ती बनियाँहरू डर परी ❋ साह्रै कशाए तहाँ ॥
लागे भाग्न ति हात्तिहेरु बनका ❋ सामूँ र एता उती ।
भाग्दामा गजले[3] गिरे ति बनियाँ ❋ लागेर ठक्कर् कती ॥

(८८)

मीची मार्छ कि हात्तिले भनि तिनै ❋ रानी डराइन् अनी ।
बाटो ली कन छेउको उठि हिंडिन् ❋ चन्देरि पुग्छू भनी ॥
थाकेमा गइ बस्दथिन् रुख मनी ❋ ऊठेर हिंड्थिन् अनी ।
यस्तै चाल गरेर आठ दिनको ❋ बीतेछ बेला पनी ॥

(८९)

देखीयो रमणीय सुन्दर शहर् ❋ चन्देरि नाऊँ हुने ।
ऊँचा सात तले गृहादिहरुले ❋ आकाशलाई छुने ॥
मैलो धोति लपेटि छाति-कटिमा ❋ फुस्री र धुस्री-बनी ।
रानी ती दमयन्तिजी नगरमा ❋ पस्दी भइन् झट् अनी ॥

१ साँझ पर्‍यो । २ हानि । ३ हात्तीले ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(६०)

यस्तै औसरमा मुमा नृपतिकी ❋ थीइन् अटाली[1] महाँ ।
देखिन् ती दमयन्तिलाइ तिनिले ❋ हिंड्दी छँदी मार्गमा ॥
देख्दा रूप जवानि भेष तिनिले ❋ आश्चर्य मान्दी भइन् ।
को हुन् तिन्कन डाकिले भनि कुनै ❋ केटी पठाई दिइन् ॥

(६१)

केटीले दमयन्तिका नजिक गै ❋ भन्छे सुन्यो सुन्दरी ।
तिम्लाई नृपकी मुमा[2] समिपमा ❋ डाक्छिन् दयाले गरी ॥
जानै योग्य म ठान्दछु हिंड तिमी ❋ यस्तो भनीथी जसै ।
त्यस्कै साथ खुशी हुँदै निषधकी ❋ रानी ति लागिन् तसै ॥

(६२)

केटीले दमयन्तिलाइ सँग ली ❋ श्रीराजमाता[3] कहाँ ।
पौंचाई अति रम्य खोपि बिचमा ❋ त्यै राजदर्बारमा ॥
देखी ती दमयन्तिलाइ नृपकी ❋ भन्छिन् मुमा त्यै घरी ।
को हौ हे सुकुमारि ! एक्लि यसरी ❋ हिंड्नू पऱ्यो क्या गरी ॥

(६३)

आफ्नू हालखबर् बताउ तिमिले ❋ मेरा अगाडी महाँ ।
देख्दामा तिमिलाइ लाग्छ बहुतै ❋ माया[4] मलाई यहाँ ॥
यस्तो सोधनि भो र रानि नलकी ❋ भन्छिन् अगाडी सरी ।
हे रानी ! विधि-लेखले म कन ता ❋ यस्तो अवस्था परी ॥

(६४)

स्वामी सीत बिछोड् भएर बनमा ❋ काहाँ गए हुन् भनी ।
हिंड्दा खोजि गरी यहीं हजुरको ❋ आएँ शहर्मा अनी ॥
रानीकी म सखी थिएँ निषधमा ❋ गर्नें सखीले जती ।
सारा काम म जान्दछू महलको ❋ बिन्ती चढाऊँ कती ॥

(६५)

यस्तो बिन्ति सुनेर राज महिषी ❋ भन्छिन् दयालू बनी ।
जाती भो खुशि नै हुनिन् तिमि उपर् ❋ मैयाँ सुनन्दा पनी ॥
मैयाँ सीत रहू तिमी महलमा ❋ तिम्रा पतीको पनी ।
खोजी गर्न पठाउँछू चरहरू ❋ मिल्नन् अवश्यै तिनी ॥

१ कौसी । २ आमा । ३ चन्देरीपति बाहुबलकी मुमा । ४ दया ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(९६)

यस्ता चाल् सित रानि ती निषधकी ❋ चन्देरिमा पो गई ।
लागिन् बस्न सखी बनी महलमा ❋ लूकेर गुप्तै भई ॥
के गर्नूं प्रबलै छ भाग्य जनको ❋ जन्मेर संसारमा ।
रानी भै कन दासि झैं तिनि रहिन् ❋ चन्देरिका देशमा ॥

(९७)

रानीलाइ सुतेकि छोडि बनमा ❋ वस्त्रार्द्ध च्याती लिई ।
त्यै बेह्नी कटिमा गए नल जसै ❋ अत्यन्त दुःखी भई ॥
आधा कोश हिंडेर सोहि बनमा ❋ लाग्यो डढेलो निकै ।
कोही सर्प परेर अग्नि बिचमा ❋ त्यस्ले करायो खुबै ॥

(९८)

हा ब्रह्मा ! म कनै बचाउँछ कउन् ❋ यस्तो डढेलो महाँ ।
टोक्दा नारद्लाइ श्राप दिनु भो ❋ सम्झन्छु मैले यहाँ ॥
हिंड्नै सक्तिन श्रापले ति ऋषिको ❋ ऐले म डढ्ने भएँ ।
कस्ले गर्छ दया हरे ! म कन लौ ❋ ज्वाला ति आई गए ॥

(९९)

यो सुन्दा नलले दयालु हुन गै ❋ त्यै अग्निका बीचमा ।
जाई सर्प उठाइ बोकि कन फेर् ❋ आए ति फर्की वहाँ ॥
बोल्यो सर्प नरेन्द्र ! बोकि म कनै ❋ ऐले अगाडी बढी ।
पाइला दस हिंड्नु भै म कन फेर् ❋ दीनोस् भुमीमा धरी ॥

(१००)

लौ त्यै गर्छु भनी हिंडी नल छिटै ❋ गिन्ती गरी पाइला ।
पाईला जब ता पुग्यो हिंडि दसै ❋ टोक्यो निधारै महाँ ॥
फाले सर्प जमीनमा नलजिले ❋ टोक्यो मलाई भनी ।
बोल्यो सर्प हितैषि हूँ सुन कुरा ❋ क्यै भन्छु मैले पनी ॥

(१०१)

कर्कोटक्[1] मत नाग हूँ मिलि सराप् ❋ याहीं रहेको थिएँ ।
तिम्ले आइ उठाइ श्राप टरि गो ❋ साह्रै म खूशी भएँ ॥
तिम्रो ता जिउमा कलीयुग थियो ❋ देखेर मैले पनी ।
राजन् ! टोकि दिएँ निधार बिचमा ❋ यो दुष्ट जावस् भनी ॥

---

१ कर्कोटकस्य नागस्य दमयन्त्या नलस्य च । ऋतुपर्णस्य राजर्षेः कीर्तनात् कलिनाशनम् ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(१०२)

तिम्रो देह त कृष्ण-वर्ण हुन गो ❋ मेरा जहर्ले गरी ।
भागी गो अघिनै कली जहरको ❋ ठूलो डरैमा परी ॥
हे राजन्! ऋतुपर्णका मुलुकमा ❋ जाऊ अयोध्या महाँ ।
नाऊँ बाहुक राखि सारथि बनी ❋ बस्नू तिमीले त्यहाँ ॥

(१०३)

आफ्नू रूप लिनू पऱ्यो यदि भने ❋ यो मन्त्र पढ्नू भनी ।
तिन्ले मन्त्र भनी दिए ति कन ता ❋ तिन्का हितैषी बनी ॥
कर्कोटक् नल थ्यैं बिदा भइ गए ❋ पातालका देशमा ।
ताहाँ देखि उठेर ती नल हिंडे ❋ कालो अती भेषमा ॥

(१०४)

राजा श्री ऋतुपर्णका हजुरमा ❋ पूगेर बिन्ती गरी ।
पाई सारथि-काम ती नल रहे ❋ बाहूक नामै धरी ॥
यस्तै औसरमा विदर्भ-पतिले[1] ❋ पत्ता लगाउन् भनी ।
छोरी ती दमयन्ति खोज्न दुइटा ❋ बाहुन् पठाए अनी ॥

(१०५)

तिन्मा ब्राह्मण जो सुदेव भनिने ❋ डूलेर खोजी गरी ।
चन्देरी दरबारमा पुगि गए ❋ अभ्यागतैका[2] सरी ॥
रानी बाट ति विप्रको हुन गयो ❋ सत्कार राम्रो अनी ।
त्यै बेला दमयन्तिले द्विज चिह्निन् ❋ हुन् माइतैका भनी ॥

(१०६)

चीह्नी ब्राह्मण ती सुदेव कन ता ❋ जल्दी अगाडी परा ।
रूँदै ती दमयन्तीले भनि दिइन् ❋ आफ्नू कुरा त्यै घरी ॥
खूशी भै कन विप्र बाट भनियो ❋ मैयाँ ! बुबाले पनी ।
खोज्नू हुन्छ हजूरलाइ बहुतै ❋ मैयाँ कहाँ छिन् भनी ॥

(१०७)

मूमाकी दिदि हुन् भनी बुझ्नु होस् ❋ यी राजमाता कन ।
यो आफ्नै घर हो पराइ कसरी ❋ हुन्थे यहाँका जन !
दिन्छू एहि खबर् सुनाइ महँले ❋ श्री राजमाता कन ।
हूने छन् बहुतै खुशी यति भनी ❋ ती विप्रले तत्क्षण ॥

१ दमयन्तीका पिता राजा भीमले । २ पाहुनाका ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MDIF

(१०८)

मैयाँलाइ र रानिलाइ उ बखत् ❋ डाकेर ल्याऊ भनी ।
दासीलाइ पठाउँदा तिनिहरू ❋ आए नजीकै अनी ॥
त्यै बेला दमयन्ति हुन् यिनि भनी ❋ तिन्ले बताई दिए ।
मूमा रानि र अन्य[1] राजगृहका[2] ❋ प्राणी खुशी खुब् भए ॥

(१०९)

जूवामा निज राज्य हार्नु नलले ❋ फेरी दुई दम्पती ।
जानू जङ्गलमा र दुःख परनू ❋ इत्यादि वार्ता जती ॥
सूनेथे दमयन्ति बाट जति हाल् ❋ ती विप्रले त्यै घरी ।
मूमा रानिजिका भने हजुरमा ❋ विस्तार बिन्ती गरी ॥

(११०)

चीह्ना जानि भए पछी खुशि हुँदै ❋ ती राजमाता अनी ।
लागिन् भन्न लुकाइ नाम किन हो ❋ बस्नू परेको पनी ?
हामी बाट अनादरै पनि भयो ❋ होला सुपुत्री ! यहाँ ।
सो तिम्ले अब बिर्सनू हृदयले ❋ हाम्लाई गर्नू क्षमा ॥

(१११)

आज्ञा ली कन भीमका मुलुकमा ❋ ती विप्र जाँदा भए ।
तिन्ले गै कन भीमराज कन फेर् ❋ त्यै हाल् सुनाई दिए ॥
आफ्नै ठूलि मुमा कहाँ ति रहिछन् ❋ मैयाँ[3] भनेको सुनी ।
खूशी भै मनमा विदर्भ-पतिले[4] ❋ तिन्लाइ ल्याऊ भनी ॥

(११२)

लावा लश्कर साथ पाल्कि सुनको ❋ दासीहरू सुन्दरी ।
दामी भूषण धेर राजसि लुगा ❋ हेरेर राम्रो गरी ॥
जिम्मा दी कन विप्रलाइ नृपले ❋ जल्दी पठाई दिए ।
साथैमा सब ली सुदेव खुशि भै ❋ चन्देरि आई गए ॥

(११३)

रानी श्री दमयन्तिलाइ निजकी ❋ ठूली मुमाले अनी ।
मोतीको शुभ हार धेर गहना ❋ दीइन् लगाउन् भनी ॥
कोसेलीहरु खाद्य-वस्तु बहुतै ❋ दीएर बीदा गरिन् ।
खूशी भै दमयन्ति माइति तिरै ❋ प्रस्थान गर्दी भइन् ॥

१ अरू । २ दरबारका । ३ दमयन्ती । ४ राजाभीमले ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(११४)

पाल्कीमा बसि माइतै तिर पुगिन् ❋ मैयाँ तिनै जुन् घरी ।
बूवाले र मुमाजिले नजिकमा ❋ राखे दया खुब् गरी ॥
आफ्नू दुःख सबै भनिन् र तिनिले ❋ माता - पितामा पनी ।
चिन्ता पर्न गयो वृथा किन पऱ्यो ❋ त्यस्तो विपत्ती भनी ॥

(११५)

खोज्छू श्री नललाइ खोज्नु परने ❋ कर्तव्य[1] आया भनी ।
धेरै ब्राह्मणलाइ डाकि नृपले ❋ आज्ञा गरे यो अनी ॥
ऐले भू - सुर[2] हो ! तपाइँहरूले ❋ गै देश-देशादिमा ।
खोजी गर्नु हवस् अवश्य नलको ❋ प्रत्येक राजा कहाँ ॥

(११६)

भेट्नू भो नललाइ क्यै गरि भने ❋ आएर सोझै यता ।
हामीलाइ खबर् दिनू नलजिको ❋ पूरा बताई पता ॥
आज्ञा एति दिएर भीम-नृपले ❋ विप्रादिलाई अनी ।
धेरैनै रुपियाँ अशर्फि दिनु भो ❋ यो खर्च गर्नू भनी ॥

(११७)

लागे ब्राह्मण जान जुन् बखतमा ❋ मैयाँ पनी त्यै घरी ।
भन्छिन् विप्रसमाजमा खुशि हुँदै ❋ तिन्का अगाडी परी ॥
जानू होस् गुरु हो ! सबै नृपतिका ❋ दर्बारमा यै घरी ।
भन्नू श्रीनललाइ खोज्न नृपते ❋ आएँ मिहानत्[3] गरी ॥

(११८)

भोकै जङ्गलमा सुतेकि सँगमा ❋ नारी त्यजा[4] रातमा ।
आधा वस्त्र लिएर जान सकने ❋ धन्यै छ मानीसमा ॥
यस्तो वाक्य सुनेर रुन्छ जन जो ❋ जान्नू नलै हुन् भनी ।
कस्तो नाम रहेछ के गरछ सो ❋ आएर भन्नू अनी ॥

(११९)

मैयाँ श्रीदमयन्तिका सुनि कुरा ❋ त्यै कार्य गर्छौं भनी ।
भिन्न-भिन्न गरेर मार्ग ति गए ❋ दूतै सरीका बनी ॥
तिन्मा ब्राह्मण एक पर्ण भनिने ❋ ज्ञानी चतूरा थिए ।
घुम्दै श्री ऋतुपर्णका मुलुकमा ❋ सोझै अयोध्या गए ॥

१ गर्नु पर्ने काम । २ पृथ्वीका देवता हौ अर्थात् ब्राह्मण हो । ३ परिश्रम । ४ त्याग गरेर ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(१२०)

तिन्‌ले गै ऋतुपर्णका हजुरमा ❋ यो हाल् सुनाए जसै ।
थीयो बाहुक नाम सारथि त्यहीं ❋ सूनेर रोयो तसै ॥
चीह्ने पर्णजिले यि हुन् नल भनी ❋ केही भरोसा भयो ।
डाकी तिन् कन झट्ट अस्तबलमा[1] ❋ त्यै सारथीले लग्यो ॥

(१२१)

बोल्यो बाहुकले द्विजोत्तम[2] ! सुन्यौ ❋ अन्नै बिना भोकले ।
बीत्यो तीन दिनै हिंडेर बनमा ❋ राती सुते शोकले ॥
छोड् दीए यिनिलाइ माइत तिरै ❋ जालिन् अवश्यै भनी ।
प्यारीलाइ सुतेकि देखि निदमा ❋ स्वामी खडा भो अनी ॥

(१२२)

आङ्‌मा वस्त्र थिएन च्याति फरिया ❋ आधा त बेरी लियो ।
होला अन्त्य विपत्तिको भनि उ ता ❋ छोडेर पो गै गयो ॥
व्यर्थै छोड्छ कउन् प्रियाकन उसै ❋ सङ्कष्टको भीति[3]ले ?
जाला दुःख भनेर पो त्यजि हिंड्यो ❋ मानीसको जातिले ॥

(१२३)

यस्ता बात सुनेर ब्राह्मण उठे ❋ केही नबोली तहाँ ।
खूशी भै मनमा हिंडेर पथमा ❋ आए विदर्भै महाँ ॥
मैयाँ भूपति रानिका हजुरमा ❋ ती पर्ण पूगी गए ।
जो-जो देखि-सुनी लिए अवधमा[4] ❋ सोही सुनाई दिए ॥

(१२४)

सल्लाहा सबले गरे उहि बखत् ❋ कुन् कार्य गर्दा यहाँ ।
आऊँछन् नलराज निश्चय पनी ❋ एही विदर्भै महाँ ॥
भोली हुन्छ यहाँ स्वयम्बर भनी ❋ झुट्टा पठाऊँ खबर् ।
आऊँछन् ऋतुपर्णजी रथ चढी ❋ लागेर ठूलो रहर् ॥

(१२५)

दीनै पर्छ झुठो निमन्त्रण भनी ❋ सल्लाह पक्का भयो ।
डाकी त्यै घरिमा सुदेव कन पो ❋ आज्ञा सुनाई गयो ॥
आज्ञा पाइ सुदेवजी गई गए ❋ जान्छू अयोध्या भनी ।
भेटी श्रीऋतुपर्णलाइ निजले ❋ निम्तो सुनाए अनी ॥

१ घोडाहरू राख्ने स्थान—तबेला । २ हे उत्तम ब्राह्मण हो । ३ डर । ४ अयोध्यामा ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(१२६)

गर्छिन् भोलि स्वयम्वरै नृपसुता[1] ❀ छानेर अर्कै पती।
पाल्नू पर्छ हजूरले रवि छँदै ❀ वीदर्भमा भूपती!
एती विन्ति चढाइ ब्राह्मण गए ❀ वाहाँ पछी भूपती।
लागे बाहुक सीत भन्न उ बखत् ❀ सुन्छौ कि हे सारथी!॥

(१२७)

गर्छिन् स्वयम्वर अरे दमयन्ति रानी।
त्यै हेर्न जानु परि गो मइँले वहाँ नी॥
भोली छ पुग्नु दिनमा रति छैन होश।
जम्मा विदर्भ पनि चार सये छ कोश॥

(१२८)

पुग्ने कसो गरि वहाँ म कनै बताऊ।
केही विशेष[2] गुण पो छ भने जताऊ॥
राजाजिका वचनलाइ सुनेर फेरी।
भन्छन् ति बाहुक पनी नगरेर देरी॥

(१२९)

चिन्ता रती भर नहोस् मन हड्बडाई।
आजै पुऱ्याउँल्छु विदर्भ हजूरलाई॥
एती सुनी कन कुरा तहिं सारथीको।
लागेछ भूप कन बात बहूत नीको॥

(१३०)

भन्छन् गएर रथ ठिक्क गरेर ल्याऊ।
आजै म हिंड्छु तिमिले मकनै पुऱ्याऊ॥
राजन्! म ल्याउँल्छु भनी कन भूपलाई।
आए रथालयमहाँ[3] तिनि चट्पटाई॥

(१३१)

छाँटेर अश्वहरुको अनमोल जोडी।
तिन्लाइ साज कसि स्यन्दन[4] बीच जोती॥
तैयार पारि रथ ती दरबार आए।
त्यस्मा चढेर ऋतुपर्ण अती रमाए॥

१ दमयन्ती। २ बढता। ३ रथहरु राख्ने ठाउँमा। ४ रथ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(१३२)

हाँके ति अश्व कन बाहुकले जसै ता ।
वायू समान रथ गो पथमा तसै ता ॥
चादर्[1] गिऱ्यो र नृपले रथ थाम्नलाई ।
आज्ञा दिए अनि त सारथिराजलाई ॥

(१३३)

चादर् खस्यो सुनन सारथि ! मार्ग माहाँ ।
त्यै टिप्नलाइ रथ थाम्नु पऱ्यो नि याहाँ ॥
भन्छन् ति बाहुक नरेन्द्र ! नगर्नु आँट ।
कोशै सये रथ बढ्यो उहि ठाउँ बाट ॥

(१३४)

यस्तो सुनी अवधनाथ[2] अचम्म पर्दै ।
सोच्छन् उती पर पुग्यो रथ बात गर्दै ॥
यिन्लाइ ज्ञात[3] छ कि सुन्दर अश्व-विद्या ।
को हाँक्न सक्छ यसरी त नजानि विद्या ! ॥

(१३५)

केही अगाडि गइ वृक्ष ठुलो अजङ्को ।
बर्रो फलेर लटरम्म झुली रहेको ॥
देखेर भूप ऋतुपर्णजिले कराई ।
आज्ञा दिए ताँहँ लगी रथ थाम्नलाई ॥

(१३६)

आज्ञानुसार गरि सारथिले अगाडी ।
पुगेर त्यै रुख मनी रथलाइ पारी ॥
रोकी[4] दिए खुशि हुँदै अनि भूपतिले ।
भन्दा भए सुनन बाहुक ! भन्छु मैले ॥

(१३७)

यो वृक्षमा दश हजार फलै छ जान्नू ।
छन् पाँच कोटि सब पात भनेर ठान्नू ॥
पातैहरू दुइ सये भुमिमा परेका ।
छन् जान्दछू म त सबै रुखमा झरेका ॥

१ पछ्यौरा । २ अयोध्याका राजा ऋतुपर्णजी । ३ थाहा । ४ थामिदिए ।

Nepal Sanskrit University, Balméeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(१३८)

आश्चर्य मानि कन बाहुक हात जोरी ।
भन्छन् नरेन्द्र ! यहि ज्ञान भयो कसोरी ?
दीए जवाफ नृप बाट ठुलो छ विद्या ।
मै जान्दछू जगतका बिच अक्ष-विद्या[1] ॥

(१३९)

जूवा सधैं भरि जिती रहला उसैले ।
सक्तैन जित्न उसलाइ यहाँ कसैले ॥
जसूलाइ मालुम भयो यहि द्यूत-विद्या[2] ।
हार्दैन जितूछ दिनहूँ यहि हो सु-विद्या ॥

(१४०)

भन्छन् ति बाहुक सुनी सकि यो क्रमैले ।
राजन् ! म जाँच गरछू अब उत्रि ऐले ॥
एती भनेर रथ बाट कुदेर आई ।
पातेहरू गनि लिए तिनले उठाई ॥

(१४१)

पातै पुगे दुइ सये गिनती गरेर ।
साँचो भयो उहि कुरा र अघी सरेर ॥
भन्छन् ति बाहुक नृपेन्द्र ! म अश्व-विद्या[3] ।
दिन्छू हजूर दिनु होस् यहि अक्ष-विद्या ॥

(१४२)

साटौं परस्पर दुवै दुइको इलम् पो ।
आनन्द ये करमले दुइमा हुने भो ॥
यो बिन्तिले नृपतिको मन राजि भै गो ।
विद्या दुवै दुइ जना कन प्राप्त भै गो ॥

(१४३)

थीयो कली बहुत सूक्ष्म[4] भई रहेको ।
जित्ने जुवा सिकि इलम् नलले लिएको ॥
देखेर क्यै शिप नलागि कली गई गो ।
क्यै शान्ति भै हृदय हर्षित पो भई गो ॥

१ जूवा जित्ने विद्या । २ जूवाको इलम । ३ घोडाको विद्या । ४ सानू ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(१४४)

ऊठेर सारथि चढे रथमा गएर ।
आज्ञा मिल्यो रथ हिंडाउन जत्ति खेर ॥
लीएर चाबुक[1] जसै तिनले उठाए ।
घोडै थिए तर बतास सरी गराए ॥

(१४५)

वेला पनी दुइ घडी दिन बाँकि थीयो ।
बाहूकले रथ विदर्भ पुन्याइ दीयो ॥
श्री भीमले अवधशासक[2]लाइ पाई ।
प्यारो गरेर रथ बाट लिए उतारी ॥

(१४६)

वार्ता[3] भयो कुशलको दुइ बीच ताहाँ ।
राखे लगी फरक सुन्दर कोठि माहाँ ॥
जो चाहिने सकल चीज र दास-दासी ।
श्री भीमले गरि खटन् दिनु भो र राखी ॥

(१४७)

श्री भीमका अतिथि[4] भै ऋतुपर्ण राजा ।
त्याहीं गई कन रहे सुनि गीत-बाजा ॥
गै सारथी पनि बसे छ जहाँ तबेला ।
खान्थे पकाइ सँग साथि न कोहि चेला ॥

(१४८)

त्यै बीचमा नलजिको लिन जाँचलाई ।
केटी चतुरि दमयन्तिजिले खटाई ॥
छोरा र छोरि उसकै सँगमा लगाई ।
भाँडा-कुँडा रसद[5] हेरु दिइन् पठाई ॥

(१४९)

केटी सरासरि हिंडेर पुगी तबेला ।
सन्तान देखि कन बाहुकले उ बेला ॥
दूवै ति बालकहरू कन काख राखे ।
बिर्सेर आफु कन आँसु पनी चुहाए ॥

१ कोर्रा । २ अयोध्याका राजालाई । ३ कुरा । ४ पाहुना । ५ सुका अन्न जस्तै-दाल, चामल आदि ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(१५०)

बोली मिठो गरि ति बाहुक सीत दासी।
बोल्दी भई वचन केहि मुसुक्क हाँसी॥
क्यै कारणै परि गई दरबार माहाँ।
पाक्दैन खाद्यहरु आज कदापि ताहाँ॥

(१५१)

त्यस् निम्ति बाहुक! तिमी सब थोक् पकाऊ।
यी दूइ[1] लाइ उहि पाक्य[2] तिमी खुवाऊ॥
एती गरे हुँदि ठुलो उपकार होला।
खानै नपाइ कन बालक-वृन्द रोला॥

(१५२)

त्यै काम गर्छु भनि बाहुकले उठेर।
झीँझाहरू टिपि अगेनु महाँ दिएर॥
जो पाक्य गर्नु परने सब चीजलाई।
हाली कसौंडि र तपेस दिए बसाई॥

(१५३)

क्यै मन्त्र सुस्तरि पढे अनि अग्नि जाग्यो।
चूलो भरी लकडि[3] हुर्हुरि बल्न लाग्यो॥
पानी थिएन र पढे अरु मन्त्र फेरी।
पानी भरी हुन गयो त्यहिं उत्ति खेरी॥

(१५४)

चाँडै तयार भइ गो सब चीज पाकी।
आधा झिकेर सब बर्तन[4] बीच राखी॥
सुम्पी दिए ति दुइलाइ र दासि-केटी।
आश्चर्यले चकित[5] भै व्यवहार देखी॥

(१५५)

साथै बालक-बालिकाहरु लिई दासी महल्मा गई।
रानी श्री दमयन्तिलाइ उसले सारा बताई दिई॥
चाखिन् स्वाद विचारि पाक्यहरुको थाहा भई गो पनी।
स्वामी श्रीनलराज हुन् भनि बुझिन् बाहूकलाई अनी॥

१ बालक-बालिकालाई। २ पाकेको चीजहरु। ३ दाउरा। ४ भाँडा। ५ अचम्म भएर।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(१५६)

आइन् दासि उही लिएर सँगमा ❀ रानी तबेला महाँ।
देखिन् श्री नलला‌इ बाहुक बनी ❀ कालो भएका तहाँ॥
तिन्का गै नजिकै कथा सब भनिन् ❀ जो - जो बितेका थिए।
त्यो सुन्दा नलले असह्य हुन गै ❀ आँसू बगाई दिए॥

(१५७)

रोए ती दमयन्तिले अनि भनिन् ❀ हे नाथ ! पाऊ परी।
बिन्ती गर्दछु रूप यो त्यजि दिनोस् ❀ आफ्नू स्वरूपै धरी॥
भन्छन् ती नल हे प्रिये ! कलि पछी ❀ लागेर दुःखै दियो।
सोही कारणले बिछोड बनमा ❀ हामीहरुको भयो॥

(१५८)

बाटामा ऋतुपर्णला‌इ म‌इँले त्यै ❀ अश्व - विद्या दिएँ।
साटोमा सहजै जुवा जिति लिने ❀ त्यै अक्ष - विद्या लिएँ॥
विद्या साटि लियौं परस्पर जसै ❀ भाग्यो कली त्यै घरी।
प्यारी ! रूप म लिन्छु हेर असली ❀ आफ्नू पहील्यै सरी॥

(१५९)

पैले एति भनेर बाहुकजिले ❀ तिन्कै अगाडी महाँ।
सौ पाली पढि मन्त्र ध्यान गरियो ❀ कर्कोटकैको[1] तहाँ॥
पैले जो त थियो स्वरूप नलको ❀ त्यै प्राप्त हूँदो भयो।
चिन्ता आतुरि हड्बडी हृदयको ❀ ती रानिको गै गयो॥

(१६०)

छोरी - ज्वाइँ दुवै गए महलमा ❀ श्री भीमराजा कहाँ।
भेट् भै हाल खबर् सबै भनि दि‌इन् ❀ हर्षै भयो खुब् वहाँ॥
राजा श्रीऋतुपर्णजी नलजिको ❀ आई शरण्मा परे।
मेरो चूक नजानि जो हुन गयो ❀ माफ् पाऊँ बिन्ती गरे॥

(१६१)

भन्नू भो नलले सुनेर इ कुरा ❀ राजन् ? विपत्ती परी।
आएँथें म तपाइँका समिपमा ❀ राख्नू भयो ठिक् गरी॥
मित्रै छौं दुइ पूर्व[2] देखि अब ता ❀ झन् मैत्रि बढ्दै गयो।
चिन्ता क्यै नलिनोस् म सारथि थिएँ ❀ ऊ काल ता गै गयो॥

१ नागराजको नाम। २ पहिले।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(१६२)

जानू भो ऋतुपर्णजी अवधमा ❋ फर्कैर सोही घरी।
भारी उत्सव भो विदर्भ पुरिमा ❋ पैह्ले सफाई गरी॥
ढोकामा कलशादि राखिन गई ❋ तोरणहरू टाँगिए।
गल्ली टोल विषे त नाच शुरु भो ❋ गीतादि खुब् गाइए॥

(१६३)

बस्दामा ससुरालमा नल दुई ❋ बीतेछ मैह्ना पनी।
जानू भो सुन घेर् लिई निषधमा ❋ भेट्छू म भाई[1] भनी॥
फेरी पुष्कर सीत खेल शुरु भो ❋ जूवा पहील्यै सरी।
जीते श्रीनलले सबै चिजहरू ❋ विद्या - बलैले गरी॥

(१६४)

होशै पुष्करको उडी कन गयो ❋ हारेर जूवा अनी।
कालो भो मुख खेदले र पछितो ❋ पर्दा भिखारी बनी॥
भन्नू भो नलले उसै बखतमा ❋ क्यै छैन ता पासमा।
दाऊमा अब थाप आफु कन लौ ❋ जित्ने परी आशमा॥

(१६५)

तिम्रो दाउ पऱ्यो भने सब जित्यौ ❋ फेरी तिमीले यहाँ।
हाऱ्यौ ता हुनु पर्छ दास तिमिले ❋ भाऊज्युको पाउमा॥
यस्तो वाक्य सुनेर पुष्कर पनी ❋ क्रुद्ध भयो त्यस् घरी।
मन्जूरै छु भनेर झट्ट करले[2] ❋ लीयो त्रिपाशा धरी॥

(१६६)

हाऱ्यो पुष्करले लडे जमिनमा ❋ पाशाहरू जुन् घरी।
हेरे पञ्चहरू मिलेर सबले ❋ उत्साह ठूलो गरी॥
तिन्काना परि दाउ पुष्कर गिऱ्यो ❋ हारी जमीनै महाँ।
पानी हालि दिए लगेर जनले ❋ त्यस्का मुखै बीचमा॥

(१६७)

केही चैत भएर पुष्कर उठे ❋ राजा नलैले अनी।
यौटा गाउँ फगत् दिई अनुजमा[3] ❋ दीए बिदा जा भनी॥
गै गो पुष्कर राज्य भो नलजिको ❋ पैह्ले सरी देशमा।
रानी श्रीदमयन्ति ली नल रहे ❋ आनन्दमानी तहाँ॥

१ पुष्कर। २ हातले। ३ भाईमा।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(१६८)

त्यस्‌ता भूपति पुण्यश्लोक[1] कन ता ❋ आयो विपत्ती परी।
खेपे दुःख सबै बुझी नसिबको ❋ खुब् धैर्य तिन्‌ले धरी॥
भन्छन् ती बृहदश्व धर्मसुतका ❋ हेरी मुहारै महाँ।
सुन्दा रोग-विपत्ति जान्छ सबको ❋ भन्छू म पक्का यहाँ॥

नलोपाख्यान समाप्त

(१६९)

भन्नू भो ऋषिलाइ धर्मसुतले ❋ सूनी नलैको कथा।
चित्तैलाइ बुझाउँछू म भरिसक् ❋ मान्दैन कत्ती उ ता॥
भाई अर्जुन जो थिए तप विषे ❋ इच्छा गरी गै गए।
एतीका दिन भो मिलेन खबरै ❋ काहाँ ति अड्‌की रहे॥

(१७०)

एसै कारणले त विह्वल म छू ❋ जूवा नजान्ने भई।
खेल्दा यो हविगत् भयो सब कुरा ❋ आफ्नू हराई गई॥
यो सुन्दा ऋषिले सिकाउँछु जुवा ❋ भन्दै अगाडी सरी।
जूवाको सब गुप्त भेद सहजै ❋ दीए सिकाई वरी॥

(१७१)

जूवा खेल्न सिपालु धर्म-सुत भै ❋ जो खेद हो गै गयो।
सम्झी भाइ ति पार्थलाइ मनमा ❋ उत्पन्न चिन्ता भयो॥
त्यै बेला बृहदश्वजी भइ बिदा ❋ ऊठेर जाँदा भए।
संयोगै परि मार्गमा तप-धनी ❋ देवर्षि पो देखिए॥

(१७२)

आई नारदले भने नरपते! ❋ चिन्ता नलेऊ रती।
सुन्छू अर्जुनले सबै सिकि सके ❋ दिव्यास्त्रहेरू जती॥
त्यै हाल् भन्न भनेर लोमश ऋषी ❋ आउँदछन् लौ यहीं।
सोध्नू तिन् सित सर्व तीर्थ-महिमा ❋ फेर् बस्नु अन्तै गई॥

१ धर्मात्मा।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लोमशको आगमन, तीर्थयात्रा

(१)

एती बात भनी ति नारद गए ❋ फेर् सत्यलोकै महाँ ।
आए लोमश सोहि काम्यक विषे ❋ श्री धर्मका पासमा ॥
सत्कारै पनि खुब् युधिष्ठिरजिले ❋ गर्नू भयो त्यै घरी ।
लागे लोमश भन्न त्यस् बखतमा ❋ तिन्लाइ यस्तो गरी ॥

(२)

राजन् ! इन्द्रजिले पठाउनु हुँदा ❋ आएँ म ऐल्हे यहाँ ।
भाई अर्जुन छन् ति क्षेमकुशले ❋ देवेन्द्रका साथमा ॥
सुन्नोस् द्रौपदिले र पाण्डवहरू ❋ चारै जनाले पनी ।
शम्भूले निज अस्त्र[1] बक्सनु भयो ❋ जीतुन् किरिटी[2] भनी ॥

(३)

दिक्पालादि[3] समेत देवहरूले ❋ आफ्ना ति अस्त्रै पनी ।
प्रेमैले गरि पार्थलाइ दिनु भो ❋ हुन् मित्र हाम्रा भनी ॥
इन्द्रैले पनि बज्र बक्सनु भयो ❋ इन्द्रास्त्र दीनू भयो ।
पृथ्वीमा अब ता धनञ्जय[4] सरी ❋ छैनन् कुनै वीर पो ॥

(४)

मारे पौलम फेर् निवातकवचै ❋ ठूलो लडाइँ गरी ।
देवादी सब स्वर्गका खुशि भए ❋ ती दानवादी मरी ॥
ऐल्हे कीर्ति ठुलो छ अर्जुनजिको ❋ त्यैं देवका लोकमा ।
प्यारा इन्द्रजिका भएर तिनि छन् ❋ ऐल्हे ठुलै मोजमा ॥

(५)

कर्णैको त अभेद्य[5] जो कवच हो ❋ जोडा अनी कुण्डल ।
मैले लिन्छु हरेर यत्न-बलले ❋ गर्छू परेमा छल ॥
तिम्रो यो उपकार मै त गरँला ❋ हे पार्थ ! सून्यौ भनी ।
भन्दामा सुर - राजले खुशि भए ❋ खूबै किरिटी पनी ॥

---

१ पाशुपतास्त्र । २ अर्जुनजी । ३ दशदिशाका देवताहरू । ४ अर्जुन । ५ न टुट्ने ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(६)

यस्तो पाइ खबर् ति अर्जुनजिको ❋ दाज्यू र भाई अनी ।
रानी द्रौपदिलाइ हर्ष हुन गो ❋ जित्छौं लडाईं भनी ॥
भन्नू भो अनि फेरि धर्मसुतले ❋ हे नाथ ! हामी सबै ।
तीर्थै गर्न भनेर आँट् गरदछौं ❋ जाऊँन हिंड्नोस् सँगै ॥

(७)

लागे उत्तर दीन लोमशजिले ❋ राजन् ! सजीलो कहाँ ।
हुन्थ्यो मुश्किल[1] पो छ तीर्थ गरनू ❋ घूमेर जाहाँ तहाँ ॥
नाना देश र ग्राम जङ्गल नदी ❋ पाहाड खोलाहरू ।
तर्नू पर्छ हिंडेर कष्ट सहँदै ❋ भन्ने कुरा के गरूँ ? ॥

(८)

कैल्हे भोक सहेर हिंड्नु परने ❋ कैल्हे व्रतीका[2] सरी ।
खाँदै कत्ति नखाइ बस्नु परने ❋ इत्यादि दुःखै गरी ॥
कैल्हे ता भुमिमा कि ता चउरमा ❋ कैल्हे त वृक्षै मनी ।
ढुङ्गामा कहिले त सुत्नु परने ❋ बासा यही भो भनी ॥

(९)

राजा - रानि भई तपाइँहरूले ❋ त्यस्तो विपत् के गरी ।
सक्नू हुन्छ खपेर हिंड्न बनमा ❋ आत्तिन्छ मन् बेसरी ॥
धेरै ब्राह्मण छन् तपाइँहरुका ❋ साथै रहेका यहाँ ।
तिन्लाई सँग लानु ठीक नहुने ❋ हींडेर तीर्थादिमा ॥

(१०)

यस्ता वाक्य सुनेर धर्मसुतले ❋ डाकेर नम्रै भई ।
साथैका द्विजलाइ तीर्थ हिंडने ❋ इच्छा दिनू भो कही ॥
साथै जान जवान ब्राह्मणहरू ❋ आँटेर साथी भए ।
बाँकी वृद्धहरू त जान नसकी ❋ केही नबोली रहे ॥

(११)

फेरी सोधनि गर्नु भो किन सबै ❋ मौनै[3] हुनू भो भनी ।
लागे भन्न उठेर वृद्धहरूले ❋ चिन्तातुरै[4] पो बनी ॥
राजन् ! बर्गत[5] छैन हिंड्न सकने ❋ निर्धा जिऊका बनी ।
फर्कन्छौं शहरै परन्तु कुरुका ❋ जान्नौं मुलुक्मा पनी ॥

१ कठिन । २ उपवास गर्ने मानिसले झैं । ३ चूपै । ४ चिन्ता लिएका । ५ शक्ति ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(१२)

पापी कौरवका उही मुलुकमा ❀ बस्नू कसोरी गईं ?
पापीको सतसङ्ग गर्नु घटिया ❀ तिन्का नजीकै रही ॥
पापी देखि डराइ त्याग्नु परने ❀ संसर्ग तिन्को सदा ।
पापीलाइ पत्याइ बस्छ कुन है ❀ जान्दीन भन्ने म ता ॥

(१३)

यस्तो वाक्य सुनी युधिष्ठिरजिले ❀ आज्ञा गरे त्यै घरी ।
जानू होस् बरु मत्स्यका नगरिमा ❀ बस्ने इरादा धरी ॥
त्याहीं आश्रय प्राप्त हुन्छ भनि यो ❀ राम्रो भरोसा दिए ।
खूशी भै कन वृद्ध ब्राह्मणहरू ❀ निस्की बिदा भै गए ॥

(१४)

भोलीपल्ट ति धौम्यले गमनका[1] ❀ लागी तयारी भई ।
स्वस्ती - वाचन मङ्गलादि वचनै ❀ पढ्दा भए झट् गई ॥
पूर्वैका सब तीर्थ गर्न मनमा ❀ इच्छा लिई उत्कट[2] ।
निस्के पाण्डवहरू रानि सँग भै ❀ साथै गए लोमश ॥

(१५)

पैह्ले नैमिष फेर् सरस्वति भयो ❀ घुम्दै पुगे गोमती ।
गर्दै तीर्थहरू प्रयाग ति पुगे ❀ आनन्द मानी अती ॥
केही काल त्यहीं बसेर सबले ❀ तीर्थादिको हाल् पनी ।
सूने लोमश देखि तीर्थ - महिमा ❀ सुन्नू बढीया भनी ॥

तीर्थ-वर्णन

(१)

अग्निष्टोम र सोमयाग भनिने ❀ फेर् वाजपेयै गरी ।
पाऊँछन् फल जुन् अमीरहरुले ❀ त्यै मिल्छ तीर्थै गरी ॥
गर्दै पालन ब्रह्मचर्य व्रतको ❀ जो जान्छ तीर्थै महाँ ।
त्यसूले पाउँछ श्रेय निश्चय पनी ❀ जन्मेर संसारमा ॥

१ यात्राका । २ ठूलो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(२)

जो न्वाहूँछ गएर पुष्कर महाँ ❀ नौ जन्मका छन् जती ।
त्यस्ले पाप बगाइ दिन्छ सहजै ❀ बाँकी नराखी रती ॥
ठूली हुन् नदि नर्मदा उहिं गई ❀ न्वाहेर पूजा गरे ।
हुन्छन् नष्ट ति पञ्चपातक[1]हरू ❀ कल्याण होला भरे ॥

(३)

गङ्गा - सागरमा गएर जसले ❀ न्वाहूँछ भक्ती गरी ।
त्यस्ले गर्दछ पुण्य आर्जन[2] पनी ❀ गौदान कोटी सरी ॥
न्वाह्यो कौशिकिमा पसेर जसले ❀ लूगा समेत्को भई ।
त्यस्लाई सुखप्राप्ति हुन्छ जगमा ❀ पापादि त्यस्का गई ॥

(४)

न्वाहे गोमतिमा प्रसन्न मनले ❀ त्यस्का ति पितृ जती ।
दिन्छन् खूशि भएर त्यस् कन यहाँ ❀ पुत्रादि श्री सम्पती ॥
स्नानै गण्डकिका पसेर जलमा ❀ जो गर्छ सोझै गई ।
उस्ले श्री रवि-लोक प्राप्त गरला ❀ धर्मात्मि ठूलो भई ॥

(५)

जस्ले पूगि गयाजिमा खुशि भई ❀ न्वाहेर फल्गू नदी ।
गर्ला श्राद्ध ति पितृहेरु सबको ❀ जौ-सत्तुको पिण्ड दी ॥
त्यस्का पितृहरू अवश्य तरनन् ❀ पाएर राम्रो गती ।
गर्दा दर्शन श्री गदाधरजिको ❀ हूँदैन फेर् दुर्गती ॥

(६)

काशीमा गई विश्वनाथ शिवको ❀ श्री अन्नपूर्णाजिको ।
गर्नै दर्शन प्राणि बस्छ पछि ता ❀ कैलासका बीच पो ॥
नेपाल्मा शिव छन् ठुला पशुपती ❀ जस्को गरे दर्शन ।
प्राणी सो पछि मुक्त हुन्छ उसले ❀ पर्दैन है जन्मन ॥

(७)

जो छन् त्र्यम्बकनाथ नासिकविषे[3] ❀ तिन् माथि भक्ती धरी ।
श्री गोदावरि न्वाहि त्र्यम्बकजिको ❀ पूजा विधीले गरी ॥
माहादीप जलाउने जनहरू ❀ कल्पान्त सम्मन् गई ।
कैलासै बिच बस्दछन् शिवजिका ❀ प्यारा बहूतै भई ॥

---

१ ब्रह्महत्या, स्त्री-हत्या, अगम्यगमन, सुनको चोरी । २ कमाई । ३ दक्षिणको तीर्थ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(८)

ज्योतिर्लिङ्ग ति बाह्र छन् जगतमा ❋ तिन्मा कुनै एकको ।
गर्दा दर्शन मुक्ति प्राप्त गरछन् ❋ प्राणी त सामिप्य[1]को ॥
गङ्गा भागिरथीजिको गरि पुजा ❋ जो स्नान गर्ला तहाँ ।
श्रीविष्णू सँग बस्न पाउँछ उही ❋ निष्पाप भै धाममा ॥

(९)

तीर्थैको महिमा सुनेर खुशि भै ❋ जाऊँ अगाडी भनी ।
आए पैदल ती गया नगरिमा ❋ खुब् तीर्थ-सेवी बनी ॥
थीए मुख्य ति देवताहरु जउन् ❋ तिन्लाइ पूजा गरी ।
दींदै तर्पण पितृ तृप्त गरियो ❋ फेर् तीर्थ श्राद्धै गरी ॥

अगस्ति-चरित्र

(१)

यात्रीहेरु उठी तपोबन गए ❋ जाहाँ अगस्ती मुनी ।
बस्थे आफ्नु कुटी बनाइ निजकी ❋ साथै लिई ब्राह्मणी ॥
पैह्ले त्यै बन बीच राक्षसहरू ❋ बस्थे दुई भाइ पो ।
इल्वल् दाज्यु थियो र भाइ जसको ❋ नामै त वातापि हो ॥

(२)

अगस्ति केही धन माग्न ताहाँ । आए थियो इल्वल दैत्य जाहाँ ॥
भेटेर त्यस्लाइ कुरा बताए । राजन् ! धनै देउ भनी सुनाए ॥

(३)

सूनी कुरा भन्दछ राक्षसैले । दिन्छू अशर्फीहरु धेर मैले ॥
पैह्ले त सत्कार म गर्छु याहाँ । कवाफ खानोस् मृगको म काहाँ ॥

(४)

मेरो अतीथी भइ आउनू भो । पाऊँ म केही भनि माँगनू भो ॥
अघाउने सम्म गरी खुवाई । दिन्छन् दछीना द्विजहेरुलाई ॥

(५)

ये रीति चल्दो छ सबै जगत्मा । त्यै पालना गर्छु म ये बखत्मा ॥
यस्ता कुराले ति ऋषी रमाए । पलैंटिको आसन खुब् जमाए ॥

---

१ भगवान्को नजीकै रहने मुक्ति ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(६)

वातापिले रूप लियो मृगैको । इल्वल् उठी ज्यान लियो उसैको ॥
काटी-कुटी खुब् मसला लगायो । पकाइ राम्रै त कवाफ् गरायो ॥

(७)

पस्केर थाल्मा उहि मासु ल्याई । दीयो ऋषीजी कन खानलाई ॥
अगस्तिले त्यैं पनि खाइ लीए । डकार छोडेर पचाइ दीए ॥

(८)

इल्वल् ऋषी नेर गई उभीयो । वातापि! निस्की भनि खुब् करायो ॥
सुनेर भन्छन् ऋषि फेरि ताहाँ । डाक्छस् तँ कस्लाइ कराइ याहाँ ॥

(९)

पाकस्थली[1] मा सब मासु हाली । वातापिलाई अघिनै डकारी ॥
पचाइ दीएँ भुँडिमा मईले । निस्कन्न वातापि पुकारि तैंले ॥

(१०)

सुनेर सो राक्षस खुब् डरायो । न्यूहेर बिन्ती ऋषिमा लगायो ॥
गर्नोस् क्षमा नाथ! मलाइ ऐले । दिनेछु माँगे जति द्रव्य[2] मैले ॥

(११)

माफी दिएँ भन्नु भयो खुशीले । सुन्-चाँदि दीयो लिनु भो ऋषिले ।
अगस्तिको फेरि चरित्र आर्को । सुनाउँछु भूपति ! झन् अपार्को ॥

(१२)

थीयो वृत्रासुर भनि कुनै दैत्य राजा तपल ।
लीयो तीनै भुवन उसले जीति आफ्नू बलैले ॥
द्यौता[3] कोही दिन दुःख परी वृत्र देखी डराए ।
ब्रह्माजीका शरण परनै सत्यलोकै ति आए ॥

(१३)

ब्रह्मालाई सकल सुरले ढोग दीए गएर ।
आज्ञा पाई विनति तिनिले गर्न लागे बसेर ॥
बाजेज्यू ! यो असुर कसरी नष्ट होला रणैमा ?
यस्को केही कहनु अब होस् यत्न[4] हामी सबैमा ॥

---

१ भुंडी, तल्लो पेट । २ धन । ३ देवता । ४ उपाय ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(१४)

हेर्लों त्यस्ले सुर कन गर्‍यो छन् सबै मूर्ख भन्दै ।
हाम्ले त्यस्को कटुवचन[1] कती फेर पो बस्नु सुन्दै ॥
सुन्दा-सुन्दा खपि नसकनू भै गयो हामिलाई ।
चाँडै नै पो गरनु परि गो नष्ट है दुष्टलाई ॥

(१५)

केही सोची कहनु अनि भो देवलाई विधिले[2] ।
त्यस्का लागी दधिचि ऋषिको हाड ल्याऊ तिमीले ॥
त्यस्को बज्रै रचि कन लिउन् इन्द्रले हानि सोही ।
मर्ला वृत्रै गिरि उ रणमा देवताको त द्रोही ॥

(१६)

आज्ञा पाई सुरहरु गए ती ऋषीका कुटीमा ।
सोधे तिन्ले किन सुरहरु पाल्नु भो झोपडीमा ?
भन्छन् द्यौता ऋषिवर! दिनोस् आफ्नु हाड् हामिलाई ।
मार्छन् वृत्रासुर कन गई इन्द्र अस्त्रै बनाई ॥

(१७)

यौटा मर्दा सकल जनको बाँच्छ ता ज्यान याहाँ ।
यौटा मर्नू असल छ भनी बोलि तिन्ले त वाहाँ ॥
योगाभ्यासै गरि ति ऋषिले प्राण त्यागे जसै ता ।
हाड्-खोड् तिन्को लिइ कन हिंडे देवता पो तसै ता ॥

(१८)

त्यै हड्डीको भइ त रचना बज्र[3] धेरै बनी गो ।
हान्दा बज्रै सुरपतिजिले वृत्र सोही मरी गो ॥
त्यस्का साथी असुर बहुतै 'कालयै' नाम-धारी ।
थीए भाग्दै लुकि कन बसे सिन्धुमा[4] फाल हाली ॥

(१९)

बस्थे सारा दिन भरि लुकी रात्रिमा निस्कि आई ।
खोजि मार्थे ऋषि मुनि तथा ब्राह्मणै जातिलाई ॥
देखी चाला असुरहरुको गै अगस्तीजि काहाँ ।
भन्छन् द्यौता जल जति सबै पी दिनोस् सिन्धु माहाँ ॥

---

१ घोच्ने कुरा । २ ब्रह्माजीले । ३ इन्द्रको हतियार । ४ समुद्रमा ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(२०)

लूकी बस्ने असुरहरु छन् पानी मन्तीर जाई ।
प्यूँदा पानी प्रकट[1] ति हुनन् मार्दछौं देख्न पाई ॥
सुन्दा एती ऋषिवरजिले सागरैमा[2] गएर ।
पानी जत्ती सब पिइ दिए अञ्जुलीमा लिएर ॥

(२१)

त्यै बेलामा सुरहरु[3] गई राक्षसी सैन्यलाई ।
मारी दीए रण गरि ठुलो वज्र धेरै चलाई ॥
यस्तो वार्ता सुनि कन सबैलाइ हर्षै भई गो ।
ताहाँ देखी अझ पर तिरै जान इच्छा भई गो ॥

(२२)

गर्दै तीर्थहरू प्रभास ति पुगे ❋ तीर्थै थियो सो पनी ।
ताहीं केहि बसे सबै जनहरू ❋ राम्रो छ देशै भनी ॥
थाहा यादवलाइ भो यहि कुरा ❋ इच्छा धरी तीर्थमा ।
आए धर्मकुमार द्रौपदि समेत् ❋ याहीं प्रभासै महाँ ॥

(२३)

भेट्ना खातिरलाइ कृष्ण बलजी ❋ तिन्कै त बासा महाँ ।
पाल्नू भो सब वीर यादवहरू ❋ लीएर पो साथमा ॥
सत्कारादि गरे युधिष्ठिरजिले ❋ आगन्तुकैको तहाँ ।
भन्नू भो बलरामले अनि पछी ❋ श्रीकृष्णका साथमा ॥

(२४)

भाइ कृष्ण ! कसोरि हेर्नु भन लौ ❋ यी पाण्डवैको यहाँ ।
यत्रो दुर्गति भो बिराम नभई ❋ व्यर्थै अनाहक् महाँ ॥
धर्मात्मा कन दुःख पर्नु अनि फेर् ❋ जो छन् अधर्मीहरू ।
राज्यैको सुख - भोगले सुखि हुनू ❋ त्यस्को बयान् के गरूँ ॥

(२५)

स्वर्गैमा धृतराष्ट्रले सकल ती ❋ पितृ र पुर्खा कन ।
दीनन् कौन जवाफ पापहरुको ❋ तिम्रले मलाई भन ॥
यस्तो वाक्य सुनेर श्रबलजिको ❋ बिन्ती गरी सात्यकी ।
भन्छन् युद्ध गरी दिलाउँ उनको ❋ राज्यांश हाम्रले गई ॥

---

[1] देखापर्नन् । [2] समुद्रमा । [3] देवताहरू ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(२६)

भन्नू भो त्यहिं कृष्णले समय सो ❀ टाढै छ ऐले पनी ।
तेहै वर्ष पछी लडाइँ गरने ❀ आउँछ वेला अनी ॥
पक्षै[1] पाण्डवको लिएर कुरुको ❀ सङ्मा लडौंला गई ।
होला जीत यिनै युधिष्ठिरजिको ❀ बस्नन् ति सम्राट् भई ॥

(२७)

भन्छन् सात्यकिले युधिष्ठिरजिको ❀ हेरी मुहारै[2] महाँ ।
आज्ञा श्रीहरिको भए जति कुरा ❀ हूनेछ सत्यै यहाँ ॥
तस्मात् फिक्रि नगर्नु क्यै हजुरले ❀ के हुन्छ फिक्री गरी ?
दुष्टात्मा र अधर्मि कौरवहरू ❀ मर्छन् लडाईं परी ॥

(२८)

भन्नू भो अनि फेर् युधिष्ठिरजिले ❀ हाम्रो भरोसा - गती ।
हुनू हुन्छ फगत् तपाइँहरुका ❀ साथै जगत्का पती ॥
अर्को छैन सहाय हामिहरुको ❀ आफन्त भन्नू पनी ।
त्यस्का बाद सबै उठी हिंडि गए ❀ द्वारावतीमा अनी ॥

(२९)

त्याहाँ बाट हिंडी हिमालयजिको ❀ पूगेर फेदी महाँ ।
राज्यै जो छ सुबाहुको उहिं पुगे ❀ पाँचै जना फेर् तहाँ ॥
सेवा खातिरि खुब् सुबाहु नृपले ❀ गर्दा ति खूशी भए ।
इच्छा ली कन गन्धमादनजिको[3] ❀ ऊठेर बाटो लिए ॥

(३०)

फेदीमा पुगि गन्धमादनजिको ❀ भागीरथीमा पसी ।
स्नानादी गरि पाठ-पूजन गरे ❀ तिन्का तटैमा[4] बसी ॥
के राम्रो हरियो वनस्थलि पशू- ❀ पन्छी खजित्को थियो ।
शोभा हेरि यता उती प्रकृतिको ❀ त्यो रात्रि ताहीं बित्यो ॥

(३१)

भोली पल्ट उठेर पर्वत उपर् ❀ ती चढ्न लागे जसै ।
आँधी खूब चलेर वृष्टि हुन गो ❀ पानी परी खुब् तसै ॥
मेघैले गरि अन्धकार भइ गो ❀ एता र उता जहाँ ।
फेरी पर्न शुरू भयो मकइ झैं ❀ ठूला असीना तहाँ ॥

१ तरफ। २ मुखमा। ३ उत्तर दिशाको प्रसिद्ध पर्वत। ४ किनारमा।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(३२)

भाँचीएर पटापटी रुख गिरे ❋ ठूलो अवाजै[1] गरी।
ढुङ्गा ढुर्रिन फेर् शुरू भइ गयो ❋ छर्रा गिरेकै सरी॥
दैवी भारि विपत्तिको शुरु भयो ❋ यात्रीहरूमा पनी।
को काहाँ छ कता गयो रति खबर् ❋ लागेन केही पनी॥

(३३)

खोज्दा द्रौपदिको मिलेन र पता ❋ काहाँ गइन् ती भनी।
लागे हेर्न यता उती सब जना ❋ दिक्दार साह्रै बनी॥
देखे तिन् कन ता वृकोदरजिले ❋ चीसो हिउँ झैं भई।
लोटेकी बिनु चैतकी हुन गई ❋ खोल्चो[2] विषे पो रही॥

(३४)

चौंडै द्रौपदिलाइ बाहु दुइले ❋ पक्री उठाई लिए।
काखैमा लिइ रानिलाई अनि फेर् ❋ साह्रै कराई दिए॥
दाज्यू ! पाल्नु हवस् यता तिर भनी ❋ तिन्ले भनेको सुनी।
आए धर्मकुमार[3] दौडि उ बखत् ❋ आई पुगें लौ भनी॥

(३५)

देखी द्रौपदिको दशा गह भरी ❋ आँसू गरी त्यै घरी।
लागे भन्न पनी ति धर्मसुतले ❋ तिन्लाइ काखै धरी॥
प्यारी द्रौपदि ! यो गती हुन गयो ❋ तिम्रो अनाहक् महाँ।
मेरै हो करतूत हा ! गरुँ कसो ❋ तिम्लाइ पाऊँ कहाँ ?॥

(३६)

लाग्यौ जान तिमी चरक्क चिरियो ❋ यो छाति मेरो यहाँ।
भन्दै केहि बतास् दिए मुख विषे ❋ हाँकी पछ्यौरा तहाँ॥
केही होश भयो र त्यै बखतमा ❋ तिन्ले त छटपट् गरिन्।
काँपी थर्थर द्रौपदी उठि बसी ❋ हेर्दै अचम्मै परिन्॥

(३७)

आज्ञा लीकन दाज्युबाट खुशि भै ❋ श्रीभीमले सम्झँदा।
आयो राक्षस त्यै घटोत्कच[4] पनी ❋ तिन्का अगाडी महाँ॥
लाग्यो भन्न बुवा ! मलाइ किन हो ❋ सम्झी लिनू भो यहाँ।
मैले के गरनू पर्‍यो कहनु होस् ❋ लाग्छू म सेवा महाँ॥

१ शब्द। २ केही गैह्रो खाडलमा। ३ युधिष्ठिर। ४ भीमसेनको पुत्र।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(३८)

आमा तिम्रि ति द्रौपदी हिंडनका ❋ लागी नसक्ने भई ।
बोकी तीर्थ घुमाउला कि तिमिले ❋ भन्ने विचारै भई ॥
डाकेको हुँ भनी वृकोदरजिले ❋ भन्नू भएको सुनी ।
खूशी भै कन द्रौपदी कन लियो ❋ त्यस्ले पिठ्यूँमा अनी ॥

(३९)

त्यस्ले फेर् बलले सुसेलि[1] कन पो ❋ डाक्यो र साथी कन ।
आए राक्षसहेरु खूब बलिया ❋ ताहीं त चारै जन ॥
चारै राक्षसले ति चार कन फेर् ❋ बोकी पिठैमा लिए ।
बद्रीकाश्रमको खजीत बनमा ❋ तिन्ले पुऱ्याई दिए ॥

(४०)

राम्रो फूल फलादिले खजितको ❋ यौटा बघैंचा थियो ।
ताहीं राक्षसले पुगेर सब ती ❋ यात्री उतारी दियो ॥
पाकेका बढिया अनेक फल पो ❋ टीपेर ल्याई दिए ।
खाई बाँडि-चुँडी सबै जन मिली ❋ खोजेर पानी पिए ॥

(४१)

हेर्दै जङ्गलका ति फूल लहरा ❋ पत्ता र बोटै पनी ।
हिंडे केहि अगाडि खूशी मनले ❋ ती पञ्चयात्री[2] अनी ॥
ताहीं तीर्थ रहेछ बिन्दु - सर[3] पो ❋ श्रीलोमशैले उही ।
चीनाई दिनु भो र उत्रि जलमा ❋ न्वाहे सबैले गई ॥

कमल फूलको कथा

(१)

लागी खूब बतास पूर्व तिरको ❋ थीयो तलाऊ जहाँ ।
गीऱ्यो है कमलै सहस्रदलको[4] ❋ आएर पानी महाँ ॥
त्यस्को मिष्ट सुगन्ध वायु सँग भै ❋ ऊडेर जाहाँ तहीं ।
वायूमण्डल[5] पूर्ण भो सब जना ❋ हेर्थे उदेकै भई ॥

१ ओठले सीटी बजाएर । २ पाँचजना । ३ बद्रीमा कुनै तीर्थ कुण्डको नाम ।
४ हजार पातको । ५ अन्तरिक्ष ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(२)

ठूलो सुन्दर पुष्पले कमलको ❋ बास्ना फिजाई अती ।
पर्नाले जल बीच बिन्दु - सरको ❋ शोभा बढी गो कती ॥
त्यै बेला जलमा नुहाउँदि थिइन् ❋ रानी तिनै द्रौपदी ।
देखिन् एक थुँगा बहन्छ जलमा ❋ जस्को छ राम्रो गती ॥

(३)

बायाँ हात अगाडि सारि तिनिले ❋ त्यै फूललाई लिइन् ।
देखाई कन भीमसेन कन फेर् ❋ यै वाक्य भन्दी भइन् ॥
दिन्छू यस् कन ता शिवार्पण गरी ❋ चाहिन्छ फेरी अरू ।
जानूहोस् प्रिय ! ल्याउनोस् कमल सौ ❋ यस्तै हजुरले बरू ॥

(४)

प्यारी द्रौपदिको सुनेर विनती ❋ श्री भीमले त्यै घरी ।
ल्याई दिन्छु भनी उठाइ धनु फेर् ❋ ठोक्रो लिए झट् भिरी ॥
लागे चढ्न ति गन्धमादन उपर् ❋ उक्लेर जाँदा महाँ ।
देखे धेर विषालु सर्प अजिगर ❋ पल्टी रहेका तहाँ ॥

(५)

हाँगामा ति मयूर नृत्य गरथे ❋ धेरै थिए बोट् पनी ।
बोल्थे कोइलिले कुहू-कुहु गरी ❋ साथी कहाँ छन् भनी !
फूली फूल अनेक वृक्ष-लहरा ❋ राम्रा भएका थिए ।
लोभी ती मकरन्दका[1] अलिहरू[2] ❋ उड्दा त्यहीं देखिए ॥

(६)

पाकेका रुख बीच आँप कटहर् ❋ मेवा सरीफा बयेर् ।
तींदू जामुनु सुन्तला लिचिहरू ❋ अम्बा र केरा मयेल् ॥
यस्ता षड्ऋतुमा हुने फलहरू ❋ सारा फलेका भई ।
थीयो त्यो बनमा विचित्र रमिता ❋ लट्केर झुण्डी रही ॥

(७)

वायू - पुत्र[3] ति भीमले फलहरू ❋ छानेर मीठा अती ।
खाए अमृत झैं सुस्वादु फल ती ❋ टीपेर तिन्ले कती ॥
तृप्ती भै कन[4] गर्जने गरि लिए ❋ सिंहै सरी त्यै घरी ।
भागे सिंह र बाघ भालु बनका ❋ अत्यन्त डर्मा परी ॥

१ फूलको रसका । २ भ्रमरहरु । ३ पवन देवताका छोरा । ४ अघाएर ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(८)

केराको बन देखियो पर गई ❁ श्री भीम ताहीं पसे।
पाकेका कदलीहरू[1] टिपि-टिपी ❁ खाएर गर्जी बसे॥
कुन्ती के मनमा विचार हुन गै ❁ ऊठेर फेरी तहाँ।
लागे भाँच्न अनेक वृक्ष रिसले ❁ गर्जेर त्यै बीचमा॥

(९)

हेर्चाहा गरना निमित्त बनमा ❁ बस्ने नियुक्तै भई।
थीए यक्षपतीजिका गणहरू[2] ❁ डुल्थे हतीयार् लिई॥
भागेका बन-जन्तुलाइ तिनिले ❁ देखेर छक्कै परे।
तिन्ले गर्जन भीमको सुनि तहीं ❁ लड्ने इरादा गरे॥

(१०)

आए यक्षहरू[3] बढेर रिसले ❁ श्री भीम थीए जहाँ।
लागे भन्न अरे! मनुष्य किन हे! ❁ आइस् तँ ऐले यहाँ?
सीमा हो यहि यक्षका मुलुकको ❁ मानीस कोही पनी।
आउन्नन् तँ वृथा पसिस् वन-विषे ❁ खुब् छू बलीयो भनी॥

(११)

फर्की जा नहिं ता वृथैव मरलास् ❁ मार्नैं भनी यस् घरी।
आयौं हामिहरू लिएर हतियार् ❁ जान्छस् भने जा फिरी[4]॥
यस्ता बात सुनेर यक्षहरुका ❁ श्रीभीम हाँस्दा भए।
हाँसी उत्तरमा कुरा उहि बखत् ❁ तिन्ले सुनाई दिए॥

(१२)

क्या गर्छौं बकवाद यक्षहरु हो! ❁ कामै पर्‍यो आउने।
आएको छु लिना निमित्त कमलै ❁ हज्जार पत्ता हुने॥
दाज्यू भाइ र पत्नि छन् बन विषे ❁ तल्तीर केही गई।
तिन्कै खातिर लीन पो कमल सो ❁ आएँ बुझील्यौ यहीं॥

(१३)

बाधा केहि गर्‍यौ भने सहजमा ❁ मार्नेछु मैले यहीं।
फर्की जान्न कदापि फूल नलिई ❁ मैले अवश्यै कहीं॥
यस्तो पाइ जवाफ यक्षगणले ❁ भन्छन् ति चड्खै भई।
मर्छन् तीं कमिलाहरू जसरि है ❁ तेरो दशा हो त्यहीं॥

---

१ केराहरु। २ नोकरहरु। ३ देवयोनि विशेष। ४ फर्कर।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(१४)

कस्को पी छ दशा विचार गरिले ❋ एती भनी त्यै घरी ।
हातैको धनुमा लगाइ शर धेर् ❋ छोडे अगाडी सरी ॥
तिन्का ती शरले खसे शिरहरू ❋ ताले[1] गिरे झैं गरी ।
बाँकीका अरु यक्ष टिक्न नसकी ❋ भागे डरैमा परी ॥

(१५)

तिन्को लागि पछी वृकोदर[2] हिंडे ❋ केही अगाडी पुगी ।
देखे वानर लम्पसार पथमा ❋ पर्दै रहेको सुती ॥
तेर्स्याएर पुछर् सुतेर रहने ❋ देखेर बूढो कपी ।
आश्चर्यै मनमा ति भीम कन भो ❋ देखेर त्यस्को गती ॥

(१६)

चाँडै वानरका गएर नजिकै ❋ ऊठोस् कपी[3] त्यै भनी ।
हातैले गरि घच्घच्याउनु भयो ❋ ऊठेन सो तै पनी ॥
यो ढेडू[4] त उठेन के गरुँ भनी ❋ चिन्ता ति गर्दै थिए ।
आँखा खोलि पुलुक्क हेरि कपिले ❋ तिन्लाइ देख्दा भए ॥

(१७)

भन्छन् भीम अगाडि जाउँ कसरी ❋ पल्टेर[5] बस्दा महाँ ।
बाटो बन्द भयो बताउ कसरी ❋ नाघेर जानू त्यहाँ ॥
निद्रा भङ्ग भयो क्षमा गर तिमी ❋ बाटो नहूँदा महाँ ।
तिम्लाई त उठाउनू परि गयो ❋ आएर मैले यहाँ ॥

(१८)

भन्छन् वानरले मनुष्य ! म बुढो ❋ सामर्थ्यले[6] हीन छू ।
पुच्छर्लाइ हटाइ जाउ तिमिले ❋ राम्रै कुरा भन्दछू ॥
यस्तो वाक्य सुनी समाति करले ❋ श्रीभीमले त्यै घरी ।
पुच्छर्लाइ हटाउने सुर गरे ❋ हल्लेन सो क्यै गरी ॥

(१९)

साह्रै छक्क परेर हात दुइले ❋ पक्री बलैले गरी ।
लाग्दा पुच्छर सो हटेन जिमिमा ❋ भै गो उ टाँसे सरी ॥
शेखी सर्व टुट्यो र बद्ध - कर[7] भै ❋ श्रीभीम भन्छन् तहाँ ।
भन्नोस् को हुनुहुन्छ ? वानर बनी ❋ बस्नू भएको यहाँ ॥

१ तालफल । २ भीमसेन । ३ वानर । ४ बूढो वानर । ५ लेटेर । ६ शक्तिले । ७ हात जोरेर ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(२०)

मैले चिन्न सकीन यस् तरहका ❋ नम्रै कुरा ती सुनी।
उठी वानर भन्दछन् खुशि हुँदै ❋ बाबू! सुनील्यौ भनी॥
भाई भीम! पिताजि वायु उहि हुन् ❋ माताजि हुन् अञ्जनी।
नामै हो हनुमान जान तिमिले ❋ श्रीरामभक्तै भनी॥

(२१)

जस्ले सागर नाघि पारि तिर गै ❋ पूगेर लङ्का महाँ।
शेखी रावणको हऱ्यो शहर सो ❋ पोलेर जाहाँ तहाँ॥
जस्ले राक्षसलाइ धेर रणमा ❋ माऱ्यो भुसूना गनी।
जानील्यौ हनुमान हूँ म कन ता ❋ तिम्रो त दाज्यू पनी॥

(२२)

एकान्तै कन देखि यै स्थल विषे ❋ बस्नू छ जाती भनी।
बस्थें याहिं हरी भजेर दिनहूँ ❋ तिम्लाइ भेट्नै पनी॥
भेट् भो आज खुशी भएँ वर कुनै ❋ लौ माँग दिन्छू यहाँ।
भन्दा भीम प्रसन्न भै वर पनी ❋ माग्दा भए झट् तहाँ॥

(२३)

दाज्यै! कौरव सीत पर्दछ ठुलो ❋ हाम्रो लडाईं अनी।
दीनू पर्छ सहायता[1] हजुरले ❋ हाम्रै तरफ्का बनी॥
यो सुन्दा हनुमानले तब भने ❋ हे भीम! युद्धै हुँदा।
पार्थैका रथको ध्वजा उपरमा ❋ बस्नेछु गर्जी[2] म ता॥

(२४)

मानिस्का सब शस्त्र तुच्छ हतियार् ❋ मैले सहेरै त्यहाँ।
रक्षा अर्जुनको गरेर रहुँला ❋ त्यै युद्ध-भूमी महाँ॥
पैले एति भनेर वायु-सुतले ❋ दाज्यू र भाई भई।
अङ्कमाल गरे प्रसन्न मनले ❋ जोरेर छाती तहीं॥

(२५)

भन्छन् फेरि कपी[3] सहस्र दलको[4] ❋ ल्याऊँछु फूलै भनी।
आएका तिमि हौ टिपेर ति पनी ❋ लै जाउ साँचा बनी॥
पाऊला त्यहि जातिका कमल ती ❋ केही अगाडी गई।
देखौला छ तलाउ यक्षपतिको[5] ❋ फुल्छन् ति ताहीं रही॥

१ मद्दत। २ गर्जन गरेर। ३ हनुमानजी। ४ एक हजार पात भएको। ५ कुबेरको।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(२६)

बाटो यै गरि जाउ मिल्दछ चउर्[1] ❋ ताहीं छ सो पोखरी।
डुल्छन् यक्ष यताउती कमलको ❋ हेर्‌चाह राम्रो गरी॥
यो भन्दै हनुमानजी उहि बखत् ❋ ऊठेर अन्तै गए।
भाँच्दै वृक्षहरू वृकोदर[2] पनी ❋ पाहाड चढ्‌दा भए॥

भीमसेन-कुबेर युद्ध

(१)

आयो सम्म जगा सरोवर तहीं ❋ देखे मजाको अती।
पानीमा कमलादि बेसरि थिए ❋ फर्कैर बस्ने कती॥
जान्छु टिप्न भनेर भीम जलमा ❋ पस्नै तयारी थिए।
त्यै बेला हतियार - युक्त गण पो ❋ आएर घेरी लिए॥

(२)

कोही यक्ष कराइ भन्छ सुन लौ ❋ हे साथि हो ! यस् घरी।
आयो मानिस फूल चोर्न अहिले ❋ ठूलै इरादा गरी॥
यस्‌लाई अघि नै न आ भनि भन्यौं ❋ टेरेन यस्‌ले रती।
यस्‌को होश-हवास ठीक गरनू ❋ पर्ला दिंदै औषधी॥

(३)

यस्ता बात सुनेर यक्षहरुले ❋ बाणै चलाई दिए।
घाऊ अङ्ग भरी गरी रगतको ❋ भल् पो बगाई दिए॥
साह्रै क्रुद्ध भई वृकोदरजिले[3] ❋ यौटा उखेली तरू[4]।
लागे ठोक्न ति यक्षलाइ सहसा ❋ त्यस्‌को बयान् के गरूँ॥

(४)

यक्षैका ति कपाल थाल सरिका ❋ चेप्टा भई चोटले।
माटो सुङ्‌न गिरे पटापटि त्यहीं ❋ श्री भीमका क्रोधले॥
खुट्टा हात टुटी गिरे कति जना ❋ कम्मर् र जङ्घा टुटी।
घायल्[5] भै कन यक्ष घेर जिमिमा ❋ लोटे कपाले फुटी॥

१ मैदान। २ भीम। ३ भीमसेनले। ४ रूख। ५ घाइते।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(५)

यौटा दूत कुबेरका हजुरमा ❋ दौडेर चाँडै गयो ।
ठूलो युद्ध भयो भनेर बनमा ❋ त्यस्‌ले सुनाई दियो ॥
सुन्दा यक्ष-पती रिसाइ बहुतै ❋ पूगे धनुर्बाण ली ।
बर्साए शर भीमका उपरमा ❋ पानी परे झैं गरी ॥

(६)

आएको शर-वृष्टिलाइ तिनिले ❋ आफ्ना शरैले गरी ।
काटी निष्फल[1] गर्दिए गगनमै[2] ❋ चाँडो बहूतै गरी ॥
यो देखेर कुबेर हर्षित भए ❋ श्री भीमलाई तहाँ ।
भन्छन् भीम ! खुशी भएँ म बहुतै ❋ तिम्‌लाइ भन्छू यहाँ ॥

(७)

लैजाऊ कमलादि आज तिमिले ❋ खूशी हउन् द्रौपदी ।
सक्छौ घुम्न तिमीहरू वन विषे ❋ आज्ञा म दिन्छू यती ॥
आज्ञा एति दिई हटाइ पहरा ❋ फर्की कुबेरै गए ।
पानीमा पसि भीमले कमल ती ❋ फेर् टिप्न लाग्दा भए ॥

युधिष्ठिरले भीमको खोजी गर्नु

(१)

धेरै बेर भयो कता तिर गए ❋ भाई[3] अहीले भनी ।
सोधी बक्सनु भो युधिष्ठिरजिले ❋ पाञ्चालिले फेर् अनी ॥
साँचो बिन्ति गरिन् भए जति कुरा ❋ पाएर सोही खबर् ।
खोजी गर्छु भनेर धर्मसुतमा ❋ इच्छा भई गो जबर् ॥

(२)

आज्ञाले सबलाइ बोकि बुइमा[4] ❋ खूबै सजीलो गरी ।
साथी राक्षस ली घटोत्कच हिंड्यो ❋ त्यत्रो उकालो चढी ॥
पाइला कन भीमको चिनि उही ❋ बाटो गरी ती गए ।
जाहाँ नेर त पद्म-पोखरि थियो ❋ ताहाँ ति पुग्दा भए ॥

---

१ विफल । २ अन्तरिक्षमा । ३ भीम । ४ पिठ्यूँमा ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(३)

राखी धर्म-सुतादिलाइ भुमिमा ❋ लीएर साथीहरू ।
छोरा भीमजिका घटोत्कच गए ❋ डुल्दै अगाडी अरू ॥
घेरै यक्षहरू गिरेर पृथिवी ❋ तिन्का रगतले गरी ।
देख्दा लाल थिइन् ति धर्मसुतले ❋ हेर्दा भए त्यस् घरी ॥

(४)

देख्नू भो तहिं भीमलाइ जलमा ❋ खेली रहेका जसै ।
आज्ञा गर्नु भयो युधिष्ठिरजिले ❋ हे भाइ ! भन्दै तसै ॥
एक्लै युद्ध गरेर यक्षहरुको ❋ सातो तिमीले लियौ ।
वीरै हौ तिमि भन्दछू म अहिले ❋ तिम्ले लडाई जित्यौ ॥

(५)

हामीलाइ मनुष्य पारि विधिले ❋ जन्मै गराई दियो ।
हे भाई ! अपमान देवहरुको ❋ गर्नू नजाती थियो ॥
लाग्यो लाज ति भीमलाइ बहुतै ❋ त्यस्ता कुराले गरी ।
बाँधी एक रुमालमा कमल ती ❋ लीए कुट्टरो[1] गरी ॥

(६)

त्याहीं पर्णकुटी[2] बनाइ ति रहे ❋ श्रीभीमले त्यै घरी ।
सुम्पे द्रौपदिलाइ फूल सब ती ❋ खूशी भइन् बेसरी ॥
पाई जान बिदा घटोत्कच गयो ❋ साथी लिई राज्यमा ।
चारै बन्धुहरू रहे वन विषे ❋ श्रीपार्थके आशमा ॥

स्वर्गलोकबाट अर्जुन फर्कनु

(१)

सोधे लोमशलाइ धर्म-सुतले ❋ भो पाँच वर्षै पनी ।
फर्कनन् अझ पार्थ भाइ कहिले ❋ आऊँदछन् ती भनी ॥
भन्छन् लोमशजी युधिष्ठिरजिका ❋ हेरी मुहारै महाँ ।
भेटौला धवलाचलै[3] तिर गए ❋ श्रीपार्थलाई तहाँ ॥

१ पोको । २ घाँसफूसको छाप्रो । ३ एक पहाडको नाम ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(२)

बाटैमा गिरि[1] गन्धमादन पनी ❀ भेटिन्छ राम्रो अती।
जस्का छन् सब टाकुरादि हिमले ❀ सेतै भएका कती॥
देख्दा रम्य अती वनस्थलि छ सो ❀ मैले बताई दिएँ।
स्वर्गै देखि त फर्कने पृथिविमा ❀ बाटो छ जानी लिए॥

(३)

यस्ता वाक्य सुनेर ताहिं सबले ❀ जाने इरादा लिए।
यात्रीहेरु उठी उतै तिर हिंडी ❀ त्यै स्थान पुग्दा भए॥
भेटीयो जब गन्धमादन गिरि ❀ खोला र डाँगा तहाँ।
देखीए बहुतै खजीत वन पो ❀ मिर्गादि चर्थे जहाँ॥

(४)

त्याहीं नेर फटिक्‌शिला नगरमा ❀ गै दानवादी[2] जती।
बस्थे आफ्नु गृहस्थि ली घर गरी ❀ आनन्द मानी अती॥
ऊँचो पर्वत माथि धेर घर भै ❀ गुलजार् हुनाले गरी।
शोभा खूब थियो त्यहीं प्रकृतिले ❀ सौन्दर्य राम्रो छरी॥

(५)

सोही पर्वत यक्षका मुलुकको ❀ बस्थ्यो सिमाना भई।
गर्थे राज्य कुबेरजी त अलका ❀ भन्ने पुरीमा रही॥
आए मानिस एतिका जन कता ❀ भन्दै रिसाई अनी।
आए यक्ष कुबेर-दास हतियार् ❀ लीएर दौडी कती॥

(६)

जल्दी भीमजिले गई रुख ठुलो ❀ छानी उखेली लिए।
त्यस्कै चोट दिएर यक्षहरुको ❀ गिन्ती घटाई दिए॥
यो हाल् प्राप्त भई कुबेरजि पनी ❀ कुन् मानीसै हुन् गई।
मार्छू युद्ध गरी भनेर रिसले ❀ आई पुगे झट् त्यहीं॥

(७)

भेट् भो धर्म-कुमारको[3] धनदको[4] ❀ दूवै खुशी पो भए।
चीह्नारी गरि यक्षका अधिपती ❀ यै वाक्य बोल्दा भए॥
राजन्! पाल्नु भयो यही मुलुकमा ❀ साह्रै म खूशी भई।
मन्छू हेर्नुहवस् वनस्थलि डुली ❀ एता र ऊता गई॥

---

१ पर्वत। २ कुबेरका प्रजा, दैत्यहरू। ३ युधिष्ठिरको। ४ कुबेरको।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(८)

हेर्नोस् यक्ष र दानवादि दुइ जात् ❋ मेरा प्रजा मेलले ।
बस्छन् आफ्नु गरेर उन्नति निकै ❋ प्रारब्धका खेलले ॥
विद्या - बुद्धि - कला र शिल्पहरुमा ❋ मानीस भन्दा पनी ।
ज्यादा ज्ञान यि राख्दछन् बुझिलिनोस् ❋ यी देवयोनी भनी ॥

(९)

घेरै कुञ्जहरू[1] तयार यहिं छन् ❋ बस्नोस् कसैमा रही ।
पाइन्छन् बनमा मृगादिहरु खुब् ❋ खेल्नोस् शिकारै गई ॥
आऊँछन् अब पार्थ केहि दिनमा ❋ भेट् हुन्छ भन्छू म ता ।
एती बात भनी कुबेरजि गए ❋ आफ्नै पुरीमा उता ॥

(१०)

यस्तै औसरमा त इन्द्रपुरिमा ❋ सम्मान ठूलो गरी ।
पार्थैलाइ किरीट[2] बाँधि दिनु भो ❋ देवेन्द्रले त्यै घरी ॥
तिम्रो नाम किरीटि होस् अब भनी ❋ श्री इन्द्रजीले कहे ।
जान्छू मर्त्यपुरी[3] तरफ् भनि बिदा ❋ श्रीपार्थ हूँदा भए ॥

(११)

इन्द्रैका रथमा चढी तिनि हिंडे ❋ आकाश बाटो धरी ।
नाघी पर्वत एकका पछि दुई ❋ गर्दै क्रमैले गरी ॥
थामीयो रथ पूगी त्यै धवलमा[4] ❋ उत्रे किरीटी अनी ।
देखे कुञ्ज विषे सबै जन थिए ❋ दाज्यू र भाई पनी ॥

(१२)

दाज्यूलाइ गएर ढोग् पनि दिए ❋ फेरी क्रमैले गरी ।
ढोगै - भेट भयो सबै सित अनी ❋ श्री पार्थको त्यै घरी ॥
ठूलो एक शिला[5] थियो सब बसे ❋ सोही शिलामा गई ।
दाज्यूले सब हाल सोधनि भयो ❋ तिनूले बताए कही ॥

(१३)

भेट्नू आइ किरातले बन विषे ❋ पर्नू लडाईं अनी ।
दीनू दर्शन फेर् सदाशिवजिले ❋ तिन्मा दयालू बनी ॥
भेट् हूनू अनि इन्द्र पार्थ दुइको ❋ देवेन्द्र जानू अनी ।
डाक्नू स्वर्ग विषे ति पार्थ कन फेर् ❋ आऊ तिमिले भनी ॥

१ लतागृह । २ मुकुट । ३ पृथ्वीलोकमा । ४ धवलाचलमा । ५ चट्टान (ठूलो ढुङ्गा) ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(१४)

जानू पार्थ सुरेन्द्रकै[1] रथ चढी ❀ हो स्वर्ग लोकै जहाँ।
वैरी दानव पौलमादि कन फेर् ❀ जित्नू लडाईं महाँ॥
दीनू अस्त्र समस्त देवहरुले ❀ अत्यन्त खूशी भई।
श्रापै उर्वशि बाट प्राप्त हुनु फेर् ❀ तिन्ले सुनाए कही॥

(१५)

स्वर्गैं बाट फिरेर आउनु अनी ❀ पाँचै विती वर्षमा।
यात्रा वर्णन पार्थको सुनि सबै ❀ पर्दा भए हर्षमा॥
सल्लाहा भइ बस्न काम्यक वनै ❀ जाने इरादा भयो।
नाऊँ सम्झनु भै घटोत्कच पनी ❀ दौडेर आई गयो॥

(१६)

यात्री-वृन्द चढाइ आफ्नु पिठमा ❀ दौडेर हावा सित।
सोझै काम्यक नाम रम्य वनमा ❀ आयो हिडिम्बा-सुत[2]॥
पैह्लेकै कुटिमा गई सब बसे ❀ पाञ्चालिलाई अनी।
दीए ती गहनादि स्वर्गपुरिको ❀ श्रीपार्थले ल्यौ भनी॥

(१७)

रानी खूशि भइन् लिएर गहना ❀ देख्दा थिए तेजिलै।
मिर्गैं मार्न भनी वृकोदर गए ❀ ऊठेर झट् एक्लै॥
ल्याउँनन् तिनि मिर्ग मारि कुटिमा ❀ श्रीभीमले जुन् घरी।
खाऊँला अनि मासु-भात भनि ती ❀ बस्दा भए आश् गरी॥

(१८)

क्यै टाढा वनमा वृकोदर पुगे ❀ मिर्गादि खोज्दै गई।
आडैमा रुखको रहेछ अजिगर् ❀ श्रीभीम नेरै उहीं॥
लाग्यो तान्न खिचेर सास बहुतै ❀ श्रीभीमलाई जसै।
केही जोर चलेन तानिन गई ❀ आए मुखैमा तसै॥

(१९)

भाईलाइ विलम्ब[3] भै कुरुपती[4] ❀ संयोगले त्यै घरी।
गर्दै खोजि त्यहीं पुगेर निजले ❀ देखे दशा छक् परी॥
भन्छन् धर्मकुमार सर्प ! तिमि ता ❀ भोके रहेछौ यहाँ।
ल्याई दिन्छु म मिर्ग मारि बहुतै ❀ तिम्रा अगाडी महाँ॥

---

१ इन्द्रजीको। २ हिडिम्बा-पुत्र (घटोत्कच)। ३ बियाँलो। ४ युधिष्ठिर।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(२०)

छाडी देउ यि भीमलाइ तिमिले ❋ एती भनेथे जसै ।
बोली मानिसको गरेर अजिगर् ❋ क्यै बोल्न लाग्यो तसै ॥
हे राजन् ! म शिकार खोज्दिन यहाँ ❋ मेरा कुरा छन् जती ।
दिन्छू आज सुनाइ मै 'नहुष' हूँ ❋ राजा प्रतापी अती ॥

(२१)

तिम्रै पितृ म हूँ अगस्ति ऋषिले ❋ श्रापै दिनू भो अनी ।
मैले बस्नु पऱ्यो भएर अजिगर् ❋ हिंड्ने गती छैन नी ॥
श्रापोद्धार[१] हुने उपाय छ यही ❋ गर्छू म प्रश्नै यहाँ ।
देऊ उत्तर ठीक-ठीक तिमिले ❋ मेरा अगाडी महाँ ॥

(२२)

कस्तो मानिसलाइ भन्नु परने ❋ यी ब्राह्मणै हुन् भनी ?
साँचो बोल्छ र दान लिन्छ अरुको ❋ फेर् दिन्छ दानै पनी ॥
गर्नें खूब दया क्षमा जगतमा ❋ गर्दैन रिस् क्यै पनी ।
कामै क्रोध र लोभ मोह यि सबै ❋ त्यागेर बस्ने अनी ॥

(२३)

जीती इन्द्रिय - वर्ग नित्य गरने ❋ श्री ब्रह्मको चिन्तन ।
जाडो - गर्मि र दुःख - कष्ट सहने ❋ राखी वशैमा मन ॥
यज्ञै गर्दछ फेर् गराउँछ उही ❋ गर्ला तपस्या पनी ।
अर्ती खूब दिने मनुष्यहरुमा ❋ जान्नू ति विप्रै[२] भनी ॥

(२४)

जातैमा पनि आर्यका द्विज भए ❋ क्षत्री र वैश्यै अनी ।
शूद्रादी यहि चार वर्णहरु छन् ❋ वेदै त मान्ने पनी ॥
शूद्रै भै कन ब्राह्मणादिहरुको ❋ कर्मादि त्यसले गरी ।
होला ब्राह्मण के बताउ तिमिले ❋ मेरा अगाडी सरी ॥

(२५)

शूद्रैले पनि ब्राह्मणादिहरुको ❋ कर्मै गरोस् ता पनी ।
शूद्रै हुन्छ उ हुन्न ब्राह्मण कभै ❋ यै वेदले भन्छ नी ॥
गाई हुन्न कदापि कोहि गदहा ❋ धोएर न्वाही दिए ।
त्यस्तै हो भनि बुझ्नु पर्दछ यहाँ ❋ मैले बताई दिएँ ॥

---

१ श्राप मेटिने । २ ब्राह्मण ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(२६)

यस्तो उत्तर पाइ धर्म-सुतको ❀ सो सर्प-योनी छुटी ।
पैलेकै त समान श्रीनहुषले ❀ रूपै लिनू भो धरी ॥
आशीर्वाद दिएर श्रीनहुषज्री ❀ जानू भयो धाममा ।
फर्कें भीम युधिष्ठिरादि अनि फेर् ❀ आफ्ना उसै बासमा ॥

काम्यक वनमा श्रीकृष्णजीसँग भेट

(१)

वर्षाकाल बिती शरद्दतु भयो ❀ सङ्ला भए ती नदी ।
आकाशै पनि उघ्रि गो कमलका ❀ फूलै फुले बेसरी ॥
यस्तै सुन्दर कोहि एक दिनमा ❀ त्यै काम्यमा कृष्णजी ।
पाल्नू भो सब मुख्य यादव समेत् ❀ रानीहरू साथ ली ॥

(२)

धौम्यादी ऋषि धर्मराज प्रभृती ❀ जो - जो अगाडी थिए ।
प्रेमैले सबमा प्रणाम हरिले ❀ भेटेर गर्दा भए ॥
प्रश्नै द्रौपदि सीत भै कुशलको ❀ श्रीकृष्णले त्यै घरी ।
ऊठी अर्जुन सीत भेट् गरनु भो ❀ फेर् अङ्कमाले गरी ॥

(३)

बस्नू भै सब प्राणि आसन विषे ❀ शोभा निकै भै गयो ।
त्यै बेला हरि बाट धर्म-सुतमा ❀ यै वाक्य आज्ञा भयो ॥
राजन् ! कौरव तस्करादिहरुले ❀ साम्राज्य खोसी पनी ।
लीए खूब छलै गरी सहजमा ❀ अन्यायि ठूलो बनी ॥

(४)

मर्यादा पनि धर्मको हजुरले ❀ गर्दै तपस्या यहाँ ।
थामी बक्सनु भो हुनेछ यसले ❀ जित् - बाजि पो युद्धमा ॥
भाइ अर्जुनले पनी दुःख खपी ❀ ठूलै तपस्या गरे ।
दिव्यास्त्रैहरु पाइ ती अजय छन् ❀ जित्नन् अवश्यै भरे ॥

(५)

देख्छू धर्म र सत्य नै हजुरमा ❀ बैरी हजुर्का जती ।
पापी छन् कपटी ति छन् रण विषे ❀ तिन्कै हुने हो खती ॥
धर्मैको अनि सत्यको जय हुने ❀ देखिन्छ जाहाँ तहाँ ।
पापैको र असत्यको क्षय हुने ❀ पक्का छ संसारमा ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(६)

आज्ञा एति सुनी जनार्दनजिको[1] ❋ ज्येठा तिनै पाण्डव ।
भन्छन् हे प्रभुजी ! म ता हजुरकै ❋ ठान्छू दया हो सब ॥
सोधिन् श्री हरि सीत द्रौपदिजिले ❋ पुत्रादि मेरा जती ।
के सिक्छन् हरि ! पढ्दछन् कुन कुरा ❋ आज्ञा हवस् श्रीपती[2] ॥

(७)

रानी द्रौपदिका कुरा सब सुनी ❋ भन्छन् रमाका पती[3] ।
हे रानी ! प्रतिविन्ध्य आदि सुत ती ❋ तिम्रा भएका जती ॥
सिक्तैछन् सब शस्त्र-चालन समेत् ❋ विद्या धनूको अनी ।
सिक्दैछन् रण-कौशलादि जति छन् ❋ जो जान्नु पर्ने पनी ॥

(८)

आफ्ना पुत्र समान ठानि मनले ❋ बैनी सुभद्रा पनी ।
गर्दैछिन् ति सह्यार पुत्रहरुको ❋ माता तिनैकी बनी ॥
पुत्रादीहरुको खबर् प्रभुजिले ❋ आज्ञा भएको सुनी ।
खूशी द्रौपदि खुब् भइन् बहिनिले ❋ हेर्चाह गर्छिन् भनी ॥

(९)

भन्नू भो नृपती युधिष्ठिरजिले ❋ हाम्रा बनै-बासको ।
बाह्रै वर्ष समाप्तिको समयको ❋ आएछ है मास[4] पो ॥
वर्षै एक छ गुप्त - बास गरने ❋ सो पूर्ण होला जसै ।
जीतौंला अनि युद्धमा यदुपते[5] ❋ तिम्रो दयाले तसै ॥

मार्कण्डेय ऋषिको आगमन

(१)

मार्कण्डेय ऋषी हिंडेर बनमा ❋ पाल्नू भयो त्यै घरी ।
सत्कारादि गरी युधिष्ठिरजिले ❋ तिन्लाइ राम्रो गरी ॥
ख्वाई-प्याइ बसाइ आसनि उपर् ❋ खुब् नम्र हूँदै तहाँ ।
भन्नू भो ऋषिनाथ ! दर्शन मिल्यो ❋ भाग्यै हुनाले यहाँ ॥

१ कृष्णजीको । २ लक्ष्मीका पति । ३ कृष्णजी । ४ मैन्हा । ५ कृष्णजी ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(२)

आफू हुनु भयो चिरञ्जिवि हजुर् ❋ ठूलो तपस्या गरी।
जान्नू हुन्छ अनेक जन्महरुका ❋ वार्ता - कथा बेसरी॥
सृष्टीको प्रलयादिको सब कुरा ❋ केही कृपाले यहाँ।
आज्ञा गर्नु हवस् ऋषे ! हजुरले ❋ बिन्ती छ सेवा महाँ॥

(३)

देखी आग्रह श्री युधिष्ठिरजिको ❋ भन्छन् ऋषी त्यै घरी।
हे राजन् ! जसले रच्यो सब जगत् ❋ खेलै सरीको गरी॥
जानी सक्नु कदापि छैन जसको ❋ सामर्थ्य शक्ती जती।
सोही ईश्वर तत्त्व[1] जान्दछ सबै ❋ एही जगत्को गती॥

(४)

उस्तै एक समान रूप भवको ❋ होई रहन्थ्यो कहाँ ?
यस्को ता बदली रहन्छ गतिनै ❋ विद्वान् कहन्छन् यहाँ॥
टुङ्गो लाउन ता सकिन्न यसको ❋ जो जान्दछू सो कही।
बिन्ती आज चढाउँछू सब जना ❋ सुन्नू हवस् लौ यहीं॥

(५)

पैदा हुन्छ अवश्य सत्ययुग पो ❋ पैल्हे जगत् बीचमा।
धर्ममा मन लाग्छ प्राणिहरुको ❋ के ऊँच के नीचमा॥
यस्को भोग प्रमाण वर्षहरु ता ❋ ठिक् सत्र[2] लाखै अनी।
अट्ठाईस हजार मात्र यहि हो ❋ जम्मा भनेको पनी॥

(६)

दोस्रो ता युग जन्म लिन्छ जगमा ❋ त्रेतायुगै नाम ली।
बाह्रै[3] लाख छयान्नबे जति हजार् ❋ सम्वत्सरै आयु ली॥
पाऊ चार रहन्छ सत्य-युगमा ❋ श्रीधर्मको लोकमा।
पाऊ तीन रहन्छ है धरमको ❋ त्रेतायुगै बीचमा॥

(७)

तेस्रो द्वापर आठ लाख अनि फेर् ❋ चौसट्ठि हजार[4] यै।
गर्ला वर्ष उ भोग ता धरमको ❋ पाऊ फगत् दुइ भै॥
चौथो ता कलि नामको युग छ जो ❋ त्यस्ले त गिन्ती गरी।
चारै लाख र वर्ष बत्तिस हजार् ❋ भोग्नेछ आयुष्य ली॥

१ मुख्य कुरा। २ सत्ययुगका वर्षहरू १७२८०००। ३ त्रेताका वर्ष १२९६०००। ४ द्वापरका ८६४०००।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(८)

धर्मैको पनि पाउ एक रहला ❋ टूटेर तीनै अनी।
पापी लोभि छिनार दुष्ट-जनको ❋ बढ्नेछ गिन्ती पनी॥
जम्मा चार युगादिमा कलियुगै ❋ ठान्छन् सबैले छली।
भेटिन्छन् प्रभु ता दसै मिनटमा ❋ हुन्थ्यो नजाती कली !॥

(९)

यौटा बीति सकेर ता युग कभै ❋ लाग्दैन अर्को अनी।
बीचैमा युग दुइको जगतमा ❋ हूनेछ सन्धी पनी॥
त्यै सन्धी पनि बित्न बर्षहरूको ❋ गिन्ती छ सत्यै महाँ।
लाग्ला चौध सए र चालिस[1] जती ❋ आदी र अन्त्यै महाँ॥

(१०)

त्रेताको पनि ता अगाडि र पछा- ❋ डीका ति वर्षै गनी।
जम्मा एक हजार् असी बरस हो ❋ मैले बताएँ पनी॥
छन् है द्वापरका अघी पछि बरस् ❋ सात् सौ पचासै जती।
वर्षै हो कलिको त तीन सय साठ् ❋ हुन् सन्धिकालै यती॥

(११)

वर्षै गिन्ति गरेर चार युगका ❋ जोडेर हेर्दा महाँ।
जम्मा लाख त्रितालिसै बिस हजार् ❋ वर्षै हुने भो यहाँ॥
हुन्छन् बाह्र हजार वर्ष इ सबै ❋ द्यौताहरूका सबै।
ब्रह्माको दिन एक हुन्छ कसरी ❋ सोही म भन्छू अबै॥

(१२)

यी चारै युग घुम्दछन् जगतमा ❋ हेर्दा क्रमैले पनी।
हजार् पालि घुमुन् त एक दिन पो ❋ ब्रह्माजिको हुन्छ नी॥
ब्रह्माको दिनमा त सृष्टि-रचना ❋ निर्माण हूने भयो।
तिन्को रात परे पछी प्रलय भै ❋ नाशिन्छ जो-जो थियो॥

(१३)

चौथो पालि कली प्रवेश जब भो ❋ आफ्नू क्रमैले घुमी।
बोल्ने छैन कदापि सत्य वचनै ❋ याहाँ कसैले पनी॥
यज्ञै दान तपै र सत्यहरूको ❋ भै सर्वनाशै यहाँ।
शूद्रैको गरि कर्म ब्राह्मण हुनन् ❋ खूबै धनी लोकमा॥

---

१ सत्ययुगको संधिकाल १४४०। २ चारै युगका वर्षको संख्या ४३२००००।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(१४)

रैतीलाइ दिएर दुःख बहुतै ❋ क्षत्रीहरूले पनी ।
अन्यायै सितले बढाइ कर[1] पो ❋ हूनन् ति खूबै धनी ॥
खानेछन् सब ती द्विजातिहरुले ❋ जाँड्-मासु-रक्सी पनी ।
खानेछन् कुखुरा चरा अति मिठो ❋ यै हुन्छ मासु भनी ॥

(१५)

शूद्रादी जनले तपै गरि लिनन् ❋ सेवादि कार्यै त्यजी ।
ज्ञानी विज्ञ[2] तपस्वि झैं बनि तिनै ❋ अर्ती दिनेछन् घुमी ॥
राजा म्लेच्छ सरी हुँदा मुलुकमा ❋ धर्मै रहन्थ्यो कहाँ !
बढ्दै जान्छ कली जती-जति उती ❋ बढ्नेछ पापै यहाँ ॥

(१६)

बेलामा पनि पानि पर्न नसकी ❋ खेती र पाती जती ।
नष्टै भै कन अन्न-ब्रालि नहुँदा ❋ पर्ला अनीकाल् अती ॥
सुक्नन् सूर्य प्रचण्ड[3] भै सर[4] नदी ❋ कूपादि[5] खोलाहरू ।
छोड्छन् उम्रन वृक्ष बोट लहरा ❋ सुक्नन् भएका बरू ॥

(१७)

जस्को नाम प्रसिद्ध खुब् छ भवमा ❋ संवर्त अग्नी भनी ।
वायू साथि लिइ चराचर तिनै ❋ पार्नन् खरानी पनी ॥
प्राणीहीन जगत् भयो जब अनी ❋ पानी बहूतै परी ।
लाग्छन् बग्न समस्त चीज जलमा ❋ पर्दै र मर्दै गरी ॥

(१८)

पानी-पानि सिवाय वस्तु अरु क्यै ❋ देखिन्न जाहाँ तहीं ।
त्यै बेला म पनी बगेर जलमा ❋ जानेछु लाचार् भई ॥
धेरै काल बिते पछी म कन ता ❋ लाग्दा थकाई तहाँ ।
फेला पर्दछ वृक्ष एक वरको ❋ त्यै पानिका बीचमा ॥

(१९)

हाँगालाइ समात्न पुग्छु वरको ❋ रुख् माथि हेर्छू अनी ।
तेजस्वी अति देख्छु बालक कुनै ❋ खेली रहेको पनी ॥
देख्दा रूप र मन्दहास्य शिशुको ❋ छक्कै म पर्छू तहाँ ।
स्वामी हुन् सबका यिनै प्रभु भनी ❋ लाग्छू म ध्यानै महाँ ॥

१ माल-पोत । २ सबैथोक जान्ने । ३ उग्र । ४ पोखरी । ५ इनार ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(२०)

भन्छन् बालकले मुने ! मन भए ❀ पेट् भित्र मेरो पसी ।
केही काल थकाइ मेट तिमिले ❀ आनन्द साथै बसी ॥
एती बालकका कुरा सुनि म ता ❀ झट् दैवसंयोगले ।
तिन्कै पस्छु गएर दिव्य-मुखमा ❀ फेर् कर्मका भोगले ॥

(२१)

ब्रह्माण्डादि अनेक देख्दछु त्यहीं ❀ छन् देव पित्री जती ।
देख्छू वस्तु र प्राणि विश्व[1] भरिका ❀ आश्चर्य मानी अती ॥
फेरी हुन्छ बिचारको उदय पो ❀ मेरा मनैमा पनी ।
आएँ आज कता पसेर मुखमा ❀ पेट् भित्र कस्का भनी ॥

(२२)

पत्तो लाउन क्यै म सक्तिन जसै ❀ चिम्लेर आँखा दुई ।
लाग्छू भन्न प्रभो ! परें शरणमा ❀ ऐले अनाथै भई ॥
मेरो बिन्ति सुनेर बालक तिनै ❀ सास् फेर्न लाग्छन् जसै ।
निस्कन्छू मुख बाट बाहिर तिरै ❀ देखिन्छ पानी तसै ॥

(२३)

देख्छू पानि जतातती नजर गै ❀ अड्कन्छ टुप्पा महाँ ।
देख्छू त्यै शिशुलाइ पातहरुमा ❀ लेटी[2] रहेको तहाँ ॥
गर्छूं प्रश्न विनम्र भै कन अनी ❀ को हौ बताऊ भनी ।
भन्छन् बालकले मलाइ खुशि भै ❀ त्यै प्रश्न मेरो सुनी ॥

(२४)

जान्दैनन् ति मलाइ देवहरुले ❀ फेर् दानवादी पनी ।
जान्दैनन् न मनुष्य जान्दछ कुनै ❀ यो बाल यै हो भनी ॥
सोध्यौ हे मुनिजी ! मलाइ तिमिले ❀ को हौ भनी यस् घरी ।
दिन्छू आज चिह्नाइ आफु कन पो ❀ तिमूलाइ माया गरी ॥

(२५)

जस्ले गर्दछ सृष्टि एक पलमा ❀ सम्पूर्ण संसारको ।
जस्ले रच्छ जगत् समस्त सहजै ❀ जो मुख्य नै सार हो ॥
आत्मा भै कन बस्छ जो हृदयमा ❀ प्राणीहरूको पनी ।
यौटै छू म प्रसिद्ध ईश्वर उही ❀ बस्छू असङ्ख्यै बनी ॥

१ जगत् । २ पल्टी रहेको ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(२६)

मै हूँ ब्रह्म र विष्णुदेव शिवजी ❋ यी चन्द्र-सूर्यै पनी ।
मेरै हुन् दुइ नेत्र जान तिमिले ❋ रात्री दिनैका भनी ॥
देख्छौ तीमि जती जगत् ति त सबै ❋ मेरै त पेट्मा पुगी ।
खूकूलै सँग ती अटाइ बसछन् ❋ देख्यौ तिमीले अघी ॥

(२७)

धर्मात्मा कन क्यै विपत्ति परदा ❋ सम्झन्छ उस्ले अनी ।
लिन्छू मै अवतार पृथ्वि - तलमा ❋ झट् देहधारी बनी ॥
धर्मस्थापन गर्नलाइ भवमा ❋ पापी दुराचारिको ।
ज्यान् लीना कन रूप धर्छु म सदा ❋ मेरो छ यै बानि पो ॥

(२८)

जो धर्मी छ उ स्वर्ग जान्छ उसले ❋ देख्नेछ बाटो पनी ।
नर्कैको पथ[1] लिन्छ पापि - जनले ❋ जाने यतै हो भनी ॥
बेला हुन्छ जसै महाप्रलयको ❋ जड चेतनादी सबै ।
आफूमा म त लीन[2] गर्छु रहनै ❋ पाउन्न काहीं कबै ॥

(२९)

पानी-पानि भएछ यो सब जगत् ❋ भन्ने तिमीलाइ ता ।
पैदा भो भ्रम पो भनी कन बुझी ❋ मैले अघीनै उ ता ॥
मेट्ना खातिर पेटमा तिमि कनै ❋ जल्दी पसाली लिएँ ।
ब्रह्माण्डादि अनेक त्यौ उदरमा[3] ❋ देखाइ मैले दिएँ ॥

(३०)

आज्ञा एति गरी मलाइ भगवान् ❋ ती बाल-रूपी तहीं ।
लोपै भै कन जानुहुन्छ मइले ❋ देख्दीन फेरी कहीं ॥
पश्चात् सृष्टि त हून लाग्छ भवमा ❋ यै रीतिले फेर् अनी ।
देखें धेर पटक् महाप्रलय भै ❋ नष्टै भएको पनी ॥

(३१)

यस्तो वाक्य सुनी युधिष्ठिरजिले ❋ भन्नू भयो हे मुने !
थाहा भो जति भन्नु भो हजुरले ❋ मैले सबै ती सुनें ॥
रानी द्रौपदिका सरी अरु कुनै ❋ सौभाग्यका खानिमा ।
कैल्यै दुःख पऱ्यो कि त्यौ कहनुहोस् ❋ रानी - महारानिमा ॥

१ बाटो । २ मिलाउँछु । ३ पेटमा ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(३२)

यस्तो प्रश्न सुनेर धर्म-सुतको ❋ फेरी उसै बीचमा ।
मार्कण्डेयजि भन्नु हुन्छ नृपते ❋ सुन्नु हवस् विश्वमा ॥
त्रेता नाम हुने द्वितीय युगमा ❋ क्यै वर्ष बीती सकी ।
ठूलो दुःख पऱ्यो तिनै कन जउन् ❋ रानी थिइन् जानकी ॥

साम्राज्ञी सीताजीको दुःख वर्णन

(१)

विष्णूले नररूप[1] धारण गरी ❋ जन्मी अयोध्या महाँ ।
जस्को नाम त रामचन्द्र रहि गो ❋ सर्वत्र संसारमा ॥
माहाराज प्रतापि श्री दशरथै ❋ बूबा प्रभूका भए ।
कौशल्या जननी भइन् प्रभुजिका ❋ भाई त तीनै थिए ॥

(२)

श्रीनारायण नाथका शयनमा ❋ जो पाउ मिच्थिन् रमा ।
जन्मिन् पुत्रि भएर श्री जनककी ❋ श्री जानकी नाममा ॥
जन्मिन् मैथिलमा[2] बढिन् उहिं तिनी ❋ ताहीं सुशिक्षा पनी ।
पाइन् श्री गुरुहेरु बाट तिनीले ❋ हुन् राजपुत्री भनी ॥

(३)

जस्को सुन्दर रूपमा गजबको ❋ लावण्य देख्दा महाँ ।
हारिन् श्रीरति देवि जानकिजिका ❋ सौन्दर्यको दाँजमा ॥
जस्को ता गिनती छ साध्विहरुमा[3] ❋ हुन् मुख्य सीता भनी ।
मायाकी अवतारनै तिनि थिइन् ❋ खुब् शीलवन्ती पनी ॥

(४)

थीयो शङ्करको धनू जनकका ❋ दर्बार माहाँ कहीं ।
गर्थे पूजन जो पनी उ धनुको ❋ त्यस्का नजीकै गई ॥
साह्रै गर्हुं पो थियो धनु उही ❋ टार्दा नटर्नै रती ।
सीताले उ धनू उचालि सहजै ❋ अन्यत्र राखिन् लगी ॥

---

१ मनुष्य रूप । २ मिथिला-देशमा । ३ पतिव्रतामा ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(५)

राजाले प्रण गर्नु भो पुरुषमा ❋ जस्ले अगाडी सरी ।
ताँदो यै धनुमा चढाइ सहजै ❋ लेला धनू यो धरी ॥
सीता त्यस्कन दिन्छु हे गरि बिहा ❋ भन्ने प्रतिज्ञा सुनी ।
माने है सबले उदेक मनमा ❋ कस्तो प्रतिज्ञा भनी ॥

(६)

बीत्यो बालक-काल ता प्रभुजिको ❋ खुब् बाल-लीला गरी ।
विद्यार्थी भइ सर्व शास्त्र प्रभुले ❋ पढ्नू भयो ठिक् गरी ॥
चारै भाइ[1] पढेर विज्ञ[2] हुनु भो ❋ फेरी धनुर्वेद्को ।
शिक्षा श्री गुरुले दिएर प्रभुजी ❋ पारङ्गतै हूनु भो ॥

(७)

गर्दा होम ऋषीहरु वन विषे ❋ तिन्का अगाडी गई ।
दिन्थे राक्षसले त दुःख बहुतै ❋ त्यो नष्ट गर्ने भई ॥
विश्वामित्र ऋषी रिसाइ बहुतै ❋ आए अयोध्या महाँ ।
आफ्नू दुःख सबै भने ति ऋषिले ❋ राजेन्द्रलाई[3] तहाँ ॥

(८)

हे राजन् ! जब थाल्दछौं ऋषिहरू ❋ होमादि गर्नँ भनी ।
दिन्छन् दुःख अनेक राक्षसहरू ❋ त्यस् निम्ति मैले पनी ॥
तिन्को नष्ट गराउने सुर लिई ❋ आई रहेंछू यहाँ ।
दीनोस् लक्ष्मण-रामलाइ म कनै ❋ लीएर जान्छू वहाँ ॥

(९)

आफ्ना पूज्य गुरू वशिष्ठ ऋषिको ❋ सल्लाह राम्रो सुनी ।
दीनू भो अवधेशले[4] सुतहरू ❋ लीएर जानोस् भनी ॥
साथैमा लिइ राम-लक्ष्मण दुई ❋ भाई ऋषीजी गए ।
आफ्नू त्यै कुटिमा तपोवन पुगी ❋ यागादि थाल्दा भए ॥

(१०)

होमैको शुरु भो र राक्षसहरू ❋ आए उसै बीचमा ।
वर्षाए शर-वृष्टि भाइ दुइले ❋ त्यै राक्षसी फौजमा ॥
अग्न्यास्त्रै कन छोडि राघवजिले ❋ भस्मै सुबाहू गरे ।
हानी मारिचलाइ एक शरले ❋ टाढा घचेडी दिए ॥

१ रामचन्द्रजी, लक्ष्मण, भरत, शत्रुघ्न । २ जान्ने । ३ दशरथ महाराजलाई । ४ दशरथले ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(११)

कोही राक्षसि ताडका पनि थिई ❋ त्यै लड्न आई तहाँ ।
त्यस्लाइ पनि रामले शर त्यजे ❋ लोटी जमीनै महाँ ॥
त्यस्तो अद्‌भुत कर्म देखि ऋषिजी ❋ चौपट्ट खूशी भए ।
धेरै अस्त्रहरू भए जति सबै ❋ तिन्ले सिकाई दिए ॥

(१२)

सीताको त स्वयम्वरै पनि हुने ❋ बेला भएको थियो ।
तस्मात् रामजिलाइ हेरि ऋषिले ❋ यैं वाक्य बोल्नू भयो ॥
जाऊँ हे रघुनाथ ! श्री जनकको ❋ लौ राजधानी महाँ ।
सीताले गरिने स्वयम्वर भनी ❋ सुन्छू म ऐले यहाँ ॥

(१३)

ताहीं शङ्करको पिनाक छ धनू ❋ जस्ले उचाल्ला धनू ।
सीताले जयमाल त्यस् कन दिनिन् ❋ पैह्लाइ धेर् के भनूँ ?
हेरौंला गइ त्यै स्वयम्वर पनी ❋ भन्नू भएथ्यो जसै ।
जानैलाइ भनी तयार हुनु भो ❋ दाज्यू र भाई तसै ॥

(१४)

ताहाँ बाट हिंडी पुगे जनकको ❋ राम्रो पुरीमा[1] अनी ।
देखे गै कन ता स्वयम्वर-गृहै ❋ तीनै जनाले पनी ॥
राजा वीरहरू थिए पृथिविका ❋ ताहीं कमीला सरी[2] ।
बेला भै कन ती धनू तिर गए ❋ कम्मर् बलीयो गरी ॥

(१५)

गर्नूं सम्म गरे उचाल्न धनु त्यै ❋ राजाहरूले तहाँ ।
भूमी त्याग्न सकेन सोहि धनुले ❋ शक्ती नपुग्दा महाँ ॥
के गर्नें भनि शर्म मानि ति रहे ❋ भूपादि छक्कै परी ।
त्यै वेला उठि जानु भो धनु तिरै ❋ श्रीराम जल्दी गरी ॥

(१६)

बायाँ हात लगाइ राम प्रभुले ❋ लीनू भयो त्यो धनू ।
ताँदो तान्नु भयो उसै बखतमा ❋ टूटी खस्यो के भनूँ !
ठूलो शब्द भयो टुटेर धनुको ❋ डोलिन् धरित्री[3] पनी ।
झस्के दिग्गजहेरु पूर्ण डरले ❋ भो शब्द कस्तो भनी ॥

१ नगरमा । २ अत्यन्त धेरै । ३ पृथ्वी ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(१७)

माला जानकिले प्रभू कन दिइन् ❋ पैह्राइ घाँटी महाँ ।
एही हाल् चर[1]बाट श्रीजनकले ❋ दीए अयोध्या महाँ ॥
छोरा दूइ[2] लिएर लश्कर समेत् ❋ आए अयोध्यापती[3] ।
सत्कारादि गरेर श्रीजनकले ❋ आनन्द भै गो अती ॥

(१८)

लग्नैको सु-मुहूर्त्त हेरि गुरुले ❋ बिन्ती चढाए अनी ।
हूकुम्ले सब थोक् तयार भइ गो ❋ चाहीनु पर्नै पनी ॥
सीता ज्येठि थिइन् तिनैकि त अरु ❋ तीनोटि बैनी थिए ।
हाम्रा राजकुमार चार कन ती ❋ मैयाँ ति चारै दिए ॥

(१९)

बीहा भो सब वेदकै विधि गरी ❋ दानादि धेरै भए ।
दुःखी कोहि भएन त्यस् नगरमा ❋ कङ्गाल् धनी भै गए ॥
दाईजो पनि दीनु भो जनकले ❋ जो दीनु पर्नै जती ।
छोराहेरु बुहारिहेरु सँग ली ❋ फर्के अयोध्यापती ॥

(२०)

माता रानिहरू खुबै खुशि भए ❋ देख्दा बुहारी तहाँ ।
दीए चार महल् खटाइ नृपले ❋ आफ्ना नजीकै महाँ ॥
रीतैले गृहमा प्रवेश गरियो ❋ जो गर्नु पर्नै गरी ।
ज्येठा ता युवराज पो हुनु भयो ❋ साम्राज्यको त्यै घरी ॥

(२१)

गादी चढ्नु थियो भएर नृपती ❋ बस्नू थियो राज्य ली ।
आज्ञा मान्छु पिताजिको म त भनी ❋ जस्ले प्रतिज्ञा गरी ॥
जस्का प्राणपती तयार हुनु भो ❋ जान्छू बनैमा भनी ।
स्वामीको पछि लागि जानकि गइन् ❋ छाया सरीकी बनी ॥

(२२)

मीठो खाइ लगाइ सुन्दर लुगा ❋ आभूषणादि[4] पनी ।
पैह्री अङ्ग भरी चलाइ खुशबू ❋ लक्ष्मी सरीकी बनी ॥
बस्ने सौख्य गरी सदा महलमा ❋ यस्ती ति सीता सती ।
स्वामीका पछि गै गइन् सुख त्यजी ❋ सङ्कष्ट खप्नै अती ॥

---

१ दूत । २ श्रीभरत र शत्रुघ्न । ३ श्रीदशरथ । ४ गहनाहरू ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(२३)

नाऊँ पञ्चवटी हुने बन विषे ❀ बस्दा बखत्‌ले गरी।
घात् पारी कन दुष्ट रावण पुग्यो ❀ संन्यासिको रूप ली॥
धोका दी कन जानकी कन हरी ❀ चोरी जसै ता गऱ्यो।
स्वामी सीत बिछोड भै दुःख ठुलो ❀ सीताजिलाई पऱ्यो॥

(२४)

खोज्दै जानकिलाई घोर बनमा ❀ धेरै बिलौना गरी।
भाई लक्ष्मण साथ भै रघुपती ❀ हिंड्थे मनुष्यै सरी॥
भेटीए हनुमानजी र तिनले ❀ राम्रो बिचारै गरी।
मैत्री रामजिको सुकण्ठ[1] सित भो ❀ साक्षी त अग्नी धरी॥

(२५)

बाली मारि रजाइँ बक्सनु भयो ❀ सुग्रीव राजा भए।
सीता खोज्न भनेर वानरहरू ❀ तिन्‌ले खटाई दिए॥
तीमध्ये हनुमान वीर - वरले ❀ त्यत्रो समुद्रै तरी।
भेटे जानकिजी अशोक वनमा ❀ लंकापुरीमा पुगी॥

(२६)

लङ्कापूरि विषे अशोक बनमा ❀ सीता रुखैका मनी।
बस्थिन् कैदि सरी जपेर पतिको ❀ नामै मुखैले भनी॥
सानू रूप लिएर वायुसुतजी[2] ❀ तिन्‌का नजीकै गए।
ढोगै दी कन माइलाइ प्रभुको ❀ औंठी चढाई दिए॥

(२७)

माईको सब हाल् बुझी पवनका ❀ छोरा[3] बिदा भै हिंडे।
नाघी क्षार-समुद्र राघवजिका ❀ पाऊ दुवैमा परे॥
सीताको यसरी पता जब मिल्यो ❀ श्रीरामले त्यै घरी।
हुकुम् बक्सनु भो र त्यै समयमा ❀ सेना हिंड्यो वानरी॥

(२८)

भाई रावणको विभीषण थियो ❀ आई शरण्‌मा पऱ्यो।
बाँधी सागर माथ पूल बलियो ❀ सेना प्रभूको तऱ्यो॥
युद्ध रावण सीत भै प्रभुजिले ❀ त्यस्‌लाइ मार्नू भयो।
सीतालाइ लिएर पुष्पक[4] चढी ❀ श्रीराम फिर्नू भयो॥

---

१ सुग्रीव। २ हनुमान। ३ हनुमान ४ कुबेरको विमान।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(२९)

बाटो ली नभको[1] सवारि प्रभुको ❀ पुग्यो अयोध्या महाँ ।
सुम्पे राज्य प्रभूजिमा भरतले ❀ आनन्द मानी तहाँ ॥
सीतालाइ लिएर राज्य प्रभुले ❀ गर्दा त न्यायी बनी ।
रामै - राज्य भयो भनी कन उखान् ❀ जन्म्यो जगत्मा पनी ॥

(३०)

एक्लै बस्नु अ-मानुषी नगरिमा[2] ❀ भारी विपत्ती थियो ।
सीताले सब त्यो सही कन बसिन् ❀ फेर् भाग्य पल्टी गयो ॥
रानी द्रौपदिले पनी यहि कुरा ❀ संझेर धैर्यै धरुन् ।
ऐले दुःख खपी बसे पछि तिनै ❀ साम्राज्ञि फेरी हुनिन् ॥

(३१)

फेरी बिन्ति गरे युधिष्ठिरजिले ❀ हे नाथ ! संसारमा ।
रानीमा त पतिव्रता कुन भइन् ❀ आज्ञा हवस् त्यै यहाँ ॥
मार्कण्डेयजिले सुनेर इ कुरा ❀ केही विचारै गरी ।
लागे भन्न बताउँछू सुन कथा ❀ सावित्रिको यस् घरी ॥

सावित्री-चरित्र

(१)

श्री मद्रदेश बिच अश्वपती भनेका ।
थीए प्रतापि नृपती सबले गनेका ॥
पुत्री थिइन् गुणवती विदुषी[3] पढेकी ।
सावित्रि नाम जसको ति भइन् बढेकी ॥

(२)

आएन तिन्कन त माग्न कुमार कोही ।
बूबा मुमा कन त फिक्रि परेछ सोही ॥
आफैं स्वयम्वर गरे भनि पुत्रिलाई ।
आज्ञा दिए नृपति बाट सुबुद्धि आई ॥

१ आकाशको । २ राक्षसको लङ्कामा । ३ पण्डिता ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(३)

मैयाँ सखीहरु र धेर लिई सिपाही।
पाल्की चढी कन गइन् बन डुल्नलाई॥
देखिन् कुनै युवक[1]लाइ तहीं बसेका।
नीधारमा बिगुत[2] केहि थिए घसेका॥

(४)

ली ब्रह्मचर्य जसको छ सुपुष्ट अङ्ग—
प्रत्यङ्ग सुन्दर छ व्याप्त भई अनङ्ग॥
छन् नेत्र ती कमल-पत्र सरी रहेका।
देखिन् अपूर्व सुषमा[3] जिउमा भएका॥

(५)

यौटी सखी कन पठाइ दिइन् र जाई।
सोद्धी भई परिचयादि[4] कुमारलाई॥
तिन्ले सबै भनि दिए निज नाम-धाम।
सावित्रिलाइ सखिले गरि दी बयान॥

(६)

नाऊँ रहेछ तिनको शुभ सत्यवान।
राजाजि शाल्वपतिका सुत[5] ती जवान॥
हारेर शत्रु सित राज्य सबै बनैमा।
बस्दा रहेछन बुबा जसका सँगैमा॥

(७)

अन्धा पिता कन ति राजकुमार सेवा।
गर्दा रहेछन उसै कन मानि मेवा॥
रानी मुमा पनि तिनैकि सँगै बसेर।
भोग्छिन् अनेक बन - दुःखहरू सहेर॥

(८)

एती कुरा सुनि सकी सखि बाट ताहाँ।
फर्किन् कुमारि[6] अनि फेर् दरबार माहाँ॥
सावित्रिले गइ बुबा र मुमाजिलाई।
बिन्ती गरिन् प्रथम सर्व कुरा बताई॥

१ तरुण पुरुष। २ चोखो खरानी। ३ परम शोभा। ४ नाम-पता। ५ पुत्र। ६ सावित्री।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(९)

राजी भई पति वरें उहि सत्यवान।
जो शाल्वदेश-पतिका सुत हुन् प्रधान॥
बूबा--मुमा! अब त दान दिई मलाई।
ज्वाईं गराउनु हवस् ति कुमारलाई[1]॥

(१०)

देवर्षि[2] आउनु भयो तहिं उत्ति खेरी।
देखेर अश्वपतिले दुइ हात जोरी॥
सिंहासनै उपर झट्ट लगी बसाले।
रानी र पुत्रि कन दर्शन गर्न लाए॥

(११)

सावित्रिलाइ तब नारद भन्दछन् यो।
हे राजपुत्रि! पति जुन् तिमिले वरण् भो॥
अल्पायु[3] पो छ उहि यै दिन देखि गन्नू।
भन्छू म वर्ष दिनमा उसले छ मर्नू॥

(१२)

होमार्थ[4] लीन समिधा बनमा कुमार।
जानन् ति वर्ष दिनमा तिमिले विचार॥
दुख्ला कपाल लकडी कन काट्न लाग्दा।
सुत्नन् निद्राइ कन दर्द विशेष[5] जाग्दा॥

(१३)

निद्रा त हैन उ त हो निंद घोर सोही।
जाग्दैन प्राणि जस बाट उठेर कोही॥
बीहा भयो यदि भने विधवा हुनेछौ।
जन्मै भरी पति-वियोग भई रुनेछौ॥

(१४)

चूपै भए ऋषि सुनाइ भविष्य-वाणी[6]।
संकष्टमा परि गए नृपती र रानी॥
राजाजिले तब भने ति कुमारिलाई।
ती सत्यवान कन देउ तिमी हटाई॥

१ सत्यवान। २ नारद ऋषि। ३ थोरै आयु भएको। ४ होमका लागि। ५ धेरै। ६ हुने कुरा।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(१५)

अल्पायु हुन् भनि बुझी-बुझि गर्नु बीहा ।
जात्ती हुँदैन पछि चित्त हुनेछ छीया ॥
अर्कै गराउ पति खोज्न लगाइ हेरी ।
दिन्छू विवाह गरि ल्यौ यहि अर्ति मेरी ॥

(१६)

सावित्रिकी पनि मुमा तिनि मालवील ।
बोलिन् कुरा जनकको[1] अब ता तिमीले ॥
मान्नै छ योग्य पति अन्य[2] विचारि लेऊ ।
अल्पायुमा मन अलीकति क्यै नदेऊ ॥

(१७)

फेद्द काटिएर रुख खस्छ जसोरि याहाँ ।
लोटिन् ति राज-दुहिता[3] उहि रीति माहाँ ॥
क्यै चेत भो र उठि जल्दि बुबा-मुमामा ।
बिन्ती गरिन् पति अरू गरथें म काहाँ ? ॥

(१८ (

स्वामी गराउँछु भनी जसलाइ मैले ।
आँटें तिनै पति भए अरु हुन्छ कैले ?
अल्पायु पाउनु पती विधि-लेख थीयो ।
त्यस्कै बमोजिम पती पनि पारि दीयो ॥

(१९)

चिन्ता नहोस् हजुरहेरु बुबा-मुमामा ।
बिन्ती चढाउँ कति सत्य छ दैछ मैमा ॥
जो निश्चयै छ मनमा उहि टार्नलाई ।
सक्तैन कोहि सुरले[4] पनि सामु आई ॥

(२०)

भन्छन् ऋषी अटल निश्चय देखि यस्तो ।
गर्नोस् नृपेन्द्र ! यिनको मनमा छ जस्तो ॥
देवी यि हुन् सति-शिरोमणि राज-कन्या ।
छैनन् कुनै पतिव्रता यि समान अन्या[5] ॥

---

१ पिताजी । २ अर्को । ३ राजपुत्री । ४ देवताले । ५ अर्को ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(२१)

श्रीसत्यवान कन गै कन पुत्री देऊ ।
होला कसो भनि डरै मनमा नलेऊ ॥
सामान्य राजदुहिता नृपते ! नठान ।
यिन्मा छ सत्य यिनि झैं छ कउन् महान[1] ॥

(२२)

ठूलो सु-कीर्ति कन पाइ ठुलो कहाई ।
नारीहरू बीच चलेर बडो बडाई ॥
पूजा सबै गरि लिनन् सति देवि जानी ।
यो चित्त गद्गद[2] भयो रहिछन् यि ज्ञानी ॥

(२३)

सावित्रिलाइ ऋषिले उहि बीच माहाँ ।
हेरेर आशिष दिए मन बाट ताहाँ ॥
सावित्रि ! धन्य तिमि हौ नरलोक माहाँ ।
छौ एक रत्न अहिले अति दिव्य याहाँ ॥

(२४)

आनन्दले रहु ठुलो सुख पाउ पुत्री !
फूली फली कन रहू तिमि राजपुत्री ॥
देखेर सत्यवति छौ तिमि एति जानें ।
मैले तिमी कन त पूज्य भनेर ठानें ॥

(२५)

देवर्षि फर्कनु भयो निज लोक माहाँ ।
तीनै जना खुशि भए सुनि एति ताहाँ ॥
सल्लाह रानि सँग ली शुभ लग्न लाई ।
जम्मा गरे नृपतिले सब थोक् मगाई ॥

(२६)

मानीस गै बन विषे उ कुरा मिली गो ।
बीहा भयो त्यहिं तपोवनमा दुईको[3] ॥
सावित्रिले भइ बुहारि टहल् त गर्दा ।
खुशी भए सहज सासु अनी ससूरा ॥

---

१ ठूली । २ खुशी भयो । ३ सावित्री र सत्यवानको ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(२७)

बाँकी रह्यो दिवस[1] तीन त वर्षलाई ।
भो याद वाक्य ऋषिको नृप-पुत्रिलाई ॥
चिन्ता पऱ्यो कसरि टार्नु भनेर काल ।
थाहा थिएन तिनिलाइ कुनै उपाय ॥

(२८)

बाँकी केवल तीन भो दिन जसै ❋ उठिन् सबेरै तिनी ।
धोती शुद्ध लिई नदी तिर गइन् ❋ स्नानार्थिनी[2] पो बनी ॥
माटोले सब केश न्वाहि शुचि[3] भै ❋ सर्वाङ्ग - चोखी भइन् ।
भक्तीले मनमा जगज्जननिको[4] ❋ आराधनादी गरिन् ॥

(२९)

थालिन् ती ब्रत गर्न निर्जल[5] रही ❋ सावित्रिले त्यस् घरी ।
गर्थिन् कामहरू समस्त घरको ❋ सेवा समेतै गरी ॥
यस्तो चाल् सित दूइटा दिन बिती ❋ तेस्रो बियायो जसै ।
प्रातःकृत्य गरेर चीजहरु ठिक् ❋ पारिन् पुजाको तसै ॥

(३०)

सामग्रीहरु ली गएर बनमा ❋ यौटा बरैका मनी ।
लीपी गोबरले भुमी कन गरिन् ❋ राम्रो र चोखो पनी ॥
सावित्री[6] कन पुज्नलाइ उ बखत् ❋ सावित्रि मैयाँ तहाँ ।
लागिन् भक्ति समेत गर्न तिनले ❋ आवाहनादी वहाँ ॥

(३१)

सासूले दुइ - चार ब्राह्मणहरू ❋ ताहीं पठाई दिइन् ।
आए विप्र-समाज त्यै स्थल विषे ❋ सावित्रि खूशी भइन् ॥
खोली पुस्तक विप्रले वचन जो ❋ पूजाविधिको थियो ।
लागे पढ्न र पूजनै शुरु भई ❋ राम्रै समाप्ती भयो ॥

(३२)

पूजा देविजीको समाप्त हुन गै ❋ फेर् विप्रले त्यै घरी ।
लागे वेदि रचेर होम गरनै ❋ न्यूहेर स्वाहा गरी ॥
मैयाँले ब्रत साङ्ग्य होस् भनि तहीं ❋ आफ्ना भएका जती ।
जो थीए गहना झिकी कन दिइन् ❋ खूशी भए विप्र ती ॥

१ दिन । २ नुहाउने इच्छा भएकी । ३ चोखो भै । ४ ईश्वरीको । ५ पानी पनि नखाएर ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(३३)

देवीलाइ प्रणाम गर्दि नृपकी ❋ पुत्री उसै बीचमा।
फर्किन् आश्रम तर्फ हर्ष मनले ❋ पूगेर सासू कहाँ॥
पाऊमा शिर राखि दर्शन गरी ❋ तिन्ले प्रसादै पनी।
टक्रयाइन्[1] र लिएर खूशि ति भइन् ❋ धन्यै बुहारी भनी॥

(३४)

सासू भन्दि भइन् दया गरि निकै ❋ सावित्रिलाई तहाँ।
भोकी छौ दुलही गएर अब ता ❋ खाऊ फलादी वहाँ॥
व्रत्को साङ्ग्य भई गयो अब गई ❋ खानू निको ठान्दछू।
बूहारी[2]! तिमि मानुषी त नभई ❋ देवी भनी मान्दछू॥

(३५)

आज्ञा सासुजिको सुनी नृपसुता ❋ भन्छिन् म क्यै रात् बिती।
खाँली सासु! अवश्य यै दिन भरी ❋ क्यै खान्न भन्छू यती॥
त्यै बेला लिइ बञ्चरो बन तिरै ❋ जाने बखत् भो भनी।
मूमा नेर ति सत्यवान खुशि भै ❋ आएर भन्छन् अनी॥

(३६)

माताजी! बन जान्छु लीन समिधा ❋ आज्ञा मिलोस् जा भनी।
जाऊ बाबु! लिएर आउ समिधा ❋ बोलिन् मुमाले पनी॥
सावित्री तब सासुलाइ उ बखत् ❋ भन्छिन् मलाई पनी।
आज्ञा बक्सनुहोस् सँगै तिमि पनी ❋ जाऊ बनैमा भनी॥

(३७)

भन्छिन् ति सासू पनि एहि ताहाँ। पुत्री! दुःखै हुन्छ अरण्य[3] माहाँ॥
शक्ती रती छैन बहू[4]! अहीले। बीदा दिनू योग्य छ के मईले?॥

(३८)

भयो दिनै तीन व्रतै लिएर। बसेकि छौ प्यास[5] क्षुधा[6] सहेर॥
कसोरि सक्छयौ बन जानलाई। आश्चर्य लाग्यो बहुतै मलाई॥

(३९)

भन्छिन् बुहारी यति सूनि ताहाँ। बीदा मिलोस् भन्छु म फेरि याहाँ॥
इच्छा भई गो वन जानलाई। रोकी दिए पाप छ सासुलाई॥

१ दिइन्। २ दुलही। ३ वन। ४ बुहारो। ५ तिर्खा। ६ भोक।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(४०)

साह्रै आग्रह देखि रोक्न नसकी ❋ सासूजिले त्यै घरी ।
छोरालाइ भनिन् बुहारि सँगमा ❋ लैजाउ एही घरी ॥
माताका वचनै शिरोपर गरी ❋ सावित्रिलाई अनी ।
भन्छन् जाउँ प्रिये ! दुई जन सँगै ❋ हामी बनैमा भनी ॥

(४१)

काट्नेछू लकडी म ता हवनका ❋ खातिर् तिमीले पनी ।
पूजालाइ भनेर फूल टिपनू ❋ हेरेर राम्रो भनी ॥
लौ आऊ भनि सत्यवान् जब हिँडे ❋ मैयाँ पनी त्यै घरी ।
लागिन् खूशि भई पछाडि पतिकी ❋ मानू ति छाया सरी ॥

(४२)

बाटामा पतिले चिनाइ कन बोट् ❋ पत्ता र फूलै कती ।
सावित्री सँग हिंड्दथिन् बन विषे ❋ आनन्द मानी अती ॥
पूगे दम्पति गै अघोर वनमा ❋ बोल्थे चरा धेर् जहाँ ।
त्याहीं वृक्ष रहेछ एक बरको ❋ देख्दा पुरानू महाँ ॥

(४३)

चर्की घाम असह्य गर्मि हुन गै ❋ निस्क्यो पसीना कती !
पूरानू बरको छहारि हुन गो ❋ छाया दिने खुब् अती ॥
ताहीं नेर पुगी प्रिया कन तिनै ❋ भन्छन् पियारी ! यहाँ ।
बस्नू केहि थकाइ मार्नु बाँढया ❋ देख्छू छहारी महाँ ॥

(४४)

एती बात गरी प्रिया कन तहीं ❋ राखी छहारी मनी ।
आफू केहि बढी गए फल अनी ❋ ल्याऊँ समीधा भनी ॥
सोही वृक्ष मनी बसी नृपसुता ❋ सावित्रि मैयाँ पनी ।
लागिन् गर्न विचार प्राणपतिको ❋ आयो बखत् पो भनी ॥

(४५)

आँसू बग्न शुरू भयो मन-मनै ❋ भन्छिन् ति मैयाँ तहाँ ।
हे सर्वेश्वर ! विश्वनाथ ! म उपर् ❋ ठूलो विपत् पो यहाँ ॥
पर्नै भो ऋषि-वाक्यले[1] भय भयो ❋ सम्झी पतीको गती[2] ।
भिक्षा एति मलाइ बक्सनु हवस् ❋ बाँचुन् यि मेरा पती ॥

---

१ ऋषिका कुराले । २ अवस्था, दशा ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(४६)

आँपैका रुखमा चढी फलहरू ❀ ती सत्यवान्ले टिपे।
त्यै वेला त कपाल पो दुखि गयो ❀ तिन्को र ती आत्तिए॥
टिक्ने मुश्किल भै उसै बखतमा ❀ ओर्लेर चाँडो गरी।
आए राजकुमार प्यारि तिर पो ❀ उत्साह सारा मरी॥

(४७)

दूख्यो कपाल बहुतै कसरी अहीले।
थाहा थिएन यहि दर्द कभै पहीले॥
साह्रै असह्य[1] हुन गो कसतो दुखाई ?
तालू-मुखै पनि दियो यसले सुकाई॥

(४८)

एती भनी पति सुते तहिं भूमि माहाँ।
सावित्रिले सब बुझिन् हुनिहार ताहाँ॥
चाँडो गरेर पतिको शिरलाइ थामिन्।
आफ्ना नरम् जघनमा लगि चट्ट राखिन्॥

(४९)

पाएर बेस तकिया तिनलाइ ताहाँ।
निद्रा पऱ्यो सहज चाल् सँग भूमि माहाँ॥
भन्छिन् ति हा! पति सुते निंद लागि ऐले।
जाग्नन् कि के यिनि कभै यहि भन्छु मैले॥

(५०)

स्वामी सुते सकल सौख्य गयो हराई।
साँचो भयो सब कुरा ऋषिको मलाई॥
देवर्षिको वचन सत्य सबै भई गो।
सौभाग्य[2] नष्ट भइ भाग्य पनी फुटी गो॥

(५१)

गर्थिन् विलाप यसरी त्यहिं एक प्राणी।
आयो भयङ्कर लिइन् यमदूत ठानी॥
भन्छिन् हरे! जगत-रक्षक! दूत आई।
खोज्दो छ लान पतिको यहि जीवलाई॥

१ सही न-सक्ने। २ ऐश्वर्य।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(५२)

रक्षा गरी मम[1] पती कन नाथ ऐले ।
दीनोस् बचाइ प्रभु गर्दछु बिन्ति मैले ॥
सर्वज्ञता हजुरमा छ कती सुनाऊँ ?
ऐभाति भै कन हरे ! म त बस्न पाऊँ ॥

(५३)

एती भनेर तिनिले उहि बीच माहाँ ।
आकाशमा नजर दी कन झट्ट ताहाँ ॥
गर्दी भइन् जब त दर्शन हात जोरी ।
क्यै चित्त शान्त हुनगो अनि उत्ति खेरी ॥

(५४)

हेरिन् उतै तिर जता यमदूत थीयो ।
आएन सो नजर बीच कता हरायो ॥
लामू छ पाश[2] जसको करले समाई ।
देखिन् खडा तहिं थिए यमराज आई ॥

(५५)

सर्वाङ्ग सुन्दर त छन् यम तेजधारी ।
राँगो पनी त्यहिं रहेछ दिने सवारी ॥
सावित्रिले चिनि प्रणाम गरिन् र फेरी ।
भन्दी भइन् ति यमका मुख तीर हेरी ॥

(५६)

हे नाथ ! नाम कहनोस् किन आज आई ।
दीनू भयो सहज दर्शन लौ मलाई ॥
क्यै कार्य पो अरु थियो र कि यो बनैमा ।
पाल्नू भयो हजुर लाग्छ उदेक् मनैमा ॥

(५७)

यो जन्म ता सुफल भो प्रभुलाइ पाई ।
भेट्नू असम्भव छ ठान्छु हजूरलाई ॥
मीठा कुरा सुनि कृतान्त[3] खुशी भएर ।
भन्नू भयो बुझ तिमी यम हूँ भनेर ॥

१ भेटा । २ डोरी । ३ यमराज ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(५८)

आयुष्यको दिन सकी कन जौन प्राणी ।
मर्ला उसै कन त ल्याउन दूत छानी ॥
ताहीं पठाउँछु र दूत गएर हेरी ।
बाँधेर जीव कन ल्याउँछ है म नेरी ॥

(५९)

त्यै जीवको जति छ पुण्य र पाप मैले ।
हेरेर गर्दछु निसाफ पनी क्रमैले ॥
जो पुण्यवान्[1] छ उसलाइ लिनै भनेर ।
आऊनु पर्दछ सुन्यौ मइँले हिंडेर ॥

(६०)

प्रारब्ध भोग गरि आयु पुगेर ऐले ।
तिम्रा पती मरि गए अत एव तिम्ले ॥
मर्नू र जन्मनु बराबर हो भनेर ।
शोकादि त्याग गर दैवगती बुझेर ॥

(६१)

यति भनि यमले त्यै जीव पो खिच्नलाई ।
सहज सँग त छोडे कालपाशै उठाई ॥
गइ कन उसले झट् जीव बाँधेर लीयो ।
जिव पनि नजिकै त्यै देह छोडेर निस्क्यो ॥

(६२)

अंगुष्ठ[2] झैं अधिक सानु भएर मूर्ती ।
स्थूले शरीर सरिको अनुहार फूर्ती ॥
तेजस्वि सुन्दर थियो उहि जीवलाई ।
लीए तुरुन्त सँग बन्धनमा फँसाई ॥

(६३)

स्वामीको लिई प्राणमूर्ति जब ती ❀ पित्री - पती[3] त्यै घरी ।
रौंगो माथि चढी गए गगनको[4] ❀ बाटो लिई झट् गरी ॥
सावित्री पतिको धरेर शिर झट् ❀ भैंमा उठिन् त्यै घरी ।
लागिन् ती यमका पछी गगनको ❀ त्यै दिव्य बाटो धरी ॥

१ धार्मिक । २ हातको बुढी औंलो । ३ यमराज । ४ आकाशको ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(६४)

श्री धर्म भन्छन् तिनिलाइ हेरी । सावित्रि ! जाऊ नगरेर देरी ॥
क्रिया खसम्‌को[1] गर फर्कि जाई । के काम मेरो पछि लागि आई ॥

(६५)

उऋण[2] अब तिमी हौ स्वामिको ऋण देखी ।
किन यसरि नमानी हिंड्‌दछयौ लीइ शेखी ?
पति - ऋण तिरनू यो नारिको कार्य जानी ।
फरकि कन तिमीले जाउ लौ अर्ति मानी ॥

(६६)

सावित्रि भन्छिन् यमराजलाई । वियोगिनी भैकन बाँच्नलाई ॥
इच्छा मलाई रति छैन याहाँ । स्वामी त्यजी जाउँ म अन्त काहाँ॥

(६७)

जाहाँ यि जान्छन् उहिं जान्छु ऐले। छोड्छू पतीलाइ उसै म कैले ॥
यो प्रीतिको रीति सबै भुलाई । फर्केर जाँदा छ शरम् मलाई ॥

(६८)

मेरा पतीको लिइ प्राण ऐले । जानू भयो छोड्दछु साथ कैले॥
पानी विनाको नदि कोन अर्थ ? भर्ता मरेकी सति ठान्छु व्यर्थ ॥

(६९)

पति मृतक भएमा नारिले साथ लागी ।
सहगमन[3] सती भै जानु पो हुन्छ जाती ॥
म पनि उहि बमोजिम् हिंड्‌दछू देव ! आज ।
पति सित हिंडदामा मान्दछू के म लाज ? ॥

(७०)

सत्यैको बल भक्ति फेरि गुरुको ❋ प्रेमै पतिको अनी ।
शक्तीले व्रतको र कृत्य निजको ❋ भेटै हजुर्‌को पनी ॥
यी मेरा सँग भै गती हुन गयो ❋ मेरो अपूर्वै यहाँ ।
कोही रोक्न मलाई सक्तछ कहाँ ❋ आकाश - मार्गै महाँ ॥

---

१ स्वामीको । २ कर्जातिरी देऊ । ३ सँगलागी जानू ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(७१)

बिग्रन्छ बुद्धि किन सोहि छ साथ मेरै।
जाला कहाँ सुकृतिको[1] पनि जन्म खेरै॥
हाजीर ईश्वर छ ता सब सम्रि जाला।
छोड्नुन्छ जीव पतिको प्रभु एक पाला॥

(७२)

बस्नू ता गृहि[2] भै यही जगतमा ❋ देखिन्छ राम्रो अती।
जस्को ता मन छैन आफ्नु वशमा ❋ सम्पन्न कैल्यै मती॥
जस्को बुद्धि खराब भो उ त पछी ❋ बिग्रन्छ नष्टै भई।
धर्मैं थामि रहन्छ जो त उसको ❋ बिग्रन्न लोकै दुई॥

(७३)

चारै आश्रम छन् यही जगतमा ❋ ती मध्य श्रेष्ठै पनी।
जान्नू आश्रम हो गृहस्थिहरुको ❋ भन्छन् तपैका धनी॥
ब्रह्मचर्य लिएर इन्द्रिय जिती ❋ को सक्छ बस्ने यहाँ?
बेगै इन्द्रिय आदिको दमन पो ❋ को गर्छ संसारमा॥

(७४)

संन्यासी हुनु झन् कठोर व्रत हो ❋ संन्यस्त गाह्रो भनी।
भन्छन् पण्डितले घरै-घर डुली ❋ भिक्षा बटुल्दा पनी॥
धातू छुनु हुँदैन अग्नि कन ता ❋ हूँदैन छूनू यहाँ।
माग्नू पर्छ मधूकरी घर घरै ❋ ज्यान् राख्न खातीरमा॥

(७५)

गर्नू पर्छ त्रिकाल स्नान नदिमा ❋ सूर्यार्घ्य दी प्रेमले।
चोखो भै कन बस्नुने निशिदिनै ❋ संन्यासिले नेमले॥
चर्चा हर्घडि धर्मकै गरनु यो ❋ संन्यासिको धर्म हो।
संन्यासी भइ गर्नु मन् परि खुबै ❋ यै बात हो शर्मको॥

(७६)

जो वानप्रस्थ भनिने पनि आश्रमै ता।
गाह्रो छ धर्म भनुँ के उ छँदै छ थाहा॥
गार्हस्थ्य धर्म छ असल् सजिलो र जाती।
बिग्रन्न कोहि पनि धर्म यही समाती॥

१ धर्मात्माको। २ गृहस्थी।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(७७)

पर्ला दया गरनु पो सब्ब जीव माथी ।
पर्ने पुकार्नु हरि रात्रि टुटेर जागी ॥
शुद्धै गराइ कन चित्त र देहलाई ।
बस्नू छ जाति गृहि भै कन कीर्ति छाई ॥

(७८)

सावित्रिका वचन एति सुनेर ताहाँ ।
श्री धर्मले कहनु भो उहि बीच माहाँ ॥
हे रानि ! खूशि म भएँ वर-दान लेऊ ।
मन् सुब्[1] छ कुन् हृदयमा उ बताइ देऊ ॥

(७९)

जे माग्दछ्यौ उहि म दिन्छु अवश्य ऐले ।
जीवै म दिन्न पतिको तिमिलाइ कैह्ले ॥
आयू सकी कन सुते निंद घोर लागी ।
उठ्छन् कहाँ अब तिनी निंदबाट जागी ? ॥

(८०)

छोडी पती अरु तिमी वरदान लेऊ ।
जिद्दी गरी म कन कष्ट वृथा नदेऊ ॥
तिम्रा सुधा[2] सरि कुरा सुनि खूशि लाग्यो ।
लेऊ म सीत अरु जो मनले त माग्यो ॥

(८१)

आज्ञा सुनेर मन बीच गमेर ताहाँ ।
भन्छिन् ति राज-बधुले उहि बीच माहाँ ॥
हे देव ! शत्रुहरुले जिति राज्य लीए ।
कङ्गालि पारि ससुरा कन कष्ट दीए ॥

(८२)

आँखा पनी सकल तेज हराइ मन्द ।
हूँदा भए फुटि गए सरि देख्छु बन्द ॥
आँखा खुलुन् र ससुरा सब देखन पाउन् ।
श्रीधर्मराज ! प्रभुको यश कीर्ति गाउन् ॥

---

१ मनको इच्छा । २ अमृत ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(८३)

भन्नू भो यमराजले पनि तहीं ❋ दीएँ वरै लौ उही ।
तिन्को नेत्र अवश्य खुल्छ पहिल्यै ❋ जस्तो त दृष्टी भई ॥
तिम्रो खातिरि गर्न त्यै वर दिएँ ❋ तिम्रा ससूरा कन ।
जाऊ फर्कि खुशी भएर अब ता ❋ आकाश छोडी बन ॥

(८४)

तिन्लाई वर एति दी यम हिंडे ❋ राँगो हँकाई जसै ।
सावित्री तब भन्दछिन् पछि-पछी ❋ लागेर फेरि तसै ॥
दीनू भो प्रभुले वरै तर पनी ❋ यै बिन्ति गर्छू यहाँ ।
स्वामी सीत बिछोड् भई गृहिणि[1] कुन् ❋ बस्छे र संसारमा ॥

(८५)

राम्रो संगति हो भनेर भवमा[2] ❋ भन्छन् यि जान्नेहरू ॥
पाई संगतिनै असल् अधम ता ❋ पारी तरे धेर् अरू ॥
भेटै सज्जन सीत गर्नु बढिया ❋ तिन्का सँगैमा अनी ।
मैत्री[3] हूनु बडो निको भनि बडा ❋ भन्छन् ति जान्ने पनी ॥

(८६)

भेटै सज्जनको त निष्फल कभै ❋ हूँदैन भन्छू म ता ।
होला है सुफलै उ भेट सहजै ❋ साँचो छ एही कुरा ॥
भेट् गर्ने जनको मनोरथ पुगी ❋ दुःखादि जान्छन् सबै ।
प्रारब्धै पनि जान्छ बन्छ सब थोक् ❋ बिघ्नन्न केही कबै ॥

(८७)

यम पनि यति सुन्दा भन्दछन् देवि ! आज ।
अरु वर तिमि लेऊ क्यै न मानेर लाज ॥
पति बिनु अरु दिन्छू माँगिल्यौ फेरि अर्को ।
सुमुखि ! वचन तिम्रो लागि गो खूब नीको ॥

(८८)

यति सुनि कन भन्छिन् झट्ट सावित्रि ताहाँ ।
प्रभु सित वर दोस्रो बिन्ति गर्छू म याहाँ ॥
समर[4] गरि ससूरालाइ मेरा हराई ।
अरिहरु भइ जेता बस्दछन् राज्य पाई ॥

१ स्त्री । २ संसारमा । ३ मित्रता । ४ युद्ध ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(८९)

विभव[1] सहित तिन्ले राज्य पाउन् तुरन्त ।
दुःखहरु सब तिन्का नष्ट होउन् कृतान्त[2] !
द्वितिय वर यही हो एहि पाऊँ म याहाँ ।
हजुर सरि दयालू कौन छन् देव माहाँ ॥

(९०)

विभव सहित मैले राज्य दीएँ समस्त ।
गरि कन अब राज्यै सौख्य गर्नन् प्रशस्त[3] ॥
स्वसुर कन त तिम्रा भाग्य दीएँ जगाई ।
अब तिमि पनि जाऊ आफ्नु मन्सूब पाई ॥

(९१)

यति भनि कन राँगोलाइ केही बढाए ।
पछि-पछि तिनि लागिन् देखि केही डराए ॥
यम कन तिनि भन्छिन् न्याय गर्ने हुँदामा ।
हजुर प्रभुकि कीर्ति व्याप्त छन् लोक माहाँ ॥

(९२)

गरि कन शुभ न्यायै न्यायवानै कहाई ।
सुर - नर सब मान्छन् धर्मलाई सहाई ॥
जगत भरि हजुर्कै चल्छ देख्छू दुहाई ।
हृदय जलन लाग्यो स्वामिको भै जुदाई[4] ॥

(९३)

म त छु कछु नजान्ने छैन बुद्धी मलाई ।
गरिन जनमि मैले कत्ति केही भलाई ॥
सदय हुनु सबैमा क्रोधलाई हटाई ।
असल सब कहन्छन् मानुषी[5] जन्मलाई ॥

(९४)

यस्ता वाक्य सुनेर फेरि यमले ❋ भन्छन् म खूशी भएँ ।
तिम्रो बोलि मिठो र सार सतिको ❋ सूनी रमाई गएँ ॥
जस्लाई छ तृषा उ नीर[6] कन पो ❋ पाएर चीसो अती ।
जत्तीको खुशि हुन्छ सोहि रितले ❋ उस्तै छ मेरो गती ॥

१ ऐश्वर्य । २ यमराज । ३ धेरै । ४ विछोड । ५ मानिसको । ६ जल ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(९५)

तेस्रो ल्यौ वर माँग फेरि तिमिले ❀ दिन्छू म ऐहे यहाँ ।
जो माँगे पनि दिन्छु दिन्छु सहजै ❀ प्राणै पतीको कहाँ ?
सावित्री पनि भन्दछिन् उहि बखत् ❀ मेरा पिताका पनी ।
छैनन् पुत्र कुनै हजूर दिनु होस् ❀ सौ भाइ छोरा गनी ॥

(९६)

सावित्री चुप भै गइन् यहि भनी ❀ के हुन्छ मर्जी भनी ।
भन्छन् श्रीयमले शुभे ! वर उही ❀ दीएँ दयालु बनी ॥
रानी मालविका सुपुत्र बलवान् ❀ सौ भाइ छोरा रही ।
इच्छा पूर्ण हुनेछ जाउ घरमा ❀ फर्कैर खूशी भई ॥

(९७)

फर्कि जाउ अब जिद्दि[1] नलेऊ । साथ लागि कन दुःख नदेऊ ॥
पृथ्वि बाट तिमि छौ अति टाढो । फर्क जाउ सुमुखी ! अब चाँडो ॥

(९८)

भन्छिन् ति रानि तब आँसु चुहाइ ताहो ।
हे नाथ ! स्वामि कन छोड्दछु आज काहाँ ?
प्रीती बढेर मनमा सुर-शुद्धि गै गो ।
दुर्भाग्यले म कन मर्नु न बाँच्नु भै गो ॥

(९९)

टाढा छ पृथ्वि भनि मर्जि भयो मलाई ।
मान्दीन दूर म न ता छ रती थकाई ॥
जानू परोस् त अझ दूर म सक्छु जान ।
स्वामी त्यजेर रहनू दुःख हो महान[2] ॥

(१००)

पाएँ हजूर कन देव समस्त[3] माहाँ ।
ठूला दयालु भनि जान्दछु एति याहाँ ॥
श्रीसूर्य - पुत्र हुनुहुन्छ गरी निसाफै ।
न्यायी प्रसिद्ध जगमा हुनुहुन्छ आफैं ॥

---

१ ढिपी । २ ठूलो । ३ सबै ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(१०१)

नामै पती अधिक छन् प्रभुका मलाई ।
मालूम छैन अबला[1] म छु चाल् नपाई ॥
श्रीधर्मराज यमराज कृतान्त काल ।
श्री पितृका पति र अन्तक भक्तपाल ॥

(१०२)

भ्राता भनेर यमुना नदिका मलाई ।
थाहा छ न्याय गरने गरदै भलाई ॥
गर्छन् सुरासुर मनुष्य नती[2] हजुर्को ।
छन् प्वाँख ता मुकुटमा बढिया मुजुर्को ॥

(१०३)

घाऊ भयो हृदयमा[3] अति चोट पाई ।
लागेकि प्रीति छुटि प्रीतम पो गुमाई ॥
यो घाउ पुर्न मलहम् कुन देव देला ?
ऐह्ले हजुर् खुशि भए शुभ हुन्छ बेला ॥

(१०४)

कस्लाइ दोष दिनु दोष् अरुको छ काहाँ ?
दुर्भाग्यले सहित भै कन भन्छु याहाँ ॥
पाई हजूर कन हा ! पति-हीन हूनू ।
दुर्भाग्यले ठगिन गै कति काल रूँनू ॥

(१०५)

विश्वास खोल्नु न कभै भनि पण्डितैले ।
भन्छन् तथापि प्रभुजी ! म त दुःखिनीले ॥
पाएर दर्शन कृतार्थ हुँली भनेर ।
पर्छू प्रभो ! शरणमा मनले गमेर ॥

(१०६)

जो सज्जनै छ उपकार गरेर हिंड्ला ।
जो दुष्ट हो उ त बखत् परि झट्ट गिंड्ला[4] ॥
देखेर सज्जन हजुर् कन हाल् बताएँ ।
होला दया कि भनि दुःख सबै जताएँ ॥

---

१ स्त्री जाति । २ नमस्कार । ३ मुटुमा । ४ शिर काटी देला ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(१०७)

अनाथिनी हो भनि एक पाली । हेर्नू हवस् दिव्य दया निकाली ॥
सामर्थ्यवान् छौ प्रभु ! एक फेरा । इच्छा पुऱ्याई दिनुहोस्‌न मेरा ॥

(१०८)

भन्छन् श्रीयमराज विघ्न खुशि भै ❋ सावित्रि! कुन् चाल् लियौ।
वार्ता[1] सज्जनको गरेर तिमिले ❋ यो चित्त गाली[2] दियौ ॥
चौथो वर् अब माँगि लेउ तिमिले ❋ दिन्छू म लौ यस् घरी।
ज्यान् आफ्ना पतिको नमाँगि अरु क्यै ❋ माग्नू चटाकी[3] गरी ॥

(१०९)

आज्ञा यो यमराजको सुनि सकी ❋ सावित्रि भन्छिन् तहाँ।
माँगूँ कुन् वर देव ! माग्नु परदा ❋ मान्छू शरम् चित्तमा ॥
आज्ञा लङ्घन गर्नलाइ नहुने ❋ त्यस् निम्ति बिन्ती यही।
गर्छू पुत्र सये जना म कन हुन् ❋ मै देखि जन्मै लिई ॥

(११०)

माँगिन् यो तिनिले जसै यम पनी ❋ अत्यन्त गद्गद् भई ।
भन्छन् हुन्छ दिएँ सये सुतहरु ❋ तिम्लाई खुशी भई ॥
ए मैयाँ ! तिमि धन्य छौ सुखि रहू ❋ सौ पुत्र पाई यहाँ ।
भोगी राजसि सौख्य बस्नु तिमिले ❋ खुशी हुँदै चित्तमा ॥

(१११)

जम्मा चार वरै दिएँ अब तिमी ❋ फर्की ससूरा कहाँ ।
जाऊ सद्गति[4] स्वामिको गर अबेर् ❋ भै गो म देख्छू यहाँ ॥
ज्यूँदै जानु हुँदैन हे यमपुरी ❋ जान्छन् ति मर्नेहरु।
एकै कोश छ बाँकि पुग्न अहिले ❋ धेरै कुरा के गरूँ ॥

(११२)

खुशी भै अलि हाँसि राजतनया[5] ❋ सावित्रिले त्यो घरी।
जोरी हात भनिन् म एक्लि कसरी ❋ जाऊँ जमिन्‌मा झरी ?
स्वामीलाइ न ली कसोरि अहिले ❋ जाऊँ म पृथ्वी महाँ ?
श्रीमान्‌का सँग स्वामि छन् र म पनी ❋ हिंड्दीछु साथै यहाँ ॥

---

१ कुरा । २ गलाई दियो, पगाली दियो । ३ चाँडै । ४ अन्त्येष्टि । ५ राजाकी छोरी ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(११३)

जो हुन् सज्जन लोकमा उ त कभै ❋ बिर्सेर गप्फी बनी ।
मिथ्या वाक्य नबोलि सत्य वचनै ❋ बोल्छन् ति जैले पनी ॥
बोलेको छ कुरा जउन् तिनि सदा ❋ सोही पुऱ्याई यहाँ ।
बस्छन् सज्जनमा गराइ गिनती ❋ यै विश्व - संसारमा ॥

(११४)

मीठो कुरा मिसरि झैं जब सुन्न पाए ।
खुशी भएर यमले मनमा सहाए ॥
भन्छन् सती ! नृप-वधू ! वर माँग केही ।
जो भन्दछ्यौ अब पुऱ्याउँछु बात तेही ॥

(११५)

यति वचन सुनेकी देविले केहि हाँसी ।
मधुर वचन बोल्छिन् बात सोही निकासी ॥
जिव कन अब दीनोस् पाश देखी फुकाई ।
सहज सँग म माग्छु धर्मजी[1]की दुहाई ॥

(११६)

खूशी भै कन पुत्र सौ दिनु भयो ❋ यो दासिलाई यहाँ ।
कुन् चाल्ले गरि पाउनू सुतहरू ❋ स्वामी नभै साथमा ?
पुत्री हूँ म कुलीनकी[2] पति बिना ❋ कस्तो प्रकारे गरी ।
पाऊँ पुत्रहरू तसर्थ दिनुहोस् ❋ स्वामी तिनै यस् घरी ॥

(११७)

सत्यै होस् प्रभु-वाक्य लौ अब पती ❋ निद्रा टूटी यै घरी ।
जागुन् आयु समेत दीर्घ[3] हुनगै ❋ ब्यूँझी उठे झैं गरी ॥
ऐभात् एहि अटल् रहोस् अब उपर् ❋ ऐभाति भै लोकमा ।
स्वामीका सँग भै बिताउँ दिन खुब् ❋ आफ्नो गई देशमा ॥

(११८)

यस्ता कुरा सुनि अलीकति हाँसि ताहाँ ।
भन्दा भए यम पनी उहि बीच माहाँ ॥
कल्याणि ! खूशि म भएँ दुःख क्यै नपाऊ ।
तिम्रा पती अब म दिन्छु लिएर जाऊ ॥

---

१ धर्मराजको । २ उच्च जातकी । ३ लामू ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(११९)
तिम्रो पति-व्रत नजर् गरि आज याहाँ ।
यो चित्त गद्गद् भयो तिमिलाइ काहाँ ॥
दुःखी गराउँछु ! सुन्यौ सुख पाउ भारी ।
सेवा गरेर पतिको बन दिव्य - नारी ॥

(१२०)
सावित्रि ! धन्य ! तिमिलाइ म धन्य मान्छू ।
तिम्रो सतीत्व कन दिव्य भनेर ठान्छू ॥
साध्वी[1] थियौ र पतिलाइ जियाइ दीयौ ।
शीला[2] भई म कन आज हराइ दीयौ ॥

(१२१)
जीत्यौ मलाइ तिमिले म त हार मान्छू ।
स्वामी दिएर तिमिलाइ म जाइ जान्छू ॥
आनन्दले रहु तिमी सुख राज्य भोगी ।
आराम साथ रहु हूनु परैन[3] रोगी ॥

(१२२)
एती भनेर यमले उहि बीच माहाँ ।
छोडी दिए जिव थियो जुन पाश माहाँ ॥
भन्छन् शुभे ! वन गई कन स्वामिलाई ।
चाँडै जगाउ तिमिले अति प्रेम छाई ॥

(१२३)
आज्ञा दिएर यम फर्कि गए जसै ता ।
सावित्रिले सुनि प्रसन्न भई तसै ता ॥
आकाशमार्ग कन छोडि पुगी बनैमा ।
देखिन् पती कन अगाडि त्यहीं जमिन्मा ॥

(१२४)
निद्रामा ति थिए सुतेर रहने ❋ देखिन् र स्वामी तहाँ ।
चाँडै गै शिर जाँघमा धरि लिइन् ❋ खूशी भई चित्तमा ॥
भन्छिन् बाहुलिले[4] समाति चिउँडो ❋ स्वामिन् ! बियाँलो भयो ।
जागा हूनु हवस् सुतेर रहँदा ❋ बेला बहूतै गयो ॥

१ पतिव्रता । २ शील मपकी । ३ परोइन । ४ हातले ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(१२५)

एसै औसरमा गएर जिव त्यो ❋ पस्दो भएथ्यो जसै ।
जागा भै कन सत्यवान् उठि बसे ❋ मीचेर आँखा तसै ॥
भन्छन् हेरि पियारिलाइ निजले ❋ हे प्यारि ! बेर् भो अती ।
सूतेंछू म त बेर् गरी बन महाँ ❋ ठण्डा हुनाले यती ॥

(१२६)

ऐह्ले दर्द[1] मलाइ छैन शिरमा ❋ चङ्गा छ जीऊ पनी ।
पैह्ले दर्द थियो असह्य र सुतें ❋ मुर्दा सरीको बनी ॥
जाऊँ लौ अब ता तपोवन विषे ❋ पुष्पादि[2] ली ये घरी ।
पोकोमा[3] समिधा छ राख्छु शिरमा ❋ लौ आउ चाँडो गरी ॥

(१२७)

प्यारीलाइ यती भनेर ति उठी ❋ बोकेर पोको पनी ।
फूलैको पनि झोलि झट्ट तिनले ❋ दींदा भए लौ भनी ॥
खूशी भै कन झोलि ली कन हिंडिन् ❋ साथै पतीका तिनी ।
हर्षैले मन गद्गदै हुन गई ❋ रोमाञ्च[4] भै गो अनी ॥

(१२८)

आफैं भूपतिका[5] खुले नजर ती ❋ आश्चर्य भै गो तहाँ ।
उत्ती खेरि पुगेर मन्त्रिवरले ❋ बिन्ती चढाए वहाँ ॥
राजन् ! भागि गए अरीगण[6] हरू ❋ ठूलो डरैमा परी ।
पाल्नू होस् अब राज्यमा सब जना ❋ हात्ती सवारी गरी ॥

(१२९)

यस्तो बिन्ति सुनेर हर्ष हुन गै ❋ भन्छन् ति राजा पनी ।
भोली त्यस् तिर जाउँला सब जना ❋ जानै असल् हो भनी ॥
सोही औसरमा ऋषीश्वरहरू ❋ आए कुटीमा जसै ।
भन्छन् भूपति सत्यवान् कन तहीं ❋ सम्झेर चाँडो तसै ॥

(१३०)

मेरा पुत्र - बुहारि जङ्गल गई ❋ आऊन बेर् भै गयो ।
आत्तीयो मन के गरूँ बन विषे ❋ कुन् हेतुले बेर् भयो ॥
भन्छन् नारदजी उसै समयमा ❋ तिन्का अगाडी गई ।
राजन् ! धन्य बुहारि हुन् हजुरकी ❋ देवी सरीकी भई ॥

१ पीडा । २ फूलहरू । ३ गठरीमा । ४ आङ् जुरुक्क गर्‍यो । ५ राजा द्युमत्सेनका । ६ बैरिहरू ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(१३१)

राजा र रानी इ कुरा सुनेर । सोद्धा भए हर्ष विषे परेर ॥
कुन् हाल भो देव ! म सुन्न पाउँ । छोरा-बुहारी कन लीन जाऊँ ॥

(१३२)

भन्छन् नारदजी दुवै जनहरू ❋ सोझै बनैमा गई ।
आयू पूर्ण भयो कुमार ति सुते ❋ साह्रै थकित् झैं भई ॥
एसै औसरमा पठाइ यमले ❋ दूतै[1] त आयो जसै ।
साध्वीको अति तेज देखि उ गयो ❋ फर्केर भागी तसै ॥

(१३३)

गै गो सो यमदूत फर्कि जब ता ❋ श्री धर्मराजे अनी ।
आई प्राण खिची लिएर तिनिको ❋ बाँधेर लीए पनी ॥
एती काम गरी हिंडे र ति पनी ❋ तिन्कै पछाडी गइन् ।
बिन्ती - भाउ गरेर श्रीयम कनै ❋ खूशी तुल्याई लिइन् ॥

(१३४)

खूशी भै वर पाँच बक्सनु भयो ❋ श्रीधर्मले[2] लौ भनी ।
यौटाले त नजर् खुले हजुरका ❋ पैह्ले सरीका बनी ॥
दोस्रोले सब राज्य पो हजुरको ❋ माँगिन् तिनैले तहाँ ।
तेस्रो ली वर भाइ सौ पनि लिइन् ❋ आकाशका मार्गमा ॥

(१३५)

आफूलाइ त पुत्र सौ पनि लिइन् ❋ चौथा वरैले गरी ।
पाँचौं ता वर ल्यौ भने र तिनिले ❋ तिन्का अगाडी परी ॥
मेरा स्वामि मलाइ देउ यहि पो ❋ माँगिन् र खूशी भए ।
सावित्री कन सत्यवान् ति यमले ❋ तत्काल[3] सुम्पी दिए ॥

(१३६)

नृपवर[4] तब भन्छन् धन्य ! मेरी बुहारी ।
सतिहरु सब मध्ये श्रेष्ठ हुन् ती कुमारी ॥
यम कन खुशि पारी ज्यान् पतीको बचाइन् ।
यति गरि ससुराको राज्य दौलत दिलाइन् ॥

---

१ यमदूत । २ श्रीयमराजले । ३ त्यै बेला । ४ राजा द्युमत्सेन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(१३७)

ऋषिहरु पनि भन्छन् धन्य हुन् ती कुमारी ।
भुवन भरि तिनी हुन् एक आदर्श[1] नारी ॥
पति - व्रत गरि तिन्ले धन्य खूबै कहाइन् ।
जगत भरि सतीमा नाम ठूलो कमाइन् ॥

(१३८)

यस्तै कुरा ति गरथे कुटिमा बसेर ।
श्रीसत्यवान् सहित पत्नि त्यहीं पुगेर ॥
ढोगै दिए शिर धरी कन पाउ माहाँ ।
आशिष् दिए सकलले तिनिलाई ताहाँ ॥

(१३९)

सावित्रिले सब भनिन् ति कुरा सुनाई ।
खूशी भए सब जना उहि सुन्न पाई ॥
वार्ता[2] गरी कन बित्यो उ समग्र[3] रात ।
वाहाँ पछी हुन गयो रविको प्रकाश ॥

(१४०)

सामन्त[4] साथ लिइ ती ऋषिलाई छोडी ।
आए स्व-राज्य तिर भूपति ती अजोडी ॥
राज्याभिशेष हुन गो अनि सत्यवान्को ।
आनन्द भो नगरमा सहजै महान्को[5] ॥

इति सावित्री-सत्यवान् चरित्र

(१)

यो राम्रो इतिहासको श्रवणले ❋ श्रोता थिए जो जती ।
लागे गर्न खुशी भएर सह्नी ❋ सावित्रिजीको अती ॥
त्यै बेला कुटिमा अली पर बसी ❋ रानी दुईटी पनी ।
लागे गर्न कुरा परस्पर खुबै ❋ यस्ता तबर्ले अनी ।

१ श्रेष्ठ । २ कुरा । ३ सबै । ४ मन्त्रिगण । ५ ठूलो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

द्रौपदी-सत्यभामा-संवाद

(२)

सोधिन् द्रौपदिलाइ त्यै समयमा ❋ श्री सत्यभामाजिले[1]।
तेजस्वी पति पाँचलाइ वशमा ❋ पाऱ्यौ कउन् रीतिले ?
देख्छू द्रौपदि ! खूशि छन् पतिहरू ❋ तिम्रा उपर् हर् घडी।
गर्छन् प्रेम ति एकनास सितको ❋ माया बहूतै गरी ॥

(३)

लायौ मोहनिनै अवश्य तिमिले ❋ यै ठान्दछू है म ता।
स्वामीलाइ सिकाइ देउ वशमा ❋ राखी लिने काइदा ॥
चाहन्छू वश गर्नलाइ म पनी ❋ श्रीकृष्णलाई यहाँ।
यस्तो व्यङ्ग्य[2] कुरा सुनेर तिनिको ❋ पाञ्चालि भन्छिन् तहाँ ॥

(४)

स्वामीलाइ सदैव राख्न वशमा ❋ हे सत्यभामे ! कहीं।
गाह्रो छैन फगत् बुझी हृदयको ❋ इच्छा उनैको उही ॥
गर्नू पर्दछ कार्य त्यै गरि दिए ❋ हुन्छन् प्रसन्नै पती।
सौताको रिस गर्नु हुन्न कहिल्यै ❋ आफ्नू बिगारी मती[3] ॥

(५)

रूखो बोलि त बोल्नु हुन्न मनमा ❋ शान्ती रहोस् है सधैं।
अर्काका पतिको नहेर्नु मुखमा ❋ व्यर्थै नबोल्नू उसै ॥
कोठा बैठक खोपि सुग्घर रहुन् ❋ बस्ने हवेली पनी।
लीपी-पोति सफा रहोस् कहिं पनी ❋ मैलो नहोस् क्यै पनी ॥

(६)

सौभाग्यादि जनाउने ति गहना ❋ उस्तै लुगा पैह्रनू।
कोरी - बाटि कपाल नेत्र द्वयमा[4] ❋ गाजल् पनी लाउनू ॥
मीठो बोल्नु सदैव दुःख-सुखमा ❋ चिन्ता नगर्नू रती।
वेश्या पातरको न सँग गरनू ❋ खूशी हुनेछन् पती ॥

---

१ श्रीकृष्णजीकी रानी। २ बाङ्गो। ३ बुद्धि। ४ दुईमा।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(७)

एही हो कुल-धर्म थाम्नु परने ❋ यस्ता ति धर्महरू ।
जानेकी छु र गर्दछू उहि कुरा ❋ धेरै भनूँ के अरू ?
यस्तो वाक्य सुनेर द्रौपदिजिको ❋ फेर् सत्यभामा पनी ।
भन्छिन् क्यै नरिसाउ जान मइँले ❋ ठट्टा गरेको भनी ॥

(८)

बोलिन् द्रौपदिले म ता हजुरको ❋ गर्छू प्रशंसा अती ।
साक्षात् श्रीभगवान कृष्ण कन ता ❋ पाई लिनू भो पती ॥
नारीले व्रत-तीर्थ-दान-जप फेर् ❋ ठूलो तपस्या गरी ।
जो पाइन्छ फलादि प्राप्त ति हुनन् ❋ सेवा पतीको गरी ॥

(९)

यस्ता बात सुनी प्रसन्न बहुतै ❋ ती सत्यभामा भइन् ।
गद्गद् भै कन हर्षले ति कन ता ❋ धन्यै रहीछौ भनिन् ॥
जानू भो हरि द्वारिका-नगरिमा ❋ श्रीसत्यभामा लिई ।
आएका सब यादवै हिंडि गए ❋ साथी उनैका भई ॥

दुर्योधन-बन्धन तथा उन्मोचन

(१)

मार्कण्डेय ऋषी बिदा भइ गए ❋ ती पाँच भाइहरू ।
रानी द्रौपदि बस्दथे वन महाँ ❋ साथी थिए धेर् अरू ॥
बस्थे कौरव हस्तिनापुर विषे ❋ सानन्दले राज्यमा ।
श्री दुर्योधनलाइ कर्ण शकुनी ❋ भन्छन् ति एकान्तमा ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(२)

हे राजन् ! अहिले ति पाण्डवहरू ❀ साथै ति कृष्णा[1] पनी ।
घुम्दै छन् वन - द्वैतमा उदरका[2] ❀ खातिर् भिखारी बनी ॥
श्रीमान्‌ले अब लश्करै हय[3] गजै[4] ❀ पाल्की रथादी लिई ।
साथै श्री पटरानिलाइ सखिका ❀ साथै गराई दिई ॥

(३)

देखाई दिनु बेस हुन्छ निजको ❀ ऐश्वर्य ताहीं गई ।
पाऊँछन् अपमानको त बदला ❀ तिन्‌ले त दुःखी भई ॥
यस्ता बात सुनेर द्वैत-वनमा ❀ गोठ् हेर्न जान्छौं भनी ।
आज्ञा श्री धृतराष्ट्रको पनि लिए ❀ दुर्योधनैले अनी ॥

(४)

सेना केहि र हात्ति पाल्कि रथ फेर् ❀ रानी सखी घेर् लिई ।
श्री दुर्योधन मित्र-मण्डलि[5] समेत् ❀ हिंड्दा भए खुश् भई ॥
आई त्यै वन बीच पालहरु घेर् ❀ टाँगेर डेरा गरे ।
ताहीं एक तलाउ सुन्दर निकै ❀ देखेर छक्कै परे ॥

(५)

सोही एक रहेछ है जल-क्रिडा ❀ गर्नै ति गन्धर्वको[6] ।
आएछन् तहिं स्नान गर्न सहसा ❀ ऊडेर गन्धर्व पो ॥
तिन्‌का मालिक एक चित्ररथ पो ❀ नाऊँ भएका थिए ।
तिन्‌ले कौरवको समाज नजिकै ❀ तत्काल देखी लिए ॥

(६)

ती दुर्योधनलाइ चित्ररथले ❀ भन्छन् यही पोखरी ।
गन्धर्वौंहरुको भनेर बुझिलयौ ❀ मानीसको क्यै गरी ॥
न्वाहूने हक छैन एहि सरमा ❀ त्यस् निम्ति तिम्‌ले पनी ।
डेरालाइ हटाउ जाउ वनमा ❀ अन्यत्र जान्छू भनी ॥

(७)

ती दुर्योधन भन्दछन् यति सुनी ❀ बुद्धी कता पो गयो !
पृथ्वी-लोक विषे छ पो सर[7] भने ❀ तिम्रो कसोरी भयो ?
सोही बात हुदै कचिङ्गल बढी ❀ भै गो लडाईं पनी ।
ती दुर्योधनलाइ चित्ररथले ❀ पक्के त तुच्छै गनी ॥

१ रानी द्रौपदी । २ पेटका । ३ घोडा । ४ हात्ती । ५ मित्रहरू । ६ देवयोनि विशेष । ७ पोखरी ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(८)

पक्षी बाँधि लिएर कैद ति भए ❋ शक्ती नपुग्दा महाँ ।
आयो क्रुद्ध भई गदा लिइ ठुलो ❋ दुःशासनै फेरि तहाँ ॥
त्यस्लाई पनि दौडि चित्ररथले ❋ छाती विषे लात् दिए ।
लोटेथ्यो जब पक्षि त्यस् कन पनी ❋ तत्काल बाँधी लिए ॥

(९)

रीसाई कन कर्णले सकल त्यो ❋ सेना तयारी गऱ्यो ।
लड्नैलाइ भनेर चित्ररथका ❋ सामू अगाडी सऱ्यो ॥
त्यागी मोहन अस्त्र चित्ररथले ❋ सेना सुताए अनी ।
कर्णैलाइ तुरुन्त दिव्य - शरले ❋ घायल् गराए पनी ॥

(१०)

घायल् भै कन शक्तिहीन हुन गै ❋ त्यो कर्ण भागी गयो ।
केही दूर गएर कोहि रुखमा ❋ लुकेर बस्दो भयो ॥
रानी कौरवका सखीहरु सबै ❋ ती दास-दासी पनी ।
लागे रूँन-कराउनै शिविरमा[1] ❋ आपत्ति आयो भनी ॥

(११)

त्यो दुर्योधनलाइ चित्ररथले ❋ भाई समेतै गरी ।
बाँधी कैद गरी लिए दश दिनै ❋ बीतेछ बन्धन् परी ॥
भाग्यो कर्ण परास्त भै समरमा ❋ रुन्छन् ति रानी भनी ।
सुन्नू भो र खबर् युधिष्ठिरजिमा ❋ लागेछ चिन्ता अनी ॥

(१२)

भाई अर्जुनलाई धर्म-सुतले ❋ भन्नू भयो झट् तहाँ ।
श्री दुर्योधनलाइ चित्ररथले ❋ पारे थुनूवा यहाँ ॥
भन्ने सुन्दछु भाइ ! जाउ अहिले ❋ तिन्लाइ तिमीले गई ।
कैदै बाट छुटाइ ल्याउ सहजै ❋ गन्धर्व - जित्ने भई ॥

(१३)

विन्ती अर्जुनले गरे हजुरको ❋ आज्ञा त मान्नै पऱ्यो ।
त्यो दुर्योधनले हजुर् कन यहाँ ❋ कुन् पो भलाई गऱ्यो ॥
अन्यायी अति दुष्ट पातकि[2] उ हो ❋ साह्रै घमण्डी पनी ।
आज्ञा बक्सनु भो कसोरि अहिले ❋ त्यसमा दयालू बनी ॥

१ पालमा । २ पापी ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(१४)

भन्नू भो अनि फेरि धर्म - सुतले ❋ हे भाई ! सौ भाइ ता।
जम्मा कौरव छन् ति हामिहरु पो ❋ छौं पाँच भाई यता॥
अर्कै कोहि उठेर वैरि रणमा ❋ आवस् त सामू भई।
भाई एक सये र पाँच सँग भै ❋ पर्नेछ लड्नू गई॥

(१५)

यस्तै नीति छ जाउ चित्ररथका ❋ साम्ने अगाडी महाँ।
ती दुर्योधन भाइले सहितका ❋ ल्याऊ छुटाई यहाँ॥
आज्ञा पाइ उठी धनञ्जय गए ❋ टङ्कार गर्दै धनू।
देखी अर्जुनलाइ चित्ररथले ❋ सुम्पे थुनूवाहरु॥

(१६)

कैदी कौरव-वृन्दलाइ सँगमा ❋ लीएर श्रीपार्थले।
डेरामा पुगि श्रीयुधिष्ठिरजिका ❋ सामू खडा गर्दिए॥
त्यो दुर्योधन भाइले सहितको[1] ❋ बोल्दै नबोली तहाँ।
लाग्यो भैं तिर हेर्न लज्जित हुँदै ❋ ग्लानी बढी चित्तमा॥

(१७)

भन्नू भो तब श्रीयुधिष्ठिरजिले ❋ हे भाइ दुर्योधन !
यस्तो कर्म नगर्नु फेरि कुलमा ❋ लाग्ला कलङ्कै कन॥
स्वार्थी साथिहरु कता तिर गए ❋ सङ्कष्ट पर्दा पनी।
आएनन् ति सहायता दिन भनी ❋ बस्दा थुनुवा बनी॥

(१८)

जाऊ रानिहरू लिई शहरमा ❋ भन्नूभएथ्यो जसै।
दूवै दाज्यु र भाइ कौरवहरू ❋ फर्के तुरुन्तै तसै॥
डेरामा गइ रानिहेरु सँग ली ❋ आफ्ना रथैमा चढी।
फर्के भाइ दुवै लिई कटक त्यै ❋ हीँडेर छीटै गरी॥

(१९)

दर्‌बार पौंचि कन ती कुरुराज[2] पैले।
मान्यादिलाइ गरि दर्शन फेर् क्रमैले॥
आफ्ना पसेर घरमा अलिबेर लेटी।
लागे विचार गरनै तिनि उत्ति खेरी॥

१ दुःशासन समेत। २ दुर्योधन।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(२०)

साह्रै भो अपमान द्वैत बनमा ❋ त्यै पार्थ[1] शत्रू गई ।
ल्यायो बन्धन फोइ धर्म - सुतका[2] ❋ मैले त सामू भई ॥
अर्ती सुन्नु पऱ्यो अनाहक उसै ❋ जान्थें त पैह्लै मरी ।
शत्रूका नजिकै झुकाउनु शिरै ❋ पर्दैनथ्यो क्यै गरी ॥

(२१)

कुन् चाला सँग पाण्डवादिहरुको ❋ निर्मूल[3] पारूँ यहाँ ?
तिन्लाई ननिभाइ चैन मईले ❋ पाउन्न संसारमा ॥
को देला अब अर्ति लौ यहि कुरा ❋ बस्थे ति चिन्ता गरी ।
दुर्वासा ऋषि शिष्य ली अयुत[4] पो ❋ पाल्नू भयो त्यै घरी ॥

दुर्वासा ऋषिले माग्नु

(१)

श्री दुर्योधन बाट भक्ति गरदै ❋ सत्कार सेवा भयो ।
रीसाहा ऋषिको मिजाज[5] कन ता ❋ नौनी गराई दियो ॥
सोध्नू भो ऋषिले बताउ मनको ❋ इच्छा मलाई यहाँ ।
खूशी छू तिमि देखि पूर्ण सहजै ❋ गर्दिन्छु यै कालमा ॥

(२)

भन्छन् ती कुरुराज[6] हे ऋषिपते ❋ माग्छू म एही कुरा ।
जानोस् पाण्डव नेर शिष्य सब ली ❋ तिन्कै बनी पाहुना ॥
रानी द्रौपदि भोजनै गरि सकुन् ❋ पारेर बेला त्यही ।
जानू पर्छ हजूरले बन विषे ❋ खुब् भोजनार्थी भई ॥

(३)

एती काम गरी दिए हजुरले ❋ मेरो त इच्छा पनी ।
पूरा हुन्छ हजूर बाट बुझुँला ❋ पाएँ सबै थोक् भनी ॥
यस्तो विन्ति सुनी तथास्तु कहँदै ❋ त्यै कार्य गर्ना कन ।
दुर्वासा सब शिष्य ली कन गए ❋ हींडेर द्वैतै बन ॥

१ अर्जुन । २ युधिष्ठिरका । ३ जरो उखेलूँ । ४ दश हजार । ५ चित्त-वृत्तिलाई । ६ दुर्योधन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(४)

सन्ध्याकाल समीप पारि ऋषिजी ❋ पुग्नू भएथ्यो जसै ।
सम्मानादि गरेर धर्म - सुतले ❋ राखे नजीकै तसै ॥
भन्नू भो ऋषिले क्षुधा[1] छ बहुतै ❋ भोकै सबै छौं अती ।
देऊ भोजन गर्न हामिहरुले ❋ खान्छौं यहीं भूपती ॥

(५)

बिन्ती गर्नु भयो युधिष्ठिरजिले ❋ तिन्सीत[2] नम्रै भई ।
सायङ्काल हुने भयो समय ता ❋ तस्मात् नदीमा गई ॥
सन्ध्या-वन्दन आदि कर्म गरि फेर् ❋ फर्केर आई यहाँ ।
गर्नोस् भोजन तत्त मैं[3] सब जना ❋ बिन्ती छ पाऊ महाँ ॥

(६)

यो बिन्ती सुनि लौ भनी ति ऋषिजी ❋ चेलाहरू साथ ली ।
जानू भो नदि तर्फ त्यै समयमा ❋ ऊठेर चाँडो गरी ॥
भर्खर् द्रौपदि बाट भोजन गरी ❋ त्यै पात्र[4] माँझी बरी ।
राखेकी त थिइन् तसर्थ बहुतै ❋ चिन्ता पर्‍यो त्यै घरी ॥

(७)

खाई द्रौपदि बाट पात्र कन ता ❋ माँझी सकेका घरी ।
फेरी त्यस् दिनलाइ अन्न नदिने ❋ सो पात्रले क्यै गरी ॥
त्यस्तै बात हुँदा ति धर्म-सुतमा ❋ ती द्रौपदीमा पनी ।
चिन्ता पर्न गयो कसोरि अब है ❋ पक्वान्न दीने भनी ॥

(८)

अर्को केहि उपाय नास्ति हुन गै ❋ आपत्ति साह्रै भयो ।
पाहूना कन भोजनादि नदिए ❋ धर्मादि सत्यै गयो ॥
पाहूना पनि उग्र क्रोधि ऋषि छन् ❋ चेला अयूतै रही ।
पाएनन् यदि खान श्राप ति दिनन् ❋ झट् अग्निशर्मा[5] भई ॥

(९)

त्यस्तै तर्क विषे परेर रहँदी ❋ ती द्रौपदीले तहाँ ।
देखीनन् अरु क्वै सहायक पनी ❋ एकान्त बासा महाँ ॥
सारालाइ भुली दयालु भगवान् ❋ श्रीकृष्णका पाउ पो ।
सम्झी द्रौपदिले पुकार गरनै ❋ लागिन् जगन्नाथको ॥

---

१ भोक । २ दुर्वासा ऋषिसित । ३ अघापर । ४ सूर्दले दिएको ताउलो । ५ रीसले जलेर ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(१०)

हे द्वारिकापति ! जगत्पति ! हे मुरारि !
सङ्कष्टहारि ! करुणामय ! निर्विकारि ! ॥
हे भक्तवत्सल ! प्रभो ! हरि जल्दि आई ।
गर्नोस् कृतार्थ दिइ दर्शन लौ मलाई ॥

(११)

बेला भोजनको थियो प्रभुजिको ❋ श्रीद्वारिका धाममा ।
रानी द्रौपदिको पुकार सहसा ❋ पुग्दो भयो कानमा ॥
त्यागी भोजनलाइ त्यै समयमा ❋ ऊठेर चाँडो गरी ।
रानी द्रौपदिका अगाडि उभिए ❋ पौंची हँसीला हरी ॥

(१२)

पाई दर्शन दीन-बन्धु हरिको ❋ खूशी भइन् द्रौपदी ।
चाँडै भै करबद्ध[1] दर्शन गरिन् ❋ आनन्द मानी अती ॥
भन्नू मो हरिले ति रानि कन फेर् ❋ हे द्रौपदीजी ! यहाँ ।
बोलायौ तिमिले र हाजिर भएँ ❋ तिम्रा अगाडी यहाँ ॥

(१३)

भोको छू अब खान देउ तिमिले ❋ केही भए यै घरी ।
भन्छिन् द्रौपदि नम्रता सँग अति ❋ खाने कुरा हे हरी ॥
याहाँ छैन उ पात्र[2] माँझि सकिथो ❋ दीं दैन त्यस्ले अब ।
यस्तो बिन्ति सुनेर झट्ट हरिको ❋ आज्ञा भई गो तब ॥

(१४)

हे रानि ! तिमि हेर जल्दि अहिले ❋ त्यै पात्रलाई लिई ।
त्यान्द्रो[3] ता हुनु पर्छ सागहरुको ❋ सूनेर खूशी भई ॥
हेरिन् द्रौपदिले लिएर करमा ❋ त्यै पात्रलाई जसै ।
त्यान्द्रो साग रहेछ अड्कि बसने ❋ देखिन् तिनीले तसै ॥

(१५)

चाँडै बाहुलिले उठाइ कन त्यै ❋ त्यान्द्रो हरीले अनी ।
"विश्वात्मा[4] प्रियताम्" भनेर मुखले ❋ खाई दिनू भो पनी ॥
दुर्वासा सब शिष्यले सहितका ❋ सन्ध्यादि गर्दै थिए ।
एक्कासी सब पेट पो भरिन गै ❋ साह्रै अघाई गए ॥

१ हात जोरेर । २ सूर्यले दिएको पात्र । ३ सागको टुक्रा । ४ संसारभरिका आत्मा अघाउन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(१६)

के आश्चर्य भयो भनेर ऋषिले ❋ आँखा थुनी त्यै घरी।
हेर्दा ध्यान गरेर मालुम भयो ❋ यो खेल गर्ने हरी॥
दीए श्राप उघारि नेत्र ऋषिले ❋ हे कृष्ण! संसारमा।
मेरो इज्जत पो लियौ तृण[1] कुनै ❋ खाएर तिम्ले यहाँ॥

(१७)

तिम्रो त्यै तृण - जातिले कुल सबै ❋ निर्मूल होला भनी।
श्रापै दी यदुवंशमा ऋषि हिंडे ❋ हींडे ति चेला पनी॥
एती श्राप दिलाइ आफ्नु कुलमा ❋ ती भक्त रक्षा गरी।
अन्तर्ध्यान हुनू भयो उहि बखत् ❋ त्रैलोक्य स्वामी हरी॥

द्रौपदी-हरण

(१)

हींडे पाण्डव पाँच भाई बनमा ❋ शीकार खेल्नै भनी।
एक्लै आश्रममा ति द्रौपदि थिइन् ❋ थीएन कोही पनी॥
साथैमा रहने द्विजातिगण[2] ता ❋ न्वाहूँनलाई गयो।
त्यै दुर्योधनले जयद्रथ कनै ❋ त्याहीं पठाई दियो॥

(२)

त्यै बेला कुटिमा जयद्रथ पसी ❋ बोकेर कृष्णा कन।
राखी झट् रथमा कुदाइ रथ त्यो ❋ जाँदा ति लागिन् रुन॥
रानी द्रौपदिको विलाप-स्वर सो ❋ दौडेर हावा सित।
पर्दो भो गइ कानमा उहि बखत् ❋ जाहाँ थिए पाण्डव॥

(३)

मारेका लिइ मिर्ग पाण्डवहरू ❋ फिर्दै[3] कुटीमा थिए।
सुन्दा रोदन खूब द्रौपदिजिको ❋ बाटो उतैको लिए॥
भेटीयो रथ सो जयद्रथ भने ❋ हाम्फालि भाग्दो भयो।
श्रीभीमार्जुन पक्रने सुर लिई ❋ दौडेर जानू भयो॥

---

१ घास। २ ब्राह्मणवृन्द। ३ फर्कदै।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(४)

त्यस्को जुल्फि समाति अर्जुनजिले ❋ तान्दा उभीयो उही ।
धक्का भीमजिले दिए गिरि गयो ❋ पीडा[1] बहूतै भई ॥
घीसार्दैं भुमिमा वृकोदरजिले ❋ पूगेर डेरा महाँ ।
बाँधी त्यस् कन डोरिले धरि दिए ❋ गोबर् रहन्थ्यो जहाँ ॥

(५)

रानी द्रौपदिलाइ सोहि रथमा ❋ राखेर भाइहरू ।
तीनोटै कुटिमा पुगे उहि बखत् ❋ त्यस्को कुरा के गरूँ ?
हाँसिन् दुर्गति देखि द्रौपदि पनी ❋ खुब् दण्ड[2] पायो भनी ।
फोई दीनु भयो युधिष्ठिरजिले ❋ जाऊ घरैमा भनी ॥

(६)

निस्की बन्धन देखि लज्जित भयो ❋ त्यै दुष्ट भूमीपती[3] ।
आफ्नू देश न गै हिमालय गयो ❋ केही नबोली उठी ॥
पाँचै भाइ ति पाण्डवादि कन ता ❋ मार्नें इरादा धरी ।
ताहीं पत्थरमा बसी कन रह्यो ❋ ठूलो तपस्या गरी ॥

(७)

त्यस्को त्यो तपले प्रसन्न हुनु भै ❋ श्री पार्वती - नाथले ।
आज्ञा भो वर माग्नलाई जब ता ❋ बिन्ती गर्‍यो हर्षले ॥
शम्भो ! पाण्डव-वृन्दलाइ रणमा ❋ मार्नैं सकूँला भनी ।
मैले ता तप यो गरें हजुरको ❋ होला निगाहा भनी ॥

(८)

भन्नू भो शिवले सुनी कन कुरा ❋ हाँसेर केही तहाँ ।
छाडी अर्जुनलाइ एक दिन ता ❋ तिम्रले लडाई महाँ ॥
जीतौला अरु पाण्डवादि कन पो ❋ आज्ञा सुनाई यही ।
जानू भो हिमशैलमा[4] पशुपती[5] ❋ आफू अदृश्यै[6] भई ॥

(९)

मिलेर वरदान यो शिवजि बाट मस्तै परी ।
जयद्रथ त हस्तिनापुर तिरै गयो त्यै घरी ॥
सुयोधनजिलाइ गै खबर यो सुनाई दियो ।
प्रसन्न कुरुराज[7] भै ति सँग धन्यबादै लियो ॥

१ वेदना । २ सजाय । ३ राजा । ४ हिमालय पर्वतमा । ५ महादेव । ६ नदेखिने भएर ७ दुर्योधन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कर्णको कवच-कुण्डल हरण

(१)

श्री हस्तिनापुर छ सुन्दर राजधानी ।
छन् अन्ध-भूपति पिता धृतराष्ट्र नामी ॥
सौ भाइ छन् अति पराक्रमि तेजधारी ।
आफै सुयोधनजि छन् गुणका भकारी ॥



(२)

रानी र पुत्रहरु छन् दरबार माहाँ ।
नाती पनातिहरुको छ जमात जाहाँ ॥
ऐश्वर्य पूर्ण छ गजादि रथादि नाना ।
सल्लाहकार जसको छ शकूनि मामा ॥

(३)

छन् भीष्म-द्रोण-कृप आदि अनेक वीर ।
छन् द्रोणि एक रण-कौशल-विज्ञ धीर ॥
हर्दम् सहायक छ कर्ण त मित्र जस्तो ।
पोल्दो छ छाति कन पीर बढेर उस्को ॥

(४)

मध्याह्नको समय बैठकमा बसेर ।
एक्लै सुयोधन खुबै मनले गमेर ॥
गर्थे विचार अपमान गरे मलाई ।
ती पाँच भाइहरुले गरदै भलाई ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(५)

गन्धर्वकै त थुनुवा भइ बस्नु जाती ।
थीयो मलाइ तर पार्थ गएर राती ॥
जीतेर चित्ररथलाइ गरी लडाई ।
ल्याए मलाइ सहजै तिनिले छुटाई ॥

(६)

फेरी ति धर्म - सुतका लगि सामु माहाँ ।
व्यर्थै खडा गरि दिए तिनिले र ताहाँ ॥
जाऊ घरै बस भनी कन छेड हानी ।
छोडी दिए म कन बन्धन ढेडु[1] जानी ॥

(७)

साथै थिए म सित मित्र ति कर्ण मेरा ।
भाई पनी सँग थिए उ बखत् घनेरा ॥
कोही पनी अघि सरेन मलाइ धर्दा ।
हूनन् सहायक कसोरि लडाइँ गर्दा ॥

(८)

तर्कै-वितर्क-गरि झिर्न गराइ मासू ।
रूमाल ली कर विषे त पुछेर आँसू ॥
दुर्भाग्य ठानि निजको ति भए अधीर ।
आई खडा हुन गयो त्यहिं कर्ण वीर ॥

(९)

देखी सुयोधनजिलाइ बसी रहेका ।
हाते - रुमाल लिइ नेत्र चिसो गरेका ॥
केही अगाडि गरि दक्षिण[2] बाहुलाई ।
त्यो कर्ण भन्छ उ बखत् चुटकी बजाई ॥

(१०)

राजन् ! यसोरि किन राज गरी रहेको ?
देख्छू मुहार कन छैन चहक् भएको ॥
सुर्ता पऱ्यो कि किन हो दिनु होस् बताई ।
जान्नोस् न वीर-वर कर्ण भनी मलाई ॥

---

१ वानर । २ दाहिने ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(११)

जो शत्रु हुन् हजुरका तिनी सौत लड्छु ।
मुख्यै उ अर्जुन कनै म अवश्य गिड्छु[1] ॥
यो सत्य हो प्रण म अर्जुनलाइ मार्छु ।
बैरी बिना हजुरलाइ अवश्य पार्छु ॥

(१२)

देवादि राक्षस मनुष्य सबै अहिले ।
साक्षी रहुन् प्रण गरें यहि यो मईँले ॥
थाल्नेछु राक्षस - व्रतादि म गर्नलाई ।
सक्नेछु निश्चय निभाउन पार्थलाई ॥

(१३)

ती कर्णको यति कुरा सुनि खूशि मानी ।
भन्छन् सुयोधन प्रणै कन सत्य ठानी ॥
तिम्रै छ आश तिमि अर्जुनकै समान ।
छौ वीरमा तिमि धनुर्धर भै महान ॥

(१४)

बैरी ति हुन् सकल पाण्डव पाँच भाई ।
मुख्यै त शत्रु भनि ठान्दछु पार्थलाई ॥
त्यै पार्थ मार्न तिमिले प्रण यो सुनायौ ।
हे मित्र ! वीर-वर[2] ! खूशि निकै बनायौ ॥

(१५)

फेर् भन्छ कर्ण दुइ हात मुठी बनाई ।
ठान्छू म एक भुसुना सरि पार्थलाई ॥
ती तुच्छ बाँकि अरु पाण्डवको कुरा के ?
प्रत्येक बाण त्यजि ज्यान लिनेछु मैले ॥

(१६)

मार्छू अवश्य अधिराज ! म पार्थलाई ।
को सक्छ त्यस् कन बचाउन साम्नु आई ?
यस्तो सुनाइ कन पाउँ बिदा भनेर ।
त्यो कर्ण गो घर तिरै सहसा उठेर ॥

१ काट्छु । २ वीरमा श्रेष्ठ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(१७)

रात्री बिताइ कन प्रात भयो जसै ता ।
थाल्यो नुहाइ व्रत-राक्षस[1] पो तसै ता ॥
पूजा सकेर उठि दान समेत गर्ने ।
पाल्दो भयो नियम याचक[2] क्वै नफिर्ने ॥

(१८)

जुन् कर्णले प्रण गर्‍यो कुरुराज[3] काहाँ ।
प्राणी विषे विदित भो तिनलोक माहाँ ॥
श्री इन्द्रले पनि सुने उसको प्रतिज्ञा ।
आफ्नू पनी स्मरण[4] भो निजको प्रतिज्ञा ॥

(१९)

देवेन्द्रले अघि ति अर्जुन स्वर्ग बस्दा ।
त्यै कर्णको कवच-कुण्डल हर्न रस्ता ॥
केही निकालि कन ल्याउँछु जो भनेथे ।
दीनेछु पार्थ कन यै प्रण पो गरेथे ॥

(२०)

संझेर आफ्नु प्रण इन्द्र बनेर विप्र !
आकाश बाट पृथिवी तिर हेरि शीघ्र[5] ॥
झर्दै थिए रविजिले सब चाल पाई ।
छेक्दा भए गगनमै सुर - राजलाई[6] ॥

(२१)

देवेन्द्र नेर पुगि मानिस झैं बनेर ।
श्री सूर्यले यही भने नरमै भएर ॥
देवेन्द्र ! कार्य जुन गर्न मसक्क आँटी ।
जान्छौ धरित्रि[7] तिर विप्र बनेर ढाँटी ॥

(२२)

थाहा भयो म कन कार्य नगर्नु सोही ।
धोका दिँदैन जगमा गइ देव कोही ॥
त्यो कर्णको कवच - कुण्डललाई हर्नै ।
अन्यायको छ मति हो पर सार्नु पर्ने ॥

१ राक्षस व्रत । २ माग्नेहरू । ३ दुर्योधन । ४ याद भयो । ५ चाँडे । ६ इन्द्रलाई । ७ पृथिवी ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(२३)

एती सुनाइ रविले सुर - राजलाई ।
श्री कर्णको घर पुगे ति तुरुन्त जाई ॥
भेटेर कर्ण कन श्री रवि भन्न लागे ।
त्यै बात सुन्न तिनि[1] चित्त दिएर लागे ॥

(२४)

हे कर्ण वीर ! म हुँ सूर्य भनेर जान ।
आएँ म याहिं दिनलाइ जरूरि ज्ञान ॥
तिम्रा ति कुण्डलहरू दुइ कान माहाँ ।
फेर् भव्य[2] त्यो कवच जो छ शरीर माहाँ ॥

(२५)

सक्तैन तोड्न कन तिन् कन अस्त्र कोही ।
मर्दैन त्यो पुरुष जो पहिरन्छ सोही ॥
हुन् दिव्य-वस्तु ति दुवै क्षय[3] हुन्न कैले ।
पैह्राइयो चिज दुवै तिमिलाइ मैले ॥

(२६)

संसारमा तिमि र अर्जुन छौ प्रसिद्ध ।
वीरादिमा अति पराक्रमि वीर मुख्य ॥
ती पार्थको जय गराउनलाइ आज ।
छन् आउँदै सुरपती[4] पनि स्वर्ग बाट ॥

(२७)

ली विप्रको स्वरुप इन्द्र अगाडी आई ।
माग्नन् ति कुण्डलहरू दुइ चीजलाई ॥
तिम्ले[5] नदीनु कहिल्यै पनि आफ्नु चीज ।
दीयौ भने पछि हुँदैन लडाइँ जीत ॥

(२८)

ती विप्र - रूप रविले कहनू भएका ।
सूनेर वाक्य मन हर्ष भई रहेका ॥
भन्छन् ति कर्ण व्रत गर्दछु नित्य मैले ।
उठ्दा हुँदी जउन माग्दछ आई पैले ॥

---

१ कर्ण । २ राम्रो । ३ नष्ट । ४ इन्द्र । ५ तिमीले ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(२९)

त्यस्लाइ नै म उहि चीज त दान दिन्छु ।
त्यै सत्यलाइ म कसो गरि तोडि लिन्छु ॥
पूजा सकेर उठदा जन कोहि आई ॥
जे माग्छ दिन्छु उहि चीज म तेसलाई ।

(३०)

यस्ता कुरा सुनि विचार गरेर केही ।
भन्नू भयो रविजिले तिनिलाइ एही ॥
माँगे भने कवच - कुण्डल सुम्पि देऊ ।
देवेन्द्रको छ जुन शक्ति अमोघ लेऊ ॥

(३१)

त्यो शक्तिको गुण छ जस् कन हानि दीयो ।
त्यस्को त निश्चय गरी कन प्राण लीयो ॥
त्यै शक्ति माँगि कन ल्यौ बदला[1] समान ।
तिम्रो हुँदैन अनि हानि कुनै महान[2] ॥

(३२)

भन्छन् ति कर्ण द्विजरूप[3] दिनेशलाई[4] ।
हे नाथ ! मालुम भयो ति कुरा मलाई ॥
कुन् चाहिं कारण पऱ्यो र भई सवारी ।
लाई दियौ कवच - कुण्डल तेजधारी ॥

(३३)

यै सुन्न मन् सुब भयो म त छक्क पर्छू ।
क्यै गुप्त बात छ रहस्य कि ? प्रश्न गर्छू ॥
आज्ञा हवस् हजुर बाट सबै बताई ।
यो जन्म भो सुफल दर्शन आज पाई ॥

(३४)

राधेयको[5] सुनि कुरा अति खूशि मानी ।
भन्नू भयो तरणिले[6] रसिलो कहानी ॥
तिम्रो म हूँ जनक पो बुझ गर्भ-दाता ।
कुन्तीजि हुन् जननि तिम्रि त खास माता ॥

१ साटो । २ ठूलो । ३ ब्राह्मणरूपी । ४ सूर्य । ५ राधाका पुत्रको । ६ सूर्यले ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(३५)

हुन् देवता रवि ति मानुषि कुन्ति रानी।
संयोग भो ति दुइको कसरी कहाँ नो॥
शङ्का अवश्य परला तिमिलाइ ठान्छू।
त्यै मेट्नलाइ म पुरानु कथा कहन्छू॥

(३६)

श्री कुन्तिभोज नृपका दरबार माहाँ।
कुन्ती कुमारि भनि नाम भएकि ताहाँ॥
बेसै पढेकि भइ बैंस विषे पुगेकी।
छोरी थिइन् तिनि विवाह न भै रहेकी॥

(३७)

क्रोधी ऋषी[1] घुमि-फिरी कन ताहिं आए।
सेवार्थ[2] भूप[3] वरले दुहिता[4] खटाए॥
ती कुन्तिले निज-पिता सरि भक्ति गर्दै।
सेवा गरिन् ति ऋषिको अति मग्न पर्दै॥

(३८)

खूशी भएर ऋषिले ति कुमारिलाई।
देवादि डाकन भनि मन्त्र दिए सिकाई॥
तिन्ले विचार गरि हेर्न भनेर आँटिन्।
त्यै मन्त्र बोलि कन झट्ट मलाइ डाकिन्॥

(३९)

त्यै मन्त्रका वश परी खिचिएर ताहाँ।
आएँ म राजदुहिता ति थिइन् त जाहाँ॥
कन्यै रहौली भनि यै [illegible]न्द्रान दीएँ।
खूशी भइन् र तिनि पत्नि बनाइ लीएँ॥

(४०)

रक्षार्थ कुण्डल दुई कवचादि दिव्य।
दीएँ लगाइ तिमिलाइ त गर्भ भित्र॥
फकें म ता गगनमा अनि कुन्ति लाई।
जन्म्यौ तिमी सपुत मानुष-जन्म पाई॥

---

१ दुर्वासा। २ सेवाका लागि। ३ कुन्तीभोज राजले। ४ छोरी।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(४१)

तिम्लाइ देखि कन सुन्दर बाल एक ।
कुन्ती निकै खुशि भइन् लिइ काखमा त ॥
प्यारो गरेर मुख-चुम्बन[1] गर्न लागिन् ।
भन्ला समाज अब के! भनि थर्र कामिन् ॥

(४२)

त्यागी दीनू उचित ठानि लिएर तिन्ले ।
तिम्‌लाइ हालि कन बाकसमा जतन्‌ले ॥
लीएर जाइ नदिमा तिनिले बगाइन् ।
हूने पछाडि बद्‌नामि ठुलै बचाइन् ॥

(४३)

जन्मान्ध भूप धृतराष्ट्रजिको महल्‌मा ।
थीयो र सारथि कुनै रहने टहल्‌मा ॥
थीयो नुहाइ नदिमा उ बखत् रहेको ।
देखेछ बाकस कुनै बगदै गएको ॥

(४४)

चाँडै उठाइ कन बाकस गो घरैमा ।
बिर्को उघारि कन दिव्य शिशू[2] उसैमा ॥
देखी प्रसन्न भइ त्यै घरि नारिलाई ।
सुम्पी दिएछ त्यहि पालन गर्नलाई ॥

(४५)

सन्तानले रहित सारथिकी पियारी ।
राधाजि खिन्न बसथिन् लिइ ताप भारी ॥
प्रारब्धले सहज पुत्र यसोरि पाइन् ।
खूशी भएर तिमिलाइ ति पाल्न लागिन् ॥

(४६)

पैले त नाम वसुसेन भनेर राखे ।
तिम्‌लाई 'कर्ण' भनि फेरि पुकार्न लागे ॥
राधाजि बाट तिमि पालिन गै जगत्‌मा ।
'राधेय' नाम रहि गो कुरुका तखत्‌मा[3] ॥

१ म्वाँइ खान लागिन् । २ कुमार केटो । ३ कौरवका राज्यमा ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(४७)

श्रीसूर्य - पुत्र तिमि हौ नृप खूब दानी।
तीमी समान अरु छैन सुवीर नामी॥
तिम्लाइ मित्र भनि वीर सुयोधनैले।
राजा तुल्याउनु भयो धनले धराले[1]॥

(४८)

त्यो गुप्त - भेद तिमिलाइ सुनाइ दीएँ।
देवेन्द्र बाट छल हुन्छ बताइ दीएँ॥
आऊँदछन् अब ति इन्द्र बखत् भई गो।
एती भनेर रविजी अनि जानु भै गो॥

(४९)

जानेर जन्म निजको यसरी भएको।
चिन्ता पऱ्यो जननि बाट त फालिएको॥
शान्तै गराइ कन चित्त ति कर्ण वीर।
पूजा सकेर दिन दान भए तयार॥

(५०)

आई पुगे तहिं त ब्राह्मण देख्न दीन[2]।
भन्छन् खडा छु नृपते! म त दान लीन॥
दानी तपाइँ सरि देख्दिन यो जगत्‌मा।
दाता[3] प्रसिद्ध हुनु हुन्छ यही बखत्‌मा॥

(५१)

माग्नै भनेर म त आइ रहेंछु याहाँ।
छाडेर दानि कन अन्त म जान्छु काहाँ?
माँगे बमोजिम कुरो यदि मिल्छ ऐले।
माग्छू अवश्य नहिं ता मुख खोल्छु कैले॥

(५२)

आफ्नू सुनेर सह्नी[4] तिनिले गरेको।
भन्छन् ति कर्ण किन हो नभनी रहेको॥
के माग्नु हुन्छ कहनोस् मुखलाइ खोली।
दिन्छू म सोहि अहिले नभनेर भोली॥

१ पृथ्वीले। २ दुःखी। ३ दिने। ४ प्रशंसा, तारीफ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(५३)

भन्छन् हजूर सित कुण्डलका ति जोडी ।
साथै म माग्छु कवचादि समेत खोली ॥
एती भनेर तिनले मुख हेर्न लागे ।
श्रीकर्णले कवच-कुण्डल झिक्न लागे ॥

(५४)

ती कर्णले कवच-कुण्डल झट् उतारी ।
सुम्पी भने मधुर शब्द गरेर भारी ॥
काहाँ सुरेन्द्र अति इज्जतदार राजा ।
काहाँ म कर्ण अति तुच्छ मनुष्य जाबा ॥

(५५)

काहाँ सुरादिहरुका प्रभु देव - जाती ।
काहाँ म एक नर-सारथि नीच-जाती ॥
आएर विप्र भइ हात पसारि याहाँ ।
माग्नू भयो यसरि भीख हरे! म काहाँ ॥

(५६)

खुब् भाग्यमानि म रहेंछु भनेर ठानें ।
यै कार्यले हजुरलाइ त इन्द्र जानें ॥
ती कर्णको सुनि कुरा तहिं देव-राज[1] ।
लाग्नू भयो कहन एसरि कर्ण-राज[2] ॥

(५७)

ठीकै भन्यौ म हुँ सुरेन्द्र[3] खडा छु याहाँ ।
देखीन दानि तिमि झैं तिन-लोक माहाँ ॥
साह्रै प्रसन्न तिमि देखि भएर ऐले ।
दिन्छू अमोघ निज शक्ति अवश्य मैले ॥

(५८)

यो शक्तिले प्रबल वीर हवस् तथापी ।
मार्नेछ एक कन शक्ति छ यो प्रतापी ॥
एकै पटक् कन त यस् कन हान्नलाई ।
आज्ञा दिं दैछु खुशि मै कन तीमिलाई ॥

१ इन्द्र । २ हे राजा कर्ण । ३ देवताका राजा ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(५९)

यौटा ठुलो अरि निभाइ[1] दिई रणैमा ।
फर्केर आइ म सितै रहला सँगैमा ॥
एती भनेर तिनिले उहि शक्तिलाई ।
झीकेर अर्पण[2] गरे नृप कर्णलाई ॥

(६०)

श्री कर्णलाइ दिनु भै कन शक्ति-बाण ।
जानू भयो सुरपती[3] अनि आफ्नु धाम ॥
पाएर शक्ति-शर अर्जुन मार्न आशा ।
भै गो ति कर्ण कन मुख्य ठुलो भरोसा ॥

युधिष्ठिर-धर्म-परीक्षा

(१)

बस्दामा सुख सीत द्वैत-वनमा ❀ ती पाँच भाईहरू ।
वर्षै बाह्र समाप्त हून दिन ता ❀ बाँकी थिए क्यै अरू ॥
घुम्थे खेल्न शिकार एक दिन ता ❀ ती पाण्डवादी तहीं ।
डुल्दामा बनमा युधिष्ठिर बसे ❀ प्यासा बहूतै भई ॥

(२)

कान्छा श्रीसहदेव पानि लिनका ❀ लागी अगाडी गए ।
केही दूर गई तलाउ मिलि गो ❀ देखेर खूशी भए ॥
पैले पानि पिऊँ भनेर तिनिले ❀ आँट्दा अगाडी बढी ।
त्यै बेला अति तीव्र[4] बोलि सुनियो ❀ आकाश-वाणी सरी ॥

(३)

रे रे मानिस ! पानि खान किन यो ❀ आइस् तलाऊ महाँ ?
मेरा प्रश्न सुनेर उत्तर दिई ❀ पीएस् तँ पानी यहाँ ॥
मानीनस् यदि ता भने सहजमा ❀ मूर्छा परी यस् घरी ।
गिर्नेछस् तँ तुरुन्त पृथ्वितलमा ❀ रूखै ढलेको सरी ॥

---

१ मारेर । २ दिए । ३ इन्द्र । ४ चर्को ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(४)

सुन्दा त्यो सहदेवले रुख तिरै ❋ हेरे कुनै डालिमा[1]।
देखे मानिसकै लिएर स्वरले ❋ बोल्ने बकुल्लो तहाँ ॥
पाजी दुष्ट चरो अनाहक उसै ❋ हप्काउने भै गयो ।
भन्दै पानि लिंदा अचेत हुन गै ❋ जीऊ ढली गै गयो ॥

(५)

यस्तै रीति गरेर पानि लिनका ❋ खातिर् क्रमैले[2] गरी ।
चारै भाइ गएर सोहि सरमा ❋ गीरे ति मूर्छा परी ॥
बीयाँलो हुन गै युधिष्ठिर उठी ❋ भाई कहाँ छन् भनी ।
खोज्दै त्यै सरमा[3] पुगीकन बिजोक् ❋ देखे विमूढै बनी ॥

(६)

भै लम्पसार सब भाइहरू सुतेका ।
चैतै विना रुख गिरे सरि भै रहेका ॥
देखेर धर्म-सुतलाइ अचम्म भै गो ।
त्यै पक्षिको शबद् कान विषे त गै गो ॥

(७)

रे रे मानिस ! पानि खान किन हो ❋ आइस् तलाऊ महाँ !
मेरा प्रश्न सुनेर उत्तर दिई ❋ खाएस् तँ पानी यहाँ ॥
मानीनस् यदि पो भने सहजमा ❋ मूर्छा परी यस् घरी ।
गिर्नैछस् तँ तुरुन्त पृथ्वि-तलमा ❋ रूखै ढलेको सरी ॥

(८)

को बोल्छ वाक्य भनि माथि नजर् घुमाई ।
हेर्दा ति धर्म-सुतले खग[4] त्यै कराई ॥
लाग्यो र बोल्न बकुलो भनि जानि लीए ।
लौ प्रश्न गर् तँ अब एति सुनाइ दीए ॥

(९)

प्रश्न—केका कारणले रवी[5] गगनमा ❋ ऊदाउँछन् ? फेर् अनी ।
आधारै कसको लिएर नभमा ❋ हिंड्दै रहन्छन् तिनी ॥
उत्तर—कर्त्तव्ये निजको हुँदा गगनमा ❋ ऊदाउँछन् ती रवी ।
आधारै गरि सत्यको नभ-पथै ❋ ती पार गर्छन् हिंडी ॥

---

१ हाँगामा । २ पालै पालाले । ३ तलाउमा । ४ चरो । ५ सूर्य्य ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(१०)

प्रश्न–मान्छे श्रोत्रिय हुन्छ के गरि लिए ❋ ठूलो हुने काम कुन् ?
के गर्दा अरु सीत मिल्छ भन लौ ❋ केले हुने बुद्धिमान् ॥
उत्तर–जस्‌ले पढ्‌दछ वेद श्रोत्रिय भयो ❋ ठूलो तपी भै गयो ।
जो संझन्छ उ मिल्छ वृद्ध-जनको ❋ सेवा अकल् दिन्छ पो ॥

(११)

प्रश्न–श्रोता हुन्छ कसोरि ब्राह्मण हुने ❋ कुन् कार्यले सज्जन ?
मान्छेको त मनुष्यता कउन हो ❋ को भन्नु है दुर्जन ॥
उत्तर–जान्ने वेद उ विप्र देव सम हो ❋ धर्मात्म हो सज्जन ।
मर्नूनै त मनुष्यता बुझि लिनू ❋ पापी त हो दुर्जन ॥

(१२)

प्रश्न–क्षत्रीमा भन क्षत्रियत्व कुन हो ? ❋ कस्‌लाइ क्षत्री भनूँ ?
क्षत्रीको कुन काम हो भन छिटै ❋ कुन् दुष्ट क्षत्री कहूँ ॥
उत्तर–यज्ञै गर्नु त क्षत्रियत्व यही हो ❋ जो वीर भो क्षत्रि हो ।
शस्त्रै[1] लिनु त क्षात्र-कर्म रणमा ❋ भाग्ने उही दुष्ट हो ॥

(१३)

प्रश्न–प्राणी रक्षकमा कउन् छ बढिया ❋ सेवा कउन् जीवको ?
कस् देखी कुल-वृद्धि हुन्छ पृथिवी ❋ भन्दा गहृँगो छ को ॥
उत्तर–वर्षाकाल छ उत्तमै बुझ यहाँ ❋ सेवा असल् गाइको ।
वंशैलाइ चलाउने सुन असल् ❋ भारी महातारि[२] पो ॥

(१४)

प्रश्न-हावादेखि छिटोछ कुन् अति ऊँचो ❋ को हो बताऊ यहाँ ?
कस्‌को नेत्र खुलै रहन्छ हरदम् ❋ दिल् हुन्न कुन् जीवमा ॥
उत्तर–हावा देखि छिटो मनै छ जगमा ❋ ऊँचा पिता छन् यहाँ ।
आँखा बन्द हुँदैन मत्स्यहरुको[३] ❋ दिल् हुन्न जड्[४] वस्तुमा ॥

(१५)

प्रश्न–'वार्ता' कस्‌कन भन्नु पर्छ जगमा ❋ चाँडै बताऊ यहाँ ।
मो है रूपि त विश्वको[5] अति ठुलो ❋ गैह्रो कराही महाँ ॥
उत्तर–हर्दम् रात्रि हुँदा र फेरि दिनमा ❋ बेला जउन्मा पनी ।
प्राणीलाइ पकाउनू बुझ तिमी ❋ 'वार्ता' भनेको भनी ॥

१ हतियार भिर्नु। २ आमा। ३ माछाको। ४ दुङ्गो माटोमा। ५ संसारको।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(१६)

प्रश्न-कस्तोलाइ विचारि-सोचि जनले ❋ 'आश्चर्य' भन्छन् यहाँ ?
'बाटो' कस् कन भन्नु पर्छ मनले ❋ सोचेर संसारमा ॥
उत्तर-मर्ने मानिसदेखि बाँच्न मन जो ❋ गर्नू त 'आश्चर्य' हो ।
श्रीमाहाजन हिंड्दछन् पथ[1] जउन् ❋ त्यै जान्नु 'बाटो' त हो ॥

(१७)

प्रश्न-कस्तो मानिस हो सुखी पृथिविमा ❋ एती बताऊ अब ।
चाँडै उन्नति हुन्छ यस् जगतमा ❋ कस्को सजीले सँग ॥
उत्तर-जस्को केहि ऋणै त तिर्नु पर्ने ❋ हूँ दैन त्यै हो सुखी ।
चाँडै उन्नति गर्नमा चतुर छन् ❋ पृथ्वीतलैका नदी ॥

(१८)

प्रश्नादिको उत्तर ठीक पाई । बोल्यो बकुल्लो बहुतै रमाई ॥
राजन्! खुशी छू मन चार माहाँ । यौटा दिनेछू म जियाइ याहाँ ॥

(१९)

सूनेर भन्छन् कुरुराज[2] फेरी । हेरी बकुल्लो कन उत्ति खेरी ॥
जो साँवला छन् अलगा भएका । जीउन् ति भाई नकुलै भनेका ॥

(२०)

भीमार्जुनै छोडि प्रतापि भाई । विमातृ सौतेनि ति भाइलाई ॥
जिलाउ भन्छौ कुन हेतु[3] ऐले । यस्को त क्यै मर्म[4] बुझीन मैले ॥

(२१)

समान छन् भाइहरू मलाई । राख्दीन क्यै भेद कभै गराई ॥
तसर्थ भाई नकुलै जियाई । माग्छू सुन्यौ हे खग-राज[5] दाई ॥

(२२)

थामेर न्याये सित धर्मलाई । बस्ने रहेछौ यहि जान्न पाई ॥
धेरै भएँ खूशि यि चार भाई । तिम्रा म दिन्छू सब लौ जियाई ॥

(२३)

राजन्! तिमी क्यै वर माँग ऐले । इच्छा पुऱ्याई अब दिन्छु मैले ॥
एती सुनाई कन सो बकुल्लो । सोही बखत्मा यमराज पो भो ॥

---

१ बाटो । २ युधिष्ठिरजी । ३ कारणले । ४ अर्थ । ५चराहरुका राजा ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(२४)

देखी श्री यमराजलाई नजिकै ❀ भक्ती पिताकै धरी ।
सामुमा गइ झट् युधिष्ठिरजिले ❀ न्यूहेर पाऊ परी ॥
लागे भन्न प्रभो ! म माग्छु वर यै ❀ बर्षे त बाह्रै पनी ।
पूरा भो अब गुप्त - बास गरने ❀ आयो बखत् यो अनी ॥

(२५)

कोही मानिसले कदापि नचिनुन् ❀ त्यो गुप्त-बासै महाँ ।
दीनू होस् वर - दान यै हजुरले ❀ राखी दया चित्तमा ॥
यस्तो वाक्य सुनी युधिष्ठिरजिको ❀ होला तथास्तू भनी ।
चारै भाइ अचेतलाइ यमले ❀ चैतन्य पारे अनी ॥

(२६)

यति गरि यम - राजा जानु भो धाम तीर ।
अनुजहरु त चारै जागि उठे ति वीर ॥
खुशि भइ सब फर्के आफ्नु डेरा छ जाहाँ ।
खबर सब सुनाए द्रौपदीलाई ताहाँ ॥

(२७)

सारा धर्म र कर्म सारहरुले ❀ ढाकी दिशानै दश ।
पूरा भो बन-पर्व भारत कथा ❀ पीयूष जस्तै रस ॥
संसारै सब खोल्छ खेल्छ दिलमा ❀ भागीरथीकै मल ।
जो पीडन्छ यहाँ हुनेछ उसको ❀ आत्मा सदा शीतल ॥

❀ महाभारत वनपर्व समाप्त ❀

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

* श्रीः *

महाभारत-विराटपर्व

* मङ्गलाचरण *

(१)

विराटरूप हरिको चित्तले संझना गरी ।
विराटपर्व कविता लेखियो रसले भरी ॥

(२)

सम्राट् श्री जनमेजयै नृपतिले * न्यूह्नेर पाऊ परी ।
वैशम्पायनलाइ सोधनि गरे * सुन्ने इरादा धरी ॥
आज्ञा होस् ऋषिजी ! विराटपुरिमा * कस्ता तवर्ले गई ।
हाम्रा पितृ ति पाँच पाण्डवहरू * बस्थे ति गुप्तै भई ॥

(३)

फेरी द्रौपदि रानि कोमल थिइन् * अत्यन्त राम्री पनी ।
कुन् चाल्ले ति लुकी-छिपीकन रहिन् * चिन्नै नसक्ने बनी ?
रानीको[1] गरि चाकरी दुःख खपी * तिन्कै खटन्मा परी ।
बीताइन् दिन दुःखको कसरि हे * भन्नू हवस् यस् घरी ॥

(४)

यस्तो प्रश्न सुनेर ताहिं ऋषिले * भन्छन् अगाडी सरी ।
सम्राट्[2] ! बिन्ति चढाउँछू म उहि हाल् * विस्तार राम्रो गरी ॥
पाऊँदा यमराज बाट वर ती * पाँचै जना खुश् भई ।
सोही हाल् ऋषि-विप्रमा भनि दिए * फर्की कुटीमा गई ॥

पाण्डवहरुको विराट-नगरमा गुप्तवास गर्ने विचार

(१)

हाल् सुन्दा वरदानको सब जना * अत्यन्त खुशी भए ।
भाई-रानि लिई युधिष्ठिर उठी * एकान्त माहाँ गए ॥
साथैमा सब पाँच पाण्डव बसे * रानी समेतै भई ।
सोधी बक्सनु भो युधिष्ठिरजिले * तिन्का नजीकै रही ॥

१ विराटकी रानी सुदेष्णाको । २ राजाका पनि राजा ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(२)

भाई हो ! सब राज्य नष्ट हुन गै ❀ हाम्रो बनै बासमा ।
बाह्रै वर्ष बिती गए अब यही ❀ तेह्रौं बिताऊँ कहाँ ॥
बैरीले नचिह्नुन् भनेर लुकनू ❀ पर्नेछ गुप्तै भई ।
कुन् ठाऊँ सजिलो हुनेछ रहनू ❀ हामीहरूले गई ॥

(३)

भन्छन् अर्जुनले अगाडि सरदै ❀ बिन्ती म गर्छू यहाँ ।
दाज्यू ! श्रीयमको छुँदैछ वंर फेर् ❀ चिन्नन् कसैले कहाँ ॥
बिन्ती गर्छु म नाम देशहरुको ❀ पाञ्चाल मत्स्यै अनी ।
चन्देरी र दशार्ण देशहरु छन् ❀ उब्जाउ राम्रा पनी ॥

(४)

आज्ञा होस् मन पर्छ कुन् हजुरको ❀ वाहीं तुरुन्तै गई ।
साथैमा रहि गुप्तवास गरुँला ❀ अत्यन्त खूशी भई ॥
भाईका सुनि वाक्य धर्म-सुतले ❀ सम्झेर सोही घरी ।
भन्नू भो यम-वाक्य[1] मान्नु परला ❀ विश्वास त्यसमा धरी ॥

(५)

बस्नू गै कन मत्स्यका नगरिमा ❀ भन्थे यमैले तहीं ।
हामीले अब बस्नु पर्छ उहिँ गै ❀ अन्तै नजाऊँ कहीं ॥
धर्मात्मा नृप छन् विराट बुझि ल्यौ ❀ त्यै मत्स्यका देशमा ।
मान्थे हाम्रहरुलाइ मित्र सरिका ❀ जाऊँ सबै तिन् कहाँ ॥

(६)

यस् निम्ती उहिं जाऊँ भेष[2] बदली ❀ चिन्नै नसक्ने गरी ।
वाहीं गै कन गुप्तवास गरदै ❀ तिन्को गरौं चाकरी ॥
जाऊँ लौ सब जान ता तर पनी ❀ हामीहरुले वहाँ ।
कुन्-कुन् काम लिनू हुनेछ बढिया ❀ ऐह्ले विचारौं यहाँ ॥

(७)

भन्छन् अर्जुनले सुनी कन कुरा ❀ हे नाथ ! वाहाँ गई ।
कामै कुन् गरनू हुनेछ प्रभुले ❀ आज्ञा हवस् खुश् भई ॥
जस्को फूलसमान देह छ हजुर् ❀ संकोच मान्ने अनी ।
दानी वीर भएर नाथ ! कसरी ❀ बस्नुन्छ दासै बनी ॥

१ यमराजका कुरा । २ रूप वदली ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(८)

सम्राट् भै कन पृथ्वि-पालन गरी ❋ जीतेर बैरी लिए ।
सोखैले दिन ता बितेछ जसको ❋ दासादि धेरै थिए ॥
ठूला भूपति वीर-वृन्द जसको ❋ बस्थे ति डर्‌मा परी ।
उस्‌ता आज पराक्रमी हजुरले ❋ गर्नू पऱ्यो चाकरी ॥

(९)

भाईका इ कुरा सुनी खुशि हुँदै ❋ राजाजि[1] भन्छन् यही ।
हे भाई ! म विराटका सँग महाँ ❋ बस्नेछु साथी भई ॥
राख्नेछू म त नाम कङ्क निजको ❋ जातै पनी ब्राह्मण ।
पाशा खेलन शिपालु छू म भनुँला ❋ सभ्यादिहेरू कन ॥

(१०)

पन्ना - माणिक - पुष्पराज निरका ❋ गोटी तुल्याई वरी ।
हीराका अति टल्कने तिन वटा ❋ राम्रा त्रिपाशा धरी ॥
थर्की मखमलको फिंजाइ मईंले ❋ खेल्दा त्रिपाशा तहाँ ।
जित्नेछू म विराटलाइ सहजै ❋ तिन्‌कै सभा बीचमा ॥

(११)

खेलैको लिइ वृत्ति बस्छु बुझिल्यौ ❋ तिन्‌का सँगैमा जसै ।
सोध्नन् भूपतिले थियौ अघि कहाँ ❋ भन्ने मलाई तसै ॥
भन्नेछू म सखा[2] समान बसथें ❋ त्यो इन्द्र - प्रस्थै महाँ ।
राज्यै नष्ट भयो र पाण्डु-सुतको ❋ डुल्दै म आएँ यहाँ ॥

(१२)

धर्मात्मा नृपले युधिष्ठिरजिका ❋ साथी रहेछन् भनी ।
राख्नेछन् दिइ प्रेम-दृष्टि म उपर् ❋ साह्रै दयालू बनी ॥
राजाको करुणा बुझी अरु पनी ❋ ती चक्रवक्रै[3] हरू ।
राख्नन् मेल-मिलाप भारि म सँगै ❋ त्यस्को कुरा के गरूँ ॥

(१३)

गुप्तै वास यसोरि गर्दछु भनी ❋ हे भाई ! मैले यहाँ ।
आफ्नू मन्‌सुब यो गरें प्रकट लौ ❋ तिम्रा अगाडी महाँ ॥
भाई भीम ! कहू विराटपुरिमा ❋ राजाजि काहाँ रही ।
गर्नेछौ कुन काम भेष बदली ❋ तिन्‌लाइ धोका दिई ॥

---

१ युधिष्टिर महाराज । २ साथी । ३ पार्षद, राजाका वर-पर बस्ने सज्जनहरु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भीम र अर्जुनले आफ्नु विचार प्रकट गर्नु

(१)

भन्छन् भीम प्रभो ! विराट नृपको ❀ मैले अगाडी गई ।
पाक्यैशास्त्र म जान्दछू यहि कुरा ❀ भन्छू भँडारी भई ॥
भन्नेछू सब चीज पाक्य गर्हुँला ❀ स्वादिष्ट पारी अती ।
आफैंले बन गै लिएर लकडी ❀ फर्कन्छु हे भूपती ॥

(२)

कुश्ती खेल्न सिपालु छू गज[1] सँगै ❀ लड्छू बलैले अनी ।
सक्तैनन् लडि जित्न कुश्ती मसँगै ❀ कौनै पहल्मान् पनी ॥
भान्से भै कन पाण्डवादिहरुका ❀ बस्थें म साथै महाँ ।
सोधे नाम भने म बल्लभ भनी ❀ दिन्छू बताई तहाँ ॥

(३)

जूवामा सब हारि पाण्डवहरू ❀ ठूलै विपत्मा परी ।
रानी ली बनमा पसे जब म ता ❀ हींडें डुलूवा सरी ॥
भन्नेछू म विराटलाइ इ कुरा ❀ पारेर विश्वासमा ।
आँटेको मनले थिएँ जुन कुरा ❀ बिन्ती चढाएँ यहाँ ॥

(४)

यस्ता बात सुनी वृकोदरजिका[2] ❀ भूपाल[3] भन्छन् अनी ।
हे भाई ! तिमि सक्तछौ जति भन्यौ ❀ सो पूर्ण गर्नें पनी ॥
ऐले मुख्य प्रतापि वीरहरुमा ❀ ठान्छू किरीटी भनी ।
तिन्‌ले काम कउन् गरेर रहनन् ❀ ठिक् चाकरै झैं बनी ॥

(५)

गन्धर्वादि र यक्ष राक्षस अनी ❀ फेरी मनुष्यै महाँ ।
टिक्ने सामु परेर अर्जुनजिका ❀ क्वै वीर छैनन् यहाँ ॥
अग्नीलाइ अजीर्ण भै कन दवा[4] ❀ खातिर् किरीटी[5] कहाँ ।
आइ खाण्डव पोल्न बिन्ति गरदा ❀ एक्लै गई झट् तहाँ ॥

---

१ हात्ती । २ भीमसेनका । ३ राजा युधिष्ठिर । ४ ओषधी । ५ अर्जुनजी ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(६)

पैदल् गै जुन वीरले रण गरी ❋ नागासुरादी[1] - हरू ।
मारी तृप्त गराइ अग्नि कन खुश् ❋ पारे बयान् के गरूँ ?
बैनी बासुकि-नागकी हरि लिए ❋ पाताल आफैं गई ।
तेजीला रवि[2] झैं यि पार्थ कसरी ❋ बस्नन् अधीनै भई ॥

(७)

शक्तीमा हरि इन्द्र झैं जउन छन् ❋ गाण्डीवलाई लिने ।
सेता अश्व[3] हुने चढेर रथमा ❋ वैरी सखाप् गर्दिने ॥
जस्का श्रीहनुमान दिव्य रथमा ❋ बस्छन् ध्वजामा गई ।
उस्ताले कसरी विराट नृपका ❋ बस्नन् अधीनै भई ॥

(८)

बर्षैं पाँच रहेर इन्द्र सित पो ❋ दिव्यास्त्र सीकी लिए ।
आफ्नू कीर्ति त्रिलोकमा जउनले ❋ शस्त्रै चलाई दिए ॥
ताँदाले धनुको दुवै कर विषे ❋ खत् धेर् बसेका पनी ।
देखी फिक्रि मलाइ लाग्छ कसरी ❋ गर्नन् यि सेवा भनी ॥

(९)

बाह्रौं रुद्र भनौं कि तेह्रउँ रवी ❋ यिन्लाइ के हुन् भनौं !
आठै छन् बसुहेरु यिन् कन कि ता ❋ नौवाँ वसूमा गनौं ॥
साक्षात् ईश्वर कृष्णका प्रिय यि छन् ❋ कुन् रूप यिन्ले धरी ।
मत्स्यै देश महाँ त चाकरि गरी ❋ बस्नन् खटन्मा परी ॥

(१०)

यति सुनि कन झट्टै पार्थले दाज्यु हेरी ।
दुइ कर कन जोरी भन्दछन् ताहिं फेरी ॥
किन कसरि गरीयो नाथले फिक्रि याहाँ ?
युवति[4] बनि म बस्छू मत्स्यका देश माहाँ ॥

(११)

पहिरि कन हरीया लाल् चुरी नाडि माहाँ ।
खतहरु कन छोपी राख्छु देखिन्छ काहाँ ?
घसि कन कछु लाली लाल गाला गराई ।
सजि कन दुइ कानै कुण्डलादी लगाई ॥

---

१ नाग राक्षसहरू । २ सूर्य । ३ घोडा । ४ तरुनी आइमाई ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(१२)

धरि नकलि ति केशै चुल्ठि लामू गराई ।
कसि कन दुइटा गेँद्र[1] छातिमा गोल् तुल्याई ॥
नयन बिच म गाजल् लाउँला स्वाँग पारी ।
युवति सरि कटीमा पैह्रनेछू म सारी[2] ॥

(१३)

पहिरि कन फुलैका घाँटिमा हार[3] धेरै ।
नयन-शर चलाई हाँसदै बेर-बेरै ॥
लिइ कन हिजडाको भेष् बृहन्नल् कहाई ।
नृपति कन सभामा भेट्छु हे नाथ ! जाई ॥

(१४)

अघि सरि नृपलाई बिन्ति गर्नैछु मैले ।
सखि सरि सँग बस्थेँ द्रौपदीको म पैले ॥
उनिहरु बन हीँडे दैव लागेर फेरी ।
नगरि त्यजन लाई[4] बुद्धिले नाथ ! मेरी ॥

(१५)

पसि कन दरबार्मा स्त्रीहरूलाइ पाई ।
दिइ कन अति तालिम् नाच-गाना सिकाई ॥
गरि कन यहि मैले चाकरी बस्छु भन्ने ।
जब त म भनि द्यूँला दङ्ग पर्नन् ति सुन्ने ॥

नकुल, सहदेव र द्रौपदीको कार्य-निर्णय

(१)

वैशम्पायनले बताउनु भयो ❋ सम्राट् ! इ वार्ता भनी ।
चूपै पार्थ भए युधिष्ठिरजिले ❋ केही विचारी अनी ॥
साहींला जुन भाइ हुन् नकुलजी ❋ तिन्लाइ हेरी तहाँ ।
सोध्नू भो तिमिले बताउ म कनै ❋ कुन् काम गर्नें यहाँ ॥

१ भकुण्डो । २ फरीया । ३ माला । ४ लगाई ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(२)

तिम्रो देख्छु शरीर कोमल अती ❀ हर्दम् सुखैमा बढी ।
कस्तो हुन्छ विपत्ति एहि तिमिमा ❀ क्यै छैन ज्ञाने रती ॥
देख्दामा पनि भाइ हे नकुल ! छौ ❀ स्वर्गीय - प्राणी[1] सरी ।
गर्नेछौ गइ मत्स्यका नगरिमा ❀ तिमूले कउन् नोकरी

(३)

यो आज्ञा कुरु - राजको[2] नकुलले ❀ सूनेर भन्छन् त्हाँ ।
दाज्यू ! जान्छु विराटका समिपमा ❀ जान्ने सवार् झैं भई ॥
शालीहोत्र[3] म जान्दछू भनि यती ❀ बिन्ती गरूँला जसै ।
घोडालाइ सधाउना कन हुकुम् ❀ दीनन् तिनीले तसै ॥

(४)

काहाँ नोकरि गर्दथ्यौ अघि भनी ❀ सोध्नन् मलाई वहाँ ।
भन्नेछू सब काम अस्तबलको ❀ हेर्थें म आफैं तहाँ ॥
नाऊँ ग्रन्थिक हो म धर्म-सुतको[4] ❀ गर्थें अघी चाकरी ।
शङ्का गर्न सक्वैन कोहि जनले ❀ भन्दा यही त्यस् घरी ॥

(५)

श्रीधर्म-राज कन मन्सुब[5] यै बताई ।
केही हटे नकुलजी पर तीर जाई ॥
आज्ञा भयो अनि पछी सहदेवलाई ।
हे भाइ ! आँट मनको भन लौ मलाई ॥

(६)

गै मत्स्यका नगरिमा कुन कार्यलाई ।
रोजेर बस्न मनमा छ बखत् बिताई ॥
गर्थ्यौं चयन् अघि विपत्ति पर्‍यो र ऐले ।
सेवा गरी रहनु पर्ने गयो सबैले ॥

(७)

जोरेर हात शिरलाइ अली झुकाई ।
भन्दा भए नजिकमा सहदेव आई ॥
राजन् ! यसोरि किन शोक वृथा गरेको ?
भोग्छौं अवश्य सब भाइ विपत् परेको ॥

१ देवता । २ युधिष्ठिरजीको । ३ अश्व-विद्या । ४ युधिष्ठिरजिको । ५ मनको आँट ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(८)

गौको गरेर पहिचान न भै शरम्‌मा ।
जान्ने म छू अधिक गौ दुहुने करम्‌मा ॥
पुग्छू सरासरि विराट भए महाँ गै ।
भन्छू म लक्षण विचार्दछु गाइको यै ॥

(९)

कुन् गाइ हुन् शुभ कउन् अशुभै बताई ।
गौको गरेर पहिचान बखत् बिताई ॥
गाई दुहाउँछु रही कन गोठ माहाँ ।
हूँ तन्तपाल भनि भन्दछु नाम ताहाँ ॥

(१०)

डिठ्ठा भएर गउको रहि गोठ माहाँ ।
गौकै त काम गरनेछु म नित्य ताहाँ ॥
यै कार्यमा अभिरुची[1] छ प्रभो ! मलाई ।
खूशी गराउँछु अवश्य विराटलाई ॥

(११)

भाई श्रीसहदेवका यति कुरा ❋ सूनेर ती भूपती ।
ज्येठा पाण्डव श्री युधिष्ठिरजिले ❋ सन्ताप मानी अती ॥
केही मौन[2] भएर एक छिनमा ❋ आँसू नजर्‌मा धरी ।
भन्छन् प्राण-पियारि द्रौपदि कनै ❋ हेरेर चिन्ता गरी ॥

(१२)

हाम्री प्राण - पियारि राजतनया[3] ❋ भार्या[4] यिनै द्रौपदी ।
माहारानि भएर सौख्य गरथिन् ❋ कार्यादिमा दिऊ न-दी ॥
नारी छन् यि पतिव्रता शशिमुखी ❋ लज्जावती सुन्दरी ।
बस्निन् भेष छिपाइ कुन् तरहले ❋ सेवा विषे मन् धरी ॥

(१३)

फूलैका शुभ रत्न-हारहरु बेस् ❋ माला गलामा धरी ।
लाएरै नवरत्नका ति गहना ❋ शृङ्गार राम्रो गरी ॥
पैह्री राजसि वस्त्र ठाँट् गरि सदा ❋ बस्थिन् महल्‌मा यिनी ।
बास्ना अत्तरको लिएर कुचमा[5] ❋ कस्तूरी मलिथन् पनी ॥

१ इच्छा । २ चूप लागेर । ३ राजपुत्री । ४ स्वास्नी । ५ स्तनमा ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(१४)

यिन्‌को कोर्न कपाल तालिमि निकै ❋ केटीहरू आउँथे ।
वस्त्रादी पहिराउना कन कती ❋ केटीहरू धाउँथे ॥
जस्‌का लाल अती खुबै अधरमा ❋ बेस् मन्दहास्यै भई ।
लक्ष्मी झैं यिनि बस्दथिन् महलमा ❋ मेरा नर्जीकै रही ॥

(१५)

नारीका बिच पद्मिनी हुन गई ❋ लक्ष्मी सरी छन् यिनी ।
जन्मेकी पनि अग्नि देखि महिमा ❋ को सक्छ यिन्‌को भनी ?
दोस्री लक्ष्मि समानकी रसवती ❋ रानी यिनै द्रौपदी ।
चाकर्नी अरुकी बनेर गृहको ❋ कार्यादि गर्निन् कती ॥

(१६)

भर्ताका[1] यि कुरा सुनेर अनि फेर् ❋ भन्छिन् ति रानी तहाँ ।
स्वामिन् ! फिक्रि नगर्नुहोस्न यसरी ❋ सङ्कोच ली चित्तमा ॥
केही दुःख पर्‍यो भनेर यसरी ❋ विस्मात गर्दा महाँ ।
बुद्धी चञ्चल हुन्छ गर्नु परने ❋ कर्त्तव्यको काममा ॥

(१७)

चुल्ठो बाट्न सिपालु छू म गरछू ❋ शृङ्गार राम्रो पनी ।
रानी द्रौपदिकी सखी हुँ भनुँली ❋ सैरन्ध्रि भन्छन् भनी ॥
आफूलाइ छिपाइ यस् तवरले ❋ त्यै मत्स्यका देशमा ।
स्वामिन् जान्छु मता विराट नृपकी ❋ रानी सुदेष्णा कहाँ ॥

(१८)

रानी सीत रही गरेर सखिको ❋ कार्यादि बस्ने जती ।
नारी रक्षित छन् कुनै पुरुषको ❋ लाग्दैन दाऊ रती ॥
रानी बाट भएर रक्षित सखी ❋ जस्तै म ता बस्दछू ।
रानीकै सँगमा रही हजुरको ❋ फिक्री सबै हर्दछू ॥

(१९)

पाञ्चालिका[2] यति कुरा सुनि आँसु काढी ।
तिन्‌को धरेर कमलो करलाइ मौंडी ॥
भन्छन् ति धर्म-सुतले तिमि धन्य कृष्णा[3] !
राख्छिन् अवश्य तिमिलाइ तिनै सुदेष्णा ॥

१ स्वामीका । २ द्रौपदीका । ३ यो पनि द्रौपदीको नाम हो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(२०)

कल्याणका वचन हुन् तिमिले भनेका।
पाऊँ दछन् सुख तिनै दुःख जो सहेका॥
हे प्यारि ! बस्नु अति चङ्ग भएर ताहाँ।
हुन्छन् चलाख सँगिनी दरबार माहाँ॥

धौम्यको उपदेश लिई पाण्डवले गुप्तवास गर्न जानु

(१)

प्यारी द्रौपदिलाइ अर्ति यति दी ❋ श्री भूपतीले[1] अनी।
आज्ञा गर्नु भयो उसै समयमा ❋ यस्ता तवर्ले पनी॥
जुन्-जुन् कार्य समातुँला भनि भन्यौं ❋ राम्रो विचारै गरी।
त्यै माफिक् गइ मत्स्यका नगरिमा ❋ गर्छौं सबै चाकरी॥

(२)

मेरो आशय भन्दछू अब यहाँ ❋ जो गर्नु पर्ने जती।
भान्से ब्राह्मणहेरुलाइ सँग ली ❋ ढीलो नलाई रती॥
जाउन् प्रोहितजी छिटै द्रुपदका ❋ दर्बारमा यस् घरी।
रक्षा खुब् गरि अग्निहोत्र कन ती ❋ राखुन् त्यहीं ठिक् गरी॥

(३)

ऐले सेवक इन्द्रसेनहरु यी ❋ हाम्रा रथादी लिई।
जाउन् फर्कि ति द्वारिका नगरिमा ❋ साम्ने मुहूडा दिई॥
दासी द्रौपदिका लिएर सँगमा ❋ श्री धौम्यजीले पनी।
पाञ्चालै तिर जानु ठान्छु बढिया ❋ के हुन्छ धेरै भनी॥

(४)

लागे पाण्डव ती कता तिर भनी ❋ सोध्नन् कसैले जसै।
हामीलाइ त्यजेर[2] द्वैत-बनमा ❋ भन्नू गए ती कतै॥
थाहा छैन कहाँ गए तिनिहरू ❋ केही भनेनन् पनी।
हामीलाइ बिदा दिई कन हिंडे ❋ लै हामि जान्छौं भनी॥

१ युधिष्ठिरले। २ छोडेर।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(५)

सोध्नेको मन भर्दिनू यति भनी ❀ ती भूपतीले तहाँ।
विद्वान् धौम्यजिलाइ सोधनु भयो ❀ डाकेर सामू महाँ॥
अर्ती प्रोहितजी ! अलीकति मिलोस् ❀ जान्छौं विदेशै महाँ।
कर्मैको गति पो रहेछ बलियो ❀ को टार्न सक्ने यहाँ॥

(६)

भन्छन् धौम्यऋषी ति धर्म-सुतमा ❀ राजन् ! सबै ज्ञान ता।
आफैं ले तिमि जान्दछौ तर पनी ❀ अर्ती दिंदैछू म ता॥
भाई अर्जुनले र आफु तिमिले ❀ पाञ्चालिको खुब् गरी।
रक्षा गर्नु कुरो त मुख्य यहि हो ❀ छन् रानि रत्नै सरी॥

(७)

जस्तो रीति गरेर हुन्छ छिपनू ❀ ठिक् बाह्र मैह्ना कहीं।
गुप्तै बास बिताइ वर्ष दिनको ❀ फेर् निस्क जाहेर् भई॥
बस्दा भेष छिपाइ कोहि नृपको ❀ थाम्नू असल् चाकरी।
राजालाइ रिझाउने जति कुरा ❀ भन्छू खुलासा गरी॥

(८)

दर्बार् जानु पर्‍यो भने रथ चढी ❀ घोडा चढी पालकी।
हात्तीमा चढि जानु हुन्न कहिल्यै ❀ ठानिन्छ ना-लायकी॥
आफ्नू हाजिरि बिन्ति गर्नु पहिले ❀ आयो फलानो भनी।
बोलाहट् भइ जानु पर्छ नृपका ❀ साम्ने कसैले पनी॥

(९)

बस्दा राजसभा विषे अलि हटी ❀ ठाम् हेरि होचो महाँ।
बस्नू पर्दछ हुन्न सामु बसनू ❀ ठाऊँ छ ऊँचा जहाँ॥
सर्दार् आदि सँगै बसेर नृपले ❀ सल्लाह गर्दा पनी।
भित्रीया छु भनेर हुन्न बसनू ❀ को हड्कने हो भनी॥

(१०)

केही प्रश्न गरे भने नृपतिले ❀ खुब् आदरादी गरी।
जोरी हात नुहेर बिन्ति गरनू ❀ साम्ने अगाडी सरी॥
राजा सीत कुरा हुँदा नृप-कुरा ❀ काटेर बोल्दा महाँ।
ठान्छन् भूपतिले अनादर ठुलो ❀ जानेर बोल्नू तहाँ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(११)

गफ् गर्नू पनि हुन्न झट् वचन क्यै ❀ बोल्दै नबोल्नू अनी ।
दर्बार्मा रहने स्त्रिजाति कन ता ❀ हेर्दै नहेर्नू रती ॥
राजाको प्रिय छैन जौन उसको ❀ कुरा नगर्नू तहाँ ।
बल्दा अग्नि सरी बुझी नृपतिको ❀ डर् मान्नु बेस् हो वहाँ ॥

(१२)

मर्यादा कन नाघि काम नृपका ❀ साम्ने नगर्नू रती ।
गर्छन् है पहिचान भूपतिहरू ❀ कस्तो छ त्यस्को मती ॥
केही काम अह्राउँदा नृपतिले ❀ त्यै काम गर्नू पनी ।
गर्दामा डर राख्नु पर्छ मनमा ❀ रीसाउनन् की भनी ॥

(१३)

जिद्दी शेखि र रिस् नगर्नु कहिल्यै ❀ जान्नेहरूले तहाँ ।
जिद्दीवाल् र घमण्डि क्रोधिहरुको ❀ बिग्रन्छ दर्बारमा ॥
विद्वान्ले नृपका अगल्-बगलमा[1] ❀ बस्नू छ जाती अती ।
बस्नू पर्दछ शस्त्रधारि जनले ❀ पिठ् तर्फ केही हटी ॥

(१४)

सामू भै कन बस्नु हुन्न नृपको ❀ कौनै बखत्मा पनी ।
राजाको मन पर्छ काम जुन पो ❀ गर्नू चतूरो बनी ॥
रिस् गर्दा जसले हरी[2] धन-घरै ❀ ज्यान् लीन सक्छन् अनी ।
खुश् हूँदा परिपूर्ण पार्न सकने ❀ हुन्छन् ति राजा धनी ॥

(१५)

हल्लाऊनु हुँदैन हात अनि फेर् ❀ पाऊ कसैले पनी ।
शेखीले बकवाद् हुन्न गरनू ❀ साह्रै चतूरो बनी ॥
थुक्नू पिच्च गरेर हुन्न नजिकै ❀ फेरी खकार्नू पनी ।
वायू-छोड्न हुँदैन जोर् सित कभै ❀ साह्रै नहाँस्नू पनी ॥

(१६)

हाँस्ने बात परी प्रसङ्ग-वशले ❀ हाँस्नै परोस् ता पनी ।
खित्का छोडि नहाँस्नु मन्द मुसुकान्[3] ❀ गर्नू निको हो अनी ॥
देख्दा सुग्घर साफ भै कन टहल् ❀ जो गर्छ राजा कहाँ ।
त्यै हो सेवक योग्य जान्नु सबले ❀ त्यै टिक्छ दर्बारमा ॥

१ दाहिने-देब्रे तिर । २ हरेर । ३ मुसुक्क हाँस्नू ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(१७)

मन्त्री भै कन राजपुत्र कि भने ❋ श्री भूपतीकै पनी ।
तारिफ् गर्दछ जो उही मनपरी ❋ हूनेछ चाँडै धनी ॥
निर्दोषी यदि मन्त्रि होस् तर परोस् ❋ जेल्मा हुकुम्ले गई ।
निन्दा क्यैं गर्दैन पो यदि भने ❋ फेर् मन्त्रि होला उही ॥

(१८)

भन्नन् काम यही त गर् नृपतिले ❋ अल्छी नमानी रती ।
गर्नू कार्य उही पुगे अनि पछी ❋ खूशी हुनन् भूपती ॥
जो मानिस् नृपका बसेर सँगमा ❋ वार्तादि गुप्तै[1] सुनी ।
अर्कालाइ कहन्न सोहि रहला ❋ प्यारो बहूतै बनी ॥

(१९)

आफूले पहिरन् नगर्नु कहिल्यै ❋ नक्कल् गरी भूपको ।
राजाको प्रिय हुन्न नक्कल गरे ❋ साँचो कुरा भन्छु यो ॥
घुस् पाएँ भनि खानु छैन कहिल्यै ❋ सोही खुलेका घरी ।
पर्ला बन्धनमा अवश्य बसला ❋ खुब् दण्ड भोगै गरी ॥

(२०)

राजाले खुशि भै लुगा र गहना ❋ घोडा दिएका घरी ।
आफैंले उपभोग गर्नु बढिया ❋ खूबै मगन्मा परी ॥
बक्सेका सब चीज वस्तु कन ता ❋ दींदा अरू प्राणिमा ।
आफूले पहिरेन खुब् बढि गयो ❋ भन्छन् नृपादी तहाँ ॥

(२१)

तस्मात् पाण्डव हो ! तनै-मन[2] दुई ❋ कायम् गरी झट् गई ।
राजाको गर चाकरी वरष तक् ❋ लूकेर गुप्तै भई ॥
वर्षै जान्छ बिती जसै प्रकट भै ❋ राज्यादि पाई अनी ।
इच्छा माफिक गर्नु कार्य परला ❋ न्यायी र शूरा बनी ॥

(२२)

एती सुनेर उपदेश ति धौम्यलाई ।
भन्दा भए ति कुरुराज[3] अगाडि जाई ॥
कल्याण होस् हजुरको शुभ अर्ति पायौं ।
माताजिकै वचन ठानि शिरै चढायौं ॥

---

१ भेदका कुरा । २ शरीर र मन । ३ युधिष्ठिर ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(२३)

हाम्रो समस्त दुःख नष्ट हवस् जसोरी ।
प्रस्थान-कार्य गरियोस् प्रभुले उसोरी ॥
यस्ता कुरा सुनि ति प्रोहित धौम्य ताहाँ ।
लाग्दा भए हवनका शुभ कार्य माहाँ ॥

(२४)

जितहोस् यि पाण्डु-सुतको भनि अग्नि बाली ।
मन्त्रै पढेर घृत-आहुति[1] खूब हाली ॥
प्रस्थानका समयमा जति गर्नु पर्ने ।
पूजा गरे सहज मङ्गल खूब गर्ने ॥

(२५)

रानी समेत सब पाण्डवहेरु आई ।
गर्दा भए तब परिक्रम अग्निलाई ॥
विप्रादिका सँग बिदा भइ उत्ति खेर ।
सम्झी हरी कन हिंडे नलगाइ बेर ॥

(२६)

ली अग्निहोत्रहरुलाइ ति धौम्य फेरी ।
पाञ्चालमा गइ गए नगरेर देरी ॥
ती इन्द्रसेनहरु ली कन सैन्यलाई ।
द्वारावती तिर गए कदमै बढाई ॥

पाण्डवहरूले रूखमा हतियार झुन्ड्याई विराट-नगरमा जानु

(१)

तर्वारै कटिमा झुलाइ पिठमा ❋ ठोक्रा सबैले भिरी ।
वीरैको धरि भेष पञ्च-हतियार् ❋ ली रानि साथै गरी ॥
सोझै श्री यमुनाजिका तिरतिरै ❋ ती पाँच भाईहरू ।
पार्दै उत्तरमा दशार्ण ति छिटै ❋ हिंड्थे बयान् के गरूँ ॥

---

१ घिऊको होम ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(२)

थीयो दक्षिण तर्फमा खजितको ❋ पाञ्चालको जङ्गल ।
त्यै बाटो गरि मिर्ग मारि दिनमा ❋ पोलेर खाई कन ॥
हिंड्दा दाह्रि-जुँघा बढी नचिनने ❋ जस्ता सबै ती भए ।
नाघी त्यै बन मत्स्यका मुलुकमा ❋ हींडेर आई गए ॥

(३)

बाटामा हिंडदा बटोहिहरुले ❋ क्यै प्रश्न गर्दा पनी ।
व्याधा हौं भनि भन्दथे तिनिहरू ❋ व्याधै सरीका बनी ॥
हिंड्दै आइ पुगी विराटपुरिमा ❋ साँध्मा ति पाञ्चालिले ।
भन्छिन् खेत भरी छ है नजर होस् ❋ अन्नादिका बालिले ॥

(४)

गोन्याँटाहरु[1] देख्दछू बहुत छन् ❋ सोझै गएका पनी ।
ठान्छू कोहि ठुलै शहर् नजिकमा ❋ होला अवश्यै भनी ॥
स्वामिन् ! तागत छैन थाकि म गएँ ❋ हिंड्नू त गाह्रो भयो ।
राती आज यहीं बसौं सब जना ❋ मेरो त बिन्ती छ यो ॥

(५)

भन्छन् अर्जुनलाइ धर्म-सुतले ❋ त्यै बीच बाटा महाँ ।
हे भाइ ! तिमि बोक द्रौपदि कनै ❋ सङ्कोच त्यागी यहाँ ॥
टाढा छैन शहर् अलिक् पर गई ❋ पुग्छौं शहर्मा पनी ।
आँटेको छु गएर त्यै शहरमा ❋ मेटौं थकाई भनी ॥

(६)

यो आज्ञा सुनि दाज्युको उहि कुरो ❋ मन्जूर[2] गर्दै तहाँ ।
बोकी द्रौपदिलाइ अर्जुन हिंडे ❋ आफ्ना पिठ्यूँ बीचमा ॥
आली-आलि हिंडेर पाण्डवहरू ❋ खासा बटोही[3] बनी ।
केही दूर गएर इन्द्रपुरि झैं ❋ देखे शहर् पो अनी ॥

(७)

रानीलाइ ति वीर अर्जुनजिले ❋ भैंमा उतारी दिए ।
फेरी मन्दगती[4] गरेर सबले ❋ बाटो समाती लिए ॥
सोध्नू भो उ बखत् युधिष्ठिरजिले ❋ हे भाइ ! ऐले कहाँ ।
हामीले हतियार् धरौं भन तिमी ❋ राख्ने छ ठाउँ जहाँ ॥

---

१ आलीको कचा बाटो । २ मान्दै । ३ बाटो हिड्ने । ४ विस्तारै हिंडी ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(८)

चीने छन् यदि कोहि पाण्डव भनी ❋ हामूलाइ एस् ठाममा ।
बाह्रै मास भरी लुकेर रहनू ❋ पर्नेछ झाडी महाँ[1] ॥
साथै छौं सब प्राणि हामि यउटा- ❋ लाई चिनेका घरी ।
हूनेछौं सब प्राणि पो प्रकट है ❋ हामी सजीलै गरी ॥

(९)

बिन्ती अर्जुनले गरे उहि बखत् ❋ देख्छू मशान्मा यहाँ ।
भिर्मा वृक्ष ठुलो छ एक शमिको ❋ खुब् उच्च ठाऊँ महाँ ॥
चढ्नू त्यस् रुखमा निकै छ कठिनै ❋ ताहीं हतीयार् धरौं ।
पोको पारि लिऊँ उतारुँ हतियार् ❋ ढीलो न केही गरौं ॥

(१०)

कोही मानीस छैन यस् घरि यहाँ ❋ चक्मन्न देख्छू अनी ।
हो यो एक मशान हत्पति कभै ❋ आउन्न कोही पनी ॥
तस्मात् अस्त्रहरू[२] उतारि गठरी ❋ पारेर रुख्मा चढी ।
हाँगामा लगि टाँगिद्यूँ अनि पछी ❋ जाऊँ शहर्मा बढी ॥

(११)

एती भनी कन अगाडि ति पार्थ आई ।
ताँदो उतारि धनुको करले समाई ॥
जस्ले सुरासर[1] जित्यो रणभूमि माहाँ ।
धर्दा भए सहज गाण्डिव चाप[२] भैमा ॥

(१२)

जुन् चाहीं धनुलाइ धर्म-सुतले ❋ लीई लडाँई महाँ ।
रक्षा गर्नु भयो अनेक जनको ❋ वीरादिका सामुमा ॥
ताँदो त्यै धनुको उतारि करले ❋ शोकार्त जस्तै बनी ।
भूमिमा धनुलाइ राखि दिनु भो ❋ राख्नै पऱ्यो लौ भनी ॥

(१३)

यस्तै रीति गरी वृकोदरजिले ❋ जुन् चाप ली युद्धमा ।
पाञ्चालै कन आधिनै गरि लिए ❋ मारेर लाखौं तहाँ ॥
गर्दा दिग्विजयै पनी जुन धनू ❋ लीई गएका थिए ।
राजा सिन्धु समेत आफ्नु वशमा ❋ जस्ले गराई लिए ॥

१ देवता र राक्षस । २ धनुष ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(१४)

जुन् भारी धनुको त शब्द चरको ❋ ठिक् वज्र तुल्यै भई ।
बैह्रो भै कन माग्दथे रिपुहरू ❋ शक्ती हराई गई ॥
गिर्थ्यो गर्भ ति वैरि-नारिहरुको ❋ शब्दै परी कानमा ।
राखे भीमजिले उतारि धनु त्यै ❋ थन्क्याउनै निम्तिमा ॥

(१५)

जस्ले बोल्नु परे प्रमाण दिइ खुब् ❋ बोल्थे सभामा गई ।
शोभा खूब भएर लाल मुखमा ❋ जुन् वीरको श्री[1] रही ॥
राम्रो त्यै कुलमा न भै अरु कुनै ❋ तिन्का सरी पञ्चमा[2] ।
जस्को नाम रही गयो नकुलजी ❋ श्रीपाण्डुका वंशमा ॥

(१६)

जस्ले पश्चिमको दिशा जिति लिए ❋ जुन् चाप ली हातमा ।
छाँटीलो धनु देख्नु सुन्दर थियो ❋ राख्थे सदा साथमा ॥
आफ्नू त्यै धनुलाइ ती नकुलले ❋ झीकेर झट्टै अनी ।
सामूमा सबका धरे जमिनमा ❋ राखी दिएँ लौ भनी ॥

(१७)

पैले जुन् धनुलाइ ली रण गरे ❋ वीरादिको ज्यान् हरी ।
जीते दक्षिण तर्फका मुलुक घेर् ❋ वर्षा शरैको गरी ॥
यस्ता वीर ति पाण्डवादिहरुमा ❋ जुन् चाहिं कान्छा थिए ।
उस्ता श्रीसहदेवले निज धनू ❋ झीकेर राखी दिए ॥

(१८)

फेरी खड्ग छुरी र ढाल-तरवार् ❋ ठोक्रा - कटारी पनी ।
पाँचै भाइ मिलेर झट् पृथिविमा ❋ राख्दा भए फेर् अनी ॥
जम्मा ती हतियार् गरेर बलियो ❋ पोको[3] बनाई तहाँ ।
भन्नू भो नृपले[4] तिनै नकुलजी- ❋ लाई उसै बीचमा ॥

(१९)

हे भाई ! गठरी लिएर तिमिले ❋ ऐले चढी वृक्षमा ।
हाँगाका बिचमा असल् तरहले ❋ राखेर आऊ यहाँ ॥
आज्ञा पाइ खुशी हुँदै नकुलले ❋ पोको उठाई लिए ।
चाँडै गै शमिका चढेर रुखमा ❋ त्यस्लाइ राखी दिए ॥

---

१ कान्ति । २ पाँचमा । ३ गठरी । ४ युधिष्ठिर महाराजले ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(२०)

शख्दामा बहुतै विचारि जलको ❋ वृष्टी हुँदामा पनी।
वर्षा बाट बचोस् भनेर गठरी ❋ राखेर पत्ता मनी॥
छोपी-छापि दिएर डोरि कसि खुब् ❋ बाँधी दिए वृक्षमा।
एती काम गरी फिरे नकुलजी ❋ दाज्यू रहन्थे जहाँ॥

(२१)

चढला मानिस कोहि थो रुख महाँ ❋ भन्ने विचारे गरी।
मुर्दा एक लिएर आइ रुखमै ❋ बाँधी दिए त्यस् घरी॥
देख्ने एक दुई अहिर्हरु मिले ❋ तिन्का नजीकै गई।
लागे भन्न कुरा बनाइ सबले ❋ चिन्ता परे झैं भई॥

(२२)

भाई हो ! भनुँ के विपत् परि गयो ❋ बाटै महाँ यस् घरी।
वर्षै एक सये र अस्सि सितकी ❋ हाम्री त माता मरी॥
रीती हो कुलको उनै कन लगी ❋ रुख् माथि झुन्ड्याउनू।
सोही काम छिनेर फर्कि घरमा ❋ जान्छौं अरू के भनूँ॥

(२३)

एती बात गरी अहीर् सित छिटै ❋ रानी र आफू भई।
लागे हिंड्न अगाडि पाण्डवहरू ❋ बाटो शहर्को लिई॥
गुप्ती नाम धरे परस्पर महाँ ❋ पाँचै जना भाइले।
नाऊँ ता 'जय' भो युधिष्ठिरजि को ❋ फेरी तिनै भीमले॥

(२४)

आफ्नु नाम 'जयन्त' यै धरि लिए ❋ सोही बखत्मा अनी।
राखे नाम त पार्थले 'विजय' पो ❋ राखे 'जयद्बल्' यही॥
नाऊँ श्रीनकुलैजिले 'जयन' पो ❋ यै नाम मेरो भनी।
कान्छा ती सहदेवको रहि गयो ❋ नाऊँ मुखैले कही॥

युधिष्ठिरले स्तुतिगर्दा दुर्गा प्रकट भई वरदान दिनु

(१)

पस्ने पाण्डवको विराट-पुरिमा ❋ बेला भएथ्यो जसै।
ब्रह्माण्डै भरिकी अधीश्वरि बडी ❋ दुर्गाजिलाई तसै॥
सम्झी झट् मनमा युधिष्ठिरजिले ❋ गर्नू भएथ्यो स्तुती।
भक्तीले गरि चित्त गद्गद भई ❋ आँसू चुहे खुब् अती॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(२)

बैनी श्रीहरिकी भएर ब्रजमा ❋ श्रीनन्द काहाँ गई ।
माता श्रीयशुदा गराइ तिनका ❋ कोख् बाट जन्मै लिई ॥
इच्छा पूर्ण गराइ भक्तजनको ❋ डर् कंसलाई दिने ।
जस्ले गर्छ पुकार त्यस् कन सदा ❋ आफ्ना पिछामा लिने ॥



(३)

हे दुर्गे ! जय होस् भनेर दिनमा ❋ एकै पटक् भन्छ जो ।
सारा दुःख-दरिद्र नष्ट हुन गै ❋ प्राणी धनी हुन्छ सो ॥
जस्को नाम महाँ छ शक्ति बहुतै ❋ चौधै[1] तला बीचमा ।
उस्ती श्रीपरमेश्वरी जय गरुन् ❋ हाम्रो सबै कालमा[2] ॥

(४)

गर्भै अष्टममा[3] त देवकिजिकी ❋ जन्मिन् कुमारी[4] भनी ।
पाल्ले जब यो खबर् भनि दियो ❋ क्रोधी बहूतै बनी ॥
रिस्ले चुर् भइ बैनिका नजिकमा ❋ त्यै कंस दौडी गयो ।
मार्छू बालक यो भनी भगिनिको ❋ काख् बाट खोसी लियो ॥

(५)

पछार्छू ढुङ्गामा यस कन भनी क्रोधित भई ।
उजायो हातै पो उहि बखत ती फुत्कन गई ॥
गइन् आकाशैमा उडि कन जउन् बैनि हरिकी ।
विपत्ती ती नाशुन् जति छ परने वर्ष भरिकी ॥

१ चौध भुवन । २ समयमा । ३ आठौंमा । ४ छोरी ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(६)

आकाशै तिर गै उ दुष्ट कन फेर् ❋ हेरेर चर्को गरी ।
बोलिन् कंस ! मलाइ मार्दछु भनी ❋ आँटिस् वृथा यस् घरी ॥
तेरो प्राण लिने जउन् पुरुष हो ❋ सो गोकुलैमा पुगी ।
ऐले खेलि रहेछ खोजि गरिले ❋ बस्दैन त्यो ता लुकी ॥

(७)

एती सूचन दी उडी कन गइन् ❋ विद्युत्[1] सरी भै तहाँ ।
बैनी कृष्णजिकी तिनै अझ पनी ❋ छन् विन्ध्य-पाहाडमा ॥
तिन्को नाम त विन्ध्यवासिनि भनी ❋ जाहेर् छ जाहाँ - तहाँ ।
जस्ले दैत्यहरू सखाप् गरि दिइन् ❋ एक्लै लडाईं महाँ ॥

(८)

तिम्रै पर्छु शरण् महाँ भगवती ! ❋ लीएर केही दया ।
देऊ सेवकलाइ मङ्गल ठुलो ❋ हे आदि-शक्ती जया ॥
तिम्रो वर्णन गर्न सक्तछ कउन् ? ❋ माता ! जगत्-सुन्दरी !
बास्ना खूब दिने अनेक फुलका ❋ माला गलामा धरी ॥

(९)

पोशाक् दिव्य लगाइ खड्ग करमा ❋ लीएर शृङ्गारले ।
राम्री भै कन विन्ध्यपर्वत विषे ❋ बस्नुन्छ श्री माइले ॥
सम्झी हे जगदम्बिके ! हजुरको ❋ नाऊँ जउन् भक्तले ।
गर्छा नित्य प्रणाम उस् कन कभै ❋ छूँदैन कष्टादिले ॥

(१०)

चतुर्बाहू माहाँ विविध हतियार् छन् टलकने ।
मुहार् तिम्रो मातर् ! शशि सरि प्रभाले[2] चमकने ॥
जगत् रक्षा गर्छयौ शशिमुखि ! तिमीनै सदय[3] भै ।
जगत् पाल्छयौ दुर्गे ! भगवति ! सबैकी जननि भै ॥

(११)

कुमारी यै नाऊँ जगत बिच प्रख्यात हुन गै ।
दयालू छयौ माता ! विपति कति खेपेर रहुँ मै ॥
उदाएका सूर्यै सरि छ अनुहारै शशि सरी ।
मिठो बोली तिम्रो भगत कन छन् दाख-मिसरी ॥

१ विजुली । २ तेजले । ३ दयाले सहित ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(१२)

जुहार्को त्यो राम्रो मुकुट शिरमा पूर्ण-शशि झैं ।
नकल् गर्ने आँखा सहज सित नीला-कमलकै ॥
अती साह्रा पुष्टै कनक-कलशी झैं कुच दुई ।
पयर्मा नूपूरै[1] मणि-जडित छन् सुन्दर भई ॥

(१३)

लगाएका बाला मुजुर सरि रङ्का चहकिला ।
पयर्मा छन् कल्ली अति असल सुन्का गहकिला ॥
जिऊ लक्ष्मीका झैं भइ कन मिठो खुश्बु छ अती ।
कृपा-दृष्टी पाऊँ शरण परि भन्छु भगवती ॥

(१४)

घण्टा पाश धनू र चक्र निजको ❋ चारै भुजामा लिने ।
कानैमा पहिरेर कुण्डल असल् ❋ हर्दम् झुलाई दिने ॥
जित्ने श्रीमुख-तेजले मुकुटको ❋ शोभा भई चन्द्रमा ।
यस्ती देविजि ब्रह्मचारिणिजिका ❋ पर्छू म ता पाउमा ॥

(१५)

कम्मर् सम्म झुलाइ लामु चुलठी ❋ अत्यन्त शोभा गरी ।
मानू सर्प गएर बेह्रिन गयो ❋ पाहाड् - सुमेरू भरी ॥
देवी ! स्वर्ग पवित्र भो हजुरको ❋ कौमार - व्रत्ले गरी ।
गर्दैछन् स्तव[2] देवता हजुरकै ❋ आधार ठूलो धरी ॥

(१६)

रणैमा मार्नू भो महिष[3] असुरैलाइ त अघी ।
त्रिलोकै रक्षाका निमति गइ चण्डी-रूप भई ॥
खुशी हूनोस् अम्बे[4] ! शिर धरि दिएँ श्रीचरणमा ।
दया राखी कृष्णे ! म कन लिनुहोस् लौ चरणमा ॥

(१७)

जया भन्छन् कोही कति त विजया नाम त धरी ।
पुकार्छन् हे माता ! हजुर कन प्राणी नति गरी ॥
हजुर् बस्ने नित्यै गइ कन त विन्ध्याचल महाँ ।
शिवे ! हे कल्याणी ! विजय दिनुहोस् यस् घरि यहाँ ॥

१ पाऊजेव । २ स्तुति । ३ महिषासुरलाई । ४ माता ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(१८)

महाकाली ! मातर् ! पशु बलि लिई खूशि मनले।
घरै भक्तैको ता भरि दिनु हुने खूब धनले॥
बिहानैमा जागा भइ कन त ढोग् गर्छ जसले।
कृपा पाई तिम्रो गरछ सुख - भोगै त उसले॥

(१९)

हिंड्दा जङ्गलमा समुद्र बिचमा ❀ संकष्ट[1] पर्दा पनी।
डाकू-तस्करका[2] परेर वशमा ❀ जस्ले त दुर्गा ! भनी॥
एकै पल्ट पुकार्छ ता दुःख सबै ❀ नाशिन्छ पक्का छ यो।
कष्टै देखि छुटाइ बक्सनु हुँदा ❀ दुर्गा रह्यो नाम यो॥

(२०)

कीर्ती श्री द्युति ह्री र सिद्धि अनि फेर् ❀ लज्जा र विद्या धृती।
सन्ध्या रात्रि प्रभा र कान्ति सुदया ❀ निद्रा क्षमा फेर् मती॥
नामादीहरु बाट पूजित भई ❀ आफ्ना पिछामा लिने।
व्याधी - बन्धन-मृत्यु देखि सहजै ❀ रक्षा गराई दिने॥

(२१)

माता ! राज्य भएर नष्ट म पनी ❀ तिम्रा शरण्मा परें।
भक्तीले झुकि माथलाइ अहिले ❀ तिम्रा चरण्मा धरें॥
आई भक्त पर्‍यो भनी चरणमा ❀ चाँडै दया क्यै गरी।
हे दुर्गे ! करुणामयी ! शरणमा ❀ लीनू हवस् यस् घरी॥

(२२)

वैशम्पायन भन्नु हुन्छ अनि फेर् ❀ सम्राट् ! उसै बीचमा।
खूशी भै स्तुति देखि दर्शन दिइन् ❀ दुर्गाजिले झट् तहाँ॥
श्रीदुर्गा प्रकटै भइन् जुन घरी ❀ आफ्ना अगाडी महाँ।
पाँचै भाई र द्रौपदी परि गए ❀ खूशी हुँदै पाउमा॥

(२३)

ति राजाका सामू गइ कन हँसीलो मुख गरी।
जगत्की मालिक्नी भगवतिजिले प्रेम त धरी॥
गरिन् आज्ञा एही विजय रणमा हुन्छ तिमिले।
जिती बैरी राज्यै गर पृथिविको भन्छु मइँले॥

---

१ दुःख। २ चोर।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(२४)

सुखी भै लोकैमा बहुत दिन राज्यै त गरनू ।
म खूशी छू राजन् ! हृदय बिच फिक्री नगरनू ॥
तिमीले जुन् मेरो स्तुति गरि लियौ यस् घरि महाँ ।
स्तवै जो यो गर्ला उठि कन सबेरै घर महाँ ॥

(२५)

म आयू राज्यै भो धन त्यसकनै दिन्छु खुशि भै ।
दिनेछू सन्तानै बहुत मन सन्तोष हुन गै ॥
दुखै पर्दा मेरो यहि स्तुति गरोस् ता नरपती !
विपत्ती हर्नेछू उहि वखत मैले भनुँ कती ॥

(२६)

जस्ले भक्ति धरेर आफ्नु मनमा ❋ यो पाठ गर्ला अनी ।
की ता सुन्दछ भक्तिले यदि भने ❋ पुग्ने छ इच्छा पनी ॥
होला कार्य अवश्य सिद्ध बुझिलयौ ❋ मेरो कृपाले गरी ।
गर्दै सौख्य रहन्छ यै पृथिविमा ❋ आनन्द माहाँ परी ॥

(२७)

चिन्ने छैन कदापि कोहि जनले ❋ यी पाण्डवै हुन् भनी ।
राजन् ! जाउ विराटका नगरमा ❋ सामान्य प्राणी बनी ॥
एती दी बर विन्ध्य-वासिनि अनी ❋ जानू भयो धाममा ।
खूशी पाण्डवहेरु भै कन गए ❋ त्यै मत्स्यका देशमा ॥

युधिष्ठिरले विराट कहाँ गई सम्मानपूर्वक रहनु

(१)

पाशा थर्कि लिएर रत्नहरुका ❋ च्यापेर काखी मनी ।
बाहुन् झैं बनि श्रीयुधिष्ठिर गए ❋ जान्छू सभामा भनी ॥
त्यस् बेला सुखले विराट नृपती ❋ आफ्ना सभामा रही ।
हेर्थे न्याय-निसाफ रैति सबको ❋ अत्यन्त खूशी भई ॥

(२)

वंशै कौरवमा यशस्वि बहुतै ❋ राजाहरूमा बडा ।
राम्रामा सुर झैं पराक्रम महाँ ❋ श्री इन्द्रका झैं कडा ॥
मेघैको बिच ढाकिएर रहने ❋ श्री सूर्य जस्ता रही ।
चिन्नै मुश्किल ती खरानी मनिका ❋ अग्नी सरीका भई ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(३)
आऊने कन ती विराट नृपले ❀ देखेर चाँडै तहीं ।
सोधे ब्राह्मणका र मन्त्रिहरुका ❀ सङ्मा अचम्मै भई ॥
यो को हो द्विज झैं छ भेष मुख ता ❀ श्री पूर्ण - चन्द्रै सरी ।
बाहुन् झैं छ परन्तु ब्राह्मण म ता ❀ ठान्दीन केही गरी ॥

(४)
ठूलै भूपति कोहि हुन् सँग-सँगै ❀ दासादि हात्तीहरू ।
केही छैन परन्तु तेज बहुतै देख्छू ❀ बयान् के गरूँ ॥
देख्दा लक्षण ता शरीर भरको ❀ ठान्छू यि सम्राट् भनी ।
हेर्दैं एहि सभा तिरै यि अहिले ❀ हिंड्दै रहेछन् पनी ॥

(५)
जस्तै जङ्गल त्यागि दी कमलको ❀ क्वै मत्त हात्ती पनी ।
मस्तीमा भइ हिंड्छ सोही रितले ❀ ढलकेर उस्तै बनी ॥
एसै तर्फ ति आउँछन् यस बखत् ❀ बाहुन् ति हुन्थे कहाँ ?
यस्तो तर्क हुँदै थियो कुरुपती[1] ❀ पूगे सभा बीचमा ॥

(६)
राजन् ! स्वस्ति भनेर फेरि नृपका ❀ भन्छन् अगाडी गई ।
विप्रै हूँ प्रभु ! चाकरी गरूँ भनी ❀ आएँ दुखीया भई ॥
मेरो ता धन-द्रव्य नष्ट हुन गो ❀ पास्मा फुकादाम् पनी ।
योटा छैन तसर्थ मन्सुब चल्यो ❀ सेवा म गर्छू भनी ॥

(७)
यस्ता वाक्य सुनी विराट-नृपले ❀ सोद्धा भए त्यै घरी ।
बेस् भो आउनु भो प्रसन्न म भएँ ❀ बस्नोस् अगाडी सरी ॥
नाऊँ गोत्र बताउनोस् सिकनु भो ❀ कुन् चाहिं विद्या अनी ।
कुन् देशै तिर बाट यस् घरि यहाँ ❀ पाल्नू भएको पनी ॥

(८)
यस्तो सोधनि भो जसै नृपनिले ❀ मीठा कुराले गरी ।
लागे भन्न तहीं युधिष्ठिरजिले ❀ केही अगाडी सरी ॥
राजन् ! नाम त कङ्क हो म द्विज हूँ ❀ वैयाघ्र गोत्रै हुने ।
पैसा नष्ट भयो र चाकरि गरूँ ❀ भन्ने मनैत्ले गुनें ॥

१ राजा युधिष्ठिर ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(९)

पाशा खेल्न सिपालु छू अघि पनी ❋ एही इलमूले गरी।
रीझाई कन श्री युधिष्ठिर कनै ❋ बस्थैं सखाकै[1] सरी॥
ऐह्ले नष्ट भएर दौलत सबै ❋ अर्धङ्गि[2] जस्तै बनी।
आएकोछु दया हवस् हजुरले ❋ आयो शरणमा भनी॥

(१०)

यति सुनि नृपतीले खुब् दया राखि ताहाँ।
मधुर वचन बोले बस्नुहोस् साथ माहाँ॥
जउन चिज छ दर्कार् माग्नु होस् दिन्छु ऐले।
म सँग रहि रजाँई गर्नु होस् भन्छु मैले॥

(११)

यति सुनि कन भन्छन् ती कुरुराज[3] ताहाँ।
जति धन जिति लिन्छू गोटिका खेल माहाँ॥
म सँग धन नखोसोस् घात लाई कसैले।
यहि वर प्रभु देखी पाउँ खुश् छू यसैले॥

(१२)

भन्छन् फेरि विराटजी सुन सखे! ❋ तिम्रो बिजाँई गरे।
बाहुन् होस् त मुडिन्छ क्षत्रि छ भने ❋ ज्यान् लिन्छु मैले भरे॥
यस्ता बात गरी विराट नृपले ❋ ती सभ्यका बीचमा।
लागे भन्न सबै जना सुनि रहू ❋ के भन्छु मैले यहाँ॥

(१३)

मेरै माफिक कङ्कलाइ सबले ❋ सम्मान गर्नू सरी।
यिन्मा फेरि ममा फरक् नगरनू ❋ भेदादि - भावै धरी॥
आज्ञा एति गरी युधिष्ठिर कनै ❋ भन्छन् विराटै तहाँ।
चाहीने गहना - लुगा र धन खुब् ❋ लेऊ तिमीले यहाँ॥

(१४)

मेरा आज सखा भयौ तिमि कनै ❋ ढोका खुला छन् सबै।
मान्छे राख्नु निकाल्नु हूकुम दिएँ ❋ पर्दैन सोध्नू कबै॥
चित्तैमा डर क्यै नलीनु तिमिले ❋ निर्धक्क मानी रहू।
तिम्रो चुक्लि सुन्वैन केहि मइले ❋ धेरै कुरा के भनूँ॥

१ साथीकै। २ बौलाहा। ३ युधिष्ठिरजो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(१५)

यस्तो रीति गरी युधिष्ठिर बसे ❋ प्रेमी नृपैका भई।
बस्थे राज-सभा विषे नृपतिका ❋ मत्स्यै-पुरिमा रही॥
दुर्गाका वर-दानले मुलुकमा ❋ कैल्यै कसैले पनी।
चिन्नैलाइ सकेन पाण्डव विषे ❋ ज्येठा यिनै हुन् भनी॥

भीम सभामा जानु, विराटले भान्से राख्नु

(१)

त्यस्का क्यै पछि भीमले कर विषे ❋ डाडू पन्यौ खड्ग ली।
कालो वस्त्र लगाइ भेष बदली ❋ भान्छे सरी रूप ली॥
सिंहै झैं बलमा र तेज जिउमा ❋ साक्षात् रवीका सरी।
वीरैमा पनि रुद्र झैं तिनि हिंडे ❋ बाटो शहर्को धरी॥

(२)

जस्को देह छ वज्र-तुल्य बहुतै ❋ साह्रो र राम्रो अती।
चौडा छाती र काँध् उँचो हुन गई ❋ शोभा कती हो कती॥
देखी भीमजिलाइ मार्ग बिचमा ❋ हिंड्ने जती पो थिए।
तिन्ले आफु हटेर त्यस् समयमा ❋ तिन्लाइ बाटो दिए॥

(३)

शोभा त्यै पुरिको नजर् गरि खुबै ❋ बिस्तार चाल्ले गरी।
हिंड्थे भीम त्यहीं त राज-पथमा[1] ❋ हात्ती हिंडेकै सरी॥
देखी भीमजिलाइ मत्स्यपतिले[2] ❋ केही नजान्ने बनी।
सोधे इन्द्र-समान वीर यि कउन् ❋ आए अहीले भनी॥

(४)

भन्छन् ती मनमा विराट यि सरी ❋ तेजस्वि प्राणी यहाँ।
अर्को छैन कुनै यही नगर के ❋ हाम्रो मुलुक् भर् महाँ॥
हुन् गन्धर्व कुनै कि इन्द्र यिनि हुन् ❋ कुन् काम आए यहाँ?
बुझ्नू पर्छ अवश्य बुझ्दछु भनी ❋ मानिस् खटाए तहाँ॥

१ मूल सडकमा। २ राजा विराटले।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(५)

सामूमा पहरू थियो नृपतिले ❀ सङ्केतले[१] त्यै घरी ।
डाके सो पहरू गयो नजिकमा ❀ न्यूह्रेर चाँडै गरी ॥
देखी त्यस् कन ती विराट नृपले ❀ एहो अह्राए तहाँ ।
तैंले गै बुझि आउनू कउन हुन् ❀ के काम आए यहाँ ॥

(६)

के इच्छा मनमा रहेछ किन ती ❀ हेर्छन् मलाई पनी ।
सोधी आइ मलाइ दे खबर झट् ❀ जो-जो ति भन्छन् भनी ॥
राजाका इ कुरा सुनेर पहरू ❀ श्री भीम काहाँ गयो ।
हूकुम् माफिक भीमलाई त्यसले ❀ त्यै बात सोधी लियो ॥

(७)

त्यस्का कुरा जुन् घरि सुन्न पाए । श्री भीमजी वीर समीप आए ॥
बिन्ती गरे फेरि विराटलाई । भन्छन् सबै 'बल्लभ' पो मलाई ॥

(८)

भान्से म हूँ व्यञ्जन[२] बेस् बनाई । खुब् ख्वाउँथें श्री कुरुराजलाई ॥
आपत् परी पाण्डवहेरु माहाँ । छाडी गए ती सब कुन्नि काहाँ ॥

(९)

लागेन मन् बस्न मलाइ ताहाँ । आएँ चटक्कै उठि आज याहाँ ॥
ज्यूनारमा षड्रस चिज् बनाई । सन्तुष्ट पार्नेछु[३] हजूरलाई ॥

(१०)

राम्रै पकाऊँ दछु चीज मैले । आज्ञा मिलोस् नोकरि गर्न ऐले ॥
ती भीमका वाक्य सुनेर ताहाँ । विराट भन्छन् उहि बीच माहाँ ॥

(११)

भन्छौ म हूँ विप्र भनेर याहाँ । विश्वास मान्दीन म चित्त माहाँ ॥
शोभा जिउको छ सुरेन्द्र जस्तो । गर्छौ कुरा के तिमि आज यस्तो ॥

(१२)

भान्से - ब्राह्मण हूँ भनी कन भन्यौ ❀ हे वीर ! तिम्ले यहाँ ।
देख्छू लक्षण भूपकै छ अहिले ❀ तिम्रा शरीरै महाँ ॥
कोही भारि प्रतापि वीर तिमी हौ ❀ भन्ने यही ठान्दछू ।
भान्से हूँ भनि भन्दछौ गरुँ कसो ❀ आश्चर्य[४] खुब् मान्दछू ॥

१ इशाराले । २ खानेकुराको प्रकार । ३ खुशी तुल्याउनेछु । ४ अचम्भ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(१३)

यस्तो प्रश्न सुनेर मत्स्यपतिको ❁ केही अगाडी सरी ।
फेरी बिन्ति गरे वृकोदरजिले ❁ शङ्का नृपैको हरी ॥
को होला बलियो म झैं नरपते ! ❁ हात्ती र बाघ्का पनी ।
सङ्मा युद्ध गरी प्रसन्न गरुँला ❁ भान्से हजुर्को बनी ॥

(१४)

कुश्ती खेल्न शिपालु छू अघि पनी ❁ यै काम बस्थें गरी ।
अर्ना हात्ति बँदेल् र बाघ् सित लडी ❁ लिन्थें सदा ज्यान् हरी ॥
कस्तै वीर पुरुष् हवस् उ सँग गै ❁ लड्नेछु मौका महाँ ।
राखी बक्सनु होस् मलाइ प्रभुले ❁ अन्यत्र जाऊँ कहाँ ॥

(१५)

विराट भन्छन् खुशि मानि फेरी । श्रीभीमका नै मुख तर्फ हेरी ॥
जुन् कार्य माग्यौ उहि कार्य दीएँ । भान्से महाँ मुख्य बनाइ लीएँ ॥

(१६)

जो पाक्य गर्थ्यौ तिमि पूर्व माहाँ । सोही बनाऊ अब देखि याहाँ ॥
तैयार पार्नू पकवान् तिमीले । ज्यूनार गर्नेछु उही मईंले ॥

(१७)

आज्ञा एति गरी विराट नृपले ❁ श्री भीमलाई तहाँ ।
भान्सेको मुखिया नियुक्ति गरियो ❁ आफ्नै त भान्सा महाँ ॥
जुन् पक्वान्न तयार भीम गरथे ❁ अत्यन्त मीठो भनी ।
प्यारो मानि इनाम-पात नृपले ❁ तिन्लाइ दिन्थे पनी ॥

(१८)

वैशम्पायन भन्नु हुन्छ अनि फेर् ❁ भान्से ति मुख्यै बनी ।
बस्थे भीम पकाइ रात-दिन पो ❁ ज्यूनारका चिज् पनी ॥
शक्तीमा त दशै सहस्र गजको ❁ तागत् भएका तहाँ ।
भीमै हुन् भनि चिन्नलाइ सकने ❁ निस्केन त्यै देशमा ॥

द्रौपदीले सैरन्ध्री बनी सुदेष्णा कहाँ जानु

(१)

रानी भै कन दासि हून मईंले ❁ जानू पर्‍यो लौ भनी ।
आफ्नू चित्त बुझाइ राज-तनया ❁ ती द्रौपदीले पनी ॥
सोही बीच महाँ फुकाइ चुल्ठो ❁ बेह्रेर चाँडै तहाँ ।
जूरो बाँधि लिइन् र धोति पहिरिन् ❁ मैलो पनी गाथमा ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(२)

आफ्नू सुन्दरता छिपाइ यसरी ❀ सैरन्ध्रिको चाल् गरी ।
रानी द्रौपदि ता हिंडिन् उहि बखत् ❀ बाटो महल्को धरी ॥
बाटोमा तिनिलाइ देखि जनले ❀ अत्यन्त राम्री भनी ।
हेर्थे पक्क परी टुलू-टुलु गरी ❀ तस्वीर जस्तै बनी ॥

(३)

बाटामा कतिले अगाडि गइ फेर् ❀ सोधे अचम्मै परी ।
को हौ के तिमि खोज्दछ्यौ भन सबै ❀ हाम्रा अगाडी सरी ॥
यस्तो प्रश्न सुनेर द्रौपदि पनी ❀ भन्थिन् मिठो बात् छरी ।
सैरन्ध्री म हुँ गर्छु चाकरि भनी ❀ आएँ यहाँ यस् घरी ॥

(४)

जस्ले दिन्छ मलाइ काम उसकै ❀ गर्छू टहल् बेस् गरी ।
मालूमै छ मलाइ कार्य सखिको ❀ राम्रा तवर्ले गरी ॥
यस्तो उत्तरले बुझेन मन ता ❀ लोकादिको क्यै तहाँ ।
लागे भन्न ति रानि झैं छ रुप यो ❀ सैरन्ध्री हुन्थ्यौ कहाँ ॥

(५)

यस्तै औसरमा विराट नृपकी ❀ रानी सुदेष्णा गईं ।
हेर्थिन् मार्ग महाँ उचालि परदा ❀ झ्याल्को खुशी पो भईं ॥
देखी द्रौपदिलाइ सुन्दरि अती ❀ बाटो महाँ त्यै घरी ।
डाकी सोधनि झट् गरिन् महिषिले ❀ मोहान्धतामा[1] परी ॥

(६)

यौटै धोति भई अनाथिनि सरी ❀ यो मार्गमा यस् घरी ।
हिंड्छ्यौ मन्दगती गरेर किन हो ❀ को हौ तिमी सुन्दरी ?
तिम्रो रूप अनूप सुन्दर अती ❀ देख्ने जती छन् यहाँ ।
हेर्छन् मोहित भै यता-उति सबै ❀ घेरेर बाटा महाँ ॥

(७)

भन्छिन् द्रौपदि रानिका सुनि कुरा ❀ नम्रै बहुतै बनी ।
महारानि ! म काम खोजि हिंडछू ❀ मिल्ला कि केही भनी ॥
सैरन्ध्री म हुँ कोर्न-बाट्न अनि फेर् ❀ माला फुलैका पनी ।
तैयार् गर्न शिपालु छू म बहुतै ❀ के हुन्छ धेरै भनी ॥

---

१ मोहित भएर अन्धी जस्तै ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(८)

नाऊँ कीर्ति सुनेर पो हजुरको ❀ आशा बहुतै धरी ।
आएकी हुँ हजूरबाट म कनै ❀ वृत्ती[1] मिलोस् यस् घरी ॥
सेवा - चाकरिले रिझाइ रहुँला ❀ हर्दम् सँगैमा रही ।
भन्छिन् एति सुनेर फेर् महिषिले ❀ आश्चर्य मान्ने भई ॥

(९)

दासी हूँ म त भन्दछ्यौ तिमि भने ❀ यस्तो गजब् रूपमा ।
साँचै हुन् यि कुरा भनेर कसरी ❀ पत्याउँ मैले यहाँ ॥
राम्री छौ अनगिन्ति दासि सँग ली ❀ बस्ने महल् बीचमा ।
माहारानि सिवाय हुन्छ अरु कुन् ❀ कस्तो सुनायौ यहाँ ॥

(१०)

तिम्रा पाउ दुवै ति पद्म[2] सरि भै ❀ बान्की परेका अनी ।
पैताला अति सानु भै कन दुवै ❀ जङ्घा छ पुष्टै पनी ॥
बल्दो बत्ति समान नाक छ सिपी ❀ जस्ता ति कानै भई ।
छातीमा कुच छन् अनार सरिका ❀ जोडी मिलेका दुई ॥

(११)

राता भै पतला निकै अधर छन् ❀ बोल्छ्यौ मधूरो गरी ।
देख्छू कम्मर ता खुबै छ पतलो ❀ ठिक् बाघिनीका सरी ॥
देख्छू तेज मुहारमा छ शशि झैं ❀ कान्ती फिंजाई दिने ।
हे देवी ! मन यो गऱ्यौ किन उसै ❀ भेषै छिपाई लिने ॥

(१२)

को हौ सत्य[3] बताउ दासि तिमि ता ❀ ह्वैनौ कदाचित् पनी ।
देवी हौ बनकी कि किन्नरि कि ता ❀ विद्याधरी हौ अनी ॥
इन्द्राणी बरु हौ कि भेष नकली ❀ लीएर आयौ यहाँ ।
यस्ती अद्भुत रूपकी कसरी पो ❀ दासी भयौ लोकमा ॥

(१३)

गन्धर्वी कि त अप्सराहरु महाँ ❀ कुन् हौ बताऊ यहाँ ?
कन्या नागकि हौ कि डुल्दछु भनी ❀ आयौ यही ठाउँमा ॥
ह्वैनौ कोहि अवश्य मानिस तिमी ❀ देवी तिमी हौ भनी ।
भक्ती गर्दछु प्रेम राखि मनले ❀ ढोगे म दिन्छू पनी ॥

१ प्रवस्ती । २ कमल । ३ साँचो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(१४)

भार्या हौ कि तिमी प्रजापतिजिकी ❀ धाता भनेकी सती ।
रानी हौ शशिकी कि रोहिणि तिमी ❀ की कामकी[1] हौ रती ?
को हौ सत्य कहू नढाँटि म कनै ❀ यो रूप देख्दा महाँ ।
नारी हूँ तर मोहमा परि गएँ ❀ क्यै छैन शुद्धी यहाँ ॥

(१५)

रम्भा मालिनि मिश्रकेशिहरुमा ❀ हौ अप्सरा लौ कउन् ?
प्यारी इन्द्रकि उर्वशी कि तिमि हौ ❀ सौन्दर्य - खानी छ जुन् ॥
तारा कुन्तिहरू महाँ कउन हौ ❀ श्रीपञ्चकन्या महाँ ?
साँचो आज बताउ सुन्दरि तिमी ❀ सङ्कोच त्यागी यहाँ ॥

(१६)

सुदेष्णाले सोधिन् जब यसरि आश्चर्य पर्दै ।
भनिन् पाञ्चालीले नयन रसिला केहि गर्दै ॥
महारानी ! शङ्का किन गरनु यो धेर त मनै ।
म ता सैरन्ध्री हूँ नभइ कन देवी अरु कुनै ॥

(१७)

सिपालू छू धेरै चुलठि कन बाट्ने करममा ।
घसेरै श्रीखण्डै असल रहनेछू टहलमा ॥
बनाई माला धेर् कुसुमहरुका[2] नै घरि - घरी ।
गलामा पैह्राई हजुर कन बस्छू खुशि गरी ॥

(१८)

मैले चाकरि दुइ ठाम गरियो ❀ विन्ती म गर्छू यहाँ ।
पैलो कृष्णजिका रही महलमा ❀ श्री सत्यभामा कहाँ ॥
अर्को ठाम त द्रौपदी सँग रहें ❀ प्यारी सखीकै सरी ।
राख्थिन् खूशि गराइ भोजन असल् ❀ दीएर प्यारो गरी ॥

(१९)

राम्रो भोजन वस्त्र मिल्छ जब तक् ❀ बस्छू म खूशी भई ।
केही आदरमा कमी हुन गए ❀ टिक्तीन छिन्भर् कहीं ॥
मेरो बानि यही पऱ्यो गरुँ कसो ? ❀ एसै हुनाले गरी ।
लागेको पनि काम छोडि अरकै ❀ खोज्नू पऱ्यो चाकरी ॥

१ कामदेवकी । २ फूलहरुको ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(२०)

पुष्पैंका सुकुमार हार - रचना ❁ जान्ने हुनाले गरी ।
भन्थिन् द्रौपदि 'मालिनी' म कन ता ❁ डाक्नू परेको घरी ॥
ऐले पाण्डव ता बने तिर पसे ❁ पाञ्चालि साथै लिई ।
मेरो चित्त बुझेन वस्त्र र म ता ❁ आएँ हिंडेरै यहीं ॥

(२१)

राखी बक्सनुहोस् म आश्रित भई ❁ बस्छू सदा साथमा ।
सम्झी आश गरी निकै हजुरको ❁ आएँ म जाऊँ कहाँ ?
मैले काम गरी रिझाइ रहुँली ❁ साथै सखीका सरी ।
देहै शोभित गर्दिनेछु मइँले ❁ श्रृङ्गार[1] राम्रो गरी ॥

(२२)

यो बिन्ती सुनि रानिले तब भनिन् ❁ पाञ्चालिलाई तहाँ ।
राख्थें राख्न म ता अवश्य यउटा ❁ शङ्का पऱ्यो चित्तमा ॥
राम्री छौ सुकुमार छौ युवति छौ ❁ तिम्लाइ देख्दा महाँ ।
राजा आशक भै गए यदि भने ❁ के गर्नु मैले यहाँ ॥

(२३)

नारी छन् दरबारमा जति सबै ❁ आसक्त भै यस् घरी ।
तिम्रै चन्द्र-मुहारमा मन दिई ❁ हेर्छन् चखेवा सरी ॥
तिम्रो यो सुकुमार सुन्दर वदन् ❁ सुन्मा सुगन्धै सरी ।
ब्रह्माले रचना गरे किन अहो ! ❁ साह्रै मिहीनेत् गरी ॥

(२४)

कल्याणी ! तिमिहेर वृक्ष जति छन् ❁ मेरा बगैंचा महाँ ।
तिम्लाई बहुतै झुकेर अहिले ❁ गर्छन् प्रणामै यहाँ ॥
नारी ता सब मुग्ध[2] छन् शशिमुखी ! ❁ तिम्रो गजब् रूपमा ।
थाम्ला चित्त कसोरि लौ पुरुषले ❁ तिम्लाइ देख्दा महाँ ॥

(२५)

तिम्रो दिव्य शरीर यौवन-छटा ❁ देख्दा कदाचित् कहीं ।
प्रीतीमा नृपती परे यदि भने ❁ के गर्नु मैले यहीं ?
तिम्रो चञ्चल दीर्घ-नेत्र बिचको ❁ तीखो शरैले छुटी ।
ठान्छू निश्चय है विराट नृपको ❁ लीनेछ चित्तै लुटी ॥

१ सोह प्रकारका श्रृङ्गार हुन्छन्, जस्तै कपाल कोर्नु, गाजल लाउनु इत्यादि । २ मोहित ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(२६)

हेरौली जसलाइ हे शशिमुखी ! ❀ हाँसी तिमीले यहाँ ।
गड्ला गै कन छातिमा पुरुषको ❀ कन्दर्पको बाण ता ॥
तिम्रो अङ्ग छ छाँटिलो गजबको ❀ निर्दोष देख्दा अती ।
देख्ने मानिसको हुनेछ रसिली ! ❀ दोलायमानै[1] मती ॥

(२७)

राख्नू लौ तिमिलाइ कुन् तरहले ❀ मैले सदा साथमा ?
राम्री छौ तर छौ त काल सरिकी ❀ मेरा हकैमा यहाँ ॥
मर्ना-खातिर माकुरी गरभिणी ❀ हुन्छन् जउन् चाल् गरी ।
उस्तै हो मइँले तिमी कन यहाँ ❀ बस्नै दिनू सुन्दरी ॥

(२८)

यस् निम्ती तिमि आश् नराख मनमा ❀ याहाँ रहूँली भनी ।
राखूँ लौ कसरी अहो ! गजबको ❀ सौन्दर्य तिम्रो छ नी ॥
राजाले तिमिलाइ प्रेम गरनन् ❀ देखेर आशक् भई ।
पर्ला सौतिनि पिर् खपेर बसनू ❀ मैले अधीनै रही ॥

(२९)

शङ्का गरिन् महिषिले[2] भनि उत्ति खेरी ।
पाञ्चालिले पनि भनिन् मुख तर्फ हेरी ॥
श्री इन्द्रका नगरिमा जसको छ डेरा ।
गन्धर्व पाँच जन छन् पतिहेरु मेरा ॥

(३०)

छन् ती पराक्रमि र वीर अती भएका ।
पाँचै पती म कन प्रेम गरी रहेका ॥
रक्षा सदा ति गरछन् रहि गुप्त चाल्ले ।
मर्नेछ हेर्दछ मलाइ जउन् कुचाल्ले ॥

(३१)

यो ता मामुलि[3] हो परस्त्रि भनि धेर् ❀ लोभै लिई चित्तमा ।
प्रीती जोर्न त आँट गर्छ जसले ❀ सो मर्छ है सत्यमा ॥
मार्नेछन् पतिदेवले रिस गरी ❀ बाँच्दैन केही गरी ।
प्यारी छू पति पाँचकी म त सदा ❀ बस्दैछु प्रीती धरी ॥

१ चञ्चल । २ महारानीले । ३ साधारण ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(३२)

राजाले अथवा कुनै पुरुषले ❁ मोहीत भै चित्तमा।
सक्तैनन् म कनै फकाइ कन फेर् ❁ पाऊनलाई यहाँ॥
खाने छैन कदापि रानि ! मईँले ❁ जूठो कसैको अनी।
छूने छैन म पाउ क्यै पुरुषको ❁ कस्तै परोस् ता पनी॥

(३३)

रानी ! छु निज धर्ममा अटल भै ❁ डग्दैन यो मन रती।
प्यारा छन् मनले मलाइ बहुतै ❁ गन्धर्व मेरा पती॥
केही कारणले सही कन विपत् ❁ छन् गुप्त ऐहे तिनै।
मेरो रक्षण[1] गर्दछन् तर पनी ❁ रात्री हवस् या दिनै॥

(३४)

यी बात् द्रौपदिका सुनी महिषिले ❁ आज्ञा गरिन् फेर् तहाँ।
यस्तो हो त म वास दिन्छु खुशि भै ❁ तिम्लाइ दर्बारमा॥
जूठो खानु र पाउ छूनु तिमिले ❁ पर्दैन कैल्यै पनी।
मेरो साथ महाँ सदैव रहनू ❁ प्यारी सखी झैं बनी॥

(३५)

सुदेष्णाले राख्छू बस तिमि भनिन् यो जब तहाँ।
बसिन् ती पाञ्चाली खुशि भइ तिनैका सँग महाँ॥
छिपाई पो भेषै वरस दिन सम्मन् सखि बनी।
बसेमा चीनेनन् द्रुपद-तनया हुन् यिनि भनी॥

सहदेवले गोठालाको भेष लिई विराट कहाँ जानु

(१)

गोपै[2] सरी भेष[3] असल् बनाई। ओढेर घुम् साम्नु पिठ्यूँ छिपाई॥
डुल्दै सभामा सहदेव आए। विराटले तिन् कन देख्न पाए॥

(२)

पठाइ मानीस नजीक डाकी। विराट सोध्छन् अति प्रेम राखी॥
को हौ तिमी काम छ कौन भाई ! आयौ कहाँ बाट ? कहू मलाई॥

---

१ रक्षा। २ ग्वालै। ३ पहिरन।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(३)

राजाजिको प्रश्न सुनेर ताहाँ । बिन्ती गरे गै कन सामु माहाँ ॥
हूँ गोप राजन्! म अरिष्ट नेमी[१] । गौ हेर्दथें भै कन गाइ-प्रेमी ॥

(४)

ती पाण्डवादीहरुका म गाई । हेर्थें महाराज! मनै लगाई ॥
तीनै गए कुन्नि कता र ऐल्हे । याहाँ पर्‍यो आउन् आज मैले ॥

(५)

चल्दैन रोजीबिनु[२] काम कैल्हे । आएँ उही खोज्न भनेर ऐल्हे ॥
कीर्ती म सुन्दैछु निकै हजुर्को । कोही पनी छैन दयालु अर्को ॥

(६)

विराटजीले यति बिन्ति सूनी । भन्दा भए झट् मन भित्र गूनी ॥
ठान्छू मनैले द्विज[३] तीमिलाई । गोपै कसोरी भनुँ आज भाई ॥

(७)

सम्राट् सरी आकृति यो बनेको । हूँ गोप तिम्ले कसरी भनेको ॥
सुन्दा यही ताजुब खूब गर्छू । लाग्दैन पत्यार अचम्म पर्छू ॥

(८)

यो बात सूनी सहदेव फेरी । भन्छन् नृपैको मुख तर्फ हेरी ॥
गोठ्मा तिनै पाण्डवका अगाडी । एघार लाख् गाइ थिए तयारी ॥

(९)

गोठ्को म डिट्ठा बनि काम गर्थें । ती 'तन्तपाल्' नाम धरी पुकार्थे ॥
गौको दवाई र व्यथा[४] क्रमैले । फेर् लक्षणादी पनि हेर्छु मैले ॥

(१०)

हेर्चाह राख्दा गउलाइ मैले । गौ-वत्स[५] आरोग्य[६] थिए ति पैले ॥
तर्कीबले दुग्ध[७] बढाइ दिन्थें । सफा र सुग्घर् गउलाइ राख्थें ॥

(११)

जुन् गोरुको मूत्र[८] त सूँघदामा । कम्लाउँछन्[९] बाँझि समेत् मजामा ॥
ती गोरुको मै पहिचान गर्छू । सदा ति गौकै म त ध्यान धर्छू ॥

(१२)

मेरो इलम् देखि ति पाँच भाई । ती पाण्डवादी खुशि भै मलाई ॥
माला गलाको मणिदी उतारी । दिन्थे इनाम् प्रेम गरेर भारी ॥

१ वदलेको नाम । २ वृत्ति । ३ ब्राह्मण वा क्षत्री । ४ विमारी । ५ बाच्छा-बाच्छी ।
६ मोटाघाटा । ७ दूध । ८ मूत । ९ गर्भिणी हुन्छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(१३)

ऐह्ले तिनै पाण्डव दैव-लागी । जङ्गल् पसे सुट्ट उठेर भागी ॥
यो हाल देखी कन दिक्क मानी । आएँ म सम्झी यहि राजधानी ॥

(१४)

सन्तुष्ट भै एति सुनेर ताहाँ । विराट मन्छन् उहि बीच माहाँ ॥
डिट्ठांगि[1] दीएँ तिमि गोठ जाऊ । वाहीं रही गौ कन खुब् बढाऊ ॥

(१५)

यो आज्ञा सहदेवले सुनि सकी ❋ त्यस्लाइ मान्यै गरी ।
गोठालाहरूका भएर सरदार् ❋ गोठै बसी साल् भरी ॥
हेर्दामा गउ ती विराट नृपका ❋ ताहीं कसैले पनी ।
चिन्हैलाई सकेन पाण्डवहरू- ❋ मा कोहि हुन् यी भनी ॥

अर्जुनले हिजडाको भेष लिई मत्स्यपति कहाँ जानु

(१)

त्यस्का पछी अति पराक्रमि अर्जुनैले ।
लौ गुप्त-वास गरछू भनि झट् क्रमैले ॥
नाडी भरी चुरि लगाइ अनेक रङ्का ।
कानै विषे पहिरि कुण्डल फेरि झुम्का ॥

(२)

कोरेर केश चुलठो कटि तक् झुलाई ।
गाजल् लगाइ कन नेत्र दुवै सजाई ॥
चोली कसेर दुइ गैंड्ढ धरि छाति भित्र ।
पैदा गरे कुच[2] दुई सहसा विचित्र ॥

(३)

लाली र फा घसि गुलाबि गराइ गाला ।
लाए गला बिच सुवासित पुष्प-माला ॥
सिन्दूर काल्टिकि लगाइ लिएर फेरी ।
ऐना निकालि कन खूशि भए ति हेरी ॥

१ डिठ्ठाको दर्जा । २ स्तन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(४)

आफ्नू भेष सजेर शोभन[1] निकै ✻ पारेर राम्रो गरी ।
पूगे अर्जुनजी सभा - भवनमा ✻ ठिक षण्डको[2] रूप ली ॥
नारीका गतिको बमोजिम गरी ✻ ढल्केर हिंड्दा महाँ ।
लागे हेर्न ति पार्थलाइ[3] सबले ✻ आश्चर्य मानी तहाँ ॥

(५)

सोधे सभ्य समाजमा नृपतिले ✻ ती पार्थ देख्दा तहाँ ।
यी को हुन् किन वीर हो ! यि अहिले ✻ के भन्न आए यहाँ ?
यिन्लाई कहिले पनी नजरले ✻ देखीन मैले कहीं ।
देख्छू तेज मुहारमा छ सुरकै ✻ जस्तो उज्यालो भई ॥

(६)

यस्तो सोधनि भो र एकमुख भै ✻ ती सभ्यले त्यै घरी ।
बिन्ती झट् करबद्ध[4] भै गरि लिए ✻ आश्चर्य ठूलो गरी ॥
राजन् ! देखि लियौं यिनीकन यहाँ ✻ आजै सभा बीचमा ।
हामीलाइ खबर् त छैन यिनको ✻ को हुन् रहन्छन् कहाँ ॥

(७)

बिन्ती यो सुनि सभ्यको हृदयमा ✻ आश्चर्यले छक् परी ।
डाके भूपतिले ति पार्थ कन पो ✻ केही इशारा गरी ॥
डाके भूपतिले भनेर खुशि भै ✻ चाँडो हिंडी त्यै घरी ।
पूगे अर्जुनजी अगाडि नृपको ✻ त्यै षण्डको भेष ली ॥

(८)

देखी अर्जुनलाइ ती नृपतिले ✻ आफ्ना अगाडी महाँ ।
भन्छन् ती सित भेष देखि बहुतै ✻ आश्चर्य मान्छू यहाँ ॥
देख्छू सुन्दर यो किशोर वयमा ✻ कान्ती छ ज्यूमा अती ।
ठान्छू भेष छिपाइ आज हिंड्ने ✻ तीमी शचीका-पती[5] ॥

(९)

स्त्रीका झैं सुनका र शङ्खहरुका ✻ पैह्रेर धेरै चुरा ।
लाई कुण्डल कानमा चुलठि ता ✻ लामू बनाई पुरा ॥
शोभा छैन यसोरि हिंड्नु तिमिले ✻ षण्डे सरीको बनी ।
उल्टो भेष लियौ सुहाउँछ कहाँ ✻ यो रूप तिम्रो पनी ॥

१ अति सुहाउने । २ हिजडा । ३ अर्जुन । ४ हात जोरेर । ५ इन्द्र महाराज ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(१०)

तिम्रो रूप सुहाउला कवच बेस् ❀ पैह्नी शरीरै महाँ ।
बाहूमा धनुबाण ली शर हुने ❀ ठोक्रो भिरे पीठमा ।
मेरा छन् रथ-अश्व[1]-हात्तिहरु धेर् ❀ तिमूले सवारी गरी ।
रक्षा गर्नु डुलेर राज्य भरिको ❀ भै बीर सच्चा सरी ॥

(११)

मेरो वृद्ध उमेर भो यस घरी ❀ यो राज्य-भारै जती ।
मन्त्रीलाइ दिएर बस्न मनको ❀ मेरो थियो आँट् यती ॥
आयौ आज तिमी बडो खुशि भएँ ❀ मेरा जगामा रही ।
लेऊ आज रजाइँ मत्स्यपुरिको ❀ अत्यन्त खूशी भई ॥

(१२)

भेषै यो अब छाड राजसि लुगा ❀ लाऊ तिमी यस् घरी ।
योग्यै छौ तिमी राज गर्न गर लौ ❀ शोभा सभामा छरी[2] ॥
न्यायी वीर पराक्रमी तिमि सरी ❀ पाऊँछु मैले कहाँ !
मेरो आज भई तिमी प्रतिनिधी[3] ❀ राज्यै चलाऊ यहाँ ॥

(१३)

यो वाक्य तिन्को जब सुन्न पाए । श्रीपार्थले बिन्ति यही लगाए ॥
सर्कार ! खुब् जान्दछु नाच्नलाई । बाजा बजाऊँदछु गीत गाई ॥

(१४)

मीठो स्वरैको झिकि सूर याहाँ । गाऊँछु रागादि म ताल माहाँ ॥
मै झैं कुनै गायक[4] खोजि गर्दा । पाइन्न क्वै सात समुद्र तर्दा ॥

(१५)

मै झैं सिपालू जन नाच्न जान्ने । पाइन्न यै हो शुभ बात मान्ने ॥
नाच् - गानको तालिम गर्नलाई । खुब् जान्दछु शिष्य[5] मिले मलाई॥

(१६)

राजन् ! म मैयाँ कन शिष्य पाऊँ । नाच्-गानको भारि इलम् सिकाऊँ॥
पैह्ले पनी गै दरबार माहाँ । तालिम् म गर्थें सब केटि[6] ताहाँ ॥

(१७)

मैयाँहरूलाइ खुशी गराई । पार्छु तयार् गाउन नाच्न लाई॥
राजी रहन्छन् म सँगै जनाना । देखेर मेरो यहि दिव्य बाना॥

---

१ घोडा । २ छरेर । ३ राजाको जगामा काम गर्ने । ४ गाउने, गवैया । ५ चेला । ६ सुसारे ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(१८)

'बृहन्नला' यै शुभ नाम राखी । डाक्थे मलाई सब जानि साथी ॥
पुत्री सरी ठानि इलम् बताई । रागादिका गीतहरू जनाई ॥

(१९)

उत्तर कुमारी[1] कन नाच्नलाई । जान्ने म पार्छु सब थोक् बताई ॥
दुर्भाग्यले छू हिजडा भएको । आएँ शरण्मा दुःख धेर् सहेको ॥

(२०)

राजन्! मिलोस् आश्रय लौ महल्मा । खूशी म पार्नेछु सदा टहल्मा ॥
सर्कारको नाम सुनेर आएँ । मैले पिछामा परि बिन्ति लाएँ ॥

(२१)

एती भनी मौन[2] भए जसै ता । भन्छन् सभामा नृपजी तसै ता ॥
भन्छौ तिमी गायक हूँ भनेर । आयौ यहाँ षण्ड सरी बनेर ॥

(२२)

कसोरि पत्यार् गरुँ बात माहाँ । स्वरूप ता वीर सरी छ याहाँ ॥
देखेर भेषै म त छक्क पर्छू । शङ्का तिमी माथि अवश्य धर्छू ॥

(२३)

एती भनेर नृपले उहि बीच माहाँ ।
सूनेर गीत बुझि कत्थक एहि ताहाँ ॥
यौटा खटाइ पहरू कन केटिलाई ।
डाकी हुकुम् हुन गयो अनि तेसलाई ॥

(२४)

एकान्तमा लगि यिनी कन हे अमोली[3] ।
यिन्लाइ जाँच गर लौ तिमि अङ्ग खोली ॥
नारी यि हुन् कि पुरुषै यिनि हुन् मलाई ।
साँचो खबर् भन यहीं तिमि फेरि आई ॥

(२५)

हुकुम् पाइ 'बृहन्नला' कन लगी ❋ एकान्त ठाऊँ महाँ ।
केटीले सब अङ्ग खोलि कन जाँच् ❋ गर्दी भई झट् तहाँ ॥
आङ् हेर्दा हिजडा रहेछ भनि यो ❋ बूझेर जल्दी गरी ।
साँचो हालत बिन्ति पारि उसले ❋ फर्केर सोही घरी ॥

१ राजा विराटकी पुत्रीको नाम हो । २ चुपलागे । ३ केटी-सुसारेको नाम ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(२६)

'सर्कार् ! हवै न पुरुष् रहेछ हिजडा ❋ हूकूम् भए यस् घरी ।
लान्छू राजकुमारिका हजुरमा ❋ भन्छू म बिन्ती गरी ॥
बूबा बाट पठाइ बक्सनु भयो ❋ मानिस् गुणी हो भनी ।
यस्ले तालिम गर्छ नाच्न अनि फेर् ❋ गाऊँनलाई पनी ॥

(२७)

मैयाँ खूशि हुनिन् मिलेर सँगिनी ❋ जान्ने सिपालू यहाँ ।
दीनिन् चित्त लगाइ पूर्ण रितले ❋ गाना बजाना महाँ ॥
एती बिन्ति गरेर चूप भइ सो ❋ के हुन्छ मर्जी भनी ।
आफ्नू स्वीकृति[1] दी दिए नृपतिले ❋ लैजा उसै गर् भनी ॥

(२८)

यस्तो चाल् सित पार्थ षण्ड हुन गै ❋ दर्बार बस्दा महाँ ।
चिन्नैलाइ सकेन वर्ष दिन ता ❋ कोही कसैले तहाँ ॥
खूशी भै कन उत्तरा नृपतिकी ❋ पुत्री ति मैयाँ पनी ।
आफ्नी प्यारि बृहन्नला कन सखी ❋ मान्थिन् ति मेरी भनी ॥

नकुलले विराट कहाँ सवार बनेर जानु

(१)

यस्तै औसरमा तिनै नकुलजी ❋ फेटा कसी माथमा ।
पट्टी बाँधि हिंडे सवार सरि भै ❋ चाबुक् लिई हातमा ॥
हेर्दै अश्व विराटका समिपमा ❋ मूहार् हँसीलो गरी ।
आऊने कन श्रीविराट-नृपले ❋ हेर्थे अचम्मै परी ॥

(२)

भन्छन् भूपति सभ्य सीत अनि फेर् ❋ यो वीर मानिस् यहाँ ।
तेजीलो छ निकै हिंडेर किन लो ❋ आएछ हामी कहाँ ॥
यस्ले जान्दछ लक्षणादि हयको[2] ❋ राम्रो नराम्रो सबै ।
एसै कारण हेर्छ नत्र किन हो ❋ हेर्थ्यो नजानी कबै ॥

---

१ मञ्जूरी । २ घोडाको ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(३)

यो ता मानिस हुँन देवहरुमा ❋ प्राणी यही हो कुनै ।
यस्तो कान्ति हुँदैन कोहि नरमा ❋ होला कुनै सिद्ध नै ॥
जो होस् गै कन ल्याउ आदर गरी ❋ मेरा अगाडी महाँ ।
वार्तालाप[1] मलाइ गर्न मन भो ❋ यस्का सँगैमा यहाँ ॥

(४)

यस्तो आशय पाई भूप-वरको ❋ दूई जना त्यै घरी ।
ऊठी डाक्न भनेर गै पनि गए ❋ अत्यन्त चाँडो गरी ॥
पूगी तिन् सित भन्दछन् दुइ जना ❋ हे वीर ! खूशी भई ।
हूकुम् हुन्छ विराटको हजुरले ❋ भेट्नू हवस् लौ गई ॥

(५)

यस्ता बात सुनी हिंडे नकुलजी ❋ भेट् छू भनी त्यै घरी ।
पूगी सम्मुखमा प्रणाम नृपती- ❋ लाई गरे झट् गरी ॥
फेरी बिन्ति गरे तहीं नकुलले ❋ त्यो अश्व-विद्या महाँ ।
उत्तीर्णे[2] छु प्रभो ! अरू म सरिको ❋ होवैन कौनै यहाँ ॥

(६)

श्रीमान्‌का सब अश्वको लिइ खबर् ❋ बस्दै तबेला महाँ ।
फेर्नेछू म नवीन अश्व कन खुब् ❋ आनन्द मानी वहाँ ॥
घोडा दुष्ट भए पनी म वशमा ❋ राम्रो गरी राख्तछू ।
राजन् ! पाउँ म नोकरी शरणमा ❋ पर्दै म यै माग्दछू ॥

(७)

यो बिन्ती सुनि भन्दछन् नृपतिले ❋ मैले सवार् झैं गरी ।
राखूँ कुन् रितले बताउ तिमि छौ ❋ ठिक् देवताकै सरी ॥
को हौ सत्य कहू मलाइ तिमिले ❋ कुन् देश देखी यहाँ ।
आयौ के मनमा छ लौ भन सबै ❋ मेरा अगाडी महाँ ॥

(८)

भन्छन् ती सब अश्व चिन्दछु प्रभो ! ❋ जुन् देशका हुन् तिनी ।
च्यान्टा अब्लख अर्बि टट्टु वइलर् ❋ कुम्मेद्‌ र सब्जा अनी ॥
टाँगन् काठियवाडि अश्वहरुमा ❋ दुष्टै भए ता पनी ।
शिक्षा दी कन खुब् सघाउँछु जसै ❋ बस्छन् ति सोझा बनी ॥

१ कुरा कहानी । २ पास भएको छु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(९)

शालीहोत्र[1] पढेर पण्डित भएँ ❀ त्यै अश्व-विद्या महाँ।
बस्थैं अश्व सधाइ धर्म-सुतका ❀ श्री हस्तिना - पूरमा॥
तिन्को बिग्रन गो बखत् र म पनी ❀ ऊठेर आएँ यहाँ।
श्रीमान्! आश्रय बक्सियोस् हजुरले ❀ बस्छू तबेला महाँ॥

(१०)

घोडाको सब काम जाँच्न प्रभुजी ! ❀ पेशा[2] लिएको म छू।
नाऊँ ग्रन्थिक हो म काम अरु ता ❀ जान्दीन केही कछू॥
देखी कद्दर-दान मालिक हजुर् ❀ आई शरण्मा परेँ।
पाऊँ नोकरि खुश् गराइ रहूँला ❀ यै नम्र बिन्ती गरेँ॥

(११)

भन्छन् भूपति भाइ ग्रन्थिक! सुन्यौ ❀ आनन्द मानी यहाँ।
सर्दारी मइँले दिएँ बस तिमी ❀ गै अश्वशाला[3] महाँ॥
यस्तो रीति गरेर पाण्डवहरू ❀ रानी समेतै भई।
बस्दा चिन्न सकेन वर्ष दिन लौ ❀ तिन्लाई कोही गई॥

भीमले मल्ल, बाघ, हात्तीसित कुश्ती खेल्नु

(१)

राजर्षी तृणबिन्दु नाम ऋषिको ❀ ठूलो कृपाले गरी।
फेरी श्री यमराजको वर मिली ❀ त्यो गुप्तबासै भरी॥
पाँचै पाण्डव द्रौपदी कन कुनै ❀ मानीसले क्यै गरी।
चिन्नैलाई सकेन क्यै किसिमले ❀ सोचेर अड्कल् गरी॥

(२)

पाशा थर्कि फिजी युधिष्ठिर सदा ❀ राजाजिका[4] साथमा।
खेल्थे खूब जुवा निकै धनहरू ❀ जीतेर लिन्थे तहाँ॥
जीतेको धनलाइ भाइहरुमा ❀ भेटेर लूकी - वरी।
दिन्थे त्यै धन बाँडि धर्म - सुतले ❀ अत्यन्त प्रीती गरी॥

---

१ अश्वबिद्या। २ वृत्ति। ३ तबेला। ४ विराटका।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(३)

भान्सेका मुखिया वृकोदर[1] पनी ❋ माया बहुतै गरी ।
माछा मासु मिठाइ बेस पकवान् ❋ जो पाक्छ सारा थरी ॥
झीकी यत्न गरेर राखि सँगमा ❋ आँखा सबैका छली ।
दिन्थे दाज्यु र भाइहेरु कन ती ❋ भेटेर शङ्का न - ली ॥

(४)

राजा अर्जुनजी बनेर हिजडा ❋ बस्दा ति मैयाँ[2] कहाँ ।
खोपीमा रहि नाच - गानहरुको ❋ तालिम् गराई तहाँ ॥
पाऊँथे गहना र रेशमि लुगा ❋ राम्रा इनाम्मा जती ।
बाँड्थे दाज्यु र भाइलाइ मनमा ❋ आनन्द मानी अती ॥

(५)

कान्छा ती सहदेव मत्स्य - पुरिको ❋ गौ - गोठ माहाँ रही ।
गोठालाहरुलाइ गाइ दुह्नुने ❋ कामै खटाई दिई ॥
आफू मालिक झैं बनेर दहि-दुध् ❋ नौनी र छाली[3] पनी ।
दिन्थे दाज्यु र भाइलाइ खुशि भै ❋ खाउन् सबैले भनी ॥

(६)

काहींला नकुलै त 'ग्रन्थिक' बनी ❋ हर्दम् तबेला महाँ ।
राजाका सब अश्वलाइ खुशि भै ❋ फेथैं सघाई तहाँ ॥
खूशी भै नृप बाट सिक्रि सुनको ❋ फेरी अशर्फी जती ।
पाऊँथे लगि दाज्युहेरु कन ती ❋ बाँड्थे खुशी भै अती ॥

(७)

पाँचै पाण्डवकी पियारि बहुतै ❋ ती द्रौपदीजी पनी ।
केशै कोरि बनाइ चुल्ठि बसथिन् ❋ श्री रानिजीको अनी ॥
रानीलाइ लुगा झिकी तिन पटक् ❋ पैह्राउँथिन् नित्य नै ।
गर्दिन्थिन् फुलका बनाइ गहना ❋ शृङ्गार राम्रो तिनै ॥

(८)

रानी भोजन गर्दथिन् जुन बखत् ❋ त्यै ठीक बेला महाँ ।
हाँक्थिन् द्रौपदिजी बसेर नजिकै ❋ पङ्खा लिई हातमा ॥
पर्थ्यो औसर जुन् घरी अलिकती ❋ फुर्सत् भई काममा ।
भेट्थिन् अर्जुनलाइ द्रौपदि गई ❋ श्री राजपुत्री[4] कहाँ ॥

१ भीमसेन । २ उत्तरा । ३ तर या मलाही । ४ उत्तर कुमारी कहाँ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(९)

यस्तै चाल गरेर पारि निहुँ क्यै ❋ ती पाण्डवादी कहाँ ।
पाञ्चाली गइ भेट्दथिन् दिन-दिनै ❋ तिन्कै त डेरा महाँ ॥
सैरन्ध्री कन रानिकी सखि भनी ❋ देख्नेहरूले पनी ।
ठान्थे काम कुनै परेर अहिले ❋ आएकि होलिन् भनी ॥

(१०)

चिन्छन् कौरव-वर्गले कि भनि यै ❋ शङ्का मनैमा गरी ।
पाँचै भाइहरू लुकी-छिपि रहे ❋ ठिक् गर्भवासै सरी ॥
मैन्हा तीन बिती गयो सहजमा ❋ चौथो बियायो[1] जसै ।
भारी उत्सव पर्न गो मुलुकमा ❋ श्री भूपतीको[2] तसै ॥

(११)

हूकुमूले नृपको तयार भइ गो ❋ राम्रो अखाडा पनी ।
आए देश विदेश बाट बलिया ❋ धेरै पहल्मान् अनी ॥
थीए उच्च[3] र हृष्ट-पुष्ट[4] ति सबै ❋ ठिक् राक्षसैका सरी ।
थीए खूब पराक्रमी तिनिहरू ❋ जित्थे ति कुश्ती लडी ॥

(१२)

सम्मान खूब नृपले गरि मल्ललाई ।
डेरा र भोजन दिए मनमा रमाई ॥
आराम केहि गरि खूब थकाइ मारी ।
आए अगाडि नृपका अति ठाँट पारी ॥

(१३)

राम्रो कछाड कसि मट्टि दलेर आङ्मा ।
चेलाहरू कन समेत लिएर सङ्मा ॥
ताल् ठोकदै नजर दी चउतर्फ माहाँ ।
आए ति मल्लहरु रङ्ग-भूमी छ जाहाँ ॥

(१४)

आए त्यहीं सकल मानिस वृद्ध-बाला ।
छोटा-बडा अधिक सुन्दर फेरि काला ॥
कुश्ती म हेर्छु भनि आइ बसे जसै ता ।
आयो सवारि नृपको अनि फेर् तसै ता ॥

---

१ शुरू भो । २ श्रीविराटको । ३ अलग्गा । ४ मोटाघाटा ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(१५)

गद्दी सुशोभित भयो नृपले बसेर।
कुर्णेश्[1] गरे सकल मल्लहरू गएर॥
आज्ञा दिए नृपतिले सब मल्ललाई।
कुश्ती हवस् अब त जोडि मिलाइ आई॥

(१६)

होला पराक्रमि जउन् उसलाइ मैले।
ईनाम[2] दिन्छु अति वीर बुझेर ऐले॥
यस्तो हुकुम् सुनि उही घरि ताल ठोकी।
जोडी सँगै लडि गए सब मल्ल झोकी॥

(१७)

यौटा मल्ल थियो बडो असुर[3] झैं ❁ त्यै रङ्ग-भूमी महाँ।
त्यस्ले त्यै घरि ताल ठोकि उभियो ❁ थीए पहल्मान् जहाँ॥
पालैले गरि कुश्ति खेलि उसले ❁ सारा ति मल्लै जती।
जीती पृथ्वि विषे पछारि उभियो ❁ लीएर शेखी अती॥

(१८)

खेल्ने गैकन कुश्ति त्यस् सित तहाँ ❁ कोही पहल्मान पनी।
त्यस् बेला निसकेन रङ्ग - भुमिमा ❁ लौ आ म लड्छू भनी॥
यो चाल् देखि हुकुम् दिए नृपतिले ❁ श्रीभीमलाई तहाँ।
जाऊ बल्लभ[4]! एहि मल्ल सित पो ❁ लड्नू पऱ्यो लौ यहाँ॥

(१९)

यो आज्ञा नृप बाट प्राप्त हुन गै ❁ राजन्! म लड्छू भनी।
उत्रे रङ्ग-भुमी महाँ उहि बखत् ❁ श्रीभीम मल्लै बनी॥
आफ्ना वस्त्र उतारि झट् कसि कछाड् ❁ साम्ने उभीए जसै।
देखी तिन् कन लोक[5] सर्व खुशि भो ❁ आनन्द मानी तसै॥

(२०)

श्री वृत्रासुर झैं बहूत बलियो ❁ त्यस् मल्ललाई तहाँ।
डाके आ भनि झट् वृकोदरजिले ❁ त्यै रङ्ग-भूमी महाँ॥
यस्तो हाँक सुनेर ठोकि कन ताल् ❁ जीमूत नामी उही।
आयो मल्ल अगाडि वायुसुतको ❁ साम्ने मुहूँडा दिई॥

---

१ सलाम। २ बक्सीस। ३ राक्षस। ४ भीमले नकली नाम राखेको। ५ प्राणीहरू।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(२१)

ताल् ठोकी कन भीमजी अघि सरे ❋ लड्ने इरादा धरी ।
देखे दर्शकले ति वीर दुइटा ❋ ठिक् मत्त हात्ती सरी ॥
आपस्मा दुइटै मिले जुन बखत् ❋ देख्नेहरूले तहाँ ।
देखे दूइ पहाड पो लडि गए ❋ त्यो रङ्ग-भूमि महाँ ॥

(२२)

जित्ने मन् सुब ली ति वीर दुइटा ❋ क्रोधी बहूतै भई ।
लागे लड्न झिकेर तागत ठुलो ❋ सामू सबैका रही ॥
दाऊ हेरि गरेर पेच लडदा ❋ पाहाड् फुटे झैं गरी ।
हुन्थ्यो शब्द अघोर पर्वत उपर् ❋ वज्रै परेको सरी ॥

(२३)

मत्ता हात्ति अघी सरेर जसरी ❋ लड्छन् ति आपस्तमा ।
उस्तै चाल् सित भीम-जीमुत लडे ❋ सोही अखाडा महाँ ॥
लात्ती-थप्पड मुड्कि हानि कहिले ❋ नड्ले चिथोरी अनी ।
हान्दै खुब् शिरले ति छिद्र दुइटै ❋ खोज्थे पछार्छू भनी ॥

(२४)

तिन्को शक्ति चलाखि देखि सबले ❋ दूवै ठुला हुन् भनी ।
गर्थे खुब् सह्नी प्रसन्न मनले ❋ निष्पक्षपाती[1] बनी ॥
क्या बात्! धन्य! तिमी त बीर दुइ हो ❋ हल्ला मचीयो तहाँ ।
यस्तो कुश्ति नजर् गरेर नृपती ❋ खूशी भए चित्तमा ॥

(२५)

पैह्ले इन्द्र र वृत्रको हुन गयो ❋ जस्तो लडाईं अघी ।
उस्तै जीमुत-भीमको परि गयो ❋ कुश्ती रगत् धेर् बगी ॥
आङ्मा रक्त बगेर लाल ति भए ❋ दूवै गुराँस्का सरी ।
मानू माणिकका दुई गिरि जुधे ❋ ज्यान् रूपि वायू परी ॥

(२६)

तानातान लछार्-पछार हुन गो ❋ सोही अखाडा महाँ ।
जोल्टीए दुइटै ठुलो बल गरी ❋ थिच्दै बदन्ले तहाँ ॥
भीमैले बल खुब् गरी थिचि दिंदा ❋ त्यो ता करायो अती ।
फेरी फुत्कनलाइ खुब् बल गर्‍यो ❋ पूगेन जोर् क्यै रती ॥

---

१ पक्षपात नगर्ने ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(२७)

यस्तै औसरमा समाति करले ❋ त्यै मल्ललाई तहाँ ।
ऊठाए अनि भीमले गरि उँचा ❋ त्यो रंग-भूमी महाँ ॥
देखी तागत भीमको सब जना ❋ आश्चर्य मान्दै थिए ।
भीमैले अनि फन्फनी गगनमा ❋ जोर्ले घुमाई दिए ॥

(२८)

सौ पाली त घुमाइ मल्ल कन फेर् ❋ तिन्ले उसै बीचमा ।
जोर्ले पड्कि दिए अवाज हुन गो ❋ अत्यन्त भारी तहाँ ॥
त्यो जीमूत मरी गयो अनि पछी ❋ फेरि जमिन्मा दली ।
क्रुद्धै भै कन भीमले दलि रहे ❋ रिस्ले भुतुक्कै जली ॥

(२९)

त्यस्तो अद्भुत कर्म देखि तिनको ❋ राजाजि खूशी भए ।
प्रीतीले गरि भीमलाइ त जुहार् ❋ रत्नादि बक्सिस् दिए ॥
यस्तै रित् सँग भीमले लडि-भिडी ❋ वीरादि जीती तहाँ ।
राजालाइ प्रसन्न पारि बहुतै ❋ खूशी भए चित्तमा ॥

(३०)

लड्ने वीर कुनै वृकोदर सँगै ❋ निस्केन फेरी जसै ।
बाघ्-हात्ती सित युद्ध गर्न नृपले ❋ लाए तुरुन्तै तसै ॥
लड्थे भीम खुशी भइ अघि सरी ❋ बाघ् - हात्तिका साथमा ।
खेलाई कन क्यै घरी अनि पछी ❋ मार्थे भुतुक्कै तहाँ ॥

(३१)

तागत् बल्लभको सुनेर बहुतै ❋ रानीहरूले पनी ।
तिन्को युद्ध त जन्तु सीत बनका ❋ हेर्छौं अहीले भनी ॥
विन्ती पारि लिएर फेरि नृपले ❋ डाकी महल् बीचमा ॥
लाए बल्लभलाइ बाघ सित पो ❋ लड्ने अगाडी महाँ ॥

(३२)

श्री भीमले बाघ सँगै लडेर । खेलेर कुश्ती वशमा गरेर ॥
सघाइँदा भो कुकुरै समानै । खूशी भए नारिहरू जनानै ॥

(३३)

राजाजिले सिक्रि दिए सुनैको । श्री भीमको हर्षित भो मनै पो ॥
नारीहरूले त अशर्फि दीए । बक्सीस ठानी तिनिले त लीए ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(३४)

दरबारिया नारि समस्तलाई । किरीटिले नृत्य र गीत गाई ।
रिझाउँदामा सब खूशि मान्थे । अशर्फि झीकेर इनाम दिन्थे ॥

(३५)

पाई अर्जुन देखि तालिम निकै ❋ मैयाँ तिनै उत्तरा ॥
गाना गाउन नृत्य गर्न चतुरी ❋ जान्ने भइन् है पुरा ॥
मैयाँलाइ सिपालु देखि गितमा ❋ राजा मगन्मा परे ।
धेरै रत्न-अशर्फि दी नृपतिले ❋ सम्मान तिन्को गरे ॥

(३६)

घोडा बेस सधाउँदा नकुलले ❋ राजा अती खुश् भए ।
सम्मानादि गरेर धेर दि इनाम् ❋ तिन्कै त प्रेमी भए ॥
गाई-गोरु तयार् निरोग हुन गै ❋ आफ्ना ति गोठै महाँ ।
खूशी भै सहदेव देखि नृपती ❋ राजी रहन्थे तहाँ ॥

(३७)

साथैमा रहि मित्र झैं थरकिका ❋ खेल्मा रिझाई अती ।
बस्थे हर् घडि धर्मराज नृपका ❋ साथ्मा धनै खुब् जिती ॥
सैरन्ध्री बनि द्रौपदी महलमा ❋ दुःखी थिइन् ता पनी ।
आफ्ना पाँच धवादि[1] देखि नजिकै ❋ सोच्थिन् दशा हो भनी ॥

(३८)

रानी खूशि थिइन् विराट नृपकी ❋ पाञ्चालि देखी तहाँ ।
सैरन्ध्री सरि खुब् सिपालु सँगिनी ❋ शृङ्गारका काममा ॥
आर्की कोहि थिईन खोपि बिचमा ❋ दरबार् भरीमा पनी ।
सैरन्ध्री बसथिन् महल् बिच सधैं ❋ प्यारी सबैकी बनी ॥

कीचकले द्रौपदीलाई देखेर मोहित हुनु

(१)

सैरन्ध्री बनि रानिका सँग सधैं ❋ बस्दा महल् बीचमा ।
कत्ती दुःख थिएन द्रौपदि कनै ❋ कौनै कुराको तहाँ ॥
दुःखै केवल ता थियो यदि ठुलो ❋ ती प्राणप्यारा पती ।
गर्थें रात-दिनै टहल् नृपतिको ❋ चाहीनु पर्ने जती ॥

१ पतिहरू ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(२)

एही सोच परेर पो हृदयमा ❋ दिक्‌दार धेरै बनी ।
हुन्थिन् मन्-मन द्रौपदी दिन दिनै ❋ दुर्भाग्य मेरो भनी ॥
मैह्ना ता दश गो बितेर सहजै ❋ रोएर तिन्‌ले तहाँ ।
ओभानो[1] गरि नेत्र खूशि मनले ❋ हुन्थिन् बसेकी कहाँ ॥

(३)

यै चाल्‌ले गरि रानि द्रौपदि समेत् ❋ ती पाण्डवैको तहाँ ।
मैह्ना ता दश गो छिपेर रहँदा ❋ त्यै मत्स्यका देशमा ॥
संयोगै परि आइ एक दिन ता ❋ सेनापतीले पनी ।
देखी द्रौपदिलाइ मोहित भयो ❋ उन्मत्त[2] जस्तो बनी ॥

(४)

त्यै सेनापतिलाइ कीचक भनी ❋ भन्थे सबैले तहाँ ।
अर्को कोहि थिएन राज्य भरिमा ❋ त्यस्‌का सरी वीरमा ॥
रानी द्रौपदि माथि आशक[3] भई ❋ प्रीती धरी चित्तमा ।
आयो कीचक कामको शर गडी ❋ रानी सुदेष्णा कहाँ ॥

(५)

दाज्यू तुल्य थियो उही महिषिको[4] ❋ सम्मान गर्दै तहाँ ।
दीइन् आसन उच्च बस्न र बस्यो ❋ तिन्‌कै अगाडी महाँ ॥
चित्रै द्रौपदिको बसेर मनमा ❋ खुब् व्याकुलै पो बनी ।
ज्ञानै कत्ति भएन कामुक[5] भई ❋ घत्‌को - बिघत्‌को पनी ॥

(६)

लाग्यो बोल्न निकै खुशामत गरी ❋ हाँसेर केही तहाँ ।
हे बैनी ! अति सुन्दरी सखि कउन् ❋ आइन् अहीले नयाँ ?
धेरै देश महल्‌हरू पनि ठुलो ❋ हेरें म आफैं गई ।
यस्ती राम्रि सखी किशोर वयकी ❋ देखीन मैले कहीं ॥

(७)

को हुन् कस्‌कि प्रिया यि हुन् कसरि यी ❋ आइन् बताऊ यहाँ ?
देखी यिन् कन ठान्दछू मदनकी ❋ प्यारी रती चित्तमा ॥
कोही राजकुमारि हुन् कि बहिनी ! ❋ या हुन् यिनी उर्वशी ?
देवी हुन् वनकी कि हुन् गगनमा ❋ हिंड्ने उज्याला शशी ॥

१ आँसु नभएकी । २ बौलाहा । ३ मोहित । ४ रानीको । ५ भोग गर्ने मन भएको ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(८)

प्यूँदा अङ्गुरको अमूल्य मदिरा ❋ जस्तो नशा छिन् महाँ ।
प्यूने मानिसलाई हुन्छ उहि ठिक् ❋ यिन्लाइ देखी यहाँ ॥
यिन्का दिव्य स्वरूपको भइ नशा ❋ उन्माद[1] पारी अती ।
बस्छन् पागल झैं बनी मन उडी ❋ देख्नेहरू छन् जती ॥

(९)

को हुन् सत्य कहू नढाँटि बहिनी ! ❋ वृत्तान्त यिन्को यहाँ ।
यिन्ले चित्त हरेर आज म कनै ❋ पारेर काबू[2] महाँ ॥
रोगी भै कन प्रेमको हृदयमा ❋ पीडा छ मेरो अनी ।
यो पीडा कन शान्त गर्न तिनि झैं ❋ देख्दीन क्यै औषधी ॥

(१०)

यस्तीं सुन्दरि नारि पद्मिनि यहाँ ❋ दासी सरीकी भई ।
गर्छिन् है किन काम यस् बखतमा ❋ तिम्रा महल्मा रही ॥
यिन्ले दुःख नकाटि बस्नु बढिया ❋ ठान्छू म ता चित्तमा ।
साह्रै छिन् सुकुमार काम कसरी ❋ गर्छिन् यिनीले यहाँ ॥

(११)

हे बैनी ! तिमिले कृपा अब गरी ❋ मेरो बयान् खुब् गरी ।
सैरन्ध्री कन यो सुनाउ पिरती ❋ तिम्रा उपर्मा धरी ॥
आशक् कीचक छन् गएर तिमिले ❋ मन् खुश् गराऊ भनी ।
फूल्याएर फकाइ यी सखि कनै ❋ राजी गराऊ पनी ॥

(१२)

सैरन्ध्री रहिछन् यि तिम्रि बढिया ❋ राम्रो जुहार्की सरी ।
गर्ने आदर जौहरी[3] म छु ठुलो ❋ राख्नेछु प्यारो गरी ॥
शोभा हुन्न यसोरि दासि सरि भै ❋ लाग्दा कुनै काममा ।
तिन्लाई तिमि राजि पार बहिनी ! ❋ कौनै किसिम्ले ममा ॥

(१३)

यस्ता वाक्य सुनेर झट् महिषिले ❋ अत्यन्त खूशी भई ।
दीइन् आशय आफु बात् गर भनी ❋ सैरन्ध्रि काहाँ गई ॥
खूशी कीचक भै गयो उहि बखत् ❋ सैरन्ध्रि भेट्छू भनी ।
देख्यो द्रौपदिलाई त्यस् अधमले ❋ मानू रुपैकी धनी ॥

---

१ मस्ती । २ वशमा । ३ हीरामोती रत्नको काम गर्ने ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(१४)

देख्दा तिन् कन सामुमा मदनले ❋ बाधा गरायो जसै ।
रूपैको त चिरागमा पुतलि झैं ❋ ज्यान् होम्न आँट्यो तसै ॥
श्याल्ले बाघिनिका गई नजिकमा ❋ जस्ता तवर्ले गरी ।
केही भन्दछ सोहि माफिक गरी ❋ भन्दो भयो त्यस् घरी ॥

(१५)

हे कल्याणि ! बताउ कौन तिमि हौ ❋ कस्की प्रिया हौ अनी ?
काहाँ बाट विराटको नगरिमा ❋ आयौ अहीले पनी ॥
साँचो बात सबै बताउ रसिली ! ❋ यो रूप कान्ती[1] महाँ ।
यस्तो यो सुकुमारता किन दिए ❋ ब्रह्माजिले लौ यहाँ ॥

(१६)

तिम्रो देख्छु मुहार पूर्ण शशि झैं ❋ चीसो[2] गराई दिने ।
तिम्रा नेत्र विशाल[3] छन् कमलका ❋ पत्ता सरी देखिने ॥
बोली कोइलिको समान छ तिम्रो ❋ मीठो मजाको अती ।
तिम्रा दाँजकि कोहि सुन्दरि पनी ❋ देखीन भन्छू यती ॥

(१७)

लक्ष्मी हौ कि तिमी त पद्म-वनमा ❋ बस्छिन् सदा जो गई ।
गौरी हौ कि सरस्वती कउन हौ ? ❋ सोध्छू म ताजुब्[4] भई ॥
साक्षात् हौ रति-देवि की मदनकी ❋ या पद्म-कन्या महाँ ।
कोही हौ तिमि एक बोल अहिले ❋ केही नढाँटी यहाँ ॥

(१८)

तिम्रो चन्द्र सरी मुहार् कन अनी ❋ ती केश ता सर्पिणी ।
आँखाका पलकै दुई ति फुल झैं ❋ खुल्नू खिले झैं गरी ॥
जस्ले देख्दछ एहि लोक बिचमा ❋ कन्दर्पको चोट् परी ।
कामासक्त भएर हाइ ! गरदै ❋ जानेछ ज्यूँदै मरी ॥

(१९)

गोल् काँक्री सरि लाल त्यो अधरमा ❋ हाँसो छ राम्रो अती ।
देखी जस् कन आफुलाइ म भुलें ❋ सुद्दी नपाई रती ॥
हाँसो हो भनुँ की भनूँ म बिजुली ❋ चम्केर लोपै भयो !
देहै मात्र फगत् खडा छ अहिले ❋ ज्यान् ता कता गै गयो ॥

---

१ सौन्दर्य । २ शीतल । ३ ठूला । ४ अचम्भ परी ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(२०)

तिम्रो कम्मर पातलो छ बहुतै ❋ रेखा समेत्को भई ।
देख्छु केही झुकी रहेछ कुचको ❋ बोझा त पर्नै गई ॥
बोझा ता कुचको[1] थियो तर पनी ❋ तिम्रो कटी बीचमा ।
चुल्ठोको पनि भार् परेर नुहि गो ❋ थम्ला कहाँ तक् यहाँ ॥

(२१)

राम्रा गोल कठोर दारिम[2] सरी ❋ ती छातिका दूदमा ।
जसले हात पुऱ्याइ छाम्छ रसिली ! ❋ हो भाग्यमानी यहाँ ॥
जस्ले प्यार गरी समाति चिउँडो ❋ झुकेर सामु गई ।
गर्ला चुम्बन भाग्यमानि उहि हो ❋ जन्मेर मानिस् भई ॥

(२२)

तिम्रा ति दुई जाँघ ता नदि-किनार् ❋ ठानेर हे सुन्दरि !
साह्रै नै बढि काम - रोग अहिले ❋ बाँचूँ कउन् रित् गरी ॥
यस्को औषधि केहि छैन भवमा ❋ पाइन्छ खोजी कहाँ ?
यस्को औषधि एक चुम्बन छ है ❋ तिम्रै छ जो पासमा ॥

(२३)

साह्रै मोहित भै गएँ म त शुभे ! ❋ कामाग्निले बेसरी ।
लाग्यो पोल्न मलाइ कुन् रित सहूँ ❋ यस्को जलन् यस् घरी ॥
मेरा माथि दया गरेर तिमिले ❋ भोग् गर्न दिन्छ्यौ जसै ।
शान्ते हुन्छ जलन् झरी रमणको[3] ❋ लागेर प्यारी ! तसै ॥

(२४)

सुन्का सिक्रि र मोतिका असल ती ❋ माला गलामा झुली ।
शोभा खूब हुनेछ छाति बिचका ❋ तिम्रा स्तनैमा परी ॥
दिन्छू धेर् गहना लगाउ तिमिले ❋ रानी सरीकी भई ।
फाल्नू छैन यसोरि यौवन प्रिये ! ❋ दासी सरीकी भई ॥

(२५)

मालिक्नी गरि राखुँला महलकी ❋ अत्यन्त प्यारो गरी ।
दासी भै कन बस्नु आज तिमिले ❋ पर्दैन कङ्गाल् सरी ॥
प्रीतीले गरि हेर प्यारी ! म कनै ❋ तिम्रो कमारो भएँ ।
तिम्रो यौवनको अपूर्व फुलमा ❋ भौंरा सरी भै गएँ ॥

१ स्तनको । २ अनार । ३ भोगको ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(२६)

मेरा काख महाँ बसौलि जब ता ❀ कन्दर्पको पिर् छुटी ।
चित्तै शान्त हुनेछ दौंतरि हुँदा ❀ प्रीती नवीना जुटी ॥
यस् निम्ती म त भन्दछू प्रियतमे ! ❀ तिम्लाइ प्यारो गरी ।
दीनेछू तिमिलाइ खान मइँले ❀ खाद्यादि ता राजसी ॥

(२७)

छन् बाह्रै वटि सुन्दरी सखिहरू ❀ मेरा महल् बीचमा ।
तिन्लाई तिमिले अह्राइ रहनू ❀ रानी सरी भै तहाँ ॥
पैह्लेका जति छन् जनानि गृहमा[1] ❀ तिम्रो त मानै गरी ।
दासी झैं ति सबै बनेर रहनन् ❀ तिम्रै खटन्मा परी ॥

(२८)

कुरा यस्तो सूनी उहि समयमा द्रौपदि पनी ।
जवाफ् राम्रो दिन्छिन् अधम[2] कन अर्ती दिउँ भनी ॥
सुन्यौ तिम्ले भन्छू भननु परने कीचक ! यहाँ ।
म ता हूँ अर्काकी गृहिणि[3] परनारीहरु[4] महाँ ॥

(२९)

म झैं दासीलाई नबुझि कन तिम्ले यस घरी ।
ठुलो चाहा गर्नू अनुचित भयो मोहित परी ॥
सबै प्यारो गर्छन् निशिदिन छ जो स्त्री घर महाँ ।
कुइच्छा राख्दैनन् असल जनले पो बुझ यहाँ ॥

(३०)

राखी विवेक मनमा शुभ कार्य गर्नू ।
कल्याण हुन्छ किन कुत्सित[5] काम गर्नू ?
आशा नगर्नु पर-नारि विषे कसैले ।
राख्दा कुभाव मरनू परला यसैले ॥

(३१)

पाञ्चालिले यसरि ज्ञान बताइ ताहाँ ।
अर्ती दिइन् अधमका रहि सामु माहाँ ॥
थाहा थियो सब कुराहरु तेसलाई ।
भन्दो भयो मदनको अति ताप पाई ॥

१ घरमा । २ पाजीलाई । ३ स्त्री । ४ पराईकी स्वास्नी । ५ खराब ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(३२)

प्यारी ! हेर म आज काम[1]-शरले ❀ दुःखी भएको त छू ।
जीऊमा मनमा र नेत्र बिचमा ❀ तिमूलाइ नै राख्दछू ॥
यस्तो साफ जवाफ् यसोरि तिमिले ❀ दीनू असल् हो कहाँ !
मेरो त्याग गऱ्यौ भने त पछितो ❀ होला परन्तू महाँ ॥

(३३)

मै हूँ मालिक मत्स्यका मुलुकको ❀ कर्ता र हर्ता पनी ।
ठूलो वीर हुँदा समस्त जनले ❀ भन्छन् ठुला हुन् भनी ॥
रूपै यौवन मान दौलत महाँ ❀ सौभाग्यमा यस् घरी ।
अर्को छैन पुरूष मै सरि कुनै ❀ यो मत्स्य-राज्यै भरी ॥

(३४)

मैमा प्रेम धरेर आज तिमिले ❀ रानी सरीकी भई ।
राम्रा भोग्य-पदार्थ छन् जति यहाँ ❀ भोग् गर्नु सारा गई ॥
मेरी भै कन राजसी - सुख लिंदा ❀ तिमूलाइ रानी पनी ।
दाज्यूकी दुलही भनेर मनले ❀ ठान्लिन् ठुली हुन् भनी ॥

(३५)

यस्ता सुनी अशुभ[2] वाक्य निकै रिसाई ।
निन्दा गरेर तिनिले तब तेसलाई ॥
भन्छिन् वृथा गरदछस् किन आँट् मलाई ?
हे सूत ! मोहित नहो पछि मर्नलाई ॥

(३६)

पाऊँदछस् म कन लौ कसरी तईंले ?
गन्धर्व छन् पतिहरू म सँगै अहीले ॥
रिसमा परे यदि भने तिनिले तँलाई ।
मार्नन् अवश्य बुझिले रति बेर् नलाई ॥

(३७)

गङ्गाजि वारि रहि आँट गरेर भारी ।
पार् तर्न खोज्छ शिशुले दुइ पाउ सारी ॥
उस्तै छ आँट मनको तइँले गरेको ।
मै माथि आशक भई कन मन् धरेको ॥

---

१ कामदेवको । २ ननीको ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(३८)

काखमा बसी जननिको[1] शशि[2] धर्नलाई ।
आँट् गर्छ बालक कुनै बुझनै नपाई ॥
उस्तै गरी तँ पनि बुद्धिहरू गुमाई ।
आँट् गर्दछस् मकन राख्न प्रिया बनाई ॥

(३९)

गन्धर्व वीरहरु पाँचकि हूँ म नारी ।
हिंड्छन् सदा गगनमा[3] पति वीर भारी ॥
गुप्तै रही म कन हेर-विचार गर्छन् ।
ताक्छन् मलाइ जसले ति अवश्य मर्छन् ॥

(४०)

गन्धर्व वीरहरु पाँचकि प्यारिलाई ।
खोज्छस् तँ प्रेम गरनै किन मस्ति छाई ?
बिग्रेछ बुद्धि अब प्राण भएछ भारी ।
यो कार्यले अब त दे जिउ आश मारी ॥

रानीले द्रौपदीलाई कीचकको घर पठाउनु

(१)

यस्तो रीति गरेर द्रौपदिजिले ❋ वार्ता[4] गरीथिन् जसै ।
लिन्छू मद्दत बैनिको भनि गयो ❋ ऊठेर पापी तसै ॥
लाग्यो भन्न गएर रानि कन फेर् ❋ हे बैनि ! जुक्ती गरी ।
सैरन्ध्री कन राजि पार तिमिले ❋ मेरी निकै मन् परी ॥

(२)

सैरन्ध्री कन प्राप्त गर्न नसके ❋ बाँच्दीन संसारमा ।
यो झैं सुन्दरि नारि छैन अहिले ❋ मेरा नजर्मा यहाँ ॥
यी कूरा सुनि रानिले तब भनिन् ❋ मन्मा दया खुब् धरी ।
पर्सी पर्व छ भारि डाक्नु म कनै ❋ तिमूले त निम्तो गरी ॥

१ आमाको । २ चन्द्रमा । ३ आकाशमा । ४ कुरा ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(३)

रक्सी धेर प्रकारका रचि लिनू ❀ तिम्ले यही बीचमा ।
ज्यूनार् गर्न तयार पार्नु बहुतै ❀ मिष्टान्नहेरू तहाँ ॥
सैरन्ध्री कन जाउ केहि मदिरा[1] ❀ मागेर ल्याऊ भनी ।
भेजूँली[2] मइँले कुरा गरि लिनू ❀ एकान्तमा खुब् अनी ॥

(४)

मर्यादा कन राखि मान सँग खुब् ❀ वार्ता गरौला जसै ।
सैरन्ध्री वशमा हुनेछ सहजै ❀ आनन्द मानी तसै ॥
यो सल्लाह मिलाइ बैनि सँग त्यो ❀ ऊठी घरैमा गयो ।
सैरन्ध्री कन पाउँछु अब भनी ❀ त्यसलाइ आह्लाद[3] भो ॥

(५)

धेरै नै फल-फूलका रस झिकी ❀ रक्सी बनाई तहाँ ।
सेल् फीनी पकुवा कवाफ् र भुटुवा ❀ तैयार भो छिन् महाँ ॥
न्वाही उत्तम वस्त्र लाइ जिउमा ❀ अत्तर् छिटी खुश् भई ।
बाटो हेरि बस्यो ति द्रौपदिजिको ❀ आफ्ना महल्मा गई ॥

(६)

रानीले त पठाउने दिन जउन् ❀ पक्का गरेकी थिइन् ।
आई त्यै दिन द्रौपदी कन तहीं ❀ भेजीदिने[4] सुर् लिइन् ॥
पाञ्चाली कन डाकि त्यै समयमा ❀ तिन्ले भनिन् हे सखी !
तिर्खा लाग्न गई मलाइ अहिले ❀ घाँटी समेत् गो सुकी ॥

(७)

चाँडै कीचकका गई महलमा ❀ रक्सी बढीया लिई ।
फर्की आउ तुरुन्त मेट्दछु तृषा ❀ मैले सुरा[5] त्यै पिई ॥
रानीका इ कुरा सुनी द्रुपदकी ❀ पुत्री पनी त्यै घरी ।
गर्छिन् बिन्ति म जान्न कीचक कहाँ ❀ कस्तै हजुर्ले गरी ॥

(८)

त्यो मान्छे छ नकच्चरो[6] हजुरमा ❀ जाहेर् छ राम्रै गरी ।
त्यस्का आज नजिक् परूँ म कसरी ❀ एक्लै अगाडी सरी ?
निर्दोषी म छु धर्म थामि गरछू ❀ सेवा हजुर्को यहाँ ।
आएकी म त हैन रण्डि[7] बनुँली ❀ भन्ने लिई चित्तमा ॥

१ रक्सी । २ पठाउँला । ३ प्रसन्नता । ४ पठाउने । ५ रक्सी । ६ वेशरम । ७ वेश्या ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(९)

राजी थीन म काम गर्न जुन है ❋ पैल्यै प्रतिज्ञा गरी।
बिन्ती पारि सकेकि छू हजुरमा ❋ भुल्नू भयो के गरी?
त्यस्का ता घरमा गएँ यदि भने ❋ त्यस्ले मलाई तहाँ।
आशक् भै अपमान गर्दछ भनी ❋ साँचै म भन्छू यहाँ॥

(१०)

धेरै छन् सखि साथमा हजुरका ❋ तिन्मा त यौटी गई।
ल्याउन् कीचकका पर्सी महलमा ❋ राम्रो सुरा खुश् भई॥
जान्थें जान हुकुम् हुँदा तर ठुलो ❋ डर् लाग्न गो चित्तमा।
तस्मात् आज पठाइ बक्सनुहवस् ❋ अर्की सखीनै तहाँ॥

(११)

भन्छिन् रानि सुनेर बिन्ति तिनको ❋ जिद्दी गरी फेर् तहाँ।
लैजाऊ सुनको गिलाँस् प्रिय सखी ! ❋ शङ्का न ली चित्तमा॥
मैले आज पठाउँदा तिमि कनै ❋ पापी - नजर्ले गरी।
को सक्ला तिमिलाइ हेर्न मनमा ❋ शङ्का न-ल्यौ यस् घरी॥

(१२)

रानीले यति बोलि झट्ट सुनको ❋ बिर्को समेत्को तहाँ।
राम्रो एक गिलाँस् झिकीकन दिइन् ❋ पाञ्चालिको हातमा॥
पाञ्चाली पनि हातमा उहि गिलाँस् ❋ लीएर दुःखित् बनी।
जानैलाइ त कीचकालय[1] तिरै ❋ निस्किन् हुकुम् हो भनी॥

(१३)

लागिन् गर्न ति प्रार्थना मनमनै ❋ रूँदै उही बीचमा।
हे नारायण ! सत्यमा म यदि छू ❋ आफ्ना पतीका यहाँ॥
हात्-पात् कीचकले त गर्न नसकोस् ❋ देख्दा मलाई तहाँ।
मेरो लाज बचाइ बक्सनु हवस् ❋ स्त्री-धर्म थामी यहाँ॥

(१४)

आँसू बर् - बरि काढि भक्ति-रसमा ❋ डूबेर तिन्ले जसै।
लागिन् श्रीरविलाइ हेर्न गरदै ❋ खुब् प्रार्थना यो तसै॥
थाहा भै कन कर्म-साक्षि भगवान् ❋ श्री सूर्यले त्यै घरी।
यौटा राक्षस साथमा गरि दिए ❋ माया बहूतै गरी॥

१ कीचकको घर।

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(१५)

सोही राक्षस गुप्त-चाल सँग गै ❋ पाञ्चालिका साथमा ।
रक्षा गर्न भनी पछी-पछि हिंड्यो ❋ जान्थिन् ति बाला[1] जहाँ ॥
बाटोमा रविलाइ सम्झि मनले ❋ तिन्कै त नाऊँ जपी ।
पूगिन् कीचकका हवेलि बिचमा ❋ अत्यन्त भीरू[2] सती ॥

(१६)

द्च्केकी हरिणी सरी ति कन ता ❋ देखेर त्यो कीचकै ।
गर्नै स्वागत-आदरादि उभियो ❋ प्रेमान्ध जस्तो हुँदै ॥
डुङ्गा पारि तराउने नदि विषे ❋ आई पुगेका घरी ।
यात्रीलाइ खुशी भए सरि भयो ❋ त्यस्लाइ चिन्ता मरी ॥

कीचकले अपमान गर्दा द्रौपदीले फिराद गर्न जानु

(१)

लाग्यो भन्न गएर कीचक तिनै ❋ सैरन्ध्रिलाई तहाँ ।
तिम्रो स्वागत गर्छु आउ रसिली ! ❋ मेरा महल् बीचमा ॥
चैनैले गरि रात्रि काटि रहुँला ❋ दूवै पलङ्मा रही ।
आऊ प्यारि गराउ शान्त मन यो ❋ अर्धाङ्गिनी[3] झैं भई ॥

(२)

सुन्का सिक्रि र रत्न-कुण्डल अनी ❋ आभूषणादी - हरू ।
धेरै छन् यि लगाउ पैह्नि बढिया ❋ रेश्मी लुगा बेस् अरू ॥
तिम्रा खातिर दुग्धफेन सरिका ❋ तन्ना पलङ्मा कसी ।
राखेकोछु दुवै जना मिलि पिऊँ ❋ रक्सी मजाको बसी ॥

(३)

यस्ता कीचकका कुरा सुनि तिनै ❋ सैरन्ध्रि भन्छिन् तहाँ ।
आएँ आज पठाउँदा महिषिले ❋ तिम्रूले बुझीलयौ यहाँ ॥
रानीलाइ पियास् ठुलो छ बढिया ❋ देऊ सुरा यस् घरी ।
बाटो हेरि ति बस्दिहुन् यस बखत् ❋ आशा बहूतै गरी ॥

---

१ द्रौपदी । २ डराएकी । ३ स्त्री ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(४)

सूनी द्रौपदिका कुरा उहि बखत् ❀ केही अगाडी सरी ।
दासी छन् भनि भन्छ कीचक तहाँ ❀ केही अगाडी बढी ॥
थोटीलाइ पठाउँछू दिइ सुरा ❀ चिन्ता न-ल्यौ चित्तमा ।
भन्दै एति त दाहिने भुज[1] धऱ्यो ❀ ती द्रौपदीको तहाँ ॥

(५)

यो चाल् कीचकको नजर् गरि सकी ❀ भन्छिन् ति काम्दै अती ।
आफ्ना स्वामि सिवाय अन्य[2] जनमा ❀ मन् छैन मेरो रती ॥
हे पापी ! किन चित्तमा तँ बहुतै ❀ लिन्छस् दुराशा यहाँ ?
तेरो मृत्यु रहेछ निश्चय बुझें ❀ गन्धर्वका हातमा ॥

(६)

निन्दायुक्त कुवाच्य यस् तरहको ❀ तिन्ले भनेको सुनी ।
कामोन्मत्त[3] भएर झट् धरि लियो ❀ त्यस्ले पछ्यौरा पनी ॥
लामू सास् झिकि क्रुद्ध भै बल गरी ❀ ती द्रौपदीले पनी ।
धक्का कीचकलाइ एक त दिइन् ❀ बाघीनि जस्ती बनी ॥

(७)

काटेको रुख झैं गरी उहि बखत् ❀ पापी गिऱ्यो पृथ्विमा ।
पूगिन् द्रौपदि माग्दछू भनि गुहार् ❀ दौडी सभा बीचमा ॥
थीए जौन सभा भरी नृपतिको ❀ ती पाण्डवादी पनी ।
आइन् द्रौपदि न्याय खोज्न उ बखत् ❀ दुःखी बहूतै बनी ॥

(८)

दौडिन् द्रौपदि मार्गमा[4] जुन बखत् ❀ त्यो कीचकै त्यै घरी ।
पक्रन्छू भनि झट् उठी कन गयो ❀ तिन्कै त पीछा गरी ॥
भेट्टाई कन चुल्ठि खैंचि शिरको ❀ त्यस् दुष्टले फेर् तहाँ ।
लात्ति द्रौपदिलाइ जोर् सँग दियो ❀ पूगी सभा बीचमा ॥

(९)

लोटिन् द्रौपदि भूमिमा जुन बखत् ❀ सोही सभा बीचमा ।
साथी राक्षसले पनी उहि बखत् ❀ त्यस् पापिलाई तहाँ ।
पक्री जोर्सित लात्ति हानि जिमिमा ❀ दीयो पछारी जसै ।
चोट्ले मूर्च्छित भै गिऱ्यो पृथिविमा ❀ मूढो लडे झैं तसै ॥

१ हात । २ आको । ३ कामवेगले उन्मत्त । ४ बाटामा ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(१०)

सोही औसरमा त भीम पनि ता ❀ सोही सभामा थिए।
देखी द्रौपदिको गती हृदयमा ❀ तिन्ले ठुलो रिस् लिए॥
आँखा लाल भई निधार बिचमा ❀ आयो पसीना पनी।
दाह्रा कर्र किटेर भीम चुरिए ❀ त्यस्लाइ मार्छू भनी॥

(११)

आँटे भीम त उठ्न धर्मसुतले[1] ❀ बूझेर एही अनी।
औंला कुल्चि दिएर रोकि लिनु भो ❀ यो हैन मौका भनी॥
मानैं त्यस् कन भीमले रुख ठुलो ❀ भाँच्ने इरादा गरी।
हेर्थे बृक्ष तरफ् युधिष्ठिरजिले ❀ भन्नू भयो त्यै घरी॥

(१२)

हेर्छौं वल्लभ ! आज कीन तिमिले ❀ यस्ता तवर्ले गरी ?
भान्सामा लकडी त छैन यदि पो ❀ जङ्गल् गई ये घरी॥
सूकेका रुख हेरि भाँच तिमिले ❀ चाहिन्छ जत्ती तहाँ।
काँचै छन् सब वृक्ष यस् तरफका ❀ हूँदैन भाँच्नू यहाँ॥

(१३)

त्यै बेला उठि द्रौपदी नृपतिका ❀ सामू गई द्वारमा[2]।
हेर्दै फेर् पतिहेरुलाइ बिचरा ❀ दुःखी थिए जो तहाँ॥
लागिन् भन्न हँदै सभा - भवनमा ❀ सूनुन् सबैले भनी।
दीयो कीचकले मलाइ किन लात् ❀ पापी अधर्मी बनी॥

(१४)

पाँचै वीरकि प्यारि हूँ म कन लात् ❀ मार्दा यसैले यहाँ।
न्यायै गर्न सकेन कोहि जनले ❀ ऐह्ले सभा बीचमा॥
मेरा वीर महारथी पतिहरू ❀ लूकेर बस्छन् कहाँ ?
भार्याको यहि दुर्गती कसरि ती ❀ हेर्छन् सभा बीचमा॥

(१५)

आफ्नी स्त्री कन दुष्टले यस बखत् ❀ लात्ती दिंदामा पनी।
हेर्दैछन् पतिहेरु ठिक् अधम झैं ❀ के अर्थ मौनी[3] बनी ?
राजाको पनि धर्म छैन बुझियो ❀ व्यर्थै यि बस्छन् यहाँ।
न्यायी जो नृपती छ हेर्छ कसरी ❀ यस्तो कुचाला कहाँ॥

१ युधिष्ठिरले। २ ढोकामा। ३ न बोल्ने बनेर।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(१६)

हे राजन् ! किन न्याय गर्दछौ भनी ❋ सिंहासनैमा रही ।
यस्तो कीचकले अनादर गऱ्यो ❋ हेऱ्यौ नबोल्ने भई ?
पापात्मा कन दण्ड गर्न नसकी ❋ चूपै हुँदामा यहाँ ।
चोरै ठान्दछु गिन्ति गर्नु कसरी ❋ मैले त राजा महाँ ॥

(१७)

देख्ने मानिसमा स्वधर्म[1] बुझ्ने ❋ देख्दीन कोही यहाँ ।
न्यायै माग्न भनेर आज मइँले ❋ जानू कउन् देशमा ?
निन्दा आफ्नु सुनी विराट नृपले ❋ भन्छन् नबूझी कुरा ।
कस्तो रीति गरेर गर्नु भन लौ ❋ इन्साफ मैले पुरा ॥

(१८)

थाहा छैन मलाइ न्याय गरुँ के ❋ एती भनेथे जसै ।
भन्छन् सभ्यहरू ति द्रौपदि तरफ् ❋ हेरेर फेरी तसै ॥
भार्या जस्कि यि हुन् तिनै दुखि हुनन् ❋ एती भनी फेर् तहाँ ।
निन्दा कीचकको गरे सकलले ❋ सोही सभा बीचमा ॥

(१९)

भन्थे आपसमा यि राम्रि कति छन् ❋ क्वै छैन यिन् झैं यहाँ ।
यस्ती सुन्दरि नारि पाउन कउन् ❋ सक्ला जगत् बीचमा ?
यस्तो बात सुनेर धर्मसुतका[2] ❋ रिस्ले निधार्मा पनी ।
आयो खुब् पसिना र त्यै बखतमा ❋ आँटे म बोल्छू भनी ॥

(२०)

हे सैरन्ध्रि ! नरोउ जाउ अब लौ ❋ रानी जहाँ छन् उहीं ।
जो नारी छ पतिव्रता जगतमा ❋ कष्टादि खप्छन् सही ॥
पाऊँछन् पछि ती ठुलो सुख यहाँ ❋ स्वर्गादि प्राप्तै गरी ।
बस्छन् आखिरमा पती चुप हुनन् ❋ क्यै कारणै पो परी ॥

(२१)

सैरन्ध्री ! तिमि काललाइ न-चिनी ❋ लज्जा न-ली चित्तमा ।
रुन्छयौ के नटिनी[3] बनेर अहिले ❋ आई सभा बीचमा ॥
देखाई कन खेल व्यर्थ यसरी ❋ आफ्नू तमाशा गरी ।
गर्छयौ विघ्न कसोरि मत्स्यहरुको ❋ तिम्ले वृथा यस् घरी ॥

१ कुलको धर्म । २ युधिष्ठिरका । ३ नाच्ने नारी ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(२२)

सैरन्ध्री ! तिमि जाउ लौ महलमा ❋ तिम्रा प्रतीले अती ।
चाँडै दुःख हटाउनन् बुझ तिमी ❋ ऐह्ले परेका जती ॥
स्वामीका मुखका कुरा यति सुनी ❋ भन्छिन् ति ठेड् झैं गरी ।
खप्तैछू दुःख ता दयालु पति छन् ❋ भन्ने मनैमा धरी ॥

(२३)

चुल्ठो केश खुलेकि नारि बिचरी ❋ ती द्रौपदी त्यै घरी ।
ताहाँ बाट उठेर झट् महलमा ❋ पूगिन् छिटो चाल् गरी ॥
रूँदामा मुख-चन्द्र त्यस् समयमा ❋ झन् खुब् खुलेको थियो ।
मानू बादल बाट पूर्ण शशिले ❋ निस्केर पो देखियो ॥

(२४)

सुदेष्णाले सोधिन् नजिक गइ मीठा वचनले ।
बताऊ हे प्यारी ! तिमि कन कुट्यो कुन् अधमले[1] ॥
तिमीले रोएकी किन ? भन मलाई सब यहीं ।
कसैले दुर्वाच्यै[2] तिमिकन भन्यो की सखि कहीं ॥

(२५)

गरिन् बिन्ति रोई द्रुपदतनयाले[3] पनि तहाँ ।
हजूरैका निम्ती लिन भनि सुरा यस् घरि महाँ ॥
हजुरका दाज्यूको घर म त पुगें दौडि उसले ।
मलाई लात् मार्‍यो पुगि कन सभा बीच रिसले ॥

(२६)

कसैले रोकेनन् उस बखतमा हा ! भनि तहाँ ।
तमाशा पो हेर्थे बसि कन सभाका बिच महाँ ॥
जसोरी ठोक्छन् है गउ कन कुनै पापि रिसले ।
उही चाल्ले ठोक्यो म कन महिषी ! त्यै अधमले ॥

(२७)

रानीले यि कुरा सुनी कन भनिन् ❋ सैरन्ध्रिलाई तहाँ ।
दिन्छयौ आशय ता भने म अहिले ❋ सेना खटाई यहाँ ॥
सोही कीचकलाइ मार्न कन ता ❋ लाउँदछू यस् घरी ।
त्यसले ता अपमान पो गरि लियो ❋ तिमलाइ त्यस्तो गरी ॥

१ नीचले । २ गाली । ३ द्रुपदकी छोरीले ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(२८)

भन्छिन् द्रौपदि रानिलाइ गरने ❀ क्यै छैन कामै कुनै ।
बीजाईं जसको गऱ्यो उस कनै ❀ मार्छन् अवश्यै उनै ॥
माहारानि ! म विन्ति गर्छु अहिले ❀ मर्ने भयो कीचकै ।
बाँच्ने छैन कदापि त्यस् कन गई ❀ मार्छन् अवश्यै तिनै ॥

द्रौपदीले गई भीमलाई जगाउँदा भीमले सोध्नु

(१)

रानी सीत बिदा भई द्रुपदकी ❀ पुत्री पनी त्यै घरी ।
डेरामा पुगि स्नानले वदनको ❀ माटो त साफै गरी ॥
न्वाही वस्त्र नयाँ धरेर जिउमा ❀ ताहीं बसी फेर् तिनी ।
लागिन् गम्न[1] कसोरि कीचक कनै ❀ चाँडो मराऊँ भनी ॥

(२)

यस्‌का निम्ति कहाँ म जाउँ गरुँ के ❀ कस्तो तवर्‌ले गरी ।
कार्यै पूर्ण भएर कीचक मरोस् ❀ सङ्कष्ट जावस् टरी ॥
यस्तै तर्क ति गर्दथिन् समझना ❀ श्रीभीमको भै गयो ।
चाँडो भीम कहाँ गएर तिनको ❀ भेट्ने इरादा भयो ॥

(३)

शय्या[2] बाट उठेर रात्रि बिचमा ❀ चिन्ता बहूतै धरी ।
डेरा बाट हिंडी वृकोदरजिको ❀ डेरा पुगिन् त्यै घरी ॥
देखी तिन् कन सिंह झैं शयनमा ❀ घुर्दै सुतेका तहाँ ।
आइन् द्रौपदि भीमका नजिकमा ❀ खूशी हुँदै चित्तमा ॥

(४)

बस्दा द्रौपदि भीमका समिपमा ❀ तिन्‌को प्रभाले[3] गरी ।
डेरा झलमल भै गयो उहि बखत् ❀ बत्ती बलेकै सरी ॥
मानू गोमतिकै त शाल- तरुमा ❀ आएर चाँडो गरी ।
बास्ना युक्त लता जसोरि फुलका ❀ बेर्छन् उही चाल् गरी ॥

१ विचार गर्न । २ ओछ्यान्‌बाट । ३ कान्तिले ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(५)

बेह्निन् फन्फनि भीमलाई उ बखत् ❋ बाहू - लताले[1] गरी।
ऊठाइन् तिनलाइ सिंहिनि गई ❋ जागा गराए सरी॥
वीणा झैं मधुरो स्वरैं झिकि तहाँ ❋ बोल्दी भइन् त्यै घरी।
मुर्दा झैं कति सुत्नुहुन्छ उठनोस् ❋ निद्रा त त्यागै गरी॥

(६)

रानी द्रौपदिका कुरा सुनि उठी ❋ श्रीभीम भन्छन् तहाँ।
हे प्यारी ! दुःख कुन् परेर अहिले ❋ आयौ तिमी लौ यहाँ ?
यस्तो चाल् सित रातका बखतमा ❋ कस्ता विपत्‌मा परी।
आयौ शीघ्र यहाँ बताउ तिमिले ❋ विस्तार राम्रो गरी॥

(७)

देख्छू क्यै त मलीन पो छ मुख त्यो ❋ कुन् कष्ट आई पऱ्यो ?
की तिम्‌लाई बताउ कोहि जनले ❋ क्यै क्लेडखानी गऱ्यो॥
जे भन्छ्यौ म पुऱ्याउनेछु अहिले ❋ देऊ बताई सब।
रात्री धेर भएछ गै सुत प्रिये ! ❋ बासमा तुरुन्तै अब॥

द्रौपदीले भीमसित दुःख-पुकारा गर्नु

(१)

भर्ताका इ कुरा सुनेर उ बखत् ❋ पाञ्चालि भन्छिन् तहाँ।
जानी-जानि सबै कुरा किन पऱ्यो ❋ यो प्रश्न गर्नू यहाँ॥
जुन् नारी कन छन् युधिष्ठिर पती ❋ उसले विना सोच् गरी।
कुन् चाल्‌ले गरि काटली[2] दिन हरे ! ❋ चिन्तादि दूरै धरी॥

(२)

दासी होस् भनि केश यो बल जफत् ❋ दुःशासनैले धरी।
ल्यायो राजसभा विषे उ समझी ❋ घोच्दैछ सीयो सरी॥
कुन् राजाकि सुपुत्रि भारि बिइजत् ❋ भोगेर बस्‌ली यहाँ ?
योटी मै छु फगत् सहेर बसने ❋ सङ्कष्ट पर्दा महाँ॥

---

१ हातरूपी लहराले। २ बिताउली।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(३)

आसक्तै म उपर् जयद्रथ भई ❋ बस्दा बनैमा अघी।
एक्ली देखि मलाइ झट् हरि लग्यो ❋ त्यस्तो विपत्ती सही॥
मैले वस्नु पर्‍यो सबै खपि बसेँ ❋ यस् जिन्दगानी[1] महाँ।
मेरा झैं अति कष्ट भोगि रहने ❋ कुन् नारि होली यहाँ॥

(४)

ऐले मत्स्यपुरी विषे लुकि-छिपी ❋ बस्दा हुँदीमा पनी।
पाजी कीचकले अनादर गर्‍यो ❋ हो मेरी भार्या भनी॥
उल्लूका कथनादि केहि नसुनी ❋ बस्दा पनी यस् घरी।
लात्ती हानि दियो सभा-भवनमा ❋ चुल्ठो करैले धरी॥

(५)

पापीले म कनै खराब् नजरले[2] ❋ घूरेर[3] हेर्दा महाँ।
जस्तो ग्लानि भयो मलाइ मनमा ❋ के बिन्ति गर्नूं यहाँ?
बाँचेकी छु परन्तु ठान्छु मनले ❋ मै आफु मुर्दा सरी।
स्वप्नन् कष्ट कुनै त राजतनया ❋ मैले सहे झैं गरी॥

(६)

थाहा छैन हजूरलाइ कि कसो? ❋ मेरा विपत्तीहरू।
दुःखी छू बहुतै म के गरि यहाँ ❋ कुन् रीतले ज्यान् धरूँ?
मैले बाँचि रहन्न धर्म अब ता ❋ हाँसेर सेनापती[4]।
भार्या हो भनि घातमा छ बहुतै ❋ सूनी रहूँ यो कती॥

(७)

सालो भै कन त्यो विराट-नृपको ❋ साह्रै कुकर्मी भई।
ताकी-ताकि रहन्छ मै कन सदा ❋ रानी भएमा गई॥
त्यसको वाक्य सुनेर छाति चिरियो ❋ चल्दैन जोर् क्यै रती।
जूवाडी पतिदेव[5] छन् नबुझने ❋ मैले सहूँ पिर् कती॥

(८)

जूवाको लत[6] यो खराब बसि गो ❋ हारी सबै सम्पती।
अर्काका भतुवा सबै हुन गयौं ❋ यो हाल् बताऊँ कती?
जूवा हारि उठेर जङ्गल पसे ❋ होड् राखि तिन्ले यही।
जूवैले गरि गुप्तवास गरछन् ❋ सेवा विषे मन् दिई॥

१ जीवन। २ खराब आँखाले। ३ गाडेर। ४ कीचक। ५ युधिष्ठिर। ६ बानी।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(९)

जस्का कोष[1] महाँ असङ्ख्य धन मै ❋ गर्थे रजाईं अनी ।
सुन् - चाँदीहरुका थिए अति ठुला ❋ थुप्रा करोडौं पनी ॥
ती हारेर लुकी बसेर अहिले ❋ श्रीले त हीनै भई ।
गर्छन् भोग कुकर्मको कुरुपती ❋ धिक्कार बुद्धी भई ॥

(१०)

हज्जारौं गज अश्वहेरु गहना ❋ पैह्रेर देहै भरी ।
जस्का लागि पछी-पछी ति हिंडथे ❋ शोभा बहूतै छरी ॥
उस्ता दौलतदार श्रीकुरुपती[2] ❋ खेलेर जूवा यहाँ ।
बस्छन् है दिन काटि लौ नजरहोस् ❋ राजा - विराटै कहाँ ॥

(११)

थीए जुन् घरि गद्दिमा उस बखत् ❋ लाखौं रजौटाहरू[3] ।
गर्थें चाकरि रोज - रोज जसको ❋ उस्को बयान् के गरूँ ॥
मान्सामा जसका रही सखिहरू ❋ लाखौं त जम्मा तहाँ ।
सुन्का बर्तन हातमा लिइ खडा ❋ हुन्थे अगाडी महाँ ॥

(१२)

गर्थें दान सुवर्णको दिन-दिनै ❋ हज्जार तोला जउन् ।
जूवाकै लतमा परी दुःख गरी ❋ बस्छन् अहीले तउन् ॥
बस्थे सूतहरू र मागधहरू ❋ आई अगाडी महाँ ।
नित्यै साँझ-सबेर गाइ यशको ❋ गाना त जस्को तहाँ ॥

(१३)

हज्जारौं तपि फेर् जितेन्द्रियहरू ❋ विद्वान् ऋषी छन् जती ।
जस्का गै बसथे सभा - भवनमा ❋ आनन्द मानी अती ॥
अस्सी आठ हजार स्नातक ऋषी ❋ नित्यै प्रवस्ती भई ।
जस्को राज्य महाँ सदैव बसथे ❋ आराम साथै रही ॥

(१४)

यौटा स्नातकको टहल् गरनका ❋ निम्ती ति दासीहरू ।
तीसौटी त थिए भनेर उसको ❋ धेरै कुरा के गरूँ ?
उस्ता भारि प्रतापि दानि नृपती ❋ हाम्रा युधिष्ठीरले ।
बस्नू भूप विराटका समिपमा ❋ नामै छिपाएर रे ॥

१ ढुकुटीमा । २ राजा युधिष्ठिर । ३ सानासाना राजाहरू ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(१५)

अन्धा-वृद्ध-अनाथ[1]-बालक अ्नो ❋ काना र लूला कती ।
पाऊँदा भरपेट खान जय पो ❋ चीताउँथे धेर् अती ॥
न्यायैमा जसले त पक्ष न-लिई ❋ छिन्थे ति टण्टा[2] हरू ।
उस्ता ती नृपतीन्द्र[3] गुप्त हुन गै ❋ बस्छन् कुरा के गरूँ ॥

(१६)

ज्ञानी सौखिन दाज्यु ती हजुरका ❋ ऐले बखत्ले गरी ।
डाकिन्छन् नृप बाट कङ्क ! भनि पो ❋ हर्दम् त चाकर् सरी ॥
त्यो सुन्दा म भुतुक्क हुन्छु रिसले ❋ दुर्भाग्य कस्तो भनी !
फेरी चित्त बुझाइ बस्दछु म ता ❋ हो कर्मको खेल् भनी ॥

(१७)

यै चिन्ता परि नाथ ! आज निशिमा[4] ❋ यो छाति पोल्दा महाँ ।
डूबी शोक-समुद्रमा म नसुती ❋ ऊठेर आएँ यहाँ ॥
यस्तो दुःख परेकि नारि कन ता ❋ देख्दा हजुर्को पनी ।
नौनी झैं किन पग्लँदैन मन पो ❋ भन्नोस्न सच्चा बनी ॥

द्रौपदीले पतिहरूको कष्ट देखेर चिन्ता गरेको

(१)

स्वामिन् ! यस् मनमा जती पिर थियो ❋ बिन्ती गरें यस् घरी ।
सो छोडी कन फेर् कहन्छु मन यो ❋ रूँदै छ फिक्री परी ॥
झीँझो बिन्ति चढाउँछे भनि हजुर् ❋ आज्ञा न-होला यहाँ ।
वृत्ती कुन् बढिया छ है हजुरको ❋ यै मत्स्यका देशमा ॥

(२)

नाऊँ सुन्न अयोग्य बल्लभ भनी ❋ राखी हजुर्ले यहाँ ।
भान्से भै कन बस्नु भो कसरि लौ ❋ मैले सहुँ चित्तमा ॥
खाने चीज पकाइ ठीक गरि फेर् ❋ साम्ने नृपैका गई ।
ज्यूनार् गर्न सवारि होस् भनि सदा ❋ भन्नुन्छ नोकर् भई ॥

१ टुहुरा । २ झगडा, मुद्दा । ३ राजाहरूका इन्द्र । ४ रात्रिमा ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(३)

खूशी भै नृपले हजुर् कन जसै ❀ बाघ् हात्तिका साथमा ।
कुश्ती खेल्न लगाउँछन् म त मरी- ❀ जान्छू शरम्ले तहाँ ॥
आईमाइहरू सबै महलका ❀ देखेर हाँस्छन् जसै ।
चित्तै व्याकुल हुन्छ के गरुँ भनी ❀ देख्दीन आँखा तसै ॥

(४)

साह्रै पीर बढेर केहि अनुहार् ❀ हूँदा मलीनै अनी ।
भन्छिन् रानि सबै सखी कन तहाँ ❀ हाँसेर 'देख्यौ !' भनी ॥
लड्छन् बल्लभ हात्तिका सँग जसै ❀ ओर्ली अखाडा महाँ ।
देख्छू दुःख बढेर आउँछ ठुलो ❀ सैरन्ध्रिका चित्तमा ॥

(५)

राम्री छन् यि पनी यि वल्लभ पनी ❀ राम्रा हुनाले यहाँ ।
जोडी मिल्छ स्त्रिया-चरित्र कन लौ ❀ को बुझ्छ संसारमा ॥
राधाकृष्णसरी यि छन् स्वरूपवान्[1] ❀ एकै बखत् यी दुई ।
आए चाकरि गर्न भेद यसमा ❀ देखिन्छ प्रीती भई ॥

(६)

ठट्टा खुब् गरि रानिले अलिकती ❀ शङ्का गरी चित्तमा ।
गर्दा बात यि भन्दछन् सब जना ❀ प्रीती छ आपस् महाँ ॥
होलिन् यी त बसेकि बल्लभ सितै ❀ सुन्छू जसै त्यस् घरी ।
पारो चढ्दछ क्रोधमा उहि बखत् ❀ दस् डिग्रि पूरा गरी ॥

(७)

स्वामिन् ! आफु पराक्रमी हुन गई ❀ सामान्य भान्से सरी ।
बस्नू हुन्छ विराटका नगरिमा ❀ सेवार्थ पेटै भरी ॥
यो हाल् देखि म शोक रूपि नदिमा ❀ डूबेर हैरान् भएँ ।
बाँचूँ कीन कठोर जीवन लिई ❀ एक्लै अघाई गएँ ॥

(८)

एक्लै आफु गई जितेर रणमा ❀ वैरी भएका जती ।
देवादी अनि दानवादि सहजै ❀ जस्ले सजीलै अती ॥
आफ्नू कीर्ति ठुलो गरे उहिं भने ❀ ऐह्ले त षण्डै बनी ।
मैयाँलाइ सिकाइ नृत्य गरछन् ❀ धिक्कार मान्छू पनी ॥

१ सुन्दर रूप भएको ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(९)

अग्नीलाइ[1] अजीर्ण भै जुन बखत् ❋ आई पिछामा परे।
एक्लै खाण्डव नामको बन गई ❋ पोलेर भस्मै गरे॥
बेला बिग्रन गो र अर्जुन उनै ❋ मण्डूक-कूपै[2] सरी।
स्त्रीका माझ महाँ बजाइ कन ब्रिन् ❋ बस्छन् ति गाना गरी॥

(१०)

टङ्कारै सुनि चापको[3] अरिहरू ❋ बाँच्ने इरादा धरी।
भाग्थे डर् गरि पार्थको समरमा ❋ उन्मै विपत्ती परी॥
गाई गीत नचाइ नारि-जन घेर् ❋ ती राजपुत्री कहाँ।
बस्छन् हा! हिजडा बनेर अहिले ❋ देखेर रुन्छू यहाँ॥

(११)

जस्को ता शिरमा किरीट सुनको ❋ पैह्री जडाऊ अती।
चौबर् कान्ति भएर स्वच्छ मुखको ❋ खूशी म हुन्थें कती॥
ऐह्ले हा! उहि माथका बिच महाँ ❋ काढेर स्यूँधो पनी।
चुल्ठो बाटिन गो सु-पुष्प धरदै ❋ रुन्छू म के भो भनी॥

(१२)

केटीका अनि राज-पुत्रिहरुका ❋ साथै रही जुन् घरी।
बाजालाइ बजाइ पार्थ[4] जब ता ❋ गाऊँदछन् खुब् गरी॥
ठान्छू मत्त गजेन्द्र ढोद्दहरुका ❋ सङ्मा बसेका भनी।
लज्जाले म भुतुक्क मर्छु नसकी ❋ तिन्लाइ हेर्नैं पनी॥

(१३)

पार्थैको हविगत्[5] र धर्म-सुतका ❋ यस्ता विपत् छन् भनी।
ठान्छु ये घरि कुन्तिलाइ रति भर् ❋ क्यै छैन मालूम नी॥
स्वामिन्! फेर् सहदेवलाइ गउको ❋ देखेर ग्वाला सरी।
रुन्छू सम्झि अगाडिको सुख सबै ❋ जो भोगियो त्यस् घरी॥

(१४)

रात्रीमा दिनमा ति गोठ बिचमा ❋ बस्छन् अहीरै सरी।
लामखुट्टे उपियाँ र डाँस बहुतै ❋ लाग्छन् जहाँ हर् घरी॥
तिन्ले पाप गरे भनेर म कनै ❋ क्यै छैन यादै यहाँ।
पापै कुन् तिनि बाट भो फल कउन् ❋ भोग्छन् ति गोठै तहाँ॥

१ अग्नि देवता कन। २ कुवाको भ्यागुतोझैं। ३ धनुको। ४ अर्जुन। ५ दशा।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(१५)

गाईको बिचमा त बैल[1] सरिका ❋ तिन्लाइ देखी यहाँ ।
साहै चोट परेर भोग्दछु म पिर् ❋ दुख्दा कलेजा महाँ ॥
सम्झन्छू अघि सासुका[2] वचन ती ❋ जाँदा बनै बीचमा ।
भन्थिन् यो सहदेव खुब् छ सुकुमार् ❋ सङ्कोच गर्ने यहाँ ॥

(१६)

राजाको प्रियपात्र भै म कन यो ❋ प्यारो छ धेरै पनी ।
तिम्ले सासु बसेर ख्वाउनु सधैं ❋ भन्थिन् ति सासू अनी ॥
सोही नै सहदेव गोठ बिचमा ❋ बस्दा [illegible]हीरै सरी ।
छाती पोल्दछ देखदा गरुँ कसो ❋ चिन्ता [illegible]मा परी ॥

(१७)

उल्टो काल छ यो उही नजर होस् ❋ राम्रा प्रतापी अनी ।
बुद्धीमान लगाम ली नकुलजी ❋ बस्छन् सइस् हूँ [illegible]नी ॥
जो घोडा चढि शस्त्र ली कर विषे ❋ लड्थे अगाडी सरी
मार्थे वैरि अनेक ती नकुलजी ❋ बस्छन् अधिन्मा परी ॥

(१८)

स्वामिन् ! धेर् भनुँ के यि धर्म-सुतले[3] ❋ ठूलो विपत्ती दिए ॥
देख्नालाइ त ज्यूँदि छू तर पनी ❋ ज्यान् छैन यिन्ले लिए ॥
यिन्कै कारणले ठुलो दुःख पऱ्यो ❋ हाम्लाइ पर्देशमा ।
जूवा खेलि सबै विनाश गरियो ❋ तिन् बाट[4] भन्छू यहाँ ॥

द्रौपदीले जहर खाई मर्छु भन्नु

(१)

देख्छू आज हजुर् छँदै म कन लौ ❋ यस्तो विपत्ती पऱ्यो ।
दाज्यू खूब जुवारि भै हजुरका ❋ सारा जुवैले हऱ्यो ॥
त्यस्को कारण ता भएर शकुनी ❋ हारेर बाजी अघी ।
स्वामी भै हरुवा म दासि त भएँ ❋ डुर्भाग्यले नै ठगी ॥

---

१ गोरु । २ कुन्तीजीका । ३ युधिष्ठिरले । ४ राजा युधिष्ठिरबाट ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(२)

आऊला फरकी शुभै दिन भनी ❋ विश्वासले यस् घरी ।
रानी बाट म दासि भै कन पनी ❋ बस्दैछु सेवा गरी ॥
सारा दुःख समाप्त भै सुदिन फेर् ❋ आऊँछ चाँडै भनी ।
भन्थे शास्त्र-पुराणमा ऋषि-मुनी ❋ विप्रादि योगी पनी ॥

(३)

घुम्ने चक्र[1] समान दुःख-सुख हो ❋ आफ्ना खसम्को पनी ।
होला फेर् उदयै अवश्य भवमा ❋ केही दिनैमा भनी ॥
चित्तैलाइ बुझाइ हाइ ! अझ्झ तक् ❋ सेवा गरी रानिको ।
बस्दैछू तर पर्छ आइ शिरमा ❋ व्यर्थै त सङ्कष्ट पो ॥

(४)

स्वामिन् ! इन्द्र समान भै हजुरले ❋ पैह्ले चयन् गर्नु भो ।
भान्से भै अहिले विराट-पुरिमा ❋ कष्टादिमा पर्नु भो ॥
मेरा नै वशमा थियो पृथिवि यो ❋ पैह्ले त है यस् घरी ।
रानीकै वशमा रहेकिछु म ता ❋ के गर्नु चिन्ता गरी ॥

(५)

सासू कुन्तिजिका निमित्त पहिले ❋ केही मिहीनत्[2] गरी ।
उप्टन् पिन्न पनी म अल्छि गर्थें ❋ रानी थिएँ जुन् घरी ॥
घोट्नू पर्दछ चन्दनादि अब ता ❋ ऊठी सबेरै यहाँ ।
ठेला सम्म पऱ्यो नजर् गरनुहोस् ❋ मेरा दुवै हातमा ॥

(६)

एती बिन्ति गरेर भीम कन ता ❋ पाञ्चालिले त्यै घरी ।
देखाई कन हात फेर् यहि भनिन् ❋ बोली मधूरो गरी ॥
सासूको र हजुर्हरू सकलको ❋ मान्दीनथें डर् रती ।
ऐह्ले दासि हुँदा मलाई नृपको ❋ डर् लाग्न जाने अती ॥

(७)

भन्छन् देखि विराटले म कन ता ❋ सैरन्ध्रि ! तिमूले यहाँ ।
घोट्छ्यौ चन्दन जुन् मलाइ बहुतै ❋ बेस् लाग्छ दर्बारमा ॥
शर्मैले मरिजान्छु एति सुनदा ❋ बोल्दीन केही जसै ।
यी लज्जावती[3] छन् नबोलि रहने ❋ भन्दै ति हाँस्छन् तसै ॥

१ पाङ्ग्रो । २ परिश्रम । ३ लाज मान्ने ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(८)

एती बिन्ति गरेर द्रौपदि तहाँ ❋ रूँदै कहन्छिन् अनी ।
स्वामी ! कीचकलाइ मारि दिनुहोस् ❋ त्यो हो ठुलो बेगुनी ॥
त्यस् पापी कन मार्नु हुन्न त भने ❋ खाई जहर् ये घरी ।
साम्मा त हजूरको म सहजै ❋ जानेछु ऐल्है मरी ॥

(९)

निर्दोषी पर - नारिलाइ जसले ❋ पक्रेर चुल्ठो महाँ ।
खैंची लात्ति दियो पछारि सबका ❋ साम्ने सभा बीचमा ॥
पाजी कीचक पापि हो यति गरी ❋ बाँच्यो भने मै बरू ।
मर्नेछु विष खाइ यस् बखतमा ❋ झीझो कहाँ तक् गरूँ ॥

(१०)

दूवै हात समाति द्रौपदिजिका ❋ श्री भीमजीले लिए ।
ठेलालाइ दली नरम् गरि दिई ❋ खूबै भरोसा दिए ॥
भन्छन् प्यारि ! नरोउ मार्छु सहजै ❋ त्यस् पाजिलाई यहाँ ।
तिम्रो यो अपमानको त बदला ❋ लीनेछु जाला कहाँ ॥

भीमसेनले द्रौपदीलाई धैर्य दिनु

(१)

मेरो तागत पार्थको अति ठुलो ❋ गाण्डीव चापै[1] पनी ।
यी चीजै दुइलाइ यै नगरिमा ❋ ठान्छू म धिक् हो भनी ॥
तिम्रा लाल ति पद्म झैं कर विषे ❋ ठेला परेको यहाँ ।
देख्दा वज्र परे सरी हुन गयो ❋ मेरो कलेजा महाँ ॥

(२)

गिन्ती कुन् छ हरे ! विराट नृपका ❋ पाजी सभाको यहाँ ।
आँटूँ ता सहजै सखाप्[2] गरि दिऊँ ❋ सारा म छिन् भर् महाँ ॥
गर्लां ध्वंस भनेर भीम रिसले ❋ रोक्छन् यि दाज्यू यहाँ ।
साह्रै रीस उठ्यो मलाइ अब ता ❋ लाग्छू म चूपै कहाँ ॥

१ धनु । २ नाश ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(३)

लत्यायो तिमिलाइ त्यस् अधमले ❋ पूगी सभामा जसै ।
मार्नें कीचकलाई झट्ट मनले ❋ आँटेर मैले तसै ॥
उठ्दा सुर् बुझि दाज्युले चरणको ❋ औंला थिची त्यै घरी ।
रोके हुन्न भनेर चुप् भइ गएँ ❋ आँसू नजर्मा धरी ॥

(४)

त्यो दुश्शासन कर्ण फेरि शकुनी ❋ दुर्योधनैको पनी ।
हामीले त नकाटि भाग्नु शिर पो ❋ मानू भगूवा बनी ॥
त्यै सम्झी कन छाति पोल्छ अहिले ❋ आगो परे झैं गरी ।
दाज्यूलाइ भएन नाघ्न गरुँ के ? ❋ बस्छू खटन्मै परी ॥

(५)

हे प्यारी ! तिमिले भने जति कुरा ❋ निन्दाहरू यस् घरी ।
सू नुन् ता जरुरी छ दाज्यु क्षणमा ❋ जानन् अवश्यै मरी ॥
तीनै भाइहरू पनी उहि बखत् ❋ निन्दा भयो धेर् भनी ।
मर्नेछन् ति मरे भने बुझ प्रिये ! ❋ ज्यान् फाल्छु मैले पनी ॥

(६)

प्यारी ! धेर पतिव्रता भइ गए ❋ पैह्ले यहाँ विश्वमा ।
जस्को कीर्ति-कथा पढिन्छ अहिले ❋ सारा गृहस्थी कहाँ ॥
शर्याती नृप - पुत्रि सुन्दरी थिइन् ❋ नाऊँ 'सुकन्या' भनी ।
बस्थिन् वृद्ध पती ऋषी च्यवनका ❋ साथै बनैमा तिनी ॥

(७)

लक्ष्मी झैं अति सुन्दरी अघि थिइन् ❋ ती 'इन्द्रसेना' यहाँ ।
तिन्ले वृद्ध पती गराइ बहुतै ❋ खूशी थिइन् चित्तमा ॥
वर्षै एक हजारको वय[1] थियो ❋ तिन्का पतीको पनी ।
काम्थे थर्-थरि गर्दथिन् तिनि खुबै ❋ सेवा पती हुन् भनी ॥

(८)

पुत्री जौन विदेहजी जनककी ❋ सीता भनेकी थिइन् ।
साथैमा पति रामका बन रही ❋ सेवा बहूतै गरिन् ॥
आई रावणले हरी कन लग्यो ❋ तिन्लाइ लङ्का महाँ ।
मानिस् भै कन राक्षसी मुलुकमा ❋ रोएर बस्थिन् तहाँ ॥

१ उमेर ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(९)

सीतालाइ अशोक नाम वनमा ❋ घेरी सबै राक्षसी ।
रुङ्ने[1] भै कन जानकी कन तहीं ❋ तर्साउँथे दुष्ट ती ॥
जप्थिन् नाम ति रामको हृदयमा ❋ तिन्कै धरम्ले गरी ।
मारे राक्षस - वंशलाइ हरिले ❋ गैह्रो समुद्रै तरी ॥

(१०)

द्युमत्सेनजिकी सुपुत्रि जसको ❋ सावित्रि नामै थियो ।
ब्रह्माले जसलाइ रूप-गुण की ❋ खानी बनाई दियो ॥
तिन्का स्वामि ति सत्यवान् बन गए ❋ फुल् टिप्नलाई भनी ।
सावित्री पनि साथमै वन गइन् ❋ छाया सरीकी बनी ॥

(११)

ताहीं नै पतिको बखत् पुगि गयो ❋ पीडा बढ्यो खुब् भनी ।
काखैमा शिर राखि ती सुति गए ❋ मुर्दा सरीका बनी ॥
आई फेर् यमदूत तेज सतिको ❋ देखेर भागे जसै ।
आफैं श्रीयमराज पूगि वनमा ❋ ज्यान्लाइ खैंचे तसै ॥

(१२)

ज्यान् खैंची पतिको फिरे यम छिटै ❋ दक्खिन् तरफ् जुन् घरी ।
सावित्री पनि झट् उठी कन हिंडिन् ❋ तिन्को त साथै धरी ॥
ज्यूँ दैमा यमलोक सम्म ति गइन् ❋ वार्ता धरम्को गरी ।
खूशी पारि ति धर्मलाइ[2] पति ली ❋ फर्किन् चटाकी गरी ॥

(१३)

जस्तै शीलवती सतीहरु थिए ❋ उस्तै तिमी छौ यहाँ ।
केही ता दिन पर्ख लौ अवधिको ❋ आयो बखत् पासमा ॥
तेह्रै वर्ष पुरा हुना कन फगत् ❋ मैह्ना त डेढै रह्यो ।
बीती यो अवधी प्रिये ! जगतमा ❋ हाम्रै रजाई भयो ॥

(१४)

भन्छिन् द्रौपदि दुःख धेर बढ्दा ❋ क्यै बात पोखें यहाँ ।
राजालाइ कुवाच्य निन्दित कुरा ❋ बोल्थें यसोरी कहाँ ॥
जो बात् बीति सक्यो बित्यो गइ गयो ❋ आऊँछ फेरी कहाँ ?
हेर्नू पर्दछ वर्तमान अहिले ❋ हामीहरूले यहाँ ॥

१ पहरादिने । २ यमराजलाई ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(१५)

शङ्का बेसरि गर्दछिन् ति महिषी ❋ मै माथि पो हर् घरी ।
सौता भै कन बस्तछे कि भनि यै ❋ बस्छिन् ठुलो पिर् गरी ॥
यस् निम्ती तिनि गम्दछिन् हृदयमा ❋ सैरन्ध्रि चाँडो अती ।
जावस् कीचक सीत ता बनि गयो ❋ मेरो गयो डर् जती ॥

(१६)

रानीका मनका तिनै सब कुरा ❋ थाहा हुँदा यस् घरी ।
त्यस्ले पत्नि बनाउँछू भनि ममा ❋ मन् दिन्छ आँटै गरी ॥
मैले ता अघिनै यही भनि दिएँ ❋ गन्धर्व पाँचै पती ।
मेरा छन् तइँले कुदृष्टि[1] गरदा ❋ मर्लास् तँ चाँडो अती ॥

(१७)

मेरा वाक्य सुनी भन्यो अधमले ❋ गन्धर्व देखी रती ।
डर् मान्दीन म आफु वीर छु स्वयं ❋ तिम्ले गराऊ पती ॥
गन्धर्वैहरु लाख हुन् तर पनी ❋ मैले हतीयार् धरी ।
साराको शिर काटि दिन्छु बुझ लौ ❋ मानू मुला झैं गरी ॥

(१८)

यस्का क्यै दिनका पछी महिषिले ❋ सुन्को गिलाँस् पो दिइन् ।
तिम्ले कीचकको गएर घरमा ❋ ल्याऊ सुरा क्यै भनिन् ॥
क्यारूँ सोहि गिलाँस् लिएर म गएँ ❋ त्यस्का महल्मा जसै ।
लाग्यो कीचक प्रेमका बहुत बात् ❋ बोल्नै मलाई तसै ॥

(१९)

त्यस्का प्रेम-कुरा अनादर गरी ❋ टेरीन मैले तहाँ ।
त्यस्ले ता तब बल्जफत् गरुँ भनी ❋ इच्छा लियो चित्तमा ॥
त्यस्को मन् सुब झट् बुझेर दगुरें ❋ बाटो सभाको धरी ।
त्यस्ले ताहिं पुगेर लात् पनि दियो ❋ रिस्मा बहुतै परी ॥

(२०)

राजा मन्त्रि र कङ्क ब्राह्मण समेत् ❋ व्यापारि रैती अरू ।
विद्वान् सैनिक शास्त्रि ज्ञानि तपि फेर् ❋ ती पौरवासीहरू ॥
थीए सोहि सभा महाँ तर कुनै ❋ बोलेन कत्ती पनी ।
थीए चेतन ती तथापि त रहे ❋ जड् चित्र जस्ता बनी ॥

१ खराब नजर ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(२१)

नाथे कीचक पापि धेर बलियो ❀ पाजी हुनाले पनी ।
रोक्नैलाइ सकेन कोहि जनले ❀ के गर्दछौ यो ? भनी ॥
राजा सम्म नकच्चरा[1] भइ रहे ❀ केही नबोली तहाँ ।
स्वामिन् ! ताहिं हजुर् गईकन पनी ❀ पर्नू भयो शान्तिमा ॥

(२२)

एही डर् छ मलाइ त्यस् अधमले ❀ कौनै बखत्मा गई ।
खोपीमै छुरि धर्स्छ की महिषीको ❀ अत्यन्त क्रोधी भई ॥
स्वामी छन् जसका विवेकि बहुतै ❀ उस्ताकि भार्या म हूँ ।
मेरै मृत्यु भए त के रहि गयो ❀ धेरै अरू के भनूँ ॥

(२३)

रक्षा पर्दछ नारिको गरि लिनू ❀ तिन्कै सुरक्षा भई ।
सन्तानैहरु बढ्छ जीवन पनी ❀ सप्रन्छ बाधा गई ॥
आत्माले पतिको जनम् गइ लिंदा ❀ स्त्री बाट 'जाया' भनी ।
भन्छन् स्त्री कन ज्ञानिले यति कुरा ❀ सूनेकि थीएँ पनी ॥

(२४)

स्त्रीको धर्म यही छ हे उदरमा[2] ❀ मेरा पतीले गई ।
अर्को जन्म लिउन् भनेर पतिको ❀ रक्षा गरोस् मन् दिई ॥
क्षत्रीको पनि धर्म एहि छ ठुलो ❀ मारेर बैरी यहाँ ।
आफ्नू नाम कमाउनू पृथिविका ❀ देशादि - टापू[3] महाँ ॥

(२५)

मार्नोस् कीचकलाइ त्यस् अधमले ❀ साह्रैन[4] इज्जत् लियो ।
पत्नीको अपमानलाइ सहने ❀ कुन् दैवले मन् दियो ॥
पैह्ले क्यै दिनमा जटासुर कनै ❀ मारी हजुर्ले पनी ।
रक्षा गर्नु भयो मलाइ बनमा ❀ भार्या यि मेरी भनी ॥

(२६)

दाज्यू-भाइहरू लिएर सँगमा ❀ दौडी हजुर्ले गई ।
पक्री ठोक्नु भयो जयद्रथ कनै ❀ अत्यन्त क्रुद्धै भई ॥
रक्षा त्यस् रितले गरेर म कनै ❀ लीएर फिर्नू भयो ।
जा 'कुक्कुर्' भनि छोडि बक्सनु हुंदा ❀ भागेर सोही गयो ॥

१ निर्लज्ज । २ पेटमा । ३ द्वीप । ४ साह्रै नै ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(२७)

चाँडो कीचकलाइ गै हजुरले ❋ पक्रेर सातो लिई ।
भूमीमा दलि खूब ज्यान् लिनुहवस् ❋ बेस् क्रुद्ध-दृष्टी दिई ॥
भोली सूर्य उदाउँदा अधमको ❋ मुर्दा सडक्मा लडोस् ।
चिन्ता दूर भएर शान्ति सँगको ❋ आह्लाद मेरो बढोस् ॥

(२८)

घैंटो ली कन मट्टिको कर महाँ ❋ मन्मा ठुलो रिस् गरी ।
जोर्ले पड्कि दिंदा त हुन्छ जुन हाल् ❋ सोही हिसाब्ले गरी ॥
पाजी कीचकलाइ मारि दिनु होस् ❋ रात्मा हजुर्ले गई ।
एती बिन्ति गरेर रोदन गरिन् ❋ तिन्ले नजीकै रही ॥

(२९)

आफ्ना काख महाँ बसेर बहुतै ❋ दिक्दार भै चित्तमा ।
रुने द्रौपदि देखि भीम बहुतै ❋ माया गरे रै तहाँ ॥
छाती जोरि पुछेर आँसु करले ❋ शान्तै गराई दिए ।
रिस्ले ओठ चबाइ लिन्छु बद्ला ❋ भन्ने इरादा लिए ॥

भीमले कीचकलाई नाच घरमा मार्नु

(१)

भन्छन् त्यै घरि भीम हे शशिमुखी ! ❋ तिम्ले भने झैं गरी ।
मार्छू कीचकलाइ बन्धु सहितै ❋ मैले अगाडी सरी ॥
यौटा कार्य त गर्नु पर्छ तिमिले ❋ सोही म भन्छू यहाँ ।
भोली कीचकलाइ भेटि तिमिले ❋ यो बात भन्नू तहाँ ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(२)

हे सेनापति ! हामि दूइ जनले ❋ प्रीती लगायौं भनी ।
हाम्रो भेद कदापि जान्न नसकोस् ❋ याहाँ कसैले पनी ॥
एसै कारण हामि दूइ जनले ❋ राती सधैं भेट् गरौं ।
राजाकै त गएर नाच घरमा ❋ ठाऊँ नियुक्तै[1] गरौं ॥

(३)

राखेको छ पलङ् त्यहीं अति असल् ❋ नर्मै बिछयौना धरी ।
ताहीं प्रेम-मिलाप होस्न दुइको ❋ एकान्तमा मन् भरी ॥
देखाई अति प्रेम बात यसरी ❋ तिम्ले गरौली जसै ।
खूशी भै कन पाजि कीचक अती ❋ मञ्जूर गर्ला तसै ॥

(४)

मैले गै कन पाजिलाइ सहजै ❋ मार्नेछु कालै बनी ।
त्यस्का बाबु-बराज्यु छन् सब जहाँ ❋ जानेछ सोही पनी ॥
पाञ्चाली कन भीमले यति कुरा ❋ दीए सिकाई तहाँ ।
रात्री शेष भयो र ती उठि गइन् ❋ हींडेर दर्बारमा ॥

(५)

प्रातः काल भयो र कीचक पनी ❋ अत्यन्त ठाँटी बनी ।
आयो राजमहल् विषे जुन बखत् ❋ बैनी म भेट्छू भनी ॥
देखी द्रौपदिलाइ एक्लि उसले ❋ खुब् आदरादी गरी ।
लाग्यो भन्न शुभे[2] ! हिजो कुटि दिएँ ❋ अत्यन्त रिस्मा परी ॥

(६)

साम्नुमा सबका गएर मइँले ❋ लात् मारि दिएँ जसै ।
कोही बोल्न सकेन आइ म सँगै ❋ सोही सभामा तसै ॥
नामैका ति विराट छन् नरपती[3] ❋ साँचो त राजा म हूँ ।
हीजै देखि लियौ पियारि ! तिमिले ❋ धेरै कुरा के कहूँ ॥

(७)

हे भीरू[4] ! भय क्यै नमान तिमिले ❋ तिम्रो म दासै बनी ।
रोजै-रोज दिनेछु सौ अशरफी ❋ खुब् खर्च गर्नू अनी ॥
एकै पल्ट जसोरि हुन्छ तिमिले ❋ साह्रै कृपालू बनी ।
देऊ संगमको[5] अपार सुख लौ ❋ पीडा हटाऊँ भनी ॥

१ ठीक । २ हे कल्याणि । ३ राजा । ४ हे डराउने भएकी । ५ भेटको ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(८)

एती बात गरेर द्रौपदि कनै ❋ खुब् हेर्न लाग्यो जसै ।
केही हाँसि मुसुक्क द्रौपदि पनी ❋ यै भन्न लागिन् तसै ॥
मेरो मन् सुब ता थियो मिलनको ❋ गन्धर्वको डर् भई ।
भेट्नू मुश्किल ठान्छु वीर नहिं ता ❋ भेट्थें म काहीं गई ॥

(९)

यस् निम्ती म त भन्छु हामि दुइमा ❋ प्रीती बसी गो भनी ।
थाहा क्वै जनमा नहोस् अब उपर् ❋ कौनै तवर्ले पनी ॥
सिक्छन् गायन जौन नाच घरमा ❋ नाच्छन् ति कन्याहरू ।
राती शून्य रहन्छ ताहिं दुइले ❋ भेट् गर्नु जाती बरू ॥

(१०)

देखेको पनि छैन सोहि स्थल ता ❋ गन्धर्वले यस् घरी ।
राती आउ सुटुक्क कीचक ! तहीं ❋ भेट् गर्न इच्छा गरी ॥
त्यै घर्मा त पलङ् छ ताहिं रहुँला ❋ केही अगाडी गई ।
आऊला जब तीमि भेट गरुँली ❋ अत्यन्त खूशी भई ॥

(११)

राम्रो[1] मेल भएर हामिहरुको ❋ एकान्तका ठाममा ।
सारा काम हुनेछ पूर्ण मनको ❋ यै लाग्छ है चित्तमा ॥
यस्तै रीति गरेर भेट दुइको ❋ हूँदा कसैले पनी ।
देख्ने छैन नदेखि गर्दछ कउन् ❋ शङ्का यि प्रेमी भनी ॥

(१२)

यस्ता बात सुनेर कीचक गयो ❋ फर्केर घर्मा अनी ।
रानी द्रौपदिले भनिन् सब कुरा ❋ श्रीभीमलाई पनी ॥
लामू त्यो दिन द्रौपदी कन भयो ❋ मैह्नै सरीको तबै ।
सैरन्ध्री कन पाउँछू अब भनी ❋ खूशी भयो कीचकै ॥

(१३)

फर्की आफ्नु हवेलिमा बदन खुब् ❋ न्वाहेः साफै गरी ।
आङ्मा चन्दन लेपनादि गरदै ❋ अत्तर् बहूतै छरी ॥
राम्रा राजसि वस्त्र पैह्रि शिरमा ❋ खासा[2] किरिटै धऱ्यो ।
जूहार्का गहना र हारहरुले ❋ शृङ्गार आफ्नू गऱ्यो ॥

१ सुन्दर । २ राम्रो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(१४)

सम्झी द्रौपदिलाइ त्यस् अधमले ❀ रात् पर्छ कैल्है भनी ।
बाटो हेरि बसेर गो दिन उही ❀ ठिक् वर्ष जस्तै बनी ॥
पत्यार् द्रौपदिमा धरी मिलनको ❀ आनन्द सोच्दा महाँ ।
गै गो त्यो दिन ता बिती समयको ❀ रात् पर्न लाग्यो तहाँ ॥

(१५)

आजै कीचक भेट्न आउँछ भनी ❀ भन्छू अहीले भनी ।
पूगिन् द्रौपदि भीमका समिपमा ❀ वेला विचारैं अनी ॥
भान्सामा उ बखत् वृकोदर[1] थिए ❀ थीएन कोही तहाँ ।
लागिन् द्रौपदि भन्न मन्तिर बसी ❀ तिन्का अगाडी महाँ ॥

(१६)

शिक्षा[2] जौन मलाइ बक्सनु भयो ❀ सोही बमोजिम् गरी ।
स्वामिन् ! कीचकलाइ भेटि मइँले ❀ पक्का गरें यस् घरी ॥
आजै राति मलाइ भेट्न भनि त्यो ❀ आऊँछ त्यै ठाउँमा ।
एक्लै आउँछ मारि बक्सनु हवस् ❀ पूगी हजुर्ले तहाँ ॥

(१७)

श्री भीमले यति कुरा सुनि शीघ्र फेरी ।
भन्दा भए उहि बखत् तिनिलाइ हेरी ॥
प्यारी ! मलाइ जुन बात यहाँ सुनायौ ।
सोही बमोजिम म गर्दछु जुन् जनायौ ॥

(१८)

एक्लै म जान्छू उहि नाच घर्मा । चाहिन्न साथी म कनै कहर्मा[3] ॥
वृत्रासुरैलाइ जसोरि जाई । मारि दिए इन्द्रजिले रिसाई ॥

(१९)

उस्तै गरी कीचकलाइ मैले । मार्नेछु हे प्यारि ! बडो रिसैले ॥
बाँच्दैन त्यो कीचक आज राती । मार्छू म त्यस्लाइ चिरेर[4] छाती ॥

(२०)

होला जहाँ कीचक मार्छु जाई । छोड्दीन ज्यूँदै अब पाजिलाई ॥
जो पक्ष ली मानिस युद्ध गर्नेन् । ती सर्व दी प्राण अवश्य मर्नेन् ॥

---

१ भीमसेन । २ अर्ती । ३ दुःखमा । ४ नङले च्यातेर ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(२१)

फेरी म दुर्योधनलाइ मार्छू । यो पृथ्विको भार सबै उतार्छू ॥
विराटका दास भई शहर्मा । सेवा गरून् दाज्यु[1] बसी रहर्मा ॥

(२२)

भन्छिन् तिनै द्रौपदि एति सूनी । पर्ला बिगार् की भनि भित्र गूनी ॥
स्वामिन् ! घरम्लाइ बचाइ ऐह्ले । कार्यै गरीयोस् यहि भन्छु मैले ॥

(२३)

जाहेर् नभै भेष छिपाइ जाई । मारी दिनोस् कीचक दुष्टलाई ॥
यस्ता कुरा सूनि ति भीम फेरी । भन्दा भए द्रौपदिलाइ हेरी ॥

(२४)

हे प्यारी ! जसरी गएर गजले[2] ❋ बेल्[3] माथि लात्ति धरी ।
चूर्णै पार्छ उसै गरी अधमको ❋ ज्यान् लिन्छु जाला मरी ॥
एती सत्य कबोल बोलि तिनले ❋ पाञ्चालिलाई तहाँ ।
जाऊ लौ भनि झट् बिदा पनि दिए ❋ खूशी हुँदै चित्तमा ॥

(२५)

वैशम्पायन भन्नु हुन्छ अनि फेर् ❋ साँझै पर्‍यो जुन् घरी ।
ऊठी भीम गएर नाच-घरमा ❋ लूकी बसे ठिक् परी ॥
जस्तो चाल गरेर बाघ बनमा ❋ ढूकेर मार्छू भनी ।
बाटो हेरि रहन्छ कोहि मृगको ❋ उस्तै तवर्को बनी ॥

(२६)

रात्रै रात पर्‍यो र कीचक पनी ❋ पाञ्चालिको आश् गरी ।
पूगी त्यै घरमा पलङ् तिर गयो ❋ केही हतार्मा परी ॥
बत्ती काहिं नभै उ नाच-घर ता ❋ साह्रै अँध्यारो थियो ।
आई कीचकले उही पलँगमा ❋ तिन्लाइ छामी लियो ॥

(२७)

छाम्यो कीचकले ति भीम कन ता ❋ थीए सुतेका जहाँ ।
सैरन्ध्री रहिछन् भनेर बहुतै ❋ खूशी भयो चित्तमा ॥
लाग्यो बोल्न प्रिये ! तिमि सित यहाँ ❋ भेट् गर्नलाइ भनी ।
आएँ नारिहरू त्यजेर[4] घरका ❋ तिम्रै म प्रेमी बनी ॥

१ युधिष्ठिर । २ हात्तीले । ३ बेलको फल । ४ छोडेर ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(२८)

भन्थे नारिहरू हजूर सरिका ❋ क्वै मर्द[1] राम्रा पनी ।
छैनन् यो नर-लोकमा गजबको ❋ सौन्दर्य पो खुब् छ नी ॥
यस्ता बात् सुनि भीमले तब भने ❋ प्रारब्ध ठूलो भई ।
राम्रो छू भनि आज आफ्नु सह्नी ❋ गर्छस् वृथामा[2] यहीं ॥

(२९)

छोइस् आज मलाइ जुन् तरहले ❋ त्यै रीत कैल्हे पनी ।
छोईनस् अरुलाइ ठान्दछु म ता ❋ साँचो कुरा हो भनी ॥
बाठो काम धरम् महाँ तँ रहिन्छस् ❋ आएर छामिस् यहाँ ।
तेरा झैं पर-नारिमा मन दिने ❋ छैनन् कुनै लोकमा ॥

(३०)

पैल्हे एति भनी उठेर अनि फेर् ❋ श्रीभीम हाँसी तहाँ ॥
लागे भन्न तँ आज भेट्तछु भनी ❋ जस्लाई आइस् यहाँ ॥
सो सैरन्ध्रि तँ पाजिलाइ अहिले ❋ माटो सुँघेको[3] पनी ।
देखी जानि लिनिन् मरेछ भतुवा ❋ राजाजिको यो भनी ॥

(३१)

एती बात् गरि भीमले उहि बखत् ❋ पक्रेर जुल्फी महाँ ।
लागे तान्न रिसाइ त्यस् कन अनी ❋ त्यस्ले पनी झट् तहाँ ॥
जुल्फीलाइ छुटाइ बाहु तिनको ❋ पक्रेर तान्यो जसै ।
बाहू-युद्ध शुरू भयो ति दुइको ❋ सोही बखत्मा तसै ॥

(३२)

जस्तो रीत गरी वसन्त-ऋतुमा ❋ देखेर ढोई कुनै ।
लड्छन् हात्तिहरू गएर दुइटा ❋ त्यै रीतले पो तिनै ॥
किष्किन्धावनमा अघी जसरि हे ❋ सुग्रीव-बाली गई ।
लड्थे आपसमा उसै तरहले ❋ ती लड्न लागे तहीं ॥

(३३)

लात्ती मुक्कि चल्यो चिथोरि नङ्ले ❋ टोक्रेर दाँतूले पनी ।
दूवैको जिउ देखि खूब बगि गो ❋ खोलो रगत्को बनी ॥
बज्रै पर्छ जसोरि पर्वत उपर् ❋ सोही बमोजिम् गरी ।
ठूलो शब्द भयो दुवै ति जनको ❋ ठक्कर् जिऊमा परी ॥

---

१ पुरुष । २ व्यर्थमा । ३ मरी पृथ्वीमा गिरेको ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(३४)

तानातान गरी रिसाइ दुइले ❋ पेच् हान्न खोज्दा महाँ ।
लाग्यो थर्कन सोहि नाच-घर ता ❋ थर्थर् गरेरै तहाँ ॥
गर्जन्थे कहिले ति वीर दुइटै ❋ ठिक् वज्रनादै[1] सरी ।
हुन्थ्यो शब्द ठुलो सुनेर दुनियाँ ❋ काम्थ्यो ठुलो डर् गरी ॥

(३५)

छीटै भीमजिले रिसाइ बहुतै ❋ थप्पड् लगाए जसै ।
लागी चोट उ शक्ति-हीन हुन गो ❋ तागत् हराई तसै ॥
थाक्यो कीचक ता भनेर तिनिले ❋ त्यस्लाई तानी लिए ॥
आफ्ना छाति मनी[2] धरेर बलले ❋ पक्रेर थीची दिए ॥

(३६)

फेरी त्यै घरि भीमले रिस गरी ❋ पक्रेर जुल्फी महाँ ।
लागे फन्फनि खुब् घुमाउन स्वयं ❋ चारै तरफ् पो तहाँ ॥
केही बेर घुमाइ झट्ट जिमिमा ❋ तिन्ले पछारी दिए ।
जोर्नी-जोर्नि र सर्व अङ्ग उसका ❋ तत्काल[3] टुटी गए ॥

(३७)

घाँटीलाइ ति भीमले थिचि दिए ❋ चाँडै मरोस् यो भनी ।
आँखाने दुइटा खसे अधमका ❋ गुञ्जा सरीका बनी ॥
जस्ता रित् सित यज्ञको पशु कनै ❋ मार्छन् कुटी घेर् थिची ।
उस्तै चाल् सित भीमले कटि महाँ ❋ थीचेर घूँडा धसी ॥

(३८)

पीडाले छटपट् गरेर उसको ❋ प्राणान्त पो भै गयो ।
पापी कीचक गो यमालय तिरै ❋ देहै त मुर्दा भयो ॥
भन्थे क्रुद्ध[4] भएर भीम उ बखत् ❋ सैरन्ध्रिको पिर् हरें ।
थीयो कण्टक[5] झैं यही अधम ता ❋ त्यस्लाइ मुर्दा गरें ॥

(३९)

भै गो कीचक जीवहीन[6] भनि यो ❋ बूझेर दाह्रा किटी ।
आफ्नू ओठ चबाइ हात मल्दै ❋ रिस्मा बहूतै परी ॥
खुट्टा हात र टाउको अधमकै ❋ पेट्मा घुसारी दिए ।
पारी त्यस् कन मांसपिण्ड तिनकै ❋ रिस् शान्त पारी लिए ॥

१ वज्रको शब्द । २ मन्तिर, तर्लातिर । ३ त्यै बेलामा । ४ रिसाएर । ५ काँढा । ६ प्राण रहित ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चित्र सं० ८ कीचक : वध

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(४०)

एती काम सकी वृकोदरजिले ❀ देखाउने सुर् गरी ।
बोलाए तिनिलाइ आउन प्रिये ! ❀ मेरा अगाडी सरी ॥
देख्यौ कीचक पाजिको गति भयो ❀ कस्तो अहीले यहाँ !
जस्ले ताक्छ परस्त्रिलाइ उसको ❀ सम्रन्छ कैह्ले कहाँ ॥

(४१)

जस्ले शीलवती पर-स्त्रि कन ता ❀ आँट्छन् बिगार्छु भनी ।
तिन्को यै गति हुन्छ जान तिमिले ❀ मर्छन् पशू झैं बनी ॥
एती बात् गरि भीमले उहि बखत् ❀ त्यै मासुको गेंदमा[1] ।
लात्ती एक दिई हिंडे खुशि हुँदै ❀ डेरा छ आफ्नू जहाँ ॥

(४२)

देखी कीचकको गती खुशि भई ❀ सैरन्ध्रि फेर् त्यै घरी ।
निस्की त्यै घरबाट शीघ्र ति हिंडिन् ❀ बाटो महल्को गरी ॥
पैह्ले द्रौपदिले ति सभ्यहरुका ❀ पूगी अगाडी महाँ ।
बिस्तारै सित बात वर्णन गरिन् ❀ जो-जो भएथ्यो तहाँ[2] ॥

(४३)

भन्छिन् कीचक ता मर्‍यो सहजमा ❀ हे सभ्य हो ! यस् घरी ।
गन्धर्वैहरुले गएर सहजै ❀ मारे पशू झैं गरी ॥
अर्काकी गृहिणी[3] बुझी कन पनी ❀ त्यस्ले घमण्डी बनी ।
लात्ती सम्म दियो मलाइ रिसले ❀ के गर्छ कस्ले भनी ॥

(४४)

मेरो सत्य डगाउना कन ठुलो ❀ त्यस् पापिले आँट् गर्‍यो ।
मेरानै पतिहेरु बाट अहिले ❀ त्यै कारणेले मर्‍यो ॥
हेर्नोस् गै कन आज नाच-घरमा ❀ त्यो ता पशूकै सरी ।
मुर्दामा गिनती भएर लडि गो ❀ पञ्चत्वमा[4] गो मिली ॥

(४५)

यस्तो पाइ खबर् अचम्म परदै ❀ लीएर शङ्का अती ।
बाटो झट्ट समाति नाच-घरको ❀ थीए ति सुन्ने जती ॥
पूगे ताहिं मशालका[5] चहकले[6] ❀ देखे अगाडी बढी ।
रक्तैले लतपत् शरीर उसको ❀ थीयो भकुण्डो सरी ॥

---

१ पिन्ड । २ नाच घरमा । ३ स्त्री । ४ मरेर । ५ ठूलो राँको । ६ उज्यालोले ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(४६)

त्यस्का हात र पाउ दूइहरुमा ❀ कौनै नदेख्दा महाँ।
साह्रै छक्क परी खडा सब रहे ❀ केही नबूझी तहाँ॥
सम्झी द्रौपदिको कुरा दुखि भए ❀ गन्धर्वका काममा।
साह्रै नै डर भो अमानुष करम्[1] ❀ देखेर त्यस्तो तहाँ॥

(४७)

सोध्थे आपसमा कती जनहरू ❀ खुट्टाहरू छन् कहाँ?
हातै छैन भनेर कोहि जन ता ❀ आश्चर्य मान्थे तहाँ॥
टाऊको अनि घाँटि केहि नहुँदा ❀ आश्चर्य मानी अती।
भन्थे कीचकको ति वीरहरुले ❀ साह्रै गरे दुर्गती॥

कीचकका बन्धु-वर्गले सैरन्ध्रिलाई मशानमा लैजानु

(१)

मारीयो अति वीर कीचक भनी ❀ सूनेर सोही घरी।
भाई कीचकका ति नाच-घरमा ❀ आए हतारै गरी॥
देखी पाउ र हात-मस्तक नभै ❀ ठिक् ठोटरी झैं बनी।
बस्ने त्यै शवलाइ सर्व जनमा ❀ चिन्ता पऱ्यो हा! भनी॥

(२)

जस्ता रित् सँग इन्द्रले रिस गरी ❀ भिड्दा लडाईं महाँ।
हानी वज्र ति दैत्यको सब जिऊ ❀ धूजा गराई तहाँ॥
मारे त्यै रितले त कीचक पनी ❀ चिन्नै नसक्ने भई।
देख्दा गेंद सरी थियो पृथिविमा ❀ हस्तादि पेट्मा गई॥

(३)

हाहाकार गरेर बन्धुहरुले ❀ संस्कार[2] गर्छौं भनी।
ल्याए त्यै शवलाइ बोकि सबले ❀ चाँडै सडकमा अनी॥
देखी द्रौपदिलाइ ताहिं सबले ❀ धिक्कार घेरै दिए।
यस्लाई सँग पोल्नु पर्दछ भनी ❀ पक्का विचारी लिए॥

---

१ मानिसले नगर्ने काम। २ अन्त्यको दाहादिकर्म।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(४)

बिन्ती गर्नु पऱ्यो भनेर जन क्वै ❋ दौडे ति चाँडो गरी ।
घेरे द्रौपदिलाइ ताहिं कतिले ❋ सामू अगाडी सरी ॥
राजाका सँग बिन्ति गर्न भनि जो ❋ मान्छे गएका थिए ।
तिनूले गै नृपलाइ जो खबर हो ❋ साँचै सुनाई दिए ॥

(५)

राजन् ! कीचकलाइ नाच-घरमा ❋ गन्धर्वले रिस् परी ।
मारे छन् गइ रातका बिच महाँ ❋ मानू पशू झैं गरी ॥
सैरन्ध्री कन प्रेम गर्दछु भनी ❋ इच्छा लिनाले यहाँ ।
मृत्यू कीचकको भयो यस बखत् ❋ यस्ता तवरूले तहाँ ॥

(६)

पाएनन् जब भोग गर्न तिनिले ❋ सैरन्ध्रिलाई यहाँ ।
सैरन्ध्री सँग ऐश[1] गरून् अब तिनी ❋ पाएर पर्लोकमा ॥
त्यै मुर्दा सँग पोल्न पाउँ अहिले ❋ सैरन्ध्रिलाई भनी ।
आज्ञा लीन भनेर हामि अहिले ❋ आयौं दुखीया बनी ॥

(७)

बिन्ती कीचकका ति बन्धुहरुको ❋ सूनेर सोही घरी ।
आज्ञा भूपतिले दिए बलजफत् ❋ सैरन्ध्रिलाई धरी ॥
मुर्दाका सँग पोलि द्यौ यति सुनी ❋ फर्केर सारा गए ।
जाहाँ कीचकको थियो शव[2] तहीं ❋ दौडेर दाखिल् भए ॥

(८)

हूकुम् बक्सनु भो भनेर नृपले ❋ सूचन् सबैमा गरी ।
सैरन्ध्री कन पक्रि हात र पयर्[3] ❋ बाँधी दिए त्यै घरी ॥
मुर्दाका सँग राखि यस् तवरले ❋ यौटा विमानै महाँ ।
बोकी सोहि सरासरी हिंडि गए ❋ थीयो मशानै जहाँ ॥

(९)

लागिन् रुँन ति द्रौपदी उहि बखत् ❋ धेरै बिलौना गरी ।
भन्दै हे जय ! हे जयन्त ! अहिले ❋ आऊ अगाडी सरी ॥
भाई कीचकका मिलेर सबले ❋ अन्याय मन्मा लिए ।
साथैमा शवको[4] मलाइ बलले ❋ पक्रेर बाँधी दिए ॥

१ आराम । २ निर्जीव देह । ३ खुट्टा । ४ मुर्दाको ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(१०)

रोएको सुनि भीमले उहि बखत् ❋ अत्यन्त रिस्मा परी ।
आफ्नू भेष सजाइ एक क्षणमा ❋ गन्धर्वको झैं गरी ॥
पर्खाल् नाघि कुदेर भीम सहसा ❋ आए सडक्मा जसै ।
थीयो वृक्ष ठुलो चढेर उसमा ❋ हेर्दा भए झट् तसै ॥

(११)

देखे द्रौपदिलाइ बाँधि सबले ❋ खट्मा धरी त्यैं घरी ।
जान्थे खट्कन बोकि पोल्न सुर ली ❋ बाटो मशान्को धरी ॥
बोले भीमजिले उँचो स्वर गरी ❋ सैरन्ध्रिलाई तहाँ ।
रुन्छयौ कीन म आइ बन्धनहरू ❋ दिन्छू फुकाई यहाँ ॥

(१२)

एती बात् गरि ओर्लि झट् सडकमा ❋ त्यै रुख् उखेल्दा भए ।
काँधैमा लिइ वायु झैं हुन गई ❋ दौडी मशान्मा गए ॥
भाई कीचकका वरीपरि[1] थिए ❋ तिन्लाइ देखी तहाँ ।
ठाने मार्दछ हामिलाइ यसले ❋ ज्यूँदो नछोडी यहाँ ॥

(१३)

ये गन्धर्व रहेछ विघ्न बलवान् ❋ देखिन्छ पाहाड् सरी ।
सैरन्ध्री कन छोड्नु पर्छ नहिं ता ❋ जाइन्छ पक्का मरी ॥
छोड्ने छैन कदापि आइ यसले ❋ मार्नेछ रुख्ले यहाँ ।
सैरन्ध्री कन लौ फुकाउनु पऱ्यो ❋ आई नपुग्दै महाँ ॥

(१४)

ये पक्का गरि मुक्तबन्धन[2] गरे ❋ सैरन्ध्रिलाई जसै ।
आए भीम पनी बतास् सरि भई ❋ सोही जगामा तसै ॥
सौमा[3] पाँच थपे जती सब जना ❋ त्यस्कै त भाई थिए ।
तिन्लाई त्यहिं भीमले रिस गरी ❋ रुख् हानि प्राणै लिए ॥

(१५)

बैरी ध्वस्त गरी वृकोदर अनी ❋ खट्का नजीकै गए ।
प्यारी द्रौपदिलाइ बोकि मुखको ❋ म्वाँई लिई खुश् भए ॥
तिन्को आँसु पुछेर प्रेम सँग ये ❋ भन्दा भए त्यस् घरी ।
हे प्यारी ! अब खुशि होन अरिको[4] ❋ मैले सकें नाश् गरी ॥

१ चारैतिर । २ बाँधेको बन्धन फुकाइ दिए । ३ एक शय पाँच । ४ वैरिको ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(१६)

निर्दोषी तिमिलाइ पाइ जनले ❋ दागा धरेको घरी ।
मैले मार्दछु एहि चाल् सँग प्रिये ! ❋ तिन्को कुलै साफ् गरी ॥
प्यारी ! जाउ खुशी भई नगरमा ❋ डर् छैन कत्ती यहाँ ।
जान्छू मै पनि फर्कि यै बखतमा ❋ कूदेर मान्सा महाँ ॥

(१७)

एती अर्ति दिएर भीम त गए ❋ वायू - गतीले गरी ।
पाञ्चाली दरबार् तिरै अनि हिंडिन् ❋ बाटो शहर्को धरी ॥
देख्ने मानिस जो थिए उस बखत् ❋ सोही मशानै महाँ ।
सारा छक्क परी अचम्म हुन गै ❋ चूपै रहे पो तहाँ ॥

राजाले द्रौपदीलाई विदा दिन खोज्नु

(१)

देख्ने मानिस जो मशान बिचमा ❋ थीए ति चाँडो गरी ।
आए दीन खबर् विराट कन पो ❋ मन्मा ठुलो डर् परी ॥
लागे भन्न गजब् भयो नरपते ! ❋ ऐह्ले मशानै महाँ ।
बन्धू कीचकका खतम् हुन गए ❋ मुर्दा सरी भै तहाँ ॥

(२)

सैरन्ध्री कन ता जलाउन भनी ❋ बाँधी मशान्मा गए ।
श्री गन्धर्व पुगेर त्यै बखतमा ❋ साहाय[1] गर्दा भए ॥
वृत्तैका त प्रहारले सकलको ❋ ज्यान् मारि फर्के तिनी ।
सैरन्ध्री पनि आउँदैछ अहिले ❋ जान्छू महल्मा भनी ॥

(३)

ती गन्धर्व प्रतापिकी यि दुलही ❋ रैछन् पियारी अती ।
यिन्कै खातिर ज्यान् गयो सकलको ❋ धेरै बताऊँ कती ॥
सैरन्ध्री यहि राज्यमा रहि भने ❋ काले[2] सरीकी भई ।
लोग्नेमानिस मार्दछे सब सखाप् ❋ पारेर भन्छौं यही ॥

---

१ मद्दत । २ मृत्यु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(४)

यो दासी अति सुन्दरी छ सबको ❋ दिल् - चित्त खैंची लिने ।
पैह्ले प्रीति लगाइ आखिर महाँ ❋ ज्यान् मारि दण्डै दिने ॥
यो सैरन्ध्रि यहीं रही यदि भने ❋ नारी मुलुक्का जती ।
राँडी भै रहनन् गुमाइ सहजै ❋ आफ्ना घरैका पती ॥

(५)

यस्को केहि प्रबन्ध[1] होस् नरपते ! ❋ पक्का विचारै गरी ।
नाहीं ता हुनु सम्म ध्वस्त नरको ❋ हूँनेछ राज्यै भरी ॥
यस्तो बिन्ति सुनी विराट नृपले ❋ आज्ञा गरे त्यै घरी ।
गर्नू पर्दछ जुन् प्रबन्ध म उही ❋ गर्नेछु चाँडै गरी ॥

(६)

चाहीने सरजाम् लिएर अहिले ❋ जाऊ सबैले भई ।
सोला[2] चन्दनको गरेर रचना ❋ दाहा गराऊ गई ॥
हूकुम् पाइ गए सबै जनहरू ❋ राजाजिले फेर् अनी ।
यौटी दासि पठाइ रानि कन झट् ❋ डाके ति आउन् भनी ॥

(७)

आइन् रानि जसै बसालि सँगमा ❋ यै बात भन्दा भए ।
सैरन्ध्री भइ काल तुल्य बहुतै ❋ मानिस् मरी गै गए ॥
बन्धू कीचकका कुलै सहितका ❋ मारेर साफै गरी ।
ती गन्धर्व अदृश्य भै कन गए ❋ नाश् भो बहूतै मरी ॥

(८)

यस्लाई अब राख्न हुन्न तिमिले ❋ हे रानि ! ऐह्ले गई ।
सैरन्ध्री कन देउ लौ अब बिदा ❋ जावस् उ अन्तै कहीं ॥
पाञ्चाली पनि सोहि औसर महाँ ❋ न्वाही नदीमा तहाँ ।
चोखो वस्त्र लगाइ धोति त चिसो ❋ लीएर हातै महाँ ॥

(९)

फर्किन् राजमहल् तिरै जब तिनी ❋ बाटा महाँ जो थिए ।
तिन्ले ता डर ली हटी अलिकती ❋ तिन्लाइ बाटो दिए ॥
लोग्ने मानिसले ति द्रौपदि कनै ❋ देखेर डर्मा परी ।
माग्नैलाइ नपाइ नेत्र दुइमा ❋ हातै दिए झट् धरी ॥

---

१ बन्दोवस्त । २ चिता ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(१०)

भाग्दा हत्पतमा गिरे कति जना ❀ ठेस् लागि बाटा महाँ ।
टुटे हात र पाउ मस्तक[1] फुटे ❀ यस्तो गजब् भो तहाँ ॥
सैरन्ध्री खुशि भै पुगिन् महलमा ❀ ढल्केर हाँस् झैं गरी ।
भान्सामा ति वृकोदरै सित गईं ❀ बोलिन् अगाडी परी ॥

(११)

भान्सेजी ! म कनै पुगी बखतमा ❀ जस्ले बचाए तहाँ ।
ती गन्धर्व प्रतापिलाइ मइँले ❀ खुब् धन्य भन्छू यहाँ ॥
यो सूनी कन भीमले पनि भने ❀ हाँसेर केही तहाँ ।
क्यै चिन्ता नलिएर काम गर लौ ❀ धैर्यै लिई चित्तमा ॥

(१२)

तिम्लाई अपमान्न गर्छ जसले ❀ सो कीचकैका सरी ।
मार्नू पर्दछ मार्दछन् रिस गरी ❀ गन्धर्वले झट् यहाँ ॥
आज्ञाकारि अनेक सेवकहरू ❀ गन्धर्वका छन् यहाँ ।
तिन्ले गैकन भन्दछन् सकल हाल् ❀ गन्धर्वका साथमा ॥

(१३)

सैरन्ध्री कन कष्ट भो भनि सुनी ❀ अत्यन्त क्रुद्धै[2] भई ।
गुप्ती चाल् सँग कष्ट नष्ट गरनन् ❀ गन्धर्व आफैं गई ॥
गन्धर्वैहरु पाँचकी तिमि त हौ ❀ प्यारी जगत् बीचमा ।
सक्छन् दुःख कसोरि हेर्न तिनिले ❀ आफ्नी प्रियाको यहाँ ॥

(१४)

यस्ता बात् सुनि हाँसि जान्छु म भनी ❀ सैरन्ध्रि खोपी महाँ ।
आइन् हंसिनिको सरि ढलकँदै ❀ ती राजपुत्री[3] कहाँ ॥
देखिन् अर्जुनलाइ गाइ कन गित् ❀ मैयाँजिलाई तहाँ ।
गर्थे तालिम गानको इलम दी ❀ खूशी हुँदै चित्तमा ॥

(१५)

सैरन्ध्री कन देखि सुन्दरिहरू ❀ कन्या तहीं जो थिए ।
मैयाँका सँग पार्थले सहित भै ❀ आएर घेरी लिए ॥
सैरन्ध्री कन हातले धरि अलिक् ❀ हाँसेर पार्थै पनी ।
लागे भन्न मरेछ कीचक सुनें ❀ सैरन्ध्रि ! मैले पनी ॥

१ शिर, कपाल । २ रिसापर । ३ उत्तरा कुमारी, मैयाँ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(१६)

सैरन्ध्री ! तिमि भाग्यमानि रहिछौ ❋ प्रारब्ध जाती भई ।
भाई - बन्धु समेत कीचक कनै ❋ मारे पतीले गई ॥
गन्धर्वैहरुले पराक्रम[1] गरी ❋ उद्धार तिम्रो गरे ।
तिम्रा शत्रुहरू निभाइ रणमा ❋ निश्चिन्तमा ती परे ॥

(१७)

रात्रीमा अति सुन्दरी तिमि कनै ❋ देखेर आशक् भई ।
हात्पात् गर्न तयार् थिए जति जना ❋ मर्दा भए ज्यान् गई ॥
हामीलाइ पनी सुनाउ सब हाल् ❋ आफ्ना मुखैले भनीं ।
खूशी छौं सब पापि - वैरिहरुको ❋ नाशै भएको सुनी ॥

(१८)

सैरन्ध्री पनि भन्दछिन् यति सुनी ❋ छेड् हानि केही तहाँ ।
सुन्छयौ कीन बृहन्नले ! जुन बित्यो ❋ सैरन्ध्रिलाई यहाँ ॥
वैरीहेरु बढेर दुख् जति दिए ❋ को सक्छ भन्नै पनी ।
त्ये सुन्ना कन आँट् गऱ्यौ किन सखी ! ❋ साह्रै मयालू बनी ॥

(१९)

रातैमा दिनमा ति केटि सँगमा ❋ नाची - नचाई यहाँ ।
गछयौं सोख त स्वर्गको तिमि सखी ! ❋ गाएर बस्दा महाँ ॥
सैरन्ध्री कन दुःख जुन् परि गयो ❋ सो जान्न इच्छा गरी ।
आफ्नू सौख्य न त्याग नृत्य गरनू ❋ ठान्छू असल् यस् घरी ॥

(२०)

सैरन्ध्री सँग कुन् प्रयोजन[2] छ फेर् ? ❋ चासो पऱ्यो कुन् यहाँ ?
अर्काको दुःख बुझ्न मन् सुब गऱ्यौ ❋ तिम्ले अनाहक् महाँ ॥
आफ्नू भोग त भोग्दछन् सब जना ❋ दुःखी र सूखी भई ।
मेरो दुःख - कथा सुध्याउनु यहाँ ❋ पर्दैन धन्दा लिई ॥

(२१)

छेड् हानिन् यिनिले भनेर मनले ❋ बूझेर तिन्ले अनी ।
लागे भन्न मलीन पारि अनुहार् ❋ दुःखी सरीका बनी ॥
सैरन्ध्री ! अति नीच योनि बिचमा ❋ नृत्यादि गाना गरीं ।
बस्ने पाजि बृहन्नला कन भन्यौ ❋ साह्रै गरी मन्परी ॥

१ बहादुरी, वीरता । २ मतलब ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(२२)

सामर्थ्यादि[1] गई बनेर हिजडा ❋ बस्ने सखी हो भनी ।
छेड् हान्नू त थिएन योग्य निठुरी- ❋ जस्तै तिमीले बनी ॥
तिम्लाई दुःख भो भनेर मनमा ❋ सन्ताप धेरै गरी ।
बस्थें पीर खपेर रात-दिनमा ❋ ठूलै कहर्मा[2] परी ॥

(२३)

प्यारी ! मालुम छैन केहि तिमिमा ❋ यिन्को छ यो दुख् भनी ।
अर्काका मनको कुरा कन कउन् ❋ जान्ला नसोची पनी ॥
यो मन्को नबुझेर कष्ट तिमिले ❋ जुन् बात् भन्यौ यस् घरी ।
साह्रै चित्त दुख्यो सुनेर ति कुरा ❋ तातेर पोले सरी ॥

(२४)

ताहाँ देखि हिंडेर द्रौपदि अनी ❋ आइन् सुदेष्णा कहाँ ।
हूकुम् माफिक रानिले तब भनिन् ❋ सैरन्ध्रिलाई तहाँ ॥
सैरन्ध्री ! तिमिलाइ भो अब बिदा ❋ जाऊ तुरुन्तै कहीं ।
तिम्लाई अब राख्न मुश्किल भयो ❋ अत्यन्त राम्री भई ॥

(२५)

राम्री स्त्री कन देखि मानिसहरू ❋ हेर्छन् ति प्रीती गरी ।
तिम्लाई भुलि हेरदा ति बिचरा ❋ जान्छन् अवश्यै मरी ॥
गन्धर्वादिहरू रिसाइ बहुतै ❋ हाम्रो यही राज्यमा ।
लोग्ने मानिस ता बिनेर तिनिले ❋ मार्नन् अवश्यै यहाँ ॥

(२६)

येही कारणले बिदा पनि दिएँ ❋ मन् लाग्छ तिम्रो जहाँ ।
जाऊ केहि नसोचि बस्न तिमिले ❋ हूँदैन हर्गिज्[3] यहाँ ॥
रानीका इ कुरा सुनेर शिर क्यै ❋ न्यूह्राइ चिन्ता गरी ।
सैरन्ध्री तब भन्दछिन् यहि कुरा ❋ चिन्ता मनैमा धरी ॥

(२७)

रानीजी ! म त तेह्रनै दिन अरू ❋ बस्नेछु सेवा गरी ।
लै जानन् पतिले मलाइ अनि फेर् ❋ आएर सोही घरी ॥
राजाको पनि क्यै भलाइ गरनन् ❋ गन्धर्वहेरू यहाँ ।
हूकुम् पाउँ अरू म तेह्र दिन नै ❋ बस्ने महल् बीचमा ॥

---

१ बहादुरी, वीरता । २ कष्टमा । ३ कदाचित् पनि ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दुर्योधन कहाँ दूतले कीचक मरेको खबर पु-याउनु

(१)

श्रीदुर्योधनका अनेक चरले ❋ हूकुम् हुनाले गरी।
जाँदा पाण्डवको तलाश गरने ❋ देशान्तरैमा डुली॥
खोज्दा काहिं नपाइ फर्कि कन ती ❋ फेर् हस्तिनापूरमा।
पूगी बिन्ती गरे सुयोधनजिका ❋ सामू हजूरै महाँ॥

(२)

राजन्! हामिहरू गई सब जना ❋ खुब् यत्नले नै गरी।
खोज्यौं पाण्डवलाइ घेर् मुलुकमा ❋ गाऊँ र टोलै भरी॥
पाएनौं र गएर जङ्गल महाँ ❋ हे-यौं सबै ठाम् अनी।
पूगी पर्वतका पनी शिखरमा ❋ खोज्यौं चतूरा बनी॥

(३)

बाटामा गइ बास-पाटि-पउवा ❋ फेर् धर्मशाला महाँ।
गङ्गाका तटमा कुटी मढि महाँ ❋ खोज्यौं ति जोगी कहाँ॥
पाएनौं र तुरुन्त फर्कि अनि ता ❋ द्वारावतीमा गयौं।
घोडा-हात्ति-रथादि-सूत तिनकै ❋ देखेर खूशी भयौं॥

(४)

सोध्यौं तिन् सँग पाण्डवादि सब ती ❋ ऐले कहाँ छन् भनी।
तिन्ले ता शपथै गरी कन भने ❋ साह्रै दुखीया बनी॥
थाहा छैन ति पाँच-पाण्डवहरू ❋ काहाँ हुनन् यस् घरी।
रुन्छौं हामिहरू बसी कन यहीं ❋ चिन्ता मनैमा धरी॥

(५)

यस्ता बात सुनेर हामिहरु ता ❋ फर्कैर आयौं यहाँ।
नष्टै पाण्डव-वर्ग ती सब भए ❋ भन्ने बुझ्यौं चित्तमा॥
छैनन् पाण्डव पृथ्विमा नरपते! ❋ हुन्थे त मिल्थे कहीं।
बाघ्-भालूहरुका परे ति मुखमा ❋ विश्वास मान्नोस् यही॥

(६)

अर्को एक खबर् छ मत्स्यपुरिमा ❋ जुन् वीर सेनापती।
थीयो कीचक नामि सो मरि गयो ❋ साह्रै भई दुर्गती॥
गन्धर्वादिहरू गएर रिसले ❋ त्यस्को कुलै साफ् गरी।
मारेछन् निशिमा अदृश्य हुन गै ❋ अत्यन्त रिस्मा परी॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(७)

सोही वैरि थियो बहूत बलियो ❋ हाम्रो उही नाश भो।
जित्ने मन् छ त मत्स्यलाइ प्रभुको ❋ ऐहे उ बेला भयो॥
जो गर्नू अब पर्छ मन्त्रि सितको ❋ सल्लाह - वार्ता गरी।
आफ्नू उन्नति हेरि बक्सनु हवस् ❋ मौका परेका घरी॥

दुर्योधनले पाण्डवहरुको खोजी गर्न सल्लाह गर्नु

(१)

यस्ता बात सुनेर दूतहरुका ❋ सोचेर क्यै चित्तमा।
लागे भन्न अनी सुयोधनजिले ❋ सभ्यादिका सामुमा॥
जाहाँ सम्म हुँदैन निश्चय कुनै ❋ बात्को यसै हो भनी।
ताहाँ सम्म हुँदैन ज्ञान मनमा ❋ कस्तै तवर्ले पनी॥

(२)

तस्मात् निश्चय गर्नुहोस् हृदयमा ❋ सभ्यादिले यै घरी।
ज्यूँदै छन् कि ति पाँच - पाण्डवहरू ❋ की ता गए है मरी॥
खोजी गर्न सकेन कोहि जनले ❋ ती छन् यहाँ पो भनी।
तेह्रौं वर्ष व्यतीत पूर्ण हुनको ❋ बेला पुगी गो पनी॥

(३)

तेह्रै वर्ष बिताइ पाण्डवहरू ❋ अत्यन्त रिस्मा परी।
लीनेछन् बदला अवश्य रणमा ❋ हाम्रा अगाडी सरी॥
यस् निम्ती सबले विचार गरियोस् ❋ होलान् ति ऐहे कहाँ ?
खोजी गर्न सक्यौं भने तिनिहरू ❋ जानन् अरण्यै महाँ॥

(४)

फेरी पाण्डव ता गए बन भने ❋ राज्यै अकण्टक् भयो।
विद्वान् बाट विचार होस्न अहिले ❋ मौका त जाती छ यो॥
जान्ने छन् तिन कालका पुरुष जो ❋ तिन्ले सभा बीचमा।
पत्ता लाइ दिनू पर्‍यो तिनिहरू ❋ ऐहे हुनन् लौ कहाँ॥

(५)

भन्छन् कर्ण गमेर केहि मनमा ❋ राजन् ! म ठान्छू यही।
हूनन् आश्रममा कि तीर्थहरुमा ❋ खोजेर हेर्नू कहीं॥
चिन्ने पाण्डवलाइ जो पुरुष हो ❋ जावस् तुरुन्तै गरी।
पूगी तीर्थ - नदी - गुफा - वन निरै ❋ मिलनन् अवश्यै गरी॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(६)

एती बिन्ति गरेर कर्ण त रहे ❋ मौनै भई त्यै घरी ।
लाग्यो भन्न दुशासनै उहि बखत् ❋ तिन्कै अगाडी सरी ॥
विश्वासी तनखा लिने चरहरू ❋ हाम्रा जउन् छन् यहाँ ।
जाउन् पाण्डवलाइ खोज्न बनमा ❋ तीर्थादिका बीचमा ॥

(७)

कर्णैको त विचारमा छ अहिले ❋ हाम्रो पनी सम्मती ।
सोही बात पत्याइ बक्सनु हवस् ❋ शङ्का नलीनोस् रती ॥
अर्को एक कुरा म भन्छु अघिने ❋ दूतादि हाम्रा गई ।
पृथ्वी - पर्वत - घोर - जङ्गल सबै ❋ घूमे दुखीया भई ॥

(८)

फेला पार्न सकेन कोहि चरले ❋ तिन्लाइ काहीं जसै ।
आए फर्कि गए जती चरहरू ❋ हाम्रा अगाडी तसै ॥
यो हाल् देखि म ठान्दछू बन महाँ ❋ बाघ्का मुखैमा परी ।
पाँचै पाण्डव कालका वश भए ❋ साँचै अवश्यै मरी ॥

(९)

की ता सर्प विषालु बाट डसिंदा ❋ तिन्को इतिश्री भयो ।
की ता अन्न र पानि केहि नमिली ❋ निस्केर प्राणै गयो ॥
की ता दुःख खपेर हिंड्न नसकी ❋ झट् आत्महत्या गरी ।
फाल्हाली नदिमा कि झुण्डि रुखमा ❋ पाँचै गए ती मरी ॥

द्रोणले आफ्नू विचार प्रकट गर्नु

(१)

यस्ता बात् सुनि द्रोण पण्डित जउन् ❋ तिन्का गुरूजी थिए ।
तिन्ले भूपतिलाइ हेरि मनले ❋ सोचेर अर्ती दिए ॥
नाशै पाण्डवको म देख्दिन यहाँ ❋ छन् वीर ठूला सबै ।
विद्यावान् चतुरा र कार्य - पटु छन् ❋ बिग्रन्न तिन्को कबै ॥

(२)

यस् निम्ती म त भन्दछू नरपते ❋ छानेर मानिस् जबर् ।
देऊ शीघ्र पठाइ गै कन गरुन् ❋ तिन्कै त खोजी-खबर् ॥
खोजी गर्न पठाउ ब्राह्मणहरू ❋ जाउन् तयारी गरी ।
मौका बेस् छ चुके हुनेछ पछुतो ❋ बेला वृथामा टरी ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भीष्मले आफ्नू सम्मति दिनु

(१)

वैशम्पायन भन्नु हुन्छ अनि फेर् ❋ राजन् ! यती बात् गरी ।
द्रोणाचार्य चुपै भई जब बसे ❋ श्री भीष्मले त्यै घरी ॥
लागे भन्न ति पाण्डवादिहरुमा ❋ धेरै गुणादी भई ।
भन्नू भो जति द्रोणले उहि कुरा ❋ बस्ने छ साँचो भई ॥

(२)

आफ्नू बात् कन राखने समय खुब् ❋ चिन्ने बहूतै बली ।
मान्ने अर्ति ति वृद्धले खुशि हुँदै ❋ हौनन् ति पाँचै छली ॥
प्यारा कृष्णजिका ति छन् सब जना ❋ नाश् हून सक्थे कहाँ ?
नीती पूर्वक भन्छु पक्ष नलिई ❋ मैले सभा बीचमा ॥

(३)

जाहाँ हे नृपते ! युधिष्ठिर हुनन् ❋ प्राणी उही देशमा ।
दानी शील-स्वभावका हुन गई ❋ हूनन् चतूरा तहाँ ॥
लज्जालू प्रियवादि द्वेष रहितै ❋ शेखी नगर्नै रती ।
राम्रा भै कन हृष्ट-पुष्ट जिउका ❋ हूनन् ति रैती जती ॥

(४)

होला वेद-ध्वनी दिनै-दिन वहीं ❋ यज्ञादि गर्नन् सबै ।
होला खुब् सहकाल हुन्न अनिकाल् ❋ कौनै तवर्को कबै ॥
राम्रा धान फलादि मिष्ट रसिला ❋ फुलमा सुगन्धी अती ।
होला जुन् स्थलमा युधिष्ठिर हुनन् ❋ साँचो म भन्छू यती ॥

(५)

हावा-पानि असल् भएर रहला ❋ सोही शहर्मा अती ।
पाखण्डी मत छाडि ब्रह्म तिर पो ❋ ती योगि दीनन् मती ॥
वर्षा बेस् भई खेति-पाति सबको ❋ सम्पन्न होला अनी ।
गाई पुष्ट हुनन् युधिष्ठिर जहाँ ❋ होलान् लुकेका पनी ॥

(६)

गाईको घिउ-दूध उत्तम हुँदा ❋ चिल्लो भएको अती ।
मीठो स्वाद हुनेछ खूब दहिको ❋ मैले बताएँ अती ॥
उद्योगादि खुबै गृहस्थि गरनन् ❋ अलछी नमानी तहाँ ।
होलान् धार्मिक प्राणि सोहि स्थलमा ❋ हूनन् ति राजा जहाँ ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कृपले सेना र धन एकत्र गरी राख्नू भन्नु

(१)

भन्छन् कृपाचार्य इ वाक्य सूनी । जुन् योग्य हो सो मन भित्र गूनी ॥
राजन्! यहाँ भीष्म जि(?)ले भनेको । ठान्छु असल् हो सबले सुनेको ॥

(२)

खोजी गर्न भनेर पाण्डु - सुतको ❋ छानेर राम्रो गरी ।
धेरै दूत पठाइ बक्सनु हवस् ❋ बेला नजावस् टरी ॥
बैरी सानु भए पनी पुरुषले ❋ सानू नठान्नू कबै ।
अग्नीको यदि सानु होस् त झिलको ❋ खाक् गर्छ पोली सबै ॥

(३)

बैरी पाण्डव भै प्रतापि अति छन् ❋ के गर्न सक्छन् भनी ।
निच् मारी कन बस्नु हामिहरूले ❋ हूँदैन अल्छी बनी ॥
सेनाको धनको र अन्नहरूको ❋ सम्भार् गरी देशमा ।
राख्नू पर्दछ युद्ध पर्दछ भनी ❋ हामीहरूले यहाँ ॥

(४)

हूनेछन् प्रकटै मियाद सकिंदा ❋ ती पाण्डवै जुन् घरी ।
सन्धी - विग्रह - युद्ध हामिहरूले ❋ तिन्मा अगाडी सरी ॥
तैयार् भै कन गर्नु पर्छ उ बखत् ❋ त्यस् निम्ति सेनाहरू ।
ऐले देखि बढाइ राख्नु परला ❋ भन्ने कुरा के गरूँ ॥

(५)

वंशै कौरव - पाण्डवादिहरुमा ❋ शक्ती छ एती भनी ।
थाहा खुब् छ मलाइ जो छ बलियो ❋ सेना धनैमा पनी ॥
आफूले पनि सोच्नु पर्छ नृपते! ❋ गर्ने कुरा हुन् जती ।
मौका चुक्नु हुँदैन सो चुकि दिए ❋ होला पछूतो अती ॥

(६)

शत्रूलाइ गराउँदा वश महाँ ❋ नीति बमोजिम् गरी ।
सामै दाम र दण्ड भेद सबले ❋ गर्छन् अगाडी सरी ॥
सेनाका ति सिपाहि फेरि अफिसर् ❋ जो छन् ठुला फौजमा ।
तिन्लाई खुशि पार्नु पर्छ बहुतै ❋ वार्ता गरी खुब् यहाँ ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(७)

बिन्ती गर्नु जती थियो उ मइँले ❀ राजन् ! सुनाई दिएँ ।
जो गर्नै अब गर्नुहोस् म त स्वयं ❀ आफैं उऋण् भै गएँ ॥
युद्धै पर्छ ठूलो भनेर मनले ❀ यै देख्छ मेरो यहाँ ।
कर्तव्य कन गर्नुहोस् हजुरले ❀ खुब् नीतिका साथमा ॥

सुशर्माका मतले कौरव र तृगर्तहरूले गाई हर्न जानु

(१)

अर्तीका इ कुरा सुनेर कृपका ❀ मौका पर्‍यो बेस् भनी ।
थीए जौन त्रिगर्तका अतिरथी ❀ राजा सुशर्मा पनी ॥
लागे भन्न अघी सरी उहि बखत् ❀ दुर्योधनै छन् जहाँ ।
सम्राट् ! मत्स्य र शाल्व देश बलिया ❀ थीए अगाडी महाँ ॥

(२)

ठूलो वीर त मत्स्यका मुलुकमा ❀ त्यै कीचकै पो थियो ।
जस्ले युद्ध गरेर क्यै दिन अघी ❀ मेरै त दुर्मत् लियो ॥
गन्धर्वैहरुले परेर रिसमा ❀ त्यस्को कुलै साफ् गरी ।
मारेछन् अब कोहि छैन बलवान् ❀ त्यै मत्स्यदेशै भरी ॥

(३)

श्री दुर्योधन भन्दछन् यति सुनी ❀ हे कर्ण ! ऐल्हे यहाँ ।
जो बिन्ती यिनिले गरे उहि असल् ❀ लागी गयो चित्तमा ॥
जाउन् कौरव वीर यै समयमा ❀ साम्ने मुहूडा दिई ।
तीमीले पनि जानु पर्छ अहिले ❀ सेनाहरू साथ ली ॥

(४)

ऐल्हे हामि गई चढाइ गरदा ❀ त्यै मत्स्यका देशमा ।
हाम्रो सम्मुख युद्ध गर्न सकने ❀ क्वै वीर छैनन् तहाँ ॥
थीयो कीचककै त एक भय पो ❀ त्यै नष्ट भै गै गयो ।
गन्धर्वैहरु बाट मृत्यु हुन गै ❀ हाम्लाइ जाती भयो ॥

(५)

लूटौंला धन - रत्न हामिहरुले ❀ त्यै मत्स्यदेशै महाँ ।
हजारौं गउ छन् बिराट नृपका ❀ हात्ती सरीका जहाँ ॥
राम्रा कोमल घाँस् चरेर वनमा ❀ छन् दूध दीने अती ।
हाँकौंला सब गाइ हामिहरुले ❀ धेरै बताऊँ कती ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(६)

हाम्रा वीरहरू मिलेर सँग भै ❋ गर्दा चढाई[1] तहाँ ।
हाम्रै जीत हुनेछ लड्न सकने ❋ क्वै छैन साम्ने महाँ ॥
कैदी पारि विराटलाइ बदला ❋ लीई अघीको पनी ।
हाम्रा आधिनमा रहोस् मुलुक सो ❋ हो कौरवैको भनी ॥

(७)

राजाका इ कुरा सुनेर मुखले ❋ हाँसेर केही तहाँ ।
भन्छन् कर्ण पनी सुयोधनजिका ❋ साम्ने अगाडी महाँ ॥
जो-जो आज भने त्रिगर्त - पतिले ❋ साँचो छ सोही यहाँ ।
हामीले जय गर्न मत्स्य कन ता ❋ जाने निको हो तहाँ ॥

(८)

मौका बेस् छ तुरुन्त जाउँ सब लौ ❋ लड्ने इरादा धरी ।
फाट् फुट् भै कन हिंड्नु पर्छ सबले ❋ सेनाहरू साथ ली ॥
मेरो ता मनको भनैं हजुरले ❋ केही विचारी यहाँ ।
द्रोणाचार्य र भीष्म फेरि कृपका ❋ सोध्नू हवस् साथमा ॥

(९)

तिन्को आशय लीनु पर्छ सरकार् ❋ के भन्दछन् सोच् गरी ।
केही ता भय छैन पाण्डु-सुतको ❋ ती ता गए हुन् मरी ॥
गाईलाइ हरौं गएर सहजै ❋ छन् गौ तिनैका जती ।
लूटौं द्रव्य पनी पसी नगरमा ❋ ढीलो न लाई रती ॥

(१०)

यस्ता बात् सुनि कर्णका नृपतिले ❋ सोची विचारै गरी ।
डाके भाइ दुशासनै कन तहाँ ❋ मानिस् पठाई वरी ॥
दाज्यू श्री अधिराज् सुयोधनजिका ❋ साम्ने ति भाई[2] गए ।
आज्ञा के छ मलाइ बक्सनु हवस् ❋ नूहेर सोधी लिए ॥

(११)

आज्ञा दिए नृपतिले तब भाइलाई ।
भाई दुशासन ! तिमी अब शीघ्र जाई ॥
द्रोणादि भीष्महरुलाइ यहीं सुध्याऊ ।
गौ हर्न राय छ कि छैन बुझेर आऊ ॥

---

१ हमला । २ दुश्शासन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(१२)

बूढा र मान्यजनका गइ सामु माहाँ।
गौ हर्न हुन्छ कि हुँदैन भनेर याहाँ ॥
वृत्तान्त बिन्ति गरि राय त सोधि आऊ।
वाहाँ पछी सकल सैन्यहरू सजाऊ ॥

(१३)

आफ्ना सैन्य रथादि अश्व सहितै ❋ राजा सुशर्मा पनी।
पैह्ले कूच गरुन् विराट - पुरिमा ❋ गौ हर्नलाई भनी ॥
अर्कै मार्ग गरेर हामि हिंडुँला ❋ त्यस् तर्फ भोली जसो।
लूटौंला धन - रत्न गौ-धन समेत् ❋ देखिन्छ राम्रै यसो ॥

(१४)

सेनाको दुइ भाग पारि कन ती ❋ वीरादि जाउन् तहाँ।
लाखौं सुन्दर गाइ छन् लुटि लिउन् ❋ हेरेर त्यै ठाममा ॥
एही निश्चय भै त्रिगर्त सँगमा ❋ ती कौरवादी पनी।
साथैमा सब सैन्य ली कन हिंडे ❋ गौ हर्न जान्छौं भनी ॥

(१५)

कृष्णे पक्षकि सप्तमी तिथि थियो ❋ राजा सुशर्मा गए।
भोली पल्ट ति वीर कौरवहरू ❋ त्यस् तर्फ जाँदा भए ॥
दूवै सैन्य त्रिगर्त कौरवहरू ❋ सोही मुलुक्मा गई।
गाईहेरु विराटका हरि लिए ❋ अत्यन्त खूशी भई ॥

विराट र पाण्डवहरू स-सैन्य भै गाई खोज्न जानु

(१)

पाँचै पाण्डवहेरुले उहि बखत् ❋ राजा विराटै कहाँ।
सेवाधर्म गरेर वर्ष दिन पो ❋ पूरा गराए तहाँ ॥
राजालाइ बडो ठुलो भर थियो ❋ पाँचै जनाको पनी।
ठान्थे भूपति शत्रु नाश् गरि दिनन् ❋ यिन्ले बखत्मा भनी ॥

(२)

बाह्रै वर्ष पुरा बसेर वनमा ❋ फेर् एक वर्षै अनी।
गुप्तै भै कन तेह्र वर्ष पुगि गो ❋ तिन्का मियादको पनी ॥
सोही औसरमा ठुलो कटक ली ❋ राजा सुशर्मा गई।
गाई लाख जती हरी लिइ गए ❋ अत्यन्त खूशी भई ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(३)

गोठालाहरु गाइका त पहरू[1] ❋ जो-जो थिए त्यस् घरी ।
भागे प्राण बचाइ झट् उहि बखत् ❋ एता र ऊता छरी ॥
केही गोपहरू सभा - भवनमा ❋ दौडेर आई गए ।
गोठ्को त्यै सब हाल् विराट कन ता ❋ तिन्ले सुनाई दिए ॥

(४)

तिन्ले बिन्ति गरे विराट कन ता ❋ राजन् ! अकस्मात्[2] यहाँ ।
राजा जौन त्रिगर्तको छ उसले ❋ हाम्रा थिए गौ जहाँ ॥
आई सैन्य लिएर गोप कन ता ❋ जीतेर बाधा दिई ।
लाखौं गाइ हँकाउँदै गइ गयो ❋ केही त चिन्ता न ली ॥

(५)

चाँडै गौ कन खोज्नु पर्छ सरकार ! ❋ केही बियाँलो भए ।
लैजानन् अति दूर दुष्टहरुले ❋ हाम्रा सबै गौ गए ॥
हाल् सुन्दा सब फौज् सजाउन भनी ❋ आज्ञा तुरुन्तै दिए ।
जो - जो वीर थिए लगाइ कवचै ❋ राम्रै तयारी भए ॥

(६)

भाई ज्येष्ठ[3] शतानिकै नृपतिका ❋ थीए ति कान्छा पनी ।
वीरै हुन् मदिराक्ष सैन्यहरुका ❋ थीए ति दूबै धनी ॥
पैह्री बेस् कवचादि आफ्नु जिउमा ❋ सेना तयारी गरे ।
ज्येठा श्रीयुवराज शङ्ख पनि ता ❋ जानै तयारी परे ॥

(७)

सर्दारैहरुमा पराक्रमि ठुला ❋ श्रीसूर्यदत्तै भनी ।
थीए झट् कवचै धरे वदनमा ❋ जान्छू म साथै भनी ॥
ठूला वीर महारथीहरु पनी ❋ लड्ने इरादा धरी ।
आफ्ना शस्त्रहरू[4] लिएर उभिए ❋ रिस्मा बहूतै परी ॥

(८)

राजाले पनि झट् अभेद्य कवचै ❋ पैह्रे तुरुन्तै गरी ।
क्षत्री वीरहरू सबै रथ चढे ❋ लड्ने इरादा धरी ॥
हाम्रो लश्कर झट् चलोस् अब भनी ❋ आज्ञा सुनाई दिए ।
ठूलो सैन्य चल्यो धुलो पनि उड्यो ❋ श्री सूर्य ता ढाकिए ॥

१ हेरचाहा गर्ने । २ एक्कासि । ३ ज्येठा । ४ हतियारहरू ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(९)

श्री कङ्क वल्लभ र ग्रन्थिक नाम धारी ।
श्री तन्तपालहरु वीर यि चार भारी ॥
पैह्रेर बेस कवचादि निकै रमाए ।
राजाजिका समिपमा तिनिहेरु आए ॥

(१०)

आज्ञा भएर नृपको उहि बीच माहाँ ।
ती चारलाइ रथ सज्जित चार ताहाँ ॥
दीए खटाइ अनि पाण्डव चार भाई ।
त्यस्मा बसी कन हिंडे सब लड्नलाई ॥

(११)

आठै हजार रथि आठ हजार शूर ।
घोडा चढेर हिंडनेहरु उत्ति वीर ॥
हात्ती हजार सँग लाख सिपाहि आई ।
राजाजिका सँग हिंडे गउ खोज्नलाई ॥

(१२)

चारै पाण्डव वीर ती नृपतिमा ❋ साथै खुशी भै गए ।
छन् है बल्लभ ता भनेर सँगमा ❋ राजाजि खूशी भए ॥
सेनाका सँगमा निशान्हरु थिए ❋ झण्डा - पताका पनी ।
तैयारी सँग फौज त्यो गइ गयो ❋ खोज्छौं सबै गौ भनी ॥

राजा विराटको र सुशर्माको युद्ध

(१)

भारी फौज विराटको अगि बढ्यो ❋ दौडेर धावा गरी ।
साँझैमा दुइ तर्फका जन जुधे ❋ लड्ने इरादा धरी ॥
जुध्ना साथ छुटे अनेक शर पो ❋ वर्षा भए झैं गरी ।
लागे गिर्न भका - भकी जनहरू ❋ सेना र योद्धा मरी ॥

(२)

द्यौता - दानवको लडाइँ हुन गो ❋ पैह्ले जउन् चाल् गरी ।
उस्तै रित् सँग द्वन्द्व - युद्ध हुन गै ❋ धेरै गए है मरी ॥
वर्षा भै शरको रवी छिपि गए ❋ साह्रै अँध्यारो भयो ।
धूलो धेर उडेर पक्षिहरुको ❋ ज्यान् जानु सम्मन् गयो ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(३)

भाला-तोमर-शक्ति-खड्ग-तरवार् ❋ इत्यादि शस्त्रैहरू ।
चल्दा सैनिक खुब् गिरे पृथिविमा ❋ त्यस्को बखान् के गरूँ ॥
खोलो बग्न गयो ठुलो रगतको ❋ हाहा बहुतै पऱ्यो ।
सेनाको शिर-हात-पाउ त बगी ❋ भारी तमाशा पऱ्यो ॥

(४)

माछा सर्प सरी भई रगतको ❋ खोला भरी त्यस् घरी ।
खुट्टा-हात र टाउका मृतकका ❋ बग्थे ति पद्मै सरी ॥
उड्दै गिद्धहरू दिशा र विदिशा ❋ ठुङ्थे शवैमा रही ।
प्यूँथे खूब रगत् ति डाकिनिहरू ❋ उन्मत्त साह्रै भई ॥

(५)

यस्तै औसरमा विराट नृपले ❋ सौ नै रिशल्ला अनी ।
हात्ती पाँच सये महारथिहरू ❋ पाँचै जना झट् बिनी ॥
मारी ताहिं गिराउँदा रिस गरी ❋ राजा सुशर्मा तहाँ ।
आए लड्न भनी विराट नृपले ❋ देखे अगाडी महाँ ॥

(६)

वाक्युद्धादि गरेर दुइ नृपले ❋ त्यै युद्धका भूमिमा ।
त्यागी बाणहरू तिखा जिउ भरी ❋ घाऊ लगाए तहाँ ॥
ठूलो युद्ध भयो परस्पर महाँ ❋ हान्दा ति शस्त्रैहरू ।
लागे बग्न रगत् सबै जिउ भरी ❋ धेरै बखान् के गरूँ ॥

(७)

यस्तै औसरमा विराट नृपले ❋ राजा सुशर्माजिमा ।
बाणै पो दश हानि पाँच शरले ❋ घोडा गिराए तहाँ ॥
घोडा मारि दिए भनेर रिसले ❋ पच्चास बाणै छरी ।
घाऊ पारि दिए त्रिगर्तपतिले ❋ रिस्मा बहुतै परी ॥

युद्धमा विराट पक्रिनु र पाण्डव द्वारा बन्धन-मुक्त हुनु

(१)

युद्धै भो दिनमा र रात्रि हुन गै ❋ साह्रै अँध्यारो भयो ।
रोकी हात लिए दुवै तरफले ❋ केही घडी रात् गयो ॥
क्षत्रीलाइ प्रसन्न गर्न नभमा ❋ फेर् चन्द्रमा देखिए ।
जुन्कै पाइ प्रकाश सैन्यहरुले ❋ लड्ने इरादा लिए ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(२)

सुशर्माले भाई सहित भइ ओर्लेर भुमिमा ।
गदा हातैमा ली मन-मन रिसाई समरमा ॥
गरूडैको नक्कल् गरि घुमि अनेकै उहि घरी ।
सखाप् पारे वी रे जमिन सब ढाक्यो वरि-परी ॥

(३)

दाज्यू भाइहरू भएर दुइटै ❋ घुम्दै अगाडी सरी ।
अङ्गै रक्षक ती विराट नृपका ❋ मारी दिए झट् गरी ॥
मारी तिन् कन चोटले रथ पनी ❋ चूर्णै गराई दिए ।
पक्री भूप विराटलाइ रिसले ❋ तत्काल बाँधी लिए ॥

(४)

बाँधी मत्स्यपती कनै धरि लिए ❋ आफ्ना रथैमा अनी ।
आफू गै रथमा चढे खुशि हुँदै ❋ राजा सुशर्मा पनी ॥
युद्धैमा जय भो भनी रथ खुबै ❋ हाँक्तै सुशर्मा गए ।
राजा कैदि भए भनी सब जना ❋ छोडेर भाग्दा भए ॥

(५)

राजा कैद[1] परेर सैन्य भयले ❋ छोडी लडाईं गयो ।
भीमैलाइ अनी युधिष्ठिरजिले ❋ आज्ञा तुरुन्तै भयो ॥
भाई ! हामिहरू विराट नृपका ❋ साथ्मा सुखैले रही ।
कास्यौं है दिन ता चुकाऊँ बदला ❋ ऐह्ले अगाडी गई ॥

(६)

नुन् खायौं नृपको गरी नृपतिको ❋ सोझो निमेक्को यहाँ ।
मुक्तै आज गराउ बन्धन तिमी ❋ तिन्लाइ मौकै महाँ ॥
नुन् खाई कन निस्कृती[2] गरि लिनू ❋ योग्यै कुरा हो भनी ।
भन्छन् सज्जनले नलाइ अब बेर् ❋ गर्नू उही ठिक् छ नी ॥

(७)

भाई ! जल्दि त्रगर्तराज कन ता ❋ जीतेर राजा[3] लिई ।
आऊ फर्कि यहीं तुरुन्त तिमिले ❋ ये योग्य अर्ती दिई ॥
मौने ता जब ती युधिष्ठिर भए ❋ श्रीभीमले त्यै घरी ।
बोले गै कन गर्छु कार्य उहि पो ❋ आज्ञा त मान्यै गरी ॥

१ बन्धन । २ बदला चुकाउनु । ३ विराट राजालाई ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(८)

भाईलाइ लिएर लौ हजुरले ❋ एकान्त ठाम्मा रही।
मेरो युद्ध गराइ हेर्नु अब होस् ❋ अत्यन्त खूशी भई॥
यौटा वृक्ष उखेलि लिन्छु करमा ❋ मैले तुरुन्तै गरी।
तेसैले अरि - वृन्द मार्छु सहजै ❋ मर्नन् ति फेला परी॥

(९)

एती बात् गरि भीमले रुख तिरै ❋ दृष्टी दिएथे जसै।
चिन्ने छन् कि भनी युधिष्ठिरजिले ❋ शङ्का गरे झट् तसै॥
लागे भन्न यसोरि हुन्न तिमिले ❋ लड्नू अनाहक् महाँ।
चिन्ने छन् सबले त भीम यिनि हुन् ❋ भन्दै उही सैन्यमा॥

(१०)

तर्वार् ढाल धनू र बाण तिमिले ❋ लीएर चाँडो गरी।
राजालाइ छुटाइ ल्याउ सहजै ❋ साम्ने अगाडी सरी॥
हाम्रा भाइ दुवै जना यहि बखत् ❋ तिम्रा सँगैमा पनी।
जान्छन् जाउ भनी दिए शर धनू ❋ लीएर जाऊ भनी॥

(११)

हातैमा धनुबाण ली रथ चढी ❋ श्री भीम कालै बनी।
दौडाए रथ ती त्रिगर्तहरुको ❋ सेना म भेटछू भनी॥
केही दूर गई त्रिगर्तहरुका ❋ पुग्दा भए सैन्यमा[1]।
देखे बन्धनमा विराट कन फेर् ❋ थीए सुशर्मा जहाँ॥

(१२)

वर्षा खुब् शरको गरेर तिनिले ❋ भन्दा भए त्य घरी।
जान्छस् भागि कता तँ पर्खि महँले ❋ लिन्छू म प्राणै हरी॥
यी कूरा सुनि छक्क भै कन तहाँ ❋ राजा सुशर्मा पनी।
लागे हेर्न फिरेर भीम कन ता ❋ यो कौन आयो भनी॥

(१३)

यस्तै औसरमा गएर तिनले ❋ दिव्यास्त्र वर्षा गरी।
मारे सैन्यहरू त्रिगर्त नृपका ❋ सामू सबै साफ् गरी॥
वीरैहेरु कती रथीहरु कती ❋ कैयौं रिशाल्ला[2] तहाँ।
लागे गिर्न भका-भकी मरि - मरी ❋ त्यो युद्ध - भूमी महाँ॥

१ फौजमा। २ घोडा चढेर युद्ध गर्ने, अश्वारोही।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(१४)

यो चाल् देखि तहाँ त्रिगर्तपतिले ❋ आफ्ना ति सेनाहरू ।
जम्मा पारि जमेर युद्ध गर्नै ❋ लागे बयान् के गरूँ ॥
भीमैलाइ सहायता दिन भनी ❋ तिन्का ति दाज्यू[1] पनी ।
साथैमा लिइ सैन्य पो पुगि गए ❋ हावा सरीका बनी ॥

(१५)

ओर्ले भीम त्यजेर आफ्नु रथ पो ❋ लीई गदा हातमा ।
लागे घुम्न विनाश पारि सबको ❋ त्यै युद्ध-भूमी महाँ ॥
योद्धा एक हजार् युधिष्ठिरजिले ❋ मारी दिनू भो अनी ।
मारे सात हजार् वृकोदरजिले[2] ❋ क्रोधी बहूतै बनी ॥

(१६)

हज्जारौं जनलाइ भाइ दुइले ❋ मारी दिए त्यै घरी ।
दौडाई रथ श्री युधिष्ठिर गए ❋ लड्ने इरादा धरी ॥
देखी तिन् कन फेर् त्रिगर्तपतिले ❋ नौ बाण झीकी लिए ।
बेग्ले छाडि ति धर्मराज कन ता ❋ घाऊ लगाई दिए ॥

(१७)

घोडालाइ पनी युधिष्ठिरजिका ❋ आठै शरैले गरी ।
हान्दै गर्जन खुब् गरेर तिनले ❋ हाँस्दा भए त्यै घरी ॥
पूगी भीमजिले त्रिगर्तपतिमा ❋ वर्षा शरैको गरी ।
घोडा मारि ति पृष्ठ-रक्षक समेत् ❋ मारी दिए त्यै घरी ॥

(१८)

फेरी त्यै घरि सारथी कन पनी ❋ निर्जीव[3] पारी दिए ।
सेनानायक धेर मारि शरले ❋ जूँघा मुसारी लिए ॥
यस्तो चाल गरी गरेर विरथी ❋ श्री भीमले त्यै घरी ।
राजा सोहि त्रिगर्तको कुदि गयो ❋ भाग्ने इरादा धरी ॥

(१९)

त्यहि समय विराटै भूमिमा कूदि आए ।
बल गरि कन आफ्नू बन्धनै पो फुकाए ॥
लिइ कन त गदा फेर् हान्न लागे बलैले ।
अरिगण[4] उहि बेला गिर्न लागे क्रमैले ॥

---

१ युधिष्ठिर । २ भीमले । ३ मुर्दा । ४ वैरिहरु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(२०)

त गरि कन भीमै मार्दथे सैन्यलाई ।
गिरि कन सब मर्थे भीमको चोट खाई ॥
नजर गरि सुशर्मा दौडि भागे जसै ता ।
तिनि पनि पछि लागे दौडि तिन्को तसै ता ॥

(२१)

भाग्थे सुशर्मा तिनले पुकारी । मन्दा भए भागि गइस् तँ हारी ॥
भागेर जान्छस् किन फर्कि आई । देखान सामर्थ्य भए मलाई ॥

(२२)

यै शक्तिले आज तँ गाइ धर्न । विराटजीको धनलाइ हर्न ॥
आइस् यहाँ धिक् म तँलाइ भन्छू । ज्यान् आज तेरो म अवश्य लिन्छू ॥

(२३)

वैरीहरूका बिचमा अहीले । आफ्ना यि नोकर् कन के तँईले ॥
छोडेर भाग्नू यसरी डराई । देला कि शोभा अब भन् मलाई ॥

(२४)

पसी बनैमा मृग धर्न लाई । जसोरि बाघ् हिंड्छ छटा जनाई ॥
दौडे सुशर्मा कन भीम धर्न । लागे सबै छक्क परेर हेर्न ॥

(२५)

जुल्फी समाती कन उत्ति खेरी । त्रिगर्त-स्वामी कन खूब हेरी ॥
श्रीभीम भन्छन् अब भागि काहाँ । जान्छस् बता रे शठ ! जल्दि याहाँ ॥

(२६)

भाग्छस् तँ छोडी रणलाइ काहाँ । दल्छू तँलाई अब पृथ्वि माहाँ ॥
एती भनी पट्कि दिई जमिन्मा । लागे ति दल्नै जब एक छिन्मा ॥

(२७)

चोट्ले सुशर्मा अति रूँन लागे । श्रीभीमले त्यै घरि लात्ति दागे ॥
पक्री सुशर्मा कन भीम फेरी । भन्दा भए झट् मुख तर्फ हेरी ॥

(२८)

थप्पड् तँ खान्छस् कि बता पहीले । गौ हर्न आइस् किन हो अहीले ॥
क्षत्री भई गौ कन हर्नु आई । धिक्कार दिन्छू बहुतै तँलाई ॥

(२९)

सेना सुशर्मा नृपका डराई । भागी गए त्यै घरि बाँच्नलाई ॥
श्री पाण्डवै गाइ फिराई आई । विराटका सामु पुगे लजाई ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(३०)

बाँधी भीमजिले त्रिगर्तपति त्यो ❋ पक्रेर घाँटी महाँ ।
फर्के हे रथमा चढाइ कन झट् ❋ दाज्यू थिए है जहाँ ॥
देख्नू भो जब श्री युधिष्ठिरजिले ❋ खूशी भई चित्तमा ।
भन्नू भो तिनिलाइ बल्लभ! ठुलो ❋ गुन् मान्छु मैले यहाँ ॥

(३१)

भीमैले विनती गरे नृपति यो ❋ बाँच्ने इरादा धरी ।
भाग्थ्यो पक्रि लिएँ समाति जुलफी ❋ मैले अगाडी सरी ॥
काटी द्यूँ कि कसो बनाउनु हवस् ❋ यस् पाजिलाई यहाँ ।
यस्ता बात सुनी युधिष्ठिरजिले ❋ हाँसेर भन्छन् तहाँ ॥

(३२)

हे भाइ! छाड्द्यौ तिमि एसलाई । मार्नू असल् छैन दुरात्मलाई ॥
आज्ञा सुनी भीमजि उत्ति खेरी । भन्छन् सुशर्मा कन हाँसि हेरी ॥

(३३)

विराटको दास हुँ भन्नु तैंले । लौ भन् सबैका गइ साम्नु ऐले ॥
दासै भइस् ता म बचाइ दिन्छू । नाहीं भने ज्यान् म अवश्य लिन्छू ॥

(३४)

बैरी जिती दास बनाइ लीने । हाम्रो छ नीती यहि बाँच्न दीने ॥
युधिष्ठिरैले यति सूनि ताहाँ । भन्छन् बिदा देउ अवश्य याहाँ ॥

(३५)

विराटको दास भयो सुशर्मा । जावस् जता जान्छ ठुलो रहर्मा ॥
जाऊ सुशर्मा ! तिमि दासलाई । पार् गर्छु मैले नृपती गराई ॥

(३६)

साहस् तिमीले त नगर्नु यस्तो । शक्ती बिना लड्नुछ व्यथ जस्तो ॥
दासत्व देखी तिमिलाई मैले । दिन्छू छुटाई घर जाउ ऐले ॥

विराटले लडाईं जितेको खबर पठाउनु

(१)

यस्तो वाक्य सुनी युधिष्ठिरजिको ❋ राजा सुशर्मा पनी ।
शर्मैले निहुरी विराट कन ता ❋ हेरेर नम्रै बनी ॥
जोरी हात दुवै प्रणाम गरदै ❋ बाटो शहर्को धरे ।
चारै पाण्डवलाइ मत्स्य - पतिले ❋ सम्मान राम्रो गरे ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(२)

विराट भन्छन् खुशि मानि ताहाँ । हे वीर हो ! जो छ म सीत याहाँ ॥
रत्नादि वस्तू कन आफ्नु जानी । आनन्द गर्नौस् यहि बात मानी ॥

(३)

कन्या जउन् सुन्दरि छन् म ल्याई । टक्न्याउँछू सोह्र-शिंगार् गराई ॥
इच्छा छ याहाँहरुको अरू जो । पूरा सबै गर्छु यही बखत् हो ॥

(४)

साहायताले अरि[1] ती धपाएँ । पक्री गएथें तर बाँच्न पाएँ ॥
भै मत्स्य-देशाधिप राज्य गर्नौस् । म माथि प्रेमादि सदैव धर्नौस् ॥

(५)

यस्ता कुरा त्यो घरि सुन्न पाई । श्री धर्मराजादि ति चार भाई ॥
भन्दा भए झट् नृपलाइ ताहाँ । तारीफको काम कउन् छ याहाँ ॥

(६)

ती शत्रुका हात परेर पैले । छुट्नू तुरुन्तै प्रभुको त ऐले ॥
देखेर छौं हामि प्रसन्न[2] नाथ । पाएर बस्ना कन फेरि साथ ॥

(७)

हूकुम् भएको जति सूनि याहाँ । गर्छौं बडाई[3] अति चित्त माहाँ ॥
आफ्नू दया जाहिर खुब् गराई । मानै गरी बक्सनु भो बढाई ॥

(८)

भन्छन् फेरि विराट खूशि मनले ❋ हे वीर हो ! यस् घरी ।
शत्रू बाट बचाइ जीवन दियौ ❋ स्वाधीन राम्रै गरी ॥
तिम्रो आज दया भएर म भएँ ❋ सन्तानलाई पनी ।
पाएँ देख्न र धन्य ठान्छु मइँले ❋ हौ वीर ठूला भनी ॥

(९)

भन्छन् एति सुनी युधिष्ठिर तहाँ ❋ राजन् ! हजुर्का सरी ।
दाता फेरि दयालु को छ अरु लौ ❋ ऐले त गिन्ती गरी ॥
बोली सुन्दर खुब् भई हजुरको ❋ मुग्धै भयौं भूपती ।
हाम्रा सामु सदैव होस् हजुरको ❋ सानन्दले उन्नती ॥

---

१ बैरीहरू । २ हर्षित । ३ सहनी ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(१०)

हाम्रो जीत भयो भनेर अहिले ❋ दूतादिलाई पनी ।
दीनू पर्छ पठाइ भूप-वर ले ! ❋ जाउन् शहर्मा तिनी ॥
साथी कञ्जुजिका कुरा यति सुनी ❋ श्री भूपतीले तहाँ ।
डाकी दूतहरू हुकुम् दिनु भयो ❋ हे दूत ! जल्दी महाँ ॥

(११)

जाऊ झट्ट शहर् महाँ गर खबर् ❋ जित् भो लडाईं भनी ।
कन्यादी कलशै लिएर उभियुन् ❋ राम्रा बहूतै बनी ॥
वेश्या - वृन्द पनी अलङ्कृत भई ❋ हाम्लाइ लीनै भनी ।
आउन् मार्ग विषे गरेर बहुतै ❋ बेस् मङ्गलादी ध्वनी ॥

(१२)

हाम्रो स्वागत गर्नु पर्छ सबले ❋ आउन् छिटो चाल् गरी ।
फर्कन्छौं सब हामि राज्य तिर लौ ❋ जाऊ अगाडी बढी ॥
हूकुम् माफिक काम गर्न भनि ती ❋ दूतादि चाँडै गए ।
तिन् देखी समचार पाइ पुरिमा ❋ सम्पूर्ण खूशी भए ॥

कौरवले गौ हरेको खबर विराट-पुत्रलाई दिनु

(१)

घोष - ग्राम विषे ति कौरवहरू ❋ पूगी लडाईं गरा ।
गाई आठ सहस्र पो हरि लिए ❋ गोपादिलाई कुटी ॥
त्यै बेला यहि काम भो समरमा ❋ जेह्ले सुशर्मा गई ।
गाईहेरु विराटका हरि लिए ❋ अत्यन्त खूशी भई ॥

(२)

गोठालाहरु भागदै महलमा ❋ आए खबर् यूँ भनी ।
थीए राजकुमार केवल तहाँ ❋ सोही बखत्मा पनी ॥
गोठालाहरुले गई नजिकमा ❋ उत्तर्कुमारै कहाँ ।
बिन्ती पारि लिए ठुलो भय गरी ❋ श्री घोष-ग्रामै महाँ ॥

(३)

बैरी कौरवले गरेर हमला ❋ गाई त्यहाँका हरी ।
गोठालाहरुलाइ कुट्पिट गरी ❋ मारे अगाडी सरी ॥
हाम्रा आठ सहस्र गौ हरि लिए ❋ खोसेर तिन्ले तहाँ ।
आयौं हामि लुकी खबर् दिन भनी ❋ ऐह्ले हजूरै महाँ ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(४)

योग्यै ठानि हजूरलाइ नृपले ❋ यो राज्य हेर्नू भनी ।
रक्षाको दिइ भार आफु रणमा ❋ पाल्नू भएको पनी ॥
तस्मात् रक्षक छौ भनी हजुरमा ❋ भन्छौं पुकारा गरी ।
गौ फर्काइ लिनू हवस् हजुरले ❋ चाँडै अगाडी सरी ॥

(५)

जोताऊन लगाउनोस् रथ हजुर् ❋ घोडा समेत् ठिक् गरी ।
बाघ्को चिह्न छ जुन् ध्वजा बिच महाँ ❋ ऊडोस् उ फर्रँ गरी ॥
उच्चा सुन्दर छाँटिलो हजुरको ❋ देखुन् सुनौला ध्वजा ।
वर्षाई शर बक्सिदा हजुरले ❋ पाउन् ति बैरी सजा ॥

(६)

जस्ता रित् सँग इन्द्रले असुर ती ❋ मार्छन् रणैमा सरी ।
उस्तै चाल् सँग मार्नु कौरव हवस् ❋ हे नाथ ! चाँडो गरी ॥
लीनू होस् जय लाभ गै समरमा ❋ जेता भनाई यहाँ ।
नामै राख्नु हवसून आफ्नु कुलको ❋ यो क्षत्रिका बीचमा ॥

(७)

वीरै पाण्डवमा ति अर्जुन थिए ❋ उस्तै ति मत्स्यै महाँ ।
ठानुन् उत्तर राजपुत्र सबले ❋ भारी प्रतापी यहाँ ॥
यस्ता रित् सँग गोपले जब भने ❋ सूनी जबाफै पनी ।
लागे भन्न ति गोपलाइ उ बखत् ❋ आफू बहादुर् बनी ॥

राजपुत्रले बृहन्नलालाई सारथी बनाउन डाक्नु

(१)

थीए राजकुमार ता महलमा ❋ घेरै जनाना पनी ।
आई घेरि लिए कुमार कन ता ❋ गोठ्को सुनौं बात् भनी ॥
गोठालाहरुले लडाईं गरनै ❋ पाल्नोस् भनेको तहाँ ।
सुन्दा शेखि गरेर नारिहरुका ❋ हेर्दै मुहारै महाँ ॥

(२)

भन्छन् राजकुमार पूर्व-रणमा ❋ थीएँ म लड्दो जहाँ ।
मेरो सारथि जो थियो मरि गयो ❋ सोही लडाईं महाँ ॥
ऐले सारथि कोहि छैन गरुँ के ? ❋ कस्ता तवर्ले गई ।
बैरीलाइ हटाउँ यस् बखतमा ❋ योटा रथी मै भई ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(३)

कोही सारथि पाउँ ता म अहिले ❀ चाँडै रणैमा गई ।
बैरीको सब शेखि नष्ट गरथें ❀ अत्यन्त क्रुद्धै भई ॥
जीती कौरवलाइ गाइ सँग ली ❀ फिर्थें तुरुन्तै यहाँ ।
ती दुर्योधन कर्ण देखि कन के ❀ डर् मान्दछू चित्तमा ॥

(४)

मारूँला जब कौरवादि कन ता ❀ मैले अगाडी सरी ।
साँचै अर्जुन हुन् भनेर म कनै ❀ ठान्नन् जती छन् अरी ॥
क्याहूँ सारथि छैन यस् बखतमा ❀ खुब् हाँक्न सक्ने कुनै ।
हुन्थ्यो सारथि क्वै त युद्ध गरथें ❀ आफू त एक्लै म नै ॥

(५)

गरि कन मनमा नै कौरवैलाइ हेला ।
जब त यति तिनैले बोलि हाले उ बेला ।
सुनिकन हिजडा झैं पार्थले उत्ति खेरी ।
नजिक गइ सिकाए द्रौपदीलाइ हेरी ॥

(६)

समय गुपत बस्ने पूर्ण भो प्यारि ! ऐले ।
वचन पनि सुनें ती उत्तरैको[1] क्रमैले ॥
गइ कन अब तिम्ले यै कुरा द्यौ[2] बताई ।
यहिं छ असल यौटा सारथी लान[3]लाई ॥

(७)

यदि मन छ हजुर्को लड्न जाने अहींले ।
सँग लिइ त बृहन्नल्लाइ पाल्नोस् पहीले ॥
गइ कन रण माहाँ सारथी-कर्म गर्ला ।
जति छ सकल चिन्ता चित्तको एहि हर्ला ॥

(८)

जुन समय म बस्थें द्रौपदीका महल्मा ।
उहि बखत बृहन्नल् एहि थीयो टहल्मा ॥
सँग लिइ दिन एकै पार्थले एस्लाई ।
गइ कन वन खाण्डव् भस्म पारे जलाई ॥

१ उत्तर कुमारको । २ देऊको छोट्करी रूप हो । ३ लैजान ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(९)

यहि छ असल योँटा सारथी-कर्म जान्ने ।
नजर गरि ति वी रैलाइ केही नमान्ने ॥
खुशि भइ कन साहै पार्थले एसलाई ।
सकल गुण सिकाए बाण-विद्या बताई ॥

(१०)

लिइ कन यसलाई वैरिको प्राण हर्ने ।
हजुर अब सवारी होस् छिटै युद्ध गर्न ॥
यति भनि कन प्यारी ! काम साधेर[1] आऊ ।
सुनि कन तिनले के भन्दछन् सो बताऊ ॥

(११)

यस्ता अर्जुनका कुरा सुनि सकी ❋ लौ हुन्छ जान्छु भनी ।
आइन् द्रौपदि राजपुत्र तिर पो ❋ खुब् शीलवन्ती बनी ॥
सीकाए जति पार्थले ति कन ता ❋ तिन्ले सुनाइन् जसै ।
सोधे उत्तरले अचम्म परदै ❋ सैरन्ध्रिलाई तसै ॥

(१२)

हे सैरन्ध्रि ! चिनेकि छौकि तिमिले ❋ तेही थियो सारथी ।
बोलूँ त्यस् सँग के गरी कन म ता ❋ लज्जा म मान्छु अती ॥
त्यो प्राणी हिजडा छ जानि कन लौ ❋ कस्ता तवर्ले गरी ।
आज्ञा त्यस् कन हाँक्नलाइ रथको ❋ दीनू अगाडी सरी ॥

(१३)

क्षत्री वीर भएर कुन् तरहले ❋ त्यस् शण्ड[2]लाई यहाँ ।
दीऊँ लौ रथ हाँक्नलाइ कसरी ❋ ग्लानी उठ्यो चित्तमा ॥
हुन्छन् खूब हठी नपुंसकहरू ❋ बातै नसुन्ने रती ।
मान्ला बात कि सो बृहन्नल कबै ❋ मैले अह्राए जती ॥

(१४)

सैरन्ध्रिले राज - कुमारलाई । भन्दी भइन् एहि कुरा बताई ॥
डाकी कुमारी कन झट्ट पैले । सम्झाइ बक्से सब बन्छ ऐले ॥

---

१ लिद्ध पारेर । नपुंसकलाई ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(१५)

मैयाँ गई जुन् घरि तेसलाई। भन्लिन् जसै सारथि बन्नलाई ॥
वृहन्नला खूशि भएर आई। तैयार होला रथ हाँक्नलाई ॥

(१६)

वृहन्नला सारथि पाइ ऐह्ले। जित्बाजि होला यहि भन्छु मैले ॥
जीतेर ती कौरव गाइलाई। फर्काइ बक्सिन्छ तुरुन्त जाई ॥

(१७)

सैरन्ध्रिको विनति एति सुनेर ताहाँ।
आए ति उत्तरकुमार त बैह्नि काहाँ ॥
देखेर बैह्नि कन राजकुमार फेरी।
भन्दा भए यहि कुरा मुख तर्फ हेरी ॥

(१८)

हे बैह्नि ! शीघ्र[1] अहिले तिमि जाइ जाऊ।
राजी गरी कन बृहन्नललाइ ल्याऊ ॥
हाँक्नू पऱ्यो रथ रही सँगमा तिनैले।
आउन् तयार भइ भन्दछु एहि मैले ॥

कुमारले वृहन्नलालाई सारथी गरी युद्धमा जानु

(१)

रात्री राजकुमारि दिव्य गहना ❋ पैह्नेकि बेस् ठाट् गरी।
फुल्का हार लगाइ खुश्बु जसको ❋ चल्थ्यो बतास्मा भरी ॥
दाज्यू उत्तर बाट जा भनि हुकुम् ❋ पाएर त्यै बीचमा।
आइन् अर्जुन नेर नाच - घरमा ❋ हिंड्दै छिटो चालमा ॥

(२)

बादल्का बिचमा पसेर बिजुली ❋ जस्ता तवर्ले गरी।
शोभा गर्दछ है उसोरि नृपकी ❋ पुत्री पनी त्यै घरी ॥
पार्थैका सँगमा गएर उभिइन् ❋ त्यै नृत्यशाला[2] गई।
लागिन् हेर्न टुलू - टुलू मुख तिरै ❋ खुब् नम्र जस्ती भई ॥

१ चाँडै। २ नाच घरमा।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(३)

पार्थै रूपि बृहन्नला खुशि भई ❀ श्री उत्तरामा तहाँ ।
लागे सोध्न मृगाक्षि! आज किन हो ❀ आयौ अगाडी महाँ ॥
कुन् सुर्ता परि गो र सो मुख शुभे ! ❀ तिमूले अँध्यारो गऱ्यो ।
साँचो आज बताउ हे सुवदने ! ❀ कुन् कष्टमा पो पऱ्यो ॥

(४)

पार्थैले जब प्रेमले यति कुरा ❀ तिन्‌लाइ सोधे तहाँ ।
लागिन् भन्न खडा भई नृपसुता[1] ❀ तिन्‌कै अगाडी महाँ ॥
के विस्तार गरूँ सखी ! यस बखत् ❀ बूबा नहूँदा यहाँ ।
साह्रै कष्ट पऱ्यो चढेर अरिले[2] ❀ हाम्रा त गोठै महाँ ॥

(५)

सारा गाइहरू हरी कन लगे ❀ भन्ने खबर् यस् घरी ।
गोठालाहरूले दिंदा कुपित[3] भै ❀ दाज्यू तयारी गरी ॥
जित्नै कौरव वीरलाई रणमा ❀ जाने हुनू भो तहाँ ।
कोही सारथि छैन यो बखतमा ❀ मुश्किल् परी गो यहाँ ॥

(६)

सैरन्ध्री सित बाट मालुम भयो ❀ सारथ्य[4] कर्मै महाँ ।
जान्ने छौ तिमि पार्थको रथ पनी ❀ हाँकथ्यौ पहीले तहाँ ॥
सोही कारण भन्छु हे सखि ! तिमी ❀ श्री दाज्युज्यूको पनी ।
जाऊ सारथि भै लडाइँ बिचमा ❀ भन्छिन् सखीले भनी ॥

(७)

ऐल्हे कौरव छन् समीप बहुतै ❀ हाँकी रथै झट् गई ।
दाज्यूलाइ जिताइ ल्याउ घरमा ❀ गौहेरु फिर्ता लिई ॥
एती काम भएन पो यदि भने ❀ खाई जहर्[5] मर्दछू ।
यस्‌को उत्तर छैन चुप् रहु सखी ! ❀ ऐल्हे नबोली कछू ॥

(८)

तिन्‌का मिठा वचनलाइ सुनेर फेरी ।
भन्छन् ति अर्जुन पनी मुख तर्फ हेरी ॥
जान्छू सखी ! रण तिरै नृपपुत्रलाई ।
भन्यौ तयार् छु रथ हाँकिन तुरुन्त जाई ॥

१ मैयाँ । २ दुश्मनले । ३ रिसाए । ४ सारथीको काम काज । ५ दिष ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(९)

तिन्लाइ पार्दछु खुशी म भनेर ठानी ।
एती भनीकन ति अर्जुन खूशि मानी ॥
मैयाँजिका सँग भई कन तेहि बिच्मा ।
आए ति उत्तर-कुमारजिका नगिच्मा ॥

(१०)

बैह्नीका सँगमा वृहन्नल कनै ❋ देखेर झट्टै तहाँ ।
खूशी भै कन राजपुत्र उ बखत् ❋ भन्छन् अगाडी महाँ ॥
युद्धै कौरव सीत गर्न अहिले ❋ जानै तयारी गरें ।
कोही सारथि छैन यस् समयमा ❋ साह्रै सकस्मा[1] परें ॥

(११)

पैह्ले अर्जुनका रहेर सँगमा ❋ सारथ्य कर्मै गरी ।
त्यत्रो खाण्डव दग्ध[2] पारि तिमिले ❋ शेखी सबैको हरी ॥
हाँक्यौ रे रथ पार्थको रण तिरै ❋ यो बात मैले सुनी ।
भन्छू आज बृहन्नले! रथ तिमी ❋ लौ हाँक मेरो भनी ॥

(१२)

प्यारा अर्जुनका थियौ तिमि भनी ❋ सुन्दा खुबै खुश् भई ।
मेरो हाँक्न म भन्दछू रथ सखी! ❋ ऐह्ले रणैमा गई ॥
तिम्रो आज सहायता[3] हुन गई ❋ ती कौरवादी जती ।
वीरैलाइ म मार्दछू समरमा[4] ❋ फर्काउँछू गौ जती ॥

(१३)

यस्ता कुरा सुनि अलीकति हाँसि फेरी ।
भन्छन् वृहन्नल कुमारजिलाइ हेरी ॥
हाँक्नू रथै समरमा भनि दासलाई ।
आज्ञा भयो तर म जान्दिन हाँक्नलाई ॥

(१४)

नृत्यादि गान सिकियो नर-लोक माहाँ ।
वृत्ती चलाउँछु कसोरि गएर ताहाँ ॥
हाँकूँ रथै सब्ब बहादुरका[5] अगाडी ।
मर्जी भयो हजुरले म त छू अनाडी[6] ॥

१ कठिनाइमा । २ पोलेर । ३ मद्दत । ४ लडाईका मैदानमा । ५ वीरका । ६ नजान्ने ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(१५)

भन्छन् ति उत्तरकुमार तुरुन्त ताहाँ ।
हाँक्ने पर्‍यो रथ अवश्य बुझ्यौ कि याहाँ ॥
नृत्यादि गर्नु पनि उत्तम हो म भन्छू ।
होऊ तयार तिमि सारथि हौ म ठान्छू ॥

(१६)

एती भनी कवच लाउ भनेर ताहाँ ।
दींदा भए जब त ली कन हात माहाँ ॥
ती पार्थले नकल खुब् गरि उत्ति खेरी ।
ऊँचा गरे कवच मूर्ख बनेर हेरी ॥

(१७)

जानेनन् जब पैह्रनै कवच सो ❋ ली पार्थले त्यस् घरी ।
हाँसे सुन्दरि नारिहेरु बहुतै ❋ खित्का त्यजी दृढ् परी ॥
फेरी ती सखि सर्वले तब भने ❋ कस्ता तबर्ले गई ।
हाँकौली रथ हे सखी ! समरमा ❋ जान्ने बहुतै भई ॥

(१८)

जान्दीनौ कवचै लगाउन तिमी ❋ एती भनेथे जसै ।
पैह्रे अर्जुनले उही कवच पो ❋ सर्वाङ्ग ढाकी तसै ॥
देखे उत्तरले लगाइ कवचै ❋ चाँडै सखीले तहाँ ।
तैयारै ति भइन् भनेर तिनिले ❋ फेरी उसै बीचमा ॥

(१९)

लाए उत्तरले पनी कवच त्यो ❋ खूबै बलीयो अनी ।
भेजे एक सईसलाइ रथ लौ ❋ जोतेर ल्याऊ भनी ॥
ल्यायो है रथ सामुमा सइसले ❋ फेर् उत्तरैले तहाँ ।
चाँडो बस्न बृहन्नला कन भने ❋ जाई अगाडी महाँ ॥

(२०)

चाबुक् ली करमा ति अर्जुन बसे ❋ आई रथैमा जसै ।
आफू गै रथमा चढे धनु लिई ❋ ती राजपुत्रै तसै ॥
मैयाँलि तब आइ अर्जुनजिका ❋ साम्ने अगाडी महाँ ।
लागिन भन्न बृहन्नले ! सुन कुरा ❋ मेरा तिमीले यहाँ ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(२१)

द्रोणाचार्य र भीष्म आदि कुरुका ❋ वीरादिलाई जिती ।
तिन्का चित्र-विचित्र वस्त्र बहुतै ❋ ल्याए तिमीले थुती ॥
खेलौंला पुतली सबै सखिहरू ❋ एती नबिर्से भनी ।
मैयाँ साम्र तिनै खडी भइ रहिन् ❋ अत्यन्त नम्रै बनी ॥

(२२)

बृहन्नलाले पनि उत्ति खेरी । दीए जबाफै अलि हाँसि हेरी ॥
कुमारले गै कन युद्ध माहाँ । जीतेर ती कौरव वीर ताहाँ ॥

(२३)

तिन्का सबै वस्त्र उतारि मैले । लीनेछु सम्झी यहि वाक्य पैंह्ले ॥
पाई असल् वस्त्र लुगा गराई । खेल्नू हजुर्ले पुतली बनाई ॥

(२४)

कन्याहरूले उहि बीच माहाँ । छरेर पुष्पै रथलाइ ताहाँ ॥
घुम्दै गरे मङ्गल मत्स्य ल्याई । दही कल्शले अभिशेष् गराई ॥

(२५)

आएर विप्रादि अनेक ताहाँ । वेदध्वनी मङ्गल शब्द माहाँ ॥
गर्दै त्यहीं भूपकुमारलाई । आशिष् दिए युद्ध जितेर आई ॥

(२६)

एती गरेमा कुल-दीप भन्ने । हूनेछ कीर्ती यश खूब धन्य ॥
एती सुने अर्जुनले जसै ता । लगाम थामे करले तसै ता ॥

(२७)

कुमारले अर्जुनलाइ हेरी । बोले रथै हाँक्न न-लाइ देरी ॥
लौ-लौ हजुर्! हाँक्छु भनेर फेरी । हाँसेर हाँके रथ उत्ति खेरी ॥

कौरवका डरले उत्तर भाग्दा अर्जुनले पक्रनु

(१)

हाँकी त्यै रथ वीर अर्जुनजिले ❋ क्यै दूर ल्याए जसै ।
बोले बात कुमारले खुशि भई ❋ श्रीपार्थलाई तसै ॥
भेट्टाऊ रथ हाँकी कौरव कनै ❋ जितूछू म युद्धै गरी ।
सारा गाइ फिराउँछू बुझ तिमी ❋ एक्लै अगाडी सरी ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(२)

आज्ञा एति सुनेर उत्तरजिको ❋ श्रीपार्थले त्यै घरी ।
हाँकीयो रथलाइ वायु-गतिले[1] ❋ साम्ने मुहूँडा गरी ॥
पुग्यो त्यै रथ ता मशान् नजिकमा ❋ देखे रथीले[2] तहाँ ।
ठूलो सैन्य छ कौरवादिहरुको ❋ केही अगाडी महाँ ॥

(३)

घोडा हात्ति रथादि धेर हुन गै ❋ ठूलो समुद्रै सरी ।
सेना कौरवको नजर गरि तहाँ ❋ चिन्ता मनैमा धरी ॥
भन्छन् उत्तरले उसै समयमा ❋ मेरो रथै यै घरी ।
फर्काऊ यिनि सीत जित्छ कसले ? ❋ जाइन्छ पक्का मरी ॥

(४)

आङ् मेरो त जुरुङ्ग गर्छ अहिले ❋ डर् पस्न गै चित्तमा ।
ठूलो फौज रहेछ युद्ध गरनै ❋ सक्तीनँ मैले यहाँ ॥
ती दुर्योधन कर्ण भीष्महरु छन् ❋ जम्मा भएका सबै ।
मैले लड्नु[3] कसोरि साम्नु यिनका ❋ सक्तीनँ टिक्नै कबै ॥

(५)

तेजस्वी र पराक्रमी यि सब छन् ❋ मैले अगाडी सरी ।
लड्नू कुन् रितले? अवाक् हुन गएँ ❋ गिर्नेछु मूर्छा परी ॥
एती बात् गरि मूर्ख उत्तर अनी ❋ रोएर साम्नू महाँ ।
लागे गर्न विलाप लड्दिन भनी ❋ तिन्का सँगैमा तहाँ ॥

(६)

भन्छन् बालक छू म कुन् रित लडूँ ❋ एक्लै लडाईं महाँ ।
फर्काऊ रथ हे बृहन्नल ! तिमी ❋ बिन्ती म गर्छू यहाँ ॥
यो हाल् राजकुमारको नजर भै ❋ श्रीपार्थजीले पनी ।
भन्छन् आज कुमार ! बात कसरी ❋ बोल्छौनि कातर् बनी ॥

(७)

पैले कुन् मुखले भन्यौ महलमा ❋ जीत्छू म बैरी भनी ।
ऐले यिन् कन देख्दै भय लिई ❋ भन्छौ म भाग्छू भनी ॥
गाईलाइ न-ली गयौ यदि भने ❋ सारा जनानाहरू !
गर्नेछन् खिसि खुब् भनेर मनले ❋ मैले बखान् के गरूँ ॥

१ हावाको चालले । २ उत्तर कुमारले । ३ युद्ध गर्नू ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(८)

सारा गौ नफिराइ यो घरि म ता ❀ फर्कन्न दरबारमा ।
युद्धै पर्दछ गर्नु हामिहरुले ❀ गौ - चोरका साथमा ॥
क्षत्री भै कन डर् लिएर मनमा ❀ यो ज्यान् बचाऊँ भनी ।
भाग्नू ता छ अयोग्य[1] हुन्न यसरी ❀ भाग्नू भगूवा बनी ॥

(९)

भन्छन् उत्तरले सुनेर इ कुरा ❀ रूँदै अगाडी सरी ।
लुट्छन् कौरवले भने धन लुटुन् ❀ अन्याय ठूलै गरी ॥
खोपीमा बसने ति नारिहरुले ❀ देखी मलाई तहाँ ।
हाँस्छन् ता बरु हाँस्न द्यौ मकन क्यै ❀ दुख् हुन्न है चित्तमा ॥

(१०)

बूबाको भय मान्दछू म अरुको ❀ डर् मान्छु कस्को यहाँ ।
यो ज्यान् मात्र बचोस् हुनेछ बढिया ❀ बाँचेर संसारमा ॥
जाउन् गौ कि रहुन् मलाइ रति भर् ❀ लाग्दैन फिक्री पनी ।
भन्दै राजकुमार ता कुदि गए ❀ जान्छू शहर्मा भनी ॥

(११)

हाम्फाली[2] रथ देखि उत्तर छिटै ❀ आई भुमीमा[3] अनी ।
आँटे भाग्न जसै ति अर्जुनजिले ❀ भन्छन् बुझाऊँ भनी ॥
के निम्ती यसरी डराउनु पऱ्यो ❀ यस्ता तवर्ले गरी ।
भाग्नू क्षत्रिय धर्म हुँदैन बुझि ल्यौ ❀ वीरादि देखी डरी ॥

(१२)

भाग्नू चाहिं त मर्नु बेस् छ रणमा ❀ साम्ने लडाईं गरी ।
क्षत्री भै कन धर्म त्याग्छ कसले ❀ अत्यन्त डर्मा परी ॥
एती बात् गरि पार्थले पनि त्यसै ❀ हाम्फालि झट् भूमिमा ।
दौडी पक्रुँ भनेर उत्तर कनै ❀ खुब् वेगले झट् तहाँ ॥

(१३)

दौड्दा अर्जुनले झुलेर चुलठो ❀ वस्त्रादि लाल् ऊडदा ।
शोभा देखि विचित्र कौरवहरू ❀ हाँसेर त्यौं बीचमा ॥
लागे भन्न कउन् रहेछ जन त्यो ❀ देख्दा त शण्डे[4] सरी ।
आफ्नू भेष छिपाइ वीर कुन पो ❀ आयो यहाँ यस् घरी ॥

---

१ अनुचित । २ फालहाली । ३ पृथ्वीमा । ४ हिजडा ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(१४)

छाँट्‌काँट्‌ अर्जुनकै सरी छ जिउ ता ❋ देख्दा छ क्लीबै सरी ।
हो या पार्थ अवश्य लीन बदला ❋ आयो यहाँ यस्‌ घरी ॥
हाम्रा सम्मुख पार्थ छोडि अरु कुन्‌ ❋ पर्थ्यो जगत्‌ भर्‌ महाँ ।
यौटा पुत्र विराटको छ अहिले ❋ यो मत्स्यका देशमा ॥

(१५)

पारी सारथि पार्थलाइ अहिले ❋ ती राजपुत्रै यहाँ ।
आएछन्‌ बुझियो परन्तु कटकै ❋ देखेर साम्ने महाँ ॥
देखी कौरव वीरलाइ विचरा ❋ सातो हराए सरी ।
भागे पक्रनलाइ अर्जुन पनी दौडे ❋ छिटो चाल्‌ गरी ॥

(१६)

यस्तै तर्क गरेर कौरवहरू ❋ बात्‌ गर्दथे सैन्यमा ।
पार्थैको नकली लवाइ हुन गै ❋ चिन्नै सकेनन्‌ तहाँ ॥
एसै औसरमा ति अर्जुनजिले ❋ ती उत्तरैको पनी ।
पक्रे जुल्फि बढाइ हात उ बखत्‌ ❋ भाग्छौ वृथा के भनी ॥

(१७)

कुमार भन्छन्‌ अति रोइ ताहाँ । बृहन्नले ! प्यारि ! बचाउ याहाँ ॥
फर्काउँदै यो रथ दूर जाऊ । उमेरमा बालक छू बचाऊ ॥

(१८)

लड्दा यहाँ कौरवले मलाई । मार्छन्‌ अवश्यै रति बेर्‌ न लाई ॥
बिन्ती छ है लड्दिन आज याहाँ । मेरो हरे ! तागत पुग्छ काहाँ ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(१९)

सुन्-चाँदि-रत्नादि र हात्ति-घोडा। दिन्छू तिमीलाइ अशर्फि तोडा॥
सुवर्णको स्यन्दन[1] दिन्छु मैले। यो ज्यान् बचाऊ यति भन्छु मैले॥

(२०)

यस्तै कुरा धेर गरेर ताहाँ। हुँदै थिए उत्तर भूमि माहाँ॥
देखी नदेखे सरि उत्ति खेर। तानेर ल्याए रथ आफु नेर॥

(२१)

हाँसी अर्जुनले भने उहि बखत् ❋ तिम्ले नलड्ने भई।
हाँकी देउ यही रथै कन तिमी ❋ रासै[2] उपर्मा गई॥
लड्छू कौरव सीत आज रणमा ❋ मेरो छ शक्ती कती।
देखौला तिमि आज सारथि भई ❋ आनन्द मानी अती॥

(२२)

ऐह्ले वीर महारथी अधिक छन् ❋ भन्दै डराई यती।
क्षत्री भैकन धैर्य छोड्नु घटिया ❋ ठान्छू म यस्तो मती॥
आऊ लौ रथ हाँकि देउ तिमिले ❋ मैले अगाडी सरी।
मारी कौरवलाइ गाइ सहजै ❋ फर्काउँछू यस् घरी॥

(२३)

एती बात भनी बुझाइ मन खुब् ❋ राम्रै तवर्ले तहाँ।
पार्थैले समझाउँदा तिनि चढे ❋ शङ्का लिंदै चित्तमा॥
आज्ञा दीकन ती कुमारकन फेर् ❋ हाँकी मशाने महाँ।
ल्याए त्यै रथ त्यो शमी तरु[3] तिरै ❋ ठाडो उँचा भीरमा॥

अरि-गणले अर्जुनलाई चिनी डराउनु

(१)

त्यस् बेला तिनलाइ देखि रथमा ❋ श्रीभीष्म द्रोणै अनी।
माने कौरव सैन्यले सहितका ❋ श्रीपार्थ आए भनी॥
देख्दामा अशकुन् ति द्रोण गुरुले ❋ शङ्का लिई चित्तमा।
लागे भन्न तहाँ ति वीरहरुका ❋ पूगी अगाडी महाँ॥

१ रथ। २ कोचवान बस्ने ठाउँमा। ३ रूख।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(२)

देख्छू फौज विषे छ घेर अशकुन् ❋ मैले यही स्थानमा ।
तातो वायु चलेर कङ्कडहरू ❋ उडेर झर्छन् यहाँ ॥
रङ्गै ता नभको[1] पनी बद्लियो ❋ देख्छू खरानी सरी ।
देख्छू मन्द भएछ सूर्य-किरणै ❋ मानू ग्रहण् झैं गरी ॥

(३)

आफैं बाहिर म्यान बाट तरवार् ❋ निस्कन्छ ऐह्ले यहाँ ।
श्याल् गिद्धैहरु बोल्दछन् सबतिरै ❋ डर् लाग्छ सुन्दा महाँ ॥
आँखा बाट चुहाइ आँसु बहुतै ❋ हाम्रा यि घोडाहरू ।
रुन्छन् फौज भरी ठुलो अशुभ हो ❋ भन्ने कुरा के गरूँ ॥

(४)

हाम्रा दिव्य ध्वजाहरू इ जति छन् ❋ हल्लेर आफैं यहाँ ।
आउने दुःखकै त सूचन यिनै ❋ दिन्छन् कि सेना महाँ ॥
रक्षा गौहरुको गरेर सबले ❋ उत्साह ठूलो लिई ।
आफ्नू व्यूह[2] बनाइ पर्खि रहुँ लौ ❋ सङ्ग्राममा मन् दिई ॥

(५)

ठान्छू है म त यो नपुंसक सरी ❋ जो भेष-धारी यहाँ ।
त्यो ता पार्थ भनेर जान सबले ❋ हुन्थ्यो अरू पो कहाँ ॥
पार्थै हुन् अरु कोहि ह्वैन यिनले ❋ सङ्ग्राम ठूलो गरी ।
लैजानन् सब गाइलाइ सहजै ❋ शेखी सबैको हरी ॥

(६)

जस्ले हान्दछ बाण वाम करले ❋ ती पार्थ वीरै यहाँ ।
आए लड्न भनेर आज बुझ लौ ❋ हाम्रा अगाडी महाँ ॥
साक्षात् इन्द्र सरी ति अर्जुन यहाँ ❋ मन्मा ठुलो रिस् गरी ।
आए लड्न भनेर टिक्छ कुन है ! ❋ यिन्का अगाडी परी ॥

(७)

सूनेको पनि छू हिमालय विषे ❋ साक्षात् किराती बनी ।
आएका शिवलाइ युद्ध गरदा ❋ खूशी गराए भनी ॥
द्यौता दानव वीरमा यदि कुनै ❋ हाम्रा तरफ्मा परी[3] ।
आउन् ता पनि जित्तछन् यि सहजै ❋ भारी लडाइं गरी ॥

१ आकाशको । २ किला वा किल्ला । ३ भएर ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(८)

तिन्का कुरा एति सुनेर ताहाँ । ती कर्ण भन्छन् उहि बीच माहाँ ॥
तारिफ् गरी अर्जुनका गुणैको । के काम सल्लाह दिनू परेको ॥

(९)

रोजै थि आचार्य[1] यही तवर्ले । गाएर गुण् अर्जुनकै रहर्ले ॥
हाम्रो त निंदा गरि वाक्य बोल्छन् । होच्याइ फेरी मनलाइ पोल्छन् ॥

(१०)

डर् मान्दछू के म कि पार्थ[2] देखी । दीनेछु युद्धै बिच तोडि शेखी ॥
हाम्रा दशै खण्ड विषे पनी त्यो । पुग्ने न एकै पनि त्यो ठुलो भो ॥

(११)

भन्छन् ति दुर्योधन जल्दि ताहाँ । पार्थै भए बन्दछ कार्य याहाँ ॥
जाहेर् भए फेरि ति बाह्र वर्ष । जानन् ति पाँचै[3] बन-वास तर्फ ॥

(१२)

पार्थै न भै होस् अरु कोहि शण्ड । हानी तिखा बाणहरू अखण्ड ॥
दिन्छु गिराई रण - भूमि माहाँ । बाँच्ला उही शण्ड[4] कसोरि याहाँ ॥

(१३)

सूनी कुरा भूपतिका समस्त । भीष्मादिले ता उ बखत् प्रशस्त[5] ॥
तारिफ् गरी बेसरि सामु माहाँ । भन्दा भए धन्य ! भनेर ताहाँ ॥

पार्थले उत्तरलाई पाण्डवको शस्त्र ल्याऊ भन्नु

(१)

पार्थैले ति विराट - पुत्र कन फेर् ❋ प्यारो बहूतै गरी ।
लागे भन्न कुमार ! सोहि शमिका ❋ रुख् माथि ऐह्ले चढी ॥
पोको पाण्डवको छ शस्त्रहरुको ❋ ल्याऊ उतारी यहाँ ।
आफ्ना ली हतियार शत्रु कन झट् ❋ जित्छू लडाइँ महाँ ॥

(२)

ठूलो सुन्दर लामु जो छ धनुमा ❋ रङ्को सुनौला सरी ।
सोही गाण्डिव नामको धनुष हो ❋ लेऊ पहीचान् गरी ॥
पाँचै पाण्डव वीरका धनुष छन् ❋ अत्यन्त राम्रा अनी ।
राखेको छ अनेक शंख कवचै ❋ ठोक्रा र तर्वार् पनी ॥

१ गुरु । २ अर्जुन । ३ पाँचै भाईहरू । ४ नपुंसक । ५ धेरै ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उत्तरले रूख चढी धनुहरू ल्याई अर्जुन नेर जानु

(३)

कुमार भन्छन् यति सूनी ताहाँ । सुन्थें छ मुर्दो भनि वृक्ष माहाँ ॥
त्यस्लाइ लौ स्पर्श-गरूँ कसोरी । के बात भन्छौ तिमिले यसोरी ॥

(४)

जन्मेर क्षत्री भइ लोक माहाँ । मुर्दा कसोरी छुनु आज याहाँ ॥
हुनेछु अस्पर्श छुँदा अहीले । छुवौला मलाई कसरी तिमीले ॥

(५)

हाँसेर भन्छन् तब पार्थ ताहाँ । मुर्दा रहन्थ्यो किन एस माहाँ ॥
धनू र बाणैहरु छन् रहेका । डर्छौ सुनी बात् अरूले भनेका ॥

(६)

कुमारलाई मइँले यसोरी । मुर्दा तिमी छोड भनी कसोरी ॥
भन्दो हुँ झट् जाउ लिएर आऊ । यस् कामका खातिर बेर् नलाऊ ॥

(७)

कान्मा कुण्डल-धारि राजसुत ती ❋ सूनेर चाँडै गरी ।
उत्री त्यस् रथ बाट जाइ शमिका ❋ रुख्मा तुरुन्तै चढी ॥
छोपेको सब थोक् हटाइ गठरी ❋ लीएर पृथ्वी महाँ ।
आई बन्धन तोडि ती धनुहरू ❋ झीकी लिए छिन् महाँ ॥

(८)

धेरैनै धनु बीच गाण्डिव धनू ❋ थीयो चमक्ले तहाँ ।
दोस्रो सूर्य सरी प्रकाशित भयो ❋ पूरा दशै दिक् महाँ ॥
त्यो हाल् देखि डराइ विह्वल भए ❋ ती बालकै त्यस् घरी ।
ढुक्-ढुक् छाति गरी झसङ्ग मन भो ❋ आश्चर्यमा पो परी ॥

उत्तरले अर्जुनसँग शस्त्रका सम्बन्धमा सोध्नु

(१)

फेरी धैर्य गरेर उत्तर तिनै ❋ छाम्दै धनू ती तहाँ ।
लागे सोध्न बृहन्नला कन तसै ❋ तारीफका वाक्यमा ॥
सौ थोप्ला सुनको छ जौन धनुमा ❋ कस्को धनू हो अनी ।
सुन्को हात्ति छ पीठमा उ धनु हो ❋ कुन् वीरको यो पनी ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(२)

हेर्नोस् यो धनुषमा असङ्ख्य पुतली ❋ जुन् इन्द्रगोपै तिनी ।
धेरै चित्रित छन् सुनौलि रङ्का ❋ अत्यन्त राम्रा बनी ॥
कस्को हो धनु यो बताउनु हवस् ❋ मेरा अगाडी यहाँ ।
देखी छक्क म पर्छु वीर कुनले ❋ लिन्थे धनू हातमा ॥

(३)

जस्मा सूर्य त प्रष्ट छन् तिन वटा ❋ अत्यन्त राम्रा धरी ।
भन्नोस् यो धनु वीर चाहिं कुनले ❋ लिन्थे सदा हर् घरी ॥
यो अर्को धनु हेर्नुहोस् सलहका ❋ मूर्ती सुनौला भई ।
शोभा दिन्छ निकै त वीर कुनले ❋ लिन्थे रणैमा गई ॥

(४)

हज्जारौं शर अग्रभाग बिचमा ❋ टुप्पा सुनौला बनी ।
ठोक्कामा छ मलाइ भन्नु अब होस् ❋ यस्का यिनै हुन् भनी ॥
कस्का हुन् शर पङ्खले सहितको ❋ तीखो बनेको अनी ।
यो कालो धनु पाँच सिंह जसमा ❋ देखिन्छ को हो धनी ॥

(५)

यी छुरी र कटारि खड्गहरु छन् ❋ राम्रा निकै दाबमा ।
धेरै छन् शर वीर कुन् अघि सरी ❋ लिन्थे सदा हातमा ॥
छूँदामा त विषालु सर्प सरि छन् ❋ डर्लाग्छ मन्मा अती ।
कस्का हुन् यि सबै बताउ म कनै ❋ ढीलो नलाई रती ॥

अर्जुनले पञ्चपाण्डवका हुन् भनी कुमारलाई भन्नु

(१)

यी कूरा नृप-पुत्रका सुनि सकी ❋ ती पार्थले त्यै घरी ।
भन्छन् राजकुमार ! चाप पहिले ❋ तिम्ले लिएथ्यौ धरी ॥
कस्को हो भनि सोधनी गरि लियौ ❋ मेरा अगाडी महाँ ।
पार्थैको धनु हो भनेर तिमिले ❋ जानी लिए चित्तमा ॥

(२)

एसैले जय दिन्छ भारि रणमा ❋ मारेर लाखौं अरी ।
पार्थैको यहि एक मुख्य हतियार् ❋ हो जान प्राणै सरी ॥
नाऊँ गाण्डिव हो सुरासुर सबै ❋ देखे भने यै धनू ।
गर्छन् प्रेम-प्रणाम दिव्य धनु हो ❋ धेरै म लौ के भनूँ ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(३)

पैह्ले दिव्य हजार वर्ष धनु यो ❋ ब्रह्माजि काहाँ रह्यो ।
ब्रह्माले दिनु भै प्रजापतिजिको ❋ पास्मा तुरुन्तै गयो ॥
तिन्ले पाँच् सय तीन वर्ष धनु यो ❋ लीएर फेरी अनी ।
दीए इन्द्रजिलाइ गाण्डिव धनू ❋ लेऊ तिमीले भनी ॥

(४)

फेरी एहि धनू पचासि वरषै ❋ श्रीइन्द्र काहाँ रही ।
तिन्ले यै धनु चन्द्रमा कन दिए ❋ अत्यन्त खूशी भई ॥
राखे यो धनु पाँच सौ वरष तक् ❋ श्रीचन्द्रमाले अनी ।
दीए श्री जलदेवता[1] कन यहाँ ❋ बैरी हटाऊ भनी ॥

(५)

सौ वर्षै करमा लिए वरुणले ❋ सोही र आखीरमा ।
दीए अर्जुनलाइ खूब खुशि भै ❋ सोही छ ऐह्ले यहाँ ॥
एसैलाइ भिरेर अर्जुनजिले ❋ पैंसट्ठि सालै गयो ।
यस्ले जित्छ सुरासुरै कन सदा ❋ प्रख्यात[2] गाण्डीव हो ॥

(६)

फेरी जौन धनू लिएर तिमिले ❋ कुन् वीर भिर्थे भनी ।
सोध्यौ जुन् धनुमा छ बिन्दु[3] बहुतै ❋ राम्रो सुनैको पनी ॥
शोभायुक्त छ भीमको धनु उही ❋ तिम्ले भनी जानि ल्यौ ।
जीते पूर्वदिशा लिएर धनु यै ❋ श्रीभीमले ठानि ल्यौ ॥

(७)

जस्मा खुब् पुतली छ सुन्दर अती ❋ सुन्कै बनेको पनी ।
सोही हो धनु श्री युधिष्ठिरजिको ❋ अत्यन्त राम्रो छ नी ॥
जस्का पीठ तिरै बनी तिन वटा ❋ श्रीसूर्य सुन्का यहाँ ।
झल्-मल् गर्दछ सो धनू नकुलको ❋ जानी लिए चित्तमा ॥

(८)

फेरी जुन् धनुमा छ बेस् सलह पो ❋ देखिन्छ राम्रो अती ।
जानी ल्यौ सहदेव माद्रि - सुन हुन् ❋ सोही धनूका पती[4] ॥
ठोक्रो एक सहस्र बाण सितको ❋ प्वाँखले समेतै छ जो ।
देख्दा सर्प विषालु झैं अति तिखो ❋ त्यै पार्थको चीज हो ॥

१ वरुणजी । २ प्रसिद्ध । ३ थोप्ला । ४ मालिक ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(९)

त्यागदा अर्जुनले यिनै शरहरू ❀ जान्छन् ति बेगै धरी।
शत्रूलाइ त मारि फर्कि बसछन् ❀ ठोक्रै विषे झट् परी॥
मोटा लाम्रु ति अर्ध - चन्द्र सरिका ❀ जुन् बाण देख्छौ यहाँ।
बाणै हुन् तिनि भीमका बुझ तिमी ❀ कालै ति हुन् वैरिका॥

(१०)

जुन् ठोक्रा बिच सिंहको स्वरुप भै ❀ राम्रो छ देख्दा महाँ।
सुन्का पङ्ख समेतका शर तिखा ❀ हर्दम् रहन्छन् जहाँ॥
त्यै ठोक्रो भिरि माद्रि - पुत्र बलवान् ❀ श्रीमान् नकूलै गई।
जीती पश्चिमदेश ली कर फिरे ❀ अत्यन्त खूशी भई॥

(११)

लोहाका जति बाण छन् अति तिखा ❀ देख्दा त सूर्यै सरी।
ती हुन् है सहदेवका शर बुझे ❀ जो शत्रु माथी परी॥
बज्रैको जिउ होस् तथापि सहजै ❀ छेडेर जाला पसी।
लिन्छन् प्राण तुरुन्त युद्ध-भुमिमा ❀ मर्छन् ति बैरी खसी॥

(१२)

युद्धै पर्दा बैरिको मर्म ताक्ने। जस्मा धार् छन् तिन् तिरै खूब लाग्ने॥
टुप्पो सुन्झैं चम्कने खुब् भएको। बाणादी हुन् श्रीयुधिष्ठीरजीको॥

(१३)

भ्याग्तो जस्तै छेउ राम्रो मजाको। पिठ्मा त्यस्तै रूपले नै सजेको॥
युद्धैमा गै शत्रुको प्राण तान्ने। पार्थैको हो खड्ग त्यो मार हान्ने॥

(१४)

आर्को चाहीं केहि लामू भएको। बाघ्-छालाका दाब-मध्ये रहेको॥
शत्रूलाई डर् दिई रक्त खाने। खड्गै हो यो भीमको एति जाने॥

(१५)

तेस्रो चाहीं खड्ग जस्का त मुठ्मा। सुन्का बुट्टा धेर छन् चार खुट्मा॥
अद्भुत् राम्रो दाबमा राखिएको। ज्येठा पाण्डु-पुत्रको मानिएको॥

(१६)

छालाको जुन् कोषमा टम्म पारी। राखेको हो तौलमा खूब भारी॥
ज्येठा माद्री-पुत्रको खड्ग त्यै हो। शत्रू काट्ने युद्धमा साथि ये हो॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(१७)

साबर्को खोल् छाँटिलो खुब् बनाई। राम्रा चाल्ले राखिएको जमाई॥
कान्छा माद्री-पुत्रको खड्ग हो यो। यस्ले धेरै वैरिको रक्त पीयो॥

अर्जुनले हेतु सहित आफ्नू दश नाम बताउनु

(१)

सोधे उत्तरले यती सुनि सकी ❋ फेर् पार्थका साथमा।
जस्का हुन् हतियार् यिनै त अहिले ❋ छन् पाण्डवादी कहाँ॥
जूवाले निज राज्य हारि वनमा ❋ पाँचै गएछन् भनी।
सूनेको त थिएँ अरू खबर ता ❋ पाइन केही पनी॥

(२)

के गर्छन् तिनि पाँच भाइ वनमा ❋ कस्ता तवर्ले रही।
निर्वाहा गरदा हुनन् दुःख ठुलो ❋ आफ्ना नसिब्को सही॥
पाञ्चाली सुखमा रहेकि युवती ❋ रानी अती सुन्दरी।
जङ्गल्मा ति कसो गरी रहँदि हुन् ❋ सेवा पतीको गरी॥

(३)

साह्रै चित्त दुखाइ यस् तरहले ❋ सोधे तिनीले जसै।
भेदै खोल्छु भनेर अर्जुन पनी ❋ क्यै भन्न लागे तसै॥
तिम्रा सामु सदा नपुंसक[1] बनी ❋ बस्ने त पार्थ[2] म हुँ।
हामीले जति दुःख हो सब सह्यौं ❋ धेरै यहाँ के कहूँ॥

(४)

भान्से बल्लभ नामका जउन छन् ❋ तिम्रा पिताका पनी।
तिम्ले निश्चय जानि ल्यौ यस बखत् ❋ श्री भीम ती हुन् भनी॥
साथैमा रहने विराट-नृपका ❋ खेल्ने त्रिपाशा तहाँ।
जस्को नाम छ कङ्क ब्राह्मण भनी ❋ प्रख्यात[3] यै देशमा॥

(५)

हाम्रै दाज्यु ति हुन् युधिष्ठिर भनी ❋ जानी लिए चित्तमा।
घोडा फेर्न सिपालु छन् नकुलजी ❋ बस्छन् तबेला महाँ॥
गोठैमा अफिसर् भएर रहने ❋ भेषादि त्यस्तै घरी।
भाई हुन् सहदेव जान तिमिले ❋ विश्वास यस्मा गरी॥

१ हिजडा। २ अर्जुन। ३ प्रसिद्ध।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(६)

सैरन्ध्री कन जान द्रौपदि भनी ❋ जस् माथि आशक् भई ।
वंशैका सँग कीचकै मरि गयो ❋ मारे वृकोदर्[1] गई ॥
यस्ता बात् सुनि फेरि उत्तर पनी ❋ भन्छन् कसोरी यहाँ ।
तिम्रो बात पत्याउँ लौ भन सखी ! ❋ मेरा अगाडी महाँ ॥

(७)

छन् है नाम दशै ति अर्जुनजिका ❋ भन्थे सबैले पनी ।
के हुन् ती दश नाम अर्जुनजिका ❋ देऊ मलाई भनी ॥
तिम्ले ती सब नाम पो यदि भन्यौ ❋ पत्यार मान्छू यहाँ ।
के गर्दा कुन नाम भो भन सबै ❋ विस्तारका साथमा ॥

(८)

यस्तो आग्रह देखि अर्जुनजिले ❋ तिन्का अगाडी महाँ ।
लागे भन्न म भन्छु नामहरु ती ❋ ऐले गनाई[2] यहाँ ॥
सारा देश जितेर दौलत खुबै ❋ राख्दा ढुकूटी भरी ।
मेरो नाम यही धनञ्जय भनी ❋ राखे खुशीले गरी ॥

(९)

युद्धैमा सब वीर भूपतिहरू ❋ जीती लिंदामा तहाँ ।
भन्छन् लोकहरू मलाइ विजयी ❋ जीत्ने हुनाले यहाँ ॥
सेता अश्वहरू[3] जुताइ रथमा ❋ हिंड्ने हुनाले गरी ।
भन्छन् मानिस श्वेत-वाहन भनी ❋ बोलाउँदा हर् - घरी ॥

(१०)

जन्मै मेरो उत्तरा फाल्गुनीमा । हूँदा खेरी यै हिमाद्री[4] मनीमा ॥
नक्षत्रैका नामले पो मलाई । भन्छन् फाल्गुन् लोकले हर्ष पाई ॥

(११)

पैह्ले दानव सीत युद्ध परदा ❋ देवेन्द्रले त्यै घरी ।
हातैले पहिराउँदा मुकुट ता ❋ अत्यन्त प्यारो गरी ॥
यै निम्ती म कनै किरीटि सबले ❋ भन्छन् पुकार्दा महाँ ।
सून्यौ नाम त पाँच फेरि म उती ❋ भन्दै छु ऐले यहाँ ॥

---

१ भीम । २ गिन्ती गरेर । ३ घोडाहरू । ४ हिमाचल पर्वत ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(१२)

युद्धैमा विभत्स[1] कर्म कहिल्यै ❋ गर्दीन कस्तै गरी ।
भन्छन् लोकहरू विभत्सु म कनै ❋ यै हेतु पृथ्वी भरी ॥
लींदा गाण्डिव हातमा द्विकरले ❋ तीखा शरादीहरू ।
सक्छू हान्न र सव्यसाचि म कनै ❋ भन्छन् ति प्राणी अरू ॥

(१३)

मेरो अर्जुन नाम चार खुटमा ❋ कीर्ती हुनाले रह्यो ।
छोरो भै सुर-राजको[2] म बलियो ❋ जिष्णू भनी नाम भो ॥
केटाकेटी हुँदा थिएँ म बहुतै ❋ कालो जिऊको पनी ।
बाबाले यहि निम्ति कृष्ण म कनै ❋ भन्थे छ कालो भनी ॥

(१४)

अर्जुन फाल्गुन फेर् किरीटि उ पछी ❋ फेर् श्वेतवाहन् अनी ।
बीभत्सू विजयै र कृष्ण अनि फेर् ❋ जिष्णू भनेको पनी ॥
सव्यैसाचि अनी धनञ्जय म हूँ ❋ नामै दशोटा महाँ ।
प्रेमैले गरि हे कुमार ! मइँले ❋ दीएँ बताई यहाँ ॥

(१५)

नामै सुन्दा अर्जुनैका त ताहाँ । पत्याऊँ दै बेसरी चित्त माहाँ ॥
भन्छन् तिन्ले[3] त्यै बखत् हात जोरी । मीठो बोली प्रेमले सुस्त[4] बोली ॥

(१६)

ठूला अनादर गरें मइँले नजानी ।
बोल्दा निकै चुक भयो सखि-तुल्य मानी ॥
हे रक्त नेत्र ! उहि भूल म माफ पाऊँ ।
स्वामिन् ! क्षमा गरनुहोस् अब पर्छु पाऊ ॥

(१७)

पैह्लेका सब काम ता हजुरका ❋ सम्झी भयादी[5] जती ।
सारा नष्ट भई गयो म कन ता ❋ उत्साह भै गो अती ॥
साक्षात् आज किरीटिनै[6] सँग हुँदा ❋ भारी भरोसा भयो ।
हुन्छू आज म सारथी हृदयको ❋ चिन्ता हराई गयो ॥

१ खराब काम । २ इन्द्रको । ३ उत्तर कुमारले । ४ विस्तारै । ५ भयहरु । ६ अर्जुन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उत्तर-कुमारले शङ्का गर्नु

(१)

कूरा उत्तरका सुनेर अनि फेर् ❋ तिन्‌लाइ हेरी तहाँ ।
भन्छन् अर्जुनले सबै इ हतियार् ❋ मेरा जती छन् यहाँ ॥
ल्याई यै रथमा त राख तिमिले ❋ ठोक्का शरैका अनी ।
ल्याऊ खड्‌ग ठुलो सुवर्ण-मुठको ❋ अत्यन्त राम्रो पनी ॥

(२)

केही ता डर है नलेउ मनमा ❋ मैले लडी यस् घरी ।
तिम्रा बैरि हटाइ दिन्छु सहजै ❋ वर्षा शरैको गरी ॥
गाईलाइ फिराइ दिन्छु तिमिले ❋ अश्वादि हाँक्ने पऱ्यो ।
मेरा ती हतियार राखि रथमा ❋ बाँकी त धर्नू पऱ्यो ॥

(३)

लींदै गाण्डिव हातमा रथ चढी ❋ बस्‌दा हुँदी यस् घरी ।
शत्रूका सब फौज नष्ट गरुँला ❋ छिन्‌मा लडाई गरी ॥
मैलाइ पनि जित्न सक्छ कसले ? ❋ सम्पूर्ण जित्ने म हूँ ।
चिन्तालाइ त्यजेर लौ रथ यही ❋ तिम्‌ले त हाँकी रहू ॥

(४)

तिन्‌ले एहि कुरा सुनी कन भने ❋ साथी हजूरै रही ।
केही मान्दिन है म ता भय कबै ❋ कांतर् समाने भई ॥
साक्षात् कृष्ण र इन्द्र झैं हजुरका ❋ साथै छु एह्ले यहाँ ।
शङ्का एक फगत् पऱ्यो गरुँ कसो ❋ मेरा यही चित्तमा ॥

(५)

यौटा बालक हूँ अजान म भएँ ❋ यस् निम्ति शङ्का परी ।
गर्छू प्रश्न बताइ बक्सनु हवस् ❋ शङ्का मनैको हरी ॥
राम्रा लक्षण युक्त भै हजुरले ❋ कुन् पापको दुख् सही ।
बस्नू आज पऱ्यो बताउनु हवस् ❋ स्वामिन् ! यसोरी यहीं ॥

(६)

हाँसी अर्जुनले भने सुन तिमी ❋ हुन्थें म शण्डै कहाँ ।
आज्ञा मानि म दाज्युको भइ गएँ ❋ एह्ले त क्लीबै यहाँ ॥
वर्षैं एक म ब्रह्मचर्य धरुँला ❋ भन्ने प्रतिज्ञा गरी ।
सोही वर्ष पुरा गरें महलमा ❋ नृत्यादिमा मन् धरी ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(७)

यस्ता बात सुनी कुमार खुशि भै ❋ हाँसेर ऊठे अनी ।
पार्थैका हतियार् धरे रथ महाँ ❋ आज्ञानुकारी बनी ॥
बाँकी शस्त्रहरू लगेर शमिका ❋ रुख्मा लुकाई दिए ।
आई स्यन्दनमा ति उत्तरजिले ❋ बाग्डोर पक्री लिए ॥

(८)

कुमारले फेर् उहि बीच माहाँ । भन्दा भए अर्जुनलाइ ताहाँ ॥
हाँक्ने करम् जान्दछु खूब मैले । शिक्षा लिएँथे गुरु देखि पैले ॥

(९)

चारै यि घोडा रथमा रहेका । श्रीकृष्णका अश्व सरी भएका ॥
छन् वायुवेगी अब हाँक्छु मैले । एही हजुर् लायकको छ ऐले ॥

(१०)

हाँसी अर्जुनले उसै समयमा ❋ आफ्ना ति बाला अनी ।
सुन्का चूरिहरू फुकालि कन झट् ❋ फाले पुरुषै बनी ॥
आफ्ना केश ति श्वेत-वस्त्र धरदै ❋ बाँधे जटा झैं गरी ।
पैह्रे फेर् कवचादि स्वर्णमय त्यै ❋ ठिक् वीर प्राणी सरी ॥

(११)

एती काम गरेर पूर्व फरकी ❋ एकाग्र चित्तै गरी ।
ध्यानै अस्त्र समस्तको गरि लिए ❋ श्री पार्थले त्यै घरी ॥
सारा अस्त्रहरू मनुष्य सरि भै ❋ आएर सामू महाँ ।
लागे भन्न बहूत नम्र त भई ❋ श्री पार्थलाइ तहाँ ॥

(१२)

आयौं हामिहरू अगाडि अहिले ❋ आज्ञा हवस् क्यै भया ।
हाम्रा लायक कार्य क्यै कहनु होस् ❋ राखेर मन्मा दया ॥
यस्ता बात सुनेर अर्जुनजिले ❋ तिन्लाइ छोई तहाँ ।
लागे भन्न म सम्झुँला जब सबै ❋ आए रणैमा वहाँ ॥

(१३)

आऊँला सब हामि त्यै बखतमा ❋ एता भनी त्यै घरी ।
सारा अन्तरध्यान भै गइ गए ❋ श्री पार्थले झट् गरी ॥
ताँदो गाण्डिवको चढाइ उ बखत् ❋ टङ्कार खूबै गरे ।
त्यस्को शब्द ठुलो भयङ्कर भयो ❋ मानू पहाडै जुधे ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(१४)

पृथ्वी कम्पित भै उसै समयमा ❀ आँधी चल्यो खुब् गरी ।
उल्कापात भई दिशाहरु भए ❀ ठिक् अन्धकारै सरी ॥
सुन्दा शब्द उही ति कौरवहरू ❀ भो वज्रपातै[1] भनी ।
कानैमा धरि हात विह्वल भए ❀ दुःखी बहुतै बनी ॥

(१५)

भन्छन् उत्तरले अतीरथि तथा ❀ माहारथी यी अरू ।
सेना कौरवका म देख्छु बहुतै ❀ धेरै कुरा के गरूँ ॥
एक्लै गै कसरी लडी हजुरले ❀ तिन्‌लाइ जीती यहाँ ।
गाई ली कन फिर्नु हुन्छ भनि यो ❀ चिन्ता पर्‍यो चित्तमा ॥

(१६)

यस्ता बात सुनेर हाँसि कन फेर् ❀ श्रीपार्थले त्यै घरी ।
भन्छन् फिक्रि नलेउ राजसुत हे ! ❀ शङ्का मनैमा गरी ॥
यात्राघोष हुँदा उसै बखतमा ❀ पैह्ले म ताहीं थिएँ ।
गन्धर्वैंहरुले उसै समयमा ❀ आएर घेरा दिए ॥

(१७)

त्यस् बेला पनि एकलै म त थिएँ ❀ थीएन क्वै साथमा ।
जीतें है सबलाइ एक मइँले ❀ आफैं लडाईं महाँ ॥
फेरी खाण्डवमा गई बन उही ❀ पोल्दा महाँ त्यस् घरी ।
द्यौता-दानव सीत लड्‌नु परि गो ❀ सङ्ग्राम[2] भारी गरी ॥

(१८)

एक्लै गै कन ती निवात कवचै ❀ पौलोमका साथमा ।
भारी युद्ध गरें थिएन कउनै ❀ साहाय[3] मेरो तहाँ ॥
थीए राक्षस ती निवात कवचै ❀ श्रीइन्द्रका निम्तिमा ।
एक्‌लै गैकन नाश् गरें ति सबको ❀ मानीन क्यै गिन्तिमा ॥

(१९)

फेरी द्रौपदिको स्वयम्वर महाँ ❀ मत्स्यै गरी भेदन ।
धेरै भूपतिलाइ जीति रणमा ❀ आफू भएँ शोभन ॥
त्यस् बेला भन कौन वीर बलवान् ❀ मेरा सँगैमा थियो ।
ऐह्ले यो तिमिलाइ कौन मतिले ❀ शङ्का गराई दियो ॥

१ बज्र पर्नु । २ लडाईं । ३ मद्दत दिने ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(२०)

विद्या श्रीगुरु द्रोणका सँग सिकी ❋ अभ्यास ठूलै गरैं।
दिक्पालादि र कृष्ण फेरि शिवको ❋ आराधनामा परैं॥
द्यौता - दानव युद्ध गर्न म सँगै ❋ सक्तैन कोही पनी।
डर् मान्दीन म कौरवादिहरुको ❋ मार्नन् कि यिन्ले भनी॥

(२१)

हे राज-पुत्र ! तिमि बात् अब मानि लेऊ।
शङ्का छ जो हृदयको उ हटाइ देऊ॥
कर्त्तव्य ठानि यहि स्यन्दन हाँक ऐह्ले।
तिम्रा ति शत्रु कन जित्छु अवश्य मैले॥

अर्जुन सैन्यतिर जानु र द्रोणले अपशकुनको फल भन्नु

(१)

पार्थैले हनुमानको र रथको ❋ एकाग्र चित्तै गरी।
गर्दा ध्यान अचम्म भारि हुन गो ❋ ठिक् इन्द्रजालै सरी॥
उड्दै दिव्य रथेक झट्ट नभमा ❋ जस्को ध्वजा बीचमा।
थीए श्रीहनुमान देखिन गयो ❋ तिन्का अगाडी तहाँ॥

(२)

अग्नीले रथ यो अघी खुशि हुँदा ❋ पैह्ले दिएको थियो।
सम्झे अर्जुनले र त्यै समयमा ❋ हाजिर् तुरुन्तै भयो॥
झण्डा उत्तरका झिकेर रथको ❋ श्रीपार्थले त्यै घरी।
फेदैमा लगि गाड्दिएर शमिका ❋ त्यै वृक्षमा झट् गरी॥

(३)

चढ्ना निम्ति कुमारलाइ रथमा ❋ श्रीपार्थले फेर् अनी।
चाँडै तीन परिक्रमा गरि लिए ❋ गर्नू ठिकै हो भनी॥
एती काम गरी चढेर रथमा ❋ ती पार्थ भन्छन् तहाँ।
प्यारे राजकुमार ! छोड भय है ❋ तिमूले म छू लौ यहाँ॥

(४)

पैह्ले एति भनेर शङ्ख करमा ❋ लीएर फूके जसै।
भारी शब्द भएर उत्तर तिनै ❋ झस्की गए पो तसै॥
पार्थैले समझाइ उत्तर कनै ❋ भन्दा भए त्यै घरी।
शंखैका स्वरले डराउन गयौ ❋ कुन् कारणैले गरी॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(५)

तिम्ले ता पहिले पनी समरमा ❋ भेरी र शङ्खादिको ।
धेरै शब्द र हात्तिको पनि अवाज् ❋ होला सुनेको कसो ॥
भन्छन् उत्तर वीर - श्रेष्ठ ! पहिले ❋ धेरै सुनेथें अघी ।
यस्तो शब्द सुनीनथें न त ध्वजा ❋ यस्तो त देखें कहीं ॥

(६)

शङ्खैको अति घोर शब्द धनुको ❋ टङ्कार फेरी अनी ।
चर्को वानरको अवाज् र रथका ❋ पाङ्राहरूको पनी ॥
घर् - घर् शब्द भएर एक बहुतै ❋ मेरा इ कानै दुई ।
फाटे झैं हुन गै भएँ वधिर[1] झैं ❋ विक्षिप्त[2] जस्तै भई ॥

(७)

तिन्का बात सुनेर अर्जुनजिले ❋ भन्दा भए त्यै घरी ।
तिम्ले पक्रि लगाम् तयार रहु लौ ❋ खुब् धैर्यताले गरी ॥
फेरी शङ्ख बजाउँछू म अहिले ❋ एती भनी फेर् तहाँ ।
शङ्खैलाइ फुके धनञ्जयजिले ❋ तिन्कै अगाडी महाँ ॥

(८)

टंकारै धनुको गरे जब तहाँ ❋ सुन्दा कुमारै अनी ।
डर्ले चैत हराउने सरि भए ❋ मुग्धै सरीका बनी ॥
फेरी अर्जुनले बुझाइ कन धेर् ❋ राम्रा तवर्ले गरी ।
तिन्लाई भयहीन[3] गर्दिनु भयो ❋ कूरा गरी त्यै घरी ॥

(९)

यस्तै औसरमा कुरूहरु अवाज् ❋ सूनेर व्याकुल् भई ।
लागे हेर्न यताउती सब जना ❋ मूहारको श्री गई ॥
द्रोणाचार्यजिले त्यसै बखतमा ❋ सूनुन् सबैले भनी ।
भन्नू भो सुन वीर हो ! म त यहाँ ❋ देख्छू कुलच्छिन् पनी ॥

(१०)

गर्जेको घन[4] झैं सुनिन्छ रथको ❋ शब्दै यि पृथ्वी पनी ।
गर्छिन् डग्मग ठान्दछू म अहिले ❋ श्रीपार्थ आए भनी ॥
हाम्रा यी हतियार ता मलिन छन् ❋ क्यै छैन कान्ती यहाँ ।
घोडा मौन भए प्रकाश दिनको ❋ मन्दै छ सूर्यै महाँ ॥

---

१ बैह्रो । २ पागल । ३ निडर । ४ बादल ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(११)

रुन्छन् यी हरिणादि आइ बनको ❋ बाटै महाँ बेसरी।
हेर्छन् दृष्टि दिएर सूर्य तिर पो ❋ आँसू नजर्मा धरी॥
कौवा चील र गिद्ध यस् बखतमा ❋ आई ध्वजा बीचमा।
दाहीने तिर पक्षि मण्डल गरी ❋ घुम्छन् ति आकाशमा॥

(१२)

यो उत्पात हुनू नजाति छ यहाँ ❋ संग्राम ठूलो परी।
हाहाकार अवश्य पर्छ बहुतै ❋ नाश् हुन्छ के यस् घरी॥
श्रीदुर्योधनलाइ द्रोण गुरुले ❋ भन्छन् अनी भूपती।
पार्थैका शर - जालले विकल पो ❋ हूनन् भएका जती॥

(१३)

तिम्रा फौज भरी लडाइँ गरने ❋ कस्को छ शक्ती यहाँ।
देख्छू खिन्न सबै यि वीरहरु छन् ❋ उत्साहि छन् यी कहाँ॥
यस् निम्ती म त भन्छु गाइ अहिले ❋ टाढै पठाऊ अनी।
आफ्नू व्यूह रची बसौं सब जना ❋ पर्ला लडाई भनी॥

पाण्डवको गुप्तवास पुगेकोमा दुर्योधनले शङ्का गर्नु

(१)

द्रोणैका सुनि वाक्य भीष्म - कृपका ❋ सामू ति राजा गए।
तेह्रै वर्ष पुग्यो कि बाँकी छ भनी ❋ यै प्रश्न गर्दा भए॥
बाह्रै वर्ष त पुग्न गो तर यही ❋ तेह्रौं पुग्यो के गरी।
शंका लाग्छ मलाइ ता दिन मिती ❋ पूगेन हो यस् घरी॥

(२)

मीयाद् बाँकि छँदै ति पार्थ रणमा ❋ आए भने बेस भो।
चिन्नेछौं जब हामिले तब सबै ❋ जानेछ चिन्ता छ जो॥
चिन्नन् क्वै यदि तेह्र वर्ष नपुगी ❋ फेर् बाह्र वर्षै अनी।
जानेछौं बनमा भन्नेर तिनको ❋ थीयो प्रतीज्ञा पनी॥

(३)

एक्लै यो रथमा चढेर जुन यो ❋ आयो अगाडी महाँ।
पार्थै हुन् कि त हो विराट कि अरू ❋ पर्वाह कत्ती यहाँ॥
मान्दैनौं सब लड्न तत्पर त छौं ❋ लड्छौं अगाडी सरी।
हाम्रा वीर यि खिन्न छन् किन यहाँ ❋ बेकाम शंका गरी॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(४)

हाम्रा यी गुरुजी ति पाण्डुसुतको ❋ पक्षै लिई खुब् यहाँ ।
बोल्छन् नित्य तसर्थ यो समरमा ❋ राख्छौं पछाडी महाँ ॥
फेरी यी गुरु द्रोणजी हृदयले ❋ पार्थै उपर् खुब् दया ।
राख्छन् हेर्नु हवस् ति अर्जुन बुझी ❋ तारीफ गर्दा भया ॥

(५)

पार्थैको सह्नी गरेर यिनले ❋ वीरादिका चित्तमा ।
चिन्ता पारि दिए ति युद्ध नगरी ❋ भाग्छन् कि ठान्छू यहाँ ॥
विद्वान्को नलिनू सलाह कहिल्यै ❋ युद्धै परेमा भनी ।
भन्थे वृद्धहरू यि पण्डित हुँदा ❋ उस्तै भयो हाल् पनी ॥

(६)

विद्वान्ले त सभा विषे रहनु फेर् ❋ बात् गर्नु मीठा अनी ।
यज्ञैको सरजाम गर्नु पढनू ❋ पाठै दिनू कार्य ती ॥
एती हुन् तर आइ आज रणमा ❋ यिन्ले अरीको स्तुती ।
गर्नू योग्य थिएन के गरि लिए ❋ भै गो नराम्रो अती ॥

(७)

विद्वान्ले त कसोरि शत्रु कन नाश् ❋ गर्नू सबै ठिक् गरी ।
सोची पर्दछ भन्नु भन् यि त यहाँ ❋ ठिक् पागलैका सरी ॥
शत्रूको सह्नी सबै सित गरी ❋ भन्छन् मरौला भनी ।
बुद्धी आज कता गएछ गुरुको ❋ गर्नन् हितै के यिनी ॥

(८)

सेनाका धरि माँझमा सकल गौ ❋ शस्त्रादि सारा लिई ।
हामीले अब लड्नु पर्छ अरिको ❋ नाश् गर्नमा मन् दिई ॥
इन्द्रै वा यमराज नै समरमा ❋ आए पनी यस् घरी ।
क्षत्रीको शरले अवश्य रणमा ❋ गिर्नेछ मुर्दा सरी ॥

कर्णले अर्जुनलाई जित्न सक्छु भन्नु

(१)

भन्छन् कर्ण यती सुनेर रिसले ❋ वीरादि यी वृद्ध ता ।
पार्थैको डर मान्दछन् हृदयले ❋ देख्दीन यिन्को बुता ॥
यिन्को चित्त म देख्छु चञ्चल अती ❋ यिन्ले रणैका घरी ।
गर्दैनन् जुधि युद्ध हे नरपते ! ❋ ठान्छू विचारै गरी ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(२)

पार्थै होस् कि विराट होस् यस घरी ❋ जो पर्छ साम्ने महाँ ।
मेरा तीक्ष्ण शरै छुटी जिउ भरी ❋ गर्नेछ घाउ यहाँ ॥
देख्नन् अर्जुनले तिखा शरहरू ❋ मेरा छुटी युद्धमा ।
जस्तो रित् सँग आइ घेर सलहै ❋ रुख् ढाक्छ त्यै रीतिमा ॥

(३)

ढाक्ला अर्जुनलाइ जुन् समयमा ❋ तिन्ले पनी झट् गरी ।
त्याग्नेछन् शर काट्दछू शर भनी ❋ ठूलै भरोसा धरी ॥
तेह्रै वर्ष जती बसेर बनमा ❋ अभ्यास् बढाए भनी ।
सुन्थें हेर्दछु पार्थको अब बुता ❋ के के छ कस्तो पनी ॥

(४)

सुन्का पङ्ख समेतका शर गई ❋ गड्दा शरीरै भरी ।
गिर्नन् व्याकुल भै ति पार्थ रणमा ❋ निर्जीव हूँदै मरी ॥
जस्ले ता घर जान खोज्दछ छिटै ❋ जावस् म भन्छू यहाँ ।
जो छन् वीर बसी-बसी कन तमाश् ❋ हेरुन् लडाइँ महाँ ॥

कृपाचार्यको कथन

(१)

कर्णैका सब शेखिका सुनि कुरा ❋ चाँडै अगाडी सरी ।
लागे श्री कृप भन्न त्यस् बखतमा ❋ यस्ता तवर्ले गरी ॥
तिम्ले कर्ण ! विचार केहि नगरी ❋ जुन् वाक्य बोल्यौ यहाँ ।
ठान्छू बालकले बसेर धरनू ❋ आकाशको चन्द्रमा ॥

(२)

कस्ले सक्तछ पार्थलाइ रणमा ❋ जित्नै अगाडी सरी ।
पत्याऊँ कसरी तिमी समरमा ❋ जितछौ लडाइँ गरी ॥
जस्ले बैनि हर्‍यो गएर हरिकी ❋ एक्लै अगाडी सरी ।
जस्ले खाण्डव नामको बन सबै ❋ पोली दियो खाक् गरी ॥

(३)

जस्ले ता ति किरात-रूपि शिवका ❋ साथै लडाइँ गरी ।
पायो पाशुपतास्त्र अस्त्र शिवको ❋ तिन्लाइ खूशी गरी ॥
गन्धर्वाधिप नाम चित्ररथले ❋ अत्यन्त क्रुद्धै भई ।
श्रीदुर्योधन बाँधिए जुन घरी ❋ कस्ले छुटायो गई ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(४)

द्यौता - दानव - यक्ष - राक्षसहरू ❋ मध्ये कसैले पनी ।
सक्तैनन् जसलाइ जित्न तिमिले ❋ भन्छौ म जित्छु भनी ॥
तिम्रा शेखि समेतका सुनि कुरा ❋ हाँसो उठ्यो के कहूँ ।
जित्छू अर्जुनलाइ भन्नु तिमिले ❋ कस्ता तवर्ले भनूँ ॥

(५)

जूवामा छल - युक्त पातक गरी ❋ सर्वस्व जस्को हर्‍यौ ।
तीनैलाइ पठाइ घोर बनमा ❋ ठूलै बिइज्जत् गर्‍यौ ॥
पापी हौ तिमि धर्म छोडि हिंडने ❋ तिम्लाई धर्मी भनी ।
कस्ले मान्दछ पापको जय यहाँ ❋ हूनेछ भन्नै पनी ॥

(६)

आफ्नू बात पुर्‍याइ पाण्डवहरू ❋ आएर मैदानमा ।
तिम्रो कौरवको समस्त जनको ❋ शेखी त हर्नन् यहाँ ॥
ज्ञानै कत्ति भएन अर्जुन कहीं ❋ होलान् अवश्यै भनी ।
गाइ आज विराटका हरि लियौ ❋ ठूला बहादुर् बनी ॥

(७)

एक्लै मै गइ पार्थलाइ रणमा ❋ मार्छू भन्यौ जो यहाँ ।
भन्छू निश्चयले असम्भव छ यो ❋ जानी लिए चित्तमा ॥
ऐह्ले ता सब हामिले मिलि-जुली ❋ वीरादि जम्मा गरी ।
लड्नू पो बहुतै हुनेछ बढिया ❋ तिन्का अगाडी परी ॥

(८)

कोहीं व्यूह रचाउ सैन्यहरुको ❋ जम्मा सबैले भई ।
पर्ला इज्जत राख्नु यै समरमा ❋ हामी सबैले गई ॥
एक्लै जित्छु म भन्नु व्यर्थ गफ हो ❋ विश्वास मान्छू कहाँ ।
एती बात सुनाइ मौन कृपजी ❋ हूँदा भए फेर् तहाँ ॥

अश्वत्थामाले कर्णलाई भन्नु

(१)

द्रोणीले कर्णलाइ उहि बखत तहीं भन्न लागे यसोरी ।
भन्छस् हे कर्ण ! जित्छू भनिकन रणमा पार्थलाई कसोरी ॥
जित्छू लौ पार्थलाई भनिकन बहुतै बात् गरिस् आज तैंले ।
एक्लै गै कुन् लडाईं जितिकन तँ बनिस् वीर सोद्दैछु मैले ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(२)

साक्षात् इन्द्रै पनी हुन् तर पनि रणमा पार्थका सामु जाईं ।
सक्तैनन् टिक्नलाई कसरि तँ बिचरो जित्तछस् भन् मलाई ॥
हेर्दा खेरी शकुन् पो यहि प्रकट भयो पर्छ जो युद्ध याहाँ ।
क्षत्रीको नाश हूने समय भइ गयो एहि संग्राम माहाँ ॥

(३)

धेरै लड्ने वीर छन् यस् जगत्मा ।
जित्ने धेरै छन् बहादुर् बखत्मा ॥
आफ्नू तारिफ् गर्छ कस्ले यसोरी ।
तैंले बोलिस् शेखि गर्दै जसोरी ॥

(४)

बक् - बक् गर्नै जो छ क्यै गर्नलाई ।
सक्ला कैल्है जानिले बातलाई ॥
अग्नी जो छन् क्यै नबोलेर याहाँ ।
सारालाई पोल्दछन् विश्व माहाँ ॥

(५)

सूर्यै जो हुन् बात केही नबोली ।
दिन्छन् घाम्का तेजको बेग खोली ॥
पृथ्वी जो छिन् बोल्दिनन् केहि याहाँ ।
भारै बोक्छिन् बेसरी छाति माहाँ ॥

(६)

जूवा खेल्नू झेल् गरी जित्नलाई ।
कुन् राजाको काम हो भन् मलाई ॥
व्याधाको झैं जाल आफ्नू फिंजाई ।
अर्काको चिज् हर्दछौ शीप लाई ॥

(७)

बोल्यौ पाण्डवलाइ दास तिमि हौ ❋ जूवा जिती जुन् घरी ।
भन्थे के ति विदूरले उहि कुरा ❋ लाग्ला गला यस् घरी ॥
त्यो दुख् द्रौपदिको ति अर्जुनजिले ❋ भुल्छन् कसोरी यहाँ ।
मार्नै छन् धृतराष्ट्रका सुतहरू ❋ खोजी लडाईं महाँ ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भीष्मले क्रोध शान्त गराई द्रोणसँग क्षमा गराउनु

(१)

द्रोणीका[1] इ कुरा सुनी कन तहाँ ❋ श्री भीष्मले त्यै घरी ।
सोच्नु भो अब आपसै बिच महाँ ❋ ऐले विरोधै बढी ॥
लागे विघ्न यी तसर्थ अहिले ❋ सम्झाइ मैले यहाँ ।
मैलो त्यै मनको हटाउनु पर्‍यो ❋ शिक्षा दिई यिन् महाँ ॥

(२)

एती सोची भीष्मले फेरि ताहाँ । भन्नू भो यो कर्णका सामु माहाँ ॥
अश्वत्थामाले गुरूले भनेका । साँचा बात् हुन् नीति-युक्तै भएका ॥

(३)

क्षत्री-धर्मैलाइ सम्झेर ऐले । कर्णैले पो यी कुरा आज बोले ॥
ज्ञानीले[2] ता श्री गुरूलाइ कैह्ले । भन्दैनन् बात् केहि बिझने मुखैले ॥

(४)

राजन्! भन्छू कर्णका वाक्य माहाँ। साहासैको गन्ध पाइन्छ याहाँ ॥
आपस्तैमा मन् बिगारी यसोरी । टण्टा गर्दा जीत होला कसोरी ॥

(५)

आयो आज विपत्तिको समय यो ❋ यस् निम्ति मैले गरी ।
बस्नू योग्य छ मेल त्यागि लडदा ❋ हूनेछ नाश् यै घरी ॥
हे द्रोणी ! अब कर्णलाइ तिमिले ❋ माफ् देउ यै बातमा ।
लड्नू पर्दछ पार्थका सँग गई ❋ हामूले अवश्यै यहाँ ॥

(६)

यो कर्णलाइ कृप - द्रोणि दुई जनैले ।
माफ् गर्नुहोस् रिस नराखि खुशी मनैले ॥
श्रीचन्द्र - सूर्य सरि शोभित[3] वीर याहाँ ।
छौ साथमा भनि छ गौरव चित्त माहाँ ॥

(७)

ब्रह्मै - तेज छ धेर् तपाइँहरुमा ❋ ब्रह्मास्त्र जान्ने भई ।
गर्नोस् आज क्षमा यि कर्णकन लौ ❋ शान्ती मनैमा लिई ॥
यस्ता वाक्यहरू सुनेर कृपले ❋ फेर् द्रोणिले त्यै घरी ।
माफ् दीए रिस क्यै नराखि मनमा ❋ खूशी मनैले गरी ॥

---

१ अश्वत्थामाका । २ बुद्धिमानले । ३ शोभायमान भएका ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(८)

भन्छन् श्री कृपले सुन्यौ नरपते ! ❋ मीयाद्द पुरा भै यहाँ ।
आए अर्जुन युद्ध गर्न अहिले ❋ गर्थे क्षमा ती कहाँ ॥
पार्थैले यि सुयोधनै कन कहीं ❋ देख्नै नपाउन् यहाँ ।
देखेमा रिस धेर् लिएर तिनले ❋ मार्नन् लडाईं महाँ ॥

(९)

श्रीदुर्योधन सोद्धथे ति सबको ❋ मीती पुग्यो की ? भनी ।
हे गङ्गासुत ! लौ हिसाब गरदे ❋ आज्ञा हवस् त्यो पनी ॥
गुप्तै फेर् बन - वासको सब जना ❋ जो तेह्र वर्षै थियो ।
पूरा भो कि भएन यस् बखतमा ❋ सो जान्नु पर्ने भयो ॥

भीष्मले तिथि पूर्ण भएको वृतान्त गरी, व्यूह-रचना गर्नु

(१)

यस्ता बात सुनेर द्रोण गुरुका ❋ केही विचारै गरी ।
भन्छन् भीष्म बताउँछू म अहिले ❋ राम्रो हिसाबै गरी ॥
घण्टा फेरि पला मुहूर्त दिन भो ❋ पक्षै महीना भई ।
ऋतू फिर्छ र वर्ष हुन्छ सहजै ❋ देख्तै दिनादी गई ॥

(२)

छैटौं वर्ष भई दुई अधिक मास् ❋ पर्छन् अवश्यै पनी ।
भन्छन् है मलमास लोकहरुले ❋ ये हो हिसाबै भनी ॥
वर्षै तेह्र र बाह्र नै दिन भई ❋ मैह्ना त पाँचै गयो ।
आफ्नू योग्य कबोल पाण्डु - सुतले ❋ पूरा गरेकै भयो ॥

(३)

धर्मात्मा नृपती युधिष्ठिर उसै ❋ भुल्थे कसोरी यहाँ ।
पार्थैले बदला लिने सुर गरी ❋ आए ति मैदानमा ॥
धर्मैं बन्धनमा परी सब जना ❋ भाइहरू दुख् सही ।
मीयाद्द पूर्ण गरेर पार्थ अहिले ❋ आए ति क्रुद्धै भई ॥

(४)

लड्नू श्रेय त छैन के छ मनमा ? ❋ तिम्रा सबै बात् कहू ।
पार्थैका सँग लड्न मन्सुब भए ❋ पर्खेर याहीं रहू ॥
सिद्धी छैन लडाईमा बुझ तिमी ❋ राजन् ! म भन्छू यती ।
दिन्छौ की बरु अर्धराज्य अहिले ❋ कस्तो छ तिम्रो मती ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(५)

जो गर्नू छ तुरुन्त पर्छ गरनू ❋ भन्नू छ जो सो पनी ।
चाँडै बोल उही बमोजिम यहाँ ❋ गर्नू छ योग्यै भनी ॥
यस्ता वाक्य सुनी पितामहजिका[1] ❋ भन्छन् ति राजा[2] तहाँ ।
राज्यै ता म त दिन्न युद्ध गरने ❋ गर्नोस् प्रबन्धै यहाँ ॥

(६)

पाई उत्तर भीष्मले तब भने ❋ त्यस्तै भए यस् घरी ।
चौथाई तिमि सैन्य ली नगरमा ❋ जाऊ तुरुन्तै गरी ॥
चौथाई अरु सैन्य गाइ बिचमा ❋ राखेर रक्षा गरोस् ।
आधा सैन्य त पार्थका अघि सरी ❋ लड्ने इरादा धरोस् ॥

(७)

आधा सैन्य लिएर वीर सबले ❋ लड्छौं अगाडी सरी ।
आउन् इन्द्र पनी त खूब लड्ँला ❋ दिव्यास्त्र वर्षा गरी ॥
यै कूरा नृप बाट मन्जुर भई ❋ सोही बमोजिम् गरे ।
श्रीदुर्योधन सैन्य केहि सँग ली ❋ निस्की तुरुन्तै गए ॥

(८)

राजा निस्कि गए जसै अलिकती ❋ सेना लिई साथमा ।
किल्ला बाँधि लिए पितामहजिले ❋ बाँकी कटक्को तहाँ ॥
यै कर्मै गरि भीष्मले तब भने ❋ हे कर्ण! चाँडै गई ।
सामूमा बस सैन्यका अब तिमी ❋ राम्रै तयारी भई ॥

(९)

हे द्रोणी ! तिमी वाम-भाग तिर गै ❋ रक्षा गरे फौजमा ।
हे आचार्य ! तपाइँ दक्षिण तिरै ❋ बस्नोस् अवश्यै तहाँ ॥
सेनाका म पछी रहन्छु अहिले ❋ दिव्यास्त्र साथै लिई ।
आउन् अर्जुन लड्दछौं सब जना ❋ भित्रै न छिर्नै दिई ॥

(१०)

वैशम्पायन भन्नु हुन्छ अनि फेर् ❋ हे भूपतीका पती ।
भीष्मैले यसरी ति अर्जुनजिको ❋ डर् मानि धेरै अती ॥
श्री दुर्योधनलाइ दूर गरदै ❋ किल्ला रचैथे जसै ।
पार्थैको रथ ता नजिक् पुगि गयो ❋ ती कौरवैका तसै ॥

---

१ श्रीभीष्मजीका । २ सुयोधन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(११)

पार्थैका रथको ध्वजा[1] नजरले ❋ देखेर डर्मा परे ।
पाङ्ग्राको पनि घोर शब्द हुन गै ❋ चिन्ता मनैमा धरे ॥
यस्तै औसरमा त शब्द हुन गो ❋ गाण्डीवको झट् अनी ।
देखी द्रोणजिले भने उहि बखत् ❋ श्री पार्थ आए भनी ॥

(१२)

वीरादी जन हो ! नजर् गर सबै ❋ ती पार्थ आए यहाँ ।
गर्जन्छन् हनुमान तेज स्वरले ❋ तिन्का ध्वजा बीचमा ॥
शब्दै गाण्डिवको सुनेर अहिले ❋ भो वज्रनादै[2] सरी ।
हाम्रा सैन्य डराइ यस् बखतमा ❋ हूँदा भए थर्हरी ॥

(१३)

देख्यौ यी दुइ बाण अर्जुनजिका ❋ आएर मेरा दुई ।
पाऊ नेर गिरी गए यस बखत् ❋ सोझा बहूतै भई ॥
मेरा कान् तिर बाट बाण दुइटा ❋ आएर निस्की गए ।
पार्थैको मतलब् कहन्छु सुनि ल्यौ ❋ सुन्ने इरादा भए ॥

(१४)

पाऊमा दुइ बाण हानि म कनै ❋ तिन्ले त ढोगै गरी ।
सोधे प्रश्न किरीटिले[3] कुशलको ❋ कान्मा शरादी धरी ॥
धेरै वर्ष गएर आज मइँले ❋ यिन्लाइ देखें यहाँ ।
हेरी ल्यौ सबले छ सूर्य सरीको ❋ तेजै मुहारै महाँ ॥

(१५)

यस्तै औसरमा धनञ्जयजिले ❋ त्यो कौरवी सैन्यमा ।
दृष्टी दी कन चीह्निए अरु सबै ❋ राजाजि[4] मात्रै तहाँ ॥
थीएनन् र ति पार्थले उहि बखत् ❋ ती राजपुत्रै[5] महाँ ।
बोले यो रथ थामि देउ तिमिले ❋ हेर्छू म ऐह्ले यहाँ ॥

(१६)

ऐह्ले कौरव वंशमा अधम झैं ❋ दुर्योधनै गो कहाँ ।
त्यस्लाई म त कष्ट दिन्छु पहिले ❋ मैदानका माँझमा ॥
द्रोणी द्रोण र कर्ण भीष्म गुरुजी ❋ छन् है खडा यस् घरी ।
त्यो दुर्योधन छैन देख्दिनँ कहाँ ❋ भागी गयो के डरी ॥

१ झण्डा । २ वज्रको शब्द । ३ अर्जुनले । ४ दुर्योधन । ५ उत्तर कुमारलाई ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(१७)

ठान्छू प्राण बचाउना कन गयो ❀ गाई लिई साथमा ।
बाटो दक्षिणको धरी कन गयो ❀ टिक्ने नसक्ता यहाँ ॥
हाँकी देउ कुमार ! यो रथ तिमी ❀ बाटो उतैको धरी ।
गर्छू युद्ध म त्यै नृपाधम[1] सितै ❀ वर्षा शरैको गरी ॥

(१८)

केही लाभ नभै वृथा छ अहिले ❀ लड्नु बुझी ल्यौ यहाँ ।
त्यै दुर्योधनलाइ जीति पहिले ❀ फर्काउँ गाई तहाँ ॥
आज्ञा एति सुनेर उत्तरजिको ❀ सोही बमोजिम् गरी ।
घोडा रोकि फिराइ स्यन्दन लगे ❀ बाटो उतैको धरी ॥

(१९)

पार्थैको रथ सो घुमी त्यस बखत् ❀ अर्कै तरफ् झट् गरी ।
दौडेथ्यो जब बात जानि मनको ❀ आचार्यले[2] त्यै घरी ॥
लागे भन्न नदेखि भूप कन ता ❀ हाम्रा यही सैन्यमा ।
त्यै दुर्योधनलाइ खेद्न ति गए ❀ छोडेर यो फौज् यहाँ ॥

(२०)

हेरी ल्यौ सय वीर ! नाउ सरिका ❀ दुर्योधनै यस् घरी ।
पार्थैका बल-रूपि सागर विषे ❀ डुब्छन् अवश्यै परी ॥
पार्थैलाइ लखेटि हामिहरुले ❀ बाटै महाँ गै धरौं ।
राजालाइ बचाइ यस् बखतमा ❀ सोझो नुनैको गरौं ॥

(२१)

यस्तै तर्क-वितर्कमा सब थिए ❀ ती पार्थ राजाजिको[3] ।
पूगी सामु महाँ सुनाइ निजको ❀ नाऊँ स्वरैले तिखो ॥
ताँदो गाण्डिवको खिचेर बलले ❀ बाणादि त्यागे जसै ।
रोकीए नृपती सुयोधन पनी ❀ भाग्नै नपाई तसै ॥

(२२)

पार्थैका शरले नभस्थल[4] सबै ❀ ढाकी अँध्यारो गर्‍यो ।
बाटो भाग्न नपाइ त्यस् बखतमा ❀ सेनादि मोहै पर्‍यो ॥
पार्थैले तब शङ्खनाद[5] गरियो ❀ गर्जे कपीले[6] पनी ।
फेरी गाण्डिवको अवाज हुन गो ❀ शब्दै कठोरै बनी ॥

१ राजामा अधम । २ कृपले । ३ दुर्योधनको । ४ अन्तरिक्ष । ५ शंखबजाए । ६ हनुमानले ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(२३)

एकै चोटि अवाज तीन मिलदा ❋ चर्को सुनीयो तहाँ ।
कामिन् पृथ्वि पनि त डग्मग गरी ❋ तिन्का अगाडी महाँ ॥
ठाडो पुच्छर लाइ गाइ जति छन् ❋ डर्मा बहुतै परी ।
बाँ - बाँ शब्द गरेर भागि दगुरे ❋ गोठ्को त बाटो धरी ॥

अर्जुन र कर्णको युद्ध । कर्ण संग्रामबाट भाग्नु

(१)

फर्काई कन गाइलाइ यसरी ❋ श्रीपार्थ हींडे जसै ।
द्रोणी भीष्म र कर्ण आदि दगुरे ❋ तिन्का पछाडी तसै ॥
सैन्येका सँग कौरवादिहरुले ❋ धावा गरेथे जसै ।
चाँडो उत्तरलाइ अर्जुनजिले ❋ भन्दा भए यो तसै ॥

(२)

साह्रै उत्तर ! शेखि गर्छ मनमा ❋ वीरै म ठूलो भनी ।
दुष्टात्मा यहि कर्णलाइ पहिले ❋ दिन्छू म शिक्षा पनी ॥
ती दुर्योधन कर्णकै त मनमा ❋ राख्छन् भरोसा अती ।
त्यस्को शेखि म तोडि दिन्छु रणमा ❋ ऐह्रै गरी दुर्गती ॥

(३)

ती उत्तरैले रथ हाँकि फेरी । दौडाइ दीए नगरेर देरी ॥
श्री पार्थको स्यन्दन कर्णलाई । खोज्दै गयो त्यै घरी धर्नलाई ॥

(४)

मार्छन् अर्जुनले यि कर्ण कन लौ ❋ भन्ने विचारै गरी ।
सङ्ग्रामैजित चित्रसेनहरुले ❋ खूबै तयारी गरी ॥
साथै शत्रुतपै महारथिहरु ❋ तिन्का अगाडी महाँ ।
आए अर्जुनलाइ रोक्न उ बखत् ❋ ती पार्थ थीए जहाँ ॥

(५)

देखी तिन्कन पार्थले त रणमा ❋ ठूलो रिसैमा परी ।
अग्नी-बाण त्यजेर स्यन्दनहरु ❋ तिन्का दिए खाक् गरी ॥
यो हाल् ती सबको भयो जब तहाँ ❋ श्रीपार्थका साथमा ।
लड्नैलाइ भनी विकर्ण उ बखत् ❋ आयो अगाडी महाँ ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(६)

पार्थैं माथि त्रिपाट नाम शरको ❋ बर्षा गर्‍यो त्यै घरी ।
त्यस्को शेखि नजर् गरेर उ बखत् ❋ श्रीपार्थले रिस् गरी ॥
सुन्का पङ्ख हुने तिखा शरहरू ❋ हानी दिएथे जसै ।
काट्यो शीघ्र ध्वजा विकर्ण भनिने ❋ त्यै वीरको पो तसै ॥

(७)

भाग्यो विकर्ण झटनै रथ क्यै हटाई ।
योटा अगाडि परि गो तब लड्नलाई ॥
नामै त शत्रुतप हो बहुतै रिसायो ।
श्रीपार्थका उपर बाण छिटै चलायो ॥

(८)

लाग्यो बाण भनेर त्यो खुशि भयो ❋ श्रीपार्थका अङ्गमा ।
पीडा अर्जुनलाइ भो तर पनी ❋ केही नमानी तहाँ ॥
जल्दी पाँच शरै लिएर करमा ❋ छोडी दिएथे जसै ।
ती पाँचै गइ लाग्न गो हृदयमा ❋ त्यै वीरका पो त्यसै ॥

(९)

हानी झट् दश बाण सारथि पनी ❋ काटी गिराई दिए ।
अर्को बाण त्यजेर शत्रुतपको ❋ ज्यान्लाइ खैंची लिए ॥
पार्थैंका शर देखि घायल[1] भई ❋ राजाहरू त्यस् घरी ।
आँधीका रुख झैं बनी कन रहे ❋ काम्दै त्यहीं थर् थरी ॥

(१०)

धेरै वीरहरू मरी गिरि गए ❋ त्यै युद्ध-भूमी महाँ ।
पार्थैंका अघि टिक्न मुश्किल भई ❋ भागे अनेकै तहाँ ॥
गर्मीका दिनमा जसोरि वनमा ❋ लाग्छन् डढेलो पनी ।
उस्तै रित् सँग पार्थले अनल[2] झैं ❋ सेनादि मारे अनी ॥

(११)

भाई एक त कर्णका उहि थिए ❋ शोणाश्वपादै भनी ।
देखी अर्जुनले त अश्व तिनका ❋ मारी दिए फेर् अनी ॥
संग्रामैजित नाम भाइ अरका ❋ त्यै कर्णका पो थिए ।
एकै बाण त्यजी ति अर्जुनजिले ❋ तिन्लाइ काटी दिए ॥

१ जख्मी भए । २ आगो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(१२)

त्यो हाल् देखि रिसाइ कर्ण चुरिं दै ❋ बाणै धनू झट् धरी ।
आयो अर्जुनका अगाडि रणमा ❋ वर्षा शरैको गरी ॥
हानी बाह्र तिखा-तिखा शरहरू ❋ श्री पार्थका अङ्गमा ।
घाऊ लाइ दियो रिसाइ बहुतै ❋ त्यै युद्ध - भूमी महाँ ।

(१३)

फेरी उत्तरलाइ एक शरले ❋ हानी दियो हातमा ।
एती काम गरी गरें खुब भनी ❋ शेखी लियो चित्तमा ॥
ढाकी सारथि अश्व फेरि रथ पो ❋ वर्षा शरैको गरी ।
कर्णलाइ त व्याकुलै गरि दिए ❋ श्रीपार्थले त्यै घरी ॥

(१४)

पार्थैका शर-जालले अरु पनी ❋ माहारथी जो थिए ।
ढाकीए उ बखत् रण - स्थल महाँ ❋ केही नदेख्ने भए ॥
हा ! हा !! भो कुरु-सैन्यमा कति गिरे ❋ लागेर बाणै तहाँ ।
यो हाल् देखि ति कर्णलाइ रिस खुब् ❋ पैदा भयो चित्तमा ॥

(१५)

एकै पालि असङ्ख्य[1] बाण धनुमा ❋ जो रेर चाँडो गरी ।
पार्थैका शर - जाल काटि तिनिले ❋ दीए तुरुन्तै गरी ॥
क्या बात् कर्ण भनेर तारिफ गरे ❋ धेरै जनाले तहाँ ।
भेरी शङ्ख मृदङ्ग खुब् गरि बजे ❋ त्यै युद्ध - भूमी महाँ ॥

(१६)

गर्ज्यौ कर्ण अनी उसै बखतमा ❋ ठूलो स्वरैले गरी ।
हाने अर्जुनले अनेक शर फेर् ❋ ताहीं तुरुन्तै गरी ॥
कर्णैका पनि अश्व सारथिहरू ❋ घायल् भएथे जसै ।
पार्थैले शरले कृपै कन पनी ❋ ढाकी दिए फेर् तसै ॥

(१७)

ती कर्णार्जुन वीरलाइ सबले ❋ ठिक् चन्द्र-सूर्यै सरी ।
ठान्थे दूइ जना ठुलो रिस लिई ❋ लड्थे अगाडी परी ॥
पार्थैका सब अश्व कर्ण-अरिले[2] ❋ घायल् गराई दियो ।
तीनै बाण कुमार[3]लाइ र ध्वजा ❋ माथी उतीनै दियो ॥

१ अनगिन्ती । २ वैरीले । ३ उत्तर कुमारलाई ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(१८)

त्यो हाल् देखि ति पार्थ क्रोधित भई ❋ केही अगाडी सरी ।
हानी बाणहरू रथै त अरिको ❋ ढाकी दिए त्यै घरी ॥
फेरी खूब तिखा - तिखा शरहरू ❋ छानी निशाना गरी ।
कर्णका तब छाति हात र निधार् ❋ फोरी दिए त्यै घरी ॥

(१९)

साह्रै चोट परेर मुश्किल हुँदा ❋ भागेर कर्णै गयो ।
कर्णलाइ भगाइ अर्जुनजिले ❋ फेरू शङ्ख फुक्नू भयो ॥
भाग्यो कर्ण जसै अरूहरु सबै ❋ जम्मा भई त्यै घरी ।
श्री दुर्योधनलाइ ली बढि गए ❋ पार्थै तरफ् झट् गरी ॥

अर्जुनले सेना मार्नु, उत्तरले रथ योद्धा नेर लैजानु

(१)

भागी कर्ण हटे पछी कृप अनी ❋ गाङ्गेय जम्मा भई ।
श्री दुर्योधन साथ ली अरु सबै ❋ सेना समेत्का भई ॥
पार्थैका रथ तीर झट्ट दगुरे ❋ भारी चढाई गरी ।
दिव्यास्त्रै कन पार्थले उहि बखत् ❋ छाडे रिसैमा परी ॥

(२)

जस्ता रित् सँग सूर्यले किरण ती ❋ फैलाइ पृथ्वी महाँ ।
ढाक्छन् है सबलाइ सोहि रितले ❋ बाणादि हान्दै तहाँ ॥
झेलै झैं जलको असङ्ख्य अरिको ❋ सो सैन्य रोका गरी ।
तिल् राख्ने पनि ठाम् नराखि जिउमा ❋ घाऊ गरे त्यस् घरी ॥

(३)

पार्थैको शरको हनाइ बहुतै ❋ छीटो भएको तहाँ ।
तिन्का सारथिले त फुर्ति गरनू ❋ अश्वादि हाँक्दा महाँ ॥
यो देखी कन शत्रु-सैन्यहरूले ❋ आश्चर्य ठूलो गरी ।
लागे तारिफ गर्न दूइ जनको ❋ त्यै युद्धमा बेसरी ॥

(४)

पार्थैका शर लागि धेर जिउमा ❋ बग्दा रगत् बेसरी ।
सारा सैन्य गुराँसका कुसुम झैं ❋ हूँदा भए त्यै घरी ॥
पर्दा चोट असह्य सैनिकहरू ❋ रोएर हा ! हा ! गरी ।
भागे कौरव ती चलेर हुरिले ❋ बादल् हटाए सरी ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(५)

पार्थैका शरले जती रथ टुटे ❋ त्यै युद्ध - भूमी महाँ ।
घायल् अश्व रथी नभै चउतरफ् ❋ मर्कैर भाग्थे तहाँ ॥
टूटेका रथलाइ खैंचि उ बखत् ❋ घोडा कुबाटो धरी ।
भाग्थे हात्ति समेत कान नहुँदा ❋ त्यै दर्द ठूलो परी ॥

(६)

अग्नीले जसरी महा-प्रलयमा ❋ चैतन्य - जड् खाक् गरी ।
पोली दिन्छ उही बमोजिम गरी ❋ ती पार्थले त्यै घरी ॥
सारा कौरवका ति सैन्य कन ता ❋ ध्वस्तै गराई दिए ।
एती काम गरी सकी अनि पछी ❋ शंखै बजाई लिए ॥

(७)

सायङ्काल भयो जसै समरमा ❋ श्री पार्थ रिस्मा परी ।
द्रोणाचार्य उपर् त्रिहत्तर तिखा ❋ बाणादि वर्षा गरी ॥
घाऊ लाइ दिए र दुःसह कनै ❋ सैंतीस बाणैहरू ।
हानी छेडि दिए शरीर चलनी ❋ पारी कुरा के गरूँ ॥

(८)

द्रोणीलाइ[1] लगाइ बाण दश फेर् ❋ अट्ठार बाणै अनी ।
त्यै दुःशासनलाइ छाति भरिमा ❋ ताकेर हाने पनी ॥
बाह्रोटा शर हानि श्री गुरु उपर् ❋ फेर् बाण ली हातमा ।
हाने भीष्मजिलाइ तीन शर पो ❋ श्री पार्थले घातमा ॥

(९)

फेरी साठि तिखा-तिखा शरहरू ❋ आफ्नू धनूमा लिई ।
ती दुर्योधनका सबै वदनमा ❋ हानेर पीडा दिई ॥
पारे व्याकुल बाण ली सयवटा ❋ ताकेर छाती महाँ ।
हाने कर्ण कनै गएर शरले ❋ घाऊ गऱ्यो अङ्गमा ॥

(१०)

सेना कौरवको त नष्ट भइ गो ❋ श्री पार्थ त्यै युद्धमा ।
एक्लो नै हुन गै रहे ति रथमा ❋ जेता[2] बनेरै तहाँ ॥
सोही औसरमा ति उत्तरजिले ❋ हेरी मुहारै महाँ ।
बिन्ती एहि गरे कता अब हजुर् ❋ पाल्नू ह्वने हो कहाँ ॥

---

१ अश्वत्थामा, द्रोणका पुत्र । २ सबैलाई जित्ने ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(११)

वीरैमा जुन वीरका सँग गई ❋ लड्छू भनी यस् घरी ।
आज्ञा हुन्छ पुऱ्याउँछू रथ उहीं ❋ मैले छिटो चाल् गरी ॥
यो बिन्ती सुनि पार्थले अलिकती ❋ हाँसेर भन्छन् तहाँ ।
तिम्ले उत्तर ! हेर जुन् रथ उपर् ❋ नीलो पताका यहाँ ॥

(१२)

देख्छौं त्यै रथ व्याघ्रचर्म[1] मढि खुब् ❋ राम्रो भएको अती ।
जस्मा लाल तुरङ्ग[2] जोतिन गई ❋ शोभा बढेको कती ॥
सोही नै रथ हो भनेर कृपको ❋ जानी लिए यस् घरी ।
ठूले छन् तिनि शस्त्रधारिहरुमा ❋ जित्छन् लडाईं गरी ॥

(१३)

लैजाऊ तिनका अगाडि रथ यो ❋ ऐल्हे तुरुन्तै गरी ।
हातै चल्छ कती छिटो म तिनको ❋ हेर्छू अगाडी परी ॥
आर्को ता रथ ताहिं नेर छ हटी ❋ देखिन्छ जो लौ यहाँ ।
सुन्का कुण्डल छन् ध्वजा उपरमा ❋ जस्का रहेका तहाँ ॥

(१४)

द्रोणाचार्यजिको छ स्यन्दन[3] खडा ❋ ती श्रेष्ठ वीरै भई ।
मान्यै हुन् सबका प्रदक्षिण म ता ❋ गर्छू अहीले गई ॥
हाने बाण भने मलाइ पहिले ❋ मैले पनी त्यै घरी ।
हान्नेछू गुरुलाइ मान्नु परने ❋ रीतै हुनाले गरी ॥

(१५)

यौटा फेर् रथ द्रोणका नजिकमा ❋ देखिन्छ फेरी यहाँ ।
चिह्न छन् धनुका अनेक तहिंनै ❋ जस्का ध्वजा बीचमा ॥
सोही हो गुरु - पुत्रको रथ ति छन् ❋ माहारथी यस् घरी ।
मेरा ती पनि मान्य हुन् बुझ तिमी ❋ लड्छू अगाडी सरी ॥

(१६)

सेनाका छ समीपमा रथ सुनौ- ❋ ला फेर् ध्वजैमा पनी ।
सूनौलै रंगका त नागहरु छन् ❋ राम्रा बहूतै बनी ॥
राजा श्री धृतराष्ट्रका सुत[4] उनै ❋ दुर्योधनैको त पो ।
सोही हो रथ ती पनी गुरुजिका ❋ हुन् शिष्य भन्छू म यो ॥

१ बाघको छाला । २ घोडा । ३ रथ । ४ छोरा ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(१७)

तिन्को बानि निको त छैन तिनि छन् ❋ स्वार्थी बहुतै यहाँ ।
ठूलै छन् ति प्रतापि शस्त्र बहुतै ❋ छोड्छन् छिटो चालमा ॥
तिन्का सम्मुखमा लगेर रथ यो ❋ देऊ जुधाई अनी ।
गर्छू आज लडाइँ छोडि शर खुब् ❋ तिन्को म काले बनी ॥

(१८)

हात्तीको छ शकल् ध्वजा उपरमा ❋ त्यो स्यन्दनैमा तहाँ ।
बस्छन् कर्ण भनेर जान तिमिले ❋ देखिन्छ मैदानमा ॥
मेरो रिस् अति गर्छ त्यै अधमले ❋ त्यो हो दुरात्मा खुनी ।
होशीयार भएर हाँक्नु रथ है ❋ त्यस् सीत लड्दा पनी ॥

(१९)

नीलो भारी ध्वजा विषे रवि र फेर् ❋ ताराहरूका मनी ।
मूर्ती सुन्दर छन् विचित्र जसमा ❋ कारीगरीले बनी ॥
सेतो छत्र र स्वर्णकै रङ हुने ❋ राम्रो किरीटै रही ।
राम्रो खुब् कवचै छ हेर जसको ❋ अग्लो शरीरै भई ॥

(२०)

राजा शन्तनुका सुपुत्र कहिने ❋ हाम्रा त बाजे पनी ।
जस्को नाम छ भीष्म वीर तिनि हुन् ❋ विद्याहरूका धनी ॥
छन् ऐह्ले वशमा ति अन्धनृपका ❋ छोराहरूका यहाँ ।
लड्नू पर्छ अरू सँगै लडि सकी ❋ मेरो छ यै चित्तमा ॥

(२१)

अर्ती अर्जुनको सुनेर खुशि भै ❋ त्यै काम गर्छू भनी ।
झट्टै उत्तरले खिची कन लगाम् ❋ हानेर चाबुक् पनी ॥
घोडालाइ कुदाइ बेग सँगले ❋ पूगी कृपाचार्यका ।
सामूमा रथ पार्थको त रुकि गो ❋ लागेन बेरै तहाँ ॥

अर्जुन र कौरवको युद्ध हेर्न देवताहरू आउनु

(१)

हिंड्दो कौरव-सैन्य त्यो अति ठुलो ❋ मैदानका बीचमा ।
देखिन्थ्यो घन झैं अली-अलि गरी ❋ हिंड्ने त आकाशमा ॥
घोडामा रथमा र हात्तिहरुमा ❋ वीरादिहेरू बसी ।
आए लड्न भनेर अर्जुनजिका ❋ साम्ने त कम्मर् कसी ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(२)

यस्तै औसरमा ति इन्द्र र मरुत् ❋ गन्धर्व यक्षै अरू ।
द्यौता-किन्नर-सिद्ध फेर् ऋषि-मुनी ❋ देवाङ्गनादी - हरू ॥
युद्धै अर्जुन कौरवादिहरुको ❋ लौ आज हेर्छौं भनी ।
आए दिव्य विमानमा बसि-बसी ❋ ठाँट् पारि राम्रा बनी ॥

(३)

आयो अन्य ठुलो विमान नभमा ❋ उड्दै त सोही घरी ।
जस्मा इन्द्र र देवताहरु थिए ❋ राम्रा स्वरूपै धरी ॥
सप्पैं पितृ र राक्षसादि सहितै ❋ राजा प्रतर्दन् अनी ।
शीवी अष्टक भानु भूप र नहुष् ❋ पूरू ययाती पनी ॥

(४)

श्रीराजा नलजी रघू मनु अनी ❋ राजा सगर्जी सबै ।
सुन्का आसनमा विमान बिचमा ❋ थीए सजेका तबै ॥
अग्नी चन्द्र र उग्रसेन वरुणै ❋ कूबेर शम्भू अनी ।
ब्रह्माजी र प्रजापतीहरु भए ❋ धाता अनङ्गै पनी ॥

(५)

आफ्ना सुन्दर ती विमान बिचमा ❋ राम्रै सुशोभीत भै ।
आए हेर्न भनेर युद्ध खुशि भै ❋ प्राणी ति जम्मा सबै ॥
पृथ्वी बाट नजर् दिंदा गगनमा ❋ छाता र जूहार्हरू ।
झल्कन्थे सबका प्रकाशित भई ❋ भन्ने कुरा के गरूँ ॥

(६)

स्वर्गैका अति खुशबुदार फुलका ❋ मालाहरूको तहाँ ।
खुश्बू वायु महाँ मिली त्यस बखत् ❋ चल्थ्यो उही ठाममा ॥
धूलो साफ भएर पृथ्वि नभमा ❋ चीसो बतास् त्यस् घरी ।
चल्दा सैन्यहरू प्रसन्न ति भए ❋ आनन्द चित्तै गरी ॥

अर्जुन र कृपको युद्ध हुनु कृपाचार्यले हार्नु

(१)

आए देवहरू जसै गगनमा ❋ देखेर पार्थैजिले ।
बोले उत्तरलाइ चङ्ख बहुतै ❋ हूनू पर्‍यो तीमिले ॥
पैह्ले एति सुनाइ शङ्ख जुन हो ❋ श्री देवदत्तै पनी ॥
फूके शब्द अती भयङ्कर भयो ❋ कामिन् धरा खुब् अनी ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(२)

पार्थैको जब शङ्खनाद हुन गो ❋ मैदानका बीचमा ।
आफ्नू शङ्ख लिई फुके कृपजिले ❋ सोही बखत्मा तहाँ ॥
तीनै लोक विषे त शब्द पुगि गो ❋ फेरी कृपैले पनी ।
टङ्कारै धनुको गरे समरमा ❋ सू नुन् सबैले भनी ॥

(३)

दूवै ती अति वीर पार्थ कृपको ❋ जोडी रवीका सरी ।
तेजस्वी भइ खुब सुशोभित भए ❋ देख्थे सबै त्यस् घरी ॥
तीखा बाण दशै लिएर करमा ❋ आचार्यले झट् गरी ।
हाने अर्जुनलाइ त्यै समयमा ❋ लड्ने इरादा धरी ॥

(४)

पार्थैले पनि बाण धेर उ बखत् ❋ ताकेर छोडी दिए ।
तिन्का ती शरलाई झट्ट कृपले ❋ सम्पूर्ण काटी लिए ॥
मेरा बाणहरू सबै सहजमा ❋ काटी दिए पो भनी ।
हाने लाख शरादि अर्जुनजिले ❋ सोही बखत्मा पनी ॥

(५)

पार्थैका शर-जालले दश दिशा ❋ छोपी दियो त्यै घरी ।
ढाकीए कृप पार्थको शर छुटी ❋ सूर्यैं छिपे झैं गरी ॥
लागे जीउ भरी अनेक शर ती ❋ घोची रगत् धेर् बह्यो ।
बढ्दा दर्द ठुलो झिकेर कृपले ❋ बाणादि हान्नू भयो ॥

(६)

हाने धेर मलाइ बाण गुरुले ❋ तीखा-तिखा यस् घरी ।
यिन्लाई पनि पार्दछू म विरथी ❋ भन्ने विचारै गरी ॥
पार्थैले शर चार ली त्यस् बखत् ❋ ताकेर छाडी दिए ।
घोडा ती कृपका थिए हृदयमा ❋ घाऊ गराई लिए ॥

(७)

छातीमा शर लागि अश्व कृपका ❋ उफ्रे ठुलो जोर् गरी ।
लोटे है रथ देखि झट्ट कृपजी ❋ सोझै भुमीमा परी ॥
त्यो हाल् देखि ति पार्थले कृपजिमा ❋ केही दयालू बनी ।
हानेनन् शर हात रोकि ति रहे ❋ ऊठुन् यि ऐले भनी ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(८)

ऊठी जमिन् बाट लजाइ फेरी । पार्थैं तरफ् नेत्र फिराइ हेरी ॥
जाई कृपाचार्य बसी रथैमा । छानेर लीए दश बाण ताहाँ ॥

(९)

ताकेर हाने जब पार्थलाई । उन्ले पनी ती दश बाणलाई ॥
बीचै महाँ काटि गिराइ दीए । एती गरी शङ्ख बजाइ लीए ॥

(१०)

फेरी अर्जुनले उसै बखतमा ❋ यौटा शरै ठिक् गरी ।
हानी श्रीकृपको धनू कन छिटै ❋ काटी दिए त्यस् घरी ॥
फेरी धेर् शर हानि लौह कवचै ❋ टुक्रा गराई दिए ।
अश्वै माथि र सारथी उपरमा ❋ पाँच् - पाँच बाणै दिए ॥

(११)

फेर् अर्को धनु हातमा कृपजिले ❋ लींदा भए त्यै घरी ।
त्यस्लाइ पनि पार्थले सहजमा ❋ काटी दिए झट् गरी ॥
यस्तै रीति गरेर धेर धनु पो ❋ काटी दिएथे जसै ।
तिन्ले क्रोध गरेर शक्ति करमा ❋ लीए तुरुन्तै तसै ॥

(१२)

उल्का झैं अति तेजिलो गजबको ❋ त्यै शक्तिलाई तहाँ ।
हाने श्रीकृपले ति अर्जुन उपर् ❋ क्रुद्ध भई चित्तमा ॥
आयो शक्ति जसै ति अर्जुनजिले ❋ बाणै दशौटा लिए ।
सौ टुक्रा गरि शक्तिलाइ सहजै ❋ काटी गिराई दिए ॥

(१३)

शक्तीलाइ पनी ति अर्जुनजिले ❋ काटी दिएथे जसै ।
हातैमा दश बाण ली कृपजिले ❋ अत्यन्त चाँडो तसै ॥
हान्नैलाइ नपाइ अर्जुनजिले फेर् ❋ तेह्र हानी तहाँ ।
तिन्का ती शरलाइ टुक् टुक गरे ❋ त्यै युद्ध भूमी महाँ ॥

(१४)

फेरी अर्जुनले लिएर शर पो ❋ चारै त्यजे जुन् घरी ।
तिन्ले गै कन चार अश्व कन झट् ❋ मारी दिए त्यस् घरी ॥
यौटा बाण त्यजेर सारथि कनै ❋ निर्जीव पारी तहाँ ।
बाह्रौटा शरले ध्वजा ति कृपको ❋ काटे उही बीचमा ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(१५)

हाँसी त्यै घरि वीर अर्जुनजिले ❋ बज्रै सरीका पनी ।
हाने छाति तिरै त तेह्र शर झट् ❋ लोट्दुन् यि बूढा भनी ॥
लाग्दा ती शर पार्थका कृप अती ❋ घायल् भई त्यै घरी ।
यौटा भारि गदा लिएर ति कुदे ❋ त्यागी रथै झट् गरी ॥

(१६)

घूमाई बलले गदा कृपजिले ❋ हाने ति पार्थै महाँ ।
पार्थैले शर हानि त्यस् कन पनी ❋ व्यर्थै गराए तहाँ ॥
बेइज्जत् कृपको गराइ यसरी ❋ ती पार्थले फेर् पनी ।
बर्साइ शर घेर ती कृप कनै ❋ छोपी दिए झट् अनी ॥

(१७)

एही औसरमा त वीर अरु पो ❋ आएर त्यै ठाममा ।
दीए खूब सहायता कृप कनै ❋ युद्धादिका काममा ॥
पार्थैका शरजाल काटि तिनले ❋ आफ्ना शरैले गरी ।
ढाके अर्जुनकै त स्यन्दन पनी ❋ अत्यन्त चाँडो गरी ॥

(१८)

मौका भाग्न मिल्यो भनेर कृपले ❋ बाँचूँ भनी त्यस् घरी ।
भागे ती रण छोडि लाज पनि ता ❋ त्यागेर छीटै गरी ॥
भाग्दा ती कृपलाइ देखि उ बखत् ❋ श्रीपार्थले फेर् तहाँ ।
वर्षा खुब् शरको गरेर अरिको ❋ शेखी हरे छिन् महाँ ॥

अर्जुन र द्रोणको युद्ध हुनु, द्रोणले हार्नु

(१)

भागे कृपाचार्य भनेर ताहाँ । श्रीद्रोणले रिस् लिइ चित्त माहाँ ॥
आफ्नू रथैलाइ अगाडि ल्याई । लीए ठुलो दिव्य धनू उठाई ॥

(२)

राता अश्व ति चार जोतिन गई ❋ राम्रो भएको अती ।
सोही स्यन्दनमा बसेर गुरुजी ❋ युद्धै विषे दी मती ॥
आएछन् भनि पार्थले उहि बखत् ❋ पैह्ले प्रणामै गरे ।
फेरी युद्ध गरूँ भनेर गुरुका ❋ साम्ने अगाडी सरे ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(३)
त्यै बेला सब कौरवी - कटकमा ❋ भेरी र शंखै पनी।
लागे बज्न गरेर शब्द चरको ❋ होस् युद्ध ठूलो भनी॥
घोडा लाल ति द्रोणका तुरग[1] ता ❋ सेता थिए पार्थका।
लड्दा भो सुषमा[2] ति वीरहरुले ❋ एता र ऊता हुँदा॥

(४)
फेरी अर्जुनले त हाँसि कन क्यै ❋ तिन्मा प्रणामै गरी।
लागे भन्न गुरो ! ठुलो दुख सह्यौं ❋ जङ्गल्हरुमा परी॥
शत्रु सीत गरेर युद्ध बदला ❋ त्यस्को चुकाऊँ भनी।
आएँ लड्न भनेर रिस् हजुरले ❋ केही नगर्नू पनी॥

(५)
पैह्ले हान्नुहवस् हजुर् मकन लौ ❋ मैले पछाडी अनी।
गर्छू युद्ध हजूर सीत रणमा ❋ ऐह्ले म वीरै बनी॥
यस्ता बात सुनी धनञ्जयजिका ❋ श्रीद्रोणले त्यै घरी।
बाणै बीस ति पार्थ माथि रिसले ❋ छोडे अगाडी सरी॥

(६)
ती बीसै शरलाइ अर्जुनजिले ❋ आफ्ना शरैले गरी।
काटी नष्ट गरी दिएर गुरुले ❋ अत्यन्त रीसै धरी॥
हज्जारै शर हानि पार्थ-रथ त्यो ❋ छीटैन[3] ढाकी दिए।
चेलाको गुरुको लडाइँ सबले ❋ ताहीं त देखी लिए॥

(७)
ठूलो युद्ध भयो र वीर दुइले ❋ अत्यन्त चाँडो गरी।
हान्थे है शर आदि झट्ट धनुमा ❋ जोड्दै अगाडी सरी॥
ती वीरै दुइको पराक्रम[4] ठुलो ❋ देख्दा सबैले तहाँ।
स्याबास् धन्य थि वीर हुन् भनि खुबै ❋ तारिफ् गरे चित्तमा॥

(८)
द्रोणैले शर धेर् गिराइ उ बखत् ❋ श्रीपार्थलाई तहाँ।
ढाकी घाम समेत छोपि दिनु भो ❋ त्यै युद्ध-भूमी महाँ॥
पार्थैले पनि बाण - जाल गुरुको ❋ देखेर चाँडो गरी।
वर्षाई शर धेर ती शर सबै ❋ काटी दिए त्यै घरी॥

१ घोडा। २ राम्रो शोभा। ३ छिटैनै। ४ वीरता।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(९)

श्री द्रोणले फेरी रिसाइ ताहाँ । इन्द्रास्त्र लीई कन हात माहाँ ॥
मन्त्रेर चाँडो गरि छोडि दीए । श्रपार्थका ती शर काटि लीए ॥

(१०)

द्रोणेले अरु अस्त्र ली उहि बखत् ❋ मन्त्रेर त्यागी दिए ।
पार्थैले पनि अस्त्र हानि कन धेर् ❋ तिन्लाइ काटी दिए ॥
पैह्ले इन्द्र बली जसोरि त लडे ❋ उस्तै तवर्ले गरी ।
चैलाको गुरुको लडाइँ हुन गो ❋ हेर्दा अचम्मै सरी ॥

(११)

किरीटीले लाखै शर धनु विषे ली कन तहाँ ।
गुरूलाई हान्दा रथकन त छोप्यो छिन महाँ ॥
सबै द्यौताले नै नजर गरि युद्धै खुशि भए ।
ति द्रोणैका आङ्मा शरहरु अनेकै घुसि गए ॥

(१२)

पार्थैका शरले ति द्रोण कन ता ❋ घायल् गराई अनी ।
टुक्रा पारि दिए अभेद्य कवचै ❋ तिन्कै जिऊको पनी ॥
तिन्को जौन ध्वजा थियो उहि पनी ❋ काटी उसै बीचमा ।
घोडालाइ पनी सबै जिउ भरी ❋ घाऊ लगाए तहाँ ॥

(१३)

बेहाल् भो जब द्रोणको समरमा ❋ मद्दत् गरूँ क्यै भनी ।
तिन्कै पुत्र ति द्रोणि क्रुद्ध हुन गै ❋ आए तुरुन्तै अनी ॥
हज्जारौं शर हानि पार्थ कन फेर् ❋ आए अगाडी जसै ।
पार्थैले पनि द्रोणिलाइ उ बखत् ❋ बाणादि हाने तसै ॥

(१४)

अश्वत्थामा[1] लड्न आए र ताहाँ ।
तागत् नाश् भै द्रोणको युद्ध माहाँ ॥
टिक्नै गाह्रो मानि मौका विचारी ।
भागे चाँडै जित्नको आश मारी ॥

---

१ द्रोणका पुत्र ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अर्जुन र द्रोणीको युद्ध

(१)

सामुनेमा गुरु - पुत्रलाइ उ बखत् ❋ देखेर पार्थैं पनी ।
लागे हान्न निकै तिखा शरहरू ❋ भाग्नुन् यि चाँडै भनी ॥
ध्यौता दानवको लडाइँ सरिको ❋ सङ्ग्राम भो त्यस् घरी ।
लागे गिर्न भका - भकी जनहरू ❋ लोटी भुमीमा मरी ॥

(२)

द्रोणीले तब हानि एक शर पो ❋ श्रीपार्थको त्यै घरी ।
ताँदो काटि दिए तुरुन्त धनुको ❋ रिसमा बहुतै परी ॥
द्रोणीको त्यति काम देखि नभमा ❋ देवादि यक्षैहरू ।
लागे तारिफ गर्न त्यै बखतमा ❋ धेरै बयान् के गरूँ ॥

(३)

द्रोणीले शर धेर् चलाइ अनि फेर् ❋ त्यै युद्ध-भूमी महाँ ।
घाऊ लाइ दिए ति अर्जुनजिका ❋ ताकेर छाती महाँ ॥
पार्थैले तब हाँसि डोरि धनुमा ❋ अर्को चढाई लिए ।
बाणै हानि ति द्रोणिलाइ जिउमा ❋ घाऊ गराई दिए ॥

(४)

द्रोणीले शर धेर् चलाइ लडदा ❋ त्यो युद्ध भूमी महाँ ।
बाणादि सकिएर पक्ष ति परे ❋ आश्चर्य मानी तहाँ ॥
द्रोणीको उहि हाल देखि कन ता ❋ ती कर्णले त्यै घरी ॥
टङ्कारै धनुको गरे उहि बखत् ❋ लड्ने इरादा धरी ॥

(५)

यो टङ्कार गरेछ वीर कुनले ❋ भन्दै नजर्ले तहाँ ।
हेर्दा अर्जुनले यि कर्ण कन झट् ❋ देखे अगाडी महाँ ॥
देखी त्यस् कन वीर अर्जुनजिले ❋ धेरै रिसाई तहाँ ।
राता नेत्र गराइ हेरि त लिए ❋ त्यसका मुहारै महाँ ॥

(६)

हान्ने बाण समाप्त भो र रणमा ❋ ती द्रोणिलाई तहाँ ।
लाग्यो लाज कसोरि पार्थ सित लौ ❋ लड्नू लडाईं महाँ ॥
मौका हेरि तुरुन्त मस्तक पनी ❋ आफ्नू झुकाइ दिए ।
भाग्नै जाति बुझेर आफ्नु रथ झट् ❋ तिनले घुमाई लिए ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कर्ण र अर्जुनको दोस्रो युद्ध हुनु, कर्णले हार्नु

(१)

द्रोणी भागि गए र अर्जुनजिले ❋ त्यै कर्णलाई तहाँ ।
लागे भन्न छ याद बात कि कसो ❋ बोल्यौ सभा बीचमा ॥
भन्थ्यौ कर्ण छ एक वीर जगमा ❋ अर्को त होला कहाँ ।
जित्ने हूँ सबलाइ को छ म सरी ❋ ठूलो जगत् बीचमा ॥

(२)

मौका बल्ल पऱ्यो लडाइँ गरने ❋ आऊ अगाडी सरी ।
मेरा साथ् गर युद्ध शक्ति छ भने ❋ के हुन्छ गफ्ले गरी ॥
ठूलो वीर म हूँ भनेर मनमा ❋ राख्छौ घमण्डै अती ।
आफ्नू तारिफ गर्छ वीर जगमा ❋ कुन् चाहिंले पो कती ॥

(३)

जो-जो कौरवका अघिल्तिर भन्यौ ❋ सो बात ऐल्हे यहाँ ।
साँचै पार गरेर युद्ध तिमिले ❋ मेरा अगाडी महाँ ॥
रानी द्रौपदिलाइ नीचहरुका ❋ ल्याई सभा बीचमा ।
हाँसेथ्यौ तिमिले सजा त उसको ❋ मिल्नेछ ऐल्हे यहाँ ॥

(४)

त्यस् बेला परि धर्म - बन्धन विषे ❋ मैले त मौनै लिएँ ।
ऐल्हे त्यै बदला लिने सुर गरी ❋ सूचन् उसैको दिएँ ॥
सुन् रे नीच ! बसेर बाह्र बरसै ❋ जङ्गल् महाँ दुख् पऱ्यो ।
तेसैको बदला म लिन्छु बुझिले ❋ बेला अहीले पऱ्यो ॥

(५)

तेरो शक्ति कती रहेछ लडने ❋ हेरुन् यि नीचैहरु ।
लौ-लौ हान् शर आइ सम्मुख परी ❋ धेरै कुरा के गरूँ ॥
मेरा साथ गरेर युद्ध अहिले ❋ ज्यान्को बली पो गरी ।
जानेछस् परलोकमा सब यिनै ❋ नीचादि साथी त्यजी ॥

(६)

यस्ता बात् सुनि कर्णले पनि भने ❋ बक्वाद गर्छौ कती ।
तिम्रो शक्ति समर्थ क्यै छ त भने ❋ देखाउ सक्ने जती ॥
पृथ्वीमा तिमि छौ पराक्रमि भनी ❋ थाहा छ सोही पनी ।
कम्ती कत्ति म छैन जान तिमिले ❋ साँचै भनेको भनी ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(७)
मेरा साथ लडाइँ गर्न बहुतै ❋ तिम्रो त इच्छा थियो ।
आऊ हेर्छु बुता कती छ तिमिमा ❋ बेला विधीले दियो ॥
भन्छन् पार्थ तँलाइ लाज पनि ता ❋ लाग्दैन बोल्छस् कती ।
तेरो भाइ थियो उही पनि मऱ्यो ❋ हेरी रहिस् दुर्मती ॥
(८)
ऐल्हे सम्म तँ बाँचि बात गरछस् ❋ मेरा अगाडी परी ।
को होला तँ सरी शरम् नगरने ❋ यो मर्त्यलोकै भरी ॥
यस्ता बात सुनाइ बाणहरुको ❋ वर्षा गरेथे जसै ।
रोके ती शर कर्णले शरहरू ❋ त्यागेर ताहीं तसै ॥
(९)
पार्थैले शर हानि डोरि पिठको ❋ जस्मा त ठोक्को पनी ।
झुण्डिन्थ्यो उहि कर्णको सहजमा ❋ काटी गिराए अनी ॥
कर्णैले पनि क्रुद्ध भै शर कुनै ❋ लीएर हाने जसै ।
पार्थैको मुठि खुल्न गो कर विषे ❋ लागी शरैले तसै ॥
(१०)
फेरी अर्जुनले तुरुन्त अरिको ❋ काटी गिराए धनू ।
कर्णैले पनि शक्ति ली उहि बखत् ❋ हान्यो छिटै के भनूँ ॥
हानी बाण किरीटिले उहि पनी ❋ व्यर्थै गराई दिए ।
तीखा बाण त्यजेर अश्वहरुको ❋ प्राणान्त पारी दिए ॥
(११)
काटे फेर् कवचादि कर्ण अरिका ❋ बाणादिले त्यै घरी ।
पार्थैका शर छातिमा घुसि गडे ❋ त्यै कर्णका बेसरी ॥
आँखाका अघि अन्धकार हुन गै ❋ मूर्छा परे झैं भए ।
त्याहाँ टिक्न भएन उत्तर तिरै ❋ भागेर ती गै गए ॥

विकर्ण आदि धृतराष्ट्रका पुत्रसँगको लडाइँ

(१)
भागी कर्ण जसै गयो पर तिरै ❋ श्रीपार्थले त्यै घरी ।
बोले उत्तरलाइ भीष्म तिर पो ❋ लौ हाँक चाँडो गरी ॥
हाम्रा पूज्य ति हुन् पितामह पनी ❋ मेरा सँगैमा यहाँ ।
युद्धे गर्न तयार छन् अब सुन्यो ❋ जानू छ योग्यै तहाँ ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(२)

आज्ञा यो सुनि राज - पुत्र बहुतै ❋ घायल् भएका थिए ।
तिन्ले भीष्मजिको कटक्तिर नजर् ❋ दीएर भन्दा भए ॥
तागत् छैन मलाइ वीर ! जिउमा ❋ हाँकूँ कसोरी यहाँ ।
देख्दा शोणितको[1] नदी यस बखत् ❋ बाँकी छ सुद्धी कहाँ ॥

(३)

बोसो मासु रगत् जमेर रणमा ❋ दुर्गन्ध ठूलो भई ।
वाक्-वाक् लाग्दछ छू म विह्वल अती ❋ शक्ती भएको गई ॥
शब्दै गाण्डिवको भयङ्कर भई ❋ शंखै बजेको पनी ।
सुन्दा कान दुवै फुटे सरि भए ❋ केही नसुन्ने बनी ॥

(४)

पृथ्वी घुम्दछ के भने सरि भयो ❋ चाबुक् पनी यस् घरी ।
कस्तो रित् सँग पक्रुँ तागत बिना ❋ मैले लगाम् यो घरी ॥
यस्ता बात् सुनि पार्थले उहि बखत् ❋ तिन्का अगाडी महाँ ।
सम्झाई कन भन्दछन् खुशि भई ❋ माया - दया ली तहाँ ॥

(५)

तिम्ले उत्तर ! खुब् दियौ मदत पो ❋ यो युद्ध-भूमी महाँ ।
अद्भुत् कर्म गर्‍यौ प्रसन्न छु म ता ❋ तिम्लाइ देखी यहाँ ॥
हुन्छौ दुःखि वृथा तिमी किन उसै ❋ चिन्ता सबै त्याग् गरी ।
हाँकी द्यौ रथ भीष्मकै समिपमा ❋ लड्छू म गै यस् घरी ॥

(६)

ताँदो नै धनुको पितामहजिको ❋ काटेर युद्धै गरी ।
तिन्को अस्त्र-प्रयोग[2] हेर्छु अहिले ❋ मैले अगाडी सरी ॥
खोलो फेरि बगाउँछू रगतको ❋ जीतेर मैले यहाँ ।
देखौला तिमि ढाकि दिन्छु शरले ❋ आकाश सारा महाँ ॥

(७)

ब्रह्मा इन्द्र र देवताहरु सँगै ❋ अस्त्रादि मैले लिएँ ।
पौलोमादि र कालखञ्जहरुको ❋ ध्वस्तै गराइ दिएँ ॥
देख्नेछौ सब कौरवादिहरुको ❋ शेखी भएको हरी ।
हानी घेर शरादि सैन्य सब यी ❋ मार्छू अगाडी सरी ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(८)

एक्लै छू रणमा तथापि सबको ❋ ज्यान् लिन्छु मै यो घरी ।
जस्ता रित् सँग मार्दछन् शचिपती ❋ ती दानवै रिस् गरी ॥
उस्तै रित् सँग अग्नि-अस्त्र अहिले ❋ छोडेर यो फौजमा ।
आगो लाउँछु हेर्नु उत्तर ! तिमी ❋ ऐह्ले तुरुन्तै यहाँ ॥

(९)

पाएर आश्वासन पार्थ देखी । ती उत्तरैले लिइ फेरि शेखी ॥
हाँकेर घोडा कन खुब् बढाई । देख्दा भए भीष्म सुवीरलाई ॥

(१०)

श्रीपार्थको स्यन्दन सामु माहाँ । देखेर श्रीभीष्म रिसाइ ताहाँ ॥
कान् सम्म खैंचेर धनू चढाई । हान्दा भए बाण ति पार्थलाई ॥

(११)

पार्थैले पनि सोहि औसर महाँ ❋ अत्यन्त क्रोधी भई ।
हानी बाण ति भीष्मको पनि ध्वजा ❋ काटे अगाडी गई ॥
चारै वीर त युद्ध - गर्न भनि झट् ❋ आएर पार्थौं पनी ।
तिन्कै तर्फ फिरे उसै बखतमा ❋ अत्यन्त क्रुद्धै बनी ॥

(१२)

विकर्ण दुःशासन दुःसहै फेर् । विविंशती वीर त अस्त्र ली घेर् ॥
श्रीपार्थका गै कन सामु माहाँ । बाणादि हाने उहि बीच माहाँ ॥

(१३)

दुःशासनले रिसाई उहि बखत महाँ भल्ल - बाणै चलाई ।
पार्थैका सारथीको हृदय बिच महाँ घाउ पाऱ्यो लगाई ॥
आर्को ली बाण झट्टै बल गरि उसले पार्थका छाति माहाँ ।
हान्यो दुःशासनैले रिस गरि बहुतै घाउ लागेर ताहाँ ॥

(१४)

पार्थैले रिस् बहुतै गरि कन उ बखत् ली धनू हात माहाँ ।
तीखा - तीखा दुईटा शर लिइ बलले त्याग् गरी फेरि ताहाँ ॥
पाँचोटा बाण हानी धनु कन टुकरा पारि छाती छिचोली ।
रक्तैको भल् बहाए तब त उ पनि गो भागि केही नबोली ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(१५)

यस्तै औसरमा विकर्ण रिसले ❋ बाणै त हान्दो भयो ।
हान्दा बाण दशै ति अर्जुनजिले ❋ सोही त भागी गयो ॥
आए दुःसह फेर् विविंशति पनी ❋ लड्ने इरादा धरी ।
पार्थैले शर हानि ती दुइ कनै ❋ घाऊ गरे आङ् भरी ॥

(१६)

छोरा चार ति अन्ध-भूपतिजिका ❋ भागे र घायल् भई ।
तिन्को सैन्य पनी विनाश भइ गो ❋ मैदानमा पो गई ॥
यस्ता रित् सँग बैरिलाइ रणमा ❋ जीतेर पार्थै पनी ।
लागे घुम्न बसी - बसी रथ महाँ ❋ को आउने हो भनी ॥

पार्थले अरि-सैन्य मारी रक्तको नदी बगाउनु

(१)

जम्मा कौरव - सैन्यका रथिहरू ❋ भेला भई त्यै घरी ।
लागे अर्जुनलाइ हान्न शरको ❋ चौपट्ट वृष्टी गरी ॥
पार्थैले पनि हानि धेर शरले ❋ आकाश ढाकी अनी ।
ढाके शीघ्र सबै दिशा र विदिशा ❋ भागुन् यि सेना भनी ॥

(२)

घोडा हात्ति र सैन्यका वदनको ❋ थुप्रो रणै बीचमा ।
ऊँचो पर्वत झैं भयो गजबको ❋ मुर्दा गडी कीचमा ॥
खोलो बग्न गयो ठुलै रगतको ❋ पानी बगे झैं गरी ।
गिर्थे है शिर तालका फल सरी ❋ सोही जमिन्मा झरी ॥

(३)

पार्थैको अति वीरता नजरले ❋ देखेर सेनाहरू ।
डरले हात खिचेर मौन ति भए ❋ भन्ने कुरा के गरूँ ॥
मुर्दामा बसी श्याल गिद्ध उ बखत् ❋ मासू लुछी खुब् तहाँ ।
बोल्थे शब्द अनेक तीव्र स्वरले ❋ त्यै युद्ध - भूमी महाँ ॥

(४)

शत्रूका सब सैन्यले गगनका ❋ देवादिले नै पनी ।
तारिफ् अर्जुनको गरे खुशि हुँदै ❋ यी वीर ठूला भनी ॥
पार्थै रुद्र समान भै रण विषे ❋ लिन्थे खुबै ज्यान् तहाँ ।
दिन्थे ज्यान् सबले अघी सरि सरी ❋ त्यै युद्ध - भूमि महाँ ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अर्जुन र महारथीहरूको युद्ध

(१)

त्यो दुर्योधन कर्ण त्यै बखतमा ❋ दुःशासनादी लिई ।
आए लड्न भनेर अर्जुनजिका ❋ साम्ने मुहूँडा दिई ॥
देखी भूपतिलाइ द्रोण कृप फेर् ❋ वीवींशतीले तहाँ ।
आए मद्दत गर्नलाइ नृपको ❋ साम्ने लडाईं महाँ ॥

(२)

आएका ति महारथीहरु कनै ❋ देखेर पार्थै पनी ।
लड्ने मन् सुबले फिराइ रथ पो ❋ आए नजीकै अनी ॥
वीरैले त्यजि बाण अर्जुनजिको ❋ ढाकी रथै त्यो दिए ।
सूर्यै बादलका सरी हुन गई ❋ ती पार्थ लूकी गए ॥

(३)

एकै छिन् पछि इन्द्र - अस्त्र धनुमा ❋ जोडेर सोही घरी ।
छाडे अर्जुनले शिरादि अरिको ❋ काट्ने इरादा गरी ॥
वैरीका शरहेरु भग्न हुन गै ❋ त्यैं युद्ध-भूमी महाँ ।
लागे गिर्न भएर व्यर्थ उ बखत् ❋ वीरादि सारा तहाँ ॥

(४)

पार्थैका शरले मरी - मरि गिरे ❋ थुप्रो ठुलै पो भयो ।
शब्दै गाण्डिवको त तीव्र हुन गै ❋ बज्रै परे झैं भयो ॥
साह्रै मुग्ध भएर प्राणि डरले ❋ दौडेर सोही घरी ।
लागे भाग्न दशै-दिशा तिर छरी ❋ मन्मा ठुलो डर् धरी ॥

अर्जुन-भीष्म-युद्ध, भीष्मको पराजय

(१)

योद्धाहेरु कती मरे कति गए ❋ भागी बचोस् ज्यान् भनी ।
यो चाल् देखि ति भीष्म फेर् अघि सरे ❋ कालाग्नि जस्तै बनी ॥
लड्ने सुर् गरि भीष्म जुन् समयमा ❋ पौंचे अगाडी महाँ ।
आफ्नू शङ्ख पनी अवाज सितले ❋ फुक्ता भए फेर् तहाँ ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(२)

आए भीष्म भनेर अर्जुन पनी ❋ पूगे अगाडी महाँ।
भीष्मैले शर हातमा लिइ त्यजे ❋ ताकी ध्वजा बीचमा॥
लाग्यो त्यै शर ता शरीर बिचमा ❋ जल्दी कपीको गई।
हाने भल्ल लिएर अर्जुनजिले ❋ अत्यन्त क्रुद्धै भई॥

(३)

लाग्यो भल्ल गएर छत्र बिचमा ❋ श्रीभीष्मको त्यो घरी।
टूटी छत्र गिऱ्यो तुरुन्त जिमिमा ❋ दोटै त टुक्रा परी॥
काटी अर्जुनले ध्वजा पनि जसै ❋ चाँडै गिराई दिए।
घोडा मारि निभाइ सारथि कनै ❋ फेर् शङ्ख फूकी लिए॥

(४)

फेरि बाण त्यजेर रक्षकहरू ❋ जो भीष्मजीका थिए।
तिन्को ज्यान् पनि पार्थले सहजमा ❋ खैंचेर लींदा भए॥
आफूलाइ यसोरि शीघ्र विरथी ❋ पारे भनी रिस् घरी।
हाने भीष्मजिले अनेक शर पो ❋ पार्थैं उपर् त्यै घरी॥

(५)

पार्थैंले सब बाण काटि दिइयो ❋ श्री भीष्मका छिन् महाँ।
त्यो देखी कन भीष्मलाइ रिस भो ❋ अस्त्रादि छोडे तहाँ॥
हाने भीष्मजिलाइ अर्जुनजिले ❋ छोडेर अस्त्रैहरू।
भारी युद्ध भयो ति वीर दुइको ❋ त्यस्को बयान् के गरूँ॥

(६)

धेरै अस्त्र भए त व्यर्थ जब ता ❋ दूवै जनाले तहाँ।
युद्धै ता शरको शुरू गरि दिए ❋ रीसै लिई चित्तमा॥
पार्थैंले धनु भीष्मको रिस गरी ❋ काटी दिए त्यै घरी।
अर्को चाहिं धनू लिए कर महाँ ❋ तिन्ले तुरुन्तै गरी॥

(७)

देख्नेहेरु जती थिए रण महाँ ❋ सामू खडा त्यस् घरी।
तारीफै सबले गरे ति दुइको ❋ राम्रै प्रशंसा गरी॥
ठूला वीर महाँ कउन् छ यहि बात् ❋ छुट्ट्याइ भन्ने तहाँ।
निस्केनन् जन कोहि सैनिक विषे ❋ त्यै युद्ध-भूमी महाँ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(८)

यस्तै औसरमा ति वीर दुइले ❋ वर्षा शरैको गरी ।
सारा युद्ध-भुमी विषे दश-दिशा ❋ ढाकी दिए त्यै घरी ॥
पार्थैका शर लागि रक्षकहरू ❋ जो भीष्मजीका थिए ।
तिन्ले भूमि महाँ गिरी त्यस बखत् ❋ ज्यान्लाइ त्यागी दिए ॥

(९)

त्यै बेला शर ती धनञ्जयजिका ❋ बैरीहरू नाश् गरी ।
फेरी फर्कि पसी गए उहि बखत् ❋ ठोक्रै विषे झट् परी ॥
हर्षे ती सुरहेरु तारिफ गरी ❋ त्यस् युद्धलाई अनी ।
ठान्थे भीष्मजिलाइ देखि मनले ❋ हुन् वीर ठूला भनी ॥

(१०)

उड्ने जो नभमा विमान छ उसै ❋ माहाँ बसी त्यस् घरी ।
गन्धर्वाधिप चित्रसेन खुशि भै ❋ बोल्छन् अगाडी सरी ॥
हे देवेन्द्र ! यि पार्थको नजर होस् ❋ फुर्ती छ हान्दा कती ।
कुन् बेला झिकि हान्दछन् शर भनी ❋ जान्दैन कोही यती ॥

(११)

त्यै बेला देवताले खुशि भइ कन खुब् फूलको वृष्टि भारी ।
पार्थैका भीष्मजीका नजिक छिटि दिए माथकै बीच पारी ॥
भीष्मैले सोहि बेला त्यजि कन शर क्वै खूब तीखो त ज्ञानी ।
कोखामा पार्थका झट् जब त गरि दिए चोट फिक्री नमानी ॥

(१२)

पार्थैले हाँसि पैह्ले अनि पछि करमा बाण बाह्रै त लीए ।
हानी दोटा शरैले धनु कन दुइटा टूक पो पारि दिए ॥
हानी बाणै दशैले फजिति अति दिए छातिमा घुस्न जाई ।
मूर्छा भो भीष्मलाई रथ लिइ हटि गो सारथीले घुमाई ॥

अर्जुन र दुर्योधनको युद्ध, दुर्योधन हारी भाग्नु

(१)

भागे भीष्म जसै रण - स्थल त्यजी ❋ सोही बखत्मा तहाँ ।
त्यो दुर्योधन हातमा धनु लिई ❋ क्रुद्ध भई चित्तमा ॥
आयो अर्जुनका अगाडि रथ खुब् ❋ दौडाइ गर्जी अनी ।
हान्यो है शर एक शीघ्र शिरमा ❋ श्रीपार्थलाई पनी ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(२)

लाग्यो बाण गई ललाट[1] बिचमा ❋ श्रीपार्थको जुन् घरी ।
घाऊ भै कन खुब् रगत् बगि गयो ❋ भल्-भल् गरी त्यै घरी ॥
लाग्दामा शर पार्थले रिस गरी ❋ सोही बखत्मा तहाँ ।
त्यै दुर्योधनलाइ हानि शरले ❋ छेडे सबै अङ्गमा ॥

(३)

हात्ती माथि चढी विकर्ण अनि फेर् ❋ साथी रथी चार् लिई ।
आयो अर्जुनका अगाडि उ बखत् ❋ साम्ने मुहूँडा दिई ॥
हात्तीका शिरमा अनेक शरले ❋ हानी किरीटीजिले ।
घायल् पारिदिए र हात्ति गिरिगो ❋ चोट्को ठुलो पीरले ॥

(४)

हात्तीलाइ गिराइ अर्जुनजिले ❋ धेर् बाण हानी तहाँ ।
छाती छेडि दिए सुयोधनजिको ❋ तिन्कै अगाडी महाँ ॥
साम्नेमा जति वीर मौजुद[2] थिए ❋ तिन्का उपर् रिस् धरी ।
वर्षाई शर घाउ खुब् गरि दिए ❋ श्रीपार्थले त्यै घरी ॥

(५)

टिक्नै मुश्किल भै ति वीर रण त्यो ❋ छोडेर भागे जसै ।
भागे सोही बखत् विकर्ण पनि ता ❋ मानेर लज्जा तसै ॥
भागे वीरहरू भनेर नृपती ❋ दुर्योधनैले पनी ।
भागे है रथ त्यो कुदाइ उ बखत् ❋ मार्नन् यिनैले भनी ॥

(६)

देखी अर्जुनले सुयोधन कनै ❋ भाग्दा महाँ त्यस् घरी ।
हाँसे खुब् थपडी बजाइ रणमा ❋ चर्को स्वरैले गरी ॥
लागे भन्न यसोरि भागि अहिले ❋ जान्छस् कहाँ दुर्मती ।
एकैछिन् टिकि युद्ध गर् म सित लौ ❋ भाग्ने लिइस् के मती ॥

(७)

आफ्नू कीर्ति समस्त छोडि रणमा ❋ ऐले भगूवा बनी ।
भाग्छस् पाजि ! तँलाइ लाज रति भर् ❋ लाग्दैन की क्यै पनी ॥
ज्यान् जोगाउन भाग्दछस् अधमहोस् ❋ के राज्य तेरो गयो ।
भागिस् हारि यसोरि मर्नु तइँले ❋ राम्रो बहूतै थियो ॥

---

१ निधार । २ उपस्थित ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(८)

पार्थै हूँ म त कुन्ति - पुत्र बुझिले ❋ गर्छू लडाईं भनी ।
आएको छु नभाग् यसोरि अहिले ❋ लाछी भगूवा बनी ॥
जूवामा धन जो जितिस् छल गरी ❋ फर्काइ दे यस् घरी ।
आफ्ना कर्म पनी तँ सम्झि अहिले ❋ रे नीच ! गिन्ती गरी ॥

(९)

क्षत्री भै कन भाग्छ कुन् रण त्यजी ❋ तैंले गरे झैं गरी ।
बाँचूँला भनि भाग्दछस् तँ अहिले ❋ खुब् लोभमा पो परी ॥
तेरो रक्षण गर्नलाइ सकने ❋ क्वै छैन यो युद्धमा ।
भाग्ने श्रेय छ ज्यान् बचाइ तईंले ❋ भाग्नै छ जाती यहाँ ॥

पार्थले वीरहरूलाई विचेत पारी वस्त्र-हरण गर्नु

(१)

छेड् हानि अर्जुनजिले जब बात ताहाँ ।
बोले सुयोधन पनी उहि बीच माहाँ ॥
हानेर अङ्कुश गजै कन माहुतेले ।
ल्याउँछ जुन् रित गरी कन सो रितैले ॥

(२)

फर्काउँ दे रथ उसै घरि पार्थ काहाँ ।
आए भएर विवशै रण-भूमि माहाँ ॥
फर्के सुयोधन भनी कन चाल पाई ।
आए ति कर्ण पनि मद्दत दीनलाई ॥

(३)

फर्के ति भीष्म पनि झट् उहि बीच माहाँ ।
द्रोणै र द्रोणिहरु सैन्य लिएर ताहाँ ॥
आए अगाडि नृपको र विविंशतीले ।
ल्याए घुमाइ कन आफ्नु रथै रिसैले ॥

(४)

राजालाइ सघाउना कन जसै ❋ वीरादि आए तहाँ ।
त्यो दुःशासन आफनू रथ चढी ❋ आयो अगाडी महाँ ॥
बैरीको सब सैन्य सज्जित भई ❋ यस्ता तवरूले गरी ।
आयो सामु महाँ र अर्जुनजिले ❋ झट्टै धनू बाण ली ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(५)

बर्साए शर खुब् उसै समयमा ❋ सेना गिराऊँ भनी ।
भीष्मादी सब वीरले शरहरू ❋ छोडे इखालू बनी ॥
शब्दै गाण्डिवको अघोर हुन गै ❋ गर्जे कपीले तहाँ ।
आफ्नू शङ्ख फुके धनञ्जयजिले ❋ त्यै युद्ध-भूमी महाँ ॥

(६)

पार्थैले तब ऐन्द्र अस्त्र करमा ❋ लीएर मन्त्रै गरी ।
हाने सैन्य तरफ् चढाइ धनुमा ❋ चाँडै अगाडी सरी ॥
सो अस्त्रै गइ फौजलाइ रणमा ❋ मुग्धै गराई दियो ।
त्यै बेला सब कौरवी-कटकले ❋ चुप् लागि बस्दो भयो ॥

(७)

त्यागी शस्त्र समेत पङ्क्ति परि फेर् ❋ मुग्धै भयो फौज् जसै ।
पार्थैले तब राज - पुत्र कन झट् ❋ एती अह्राए तसै ॥
जाऊ उत्तर ! सैन्यका बिच पसी ❋ वीरादिका ती सबै ।
रङ्गी-चङ्गि लुगा र दिव्य पगरी ❋ झीकेर ल्याऊ अबै ॥

(८)

सेता वस्त्र ति द्रोणका र कृपका ❋ होलान् जिऊमा अनी ।
त्यो दुर्योधन द्रोणिका वदनमा ❋ नीलो छ वस्त्रै पनी ॥
कर्णैले पहिरन्छ पीत - वसनै ❋ हर्दम् शरीरै महाँ ।
सारा वीर अचेत छन् यस बखत् ❋ होश् छैन तिन्को यहाँ ॥

(९)

भीष्मै मात्र सचेत छन् यस बखत् ❋ उठ्नन् अवश्यै तहाँ ।
तिन्को बाम तरफ् भएर तिमिले ❋ पस्नू कटक् बीचमा ॥
वीरैका पगरी र चद्दरहरू ❋ लीएर ऐहे यहाँ ।
आऊ राजकुमार ! झट्ट तिमि लौ ❋ फर्केर फेरी यहाँ ॥

(१०)

आज्ञा अर्जुनको सुनी त्यस बखत् ❋ ती उत्तरैले पनी ।
छोडी झट्ट लगाम् त्यहीं जमिनमा ❋ उत्रेर फेरी अनी ॥
दौडी सैन्य महाँ पसेर सबको ❋ चादर् र फेटाहरू ।
ल्याई फेरि तिनी चढे रथ महाँ ❋ धेरै बयान् के गरूँ ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(११)

पार्थैंका रथलाइ उत्तरजिले ❋ हाँकेर छीटै गरी।
सिन्धू[1] झैं कुरु - वंशिका कटकको ❋ बिच् बाट चाँडो गरी॥
ल्याए बाहिर भीष्मले उहि बखत् ❋ देखी शरादी तहाँ।
हाने उत्तरलाइ क्रुद्ध हुन गै ❋ त्यै युद्ध - भूमि महाँ॥

(१२)

पार्थैंले पनि भीष्म माथि दश पो ❋ हानेर बाणै तहाँ।
मार्दैं अश्वहरू ति बाहिर भए ❋ त्यै युद्ध - भूमि महाँ॥
ती दुर्योधनले त होश हुन गै ❋ श्रीभीष्मलाई अनी।
लागे भन्न कसोरि अर्जुन गयो ❋ उम्केर बाठो बनी॥

(१३)

मार्नोस् अर्जुनलाई भागि कन त्यो ❋ जानै नपावस् कहीं।
सुन्दा एति ति भीष्मले यहि भने ❋ केही विचारी तहीं॥
तिम्रो बुद्धि कता गयो नरपते! ❋ बोल्छौ यसोरी यहाँ।
बाहादूरि गयो कता किन तिमी ❋ आयौ रणैमा यहाँ॥

(१४)

पार्थैंका शरले विचैत हुन गै ❋ मूर्छा परेका थियौ।
हातैले धनु थाम्न मुश्किल हुँदा ❋ तिमूले त छोडी दियौ॥
पार्थैंका मनमा त पाप पनि क्यै ❋ थीएन भन्छू यहाँ।
आँट्थे अर्जुनले ति निश्चय पनि ❋ गिड्थे यही ठाममा॥

(१५)

गाई ली कन जान देउ तिमिले ❋ जाउन् ति पार्थैं भए।
हाम्रो शक्ति पुगेन यस् समयमा ❋ सारा मिहीनेत् गए॥
हाम्रो जीत भएन जान अहिले ❋ मौका विचारै गरी।
लीनेछौं बदला सबै जन फिरौं ❋ ऐह्ले तुरुन्तै गरी॥

(१६)

यो अर्ती सुनि भीष्मको रथ चढी ❋ वीरादिले त्यै घरी।
फर्कै आफु महारथी सहितका ❋ राजा[2] पनी झट् गरी॥
फिर्नैं कौरवलाइ देखि उ बखत ❋ इच्छा बिदाको धरी।
पार्थैंले कृप - द्रोण - भीष्म कन ता ❋ ताकेर सोही घरी॥

१ समुद्र। २ दुर्योधन।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(१७)

तीनोटा शर हानि पाउ तलमा ❋ मानू ति पाऊ परे ।
त्यो दुर्योधनको किरीट शरले ❋ काटेर नाऊँ गरे ॥
आफ्नू शङ्ख त देवदत्त बलले ❋ फूकेर फेरि तहाँ ।
ठूलो शब्द गरेर शत्रु कन खुब् ❋ चिन्ता दिए चित्तमा ॥

(१८)

वैरीलाइ जितेर यस् तरहले ❋ ती पार्थले त्यै घरी ।
बोले उत्तर सीत हाँक रथ लौ ❋ के गर्नु ढीलो गरी ॥
तिम्रा शत्रु हटी गए नगरमा ❋ जाऊँ इ गाई लिई ।
भागे कौरव ती विलज्जित हुँदै ❋ भाग्नै महाँ चित्त दी ॥

पार्थले जय-लाभ गरी नगरमा खबर पठाउनु

(१)

फर्कन्थे जब गाइले सहित भै ❋ श्रीपार्थ बाटा महाँ ।
भेटीए जन कौरवै तरफका ❋ लूकी रहेका तहाँ ॥
तिन्ले मार्ग महाँ ति पार्थ कन ता ❋ देखी प्रणामै गरी ।
जोरी हात खडा भए उहि बखत् ❋ अत्यन्त डर्मा परी ॥

(२)

देखी तिन्कन ताहिं अर्जुनजिले ❋ तिन् माथि माया लिई ।
दीए खूशि भई बिदा र ति गए ❋ आशीष राम्रो दिई ॥
त्यै बेला त्यहि राजपुत्र कन फेर् ❋ श्रीपार्थले खुश् भई ।
लागे भन्न इ भेद गुप्त गरनू ❋ तिम्ले सभामा गई ॥

(३)

हुन् यी पाण्डव ता भनेर तिमिले ❋ खोली दिएका घरी ।
मर्नैछन् नृपती विराट बुझि ल्यौ ❋ अत्यन्त डर्मा परी ॥
जीती कौरवलाइ गाइ मइँले ❋ फर्काइ ल्याएँ भनी ।
तिम्ले भन्नु विराटका हजुरमा ❋ ठिक् वीर जस्तै बनी ॥

(४)

यस्ता बात सुनेर उत्तर पनी ❋ श्रीपार्थका साथमा ।
भन्छन् तारिफको झुटो कथन लौ ❋ गर्नू कसोरी तहाँ ॥
जाहाँ सम्म नभन् भनी हजुरको ❋ हूनेछ आज्ञा पनी ।
त्याहाँ सम्म म भेद रोकि रहूँला ❋ आज्ञा हजुर्को पनी ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(५)

यस्तै बात गरी शमी रुख तरफ् ❀ सोही मशानै महाँ ।
पौंच्यो सो रथ थामि झट्ट दुइटै ❀ ओर्लें खुशी भै तहाँ ॥
पार्थैको रथ दिव्य फेरि कपि ती ❀ उड्दै नभैमा गई ।
बादल्का बिचमा पसेर सहजै ❀ लूके नदेख्ने भई ॥

(६)

पैह्लेका रथको ध्वजा त शमिका ❀ फेद्मा धरेकै थिए ।
पार्थैले त कुमारकै रथ उपर् ❀ सोही लगाई दिए ॥
फेरी शस्त्रहरू पनी सब झिकी ❀ राखेर त्यै वृक्षमा ।
फेटा खोलि जुरो बनाइ चुरि ती ❀ पैह्रेर नाडी महाँ ॥

(७)

पैह्लेका सरि फेर् बृहन्नल भई ❀ श्री पार्थले त्यै घरी ।
चाबुक् फेरि लगाम् लिए कर विषे ❀ ठिक् सारथीका सरी ॥
पारी उत्तरलाइ पो रथि रथै ❀ हाँकी लिएथे जसै ।
फर्केका गउ ती नजर् परि गए ❀ जङ्गल् महाँ फेर् तसै ॥

(८)

देखी गौ कन ताहिं अर्जुनजिले ❀ भन्दा भए यै तहाँ ।
याहीं उत्रनु पर्छ हामिहरुले ❀ विश्राम खातिर् यहाँ ॥
घोडालाइ पियाइ पानि अनि फेर् ❀ ताजा गराई अती ।
हाँकौंला रथ यो शहर् तिर बुझ्यौ ❀ ढीलो नलाई रती ॥

(९)

जाउन् गोपहरू सभा-भवनमा ❀ जित्को खबर् गै भनुन् ।
भागे कौरव ता भनेर पहिले ❀ सच्चा खबर् यै दिउन् ॥
सोही बात कुमारले भनि दिंदा ❀ गोपादि जान्छौं भनी ।
बाटो ली कन राजधानी तिरको ❀ दौडे बतास् झैं बनी ॥

(१०)

दूवै ती रथ बाट ओर्लि अनि फेर् ❀ क्यै काल ताहीं रहे ।
घोडालाइ पियाइ पानि मलि फेर् ❀ बाटो शहर्को लिए ॥
पस्दो भो रथ सो जसै नगरमा ❀ ती पौरवासी जती ।
लागे गर्न खुशी भएर जयको ❀ शब्दादि धेरै अती ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उत्तरको जीत सुनी विराटले जूवा खेल्दा कङ्कलाई हान्नु

(१)

त्रिगर्तको[1] सैन्य जितेर आई। विराटले ता अति हर्ष पाई॥
फर्काइ गाई कन देश माहाँ। थीए बसेका दरबार माहाँ॥

(२)

ती पाण्डवादी पनि छद्मभेषी[2]। विराटका साथ बसी सु-वेशी[3]॥
युद्धादिको बात् गरि त्यै बखत्मा। हुन्थे खुशी ती नृपती तखत्मा॥

(३)

यस्तै औसरमा विराट नृपले ❋ पुत्रै कहाँ गो भनी।
सोद्धामा दरबारका युवति फेर् ❋ दासीहरूले पनी॥
आई बिन्ति गरे जसै हजुरको ❋ रण्मा सवारी भयो।
त्यै बेला सब कौरवादि हुलले ❋ आएर गाई हऱ्यो॥

(४)

ती दुर्योधन - भीष्म - कर्ण - कृपले ❋ आएर गाई हरे।
भन्ने यै समचार गोपहरूले ❋ आएर बिन्ती गरे॥
यस्ता बात सुनी कुमार रिसले ❋ लड्ने इरादा धरी।
साथै सारथि पो वृहन्नल लिई ❋ जानू भयो त्यस् घरी॥

(५)

एक्लै आफु कुमार गो रण महाँ ❋ लड्ने इरादा धरी।
साथी एक बृहन्नला छ यहि बात् ❋ सूनेर चिन्ता गरी॥
मन्त्रीलाइ अगाडि डाकि नृपले ❋ क्ये फौज मद्दत् महाँ।
देऊ शीघ्र पठाइ यो जब भने ❋ हूकुम् सुनाई तहाँ॥

(६)

यस्ता बात् सुनि कङ्कले उहि बखत् ❋ बिन्ती गरे यो पनी।
साथै छन् ति बृहन्नला हजुरले ❋ चिन्ता नलीनोस् भनी॥
तीनै सारथि बेस छन् सँग महाँ ❋ हाम्रा कुमारै यहाँ।
आउँछन् फरकी अवश्य नृपते! ❋ ऐह्ले हजूरै महाँ॥

---

१ राजा सुशर्माको। २ भेष बदलेका। ३ राम्रो पोशाक लाएका।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(७)

यस्तै औसरमा त दूतहरुले ❀ आएर साम्ने महाँ ।
लागे भन्न प्रभो ! लडाइँ जितियो ❀ फर्के सबै गौ यहाँ ॥
आफ्ना सारथिले समेत कुशलै ❀ हाँसी खुशी यस् घरी ।
भर्खर् पस्नु भयो कुमार पुरमा[1] ❀ बाटो महल्को धरी ॥

(८)

यस्ता बात् सुनि फेर् युधिष्ठिरजिले ❀ भन्दा भए त्यै घरी ।
साथ्मा भै ति बृहन्नला किन तिनै[2] ❀ हार्थे लडाँई गरी ॥
कूरा उत्तरको गरूँ कुन यहाँ ❀ बालक् भए ता पनी ।
जित्थ्यो युद्ध बृहन्नला सँग भई ❀ वीरै त ठूलो बनी ॥

(९)

जित्को हाल् चरबाट[3] पाई नृपले ❀ ती दूतलाई तहाँ ।
दीए वस्त्र अशर्फि धेर उ बखत् ❀ खूशी हुँदै चित्तमा ॥
मन्त्रीलाइ अह्राइ मार्गहरुमा ❀ राम्रा पताका धरी ।
पूजा द्वार विषे गरुन् सब भनी ❀ उर्दी दिए त्यै घरी ॥

(१०)

यौटा सुन्दर हात्तिका पिठ महाँ ❀ मानिस् नगारा धरी ।
जित्को हाल् सब रैतिलाइ त्यसले ❀ बोलोस् शहर्मा डुली ॥
बाजा साथ गई बजाइ सबका ❀ साम्ने ति योद्धा गई ।
ल्याउन् उत्तरलाइ राज-गृहमा ❀ अत्यन्त खूशी भई ॥

(११)

गर्नै स्वागत दाज्युलाइ खुशि भै ❀ चाँडै अगाडी सरी ।
मैयाँले पनि जानु धेर सखि ली ❀ शृङ्गार राम्रो गरी ॥
हुकुम् एति गरी विराट नृपले ❀ खूशी हुँदै चित्तमा ।
सैरन्ध्री कन भन्दछन् उहि बखत् ❀ डाकेर साम्ने महाँ ॥

(१२)

सैरन्ध्री ! तिमि ल्याउ जाइ अहिले ❀ थर्की त्रिपाशा यहाँ ।
जूवा खेल्छु म कङ्क सीत बुझि ल्यौ ❀ खूशी मनाई महाँ ॥
सुन्दा एहि कुरा युधिष्ठिरजिले ❀ बिन्ती गरे त्यै घरी ।
जूवा खेल्न हुँदैन यस् बखतमा ❀ आनन्द मान्दै गरी ॥

१ नगरमा , २ उत्तरकुमार । ३ दूत ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(१३)

साह्रै खूशि हुँदा शुभो समयमा ❋ जूवा नखेल्नू भनी ।
भन्छन् सज्जनले तसर्थ मइले ❋ बिन्ती गरेको पनी ॥
तस्मात् हर्ष ठुलो छ यस् बखतमा ❋ खेलेर जूवा यहाँ ।
पर्ला विघ्न भनेर ठान्छु मनले ❋ दर्बारका बीचमा ॥

(१४)

हूकुम् भो अब खेल्नु पर्छ मइँले ❋ खेल्छू अवश्यै यहाँ ।
बिन्ती गर्दछु यो खराब् छ बहुतै ❋ जूवा जगत् भर् महाँ ॥
पाण्डूका कुलमा युधिष्ठिरजिले ❋ लत् यै जुवाको लिए ।
राज्यै दौलत भाइहेरु सब नै ❋ थापेर हारी दिए ॥

(१५)

एसै निम्ति मलाइ छैन रुचि वयै ❋ यस् खेलमा यस् घरी ।
खेल्नै मन् छ हजूरलाइ त भने ❋ खेल्छू अगाडी सरी ॥
आऊ खेलुँ जुवा भने नृपतिले ❋ सूनेर यी बात् जसै ।
लागे खेल्न ति कङ्क त्यस् बखतमा ❋ थर्की फिंजाई तसै

(१६)

जूवा शुरू हुन गयो दुइको जसै ता ।
भन्दा भए नृपतिले अनि फेर् तसै ता ॥
हे कङ्क ! उत्तर कुमार गई रणैमा ।
जित्तो भयो कुरुहरू कन छिन् भरैमा ॥

(१७)

राजाजिका वचन एति सुनेर ताहाँ ।
ती कङ्कले नृपतिका पनि सामु माहाँ ॥
बिन्ती गरे सँग बृहन्नल हुन्छ जसको ।
हूँदैन हार कहिले रण बीच त्यसको ॥

(१८)

यस्ता कुरा सुनि विराट रिसाइ फेरी ।
भन्छन् ति कङ्क कन त्यै घरि मूख हेरी ॥
हे नीच ! ज्ञान त भएन तँलाइ केही ।
मेरो अनादर गरिस् म त भन्छु एही ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(१९)

श्री उत्तरै सँग बराबरि आज तैंले ।
ठान्दो भइस् किन् नपुंसकलाइ ऐले ॥
साह्रै बढाइ त नपुंसकलाइ ऐले ।
होच्याउँछस् किन कुमार कनै त तैंले ॥

(२०)

हो राजपुत्र उहि उत्तर क्षत्रि फेरी ।
जित्नू ति कौरवहरू कन कुन् छ देरी ॥
तैंलाइ मित्र भनि माफ गरें अहीले ।
यस्तो न बोल्नु अब देखि यहाँ कहीले ॥

(२१)

एती बात् सुनि कङ्कले तब भने ❋ त्यस् तीर ता यस् घरी ।
धेरै वीर ति भीष्म - कर्ण सँग छन् ❋ देख्दा सुरेन्द्रै सरी ॥
छन् दुर्योधन - द्रोणि वीर त ठुला ❋ गर्छन् ठुलो वीरता ।
बालक् उत्तरले कसोरि जितथे ❋ पुग्थ्यो कहाँको बुता ॥

(२२)

साथै छन् ति बृहन्नला र अहिले ❋ जाई रणै भूमिमा ।
जीतें राजकुमारले अरिहरू ❋ छिन् भर् नलाई तहाँ ॥
यस्ता बात गरी बृहन्नल कनै ❋ तारिफ् गरेथे जसै ।
रिस् ऊठ्यो ति विराटलाइ मनमा ❋ अत्यन्त ठूलो तसै ॥

(२३)

भन्छन् ति राजा बहुतै रिसाई । गर्छस् तँ बात् कङ्क ! निकै हियाई ॥
रोकें बहुतै त नमानि तैंले । सोही गरिस् बात् नबुझेर ऐले ॥

(२४)

पाशा लिई हात विषे उजाई । हाने नृपैले तब कङ्कलाई ॥
जोर्ले त्रिपाशा जब हानि दीए । नाकै विषे चोट लगाइ दीए ॥

(२५)

नाथी फुट्न गई रगत् बगि गयो ❋ श्रीकङ्कजीको जसै ।
थापे हात महाँ युधिष्ठिरजिले ❋ आफ्नू रगत् पो तसै ॥
सैरन्ध्री नजिकै थिइन् यति त्यहाँ ❋ देखेर चाँडै गई ।
पानी हालि सुवर्ण पात्र यउटा ❋ ल्याइन् ति विह्वल् भई ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(२६)

थापिन् ताहिँ रगत् ति द्रौपदिजिले ❋ त्यै स्वर्णपात्रै महाँ ।
थोपो एक पनी गिरेन रगतै ❋ ताहीं जमिन् बीचमा ॥
यस्तै औसरमा पुगेर चरले ❋ आए कुमारै भनी ।
बिन्ती पारि लियो सुनेर नृपले ❋ भन्छन् दयालू बनी ॥

(२७)

ल्याऊ कुमार र बृहन्नललाइ ऐल्है ।
हे दूत ! झट्ट अब गैकन भन्छु मैले ॥
भेट् गर्नलाइ मन भो यहि निम्ति जाई ।
डाकेर ल्या अब त शीघ्र कुमारलाई ॥

(२८)

कूर्नेस् गरी कन हिंड्यो जब दूत फर्की ।
बोले ति कङ्क गइ सुस्तरि दूत ! पर्खी ॥
जाएर ल्या फगत उत्तरलाइ याहाँ ।
छिन् भर् बृहन्नल रहुन् तहिँ द्वार माहाँ ॥

(२९)

जस्ले कुट्पिट क्यै गरी घर महाँ ❋ मेरो रगत् पात् गर्‍यो ।
उस्ले पर्दछ मर्नु निश्चय पनी ❋ मार्नै बृहन्नल् छ यो ॥
पाशा ली कन भूपले रिस गरी ❋ हान्दा महाँ यस् घरी ।
नाश्री फुट्न गई रगत् पनि बग्यो ❋ एही बखत् तर्तरी ॥

(३०)

मेरो यो हविगत् बृहन्नल यहीं ❋ देख्नन् त रिस्मा परी ।
राजा मन्त्रि समेत् यि सैन्य सहजै ❋ बीनेर चौंडै गरी ॥
मार्नैछन् यहि निम्ति भन्छु मइँले ❋ गर्छू रगत् साफ् जसै ।
तिम्ले ल्याउनु गै बृहन्नल कनै ❋ ढीलो नलाई तसै ॥

उत्तर सभामा आउनू, विराटले कङ्कसित क्षमा माग्नु

(१)

गै गो दूत त्यसै म गर्दछु भनी ❋ आए कुमारै अनी ।
ढोगी श्रीनृपलाइ फेरि तिनले ❋ अत्यन्त नम्रै बनी ॥
ढोगे कङ्कजिलाइ त्यैं बखतमा ❋ देखे रगत् धेर् तहाँ ।
सोधे कुन् पशुले अनादर गर्‍यो ❋ हात् छोडि विप्रै महाँ ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(२)

कुमारको प्रश्न सुनेर ताहाँ । भन्छन् ति राजा उहि बीच माहाँ ॥
साह्रै खराब् ब्राह्मण यो छ जैरे । कुटी दिएँ यस्कन हानी मैले ॥

(३)

एक्लै गै तिमिले जित्यौ रण भनी ❋ यस्का अगाडी महाँ ।
मैले तारिफ धेर् गरें र यसले ❋ उल्टो लिई चाल् यहाँ ॥
तारिफ् खूब गरी नपुंसक कनै ❋ धेरै सह्रायो जसै ।
वीरै हो भनि भन्नु छैन हिजडा- ❋ लाई रिसाएँ तसै ॥

(४)

मेरो वाक्य पनी अनादर गरी ❋ त्यै मानिसैको यहाँ ।
लाग्यो तारिफ गर्न त्यस् बखतमा ❋ एही सभा बीचमा ॥
सम्झाएँ भरसक् परन्तु यसले ❋ सूनेन केही जसै ।
पाशाले तब हान्दिएँ र बहुतै ❋ आयो रगत् यो तसै ॥

(५)

भन्छन् बात सुनी कुमार उ बखत् ❋ बूबा ! हजुर्ले यहाँ ।
साह्रै आज खराब काम गरियो ❋ हात् छोडि विप्रै महाँ ॥
विप्रैको रिस अग्नि तुल्य हुन गै ❋ मूलै समेतै गरी ।
नाश् गर्ला यहि निम्ति माफि अहिले ❋ माग्नू हवस् यै घरी ॥

(६)

वचन सुनि तिनैको भूपले उत्ति खेरी ।
मकन अब क्षमा होस् एति बोलेर फेरी ॥
जब दुइ कर जोडे कङ्कले हाँसि ताहाँ ।
नृपतिकन बुझाए बातले चित्त माहाँ ॥

(७)

छइन मकन रिस्को लेश कत्ती अहीले ।
तिमिकन अघिनै पो माफ दीएँ पहीले ॥
यदि रगत जिउको गिर्दथ्यो पृथ्वि माहाँ ।
उहि बखत हजुर्को नाश् थियो सत्य याहाँ ॥

(८)

दोष्दिन्नभूपति ! मकेहिहजूरलाई । यैकारणैछबलियोअतिशक्तिपाई ॥
गर्नेछ कर्म पनिदारुणउत्ति खेरी । रिस्मापरेरयहिनिश्चयखुब्छमेरी ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(९)

जस्सै साफ भया रगत् उहि बखत् ❋ श्रीहन्नलै पो तहाँ ।
आई भूप र कङ्कलाइ बहुतै ❋ खूशी भई चित्तमा ॥
नम्रै भै कन फेर् प्रणाम त गरे ❋ राजाजिले फेर् अनी ।
लागे तारिफ गर्न उत्तरजिको ❋ सोही बखत्मा पनी ॥

(१०)

तीमी झैं अति वीर पुत्र मइँले ❋ पाएर छोरो यहाँ ।
साँचैनै म त पुत्रवान् हुन गएँ ❋ आनन्द भै चित्तमा ॥
तिम्रा माफिक वीर पुत्र अरु फेर् ❋ होलान् न काहीं भए ।
भाग्यैमानि थिएँ र पुत्र तिमि झैं ❋ श्रीईश्वरैले दिए ॥

(११)

हजारैं रित बाट युद्ध गरने ❋ त्यो वीर कर्णै अती ।
सक्तैनन् जन लड्न त्यस् सित कभै ❋ हो युद्ध जान्ने घती ॥
त्यस्ता सीत अघी सरेर रणमा ❋ कस्ता तवरले गरी ।
तिमीले युद्ध गऱ्यौ बताउ म कनै ❋ विस्तार राम्रो गरी ॥

(१२)

फेरी भीष्म पनी त वीर अति हुन् ❋ तिन्का सँगैमा पनी ।
कस्ता रित् सँग युद्ध भो रण महाँ ❋ यस्तो भएथ्यो भनी ॥
सारा हाल सुनाउ पुत्र ! तिमिले ❋ मेरा अगाडी महाँ ।
तिम्रो सुन्छु पराक्रमै म अहिले ❋ आनन्द मानी यहाँ ॥

(१३)

क्षत्रीका गुरु युद्धमा कुशल ती ❋ श्री द्रोणका साथमा ।
तिम्रो युद्ध पऱ्यो कउन् तरहले ❋ सोही सुनाऊ यहाँ ॥
तिन्कै पुत्र अती पराक्रमि थिए ❋ द्रोणी भनेका पनी ।
भाग्यो शेखि कसोरि लौ भन सबै ❋ यस्तो भएथ्यो भनी ॥

(१४)

विप्रैमा पुरुषार्थि ब्राह्मण ठुला ❋ नामी कृपाचार्यका ।
साथै कुन् रितले लड्यौ समरमा ❋ हे पुत्र ! सुन्छू म ता ॥
ती दुर्योधन बेस् पराक्रमि थिए ❋ तिन्ले पहाडै पनी ।
सक्थे छेड्न त्यजेर बाण कसरी ❋ भीड्यौ बताऊ अनी ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(१५)
मेरा बैरि सबै पराजित भए ❋ आनन्द भो चित्तमा ।
तिमूले कौरवलाइ ता जिति दियौ ❋ सोही लडाईं महाँ ॥
हाम्रा गाइ हरेर कौरवहरु ❋ जान्थे तिमीले गई ।
खोस्यौ शार्दुलले सरी बन विषे ❋ आफ्नू शिकार् खुश् भई ॥

उत्तरले देवपुत्रले जिते, मैले होइन भन्नु

(१)
राजाका मुख देखि तारिफ सुनी ❋ ती उत्तरैले तहाँ ।
लागे भन्न बुबा ! ति कौरव कनै ❋ जीतीन मैले वहाँ ॥
जस्ले युद्ध गरेर वीर जितिए ❋ गाईं फिराई लियो ।
राम्रो बज्र समानको जिउ हुने ❋ क्वै देव-पुत्रै थियो ॥

(२)
सेना कौरवको समुद्र सरिको ❋ देखी ठुलो डर् लिई ।
भाग्थें है रथ बाट उत्रि दगुरी ❋ इच्छा शहर्मा दिई ॥
यस्तै औसरमा पुगेर उसले ❋ ठूलो भरोसा दियो ।
आफ्ना साथ बसालि दिव्य रथमा ❋ बाटो उतैको लियो ॥

(३)
तेसैले सब गौ फिराइ उ बखत् ❋ भारी लडाईं गऱ्यो ।
सारा कौरव वीरको अघि सरी ❋ शेखी उसैले हऱ्यो ॥
द्रोणाचार्य र भीष्म-कर्ण-कृपजी ❋ जो - जो त ताहीं थिए ।
तिन्लाई शर हानि देव - सुत ले ❋ सातो सबैको लिए ॥

(४)
त्यो दुर्योधन भाग्दथ्यो डर लिई ❋ तत्काल बाँचूँ भनी ।
त्यो देखी कन सोहि देव - सुतले ❋ छेडेर धेरै भनी ॥
लागे भन्न नभाग् तँ वीर हुन गै ❋ भाग्छस् अहीले कहाँ ।
जीते पृथ्विपती तँ हो मरि गए ❋ भोग् सौख्य बैकुण्ठमा ॥

(५)
यस्ता बात् सुनि देव-पुत्र कन ता ❋ हे दैं रिसाई अती ।
ती दुर्योधन राज मन्त्रि सँग भै ❋ आए अगाडी छुटी ॥
सर्पैका सरि सास् निकालि रणमा ❋ तीनै अगाडी सरे ।
हाँसी त्यै घरि झट्ट देव-सुतले ❋ बाणादि वृष्टी गरे ॥

२२०६५

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(६)

तिन्को सैन्य गिराइ सोहि रणमा ❋ वीरादि घायल् गरी ।
तिन्का वस्त्र समेत पो हरि लिए ❋ ती वीरले त्यै घरी ॥
यस्ता रित्सँग सो लडाइँ जिति फेर् ❋ गाई फिराई लिए ।
भोली-पर्सि म भेट्न आउँछु भनी ❋ आफू त लोपै भए ॥

(७)

हूकुम् पाइ विराटको उहि बखत् ❋ श्रीपार्थ खूशी भई ।
वस्त्रादी सब उत्तरा कन दिए ❋ साम्ने तिनैका गई ॥
रङ्गी-चङ्गि लुगा लिएर खुशि भै ❋ ती राज-पुत्री तहाँ ।
लागिन् खेल्न खुशी भएर पुतली ❋ तिन्कै अगाडी महाँ ॥

(८)

पाँचै पाण्डवको हुने प्रकट पो ❋ बेला भई गो जसै ।
पार्थैले तब राजपुत्र सित गै ❋ कूरा मिलाए तसै ॥
आज्ञा माफिक कार्यको सब कुरा- ❋ को पूर्तिलाई तहाँ ।
दीए उत्तरले मदत् र सुफलै ❋ भै गो उही बिच् महाँ ॥

पाँच-पाण्डवले प्रकट भई विराटका सिंहासनमा बस्नु

(१)

यस्का ता दिन तीनका पछि तिनै ❋ श्री पाण्डवादी अनी ।
पाञ्चालीहरुले नुहाइ कपडा ❋ लाएर राम्रो बनी ॥
श्रृङ्गारादि गरेर रत्न गहना ❋ लाएर खूशी भई ।
पाँचै भाइ र द्रौपदीहरु बसे ❋ सिंहासनैमा गई ॥

(२)

यस्का केहि पछी विराट नृपती ❋ मन्त्री लिई साथमा ।
देखे आई ति सूर्य - अग्नि सरिका ❋ मानिस् बसेका तहाँ ॥
छिन् भर् ता नचिनेर पक्क परदै ❋ हेरे ति को हुन् भनी ।
फेरी चीह्नि लिए र क्रोध बढि गो ❋ तिन्का मनैमा पनी ॥

(३)

बस्छन् इन्द्र लिई मरुत् - गणहरू ❋ जस्ता तवर्ले गरी ।
बस्छन् शोभित भै उही रित गरी ❋ आनन्द मन्मा धरी ॥
यस्ता ब्राह्मण कङ्कलाइ नृपले ❋ देखेर गद्दी महाँ ।
लागे भन्न रिसाइ मन्त्रिहरुका ❋ साम्ने ति राजा तहाँ ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(४)

पाशा खेल्न भनेर कङ्क ! मइँले ❋ तिम्लाइ चाकर् सरी ।
राखेको हुँ यहाँ परन्तु तिमिले ❋ के पो गर्‍यौ यस् घरी ॥
आफूलाइ सजाइ भूपति सरी ❋ आएर गद्दी महाँ ।
केको कारणले बस्यौ तिमिहरू ❋ मेरा सभा बीचमा ॥



(५)

पार्थैले यि कुरा सुनेर नृपका ❋ हाँसेर केही तहाँ ।
भन्छन् भूपति ! सुन्नुहोस् सब कुरा ❋ भन्छू म ऐह्ले यहाँ ॥
मेरो आसनमा बस्यौ किन भनी ❋ जस्लाइ सोध्नू भयो ।
इन्द्रैका पनि अर्द्ध आसन महाँ ❋ बस्ने यि हुन् बुझ्नु भो ॥

(६)

त्यागी फेरि दृढ - व्रती अधिक छन् ❋ फेर् मुख्य वीरै अनी ।
जान्ने हुन् ति त्रिकालका अनि उनै ❋ खुब् सत्यवादी पनी ॥
राजर्षीहरुमा प्रसिद्ध बलवान् ❋ भाला - धनूका धनी ।
यिन्कै नाम त हो युधिष्ठिर यिनै ❋ हुन् ज्येष्ठ भ्राता पनी ॥

(७)

यिन्को कीर्ति छ लोकमा रवि सरी ❋ हज्जार भाटैहरू ।
जस्को खुब् स्तुति गर्दथे अघिपछी ❋ भन्ने कुरा के गरूँ ॥
लाखौं ब्राह्मणलाइ ख्वाइ यि सधैं ❋ आफ्ना अगाडी महाँ ।
गर्थे भोजन आफु सोहि यिनि हुन् ❋ गर्नोस् चिनारी यहाँ ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(८)

त्यो दुर्योधन - कर्ण फेरि शकुनी ❀ यिन्कै दयाले गरी।
गर्छन् राज्य ति हस्तिनापुर महाँ ❀ आनन्द सिन्धू परी॥
धर्मात्माहरुमा र दानिहरुमा ❀ ठूला यिनै हुन् भनी।
भन्छन् गद्दि विषे बसे हजुरका ❀ के योग्य छैनन् यिनी॥

उत्तरले बुबालाई पाँच पाण्डवको परिचय गराउनु

(१)

यस्ता बात सुनी विराट खुशि भै ❀ सोद्धा भए त्यै घरी।
कुन्ती - पुत्र यि हुन् युधिष्ठिर भने ❀ विस्तार ऐह्ले गरी॥
भन्नोस् अर्जुन भीमहेरु सहितै ❀ श्रीद्रौपदी छन् कहाँ।
जूवा हारि सबै गए वन भनी ❀ थाहा थियो बात् यहाँ॥

(२)

विराटैको प्रश्नै सुनि कन किरीटी पनि तहाँ।
कहन्छन् हे राजन्! श्रवण गरनोस् भन्दछु यहाँ॥
जउन् बल्लभ् नामी अफिसर ति छन् पाक्य-गृहमा।
ति हुन् भीमै भन्ने अति बल छ जस्का त जिउमा॥

(३)

तीनैले गइ गन्धमादन महाँ ❀ अत्यन्त रिस्मा परी।
नामी राक्षसको विनाश् गरि दिए ❀ बीनेर राम्रै गरी॥
'सौगन्धी' कहिने अपूर्व फुल धेर् ❀ टीपेर तिन्ले लिई।
दीए द्रौपदिलाइ त्यस् समयमा ❀ अत्यन्त खूशी भई॥

(४)

मारे कीचकलाइ वंश - सहितै ❀ क्रुद्धै हुँदा चित्तमा।
बाघ् - भालूहरुका पनी सँग - सँगै ❀ लड्थे ति हर्दम् यहाँ॥
दोस्रा पाण्डव भीमसेन त्यहिं छन् ❀ श्रीदाज्युका साथमा।
हेर्नोस् गद्दि महाँ ति छन् हजुरले ❀ आनन्द मानी यहाँ॥

(५)

तबेलाका स्वामी यस बखत जो छन् नगरमा।
तिनैलाई जान्नोस् नकुल भनि राजन्! अब यहाँ॥
रहन्छन् जो गोठ्मा ति कन सहदेवै बुझि लिनू।
म ता अर्जूनै हूँ अजय छु रणैमा कति भनूँ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(६)

राम्रा नील त पद्म झैं नयनकी ❋ लक्ष्मी सरीकी यहाँ ।
सैरन्ध्री कहिने सखी जुन थिइन् ❋ रानीजिका साथमा ॥
जस्का कारण कीचकादिहरुले ❋ मर्नू पर्‍यो छिन् महाँ ।
रानी द्रौपदि हुन् तिनै बुझनु होस् ❋ छन् ती बसेकै यहाँ ॥

(७)

राजन् ! हामिहरू सुखै सित बस्यौं ❋ यो मत्स्यका देशमा ।
गुप्तै बास थियो अवश्य गरनू ❋ सोही गरीयो यहाँ ॥
पार्थै मौन भए बताइ यति बात् ❋ राजाजिलाई जसै ।
भन्छन् उत्तरले अनी नृपतिका ❋ आई अगाडी तसै ॥

(८)

बूबा ! गद्दि तिरै नजर् गरनुहोस् ❋ सुन् झैं पहेंला भई ।
गोरा छन् जुन वीर शोभित निकै ❋ हाँसी मुखैले रही ॥
राता नेत्र ठुला-ठुला त जसका ❋ छन् हात लम्बा अती ।
तीनै हुन् कुरु-राज पाण्डव भनी ❋ चिन्नोस् यि पृथ्वी-पती ॥

(९)

सुन् झैं रङ्ग छ अङ्गको अति बली ❋ मत्ता गजेन्द्रै सरी ।
ऊँचो काँध र छाति खुब् छ चउडा ❋ हेर्छन् यतै दिठ् गरी ॥
भीमै हुन् तिनि छन् महारथि पनी ❋ तागत् छ यिन्मा अती ।
भन्छन् यिन्कन ता 'वृकोदर' भनी ❋ तारिफ् गरूँ धेर् कती ॥

(१०)

यिन्कै पार्श्व महाँ पराक्रमि अती ❋ छन् कृष्ण वर्णै जउन् ।
हात्ती झैं छ शरीर चाल् कमल झैं ❋ छन् नेत्र ती पार्थ हुन् ॥
यिन्ले गाण्डिव नामको धनु लिई ❋ गै युद्ध-भूमी महाँ ।
जित्छन् जो अघि आउला उसकनै ❋ गाह्रो नमानी तहाँ ॥

(११)

इन्द्रै विष्णु सरी पराक्रम महाँ ❋ यी वीर दुई यहाँ ।
रानी माद्रिजिका सुपुत्र यिनि हुन् ❋ छन् मुख्य राम्रा महाँ ॥
यिन्कै पार्श्व महाँ अलिकती हटी ❋ बस्ने ति लक्ष्मी सरी ।
रानी द्रौपदि हुन् तिनै दुख सही ❋ बस्ने ठुलो धैर्य ली ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(१२)

मारे अर्जुनले गएर रणमा ❀ वर्षा शरैको गरी ।
घेरै सैन्य र हात्ति अश्वहरु खुब् ❀ थीए जती त्यस् घरी ॥
एकै बाण त्यजी गजै कन पनी ❀ निर्जीव पार्थे तहाँ ।
ठूला वीर समस्त मूर्छित गरे ❀ यिन्ले लडाईं महाँ ॥

(१३)

यिन्को शंख-ध्वनी सुनीकन पिता! ❀ बैह्रो म ताहीं भएँ ।
गर्जन्थे हनुमानजी ध्वज उपर् बस्दै ❀ म आत्ती गएँ ॥
यिन्ले भीष्म र द्रोण - कर्णहरुको ❀ शेखी र शान् हर्दिए ।
सारालाइ जितेर गौहरु लिई ❀ हाम्रैन जित् गर्दिए ॥

(१४)

देख्दा त्यो कुरु - सैन्य भै डर ठुलो ❀ भाग्थें म ता त्यस् घरी ।
यिन्ले नै गइ खुब् फुल्याइ मकनै ❀ दीए रथैमा धरी ॥
यिन्कै भारि दया हुँदा जिउ पनी ❀ बाँच्यो र आएँ यहाँ ।
यिन्को गुण् अति मान्नु पर्दछ बुबा! ❀ यी झैं छ हीतू कहाँ ॥

(१५)

राम्रा उत्तरका कुरा यति सुनी ❀ भन्छन् ति राजा तहाँ ।
कार्यैं पाण्डवको कुनै प्रिय पनी ❀ गर्नें बिचार्छू यहाँ ॥
तेरो आशय के छ पार्थ कन ता ❀ मैले कुमारी दिई ।
ज्वाई आफ्नु गराउँ की तँ यहि भन् ❀ तिन्सीत क्यै बुझ् लिई ॥

(१६)

भन्छन् उत्तरले बुबा! म कन ता ❀ मञ्जूर एही भयो ।
छन् है पाण्डव पूज्य एति त भए ❀ हाम्रो त नाता रह्यो ॥
पार्थैलाइ म बैह्नि दीन अहिले ❀ राजी छु चाँडै गरी ।
कन्या - दान गरी दिनोस् हजुरले ❀ वेदै - विधीले गरी ॥

(१७)

यस्ता बात् सुनि पुत्रका खुशि भई ❀ राजाजिले त्यै घरी ।
पूगी पाउ महाँ युधिष्ठिरजिका ❀ राज्यै त अर्पण् गरी ॥
हातै जोरि ति पाण्डवादि कन ता ❀ टेकेर माथा पनी ।
भन्छन् फेरि विराटले उहि बखत् ❀ राम्रै हितैषी बनी ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(१८)

मेरो दौलत - राज्य पार्थ कन ता ❋ दिन्छु र छोरी पनी ।
टक्र्याऊँछु खुशी भएर अहिले ❋ भार्या गराउन् भनी ॥
यस्ता बात् सुनि श्री युधिष्ठिरजिले ❋ पार्थै तिरै त्यै घरी ।
हेर्नू भो र बुझेर अर्जुन पनी ❋ भन्छन् अगाडी सरी ॥

(१९)

मेरो पुत्र छ वीर सुन्दर निकै ❋ नामै अभीमन्यु हो ।
जान्ने युद्ध-कला छ सोहि हरिको ❋ आफ्नै त भानीज भो ॥
यो सम्बन्ध छ बेस मत्स्य र भरत् ❋ वंशीहरूको यहीं ।
मैयाँलाइ म लिन्छु पुत्र - वधुका ❋ रुप्मा म खूशी भई ॥

अभिमन्यु र उत्तरकुमारीको विवाह हुनु



(१)

भन्छन् विराटै यति सूनि ताहाँ । भार्या गराऊन भनेर याहाँ ॥
मैयाँ दिंदा पुत्र - वधू गराई । लिन्छू हुकुम् भो किन मन् हटाई ॥

(२)

भन्छन् अर्जुनले सुनेर ति कुरा ❋ राजन् ! महल्मा रही ।
मैयाँलाइ सिकाउँथें गितहरू ❋ साथी सरीको भई ॥
एक्लै खोपि महाँ रही हजुरकी ❋ पुत्री मलाई सदा ।
विश्वासै गरथिन् पिता सरि बुझी ❋ शङ्का न ली चित्तमा ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(३)

तिन्का साथ् रहे एक वर्ष बहुतै ❁ तालिम् मईंले गरी ।
ऐले गर्छु बिहा जसै सकलका ❁ मन्मा त शंका परी ॥
साल् - सुल् क्यै पहिले रहेछ र दुवै ❁ राजी भए सम्झनन् ।
पार्थैले त न काम यो गरि लिए ❁ भन्दै ति दोषै दिनन् ॥

(४)

पुत्री - तुल्य ति मेरि छन् हजुरकी ❁ पुत्री मईंले पनी ।
छोरालाइ भनेर माग्दछु हजुर् ❁ मेरी बुहारी बनी ॥
मैयाँले रहँदा कुनै जन पनी ❁ लेवैन शंका रती ।
हामी पाण्डव छौं जितेन्द्रिय बहुत् ❁ बिन्ती चढाऊँ कती ॥

(५)

साक्षात् देवकुमार तुल्य हरिको ❁ भान्जा छ वीरै अती ।
मेरो सो अभिमन्यु नाम सुत हो ❁ जस्को छ राम्रो मती ॥
त्यस्कै निम्ति हजूरकी म दुहिता ❁ माग्छू हजुर्ले पनी ।
दीनै योग्य छ क्यै नठानि मनमा ❁ ठिक् भन्दछन् यी भनी ॥

(६)

मञ्जूरै गरियो युधिष्ठिरजिले ❁ राजाजिले नै पनी ।
आज्ञा गर्नु भयो युधिष्ठिरजिले ❁ दूतादि डाकी अनी ॥
जाऊ दूतहरू तुरुन्त अहिले ❁ द्वारावतीमा गई ।
भेट्नू कृष्णजिलाइ हाल कहनू ❁ साम्ने हरीके रही ॥

(७)

छन् ती पाण्डव ता विराट - पुरिमा ❁ भेज्दा[1] तिनैले यहाँ ।
आयौं हामि बिहा हुनेछ हरिका ❁ मानीजको साथमा ॥
मैयाँ सुन्दरि छन् विराट - नृपकी ❁ यस् निम्ति श्रीकृष्णले ।
चाँडै पाल्नु पऱ्यो लिएर सँगमा ❁ मित्रादि खुब् प्रीतिले ॥

(८)

दाशार्ह आनर्त यि देश-वासी । निम्ता सबैलाइ त हाँसि-हाँसी ॥
भेजे जसै पाण्डवले चरै गै । दीयो समाचार त हर्ष मन् भै ॥

---

१ पठाउँदा ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(९)

दूतैले त खबर् दिंदा खुशि भई ❁ श्रीकाशिराजा अनी।
राजा शैब्यहरू ठूलो कटक ली ❁ आए असल् भो भनी॥
अक्षौहीणि लिएर एक द्रुपदै ❁ राजा पनी त्ये घरी।
आए पुत्र शिखण्डिलाइ सँग ली ❁ चाँडो बहुतै गरी॥

(१०)

राजाहेरु पनी मुलूकहरुका ❁ आएर जम्मा भए।
साथैमा बलजी[1] लिएर भगवान् ❁ श्रीकृष्ण आई गए॥
कृतवर्मा युयुधान सात्यकि अना- ❁ धृष्ठी र अक्रूर जी।
आए साम्ब निशत् समस्त शुर ती ❁ साथै हरीका भई॥

(११)

माता[2] ली अभिमन्यु मत्स्यपुरिमा ❁ आए ठुलो फौज ली।
मेज्मानी ति विराटले पनि गरे ❁ तिन्लाइ खातिर् दिई॥
हात्ती एक हजार अश्व पनि लाख् ❁ लाख् तीन वी रै रथी।
आए कृष्णजिका सवारि सित पो ❁ अर्बुद्र सिपाही जती॥

(१२)

सेना पाण्डवका सबै रथ लिई ❁ आई पुगे त्यस् घरी।
दासी - दास र रत्न - दौलत लिई ❁ आए सवारी गरी॥
आए द्रौपदिका सखीहरु पनी ❁ दर्बार माहाँ जसै।
भेरी शङ्ख मृदङ्ग वाद्यहरु पो ❁ लागे ति बज्ने तसै॥

(१३)

पाहूना कन भोजनार्थ नृपले ❁ भारी तयारी गरी।
धेरै नै पकुवा मिठाइ अधिकै ❁ तैयार् गरे त्यै घरी॥
माँसू मिर्ग खसी बनेलहरुको ❁ लाई कवाफै तहाँ।
भूट्वा तरुवा अनेक रितका ❁ पाकी गए छिन् महाँ॥

(१४)

सेल्-फीनी-पुरि-गोजि हर् तरहका ❁ पक्वान्न मेवा पनी।
नाना भाँति विशेष चीज बटुले ❁ खाउन् ति मेज्मान् भनी॥
फूलैका फलका अरक् खिंचि लिए ❁ राम्रा कलश्मा धरी।
राखे सज्जनका अगाडि खुशि भै ❁ सुन्का गिलास्मा भरी॥

१ बलराम जी। २ श्रीसुभद्राजी।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(१५)

कस्वी रण्डि र नर्तकीहरु निकै ❋ गाएर नृत्यै गरी ।
बैतालादि नटादि नृत्य गरथे ❋ ठट्टा र ख्यालै गरी ॥
फेरी मागध-सूत वन्दिजनले ❋ जम्मा भई द्वारमा ।
गर्थे खुब् कविता स्तुतीहरु पनी ❋ आनन्द मानी तहाँ ॥

(१६)

आए फेरि महल् महाँ नगरका ❋ स्त्री - जाति राम्रा पनी ।
भै गो उत्सव खूब त्यै शहरमा ❋ ऊडे पताका बनी ॥
रानी द्रौपदिका समान रुपकी ❋ थीएन कोही तहाँ ।
नारी देव - बधू सरी सब थिए ❋ सोही महल् बीचमा ॥

(१७)

मैथाँलाइ सिंगारि साथ वरका ❋ ल्याएर यज्ञै महाँ ।
राखे जुन् घरि रानिहेरु सबले ❋ बाजा बजे खुब् तहाँ ॥
साम्ने श्रीहरिका थिए सब जना ❋ भूपादि राजाहरू ।
राम्रो लग्न महाँ विवाह हुन गो ❋ भन्ने कुरा के गरूँ ॥

(१८)

पत्नी भै कन उत्तरा जब रहिन् ❋ साथै अभीमन्युका ।
पाए याचकले असंख्य धन पो ❋ माणीक रत्नादिका ॥
घोडा सात हजार हात्ति दुइ सौ ❋ दौलत् असंख्यै गरी ।
दाईजो नृपले दिए सब कुरा ❋ जम्मा तुरुन्तै गरी ॥

(१९)

राम्रै खातिरि बात् गरेर नृपले ❋ सन्तुष्ट सारा भए ।
पाई पुत्र - बधू ति पाण्डवहरू ❋ अत्यन्त खूशी भए ॥
धर्मात्मा नृपती युधिष्ठिरजिले ❋ दानादि धेरै दिए ।
सारा याचक आदि विप्रहरुले ❋ त्यै दान थापी लिए ॥

(२०)

राजाहेरु र रानिहेरु अनि फेर् ❋ प्राणी मुलुक्का तहाँ ।
आई इन्द्रपुरि सरी हुन गयो ❋ त्यो राजधानी महाँ ॥
राम्रै उत्सव भै रमा - भवन झैं ❋ सोही महल् भै गयो ।
पूरा हून गई मनोरथ त्यहीं ❋ आनन्द भारी भयो ॥

❋ महाभारत विराट-पर्व-समाप्त ❋

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

* श्रीः *

महाभारत-उद्योगपर्व

* मङ्गलाचरण *

लीला गरेर जसले सब लोकलाई ।
शिक्षा गरे असल उन्नति गर्नलाई ॥
छन् भक्त वत्सल जउन् त्रय-ताप हारी ।
उद्योग-पर्व कन पूर्ण गरुन् मुरारी ॥

विराट-सभामा युद्ध-मन्त्रणा



(१)

बीहा भो अभिमन्यु सीत जब ता * श्रीउत्तराको अनी ।
धेरैनै खुशियालि भो नगरमा * भै उत्सवादी पनी ॥
आनन्दै सित मत्स्यका महलमा * ती पाण्डवादी जती ।
रानी द्रौपदिले समेत बसथे * आनन्द मानी अती ॥

(२)

छोराका र बुहारिका गृह पनी * सोही महल्मा थिए ।
त्याहीं नेर निवास-गेह हरिका * लागी रचाई दिए ॥
पाई कृष्णजिलाई पाण्डवहरू * साथै हरीका रही ।
गर्थे नित्य कुरा-कहानि बढिया * अत्यन्त खूशी भई ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(३)

हर्षै-हर्ष महाँ बिती कन गयो ❋ सप्ताह[1] यौटा अनी ।
लाग्यो एक दिनै सभा अति ठुलो ❋ सोही महल्मा पनी ॥
राजामा त विराट शैव्य र अनी ❋ पाञ्चालका भूपती ।
पाँचै पाण्डव काशिराज बलजी ❋ आफैं जगत्का पती ॥

(४)

श्रीमान् कृष्ण समेत यादवहरू ❋ वीरादी जम्मा भई ।
योग्यै आसनमा सुशोभित थिए ❋ सोही सभामा गई ॥
तिन्का पार्श्व महाँ[2] पुरोहित गुरू ❋ विप्रादि विद्वान् मुनी ।
थिए शोभित मौन धारण गरी ❋ वार्ता सुनौंला भनी ॥

(५)

केही दूर हटी विराट नृपका ❋ योद्धा र सेना-पती ।
आफ्नू वर्दि लगाइ शस्त्र सँग ली ❋ थीए बसेका कती ॥
एकातीर महाजनादि धनवान् ❋ सेठैहरू फेर् अनी ।
भूस्वामी[3]हरु फेरि शिक्षित[4] थिए ❋ प्राणी बहूतै पनी ॥

(६)

त्यै बेला हरिले सुध्याउनु भयो ❋ हे सभ्य ! राजन् ! मुनी ।
आफ्नू सत्य कबोल् पुरा गरि लिए ❋ यी पाण्डवैले पनी ॥
सत्यै रक्षण गर्नमा अति ठुलो ❋ संकष्ट यिन्ले सहे ।
धर्मात्मा यि समान छैन भवमा ❋ यी झैं न कोही भए ॥

(७)

राज्यै पाण्डवको दिने प्रण[5] थियो ❋ ती कौरवैले पनी ।
चूपै छन् अझ सम्म ती कुरुहरू ❋ बैह्रा समानै बनी ॥
यस्मा के अब गर्नु पर्छ सबले ❋ सोची विचारै गरी ।
भन्नोस् सभ्य ! भनेर पाण्डवहरू ❋ सोध्छन् यि विन्ती गरी ॥

(८)

भन्नू भो बलरामले सुन सबै ❋ खेल्नै नजान्ने भई ।
जूवा खेलि लिए युधिष्ठिरजिले ❋ तिन्कै सभामा गई ॥
मामाले गरदा सुयोधनजिले ❋ साना थिए ता पनी ।
राज्यै पाइ समस्त राज्य गरछन् ❋ ऐले ति ठूला बनी ॥

१ एक हप्ता । २ बगलमा । ३ जिमिदार । ४ पढेगुनेका । ५ प्रतिज्ञा ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(९)

आफन्तै सब कौरवादिहरु हून् ❋ त्यस् निम्ति भन्छू म ता ।
गर्नू छैन कदापि केही झगडा ❋ गर्दैं विरोधै खडा ॥
सक्ने बोल्न चलाख दूत कन ता ❋ सम्झाउ कूरा भनी ।
भेजुन् भन्छु म हस्तिनापुर तिरै ❋ यी पाण्डवैले पनी ॥

(१०)

भन्छन् सात्यकिले उँचो स्वर गरी ❋ हे सभ्य हो ! सुन्नु भो ।
भन्नू भो बलरामले जुन कुरा ❋ सो ठीक काहाँ थियो ॥
ढीपी जिद्दि र आग्रहादि कुरुले ❋ धेरै गरेमा तहाँ ।
जूवा खेलि लिए ति धर्मसुतले ❋ नाहीं त खेल्थे कहाँ ॥

(११)

दिन्छन् कौरव राज्य ता यदि भने ❋ फिर्ता दिउन् झट् गरी ।
गर्दैनन् झगडा यि पाण्डवहरू ❋ त्यस्तो गरेका घरी ॥
आफ्नू सत्य कबोल् अनादर गरी ❋ ती कौरवैले यहाँ ॥
दिन्नन् राज्य भने यि पाण्डवहरू ❋ जुध्छन् लडाईं महाँ ।

(१२)

हाम्रा वीरहरू र पाण्डव सबै ❋ सैन्यादि ली साथमा ।
जाऊँला रण गर्न कौरवहरू ❋ टिक्नन् कसोरी तहाँ ॥
वैरीलाइ परास्त पारि रणमा ❋ निर्जीव पारी वरी ।
ल्यूँला पृथ्वि समस्त जीति सहजै ❋ बाहू बलैले गरी ॥

(१३)

भन्नू भो इ कुरा सुना द्रुपदले ❋ श्री सात्यकीले यहाँ ।
जस्तो भन्नु भयो उ ठीक मनले ❋ ठान्छू लडाईं वहाँ ॥
शेखी कौरवको त झार्नु परने ❋ हाम्रै त कर्त्तव्य हो ।
दुष्टात्मा जनलाइ दण्ड दिनु नै ❋ यै नीतिको मर्म हो ॥

(१४)

आऊ मेल गरौं भनी चरहरू ❋ हाम्रले पठाए महाँ ।
तिन्रले शेखि गरेर हामी कन ता ❋ नामर्द ठान्नन् वहाँ ॥
भन्नेछन् तिनिहेरु धर्मसुतले ❋ बाँच्ने इरादा धरी ।
दीए दूत पठाइ सन्धि गरनै- ❋ लाई चलाखी गरी ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(१५)

युद्धै गर्नु म बेस ठान्छु अब ता ❋ देशादिमा यस् घरी ।
दीऊँ दूत पठाइ भूप-रणमा ❋ निम्ता रणैको गरी ॥
धर्मात्मा नृपहेरु वीर जति छन् ❋ हाम्रै तरफ्का भई ।
आऊँछन् ति सहायता दिन भनी ❋ हाम्रा चरादी गई ॥

(१६)

सारा भूपतिलाइ हामि यसरी ❋ आफ्ना गराऊँ यहाँ ।
एती कर्म गरे बढ्यो बल पनी ❋ हाम्रो सजीलै महाँ ॥
पश्चात् कौरव सीत आफ्नु हकको ❋ राज्यादि माँगौं गई ।
दीनन् ती भइ गो नहीं रण गरी ❋ जीतेर ल्यूँला सही ॥

(१७)

सुन्दा कुरा द्रुपदका जति सभ्य[1] थीए ।
खूशी भएर निज स्वीकृति[2] आफ्नु दीए ॥
त्यै कार्य गर्न द्रुपदै कन अर्ति दींदै ।
द्वारावती तिर गए हरि दाज्यु लींदै ॥

(१८)

आज्ञा गरे द्रुपदले चरहेरुलाई ।
हे दूत ! मित्र नृपती-गण भेट जाई ॥
भन्नू यही द्रुपदको कथनै छ आई ।
राजा युधिष्ठिरजिलाइ दिनू सघाई ॥

(१९)

दुष्टात्म ती कुरुहरू सब पापिलाई ।
जित्नू पर्‍यो समरमा निज कीर्ति छाई ॥
राजा युधिष्ठिरजिको सब राज्यलाई ।
फिर्ता गराउनु पर्‍यो सबले सघाई ॥

(२०)

आज्ञा सुनी द्रुपदका चर उत्ति खेरी ।
जाँदा भए उठि-उठी नगरेर देरी ॥
मित्रादि भूपतिहरु कन भेटि तिनूले ।
सारा कुरा भनि दिए जति हो त भन्ने ॥

१ सभामा बस्नेहरू । २ मन्जूरी ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(२१)

पाएर सोहि खबरै नृपहेरु ताहाँ ।
आए ति धर्मसुत भेट्न विराट काहाँ ॥
सेनादिले सहित भूपतिको समाजै ।
आयो विराट-पुरिमा खुशिले प्रशस्तै ॥

(२२)

यो हाल् जताततित पुग्यो जगती तलैमा ।
सूने सुयोधनजिले पनि हस्तिनैमा ॥
आफ्ना ति मित्र नृपति-जन डाक्नलाई ।
दीए पठाइ चरहेरु निकै रमाई ॥

(२३)

निम्ता सुयोधनजि बाट रणार्थ पाई ।
आए अनेक अरु भूपतिहेरु धाई ॥
त्यै हस्तिनापुर कनै चहुँ ओर बाट ।
घेरी बस्यो सकल सैन्य जमाइ ठाँट ॥

शल्य-युधिष्ठिर संवाद्

(१)

धर्मात्मा नृपती युधिष्ठिर थिए ❋ आफ्ना सभा बीचमा ।
त्यै बेला पुगी द्वारपाल उभियो ❋ आई अगाडी महाँ ॥
लाग्यो विन्ति चढाउनै उ सरकार् ! ❋ श्रीशल्य राजा पनी ।
पाल्नू भो प्रभुलाइ यस् बखतमा ❋ भेट् गर्नलाई भनी ॥

(२)

मामा आउनु भो भनेर खुशि भै ❋ ती भूपतीले अनी ।
भाई भीम कनै अह्राउनु भयो ❋ जाऊ र ल्याऊ भनी ॥
दर्बाने सित लागि भीमजि गए ❋ पूगेर ढोका महाँ ।
देखे मातुललाइ प्रेम बढि गो ❋ उम्रेर माया तहाँ ॥

(३)

गर्नू भो अभिवादनादि खुशि भै ❋ श्रीभीमले जुन् घरी ।
मामाले पनि आशिषै दिनु भयो ❋ तिन् माथि माया धरी ॥
उत्री झट् रथ देखि शल्य जिमिमा ❋ दौडेर चौंडो गरी ।
भीमैलाइ त अंकमाल् गरि लिए ❋ आँसू नजर्मा भरी ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(४)

त्याहाँ बाट हिंडेर ती दुइ जना ❀ पुगे सभामा जसै ।
देख्नू भो तिनलाइ धर्मसुतले ❀ ऊठेर फेरी तसै ॥
जोरी हात दुवै प्रणाम गरदा ❀ श्रीशल्य खूशी भए ।
आँखामा धरि आँसु आशिष पनी ❀ राम्रो तिनैले दिए ॥

(५)

प्रश्नै फेरि गरी लिए कुशलको ❀ मामा र भानीजले ।
दीए आसन श्रीयुधिष्ठिरजिले ❀ श्रीशल्य राजा बसे ॥
माद्रीका दुइ पुत्रले पनि गरे ❀ ऊठी प्रणामै अनी ।
दीए आशिष शल्यले खुशि हुँदै ❀ माज्ञाहरू हुन् भनी ॥

(६)

आए बाहिर बाट पार्थ उ बखत् ❀ मामा नजरमा परे ।
आँखा ता रसिला भए निकट गै ❀ तिन्‌ले प्रणामै गरे ॥
त्यै बेला अभिमन्यु फेर् द्रुपदजी ❀ राजा विराटै अनी ।
आए द्रौपदिका ति पाँच सुत पो ❀ भेट् गर्नलाई भनी ॥

(७)

भेटी ती सबलाइ धर्म-सुतका ❀ हेरी मुहारै महाँ ।
भन्छन् शल्यजिले ठुलो दुःख सह्यौ ❀ तिम्‌ले बने बासमा ॥
तेह्रै वर्ष बिताउनू वन विषे ❀ गाह्रो पऱ्यो हो कती ।
ती दुर्योधनले नगर्नु गरियो ❀ त्यै हो अनीती अती ॥

(८)

बाबू हो ! तिमिहेरुलाइ छलले ❀ डाकी सभा बीचमा ।
जूवा खेलि वरी सबै लुटि लिए ❀ सर्वस्व[1] भन्नू त्यहाँ ॥
जूवा भो त पनी छलै कपटले ❀ खेल्ने शकूनी बनी ।
पाशा ली कपटी जित्यो सहजमा ❀ त्यस्‌ले त दाऊ पनी ॥

(९)

छूटायो निज मातृ-भूमि[2] उसले ❀ मित्रै छुटायो अनी ।
बाज्यै मित्र गुरू सबै छुटि गए ❀ राज्यै छुटी गो पनी ॥
बाह्रै वर्ष बित्यो वनान्तर महाँ ❀ फेर् बाह्र मैह्ना जती ।
गुप्तै वास पनी गऱ्यौ नगरमा ❀ तिन्‌का छलैले अती ॥

१ छिटोमिटी । २ जन्मभूमि ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(१०)

कानैले तिमिहेरु ता बन गयौ ❋ भन्ने खबर् त्यो सुनी ।
यो छाती चिरियो चरक्क भनुँ के ❋ मैले मुखैले भनी ॥
भान्जाहेरु महाँ ठुलो दुःख पर्‍यो ❋ भन्ने विचारै गरी ।
पाखाको म त मत्स्य झैं हुन गएँ ❋ खुब् छट्पटीमा परी ॥

(११)

लौ श्रीपाण्डव ता भए प्रकट पो ❋ राजा विराटै कहाँ ।
भन्ने पाई खबर् मनै खुशि भयो ❋ तत्काल[1] मेरो वहाँ ॥
आएँ भेट्न भनेर मन् सुब गरी ❋ बाटा महाँ जुन् घरी ।
त्यै बेला कुरुनाथले[2] छल गरे ❋ मै माथि राम्रै गरी ॥

(१२)

बाटामा गरि मेजमानि बहूतै ❋ चाहीनु पर्नें कुरा ।
जो राजोचित[3] हो सबै धरि दिए ❋ हेरी विचारी पुरा ॥
थाकेको म थिएँ र भोजन गरें ❋ मानेर मीठो अती ।
सोधें त्यै घरिमा प्रबन्ध गरने ❋ कुन् हो कहू भूपती ॥

(१३)

यौटा सज्जनले भन्यो कुरुपती- ❋ कै हो प्रबन्धै पनी ।
ठानें झट् मनमा युधिष्ठिरजिले ❋ यस्तो गरे छन् भनी ॥
फेरी मालुम भो सुयोधनजिको ❋ हो यो चलाखी भनी ।
नुन् खाई त लिएँ गरूँ अब कसो ❋ पाहूनु तिन्कै बनी ॥

(१४)

सोझो गर्नु त पर्छ खाइ नुनको ❋ उन्कै तरफ्को भएँ ।
मेरा भानिज हौ तथापि मइले ❋ तिम्लाइ छाडी दिएँ ॥
धर्मैं बन्धनमा परें गरूँ कसो ❋ ज्ञानी तिमी छौ अती ।
जो गर्नू अब पर्छ देउ तिमिले ❋ भान्जा मलाइ मती ॥

(१५)

मामाका यि कुरा सुनेर उ बखत् ❋ हाँसेर केही तहाँ ।
भन्छन् मातुललाइ धर्मसुतले ❋ तिन्कै अगाडी महाँ ॥
मामा ! क्षत्रिय धर्म हो अति ठुलो ❋ त्यै पालना गर्नु नै ।
धर्मैं हो अरु छैन धर्म नुनको ❋ सोभो सरीको कुनै ॥

१ त्यै बेलामा । २ दुर्योधनले । ३ राजाको योग्य ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(१६)

त्यै दुर्योधन तर्फको हुनु भयो ❀ इच्छा हरीको भई ।
तस्मात् शोक समस्त त्यागि दिनुहोस् ❀ शान्तै हजुरले रही ॥
भन्छन् फेरि ति शल्यले तर पनी ❀ राजन् ! मलाई यहाँ ।
केही कार्य भए बताउनु हवस् ❀ मैले गरीने वहाँ ॥

(१७)

भन्नू भो अनि फेर् युधिष्ठिरजिले ❀ कर्णार्जुनैको पनी ।
पर्ला युद्ध ठुलो जसै हजुरले ❀ आफ्ना मुखैले भनी ॥
होच्च्याई कन कर्णलाई उसको ❀ तेजोवधै[१] गर्दिनू ।
निन्दा वाक्य सुनाइ कर्ण कन ता ❀ क्रोधी निकै पार्दिनू ॥

(१८)

मेरो कार्य यही छ गर्नु परने ❀ ये काम गर्दा महाँ ।
मेरो हुन्छ भलो उही हजुरले ❀ गर्नू बखत्मा वहाँ ॥
यस्ता बात सुनेर शल्य बहुतै ❀ हाँसेर भन्छन् अनी ।
शत्रूलाइ उठाइ रिस् कसरि है ❀ होला भलाई पनी ॥

(१९)

हाँसी भन्नु भयो युधिष्ठिरजिले ❀ मामा ! हजुर्ले कुरा ।
मेरो बुझ्नु भएन भन्छु मइँले ❀ सम्झाइ राम्रै पुरा ॥
निन्दा आफ्नु सुनेर तारिफ पनी ❀ सुन्दा अरीको तहाँ ।
कर्णैको घटिजान्छ शक्ति जिउको ❀ त्यै युद्ध - भूमी महाँ ॥

(२०)

एती बात सुनी युधिष्ठिरजिका ❀ ती शल्य मामा अनी ।
भन्छन् मानिज ! सोहि काम गरुँला ❀ जस्तो अह्रायौ पनी ॥
ऐले जान्छु भनेर आशिष दिंदै ❀ लीई बिदा फेर् तिनी ।
आफ्ना स्यन्दनमा बसी गइ गए ❀ श्रीहस्तिनाकै पुरी ॥

(२१)

ती दुर्योधनका सभा-भवनमा ❀ ती शल्य पुगे जसै ।
राजाले अभिवादनादि खुशि भै ❀ तिन्को गरीयो तसै ॥
खूबै आदर भाउले अति असल् ❀ राम्रो ठुलो पाल्[२] पनी ।
राजा शल्यजिका निमित्त खटियो ❀ ताहीं बसे ती अनी ॥

१ त्यसका निन्दा गर्नू । २ शिविर ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(२२)

चाहीने सब चीज वस्तु जति हुन् ❋ राजोचितै पो तहाँ ।
साह्रा मौजुद गर्दिए अनि पछी ❋ तिन्का उही पालमा ॥
सैन्यैका हकमा पनी सब कुरा ❋ रासन् लगायत् गरी ।
श्रीदुर्योधनले प्रबन्ध गरियो ❋ आनन्द चित्तै गरी ॥

पाण्डवको दूत हस्तिनापुर जानु

(१)

यस्तै औसरमा युधिष्ठिरजिका ❋ सोही सभामा रही ।
लागे भन्न विराटले कुरुपती- ❋ जीका नजीकै गई ॥
राजन् ! कौरव तर्फ हामिहरूले ❋ दूतै पठाए पनी ।
मान्दैनन् तिनि सन्धि गर्न कहिल्यै ❋ हाम्रा हितैषी बनी ॥

(२)

पापात्माहरु विघ्न लालचि सबै ❋ हुन्छन् जगत् बीचमा ।
पापी कौरव हुन् समस्त कसरी ❋ लोभै त त्यागनन् तहाँ ॥
मेरा ता मनमा छ दूत अहिले ❋ पर्दैन जानू उहीं ।
गर्नू योग्य छ घोषणा समरको ❋ हामी सबैले भई ॥

(३)

यस्ता वाक्य सुनी विराटनृपका ❋ सोही बखत्मा तहाँ ।
लागे भन्न कुमार श्रीद्रुपदका ❋ सभ्यादिका सामुमा ॥
सुन्नोस् सभ्यसमाज ! हामिहरूले ❋ योटा अवश्यै पनी ।
पैह्ले दूत पठाउनू असल हो ❋ यैं नीतिले भन्छ नी ॥

(४)

हाम्रो ता चरले भनोस् कुरुपती- ❋ लाई अगाडी गई ।
आफ्नू पाण्डवको पुरा प्रण गरे ❋ ठिक् तेह्र वर्षै भई ॥
फिर्ता राज्य ति माग्दछन् हक कुरा ❋ जो जत्ति आफ्नू लिने ।
तिम्रो पूर्ण हवस् कबोल अब ता ❋ राज्यादि फिर्ता दिने ॥

(५)

आफ्नू बात अवश्य पूर्ण गरने ❋ त्यै मर्द हो विश्वमा ।
बातैको त ठगान् रहन्न जसको ❋ गिन्ती छ नामर्दमा ॥
लोभैमा मन दी नमानि भय क्यै ❋ पापादिको यस् घरी ।
दींदैनौ यदि राज्य धर्मसुतको ❋ तिम्ले कदाचित् गरी ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(६)

पर्ला युद्ध ठुलो ति पाण्डवहरू ❋ चूपै रहन्थे कहाँ ।
कस्को भर् गरि जित्तछौ भन तिमी ❋ श्रीपार्थका साथमा ॥
तिम्रै कारणले समस्त दुनियाँ ❋ मर्नन् रणैमा गई ।
तिन्का स्त्रीहरु ता बिना मदतका ❋ बस्नन् ति राँडी भई ॥

(७)

सम्झाई कहँदा कसोरि कुरुले[1] ❋ दिन्छन् जवाफै तहाँ ।
सोही उत्तर ली फिरोस् चर पनी ❋ हाम्रा हजूरै महाँ ॥
लागे चूप कुमार ती द्रुपदका ❋ के हुन्छ मर्जी भनी ।
भन्नू भो नृपती युधिष्ठिरजिले ❋ यस्ता तवर्ले अनी ॥

(८)

ठीकै ठान्छु कुराहरू जति भने ❋ यिन्ले सुनाई यहाँ ।
सोहि माफिक काम गर्नु बढिया ❋ होला भविष्यै महाँ ॥
पैह्ले एति भनेर राय[2] सबको ❋ लीएर ज्ञानी अती ।
थीए ताहिं पुरोहितै द्रुपदका ❋ तिन्लाइ बोले यती ॥

(९)

हे विद्द्वर[3] ! हस्तिनापुर तिरै ❋ जानोस्न शीघ्रै[4] अती ।
हाम्रो दूत भएर अन्धनृपती- ❋ लाई सुनेका जती ॥
ऐह्लेका इ कुरा सुनाइदिनुहोस् ❋ त्यस्को जवाफै महाँ ।
के भन्छन् तिनि त्यै कुरा सँग लिई ❋ फिर्नोस् तुरुन्तै यहाँ ॥

(१०)

आज्ञाले द्विजराज[5] त्यै समयमा ❋ ऊठेर जान्छू भनी ।
पाल्कीमा बसि हस्तिनापुर गए ❋ दूतै सरीका बनी ॥
पूगी द्वार महाँ सुयोधनजिका ❋ राजै सभाको पनी ।
पाल्की थामि लिएर कोहि पहरू- ❋ लाई सुनाए अनी ॥

(११)

आज्ञा ली कन धर्मराज नृपको ❋ दर्वानजी ! यस् घरी ।
आएको छु बनेर दूत उनको ❋ संदेश[6] ली झट् गरी ॥
जाऊ श्रीकुरुनाथका हजुरमा ❋ देउ खबर् यै तहाँ ।
मैले भेट्नु अवश्य पर्छ नृपती- ❋ लाई सभा बीचमा ॥

१ कौरवहरुले । २ मत । ३ विद्वान्मा श्रेष्ठ । ४ चाँडे । ५ ब्राह्मण । ६ खबर ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(१२)

यस्तो बात सुनी उठेर पहरू ❁ दिन्छु खबर् लौ भनी ।
चाँडै भित्र गई भन्यो उहि कुरा ❁ राजाजिलाई[1] अनी ॥
ल्याऊ तिन् कन गै यहीं यति भने ❁ ती अन्ध राजाजिले ।
फर्की द्वार महाँ भन्यो पहरूले ❁ डाकछन् भनी भूपले ॥

(१३)

पाल्की बाट उठी पुरोहित गए ❁ सोही सभामा जसै ।
देखी श्रीधृतराष्ट्रलाइ तिनले ❁ आशीष दीए तसै ॥
प्रेमैले त प्रणाम अन्धनृपले ❁ यिन्लाइ गर्दा भए ।
आफैंनेर बसाइ चौकि बिचमा ❁ सम्मान राम्रै दिए ॥

(१४)

हेर्दा नेत्र उठाइ त्यस् भवनमा ❁ श्रीभीष्म - शल्यै अनी ।
श्रीदुर्योधन - द्रोण - कर्ण - कृपजी ❁ बाल्हीक राजा पनी ॥
द्रोणी फेरि जयद्रथै उलुकजी ❁ फेर् सोमदत्तै यहाँ ।
थीए भूरिश्रवा कलिंग-पति फेर् ❁ सौ - पुत्र राजाजिका ॥

(१५)

कर्णैका पनि भाइ - बन्धु सब नै ❁ थीए बसेका तहाँ ।
फेरी वीरहरू सबै तहिं थिए ❁ ती कौरवी-वंशका ॥
दर्जाका अनुसार सज्जित भई ❁ लाएर राम्रा लुगा ।
घाँटीमा पहिरेर हार - मणिका ❁ पन्ना र मोती मुँगा ॥

(१६)

सुन्को सुन्दर बेस् किरीटहरुमा[2] ❁ रत्नादि राम्रा भई ।
झल्कन्थ्यो उ सभा भएर सुषमा[3] ❁ वीरादिको खूब् त्यहीं ॥
द्रव्यैको लिइ गर्व शेखि बलको ❁ उस् माथि धेरै लिई ।
बस्ने कौरवलाइ प्रोहितजिले ❁ देखे नजीकै रही ॥

(१७)

ऐह्ले श्रीधृतराष्ट्र भूप - वरले ❁ जानुन् मलाई यहाँ ।
विप्रै हूँ तर आज धर्म-सुत को ❁ छू दूतका रूपमा ॥
जुन् संदेश दिए युधिष्ठिरजिले ❁ भन्नू सभामा भनी ।
सोही भन्नु पऱ्यो म मन्दछु यहीं ❁ सू नुन् सबैले पनी ॥

१ श्रीधृतराष्ट्र । २ मुकुट । ३ परम शोभा ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(१८)

डाकी आफ्नु नजीक धर्मसुतले ❀ बोले मलाई यही ।
भन्नू ज्येष्ठ पिताजिलाइ तिमिले ❀ मेरो प्रणामै कही ॥
गर्नू पर्छ दया निकै हजुरले ❀ बीत्यो मियादै अनी ।
फिर्ता बक्सनु पर्छ राज्य अब ता ❀ हाम्रा हकैको पनी ॥

(१९)

आफ्नै सेवक हुन् भनी कन दया ❀ गर्नू हवस् यस् घरी ।
तेह्रै वर्ष ठुलो दुखै सहि लियौं ❀ धर्मै विषे मन् धरी ॥
ती दुर्योधनले अनीति गरियो ❀ हाम्रा उपर् रिस् गरी ।
मायाले त हजूरका सब गयो ❀ हाम्रो विपत्ती टरी ॥

(२०)

जुन् रित्‌ले कलहै त जान्छ उहिनै ❀ गर्नोस् उपायै यहाँ ।
बेलैमा सब कार्य गर्नु परने ❀ रीतै छ संसारमा ॥
यै संदेश थियो युधिष्ठिरजिको ❀ बिन्ती चढाई दिएँ ।
बिन्ती अर्जुनको छ जो उ पनि ता ❀ सुन्नोस् म भन्ने भएँ ॥

(२१)

मेरा ज्येष्ठ पिताजिलाइ तिमिले ❀ भन्नू प्रणामै अनी ।
बिन्ती गर्नु नजाति हुन्छ कलहा- ❀ दीको त बीजै पनी ॥
बुद्धी - सागर ज्ञानी भै हजुरले ❀ वीरादि मध्ये मणी ।
अन्यायै तिर लाग्नु छैन कहिल्यै ❀ छोरो कपूत् भो भनी ॥

(२२)

लागें हिंड्न भनी यता जब म ता ❀ श्रीभीमजीले पनी ।
मेरा सम्मुख आइ क्यै भनिदिए ❀ भन्नू सभामा भनी ॥
आज्ञा हुन्छ भने सुनाउँछु कुरा ❀ श्रीभीमका हुन् जती ।
मैले त्यो न सुनाइ हुन्न नहिं ता ❀ पापै छ यस्मा अती ॥

(२३)

दूतैको जुन धर्म हो उ पनि ता ❀ जान्ने हुनाले गरी ।
भीमैको उहि बात यस् समयमा ❀ दिन्छू म बिन्ती गरी ॥
यस्मा रीस नगर्नु है हजुरले ❀ श्रीभीम भन्थे तहाँ ।
हामी बाट विराम केहि नहुँदै ❀ तिम्रो अनाहक् महाँ ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(२४)

धोका दी तिमिले ठुलो छल गरी ❀ हाम्‌लाइ दुःखै दियौ।
तेसैको फल पाकि गो अब तिमी ❀ पाऊँदछौ जो गर्‍यौ॥
सम्झी सोहि कुकर्मलाइ मनमा ❀ होला पछूतो अती।
मैले आफ्नु गदा लिई समरमा ❀ तिम्रा ति छोरा जती॥

(२५)

गर्न्दै मार्दछु सौ जना बुझ तिमी ❀ तिम्रा तरफ्‌काहरू।
आई कौन बचाउला ति कन ता ❀ मेरा भई रूबरू[1]॥
केशै फालि बुहारिहेरु जति छन्‌ ❀ तिम्रा ति राँडी बनी।
हिंड्‌नन्‌ हे जब चेत जाग्छ तिमिमा ❀ होला पछूतो अनी॥

(२६)

तिम्रा सैन्यहरू समस्त मइँले ❀ निर्मूल पार्दैं तहाँ।
माँसूलाइ मिलाइ-दिन्छु सहजै ❀ काटेर माटो महाँ॥
लाग्दा बग्न नदी पनी रगतको ❀ सोही जगा बीचमा।
मुर्कुट्टाहरु जाग्दछन्‌ त्यहिं सुन्यौ ❀ गिद्धादि उड्‌नन्‌ तहाँ॥

(२७)

बिग्रेको अझ छैन चेत[2] नृपते! ❀ जान्ने तिमी छौ अती।
त्यो दुर्योधनलाइ झट्ट तिमीले ❀ सम्झाउ बोलूँ कती॥
त्यै दुर्योधनको शिरै उपरमा ❀ नाच्दै छ मृत्यू अनी।
कालैका वशमा परेर मतिमा ❀ लागेछ आगो पनी॥

(२८)

यस्ता बात सुनेर अन्ध नृपले ❀ आफू निको झैं बनी।
भन्छन्‌ बात सुनें हटाउ ति कुरा ❀ ठान्छू म व्यर्थै भनी॥
प्यारा पाण्डवको बताउ कुशलै ❀ मेरै भतीजा ति हुन्‌।
एतीले म प्रसन्न छू द्विज[3]! सुन्यौ ❀ प्यारो छ तिन्‌ झैं कउन्‌॥

(२९)

छोरो हो तर त्यो सुयोधन पनी ❀ जस्‌ले छलैले गरी।
द्यूतैको[4] जिति दाउ धर्म सुतको ❀ लीएछ राज्यै हरी॥
त्यो साँचै त कुबुद्धि हो बन पनी ❀ त्यस्‌ले पठाई दियो।
प्यारा पाण्डव पाँच भाइहरुको ❀ हुर्मत्‌ त्यसैले लियो॥

१ अगाडि परेर। २ होश सँभाल। ३ ब्राह्मण। ४ जुवाको।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(३०)

मेरी द्रौपदि हुन् बुहारि तिनको ❋ रूपै छ चन्द्रै सरी ।
तिन्ले नै बनवासिनी हुनु पऱ्यो ❋ जूवा हुनाले गरी ॥
छोरो विघ्न अभागि भो गरुँ कसो ❋ दुर्योधनैले यहाँ ।
मेरो अर्ति नमानि आफ्नु मतिले ❋ कार्यादि थाल्दा महाँ ॥

(३१)

आफन्तै तिनि पाण्डवादिहरु हुन् ❋ तिन्लाइ कष्टै पऱ्यो ।
सम्झाए पनि सम्झदैन भनु के ❋ मन्लागि त्यस्ले गऱ्यो ॥
त्यो दुर्योधनले कुचाल चलदै ❋ यो राज्य गर्दा महाँ ।
पर्ला आखिरिमा अनाथ[1] हुनु पो ❋ ठान्छू म अन्धो यहाँ ॥

(३२)

आँखा छैन म अन्ध हूँ म कन को ❋ टेर्छन् बुढा हुन् भनी ।
भो दुर्योधन ता पुलस्त्य - कुलको ❋ ठिक् रावणै झैं पनी ॥
कंसैका सरि पुत्र यो भइ गयो ❋ सुन्दैन मेरा कुरा ।
मैले के गरुँ है सुयोधन भने ❋ भो दुष्ट जस्तै पुरा ॥

(३३)

प्यारा धर्म - कुमार ता जुन दिनै ❋ ऊठी बनैमा गए ।
भै गो त्यै दिन देखि दुःख म कनै ❋ यो आज साँचै कहें ॥
रातैमा दिनमा बढेर विरहै ❋ तिन्को मलाई यहाँ ।
गाह्रो भो रहनू जलेर बहुतै ❋ छाती छ मेरो जहाँ ॥

(३४)

सम्झाएँ बहुतै परन्तु उसले[2] ❋ मानेन अर्ती रती ।
सम्झाएर अझै पनी म द्विज हे ! ❋ त्यस्को सुधार्छु मती ॥
आफ्नू शक्ति लगाइ पाण्डु - सुतका ❋ साथै त सन्धी पनी ।
चाँडैनै म गराउँछू बुझ तिमी ❋ हो सत्य वार्ता भनी ॥

(३५)

एती बात गरेर अन्ध - नृपती ❋ ऊठे उही बीचमा ।
आई संजयले करै धरी लिए ❋ ती भूपतीको तहाँ ॥
हिंड्दै संजय सीत भूपति पुगे ❋ गान्धारि जाहाँ थिइन् ।
रानीले , धरि सेजमाथि[3] ति कनै ❋ ताम्बूल[4] खानै दिइन् ॥

१ टुहुरो । २ दुर्योधनले । ३ पलंगमा । ४ पान ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(३६)

राजा खोपि तिरै गए पछि अरू ❋ वीरादि ऊठी गए ।
दूतै पाण्डवका पनी उहि बखत् ❋ ऊठेर जाँदा भए ॥
तिन्को पाल्कि कहारकै सँग थियो ❋ हो सिंहद्वारै जहाँ ।
फर्की हाल भने युधिष्ठिरजिका ❋ तिन्ले अगाडी महाँ ॥

कृष्णजीसित मदत् माग्न अर्जुन र दुर्योधन जानु



(१)

दूतैका मुख देखि अन्ध नृपका ❋ सुन्दा वृथाका कुरा ।
सोचे पाण्डव-वर्गले समरको ❋ देखिन्छ लक्षण् पुरा ॥
सल्लाहा गरि श्रीयुधिष्ठिरजिले ❋ श्रीपार्थलाई अनी ।
श्रीद्वारावतिमा पठाउनु भयो ❋ श्रीकृष्ण ल्याऊ भनी ॥

(२)

घोडाहेरु त बेगवन्त रथमा ❋ जोती-वरी सारथी ।
आयो अर्जुनका निमित्त रथ ली ❋ दौडाइ चाँडै अती ॥
आफू त्यै रथमा बसेर खुशि भै ❋ भन्छन् सुभद्रापती ।
तिमूले सारथि ! हाँकि देउ रथ यो ❋ जानू छ द्वारावती ॥

(३)

हाँक्यो सारथिले र अश्व रथका ❋ दौडे भएका जती ।
हेर्दै दृश्य अनेक सात दिनमा ❋ पूगी गए गोमती ॥
ओर्ली गोमति तीरमा विमल खुब् ❋ देखेर पानी तहाँ ।
न्वाहे अर्जुनले प्रसन्न मन भै ❋ गै गो थकाई कहाँ ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(४)

देखे अर्जुनले निकै किसिमका ❋ राता र सेता निला ।
फूलेका कमलादि पुष्प जलमा ❋ जस्मा उडी भूँमरा ॥
हुन्थ्यो शब्द घुनू - घुनू मधुर खुब् ❋ सूनेर खूशी भई ।
पार्थै ता रथमा बसे वसन[1] ती ❋ फेरेर झट्टै गई ॥

(५)

ताहाँ बाट हिंडेर क्यै समयमा ❋ द्वारावती देखियो ।
पार्थैको रथ दिव्य राजपथमा ❋ घूसेर दौडी गयो ॥
देखे अर्जुनले विचित्र रचना ❋ चौतर्फ पानी रही ।
श्रीद्वारावति माँझमा उदधिको ❋ गुल्जार् छ राम्रो भई ॥

(६)

त्यै द्वारावतिमा गृहादि सुनका ❋ खम्बा र पर्खाल पनी ।
स्वर्णैका झलमल् गरेर रहने ❋ बुट्टा नकाशी बनी ॥
धेरै पोखरि घाट कूप बहुतै ❋ राम्रा ति कुण्डै रही ।
शोभा खूब थियो अनेक फुलका ❋ राम्रा बघैंचा भई ॥

(७)

थीए दक्षिणमा समुद्र जसका ❋ हेरी लिंदा पश्चिमै ।
थीयो एक उँचो र सुन्दर गिरी[2] ❋ नाऊँ थियो रैवतै ॥
बाटामा रुखका विहङ्गहरुमा ❋ हंसै परेवाहरू ।
सूगा मूजुर मूहुनाल् र मइना ❋ देखे चरा धेर् अरू ॥

(८)

राम्रा सात - तले हवेलिहरुमा ❋ रङ्गी पताका उडी ।
शोभा खूब थियो उही नगरिको ❋ सूहाउने खुब् भई ॥
घोडा - हात्तिहरू लिएर सँगमा ❋ पानी - नजीकै गई ।
ख्वाऊँथे तिनलाइ सैसहरुले ❋ पानी खुशीमा भई ॥

(९)

ऊँटैलाइ ति ऊँटवानहरुले ❋ डोऱ्याउँदै त्यै घरी ।
लैजान्थे रुख नेर पात तिनले ❋ खान्थे थुती झट् गरी ॥
देख्दा हृष्ट र पुष्ट गाइ कन ली ❋ ती गोप - गोपीहरू ।
दिन्थे राम्ररि न्वाहि गै नदि विषे ❋ बोल्थे ति बाछाहरू ॥

---

१ कपडा । २ पर्वत ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(१०)

देखीए पसलेहरू पसलमा ❋ पारेर ठाँट् बेसरी ।
गर्थे बिक्रि बसेर चीज बहुतै ❋ बाजारमा त्यैं घरी ॥
देखीए पुरवासि नारि-नर ती ❋ शृङ्गार आफ्नू गरी ।
पैह्नी सुन्दर वस्त्र-हार-गहना ❋ लाएर हिंड्ने कती ॥

(११)

दुःखी कोहि थिएन प्राणि पुरमा ❋ राम्रा धनी देखिए ।
निर्धो दुर्बल देखिएन जन क्वै ❋ पुष्टै सबै पो थिए ॥
शोभा त्यस् पुरिको नजर् गरि खुबै ❋ ती पार्थ खूशी भई ।
सम्झन्थे शुभ पाद-पद्म हरिका ❋ आफ्ना मनैमा लिई ॥

(१२)

पूग्यो त्यै रथ कृष्णका महलको ❋ द्वारै महाँ फेर् अनी ।
देखीयो दरबार स्वर्णहरुमा ❋ रत्नै जडेको बनी ॥
कृष्णैको दरबार झैं अरु कुनै ❋ ठूला नृपैको पनी ।
काहीं राजमहल् थिएन अरु ता ❋ खोज्दा रवीका मनी ॥

(१३)

ओर्ली त्यै रथ देखि पार्थ खुशि भै ❋ श्रीसिंहद्वारै महाँ ।
पुग्दामा सब द्वारपालहरुले ❋ जोरेर बाहू तहाँ ॥
लागे अर्जुनलाइ भन्न खुशि भै ❋ हे पार्थ ! हीजै त हो ।
आज्ञा भो हरि बाट सात्यकि कनै ❋ धेरै बियाँलो भयो ॥

(१४)

आएनन् अझ पार्थ ता बिति गयो ❋ मैह्ला दुई यस् घरी ।
काहाँ अर्जुनजी भुली कन रहे ❋ यस्तो बियाँलो गरी ॥
भन्दै सम्झनु भो हिजैं त हरिले ❋ ऐह्ले हजूरै यहाँ ।
पाल्नू भो अब हर्ष हुन्छ प्रभुमा ❋ तिन्नले भने यैं तहाँ ॥

(१५)

लौ जाऊँ भनि द्वारपाल सँग भै ❋ भित्रै पसे झट् गरी ।
त्यस् बेला गइ रुक्मिणी - महलमा ❋ थीए सुतेका हरी ॥
उत्ताने परि रत्नका पलँगमा ❋ सूती रहेका तहाँ ।
देखे अर्जुनले हरी कन गई ❋ सोही महल् बीचमा ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(१६)

गोडा मन्तिर एक चौकि त थियो ❋ सुन्कै बनेको पनी ।
तेसैमा गइ भक्त अर्जुन बसे ❋ उठ्नन् प्रभूजी भनी ॥
यस्तै औसरमा सुयोधन पनी ❋ आई पुगे झट् तहीं ।
देखे अर्जुनलाइ ताहिं तिनले ❋ पर्खी रहेका गई ॥

(१७)

गोडा मन्तिर पार्थलाई तिनले ❋ देखेर आफू गई ।
सीरानै तिर कुर्सिमा जमि बसे ❋ साह्रै घमण्डी भई ॥
जागी अर्जुनलाइ विश्वपतिले ❋ पैल्यै त देखी लिए ।
भेट्ना खातिर ऊठि शीघ्र हरिले ❋ बाहू पसारि दिए ॥

(१८)

त्यै बेला शिर आफ्नु श्रीचरणमा ❋ तिन्ले त राखी दिए ।
छातीमा प्रभुले ति पार्थ कन झट् ❋ ऊठाई टाँसी लिए ॥
त्यै बेला ति सुयोधनै कन पनी ❋ देखी हरीले अनी ।
खूशी भै कन सोधनी गरनु भो ❋ कुन् काम आयौ ? भनी ॥

(१९)

प्रश्नै श्रीहरिको सुनेर उ बखत् ❋ क्यै मन्दहास्यै गरी ।
लागे भन्न सुयोधनै प्रभुजिका ❋ साम्ने अगाडी सरी ॥
हाम्रो ता कुलमा विरोध बढि गो ❋ जाहेर् छ जाहाँ तहाँ ।
मेरा तर्फ हुनोस् भनी हजुरमा ❋ भन्नै म आएँ यहाँ ॥

(२०)

क्षत्रीको यहि धर्म हो प्रथम जो ❋ आयो अगाडी महाँ ।
त्यस्लाई त सहायता दिनु भनी ❋ देखिन्छ है शास्त्रमा ॥
पैह्ले मै घरमा पुगें हजुरका ❋ त्यस् निम्ति मेरा भई ।
दीनोस् कृष्ण ! सहायता हजुरले ❋ पक्षै त मेरो लिई ॥

(२१)

यस्तो बिन्ति सुनेर श्रीयदुपती ❋ दुर्योधनैमा तहाँ ।
लाग्नू भो अनि बोल्न हे कुरुपते ! ❋ केही म भन्छू यहाँ ॥
शक्तीमा धनमा र सैन्यहरुमा ❋ राज्यादिमा यो घरी ।
कम्ती छन् अहिले ति धर्मसुत ता ❋ छैनन् ति तिम्रा सरी ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(२२)

आएको प्रथमै म हूँ यहि भन्यौ ❋ तिमीले मलाई यहाँ ।
मैले ता पहिले त पार्थ कन पो ❋ देखी लिएथैं यहाँ ॥
पैह्ले एति भनेर झट्ट हरिले ❋ सम्झेर माया कन ।
हाँसी बक्सनु भो सुयोधन भए ❋ मोहान्ध पो तत्क्षण ॥

(२३)

मायाले कुमती पसाइ मनमा ❋ दुर्योधनैको तहीं ।
उल्टो बुद्धि गरी सुयोधन रहे ❋ ततकाल मौनै भई ॥
आज्ञा भो हरिको उसै बखतमा ❋ राजन् ! सुनीलयौ यहाँ ।
घोडा - हात्ति - रथादि - युक्त बलियो ❋ चार् लाख गिन्ती महाँ ॥

(२४)

एकातीर सशस्त्र सैनिकहरू ❋ दोस्रा तिरैमा भने ।
यौटा मै छु न शस्त्र केहि सँग ली ❋ आफू फगत् हींडने ॥
दूवैमा कुन रोज्दछौ भन तिमी ❋ मेरा अगाडी महाँ ।
सानै सीत गरिन्छ प्रश्न पहिले ❋ यस् निम्ति सोध्छू यहाँ ॥

(२५)

यस्ता वाक्य सुनी सुयोधन पनी ❋ फेर् बोल्न लागे तहाँ ।
पैह्ले सोध्नु भयो मलाइ प्रभुले ❋ खूशी भएँ यस् महाँ ॥
अर्काका घरकी लिएर सँगमा ❋ स्त्री - जाति गीतै भनी ।
नाची खुब् सँग हींडने छ जसको ❋ बानी बसेको पनी ॥

(२६)

हर्दम् बाँसुरिनै लगाइ मुखमा ❋ गाई नयाँ रागिनी ।
सुन्नेलाइ भुलाइ मुग्ध गरने ❋ जस्को छ बानी पनी ॥
सोखैमा जसको उमेर बिति गो ❋ गाना - बजाना गरी ।
उस्ताले रणमा गएर कसरी ❋ लड्छन् अगाडी सरी ॥

(२७)

पृथ्वीका नृपहेरु छन् म सित ता ❋ घोडा र हात्ती लिई ।
तिन्का माझ महाँ छ काम कुन है ❋ हे कृष्ण ! तिमीले रही ॥
चारै लाख म सैन्य लिन्छु लडने ❋ रोजें मईले यही ।
तीमीलाई दिएँ ति पार्थ कन ता ❋ अत्यन्त खूशी भई ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(२८)

भन्छन् हाँसि किरीटिले उहि बखत् ❀ सुन्नोस् प्रभूजी ! यहाँ ।
यौटै कृष्ण भए मलाइ पुगि गो ❀ खोज्छू म अर्को कहाँ ॥
मेरा साथ सवारि होस् हरि ! छिटै ❀ जाऊँ रथैमा बसी ।
जावस् सैन्य बरू अरू सित कतै ❀ कम्मर् बलीयो कसी ॥

(२९)

गोपादीहरुलाइ डाकन प्रभुले ❀ मानिस् पठाए तसै ।
आयो सैन्य समस्त गोपहरुको ❀ लागेन बेरै कसै ॥
कान्मा कुण्डल छन् ति रत्न मणिका ❀ झल्झल् गरी झल्कने ।
राम्रा छन् मुकुटादि मस्तक विषे ❀ सुन्का खुबै टल्कने ॥

(३०)

छातीमा पनि रत्नहार जसका ❀ झुण्डेर लामू गरी ।
पैह्रेका कपडा शरीर भरमा ❀ टम्मै छरीतो गरी ॥
लाएका जिउमा अभेद्य कवचै ❀ साथै छ बाणै धनू ।
ती नारायणि-सैन्यको म अहिले ❀ तारिफ् कती पो गरूँ ॥

(३१)

साथैमा गज-अश्व-सारथि-रथै ❀ बाजा र झण्डा पनी ।
थीए है अनगिन्ति त्यैं कटक पो ❀ आयो बलीयो बनी ॥
त्यै नारायणि फौजलाइ हरिले ❀ साह्रै दयालू बनी ।
त्यो दुर्योधनलाइ बक्सनु भयो ❀ लैजाउ साथै भनी ॥

(३२)

खूशी भै हरि सीत भै कन विदा ❀ दुर्योधनै फेर् अनी ।
खोज्दै श्री बलरामलाइ पुगि गो ❀ तिन्कै महल्मा पनी ॥
देखी श्री बलरामलाइ उसले ❀ ढोगेर पाऊ परी ।
लाग्यो भन्न ति पार्थ सीत हरि ता ❀ जाने भए यस् घरी ॥

(३३)

पार्नू होस् प्रभुले सनाथ म कनै ❀ साथै म लान्छू उता ।
मेरा तर्फ हजूरले भइ दिंदा ❀ सौभाग्य ठान्छू म ता ॥
दिन्छिन् पाण्डवलाइ ता मदत पो ❀ श्री कृष्णजीले वहाँ ।
दासै हूँ म हजूरको निशिदिनै ❀ त्याग्छू म आशा कहाँ ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(३४)

मीले श्रीहरि ता युधिष्ठर सितै ❀ भन्ने कुरा यस् घरी ।
फैलीयो सब लोकमा यदुपते ! ❀ उड्दै बतास्मा मिली ॥
मेरो भन्नु त एकमात्र प्रभु नै ❀ आशा भरोसा पनि ।
मेरो रक्षक अन्य छैन भवमा ❀ यै वाक्य साँचो छनि ॥

(३५)

भन्नू भो हलधारिले उहि बखत् ❀ तिन्का कुरा यो सुनी ।
के बोल्छौ ? तिमि यो विचार नगरी ❀ दुःखी समानै बनी ॥
तिम्रा पट्टि म ता उता तिर हरी ❀ यो ता नजाती भयो ।
तिम्रा लागि यहाँ ठुलो हित हुने ❀ भन्छू कुरा पो छ जो ॥

(३६)

दिन्छू सैन्य लिएर जाउ तिमिले ❀ होला नसिब्मा जउन् ।
त्यै होला उहि मेटिंदैन कहिल्यै ❀ फेरी छ फिक्री कउन् ॥
एती अर्ति दिएर लाख दिनु भो ❀ तिन्लाइ सेना अनी ।
खूशी पारि बिदा पनी दिनु भयो ❀ जाऊ घरैमा भनी ॥

(३७)

साथै ली कुरुराजलाइ बलजी ❀ भेट्ने इरादा गरी ।
पाल्नू भो कृतवर्मका सदनमा ❀ थीए तिनी त्यस् घरी ॥
ती दूवै कन देखि झट्ट तिनले ❀ राज्होस् यसैमा भनी ।
सुन्कै चौकि दिंदा गई दुइ बसे ❀ वार्ता गरौंला भनी ॥

(३८)

भन्छन् ती कृतवर्मजी कुरुपते ! ❀ कुन् कार्य आई परी ।
पाल्नू भो अहिले यहाँ कहनुहोस् ❀ सङ्कोच त्यागै गरी ॥
ती दुर्योधन भन्दछन् यति सुनी ❀ राजन् ! म यो ठाउँमा ।
आएको छु सहायता लिन भनी ❀ पर्ने ठुलो युद्धमा ॥

(३९)

हामी कौरवको र पाण्डुसुतको ❀ ठूलो विरोधै भई ।
सङ्ग्रामै परने भयो नरपते ! ❀ तस्मात् रणैमा गई ॥
मेरा पट्टि भएर तिन् सँग लडी ❀ गर्दै ठुलो वीरता ।
तिन्लाई जितनू हवस् हजुरले ❀ मारीदिनू होस् कि ता ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(४०)

ऐहे पाण्डवको सहायक भई ❋ श्री कृष्ण जानू भयो ।
हाम्रा पट्टि भएर लौ हजुरले ❋ जाने बखत् भै गयो ॥
यस्ता बात सुनेर झट्ट कृतले ❋ भन्छन् अगाडी सरी ।
राजन् ! हुन्छु हजूर तीर खुशि भै ❋ भन्छू प्रणै यो गरी ॥

(४१)

एती बात गरेर सैन्य जति छन् ❋ डाकेर जम्मा गरी ।
हींडे ती कृतवर्म सैन्य सँग भै ❋ दुर्योधनै साथ ली ॥
सेना ली चतुरङ्गिणी पुगि गए ❋ श्री हास्तिना - पूरिमा ।
श्री दुर्योधनले दिए शिविर घेर् ❋ डेरा सरीको तहाँ ॥

(४२)

त्यो सेना कन देखि हर्ष मन भो ❋ देख्नेहरूको तहाँ ।
ती दुःशासन कर्ण फेरि शकुनी ❋ डूबेर आनन्दमा ॥
लागे ठान्न अवश्य हुन्छ जय लौ ❋ हामीहरूको भनी ।
सुन्दामा धृतराष्ट्रजी खुशि भए ❋ सेना बढी गो भनी ॥

(४३)

त्यो दुर्योधन गो जसै हरि पनी ❋ साथै किरीटी लिई ।
रानीका महलै तरफ् पसनु भो ❋ खूशी बहूतै भई ॥
रानी रुक्मिणिजी र फेरि अरकी ❋ श्री सत्यभामाजिले ।
देखे श्रीपतिलाइ पार्थ सहितै ❋ पाल्नू भयो प्रेमले ॥

(४४)

बस्नू भो हरि मञ्चमा गइ जसै ❋ साथै बसे पार्थ ती ।
सुन्को झारि लिएर मन्दगतिले ❋ श्रीसत्यभामा अनी ॥
पूगी श्रीपद - पद्ममा प्रभुजिको ❋ पाऊ पखालिन् जसै ।
ल्याइन् खाद्य - पदार्थ हेरु बढिया ❋ श्रीलक्ष्मणाले तसै ॥

(४५)

धोई हात हरी र पार्थ दुइले ❋ ज्यूनार भो त्यै घरी ।
खाए अर्जुनले थपेर बहुतै ❋ मिष्टान्न पेटै भरी ॥
ऊठिन् जाम्बवती र हात प्रभुको ❋ तिन्ले धुवाइन् तहीं ।
धोए अर्जुनले पनी कर उहीं ❋ मागेर पानी लिई ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(४६)

टक्र्याइन् प्रभुलाइ पान दुइटा ❋ श्रीलक्ष्मणाले अनी।
अत्तर्दान लिएर रुक्मिणि पुगिन् ❋ तिन्का अगाडी सरी॥
यस्तै रीति गरेर आठ पटरा- ❋ नीले हरीको तहाँ।
सेवा खुब् गरियो प्रसन्न हुनु भो ❋ श्रीकृष्णजी चित्तमा॥

(४७)

लागे सोध्न तहीं त क्षेमकुशलै ❋ रानीहरूले पनी।
आनन्दै सब छन् भनी भनि दिए ❋ ती पार्थले फेर् अनी॥
भन्छिन् जाम्बवती गएर नजिकै ❋ भन्नोस् किरीटी! यहाँ।
भान्जा श्री अभिमन्यु छन् कि कुशलै ❋ हाम्रा ति प्यारा तहाँ॥

(४८)

सञ्चै छन् अभिमन्यु एति भनियो ❋ श्रीपार्थले त्यै घरी।
आइन् देवकिजी किरीटि कन झट् ❋ भेट्ने इरादा गरी॥
माता पाल्नु भयो भनेर मनमा ❋ आनन्द ठुलो भई।
उठ्नू भो हरि अर्जुनै पनि उठी ❋ पाऊ परे झट् गई॥

(४९)

माताले शुभ आशिषै दिनु भयो ❋ तिम्रो मनोकामना।
पूरा होस् सुख पाउ कीर्ति बहुतै ❋ चल्दै रहोस् लोकमा॥
भन्छिन् फेरि ति देवकी नयनमा ❋ आँसू धरी त्यै घरी।
देखें अर्जुनलाइ वर्षहरु ता ❋ तेह्रै बिती यस् घरी॥

(५०)

प्यारा अर्जुन छन् मलाइ बहुतै ❋ हे कृष्ण! तिम्ले पनी।
रक्षा गर्नु किरीटिको हृदयले ❋ अर्ती मुमाको भनी॥
भन्दै एति ति पार्थको कर धरी ❋ श्रीदेवकीले तहाँ।
सुम्पिन् कृष्णजिलाइ पार्थ कन ता ❋ तिन्कै त हातै महाँ॥

(५१)

भन्नू भो हरिले मुमा! हजुरको ❋ मान्यै छ अर्ती ममा।
गर्नेछू उहि काम प्रेमवशले ❋ भै पार्थको दाहिना॥
यस्ता बात सुनेर देवकि पनी ❋ खूशी भइन् त्यस् घरी।
जानू भो हरि पार्थलाइ सँग ली ❋ निस्केर चोंडो गरी॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(५२)

पूगे श्री वसुदेवका महलमा ❋ कृष्णार्जुनै ती अनी ।
पाऊमा परि दर्शनै गरि लिए ❋ हून् बाबु मान्यै भनी ॥
आशीर्वाद दिई प्रसन्न ति भए ❋ श्रीकृष्णले झट् गरी ।
सारा हाल ति पाण्डवादि कुरुको ❋ भन्नू भयो त्यै घरी ॥

(५३)

ती दूवै कुलमा विरोध बढि गो ❋ भन्ने कुरा ती सुनी ।
भन्नू भो वसुदेवले उहि बखत् ❋ निष्पक्षपाती बनी ॥
तिम्रा प्रेमि इ पार्थ हुन् अरु सबै ❋ ती पाण्डवादी पनी ।
भक्तै हुन् हरि ! भक्तलाइ सु-दया ❋ गर्नैछ बानी भनी ॥

(५४)

तिम्रो बानि म जान्दछु हरि ! सुन्यौ ❋ तिम्रले त भक्तै कन ।
ठान्छौ प्राण सरी यिनै तिर रहू ❋ यी छन् सबै सज्जन ॥
हुन् आफन्त ति कौरवादि जति छन् ❋ के गर्नु आफन्त भै ।
पापात्मा छलि दुष्ट पाजि तिनि हुन् ❋ मेलै नराख्नू कत्रै ॥

(५५)

अर्ती श्रीवसुदेवको शिर धरी ❋ निस्केर दूवै जना ।
आए बाहिर स्वच्छ सुन्दर अती ❋ त्यै भव्य आँगन् महाँ ॥
त्याहीं सात्यकिजी थिए प्रभुजिले ❋ तिन्लाइ सोही घरी ।
भन्नू भो सुन वीर ! शीघ्र तिमिले ❋ सेनादि जम्मा गरी ॥

(५६)

ल्याऊ जानु पर्‍यो युधिष्ठिर कहाँ ❋ हाम्रै ति बाटो पनी ।
हेर्दा हुन् तिनिहेरु मत्स्य-पुरिमा ❋ भेट् हुन्छ कैल्है भनी ॥
आज्ञा पाइ उठेर सात्यकि गई ❋ सेना सजाई लिए ।
लैजाने रथलाइ दारुक कनै ❋ आज्ञा सुनाई दिए ॥

(५७)

नामै दारुक हो ति सारथि त हुन् ❋ श्रीकृष्णजीका पनी ।
तिन्ले सुग्रिव आदि अश्व रथमा ❋ जोती लिए झट् अनी ॥
हाँकी त्यै रथलाइ सूर्य सरिको ❋ जाहाँ थिए श्रीहरी ।
पूगी दारुकले त स्यन्दन उहीं ❋ थाम्दा भए त्यै घरी ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(५८)

शंखै फुक्नु भयो तुरुन्त हरिले ❋ आकाशमा शब्द गो ।
तान्दै अर्जुनलाइ राखि रथमा ❋ रानी लिई बस्नु भो ॥
हाँके सारथिले रथै गइ गयो ❋ हावा समानै भई ।
त्यै बेला चतुरङ्गिणी कटक फेर् ❋ हींड्यो पछाडी रही ॥

(५९)

दौड्दा स्यन्दन कृष्णको पथ विषे ❋ ऊडेर धूलो गई ।
छोपीयो रथ सूर्यको गगनमा ❋ खुब् मन्द घामै भई ॥
सोधे अर्जुनले प्रभू सित त्यहीं ❋ हे कृष्ण ! यस् युद्धको ।
के होला परिणाम सुन्न म कनै ❋ इच्छा अहीले भयो ॥

(६०)

आज्ञा गर्नु भयो सुनेर हरिले ❋ हे पार्थ ! संसारमा ।
छन् दूई प्रकृती - पुरुष बुझिलयौ ❋ ढाकेर जाहाँ - तहाँ ॥
जो हुन् पूरुष ता म हूँ प्रिय ! बुझ्यौ ❋ तिम्रा म छू साथमा ।
जस्लाई प्रकृती भनिन्छ ति त हुन् ❋ शक्ती भनेकी यहाँ ॥

(६१)

कस्नी छन् तिनि भन्दछू सुन सखे ! ❋ जस्को दिशा वस्त्र हो ।
जस्का छन् नर - मुण्डमाल उरमा ❋ झुण्डी रहेका अहो ॥
कालो वर्ण छ दिव्य देह जसको ❋ आभूषणादी पनी ।
रत्नैका मणिका लगाइ हिंडछिन् ❋ सारा जगत्की धनी ॥

(६२)

सर्पै छन् गहना समान जिउमा ❋ केशै फिजेंकी भई ।
जिभ्रो लामु ति झिक्तछिन् नयन ता ❋ छन् तीन ज्वालामयी ॥
पाऊजेब छ पाउमा गगनमा ❋ जो बज्छ छम्-छम् गरी ।
छन् हातेहरु आठ गर्जन खुबै ❋ गर्छिन् ति हाँस्यै गरी ॥

(६३)

मुण्डै खड्ग र पानपात्र बरछी ❋ शृंगी त्रिशूलै धनू ।
लीएकी करमा दिने अभय पो ❋ यौटा छ बाहू भनूँ ॥
सौ-कोटी रवि झैं छ कान्ति जसको ❋ अग्ली अनी पातली ।
तिन्का नाम पनी सुनी रहु सखे ! ❋ चित्तै विषे भक्ति ली ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(६४)

काली श्रीशिवदूतिजी अनि शिवा ❋ चण्डी र धूमावती ।
सीता फेर् तरणी र शम्भु-गृहिणी ❋ तारा गिरा पार्वती ॥
छिन्ना फेर् त्रिपुरा र देवि बगला ❋ मातङ्गि राजेश्वरी ।
दुर्गाजी अनि अम्बिका र सति फेर् ❋ आर्या जया ईश्वरी ॥

(६५)

यिन्का नाम असंख्य छन् बुझ तिमी ❋ जस्ले पुकारा गऱ्यो ।
इच्छा सिद्धि हुनेछ फेरि उसमा ❋ पर्ने विपत्ती टऱ्यो ॥
भक्तीले गरी सम्झना हृदयमा ❋ तिम्ले पनी यस् घरी ।
लौ ध्यानै गरि ल्यौ तिनी सदय भै ❋ हुन्छिन् खुशी झट् गरी ॥

(६६)

यो आज्ञा हरिको सुनेर खुशी भै ❋ श्रीपार्थले चित्तमा ।
लागे गर्न स्तुती सुनेर दुइटै ❋ आँखाहरू भक्तिमा ॥
त्यै बेला हयलाइ दारुकजिले ❋ खीची लगाम् बेसरी ।
तान्दामा रथ थामियो पथ विषे ❋ घोडा रुके त्यै घरी ॥

(६७)

यस्तै औसरमा त्यहीं गगनमा ❋ उत्पन्न ज्वाला भई ।
लागे है स्तुति गर्न झट् अघि सरी ❋ दिक्पाल आदी गई ॥
भै गो व्योम-गिरा उसै समयमा ❋ चर्को स्वरैले गरी ।
के माग्छौ वर-दान पार्थ ! अहिले ❋ मागेर ल्यौ यस् घरी ॥

(६८)

त्यो वाणी सुनि व्योमको हृदयमा ❋ हर्षादि मान्दै अती ।
खोली नेत्र गरी प्रणाम तिनले ❋ बिन्ती गरे पार्वती ॥
बैरीलाइ जितूँ र धर्मसुतको ❋ कल्याण होस् खुब् गरी ।
दीनोस् यै वर हे भवानी ! खुशि भै ❋ बिन्ती छ पाऊ परी ॥

(६९)

खुशी भै कन 'एवमस्तु' कहँदै ❋ माया बिलाइन् जसै ।
हाँके दारुकले ति अश्व कन ता ❋ दौड्यो रथै पो तसै ॥
हींडे सात्यकि कृष्णका रथ पछी ❋ सेना लिई साथमा ।
त्यो सेना पुगि गो नजीक अनि ता ❋ त्यै पाण्डवी फौजमा ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(७०)
दूवै सैन्य मिल्यो विराट-पुरिमा ❋ देख्दा समुद्रै सरी ।
झण्डा घेर थिए नृपादिहरुका ❋ उड्थे अनेकौं थरी ॥
यो राजा छ यहाँ भनेर चिनिने ❋ झण्डै हुनाले गरी ।
नाहीं ता छ कता कउन् कुन कता ❋ को जान्दथ्यो झट् गरी ॥

(७१)
ल्याए दारुकले उडाइ रथ त्यो ❋ जल्दी महल्मा जसै ।
भित्र्याए हरिको सवारि सबले ❋ भित्री महल्मा तसै ॥
भेट् भो कृष्णजिको युधिष्ठिर सितै ❋ ती भूपतीले अनी ।
ढोगे श्री हरिलाइ पृथ्वि-तलमा ❋ राखेर माथा पनी ॥

कौरवका दूत सञ्जय आउनु

(१)
साथै ली हरिलाइ मत्स्यपुरिमा ❋ पूगे किरीटी भनी ।
पाई एहि खबर् ति कौरवहरू ❋ साह्रै चतूरा बनी ॥
फुट् पार्नू अब पर्छ पार्थ-हरिको ❋ भन्ने विचारै गरे ।
राजा श्री धृतराष्ट्र सीत मत ली ❋ पक्का इरादा धरे ॥

(२)
डाकी सञ्जयलाइ अन्ध - नृपले ❋ आज्ञा सुनाए तहाँ ।
जाऊ सञ्जय ! लौ तुरुन्त अहिले ❋ त्यै मत्स्यका देशमा ॥
भेट्नू कृष्णजिलाइ पार्थ नहुँदा ❋ एकान्त ठाऊँ महाँ ।
भन्नू पार्थ त शत्रु हुन् हजुरका ❋ ती मित्र हुन्थे कहाँ ॥

(३)
जस्ले बैह्नि हरेर इज्जत लियो ❋ त्यो मित्र हुन्थ्यो कहाँ ।
त्यस्तालाइ त मित्र ठान्नु बढिया ❋ हूँदैन संसारमा ॥
हाम्रो राज्य सबै जिते यदि भने ❋ झन् ती बलीया भई ।
मन्लागी गरि इज्जतै लिइदिनन् ❋ भूपादिको झट् गई ॥

(४)
साह्रै मतलबि छन् ति पाण्डवहरू ❋ तिन्का त वाक्-जालमा ।
पर्नू योग्य त छैन है हजुरले ❋ त्यागी दिनोस् हालमा ॥
ठान्छन् मित्र हजुरलाइ जति छन् ❋ ती कौरवादीहरू ।
ज्येठाकै हक पुग्छ राज्य हकमा ❋ भन्ने कुरा के गरुँ ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(५)

औँठ्छन् खोस्न ति राज्यलाइ कुरूको ❋ आफ्ना बलैले गरी ।
अन्यायी तिनि हुन् तिनै कन छिटै ❋ त्याग्नू निको हो हरी ॥
मान्दैछौं प्रभुलाइ हामिहरुले ❋ हुन् मान्य हाम्रा भनी ।
हामी तीर मिली दिए हजुरले ❋ जित्छौं बलीया बनी ॥

(६)

यस्तै रीति गरेर बुद्धि सितले ❋ कूरा बनाई लिनू ।
कृष्णैलाइ सुनाइ फूट तिनको ❋ तिन् सीत पारी दिनू ॥
एती कर्म गरी युधिष्ठिरजिका ❋ जानू अगाडी महाँ ।
मेरो आशिष पो सुनाइ अनि फेर् ❋ सन्देश भन्नू तहाँ ॥

(७)

फिर्ता राज्य दिनू युधिष्ठिरजिको ❋ योग्यै छ भन्दा यहाँ ।
मान्दैनन् सब कौरवादिहरुले ❋ के गर्नु मैले यहाँ ॥
ठान्छू राज्य मिलेन पो यदि भने ❋ तीमीहरू छौ जती ।
सेना ली कन लड्दछौ समरमा ❋ नाश् हुन्छ यस्ले अती ॥

(८)

मर्नेछन् रणमा दुवै तरफका ❋ प्राणीहरू व्यर्थमा ।
वीरादी जन घेर कौरव तरफ् ❋ देख्छू म ठूला यहाँ ॥
तिन्लाई जितिसक्नु छैन तिमिले ❋ कस्तै लडाई गरी ।
जीतेमा पनि हून जान्छ पछुतो ❋ वंशादि जाँदा मरी ॥

(९)

यस् निम्ती तिमिहरुले समरमा ❋ ठिक् छैन लड्नू गई ।
आफन्तै जति पो मरे यदि भने ❋ के गर्नु राजा भई ॥
यस्ता बात सिकाइ जा भनि बिदा ❋ तिन्ले दिएथे जसै ।
हीँडे सञ्जय मत्स्यका मुलुकको ❋ बाटो समाती तसै ॥

(१०)

पुगे सञ्जयजी विराट पुरिमा ❋ खोजेर तिन्ले अनी ।
देखे कृष्णजिको हवेलि जुन हो ❋ अत्यन्त राम्रो पनी ॥
ढोकामा रथ थामि मित्र ति गए ❋ खोपी जहाँ हो तहीं ।
द्वारै बाट विचित्र दृश्य तितिले ❋ देखे अचम्मै भई ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(११)

त्याहीं अर्जुन श्रीहरी दुइ जना ❋ सुन्का पलङ्मा सुती ।
मिच्थिन् द्रौपदि पाउ श्रीप्रभुजिको ❋ सोही पलङ्मा बसी ॥
देखी सञ्जयलाई द्रौपदिजिले ❋ हाँसेर आऊ भनी ।
डाकिन् गै तिनिले प्रणाम त गरे ❋ रानीजिलाई अनी ॥

(१२)

बोलिन् द्रौपदिले धरी चरणमा ❋ माथा तिमीले यहाँ ।
देऊ सञ्जय ढोग श्रीहरि कनै ❋ हुनुन्छ निद्रा महाँ ॥
पाऊमा शिर राखदा अलिकती ❋ भारी परे झैं भयो ।
जाग्नू भो प्रभुजी ति अर्जुनजिको ❋ निद्रा पनी भङ्ग भो ॥

(१३)

दूवै शीघ्र उठी बसे पलँगमा ❋ श्रीकृष्णको त्यै घरी ।
देख्दा नेत्र ति सञ्जये कन ठुलो ❋ डर् लाग्न गो झट् गरी ॥
हेरी सञ्जयलाइ शीघ्र हरिले ❋ आज्ञा गरे सञ्जय ।
तीमीले किन त्यो सुयोधन कनै ❋ सम्झाउँदैनौ भन ॥

(१४)

आँट्यो मर्न कुलै समेत अब ता ❋ दुर्योधनै युद्धमा ।
हिस्सा कीन दिंदैन धर्मसुतको ❋ शेखी लिंदै चित्तमा ॥
उस्का मित्र समस्तका र उसको ❋ काटी शिरै चक्रले ।
दीनेछू म त अंश धर्मसुतको ❋ आफ्नै त सामर्थ्यले ॥

(१५)

पापी कर्ण भयो सुयोधन कनै ❋ सल्लाह दीने पनी ।
पापीकै भर मान्छ त्यो कुरुपती ❋ हो कर्ण वीरै भनी ॥
पार्थैलाइ त जित्न सक्छ कहिले ❋ त्यस् पापिले युद्धमा ।
एउटै शर लागि अर्जुनजिको ❋ त्यै नीच मर्ला तहाँ ॥

(१६)

पार्थैले मनमा दया हुन गई ❋ त्यो दुष्टलाई पनी ।
हो आफन्त भनेर मार्न नसके ❋ त्यस्को म कालै बनी ॥
आफैं गै कन मार्दछू सहजमा ❋ हानेर चक्रै पनी ।
सुन्दा सञ्जयले कुरा प्रभुजिको ❋ साह्रै डराए अनी ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(१७)

त्यै बेला उठि पार्थले करहरू ❋ जोरी अगाडी परी।
बोले यिन् कन ता प्रभो ! अभयको ❋ दानै मिलोस् यस् घरी॥
मानी अर्जुनका कुरा प्रभुजिले ❋ ती सञ्जयैलाइ ता।
आफ्नै सेवक जानि प्रीतिवश भै ❋ बस्ने हुकुम् भो तहाँ॥

(१८)

चौकी तानि ति सञ्जयै जब बसे ❋ श्रीकृष्णजीले अनी।
सोध्नू भो धृतराष्ट्रका कुशलको ❋ कस्ता तिनी छन् भनी॥
बिन्ती संजयले गरे यदुपते ! ❋ सन्चै ति छन् राज्यमा।
त्यै दुर्योधनकै कुरा सुनि लिने ❋ बानी छ तिन्को तहाँ॥

(१९)

गान्धारी अनि भक्त ती विदुरजी ❋ सन्चै त छन् की ? भनी।
सोधे अर्जुनले र संजयजिले ❋ बोले छ संचै भनी॥
जानैलाइ हरी युधिष्ठिर कहाँ ❋ उठ्नू भयो फेर् अनी।
साथै अर्जुन संजयै पनि उठे ❋ जाऊँ उतै लौ भनी॥

(२०)

पूगे धर्म - सभा विषे तिन जना ❋ हीँडेर ता जुन् घरी।
ढोगे श्रीहरिलाइ धर्म - सुतले ❋ ऊठेर पाऊ परी॥
दाज्यूका पनि पाउमा शिर धरे ❋ श्रीपार्थले झट् अनी।
ढोगे संजयले युधिष्ठिर कनै ❋ न्यूहेर नम्रै बनी॥

(२१)

सोचे संजयले मलाइ नृपले ❋ जो-जो सिकाए तहाँ।
भन्नू योग्य त छैन सोहि मइँले ❋ यिन्का सभामा यहाँ॥
एती सोचि लिएर संजयजिले ❋ बिन्ती गरे त्यै घरी।
दूतै हूँ नृपते ! म अन्ध-नृपको ❋ भन्छू कुरा यस् घरी॥

(२२)

भागै हो जति देउ धर्म - सुतको ❋ नीती बमोजिम् गरी।
भन्दामा मइँले सुयोधन कुरा ❋ मान्दैन जिद्दी गरी॥
दीँदै - दिन्न म भन्छ के गरुँ म ता ❋ वृद्धै हुनाले गरी।
शक्ती बर्कत छैन अन्ध पनि छू ❋ के पुग्छ मैले गरी॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(२३)

जैह्ले देखि गयौ उठेर बनमा ❋ प्यारा भतीजाहरू ।
तैह्ले देखि मलाइ भोक निंद क्यै ❋ लाग्दैन के बात् गरूँ ॥
तिम्रै फिक्रि गरेर रात-दिनमा ❋ कल्पी रहन्थे यहाँ ।
गर्थें गालि म पुत्रलाइ बहुतै ❋ त्यस्कै अगाडी महाँ ॥

(२४)

थाकें अर्ति दिई सुयोधन कुरा ❋ मेरो नमान्ने भयो ।
कर्णेको छ कुसंगती शकुनिको ❋ पुट् पाइ मात्ती गयो ॥
आँटेको छु मसक्क हुन्छ जसरी ❋ मैले हुने गर्दछू ।
पूज्यैं हूँ उसको सुयोधन सितै ❋ साह्रै म के डर्दछू ॥

(२५)

गान्धारी पनि भन्दथिन् भनि दिनू ❋ आशीष मेरो भनी ।
निर्दोषी तिमि छौ युधिष्ठिर ! सुन्यौ ❋ साँचो कहन्छू पनी ॥
गर्नू हुन्छ दया मुरारि बहुतै ❋ तिम्लाइ नाश्ने यहाँ ।
जन्मेकै पनि कोहि छैन बुझि ल्यौ ❋ यो विश्व - संसारमा ॥

(२६)

राजन् ! हिंड्न यतातिरै जब म ता ❋ उठ्दो भएँ त्यस् घरी ।
डाकी फेरि नजीकमा धृतजिले ❋ भन्दा भए एसरी ॥
भन्नू धर्म - कुमारलाइ तिमिले ❋ तिम्रा ति ज्येठा बुबा ।
सोच्छन् पाण्डवहेरुको हित हुने ❋ राम्रो सदा नै कुरा ॥

(२७)

त्यो दुर्योधन राज्य देश सब हो ❋ आफ्ना हकैको भनी ।
फिर्ता गर्न तयार छैन कहिल्यै ❋ कस्तै परोस् ता पनी ॥
लड्छन् पाण्डव ता भने समरमा ❋ गै युद्ध गर्छूं भनी ।
आँटेको छ कदापि मेल गर्नै ❋ मान्दैन दाज्यू भनी ॥

(२८)

आफ्नू भाग नपाउँदा तिमिहरू ❋ आएर मैदानमा ।
हूँदा खेरि खडा यि कौरव सबै ❋ सर्नन् अगाडी महाँ ॥
भीष्मै कर्ण र द्रोण वीरहरुले ❋ साम्ने अगाडी सरी ।
गर्दा युद्ध अनेक सैन्य मरनन् ❋ को टिक्छ साम्ने परी ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(२९)

धर्मात्मा गुणि ज्ञानि भै कन पनी ❋ युद्धै विषे मन्न् दिई ।
सारा वंश विनाश गर्नु बढिया ❋ हूँदैन राम्रो कहीं ॥
श्रीदुर्योधन श्रीयुधिष्ठिर दुवै ❋ छन् आज आगो सरी ।
योटा पानि न भै विनाश कुलको ❋ रोकिन्छ कस्तो गरी ॥

(३०)

जो संदेश दिनू थियो दिइसकें ❋ मैले हजूरै महाँ ।
जो आज्ञा दिनु हुन्छ अन्धनृपती- ❋ लाई म भन्छू तहाँ ॥
एती बात गरेर संजय तिनै ❋ चूपै भएथे जसै ।
लागे धर्म-कुमार भन्न ति कनै ❋ यस्ता तवर्ले तसै ॥

(३१)

तिम्ले संजय ! ज्येष्ठपितृ सित गै ❋ भन्नू अगाडी महाँ ।
त्यो दुर्योधनको हकै कसरि मो ❋ सम्पूर्ण राज्यै महाँ ॥
नीतीले भनुँ ता भने हक त हो ❋ श्री भीष्मजीको सही ।
नीचै सीत मिली नबोलि किन ती ❋ बस्छन् त मौनै भई ॥

(३२)

दीनू भाग पर्‍यो भनेर नृपले ❋ अत्यन्त लोभी बनी ।
त्यै दुर्योधन पुत्र नीच कन ता ❋ च्यापेर काखी मनी ॥
हौस्याई उसलाइ हामि कन फेर् ❋ जाल्का कुराले गरी ।
भूलाऊँन ति आँट्दछन् सब बुझ्यौं ❋ अंसारले नै गरी ॥

(३३)

त्याग्छन् धर्म तिनी अधर्म गर्दै ❋ भन्छन् नलड्नू भनी ।
द्रोणै भीष्म 'र कर्णको किन यहाँ ❋ देखाउँछन् डर् पनी ॥
अन्यायै सहँदैन क्षत्रि कहिल्यै ❋ हामी त क्षत्री भई ।
अन्यायै कसरी सहेर रहुँला ❋ लाछी समानै भई ॥

(३४)

हाम्रो हक् कन मार्नलाई उ भने ❋ लड्नै तयारी हुनू ।
मर्नेछन् कुलका सबै जन भनी ❋ हामी नलड्ने बनूँ ॥
कस्तो बात सिकाउँछन् नरपती ❋ अर्ती दिँदै हामिमा ।
यस्मा जो हरि भन्नु हुन्छ उ कुरा ❋ होला सदर् पो यहाँ ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(३५)

यस्ता बात सुनेर धर्म-सुतका ❋ श्रीकृष्णले त्यै घरी ।
आज्ञा भो दुइ पक्षको हित हुने ❋ मेलै छ पो यस् घरी ॥
मान्दैनन् ति सुयोधनै गरनमा ❋ सन्धी भनेको यहाँ ।
आँट्छन् हक् अरुको पचाउन भनी ❋ युद्धादि गर्नै महाँ ॥

(३६)

जो - जो कष्ट दिए अधर्म गरदै ❋ दुर्योधनैले अघी ।
आगो लाउनु खाद्यमा विष दिनू ❋ यस्ता कुकर्मै कती ॥
चुल्ठो द्रौपदिको समाति करले ❋ तान्दै सभा बीचमा ।
खैंची ल्याउनु यी कुरा कसरि है ❋ बिर्सन्छ कस्ले यहाँ ॥

(३७)

पापी हुन् अनि आततायि पनि हुन् ❋ धर्मी कहाँ हुन् तिनी ।
लड्छन् पाण्डवले गएर रणमा ❋ मार्छन् ति शत्रू बिनी ॥
मान्दैनन् भय यी कुनै पुरुषको ❋ कोही हवस् ता पनी ।
लिन्छन् यी बदला अवश्य अघिको ❋ के हुन्छ धेरै भनी ॥

(३८)

एती बात गरेर ताहिं हरिले ❋ तिन्लाइ फेरी पनी ।
आज्ञा भो सुन भन्नु अन्ध - नृपमा ❋ मैले भनेको भनी ॥
चित्तैमा भय क्यै नमान्नु तिमिले ❋ मैले भनेका कुरा ।
आफ्ना भूपतिलाइ गै भनि दिनू ❋ तिम्ले नबिर्सी पुरा ॥

(३९)

देऊ राज्य तुरुन्त धर्म-सुतको ❋ शेखी जती हो त्यजी ।
मेटी देउ अवश्य यै कलहको ❋ बीजादि हे भूपती ॥
मेरो वाक्य गऱ्यौ अनादर भने ❋ तिम्रो कुलै साफ् गरी ।
तिम्रा ती परिवारलाइ रणमा ❋ मार्छू अगाडी सरी ॥

(४०)

मेरो अर्ति अवश्य मान यिनको ❋ जो अंश हो सो पनी ।
झट्टै देउ बुझाइ हुन्छ अनि फेर् ❋ तिम्रो भलाई अनी ॥
तिम्रा ती परिवार बाँचि रहनन् ❋ आज्ञा भयो यो जसै ।
यै बिन्ती म चढाउँला भनि भने ❋ ती संजयेले तसै ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(४१)

भन्छन् संजय सीत भीम रिसले ❋ कालाग्नि जस्ता बनी ।
अन्धोलाइ गएर यै भनि दिए ❋ श्रीभीम भन्थे भनी ॥
हाम्रो अंश तुरुन्त देउ नहिं ता ❋ आफैं म आई तहाँ ।
हान्दै थप्पडले सुयोधन कनै ❋ मार्छू सभा बीचमा ॥

(४२)

त्यो दुश्शासनका भुजाहरु दुवै ❋ तान्दै चुँडाली लिई ।
कुक्कुर्लाइ म दिन्छु खान सहजै ❋ फाली सडक्मा दिई ॥
आए लड्न भने गई समरमा ❋ छन् कौरवादी जती ।
खोजी-खोजि म मार्दैला सहजमा ❋ भागेर जानन् कती ॥

(४३)

निर्बीजे गरि कौरवादिहरुको ❋ लीनेछु राज्यै पनी ।
तस्मात् अंश बुझाइ देउ तिमिले ❋ सोझो र सामू बनी ॥
बोले पार्थ उठेर त्यै समयमा ❋ श्री भीमकै बातमा ।
राजी छू म गएर मार्छु सहजै ❋ ती कौरवादी तहाँ ॥

(४४)

तिम्रा हे धृतराष्ट्र ! बन्धु सुत ती ❋ ऐहे जती छन् तहाँ ।
मार्छन् अर्जुनले उनेर शरले ❋ बाँचेर जान्छन् कहाँ ॥
आफ्नू श्रेय हुने कुरा गर तिमी ❋ त्यागी सबै मूर्खता ।
पर्ला अर्जुन सीत युद्ध जब ता ❋ हूनन् सबै बेपता ॥

(४५)

एती बात भनेर दी कन बिदा ❋ जाऊ भने त्यै घरी ।
हातै जोरि उठेर संजय गए ❋ निस्केर चाँडै गरी ॥
चाँडै नै रथमा चढेर ति हिंडे ❋ फेर् हस्तिनापूरमा ।
अन्धा भूपतिकै अगाडि ति पुगे ❋ थीए ति राजा जहाँ ॥

(४६)

थीए ती धृतराष्ट्र खोपि-गृहमा ❋ त्याहीं पुगे ती जसै ।
आए सञ्जय लौ भनेर अरुले ❋ बिन्ती चढाए तसै ॥
सोधे सञ्जयलाइ ती नृपतिले ❋ गै मत्स्यका देशमा ।
के देख्यौ भन लौ बुझाइ तिमिले ❋ मेरा अगाडी महाँ ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(४७)

के भन्थे मन झट्ट धर्मसुतले ❋ आफ्ना सभामा रही।
यस्तो सोधनि भो र सञ्जय पनी ❋ भन्छन् नजीकै गई॥
देखें सैन्य गजादि अश्व रथ घेर् ❋ पाएर ऐह्ले तहाँ।
पैलेका ति युधिष्ठिरै बदलिए ❋ तिन् झैं छ अर्को कहाँ॥

(४८)

चालीसै त हजार भूपतिहरू ❋ तिन्का वशैमा भई।
छोई सक्नु नभै ति धर्मसुत ता ❋ बस्छन् मजामा रही॥
अक्षौहीणि त सात गिन्ति पुगि गो ❋ सेनादि तिन्को तहाँ।
तिन्को दौलत द्रव्य देखि धनदै ❋ लाज् मान्दछन् चित्तमा॥

(४९)

इन्द्रै तुल्य भए युधिष्ठिरजि ता ❋ पाई प्रभूता अती।
तिन्को वर्णन गर्न मुश्किल भयो ❋ कस्को छ तागत् त्यती॥
सेतो हात्ति छ दन्त चार जसको ❋ श्रीकृष्णजीले गई।
दीनू भो नृपती युधिष्ठिर कनै ❋ अत्यन्त खूशी भई।

(५०)

त्यै हात्ती चढि हिंड्दछन् ति त सधैं ❋ ऊँचो छ पाहाड् सरी।
पाऊँछन् ति सुयोधनै गज कुनै ❋ त्यस्तै कहाँ यस् घरी॥
वायूपङ्क्ति तुरङ्ग एक दिइयो ❋ गन्धर्वले जुन् अघी।
त्यै घोडा चढि हिंडछन् नकुलजी ❋ आनन्द मानी अती॥

(५१)

घोडा लालमणी समान छ जउन् ❋ त्यस्मा सहैदेवले।
गर्छन् आफ्नु सवारि इन्द्र सरि भै ❋ दौडाइ आनन्दले॥
त्यस्तो अश्व त छैन है हजुरको ❋ खोज्दा तबेला महाँ।
भाग्यैमानि छ जो उही पृथिविमा ❋ पाऊँछ रत्नै यहाँ॥

(५२)

भीमै सीत छ अश्व एक भनुँ के ❋ जो हिंड्छ वायू सरी।
रात्रोमा पनि हद्दको छ नृपते! ❋ को सक्छ तारिफ् गरी॥
त्यस्को रंग सुधा सरी छ बहुतै ❋ आश्चर्य मान्छू म ता।
पाऊँथे ति सुयोधनै उहि सरी ❋ खोजेर घोडा कता॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(५३)

सेतो अर्जुनको छ अश्व नृपते ! ❋ उच्चैश्रवा झैं छ सो ।
जस्को ता शिरमा छ कल्कि मुकुटै ❋ देवेन्द्रले दीनु भो ॥
जोडा कुण्डल माँगि श्री अदितिका ❋ श्री इन्द्रजीले लगे ।
कानैमा पहिराउँदा किरिटिका ❋ मर्दै नमर्ने भए ॥

(५४)

ठोक्रो अक्षय दीनु भो वरुणले ❋ सो पार्थजीले लिए ।
अग्नीले पनि गाण्डिवै धनु झिकी ❋ श्रीपार्थलाई दिए ॥
शंखै श्रीभगवानले दिनु भयो ❋ सो देवदत्तै भनी ।
जस्को शब्द छ तीन लोक बिचमा ❋ पुग्ने त चर्को बनी ॥

(५५)

राजा श्रीवृषपर्वको शुभ गदा ❋ ठूलो छ राम्रो बनी ।
खूशी भै कन कृष्णले दिनु भयो ❋ श्रीभीमलाई पनी ॥
जो तर्वार् छ पहाडमा परि गए ❋ मूला समाने गरी ।
काटी दिन्छ दिनू भयो नकुलमा ❋ माया हरीले गरी ॥

(५६)

मित्रै छन् हनुमान अर्जुनजिका ❋ जस्ले त लङ्का गई ।
पोले त्यै पुरिलाइ राक्षसहरू ❋ मारेर रिस्मा भई ॥
जीती सक्नु त छैन पार्थ कन ता ❋ मैदानमा यस् घरी ।
छन् जस्का हनुमानजी सँग महाँ ❋ को जित्छ युद्धै गरी ॥

(५७)

राजन् ! चित्त समालि पाण्डवजिको ❋ संदेश सुन्नू हवस् ।
भन्थे पाण्डवले विलम्ब नगरी ❋ हाम्रो त अंशै मिलोस् ॥
हाम्रो राज्य न दी पचाउँछु भनी ❋ इच्छा ति गर्छन् भने ।
चाँडै नै अब युद्ध पर्छ तिमिले ❋ ये बात हाम्रो भने ॥

(५८)

कृष्णैले पनि ये कुरा गरनु भो ❋ अंशै त देऊ यहाँ ।
दीदैनौ त लडाइँ गर्न तिमिले ❋ आऊ अगाडी महाँ ॥
लिन्छू हात महाँ सुदर्शन जउन् ❋ मेरो त चक्रै पनी ।
सारा कौरवलाइ गर्दछु कतल् ❋ हुन् दुष्ट पापी भनी ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(५९)

राजन् ! मेल ठुलो रहेछ दुइको ❋ देखें यिनै नेत्रले ।
श्रीकृष्णार्जुन देह ता दुइ भए ❋ आत्मा त यौटै अरे ॥
दूवै मित्र हरी र कृष्ण सँगमा ❋ सुत्थे पलङ्मा परी ।
दाब्थिन् पाउ ति द्रौपदी प्रभुजिका ❋ आफ्ना त काख्मा धरी ॥

(६०)

यस्तो दृश्य त देखि छक्क म परें ❋ मेरो त अक्कल् पनी ।
गुम् भो त्यै घरिमा अहो गजबको ❋ देखेर मैले पनी ॥
तिन्को हुन्न विरोध आपस महाँ ❋ यस् जन्ममा क्यै गरी ।
मैले भिन्न गराउनै नसकने ❋ देखें विचारै गरी ॥

(६१)

जो साँचो खबरै थियो भनि दिएँ ❋ मैले हजूरै महाँ ।
जस्तो गर्नु छ कार्य ता उचितको ❋ गर्नोस् नरेन्द्रै यहाँ ॥
कूरा सञ्जयका सुनेर बहुतै ❋ पोल्यो र छाती महाँ ।
भन्छन् ती धृतराष्ट्र के गरुँ म ता ❋ मान्दैन पापी यहाँ ॥

(६२)

माताको र पिताजिको पनि कुरा ❋ अर्ती नमान्ने भई ।
हाम्रो ता अपमान पो गरि लियो ❋ दुर्योधनैले यहीं ॥
निर्धो भै कन बृद्ध छू गरुँ कसो ❋ उस् माथि अन्धो पनी ।
यस्तो बात सुनेर सञ्जय तहीं ❋ हाँसेर भन्छन् अनी ॥

(६३)

थाहा कत्ति थिएन जो हुन गयो ❋ जूवा अगाडी तबैं ।
लाहाको घर त्यो खडा पनि भयो ❋ हूकुम् हजुर्को नभै ॥
त्यागी लालच अंश बक्सनु हवस् ❋ धर्मात्मि जस्ता बनी ।
साथैमा रहि जान्दछू हजुरको ❋ बानी र पानी पनी ॥

(६४)

एती कार्य गरे त कीर्ति भवमा ❋ चल्ला हजुर्को अती ।
आफैं ज्ञानी हुनुन्छ विज्ञ अरु के ❋ मैले भनूँ भूपती ॥
एती बिन्ति चढाइ सञ्जय गए ❋ उठेर डेरा महाँ ।
उठी अन्ध नरेन्द्र त्यै घरि पुगे ❋ हिंड्दै सभा बीचमा ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(६५)

आफ्ना आसनमा अरू नृप बसे ❀ सोही सभामा गई।
लागे भन्न बुढा तिनै नरपती ❀ अत्यन्त दुःखी भई॥
यो दुर्योधनले परेर अरुको ❀ सल्लाहमा यस् घरी।
सन्धी गर्न तयार् भएन यसले ❀ नाश् हुन्छ पक्का गरी॥

(६६)

द्रोही भो कुलको सुयोधन निकै ❀ हूने लडाइँ महाँ।
बाँच्ने कोहि अवश्य छैन फरकी ❀ त्यै युद्ध देखी यहाँ॥
यस्तै बात भविष्यको हृदयमा ❀ सोचेर मेरो पनी।
लाग्यो पोल्न मुटु कसोरि सहुँ लौ! ❀ क्यै औषधी छैन नी॥

(६७)

जाऊ संजय लौ उठेर तिमिले ❀ भाई ति मेरा पनी।
ऐह्ले छन् घरमा विदूर ति कनै ❀ ल्याऊ हुकुम् भो भनी॥
यो आज्ञा सुनि झट्ट संजय गए ❀ थीए विदुरजी जहाँ।
खोज्दै छन् धृतराष्ट्रले भनिदिंदा ❀ आए ति दरबारमा॥

श्रीविदुरले बताएको नीति

(१)

आई बसे विदुरजी नृपका अगाडी।
सत्रंजिमा दुइ घुँडा कन आफ्नु मारी॥
भन्छन् हुकुम् किन भयो अहिले मलाई।
आज्ञा हवस् नृप! समस्त कुरा बताई॥

(२)

भन्छन् ति अन्ध-नृपती यति सूनि ताहाँ।
भाई! ति पाण्डु-सुतको समचार याहाँ॥
दीए बताइ जब संजयले मलाई।
निद्रा रती म कन छैन गयो बिलाई॥

(३)

एती भनेर अनि संजयले भनेका।
सारा कुरा नृपति बाट सुनी लिएका॥
भन्छन् तिनै विदुरले मनले विचारी।
राजन्! गरे भुल सुयोधनले त भारी॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(४)

मान्नु थियो जनकले जति हो भनेको ।
त्यै कार्य गर्नु त थियो हुकुमै भएको ॥
शेखी धरेर मनमा अति लोभ गर्दै ।
हक् मार्न खोज्नु अरुको हुन जान्छ व्यर्थै ॥

(५)

प्यारो गरी कन सुधा झिकि खान दींदा ।
त्यागेर सोहि विष खानु सरी ननीका ॥
कामै भएछ ति सुयोधन बाट याहाँ ।
जो हो भविष्य उहि हुन्छ उ टर्छ काहाँ ॥

(६)

छन् सन्तती हजुरका जति सर्वलाई ।
एही सुयोधन मराउँछ लड्न जाई ॥
कस्तो भएछ हठशील कु-पुत्र यस्तो ।
साह्रै अभागि यहि हो अरु हुन्छ कस्तो ॥

(७)

काठै बाट त अग्नि निस्कि जसरी ❀ खाक् गर्छ काठैहरू ।
उस्तै यो सुत ता सुयोधन पनी ❀ जन्म्यो विनाश्ने अरू ॥
जन्मे सौ सुत लोकमा नरपते ! ❀ गान्धारि देखिन् अनी ।
राखेकी तिर भो युयुत्सु भनिने ❀ पुत्रै त यौटा पनी ॥

(८)

त्यै दुर्योधन जन्मदा प्रथम ता ❀ बोल्यो गधाकै सरी ।
श्यालै कुक्कुरले त रोदन गरे ❀ बिर्सिन्न सो क्यै गरी ॥
विद्वान्‌ले यहि बिन्ति पो हजुरमा ❀ गर्दा भएथे तहाँ ।
राजन् ! यस्कन गाडिदीनु बढिया ❀ खाडल् खनी पृथ्विमा ॥

(९)

लाग्यो स्नेह हजूरलाइ सुतको ❀ गान्धारिलाई पनी ।
दूवैले निच मारि मौन त रह्यौ ❀ तिन्को न केही सुनी ॥
राजन् ! यो कुल-नष्टकारि सुत हो ❀ साँचै म भन्छू यहाँ ।
ब्रह्माले यसलाइ जन्म दिनु भो ❀ यै निम्ति संसारमा ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(१०)

नीको बात नमानि हे नरपते ! ❋ गर्छौं चलाखी अती ।
राजन् ! हौ तिमि पातकी जनमका ❋ बिग्रेछ तिम्रो मती ॥
जो तिम्रा मनमा छ हे नरपते ! ❋ यै दासले जान्दछ ।
तिम्रा साथ बसेर जन्म बिति गो ❋ मै देखि के छिप्दछ ॥

(११)

तिम्रो श्रेय विचारदै निमकको ❋ सोझो चिताई यहाँ ।
बोलेको हुँ कडै कुरा नरपते ! ❋ रिस् क्यै नल्यौ चित्तमा ॥
भन्दैछु म त धर्म त्याग नगरी ❋ हे भूपते ! यै घरी ।
अंशै देउ ति पाण्डवादिहरुको ❋ इन्साफ राम्रो गरी ॥

(१२)

यस्तो वाक्य सुनेर ती विदुरको ❋ ती अन्धराजा अनी ।
भन्छन् भाइ ! मलाइ फिक्रि बढि गै ❋ लाग्दैन निद्रा पनी ॥
मेरा पुत्र र पाण्डु-पुत्रहरुको ❋ ऐले विरोधै भयो ।
मैले हे गुणशालि ! गर्नु अब के ? ❋ मेरो अकल् गै गयो ॥

(१३)

जस्ता रित् सँग त्यै विरोध दुइको ❋ मेटिन्छ राम्रो गरी ।
तिम्ले उत्तर देउ अर्ति सरिको ❋ सोची विचारे गरी ॥
भन्छन् झट्ट अनी तहीं बिदुरले ❋ नम्रै बहूते बनी ।
राजन् ! पाण्डवको अनीति यसमा ❋ देखिन्न केही पनी ॥

(१४)

तिन्ले आफ्नु गरेर पौरुष जउन् ❋ पृथ्वी जितेथे जती ।
त्यै दुर्योधनले दिंदैन उ पनी ❋ लोभै बढेको कती ॥
अर्काको धनमा र फेरि हकको ❋ अंशै विषे लालची ।
हूनू ता अति तुच्छ पो करम हो ❋ त्याग्नू निको भूपति ॥

(१५)

जो ऐहे कलहै उठ्यो उ कसरी ❋ मेटिन्छ यस्तो गरी ।
पापैको पनि शूल लोभ सबले ❋ भन्छन् विचारे गरी ॥
जानी जानि यसोरि पाप कसले ❋ गर्छन् ? म सोध्छू यहाँ ।
जानी गर्दछ पाप पो यदि भने ❋ पुग्ला नतीजा महाँ ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(१६)

पुर्खाको बरु अंश केहि नदिई ❋ तिन्ले जितेका सबै ।
सुम्पी दीनु छ योग्य पृथ्वि जति हो ❋ मेटिन्छ टण्टा तबै ॥
हक् मार्ने तिमि खोज्दछौ यदि भने ❋ ती पाण्डवादी पनी ।
बस्दैनन् चुप लागि हीन बलका ❋ नामर्द साह्रै बनी ॥

(१७)

मान्दैनन् जब कालको डर पनी ❋ ती पाण्डवादी रती ।
तिम्रा पुत्रहरू कनै तिनिहरू ❋ ठान्छन् तृणैका जती ॥
जस्का छन् हरि नै सहायक भने ❋ ती भाग्यमानी यहाँ ।
हुन्छन् निर्भय कत्ति केहि भय ता ❋ हूँदैन छाती महाँ ॥

(१८)

सम्झाऊँनु हवस् सुयोधन कनै ❋ हे भूपती ! शीघ्र नै ।
जाला भारि कलंक हुन्छ हित फेर् ❋ टण्टा गई जल्दि नै ॥
हूने छैन विनाश आफ्नु कुलको ❋ कूरा हजुर्को पनी ।
सक्ला गर्न अनादरै कसरि त्यो ❋ दीनेछ अंशै अनी ॥

(१९)

आउन्नन् जब सम्म भीम रणमा ❋ लड्ना निमित्ते महाँ ।
ताहीं सम्म भलाइ देख्छु नृपते ! ❋ तिम्रो जगत् बीचमा ॥
भीमै छन् अति क्रूर कर्म गरने ❋ बानी छ बाङ्गो कती ।
छन् ती साहसयुक्त घेर बलवान् ❋ ज्यादै रिसाहा अती ॥

(२०)

पुत्रैको गरि स्नेह राज्य तिमिले ❋ दीयौ उ राजा भयो ।
तिम्रो के छ यहाँ सबै त उसको ❋ तिमूले दिंदा भै गयो ॥
बाबूको अब आर्ति मान्दछ कहाँ ❋ साथी ति नीचादि छन् ।
तिम्रो देखि दशा मनै जउन हो ❋ मेरो त रूँदै छ झन् ॥

(२१)

बोल्दा आँसु चुह्यो र झट् विदुरले ❋ पुछी लिए हातले ।
भन्छन् फेरि विधान हेर विधिको ❋ सम्झी सबै बातले ॥
मेरो लेखि दिए निधार बिचमा ❋ जस्तो विधीले अघी ।
सोही भो उहि मेटिएन कहिल्यै ❋ थाहै छ हे तीव्र धी ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(२२)

छोरो हूँ म विचित्रवीर्य नृपको ❀ जन्मै दिइन् दासिले ।
माता दासि भइन् दिए सब इल्मम् ❀ शिक्षा तिनै भीष्मले ॥
मेरा पाण्डव - कौरवैहरु सबै ❀ आफन्त हुन् दूइमा ।
मेरो प्रेम बराबरै छ बुझि त्यो ❀ कम्ती नभै कोहिमा ॥

(२३)

पापै लाग्दछ पक्ष ली यदि कुरा ❀ मैले गरूँ ता यहाँ ।
निष्पक्षै भइ बोल्नू यति पऱ्यो ❀ भूटो म भन्थें कहाँ ॥
त्यो दुर्योधन लोभमा परि गयो ❀ अंशै नदीने भई ।
खोज्छन् पाण्डव अंश लीन बलले ❀ मैदान माहाँ गई ॥

(२४)

कृष्णैको करुणा ठुलो छ तिनमा ❀ जित्छन् लडाँई तिनी ।
तिम्रो अर्ति कु-पुत्रले त्यजि दियो ❀ मर्ला अवश्य पनी ॥
त्यस्को साथ दिने सबै निधन भै ❀ जानन् रणैमा मरी ।
आँट्यो नष्ट हुनै समस्त कुल पो ❀ चिन्ता मलाई परी ॥

(२५)

तिमूलाई पछुतो हुनेछ पछि ता ❀ हा ! के भयो नी भनी ।
यै सोची कन खिन्न छू नरपते ! ❀ चिन्तातुरै पो बनी ॥
भन्छन् ती धृतराष्ट्रले सुत कनै ❀ भन्दै म थाकी गएँ ।
त्यो मान्दैन कसो गरूँ निद पनी ❀ लाग्दैन कस्तो भएँ ॥

(२६)

भन्दा भए विदुरले सुनि वाक्य-रीती ।
हे भूपते ! सुनि लिनोस् म कहन्छू नीती ॥
लाग्दैन नींद म कनै भनि जो कहीयो ।
ठान्छू कुरा यहि छ सत्य अनी सही हो ॥

(२७)

जस्ले त खूब बलियो कन रिस् उठायो ।
जस्ले परस्त्रि सित पो लगि दिल् जुटायो ॥
चोर्ने विचार मनमा त रहन्छ जस्को ।
भागेर जान्छ सहजै सँग नींद त्यस्को ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(२८)

अप्राप्य वस्तु कन पाउँ भनी जगत्मा ।
कंगालिले मन गरेर प्रयत्न त्यस्मा ॥
जो गर्छ त्यस् कन त शान्ति हुँदैन भन्छु ।
फिक्री बढेर रहला हरदम् कहन्छु ॥

(२९)

पैह्ले थियो धनि परन्तु बखत् परेर ।
भो निर्धनी जुन पुरुष् धन पो सकेर ॥
पैल्हौं सरी खरच गर्छ भने उ याहाँ ।
पाउन्न शान्ति कहिल्यै निज चित्त माहाँ ॥

(३०)

खाँदै गरेर जुन हिंड्दछ मार्ग माहाँ ।
त्यै मूर्ख हो भनि बुझी लिनु पर्छ याहाँ ॥
आफ्नै गरेर सह्नी अरुका अगाडी ।
सूनाउने कन त ठान्नु असभ्य भारी ॥

(३१)

दूई जना बसि कुरा गरदा गएर ।
जो सुन्छ मान्नु उहि मूर्ख ठुलो भनेर ॥
आफ्नू बिगारि कन काम अरू कसैको ।
कामै पुरा गरि दिने जन मूर्ख नै हो ॥

(३२)

केही गरेर उपकार कुनै जनाको ।
मैले गरें भनि सुनाउँछ जो कुरा पो ॥
त्यस्तो पुरूष कन सज्जनले हियाई ।
भन्छन् अवश्य पट-मूर्ख त तेसलाई ॥

(३३)

थालेर काम कन पूर्ण न-पारि सोही ।
अर्कै त थाल्दछ भने उ हवस्‌न कोही ॥
त्यस्‌लाइ पण्डित भनी कन भन्छ कस्‌ले ।
पाउँछ दुःख पनि बेसरि त्यै सकस्‌ले ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(३४)

उद्योग कार्यहरु क्यौं न गरेर याहाँ ।
होस् उन्नती भनि मनोरथ पुग्छ काहाँ ॥
कार्यै न थालि घरमा बसि भाग्यलाई ।
जो दिन्छ दोष भन मूर्ख उ प्राणिलाई ॥

(३५)

निम्तो नपाइ कन तै पनि अन्य काहाँ ।
जो खान खोज्छ गइ मूर्ख भनिन्छ याहाँ ॥
नीचादिको गरि त चाकरि बस्छ जस्ले ।
पाउन्न शान्ति कहिल्यै पनि खोजि त्यस्ले॥

(३६)

जो रक्सि बेचि कन पो गरछन् कमाई ।
मान्छन् ति सज्जन त दुर्जन तेसलाई ॥
जो दूधमा जल मिलाइ निकै गराई ।
बेच्ला उ बस्छ अपराधि ठुलै कहाई ॥

(३७)

व्यर्थै बटूलि कन कङ्कड पत्थरादी ।
जस्ले त हान्छ नदिमा पनि खेल लागी ॥
जो टिप्छ पत्र रुखको बिनु काम याहाँ ।
त्यो मूर्ख हो नरपते ! नरलोक माहाँ ॥

(३८)

देखाइ लालच ठुलो बहुतै फकाई ।
जस्ले परस्त्रि कन अन्त दिई फँसाई ॥
त्यै कर्मले पनि कमाइ त गर्छ जस्ले ।
पापी भनाइ कन बस्छ अवश्य त्यस्ले ॥

(३९)

क्रोधै बढेर भयले कि त चित्त जस्को ।
हूँदैन चञ्चल कदापि पनी त उस्को ॥
पापादिमा मन दिंदैन कदापि जो ता ।
त्यै बुद्धिमान् पुरुष हो यहि विश्वमा ता ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(४०)

आएर कोहि जनले जब गर्छ बात ।
जो सुन्छ चित्त दिइ त्यस् कन ध्यान साथ ॥
बूझेर राम्ररि जवाफ दिने त प्राणी ।
हो विज्ञ ठान्छ दुनिया उसलाइ ज्ञानी ॥

(४१)

आपत्तिका समयमा पनि धैर्य जस्ले ।
छोड्दैन गर्दछ उपाय भने त उस्ले ॥
संसारमा पछि सुखी भइ सौख्य गर्ला ।
त्यस् माथि दुःखहरु कत्ति न आइपर्ला ॥

(४२)

जूवा र चोरि अनि अम्मल खान पट्टी ।
लाग्दैन जो न त कभै चलिजान्छ भट्टी ॥
त्यै बुद्धिमान जन हो भवमा रहेको ।
निष्पाप भै असल उन्नतिमा भएको ॥

(४३)

आफू गृहस्थि भइ पौरुष क्यै नगर्ने ।
पापादि कर्म तिर बाट कमाइ गर्ने ॥
त्यस्ता ति अल्छि कन पर्दछ दुःख याहाँ ।
संसारमा उहि सुखी हुन सक्छ काहाँ ॥

(४४)

देखेर सौख्य अरुको मन बीच डाहा ।
जो गर्छ त्यो अधम हो सुखि हुन्छ काहाँ ॥
आफू धनी छ तर दिन्न भने त दानै ।
त्यै प्राणि ता अधम हो नर-लोकमा नै ॥

(४५)

अर्काकि नारि कि त छोरि - बुहारिलाई ।
जो ताकि हिंड्छ मनमा बहुतै रमाई ॥
त्यो हुन्न सज्जन कभै सबले त पापी ।
भन्छन् त्यसै कन उ हुन्छ सदैव श्रापी ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(४६)

जो भोग गर्छ अरुकी पर-नारिलाई ।
छोरो उ हुन्छ उसकै अरु जन्म पाई ॥
यै कर्म हो अति घृणीत यहीं जगत्‌मा ।
पाउँछ दण्ड उ अवश्य कुनै बखत्‌मा ॥

(४७)

आफ्नै छ शत्रु यदि त्यस् कन कष्ट आई ।
दुःखी छ पो यदि भने गरने भलाई ॥
त्यै हो उदार-हृदयै जनले कहेको ।
त्यै भाग्यमानि जन हो भवमा रहेको ॥

(४८)

राजा भएर बिहकै कर खुब् बढाई ।
जो भर्छ कोश कन घेर गरी कमाई ॥
त्यस्‌लाई सज्जनहरू तृण झैं गरेर ।
ठान्छन् उसै कन कसाइ सरी भनेर ॥

(४९)

राजा भएर ति प्रजाहरुको त कष्ट ।
हेर्दैन पो यदि भने उ हुनेछ नष्ट ॥
राजा छ न्याय गर्दैन भने विचारी ।
पाऊँछ है जगतमा अपकीर्ति भारी ॥

(५०)

गाई र ब्राह्मण गुरू अनि वेदलाई ।
मान्दैन जो उहि त नास्तिक पो कहाई ॥
हो धर्मत्यागि भनि त्यस्‌कन विज्ञ भन्छन् ।
साह्रै अधर्मि बुझि घास समान गन्छन् ॥

(५१)

मार्नू र अंश हरनू दुइ छन् समानै ।
पापै त घोर यहि हो बुझि चित्तमा नै ॥
जो त्याग गर्छ यि दुई कन धर्मि जान्नू ।
यै काम गर्छ जुन पापि भनेर ठान्नू ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(५२)

गर्दैन सज्जन त लोभ कदापि कोही ।
जो गर्छ लोभ धन मार्न भनेर सोही ॥
त्यै शत्रु हो अधिक पातकि हो भनेर ।
मार्छन् अवश्य बलियाहरुले गिंडेर ॥

(५३)

विद्या सिकेर गुरु सीत समस्त जानी ।
यो पाप धर्म भनि चिन्न सकेर ज्ञानी ॥
आफैं भई गरि बिचार त पाप-कर्म ।
गर्दैन सज्जन कदापि बुझेर मर्म ॥

(५४)

बैरी बहूत बलवान् छ भनेर जानी ।
जो लड्न जान्छ रणमा अरुको नमानी ॥
त्यस्का समान त अभागि हुँदैन कोही ।
मर्नेछ गै समरमा बिनु काल सोही ॥

(५५)

न्यायै विवेक कन पालन गर्छ जस्ले ।
संसारमा विमल कीर्ति लिनेछ उस्ले ॥
जो खोज्छ पाप मनले हक मार्नलाई ।
त्यस्लाइ हुन्न जय-प्राप्ति कदापि काहीं ॥

(५६)

शास्त्रैको झिकि मर्म ती विदुरले ❋ नीती भनेको सुनी ।
भन्छन् ती धृतराष्ट्र फेरि उ बखत् ❋ आफ्ना मनैले गुनी ॥
तिम्ले भाइ ! भन्यौ कुराहरु सबै ❋ नीती बमोजिम् गरी ।
त्यस्ले शान्ति मिलेन यस् हृदयमा ❋ केही पनी यो घरी ॥

(५७)

मोहैले गरि पुत्रको म त भएँ ❋ पापी सरी लोकमा ।
फिर्ता राज्य न दी यि कौरवहरू ❋ अन्याय गर्छन् यहाँ ॥
के गर्नू अब पर्छ यस् स्थिति महाँ ❋ हामीहरूले यहाँ ।
होला श्रेय कसो गरेर कुरुको ❋ तिम्ले बताऊ यहाँ ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(५८)

श्रेयैको जुन बात सोधनि भयो ❋ भन्छन् तिनैले तहाँ ।
साँचै भन्दिनु पर्छ जो छ अहिले ❋ कर्त्तव्य भन्नू यहाँ ॥
उल्टो बुद्धि लिनू हुँदैन जनले ❋ सुल्टो र सोझो छ जो ।
सोही कार्य गरेर श्रेय भवमा ❋ पाइन्छ सुन्नू भयो ॥

(५९)

पैह्ले सोचि लिएर काम यहि पो ❋ गर्छु भनी बेसरी ।
त्यस्को फेर् परिणाम सोच्नु परने ❋ यस्तो गरेको घरी ॥
के होला पछि हानि हुन्छ कि कतै ❋ की लाभ देला यही ।
एसैको त विचार गर्नु परने ❋ एकाग्रतामा रही ॥

(६०)

आफ्नू काम बनाउने पुरुषले ❋ सोची विचारी यहाँ ।
त्यस्का बाद् उ काम चालु गरछन् ❋ रीती छ संसारमा ॥
उत्साहै लिनु पर्छ काम गरदा ❋ गर्दा निरुत्साह भै ।
कार्यैं सम्पन जान्छ कुन् तरहले ❋ सम्पन्न भन्छू कवै ॥

(६१)

हेर्दा न्याय विचारि धर्मसुतको ❋ यो राज्य हो सत्यमा ।
फिर्ता गर्नु थियो कबूल अनुसार् ❋ राज्यादि ता तीनिमा ॥
आफ्नू सोहि गराउँछू भनि सबै ❋ यी कौरवादी जती ।
लोभैमा परि लड्दछन् यदि भने ❋ न्यायै छ यस्मा कती ॥

(६२)

युद्धैको परिणाम भन्न कसले ❋ सक्तैन कस्तो हुने ।
को जीती कन हाँसने कउन हो ❋ हारेर रोई दिने ॥
लड्दा पाण्डव सीत कौरव गई ❋ ती पाण्डवैको तहाँ ।
होला जीत भनेर भन्न सकने ❋ कुन् विज्ञ होला यहाँ ॥

(६३)

हार्नू जीति लिनू त कर्मवशले ❋ होला जगत् बीचमा ।
मैले जित्छु उ जित्छ भन्नु यहि ता ❋ अज्ञान हो सत्यमा ॥
हारौंला कि भनेर शंकित भई ❋ जाँदा लडाइ महाँ ।
पाऊनू जय दुर्लभै छ नृपते ! ❋ हारिन्छ पक्का तहाँ ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(६४)

पापैको अनि पापिको जय कदा ❋ हूँदैन संसारमा ।
धर्मैको अनि धर्मिको जय सधैं ❋ देखिन्छ जाहाँ तहाँ ॥
पापी कौरव हुन् कि पाण्डव ति हुन् ❋ हेर्नू विचारी वरी ।
युद्धैको परिणाम हार्नु जितनू ❋ जानिन्छ पक्का गरी ॥

(६५)

शक्तीमा धनमा र मित्रहरुमा ❋ ती पाण्डवै छन् पुरा ।
धैर्यैमा अनि शस्त्र चालन महाँ ❋ ती पाण्डवै छन् शुरा ॥
फेरी आफु स्वयं जनार्दन हरी ❋ श्रीकृष्ण छन् दाहिने ।
उस्ता पाण्डव सीत कौरव लडी ❋ जित्नन् र पत्याउने ॥

(६६)

राजन् ! कौरव छन् तयार अहिले ❋ गर्छौं लडाइँ भनी ।
यस्मा श्रेय कदापि छैन नृपते ! ❋ यी कौरवैको पनी ॥
युद्धै पर्न नपाउँदै हजुरले ❋ सोची विचारै गरी ।
टण्टाको जुन बीज हो उ कन ता ❋ त्यागी दिनोस् यैं घरी ॥

(६७)

तिन्को अंश नदीनु नै कलहको ❋ हो बीज हे भूपती ।
तस्मात् अंश दिएर नष्ट गरनोस् ❋ त्यस्लाई हे तीव्र - धी ॥
एती गर्नु भयो भने हजुरले ❋ राम्रो बहूतै भयो ।
जान्ने भै कन ता अजान सरिको ❋ हूनू खराबै छ यो ॥

(६८)

अर्काको सुनि वाक्य जाँचि मनले ❋ हेर्नू विचारै गरी ।
राम्रो लागि गयो भने उहि कुरा ❋ मान्नू पत्यार्मा परी ॥
यै हो रीति गृहस्थको नरपते ! ❋ तस्मात् प्रभूले पनी ।
मेरो वाक्य विचारनू अब पर्‍यो ❋ साँचै छ की यो भनी ॥

(६९)

भुटेको यदि मत्स्यको त टुकुरा ❋ लीई मुखैमा धरी ।
झट्टै हुन्न चपाउनू नरपते ❋ नाहीं त काँढा गडी ॥
जिभ्रोलाइ असह्य पीर बढला ❋ उस्तै त अंशै पनी ।
खानै खोज्नु पराइको बुझि लिनोस् ❋ पच्दैन कैल्है भनी ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(७०)

राजा भै कन हेर्नु पर्छ सबको ❋ जाती हुने पो कुरा ।
राजाका पनि बाबु भै कन हजुर् ❋ हूनु भयो बे - सुरा ॥
अंशै दीनु भएन ता यदि भने ❋ लोभै बढी यस् घरी ।
मार्नन् पाण्डवले र कौरवहरू ❋ जानन् अवश्यै मरी ॥

(७१)

माली मालिक एक हुन् नरपते ! ❋ माली अवश्यै गरी ।
पाऊला फल खान वृक्षहरुको ❋ सेवा उसैले गरी ॥
उस्तै मालिकले ति प्राणिहरुमा ❋ न्यायै गर्दा महाँ ।
हुन्छन् खूशि तिनै र पो जिउ र ज्यान् ❋ दिन्छन् बखत्मा यहाँ ॥

(७२)

राजामा प्रभुता अवश्य रहनू ❋ पर्ला जगत् बीचमा ।
नाहीं ता हिजडा सरी उ त भयो ❋ बेकाम संसारमा ॥
खूशी भै कन दिन्न बक्सिस कभै ❋ रीसाइ दण्डै पनी ।
जो गर्दैन उ भूपको पुछर हो ❋ त्यागछन् सबै छीः भनी ॥

(७३)

जो राजा छ उ बोल्छ सत्य वचनै ❋ खोल्दैन भेदै रती ।
पैसा दिन्छ सिपाहिलाइ महिना ❋ पुग्दा खुशीले अती ॥
मन्त्री - वर्ग हितैषि बन्धुहरुको ❋ आफ्ना गुरूको पनी ।
सल्लाहा सित काम गर्दछ भने ❋ बिग्रन्न कैह्ले पनी ॥

(७४)

शत्रू हो मन मित्र हो मन उही ❋ जीतेन ता शत्रु भो ।
जीतेमा मनलाइ मित्र सरिको ❋ त्यै हुन्छ बुझ्नू भयो ॥
जस्ले यो मन जित्छ आफ्नु वशमा ❋ राखेर राम्रो गरी ।
उस्को हुन्छ बनी - बनाउ जगमा ❋ बिग्रन्न सो क्यै गरी ॥

(७५)

छातीमा बिझ्ने गरी कन कुरा ❋ साह्रै नराम्रो गरी ।
बोल्नू योग्य हुँदैन मानिस भई ❋ शेखी विषे खुब् परी ॥
जस्ले बोल्छ कडा कुरा जगतमा ❋ त्यो हुन्न कैह्ले सुखी ।
तस्मात् बुद्धि बिगार्नु छैन जनले ❋ नाहीं त होला दुखी ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(७६)

आफ्नै देह समान देह अरुको ※ जानेर रक्षा गरी।
कल्याणै तिर लाग्दछन् पुरुष जो ※ तिन्ले अवश्यै गरी॥
ठूलो धर्म कमाइयो जगतमा ※ अर्को त धर्मै पनी।
केही छैन उही समान बुझ्नू ※ ऊही छ ठूलो भनी॥

(७७)

निन्दा गर्दछ कुनै भने सुनि लिने ※ रीसै नलीने पनी।
नाश् होस् निन्दकको भनेर कहिल्यै ※ बोल्दै नबोल्ने पनी॥
आफू माथि परेर आउँछ जउन् ※ दुःखादि सौख्यै जती।
भोग्दै बस्छ भने उ सज्जन भनी ※ जानी लिनोस् भूपती॥

(७८)

संसारी जति छन् पदार्थ भवमा ※ तिन् देखि चित्तै पनी।
आफ्नू दिन्छ हटाइ खायस कभै ※ गर्दैन लिन्छू भनी॥
यो संसार अनित्य ठानि जसले ※ यस्मा भएका जती।
नाशैवान् बुझि त्यागि दिन्छ जसले ※ त्यै हो तपस्वी सुखी॥

(७९)

भन्छन् फेर् धृतराष्ट्र भाइ ! यि कुरा ※ हुन् सत्य यो जान्दछू।
जानी-जानि पनी अजानसरि भै ※ बस्दैछु यो मान्दछू॥
पुत्रैको बढि प्रेम त्यस् कन कभै ※ चित्तै दुखाऊनको।
इच्छा छैन मलाइ आपद यही ※ आएर ग्रासी लियो॥

(८०)

छोराको मनको कुरा कन न-दी ※ मैले विरोधै गरी।
बाँच्नू व्यर्थ छ यै म ठान्छु भवमा ※ यो बात पक्का गरी॥
आफ्नू श्रेय जसोरि हुन्छ उ पनी ※ जान्ने र सोच्ने भयो।
इच्छा आफ्नु पुरा गरोस् लडि मरी ※ अर्ती नमान्ने छ सो॥

(८१)

अर्कै बात म सोध्छु भाइ ! भन लौ ※ मेरा अगाडी महाँ।
कुन् ठूलो कुल हो ठूलो कुल भनी ※ कस्लाइ भन्छन् यहाँ॥
यस्तो सोधनि भो र अन्ध-नृपको ※ सूनी विदूरै अनी।
लागे लक्षण भन्न वंश जुन हो ※ ठूलो भनेको पनी॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(८२)

जस्को ता घरमा गृहस्थिहरुले ❋ आफ्नू स्वधर्मै पनी ।
मान्दै यज्ञ ति गर्दछन् तप पनी ❋ गर्छन् पवित्रै बनी ॥
दिन्छन् दान पनी बखत्-बखतमा ❋ वेदै - विधीले गरी ।
कन्यादान ति गर्दछन् निज सुता ❋ शास्त्रोक्त चालै गरी ॥

(८३)

जो छन् ती परिवार ता गृह विषे ❋ तिन्ले कदापी पनी ।
बोल्दैनन् त असत्य वाक्य मुखले ❋ झुट्टा लफङ्गा बनी ॥
ठूलो वृद्ध बडो छ जुन् भवनमा ❋ त्यस्को त मानै गरी ।
पार्छन् खूब प्रसन्न तिन् कन सदा ❋ कूरा ननाँघ्दै गरी ॥

(८४)

छोरा छन् जति तिन्कनै पनि गुरू ❋ राखेर शिक्षा दिने ।
तिन्को स्वास्थ्य सुधार्नलाइ कसरत् ❋ रोजै गराई लिने ॥
छोरीलाइ पढाइ नारिहरुको ❋ धर्मै बताई कन ।
पार्ने शीलवती अरू गुण पनी ❋ जो छन् असल् तिन्कन ॥

(८५)

सीकाई कन पाक्य गर्न चिजको ❋ माता अगाडी सरी ।
छोरीलाइ सधाउँछन् पनि भने ❋ त्यै वंश साँचो गरी ॥
ठूलो वंश भनिन्छ हो कुल ठुलो ❋ सोही सबैले पनी ।
भन्छन् वंशज हुन् कुलीन कुल हो ❋ भन्छन् बडाको भनी ॥

(८६)

जस्को ता कुलमा न दान-तप भो ❋ पूजा र पाठै पनी ।
केही हुन्न सिपालु छन् ति अरुको ❋ द्रव्यादि हर्नै अनी ॥
मूर्खै छन् पर - नारिमा मन दिने ❋ जस्को छ सन्तान ता ।
हिंसा कर्म रुचाउने यदि हउन् ❋ त्यै नीच हो वंशमा ॥

(८७)

माग्येका वशमा छ दौलत हुनु ❋ कंगालि हूनू अनी ।
धेरै दौलत भै धनी ति भनियुन् ❋ की ता गरीबै बनी ॥
चाला फेर् व्यवहार बानी जति हो ❋ राम्रो छ तिन्को जहाँ ।
त्यै हो वंश ठुलो भनेर सबले ❋ जानी लिनन् लोकमा ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(८८)

जस्को उत्तम चाल छैन जगमा ❋ राजा हवस् ता पनी ।
अर्काकै धन अंश मार्छ उसले ❋ दुर्योधनै झैं बनी ॥
त्यस्ताको जय छैन त्यो फलि-फुली ❋ बस्ला कसोरी यहाँ ।
त्यस्का मित्र पनी घमण्डि मिलनन् ❋ ती कर्णकै दौंजका ॥

(८९)

पृथ्वीका सब देशको धनि हवस् ❋ राजा वशै हुन् सबै ।
ऐश्वर्यै पनि इन्द्रकै सरि हवस् ❋ के गर्नु शान्ती न-भै ॥
सन्तापै परि चित्त पोल्दछ भने ❋ के गर्नु सारा भई ।
निद्राले पनि छोड्छ त्यस्कन सदा ❋ टाढा बहुतै रही ॥

(९०)

चिंता फिक्रि र ताप केहि मनमा ❋ हूँदैन जस्को यहाँ ।
हर्दम् मस्त छ गीत गाइरहला ❋ दुःखी उ हुन्थ्यो कहाँ ॥
सोची अक्कलले जसोरि कर्चिंगल् ❋ टण्टादि जाला यहाँ ।
सोही काम गरेर शान्ति सहजै ❋ पाइन्छ संसारमा ॥

(९१)

मेलै गर्नु निको छ युद्ध गरनू ❋ भन्दा जगत् बीचमा ।
युद्धैमा दुइ तर्फका जनहरू ❋ मर्छन् अवश्यै तहाँ ॥
बाटो मेल हुने छ पो यदि भने ❋ मेल् गर्नु जाती भनी ।
भन्छन् सज्जनले र विज्ञहरूले ❋ त्ये काम गर्छन् अनी ॥

(९२)

भन्छन् सज्जनले त जौन घरको ❋ मालीक मूर्खै छ पो ।
सोही नै घर बिग्रि जान्छ सहजै ❋ ये विज्ञको उक्ति हो ॥
राजा भै कन मूर्ख पो छ त भने ❋ त्यस्को त राज्यै पनी ।
चौंडै नष्ट भएर जान्छ अरुकै ❋ पास्मा अवश्यै पनी ॥

(९३)

यौटा कण्टक भै समस्त कुलको ❋ नाश् हून लाग्दा महाँ ।
सोही कण्टकलाइ नष्ट गरनू ❋ साह्रै छ जाती यहाँ ॥
त्यो दुर्योधन कण्टकै सरि भयो ❋ ये कौरवी वंशको ।
पक्री त्यस्कन जेलमा हुलि दिनोस् ❋ दीनोस् अनी अंश पो ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(९४)

राजा श्री धृतराष्ट्र मान्यजन हुन् ❋ वृद्ध ति हुन् वंशका ।
गर्नन् न्याय भनी युधिष्ठिरजिले ❋ कूरा गरे अंशका ॥
धर्मै पट्टि नलागि लोभ - वशले ❋ मार्छु म अंशै भनी ।
लाग्नू पुत्र तिरै खराब छ अती ❋ नाश् हुन्छ साँचै पनी ॥

(९५)

धर्मैलाई र न्यायलाइ कहिल्यै ❋ राजाहरूले कहीं ।
त्याग्दैनन् बरु त्याग्दछन् सुत पनी ❋ निर्मोहि जस्तै भई ॥
न्यायै गर्नु त काम हो नृपतिको ❋ त्यस् निम्ति मैले यहाँ ।
पैह्लेको इतिहास भन्छु नृपते ! ❋ तिम्रा अगाडी महाँ ॥

विरोचन र सुधन्वाको कलह

(१)

प्रह्लाद नामक ठुला हरि-भक्तमा पो ।
सम्राट् थिए सकल दैत्य समाजका जो ॥
तिन्का विरोचन भनी कन पुत्र थीए ।
तिन्ले ति केशिनि उपर् मन आफ्नु दीए ॥

(२)

ती केशिनी जगतमा अति राम्रि कन्या ।
देख्दा रमा सरि स्वरूपवती ति धन्या ॥
सर्वाङ्ग सुन्दरि थिइन् अति रूप पाई ।
आँट्थे विरोचन विवाह त गर्नलाई ॥

(३)

क्वै विप्र - पुत्र पनि एक थिए सुधन्वा ।
राम्रा गुणी भइ सुगन्ध समान सुन्मा ॥
तिन्लाइ गर्दछु पती भनि केशिनीको ।
इच्छा थियो हृदयमा अघिनै जमेको ॥

(४)

आई विरोचनजिले अनि तेसलाई ।
बोले विवाह गरना कन तीमिलाई ॥
आएँ म ता म कन आफ्नु पती बनाऊ ।
मेरी भएर अब जन्म तिमी बिताऊ ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(५)

मन्छिन् तिनै यति कुरा सुनि उत्ति खेरी ।
श्रीमान् विरोचनजिका मुख तर्फ हेरी ॥
ठान्छू म योग्य वर ता द्विजपुत्रलाई ।
जाँच् देउ छौ यदि सुयोग्य भने मलाई ॥

(६)

कूरा हुँदै यहि थियो उहि बीच माहाँ ।
आए ति ब्राह्मण-कुमार त सासु माहाँ ॥
देखेर तिन् कन विरोचनले कराए ।
आऊ म सीत सँगमा बस यै सुनाए ॥

(७)

तिन्का कुरा सुनि ति विप्रकुमार ताहाँ ।
भन्छन् कसोरि तिमि दैत्य भएर याहाँ ॥
भन्छौ सँगै बस भनी ऋषिपुत्रलाई ।
के योग्य हुन्छ सँग बस्न कहू मलाई ॥

(८)

तिम्रा बुबा म कन ता जब देखि लिन्थे ।
भैंमा बसी म कन गद्दि तुरुन्त दिन्थे ॥
मै हूँ उही तिमिसितै सँगमा यसोरी ।
छोटो भएर बसुँ लौ अहिले कसोरी ॥

(९)

तिन्का कुरा सुनि विरोचनजी रिसाए ।
नीचै तुल्याइ यिनले म कनै हियाए ॥
एही बुझेर तिनले द्विज-पुत्रलाई ।
भन्दा भए स्वर पनी चरकै गराई ॥

(१०)

हे विप्र ! तुच्छ म कनै तिमिले गराई ।
दीयौ मलाइ ति कुरा अहिले सुनाई ॥
निन्दा गर्‍यौ म कन बेसरि आज याहाँ ।
तिम्रा समान रिसहा द्विज हुन्छ काहाँ ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(११)

तीमी र हामि दुइमा कुन श्रेष्ठ प्राणी ।
यस्को त निश्चय गरौं पहिले त हामी ॥
जो हार्छ सो गइ मरोस् रति बेर् न-लाई ।
जो जित्छ केशिनि लिएर हिंडोस् रमाई ॥

(१२)

सूनेर बात ति विरोचनले कहेका ।
स्वीकार भो प्रण समेत जउन् भएका ॥
भन्छन् ति विप्र तहिं राजकुमारलाई ।
यो निश्चये गरनु पर्छ तुरुन्त जाई ॥

(१३)

जाऊँ दुवै जन बरु अब शीघ्र ताहाँ ।
तिम्रा पिताजि बुझि ल्यौ हुनुहुन्छ जाहाँ ॥
न्याये गराउन त भूपतिका अगाडी ।
जानू छ योग्य बुझि ल्यौ मनले विचारी ॥

(१४)

इन्साफ जो ति गरनन् उहि मान्नु पर्ला ।
हार्नेछ जो उहि अवश्य गएर मर्ला ॥
यो बात मञ्जूर भयो र विरोचनैको ।
दूवै उठे तब त जान भनेर नै पो ॥

(१५)

दूवै जना पुगि गए दरबार् छ जाहाँ ।
प्रह्लाद भूपति थिए जुन ठाउँ माहाँ ॥
आफ्नू कुरा सब बताइ दिए दुवैले ।
बिन्ती गरे असल न्याय हवस्‌न ऐले ॥

(१६)

यस्ता कुरा सुनि ति दानवराज ताहाँ ।
भन्छन् सुन्यौ असल न्याय म गर्छु याहाँ ॥
राजा भएर लिइ पक्ष त बोल्छ जस्‌ले ।
पोलिन्छ धर्म गइ बस्दछ नर्क उस्‌ले ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(१७)

कोही मरोस् कि त रहोस् यि कुरा नसोची ।
जो न्याय हो उचितको उहि गर्नु जाती ॥
छन् श्रेष्ठ ब्राह्मण सदा त्रय लोक माहाँ ।
हारिस् विरोचन ! म सत्य कहन्छु याहाँ ॥

(१८)

त्यो न्याय देखि ति विरोचन ता डराए ।
ती विप्रले खुशि भई कन खुब् सह्राए ॥
भन्छन् कुमार अब केशिनिलाइ जाई ।
दीउन् कुरा जउन न्याय भयो बताई ॥

(१९)

त्यै दण्ड भो ति कन मृत्यु समान ऐले ।
पर्दैन ज्यान दिनु गर्छु क्षमा त मैले ॥
त्यै केशिनी सित विवाह म गर्छु जाई ।
खूशी भए तिनि कुरा यहि सुन्न पाई ॥

(२०)

त्यै कार्य भो हुकुमले यसरी जगत्मा ।
राजा भई कन त न्याय पनी बखत्मा ॥
गर्नै छ योग्य नृपते ! अब अंशलाई ।
दीनोस् ति धर्मसुतको यश खुब् फिंजाई ॥

सनत्कुमारको उपदेश

(१)

भन्नू भो धृतराष्ट्रले विदुरमा ❋ हे भाइ ! तिम्ले जती ।
दीयौ अर्ति मलाइ ठान्दछु सबै ❋ हुन् दिव्य वार्ता अती ॥
त्यै दुर्योधनलाइ देख्छु जब ता ❋ माया बहूतै भई ।
त्यस्कै बात म मान्दछू अरु कुरा ❋ लाग्दैन नीको यहीं ॥

(२)

प्रारब्धै बलियो रहेछ भवमा ❋ भन्छू पुरुषार्थ ता ।
केही चीज यहाँ रहनेछ भनी ❋ ठान्छू अवश्यै म ता ॥
जो हो बन्धन कर्मको उ कन ता ❋ कस्ता तवरले गरी ।
त्याग्दै मोक्ष हुनै सकिन्छ भन लौ ❋ विस्तार राम्रो गरी ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(३)

भन्छन् बात सुनेर ती विदुरजी ❀ यो बात राम्रो गरी।
भन्नेछन् गुरुले तसर्थ अहिले ❀ डाक्छु म ध्यानै धरी॥
पैह्ले एति भनेर जल्दि गुरुको ❀ ध्यानै गरे चित्तमा।
आए झट्ट सनत्कुमार ऋषिजी ❀ तत्काल त्यै ठाममा॥

(४)

आफ्ना ती गुरुलाइ झट् विदुरले ❀ पाऊ परी त्यै घरी।
भन्नू भो गुरुजी ! बुझाउनु हवस् ❀ यिन्लाइ राम्रो गरी॥
जो सोध्छन् नृपले उही हजुरले ❀ भन्नोस् कृपाले गरी।
एती बिन्ति गरी गए विदुरजी ❀ ऊठेर चाँडो गरी॥

(५)

त्यै बेला धृतराष्ट्र बाट ऋषिमा ❀ हूँदो भयो सोधना।
हे सर्वज्ञ ! बताउनोस् कसरि है ❀ मर्छन् यि जीवै पनी॥
कालैका वशमा ति देवहरु छन् ❀ भन्ने पनी सुन्दछु।
हो साँचै कि कसो बताउनु हवस् ❀ बुद्धी बिना मन्द छु॥

(६)

यस्तो प्रश्न सुनी अनी ऋषि पनी ❀ भन्छन् अगाडी सरी।
भन्छौ जीव भनेर कस् कन तिमी ❀ ऐह्ले विचारै गरी॥
पैह्ले बालक पो थियौ हृदयमा ❀ थीएन ज्ञानै पनी।
फेरी आफु भयौ जवान तिमि नै ❀ भिन्नै सरीका बनी॥

(७)

देख्छू वृद्ध भयौ यही समयमा ❀ यस्तै तवर्ले गरी।
मृत्यू आउँछ जुन् शरीर कन पो ❀ सोध्यौ कि प्रश्नै गरी॥
जस्ले हेर्छ उघारि नेत्र नृपते ! ❀ त्यस्ले अगाडी महाँ।
सारा देख्छ पदार्थ चीजहरु धेर् ❀ एता र ऊता तहाँ॥

(८)

जो आँखा थुनि बस्छ सामु उसले ❀ देख्दैन कौनै थरी।
जीवैले पनि दुःख सौख्य कन ता ❀ भोग् गर्छ इच्छै गरी॥
आँखाको सुख पाउँदा मन पना ❀ देखें मईले भनी।
मूलैले यहि ठान्छ जान्नु यहि बात् ❀ हेर्दा छ साँचै पना॥

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(९)

जीवैले पनि त्यै प्रकार सँगले ❋ देहादिको सौख्यमा ।
भुल्दा सौख्य र कष्ट मान्दछ सुन्यो ❋ हर्दम् यही लोकमा ॥
जुन् बेला यहि देह मर्छ अनि ता ❋ देख्ने जनैले पनी ।
ठान्छन् जीव मऱ्यो भनेर उ बखत् ❋ ज्ञानी समानै बनी ॥

(१०)

साँचै व्याप्त छ भित्र बाहिर पनी ❋ आकाश जेमा पनी ।
त्यस्तै व्यापक ब्रह्म छन् बुझ तिमी ❋ जस्मा र जेमा पनी ॥
छानाको मनि छैन है गगन पो ❋ भन्नू सरीको यहाँ ।
जीवैलाइ त ब्रह्म हो त भनन्नू ❋ उस्तै छ गल्ती यहाँ ॥

(११)

मानिस्ले घरको गरेर रचना ❋ सोही खडा गर्दिंदा ।
आकाशै घर भित्र पर्छ जसरी ❋ देखिन्छ हेरी लिंदा ॥
मायामा फँसदा भुलेर रहँदा ❋ जो ब्रह्म हो त्यै पनी ।
जीवै झैं बनिजान्छ जीव म त हूँ ❋ यै ठान्छ जीवै बनी ॥

(१२)

भत्की गो घर पो भने जुन थियो ❋ आकाश पो भित्रमा ।
माहाकाश महाँ गएर मिसिई ❋ एकै हुने हो तहाँ ॥
मायालाइ त जीवले यदि कभै ❋ त्यागै गरोस् ता यहाँ ।
त्यो जीवै अनि ब्रह्म हुन्छ उहि भो ❋ श्रीब्रह्म संसारमा ॥

(१३)

भत्कोस् की घर ता बनोस् कि घर पो ❋ आकाश भित्रै रही ।
बन्नू भत्कनुको विचार छ कउन् ❋ मान्छन् ति ज्ञानी भई ॥
त्यस्तै देह मरोस् कि जन्म त धरोस् ❋ हर्जा नमानी रती ।
जन्म्यो जीव कि ता मऱ्यो यहि कुरा ❋ मान्दैन ज्ञानी मती ॥

(१४)

जो हो जीव उ नित्य शुद्ध छ खुबै ❋ केही विकारादि पो ।
त्यस्मा छैन उ नाशले रहितको ❋ कैल्यै नमर्ने छ सो ॥
त्यो आनन्द स्वरूपको छ उसमै ❋ यो चित्त दींदै रही ।
आत्म-ज्ञान हुनेछ भूपति ! अनी ❋ जाइन्छ मोक्षै भई ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(१५)

एही एक उपाय हो नरपते ! ❋ मोक्षै हुनाको यहाँ ।
अर्को केहि त छैन यत्न भवमा ❋ खोजेर जाहाँ तहाँ ॥
जीवैमा मन यो दियौ यदि भने ❋ दुख् सौख्य त्यागै गरी ।
छुट्ला जन्मनु मर्नु एहि फजिती ❋ यै निश्चयैमा परी ॥

(१६)

आफ्नू पुण्य समाप्त भो यदि भने ❋ दुःखादिमा पर्दछन् ।
जावस् दुःख भनेर पुण्य - फलको ❋ इच्छा पनी त्यागदछन् ॥
मान्दैनन् तिनि हर्ष - शोक कन ता ❋ त्यै आत्म - ज्ञानै भई ।
आत्मैलाइ चिन्ह्यो भने सब कुरा ❋ पाई यहीं नै रही ॥

(१७)

राम्रो काम गरोस् कदापि न भुलोस् ❋ राखी वशैमा मन ।
अभ्यासै गरि आत्मलाइ त चिनोस् ❋ यै मुख्य हो साधन ॥
इत्यादी उपदेश दी कन तहीं ❋ देख्दै ऋषीजी पनी ।
अन्तर्ध्यान भई बिलाइ ति गए ❋ फेरी नदेख्ने बनी ॥

कौरवहरूको बातचीत

(१)

आई राजसभा विषे कुरुहरू ❋ जम्मा भएथे जसै ।
धेरै श्रीधृतराष्ट्रले हृदयमा ❋ सन्ताप मानी तसै ॥
भन्छन् सञ्जयलाइ धर्मसुतको ❋ सन्देश फेरी यहाँ ।
विस्तारै सितले सुनाउ तिमिले ❋ हाम्रा अगाडी महाँ ॥

(२)

लागे सञ्जय बिन्ति गर्न त महा- ❋ राजाधिराजा ! यहाँ ।
हूकुम्ले म त भन्छु धर्मसुतको ❋ कूरा हजूरै महाँ ॥
भन्थे धर्मकुमार भन्नु तिमिले ❋ सोझै सभामा गई ।
केही बात न भुल्नु सञ्जय सुन्यौ ❋ ती कौरवैमा रही ॥

(३)

छोरामा अधिराज सन्तनुजिका ❋ ज्येठा सुपुत्रै पनी ।
भीष्मै हुन् तिनिले ति भाइहरुमा ❋ राज्यादि दीए अनी ॥
दूवै भाइ मरी गए समयले ❋ तिन्का कुमारै महाँ ।
राज्यैलायक पाण्डु जानि कन ता ❋ श्रीभीष्मजीले तहाँ ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(४)

सुम्पे राज्य ति पाण्डुलाइ र तिनै ❋ राजा भएका यहाँ ।
छन् भीष्मै अझ संग ता यदि भने ❋ तिन्कै अगाडी महाँ ॥
ठान्छन् श्रीधृतराष्ट्रले त कसरी ❋ यो राज्य मेरो भनी ।
बाबूकै हक छैन ता कसरि यो ❋ दुर्योधनैले पनी ॥

(५)

मेरो राज्य भनेर ठान्छ अहिले ❋ त्यस्को हकै भो कहाँ ।
राज्यै हो यहि पाण्डु - पुत्रहरुको ❋ हामी छँदै छौं यहाँ ॥
भीष्मैको करुणा त हो ति कन ता ❋ फेर् अर्द्ध-राज्यै दिनू ।
हामूलाई पनि अर्द्ध-राज्य तिनले ❋ योग्यै छ है सुम्पनू ॥

(६)

आधा राज्य ति कौरवादिहरुले ❋ फर्काइ दीउन् यहाँ ।
पर्ला नत्र लडाइँ यो न-गरदा ❋ चुप् लागि बस्थ्यौं कहाँ ॥
अत्याचार जती गरे खुशि हुँदै ❋ ती कौरवैले पनी ।
थाहा नै छ ति सभ्यले किन निसाफ् ❋ दिन्नन् नबोल्ने बनी ॥

(७)

राजा छन् धृतराष्ट्र जीवित यहीं ❋ छन् भीष्म ज्यूँदा पनी ।
पुग्ला जोर् कसरी सुयोधनजिको ❋ अन्याय गर्छू भनी ॥
भन्दा एति कुरा ति सञ्जयजिले ❋ श्रीभीष्मले त्यै घरी ।
लागे भन्न समस्त सभ्यहरुका ❋ साम्ने अगाडी सरी ॥

(८)

उक्ती पाण्डवको भने जति सबै ❋ यी सञ्जयैले यहाँ ।
ठीकै हो यहि न्याय - सङ्गत भनी ❋ जानुन् सबै चित्तमा ॥
सक्थे युद्ध गरेर खोस्न तिनिले ❋ राज्यादि आफ्नू पनी ।
लीएनन् बलले सहे दुःख बरु ❋ बात् राख्नु पर्ने भनी ॥

(९)

तस्मात् डाकि तुरुन्त धर्मसुतमा ❋ तिन्को त अंशै पनी ।
दीनै योग्य छ सोहि मुख्य प्रण हो ❋ यी कौरवैको पनी ॥
धर्मैको जय हुन्छ हुन्छ क्षय पो ❋ पापादिको लोकमा ।
गर्नन् युद्ध ति पाण्डवादिहरुले ❋ जित्नन् अवश्यै तहाँ ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(१०)

बूढा भीष्मजिका सुनी कथन ती ❋ अन्धा ति राजा महाँ ।
झन् फिक्री बढि गो भनेर मनमा ❋ लीएर रीसै तहाँ ॥
भन्छन् कर्ण समस्त सभ्यहरु हो ❋ जस्तै हउन् ता पनी ।
हाम्रा भूपतिका ति पाण्डवहरू ❋ ठान्छू म बैरी भनी ॥

(११)

जानी शत्रु यि हुन् भनेर मनले ❋ को राज्य देला यहाँ ।
अंशै दी कन शक्ति वृद्धि गरनू ❋ हूनेछ योग्यै कहाँ ॥
मार्छू पाण्डवलाइ युद्ध-भुमिमा ❋ मैले अगाडी सरी ।
लीएकैछु त कार्य-भार करमा ❋ पैल्है प्रतिज्ञा गरी ॥

(१२)

गर्नू हुन्छ वृथा अनादर खुबै ❋ हाम्रा यि भीष्मै पनी ।
के मैले त डराउँछू समरमा ❋ यी पाण्डवै हुन् भनी ॥
मारी पाण्डव पाँच भाइ कन फेर् ❋ त्यस् तर्फका भूपती ।
जत्ती छन् सब मार्छु सैन्य सहितै ❋ तिन्को गरी दुर्गती ॥

(१३)

भन्नू भो अनि द्रोणले सुनि कुरा ❋ राधेयका त्यै घरी ।
शेखी ली गफ गर्न खूब तिमि ता ❋ जान्ने भयौ यस् घरी ॥
मैयाँ द्रौपदिको स्वयम्वर हुँदा ❋ तीमी पुगेकै थियौ ।
तिन्ले नीच भनी अनादर गरिन् ❋ शस्त्रादि राखी दियौ ॥

(१४)

लैजाँदा पनि पार्थले हरि वरी ❋ तिन्लाइ बाटा महाँ ।
तिम्ले छेकन र रोकन शक्ति नहुँदा ❋ चूपै रहेथ्यौ तहाँ ॥
श्री दुर्योधनलाइ चित्ररथले ❋ बाँधेर पाता कसे ।
भन्छन् मानिस मित्र भै कन पनी ❋ श्रीकर्ण हेरी बसे ॥

(१५)

टिक्नै मुश्किल भै पलायन गरी ❋ लूक्यौ बनैमा गई ।
पार्थैले त फुकाउँदा नृप फुकी ❋ बाँचे स्वतन्त्रै भई ॥
गाई हर्न गयौ विराट-पुरिमा ❋ ठूलो लडाई भयो ।
भाई मारि दिए ति अर्जुनजिले ❋ यो शेखि काहाँ गयो ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(१६)

तिम्रा संगतिमा परी नृपतिले ❋ अन्याय ठूलो गरी ।
धेरै नै त कुकर्म पो गरि लिए ❋ तिम्रा कुरामा परी ॥
पर्ने युद्ध ठुलो छ जो उहि पनी ❋ तिम्रा मतैले यहाँ ।
हूने भो सब नष्ट कौरव हुनन् ❋ सोही लडाईं महाँ ॥

(१७)

भन्छन् त्यै घरिमा उठी विदुरले ❋ ती कर्णलाई तहाँ ।
रोजै झूट कुरा गरेर हिंडने ❋ गफ्फी तिमी छौ महा ॥
आफैं गै कन युद्धमा अघि सरी ❋ मर्नू त जाती थियो ।
साथै क्षत्रियको विनाश गरनू ❋ कुन् दैवले मन् दियो ॥

(१८)

देवादीहरु बाट अस्त्र बहुतै ❋ पायो जउन् वीरले ।
त्यस्तालाइ म मार्छु भन्नु तिमिले ❋ बोल्यौ कउन् सूरले ॥
खान्छौ यी कुरुराजकै तिमि पनी ❋ अन्नादि नोकर् भई ।
यिन्को श्रेय गराउनै छ बढिया ❋ हिस्सा बुझाई दिई ॥

(१९)

यै वार्ता कन सभ्यले मत दिए ❋ मञ्जूर तिन्ले गरे ।
सायङ्काल हुने बखत् जब भयो ❋ बाटो सबैले धरे ॥
खोपीमा धृतराष्ट्रजी उठि गए ❋ गान्धारि थीइन् जहाँ ।
आनन्दै सित भूपती गइ बसे ❋ आफ्ना पलङ् बीचमा ॥

(२०)

गान्धारी सित क्यै गरी कन कुरा ❋ डाकेर ल्याऊ भनी ।
ती दुर्योधनलाइ केटि यउटी ❋ दीए पठाई अनी ॥
केटी बाट खबर् मिलेर नृपको ❋ आए ति खोपी महाँ ।
साथैमा नृपले बसाइ कन फेर् ❋ आज्ञा गरे यै तहाँ ॥

(२१)

ठूलो बाबु ! सुन्यौ छ राय सबको ❋ अंशै दिनू बेस् भनी ।
आधा राज्य तुरुन्त देउ तिमिले ❋ कल्याण होला अनी ॥
लागे भन्न सुयोधनै पनि तहीं ❋ शेखी बहूतै गरी ।
भीष्मादीहरु ता घरै बसि रहुन् ❋ आफैं म साम्ने सरी ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(२२)

यौटा कर्ण लिएर युद्ध गरदै ❋ शत्रूहरू छन् जती ।
नीभाऊँछु बहादुरी गरि निकै ❋ बिन्ती गरूँ धेर् कती ॥
दीने छैन ति पाण्डवादि कन ता ❋ टुप्पो सियाको जती ।
मैले भूमि कदापि भन्दछु बुबा ! ❋ यस्तै छ मेरो मती ॥

(२३)

एती बिन्ति गरी सुयोधन छिटै ❋ निस्केर जाँदा भए ।
राजा - रानि दुवै जना हृदयमा ❋ सन्ताप मानी रहे ॥
गान्धारी पनि भन्द्छिन् ढिपि ठुलो ❋ दुर्योधनैले गऱ्यो ।
हूने जो भवितव्यता छ उ अघी ❋ आऊँछ हेर्नै पऱ्यो ॥

श्रीकृष्णजी पाण्डवको दूत बनी हस्तिनापुर जानु

(१)

यस्तै औसरमा ति धर्मसुतले ❋ आफ्नै सभामा रही ।
भाई अर्जुन सीत बात मनको ❋ खोलेर बोले यही ॥
हे भाई ! अब हस्तिनापुर तिरै ❋ श्रीकृष्णलाई पनी ।
दीऊँ शीघ्र पठाइ दूत सरि भै ❋ बोलुन् सभामा तिनी ॥

(२)

सम्झाउन् भरिसक्य कृष्ण प्रभुले ❋ दुर्योधनैमा तहाँ ।
दिन्छन् ता दुइ-चार गाउँ यदि ती ❋ सन्तोष मान्छौं यहाँ ॥
आफन्तैहरुलाई गै समरमा ❋ मार्नू न-जाती भयो ।
थोरै ग्राम लिएर चूप रहुँला ❋ टण्टा सबै गै गयो ॥

(३)

भर्त्ताका यि कुरा सुनी रिस गरी ❋ भन्छिन् तिनी द्रौपदी ।
राजाको मति हेर के भनु म ता ❋ सम्झाउँ मैले कती ॥
पापी दुष्टहरू मिलेर फजिती ❋ हाम्रो बहूतै गरे ।
देखी जानि यि धर्मराज कन ता ❋ लाग्दैन लज्जा हरे ॥

(४)

सुन्नू मो प्रभु द्वारिकापति ! यिनै ❋ सोझा र साँचा हुँदा ।
हामी माथि ठुलो विपत्ति त परे ❋ आँखा चिसै छन् रुँदा ॥
मेरो दुर्गति जुन् गरे ति कुरुले ❋ आफ्ना सभामा अघी ।
त्यस्को ता बदला लिने समयमा ❋ यस्तो अनीती - मती ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(५)

देखी द्रौपदि ता बडी विकल छन् ❋ श्रीकृष्णले त्यै घरी ।
आज्ञा भो म उपाय गर्दछु सुन्यौ ❋ तिम्रै त इच्छा सरी ॥
सम्झाई कन फिक्रि त्याग तिमिले ❋ एती तुरन्तै भनी ।
तिन्लाई हरिले पठाइ दिनु भो ❋ दर्बार भित्रै अनी ॥

(६)

भन्नू भो हरिले युधिष्ठिर कनै ❋ राजन् ! म जान्छू तहीं ।
सम्झाई कन भन्छु कौरव कनै ❋ तिन्कै सभामा गई ॥
मान्छन् ता अति जाति भो नहिं भने ❋ के लाग्छ कस्को यहाँ ।
संग्रामै छ हुनू भने विधि - लिपी ❋ टर्दैन संसारमा ॥

(७)

एती बात गरी मँगाइ रथ फेर् ❋ साथी लिई सात्यकी ।
चढ्नू भो रथमा बिदा भइ हरी ❋ जानै भनी सुर् झिकी ॥
त्यै वेला नजिकै गई नकुलजी ❋ श्रीकृष्णजीका पनी ।
हातै जोरि गरी प्रणाम अनि फेर् ❋ नम्रै बहूतै बनी ॥

(८)

भन्छन् हे हरि ! ती कुरूपतिजिले ❋ ठूलै अनीती गरी ।
बाह्रै वर्ष पुरा रह्यौं बन गई ❋ ठिक् जंगलीकै सरी ॥
चुल्ठो द्रौपदिको खिचेर सहजै ❋ तान्दै महल्देखि पो ।
ल्याऊँदा अभिमानले रिस ठुलो ❋ श्रीभीमलाई भयो ॥

(९)

त्यै बेला प्रण भीम बाट हुन गो ❋ दुःशासनैको पनी ।
छाती फोरि निभाउँछू समरमा ❋ त्यस्को म कालै बनी ॥
त्यस्ता दुष्ट - समाज सीत प्रभुले ❋ मेल् गर्दिएका घरी ।
क्षत्रीको प्रण पूर्ण हुन्छ कसरी ❋ हे नाथ ! सोंचो गरी ॥

(१०)

रानी द्रौपदिले पनी प्रण गरिन् ❋ त्यस्कै रगत्ले गरी ।
न्वाही केश म बाँधुली यहि कुरा ❋ दीनू छ पूर्णै गरी ॥
रानी द्रौपदिको त रक्षक पनी ❋ आफैं हजुर् भै यहाँ ।
पार्नू त्यै प्रण पो असत्य प्रभुले ❋ हुँदैन संसारमा ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(११)

मेरो चित्त पनी दुखी छ भगवन् ! ❋ राज्यै भई दाज्युको ।
हाम्री बूढि सुमा पनी त अरुको ❋ साथै भई बस्नु भो ॥
कुन्तीको अति कष्ट सम्झनु हवस् ❋ पुत्रादि छोडी तिनी ।
बस्छिन् गै अरुका रहेर घरमा ❋ ठीकै टुहूरी बनी ॥

(१२)

जस्का पुत्र त पाँच छन् अति बली ❋ संसारमा यस् घरी ।
भाईका जसका सु-पुत्र प्रभु छौ ❋ औतार - धारी हरी ॥
उस्ती कुन्तिजिलाइ दुःख परनू ❋ सो हाल देख्दा पनी ।
के लाग्दैन कि लाज हे हरि ! यहाँ ❋ बेशर्म जस्ता बनी ॥

(१३)

पार्थैले प्रण कर्ण मार्दछु भनी ❋ यै हो गरेको पनी ।
सो पूरा कसरी हुने हजुरले ❋ चित्तै नदींदा अनी ॥
मेरो बिन्ति छ वैरि - वर्ग जसरी ❋ विध्वंस होला यहाँ ।
सोही युक्ति रचाइ बक्सनु हवस् ❋ स्वामिन् ! हजुर्ले तहाँ ॥

(१४)

एती बिन्ति चढाइ ती नकुलजी ❋ पाऊ परेथे जसै ।
आज्ञा भो हरिबाट हाँसिकन फेर् ❋ यस्ता तवर्ले तसै ॥
प्यारे वीर ! धरेर धैर्य रहु लौ ❋ पुग्नेछ तिम्रो कुरा ।
क्लेशादी सब छुट्छ सौख्य बदला ❋ मद्दत् दिनेछू पुरा ॥

(१५)

पापीको सुख स्वप्न झैं नकुलजी ! ❋ जान्नू तिमीले यहाँ ।
पापी हुन् तिनि कौरवादि जति छन् ❋ त्यै हस्तिनापूरमा ॥
तिम्रा भूपति धर्मशील अति छन् ❋ हुन् भक्त मेरा तिनी ।
त्यस्ताको सब काम बन्छ सहजै ❋ पत्यार माने तिमी ॥

(१६)

बीयाँलो अब केहि छैन बुझि ल्यौ ❋ यै डेढ मैह्ना महाँ ।
तिम्रो काम बनाइ दिन्छु महले ❋ शङ्का नमान्नू यहाँ ॥
वाणी श्रीपतिका सुनी नकुलजी ❋ अत्यन्त खूशी भए ।
पाउमा शिर राखि ली कन बिदा ❋ आफू सभामा गए ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(१७)

आज्ञा पाइ गई गए नकुलजी ❋ पश्चात् हरीले पनी ।
आज्ञा दारुकलाइ बक्सनु भयो ❋ लौ हाँक घोडा भनी ॥
हाँके सारथिले रथै जब पुग्यो ❋ त्यै वारणावर्त्तमा ।
थामीयो रथ सात्यकी सित हरी ❋ उत्रे अनी भूमिमा ॥

(१८)

आए दर्शन गर्नलाइ हरिको ❋ ती पौरवासी पनी ।
राखे श्रीहरिलाइ ता महलमा ❋ हुन् पूज्य हाम्रा भनी ॥
सत्कारै गरि मेजमानि बहुतै ❋ तिन्‌ले खुशी भै गरे ।
त्यो रात् ताहिं सुतेर सात्यकि समेत् ❋ आराममा ती परे ॥

(१९)

बेला भो अरुणोदयै पनि हुने ❋ जागा हुनू भो हरी ।
ऊठे सात्यकि नित्य - कर्म दुइले ❋ गर्नूं भयो झट् गरी ॥
ल्याए दारुकले सजेर रथ फेर् ❋ दूवै जना चढ्नु भो ।
बीदा दी पुरवासिलाइ हरिले ❋ फेर् मार्ग लीनू भयो ॥

(२०)

सोधे सात्यकिले प्रभू सित तहीं ❋ हे नाथ ! सुन्छू भनी ।
इच्छा भो कुरुवंश भारत भयो ❋ कस्ता तवर्‌ले भनी ॥
यस्तो प्रश्न सुनेर माधवजिले ❋ हाँसेर भन्नू भयो ।
भाई ! पूर्व-कथा कहन्छु सुनि ल्यौ ❋ सुन्ने कुरा ठिक् छ यो ॥

कुरुवंशीको उत्पत्ति, दुष्यन्त-शकुन्तलाको इतिहास

(१)

श्रीमान् भूपति चन्द्रवंशि जुन हुन् ❋ दुष्यन्त भन्ने थिए ।
तिन्‌ले शत्रु जिती समस्त पृथिवी ❋ आफ्नै गराई लिए ॥
दानी वीर प्रतापि न्यायि र यशी ❋ राजा भएनन् कुनै ।
गर्थे पालन पुत्र जानि दुनियाँ- ❋ लाई हमेशा तिनै ॥

(२)

तिन्‌कै राज्य महाँ ठुलो वन थियो ❋ काहीं खजित्‌को अती ।
विश्वामित्र महा मुनी त्यहिं बसी ❋ ध्यानै विषे दी मती ॥
गर्थे ईश्वरको तपादि भजनै ❋ एकान्त ठाऊँ थियो ।
त्याहीं भन्दछु सात्यकी ! सुन तिमी ❋ यौटा तमाशा भयो ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(३)

यस्तै औसरमा अपूर्व रमणी ❀ स्वर्गाप्सरा जातकी ।
शृङ्गारादि गरेर सुन्दरि बनी ❀ श्रीमेनका नामकी ॥
आइन् मार्ग धरेर पो गगनको ❀ वीणा लिई हातमा ।
रत्नैको त किरीट चन्द्र सरिको ❀ तिन्का थियो माथमा ॥

(४)

माला नन्दन-बागका कुसुमका ❀ पैह्रेर शोभा भई ।
लाग्यो उड्न सुगन्ध त्यै समयमा ❀ वायू सँगैमा बही ॥
जाहाँ नेर मुनी थिए त्यहिं तिनी ❀ ओर्लेर चाँडो गरी ।
लागिन् गाउन खुब् वसन्त भनिने ❀ जुन् राग हो त्यै घरी ॥

(५)

वीणाका सुरमा मिलाइ कन खुब् ❀ गाना गरीथिन् जसै ।
देखे नेत्र उघारि ध्यानि मुनिले ❀ तिन्लाइ एक्ली तसै ॥
तिन्को सुन्दर रूपमा ति मुनि ता ❀ आसक्त हूँदा भए ।
आफूलाइ भुलेर एक टकले ❀ तिन्लाइ हेरी रहे ॥

(६)

सायङ्काल बितेर रात्रि हुन गो ❀ ती मेनका झट् उठी ।
विश्वामित्रजिका गई नजिकमा ❀ तिन्का सँगैमा बसी ॥
हातैले चिउँडो समाति मुनिको ❀ गर्दी भइन् चुम्बन ।
काखैमा मुनिका थचक्क ति बसिन् ❀ बिग्र्यो मुनीको मन ॥

(७)

सम्भोगै मुनिले तिनी सित गरे ❀ भर्ता तिनैका बनी ।
आनन्दै सँग बाह्र मास बिति गो ❀ दूवै जनाको अनी ॥
पश्चात् ज्ञान भयो र हा ! भुलि गएँ ❀ भन्ने पछूतो गरी ।
विश्वामित्र उठेर भागि ति गए ❀ छोडेर आफ्नी परी ॥

(८)

जन्मी एक कुमारि सुन्दरि अति ❀ ती मेनकाकी पनी ।
राखी त्यस्कन भूमिमा तिनि गइन् ❀ ऊडेर स्वर्गै अनी ॥
दूधै कत्ति नख्वाइ ती उडि गइन् ❀ लागेर भोकै अती ।
लागिन् रून कुमारि त्यै बखतमा ❀ चर्को स्वरैले अती ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(९)

त्याहीं कण्व ऋषी थिए नजिकमा ❋ शब्दै सुनी त्यस् घरी ।
हेर्दै आइ पुगे कुमारि बिचरी ❋ रुन्थिन् जहाँ बेसरी ॥
तिन्ले बोकि लगे तिनै कन अनी ❋ आफ्नै कुटी भित्र पो ।
गाईको दुध ख्वाइ पालन गरे ❋ त्यो जीव ठूलो भयो ॥

(१०)

गर्दै स्नेह ठुलो ति कण्व ऋषिले ❋ त्यै बालिकाको पनी ।
गर्दा लालन - पालनादि ति बढिन् ❋ राम्रै तरुणी बनी ॥
पुत्री ता परिकी हुँदा अधिक ती ❋ राम्री बईंस्मा भइन् ।
साथैमा ऋषि-पुत्रिका रहि तिनै ❋ खूब् शीलयुक्ता थिइन् ॥

(११)

थीयो नाम 'शकुन्तला' त तिनको ❋ हर्दम् कुटीमा रही ।
बस्थिन् त्यै बनमा पिता सित पढी ❋ विद्यादि जान्ने भई ॥
यस्तै औसरमा त एक दिन ती ❋ दुष्यन्त राजा पनी ।
खेल्दै खूब शिकार आइ बनमा ❋ तिन्लाइ देखे अनी ॥

(१२)

त्यै बेला ति शकुन्तला दुइ सखी ❋ लीई बनैमा गई ।
खेल्थिन् फूलहरू लिएर सँगमा ❋ गाँसेर माला तहीं ॥
राजा मोहित भै अगाडि उभिए ❋ सोधे यि को हुन् ? भनी ।
त्यै बेला नभ - वाणि बाट सुनियो ❋ यस्ता तवरले अनी ॥

(१३)

राजन् ! हुन् यि शकुन्तला बुझ सुता ❋ श्रीमेनकाकी पनी ।
विश्वामित्र पिताजि हुन् गइ गए ❋ गर्छू तपस्या भनी ॥
यिन्को जन्म दिएर छोडि ति गइन् ❋ देवेन्द्रका पासमा ।
पाले यिन् कन ल्याइ कण्व ऋषिले ❋ राखेर साथै महाँ ॥

(१४)

हे राजन् ! पटरानि यी हजुरकी ❋ हुन्छिन् अवश्यै गरी ।
कूरा कान विषे गए नृपतिका ❋ सुन्थे ति छक्कै परी ॥
थामीयो नभ-वाणी जुन् बखतमा ❋ दुष्यन्तजीले अनी ।
सोधे झट्ट शकुन्तला सित तहीं ❋ आसक्त साह्रै बनी ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(१५)

छोरी क्षत्रियकी तिमी त रहिछौ ❋ थाहा भयो यस् घरी ।
तिम्रा झैं गुण - शीलकी रुपवती ❋ पाइन्न खोजी गरी ॥
तीमीलाइ नजर् गरेर रसिली ! ❋ मोहान्ध हूँदो भएँ ।
मेरो चित्त हरी लियौ प्रियतमे ! ❋ साँचै बताई दिएँ ॥

(१६)

रानी आज बनाउँछू हिंड प्रिये ! ❋ रानी तिमीले भई ।
राज्ये आफु चलाउनू जगतको ❋ मेरा सँगैमा रही ॥
तिम्रो वर्णन गर्न रूप - गुणको ❋ शीलादिको ठिक् गरी ।
पाउँन्नन् उपमा सुयोग्य कविले ❋ सोचेर कस्तै गरी ॥

(१७)

पाएँ आज अमूल्य रत्न सरिको ❋ तिमूलाइ मैले यहाँ ।
आफ्नै आज नसीबको सहुनि ता ❋ सक्छु म गर्नें कहाँ ॥
बाँच्नै सक्तिनँ हे प्रिये ! तिमि बिना ❋ दुष्यन्त राजा यहाँ ।
तस्मात् बिन्ति म गर्दछू स्मितमुखी ! ❋ तिम्रा अगाडी महाँ ॥

(१८)

आऊ लौ उठ दूइ देहहरुको ❋ गर्दै मिलापै यहीं ।
एकै प्राण बनौं तिमी र मइँले ❋ एही बनैमा रही ॥
यस्ता बात सुनेर कण्व - ऋषिकी ❋ भन्छिन् सुपुत्री पनी ।
राजन् ! धैर्य धरेर बस्नु बढिया ❋ सम्पन्छ कार्यै अनी ॥

(१९)

आज्ञा प्राप्त न-भै ति कण्वऋषिको ❋ यो काम गर्दा महाँ ।
ठूलै हँस्सि हुनेछ हे नरपते ! ❋ हामीहरूको यहाँ ॥
अर्को रीत विवाह गर्दिन म ता ❋ भर्ता हजूरै हुने ।
साक्षी छन् अखिलेश व्यापक हरी ❋ मैले प्रणै यो भनें ॥

(२०)

सुन्दा यो प्रण अश्व बाट नृपती ❋ ओर्लें तिनी छन् जहाँ ।
औंला बाट झिकेर औंठि निजको ❋ तिन्के त औंला महाँ ॥
पैह्राई कन साक्षि राखि भगवान् ❋ जो हुन् जगत्‌का पती ।
गन्धर्वै त विवाह पो गरि लिए ❋ आनन्द मानी अती ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(२१)

साथैका सँगिनीहरू पर गए ❋ पुष्पादि टिप्नै भनी ।
राजा रानि दुवै घुमौं वन भनी ❋ हींडे ति जोडी बनी ॥
तिमूलाई लिन सैन्य पालिक सँग ली ❋ भोली कुटीमा म ता ।
आउने छु भनी बिदा भइ गए ❋ राजा शहर् हो जता ॥

(२२)

राजा फर्कि गए जसै नगरमा ❋ पूगिन् कुटीमा तिनी ।
औंछन् लागि गयो र खान कमती ❋ लागिन् तिनैले अनी ॥
ध्यानैले गरि जान्नु भो सब कुरा ❋ ती कण्वजीले तहाँ ।
सोध्नू भो ति शकुन्तला कन गई ❋ दुष्यन्तजी छन् कहाँ ॥

(२३)

सारा हाल भनी दिइन् र ऋषिले ❋ आज्ञा गरे यै अनी ।
धैर्यै राख शकुन्तले ! नृपति हुन् ❋ ऊँचा कुलैका तिनी ॥
यस्मा केहि कलङ्क छैन बुझि ल्यौ ❋ गन्धर्व बीहा भयो ।
क्षत्रीको यहि धर्म हो बुझ तिमी ❋ तिम्रो बिहा भै गयो ॥

(२४)

जन्म्यो पुत्र शकुन्तला कन ठिकै ❋ बेला पुगेका घरी ।
तिन्को नाम धरीदिए 'भरत' पो ❋ हेरेर राम्रो गरी ॥
वर्षै सोह्र उमेर भो भरतको ❋ खेल्थे बनैमा तिनी ।
हात्तीलाइ धरी लिई पुछरमा ❋ घुमाउँथे फन्फनी ॥

(२५)

व्याघ्रादी अनि सिंहलाइ तिनले ❋ खेलेर थप्पड दिंदा ।
तोरीको फुल देख्दथे तिनिहरू ❋ त्याहीं खडा पो हुँदा ॥
बस्थे शक्ति न-भै थचक विचरा ❋ त्यस् माथि बस्दै तिनी ।
खेल्थे खूब प्रसन्न भै हृदयमा ❋ घोडा यही हो भनी ॥

(२६)

तिन्लाई ऋषिले सुशिक्षित गरे ❋ विद्या पढाई वरी ।
सीके कण्वजि सीत राम्ररि धनु- ❋ र्वेदै त पूरा गरी ॥
अस्त्रादी बहुतै सिकाइ ऋषिले ❋ शस्त्रादि धेरै दिए ।
सुन्दैमा सब राज्य - नीति तिनिले ❋ कण्ठस्थ पारी लिए ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(२७)

राज्यै गर्न सुयोग्य छन् भरतजी ❋ एती ऋषीले गुने ।
डाकी आफ्नु नजीकमा अनि पछी ❋ तिन् सित एही भने ॥
तिम्रा बाबु ति चन्द्र-वंशि नृपती ❋ दुष्यन्त छन् राज्यमा ।
तिम्ले गै कन हेर्नु योग्य छ सुन्यौ ❋ सोही सभा मध्यमा ॥

(२८)

बूबाको गइ सामुमा अब तिमी ❋ हुकुम् चलाई रहू ।
अर्को छैन कुमार ता नृपतिको ❋ धेरै कुरा के कहूँ ॥
माता पुत्र दुवै जना तिमिहरू ❋ मेरा सँगैमा भई ।
जाऊँला सब हामि तीन जन ता ❋ बाटो शहर्को लिई ॥

(२९)

देख्दामा तिमिलाइ भूपति निकै ❋ खुशी हुनेछन् तहाँ ।
लैजान्छू तिमिहेरुलाइ मइँले ❋ त्यै राज - दर्बारमा ॥
भन्छन् फेरि शकुन्तलाकन ऋषी ❋ श्रीसूर्यको घाम् फुटी ।
राजालाइ सुखी गराउन सबै ❋ जाऊँ बिहानै उठी ॥

(३०)

यस्ता बात सुनी दुवै खुशि भए ❋ त्यो रात् बिती गै गयो ।
भोलीपल्ट बिहानमा सब उठे ❋ जाने तयारी भयो ॥
आफ्नू नित्य-क्रिया समाप्त गरि फेर् ❋ तीनै जना झट् गरी ।
बाटो लागि हिंडी सभा बिच पुगे ❋ दुष्यन्तका त्यै घरी ॥

(३१)

देख्दामा ऋषिलाइ भूपवरले ❋ ऊठेर ढोगै दिई ।
आफ्नै आसनमा बसाउनु भयो ❋ आफू खडा नै रही ॥
आशीर्वाद दिई भने ऋषिजिले ❋ राजन् ! कुमारै यिनी ।
जस्को नाम रही गयो भरत पो ❋ हुन् पुत्र तिम्रै पनी ॥

(३२)

पैहे एति भनी कुमार कन ता ❋ हेर्दै ऋषीले तहाँ ।
लाए दर्शन गर्नलाइ नृपका ❋ दुवै ति पाऊ महाँ ॥
देखे भूपतिले छ लक्षण सबै ❋ सम्राट् सरी देहको ।
लागे हेर्न प्रसन्न भै भरतकै ❋ माथी दिई दृष्टि पो ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(३३)

हातै पक्रि कुमारको ऋषिजिले ❀ आफ्ना सँगैमा तहाँ ।
राख्दा गह्रि विषे कुमार ति बसे ❀ श्री कण्वकै साथमा ॥
आइन् सोहि बखत् मयङ्क[1] वदनी ❀ ती[2] कण्व-पुत्री पनी ।
देख्दा खेरि शकुन्तला कन सबै ❀ सभ्यादि चित्रै बनी ॥

(३४)

तिन्का सुन्दर रूपको अति असल् ❀ राम्रो बनावट् महाँ ।
पर्दा दृष्टि समस्त सभ्यहरुको ❀ सुद्धी हरायो तहाँ ॥
राती चन्द्र उदाउँदा गगनमा ❀ कान्ती फिंजैं झैं गरी ।
आऊँदा तिनिले सभा - भवन मो ❀ जूनले उज्यालै सरी ॥

(३५)

देखी श्रीपतिदेवलाइ तिनिले ❀ आफ्ना मनैले गरी ।
ढोगिन् केहि कुरा नबोलि उ बखत् ❀ आँसू नजर्मा धरी ॥
रम्भा हुन् कि रती शची कि त यि हुन् ❀ श्रीमेनकामा कुनै ।
यस्तै तर्क ति गर्दथे सब जना ❀ भेऊ न - पाई कनै ॥

(३६)

चीह्नी प्यारि शकुन्तला कन तहाँ ❀ दुष्यन्तजीले अनी ।
सोधे सुन्दरि ! ह्वौ नि को भन तिमी ❀ के काम आयौ भनी ॥
भन्छिन् झट्ट शकुन्तला नृपतिका ❀ हेरी मुहारै महाँ ।
चिह्नी बक्सिनमा कि भूल हुन गो ❀ हे नाथ ! ऐहे यहाँ ॥

(३७)

की खेलाँचि गरेर मर्जि हुन गो ❀ यो दासिलाई पनी ।
भूली बक्सनु भो कि राज्य-सुखमा ❀ डूबेर लुब्धै बनी ॥
दासी हूँ म शकुन्तला हजुरकी ❀ हाम्रो बनै बीचमा ।
बिर्सी बक्सनु भो कि जो मिलन मो ❀ राम्रो लता - कुञ्जमा ॥

(३८)

त्याहीं नेर त कण्व - आश्रम थियो ❀ त्यै सम्झनू होस् यहाँ ।
थीयो जो जमुनाजिका त तटको ❀ सोही लता - कुञ्जमा ॥
गन्धर्वै - रितको गरी कन बिहा ❀ यो हात धर्नू भयो ।
मोली लीन म आउनेछु कहँदै ❀ छोडेर जानू भयो ॥

१ चन्द्रवदनी । २ शकुन्तला ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(३९)

एती बिन्ति चढाइ फेर् भरतको ❀ जन्मै भएको कुरा।
सूनाइन् ति नरेशलाइ तिनिले ❀ सोही सभामा पुरा॥
हाँसी भूपतिले भने उहि बखत् ❀ कूरा अनौठा सुनें।
देखेको पनि छैन जस् कन उही ❀ आएर रानी हुने॥

(४०)

यस्तै स्त्रीहरुलाइ सज्जनहरू ❀ वेश्या भनी ठान्दछन्।
धेरै पूरुषलाइ यै किसिमले ❀ नारीहरू ठग्दछन्॥
सुन्नु होस् सब सभ्यले यिनि पनी ❀ ठग्ने इरादा धरी।
आइन् रानि हुना निमित्त म कहाँ ❀ अत्यन्त लोभै गरी॥

(४१)

सुन्नासाथ शकुन्तला स्वर पनी ❀ चर्को गराई तहाँ।
भन्छिन् भूप ! पतिव्रता कन तिमी ❀ त्याग्छौ भने ता यहाँ॥
हूनन् तेज - विहीन नेत्र दुइटै ❀ तिम्रा अवश्यै पनी।
साँचै हूँ म पतिव्रता यदि भने ❀ जो छन् जगत्‌का धनी॥

(४२)

दीनन् यै घरिमा गवाहि नृपते ! ❀ एती भनीथिन् जसै।
वाणी भो नभ बाट सभ्यहरुले ❀ सुन्दा भए झट् तसै॥
हे राजन् ! यि शकुन्तला कन तिमी ❀ आफ्नै त नारी भनी।
जानीलेउ सुपुः यी भरत हुन् ❀ तिम्रै त छोरा पनी॥

(४३)

विश्वामित्र नरेशकी त दुहिता ❀ क्षत्रीय - बाला यि हुन्।
यिन्‌को नाम शकुन्तला छ नृपते ! ❀ यी झैं अरू पो छ कुन्॥
जानीलेउ पतिव्रता यि कन ता ❀ यी मेनकाकी पनी।
पुत्री हुन् गर अंगिकार अहिले ❀ मेरी यि रानी भनी॥

(४४)

सो सुन्दा सब सभ्यले नृपतिमा ❀ बिन्ती गरे यो तहाँ।
रानीलाइ र पुत्रलाइ प्रभुले ❀ स्वीकार गर्नोस् यहाँ॥
ठूलो धर्म पतिव्रता - धरम हो ❀ त्यसकै त शक्ती भई।
वाणी भो नभ बाट जौन नृपते ! ❀ मान्नू छ योग्यै उही॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(४५)

खूशी भै कन भूप बाट ति कुरा ❀ मञ्जूर गर्दै तहाँ ।
रानीलाइ र पुत्रलाइ ग्रहणे ❀ गर्दा भए हर्षमा ॥
बूबाका पछि ती भए भरत नै ❀ राजा सबै राज्यको ।
नाऊँ भारतवर्ष पो रहि गयो ❀ एही त भू - भागको ॥

(४६)

भूमन्यू सुत हुन् यिनै भरतका ❀ भूमन्यु बाटै पनी ।
जन्मे पुत्र सुहोत्रजी सुत भए ❀ यिन्का त हस्ती भनी ॥
तिन्कै नाम लि हस्तिनापुर बन्यो ❀ ती हस्तिका पुत्र पो ।
जन्मे वीर अती विकुण्ठन भनी ❀ यिन्का पनी पुत्रको ॥

(४७)

नामै हो अजमीढ एहि बुझनू ❀ यिन् बाट जन्मे कुरू ।
यिन्ले नै कुरुक्षेत्रमा बसि सदा ❀ गर्थे रजाइँ अरू ॥
सन्तानै कुरु वंशि पो हुन गए ❀ जन्मे अरू जो यहाँ ।
आज्ञा गर्नु भयो यही प्रभुजिले ❀ ती सात्यकीमा तहाँ ॥

(४८)

पुग्यो त्यो रथ हस्तिनापुर महाँ ❀ वायू गतीले गरी ।
कुन्ती हुन् प्रभुकी फुपू ति कन ता ❀ भेट्ने इरादा धरी ॥
पाल्नू भो रथ बाट उत्रि प्रभुजी ❀ कुन्तीजिका द्वारमा ।
खूशी भै कन हे फुपू ! भनि हरी ❀ पुगे तिनी थिन् जहाँ ॥

श्रीकृष्णले कुन्ती र विदुरसित भेट गर्नु

(१)

देखी श्रीहरिलाइ कुन्ति बहुतै ❀ खूशि भइन् त्यै घरी ।
पैह्ले प्रश्न भयो सबै कुशलको ❀ राम्रा तवर्ले गरी ॥
कुन्तीले हरिलाइ आसन दिइन् ❀ बस्ना निमित्तै महाँ ।
बस्नू भो हरि इष्ट आसन विषे ❀ खूशी हुँदै चित्तमा ॥

(२)

भन्छिन् हे हरि ! पाँच पाण्डवहरू ❀ चूपै रही यस् घरी ।
के गर्छन् बसि सम्धिका मुलुकमा ? ❀ व्यर्थै बियाँलो गरी ॥
अत्याचार असह्यको सहि खपी ❀ ती कौरवैको पनि ।
मौनै छन् अझ सम्म कीन यसरी ? ❀ नामर्द जस्तै बनी ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(३)

क्या बात् ! धन्य पतिव्रता हुन गइन् ❋ हाम्री बुहारी तिनी ।
जस्ले दुःख सहिन् पती सित रही ❋ छाया समाने बनी ॥
अल्छी ठान्दछु पुत्रहेरु कन ता ❋ सामर्थि हुँदै पनी ।
बस्छन् कौरवको लिएर डर पो ❋ लूते र चाम्रे बनी ॥

(४)

होला फेर् उदयै र पुत्रहरुको ❋ मैले सँगैमा रही ।
देखूँ ली तिनिको भनी चकचकी ❋ खुब् राजमाता भई ॥
एही आस धरेर यस् हृदयमा ❋ बाँची रहेकी थिएँ ।
तिन्ले अल्छि हुँदा थियो हृदयको ❋ आशा जउन् छोड् दिएँ ॥

(५)

भन्नू भो हरिले सुनेर इ कुरा ❋ श्रीफूपुलाई तहाँ ।
ठूलैलाइ त दुःख पर्छ भनि यो ❋ जाहेर् छ संसारमा ॥
दुःखै मान्नु हुँदैन क्यै हजुरले ❋ ती कौरवैले पनी ।
दिन्नन् ता यदि राज्य युद्ध गरदै ❋ जीतेर ल्यूँला अनी ॥

(६)

सोही कार्य निमित्त आउनु पऱ्यो ❋ मैले यहीं यस् घरी ।
फिक्री केहि नमानि बक्सनुहवस् ❋ चिन्ता मनैमा धरी ॥
यस्तै बात गरी बुझाइ बहुतै ❋ जान्छू म ऐह्ले भनी ।
जानू भो प्रभुजी उठी नगरको ❋ बाटो लिएरै अनी ॥

(७)

श्रीदुर्योधनको गई महलमा ❋ श्रीकृष्ण पस्नू भयो ।
देख्दा श्रीहरिलाइ चित्त तिनको ❋ अत्यन्त खूशी भयो ॥
ऊठी आदरले प्रणाम गरदै ❋ राखेर गद्दी महाँ ।
सोधे प्रश्न पनी त फेर् कुशलको ❋ श्रीकृष्णलाई तहाँ ॥

(८)

फेरी बिन्ति गरे प्रभो ! हजुरले ❋ ऐह्ले कृपाले गरी ।
ज्यूनार् गर्नु पऱ्यो यहीं सब कुरा ❋ तैयार छन् यस् घरी ॥
ख्वाऊँला म हजूरलाइ कहिल्यै ❋ मेरा घरैमा भनी ।
आँटेको त थिएँ उ पूर्ण हुनको ❋ आएछ बेला पनी ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(९)

दूतै हूँ नृपते! म पाण्डु-सुतको ❋ मन्दै हरीले अनी ।
आज्ञा गर्नु भयो कसोरि मइँले ❋ खानू अतीथी बनी ॥
कार्यै सिद्ध नभै बसी हजुरका ❋ साथै म खान्छू कहाँ ।
दूतैको पनि धर्म थाम्नु परने ❋ हूँ दैन फाल्नू यहाँ ॥

(१०)

राजन्! बस्छ सभा जउन् समयमा ❋ भोली तहीं आउँला ।
बूबाको सँगमा हजूर पनि त्यैं ❋ बस्नू म सूनाउँला ॥
दूतै भै कन पाण्डवादिहरुको ❋ सन्देश गर्दा खुला ।
कार्यै सिद्ध भएछ पो यदि भने ❋ आई यहीं खाउँला ॥

(११)

हूकुम् कृष्णजिको सुनेर मनमा ❋ ऊठेर रीसै पनी ।
रातो भो मुख ता सुयोधनजिको ❋ सिन्दूर जस्तै बनी ॥
यिन्लाई रिस भो भनेर प्रभुले ❋ निस्केर चाँडो गरी ।
जानू भो घरमा तिनै विदुरको ❋ भेट्ने इरादा धरी ॥

(१२)

देख्दै कृष्णजिलाइ ती विदुरले ❋ ऊठेर चाँडो गरी ।
पाऊमा परि दण्डवत् गरि लिए ❋ हर्षाश्रु त्यागै गरी ॥
तिन्लाई करले उठाइ हरिले ❋ झट् अङ्कमालै गरे ।
भक्तै हुन् तिनि ता प्रसन्न मन भो ❋ आनन्दमा ती परे ॥

(१३)

श्रीनारायण कृष्णलाइ तिनिले ❋ पाऊ धुवाई अनी ।
ल्याए भोजन गर्नलाइ खुशि भै ❋ पूरी र सागै पनी ॥
भक्तै मनसूब पूर्ण गरना ❋ खातिर् प्रभूले तहीं ।
ज्यूनारै गरि बक्सियो पुरि र साग् ❋ अत्यन्त खूशी भइ ॥

(१४)

रात्री त्याहिं बिताइ बक्सनु भयो ❋ तिन्का रही पासमा ।
भोलीपल्ट उठेर ती विदुरले ❋ श्रीकृष्णका साथमा ॥
एही बिन्ति गरे प्रभो! हजुरले ❋ व्यर्थै सवारी भयो ।
त्यो दुर्योधन दुष्ट हो छल गरी ❋ गर्नै अनिष्टै छ पो ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(१५)

दुष्टात्मा कन अर्ति दिन्छु म भनी ❋ हे नाथ ! ऐहे यहाँ ।
पाल्नू भो तर ठान्छु एहि मनले ❋ सोही सभा बीचमा ॥
गर्ला क्ये अपमान की हजुरको ❋ दुर्योधनैले भनी ।
चिन्ताले मन खिन्न भो यदुपते ! ❋ आज्ञा भयो यो सुनी ॥

(१६)

कल्याणै दुइ तर्फ होस् सब जना ❋ बाँचुन् नजाउन् मरी ।
भन्ना खातिर अर्ति तिन्कन दिने ❋ एही इरादा धरी ॥
आएकोछु म बोल्दछू उहि कुरा ❋ मान्नन् त जाती भयो ।
मानेनन् यदि युद्ध पर्छ उसमा ❋ तिन्को त ज्यानै गयो ॥

(१७)

त्यस्को ता अपमानको भय रती ❋ मान्दीन मैले यहाँ ।
हातै छोड्न तयार जो जति हुनन् ❋ तिन्लाइ छोड्छू कहाँ ॥
सारालाइ म मार्दछू सहजमा ❋ एकै पला पो छिती ।
केही फिक्रि नलेउ हे विदुरजी ! ❋ तिन्कै हुने हो इती ॥

(१८)

यस्ता बात गरेर कर्म जुन हो ❋ नित्यादिको त्यै गरी ।
अर्को वस्त्र लगाइ बक्सनु भयो ❋ श्रीकृष्णले त्यै घरी ॥
आज्ञा गर्नु भयो सुन्यौ विदुरजी ! ❋ हाम्लाइ लीनै भनी ।
आऊनेछ सुयोधनै हुकुमले ❋ आफ्ना बुबाको पनी ॥

कौरव-सभामा श्रीकृष्णको प्रवेश तथा उपदेश

(१)

पाल्नू भो हरि हस्तिनापुरि महाँ ❋ भन्ने खबर् यो सुनी ।
खूशी भै धृतराष्ट्रले प्रभुजिको ❋ ल्याऊ सवारी भनी ॥
छोरालाइ पठाउँदा सँग-सँगै ❋ सेना रथादी लिई ।
ताहीं आइपुगे सुयोधन पनी ❋ खूशी मनैमा भई ॥

(२)

बिन्ती झट्ट गरे सुयोधनजिले ❋ हे नाथ ! हूकुम् भई ।
आएको छु सवारि लीन प्रभुको ❋ जाऊँ सभामा उहीं ॥
बिन्ती यो सुनि सात्यकी र विदुरै- ❋ लाई लिई साथमा ।
बस्नू भो रथमा चढी जब हरी ❋ बाजा बजे तालमा ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(३)

गर्दै मङ्गल-गान-कीर्तन खुबै ❋ बाटो समाको घरी ।
बिस्तारै सित सो कटक् हिंडि गयो ❋ शोभा बहुतै गरी ॥
त्यै बेला पुर-वासि बालक युवा ❋ वृद्धादि जम्मा भई ।
लागे हिंड्न पछी सवारिसित पो ❋ अत्यन्त खुशी भई ॥

(४)

साथैका पुर-वासिले खुशि हुँदै ❋ मीठा स्वरैले गरी ।
श्रीनारायण कृष्णको जय हवस् ❋ भन्थे पुकारा गरी ॥
सोही शब्द सुनेर नारिहरुले ❋ चौंडै अटाली चढी ।
लागे छर्न अबीर फूल तुलसी ❋ लावा मुठीमा भरी ॥

(५)

जो नारी गृहकार्यमा उस बखत् ❋ लागी रहेका थिए ।
तिन्ले काम चटक्क छोडि दगुरी ❋ झ्याल् खिड्कि खोली दिए॥
आफ्नू मस्तकलाइ बाहिर गरी ❋ हेर्दा सडक् बीचमा ।
पाई दर्शन कृष्णको जय भनी ❋ गर्थे प्रणामै तहाँ ॥

(६)

झ्यालै बाट मुठी भरी-भरि लिंदै ❋ लावा अबीरै पनी ।
वर्षा गर्न शुरू गरे हरि उपर् ❋ सारा जनाना अनी ॥
पुष्पै वर्षणका ति फूलहरुले ❋ शोभा निकै भै गयो ।
बाटो ता अबिरै अबीर हुनगै ❋ सम्पूर्ण रातो भयो ॥

(७)

चारै तीर दिएर दृष्टि हरिले ❋ हाँस्दा मुसुक्कै गरी ।
प्रणी दर्शक मोहिनी सकलमा ❋ मुग्धै भए त्यस् घरी ॥
पुग्दा द्वारमहाँ सवारि हरिको ❋ थामे रथादीहरू ।
ओर्ली बक्सनु भो हरी सब जना ❋ उत्रे थिए जो अरु ॥

(८)

श्रीदुर्योधनले सवारि हरिको ❋ आफू अगाडी भई ।
देखाई कन मार्ग ली जब गए ❋ पौंच्यो सवारी गई ॥
ऊठे जुर्जुरि भूपतिहरु सबै ❋ वीरादि सभ्यै जती ।
साराले निहुरी प्रणाम गरियो ❋ आनन्द मानी अती ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(९)

इच्छाले धृतराष्ट्रको कर धरी ❋ ती संजयैले तहाँ।
डोर्‍याई तिनलाइ श्रीप्रभुजिका ❋ ल्याए अगाडी महाँ ॥
खूशी भै धृतराष्ट्रजी त हरिका ❋ पाऊ विषे झट् परे।
तिन्लाई हरिले उठेर खुशि भै ❋ फेरू अङ्कमालै गरे ॥

(१०)

जुन् सिंहासन स्वर्णमा पनि जुहार् ❋ घेरै जडेको भई।
मख्मल्को पनि गद्दिले गजबको ❋ शोभा उसैको भई ॥
देख्दा उच्च थियो गएर प्रभुजी ❋ त्यस् माथि बस्दा भए।
त्यै बेला नृपती र सभ्यहरुले ❋ स्थानादि आफ्नू लिए ॥

(११)

देवर्षी परशूधरै अनि ऋषी ❋ देवल् यि तीनै जना।
यस्तै औसरमा पुगे ति कुरुका ❋ ठूलो सभा बीचमा ॥
आएकाहरुलाइ स्वागत गरी ❋ सिंहासनैमा धरे।
थीए कृष्ण जहाँ समस्त जनले ❋ आँखा उतै पो गरे ॥

(१२)

भन्नू भो हरिले त उच्च स्वरले ❋ राजन्! म भन्छू यहाँ।
कल्याणै सबको विचारि मनले ❋ आएँ सभा बीचमा ॥
यस्का लागि त मेल नै छ बढिया ❋ त्यै मेल् गराऊँ भनी।
आएँ कौरव पाण्डवादिहरुको ❋ आफैं हितैषी बनी ॥

(१३)

राजन्! कौरव-वंश हो अति ठुलो ❋ क्षत्रीयको लोकमा।
यस्का माफिक वंश पृथ्वितलमा ❋ खोजेर मिल्ला कहाँ ॥
यस्ता उच्च प्रसिद्ध भव्य कुलका ❋ यी कौरवैले पनी।
न्यायै देखि विरुद्ध कर्म गरनू ❋ हूँदैन पापी बनी ॥

(१४)

दीनै योग्य छ भ्रात - अंश जुन हो ❋ केही न लोभै लिई।
त्यस् माथी पनि लोभ राखि बहुते ❋ ठिक् माइमारा भई ॥
बस्दामा नर - लोकमा कुरुपते! ❋ को भन्छ राम्रो भनी।
यस्तो कार्य गरे समस्त कुल पो ❋ होला खरानी पनी ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(१५)

आफूले पनि भूपते ! सब कुरा ❋ सोची अगाडी सरी ।
हा ! यस्तो गरनू हुँदैन तिमिले ❋ भन्ने कुरा पो गरी ॥
तिन्को चित्त बुझाइ अर्ति पनि दी ❋ धर्मी बनाई यहाँ ।
पापै बाट बचाउनू पनि थियो ❋ सुद्दी हरायो कहाँ ॥

(१६)

दूवै वंशजले त मेल गरदै ❋ राज्यै गरुन् ता यहाँ ।
स्वर्गैका सब देवताहरु पनी ❋ सक्थे ति जित्नै कहाँ ॥
हूने छन् विजयी यिनै पृथिविमा ❋ यी झैं बलीया अरू ।
देख्नू दुर्लभ पो हुनेछ नृपते ! ❋ मेलै छ जाती भनू ॥

(१७)

छोरा झैं गरि पालि बक्सनु भयो ❋ जस्लाइ पैह्ले यहाँ ।
त्यस्तालाइ कसोरि शत्रु सरिको ❋ ठान्नू भएको यहाँ ॥
श्रीदुर्योधनमा र धर्मसुतमा ❋ प्रीती समानै धरी ॥
मेलै पो त गराउनू उचित हो ❋ यै ठान्दछू यस् घरी ।

(१८)

राजन् ! पाण्डवको सुनाउँछु कुरा ❋ भन्नू भनेको जती ।
ध्यानै दी कन सुन्नु होस् हजुरले ❋ एकाग्र पारी मती ॥
हाम्रो ढोग प्रणाम बिन्ति गरनू ❋ सेवा सुनाई तहाँ ।
भन्थे धर्मकुमारले भनि दिएँ ❋ सोही मईले यहाँ ॥

(१९)

भन्थे भूपति बाट न्याय गरनू ❋ कर्त्तव्य हो ता पनी ।
गर्दैनन् किन न्याय हामिहरुको ❋ अन्यायि जस्ता बनी ॥
हामीले प्रणको पुरा गरि लियौं ❋ संकष्ट खप्दै अती ।
आफ्नू बात नराखि आज यिनले ❋ कस्तो लिएका मती ॥

(२०)

राजासीत त न्याय माग्नु परने ❋ रीती हुनाले गरी
माग्छौं न्याय हजूर सीत नृपते ! ❋ आशा - भरोसा धरी ॥
हाम्रो अंश बुझाउनू पनि थियो ❋ त्यै मार्नलाई भनी ।
सल्लाहा लिइ दुष्टको कुरुपती ❋ गर्छन् अनीती पनी ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(२१)

पुत्रैको मुख हेरि न्याय न-गरी ❁ बस्दा छ पापै यहाँ।
राजाको प्रिय न्याय हुन्छ सुत पो ❁ प्यारो हुने हो कहाँ॥
न्यायै पालन गर्नलाइ अघिका ❁ राजाहरूले यहाँ।
त्यागे पुत्र परन्तु न्याय कन ता ❁ पाले यही लोकमा॥

(२२)

एती श्रीधृतराष्ट्रलाइ भनि फेर् ❁ सभ्यादिलाई पनी।
हेर्दै कृष्णजिले सुनाउनु भयो ❁ यस्तो तवर्ले अनी॥
सभ्यादीहरुमा र पञ्चहरुमा ❁ क्यै छैन फर्कै पनी।
न्यायै गर्नु त काम हो ति सबको ❁ ठिक् न्यायमूर्ति बनी॥

(२३)

राजालाइ त न्याय - सम्मति कुरा ❁ भन्नू र सम्झाउनू।
यै हो धर्म ति सभ्यको जगतमा ❁ अन्याय थन्क्याउनू॥
जो - जो कौरवले गरे उहि सबै ❁ सभ्यादिले जान्दछन्।
जस्तो पाण्डव बाट पो सहन भो ❁ सोही पनी जान्दछन्॥

(२४)

धर्मात्मा सब पाण्डवादिहरु छन् ❁ संसारमा यस् घरी।
आफ्नू सम्मति सभ्यले अब दिउन् ❁ राम्रो विचारै गरी॥
अन्यायै गरि अंश पो नदिनु यो ❁ कस्ले सभा बिचमा।
बोल्ला सभ्य भई असम्भव कुरा ❁ भन्छू मईले यहाँ॥

(२५)

यस्ता कृष्णजिका कुरा सुनि सबै ❁ राजाहरू त्यै घरी।
त्यै दुर्योधनको उपस्थिति हुँदा ❁ चूपै रहे डर् गरी॥
यस्तै औसरमा भृगूपतिजिले ❁ सोही सभा बीचमा॥
लाग्नू भो इतिहास भन्न खुशि भै ❁ यस्ता तवर्ले तहाँ।

गरुड, गालव र दंभोद्भवको कथानक

(१)

राजन्! यै नरलोकमा अघि कुनै ❁ दंभोद्भवै नामका॥
राजा खूब प्रतापि पो भइ गए ❁ प्रख्यात सामर्थ्यका॥
पातालै नरलोक स्वर्ग भनिने ❁ यी तीन लोकैहरू।
ठूलो युद्ध गरी जिती कन लिए ❁ त्यस्को कुरा के गरूँ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(२)

जीतें आज जगत् भनेर हुन गो ❀ तिन्लाइ शेखी अती ।
कोही भूप रहेन बाँकि जितनू ❀ जीते भएका जती ॥
श्रीनारायणलाइ जित्दछु भनी ❀ इच्छा तिनैले लिए ।
ठूलो सैन्य लिएर ता नृप उठी ❀ तिन्का नजीकै गए ॥

(३)

श्रीनारायणलाइ जित्दछु भनी ❀ सेना ठुलो साथ ली ।
पूगे है जब सामुमा प्रभुजिले ❀ सानू तृणै हात ली ॥
त्यस्लाई अभिमन्त्रिते गरि छिटै ❀ त्यागी दिदामा तहाँ ।
सारा फौज पटापटी मरि गिरे ❀ तिन्का अगाडी महाँ ॥

(४)

श्रीनारायणलाइ झट्ट नृपले ❀ हेरे उदेक् भै जसै ।
देखे है नरको छ रूप प्रभुको ❀ अर्कै भएको तसै ॥
एती बात सुनाइ पर्शुधरले ❀ भन्छन् सभा बीचमा ।
राजन्! कृष्ण उनै त हुन् बुझ तिमी ❀ नारायणै पो यहाँ ॥

(५)

श्रीनारायण बाट रूप नरको ❀ लीनू भएथ्यो जउन् ।
ती ता अर्जुन नै भनेर बुझनू ❀ एहे त जो पार्थ हुन् ॥
दूवै मूर्ति ति एक हुन् हरि उनै ❀ को सक्छ जित्नै पनी ।
तस्मात् सन्धि छ गर्नु जाति अहिले ❀ सारा यि बाँचुन् भनी ॥

(६)

भन्छन् फेरि तहीं ति कण्व ऋषिले ❀ श्रीमातलीको पनी ।
थीइन् जो गुणकेशि नाम दुहिता ❀ राजी तिनैले बनी ॥
बीहा नाग - कुमारका सँग गरिन् ❀ देवेन्द्र खूशी भए ।
ख्वाई अमृत नागलाइ अमरै ❀ तिन्ले गराई दिए ॥

(७)

ख्वाई अमृत ता अजम्मर गरे ❀ त्ये नागलाई भनी ।
रीसाएर गए छिटै गरुडजी ❀ देवेन्द्र काहाँ अनी ॥
देखी इन्द्रजिलाइ फेर् गरुडले ❀ अत्यन्त क्रुद्धै भई ।
लागे भन्न पियाइ अमृत दियौ ❀ त्यो नागलाई गई ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(८)

मेरा भक्ष समस्त नागहरु हुन् ❋ तिम्ले सुमूखै कन ।
खाई अमृत पो वृथा गरि दियौ ❋ कैल्यै नमर्ने किन ॥
यस्को दण्ड म दिन्छु विष्णु सित के ❋ डर् मान्दछु यस् घरी ।
विष्णूकै भर राख्दछौ तिमि भनी ❋ थाहा छ राम्रै गरी ॥

(९)

पीठ्यूँमा जुन विष्णुलाइ म सदा ❋ बोक्छू रुखो झैं गरी ।
त्यस्ताको डर लिन्न को छ बलियो ❋ मै तुल्य मेरा सरी ॥
शेखीका यि कुरा सुनी गरुडका ❋ नारायणैले तहाँ ।
मन्नू भो प्रकटै भई गरुडका ❋ साम्ने अगाडी महाँ ॥

(१०)

गर्छौ शेखी ठुलो वृथा गरुडजी ! ❋ बोक्छू म हर्दम् भनी ।
हौ दिन्छू हलुको र पो तिमि सुन्यौ ❋ बोक्छौ मलाई अनी ॥
यस्को जाँच पनी तुरुन्त गर लौ ❋ तिम्रो त काँधै महाँ ।
दाहीने कर राखि दिन्छु मइले ❋ लौ त्यो हटाऊ यहाँ ॥

(११)

पैह्ले एति सुनाइ हात प्रभुले ❋ यौटा त काँधै महाँ ।
राखी बक्सनु भो जसै गरुडको ❋ शक्ती हरायो तहाँ ॥
बोझाले करको अचेत ति भए ❋ झट् पक्षि - राजा तिनी ।
ती विष्णू कन जान सभ्यहरु हो ! ❋ हुन् कृष्ण यीनै भनी ॥

(१२)

धर्मैं हुन्छ जता उतै हरि पनी ❋ हुन्छन् अवश्यै गरी ।
धर्मी पाण्डव छन् उतै प्रभुजि छन् ❋ श्रीकृष्ण रूपै धरी ॥
त्यस्ता पाण्डवका अगाडि रणमा ❋ हामी जितौंला भनी ।
आँट्नू कौरवहेरुले गजब हो ❋ मर्छन् अवश्यै तिनी ॥

(१३)

भन्छन् नारदले सुन्यौ ! नरपते ❋ जिद्दी खराब् हो अती ।
भन्छन् है हठलाइ जिद्दि सबले ❋ जिद्दी न-गर्नू रती ॥
जिद्दीको इतिहास भन्छु सुनिल्यौ ❋ तिम्रा अगाडी महाँ ।
थीए गालब नामका ऋषि कुनै ❋ आफ्ना गुरूजी कहाँ ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(१४)

विश्वामित्रजिका रहेर सँगमा ❋ ती गालबैले पनी ।
विद्या खूब पढेर पण्डित भए ❋ जाऊ घरैमा भनी ॥
दीनू भो गुरुले बिदा र खुशि भै ❋ चेला कहन्छन् तहाँ ।
माग्नूहोस् गुरु-दक्षिणा म सित क्यै ❋ दिन्छू म ल्याई यहाँ ॥

(१५)

विश्वामित्रजिले सुनेर इ कुरा ❋ भन्नू भयो फेर् तहाँ ।
खूशी छू तिमि देखि लिन्न मइँले ❋ क्यै दक्षिणा पो यहाँ ॥
सुन्दा जिद्दि गरे ति गालवजिले ❋ माग्नोस् म दिन्छू भनी ।
जिद्दी गर्नु खराब हो नगर यो ❋ भन्नू भयो फेर् अनी ॥

(१६)

सम्झाए भरिसक्य ताहिं गुरुले ❋ पर्दैन दीनू भनी ।
छाडेनन् ढिपि जिद्दी गर्न तिनिले ❋ भन्थे म दिन्छू भनी ॥
देख्दा जिद्दि ठुलो ति गालवजिको ❋ भन्छन् गुरुले तहाँ ।
देऊ आठ सए मलाइ तिमिले ❋ श्यामूकर्ण घोडा यहाँ ॥

(१७)

ल्याई दिन्छु गुरो ! भनेर ति गए ❋ ऊठेर चाँडो गरी ।
डेरामा गइ खुब् विचार तिनिले ❋ गर्दा भए त्यै घरी ॥
भन्छन् ती मनमा मलाइ मदतै ❋ को गर्न सक्ला यहाँ ।
श्यामैकर्ण ति अश्व आठ सय पो ❋ पाइन्छ खोजी कहाँ ॥

(१८)

मैले श्रीगुरुजी कहाँ प्रण गरें ❋ दीनेछु ल्याई भनी ।
सो आफ्नू प्रण पूर्ण पारुँ कसरी ? ❋ हूँदै कुराको धनी ॥
जस्को बात रहन्न क्यै तरहले ❋ त्यस्लाइ ज्यूँदो भनी ।
भन्दैनन् मृतकै समान उ भयो ❋ बाँची रहेको पनी ॥

(१९)

यस्तो जीवन राखि काम कुन पो ❋ दीनेछ संसारमा ।
वस्नू नै छ निको बरु खुशि हुँदै ❋ मीलेर पञ्चत्वमा ॥
यस्तै तर्क ति गर्दथे गरुडजी ❋ ऊडेर आई तहाँ ।
लागे भन्न न फिक्रि लेउ तिमिले ❋ हे मित्र ! संसारमा ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(२०)

गर्नु पर्छ उपाय बन्छ अनि पो ❀ कार्यादि राम्रो गरी ।
पूरा हुन्छ उही प्रयत्न गरदा ❀ उत्साह ठूलो धरी ॥
लौ आऊ बस काँधमा बरु सखे ! ❀ राजा ययाती कहाँ ।
लैजान्छू तिमिलाइ दान तिमिले ❀ माग्नू ति घोडा तहाँ ॥

(२१)

यस्ता बात सुनी खुशी मन भयो ❀ सोही बमोजिम् गरी ।
काँधैमा ति बसे ! उडे गरुडजी ❀ मानू बतास्कै सरी ॥
दानी भूपति श्रीययाति नृपका ❀ पूगे सभामा गई ।
लागे भन्न नरेन्द्र ! गालव म हूँ ❀ क्यै माग्न आएँ यहीं ॥

(२२)

राजन् ! श्रीगुरुदक्षिणा दिन भनी ❀ श्यामकर्ण घोडा यहाँ ।
माग्छू आठ सए मलाइ दिनु होस् ❀ खूशी हुँदै दानमा ॥
राजाले पनि भन्दछन् यति सुनी ❀ जो लट्टि-पट्टी थियो ।
पैल्है दान गरी दिएँ महलमा ❀ क्यै छैन खाली भयो ॥

(२३)

मैयाँ राजकुमारि एक अब छन् ❀ अत्यन्त राम्री यहाँ ।
मैले दिन्छु तपाइँलाइ अहिले ❀ लैजानु होस् साथमा ॥
तिन्कै ता बदला महाँ हयहरू ❀ प्राप्तै हुने छन् अनी ।
दी दीनू गुरुदक्षिणा खुशि हुँदै ❀ हूँदै कुराका धनी ॥

(२४)

मैयाँ माधविलाइ सम्पनु भयो ❀ एती सुनाई तहाँ ।
साथै ली नृप-पुत्रिलाइ ति गए ❀ सोझै अयोध्या महाँ ॥
राजा दानि थिए बहूत धनवान् ❀ हर्यश्व भन्ने वहाँ ।
मैयाँ दी तिनिलाइ हाल ऋषिले ❀ सारा सुनाए तहाँ ॥

(२५)

भन्छन् भूपति अश्व छन् म सित ता ❀ त्यस्ता दुई सौ अती ।
भन्छन् गालवले विचारि मनले ❀ सुन्नू भयो भूपति ॥
होला माधविलाइ पुत्र जब ता योटा ❀ तिनीले अनी ।
त्याग्नेछन् तिमिलाइ गै अरु सितै ❀ घोडा निमित्तक् पनी ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(२६)

त्यै स्वीकार गरीलिए नृपतिले ❋ त्याहीं रहिन् माधवी ।
तिन्को पुत्र भयो जसै वसुमना ❋ त्यागी दिइन् भूपती ॥
साथै गालवका चढी गरुडमा ❋ काशी पुगे ती जसै ।
भेटी भूपतिलाइ हाल जति हो ❋ तिन्ले सुनाए तसै ॥

(२७)

राखे माधविलाइ त्यै प्रण गरी ❋ राजा दिवोदासले ।
घोडा चार सए ति गालवजिले ❋ जम्मा गराई लिए ॥
जन्मे पुत्र तहीं प्रतर्दन भनी ❋ श्रीमाधवीमा तहाँ ।
ताहाँ बाट हिंडी तिनीहरु गए ❋ राजा उशीनर् कहाँ ॥

(२८)

त्यत्तीनै हय प्राप्त भो ति ऋषिमा ❋ मैयाँ रहिन् पो उहीं ।
पैदा राजकुमार ता शिवि भए ❋ आइन् अनी माधवी ॥
घोडा ता छ सये भए यति गरी ❋ ल्याऊँ दुई सौ अरू ।
भन्ना खातिर पृथ्विमा तिन जना ❋ घुम्थे कुरा के गरूँ ॥

(२९)

भन्छन् गालवलाइ ती गरुडले ❋ श्यामकर्ण पैदा यहाँ ।
आठै सौ त थिए दुई सय बिते ❋ ती अश्वमेधै महाँ ॥
बाँकीका छ सये तिमी सित ति छन् ❋ त्यस् निम्ति ऐह्ले गई ।
विश्वामित्रजि सीत माधवि रहुन् ❋ छोरा नहुन्जेल् तहीं ॥

(३०)

एती कार्य गरे पुरा प्रण भयो ❋ सूनेर एती तहाँ ।
साह्रै खूशि भए ति गालव ऋषी ❋ फेरी उसै बीचमा ॥
विश्वामित्रजिका गयी नजिकमा ❋ सुम्पेर घोडा जती ।
दीए माधविलाइ सोहि प्रणले ❋ आनन्द मानी अती ॥

(३१)

विश्वामित्र ऋषी सुनेर यि कुरा ❋ राजी त्यसैमा भए ।
मैयाँ माधवि ता तिनै सँग रहिन् ❋ क्यै मास बीती गए ॥
जन्मे अष्टक नाम पुत्र जब ता ❋ चेला गए घर् महाँ ।
गर्नालाइ तपै ति माधवि गइन् ❋ कोही वनै बीचमा ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(३२)

तस्मात् जिद्दि नगर्नु कोहि जनले ❀ पाइन्छ दुःखै मनी ।
मैले सोहि निमित्त पो भनि दिएँ ❀ ऐहे कथा यो पनी ॥
यस्तै जिद्दि गरी सुयोधनजिले ❀ गर्दा लडाँई यहाँ ।
पर्ला दुःख ठुलो भनेर मनले ❀ यै देख्छ आखीरमा ॥

(३३)

दानी भूप ययातिको निधन[1] भै ❀ आयू पुगेका घरी ।
स्वर्गैमा गइ इन्द्र झैं सुखि भए ❀ पुण्यादि भोगै गरी ॥
ठूलो शेखि गरि ययाति नृपले ❀ निन्दा सबैको गरे ।
आफैं छू म ठुलो भनेर बहुतै ❀ शेखी विषे ती परे ॥

(३४)

यिन्ले शेखि गरे भनेर सुरले[2] ❀ तिन्लाइ त्यागी दिए ।
घोता बाट ति त्यागिंदा नचिनिने ❀ जस्ता तिनै भै गए ॥
यी को हुन् भनि इन्द्रले जब तहाँ ❀ तिन्को गरे सोधनी ।
देवादीहरुले त चिन्न न सकी ❀ चूपै रहे फेर् अनी ॥

(३५)

चिन्नै मुश्किलको त जीव कुन यो ❀ आएछ भन्दै तहीं ।
फेंके इन्द्रजिले समाति करले[3] ❀ तिन्लाइ आफैं गईं ॥
छोरा माधविका ति यज्ञ गरथे ❀ जुन् स्थानमा पो तिनी ।
लागे गिर्न ययाति पृथ्वितलमा ❀ आकाश देखिन् अनी ॥

(३६)

त्यै यज्ञस्थलमा ति गालव थिए ❀ तिन्लाइ चीह्नी लिए ।
हूँकारै गरि बीचमै अधरमा[4] ❀ तिन्लाइ रोकी दिए ॥
लागे गिर्न ययाति पुण्य सकिंदा ❀ भन्ने विचारै गरी ।
बोले गालवले म धर्म तिमिमा ❀ दीं दैछु माया गरी ॥

(३७)

दिन्छू अष्टम भाग आज तपको ❀ पुण्यादि मेरो यहाँ ।
तिमूले गै गर पुण्यभोग नृपते ! ❀ देवेन्द्र झैं स्वर्गमा ॥
भन्छन् भूप ययातिले यहि कुरा ❀ सुन्दा खुशी भै अती ।
दानै ल्यूँ कसरी म पुण्य द्विजको ❀ लींदीन मैले रती ॥

[1] मरण । [2] देवताले । [3] हातले । [4] आकाशमा ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(३८)

भन्छन् माधविका कुमारहरुले ❀ राजन् ! हजूरै महाँ ।
चौथाई जति धर्म हामिहरुको ❀ दिन्छौं खुशी भै यहाँ ॥
त्यैं धर्मादि लिई सुरेन्द्र सरि भै ❀ जानू हवस् स्वर्गमा ।
नाती हौं सब हामि ता हजुरका ❀ क्षत्रीयनै जातमा ॥

(३९)

यस्ता बात सुनेर नातिहरुको ❀ भन्छन् ययाती अनी ।
बाबू हो म त लिन्न दान तिमिले ❀ ऐह्ले दिएको पनी ॥
क्षत्री भै कन दान लीनु अरुको ❀ हूँ दैन संसारमा ।
पुण्यक्षीण भएर गिर्नु छ निको ❀ मैले बरू पृथ्विमा ॥

(४०)

बोलिन् माधविले गएर नजिकै ❀ यस्ता तवर्ले अनी ।
हे राजन् ! लिइ बक्सियोस् हजुरले ❀ यिन्ले दिएको पनी ॥
नाती हुन् यि हजूरका र यिनले ❀ जो चीज दिन्छन् यहाँ ।
लींदामा रति छैन दोष नृपते ! ❀ पाल्नू हवस् स्वर्गमा ॥

(४१)

मानी सोहि कुरा ति माधविजिको ❀ खूशी हुँदै भूपती ।
त्यै धर्मै लिइ स्वर्गमा गइ गए ❀ ऊडेर माथी अती ॥
सोझै गै कन सत्यलोक पुरिमा ❀ ब्रह्मा रहन्थे जहाँ ।
सोधे नम्र भई ययाति नृपले ❀ तिन्का अगाडी महाँ ॥

(४२)

हे ब्रह्मा ! नृपती हुँदा पृथिविको ❀ हजार वर्षै जती ।
जो पुण्यादि म बाट भो फल मिल्यो ❀ त्यस्को त थोरै अती ॥
यस्को कारण जान्नलाइ मन भै ❀ आएँ हजूरै यहाँ ।
हे सर्वज्ञ ! बताउनोस् उहि कुरा ❀ जुन् कारणै हो यहाँ ॥

(४३)

भन्नू भो परमेष्ठिले[1] खुशि हुँदै ❀ राजन् ! घमण्डै अती ।
गर्नाले र अनादरै हुन गई ❀ मान्यादिको ज्ञन् कनी ॥
तिम्रो धर्म समाप्त शीघ्र भइ गो ❀ आए पछी स्वर्गमा ।
तस्मात् शेखि र मानहानि अरुको ❀ कैल्यै नगर्नू यहाँ ॥

---

१ ब्रह्मा ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(४४)

ब्रह्मा बाट सुनेर अर्ति सरिको ❋ यस्तो कुरा त्यै घरी ।
शेखी गर्न ययातिले त्यजिदिए ❋ आज्ञा शिरैमा धरी ॥
तस्मात् शेखि त्यजी सुयोधनजिल्ले ❋ राज्यांश तिन्को दिई ।
मेटुन् यो झगडा मिली कन बसुन् ❋ आफन्त जस्ता भई ॥

दुर्योधनलाई धृतराष्ट्रले सम्झाउनु

(१)

यस्ता बात सुनी सुयोधन पनी ❋ चर्को स्वरैले गरी ।
लागे भन्न ति कर्णका मुख तिरै ❋ हेरेर रिस्मा परी ॥
सून्यौ हे नृपते ! यहाँ यि ऋषिले ❋ वार्ता सुनाए जती ।
सारा पाण्डवकै त पक्ष गरि पो ❋ बोले म भन्छू यती ॥

(२)

बस्दा जङ्गलमा ति पाण्डु-सुतले ❋ अत्यन्त सेवा गरे ।
तस्मात् यी ऋषिले प्रसन्न हुन गै ❋ तिन्को त पक्षै धरे ॥
हूनू सम्म बिइज्जती हुन गयो ❋ ती पाण्डवैको पनी ।
शक्ती क्यै नपुगेर चूप ति रहे ❋ नामर्द जस्ता बनी ॥

(३)

त्यस्ता पाण्डव पाँच भाइ कन ता ❋ यी वीर ठान्छन् यहाँ ।
यिन्को बुद्धि छँदै छ भन्नु कसरी ❋ ऐह्ले त ठेगानमा ॥
राज्यैको हक पूर्ण हुन्छ बुझनू ❋ त्यै ज्येष्ठ सन्तानमा ।
ज्येठा सन्तति हामि हौं र अरुको ❋ के लाग्छ यो राज्यमा ॥

(४)

भाइ हुन् भनि क्यै दया हृदयमा ❋ राखेर हामूले अघी ।
बाँडेथ्यौं सब राज्य आपस महाँ ❋ तिन्लाइ दीं दै पनी ॥
जूवाडी नृपले जुवा खुशि हुँदै ❋ खेलेर राज्यै जती ।
आफ्नू हारि दिए जिते शकुनिले ❋ मैले बताऊँ कती ॥

(५)

राज्यै हारि सके युधिष्ठिरजिले ❋ त्यै राज्य फिर्ता यहाँ ।
माग्छन् कुन् मुखले अचम्म म भएँ ❋ बुद्धी हराए कहाँ ॥
जीतेको जुन चीज हो उ कसले ❋ गर्नेछ फिर्ता पनी ।
भन्छन् यी तपिले दिनै छ बढिया ❋ छक्कै म पर्छू सुनी ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(६)

हाम्रा पूज्य पिताजिका हजुरमा ❋ हप्काउने चालको।
सन्देशै तिनले पठाउनु यहाँ ❋ सोह्रै कला भूल हो॥
जो देख्छु सब छन् उतैतिर भई ❋ बोल्ने तपस्वीहरू।
दीने ह्वैन म राज्य तिन् कन कभै ❋ फर्केर जाउन् बरु॥

(७)

पुत्रैको मुख देखि यस् तरहको ❋ सुन्दा कुरा त्यै घरी।
लागे श्रीधृतराष्ट्र भन्न अनि फेर् ❋ सम्बोधनादी गरी॥
ए बाबू! कुरुराज! बात तिमिले ❋ कस्तो सुनायौ यहाँ।
भन्नू भो हरिले कुरा जति सबै ❋ हाम्रा अगाडी महाँ॥

(८)

मानेका घरिमा अवश्य बुझिलयौ ❋ हूनेछ श्रेयै अती।
हाम्रो नै हित होस् भनेर प्रभुले ❋ भन्नू भयो वाक्य ती॥
तिम्ले अंश दि हाल पाण्डु-सुतको ❋ तिन् सीत मेलै गरी।
राज्यै आफ्नु गरी रहू अनि तिमी ❋ धर्मात्मि राजा सरी॥

(९)

जो सन्देश दिए युधिष्ठिरजिले ❋ योग्यै म ठान्छू अती।
हाम्रो केहि अनिष्ट पाण्डु-सुतले ❋ कैल्यै गरेनन् उती॥
तेह्रै वर्ष पछी म राज्य फिरता ❋ दिन्छू भनेका थियौ।
सोही पूर्ण गरे ति पाण्डु-सुतले ❋ के बात बिर्सी दियौ॥

(१०)

पर्शूराम समेत अन्य ऋषिले ❋ न्यायै विचारी यहाँ।
अर्ती बक्सनु भो अनादर उही ❋ गर्नू निको हो कहाँ॥
पर्शूराम र कण्व - नारदहरू ❋ हुन् मान्य हाम्रा यिनै।
माँगी लेउ क्षमा यिनै सँग तिमी ❋ गर्नन् क्षमा यी सबै॥

(११)

ज्येठाको हक हो भन्यौ तर सुन्यौ ❋ जन्मान्ध मैले बनी।
मेरो छैन हकै त राज्य गरने ❋ बूझी लिए यो पनी॥
सोही कारणले म जीवित छँदै ❋ ती पाण्डु राजा भए।
तिम्रो क्यै हक छैन राज्य गरने ❋ यो बात जानी लिए॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(१२)

भाई पाण्डु बिते पछी म त बसें ❁ यै राज-गद्दी महाँ।
तिन्का पुत्र युधिष्ठिरै सकलका ❁ ज्येठा हुनाले यहाँ ॥
तिन्लाई युवराजको पद दिएँ ❁ तिम्लाइ छोडी कन।
तीमी हौ हकदार भन्नु कसरी ❁ यो राज्य गर्ने ? मन ॥

(१३)

तस्मात् पाण्डव सीत सन्धि गर लौ ❁ दीएर अंशै जती।
एतीले बहुतै हुनेछ बढिया ❁ सम्झाउँ मैले कती ॥
अन्यायी बनि शेखिले बिहकमा ❁ मान्यौ हकै पो भने।
पर्ला युद्ध ठुलो र मानिस सबै ❁ मर्नन् यि तिम्रा भरे ॥

धृतराष्ट्रको अर्ति नमान्दा कृष्ण र भीष्मले सम्झाउनु

(१)

भन्छन् ती धृतराष्ट्रले हरि सितै ❁ हे नाथ ! सुन्नू भयो।
मेरो क्यै अपराध छैन अरती ❁ यस्ले नमान्ने भयो ॥
दुष्टैको सँग लागि दुष्ट हुन गो ❁ दुर्योधनै पो यहाँ।
अर्ती बक्सनु होस् यसै कन हरी ! ❁ हाम्रा अगाडी महाँ ॥

(२)

भन्नू भो हरिले सुयोधन ! कुरा ❁ सुन्नू हवस् लौ यहाँ।
जान्ने भै कन ता अजान सरि भै ❁ बस्नू छ जाती कहाँ ॥
जिद्दी गर्नु नजाति हो समरमा ❁ लड्नू भएका घरी।
जानेछन् सब वीर बान्धव समेत् ❁ वंशादि सारा मरी ॥

(३)

बूबाको पनि बात मान्नु परने ❁ रीती छ संसारमा।
मान्नू भो अघि रामले पनि कुरा ❁ आफ्ना बुबाको यहाँ ॥
आफ्ना इष्ट र मित्रको शुभ कुरा ❁ मान्दैन जो ता यहाँ।
त्यस्लाई त विपत्ति पर्दछ ठुलो ❁ होला सुखी पो कहाँ ॥

(४)

साथी छन् सब दुष्ट-बुद्धि गरने ❁ कोही त नीचै अती।
तिन्का सङ्गतिले स्वयं हजुरको ❁ नीचै सरी भो मती ॥
जस्को भर् गरि युद्ध आँटनु भयो ❁ ती वीरका बीचमा।
भन्नोस् पाण्डव झैं छ कौन बलियो ❁ देख्नू भएको यहाँ ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(५)

द्यौता - दानव - यक्षलाइ सहजै ❀ जित्‌ने ती पार्थै सरी ।
देख्नू भो कुन वीरलाइ अहिले ❀ आफ्ना यि सेना भरी ॥
पार्थैलाइ जिती लिने समरमा ❀ छैनन् कुनै ता यहाँ ।
सारा प्राणि मराइ युद्ध गरनू ❀ जाती हुने हो कहाँ ॥

(६)

भन्ने छन् यि हजूरकै जनहरू ❀ दुर्योधनैले पनी ।
बल्दो अग्नि महाँ घचेडि सबको ❀ भस्मै गरायो भनी ॥
तस्मात् सोचि - विचारि काम गरनू ❀ बेला छँदै भूपती ।
मौका चुक्न गए त कीर्ति डुबला ❀ दुर्नाम होला अती ॥

(७)

सुनेर वार्ता हरिले कहेका । भन्छन् ति दुर्योधन रिस् भएका ॥
हे कृष्ण ! ति पाण्डवलाइ ऐह्ले । साह्रै सह्रायौ किन ? सोध्छु मैले ॥

(८)

तिन्को गर्‍यौ खुब् तिमिले बडाई । मलाइ बोल्यौ बहुतै हियाई ॥
खेल्ने छ यौटा जितने छ अर्को । मैले त फिर्ता कसरी दिने हो ॥

(९)

ती राज्यका लागि लडाइ गर्नै । हुने म प्राणीहरुलाइ मार्नै ॥
मार्नन् सबैलाइ यही कहन्छौ । मलाइ ता दुर्बल मात्र ठान्छौ ॥

(१०)

भीष्मादि छन् वीर मसीत ऐह्ले । इच्छा विना जो मरदैन कैह्ले ॥
छन् वीरमा मुख्य यि कर्ण याहाँ । यी झैं प्रतापी अरु मिल्छ काहाँ ॥

(११)

आउन् ति सामू रण गर्नलाई । तैयार छू मर्न र मार्नलाई ॥
श्रीकृष्णले पाण्डवकै बडाई । गर्छन् वृथा सुन्दछ को रमाई ॥

(१२)

भाटै यि हुन् पाण्डवका म भन्छू । यिन्लाइ सामान्य मनुष्य ठान्छू ॥
एती भनी चूप भए ति ताहाँ । भन्दा भए श्रीपतिले सभामा ॥

(१३)

धोका दी छलनू र राज्य हरनू ❀ आगो लगाई दिनू ।
दीनू खान जहर् र देवि कन ता ❀ चुल्ठो समाती लिनू ॥
बोल्नू व्यङ्ग कुरा ति भाउज्यु सँगै ❀ भारी सभा बीचमा ।
त्यो ता पातकि दण्ड योग्य नर हो ❀ गिन्ती हुने नीचमा ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(१४)

आफ्ना मान्य परस्त्रिकै त फरिया ❀ खोस्ने हुकुम् पो दिने।
त्यस्ता पाजि पनी सभा - भवनमा ❀ शेखी गरी बोलने॥
यो दुर्योधन नीचलाइ सहजै ❀ मार्थें उ मर्ने थियो।
पृथ्वीको पनि भार आज हलुको ❀ याहीं त हूने थियो॥

(१५)

आएँ दूत बनेर धर्मसुतको ❀ त्यस् निम्ति मैले यहाँ।
मार्नू आज भएन यस् कन र पो ❀ बाँच्यो सभा बीचमा॥
धेरै क्षत्रिय छन् सभा - भवनमा ❀ बोल्दैन कोही पनी।
पापीको परि अन्न के उदरमा ❀ बस्छन् यि पापी बनी॥

(१६)

सुन्दा कृष्णजिका कुरा उही बखत् ❀ श्री द्रोण भन्दा भए।
राजन्! जो हरिले भने उहि कुरा ❀ हो सत्य जानीलिए॥
जो बोले यि महर्षिले र अहिले ❀ तिम्रा बुबाले पनी।
सोही कार्य गऱ्यौ भने हित भयो ❀ तिम्रो सबै थोक् बनी॥

(१७)

तिम्रा तर्फ त वीर हामिहरु छौं ❀ साँचै कुरा हो उही।
सक्छन् अर्जुनलाइ मार्न कसले! ❀ सक्तैन कोही गई॥
हाम्रो सम्मति छैन युद्ध गरने ❀ राजेन्द्र! सुन्नू भयो।
तिम्ले जिद्दि लिंदा अनेक जनको ❀ प्राणान्त हूने भयो॥

(१८)

यस्ता वाक्य सुनेर ती गुरुजिका ❀ लाग्दा नराम्रो अती।
ती दुर्योधन - कर्ण झट् उठि गए ❀ अन्तै कहीं दुर्मती॥
तिन्का भाइहरू पनी पछि - पछी ❀ लागेर जाँदा भए।
जो हूनू छ उही त हुन्छ भवमा ❀ टर्दैन कस्तै गरे॥

गान्धारीले पुत्रलाई सम्झाउनु र कौरवले कृष्णलाई कैद गर्न खोज्नु

(१)

लागे भन्न ति भीष्मले अघि सरी ❀ राजन्! म भन्छू यहाँ।
सारा राजकुमार ता हिंडि गए ❀ ऊठेर काहाँ - कहाँ॥
शेखीले गरी मत्त झैं सब भए ❀ अर्ती नसुन्ने भई।
यिन्को श्रेय हुने उपाय गरियोस् ❀ चाँडै म भन्छू यही॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(२)

आफ्नू दुर्मतिले यि कौरवहरू ❋ नष्टै हुनेछन् यहाँ ।
साथैमा अरु प्राणि छन् जति सबै ❋ मर्छन् लडाईं महाँ ॥
भन्छन् श्रीधृतराष्ट्रजी विदुरमा ❋ हे भाइ ! तिम्ले गई ।
गान्धारी कन डाकि ल्याउ अहिले ❋ आज्ञानुकारी भई ॥

(३)

राजाज्ञा सुनि झट्ट गै विदुरले ❋ गान्धारिलाई तहाँ ।
ल्याए डाकि ति रानिलाइ उ बखत् ❋ तिन्कै अगाडी महाँ ॥
आइन् रानि जसै ति अन्ध - नृपले ❋ भन्दा भए के गरूँ ।
मान्दैनन् तिनि मेल गर्न अहिले ❋ दुर्योधनादी - हरू ॥

(४)

राजा श्रीपति - देव अन्ध - नृपका ❋ सुन्दा कुरा त्यै घरी ।
लागिन् भन्न हजूरले त उ कनै ❋ अत्यन्त प्यारो गरी ॥
ऐचैमा[1] त न-राखिबक्सनु हुँदा ❋ साह्रै अटेरै भयो ।
मान्ने छैन कदापि अर्ति उसले ❋ मौका चुकी गै गयो ॥

(५)

भाइ - बन्धु समेत आप्तहरुको ❋ ऐश्वर्य द्रव्यादिको ।
देख्दामा गरि डाह त्यो हरुँ भनी ❋ जो गर्छ यत्नादि पो ॥
त्यस्तो पुत्र कु-पुत्र हो पृथिविमा ❋ त्यस्लाइ राज्यै पनी ।
दीँदैनन् नृपले कदापि कहिल्यै ❋ हो पुत्र मेरो भनी ॥

(६)

एती बिन्ति चढाइ पुत्र कन फेर् ❋ डाक्ने पठाइन् तहाँ ।
आए शीघ्र सुयोधनादि जति छन् ❋ साथी समेत् सामुमा ॥
रानीले तब यै भनिन् सुन तिमी ❋ हे बाबु ! न्यायै गरी ।
देऊ राज्य ति पाण्डु - पुत्रहरुको ❋ अंशै विचारै गरी ॥

(७)

तिम्रा बाबु ति अन्ध भै जनमका ❋ राज्यादिको हक् गई ।
पाण्डू गद्दिद विषे गई कन बसे ❋ राजा सबैका भई ॥
तस्मात् राज्य भयो युधिष्ठिरजिको ❋ हक्दार भै गद्दिदका ।
तिम्ले राज्य त अर्ध पाउनु पनी ❋ हो भाग्य ठुलो यहाँ ॥

१ अधीनमा ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(८)

भाई हौ तिमि ता युधिष्ठिरजिका ❋ धर्मात्मि छन् ती पनी ।
अर्धांशै जति राज्यको खुशि भई ❋ त्याग्छन् ति भाई भनी ॥
आफन्तै न भएर अन्य अरुकै ❋ हुन्थे कदाचित् कुनै ।
लिन्थे युद्ध गरेर राज्य जति हो ❋ सम्पूर्ण जीती कनै ॥

(९)

मेलैले तिमिले दियौ यदि भने ❋ अर्धांश यै राज्यको ।
न्यायी हुन् कुरुराज यै सब जना ❋ भन्नन् अवश्यै छ यो ॥
लोभैले न दिंदा लडाँई परला ❋ छोड्नन् ति काहाँ तसै ।
रैतीका सुतको विनाश बिहकै ❋ हूनेछ व्यर्थै त्यसै ॥

(१०)

जाहाँ धर्म छ ताहिं कृष्ण पनि छन् ❋ जाहाँ ति छन् कृष्णजी ।
सोही पक्ष जयी हुने छ जितने ❋ युद्धादिमा भै बली ॥
तिम्रा दाज्यु ति पाण्डवादिहरुका ❋ छन् कृष्ण साथै महाँ ।
जीतै हुन्छ अवश्य पाण्डु - सुतको ❋ संग्राम पर्ला जहाँ ॥

(११)

जानी - जानि कसोरि हामिहरुले ❋ लौ लड्न जाऊ भनी ।
तिम्लाई दिनु सम्मति ? मरणका ❋ लागी मुखीया बनी ॥
हाम्रो सम्मति छैन युद्ध गरने ❋ त्यो राय दिन्नौं यहाँ ।
आफ्ना पुत्रहरू मराइ कसका ❋ बाँच्छन् ति माता-पिता ॥

(१२)

माताका इ कुरा सुनेर रिसले ❋ बोल्नै नसक्ने भई ।
ती दुर्योधनजी उठी हिंडि गए ❋ त्यौ कर्णलाई लिई ॥
कर्णैका कुरुराजका जति सबै ❋ भाई थिए त्यै घरी ।
तिन्कै साथ उठेर बाहिर गए ❋ अत्यन्त रिस्मा परी ॥

(१३)

ढोकामा पुगि ती खडा हुन गए ❋ दुश्शासनैले अनी ।
लागे भन्न नरेन्द्र ! सोचि कन यो ❋ बिन्ती म गर्छू पनी ॥
कूरा कृष्णजिका सुनी कन बुबा ❋ काका र भीष्मैजिले ।
आँट्छन् पक्रिलिनै हजूर कन ता ❋ देखिन्छ अन्सारले ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(१४)

पक्री आज हजूरलाइ यिनले ❀ कैदी गराई यहाँ ।
राख्छन् धर्म - कुमारलाइ खुशि भै ❀ यै राजगद्दी महाँ ॥
त्यं दुश्शासनको कुश हृदयले ❀ साँचेर साँचो भनी ।
ती दुर्योधन भन्दछन् उहि बखत् ❀ ती कर्णलाई पनी ॥

(१५)

हे भाइ ! समयै छ काम गर्नने ❀ हामीहरूले यहाँ ।
मौनै भै कन बस्नु छैन बढिया ❀ लागौं बरू काममा ॥
जो दुश्शासनले भने उहि कुश ❀ पत्यार मान्नू पऱ्यो ।
बेला बेस् छ यही त काम गरने ❀ नाहीं त मौका टऱ्यो ॥

(१६)

हाम्रा शत्रु विषे त कृष्णजि यिनै ❀ हुन् मुख्य शत्रू भनी ।
फुत्की जान न-दी हरी कन धरौं ❀ हामीहरूले पनी ॥
छौं हामीहरु वीर घेर अहिले ❀ यौटै ति छन् कृष्णजी ।
पक्री कैद गरौं तिनै कन यहाँ ❀ जोर् पुग्छ तिन्को कती ॥

(१७)

लौ श्रीकृष्णजि कैदमा परि गए ❀ भन्ने खबर् जुन् घरी ।
पुग्ला मत्स्यपुरी विषे उहि सुनी ❀ ती पाण्डवै त्यस् घरी ॥
रूने छन् मन मारि युद्ध गरने ❀ आँटै ति त्यागनन् अनी ।
संग्रामै नहुने भएर सब यी ❀ वीरादि बाँच्नन् पनी ॥

(१८)

पक्रौं कृष्णजिलाइ बाँधि सबले ❀ कैदी गराऊँ भनी ।
त्यो दुर्योधनले भन्यो र जति छन् ❀ दौडे ति धर्नें पनी ॥
आए कौरव ती सबै जुन बखत् ❀ सोही सभा बीचमा ।
देखे कृष्णजि घेर छन् जहीं - तहीं ❀ चक्रै लिएका तहाँ ॥

(१९)

कृष्णैकृष्णजि छन् जतातति तहीं ❀ क्वै छैन कोही अरू ।
लाखौं कृष्णजिमात्र छन् शकलमा ❀ उस्तै उहीनै बरू ॥
आँखा धप्धपि बल्दछन् प्रभुजिका ❀ त्यस्देखि तेजै अती ।
निस्की पोल्न शुरू गऱ्यो मुख सबै ❀ तिन्का सजीलै कती ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(२०)

भागी जान भनेर फर्कि सबले ❋ आँट्दा भए त्यस् घरी ।
पीडा मस्तकमा भई सब गिरे ❋ मूर्छा तुरुन्तै परी ॥
श्री योगेश्वर कृष्णले रचिदिंदा ❋ सानू तमाशा तहाँ ।
सारा कौरव-वीर मूर्छित भए ❋ सोही सभा भूमिमा ॥

(२१)

आज्ञा भो हरि बाट सभ्यहरुमा ❋ हे सभ्य हो ! यस् घरी ।
आफन्तै बुझि कौरवादि कन ता ❋ सम्झाउने सुर् गरी ॥
आएथैं नमरुन् भनेर ति सबै ❋ त्यो युद्ध रोक्नै भनी ।
त्यो दुर्योधनले लिएर कुमती ❋ मानेन अर्ती पनी ॥

(२२)

छोरो भै कन बाबुको वचन जो ❋ नाघेर हिंड्ला यहाँ ।
त्यस्को हुन्छ भलो भनेर कसले ❋ भन्ने छ संसारमा ॥
बेला कौरवको विनाश हुनको ❋ आयो छिटै पो यहाँ ।
कर्मैको फल भोग गर्छ शठले ❋ गिर्दै ठुलो युद्धमा ॥

श्रीकृष्णजीले कुन्तीजीलाई भेट्नु

(१)

मूर्छैमा ति सबै सुयोधन समेत् ❋ तिन्का ति भाई थिए ।
साथै सात्यकिलाइ ली हरि पनी ❋ निस्केर जाँदा भए ॥
त्याग्नू भो हरिले सभा कन जसै ❋ मूर्छा सबैको गई ।
ऊठे कौरवहेरु त्यै समयमा ❋ चिन्तातुरै पो भई ॥

(२)

कुन्तीका घरमा सवारि हरिको ❋ पुग्यो र खुशी भई ।
कुन्तीले हरिलाइ आसन दिइन् ❋ बस्नू भयो झट् गई ॥
भन्नू भो हरिले ति कौरवहरू ❋ गर्दीन मेलै भनी ।
भन्छन् हे फुपु ! युद्ध पर्छ अब ता ❋ रोक्दा नरुक्ने बनी ॥

(३)

भन्छिन् कुन्तिजिले सुनेर इ कुरा ❋ अत्यन्त नम्रै बनी ।
भन्नू धर्म-कुमारलाइ तिमिले ❋ भन्थिन् ति कुन्ती भनी ॥
आधा राज्य नलीनु अंशसरिको ❋ तिन्ले दिएका घरी ।
लड्नू तिन् सित गै अगाडि रणमा ❋ ठिक् वीर क्षत्री सरी ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(४)

राजा भै कन दण्ड गर्नु परने ❋ दोषीहरूमा यहाँ ।
माफै मात्र गरे भने नृपतिले ❋ सो न्याय होला कहाँ ॥
मान्ने छैन प्रजा डरै नृपतिको ❋ गर्ला अरूको खती ।
शान्ती-स्थापन हुन्न त्यस् मुलुकमा ❋ अन्याय बढ्ला अती ॥

(५)

धर्मैं क्षत्रियको त्यजेर तिमिले ❋ यौ अंश मेरो भनी ।
माग्दा पितृ ति गिर्दछन् नरकमा ❋ स्वर्गैं गएका पनी ॥
युद्धै गर्नु त क्षात्र-धर्महरूमा ❋ हो मुख्य धर्मैं यहाँ ।
क्षत्री हौ तिमि धर्म-त्याग गरदा ❋ मिल्नेछ कीर्ती कहाँ ॥

(६)

राजा भै कन कीर्ति छैन जसको ❋ हुन्थ्यो कहाँ भूपती ।
कीर्तीवान् हुनुपर्छ भूपति भई ❋ मान्छन् सबैले अती ॥
राजा भै कन राजधर्म जसले ❋ त्याग्दैन कैह्रे पनी ।
त्यस्को उन्नति हुन्छ जान्छ पछि ता ❋ स्वर्गैं उ इन्द्रै बनी ॥

बिदुला-पुत्र संवाद

(१)

कोही सञ्जय सिन्धुका अधिपति ❋ राजा हलम्बू थिए ।
मन्त्री सैन्धवले गरेर छल पो ❋ कैदी गराई लिए ॥
कैदी भूपतिको त खर्च जति हो ❋ दर्बारका बीचको ।
दिन्थे सैन्धवले पुगेर महिना ❋ राजा थिए दुःखि पो ॥

(२)

राजा सञ्जयको त यौटि जननी ❋ रौंडी बिदूला थिइन् ।
छोरा सञ्जयलाइ डाकि तिनले ❋ सम्झाइ अर्ती दिइन् ॥
ए बाबू ! तिमि नामका नृप भयौ ❋ गर्छन् खटन् क्वै अरू ।
हाम्रा चाकरले त टेर्न पनि ता ❋ छोडे कुरा के गरूँ ॥

(३)

जसले खुशि भएर केहि नदिने ❋ पर्दा रिसैमा पनी ।
केही गर्न समर्थ छैन उसको ❋ आफैं त निर्धो बनी ॥
त्यस्तो मालिक सीत सेवक कउन् ❋ मान्थ्यो डरै पो यहाँ ।
श्रीले हीन भएर राज्य गरनू ❋ व्यर्थैं छ संसारमा ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(४)

तिम्रै हो धन - राज्य यस् मुलुकको ❋ अर्कैं अगाडी सरी ।
तीमीलाइ खटाइदिन्छ रुपियाँ ❋ मैह्ना पुगेका घरी ॥
त्यै खर्ची कन खाइ बाँचि रहनू ❋ साह्रै नजाती भयो ।
आफ्नू छैन हुकुम् भने मुलुकमा ❋ बाँचेर पो के भयो ॥

(५)

राजा हौ तिमि नै परन्तु अरुले ❋ तिम्रो हुकुम् पो लिए ।
बाँचेका तिमि छौ परन्तु तिनले ❋ मुर्दै गराई दिए ॥
ठाट् पारी कन हिंड्दछौ तिमि लुगा ❋ लाएर राम्रो यहाँ ।
दीएको अरुले भनी म कन ता ❋ चोट् लाग्छ यो छातिमा ॥

(६)

हाँस्नू-लाउनु-खानु-बोल्नु तिमिले ❋ घुम्नू म राजा भनी ।
धिक्कारै म त ठान्दछू हुकुम पो ❋ ऐह्ले नहूँदा पनी ॥
गर्नू पर्दछ कर्म ये जगतमा ❋ केही नगर्दै गरी ।
बस्नाले त हुँदैन उन्नति कभै ❋ भाग्यै भरोसा धरी ॥

(७)

शत्रूका वशमा परेर यसरी ❋ को बस्छ राजा यहाँ ।
जित्नू पर्दछ पृथ्वि क्षत्रिय भई ❋ संग्रामका बीचमा ॥
मर्नू - मार्नु सिवाय धर्म रणमा ❋ क्यै छैन अर्को पनी ।
लेऊ आफ्नु हुकुम् लडेर रणमा ❋ यिन् सीत वीरै बनी ॥

(८)

गाहारो छ कसोरि काम गरनू ❋ भन्ने विचारै गरी ।
कामै थाल्न नआँटने जन भयो ❋ भालू र बाँदर् सरी ॥
रोटीको टुकरा दिएर अरुले ❋ खान्छन् पशू ती यहाँ ।
त्यस्तै मानिस झैं पशू तिमि भयौ ❋ संसारका बीचमा ॥

(९)

जस्ले थाल्दछ काम राखि मनमा ❋ उत्साह राम्रो गरी ।
त्यस्को कार्य त सिद्ध हुन्छ सहजै ❋ कल्याण गर्छन् हरी ॥
कार्यै सिद्ध भएर प्राप्त फल पो ❋ हूनेछ याहाँ जसै ।
आफ्नू उन्नति भो भनेर मनले ❋ देखिन्छ राम्रो तसै ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(१०)

तिम्ले बाबु ! गएर युद्ध गरि ल्यौ ❋ संग्राम भूमी महाँ ।
पाजी सैन्धव नीचलाइ जिति ल्यौ ❋ खुब् वीरताले वहाँ ॥
आफ्नू राज्य हुकुम त खोसि तिमिले ❋ त्यस् सीत लेऊ अनी ।
सामर्थ्यैं नभए गएर रणमा ❋ नीको छ मर्नैं पनी ॥

(११)

भन्छन् संजयको सुमा ! बुझि लिएँ ❋ जो हो हजुर्को मतै ।
त्यस्को शक्ति ठुलो छ यस् बखतमा ❋ प्राणी सबै छन् उतै ॥
कस्ता रित् सँग मार्न सक्छु मइँले ❋ त्यस्लाइ एक्लो भई ।
को दिन्छन् म कनै मदत् यस घरी ❋ मेरा नजीकै रही ॥

(१२)

आफ्नू तागत छैन छैन सँगमा ❋ सेना र मित्रै पनी ।
मैले लड्न गएँ भने सहजमा ❋ गिर्नेछु मुर्दा बनी ॥
मेरो ज्यान् गइ गो भने बिहकमा ❋ माता ! हजुर्को यहाँ ।
रोला चित्त परेर शोक बहुतै ❋ गै युद्ध गर्दा महाँ ॥

(१३)

पुत्रैका इ कुरा सुनेर जननी ❋ भन्छिन् अगाडी सरी ।
कार्यैं आइ पऱ्यो भने कठिनको ❋ पैह्ले विचारै गरी ॥
जो राम्रो छ उपाय कार्य बनने ❋ सोही उपायै पनी ।
गर्नू पर्दछ धैर्य ता हृदयमा ❋ राखेर सूरै बनी ॥

(१४)

प्रेमैले वशमा सबै कन गरी ❋ आफ्नू गराई लिनू ।
मीठो बोलि गरीदिए सब खुशी ❋ हुन्छन् विचारी लिनू ॥
शत्रू सैन्धवको खुशामत गरी ❋ सम्मान गर्दैं अती ।
त्यस्का लागि तुरुन्त काम गरनू ❋ त्यै हुन्छ खूशी कती ॥

(१५)

मीठो बोलि गरीदिए सब जना ❋ तिम्रै ति हुन्छन् यहाँ ।
जे भन्छौ तिमिले उसै ति गरनन् ❋ फेरी ति फुट्थे कहाँ ॥
सेना - नायकलाइ यै तवरले ❋ आफ्ना गराऊ अनी ।
निर्धो सैन्धव हुन्छ त्यै बखतमा ❋ पाइन्छ मौका पनी ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(१६)

बाबू ! हेर म सीत दौलत निकै ❋ राखेकि छू पासमा ।
छन् रत्नादि असंख्य घेर गहना ❋ छन् है खजाना महाँ ॥
त्यै दिन्छू तिमिलाइ बाँड धन त्यै ❋ त्यै लोभ माहाँ परी ।
तिम्रै तर्फ हुनन् ति प्राणि जति छन् ❋ त्यस्लाइ त्यागै गरी ॥

(१७)

तागत्ले धनको ति सैनिक हुनन् ❋ तिम्रा वशैमा अनी ।
भन्नू सैन्धवलाइ पक्रि सहजै ❋ ल्याऊ तिमीले भनी ॥
आज्ञा मान्य गरी मिलेर सबले ❋ झट्टै चढाइ गरी ।
बाँधी सैन्धवलाइ हाजिर अनी ❋ गर्नन् अवश्यै गरी ॥

(१८)

वैरी बन्धनमा परेर जब ता ❋ आयो अगाडी महाँ ।
मार्नू छैन कदापि त्यस् कन सुन्यौ ❋ मार्छन् कसैले कहाँ ॥
आफ्नू राज्य हुकुम् र गद्दि सहजै ❋ त्यस् सीत खोसी लिनू ।
कारागार विषे हुकुम् दिइ उसै- ❋ लाई पठाई दिनू ॥

(१९)

हूनन् सैन्धवका मितैहरु पनी ❋ तिन्ले डराई अती ।
बोल्दैनन् लिइ पक्ष आफ्नु मितको ❋ भन्छू विचारी यती ॥
एतीले जय भो बसेर तिमिले ❋ राज्यै चलाई लिनू ।
जागिर् ता सब कर्मचारिहरुको ❋ तिम्ले बढाई दिनू ॥

(२०)

माताको सुनि अर्ति मान्य गरि त्यै ❋ मौका विचारै गरी ।
लागे संजय त्यै उपाय गर्नै ❋ आफू अगाडी सरी ॥
दीइन् दौलत पासको जननिले ❋ त्यै संजयैले लिए ।
अर्तीकै अनुसार सैन्य सबमा ❋ त्यो द्रव्य बाँडी दिए ॥

(२१)

त्यस्का बाद उपाय सोही गरदा ❋ जित् भो लडाई पनी ।
गद्दी प्राप्त भयो हुकुम् पनि चल्यो ❋ बस्थे ति राजा बनी ॥
भन्छिन् एति कथा सुनाइ तिनिले ❋ यी पाण्डवादीहरू ।
लीउन् युद्ध गरेर राज्य निजको ❋ तिन्को नछोडुन् बरू ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(२२)

जन्मै अर्जुनको हुँदा नभ-गिरा ❋ पैह्ले भएको थियो ।
वीरादीहरुलाइ जित्न सकने ❋ वीरै ठुलो हुन्छ यो ॥
खोस्ला ये कुरु सीत युद्ध गरदै ❋ साम्राज्यलाई पनी ।
भूलेको यहि छैन जीत सहजै ❋ ठान्छू हुने हो भनी ॥

(२३)

जाऊ कृष्ण ! तुरन्त मत्स्यपुरिमा ❋ सन्देश मेरो पनी ।
देऊ पाण्डव पाँच भाइ कन ता ❋ भन्थिन् ति माता भनी ॥
लड्नै पर्दछ दुष्टका सँग लडी ❋ जीतेर राज्यै लिउन् ।
साह्रै दुःख परेकि छू म कन ता ❋ शान्ती मनैमा दिउन् ॥

श्रीकृष्ण र कर्णको संवाद



(१)

कुन्ती सीत बिदा भएर भगवान् ❋ आफ्ना रथैमा चढी ।
हाँक्दा दारुकले त्यहीं सडकमा ❋ जान्थ्यो रथै त्यो बढी ॥
देख्नू भो तहिं कर्णलाइ हरिले ❋ जान्थे घरैमा तिनी ।
थामी त्यै रथमा चढाइलिनु भो ❋ कूरा गरौंला भनी ॥

(२)

कृष्णैका रथमा बसेर खुशि भै ❋ ती कर्ण भन्छन् तहाँ ।
भन्नोस् कृष्णजि ! कार्य क्यै छ त भने ❋ गर्छू हजुर्को यहाँ ॥
कर्णैका ति कुरा सुनेर हरिले ❋ भन्नू भयो त्यै घरी ।
मेरो कार्य त छैन केहि गरने ❋ तिम्रले अगाडी सरी ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(३)

कुन्तीका तिमि ज्येष्ठ बालक भई ❀ ती कौरवैको यहाँ।
गर्छौ नोकरि व्यर्थ सेवक भई ❀ जन्मान्ध राजा कहाँ॥
दाज्यू हौ तिमि ता युधिष्ठिरजिका ❀ माताजि कुन्ती भई।
गर्नू चाकरि यो कहाँ उचित हो ❀ तिन्कै हुकुम्मा रही॥

(४)

जान्दैनन् इ कुरा युधिष्ठिरजिले ❀ तस्मात् म लान्छू वहाँ।
खोली दिन्छु कुरा ति धर्मसुतका ❀ मैले अगाडी महाँ॥
दाज्यू हुन् भनि श्रीयुधिष्ठिरजिले ❀ तिम्लाइ मानै गरी।
राख्नेछन् लगि गद्दिमा खुशि हुँदै ❀ कूरा सुनेका घरी॥

(५)

हौला द्रौपदिका पनी तिमि पती ❀ यी पाण्डवैका सरी।
सम्राट् भै कन बस्नु पर्छ तिमिले ❀ सौख्यादि ठूलो गरी॥
मेरो अर्ति लियौ भने सुन तिमी ❀ सौभाग्य बढ्दै गई।
सम्राट् वीर-प्रतापि कोहि तिमि झैं ❀ हूँदैन अर्को कहीं॥

(६)

भन्छन् कर्ण म जन्मदा जननिले ❀ साह्रै निठुरी भई।
दीईथिन् अघि नै बगाइ म कनै ❀ कोही नदीमा गई॥
प्रारब्धै वशले बगेर म पुगें ❀ राधाजिका पासमा।
न्वारान् फेरि विवाह आदि गरिदिन् ❀ तिन्ले ठुलै आशमा॥

(७)

जन्मै कुन्तिजिले दिइन् म कन ता ❀ पाल्ने थि राधा भइन्।
राधालाइ मुमा म ठान्दछु यहाँ ❀ तिन्ले बढाई दिइन्॥
तिन्को स्नेह म बिर्सुं आज कसरी ❀ त्याग्नू अयोग्यै भयो।
श्रीदुर्योधनले सबै चिज दिए ❀ यो देह राजा भयो॥

(८)

मित्रैका सरि ठान्दछन् म कन ता ❀ दुर्योधनैले यहाँ।
मे रै खुब् भरमा सदा दिन त छन् ❀ तिन्लाइ छोड्छू कहाँ॥
ऐहे युद्ध हुने तयारि छ यहाँ ❀ यस्ता बखत्मा पनी।
श्रीदुर्योधनलाइ त्याग्नु कसरी ❀ ठिक् बेइमानै बनी॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(९)

भन्नू भो हरिले सुनेर यि कुरा ❋ ती कर्णलाई अनी।
त्याग्छन् सज्जनले अधर्मि कन ता ❋ कोही हवस् ता पनी॥
पापी कौरव हुन् भनेर तिमिले ❋ जानेर ऐहले यहाँ।
तिन्कै संगति गर्न मन् सुब गऱ्यौ ❋ सो योग्य होला कहाँ॥

(१०)

आफ्ना पाण्डव हुन् पराइहरु ती ❋ हुन् कौरवादी अनी।
लागी आज पराइ तीर तिमिले ❋ आफन्तको नाश् पनी॥
गर्नू योग्य हुँदैन जाउँ हिंड लौ ❋ छन् पाण्डवादी जहाँ।
दींदै राज्य म गर्दिनेछु तिमि नै ❋ सम्राट् भनी घोषणा॥

(११)

भन्छन् कर्ण सुनेर बात हरिका ❋ हे नाथ! युद्धै महाँ।
पक्षे कौरवको लिएर मइले ❋ लड्नू छ योग्यै यहाँ॥
सोझो नीमककै त गर्नु परने ❋ धर्मैं हुनाले गरी।
श्रीदुर्योधन तर्फ छू म बुझ्नोस् ❋ आजन्म धैर्यैं धरी॥

(१२)

मेरो जन्म-कुरा ति धर्मसुतमा ❋ आज्ञा नगर्नू हरी।
थाहा भो तिनलाइ पो यदि भने ❋ बिग्रन्छ साह्रै गरी॥
दीनन् राज्य मलाइ धर्मसुतले ❋ मानेर दाज्यू भनी।
ती दुर्योधनलाइ राज्य मइले ❋ पर्नेछ दीनै पनी॥

(१३)

यस्तो हून्नु नजाति मान्छ दुनियाँ ❋ तस्मात् हजुरूले पनी।
मेरो बिन्ति अवश्य मान्नु परि गो ❋ यो भन्छ ठीकै भनी॥
सुन्दामा हरिले कुरा रथ अनी ❋ लौ थाम भन्नू भयो।
आज्ञा ली हरि सीत उत्रि जिमिमा ❋ त्यो कर्ण जाँदो भयो॥

पाण्डवहरूले युद्ध गर्न निश्चित गर्नु

(१)

हाँके दारुकले रथै कन छिटो ❋ चाबुक् दिई अश्वमा।
पौंच्यो तीव्रगती गरेर रथ त्यै ❋ ती मत्स्यका राज्यमा॥
सोझै पाल्नु भयो सभा - भवनमा ❋ श्रीकृष्णले भेट् गरी।
भन्नू भो सब हाल धर्मसुतमा ❋ वृत्तान्त सारा गरी॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(२)

वार्ता जो हुन गो ति कर्ण सितको ❋ त्यो गुप्त राख्नू भयो ।
सारा हाल सुनेर धर्मसुतले ❋ फेर् भन्न लाग्नू भयो ॥
देख्नू - सुन्नु भयो सबै हजुरले ❋ ती कौरवैको कुरा ।
आज्ञा होस् हरि ! गर्नु के अब पऱ्यो ❋ कर्तव्य हाम्रो पुरा ॥

(३)

बिन्ती एति सुनेर धर्मसुतको ❋ श्रीकृष्णजीले पनी ।
भन्नू भो तहिं योग्य जो समयको ❋ थीयो उ बातै अनी ॥
हे राजन् ! सब ती कुरा भनि दिएँ ❋ दुर्योधनैमा तहीं ।
त्यस्‌ले कान दिएन हाँसि कन पो ❋ सोही सभामा रही ॥

(४)

गान्धारी धृतराष्ट्रले पनि भने ❋ सम्झाइ राम्रै गरी ।
कर्णैलाइ लिएर निस्कि उ गयो ❋ सोही सभा त्याग् गरी ॥
आफ्नु राज्य लिने छ ता मन भने ❋ गै युद्धका भूमिमा ।
लड्नु पर्दछ कौरवादि सित पो ❋ एही म भन्छू यहाँ ॥

(५)

के भन्छौ अब भाइ हो ! नृपतिले ❋ सोध्नू भयो यै अनी ।
भीमादीहरु चार भाइ सहितै ❋ राजाहरूले पनी ॥
बिन्ती झट्ट गरे मिलेर सबले ❋ हे नाथ ! हामीहरू ।
युद्धै गर्न तयार छौं बुझिलिनोस् ❋ जीतौं कि हारौं बरू ॥

(६)

एती निश्चय भो गएर सबले ❋ लड्नू निको हो भनी ।
हुकुम् धर्मकुमारको हुन गयो ❋ तैयार् सबै हौ भनी ॥
उर्दी पाइ त घोषणा गरिदिए ❋ तत्काल राज्यै महाँ ।
गर्छन् पाण्डव - वर्गले कुरु सँगै ❋ संग्राम ठूलो यहाँ ॥

कुन्ती-कर्ण संवाद

(१)

याहाँको सब हाल पाइ कन फेर् ❋ त्यै हस्तिनापूरमा ।
युद्धैको पनि खुब् तयारि गरियो ❋ ती कौरवैले तहाँ ॥
चाला कौरवको नजर् गरि तहीं ❋ ती कुन्तीजीले पनी ।
ठानिन् युद्ध अवश्य पर्दछ ठुलो ❋ मैदान माहाँ भनी ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(२)

लागिन् सोच्न ति कुन्ति कौरव तिरै ❋ छन् वीर धेरै यहाँ ।
द्रोणै-भीष्म र कर्ण-द्रोणि-कृपजी ❋ हुन् मुख्य योद्धा महाँ ॥
फिक्री ता अरुको म गर्दिन यहाँ ❋ यौटा छ मुख्यै अरी ।
धेरै रिस् उहि गर्छ पाण्डुसुतको ❋ त्यै कर्ण साह्रै गरी ॥

(३)

मेरै पुत्र त कर्ण हो म अब गै ❋ भेटेर भन्छू अनी ।
दाज्यू हौ तिमि ता युधिष्ठिरजिको ❋ जाऊ मिली त्यौ भनी ॥
पक्षैमा यदि पाण्डवादिहरुको ❋ त्यो कर्ण भै गो भने ।
केही डर् अरुको हुँदैन रणमा ❋ ती ता अजेयै बने ॥

(४)

कर्णैलाइ त कौरवै सित पनी ❋ फोर्ने इरादा धरी ।
कुन्तीजी तब कर्णका घर गइन् ❋ ऊठेर चाँडो गरी ॥
माता कुन्तिजिलाइ ता भवनमा ❋ देखेर खूशी भई ।
भन्छन् कर्ण ति हात जोरि उ बखत् ❋ तिन्का नजीकै गई ॥

(५)

पाल्नूहोस् यहिं राजहोस् हजुर लौ ❋ हे राजमाता ! यहाँ ।
केही काम भए अह्राउनु हवस् ❋ लाग्नेछु त्यै काममा ॥
भन्छिन् कुन्ति खुशी भएर बहुतै ❋ त्यो कर्णलाई अनी ।
हे बाबू ! तिमि जान आफु कन ता ❋ छोरो हुँ यिन्कै भनी ॥

(६)

पैह्ले जुन् घरिमा कुमारि म थिएँ ❋ माइत बस्दा महाँ ।
दुर्वासा ऋषि पाल्नु भो र मइले ❋ सेवा गरें खुब् तहाँ ॥
सेवाले ऋषिजी प्रसन्न हुनु भै ❋ माया म माथी धरी ।
द्यौता डाक्न भनेर मन्त्र दिनु भो ❋ सीकें मुखाग्रै गरी ॥

(७)

जानू भो ऋषिजी उठी कुटि तिरै ❋ मैले हतारो गरी ।
त्यै मन्त्रै कन पो प्रयोग त गरें ❋ श्री सूर्यमा मन् धरी ॥
मन्त्रैको बलले तुरुन्त भगवान् ❋ श्रीसूर्य आई गए ।
हे कुन्ती ! तिमि कन्यका रहु सदा ❋ भन्ने वरै पो दिए ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(८)

छोराको वर दिन्छु पुत्र तिमिले ❋ प्राप्तै गरौली भनी ।
त्यै बेला रवि पाल्नु भो गगनमा ❋ आश्चर्य लाग्यो अनी ॥
तिम्रो जन्म भयो विवाह नहुँदै ❋ तस्मात् शरम् भो अती ।
आफ्नू इज्जत राख्नलाइ मइले ❋ सोचें कती हो कती ॥

(९)

एही निश्चय भो लगेर नदिमा ❋ दिन्छू बगाई भनी ।
राखी सन्दुकमा लगेर नदिमा ❋ मैले बगाएँ अनी ॥
राधाले तिमिलाइ पालन गरिन् ❋ माता त तिम्री म हूँ ।
तिम्री धाइ भइन् ति ता सुत ! सुन्यौ ❋ धेरै कुरा के कहूँ ॥

(१०)

सम्राट् पाण्डुजिका सुपुत्र तिमि हौ ❋ छन् पाण्डवादी जती ।
तिम्रै भाइ ति हुन् गएर तिमिले ❋ भेट्नू छ राम्रो अती ॥
दाज्यूका रुपमा तिमी कन तहीं ❋ पाएर खूशी भई ।
राख्नन् गद्दि विषे ति भाइहरुले ❋ तिम्रै खटन्मा रही ॥

(११)

तिम्ले गै कन पाण्डवादिहरुमा ❋ मीलेर बस्दा महाँ ।
शान्ती हुन्छ विरोध दूइ कुलमा ❋ हूनेछ मेलै यहाँ ॥
सम्राट् भै कन कर्ण ! राज्य गरि ल्यौ ❋ श्रेयै म देख्छू अती ।
नाहीं ता मरछन् लडेर रणमा ❋ यी कौरवै छन् जती ॥

(१२)

तिम्ले पाण्डुकुमार पो भइ दिए ❋ युद्धै नपर्नै भयो ।
बाँच्नेछन् सब प्राणि धर्म बहुतै ❋ तिम्लाइ हूने थियो ॥
हे बाबू ! छ भलो यसै गरनमा ❋ यै काम तिम्ले गरी ।
माताको मन राखिद्यौ जगतमा ❋ मेरा कुरामा परी ॥

(१३)

कुन्ती मौन भइन् र कर्ण उ बखत् ❋ बोल्नै अगाडी सऱ्यो ।
मार्नैलाइ भनी बगाइ दिनु भो ❋ जस्लाइ सो ता मऱ्यो ॥
छोरो होस् तँ भनेर भन्नु अहिले ❋ यो कर्णलाई पनी ।
भूलै हो इ कुरा गरे जगतले ❋ ठान्ने छ पागल् भनी ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(१४)

जुन् बेला जलमा बगाउनु भयो ❋ नाता टुटी गै गयो।
राधाको म त पुत्र पो भइगएँ ❋ हे कुन्ति ! सुन्नू भयो॥
गर्छू चाकरि ता सुयोधनजिका ❋ नुन् खाइ तिन्को यहीं।
पाँचै पाण्डव सीत आज कसरी ❋ मिल्ने छ कर्णै गई॥

(१५)

आज्ञाल गरि कौरवादिहरूको ❋ मैले लडाईं महाँ।
मार्नै पर्दछ पाण्डवादि कन ता ❋ मिल्नै म जान्थें कहाँ॥
सूनी निश्चय राख्नुहोस् हृदयमा ❋ मैले रणैमा गई।
मार्छू अर्जुनलाइ की त तिनले ❋ मार्छन् मलाई तहीं॥

(१६)

मारैं अर्जुनलाइ ता यदि भने ❋ गिन्ती मलाई गरी।
आफ्ना पाँच सुपुत्र जीवित ति छन् ❋ ठान्नू विचारै गरी॥
मार्नै छैन कदापि पाण्डव कुनै ❋ ती चारलाई तहाँ।
जानूहोस् गृहमा सुमा ! हजुर लौ ❋ झूटो म भन्थें कहाँ॥

(१७)

कुन्तीले ति कुरा सुनी कन भनिन् ❋ हे बाबु ! संसारमा।
दोषी कस्कन मान्नु कर्म-फल पो ❋ भोग्छन् सबैले यहाँ॥
तिम्रो उक्ति सुनैं हुनेछ अब ता ❋ भारी लडाईं भनी।
ठान्छू यो मइले र गम्छु मनमा ❋ आश्चर्य मान्छू अनी॥

(१८)

बेलालाइ प्रणाम गर्छु मइले ❋ ठूला तीनै हुन् भनी।
जस्ले पुत्र दिई पराइ उहि नै ❋ पाऱ्यो बखत्ले पनी॥
हे बाबू ! बस लौ भनेर ति गइन् ❋ आफू रहन्थिन् जहाँ।
उठे कर्ण पनी तुरुन्त उ बखत् ❋ जानै सभामा तहाँ॥

राजा रुक्मिलाई कौरव र पाण्डवले बहिष्कार गर्नु

(१)

यस्तै औसर बीच मत्स्यपुरिमा ❋ श्रीभीष्मकैका पनी।
छोरा रुक्मि लिएर सैन्य सँगमा ❋ एकै त अक्षौहिणी॥
आए कुण्डिनपूर देखि हरिका ❋ शाला ति भाई पनी।
पर्थै रुक्मिणिदेविका जुन उही ❋ आए घमण्डी बनी॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(२)

श्रीमान् धर्मकुमारको अति ठुलो ❋ सोही सभा बीचमा ।
पूगे रुक्मि र स्वागतै हुन गयो ❋ श्रीपार्थका साथमा ॥
दीए आसन बस्नलाइ जब ता ❋ साह्रै घमण्डी बनी ।
लागे भन्न युधिष्ठिरै कन तहीं ❋ यस्ता तवरले अनी ॥

(३)

राजन् ! जीत गराइदिन्छु म इले ❋ तिम्लाइ यो युद्धमा ।
कर्ण - भीष्म र द्रोणको तिमिहरू ❋ डर् मान्दछौ के यहाँ ॥
तिम्रा लागि ति वीर छन् मकन ता ❋ छन् ती उपीयौं सरी ।
मार्दिन्छू सब वीरलाइ सहजै ❋ एकै शरैले गरी ॥

(४)

गर्दिन्छू सब कौरवादि कन ता ❋ निर्जीव युद्धै महाँ ।
वंशै कौरवको म राखिदन सुन्यौ ❋ खोजेर मार्छू तहाँ ॥
सारा पृथ्वि दिलाउँछू तिमि कनै ❋ मारेर शत्रू जती ।
मेरै आज अधीनमा रहु तिमी ❋ मानेर शिक्षा यती ॥

(५)

रुक्मीका सुनि बात भीम कन ता ❋ साह्रै उठ्यो रिस् तहीं ।
भन्छन् कीन प्रलाप यो गरिलियौ ❋ रोगी सरीका भई ॥
तिम्रो हामि सहायता लिन भनी ❋ छैनौं तयार् यस् घरी ।
साह्रै शेखि भएछ जाउ अहिले ❋ ऊठेर चाँडो गरी ॥

(६)

राख्छौं हामि भरै ठुलो प्रभुजिको ❋ यस्ता कुरा फेर् यहाँ ।
बोल्यौ ता रसना[1] निकालि दिउँला ❋ तानेर मैले यहाँ ॥
अर्कै कोहि भए त ज्यान् सहजमा ❋ लिन्थें म क्रुद्धै बनी ।
साला हौ हरिका र बक्सिस दिएँ ❋ तिम्लाइ त्यो ज्यान् पनी ॥

(७)

एती बात भनी बृकोदरजिले ❋ ती रुक्मिलाई तहाँ ।
तिन्कै हात समाति तानि बलले ❋ उठाइ दींदा महाँ ॥
शर्मै मानि ठुलो उठेर ति गए ❋ बोल्दै नबोली रती ।
आफ्ना सैन्य लिएर पो गइ गए ❋ झट् हस्तिनापूर ती ॥

१ जिभ्रो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(८)

ती दुर्योधनले पनी बुझि लिए ❋ खुब् शेखिवाला भनी ।
चाहीं दैन सहायता भनिदिए ❋ तिन्को मुखैमा पनी ॥
त्याहाँ देखि पनी ति रुक्मिजि गए ❋ ऊठेर चौंडो गरी ।
फर्के फौज लिई स्वदेश तिर पो ❋ खुब् शर्ममा पो परी ॥

कौरव-पाण्डवको युद्ध-तैयारी

(१)

सारा सैन्य ति पाण्डवादिहरुको ❋ सातै त अक्षौहिणी ।
जम्मा भो जसमा त सात अफिसर् ❋ थीए सुयोग्यै पनी ॥
सेनाका पति पो ति अर्जुन भए ❋ तिन्ले कुरुक्षेत्रमा ।
जम्मा भैकन खुब् प्रवन्ध गरियो ❋ टिक्ने जगाको तहाँ ॥

(२)

अक्षौहीणि यघार कौरव तिरै ❋ गिन्ती भयो सैन्यको ।
एघारै अफिसर् नियुक्त गरिए ❋ तिन् माथि जान्ने छ जो ॥
फेरी सैन्य समस्तको समरमा ❋ रक्षार्थ भारै दिई ।
श्रीसेनापतिको दिए त पद्वी ❋ श्रीभीष्मलाई गई ॥

(३)

राजाहेरु जती थिए पृथिविमा ❋ सेना समेतै भई ।
कोही पाण्डव तीर कोहि त भने ❋ ती कौरवैका रही ॥
आए युद्ध निमित्त सज्जित हुँदै ❋ पौंचे कुरुक्षेत्रमा ।
मैदानै त ठुलो रहेछ उहिंनै ❋ अत्यन्त चौडा तहाँ ॥

(४)

सम्बन्धै कुरु पाण्डवादि सितको ❋ राम्रो विचारै भई ।
मद्दत् दीनु भएन क्यै बलजिले ❋ तिन्लाइ आफै गई ॥
पाले तम्बु कनात टाँगि कन धेर् ❋ डेरा तयारी गरे ।
पूगी त्यै कुरुक्षेत्रमा ति दुइले ❋ ताहीं वसाई सरे ॥

(५)

चाहीने जति युद्धका ति सरजाम् ❋ सारा हतीयार् अनी ।
भण्डारादि पनी तहीं रसदका ❋ पूगे तुरुन्तै पनी ॥
मैदानादि तुरुन्त साफ भइ गो ❋ चूनेर कंकड् जती ।
लागे खेल्न कवाज सैन्यहरूले ❋ आनन्द मानी अती ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दुर्योधनको दूतलाई पाण्डवको जवाफ

(१)

यस्तै औसरमा त दूत पुगि गो ❋ कोही उलूपी भनी ।
त्यस्ले धर्मकुमारका समिपमा ❋ आएर बोल्यो भनी ॥
दूतै हूँ नृपते ! सुयोधनजिको ❋ तिन्कै हुकुम्ले यहाँ ।
तिन्कै बात सुनाउना कन भनी ❋ आएँ हजूरै महाँ ॥

(२)

थीयो एक बुढो बिरालु बनमा ❋ त्यस्ले तपस्वी बनी ।
घाँटीमा पहिरेर हार फुलको ❋ रुद्राक्ष माला पनी ॥
वृक्षैका मनि गै बस्यो जमिनमा ❋ मूसा त्यहीं धेर् थिए ।
त्यस्लाइ तपि हो भनेर तिनिले ❋ सेवादि गर्दा भए ॥

(३)

यौटा मात्र मुसो अगाडि जब ता ❋ पर्थ्यो बिरालो अनी ।
खान्थ्यो त्यस् कन पक्रि मारिकन ता ❋ मानू शिकारी बनी ॥
यस्तै रीति गरेर केहि दिनमा ❋ मोटो बिरालो भयो ।
मूसाको हुलमा मुसाहरु पनी ❋ कम्ती हुँदै पो गयो ॥

(४)

मूसाको मनमा पऱ्यो अरि ठुलो ❋ ये हो बिरालो भनी ।
त्यस्लाई ठग हो भनेर तिनिले ❋ त्यागी दिएथे भनी ॥
सोही बृद्ध बिडाल झैं तिमि भयौ ❋ पैह्ले तपस्वी सरी ।
ऐह्ले मार्न तयार् भयौ तिमि भने ❋ हाम्लाइ युद्धै गरी ॥

(५)

मेरा नै डरले गयौ बन विषे ❋ ज्यान् राख्नलाइ भनी ।
ऐह्ले आइ तयार् भयौ समर पो ❋ गर्छौं अवश्यै भनी ॥
सम्धी बाट सहायता हुन गई ❋ ऐह्ले बलीया भयौ ।
हामी सीत लडाइँ गर्न अनि पो ❋ तिम्ले विचारी लियौ ॥

(६)

एती बात भनी युधिष्ठिरजिमा ❋ भीमार्जुनैमा अनी ।
दृष्टी दी कन भन्छ सोहि उलुपी ❋ सन्देश सुन्नोस् भनी ॥
मोटो भालु सरी तिमी दुइ महाँ ❋ यौटा नटूवा भयो ।
अर्को चाहिं त खुब् भुँडे हुन गई ❋ मोटाइ साह्रै गयो ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(७)

के लड्नन् नट्टुवा भुँडे दुइ जना ❋ हाम्रा अगाडी परी ।
त्यसैं आज घमण्ड पो गरिलियौ ❋ लड्ने इरादा धरी ॥
तिम्रो इज्जत कुन् छ आज जगमा ❋ जस्की त भार्या पनी ।
दासी पारि लियौं उ सम्झ मनले ❋ साँचे भनेको मनी ॥

(८)

श्रीभीष्मै अनि द्रोण-कर्ण-कृपका ❋ साम्ने लडाइँ महाँ ।
बाँचौला भनि ठान्दछौ तिमिहरू ❋ बुद्धी गुमायौ कहाँ ॥
लाग्यो कृष्णजिलाइ भन्न उलुपी ❋ जादू तिमी जान्दछौ ।
तिम्लाई चटकी भनेर मनले ❋ हामीहरू ठान्दछौं ॥

(९)

जादूको दुइ चार खेल अघि नै ❋ देखी लिएको म छू ।
तिम्रो जादु र इन्द्रजाल रणमा ❋ चल्दैन यै भन्दछू ॥
गोठालो तिमि हौ रहू बरु गई ❋ बस्छन् ति गाई जहाँ ।
तिम्रो काम छ कुन् बताउ ? म कनै ❋ संग्राम - भूमी महाँ ॥

(१०)

निन्दा श्रीहरिको सुनेर उ बखत् ❋ सभ्यादि क्रुद्धे भए ।
यस्तैमा सहदेवजी नजिकमा ❋ त्यस्का पुगी गै गए ॥
लागे भन्न ति पाजि दुष्ट उलुपी ! ❋ के भन्दछस् रे यहाँ ।
निन्दा श्रीहरिको गरिस् सकल दाँत् ❋ तेरा छँदै छन् तहाँ ॥

(११)

सुन् रे दुष्ट ! तँ पुत्रहोस् शकुनिको ❋ पाजी छ तेरो पिता ।
बाबूलाइ समेत मात गरने ❋ छोरो भईछस् तँ ता ॥
तेरो पाजि पिता उही शकुनिका ❋ साम्ने लडाईं महाँ ।
ज्यान् तेरै म लिनेछु मारि पशु झैं ❋ जालास् तँ उम्की कहाँ ॥

(१२)

जस्को भारि कृपा भएर अहिले ❋ बाँचेर बोल्ने भइस् ।
त्यस्ता पाण्डव सीत युद्ध गरदै ❋ हे नीच ! काहाँ जितिस् ॥
धर्मात्मा अति सत्यवादि नृपती- ❋ लाई छलैले गरी ।
पाशा झेलि बनाइ राज्य उनको ❋ लीइस् छलैले हरी ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(१३)

आफ्नू जो छ कबोल राख्नु भनि त्यै ❋ हामी बनैमा गयौं ।
बेला त्यै प्रणको समाप्त हुन गै ❋ युद्धार्थ आई गयौं ॥
भाई-बन्धु ति दुष्ट-वर्ग जति छन् ❋ तिन्लाइ साथै लिई ।
आएस् युद्ध निमित्त मर्न तइँले ❋ साम्ने मुहूँडा दिई ॥

(१४)

तेरा साम्नु ति भाइ-बन्धु जति छन् ❋ तेरा ति मार्छू सबै ।
तेरो भौंच्छु म जोडि जाँघ रणमा ❋ गिर्लास् भुमीमा तबै ॥
तेरै ता शिरमा म लात्ति दिउँला ❋ देख्नन् सबैले भनी ।
एती कर्म गरी प्रसन्न म हुँला ❋ कार्यै पुरा भो भनी ॥

(१५)

भन्छन् अर्जुनले सुनेस् तँ उलुपी ! ❋ ऐहे सरासर् गई ।
त्यै दुर्योधनलाइ भन्नु तइँले ❋ भन्छू म जो - जो उही ॥
भीष्मैको कृप - कर्ण - द्रोणहरुको ❋ भर् मान्दछस् जो अती ।
तेरै साम्नु गिराइ तिन्कन तहीं ❋ पार्नेछु खुब् दुर्गती ॥

(१६)

भन्छन् धर्मकुमार सुन् तँ उलुपी ! ❋ दुर्योधनैले पनी ।
आफ्नू भूल सुधारि बुद्धिकन ता ❋ राम्रै सपार्ला भनी ॥
जे गर्दा पनि त्यै सही कन रहें ❋ शान्ती नहूने भयो ।
दुष्टैका सँगले त बुद्धि उसको ❋ उल्टो भई गै गयो ॥

(१७)

अन्यायै म कती सहूँ नृपति हूँ ❋ न्यायै नछोडी यहाँ ।
लड्नै आज पर्‍यो गएर रणमा ❋ तिन्कै अगाडी महाँ ॥
आज्ञा भो हरिको उलूपि कन यै ❋ तैंले उलूपी ! गई ।
त्यै दुर्योधनलाइ भन्नु रणमा ❋ मिल्ला जवाफै तहीं ॥

(१८)

गर्छन् युद्ध अवश्य पाण्डवहरू ❋ तिम्रा सँगैमा लडी ।
आऊनू रणमा तिमीहरु सबै ❋ एती भनेस् गै उहीं ॥
पाई उत्तर गै गयो उलुपि ता ❋ आफ्नू छ सेना जहाँ ।
त्यस्‌ले गै कुरुराजलाइ सब हाल् ❋ दीयो सुनाई तहाँ ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भीष्मले पाण्डवको सह्नी गर्दा कर्ण क्रुद्ध हुनु

(१)

सूनी पाण्डव तर्फका सब कुरा ❋ दुर्योधनै फेर् तहीं ।
मन्छन् युद्ध गरौं ति पाण्डव सँगै ❋ भोली सबैले गई ॥
राजाज्ञा यहि सैन्यमा पुगि गयो ❋ तैयार सारा परे ।
श्री दुर्योधनले ति भीष्म कन फेर् ❋ यो बात बिन्ती गरे ॥

(२)

भन्नोस् पितामह ! दुवै तिरमा पहीले ।
छन् हे रथी अति-रथी कती छन् अहीले ॥
गांगेयले सुनि सकी कन प्रश्न सोही ।
भन्दा भए अनि सुयोधनलाइ एही ॥

(३)

राजन् ! युधिष्ठिरजि मुख्य रथी भनेर ।
जानी लिए हृदयले पहिला गुनेर ॥
ती भीमसेन रथि आठ बरा - बरैका ।
छन् माइने ति बलवान् ति युधिष्ठिरैका ॥

(४)

फेरी तिनै नकुलजी सहदेव भन्ने ।
माद्री - कुमार दुइ हुन् रथि मध्य गन्ने ॥
ती पार्थ झैं त्रिभुवनै भरि वीर कोही ।
छैनन् र अद्वितिय हुन् रथि जान सोही ॥

(५)

दूवै ति सात्यकि अनी अभिमन्यु ताहाँ ।
जान्नू रथीहरु ति हुन् नर-लोक माहाँ ॥
पाँचै सुपुत्रहरु द्रौपदिका भनेका ।
माहारथीहरु ति हुन् गुणिले गनेका ॥

(६)

ती धृष्टद्युम्न र शिखण्डि र उत्तरै पो ।
श्रेष्ठै रथीहरु ति छन् रण -कर्ममा जो ॥
पाञ्चाल चेदि अनि कैकय-राज पाण्ड्य ।
ती कुन्ति - भोज र विराट र काशिराज ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(७)

यी हुन् महारथिहरू रण - कर्म जान्ने ।
आफ्ना अरीकन त घाँस समान ठान्ने ॥
यौटा अती - रथि घटोत्कच हो कहेको ।
त्यैं भीम - पुत्र बलवान् छ अती भएको ॥

(८)

ती धृष्टद्युम्न सुत अर्धरथी बनेका ।
छन् है चलाख रण - कर्म विषे भनेका ॥
यस्ता प्रकार सँग पाण्डवका तिरैका ।
वीरादिको गरि बयान ति कौरवैका ॥

(९)

जो पक्ष छन् ति सबको पनि नाम बोल्दै ।
भन्छन् ति भीष्मजि पराक्रमलाइ खोल्दै ॥
राजन्! रथी तिमि स्वयम् अहिले खडा छौ।
भन्छन् सुयोधन सबै नृपमा बडा छौ ॥

(१०)

तिम्रा ति भाइ सउ छन् रथिनै सँगैमा ।
सक्तैन जित्न अरूले त कभै रणैमा ॥
तिम्रा ति वीर कृतवर्म अतीरथी हुन् ।
श्रीशल्य भूपति रथी पनि मुख्यनै छन् ॥

(११)

भूरिश्रवा अनि युधाधि दुवै रजौटा ।
ल्यौ जानि हे नरपते! रथि हुन् ति दोटा ।
द्वैतै रथी भनि जयद्रथलाइ ठान्नू ।
काम्बोजराज र सुतीक्ष्ण रथी यि जान्नू ॥

(१२)

विन्दानुविन्दहरु फेरि तृगर्त्तराज ।
हुन् उत्तमै रथि बुझे तिमि राजराज ॥
हुन् द्रोण श्रेष्ठ ति महारथि जान एहे ।
द्रोणी पनी बुझ पितै सरि भन्छु मैले ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(१३)
आचार्य ती कृपजिलाइ अवश्य जाने ।
छन् पाँचने रथिसरी यहि ठीक माने ॥
यी कर्णलाइ तिमि अर्धरथी भनेर ।
जाने नरेन्द्र अति ठीक कुरा बुझेर ॥

(१४)
ती भीष्मका सुनि कुरा बहुतै रिसाई ।
भन्छन् ति कर्ण त सभासद - वृन्दलाई ॥
हे सभ्य हो ! यिनि पितामह भीष्मजी हुन् ।
बोल्छन् लिएर अति द्वेष म सीत हर्दम् ॥

(१५)
धेरै सहन्छु म कुरा यिनिले गरेका ।
मानू कटारि कन खुब् विषले भरेका ॥
हेर्छू सुयोधनजिलाइ र चूप लाग्छू ।
बोल्दीन केहि मुखले मन भित्र जाग्छू ॥

(१६)
वृद्धै भए तर यि बालक झैं बनेर ।
गर्छन् कुरा कन ठुलो छु यही भनेर ॥
यिन्का कुराकन पत्यार् नगरुन् कसैले ।
बोल्छन् वृथैव यिनि मन्परि पो रिसैले ॥

(१७)
राख्छन् यि पाण्डव तिरै पनि प्रेम भारी ।
तिन्कै गरेर सह्नीहरुको भकारी ॥
बोल्छन् यि घोचिकन हामि समस्तलाई ।
गर्छन् यहाँ रहि ति पाण्डवकै भलाई ॥

(१८)
यी भीष्मजी जब तलक् रहनन् म जाई ।
लड्दीन कोहि सित गै कन युद्धलाई ॥
सेनापती यिनि हुने म त युद्ध गर्नें ।
मेरो सुकीर्ति कन भीष्म समस्त हर्नें ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(१९)

जान्छू घरै गइ बसेर तमाश हेर्छू ।
गिर्नन् जसै यि रणमा म अगाडि सर्छू ॥
युद्धै गरेर म कसै सित कीन हार्छू ।
बैरी जती बिनि सुयोधनका म मार्छू ॥

(२०)

सेनापती यिनि बनुन् पदवी समाई ।
यिन्ल्यै त चालन गरुन् सब सैन्यलाई ॥
बूढा भएर पनि बुद्धि कता हराए ।
यी भीष्मले म कन नीच सरी गराए ॥

(२१)

त्यस्का कुरा सुनि ति भीष्म निकै रिसाई ।
भन्दाभए अनि अवाज उँचो गराई ॥
हे कर्ण ! व्यर्थ किन शेखि यसोरि गर्छस् ।
मार्छन् ति अर्जुनजिले रणमा तँ मर्छस् ॥

(२२)

पत्याउँछन् तँ कन जौन सुयोधनैले ।
देख्नन् तँलाइ गिरदा रणमा उनैले ॥
मार्नन् किरीटि शर एक त्यजी तँलाई ।
देख्नन् सुयोधनजिले अति छट्पटाई ॥

(२३)

दोषै दिइस् अघि सरी कन जुन् मलाई ।
मार्ने थिएँ यहिं बुझिस् मइँले तँलाई ॥
इच्छा म गर्दिन तँलाइ निमाउनाको ।
त्यस् अर्थ बाँचि रहिछस् अझ लौ यहाँ पो ॥

(२४)

बूढो म छू तर सहस्र त कर्णलाई ।
सक्छू निमाउन भनी बुझिले मलाई ॥
लिन्छन् यि पक्ष भनि पाण्डवको तँ भन्छस् ।
साँचै म बोल्छु तँ असत्य भनेर ठान्छस् ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(२५)

हे नीच कर्ण ! किन गर्व यसोरि गर्छस् ।
गांगेय हूँ भनि दिएँ तँ अवश्य मर्छस् ॥
तेरो पराक्रम र अस्त्र दिँदैन कामै ।
मार्छन् ति अर्जुनजिले भनि दिन्छु साफै ॥

(२६)

ती भीष्मको सब कुरा सुनि छक्क पर्दै ।
आँट्यो विरोध अब पर्न भनेर हेर्दै ॥
श्रीभीष्मलाइ ति सुयोधन बिन्ति गर्दै ।
भन्छन् पितामहजिको पनि पाउ पर्दै ॥

(२७)

हे नाथ ! भोलि लडनू छ लडाइँ माहाँ ।
ऐह्ले विरोध परि जाति हुनेछ काहाँ ॥
के गर्नु पर्छ अब आर्ति दिनोस् बताई ।
होला कसोरि जय - प्राप्ति त हामिलाई ॥

(२८)

द्रोणी र द्रोण कृप कर्ण र भीष्मलाई ।
सोधे सुयोधनजिले यि कुरा उठाई ॥
ती पाण्डवादिहरुको सब सैन्यलाई ।
प्रत्येक वीर कहनोस् कति बेर् लगाई ॥

(२९)

मारेर ध्वस्त गरना कन सक्छ याहाँ ।
यै सुन्दछू कहनु होस् रणभूमि माहाँ ॥
यस्ता कुरा सुनि प्रसन्न भएर केही ।
भन्छन् पितामहजिले पनि बात एही ॥

(३०)

हुन् नाति पाण्डव भनी कन पाँच भाई ।
मार्ने म छैन रणमा हतियार् उजाई ॥
नारी बुझेर म शिखण्डिजिका अगाडी ।
युद्धै त गर्दिन प्रणै त यही छ भारी ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(३१)

छाडेर प्राणि छ जना कन अन्यलाई ।
मार्नेछु युद्ध गरि बेर रती नलाई ॥
मार्नेछु है दश हजार म वीर रोजै ।
जो लड्न आउँछ उ मर्दछ भन्छु सोझै ॥

(३२)

ती पाण्डवीय[1] कटकादि विनाशनलाई ।
मैह्ला त एक जति लाग्छ सुन्यौ मलाई ॥
श्रीभीष्मका सुनि कुरा तब द्रोण आफैं ।
भन्छन् बताउँछु उही अब बात साफै ॥

(३३)

मैले गएर रणमा हतियार् चलाई ।
सक्छू निभाउन म मास जती लगाई ॥
श्रीद्रोणका सुनि कुरा कृपले जताए ।
मैह्ला दुई म कन लाग्छ भनी बताए ॥

(३४)

भन्छन् ति द्रोणि तिनका सब सैन्य मार्न ।
लाग्ला दिनै दश अवश्य सखाप पार्न ॥
वीरादिका सुनि कुरा अति गर्व गर्दै ।
भन्छन् ति कर्ण सब सैन्य विनाश गर्दै ॥

(३५)

ती पाँच पाण्डव समेत् सब मार्नलाई ।
लाग्नेछ पाँच दिन पो रणमा मलाई ॥
अस्त्रास्त्र छोडि कन मार्छु समस्त प्राणी ।
ज्यूँदो भएर रणमा कुन बाँचला नी ॥

(३६)

त्यो कर्णको सुनि कुरा बहुतै रिसाई ।
भन्छन् ति भीष्म यि कुरा तब कर्णलाई ॥
शेखी तँ गर् रहि यहाँ जति गर्नु पर्ने ।
आखिर् छ अर्जुनजिबाट अवश्य मर्ने ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(३७)

श्रीपार्थ सीत रणमा नसकेर पैह्ले ।
भागी गइस् रण त्यजी कति पल्ट तैंले ॥
थाहा छ सो मकन गर्व वृथा छ गर्नू ।
व्यर्थै छ पार्थकन मार्छु भनेर बोल्नू ॥

(३८)

भुक्नु बसेर घरमा गई श्वान जस्तै ।
के आउँछस् रण विषे तँ बनेर मस्तै ॥
गर्छू म युद्ध जब सम्म घरै बसेर ।
काटेस् बखत् सुख सँगै तईंले लुकेर ॥

(३९)

तिन्का कुरा सुनि रिसै गरि कर्ण फेरी ।
बोल्यो सुयोधनजिका मुख तर्फ हेरी ॥
ऐह्ले म जान्छु घरमा र बसी रहन्छू ।
यी भीष्मका पछि रणस्थलमा म लड्छू ॥

(४०)

एती भनेर रिस राखि ठूलो मनैमा ।
चाँडै उठेर अनि कर्ण गयो घरैमा ॥
गै गो र कर्ण ति सुयोधन उत्ति खेरी ।
सोद्धा भए पनि ति भीष्मजिलाइ हेरी ॥

भीष्मले शिखण्डीको वर्णन गर्नु

(१)

नारी शिखण्डि भनि भन्नुभयो हजुरले ।
देख्छू पुरुष सरि त्यस्कन ता महले ॥
हूनेछ जीत कसरी यहि कार्य बाट ।
मेरो विनष्ट हुन जान्छ कि राजपाट ॥

(२)

भन्छन् ति भीष्म सुन कारण त्यो म भन्छू ।
विश्वास पार्न तिमिलाइ कुरा कहन्छू ॥
वीचित्र-वीर्य भनिने निज भाइलाई ।
बीहा गराउन भनी कन हत्पताई ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(३)

श्रीकाशिराजकि सुपुत्रि हरें तिनोटी ।
बोलिन् मसीत जुन चाँहि थिइन् ति जेठी ॥
ओँट्छू म शाल्व सित गर्न विवाहलाई ।
सुन्दा बिदा गरि दिएँ ति कुमारिलाई ॥

(४)

गर्दैं ठुलो रिस म माथि कुमारि अम्बा ।
बोलिन् गुरू सित गई कन बात जम्बा ॥
ती परशुराम गुरुले तिनिलाइ ल्याई ।
आज्ञा दिए म कन गर्न विवाहलाई ॥

(५)

हूँ ब्रह्मचारि म भनी कन विन्ति लाएँ ।
बीहा म गर्दिन भनी कन यै सुनाएँ ॥
आज्ञा अनादर गर्‍यो भनि खुब् कराई ।
तेईस पो दिन लडे गुरुले रिसाई ॥

(६)

संहार अस्त्र लिइ मार्छु भनेर ओँटें ।
धेरै ऋषीश्वर पुगी कन खूब् झोँटे ॥
हे भीष्म ! कार्य कुन गर्न लियौ विचारी ।
मार्छौ गुरूकन तिमी गरि पाप भारी ॥

(७)

यस्ता कुरा सुनि म ता बहुतै लजाएँ ।
यै बातमा मकन ता ऋषिले गिज्याए ॥
हारें तिमी सित भनी गुरु जानु भै गो ।
अम्बा कनै कठिनता त तहीं परी गो ॥

(८)

अम्बा गएर बनमा तप गर्न लागिन् ।
पाल्नू भयो शिव अनी वरदान माँगिन् ॥
अर्को लिएर तिमि जन्म ति भीष्मलाई ।
मारौलि यै हुकुम भो ति कुमारिलाई ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(९)

जानू भयो शिव जसै उठि धाम माहाँ ।
पत्ता र काष्ठ बटुली कन घेर ताहाँ ॥
आगो लगाइ कन बल्न गयो जसै ता ।
बोलिन् ति भीष्मकन मार्न सकूँ तसै ता ॥

(१०)

एती पुकारि कन अग्नि विषे कुदेर ।
भस्मै भई कन गइन् तिनि ता मरेर ॥
राजा तिनै द्रुपदले पनि ता मलाई ।
मार्नँ सकूँ भनि गरे तप चित्तलाई ॥

(११)

भन्नू भयो शिवजिले नृपते ! म भन्छू ।
यौटी सुपुत्रि तिमिलाइ हुनिन् कहन्छू ॥
ठूली भएर तिनिले तब यक्ष सीत ।
माँगी लिनिन् पुरुष-चिन्ह समस्त चीज ॥

(१२)

जन्मिन् तिनै द्रुपदका घरमा गएर ।
छोरो भयो भनि भने छल पो गरेर ॥
नामै शिखण्डि रहिगो तिनिको जसै ता ।
ठान्थे कुमार भनि तिन् कन पो तसै ता ॥

(१३)

माँगी दशार्णव नृपैकि कुमारिलाई ।
बीहा शिखण्डि सित पो दिइयो गराई ॥
तिन्ले अपूर्व छल देखि पिताजिलाई ।
बिन्ती गरिन् सकल भेद कुरो बताई ॥

(१४)

सुन्दा कुरा रिस गरी कन युद्ध गर्न ।
आए दशार्णव-नरेन्द्र विनाश गर्न ॥
लौ युद्ध पर्दछ भनेर खबर् त भै गो ।
पाञ्चाल देश भरि खलबलि पर्न गै गो ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(१५)

आफ्ना निमित्तक त हुन्छ लडाइँ भारी ।
सोची गइन् मरनलाइ शिखण्डि नारी ॥
आइन् ठुलो बन विषे ति र थाह भै गो ।
यक्षै थियो तहिं दया उसलाइ नै भो ॥

(१६)

आई अगाडि उसले ति शिखण्डिलाई ।
भन्दो भयो नजिकमा करुणा जनाई ॥
हे देवि ! वर्ष दिनलाइ भनेर मैले ।
मेरै त दिन्छु पुरुषत्व समस्त ऐले ॥

(१७)

वर्षै पुगे पछि सबै म फिराइ लिन्छू ।
एती सुनी कन भनिन् म अवश्य दिन्छू ॥
त्यो यक्षले सकल चिह्न लियो तिनैको ।
आफ्नू दियो सकल चिह्न तहीं छिटै पो ॥

(१८)

थाहा भई कन कुबेर निकै रिसाए ।
त्यस् यक्षलाई अनि श्राप यही सुनाए ॥
हे यक्ष ! जीवन भरी ति शिखण्डिजीको ।
तैंले नलीनु पुरुषत्व जउन् दिएको ॥

(१९)

यस्ता प्रकार सँग चिह्न लिई अरूको ।
भन्छन् शिखण्डि म हुँ मर्द भनेर ती पो ॥
ठान्दीन मर्द भनि तिन्कन ता म ऐले ।
नारी ति हुन् कसरि लड्नु गएर मैले ॥

(२०)

साँचै बताउनु भयो भनि फिक्रि गर्दै ।
दुर्योधनै रहि गए अति छक्क पर्दै ॥
चिन्ता पर्‍यो बहुत जीत कसोरि याहाँ ।
हूनेछ हामिहरूको यहि युद्ध माहाँ ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अर्जुनले 'आँटेमा म एक क्षणमा सबैलाई मार्छु' भन्नु

(१)

त्यस् पक्षको सुनि कुरा तब पार्थलाई ।
सोधे युधिष्ठिरजिले मन आज माई ॥
सारा ति कौरव निभाउन सोध्छु मैले ।
लाग्नेछ जो समय सो मन प्रष्ट ऐहेले ॥

(२)

भन्छन् ति अर्जुन सबै सित त्यो सभैमा ।
लीएर पाशुपत अस्त्र पनी करैमा ॥
छोडें भने सकल कौरव - वृन्दलाई ।
भस्मै म पार्दछु क्षणैं पनि एक जाई ॥

(३)

भन्छन् युधिष्ठिरजिलाई ति पार्थ फेरी ।
हे नाथ ! मार्दछु ति शत्रु समस्त घेरी ॥
चिन्ता नहोस् रति पनी रणको हजुरमा ।
जीती लिनेछु सब शत्रुहरू रहरमा ॥

(४)

यी भीम छन् अधिक वीर गएर ताहाँ ।
मार्छन् गदा लिई घुमी कन शत्रु माहाँ ॥
को सक्छ यिन्‌कन जिती लिन सामु आई ।
फिक्री नहोस् समरकै त हजुरलाई ॥

कर्ण र दुर्योधनको संवाद

(१)

भेट्ना खातिर कर्णलाई अनि फेर् ❋ दुर्योधनै गै गए ।
देखी वीर ति कर्णलाई घरमा ❋ खूशी तिनै भै गए ॥
उठी आदर खुब् गरे नृपतिको ❋ ती कर्णले त्यै घरी ।
राखी गद्दि महाँ लगेर अनि फेर् ❋ सोद्धा भए एसरी ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(२)

पाल्नू मो कुरुराज ! सेवक कहाँ ❀ कुन् कार्य आई परी ।
आज्ञा होस् म तयार् छु गर्न जुन हो ❀ सेवा अगाडी सरी ॥
यस्ता नम्र कुरा सुनेर खुशि भै ❀ भन्छन् ति राजा तहाँ ।
मित्रै हौ तिमि व्यर्थ सेवक म हूँ ❀ भन्छौ वृथामा यहाँ ॥

(३)

कामै ता अरु क्यै थिएन त पनी ❀ भेट्ने इरादा धरी ।
आएको हुँ बसेर बात गरुँला ❀ हामीहरू यस् घरी ॥
सून्यौ मित्र ! म भन्छु अग्निकन ता ❀ वायू छ साथी सरी ।
उस्तै छौ तिमि साथि पो म कन ता ❀ भन्छू म साँचो गरी ॥

(४)

भीष्मै हुन् ति बुढा र मान्नु परने ❀ हामीहरूले भनी ।
केही बोल्नु भएन तिन् सित सुन्यौ ❀ त्यस् निम्ति मैले पनी ॥
चूपै लागि रहें तिमी सित कुरा ❀ हूँदा म बैह्रो सरी ।
केही दुःख न मान्नु मित्र ! तिमिले ❀ यिन्का कुराले गरी ॥

(५)

वृद्धादीहरुको र बालहरुको ❀ एकै छ बुद्धी भनी ।
गर्दैनन् रिस क्यै ति विद्वहरुले ❀ कौनै कुरामा पनी ॥
तिम्लाई त छँदैछ ज्ञान अहिले ❀ मैले बताऊँ कती ।
राख्छन् प्रेम ति पाण्डवादिहरुमा ❀ हाम्रै त भन्दा अती ॥

(६)

तस्मात् क्रोध नल्यौ कदापि मनमा ❀ हे मित्र ! युद्धै गरी ।
देखाऊ पुरुषार्थ आफ्नु रणमा ❀ वैरी जती नाश् गरी ॥
तिम्रै एक गरेर बाहुबलको ❀ आशा - भरोसा यहाँ ।
मैले यो रण गर्न निश्चय लिएँ ❀ मानौं र मनौं महाँ ॥

(७)

श्रीदुर्योधनका सुनेर ति कुरा ❀ अत्यन्त खूशी भई ।
लागे भन्न ति कर्ण हे नरपते ! ❀ लड्छू रणैमा गई ॥
तिम्रा लागि म शस्त्र लिन्छु करमा ❀ निःशङ्क हौ यस् घरी ।
वैरीलाई निभाउँछू समरमा ❀ जान्छन् ति सारा मरी ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(८)

आउन् लड्न भनी यमै वरुण फेर् ❋ इन्द्रै कुबेरै पनी ।
ती सारा कन मै हटाउँछु सुन्यौ ❋ साह्रै प्रतापी बनी ॥
राजा मत्स्यपती र भूप द्रुपदै ❋ ती पाण्डवादीहरू ।
सक्तैनन् ति मलाइ मार्न कहिल्यै ❋ धेरै कुरा के गरूँ ॥

(९)

यौटा कृष्णाज छन् ति पाण्डव तिरै ❋ जान्ने र सुन्न पनी ।
राख्दा त्यस् कुबरी कनै मती गयो ❋ तिन्को विनष्टै बनी ॥
मेरो शक्ति कती छ सो सब कुरा ❋ जान्ने तिनै छन् हरी ।
आएथे कुमती सिकाउन भनी ❋ मैलाइ कौनै घरी ॥

(१०)

मैले मानिन त्यो कुरा र ति गए ❋ फर्की अघीनै वहाँ ।
छूसी पाण्डव दुष्ट तर्फ मह्ले ❋ लाग्नू छ योग्यै कहाँ ॥
राजन् ! भीष्म छँदै म लड्दिनँ कभै ❋ गिर्नन् तिनी जुन् घरी ।
भै सेनापति मै गएर लडुँला ❋ जीतै हजुर्को गरी ॥

(११)

फिक्री क्यै नलिएर राज गरनोस् ❋ ऐहे छ तम्बू जहाँ !
यस्ता बात सुनी कुरूपति गए ❋ ऊठेर सेना महाँ ॥
लागे बज्न ति दुन्दुभी समरका ❋ दूवै ति सेना महाँ ।
फेर् राम्रो शहनाइको स्वर पनी ❋ खुब् हुन लाग्यो तहाँ ॥

श्रीकृष्ण - युधिष्ठिर संवाद

(१)

ठूलो सुन्दर दिव्य पाल बहुतै ❋ तम्बू भएको थियो ।
सोझै पश्छिममा खडा हुन गयो ❋ सोही कुरुक्षेत्रको ॥
डेरा त्याहिं भयो युधिष्ठिरजिको ❋ सभ्यादि बस्दा भए ।
त्यै बेला नृपती युधिष्ठिरजिले ❋ ये प्रश्न गर्दा भए ॥

(२)

भन्नोस् हे कमलाक्ष ! प्रीतम हरी ! ❋ यस् युद्ध भूमी महाँ ।
कस्ले हो जय पाउने यदुपते ! ❋ आज्ञा हवस् लौ यहाँ ॥
क्यै हाँसी हरिले सुनाउनु भयो ❋ राजन् ! छ धर्मै जहाँ ।
त्याहीं जीत अवश्य हुन्छ बुझ लौ ❋ सत्यै कहन्छू यहाँ ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(३)

हाँक्नेछू रथ ता म अर्जुनजिको ❋ आफैं बनी सारथी ।
तिम्रा भाइ ति अर्जुनै रण महाँ ❋ मेरा हुनेछन् रथी ॥
आफै अर्जुन छन् पराक्रमि ठुला ❋ बेला बखत्‌मा पनी ।
रक्षा मै सबको गरेर रहुँला ❋ के हुन्छ धेरै भनी ॥

(४)

राजन्! छौ तिमि वीर मुख्य जगमा ❋ धर्मैं छ साथी पनी ।
तिम्रा भाइहरु समस्त बलवान् ❋ छन् युद्ध जान्ने तिनी ॥
साथै छन् अति वीर नायकहरू ❋ तिम्रा ति सेना महाँ ।
तिम्रै जीत हुनेछ हे नरपते! ❋ गर्दा लडाइँ यहाँ ॥

(५)

आज्ञा कृष्णजिको सुनेर खुशि भै ❋ ऊठेर पाऊ परी ।
ढोगे श्रीप्रभुलाइ धर्मसुतले ❋ भक्ती बहूतै गरी ॥
आज्ञा भो प्रभु बाट यै समरमा ❋ हूनेछ तिम्रो जय ।
आनन्दै मनले रहू नरपते! ❋ केही नमानी भय ॥

(६)

श्रीभीमार्जुनले र माद्रिसुतले ❋ पाऊ हरीका परे
जीतौंला रणमा अरी कन भनी ❋ आज्ञा प्रभूले गरे ॥
आज्ञा भो हरि बाट धर्म-सुतमा ❋ राजेन्द्र! सन्देह ता ।
त्यागी लौ गर युद्ध हुन्छ विजये ❋ भन्दैछु तिम्रो म ता ॥

(७)

दिन्छू राज्य समस्त ये पृथिविको ❋ तिमूलाइ खुशी भई ।
पार्छू एहि जगत् अ-कौरव छिटै ❋ तिनूलाइ मारीदिई ॥
सम्राट्‌को पनि छत्र राख्छु शिरमा ❋ तिम्रै सुन्यौ भूपती ।
शम्भू-पार्वतिको गरी शपथ पो ❋ भन्दैछु मैले यती ॥

❋ इति उद्योग पर्व समाप्त ❋

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

* श्रीः *

महाभारत-भीष्मपर्व

* मङ्गलाचरण *

फाल् हाली रथ देखि उत्रि भुमिमा * पाङ्ग्रो टुटेको टिपी ।
मार्छू भीष्म भनेर दौडि हिंडने * गर्दै बहूतै ढिपी ॥
यस्ता कृष्णजि पार्थ - सारथि विषे * चित्ते लगाई यहाँ ।
गर्दैछू रचनादि मङ्गल मिलोस् * यो भीष्मपर्वै महाँ ॥

व्यासजी र धृतराष्ट्रको वार्तालाप

(१)

सारा कौरव - पाण्डवादिहरु ती * युद्धार्थले गै गए ।
राजा श्री धृतराष्ट्र संजयहरु * दर्बार भित्रै थिए ॥
यस्तै औसरमा तहीं ऋषि ठुला * श्री व्यासजी देखिए ।
राखी आसनमा प्रणाम सबले * तिन्लाइ न्यूह्री गरे ॥

(२)

लागे भन्न ति अन्ध भूपति प्रभो ! * छोरा भतीजा जती ।
युद्धै गर्न भनी सबै गइ गए * लीएर उल्टो मती ॥
त्यो दुर्योधनलाइ स्नेह वशले * केही नबोल्दा महाँ ।
मैलाई पनि ता न-टेरि हिंडने * भै गो अहीले यहाँ ॥

(३)

मेरो ता मनमा परेर पछुतो * हे नाथ ! साह्रै गरी ।
यो छाती पनि पोल्छ आज बहुतै * शोकाग्नि ठूलो बली ॥
सौ छोराहरु मर्दछन् कि रणमा * भन्ने विचारै परी ।
त्यै भो शोक ठुलो मलाइ अहिले * आऊँछ जीऊ गली ॥

(४)

कत्ती चैन मलाइ छैन मनमा * बेचैन साह्रै भई ।
सोच्छू केहि उपाय देख्दिनँ हरेस् * खान्छू घरैमा रही ॥
शोकाग्नी कन शान्त गर्न सकने * केही उपाये यहाँ ।
आज्ञा होस् प्रभुले बिचारि मनले * मेरा अगाडी महाँ ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(५)

भन्छन् व्यासजिले नरेन्द्र ! जनले ❋ कस्तै चलाखी गरी ।
औंटोस् काम सपार्न त्यो यदि छ ता ❋ बिग्रेर जाने मरी ॥
त्यस्को केहि उपाय चल्दछ कहाँ ? ❋ कस्तै गरोस् ता पनी ।
जे हूनू छ अवश्य हुन्छ सब थोक् ❋ उस्तै तवर्ले बनी ॥

(६)

जो लेखे विधिले छ जौन हुनु पो ❋ श्री ईश्वरेच्छा यहाँ ।
कर्मैका अनुसारले हुन गयो ❋ भन्ने विचारै महाँ ॥
पर्दैं सज्जन ज्ञानिले हृदयमा ❋ लींदैन शोकै रती ।
तस्मात् शोक नलेउ आफ्नु मनमा ❋ भूलेर हे भूपती ॥

(७)

हाम्रो भाग्य महाँ यही हुनु थियो ❋ यस्तै परी गो भनी ।
सुर्ता क्यै नलिएर ज्ञानिहरु ता ❋ बस्छन् विपत्मा पनी ॥
ज्ञानीले सब दुःख सौख्य कन ता ❋ भेदै नराखी यहाँ ।
जो पर्ने परि गो भनेर सहनै ❋ गर्छन् परेकै महाँ ॥

(८)

हे राजन् ! नयनादिले रहित छौ ❋ केही नदेख्ने भनी ।
दिव्यै- दृष्टि म दिन्छु लेउ तिमिले ❋ त्यै दिव्य - दृष्टी पनी ॥
देख्नेछौ तिमिले सबै नजरका ❋ साम्ने भए झैं गरी ।
यस्तै हूनु थियो भनी मन अनी ❋ बुझ्ने थियो त्यस् घरी ॥

(९)

आफू माथि दया गरेर ऋषिले ❋ यस्तो भनेको सुनी ।
लागे भन्न ति अन्ध भूपति तहीं ❋ आफ्ना मनैले गुनी ॥
जन्मै देखि म नेत्र - हीन हुन गै ❋ देखीन केही पनी ।
ऐले वृद्ध उमेरमा ति सबको ❋ विध्वंस हेरूँ भनी ॥

(१०)

इच्छा यो मनले म गादन प्रभो ! ❋ तस्मात् कहन्छू यहाँ ।
दिव्यै दृष्टि म लिन्न माफ गरनोस् ❋ लिन्थें म मागी कहाँ ॥
एही विन्ति म गर्दछू हजुरमा ❋ सोही कुरुक्षेत्रको ।
माहाभारत युद्ध सुन्न मनमा ❋ इच्छा बहूतै भयो ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(११)

राखी केहि दया म माथि अहिले ❋ त्यै युद्धको हाल् पुरा ।
सुन्ने केहि उपाय गर्दिनु हवस् ❋ सुन्छू म सोही कुरा ॥
आँखाले म त हेर्न सक्तिनँ प्रभो ! ❋ युद्धै महाभारत ।
यो छाती चिरिनेछ आफ्नु कुलको ❋ हेर्दा हुँदी गारत ॥

व्यासजीले संजयलाई दिव्य-दृष्टि दिनु

(१)

इच्छा श्रीधृतराष्ट्रको गरुँ पुरा ❋ भन्ने विचारै गरी ।
डाकी संजयलाइ आफ्नु नजिकै ❋ श्रीव्यासले त्यै घरी ।
भन्नू भो सुन वीर ! भूपति यिनै ❋ युद्धादिको हाल् पनी ।
सुन्नाको मन गर्दछन् र उनकै ❋ इच्छा पुरा होस् भनी ॥

(२)

त्यस्को गर्छु प्रयत्न योग - बलले ❋ सुन्छौ कि हे संजय ।
दिव्यै - दृष्टि गराइ दिन्छु अहिले ❋ तिम्रो नमान्नू भय ॥
जो प्रत्यक्ष हुँदै छ कार्य जगमा ❋ तिम्ले त देखे सरी ।
जान्नेछौ मनले विचार गरदै ❋ त्यौ शक्तिले नै गरी ॥

(३)

त्यस् माथी वरदान दिन्छु मइले ❋ सर्वज्ञता प्राप्त भै ।
सोधेको नृपले बताउन सके ❋ कस्तै कुरा होस् सबै ॥
एती सञ्जय सीत बात गरदै ❋ गुप्तै भए व्यासजी ।
दिव्यै - दृष्टि भए छ सञ्जयजिको ❋ आनन्द माने अती ॥

धृतराष्ट्रले सोध्नु, संजयले पल्टनतिरको हाल भन्नु

(१)

त्यै बेला जब लोप भै ऋषि गए ❋ राजाजिले फेर् अनी ।
सोधे संजय ! लौ बताउ अहिले ❋ दूवै तरफ्मा पनी ॥
ऐह्ले युद्ध निमित्त कुन् हुन गयो ❋ सल्लाह वार्ताहरू ।
तिम्ले देउ भनी यथार्थ म कनै ❋ इच्छा भयो के गरूँ ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(२)

लागे सञ्जय भन्न प्रश्न सुनि त्यो ❋ राजन् ! दुवै पक्षमा ।
लागे आपसमा कुरा गरन पो ❋ प्राणीहरूले तहाँ ॥
क्षात्रे-धर्म छ युद्ध गर्नु परने ❋ हाम्रो त हे भाइ हो ।
लीनू हुन्न कदापि रीस मनमा ❋ आनन्द मान्नू निको ॥

(३)

जो पैदल् हिंडने सिपाहि छ उही ❋ पैदल् सिपाही सित ।
जावस् लड्न सवारले गइ भिडोस् ❋ वैरी सवारै सित ॥
जस्को छैन कुनै त एक हतियार् ❋ जो भाग्छ घायल् भई ।
त्यस्का माथि प्रहार गर्नु पनि ता ❋ हूँदैन हामूले गई ॥

(४)

जस्ले भन्छ नमानुंहोस् म कन ता ❋ ऐह्ले बिरामी भएँ ।
बूता बर्कत छैन लौ शरणमा ❋ तिम्रै म आई गएँ ॥
त्यस्तालाइ नहान्नु चोट कहिल्यै ❋ बैरी तरफ्को भनी ।
हामीले नियमादि पालन गरी ❋ पर्नेछ लड्नू पनी ॥

(५)

भन्छन् वीरहरू दुवै तरफका ❋ हे भाइ ! सन्सारमा ।
जस्को खाइ निमेक चाकरि गऱ्यौं ❋ हामूले त आनन्दमा ॥
उक्सेरो अब गर्नु पर्छ नुनको ❋ आएछ बेला भनी ।
बैरीलाइ निमाडनू कि त स्वयं ❋ निभ्नू छ राम्रो पनी ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(६)

कोही छैन अजम्मरै जगतमा ❀ मर्नू नपर्ने अनी ।
मर्नू पर्दछ जन्मि यस् पृथिविमा ❀ साँचो छ जस्ले पनी ॥
यस्तै बात ति गर्दछन् सब जना ❀ एती बताए जसै ।
राजा श्रीधृतराष्ट्रजी खुशि भए ❀ तिन्का कुराले तसै ॥

कौरवपतिले कौरवतिरको शुभाशुभ लक्षण सोध्नु

(१)

सोध्छन् भूपतिले ति कौरव तिरै ❀ हाम्रा सबै सैन्यमा ।
कस्तो लक्षण देखियो शकुन फेर् ❀ कस्तो बुझीयो तहाँ ॥
सुन्दा सोधनि भूपको अघि सरी ❀ ती संजयैले अनी ।
लागे भन्न समस्त लक्षणहरू ❀ जो देखिएको पनी ॥

(२)

हे राजन् ! जुन सोधि बक्सनु भयो ❀ ती लक्षणादी यहाँ ।
भन्दैछू कुरु-सैन्यमा जुन भयो ❀ जस्तो नराम्रो तहाँ ॥
घेरै कागहरू र गिद्ध बहुतै ❀ चीलादिहेरू कती ।
पक्षी बाजहरू उडी गगनमा ❀ चर्को कराई अती ॥

(३)

चारै तीर उडेर मण्डल गरी ❀ घूमेर माथी रही ।
लागे बोल्न अनेक बोलि ननिका ❀ विष्ठा गिराई तहीं ॥
पक्षी ती हुटिट्याउँ दक्षिण तिरै ❀ जान्छन् उडी खुब् गरी ।
घोडा हिन्हिन गर्दछन् नयनमा ❀ आँसू बहूतै भरी ॥

(४)

देखिन्छन् ति मलीन सूर्य नभमा ❀ सेना उपर् हर्घडी ।
वर्षा भो बहुतै रगत् कटकमा ❀ पानी परे झैं गरी ॥
रुन्छन् कुक्कुर श्याल् कराइ हिंडछन् ❀ एता र ऊता गई ।
खस्छन् धेर् नभबाट ता पृथिविमा ❀ निस्तेज तारा भई ॥

(५)

सूर्यैका पनि चार तीर नभमा ❀ देखिन्छ घेरा सरी ।
बिम्बैमा त्यहिं सूर्यको अति ठुलो ❀ प्वालै रही गो परी ॥
म्यानैबाट बिना निकालि तरवार् ❀ निस्कन्छ आफैं तहाँ ।
बाजाको स्वर झैं सुनिन्छ बिहकै ❀ बाजा न बज्दा महाँ ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(६)

ज्योतिष् शास्त्र विचारि जैसिहरूले ❋ भन्छन् बखत्ले गरी ।
पृथ्वीमा प्रलयै हुने समय पो ❋ आएछ की यै घरी ॥
विद्वान् ती गणितज्ञले यहि भने ❋ संग्राम भारी भई ।
हुन्छन् ध्वस्त असंख्य क्षत्रियहरू ❋ त्यै युद्ध माहाँ गई ॥

(७)

जब ता यति सुनाए संजयैले कुरा ती ।
सहज सँग गए है अङ्ग प्रत्यङ्ग ताती ॥
नयन - जल भरीए भूपतीका उ बेला ।
बहुत हडबडी भो चित्तमा उत्तिखेरा ॥

संजयले समस्त ब्रह्माण्डको वर्णन गर्नु

(१)

भन्छन् श्रीधृतराष्ट्रजी विकल भै ❋ धिक्कार हो मन्दछू ।
लोभैमा परनू यि भूपहरूले ❋ व्यर्थैं छ पो ठान्दछू ॥
वंशादी कन नष्ट यो कलहले ❋ गर्नेछ पक्का भनी ।
जानी - जानि ति मर्दछन् रण विषे ❋ कूदेर मूर्खैं बनी ॥

(२)

सारा देशहरू जिती पृथिविको ❋ सम्राट् बनूँला भनी ।
गर्छन् भारि लडाइँ क्षत्रिहरूले ❋ व्यर्थैं छ सोही पनी ॥
मर्छन् प्राणिहरू कती समरमा ❋ तिन्का ति नारी जती ।
हूनेछन् बिधवा गएर कसले ❋ पोल्ने छ रूँदै पती ॥

(३)

ठूलो पाप छ यो बिचार गरदा ❋ त्यस् पापले नै गरी ।
कैल्है शान्ति हुँदैन है हृदयमा ❋ चिन्ता बहूतै परी ॥
आफू नै मरि गो भने समरमा ❋ अर्कैं त जित्ने भयो ।
पापैको त जरो छ लोभ गरनू ❋ त्यसमा कती ज्यान् गयो ॥

(४)

पृथ्वीको गरि लोभ क्षत्रिहरूले ❋ ज्यान् त्यागदछन् युद्धमा ।
त्यस्ती सौख्य दिने यि पृथ्विकन लौ ❋ तिम्ले बताऊ यहाँ ॥
कत्री छन् यि कती पदार्थ छ यहाँ ❋ कुन् देशमा भूपती ।
कुन् चाहीं त्यहिं छन् ति देशहरूमा ❋ छन् उत्तमै पो कती ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(५)

पृथ्वीका पनि ती सबै मुलुकमा ❀ कुन् छन् कहाँ भूपती ।
साँचैमा कुन सार पो छ जगमा ❀ सोध्छू बताऊ यती ॥
भन्छन् संजयले नरेन्द्र ! ति कुरा ❀ बिस्तार गर्छू यहाँ ।
सूनी बक्सनु होस् सबै हजुरले ❀ बुझ्दै गरी चित्तमा ॥

(६)

पृथ्वी-पानि र तेज-वायु-नभ जुन् ❀ संसारमा पाँच छन् ।
यिन्कै नाम त पञ्चभूत बुझ्नोस् ❀ ज्ञानीहरू भन्दछन् ॥
शब्द-स्पर्श र रूप-गन्ध-रस भो ❀ सारादि यिन्को पनी ।
यिन्कै मेल भएर जन्म सबको ❀ हूँदै छ सूयैँ मनी ॥

(७)

प्राणी हुन् सब यी मनुष्य-पशु-फेर् ❀ पंछी र कीटै पनी ।
वृक्षादी सब घास बूटिहरूमा ❀ ज्यान् हुन्छ बाँच्छन् अनी ॥
प्राणी छन् जति ता तिनै त चर हुन् ❀ जान्नोस् यही चित्तमा ।
वृक्षादीहरूलाइ ता अचर पो ❀ भन्छन् सबैले यहाँ ॥

(८)

प्राणीको पनि जन्म फेरि मरणै ❀ ती पंच भूतैहरू ।
बाटै हुन्छ भनेर जान्नु प्रभुले ❀ धेरै कुरा के गरूँ ॥
पंचैभूत समस्त देखि पर जो ❀ बस्छन् फरक् झैं भई ।
ती हुन् ब्रह्म समस्त जीव बसछन् ❀ आधार तिन्कै लिई ॥

(९)

जो हुन् ब्रह्म ति छन् यही किसिमका ❀ यस्ता स्वरूपी भनी ।
भन्नैलाइ समर्थ छैन जगमा ❀ खुब् बुद्धिमानै बनी ॥
पूर्णै ब्रह्म सदा छ घट् बढ न भै ❀ भै सच्चिदानन्द पो ।
मर्नू जन्मनु नष्ट छैन उसको ❀ व्याप्तै गरी बस्छ सो ॥

(१०)

जे गर्नैं पनि सक्तछन् गजबको ❀ सामर्थ्य शक्ती रही ।
हुन् ती ईश्वर पूर्ण ब्रह्म भगवान् ❀ हर्त्ता र कर्ता भई ॥
बस्छन् गै तिनि नै पसेर घटमा ❀ प्राणीहरूका पनी ।
अड्कल्मात्र सकिन्छ गर्न तिनको ❀ यस्ता हुनन् ती भनी ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(११)

निस्की गो नभबाट शब्द अनि फेर् ❋ त्यै शब्दले नै गरी ।
वायू निस्कन गो र लागि उसको ❋ ठकर् बिजूली सरी ॥
अग्नीकै त भयो अनी प्रकट पो ❋ त्यै अग्नि वायू भई ।
भापै भो र उही पनी जल बनी ❋ माटो बनी गो गई ॥

(१२)

पञ्चैभूत तयार भो र पसि गो ❋ चित् रूप तिन्मा गई ।
पैदा भै ति खडा भए उहि बखत् ❋ विद्या - अविद्या दुई ॥
ती दूवैहरूबाट सत्व - रज फेर् ❋ भै गो तमोगुण् पनी ।
तिन्का तत्त्वहरू निकै बनिगई ❋ सृष्टी शुरू भो अनी ॥

(१३)

तत्त्वैमा मिलि जान्छ तत्त्व जब ता ❋ सृष्टी विनष्टै भयो ।
चित्रूपै त मिलेर ब्रह्मसित पो ❋ त्यस्मै बिलाई गयो ॥
योगी फेरि तपस्विले अनि पछी ❋ जो छन् गृहस्थी पनी ।
लाग्छन् योग गरेर ब्रह्म कन पो ❋ चीह्नेर लिन्छू भनी ॥

(१४)

ती हुन् मान्य ठुला ति भक्त-जन हुन् ❋ नारायणै ती भए ।
प्राणी हुन् तर सिद्ध नै तिनि हुनन् ❋ जस्ले ति चिह्नी लिए ॥
जस्ले ईश्वरलाइ पो चिह्नि लियो ❋ त्यस्कै ति निम्ती महाँ ।
अर्को काम रहन्न बाँकि उहि भो ❋ खुब् शक्तिवाला यहाँ ॥

(१५)

नक्षत्रादि र सूर्य-चन्द्र नभले ❋ शोभा भएको भई ।
राम्रो यो छ जगत् पहाड नदिले ❋ जंगल् समुद्रै रही ॥
गोला बन्दछ बाटुलो त यहि हो ❋ ब्रह्माण्ड भन्नू पनी ।
ये नारायणको विराट रुप हो ❋ पाइन्न अन्त्यै पनी ॥

(१६)

जम्बू-द्वीप छ लाख योजन ठुलो ❋ चाक्लो भएको उती ।
ऐहे ता घटि गो यहाँ बखतले ❋ गर्दा बहूतै जती ॥
बेह्रेको छ समुद्र - क्षारहरूले ❋ ये द्वीपलाई अनी ।
छोडी यस् कन अन्य द्वीप छवटा ❋ छन् फेरि अर्का पनी ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(१७)

जम्बू - द्वीप विषे छ बास जसको ❋ यस्ता ति प्राणी कुनै ।
सक्तैनन् अरु द्वीप जान कहिल्यै ❋ कौनै तवर्ले कभै ॥
तीनै भाग जलै छ पृथ्वि पनि ता ❋ एकै छ भागै यहाँ ।
यो राम्रो छ बहूत द्वीप बुझनोस् ❋ बाँकी छवै द्वीपमा ॥

(१८)

द्वीपै पाकर नामको छ जुन पो ❋ दोस्रो उही द्वीप हो ।
दूइ लाख छ योजनै त जसको ❋ घेरा पनी बुझ्नु भो ॥
ऊखूका रसको समुद्र उसमा ❋ चौतर्फ बग्ने भई ।
खान्छन् प्राणिहरू जलैसरि उही ❋ त्यस्का नगीचै गई ॥

(१९)

द्वीपै शाल्मलि नामको छ अरको ❋ सो चाहिं तेस्रो भयो ।
लाखै चार त योजनै छ उसको ❋ घेरा जती सुन्नु भो ॥
रक्सीकै त समुद्र घेरिन गयो ❋ खान्छन् ति पानी सरी ।
त्यस्तो द्वीप अरू त छैन कहिं गै ❋ खोजी गरेका घरी ॥

(२०)

चौथो द्वीप छ जो कुश - द्विप भनी ❋ नामै भएको तहाँ ।
घीऊको छ समुद्र चार तिरमा ❋ बग्दै रहेको जहाँ ॥
त्याहाँ छन् जति जीव घीउ पिउँदै ❋ स्नानै गरी घीउमा ।
पानीकै व्यवहार सोहि घृतको ❋ गर्छन् दली जीउमा ॥

(२१)

फेरी त्यै कुशद्वीप जो छ बुझ्नोस् ❋ आठ् लाख पो योजनै ।
लामू भै कन प्राणि पुष्ट बलवान् ❋ छन् धेर राम्रा तिनै ॥
पाँचौं द्वीप छ क्रौञ्च - द्वीप भनिने ❋ ठिक् सोह्र लाखै पनी ।
जम्मा योजनको छ भूमि जसमा ❋ चौतर्फ घेरा बनी ॥

(२२)

गाईका दुधको समुद्र उसमा ❋ देखिन्छ राम्रो कती ।
दुग्धैले सब न्वाहुछन् दुध पिई ❋ बस्छन् ति प्राणी जती ॥
छैटौं साकल द्वीप हो जगतमा ❋ बत्तीस लाखै जती ।
विस्तारै भइ देख्नमा छ उसको ❋ शोभा बनेको अती ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(२३)

मोही जस्कन 'तक्र' भन्दछ दुनियाँ ❋ त्यै चीजको सागरै ।
सोही साकल द्वीपमा छ नृपते ! ❋ पाउन्न क्वै पार नै ॥
नाऊँ पुष्कर द्वीप हुन्छ जसको ❋ सातौं उही द्वीप हो ।
चौसट्ठी जति लाख योजन भई ❋ अत्यन्त ठुलो छ सो ॥

(२४)

देख्दा शर्वतको छ सागर ठुलो ❋ चौतर्फ हेर्दा महाँ ।
खान्छन् शर्वत पानिकै सरि गरी ❋ सम्पूर्ण प्राणी तहाँ ॥
यो जम्बू द्विप बीचमा छ सबको ❋ छन् देश राम्रा अती ।
पाहाड् जंगल फेर् अनेक शहरै ❋ छन् धेर खोला नदी ॥

(२५)

सातै द्वीप र खण्ड नौ जगतमा ❋ छन् सुन्नु होस् भूपती ।
द्वीपादीहरुको त वर्णन गरें ❋ सुन्नू भयो जो अघी ॥
खण्डै जो नउ छन् म भन्छु तिनको ❋ नाउँ र धौता पनी ।
सूनी बक्सनु होस् नरेन्द्र ! खुशि भै ❋ के भन्दछन् यी भनी ॥

(२६)

योटा खण्ड इलावृतै छ भनिने ❋ त्यै खण्ड माहाँ गई ।
बस्नू हुन्छ गरेर ध्यान शिवजी ❋ राम्रै समाधी लिई ॥
त्याहाँ कोहि पनी भुलेर कहिल्यै ❋ जाँदैन कस्तै गरी ।
भूली कोहि गयो भने नर कुनै ❋ हौ जान्छ नारी सरी ॥

(२७)

अर्को खण्ड छ जान्नुहोस् हजुरले ❋ भद्राक्ष भन्ने जहाँ ।
बस्नू हुन्छ गई हयग्रिव प्रभू ❋ आनन्द मानी तहाँ ॥
विष्णूकै अवतार हुन् तिनि हय- ❋ ग्रीवै प्रभूजी पनी ।
गर्छन् पूजन प्राणिले खुशि हुँदै ❋ रीझुन् प्रभूजी भनी ॥

(२८)

खण्डै जो छ नृसिंह - खण्ड कहिने ❋ त्यस्मा नृसिंहै रही ।
गर्छन् पूजन भक्तिले हरिजिको ❋ प्रह्लादजीले गई ॥
केतूमाल भनेर खण्ड छ जउन् ❋ त्याहाँ दुनीयाँ जती ।
गर्छन् पूजन कामदेव कन ता ❋ राखेर भक्ती अती ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(२९)

नामै ता जसको छ है रमणकै ❀ त्यै खण्डका बीचमा ।
श्रीनारायणले त मत्स्य हुनु भै ❀ औतार लीए तहाँ ॥
त्यै मत्स्यै-अवतारलाइ जनले ❀ पूजा हमेशा गरी ।
बस्छन् आयु ठुलो गराइ सबले ❀ सौख्यादि नाना गरी ॥

(३०)

खण्डै जो छ हिरण्मयै त कहिने ❀ त्यै देश माहाँ रही ।
प्राणीले अति भक्ति राखि मनमा ❀ श्रीसूर्यमा मन् दिई ॥
पूजा नित्य ति गर्दछन् रविजिको ❀ क्वै छैन दुःखी तहाँ ।
आरोग्यै कन प्राप्त भै जनहरू ❀ बस्छन् सुखैले जहाँ ॥

(३१)

खण्डै छ किंपुरुष जो सबले कहेको ।
भक्तादिले त रघुनाथ भजी रहेको ॥
त्याहीं गएर हनुमान् नर-रूप धारी ।
गर्छन् पुजा रघुपती कन खुशी पारी ॥

(३२)

जम्बू-द्वीप विषे छ भारत जउन् ❀ हाम्रो प्रदेशै पनी ।
त्यस्का उत्तर तीर विष्णु-भगवान् ❀ श्री बद्रिनाथै बनी ॥
राजै हुन्छ तहीं ठुला वनविषे ❀ गर्दै तपस्या अ्रती ।
बस्छन् सिद्ध ऋषी-मुनी जनहरू ❀ आनन्द मानी कती ॥

(३३)

बद्री-धाम गएर बद्रि भगवान्- ❀ लाई पुजा गर्छ जो ।
त्यस्का जन्म सहस्रका अघहरू[1] ❀ नासिन्छ पक्का छ यो ॥
गर्ने दर्शन बद्रिको ति जति छन् ❀ प्राणीहरू लोकमा ।
तिन्को बास हुँदैन फेरि कहिल्यै ❀ माताजिका कोखमा ॥

(३४)

एही भारतवर्षमा छ बहुतै ❀ राम्रो सुमेरू गिरी ।
त्यस्का दक्षिण कोश चार सयमा ❀ छन् एक ठूली नदी ॥
भन्छन् वैतरणी नदी तिकन ता ❀ जान्नेहरूले यहाँ ।
डर्लाग्दो छ नदी अनेक थरिका ❀ टोकने पशूछन् जहाँ ॥

---

१ पापहरू ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(३५)

मन्छन् त्यै नदिलाइ विज्ञहरूले ❋ सोँध् हो नरक्को भनी।
हर्दम् बग्दछ ताहिं पीप-रगतै ❋ पानी सरीको बनी॥
घेरै छन् त्यहिं नर्क नाम जसको ❋ तामिस्र फेर् साल्मली।
रौरव् भो असिपत्र अन्ध अनि फेर् ❋ छन् कुम्भिपाकै पनी॥

(३६)

हर्छन् दौलत नारि जौन अरुकी ❋ त्यस्ता ति पापी अनी।
गर्ने पंच ति पातकादि जति छन् ❋ त्यस्ता कुकर्मी पनी॥
तिन्को त्यै अपराध माफिक गरी ❋ न्यायादि गर्दै तहाँ।
हाल्छन् ती यमदूतले लगि कनै ❋ खुब् घोर नर्कै महाँ॥

(३७)

त्यस्का मन्तिर धर्मराज प्रभुको ❋ राज्यै छ ठूलो कती।
भन्छन् जस् कन ता शहर् यमपुरी ❋ राम्रो छ धेरै अती॥
पापात्माहरुको र दोषिजनको ❋ तिन्ले निर्याँ ईर्दछन्।
पापीले मरि जानु पर्छ तहिं पो ❋ त्याहीं सजा गर्दछन्॥

(३८)

जाँदा उत्तरमा गिरी उपरमा ❋ देखिन्छ राम्रो शहर्।
सोही हो अलकापुरी रहनको ❋ लाग्ने बहूतै रहर्॥
राज्यै हो ति कुबेरको धनपती ❋ छन् ती हमेशा तहाँ।
बस्छन् यक्ष र किन्नरादि कहिने ❋ जात्का ति प्राणी जहाँ॥

(३९)

हाम्रो माथि छ अन्तरिक्ष जुन पो ❋ आकाश भन्ने पनी।
नक्षत्रैहरुको छ लोक ति सदा ❋ घुम्दै रहन्छन् अनी॥
पृथ्वीका पनि लाख योजन उपर् ❋ छन् चन्द्रमा लोकमा।
नौ कोटी अनि लाख योजन जती ❋ गै उच्च आकाशमा॥

(४०)

छन् श्रीसूर्य रथै चढेर डुल्ने ❋ सप्ताश्वले युक्त भै।
हर्दम् चल्दछ सूर्यको रथ पनी ❋ रोकिन्न काहीं कभै॥
आठै लाख गरेर योजन महाँ ❋ गै उच्च आकाशमा।
घुम्छन् है क्रमले हरेक ग्रह ती ❋ त्यत्ती जती दूरमा॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(४१)

छन् राहू - बुध - शुक्र - मङ्गल - शनी- ❀ केतू - गुरू यी जती ।
सारा हुन् ग्रह प्राणिलाइ जगमा ❀ दिन्छन् फलै पो कती ॥
यिन्को लाग्छ दशा जसै पृथिविमा ❀ जाती नजाती सबै ।
भोग्नै पर्दछ प्राणिले सहि खपी ❀ यस्तै छ पो रीत नै ॥

(४२)

एघारै जति लाख योजन शनी ❀ देखिन् उपर्मा रही ।
घुम्छन् सप्त - ऋषीहरू गगनमा ❀ तारा सरीका भई ॥
माथी फेरि उती गएर 'ध्रुव' छन् ❀ आकाशमा तिन् कन ।
घुम्छन् सप्त - ऋषीहरू सहजमा ❀ हर्दम् नभूली कन ॥

(४३)

स्वर्गै - पृथ्वि - पताल हुन् त्रिभुवनै ❀ जम्मा जगत्मा यहाँ ।
माथी सप्त र तल्तिरै पनि त छन् ❀ सातै ति लोकै तहाँ ॥
बीचैमा पृथिवी छ गिन्ति गरदा ❀ लोकादि चौधै भए ।
तिन्को नाम सुनाउँछू म अहिले ❀ इच्छा हजुर्ले लिए ॥

(४४)

पृथ्वीको पनि माथि लोक छ जउन् ❀ 'भूर्लोक' सोही भयो ।
त्यस् देखी पनि माथि लोक जुन हो ❀ सोही 'भुवर्' भै गयो ॥
त्यस् भन्दा पनि माथि स्वर्ग छ जउन् ❀ देवादि जम्मै तहाँ ।
बस्छन् सौख्य गरेर सुन्दर बनी ❀ हर्दम् खुशी भै जहाँ ॥

(४५)

त्यस् भन्दा पनि माथि लोक छ ठुलो ❀ सोही महर्लोक हो ।
त्यस्का माथि गएर लोक छ जउन् ❀ सोही जनै-लोक भो ॥
त्यस् माथी तपलोक भो अनि पछी ❀ माथी उसैको गई ।
यौटा लोक छ सत्यलोक कहिने ❀ ब्रह्मर्षि बस्छन् तहीं ॥

(४६)

ब्रह्माजी पनि बस्नु हुन्छ तहिं गै ❀ श्री सत्यलोकै महाँ ।
माथीका भुवनादि सात कहिए ❀ मैले बताई यहाँ ॥
त्यस् भन्दा पनि माथि दिव्य भुवने ❀ यौटा छ जान्नेहरू ।
बैकुण्ठेपुरि भन्दछन् जगतमा ❀ त्यस्को कुरा के गरूँ ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(४७)

श्रीनारायण बस्नुहुन्छ भगवान् ❋ विष्णू रमा साथ ली ।
शंखै - चक्र - गदा र पद्म प्रभुले ❋ बस्नू हुने हात ली ॥
माथीका तलका सबै भुवनका ❋ मालीक छन् ती हरी ।
भक्तैलाइ दिने मनोरथ सदा ❋ सर्वज्ञताले गरी ॥

(४८)

पृथ्वी मन्तिर लोक जुन् अतल हो ❋ त्यै लोकमा दैत्य ती ।
मायावीहरु छन् त्यहीं छ मय पो ❋ दैत्यादिको भू-पती ॥
त्यस् भन्दा मनिको छ लोक वितलै ❋ त्याहीं महादेवजी ।
बस्नू हुन्छ ति हाटकेश्वर भई ❋ आनन्द मानी अती ॥

(४९)

त्यस् देखी तल लोक जुन् सुतल हो ❋ त्याहीं बलीले गई ।
राजा भै कन बस्दछन् असुरका ❋ आनन्द गर्दै रही ॥
त्यस्का तलतिरमा तलातल भनी ❋ लोकै छ राम्रो तहीं ।
बस्छन् मालिक भै ति भक्त शिवका ❋ राजा त्रिपूरै जहीं ॥

(५०)

त्यस्का मन्तिरको महातल भनी ❋ लोकै छ भन्छू यहीं ।
बस्छन् तक्षक कद्रु नागहरुका ❋ सन्तान नागै तहीं ॥
त्यस् भन्दा तलको रसातल छ फेर् ❋ धेर् दानवादी जती ।
त्याहीं छन् उहि भो अ-मानुषपुरी ❋ राम्रो छ हेर्दा अती ॥

(५१)

त्यस्का तल्तिर लोक सप्तम पनी ❋ पाताल नामै भई ।
बस्छन् वासुकिनाग भक्त हरिका ❋ त्यै लोकको राज्य ली ॥
चौधै लोकहरु लिएर शिरमा ❋ श्रीशेष नागै पनी ।
पातालै मनि बस्दछन् भनि हलूँ ❋ मानेर चङ्गै बनी ॥

(५२)

धेरै छन् गनि सक्नु छैन कति छन् ❋ लोकादि संसारमा ।
मुख्यै मुख्यहरु सबै कहि दिएँ ❋ ऐहे हजूरै कहाँ ॥
चौधै लोकविषे ति प्राणि जति छन् ❋ खुब् पुण्य-भोगै गरी ।
फेरी आर्जन गर्न धर्म कन ता ❋ आई कि मर्त्ये झरी ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MDF

(५३)

हाम्रो भारतवर्ष पुण्य - भुमिमा ❋ ती जन्म लिन्छन् अनी ।
याहीं जन्म लिएर धर्म गरछन् ❋ जम्मा हुने हो भनी ॥
याहीं धर्महरू कमाइ गरि फेर् ❋ जानू छ जाहाँ गई ।
पुण्यैको फल भोग गर्छ दुनियाँ ❋ प्रारब्ध राम्रो भई ॥

(५४)

पुण्यैको फल फेर् समाप्त जब भो ❋ आएर फेरी यहाँ ।
लिन्छन् जन्म बडा र नीच कुलमा ❋ जन्मेर संसारमा ॥
यस्तै जन्मनु-मर्नु मात्र जनले ❋ गर्छन् हमेशा यहीं ।
यो छुट्दैन कदापि मोक्ष नमिली ❋ केही गरोस् ता कहीं ॥

(५५)

जस्ले त्याग गरी सबै विषयको ❋ सौख्यादिलाई यहाँ ।
एकाग्रै सित गर्छ जो भजन पो ❋ नारायणैको यहाँ ॥
त्यस्ले कर्म जलाइ लिन्छ निजको ❋ सन्सार तर्ला उही ।
एही एक उपाय हो नरपते ! ❋ मैले सुनाएँ कही ॥

(१)

ॐ पार्थाय प्रतिबोधितां भगवता नारायणेन स्वयं ।
व्यासेन ग्रथितां पुराणमुनिना मध्ये महाभारतम् ॥
अद्वैतामृतवर्षिणीं भगवतीमष्टादशाध्यायिनी- ।
मम्ब त्वामनुसन्दधामि भगवद्गीते भवद्वेषिणीम् ॥

(२)

नमोऽस्तु ते व्यास विशालबुद्धे फुल्लारविन्दायतपत्रनेत्र ।
येन त्वया भारततैलपूर्णः प्रज्वालितो ज्ञानमयः प्रदीपः ॥

(३)

प्रपन्नपारिजाताय तोत्त्रवेत्रैकपाणये ।
ज्ञानमुद्राय कृष्णाय गीतामृतदुहे नमः ॥

(४)

भीष्मद्रोणतटा जयद्रथजला गान्धारनीलोत्पला ।
शल्यग्राहवती कृपेण वहनी कर्णेन वेलाकुला ॥
अश्वत्थामविकर्णघोरमकरा दुर्योधनावर्तिनी ।
सोत्तीर्णा खलु पाण्डवै रणनदी कैवर्तकः केशवः ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

❋ श्रीमद्भगवद्गीता ❋

❋ प्रथम अध्याय ❋

श्री व्यासले सदय भैकन दिव्य दृष्टि ❁ दी जानु भो जब त संजय पछु शक्ति ॥
देख्ने भए सकल दृश्य - अदृश्यलाई ❁ सोध्नू भएछ धृतराष्ट्रजिले रमाई ॥ १ ॥
त्यो धर्म - भूमि कुरुक्षेत्र विषे गएर ❁ गर्छौं लडाइँ भनि चित्त विषे लिएर ॥
हाम्रा कुमार अनि पाण्डवले अहीले ❁ कुन् कार्य पो गरि लिए कहु संजयैले ॥ २ ॥
मन्छन् ति व्यूह रचि सुन्दर पाण्डवैले ❁ सेनादि ठीक गरियो र सुयोधनैले ॥
देखेर द्रोण गुरुको ति नजीक जाई ❁ बोल्दा भए यहि कुरा गुरु द्रोणलाई ॥ ३ ॥
हेर्नोस् गुरो ! कटक पाण्डवको मिलेर ❁ किल्ला समान हुनगो अहिले खिलेर ॥
त्यो धृष्टद्युम्न भनिने भवदीय चेला- ❁ द्वारा तयार भइगो भनि बुझ्नु होला ॥ ४ ॥
भीमार्जुनै सरि भई धनुबाण धारी ❁ युद्धादिमा चतुर शूर विशेष भारी ॥
छन् सात्यकि द्रुपद फेरि विराट यीनै ❁ हुन् है महारथि सुधीर प्रसिद्ध तीनै ॥ ५ ॥
छन् धृष्टकेतु अनि वीर ति चेकितान ❁ ती काशिराज पनि छन् बहुतै महान ॥
श्रीकुन्तिभोज पुरुजित् नर पुङ्गवै हुन् ❁ शैव्यै समान रणवीर अरू छ लौ कुन् ॥ ६ ॥
खूबै पराक्रमि युधामन्यु छन् भनेका ❁ छन् उत्तमौज नृपती बलिया बनेका ॥
फेरी त द्रौपदि - कुमार ति पाँच भाई ❁ ठान्छु यिनी भनि ठुला अभिमन्युलाई ॥ ७ ॥
सेनापती पनि ति छन् जति आज मेरै ❁ तिन्को पनी अब म नाम त यत्तिखेरै ॥
सुन्नोस् भनीकन द्विजोत्तम ! चित्तलाई ❁ मन्छु बुझाउन आज हजूरलाई ॥ ८ ॥
आफू स्वयम् हजुरनै हुनुहुन्छ याहाँ ❁ छन् भीष्म कर्ण विजयी सब युद्ध माहाँ ॥
द्रोणी अरू ति कृप वीर विकर्ण भारी ❁ छन् सोमदत्त सुत शूर विनाशकारी ॥ ९ ॥
मेरा निमित्त रणमा गइ प्राण दीने ❁ छन् धेर वीर बलिया भय क्यै नलीने ॥
शस्त्रास्त्रले सहित सज्जित युद्धलाई ❁ तैयार छन् अधिक वीर म तीर आई ॥१०॥
गांगेयबाट मम सैन्य छ रक्षितै यो ❁ सक्तैन जित्न यहि सैन्य कुनै कभै पो ॥
छन् सैन्य - रक्षक उता तिर भीम आफैं ❁ सेना नजीति सकनू छ म मन्छु साफै ॥११॥
आफ्नै वसीकन त ठाउँ महाँ जमेर ❁ मेरा समस्त जन वीरहरू भएर ॥
चारै तिरै रहि ति भीष्मजि वृद्धलाई ❁ रक्षा सबै गरनुहोस् अहिले तपाईं ॥१२॥
तत्कालमा त्यहिं सुयोधन भूपलाई ❁ खुशी गराउन भनीकन हत्पताई ॥
माहारथी अधिक वृद्ध ति भीष्म शंखै ❁ लागे बजाउन गरीकन सिंहनादै ॥१३॥
भेरी र आनक र गोमुख शंख फेरि ❁ बज्दा भए प्रणव वाद्य ति सैन्य घेरी ॥
तत्कालमा ध्वनि बढीकन विघ्न चर्को ❁ शब्दै भयो अति ठुलो घनघोर डर्को ॥१४॥
ठूलो सफेद हय जोतियका रथैमा ❁ बस्दै ति शंखहरु आफ्नु लिई करैमा ॥
श्रीकृष्ण - अर्जुनजिले फुकि शङ्ख ताहाँ ❁ आवाज पो हुन गयो सब सैन्य माहाँ ॥१५॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गीता उपदेश

चित्र सं० ९

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

साहै पराक्रमि ति भीमजिले लिएर ❀ त्यै पौंड्र नामक त शंख दिए फुकेर ॥
श्री पाँचजन्यकन कृष्णजिले बजाए ❀ त्यै देवदत्तकन अर्जुनले सुनाए ॥१६॥
श्रीकुन्तिपुत्र ति युधिष्ठिरले समाई ❀ शंखै अनन्त - विजयी त दिए बजाई ॥
शंखै पनी नकुलले त सुघोष फुके ❀ कान्छा ति पाण्डुसुतले मणिपुष्प फुके ॥१७॥
श्रीकाशिराज ति धनुर्धर वीर श्रेष्ठ ❀ फेरी शिखण्डि ति महारथि वीर मुख्य ॥
ती धृष्टद्युम्न अरु सात्यकि युद्धजेता ❀ राजा विराट समरांगण का विजेता ॥१८॥
सौभद्र फेरि द्रुपदादि नरेन्द्र भाई ❀ ती द्रौपदी सुतहरू पनि पाँच भाई ॥
सारा महारथि मिलीकन उत्तिखेरी ❀ खुब् शंखनाद गरियो कटकादि हेरी ॥१९॥
त्यै शब्द घोर उठि पृथ्विनभादिलाई ❀ गुञ्जायमान गरि व्याप्त गरेर आई ॥
ती कौरवादि सबका हृदयै छिचोली ❀ घोचेर दुःखित गऱ्यो मन भित्र पोली ॥२०॥
शस्त्रादि हान्नकन खूब तयारि गर्दै ❀ राम्रा प्रकार सँग लड्न अगाडि सर्दै ॥
लीएर आफ्नु शर चाप खुबै समाइ ❀ तैयार भो कटक देखि ति पार्थ ताहीं ॥२१॥
भन्दा भए उहि बखत् प्रभु कृष्णलाई ❀ यस्ता प्रकार सँग नेत्र मिचेर ताहीं ॥
"थामी दिनोस् रथ हरी! यहि भन्छु मैले ❀ दूवै ति सैन्यहरुका लगि बीच ऐले ॥२२॥
एती गरे हजुरले रण - भूमि माहाँ ❀ हेर्दै म आज सजिलै सित पो त याहाँ ॥
आएछ कुन् भइ रणेच्छुक लड्नलाई ❀ लड्नू त कुन्सित गएर पऱ्यो मलाई ॥२३॥
त्यो दुष्ट दुर्मति सुयोधनको भलाई ❀ गर्ना निमित्त कुन वीर कुदेछ आई ॥
त्यै युद्ध- भूमि बिच हेर्छु म प्राणिलाई ❀ आएर तत्पर भयो कुन लड्नलाई ?" ॥२४॥
यस्ता प्रकार सँग अर्जुनले भनेका ❀ सोही कुरा ति हृषिकेशजिले सुनेका ॥
ल्याएर उत्तम रथैकन खुब् कुदाई ❀ थामी लिए ति दलका त नजीक आई ॥२५॥
जाहाँ थिए ति सरदार कृपादि द्रोणी ❀ श्री भीष्म कर्ण जसको त छईन जोडी ॥
"एकत्रितै छ यहिं कौरव सैन्य भारी ❀ लौ हेर अर्जुन!" भने हरिले पुकारी ॥२६॥
देखे ति अर्जुनजिले जब दृश्य प्रष्ट ❀ आफ्नै समस्त सु-कुटुम्ब थिए प्रशस्त ॥
मामा-पिता-गुरु- पितामह - भाइ - मित्र ❀ काका-सखादि-भतिजा सब इष्ट - मित्र ॥२७॥
थीए सुहृद् र ससुराहरु धेर शाला ❀ दाज्यू र भानिज सफेद र खुब काला ॥
आफ्नै ति सर्व जन बन्धु र बान्धवादी ❀ जम्मा थिए र ति सबैकन ताहिं देखी ॥२८॥
हूँदै दया द्रवित त्यसघरि कुन्तिपुत्र ❀ निस्की गयो वचन बेसरि शोक- युक्त ॥
"जम्मा भए जति सबै यिनि आप्तलाई ❀ युद्धार्थ सज्जित यसै घरि देख्न पाई ॥२९॥
मेरो मुखै पनि सुके सरि भो अहीले ❀ अंगै भयो शिथिल गर्दछु बिन्ति मैले ॥
हा! आङ् जुरुङ्ङ भइगो अहिले मुरारी! ❀ यो देह काम्दछ सबै जिउ थर्र पारी ॥३०॥
गाण्डीव भो खसिरहे सरि हातबाट ❀ जल्दै छ भित्र यहि देह छ आज क्लान्त ॥
बस्नै म सक्तिनँ रथै - बिचमा अहीले ❀ हा शोक! यो मन उडेछ कता कहीले ॥३१॥
देखी रहेछ मनले यहि आज याहाँ ❀ उल्टै त लक्षण हरे! यहि युद्ध माहाँ ॥
मारेर यी स्वजनलाइ यहाँ मलाई ❀ देख्दीन केहि त हुने कहिल्यै भलाई ॥३२॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

इच्छा त छैन जयको रति भर् मलाई ❀ क्यै छैन सम्मुख सुखै कन लीनलाई ॥
साम्राज्य भोग गरि हुन्छ यहाँ अरू के ? ❀ राखेर जीवन हुनेछ हरे ! नफा कै ॥३३॥
जस्का निमित्त यहि राज्य र राज्य भोगै ❀ इच्छा थियो सुख गरौं भनि साथमा भै ॥
ऐश्वर्य प्राणहरुको निज आश त्यागी ❀ आई पुगे सब रणाङ्गण बीचमा ती ॥३४॥
बाबा र पुत्र अनि नाति र फेरि मामा ❀ आए ति लड्न भनि पूज्य गुरूजि याहाँ ॥
बाज्ये बुढा ति ससुरा अरु आफ्नु साला ❀ आई पुगे समर खातिर एक पाला ॥३५॥
मीलोस् तिनै भुवनको पनि राज्य ऐह्ले ❀ गर्दीनँ घात म कदापि अवश्य कैह्ले ॥
फेरी म तुच्छ भुमिका निमती सरेर ❀ गर्छु कसोरि रण यिन्सित लौ भिडेर ? ॥३६॥
हत्या गरेर सब कौरवकै त याहाँ ❀ कुन् हर्ष हुन्छ मकनै हरि ! चित्त माहाँ ॥
छन् आततायि जुलुमी सब कौरवादी ❀ मारे पनी यिकन हुन्छु म पाप भागी ॥३७॥
एही छ कारण म कौरव वर्गलाई ❀ मार्नैं त गर्दिनँ म आँट् हतियार् उजाई ॥
मारेर बान्धव जती रण - भूमि माहाँ ❀ हूनेछ हर्ष कसरी मकनै त याहाँ ? ॥३८॥
लीएर लोभ मनमा यि त आज आफैं ❀ छन् दृष्टि-हीन सरिका म कहन्छु आफै ॥
वंशादि नष्ट गरनू अनि बन्धु मार्नू ❀ फेर् मित्र-द्रोह सरि पाप कसोरि गर्नू ! ॥३९॥
हूने कुल - क्षय भएर छ जौन सर्व ❀ देखेर साफ सँग पापहरू अपूर्व ॥
यी पातकादिहरुबाट हटेर जाई ❀ होवैन के यहि विचार पनी मलाई ! ॥४०॥
हूँदा कुलादिहरुको क्षय आज याहाँ ❀ पुग्ला सनातन सुधर्म विनाश माहाँ ॥
जानेछ धर्म जब ता सहजै बिलाई ❀ ढाक्नेछ वंशहरुलाइ त पाप आई ॥४१॥
वृद्धी भईकन ति पाप समूह माहाँ ❀ हूनन् दुराचरणकी सब नारि याहाँ ॥
हूँदा दुराचरणकी सब आइमाई ❀ सन्तान संकर हुनन् यहिं जन्म पाई ॥४२॥
यी वर्ण - संकरहरू कुल दूइलाई ❀ दिन्छन् पठाइ नरकै तिर मार्ग लाई ॥
पिण्डादि - तर्पण पनी त हुँदैन केही ❀ गिर्छन् ति पितृहरु नै निरुपाय होई ॥४३॥
यस्ता कु - पुत्रहरु जन्म भई दिनाले ❀ हे कृष्ण ! भ्रष्ट कुल हुन्छ यसै हुनाले ॥
प्राचीन जातिहरुको जड - मूल बाट ❀ धर्मैं विनष्ट हुन जान्छ अवश्यमा त ॥४४॥
सुन्थें सधैं म हरि ! माधव ! जुन् नरैको ❀ भ्रष्टै भएछ कुल ता सहजै सबै पो ॥
सो जान्छ वास गरनै भनि नर्कमाहाँ ❀ पर्नेछ कष्ट सहनै उसले त ताहाँ ॥४५॥
यो क्षुद्र राज्य-सुखको अति राखि लोभ ❀ आफन्तको बध गरीकन बस्नु हो त ॥
कत्रो ठुलो उहि त पातक हुन्छ ओ हो ❀ त्यै पाप गर्न त तयार भयौं सबै पो ॥४६॥
इच्छा छ माधव ! यही म तुरुन्त ऐहे ❀ राख्दीन पक्रि हतियारहरू करैले ॥
ती कौरवादिहरुले बरु शस्त्र लींदै ❀ मारुन् मलाइ रणमा रिसिले चुरींदै ॥४७॥
यस्ता प्रकार सित शोक भएर ग्रस्त ❀ गर्दा छँदा बहुत भारि ठुलो त पाप ॥
राखेर चाप शर त्यै रथमा थचक्क ❀ भै चूप अर्जुन बसे उहिँ नै थचक्क ॥४८॥

इति प्रथम अध्याय

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

✻ द्वितीय अध्याय ✻

सांख्य योग

भन्छन् संजयले नरेन्द्र ! करुणाले व्याप्त भै त्यस् घरी ।
आँखालाइ गराइ खूब रसिला आँसू बगी तर्तरी ॥
शोकैले त निमग्न पार्थकन ता देखी दया ली तहाँ ।
भन्नू भो वचनै मधूसुदनले तिन्का अगाडी महाँ ॥ १ ॥
यो युद्धाङ्गणमा किरीटि ! कसरी कस्ता तवर्ले यहाँ ।
कीर्ती नाशक जानलाइ न-दिने श्रीस्वर्ग - लोकै महाँ ॥
यो अज्ञान अनार्य - सेवित छ जो तिम्लाइ एही घरी ।
सोद्धैछु कहु प्राप्त यो हुनगयो कुन् स्थानदेखिन् झरी ॥ २ ॥
तिम्लाइ यहि ता अयोग्य छ अती यो योग्य हुन्थ्यो कहाँ ।
यस्तो यो हिजडा समान करनी आश्चर्य मान्छू यहाँ ॥
आफ्नू दुर्बलता छ जो हृदयको त्यागेर झट्टै गरी ।
युद्धै गर्न भनेर यी कुरु सँगै लौ ऊठ चाँडै गरी ॥ ३ ॥
भन्छन् अर्जुनले सुनेर यि कुरा स्वामिन् ! लडाईं यहाँ ।
बाजे भीष्म र द्रोणलाइ शरले हान्नू कसोरी यहाँ ॥
मेरा ता यिनि पूजनीय जन हुन् भन्ने कुराले गरी ।
पूज्यै भाव उठी रहेछ मनमा हे कृष्णजी ! यस् घरी ॥ ४ ॥
आफ्ना श्रेष्ठ जनादिको र गुरुको हत्यादि भन्दा पनी ।
भिक्षाको व्यवहार गर्नु बढिया ठान्छू म होला भनी ॥
भोगूँला कसरी हरे ! म पृथिवीको राज्य ली भूप भै ।
आफ्ना ती गुरुको बगेर रगतै मूछीयको भूमि यै ॥ ५ ॥
हाम्रो जीत हुने कि जीत रणमा तिन्कै हुने सो पनी ।
थाहा छैन छ कार्य कुन् यस बखत् योग्यै छ गर्ने भनी ॥
जस्लाई रणमा गिंडेर जगमा बाँच्ने त इच्छा पनी ।
हाम्रो छैन ति छन् खडा कुरुहरू गर्छौं लडाईं भनी ॥ ६ ॥
जस्तो हुन्छ स्वभाव क्षत्रिहरुको सो छैन केही ममा ।
यै हो धर्म भनेर आफ्नु भगवन् ! सक्तीनँ बुझ्नै यहाँ ॥
चेलो हूँ म हजूरको शरणमा आएँ अहीले भनी ।
आज्ञा होस् जसबाट हुन्छ सहजै कल्याण हाम्रो पनी ॥ ७ ॥
पृथ्वीको सब प्राप्त होस् मकन ता निष्कण्टकै राज्य पो ।
राजा आफू बनूँ म इन्द्रपुरिमा ती देवता आदिको ॥
चित्तमा पनि आउँदैन प्रभुजी ! कौनै उपायै परी ।
जस्ले यो मनको त फिक्रि जति हो टारोस् सजीलै गरी ॥ ८ ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भन्छन् संजयले यही किसिमले श्रीकृष्णका साथमा।
वैरीका दललाइ जित्न सकने ती अर्जुनैले तहाँ॥
भन्छन् गर्दिनँ युद्ध आज रणमा गोविन्द! सुन्नू भयो।
एती बात गरेर चूप हुनगे श्रीपार्थ बस्नू भयो॥ ९॥
ती दूवै दल मध्यका पृथिविमा आफ्ना रथैमा बसी।
साहै दुःखित चित्त पो छ जसको शोकादि घेरै पसी॥
यस्ता अर्जुनजी परंतप सँगै हाँसेर केही तहाँ।
लाग्नू भो हरि भन्न सुन्दर कुरा त्यै पुण्य-भूमी महाँ॥ १०॥
विद्वान्कै सरि बोल्दछौ तिमि कुरा हे पार्थ! एहे यहीं।
जस्को फिक्रि त गर्नु छैन उसका लागी त दुःखी भयी॥
जो छन् पण्डित ती मरेर जुन गो त्यस् प्राणिका निम्तिमा।
ज्यूँदाका पनि निम्ति फिक्रि कहिल्यै गर्दैन कोही यहाँ॥ ११॥
साँचै नै कहुँ पो भने तिमि र मै राजा जती छन् यहाँ।
पैह्ले हामि सबै थियौं अझ पनी छौं हामि संसारमा॥
उस्तै हामि सबै पछी पनि यहाँ हुन्छौं अवश्यै भनी।
जानी ल्यौ यि कुरा परंतप! तिमी साँचै बताए भनी॥ १२॥
पैह्ले बालक भो अनी तरुण भो फेरी बुढो पो भयो।
इत्यादि क्रमले ति तीन समयै पाऊँछ यै देह पो॥
उस्तै आखिरमा मरेपछि जिऊ पाइन्छ अर्को भनी।
गर्दैनन् तसअर्थ धीर जनले यस्माथि स्नेहै पनी॥ १३॥
सर्दी लाग्नु न गर्मि लाग्नु अनि फेर् पाऊनु संकष्ट पो।
प्राप्तै गर्नु त सौख्य यो सब कुरा इन्द्रीय संयोग हो॥
चाँडै नष्ट हुने अनित्य यिनि हुन् यी दुःख-सौख्यै जती।
यस्का लागि त सोचफिक्रि तिमिले केही नलेऊ रती॥ १४॥
जस्लाइ यहि इन्द्रियादि विषयै मध्ये कुनैले पनी।
पार्दैनन् कहिल्यै त व्याकुल यहीं कस्तै तवर्ले पनी।
भन्छू हे रणधीर! सौख्य दुःख ती ठान्छन् बराबर् जउन्।
तिन्लाई समदर्शि जान्नु पछि फेर् मुक्ती तिनै पाउँछन्॥ १५॥
सत्को छैन अभाव यस् जगतमा फेरी असत्को पनी।
अस्तित्वै पनि छैन एति बुझने जो प्राणि हुन्छन् तिनी॥
सत्लाई र असत् यि दूइकन ता ज्ञानीहरू जान्दछन्।
की ता याहिं ति तत्त्वदर्शिहरुले बूझी रमाऊँदछन्॥ १६॥
जस्ले ढाकिलियो यही जगत पो व्याप्तै गरी बेसरी।
आत्मा हो उहि जानि लेउ तिमिले नासिन्न कस्तै गरी॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शक्ती छैन कदापि कोहि जनमा त्यै नास्नलाई यहाँ ।
त्यो हो अव्यय नाश हुन्न कहिल्यै सोही छ जाहाँ तहाँ ॥ १७ ॥
आत्मा जो छ उ नित्य हो अचल हो नासिन्न कैल्यै कहीं ।
भन्छ भारत ! यो असत् छ जिउ ता नाशिन्छ कच्चा भयी ॥
आत्मा नष्ट हुँदैन देह बरु यो हूने छ नष्टै भनी ।
कुन्तीपुत्र ! भिडेर युद्ध गर लौ ठूलो बहादुर् बनी ॥ १८ ॥
आत्माले कसलाइ मार्दछ कहाँ मर्दैन आफु पनी ।
आत्मालाइ मर्‍यो त भन्छ जसले त्यस्तो त जीवै पनी ॥
भूलैमा परि भूल गर्दछ भनी जान्नू तिमीले यहाँ ।
त्यो हो मूर्ख अजान मानिस बुझ्यौ हे पार्थ ! संसारमा ॥ १९ ॥
यस्ले जन्म लिंदैन मर्दछ न ता हूँदैन घट्बढ् रती ।
यस्को ता परिवर्तनै पनि कभै हूँदैन कैल्हैं कती ॥
भन्छन् यै अविनाशि हो न त कभै नास् हुन्छ यस्को पनी ।
मान्छन् सज्जनले यसै कन सदा यो शाश्वतै हो भनी ॥ २० ॥
आत्मा नित्य छ नाश छैन यसको यै हो अजन्मा पनी ।
यस्को जन्म हुँदैन यस्कन भनौं हो अव्ययै पो भनी ॥
यस्ले कस्कन पो मराउन पनी सक्ला यही विश्वमा ? ।
आत्माले गरि सक्छ घात कसरी कवै प्राणिको लौ यहाँ ॥ २१ ॥
जस्तै वस्त्र पुरानु त्यागि जनले लिन्छन् नवीनै लुगा ।
त्यस्तै देह पुरानु छाडि जिवले पाऊँछ देहै नयाँ ॥
यै आत्मा कन शस्त्रले न कहिल्यै सक्नेछ काट्नै पनी ।
आगोले पनि ता जलाउन यहीं सक्तैन पोल्छ भनी ॥ २२ ॥
आत्मालाइ सुकाउनै कन बतास सक्तैन पानी पनी ।
दागै लाउन सक्दईन कहिल्यै कस्तै तवर्ले पनी ॥
यै हो व्यापक नित्य स्थीर अचलै हो सत्यले युक्त पो ।
एही एक सनातनै छ बुझ्नू आत्मा यही जीव हो ॥ २३ ॥
जस्लाई सब इन्द्रियादिहरूले देख्नै न सक्ने अनी ।
जस्को चिन्तन हुन्छ छैन बदली हूँदैन गर्छ भनी ॥
यो जानी कन योग्य यै छ तिमिले त्यागेर शोकै जती ।
बस्नू शोक विहीन भैकन सुन्यौ एही छ राम्रो अती ॥ २४ ॥
मान्छौ ता यदि जन्म लिन्छ जगमा आत्मा अवश्यै गयी ।
यै आत्मा पछि मर्छ आयु सकिंदा यै लोक त्यागी दियी ॥
आत्माको जब जन्म - मृत्यु तिमिले ठान्यौ हुने हो भनी ।
फेरी शोक गरेर बस्नु किन है ! अज्ञानि जस्तो बनी ॥ २५ ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यस्ले साबित भो कि प्राणि जति छन् सन्सारि मर्छन् यहाँ ।
जो फेरी मरी गो अवश्य उ पनी जन्मन्छ सन्सारमा ॥
यै पक्का भयि सिद्ध भो जब यहाँ फेर् मर्छ आत्मा भनी ।
रूनू गाउनु शोक गर्नु किन पो ! व्यर्थैं छ गर्नू पनी ॥ २६ ॥
जन्मैका पनि पूर्वमा र अनि फेर् जन्मान्तरैमा पनी ।
प्राणी ता सब मर्दछन् यहि बुझे तिम्ले जरूरी भनी ॥
बीचैमा पनि सिर्फ देह धरने हुन् देहधारी यहीं ॥
यिन्का लागि त दीन - दुःखि हुन गै शोकै न-गर्नू कहीं ॥ २७ ॥
एही तत्त्व छ जुन् बडो कठिन हो यस्लाइ प्राणी जती ।
आश्चर्यैं अति मानि यस्कन सबै हेर्छन् उदेक् भै अती ॥
यै आत्माकन खूब् अचम्ब पर्दै देख्छन् र सुन्छन् सबै ।
जान्दैनन् कुन वस्तु हो यहि भनी केही त ज्ञानै न भै ॥ २८ ॥
सारा मानिसका शरीर बिचमा, जुन् बस्छ जीवै[1] तहीं ।
त्यै आत्मा अमरै छ मर्न पनि ता पर्दैन त्यस्ले कहीं ॥
तस्मात् भन्छु म हे कपिध्वज[2] ! सुन्यौ संसारका प्राणिको ।
लागी शोक न लेउ छन् यिनि सबै साँचै अबध्यै[3] त पो ॥ २९ ॥
चित्तैमा भय मान्नु योग्य तिमिले हूँदैन त्यागी दिए ।
युद्धै गर्नु त धर्म हो भनि तिमी यै बात जानी लिए ॥
जो हो क्षत्रियको त धर्म भनिने युद्धै गरे धर्म भो ।
अर्को धर्म त छैन क्षत्रिहरुका निम्ती म यै भन्छु पो ॥ ३० ॥
आफैं प्राप्त भएछ अर्जुन ! सुन्यौ श्री स्वर्ग जाने पनी ।
राम्रो फाटक ता खुल्यो यहि बखत् बन्दै न-हूने बनी ॥
क्षत्रीमा जुन भाग्यमानि जन हो पाउँछ उस्ले यहाँ ।
युद्धैका सरि स्वर्ग जान सकिने अर्को छ ढोका कहाँ ॥ ३१ ॥
धर्मैं युक्त लडाइँ पार्थ ! तिमिले याहीं न गर्दा महाँ ।
तिम्रो कीर्ति जती छ लोप हुन गै होला अकीर्ती यहाँ ॥
आफ्नू धर्म पनी रहन्छ कसरी ? कीर्ती र धर्मैं गयी ।
पापैका अधिकारि मात्र तिमिनै होला जगत्मा रही ॥ ३२ ॥
गर्नेछन् जति शत्रु हुन् ति खुशि भै तिम्रै त निन्दा पनी ।
'हामी सीत डरायि भिड्न न-सकी भागे किरीटी' भनी ॥
तिन्को कुत्सित[4] वाक्य सुन्नु न-निको त्यो सुन्नुभन्दा यहाँ ।
मृत्यूमा बरु प्राप्त हूनु बढिया हो सभ्यलाई यहाँ ॥ ३३ ॥

---

१ आत्मा । २ अर्जुन । ३ न-मारिने । ४ खराब ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

'भागे अर्जुनजी डराइकन पो उत्साह त्यागै गरी।'
भन्नेछन् सब क्षत्रियादि तिमिले यो युद्ध त्याग्दा घरी॥
जस्का छौ तिमि माननीय बहुतै ती शत्रुलेनै यहाँ।
तिम्लाई त अधीर छौ भनि तिनै ठानी लिनन् चित्तमा॥ ३४॥
तिम्रा शत्रुहरू कुरा त गरनन् तिम्रै त खीसी गरी।
जुन् कूराकन भन्नु योग्य न हुने बोल्नन् अगाडी सरी॥
तिम्रा तागतको अनादर गरी निन्दादि गर्नन् अती।
त्यस्भन्दा अरु दुःख कुन् छ जगमा! क्यै छैन भन्छू यती॥ ३५॥
क्यै जानी यदि युद्धमा मरि गए पाइन्छ स्वर्गै अनी।
जीतेमा जगकै त मिल्छ सहजै साम्राज्य ठूलो भनी॥
तस्मात् कारणले परन्तप! तिमी युद्धार्थ ऐहे यहाँ।
निश्चिन्तै भयि आज लौ उठ तिमी यै युद्ध-भूमी महाँ॥ ३६॥
युद्धैमा अरिलाइ जित्नु कि भने हार्नू लडाईं महाँ।
नाफा पाउनु हानि हूनु सुख की दुःखै परोस् ता यहाँ॥
एकै हुन् यि समान छन् भनि बुझी लाग्दा यही युद्धमा।
लाग्ने छैन कदापि पाप यि कुरा पत्याउ तिम्ले यहाँ॥ ३७॥
मैले ता तिमिलाइ बुद्धिसितको अर्ती दिएँ जो अघी।
जानी ल्यौ तिमि 'ज्ञान-योग' उहि भो भन्ने विचारै गरी॥
तिम्ले लौ सुन 'कर्म-योग' अब ता दिन्छू बताई यहीं।
यै बुद्धी लियि कर्म-बन्धनहरू टुट्नन् विनष्टै भई॥ ३८॥
थाल्दामा जुन कर्म योगकन ता यो हुन्न नष्टै अनी।
बाधा-बिघ्न कुनै त छैन यसमा कस्तै तवर्को पनी।
थोरै नै यहि कर्मयोग त हवस् त्यस्ले यही लोकमा॥
ठूला ती भयदेखि रक्षण पनी गर्नेछ बेला महाँ॥ ३९॥
राखी निश्चय चित्तमा गरि लिए यो कर्मयोगै यहाँ।
होला एक मती उही अरू कुनै हूनेछ बुद्धी कहाँ?॥
यस्तै हो तर आश राखि फलको जो कर्म पो गर्दछन्।
तिन्को चञ्चल चित्त भै मति पनी धेरै थरी पाउँछन्॥ ४०॥
सुन्दा वाक्य ति वेदका खुशि हुँदै स्वर्गादिको सौख्य ता।
ठूलो हो उ समान छैन सुख पो भन्ने बुझी चित्तमा॥
सोही मात्र कुरा गरी जगतमा, जो हिंड्छ पत्यार् गरी।
त्यो झैं मूर्ख अरू त छैन जगमा यै बुझ्नु पक्का गरी॥ ४१॥
इच्छा लीकन चित्तमा जनहरू, त्यै स्वर्गका सौख्यको।
ऐश्वर्यैकन भोग्नलाइ जनमै, लीने यहाँ कार्य पो॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

धेरैनै गरछन् ति निश्चय ठुलो, राखी मनै बीचमा ।
ती हुन् मूर्ख भनेर जान्नु तिमिले, तत्वै न जान्ने यहाँ ॥ ४२ ॥
ऐश्वर्यादि अनेक भोग्न मन भै, राखेर इच्छा पनी ।
हर्दम् सोहि कुरा गरेर रहने, दौलत् ठुलो हो भनी ॥
त्यस्ता मानिसको त बुद्धिकन ता जान्नेहरूले यहाँ ।
भन्छन् सत्य विहीन बुद्धि उहि हो, साँचो ठहर्‍यो कहाँ ? ॥ ४३ ॥
वेदैमा त्रिगुणात्मकै[1] विषयका, सौख्यादिका पो कुरा ।
छन् तिम्ले त्रिगुणादिले रहित भै, बस्नू छ जाती कुरा ॥
आत्मामै मन लाउ सत्‌गुण विषे, राखेर आफ्नू मती ।
स्वार्थै त्याग् गर द्वन्द्व दूर गरदै, हूनेछ राम्रो अती ॥ ४४ ॥
पानी भैकन ता जताततितहीं फेर् पोखरीको कती ।
को इच्छा गरनेछ यस् जगतमा ! पानीविषे दी मती ॥
जस्ले ब्रह्म चिन्हीलियो उकन ता, त्यस्तै तवर्‌ले गरी ।
आशा कत्ति हुँदैन वेदहरुको, जानीलिए खूब् गरी ॥ ४५ ॥
तिम्रो ता हक कर्म गर्नकन पो, मात्रै छ संसारमा ।
कर्मैको फल पाउँला भनि कभै आशा न ल्यौ चित्तमा ॥
इच्छा ता फलको न राखि मनमा, भै वासना हीन[2] पो ।
कर्मैको तिमि मार्ग लेउ सहजै दौडेर जाँदै छिटो ॥ ४६ ॥
छोडी आलस क्यै न मानि अलछी, लौ लाग योगै महाँ ।
योगैमा रहि कर्मलाइ तिमिले, गर्दै रहू लोकमा ॥
पाऊनू फल फेर् न-पाउनु उही, हो एकनासै भनी ।
मान्नू नै 'समयोग[3]' हो यहि बुझे हे पार्थ ! तिम्ले पनी ॥ ४७ ॥
जस्ले यै त 'समत्व योग' गरदै, इच्छा धर्‍यो चित्तमा ।
आशा राखि लियो भने त फलको, त्यै दीन हो विश्वमा ॥
तस्मात् लाग समत्व-योग तिर पो, आशा फलैको न-ली ।
आशा राख्नु फलादिमा कृपणको, हो काम लोभै सरी ॥ ४८ ॥
बुद्धी युक्त हुँदै यही तरहले, सत्कर्म गर्दा महाँ ।
धर्मैको अनि पापको फलहरू, टर्छन् अवश्यै यहाँ ॥
आशामा फलको न-पर्नु कहिल्यै, हो बुद्धियोगै महाँ ।
जानी यस्कन लाग अर्जुन ! तिमी, त्यै उत्तमै योगमा ॥ ४९ ॥
त्याग्छन् जो फलको त आश न-गरी, आफ्ना मनै बीचमा ।
हुन् प्राणी तिनि कर्म-योग-रत पो, जानीलिए चित्तमा ॥

---

१ तीन गुण भएका । २ इच्छा रहित । ३ समत्व योग ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ती ता जन्मनु - मर्नु बन्धन दुवै, देखिन् छुटी सर्वदा।
मोक्षैको लियी मार्ग त्यस्तिर छिटै लागेर जान्छन् तहाँ ॥ ५० ॥
मोहै रूपि हिलोकनै तरिवरी, तिम्रो सु-बुद्धी पनी।
जाला जुन् घरि पारि पो बुझ तिमी, हीरा समानै बनी ॥
सुन्ने योग्य त प्राप्त भै कन उही, निर्वेदलाई यहाँ।
तिम्रो हुन्छ अवश्य जान तिमिले, उद्धार संसारमा ॥ ५१ ॥
वेदादीहरुका अनेक थरिका, सुनेर वार्ता यहाँ।
पर्ने गै भ्रममा छ तिम्रि मति जो, पौंचेर आखीरमा ॥
आत्मैमा जब बस्छ पो स्थिर भयी, त्यस्तै लगाई मती।
प्राप्तै हुन्छ भनेर जान तिमिले, त्यै योगकै पो गती ॥ ५२ ॥
"जुन् प्राणी स्थिर बुद्धिको छ उसले, टिक्दा समाधी महाँ।
कस्तो लक्षण हुन्छ बोल्नु हिंड्नू बस्नू र उठ्नू यहाँ ? ॥"
यस्तो प्रश्न सुनेर अर्जुनजिको, खुशी बहुतै भई।
लाग्नू भो हरि भन्न त्यस् बखतमा, तिन्का नजीकै रही ॥ ५३ ॥
प्राणीले जब त्याग गर्दछ सुन्यौ, आफ्ना मनैका सबै।
इच्छा फिक्रि र चिन्तनाहरु अनी, स्थिर् बुद्धिको भो तबै ॥
त्यस्तो प्राणि सदा रहन्छ खुशी पो, दुःखमा न हड्बड् गरी।
त्यो चाहा गरदैन केहि सुखको, त्यै हो ऋषीको सरी ॥ ५४ ॥
पर्दा दुःख त केहि खेद मनमा, गर्दैन जो सर्वदा।
जस्लाई सुखको त केहि मनमा, हूँदैन है चाहना ॥
रीसाउन्न न प्रेम गर्छ जसले, कवै प्राणिलाई पनी।
सोही पूर्ण भनेर जान तिमिले, हो बुद्धिमानै भनी ॥ ५५ ॥
माया प्रीति न राखि कोहि जगका, संसारि-प्राणी महाँ।
पर्दा आइ अनेक दुःखहरुमा, या सौख्यका बीचमा ॥
जो कैल्यै खुशि हुन्न सौख्य जब भो फेर् दुःख पर्दा पनी।
जो गर्दैन त द्वेष जान्नु तिमिले, हो बुद्धिमानै भनी ॥ ५६ ॥
जस्तो चाल्सँग कोहि एक कछुवा, सर्वाङ्गलाई पनी।
खैंची राख्दछ पीठका मनि लगी, कोही न देखुन् भनी।
त्यस्तै माफिक बुद्धिमानहरुले, ती इन्द्रियादी यहाँ।
खिच्छन् है विषयादिबाट सहजै, जानी लिन् चित्तमा ॥ ५७ ॥
जस्ले ता उपवास बर्त गरदै, याहीं रहन्छन् तिनी।
सक्तैनन् विषयादि भोग गरनै, क्षीणै ति ज्यादा बनी ॥
त्यस्तो हो तर त्यागिंदैन सुखको, तृष्णादि तिन्को पनी।
पाऊँदा परब्रह्म दर्शन उही, इच्छादि छुट्छन् अनी ॥ ५८ ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्राणीका सब चञ्चलै त अति छन्, ती इन्द्रियादी कती ।
ज्ञानीको पनि चित्तलाइ सहजै, हर्छन् बलैले अती ॥
ज्ञानीका मनमा जती छ बढिया, ज्ञानादि राम्रा कुरा ।
तिनूलाई त धपाउँछन् पर तिरै, ती इन्द्रियादी पुरा ॥ ५९ ॥
यस्तै कारणले ति ज्ञानिहरुले, ती इन्द्रियादी यहाँ ।
आफ्ना राखि वशैमहाँ तिनिहरू, लागी रहन्छन् ममा ॥
जुन् प्राणीहरुका ति इन्द्रियहरू, हुन्छन् वशैमा पनी ।
त्यस्लाई तिमि जान पार्थ ! मनले, ज्ञानी र योगी भनी ॥ ६० ॥
लाग्दा सेवन गर्न ती विषयको, त्यस्कै त शक्ती पनी ।
खुब् ज्यादा बढिजान्छ जान तिमिले, यो बात साँचो भनी ॥
प्रेमै बस्छ अती त्यही विषयमा, त्यस् प्रेमले फेर् अनी ।
कामोत्पन्न छ कामदेखि बुझिल्यौ, फेर् क्रोध पैदा भनी ॥ ६१ ॥
क्रोधैबाट त मोह हुन्छ अनि ता, त्यै मोहदेखिन् यहाँ ।
चित्तैको त विवेक छुट्छ बुझिल्यौ, ज्ञानै हराई तहाँ ॥
फेरी बुद्धि त नष्ट हुन्छ जब ता, त्यै बुद्धि बिग्री गयो ।
श्रेयैको पनि ता उही समयमा, जान्नू विनाशै भयो ॥ ६२ ॥
चित्तै पो वशमा गरी त्यजिदिंदै, त्यै राग - द्वेषै पनी ।
चित्तैले गरि इन्द्रियादिकन ता, वश्मा गराई अनी ॥
बस्ला जो उचितै भयो विषयको, भोगादि त्यस्को यहाँ ।
राम्रै निर्मल पो हुनेछ मन यो, ठानी लिए चित्तमा ॥ ६३ ॥
चित्तै शुद्ध भयो जसै बुझ तिमी, सारा विषादै पनी ।
हुन्छन् दूर भनेर जान तिमिले, कौन्तेय ! साँचो भनी ।
शुद्धै चित्त भयो जसै छुटिगए, दुःखादि सारा यहाँ ॥
बुद्धी ठीक भयो तुरुन्त जसको, हे पार्थ ! संसारमा ॥ ६४ ॥
जो ता इन्द्रियको छ पो वशमहाँ, त्यस्को त बुद्धी पनी ।
साफै हुन्न र फेर् विचार उसको, हुँदैन ठीकै अनी ॥
जस्को छैन भने विचार उचितै, शान्ती कहाँ पाउला ? ।
शान्ती छैन भने कसोरि सुख पो, त्यस्ले त भेट्टाउला ? ॥ ६५ ॥
जसले चित्त न-रोकि इन्द्रिय कनै, देला दगुनैं पनी ।
पानीमा परि डुंगि लागि त बतास्, राम्रै घुमे झैं बनी ॥
त्यस्को ता मति घुम्नथाल्छ बुझि यै, नेत्रादि वश्मा गरुन् ।
लाग्नै ता न दिउन् कभै विषयमा, तस्मात् चतूरा बनुन् ॥ ६६ ॥
ठान्छन् मानिसले त जस्कन त रात्, त्यै रात माहाँ तबै ।
योगी छन् जति लोकमा ति उसमै, जागा रहन्छन् सबै ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

संसारी जन जाग्दछन् ति न-सुती, हुन्छन् ति ब्यूँझै जहाँ ।
त्यै हो रात्रि भनेर जान तिमिले, योगी-मुनीको यहाँ ॥ ६७ ॥
गिर्छन् है ति नदी जतातति बगी, ठीक् सागरैमा यहाँ ।
सोही सागर बस्छ पानि न बढी, आफ्ना त मर्यादमा ॥
त्यस्तै केहि बिकार हुन्न विषयै, प्राप्ती हुँदामा तहीं ।
त्यै हो शान्ति लिने त प्राणि विषयी[1] पाउन्न शान्ती कहीं ॥ ६८ ॥
इच्छा ता विष्यादि भोगहरुको, त्यागेर सोझो बनी ।
हूँदै मानिस ता मनोरथ बिना, जो त्याग्छ शेखी पनी ॥
सत्कर्मै गरि बस्छ पो यदि भने, त्यस्लाइ याहाँ सबै ।
प्राणी हो उहि शान्ति प्राप्ति गरने, भन्छन् न भूली कभै ॥ ६९ ॥
यै ब्रह्मस्थितिलाइ पाउँछ जसै, कवै प्राणि संसारमा ! ।
त्यस्लाई मद-मोह लोभ रिस क्यै, हूँदैन कत्ती यहाँ ॥
आफ्नू जीवनमा स्वतन्त्र हुनगै, आखीर बेला महाँ ।
मुक्ती पाउँछ मोक्ष पो हुन गई, मीलेर निर्वाणमा ॥ ७० ॥

इति द्वितीय अध्याय

※ तृतीय अध्याय ※

(कर्मयोग)

सोध्छन् श्रीहरिलाइ पार्थ अनि फेर् ऐहे मुखैले भनी ।
बुद्धिलाइ त श्रेष्ठ हो कहनु भो कर्मादिभन्दा पनी ॥
फेरी कीन मलाइ ता कठिनको त्यै कर्म गर्नू भनी ।
अर्ती बक्सनुभो कसोरि प्रभुले ऐहे मलाई पनी ! ॥ १ ॥
चित्तैमा द्विविधा हुने सरि कुरा खूब् अल्मलीने गरी ।
आज्ञा भैकन बुद्धि मुग्ध[2] प्रभुले पारी दिनू भो हरि ! ॥
जुन् हो निश्चित मार्ग लाग्नु परने सोही अहीले यहाँ ।
आज्ञा होस् प्रभुजी ! जउन् गरि लिंदा श्रेयै हवस् लोकमा ॥ २ ॥
यस्तो प्रश्न सुनेर अर्जुनजिको आज्ञा भयो फेर् तहाँ ।
निष्ठा[3] छन् दुइटा भनेर जगमा पैहे बताएँ यहाँ ॥
ज्ञानीलाइ त ज्ञान योग वढिया देखिन्छ राम्रो कती ।
योगीलाइ त कर्मयोग वढिया हूनेछ राम्रो जती ॥ ३ ॥
कामै क्यै न गरी रहे पनि यहाँ त्यागी हुँदैनन् तिनी ।
संन्यासी छ भने पनी त उसले पाउन्न सिद्धी पनी ॥
कामै क्यै न गरेर प्राणि छिनभर् को टिक्न सक्छन् यहाँ ! ।
कामै गर्नु अवश्य पर्छ प्रकृती आऊँछ कामै महाँ ॥ ४ ॥

---

[1] भोग - विलास गर्ने । [2] मोह । [3] कर्म ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जिब्रो नेत्र समेत कर्म गरने पञ्चेन्द्रियै छन् यहाँ ।
रोकी तिन्कन काम गर्न न दिदै जो राख्छ काबू महाँ ॥
चित्तैमा त अनेक ती विषयका कुरा विचारै गरी ।
'मिथ्याचारि'[1] ति हुन् भनेर बुझिल्यौ जो बस्छ कार्यै त्यजी ॥ ५ ॥
आफ्नू जो मनले ति इन्द्रियहरू राखी वशैमा गरी ।
जस्ले कर्म त गर्छ है नियमले जो गर्नु पर्ने गरी ॥
प्राप्ते होस् फल यो भनेर रतिभर् राख्दैन इच्छा जउन् ।
सोही उत्तम प्राणि हो बुझ तिमी जान्नू तिनै श्रेष्ठ हुन् ॥ ६ ॥
कार्यै केहि पनी कदापि नगरी, बस्नू त भन्दा पनी ।
केही काम गरी रहोस् नियमले, राम्रो त्यही हुन्छ नी ॥
निर्वाहा गरि बस्नलाइ जिउको, खानू र प्यूनू पनी ।
गर्नै पर्दछ कर्म त्यै न-गरदा, को हुन्छ स्वस्थै अनी ? ॥ ७ ॥
यज्ञैकर्म सिवाय कर्म अरु ता, संसारमा छन् जती ।
बाँध्ने हुन् भव-बन्धनैतिर[2] लगी, त्यस्तै छ तिन्को गती ॥
इच्छा क्यै फलको न-राखिकन ता, आफ्ना मनैमा अनी ।
यज्ञैका निमती तिमी गर असल् कार्यै भनेको पनी ॥ ८ ॥
मान्छे सृष्टि गरी प्रजापतिजिले[3], यज्ञै रचाई तहाँ ।
भन्नू भो सब प्राणिलाइ उहिले[4] यस्तो सुनाई वहाँ ॥
हे प्राणीहरु हो ! यि यज्ञ गरिल्यौ, यस्बाट वृद्धी पनी ।
तिम्रो हुन्छ मनोरथादि जति छन्, तिम्रा ति पुग्नन् भनी ॥ ९ ॥
तिम्ले यज्ञ गरेर देवकन ता, खूशी गरायौ भने ।
दीनेछन् सब देवताहरु पनी, तिम्लाइ जो चाहिने ॥
दूवै देव - मनुष्य आपसमहाँ, खूशी हुनाले यहाँ ।
दूवैको हुन जान्छ श्रेय बहुतै, संसारका बीचमा ॥ १० ॥
तिम्ले यज्ञ गरे ति देवगण ता, खूशी बहूतै भई ।
दीनन् भोग अनेक इच्छित तिनै, जो माग्दछौ सो दिई ॥
भोग्ने वस्तुहरू ति देवकन ता, पैल्हे न-दी खान्छ जो ।
जान्नू त्यस्कन ता अवश्य मनले, संसारमा चोर हो ॥ ११ ॥
यज्ञैको जुन बाँकि अन्न छ उही, जो खान्छ खूशी भई ।
त्यस्का पाप समस्त नष्ट हुनगै, उद्धार होला रही ।
आफ्नै लागि भनेर अन्न जसले, पाक्यादि गर्ला पनी ।
त्यस्ले ता बुझ पापलाइ निमतो, दीएछ आऊ भनी ॥ १२ ॥

---

१ झूटो व्यवहार गर्ने । २ संसारजाल । ३ ब्रह्मा । ४ ब्रह्मा ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लिन्छन् जन्म समस्त प्राणिहरुले त्यै अन्न देखिन् यहाँ।
अन्नैको पनि दिन्छ जन्म बुझिल्यौ मेघादिले लोकमा ॥
यज्ञैले गरि मेघ बन्छ सहसा आकाश माथी गई।
कर्मैबाट छ यज्ञको सुन तिमी उत्पत्ति भन्छ्छ यही ॥ १३ ॥

पैदा कर्म भयो भनेर बुझिल्यौ ती ब्रह्म देखिन् यहाँ।
सोही ब्रह्म छ लीन जान सबमा संसारका बीचमा ॥
एसै कारणले जहाँ तहिँ सबै सर्वत्र व्याप्तै भई।
बस्ने ब्रह्म ति यज्ञमा पनि तिनै तल्लीन हुन्छन् गई ॥ १४ ॥

यस्तो एहि प्रकारको छ जुन है यो कर्म-चक्रै यहाँ।
जस्ले थामि लिएन यो नियम ता त्यो गिन्ति भो पापिमा ॥
आफ्नू इन्द्रिय आदि मात्र खुशि भै भोग्ने भयो प्राणि सो।
पापै पूर्ण त जिन्दगानि हुन गै सो पापभागी भयो ॥ १५ ॥

आत्मैमा रमि तृप्ति मानि उसमै, सन्तोष खूबै भई।
बस्ने प्राणि त चैन पाउँछ ठुलो, त्यस्बाट खूशी रही ॥
त्यस्ले एहि जगत् विषे गरि लिने क्यै छैन कामै पनी।
सारा काम गरीसक्यो सहजमा, आत्मानुगामी बनी ॥ १६ ॥

त्यसको सम्प्रनु बिग्रनू पनि रती, हूँदैन केही यहाँ।
त्यस्ले कर्म अरू गरोस् कि न गरोस्, संसारका बीचमा ॥
कोही मानिस देखि स्वार्थ उसको, निस्कन्न केही पनी।
लाभै हानिविषे त केहि चिजको, राख्दैन चाहा अनी ॥ १७ ॥

एसै कारणले परंतप ! तिमी, आसक्ति त्यागै गरी।
हर्दम् कर्मविषे भईकन रहू, तल्लीन राम्रै गरी ॥
कर्मै देखि तिमी भएर बिरतै, कर्मै गरौला जसै।
हूनेछौ परब्रह्ममा तिमि गई, हे पार्थ ! लीनै तसै ॥ १८ ॥

राजा श्री जनकादिलाइ पनि ता, यै कर्म गर्दा यहाँ।
यस्तै सिद्धि पनी त प्राप्त हुन गो यै मर्त्यलोकै महाँ ॥
लोकैको स्थिति तर्फ दृष्टि गरदै त्यै थाम्नलाई पनी।
यज्ञैको शुभ कर्ममा तिमि सदा, लागी रहू बेस् भनी ॥ १९ ॥
जस्तो कार्य बड़ा ठुला जनहरू, संसारमा गर्दछन्।
त्यै देखासिकिले अरू जनहरू, त्यै कार्यमा लाग्दछन् ॥
जुन् कार्यैकन श्रेष्ठ मानिसहरू, राम्रो छ भन्छन् यहाँ।
त्यै कार्यैकन ठीक मानि जनले, गर्छन् ति छोड्थे कहाँ ? ॥ २० ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मेरा लागि त काम छैन गरिने, यै तीन-लोकै महाँ।
त्यस्तो क्यै पनि चीज छैन जुन पो, पाईन मैले यहाँ॥
यस्तो छु म तथापि गर्नु परने, कामै छ याहाँ जती।
ती कार्यादिहरू गरेर बसछु, आनन्द मानी अति॥ २१॥
मैले तत्पर भै न कर्म गरुँ ता, देखेर सोही यहाँ।
प्राणीले पनि कर्म त्याग् गरिदिनन्, फेर् कर्म गर्थे कहाँ ?॥
मैले कार्य त्यजी दिए सब जना, हूनन् विनष्टै अनि।
वर्णसंकरजन्मकारण प्रजा, नाश्ने हुनेछु बनी॥ २२॥
आसक्ती सितले ति मूर्ख जनले, जस्ता तवर्ले गरी।
गर्छन् कार्य जगत्‌विषे फल ठुलो, मिल्ला कि आशा घरी॥
आसक्तीकन त्यागि पंडितहरू सोही बमोजिम् यहाँ।
थाम्नेलाइ भनेर सृष्टि नियमै, कर्मै गरुन् लोकमा॥ २३॥
अज्ञानीहरू गर्दछन् जगतमा, कार्यादि पो जुन् घरी।
ज्ञानीले तिनिलाइ रोक्नु न कभै, कैल्हैं अगाडी सरी॥
ज्ञानीले भइ योगयुक्त जगमा, अज्ञानिलाई यहाँ।
आफूले दिइ ज्ञान कर्म तिकनै, गर्नैं लगाउन् यहाँ॥ २४॥
सत्वैले रंजले र फेरि तमले, यी तीन गुण्ले गरी।
संसारी सब कर्म हुन्छ बुझनू, संसारमा हर् घड़ी॥
यस्तै हो तर मूर्ख जो छ नरमा, त्यस्ले घमण्डी बनी।
कर्ता हूँ भनि ठान्छ आफुकन ता, कार्यादि गर्ने भनी॥ २५॥
तत्वै जो गुणकर्मको सब बुझी, ज्ञानी मनुष्यै पनी।
कर्मासक्त हुँदैन रम्छ गुण ता, सोही गुणैमा भनी॥
भुल्ने जो गुणकर्ममा प्रकृतिका, वश्मा हुनाले गरी।
ती मूर्खैकन दूर विघ्न न-गरुन्, कर्मादिबाटै टरी॥ २६॥
सर्वज्ञै भनि जानि मैकन तिमी, मैमा लगाई मती।
मैलाई सब अर्पणै गरिदिँदै, आफ्ना ति कर्मैं जती॥
त्यागी देउ तिमी समस्त ममता, आशा न ली क्यै यहाँ।
निष्फिक्रीसित युद्ध लौ गर तिमी, मैदानका बीचमा॥ २७॥
श्रद्धायुक्त भएर सत्य मनले मेरा मतैमा भई।
अर्ती मान्छ उ कर्म-बन्धन महाँ पर्दैन फेरी गई॥
कर्मैं-बन्धनबाट मुक्त उ भयो यो बात जानी लिनू।
त्यस्लाई कहिं दुःख हुन्न कहिल्यै यै सत्य ठानीलिनू॥ २८॥
विश्वासै त अटल् नराखि कहिल्यै मेरा मतैमा अनी।
बेरै दोष निकालि प्राणिकन ता देखाउला जो पनी।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दुर्बुद्धि त्यहि हो विवेक न हुने लाटो मनुष्यै भनी ॥
लीनू त्यस्कन ता सदैव तिमिले बेहोश प्राणी गनी ॥ २९ ॥
ज्ञानी हुन् कि ति हुन् अरू जन कुनै सारा ति प्राणी पनी ।
जान्नू ती प्रकृती बमोजिम सधैं कार्यादि गर्छन् भनी ॥
रागद्वेष ति इन्द्रियादिहरुका घुम्छन् सदा लोकमा ।
तिन्का गै वश पर्न हुन्न कहिल्यै ज्ञानीहरुले यहाँ ॥ ३० ॥
छन् जो इन्द्रिय आदि आफ्नु विषयै खातिर् इ जैह्ले पनी ।
गर्छन् द्वेष परस्परै इ त सँधै यो जान्नु साँचो भनी ॥
यिन्कै ता पचड़ाविषे न परनू ज्ञानीहरूले कहीं ।
प्राणीका इ त शत्रु हुन् बुझ सखे ! ठूला भनेका यहीं ॥ ३१ ॥
ती धर्मैं अरुका स्वभाव रहितै हुन् ती जती छन् यहाँ ।
ती भन्दा बरु आफ्नु धर्म छ असल् जैह्ले पनी सर्वदा ॥
आफ्नै धर्ममहाँ रहेर मरनू राम्रो छ संसारमा ।
ठानी ल्यौ पर-धर्म[1] ता भय दिने होला अवश्यै यहाँ ॥ ३२ ॥
यस्तो अर्ति सुनेर तार्हि हरिले आज्ञा भएको जती ।
विन्ती अर्जुनले गरे उहि बखत् नम्रै बनी फेर् अती ॥
आफ्नू ता मन छैन पाप गरने अर्कैं कसैले यहाँ ।
लाएझैं कुन गर्छ प्रेरित[2] प्रभो ! त्यै पाप कर्मैं महाँ ? ॥ ३३ ॥
यस्तो प्रश्न सुनेर अर्जुनजिको श्रीकृष्णले भन्नुभो ।
तिम्ले काम र क्रोधलाइ बुझिन्यौ हुन् शत्रु ठूलै त पो ॥
दूवै एक इ हुन् रजोगुण बढ़ी इ जन्म लिन्छन् यहाँ ।
यिन्को पेट अघाउँदैन कहिल्यै सन्तोष मान्छन् कहाँ ? ॥ ३४ ॥
धूवाँ ढाक्तछ अग्निलाइ मलले ढाकिन्छ ऐना पनी ।
सालैनाल भएर गर्भ जसरी ढाकिन्छ गुप्तै बनी ॥
त्यस्तै चाल गरेर काम मनमा उत्पन्न भै त्यो पनी ।
ढाक्छन् मानिसको त ज्ञानकन पो वैरी सरीका बनी ॥ ३५ ॥
यो कैल्यै त अघाउँदैन बुझिन्यौ कस्ते गरे ता पनी ।
कामाग्नी त कदापि तृप्त नहुने हे पार्थ ! जाने तिमी ॥
शत्रू यै छ ठुलो ति विज्ञहरुको सन्सारका बीचमा ।
बुद्धी - ज्ञान - विवेक ढाक्छ यसले ज्ञानीहरूको यहाँ ॥ ३६ ॥
आफ्नू त्यै मन रूपि भव्य[1] गृहमा बुद्धी अनी इन्द्रिये ।
बस्छन् नित्य गरी विहार बुझिन्यौ आनन्द मानी खुबै ॥
ज्ञानैलाइ छिपाउँदै इनिहरू ज्ञानीहरूलाइ ता ।
पार्छन् मोह-समुद्रमा बुझ तिमी यस्तै तवर्ले इ ता ॥ ३७ ॥

१ अर्काको धर्म । २ गर्नलगाउँछ । १ राम्रो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मेरा लागि त काम छैन गरिने, यै तीन-लोकै महाँ।
त्यस्तो क्यै पनि चीज छैन जुन पो, पाईन मैले यहाँ॥
यस्तो छु म तथापि गर्नु परने, कामै छ याहाँ जती।
ती कार्यादिहरू गरेर बसछु, आनन्द मानी अति॥ २१॥
मैले तत्पर भै न कर्म गरुँ ता, देखेर सोही यहाँ।
प्राणीले पनि कर्म त्याग् गरिदिनन्, फेर् कर्म गर्थे कहाँ ?॥
मैले कार्य त्यजी दिए सब जना, हूनन् विनष्टै अनि।
वर्णसंकरजन्मकारण प्रजा, नाश्ने हुनेछु बनी॥ २२॥
आसक्ती सितले ति मूर्ख जनले, जस्ता तवर्ले गरी।
गर्छन् कार्य जगत्विषे फल ठुलो, मिल्ला कि आशा धरी॥
आसक्तीकन त्यागि पंडितहरू सोही बमोजिम् यहाँ।
थाम्नैलाइ भनेर सृष्टि नियमै, कर्मैं गरुन् लोकमा॥ २३॥
अज्ञानीहरू गर्दछन् जगतमा, कार्यादि पो जुन् धरी।
ज्ञानीले तिनिलाइ रोक्नु न कभै, कैल्हैं अगाड़ी सरी॥
ज्ञानीले भइ योगयुक्त जगमा, अज्ञानिलाई यहाँ।
आफूले दिइ ज्ञान कर्म तिकनै, गर्नैं लगाउन् यहाँ॥ २४॥
सत्वैले रंजले र फेरि तमले, यी तीन गुण्ले गरी।
संसारी सब कर्म हुन्छ बुझनू, संसारमा हर् घड़ी॥
यस्तै हो तर मूर्ख जो छ नरमा, त्यस्ले घमण्डी बनी।
कर्ता हूँ भनि ठान्छ आफुकन ता, कार्यादि गर्ने भनी॥ २५॥
तत्वै जो गुणकर्मको सब बुझी, ज्ञानी मनुष्यै पनी।
कर्मासक्त हुँदैन रम्छ गुण ता, सोही गुणैमा भनी॥
शुल्ने जो गुणकर्ममा प्रकृतिका, वश्मा हुनाले गरी।
ती मूर्खैंकन दूर विघ्न न-गरुन्, कर्मादिबाटै टरी॥ २६॥
सर्वज्ञै भनि जानि मैकन तिमी, मैमा लगाई मती।
मैलाई सब अर्पणै गरिदिदै, आफ्ना ति कर्मैं जती॥
त्यागी देउ तिमी समस्त ममता, आशा न ली क्यै यहाँ।
निष्फिक्रीसित युद्ध लौ गर तिमी, मैदानका बीचमा॥ २७॥
श्रद्धायुक्त भएर सत्य मनले मेरा मतैमा भई।
अर्ती मान्छ उ कर्म-बन्धन महाँ पर्दैन फेरी गई॥
कर्मैं-बन्धनबाट मुक्त उ भयो यो बात जानी लिनू।
त्यस्लाई कहिं दुःख हुन्न कहिल्यै यै सत्य ठानीलिनू॥ २८॥
विश्वासै त अटल् नराखि कहिल्यै मेरा मतैमा अनी।
धेरै दोष निकालि प्राणिकन ता देखाउला जो पनी।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दुर्बुद्धि त्यहि हो विवेक न हुने लाटो मनुष्यै भनी ॥
लीनू त्यस्कन ता सदैव तिमिले बेहोश प्राणी गनी ॥ २९ ॥
ज्ञानी हुन् कि ति हुन् अरू जन कुनै सारा ति प्राणी पनी ।
जान्नू ती प्रकृती बमोजिम सधैं कार्यादि गर्छन् भनी ॥
रागद्वेष ति इन्द्रियादिहरुका घुम्छन् सदा लोकमा ।
तिन्का गै वश पर्न हुन्न कहिल्यै ज्ञानीहरुले यहाँ ॥ ३० ॥
छन् जो इन्द्रिय आदि आफ्नु विषयै खातिर् इ जैहे पनी ।
गर्छन् द्वेष परस्परै इ त सँधै यो जान्नु साँचो भनी ॥
यिन्कै ता पचड़ाविषे न परनू ज्ञानीहरूले कहीं ।
प्राणीका इ त शत्रु हुन् बुझ सखे ! ठूला भनेका यहीं ॥ ३१ ॥
ती धर्मैं अरुका स्वभाव रहितै हुन् ती जती छन् यहाँ ।
ती भन्दा बरु आफ्नु धर्म छ असल् जैहे पनी सर्वदा ॥
आफ्नै धर्ममहाँ रहेर मरनू राम्रो छ संसारमा ।
ठानी ल्यौ पर-धर्म[1] ता भय दिने होला अवश्यै यहाँ ॥ ३२ ॥
यस्तो अर्ति सुनेर ताहिं हरिले आज्ञा भएको जती ।
विन्ती अर्जुनले गरे उहि बखत् नम्रै बनी फेर् अती ॥
आफ्नू ता मन छैन पाप गरने अर्कै कसैले यहाँ ।
लाएझैं कुन गर्छ प्रेरित[2] प्रभो ! त्यै पाप कर्मै महाँ ? ॥ ३३ ॥
यस्तो प्रश्न सुनेर अर्जुनजिको श्रीकृष्णले भन्नुभो ।
तिम्ले काम र क्रोधलाइ बुझिल्यौ हुन् शत्रु ठूलै त पो ॥
दूवै एक इ हुन् रजोगुण बढ़ी इ जन्म लिन्छन् यहाँ ।
यिन्को पेट अघाउँदैन कहिल्यै सन्तोष मान्छन् कहाँ ? ॥ ३४ ॥
धूवाँ ढाक्तछ अग्निलाइ मलले ढाकिन्छ ऐना पनी ।
सालैनाल भएर गर्भ जसरी ढाकिन्छ शुद्धै बनी ॥
त्यस्तै चाल गरेर काम मनमा उत्पन्न भै त्यो पनी ।
ढाक्छन् मानिसको त ज्ञानकन पो वैरी सरीका बनी ॥ ३५ ॥
यो कैल्यै त अघाउँदैन बुझिल्यौ कस्तै गरे ता पनी ।
कामाग्नी त कदापि तृप्त नहुने हे पार्थ ! जाने तिमी ॥
शत्रू यै छ ठुलो ति विज्ञहरुको सन्सारका बीचमा ।
बुद्धी - ज्ञान - विवेक ढाक्छ यसले ज्ञानीहरुको यहाँ ॥ ३६ ॥
आफ्नू त्यै मन रूपि भव्य[1] गृहमा बुद्धी अनी इन्द्रिये ।
बस्छन् नित्य गरी विहार बुझिल्यौ आनन्द मानी खुबै ॥
ज्ञानैलाइ छिपाउँदै इनिहरू ज्ञानीहरूलाइ ता ।
पार्छन् मोह-समुद्रमा बुझ तिमी यस्तै तवर्ले इ ता ॥ ३७ ॥

१ अर्काको धर्म । २ गर्नलगाउँछ । १ राम्रो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यस्तै कारणले समस्त जति छन् ती इन्द्रियादी जती।
पैले रोकि लिनू र कामकन पो उठ्ने नन्दीनू रती॥
हे पाण्डु-सुत ! ज्ञान फेरि अरको विज्ञानलाई पनी।
नाश्ने शत्रु बुझेर कामकन ता देऊ तिमी मारि नी॥ ३८॥

देहैदेखि छ दूर इन्द्रिय मनै टाढ़ा छ इन्द्रीयको।
बुद्धी त्यै मनदेखि दूर छ अती यो बात पक्का छ पो।
देख्दा खूब् मन देखि जान तिमिले आत्मा छ टाढ़ा भनी।
आत्मैलाइ बुझेर लेउ तिमिले 'आफू' भनेको भनी॥ ३९॥

बुद्धी देखि परै छ यै बुझिलिंदै आत्मा भनेको पनी।
आफूलाइ पनी चिन्ही लिनु वरू आफैं म आत्मा भनी॥
आफ्नू बैरि ठुलो छ जुन् जगतमा हो काम शत्रू बुझी।
मारी देउ उ कामलाइ तिमिले औरै कुरादि त्यजी॥ ४०॥

इति तृतीय अध्याय

—❀—

❀ चतुर्थ अध्याय ❀

(ज्ञान-कर्म-संन्यास योग)

आज्ञा भो हरिबाट पार्थ ! मइँले श्रीसूर्यलाई अघी।
दीएँथें अविनाशि[1] योग त यही कौनै बखत्मा कही॥
तिन्ले श्रीमनुलाइ एहि कहियो सूनेर तिन्ले पनी।
इक्ष्वाकू नृपलाइ योग यहि पो दीए सुनाई अनी॥ १॥

यै हो योग सनातनै[2] सुभग[3] पो राजर्षि जान्दै थिए।
धेरै नै दिन बीति गैकन अनी तिन्ले गुमाई दिए॥
त्यै प्राचीन सु-योगलाइ मइँले तिम्लाइ साथी भनी।
आफ्नू भक्त बुझेर पो कहिदिएँ विस्तार साथै पनी॥ २॥

सोधे अर्जुनले सुनेर हरिका यस्ता कुरा त्यै घरी।
जन्मै ता हुन गो यतै हजुरको कृष्णावतारै गरी॥
पैहे जन्म ति सूर्यको हुन गई आफू पछी हूनु भो।
तिन्लाई कसरी उ योग प्रभुले पैहे बताऊनु भो ?॥ ३॥

मैले केशव ! त्यो पत्याउँ कसरी विश्वास त्यस्मा गरी ?।
यस्ता बात सुनेर अर्जुनजिका भन्दा भए फेर् हरी॥
हामी तीमि कती पटक् पृथिविमा जन्म्यौं अगाड़ी गई।
थाहा त्यो सब ता मलाइ छ सुन्यौ प्रत्येक जान्ने भई॥ ४॥

१ कहिल्यै नाश न हुने। २ पुरानो। ३ सुन्दर।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तिम्लाई त्यसको त ज्ञान न भई क्यै छैन थाहा पनी।
कैल्है नाश त छैन जुन् पुरुषको जन्मै न लीने अनी॥
स्वामी हूँ म त यो सबै जगतको त्यस्तो म छु तै पनी।
मायाका वश भै सदा प्रकृतिमा लिन्छु म जन्मै पनी॥ ५॥
यो सन्सार समस्त पृथ्वि भरिमा हानी भई धर्मको।
पापाचार बढेर आउँछ जसै यातै भई शर्मको॥
त्यस्तै पारि बखत् म पृथ्वितलमा औतार लींदै झरी।
जन्मन्छु भनि जान भारत! तिमी मौका परेका घरी॥ ६॥
साधू सन्तहरू समस्त कन ता रक्षा गरूँला भनी।
मानैंलाइ भनेर दुर्जन जती बीनेर राम्रै गनी॥
लिन्छु जन्म म ता युगै-युगमहाँ यै मर्त्यका लोकमा।
गर्छू धर्म प्रचार मासिकन फेर् पापादिलाई यहाँ॥ ७॥
जो जान्ला मम[1] दिव्य-जन्मकन फेर् मेरा सुकर्मै पनी।
त्यस्ले जन्मनु फेर् पर्दोइन यहाँ आएर सूर्यै मनी॥
त्यस्को मानुष-जन्म छुट्छ जब ता आयू पुगी लोकमा।
त्यै वेला उ त आइ मिल्छ सहजै मेरा नजीकै ममा॥ ८॥
प्रीती क्रोध डरै इ तीनकन ता त्यागेर राम्रै गरी।
मैमा चित्त दिई मलाइ बहुतै जो बस्छ प्रेमै गरी।
यस्ता धेर ति प्राणि ज्ञानतपले भै शुद्ध सन्सारमा।
आए मैसित मिल्नलाइ ति तरी पौंचेर निर्वाणमा[2]॥ ९॥
जस्तो भाव लिएर गर्छ भजनै जस्ले मलाई यहाँ।
त्यसलाई म पनी उसै तरहले दिन्छु फलै पो यहाँ॥
चौतर्फै तिरबाट प्राणिहरुले हींडेर भक्ती धरी।
मेरो मार्ग समाप्ति प्राप्त गरछन् मैलाइ राम्रो गरी॥ १०॥
सन्सारी जन कर्म सिद्धिकन होस् प्राप्तै भनी लोकमा।
देवादीहरुको त पूजन पनी गर्छन् यसै हेतुमा[3]॥
तिन्लाई अति शीघ्र कर्म अनुसार् यै पृथ्विलोकै महाँ।
प्राप्तै हुन्छ सु-सिद्धि भै फलहरू हे पार्थ! जाने यहाँ॥ ११॥
कर्मैको अनि फेर् गुणादिहरुको हिस्सा लगाई यहीं।
यो वर्णाश्रम चार पो हुनगयो मैले बनाई दिई॥
तिम्ले जान मलाइ नाश न हुने मै हूँ अकर्ता भनी।
यो संसार पनी त सृष्टि गर्छु मै एक कर्त्ता बनी॥ १२॥

---

१ मेरो। २ मोक्षमा। ३ कारणमा।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बाँध्दैनन् ति मलाइ कर्म कहिल्यै सन्सारका बीचमा।
आशा क्यै फलको म राख्दिन कभै आफ्नू यही चित्तमा॥
त्यस्ता कृष्ण इ हुन् भनेर मकनै जो जान्दछन् ठीक् गरी।
कर्मै बन्धनको कदापि उ कनै होवैन डर् क्यै गरी॥ १३॥

मोक्षार्थीहरुले[1] यही सब बुझी संसारमाहाँ अघी।
गर्थे कार्य तिनै भनेर तिमिले बूझी लिए यस् घरी॥
आफ्ना पूर्व-पुरुषको जगतमा तिम्ले त देखा-सिकी।
गर्दैं पार्थ! ललाम[2] कर्म गरिन्यौ जाती उ होला अती॥ १४॥

के हुन् कर्म अकर्म पो जगतमा यै जान्नलाई भनी।
लागेका सब छन् भनेर तिमिले जान्नू ति विद्वान् पनी॥
सोही कर्म-अकर्म भन्छु मइले तिम्रा अगाड़ी महाँ।
यो जान्यौ तिमिले भने सहजमा पापादि छुट्नन् यहाँ॥ १५॥

प्राणीलाइ सुन्यौ यही जगतमा कुन् कर्म हो यो अनी।
कुन् हो याहिं अकर्म फेरि कुन हो भन्नू विकर्मै पनी॥
जान्नू पर्दछ यो बड़ो गहन[3] हो चाल् कर्मको लोकमा।
तस्मात् त्यै अब जान्नु पर्छ तिमिले हे पार्थ! ऐहे यहाँ॥ १६॥

जस्ले देख्छ अकर्मलाइ यहिं पो कर्मै यही हो भनी।
कर्मैलाइ अकर्मलाइ जसले देख्ला समानै पनी॥
त्यै हो मानिस योग-युक्त करमै खूब् पूर्ण गर्ने यहाँ।
त्यै हो विज्ञ र पण्डितै उहि सरी विद्वान् छ अर्को कहाँ?॥ १७॥

जो आशा फलको त त्याग गरदै जो गर्नु पर्ने यहाँ।
कर्मै गर्दछ कल्पना[4] सब त्यजी आफ्नू मनै बीचमा॥
त्यस्तो मानिस हो अवश्य बुझनू जान्ने र विद्वान् भनी।
ज्ञानी हो उहि भस्मगर्छ सहजै ज्ञानाग्निले कर्म ती॥ १८॥

कर्मैका फलको त छोड़ि कन ती इच्छा र आशा जती।
आफैं तृप्त रहन्छ हाँसि-खुसले आनन्द मानी अती॥
त्यस्तो मानिस कर्म गर्दछ भने गर्दैं रहोस् ता यहाँ।
कैल्यै लिप्त हुँदैन सो हुन गयो निर्लिप्त कर्मैं महाँ॥ १९॥

जस्ले चित्त लियो गरेर वशमा छन् इन्द्रियादी वशै।
आशा क्यै मनमा रहन्न जसको त्यै प्राणिलाई कुनै॥
भोग्ने वस्तु समस्त त्याग् गरि दियो जस्ले खुशीले यहाँ।
कर्मै गर्दछ देहले यदि भने पर्दैन पापै महाँ॥ २०॥

---

१ मुक्तिको इच्छा गर्नेहरूले। २ सुन्दर। ३ कठिन। ४ इच्छा।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भाग्यैले जुन मिल्छ प्राप्त गरि त्यै आनन्द मान्ने अती ।
जाड़ो गर्मि सही कसै सित पनी गर्दैन द्वेषै रती ॥
त्यस्ले कर्म गरी रहोस् जगतमा सिद्धी असिद्धी महाँ ।
त्यस्तो मानिस कर्म - बन्धन महाँ पर्दैन कैल्यै यहाँ ॥ २१ ॥

यज्ञैका निमती सुकर्म गरने प्रीती न राख्ने कहीं ।
जस्लाई डर छैन बस्छ जुन पो कैल्यै न-रिस्मा भई ॥
त्यस्ताको मन ज्ञानमै बसि गयो भन्ने बुझे चित्तमा ।
जस्तो कर्म गरोस् उ कर्म लयमा ह्वैजान्छ लीनै यहाँ ॥ २२ ॥

जानी त्यौ हवि-द्रव्य[1] फेरि हवनै होम्ने पनी प्राणि त्यो ।
यी तीनै जन ब्रह्म हुन् भनि सखे ! अर्को कुनै हुन्न सो ॥
जस्ले जानि लियो यसै कन यहाँ पाए छ ब्रह्मैगती ।
जान्नू प्राप्त गरेछ ब्रह्म उसले जो श्रेष्ठ हो खुब् अती ॥ २३ ॥

धौताको हित होस् भनेर मनले कोही ति योगी यहाँ ।
गर्छन् कर्म त यज्ञको बुझ सखे ! पक्का गरी चित्तमा ॥
कोही योगिहरू कहूँ जस कनै हुन् ज्ञान-योगी यहाँ ।
ब्रह्माग्नी विच यज्ञ पो ति गरछन् होमेर यज्ञै महाँ ॥ २४ ॥

कोही साधु ति संयमाग्नि विचमा श्रोत्रेन्द्रियादी लगी ।
गर्छन् अर्पण जानिलेउ तिमिले हे पार्थ ! राम्रै बुझी ॥
आफ्ना इन्द्रियरूपि त्यै अनलमा[2] आफ्ना भएका जती ।
शब्दादी - विषयादि होम गरछन् योगीहरूले कती ॥ २५ ॥

कर्मै छन् जति इन्द्रियादिहरुका तिन्ले त गर्ने अनी ।
प्राणैका जति कर्म छन् बुझ तिमी त्यसबाट हूने पनी ॥
आफ्नू ज्ञान प्रदीपले सुन सखे ! योगाग्निका बीचमा ।
होम्छन् सोहि त ईश-अग्नि बिचमा योगी कतीले यहाँ ॥ २६ ॥

कोही ता तपरूपि यज्ञ गरछन् कै दानरूपी अनी ।
कोही योगि त योग-यज्ञ गरछन् अष्टाङ्ग भन्ने पनी ॥
अभ्यासै गरि योगको कति यहीं योगै गरी बस्दछन् ।
कोही ता व्रत-यज्ञमा र कति ता ज्ञानाग्नि संलग्नछन् ॥ २७ ॥

कोही योगि अपानमा[3] लगिकनै प्राणै त होम्छन् यहाँ ।
कोही प्राणविषे अपान कन पो होम्छन् लगी सर्वदा ॥
कोही प्राण-अपान वायु दुइटै रोकेर योगै गरी ।
प्राणायाम[4] ति गर्दछन् जगतमा भै पूर्ण योगी सरी ॥ २८ ॥

---

१ होम गर्ने सामग्री । २ आगोमा । ३ मलद्वारमा रहने वायु । ४ प्राणवायुलाई रोक्ने र छोड्ने काम ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

खान् प्यूँनु र सुत्नु ई नियमले गर्दै ति योगी जती ।
गर्छन् होम त प्राणलाइ निजको प्राणैमहाँ फेर् लगी ॥
ती योगी जनलाइ जान तिमिले यज्ञै ति जान्ने भनी ।
तिन्को पाप समस्त छुट्दछ सखे ! छैनन् भनेझैं बनी ॥ २९ ॥
गर्दा यज्ञ त बच्छ अन्नहरु जुन् भो अमृतैका सरी ।
त्यो खाने जनले त ब्रह्मकन ता पाऊँछ राम्रो गरी ॥
संसारी सुख हुन्न यज्ञ न भई संसारका बीचमा ।
होला प्राप्त कसोरि स्वर्ग-सुख पो यज्ञै बिनाले यहाँ ! ॥ ३० ॥
यस्ता यज्ञविशेषका सब कुरा विस्तार राम्रो भई ।
वेदैमा छ भनेर जान तिमिले साँचै बताएँ यही ॥
कर्मैबाट त जन्म यज्ञहरुको हूँदैछ संसारमा ।
यो पाईकन भन्छु निश्चय गरी उद्धार होला यहाँ ॥ ३१ ॥
द्रव्यै-यज्ञ त देखि जुन् छ बढ़ता अत्यन्त जाती यहाँ ।
त्यै हो ज्ञान सुयज्ञ जान तिमिले हे पार्थ ! लौ चित्तमा ॥
ज्ञानैका निमती छ कर्म र क्रिया यो बात जानी लिनू ।
यस्भन्दा बढ़ि भव्य छैन अरको कस्लाइ राम्रो भनूं ! ॥ ३२ ॥
सेवा खूब गरी प्रणाम गरदै सोध्यौ भने ता यहाँ ।
दीने छन् तब तत्त्व-दर्शिहरुले यै ज्ञान तीमी महाँ ॥
यस्तो ज्ञान मिले पछी तिमिकनै होवैन मोहै कहीं ।
तीमीमा र ममा चराचरमहाँ देखिन्छ सारा उही ॥ ३३ ॥
सारा पापिमहाँ बढ़ेर तिमिनै पापी भएरै पनी ।
गर्दैछौ तिमि पाप पो यदि भने पापात्म ठूलो बनी ॥
ज्ञानैरूपि छ डुंगि ता यदि भने बस्दै उही नाउमा ।
तर्दै पाप - समुद्रलाइ तिमि ता पुग्ने भयौ पारमा ॥ ३४ ॥
बल्दो अग्निविषे परेर जसरी ती दाउरा छिन्महाँ ।
सारा भस्म खरानि हुन्छ बुझिल्यौ उस्तै तवर्ले यहाँ ॥
ज्ञानाग्नी विचमा परी सकल ती कर्मादिहेरू पनी ।
सारा भस्म भएर जान्छ सहजै हेर्दा खरानी बनी ॥ ३५ ॥
एसै कारणले त ज्ञान सरिको क्यै चीज संसारमा ।
अर्को छैन पवित्र वस्तु कहिने यै राख पत्यारमा ॥
आत्मै - दर्शन रूपि योग नरको सिद्धी भयो जुन्घरी ।
आफै प्राप्ति हुनेछ ठीक् समयमा त्यै ज्ञान राम्रो गरी ॥ ३६ ॥
श्रद्धालु र जितेन्द्रियादि जनले पाऊँदछन् ज्ञान सो ।
प्राप्ती भैकन ज्ञानको परम फेर् शान्तीविषे पर्न गो ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्रद्धा छैन छ मूर्ख-चित्त जसको हर्दम् छ शंकै महाँ ।
त्यस्तो मानिसलाइ जान तिमिले भो भ्रष्ट संसारमा ॥ ३७ ॥
तीमध्ये पनि नित्य शंकित छ जो प्राणी भएको यहाँ ।
त्यस्को ता दुइ लोक बिग्रन गयो डूबेर शंकै महाँ ॥
ज्ञानै-यज्ञ भएर संशय सबै नाशिन्छ संसारमा ।
गर्दाखेरि समत्व योग उ भयो कर्मै विहीनै यहाँ ॥ ३८ ॥
त्यस्ता मानिसलाइ जान तिमिले संसारका बीचमा ।
कर्म-बन्धनमा उ पर्न कहिल्यै सक्तैन जान्नू यहाँ ॥
आफू लीन भएर लागिकन खूब् योगै समत्वै महाँ ।
भो युद्धादि समस्त कार्य रणको जान्ने ठुलो चित्तमा ॥ ३९ ॥
उठिकन अब तिम्ले आफ्नु दिल्मा भएको, जति छ सकल शंका फेरि सन्देह ती पो ॥
लिइकन अब ज्ञानै रूपि तर्वार लाई, सहज सँग त काटी फाल दूरै गराई ॥ ४० ॥

❀ इति चतुर्थ अध्यायः ❀

—❀—

❀ पञ्चम अध्याय ❀

संन्यास योग

भन्छन् पार्थ ति कृष्णलाई प्रभुले त्यै कर्मत्यागै अनी ।
कर्मैयोग बताइ बक्सनु भयो धेरै पटक् पो भनी ॥
यी योगैहरुमा त कुन् असल हो कल्याण गर्ने अती ।
सोही निश्चय खूब् गरी कहनुहोस् बिन्ती छ मेरो यती ॥ १ ॥

यस्तो प्रश्न सुनेर अर्जुनजिको भन्छन् जगत्‌का धनी ।
कर्मत्याग र कर्मयोग दुइटै कल्याण गर्ने भनी ॥
जानील्यौ तर साधना गरनका खातिर् म भन्छु यहाँ ।
श्रेष्ठै खूब छ कर्मयोग सबले सन्सारका बीचमा ॥ २ ॥

कांक्षा[1] भो अनि द्वेष भो इ दुइटै देखिन् फरक् बस्छ जो ।
त्यस्लाई तिमि जान त्याग गरने सोही त संन्यासि हो ॥
त्यस्लाई सुख-दुःख राग र अनी द्वेषै बिनाको अनी—
कर्मै-बन्धनबाट मुक्त तिमिले जान्नू अवश्यै पनी ॥ ३ ॥

जो होला जन मूर्ख त्यै बुझ सखे ! यो सांख्ययोगै अनी ।
फेरी जौन छ कर्मयोग कन ता ठान्ला फरक् हो भनी ॥
कौनै एकविषे भयो दृढ भने हे पार्थ ! संसारमा ।
दूवैको फल पाउने छ बुझिल्यौ त्यस्ले अवश्यै यहाँ ॥ ४ ॥

ठाऊँ प्राप्त हुनेछ जुन् बुझ तिमी यै सांख्यले नै गरी ।
त्यै ठाउँकन योगले पनि लिने हो जान प्राप्तै गरी ॥

१ इच्छा ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सांख्यैलाइ र योगलाइ जसले देख्ने छ यौटै यहाँ ।
त्यस्कै हो अति ठीक हेर्नु बुझिन्यौ, संसारका बीचमा ॥ ५ ॥
जस्ले अर्जुन ! कर्मयोगकन ता गर्दैन संसारमा ।
त्यस्ले पाउनु ता बड़ो कठिन हो संन्यासलाई यहाँ ॥
जस्ले ईश्वर-भक्ति राखि मनमा, निष्काम योगै गऱ्यो ।
त्यस्लें नै परब्रह्मलाइ बुझिन्यौ चाँड़ै न चीन्हीलियो ॥ ६ ॥
कर्मैयुक्त भएर आफ्नु हृदयै, जस्को त शुद्धै भयो ।
जस्ले चित्त पनी गरेर वशमा इन्द्रीय जीतीलियो ॥
त्यस्ले कर्महरू गरोस् तर पनी, संसारमा नै रही ।
त्यो पर्दैन कदापि बन्धनमहाँ हे मित्र ! जाने यही ॥ ७ ॥
सुन्दामा सुँघदा महाँ अनि पछी, सुत्दा र हेर्दा अनी ।
खाँदा फेर् हिंडदा कसै कन गई, छूने बखत्मा पनी ॥
जो छन् प्रज्ञ ति भन्दछन् यहि कुरा हे पार्थ ! राम्रो गरी ।
"मैले गर्दिन केहि काम कहिल्यै आफू अगाड़ी सरी" ॥ ८ ॥
फेर्दा सास र बोलदा अनि पछी छोड्दा र बोलाउँदा ।
आँखा खोलिलिंदा र बन्द गरदा केही समाती लिंदा ॥
भन्छन् योगिहरू ति ज्ञानि जति छन् गर्दीन मैले भनी ।
यी हुन् इन्द्रिय आदिले गरिलिने कार्यादि गर्छन् तिनी ॥ ९ ॥
इच्छा जुन् मनमा छ त्याग गरदै आफ्नू भएको यहाँ ।
आफ्ना कर्म जती समर्पण पनी गर्दै परब्रह्ममा ॥
जस्तै पात रहन्छ है कंमलको हूँदै फरक् पानिमा ।
त्यस्तै रीति गरी अलग्ग रहला, पापादि देखिन् यहाँ ॥ १० ॥
देहैले मनले अनी वचनले या इन्द्रियैले पनी ।
आफ्नू केवल दूर पो गरदछन् लिप्सा[1] भएको पनी ॥
योगीले गरना निमित्त निजको अन्तस्करण् शुद्धि पो ।
गर्छन् कर्म सदैव जान तिमिले हे पार्थ ! भन्छु म यो ॥ ११ ॥
कर्मैको फललाइ त्यागिकन पो जैल्हे पनी सर्वदा ।
निष्ठा शान्ति ति पाउँछन् बुझ तिमी योगीहरूले यहाँ ॥
जो योगी भयि कर्मको फलकनै खोज्छन् ति पाऊँ भनी ।
त्यस्ता योगि त बस्दछन् जगविषे हर्दम् अशान्तै बनी ॥ १२ ॥
नौ ढोकाहरुको त यै नगरि पो काया[2] भनेको यहाँ ।
राजा भैकन बस्छ प्राण बुझिन्यौ, भित्रै रही छातिमा ॥

१ इच्छा । २ शरीर ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आफू काम न गर्छ केहि न अरुलाई गराउँछ सो।
कर्म - त्याग गरेर बस्छ सुखले लीएर संन्यास पो ॥ १३ ॥

जस्ले सृष्टि गरे उनै प्रभु पनी, पाउन् ति प्राणी भनी।
गर्दैनन् न त गर्दछन् करम क्यै दिन्नन् फलादी पनी॥
आफैं यो प्रकृती सबै समयमा गर्छिन् इनै सिर्जना।
माया नै सब गर्छ गर्न पनि त्यै लाउँछ कामै यहाँ॥ १४ ॥

लिन्नन् ईश्वरले त पाप नरको वा पुण्य तिन्को कहीं।
अज्ञानै सब ढाक्छ ज्ञान नरको मोहीत हुन्छन् यहीं॥
आत्मज्ञान समान शुभ्र जसले पायो विकाशै यहाँ।
त्यस्को ता मनको सबै हटिगयो अज्ञान संसारमा॥ १५ ॥

पायी ज्ञान समान तेज रविको अत्यन्त राम्रो अनी।
देख्छन् है परब्रह्मलाइ बुझिल्यौ आत्माविषे ती पनी॥
आफ्नू बुद्धि धरेर आत्म बिचमा निष्ठा जउन् गर्दछन्।
ज्ञानैले सब पाप धोइकन ती, मोक्षैविषे पर्दछन्॥ १६ ॥

विद्याले अति नम्र ब्राह्मण कुकुर् गाई र हाची अनी।
चाण्डालै कन जो छ पण्डित सदा, देख्छन् बरोबर् भनी॥
यस्तो रीति गरेर एक समता जो देख्छ सारामहाँ।
त्यस्ले जीति लियो समस्त जगतै बस्दो छँदो ब्रह्ममा॥ १७ ॥
पाउँदा प्रिय खूशि हुन्न कहिल्यै जो ता यही लोकमा।
मिल्दा अप्रिय खिन्न हुन्न उ कमै मानी ननीको यहाँ॥
त्यै हो ब्रह्म चिन्ही लिने स्थिर भयो बुद्धी उसैको पनी।
निर्मोही उहि हो उ ब्रह्म बिचमा लीनै भएको छनी॥ १८ ॥

सारा बाहिरका जती विषयले, भिन्नै भएको छ जो।
आत्माकै सुखमा परेर जसले, त्यै सौख्य पो मान्छ जो॥
जस्लाई पनि ब्रह्म प्राप्त हुनगो, त्यस्तै त प्राणी यहाँ।
ठूलो अक्षय सौख्य पाउँछ सखे! संसारका बीचमा॥ १९ ॥

आफ्ना इन्द्रिय - वर्ग बाट सुख जुन्, पाउँछ देहादिले।
त्यस्ता सौख्य त दुःख-मूल भनि यै जानीलिए तीमिले॥
अन्त्यै आदि हुने इ सौख्यहरु हुन्, भन्ने विचारी यहाँ।
तिन्मा पण्डितले कदापि कहिल्यै, रम्दैन संसारमा॥ २० ॥

ज्यूँदैमा जुन काम-क्रोधहरुको, यो तीव्र वेगै पनी।
जस्ले लिन्छ सही खपीकन सखे! त्यै जान योगी भनी॥
आत्मा भित्र त रम्छ जो खुशि हुँदै, आत्मै-सुखी भै गयो।
ज्ञानै ईश्वरको छ जस्कन यहीं, त्यै ब्रह्म रूपी भयो॥ २१ ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

निर्वाणै पद प्राप्त गर्छ तसले, पापादि नष्टै भयी।
राग-द्वेष त हुन्न त्यस्कन कमै, संदेह टाढ़ा रही॥
जीवादीहरुको भलाइ तिरनै, त्यो लाग्छ जेल्हे पनी।
त्यस्लाई तिमि जान मोक्ष सहजै, पाऊँछ त्यस्ले भनी॥ २२॥
कामैदेखि र क्रोधदेखि छ सधैं जो ता फरक् लोकमा।
जस्को चित्त छ शुद्ध भैकन स्थिरै, हर्दम् रहेको यहाँ॥
चीनेको जसले छ अर्जुन! सुन्यौ, आत्माकनै खुब् गरी।
त्यस्लाई तिमि जान मोक्ष भइगो, आनन्द-सिन्धू परी॥ २३॥
त्यागी बाहिरका सबै विषय ती, इच्छा र भोगादिनै।
दृष्टि भौं बिचमा धरेर जसले जीती सबै इन्द्रियै॥
नाकैले चलने ति प्राण अनि फेर्, वायू अपानै पनी।
रोकी लिन्छ भने त जान तिमिले, मोक्षै भयो त्यो भनी॥ २४॥
बुद्धी इन्द्रिय आदि फेरि मन भो, राखी वशैमा गरी।
क्रोधैलाइ र कामनाकन अनी, डर्लाइ त्यागै गरी॥
मोक्षैसाधन गर्नमा जन रहोस् लागेर संसारमा।
त्यस्लाई तिमि जान पार्थ! सहजै, मुक्ती हुवे हो यहाँ॥ २५॥
भोक्ता यज्ञ र फेर् तपादिहरुको, जान्ने मलाई अनी।
प्राणी छन् जति लोकमा ति सबको, मित्रै हितैषी पनी॥
ठूला ईश्वर सर्व प्राणिहरुको, जान्ने मलाई यहाँ।
त्यस्तो मानिसले त शान्ति सहजै, पाऊँछ संसारमा॥ २६॥

❀ इति पञ्चम अध्यायः ❀

❀ षष्ठ अध्याय ❀
(आत्मसंयम योग)

मैले यो फल पाउँला भनि कुनै, आशा न राखी यहाँ।
कर्त्तव्यै यहि हो भनेर जसले, गर्नेछ संसारमा॥
जान्नू अर्जुन! त्यागि योगि उ भयो, संसारका बीचमा।
अग्नीहोत्र र कर्महीन न-हुने, संन्यासि योगी यहाँ॥ १॥
जस्लाई सबले विचारि मनले, 'संन्यास' भन्छन् यहाँ।
त्यै हो योग पवित्र जान तिमिले, हे पार्थ! जाहाँ तहाँ॥
आशा ता फलको न-त्यागि कहिल्यै, कौनै हवस् ता पनी।
योगी हून कदापि सक्तछ कहाँ?, त्यो हुन्छ भोगी भनी॥ २॥
जस्ले मोक्ष सु-प्राप्ति गर्न मनमा, राख्ने छ इच्छा धरी।
त्यस्को साधन ता यहीं छ बुझनू कर्मै यथार्थै गरी॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

योगारूढ़[1] सुविज्ञ जो पुरुष हो त्यस्कै त संसारमा।
जान्नू शान्तिकनै सु-साधन भनी, हे पार्थ ! तिम्ले यहाँ॥ ३ ॥
जस्का इन्द्रियले त क्यै विषय ता, खोज्दैन कैल्ह्यै अनी।
कर्मासक्त कदापि हुन्न जुन ता, प्राणी कहील्यै पनी॥
आशा फेर् फलको भगाउँछ सधैं, टाढ़ा धपाई जउन्।
ती हुन् योगि भनेर जान तिमिले भक्तै भनेका ति हुन्॥ ४ ॥
जान्ने मानिसले त आफुकन ता आफैं अगाड़ी सरी।
उद्धारै पनि यत्नले गरिलिउन्, कर्त्तव्य राम्रो गरी॥
आफूलाइ दिने अधोगति कुनै, कामै न गर्नू यहाँ।
आफ्नूनै मन मित्र हो अरि पनी, सोही छ संसारमा॥ ५ ॥
जस्ले यो मनलाइ जीति सहजै, राख्यो बशैमा गरी।
त्यस्को त्यै मन होइ जान्छ बुझिल्यौ, हे पार्थ ! मित्रै सरी॥
जस्ले ता मनलाइ जित्न न सकी, स्वच्छन्द पार्ला यहाँ।
त्यै स्वच्छन्द मनै त त्यस् पुरुषको, हूनेछ बैरी महा॥ ६ ॥
आत्मालाइ जितेर शान्त नर जो होला रहेको यहाँ।
त्यस्को ता मन यो समान रहला बिग्रन्छ फेरी कहाँ ?॥
सर्दी होस् कि त गर्मि होस् सुख परोस् की ता हवस् दुःखनै।
पावस् आदर वा अनादर हवस् बस्ने छ राजी सधैं॥ ७ ॥
आत्मा चिन्न सकी भई अनुभवै सन्तोष जस्मा भयो।
जस्ले इन्द्रिय आदिलाइ सहजै जीतेर आफ्नू लियो॥
माटो पत्थर स्वर्णलाइ जसले ठान्ला बरोबर् गरी।
योगी हो भनि जान त्यस्कन तिमी क्वै छैन त्यस्का सरी॥ ८ ॥
जस्ले आफ्नु सुहृद् र मित्र कन फेर् द्वेषी र शत्रू अनी।
पुण्यात्मा जन पापि फेरि कि भने बन्धूहरूमा पनी॥
मध्यस्थै जनहेरुलाइ जसले मान्ला समानै यहाँ।
त्यै हो श्रेष्ठ भनेर भक्त बुझिल्यौ संसारका बीचमा॥ ९ ॥
राम्रो चाल लिएर आफ्नु मन ता आफ्नो वशैमा गरी।
आशा त्यागि समस्त संग्रहहरू त्यागेर राम्रै गरी॥
एकान्त - स्थलमा गएर खुशिभै डेरा गराई तहाँ।
आफू गर्दछ आत्म - चिन्तन भने योगी उही हो यहाँ॥ १० ॥
ऊँचा घेर न-होस् निचो न अति होस् खूब् ठीक हेरी लिनू।
चोखो भूमि पवित्र होस् उहि जगा छानेर लीपी दिनू॥
पैहे ता कुश पो बिछाइ मृगको चर्मै अनी वस्त्र क्यै।
त्यस्माथी बसि चित्तलाइ बढुलोस् आनन्द मानी कनै॥ ११ ॥

१ योगमा रहने।

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यै ठाम्मा बसि चित्तलाइ निजको एकाग्र पार्नू अनी।
सारा कर्म ति इन्द्रियादिहरुका राखी वशैमा पनी॥
आत्मै-शुद्धि हवस् भनेर उसकै निम्ती त योगै पनी।
गर्नू जाति छ जानिलेउ तिमिले हे पार्थ! भन्छु अनी॥ १२॥

आफ्नू गर्दन देह फेर् शिर पनी सोझो गराई लिनू।
बस्नू आफु स्वयं निकै अचल भै इच्छा जती छाड् दिनू॥
आफ्ना नाक उपर् दिएर निजकै दृष्टी जमाई तहीं।
हेर्नू तत्पर खूब् भएर अरको तर्फै न हेर्नू कहीं॥ १३॥

शान्तै चित्त भएर निर्भय बनी बस्नू उ बेला महाँ।
ब्रह्मचर्य व्रतादिले सहित भै ध्यानै धरी चित्तमा॥
रोकी यो मनलाइ अन्त त कतै दौड्नै नदीनू अनी।
मैमा चित्त दिएर हूनु अनि फेर् तल्लीन मैमा पनी॥ १४॥

यस्तो रीति गरेर जुन् पुरुषले योगस्थितै भै यहाँ।
आत्मालाइ त गर्छ जौन सहजै आफ्ना अधीनै महाँ॥
त्यस्ले पाउँछ जानि त्यो अविचले[1] शान्ती भनेको पनी।
जन् द्वारा मन खुशि हुन्छ उसको मैमाथि लीनै पनी॥ १५॥

जस्ले भोजन गर्छ खूब बहुतै खानै बसेका घरी।
जस्ले भोजन गर्छ धेर कमती हे पार्थ! खाँदा घरी॥
धेरै सुति रहन्छ ता यदि भने की जागि बस्ने छ जो।
त्यस्को केहि गरेर योग हुनु ता साह्रै गहारो छ पो॥ १६॥

जस्ले ता नियमादि बाँधिकन पो सुत्ने छ रात्री हुँदा।
जस्ले पालन खुब् गर्‍यो नियमको व्याहानमा जागदा॥
खाँदामा र थकाइ मार्न नियमै बाँधेर बस्ला जउन्।
त्यस्को योग सु-सिद्धि हुन्छ बुझिल्यौ पाउँछ सौख्यै तउन्॥ १७॥

जस्को ता मन यो भएर वशमा आत्माविषे भो स्थिरै।
सिद्धै योगि उही भयो हुन गई संसारमा निस्पृहै॥
जस्तै दीपक निम्न जान्न कहिल्यै निर्वात[2] ठाउँ मिली।
त्यस्तै योगि पनी डिगेन कहिल्यै खुब् ध्यान गर्दा हुँदी॥ १८॥

योगाभ्यास गरौं भनेर जब त्यै थालिन्छ संसारमा।
रोकीएर मनै त हुन्छ अनि पो त्यै आत्मलीनै यहाँ॥
आत्मालाइ नजर् गरेर अनि पो आफ्नू त चित्तै पनी।
सन्तुष्टै हुन जान्छ जान तिमिले साँचो बताए भनी॥ १९॥

१ स्थिर। २ हावा न भएको।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ज्ञानैले गरि प्राप्त हुन्छ जुन पो सौख्यादि ठूलो यहाँ।
त्यस्तो ता सुख इन्द्रियादिहरुका द्वारा हुने हो कहाँ? ॥
जाहाँ पौंचि गएर डिग्न पनि ता डिग्दैन केही गरी।
त्यस्तो हो यहि तत्व ज्ञान भनिने क्यै छैन यस्का सरी ॥ २० ॥
जुन् वस्तूकन प्राप्त भैकन यहाँ त्यस्देखि ठूलो पनी।
केही लाभ अरू यहाँ छ भनि ता ठान्दैन ठूलो भनी ॥
त्यो वस्तू जब प्राप्त भो यदि कुनै आपत्ति आए पनी।
त्यस्को ता मन हुन्न खिन्न कहिल्यै खुब् चंचलै पो बनी ॥ २१ ॥
दुःखैलाइ छुटाउनाकन भनी यैं योग गर्नू यहाँ।
प्राणीले पनि पुर्छ हड्बडि रती गर्नू हुने हो कहाँ? ॥
आफ्नू दूर गरी विकार मनको जैन्हे पनी हर्षड़ी।
यै अभ्यास गरेर वस्तु बढ़िया देखिन्छ धैर्यैं धरी ॥२२॥
छन् जत्ती मन-कामना हृदयमा उठ्ने अवश्यै गरी।
त्यस्ता ती सबलाइ त्याग गरदै अत्यन्त टाढ़ा धरी ॥
आफ्ना ती सब इन्द्रियादिहरुको बेगादिलाई पनी।
रोक्नै जाति छ भाग्यमानि जनले खुब् संयमी झैं बनी ॥२३॥
धैर्यैं बुद्धि गरी अली अलि गरी विस्तार साथै यहाँ।
हट्दै दूर हुनू यिनै विषयका पर्नू न नझ्रा महाँ ॥
आत्मैमा मनलाइ लाउनु सदा आनन्द मानी अती।
चिन्ता फिक्रि र सोच क्यै किसिमको कैल्यै न गर्नू रती ॥२४॥
साह्रै चञ्चल यो मनै छ बुझनू हूँदै अशान्तै यही।
चाँडै दौड़ लगाउने छ बहुतै दौड़ेर जाहाँ तहीं ॥
त्याहीं त्याहिं पुगी गरेर वशमा खेदेर ल्याई वरी।
आत्माका नजिकै पुऱ्याउनु सखे! राखेर शान्तै गरी ॥२५॥
पापादीहरु छुट्न गैकन सखे! त्यै आत्मदर्शी यहाँ।
पाऊला सुख उत्तमै जगतमा लीन हुँदै ब्रह्ममा ॥
यस्तो यो समदर्शि[1] योगि सबमा दृष्टी समानै दिई।
आफूलाइ सबैमहाँ र अरुमा देख्ने छ आफू उहीं ॥ २६ ॥
मैलाई सब जीवमा म सबमा देख्ने मनुष्यै छ जो।
त्यस्देखी म मदेखि त्यै जन कवै भिन्नै न-हूने भयो ॥
जीवादी सबमा मलाइ बुझदै जो भज्छ लीनै भई।
कर्मासक्त उ होस् तथापि उसमा बस्ने छ सोझै गई ॥ २७ ॥

---

१ सबैलाइ एक समान देख्ने।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

साराको सुख-दुःखलाइ निजकै जो ठान्छ आफ्नै सरी।
सोहीनै समदर्शि योगि सबमा मानिन्छ ठूलो गरी॥
यस्तो यै उपदेश पाइ हरिको ती पार्थ फेरी पनी।
लागे सोधनि गर्न त्यै बखतमा अत्यन्त नम्रै बनी॥ २८॥
आफू झैं सबलाइ मान्नु परने योगै त जुन् भन्नु भो।
त्यसमा ता मन चञ्चलै छ कसरी लाग्ने छ सुन्नू भयो॥
स्वामिन्! यो मन ता हठी छ बहुतै फेर् जिद्दिवालो अनी।
यसमा चंचलता खुबै छ मन यो ठान्छु बलीयो भनी॥ २९॥
वायूको सरि बेग देख्छु यसमा यस्लाइ रोक्छु भनी।
आँट्नू नै बहुतै छ मुश्किल यहाँ यै ठान्छु मैले पनी॥
बिन्ती अर्जुनको सुनेर हरिले फेरी उसै बीचमा।
आज्ञा गर्नु भयो ति पार्थकन ता यस्ता तवर्‌ले तहाँ॥ ३०॥
साँचै हो मन यो छ चंचल अती यस्लाइ रोक्नै पनी।
साह्रै मुश्किल कार्य हो तर सुन्यौ रोकिन्छ एही पनी॥
वैराग्यै मनमा लिएर सब यो झुट्टा बुझेका घरी।
पर्ने हो वशमा यही मन अरू क्यै छैन रस्ता सरी॥ ३१॥
आफ्नू यो मन ता न-पारि वशमा यै भव्य योगै यहाँ।
प्राप्तै गर्नु ठुलो छ मुश्किल भनी जानीलिए चित्तमा॥
यत्नैले मनलाइ आफ्नु वशमा, पारी लिएका घरी।
यो योगैकन साधना गरन ता, सक्ने छ राम्रो गरी॥ ३२॥
यस्ता बात सुनेर अर्जुनजिले, फेरी उसै बीचमा।
सोधे कृष्णजिलाइ नाथ! जसको, श्रद्धा छ चित्तैमहाँ॥
त्यस्तो मानिसलाइ प्राप्त न भई, त्यै योग ठूलो यहीं।
पुग्ला कुन् गतिमा बताउनु हवस् ऐल्हे दयालू भई?॥ ३३॥
श्रद्धा ता मनमा छ जुन् पुरुषको, स्थीरै न भै योगमा।
जस्ले योगविषे त सिद्धि न-मिली, बस्दा यही लोकमा॥
बाटा ती दुइ बाट भ्रष्ट हुन गै, बादल् त आकाशमा।
फाटी जान्छ जसोरि त्यै किसिमले, के हुन्छ नष्टै यहाँ?॥ ३४॥
मेट्नोस् हे करुणानिधान! मनको, सन्देह मेरो यहाँ।
सक्ने मेट्न हजूर छोड़ि अरु ता, देख्दीन संसारमा॥
भन्नू भो यि कुरा सुनेर हरिले, त्यस्को त काहीं पनी।
यो लोकै र परत्रमा पनि कबै, हूँदैन नाशै भनी॥ ३५॥
जस्ले गर्दछ श्रेय कर्म उसको, आयी नजीकै महाँ।
हानि दुर्गतिले गराउन कहाँ, सक्नेछ भन्छु यहाँ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

योगभ्रष्टहरू पछी सब गयी, क्वै दिव्य लोकै महाँ ।
धेरै वर्ष रहेर फेरि तिनिले, ली जन्म संसारमा ॥ ३६ ॥
कौनै ता धनवानको घर गयी, पार्ला उज्यालो अनी ।
त्यै हो जान्नु पवित्र-जन्म उसको, अत्यन्त राम्रो भनी ॥
विद्वान् ज्ञानिहरू महाँ कि त भने क्वै योगिका वंशमा ।
त्यस्ले जन्म लिनेछ निश्चय पनी, पाइन्छ त्यस्तो कहाँ ? ॥ ३७ ॥
जन्मै लीकन योग-भ्रष्ट जनले, त्यै पूर्व-संस्कारले ।
फेरी थाल्दछ योग गर्न खुशि भै, त्यै सिद्धिका अर्थले ॥
धेरै जन्म यसै गरीकन यहाँ, अभ्यास गर्दा पनी ।
योगै सिद्धि भयी परंपदविषे, पुग्नेछ सोही अनी ॥ ३८ ॥
ज्ञानी होस् कि त कर्मकाण्ड गरने, होस् या हवस् लौ तपी ।
योगी नै सबदेखि उत्तम छ है, हे पार्थ ! जान्नू यती ॥
तस्मात् लौ उठ योगिनै बन तिमी, यै योग-मार्गै यहाँ ।
योगीका निमती यथार्थ बुझिल्यौ, यै पार्छ सौख्यै महाँ ॥ ३९ ॥

योगीकै त समाजमा म अहिले त्यस्लाइ ठूलो अनी ।
ठान्छु अर्जुन सर्वदा बुझ तिमी, श्रेष्ठै सत्रैमा भनी ॥
मेरो भक्त भएर चित्त पनि ता जोडेर मैमा दिई ।
जस्ले भज्छ मलाइ प्रेमवश भै, श्रद्धा यथेष्टै लिई ॥ ४० ॥

❁ इति षष्ठ अध्यायः ❁

❁ सप्तम अध्याय ❁
(ज्ञान-विज्ञान योग)

आज्ञा भो भगवानको सुन सखे ! मेरो भई आश्रितै ।
मैमा आफ्नु लगाउ चित्त तिमिले खुब् योगयुक्तै हुँदै ॥
एती कार्य गऱ्यौ भने तिमि भयौ जान्ने मलाई पुरा ।
ऐले त्यै सुनि ल्यौ यथार्थ जति हो त्यै ज्ञानको पो कुरा ॥ १ ॥
तिम्रै ता हितका निमित्त मइले ज्ञाने र विज्ञानको ।
भन्छु बात उ जानि पार्थ ! अरु ता जान्ने कुरा के रह्यो ! ॥
सिद्धी पाउनलाइ यत्न गरछन् लाखौंमहाँ एकले ।
सिद्धैमा पनि कोहिले मकन ता जानी लिनन् ज्ञानले ॥ २ ॥
मेरा छन् प्रकृतीहरू बुझ तिमी आठै किसिम्का भनी ।
वायू पावक[1] बुद्धि पृथ्वि मन भो मेघै र पानी पनी ॥
आठौं ता बुझ पार्थ ! ती प्रकृतिमा सोही अहंकार भो ।
जानी ल्यौ तिमिले यिनै प्रकृतिको फेरी दुई रूप पो ॥ ३ ॥

१ आगो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जो निःकृष्ट छ जान सोहि 'अपरा' नामै भएको भनी।
दोस्रो चाहिं परा छ जुन् उ त भयो यै जीव रूपै पनी॥
यै मेरो प्रकृती परा भनिइने जस्बाट संसारको।
उत्पत्ती हुन जान्छ जान तिमिले यो बात ता सत्य हो॥ ४॥

सारा जीव यिनै दुवै प्रकृतिले हुन्छन् ति पैदा यहाँ।
मैदेखी सब जन्मि फेरि मइँमा मिल्छन् ति आखीरमा।
भन्छु पार्थ! मदेखि ता पर कुनै क्यै छैन याहीं भनी।
धागोमा मणि झैं सबै उनिन गै मैमा रहन्छन् तिनी॥ ५॥

चन्द्रै सूर्यविषे प्रकाश म त हूँ आकाशमा शब्द हूँ।
आफू मै जल बीच स्वाद रस हूँ यो खूब जानी लिनू॥
मै हूँ त्यो पुरुषत्व ता पुरुषमा हे पार्थ! तिम्ले अनी।
वेदादीहरुमा अवश्य बुझिल्यौ ओंकार मैं हूँ भनी॥ ६॥

ज्वालालाइ म हूँ भनेर बुझिल्यौ देखिन्छ जुन् अग्निमा।
पृथ्वीमा म सुगन्ध हूँ तपि विषे मै हूँ तपादी यहाँ॥
प्राणीमा म त जीव हूँ सकलको उत्पत्ति गर्ने अनी।
तेजस्वीहरुको त तेज म त हूँ यो बात जाने तिमी॥ ७॥

बुद्धीमान्हरुकै त बुद्धि म त हूँ संसारका बीचमा।
ताकत् हूँ बलवानको म बुझिल्यौ 'शक्ती' भनेको यहाँ॥
रागैले[1] अनि कामले रहितको जो हो सुकर्मै अनी।
मै हूँ जान मलाइ धर्मसितको इच्छा भनेको पनी॥ ८॥

सात्विक् राजस तामसैहरु भए मै देखि पैदा इनी।
मैमा लीन पछी हुनन् म त कभै मिल्दीन यिन्मा पनी॥
राम्रै मोहित भै यि तीन गुणमा संसार फँसदो भयो।
त्यै हेतू हुन गै म अव्यय कनै कोही न जान्ने भयो॥ ९॥

यी तीनै गुण युक्तकी बलवती माया इ मेरी यहाँ।
जानी सक्नु कदापि छैन जनले यै विश्व संसारमा॥
मेरो आइ शरण् पर्‍यो यदि भने त्यै प्राणि राम्रो गरी।
मायालाइ अवश्य नाविकन पो जाने छ पारै तरी॥ १०॥

मूर्खैको अधमै कुकर्मि जनको जो ज्ञान हो चित्तको।
मायाले त हरी दिएर ति सबै छन् देख्नमा दैत्य पो॥
त्यस्ता राक्षसि-भावले सहितका प्राणीहरू जो पनी।
पाऊँदैन मबाट आश्रय कतै यो जान साँचो भनी॥ ११॥

भन्छन् चार प्रकारका जनहरू मैलाइ संसारमा।
जिज्ञासू[2] अनि ज्ञानि फेरि दुखिया ऐश्वर्य-खोज्ने यहाँ॥

१ प्रेमले। २ जान्न इच्छा गर्ने।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ज्ञानी जो छ मलाइ केवल उही निष्कामनाले[1] गरी।
भज्ने हो तस अर्थ श्रेष्ठ उहि हो राख्छु म प्यारो गरी॥ १२॥
त्यै ज्ञानी जनले मलाइ बहुतै गर्ने छ प्यारो यहाँ।
मैले त्यस्कन ठान्छु आफ्नु प्रिय पो, संसारका बीचमा॥
मेरा यद्यपि भक्त हुन् ति बढ़िया चारै किसिम्‌का पनी।
तिन्मा ज्ञानि समान श्रेष्ठ अरु क्वै ठान्दीन कैल्यै पनी॥ १३॥
जो ज्ञानी छ उ योगयुक्त हुनगै बस्ने छ आनन्दमा।
मैलाई उ सदा भजेर रहला चित्तै लगाई ममा॥
जस्ले निश्चय राख्छ आफ्नु मनमा सर्वत्र व्याप्तै रही।
बस्छन् ब्रह्म भनेर यै हृदयमा अत्यन्त ज्ञानी भई॥ १४॥
त्यै हो दुर्लभ भन्नु मानिस पनी जस्ले जहाँ हर्घड़ी।
ब्रह्मै व्याप्त[2] छ यै सदैव मनले ठान्ला विचारै गरी॥
त्यै ज्ञानी बहुतै बितेर जनमै जन्मान्तरैमा अनी।
मैमा प्राप्त हुनेछ पार्थ! तिमिले जान्नू छ ठीकै भनी॥ १५॥
भिन्नै भिन्न ति वासनादिहरुले जुन् प्राणिको चित्तमा।
बस्ने ज्ञान जती हरेर लगियो तिन्ले त संसारमा॥
आफ्नै त अलग्-अलग् प्रकृतिका वश्‌मा परी सर्वदा।
गर्छन् पूजन फेर् पुकार अरुनै क्वै देवताको यहाँ॥ १६॥
देवादीहरुका जउन् स्वरुपमा राखेर श्रद्धा अती।
गर्छन् भक्त यहाँ त पूजन अनी तिन्कै पुकारा यदि॥
त्यसलाई उहि देवमूर्तिहरुको भक्ती प्रदानै गरी॥
गर्दिन्छु अनुरक्त ता निशिदिनै मैले अगाड़ी सरी॥ १७॥
त्यै मूर्तीकन सोहि भाव सितले आराधना पो गरी।
आफ्नू इच्छित पाउने छ फल पो मैले दियेको सरी॥
यस्तै हो तर जानिलेउ जति छन् अल्पज्ञ यस्ता यहाँ।
तिन्को ता फलको त अन्त पनि ता हूने छ चाँड़ै यहाँ॥ १८॥
देवादीकन पूज्दछन् यदि भने पाऊँदछन् देवता।
जस्ले पूज्छ मलाइ पाउँछ सदा मैलाइनै पो उ ता॥
मेरो उत्तम श्रेष्ठ रूपकन त्रा नाशै न-हूने भनी।
जान्देनन् नर मूर्खले असलमा हुन् अव्ययै यी भनी॥ १९॥
एही कारणले म जो पुरुष हूँ अव्यक्त[3] उस्लाइ ता।
ठान्छन् पो सब व्यक्त[4] झैं बुझ सखे! केही न जानी ति ता॥

१ केही इच्छा नराखी। २ छोपेको। ३ न देखिने। ४ देखिने।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आत्मामै सबका म छु बुझ तिमी भै योग युक्तै तहाँ ।
मै देखिन्न कसैकनै र मकनै देख्दैन कोही यहाँ ॥ २० ॥
जो हूँदै छ जउन् वितीकन गयो, जो हुन्छ ऐन्हे यहाँ ।
सारा जान्दछु मै कुरा र घटना[1] संसारका बीचमा ॥
भूतैलाइ भविष्यतै अनिपछी यो वर्त्तमानै पनी ।
मैले जान्दछु ती सबै मकन ता जान्दैन कोही पनी ॥ २१ ॥
राग-द्वेष बढ़ेर जन्म त हुने यी द्वन्द्वमोहादिको ।
एसैले सुख-दुःखमा परि सबै संसार मोहै भयो ॥
पुण्यैकर्म गरेर पाप जसको ठूला पनी नष्ट छन् ।
छुटेका जन द्वन्द्ववाट विधिले मैलाइ ती भज्दछन् ॥ २२ ॥
जो हो दुःख ठुलो जरामरणको त्यै छुट्न जावस् अनी ।
मुक्ती पाउँ भनी परी शरणमा मेरै त प्रेमी बनी ॥
जस्ले आश्रय लिन्छ त्यै पुरुषमा अध्यात्म-विद्या भई ।
जानी साधनकर्म जान तिमिले मिल्नेछ मैमा गई ॥ २३ ॥
साधी भूत मलाइ व्यापक हुँदा जो जानि लेला यहीं ।
जान्ला जो अधियज्ञ यज्ञहरुमा आफैं म तिन्मा भयी ॥
सर्वज्ञै भनि जो बुझोस् मकन ता मर्ने बखत्मा पनी ।
त्यस्ले मैकन संझनेछ मनले जानी लिनू ठीक् भनी ॥ २४ ॥

❀ इति सप्तम अध्यायः ❀

❀ अष्टम अध्याय ❀
(ब्रह्माक्षर योग)

गर्छन् अर्जुन प्रश्न फेरि खुशिमै श्रीकृष्णका साथमा ।
अध्यात्मै जुन ब्रह्म हुन् ति कुन हुन् आज्ञा हवस् लौ यहाँ ॥
को हुन् ती अधिदेव यो कहनु होस् कस्लाइ कमैं भनी ।
भन्छन् को अधिदेव कस्कन यहाँ आज्ञा हवस् त्यै पनी ? ॥ १ ॥
देहैमा अधियज्ञ बस्दछ कहाँ ? कस्तो छ सोही पनी ? ।
आज्ञा गर्नु हवस् समस्त प्रभुले याहीं छ यस्तो भनी ॥
संसारी जन सज्जनै छ जुन ता त्यस्ले त भन्स्यै महाँ ।
जान्ला ठीक तपाईंलाइ कसरी ? आज्ञा हवस् सो यहाँ ॥ २ ॥
यस्तो प्रश्न सुनेर अर्जुनजिको श्रीकृष्णजीले तहीं ।
लाग्नू भो सब भन्न खोलिकन पो राम्रै तवरले कही ॥

---

१ हुने रमिता ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जो टाढ़ा छ बहूत नाश न हुने, कैल्यै कदाचित् पनी।
सोही हो परब्रह्म ब्रह्म सबले, भन्छन् पुकार्दा भनी ॥ ३ ॥
भोक्ता[1] भैकन यै कलेवरविषे,[2] जो बस्छ हर्दम् रही।
प्राणीको जुन सृष्टि गर्छ ति कनै, बुद्धी गराई दिई ॥
कर्मै हो उहि अंश आदि कहिने, यै जान तिम्ले यहाँ।
जो नाशिन्छ उ हो अधीभुत भनी, जानी लिनू चित्तमा ॥ ४ ॥
प्राणी हो अधिदैव यै पृथिविमा, देही[3] उही भो अनी।
मै हूँ है अधियज्ञ देह बिचमा, बस्ने सबैको पनी ॥
मर्ने ठीक बखत्महाँ मकन ता, सम्झेर जस्ले यहाँ।
देहै त्याग्छ भने उही नर मिल्यो, मेरो शरीरैमहाँ ॥ ५ ॥
सन्देहै पनि छैन केहि यसमा, हे पार्थ! जानी लिए।
जस्ले जौन कुरो र भाव कन ता, सम्झी मरी गैगए ॥
इच्छा जो मनमा थियो उहि कुरो, जन्मेर त्यस्ले यहाँ।
प्राप्तै गर्दछ जानि लेउ तिमिले, होला असत्यै कहाँ? ॥ ६ ॥
एसै कारणले मलाइ मनमा, सम्झेर भक्ती गरी।
तिम्ले गै रणमा लड़ाइँ गरिल्यौ, आफैं अगाड़ी सरी ॥
तिम्रो बुद्धि र चित्त भो जुन बखत्, एकै समानै यहाँ।
एही निश्चय मान प्राप्त म हुँला, तिम्लाइ यै लोकमा ॥ ७ ॥
योगाभ्यास विषे रहेर जसले, आफ्नू मनैलाइ ता।
राम्रो चाल गरेर पो स्थिर गरी, राख्ने छ काबू उ ता ॥
बुद्धी चित्त दियो लगाइ जब ता, त्यै ब्रह्ममा जुन् घरी।
पाऊला परमादि पूरुषकनै, भै लीन राम्रो गरी ॥ ८ ॥
जो सर्वज्ञ अनादि सूक्ष्म छ अती, याहाँ भएका जती।
प्राणीको उहि शासकै छ बुझनू, स्वामी सबैको पती ॥
जो ता तामसबाट दूर छ सदा, जस्को त ज्योती पनी।
सूर्यै हुन् तिमि जानिलेउ मनले, हे पार्थ! ब्रह्मै भनी ॥ ९ ॥
मृत्यूकाल हुँदा त भक्ति-युत भै, त्यै आँखिभौंको पनी।
माझैमा लगि प्राण राखि मकनै, जो भज्छ भक्तै बनी ॥
त्यस्ले पाउँछ त्यै अनादि पुरुषै, जो ता परब्रह्म हो।
त्यै प्राणी अनि मुक्त हुन्छ बुझनू, आफैं उ निर्वाण भो ॥ १० ॥
वेदज्ञैहरूले[4] त अक्षर भनी, जस्लाइ भन्छन् यहाँ।
योगी भैकन ता प्रवेश पनि ता, गर्छन् हमेशा जहाँ ॥

१ भोग गरने। २ शरीरमा। ३ देह धारी। ४ वेद जान्ने हरुले।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लिन्छन् मानिस ब्रह्मचर्य जसका, खातिर् जगत् बीचमा।
त्यै संक्षेप गरेर भन्छु तिमिले, सूनी रहू त्यै यहाँ॥ ११॥
राखी मानसलाइ[२] ता हृदयमा, आफ्ना ति द्वारै जती।
सारा इन्द्रियका त बन्द गर्दै, मैमा लगाई मती॥
आफ्नू प्राण चढ़ाइ मस्तकमहाँ, चिन्तादि त्यागै गरी।
योगारूढ़ भएर[३] ओं कन जपोस्, आनन्द-सिन्धू परी॥ १२॥
त्यै ब्रह्माक्षर ओं त हो उहि जपी, जो देह छोड्ला यहाँ।
सो मुक्ती भइ जान्छ त्यै समयमा, पौंचेर मोक्षैमहाँ॥
एकाग्रै गरि चित्तलाइ जसले, रोजै मलाई यहाँ।
जो संझन्छ पुकार्छ भन्छ यदि ता, मिल्नेछ सोही ममा॥ १३॥
यस्तै रीति गरेर सिद्ध जब भो, पायो मलाई अनी।
त्यस्ले जन्म लिंदैन दुःखमय[४] यै, संसार मध्ये पनी॥
ब्रह्मैलोक मिल्यो भने पनि पछी, जन्मन्छ संसारमा।
जस्ले लिन्छ मलाइ पाइ उसको, हूँदैन जन्मै यहाँ॥ १४॥
हज्जारै युगको हुने दिवस पो, ब्रह्माजिको फेर् उती।
वेलाकै पनि रात्रि हुन्छ बुझनू, कल्पान्त हूने गती॥
गर्छन् सृष्टि ति ब्रह्मले दिन भरी, दृश्यै जगत्को यहाँ।
अदृश्यै भइ बस्दछन् प्रभु रमी, आफू सबै चीजमा॥ १५॥
रात्री हुन्छ जसै चराचर सबै, प्राणीहरू खुद् गई।
अदृश्यै प्रभुमा मिलेर बसछन् कल्पान्त सोही भई॥
हुन्छन् है दिनमा सबै प्रकट ती, यै विश्वका बीचमा।
रात्रीमा सबको विनाश हुनगै, मिल्छन् उही ब्रह्ममा॥ १६॥
सृष्टीको अनि पार्थ! फेर् प्रलयको, ई दूइ चक्रै पनी।
यस्तै रीति गरेर जान तिमिले, चल्दैछ रीती बनी॥
यस्तो रीति गरेर सृष्टि दिनमा ब्रह्माजिको भै यहाँ।
मोहाच्छन्न[५] बनेर प्राणि जति छन् संसारका बीचमा॥ १७॥
नाशिन्छन् सब ब्रह्म-रात्रि हुनगै, यस्तै छ रीती यहाँ।
सारा नष्ट भएर एक छ जउन्, त्यै बाँच्छ अन्त्यैमहाँ॥
मेरो धाम[६] छ नाम हो परमपद्, अव्यक्त त्यै हो भनी।
जान्नू अर्जुन! नष्ट हुन्न कहिल्यै, कौनै बखत्मा पनी॥ १८॥
जस्मा गैकन कोहि प्राणि कहिल्यै, फर्कन्न संसारमा।
यस्तो दिव्य छ धाम जान तिमिले, आफू म बस्छु जहाँ॥
जस्मा छन् सब प्राणि यै पृथिविमा, व्याप्तै भएको छ जो।
एकाग्रै गरि भक्ति प्राप्त त हुने, त्यै दिव्य पूरूष हो॥ १९॥

२ मन। ३ योग गर्दै गरेर। ४ दुःखले भरिएको। ५ मोह-मायाले ढाकीएर। ६ स्थान।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

योगीको जब मृत्यु भो पृथिविमा, गै स्वर्गमा क्यै रही ।
फेरी फर्कनु पर्छ जन्म धरदै, आएर याहीं कहीं ॥
यस्तो मास कउन् छ मृत्यु हुन गै फर्कन्न फेरी यहाँ ? !
त्यै मैह्वा कन भन्छु पार्थ ! मइँले तिम्रा अगाड़ी महाँ ॥ २० ॥
[माघैदेखि असार सम्म गनिने ईनै छ मैन्हा महाँ ।
हुन्छन् श्री रवि उत्तरायण भनी जानी लिनू चित्तमा ॥
साउन्देखि लिएर पौष महिना गन्दा छ मैन्हा भए ।
ती मैन्हाकन दक्षिणायन रवी तिम्ले त जानी लिए] ॥ २१ ॥
अग्नी होस् अनि ज्योति होस् दिन पनी होस् शुक्ल पक्षै अनी ।
होउन् सूर्य्य ति उत्तरायण तिरै त्यस्ता बखत्मा पनी ॥
क्त्रै योगी जन प्राण त्याग्दछ भने गै ब्रह्म-लोकै-महाँ ।
बस्ला कल्प भरी भनेर बुझिल्यौ फर्कन्न फेरी यहाँ ॥ २२ ॥
धूवाँ होस् अनि रात्रि होस् समय ता होस् कृष्ण पक्षै अनी ।
सूर्य्यैको गति दक्षिणायन हवस् मर्ने बखत्मा पनी ॥
त्यस्ता योगिहरू सरासरि गई श्रीचन्द्र लोकै महाँ ।
फर्कन्छन् यहि पृथ्विमा बुझ सखे ! साँचो कुरा हो यहाँ ॥ २३ ॥
शुक्लै पक्ष र कृष्ण पक्ष गति हुन् प्राणीहरूका दुई ।
रस्ता हुन् यिनि पृथ्विकै उपरमा लोकादि जाने सही ॥
पैल्हो मार्ग दिलाउने छ बुझनू निर्वाणलाई वहाँ ।
दोस्रोले फरकाउने छ मरनेलाई जगत् बीचमा ॥ २४ ॥
जान्ने यी दुई मार्गलाइ जुन हो योगी उ कैल्है पनी ।
मोहैमा त कदापि पर्दछ कहाँ ? अज्ञानी जस्तो बनी ॥
एसैले मन खूब् लगाइ तिमिले हे पार्थ ! भन्छु म यो ।
योगैमा तिमि प्रेम राख बहुतै कर्त्तव्य यै ठीक हो ॥ २५ ॥
पढ्दा वेद र यज्ञ कर्म गरदा गर्दा तपस्या अनी ।
दींदा दान भएर धर्म उसको जो हुन् फलादी पनी ॥
छोड़ी ती सब धर्मका फलहरू योगी छ सच्चा जउन् ।
प्राप्तै गर्दछ मुक्तिरूप परमै-धामै छ मेरो तउन् ॥ २६ ॥

❀ इति अष्टम अध्यायः ❀

❀ नवम अध्याय ❀

[राजगुह्य राजविद्या]

देख्दैनौ अरुको त दोष कहिल्यै यस्ता हुनाले गरी ।
गुप्तै जौन थियो बताउँछु यही आजै म खोली वरी ॥
विज्ञानै सितको म ज्ञान जुन हो हे पार्थ ! भन्छु यहाँ ।
हूने छौ सुनि पापमुक्त सहजै जस्का प्रभावै महाँ ॥ १ ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विद्यामा अति श्रेष्ठ हो यहि बुझे गुप्ते रहेको पनी।
कैल्यै नाश पनी हुँदैन जुन ता हर्दम् पवित्रै बनी॥
जान्ने योग्य छ प्राप्त गर्न सकिने आनन्द दीने अती।
ज्ञानै हो यहि पार्थ! जान तिमिले हूँदैन यस्को खती॥ २॥

जो जो मानिसले त यै धरममा प्रेमै र श्रद्धा गरी।
राख्दैनन् मति ता धरित्रि-पथमा बाटो बिराए सरी॥
मै हूँ जस्कन पाउनू त परने सोही न पाई यहाँ।
पाउन्नन् ति मदेखि क्षेम कहिल्यै यै मर्त्यलोकै महाँ॥ ३॥

मैले नै जगको गरें सुरचना, आफू अदृश्यै भई।
बस्छन् प्राणिहरू ममा सब जना, बस्दीन तिन्मा गई॥
छैनन् प्राणिहरू कुनै पनि ममा, यो योगशक्ती पनी।
तिम्ले देखन पार्थ! पालन गरी, टाढ़ै रहन्छु अनी॥ ४॥

जस्तै वायु न जूटि सोहि नभमा, दौड़न्छ एताउती।
उस्तै भाँति गरेर प्राणि जति छन्, हे पार्थ! भन्छु यती॥
मैमाने टिकि बस्दछन् पृथिविमा, पश्चात् जगत्‌को जसै।
कल्पान्ते हुनजान्छ जीवहरु ती मिल्छन् ममा फेर् तसै॥ ५॥

मायालाइ गरेर आफ्नु बशमा, मैले सदा राख्दछू।
कल्पारम्भ भए पछी म अनि पो, फेर् सृष्टिमा लाग्दछू॥
बारम्बार चराचरै जगत यो माया लिई साथमा।
पैदा गर्छु सनातनै नियम हो, जानीलिए चित्तमा॥ ६॥

आसक्ती बिनु कर्म गर्छु र तिनै कर्मादिले क्यै गरी।
सक्तैनन् कहिं बाँध्नलाइ मकनै बस्छु उदासै सरी॥
मेरै पाइ हुकुम् यिनै प्रकृतिले संसार रच्छिन् सबै।
एसैले परिवर्त्तनादि[1] जगमा हुन्छन् हुँदैछन् तबै॥ ७॥

मेरो मानिस-देह देखि जति छन् मूढ़ादि मूर्खै यहाँ।
ठान्छन् तुच्छ मलाइ बुद्धि न-पुगी पारेर हेला महाँ॥
ती मूर्खैहरुले प्रभाव र गती मेरो नजान्दा महाँ।
"कृष्णै हुन् भगवान् सबै जगतका स्वामी" न-ठान्ने यहाँ॥ ८॥

आशा ज्ञान र कर्म मूढ़हरुको सारा ति व्यर्थै भई।
हुन्छन् राक्षसि आसुरी प्रकृतिका[2] चित्तादि बिग्री गई॥
दैवी प्रकृतिका ति योगिहरुले "यी अव्ययै हुन्" भनी।
जानी पूजन गर्दछन् मकन ता मेरा ति भक्तै बनी॥ ९॥

१ हेर फेर। २ दैत्य स्वभावका।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लीलाको महिमा र नामहरुको खूब् कीर्त्तनादि गरी।
बाँधी फेर् नियमादि थीर मनले मेरै पुकारा गरी॥
गर्छन् ध्यान-प्रणाम नै मकन ता धेरै जनाले यहाँ।
ती हुन् सज्जन ज्ञानि भक्ति-रसले पूज्ने मलाई यहाँ॥१०॥

पूजा मैकन ज्ञान यज्ञ गरदै कोही त गर्छन् यहाँ।
कोही आफू र मै विषे रति पनी मेदै न-राखी यहाँ॥
कोही ईश्वर मानि एक रुपका विश्वास राम्रो गरी।
गर्छन् पूजन कोहि धेर रुपका ठानेर पत्यार् गरी॥११॥

मै हूँ वैदिक स्मार्त यज्ञहरुको हूँ पितृ-कर्मैं जती।
मै हूँ औषधि आहुति घृत पनी मन्त्रै र अग्नी यती॥
माता हूँ म पिता पितामह अनी हूँ रक्षकादी यहाँ।
ऋग्वेदै यजु साम ओं पनि म हूँ मालीक संसारमा॥१२॥

साराको गति स्वामि साक्षी र प्रभू भर्त्ता भनेको पनी।
मै हूँ जान निवास फेरि शरणै मै मित्र जान्नू अनी॥
उत्पत्ती प्रलयै निधान स्थिति हूँ, हूँ बीज भन्नू यहाँ।
जान्ने योग्य म छु ति ज्ञानिहरुले संसारका बीचमा॥१३॥

आफैं बादल भै म पृथ्वितलमा गर्दिन्छु वर्षा ठुलो।
मै आफू रवि भै सबै जगतमा घाम् गर्मि दिन्छु भलो॥
मै प्राणीकन दिन्छु जीवन अनी मै मृत्यु दिन्छु यहाँ।
जो छन् सत् र असत् सबै बुझ तिमी मैलाइ संसारमा॥१४॥

वेदैको बुझि अर्थ यज्ञ गरदै निष्पाप आफैं भई।
स्वर्गैमा गइ खाइ सोमरस पो अत्यन्त खूशी भई॥
पुण्यैको फल भोगि स्वर्ग-पुरिमा द्यौता स्वरूपी बनी।
धर्मैको फल भो समाप्त जब ता झर्दै ति आई अनी॥ १५॥

आशाले फलको यही जगतमा ती वैदिकादी जती।
लिन्छन् जन्म र जानु-आउनु कभै छुट्दैन तिन्को यती॥
आफूमा र ममा फरक् रति पनी केही न-देखी यहाँ।
मेरै राखि विचार प्राणि जसले त्यागी सबै कामना॥ १६॥

जो बस्ला उहि भक्त हो म त सदा भै रक्षकैका सरी।
त्यस्को जीवनवृत्तिको जति छ भार् मै लिन्छु त्यस्को बढ़ी॥
श्रद्धाले अरु देवता कन जउन् पूज्छन् ति भक्तै पनी।
पूजा मै कन गर्दछन् विधि बिना मेरै त पूजा तिनी॥ १७॥

भोक्ता हूँ म त यज्ञ आदिहरुको हूँ सच्चिदानन्द मै।
जो जान्दैन मलाइ गिर्छ उहि पो याहीं ठुलो नीच भै॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

द्यौताको छ उपासकै जुन यहाँ त्यै मिल्छ देवादिमा।
पित्री मान्दछ जो उ मिल्दछ गई सोझै तिनै पित्रिमा ॥ १८ ॥
पूजा गर्दछ भूतको यदि भने मिल्ने छ त्यै भूतमा।
मेरो भक्त अवश्य मिल्दछ ममा यै सत्य हो ठीकमा ॥
भक्ती युक्त भएर पुष्प तुलसी पानी मलाई जउन्।
गर्ला अर्पण ता म लिन्छु खुशि भै त्यस्ले दिएको छ जुन् ॥ १९ ॥
जो खान्छौ हवनादि जौन गरछौ गर्छौ तपस्या जती।
दिन्छौ दान जउन् सबै कन तिमी जानी मलाई गती ॥
श्रद्धा युक्त भएर अर्पण सबै गर्यौं मलाई यहाँ।
तिम्रो बन्धन कर्मका सब छुटी जानन् अवश्यै महाँ ॥ २० ॥
कर्मैं बन्धनबाट फुत्कन गई राम्रा न-राम्रा जती।
संन्यासैकन ली अवश्य त ममा मीलेर हौला गती ॥
मेरो ता प्रिय अप्रियै जन पनी क्वै छैन संसारमा।
ठान्छु जीव समस्तलाइ मइँले एकै समाने यहाँ ॥ २१ ॥
मेरो पूजक छन् जती ति त ममा, मिल्छन् अवश्यै गरी।
हुन्छु मै उसमा अवश्य जसले, भज्नेछ नामै धरी ॥
जो कोही जन होस् दुराचरणको[१] त्यै भक्त मेरो बनी।
मैलाई यदि भज्छ ता उ त भयो हे पार्थ ! साधू पनी ॥ २२ ॥
त्यै हो साधु-भनेर जान तिमिले खूब् 'धन्य' बुद्धी हुने।
धर्मात्मा भइ लोकमा सुख अनी शान्ती प्रकाशै लिने ॥
मन्छु यै म किरीटि ! छन् जति सुन्यौ मेरा ति भक्तैहरू।
तिन्को नाश कदापि हून कहिल्यै सक्तैन के बात् गरूँ ॥ २३ ॥
नारी वैश्य र दास शुद्र जुन होस् पापी र नीचै पनी।
मेरो आश्रय ती लिउन् परमपद् पाऊँदछन् ठीक् तिनी ॥
क्षत्री ब्राह्मण धर्मि भक्तहरुको कुन् बात गर्नू यहाँ ? ।
मैलाई भज एहि दुःखमय पो बस्दै जगत् बीचमा ॥ २४ ॥
मेरो भक्ति गरेर अर्जुन ! तिमी लागी रहू मै महाँ।
मेरै पूजन ता गरेर मकनै गर्नू प्रणामै यहाँ ॥
हौला है जब ता तिमी बुझ सखे ! मेरा यही पृथ्विमा।
पाऊला मकनै अवश्य तिमिले मैलाइ जाने यहाँ ॥ २५ ॥

❀ इति नवम अध्यायः ❀

१ खराब बानीको।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

❀ दशम अध्याय ❀

(विभूति योग)

—❀—

भन्नू भो भगवानले अनि पछी हे पार्थ ! मेरा कुरा।
तिम्ले लौ सुन यै ठुलो हित हुने हूनेछ भन्छु पुरा॥
देवादीहरु फेर् महर्षिहरुले उत्पत्ति मेरो पनी।
जान्दैनन् तिनिको त जन्म हुनको हेतू त मै हूँ अनी॥ १॥
आदी छैन अनादि हूँ न त कभै जन्मन्छु आफैं म ता।
जस्ले मान्छ मलाइ ईश्वर भनी हूनेछ ज्ञानी उ ता॥
मै हूँ एक समस्त नै जगतको स्वामी भनेको पनी।
जस्ले जान्दछ पाप मेटिन गयो बस्ने छ धर्मी बनी॥ २॥
बुद्धी फेरि क्षमा र शान्ति सम भो फेरी दमादी अनी।
सन्तुष्टी सुख-दुःख भाव[1] र अनी फेरी अभावै[2] पनी॥
विज्ञानै अनि सत्य फेरि यश भो अप्जस् अहिंसा यहाँ।
दानै भो तब भो भयै अभय यो, फेर् पर्नु मृत्यू महाँ॥ ३॥
भिन्नै-भिन्न यि भाव आदि जति छन् मानीसका लोकमा।
मै देखी यि सबै भए बुझ तिमी मैले बनाएँ यहाँ॥
मेरै ता मन देखि सप्त-ऋषिले चारै मनूले पनी।
लीए जन्म भनेर जान तिमिले साँचै कुरो हो भनी॥ ४॥
सप्तर्षी र मनू भएर जगमा तिन्बाट सृष्टी भई।
प्राणी बढ्न गए असंख्य हुनगै विस्तार सारै रही॥
जस्ले योग विभूति जान्दछ यहाँ फेर् तत्व जान्ने छ जो।
ठान्नू निश्चय योगयुक्त रहने योगी उही ठीक हो॥ ५॥
मैमा आफ्नु लगाइ प्राण मन फेर् चित्तादि मैमा दिपी।
मेरै जो छ कथा परस्पर महाँ भन्दै र सुन्दै रही॥
जस्ले भज्छ मलाइ ता निशिदिनै खुब् प्रेमकै ध्यान ली।
मेरा पास ति आउँछन् म यसतै ज्ञानै पनी दिन्छु ई॥ ६॥
तिन्माथि करुणा गरेर मइँले जो घोर अज्ञान हो।
नाशी त्यस्कन चित्तमा म तिनका फेर् ज्ञानकै ज्योतिको॥
फैलाईकन कान्ति निर्मल खुबै संसारमा हे सखे!।
ज्ञानी-भक्त बनाइ दिन्छु सहजै यो बात जानी लिए॥ ७॥
आज्ञा यो हरिको सुनेर खुशि भै वी अर्जुनैले अनी।
लागे भन्न प्रभो ! तपाइँ परमै-धामै हुनू भो पनी॥

---

१ हुनु। २ न हुनु।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आफू ता परब्रह्म फेरि अचलै हूँदै पवित्रै अती ।
आदी-देव र दिव्य-पूरुष भयी सारा जगत्‌का पती ॥ ८ ॥
जुन् आज्ञा गरिबक्सियो हजुरले मेरा अगाडीमहाँ ॥
त्यस्तै नारद व्यास देवहरुले भन्थे अघीनै यहाँ ।
जो आज्ञा प्रभुको भयो मकन ता ठान्छु म साँचै भनी ।
उत्पत्ती प्रभुको सुरासुर कुनै जान्दैन केही पनी ॥ ९ ॥
भूतादीहरुका स्वयम् हुनु भयो भूतेश ! कर्त्ता पनी ।
आफूलाइ स्वयम् प्रभो ! हजुरले जान्नुन्छ यस्तो भनी ॥
आफ्नू योग-बिभूति लौ कहनु होस् केही दया ली प्रभो ! ।
जस्द्वारा हुनु हुन्छ व्याप्त प्रभुनै एही जगत्‌मा विभो ! ॥ १० ॥
गर्दै चिन्तन ता सदैव प्रभुको मैले कसोरी यहाँ ।
सक्नेछु कुन भावबाट भगवन् ! चिन्है हजूर्‌लाइ ता ॥
आफ्नू योग-विभूति आज प्रभुले विस्तार साथै गरी ।
आज्ञा होस् अब सुन्दछु उहि कुरा अत्यन्त प्रेमै धरी ॥ ११ ॥
सुभाले प्रभुका ति अमृत सरी बोली र भाषा यहाँ ।
तृप्ती हुन्न मलाइ झन् मन हुने झन् सोहि नै सुन्नमा ॥
भन्नू भो हरिले सुनेर यि कुरा ती पार्थलाई अनी ।
मेरो दिव्य विभूति ता अगम छन् भन्नै छ मुश्किल् पनी ॥ १२ ॥
यस्तो हो त पनी कहन्छु सुनिल्यौ हे पार्थ ! तिम्ले यहाँ ।
मुख्यै जुन् छ विभूति त्यै म अहिले भन्दिन्छु साम्नेमहाँ ॥
सारा प्राणिविषे वसेर रहने अत्यन्त राम्रो भई ।
मै हूँ जीव अनन्त जान तिमिले, यै बात दिल्‌मा लिई ॥ १३ ॥
यो संसार रचीदिने पनि म हूँ यस्कै त आदी अनी ।
फेरी मध्य र अन्त जान मकनै सृष्टीहरूको भनी ॥
आदित्यैहरुमा म विष्णु उहि हूँ तेजादिमा सूर्य हूँ ।
वायूमा म मरीचि हूँ बुझ तिमी नक्षत्रमा चन्द्र हूँ ॥ १४ ॥
वेदादीहरुमा म साम बुझिल्यौ हूँ इन्द्र देवादिमा ।
मै आफू मन हूँ ति इन्द्रियविषे चैतन्य[1] हूँ प्राणिमा ॥
रुद्रादीहरुमा त शंकर जउन् रुद्रै ति हुन् सो म हूँ ।
यक्षादीहरुमा कुबेर जुन हुन् त्यै आफुलाई कहूँ ॥ १५ ॥
ती आठै बसुमा म अग्नि बसु हूँ शैलादिका[2] मध्यमा ।
मै हूँ जान सुमेरु पर्वत जउन् जाहेर् छ संसारमा ॥

१ आत्मा । २ पर्वतका ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मै हूँ पार्थ ! पुरोहितादिहरुमा जस्को त नामै पनी ।
भन्छन् सज्जनले बृहस्पति गुरू द्यौताहरूका भनी ॥ १६ ॥
स्वामी कार्तिक गौरि-पुत्र म त हूँ सेनापतीमा अनी ।
आफैं जान तिमी मलाइ सरमा मै सागरै हूँ भनी ॥
वाणीमा म त ओं भनेर बुझ लौ सारा महर्षीमहाँ ।
मैलाई तिमि जान हूँ म त भृगू ब्रह्माण्डका बीचमा ॥ १७ ॥
ठूला पर्वतमा हिमालय म हूँ यज्ञैहरूमा पनी ।
आफैं हूँ जप-यज्ञ जान तिमिले भन्थे हरीले भनी ॥
वृक्षैमा तिमि जान पीपल म हूँ यो मर्त्य लोकै महाँ ।
आफैं नारद हूँ तिनै भुवनका सारा ऋषीमा यहाँ ॥ १८ ॥
गन्धर्वैहरुमा म चित्ररथ हूँ बस्दैछु मुख्यै भई ।
सिद्धैमा तिमि जानिल्यौ कपिलजी बस्ने समाधी[1] लिई ॥
हूँ ऐरावत हात्तिमा तुरगमा उच्चैश्रवा नामको ।
राजा हूँ म मनुष्यजातिहरुमा मान्यै मनुष्यादिको ॥ १९ ॥
गाईमा पनि कामधेनु म त हूँ शस्त्रादिमा वज्र हूँ ।
प्राणी जन्म गराउनेहरु महाँ कन्दर्प भन्ने म हूँ ॥
सर्पादीहरु बीच वासुकि म हूँ मै शेष हूँ नागमा ।
मै आफैं जल-देवता वरुण हूँ बस्ने सदा नीरमा ॥ २० ॥
पित्रीमा पनि अर्यमा बुझ म हूँ दण्डै दिनेमा पनि ।
मै आफू यमराज हूँ बुझ सखे ! श्रीसूर्य-पुत्रै भनी ॥
हूँ प्रह्लाद म दैत्यमा समयमा हूँ काल आफैं यहाँ ।
आफैं हूँ पशुमा म सिंह बनको बस्नू छ जंगल् महाँ ॥ २१ ॥
वेगैमा पवनै म हूँ विहगमा[2] मै हूँ गरूडै अनी ।
शस्त्रैधारिविषे त राम भगवान् बस्छु म आफैं बनी ॥
माछामा मगरै म हूँ नदिविषे गंगा भनेको म हूँ ।
आदी मध्य र अन्त यै पृथिविको हे पार्थ ! आफैं म हूँ ॥ २२ ॥
विद्याहेरु समस्तमा बुझ तिमी अध्यात्म-विद्या[3] म हूँ ।
पृथ्वीका सब प्राणिमा बुझ सखे ! बोल्ने भनेको म हूँ ॥
मै हूँ अक्षरमा अकार भनिने फेरी समासै महाँ ।
मै हूँ द्वन्द्व समास जान तिमिले संसारका बीचमा ॥ २३ ॥
संसारैकन पालना गरिलिने हूँ आफु ब्रह्मा पनी ।
आफैं काल म हूँ हुँदैन जसको नाशादि कैल्यै पनी ॥

१ एकाग्रताले ध्यानमा लाग्नु । २ चराचुरुंगीहरुमा । ३ ब्रह्मज्ञान ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जन्मै लिन्छ जउन् म ता ति सबको बीजै सदा छर्दछु ।
हर्त्ता मा बुझ मृत्यु पार्थ ! मकनै मैले सबै हर्दछु ॥ २४ ॥

नारीको सुषमा र कीर्ति अनि फेर् चातुर्य भो सम्झना ।
धैर्यै भो सहनै भयो मधुरता इत्यादि हूँ लोकमा ॥
सामै वेद विषे मलाइ बुझिल्यौ आफैं बृहत्साम हूँ ।
गायत्री म हूँ छन्दमा र महिनामा मार्गशीर्षै[१] म हूँ ॥ २५ ॥

फेरी षड्ऋतुमा वसन्त ऋतु हूँ तेजस्विमा तेज मै ।
जूवा हूँ छलमा म हूँ विजय ता जित्नेहरूमा सबै ॥
धर्मीमा पनि भाव सात्विक म हूँ उद्योग कार्यार्थिमा ।
मै हूँ यादव-वंशमा बुझ तिमी श्रीवासुदेवै यहाँ ॥ २६ ॥

मै हूँ अर्जुन पाण्डवादिहरुमा जुन् हौ तिमी सो म हूँ ।
मै हूँ व्यास मुनी मुनीहरुमहाँ शुक्रै कवीमा कहूँ ॥
दण्डै हूँ म त शासकादिहरुमा नीती जयीमा[२] अनी ।
मौनीकै[५] त समाजमा बुझ तिमी मौनै सदा हुन् भनी ॥ २७ ॥

मै हूँ ज्ञान सबै ति ज्ञानिहरुको प्राणीहरूको अनी ।
बीजै हूँ म बिना चराचर जगत् हूँदैन कायम् पनी ॥
पारावार कि अन्य फेरि उसको क्यै छैन भन्छु म ता ।
मेरा दिव्य विभूति सर्वहरुको पाऊँछ कस्ले पता ? ॥ २८ ॥

मैले केवल छोट्करी सित कहें दिग्दर्शनै[३] हो भनी ।
जो देख्छौ तिमि शक्ति-रूपसितका जड्-चेतनादी[४] पनी ॥
तिन्मा निश्चय जान अंश र अनी तेजै छ मेरो तहाँ ।
आफैं छौ गुण-धाम सोचि मनले पक्का गरीन्यौ यहाँ ॥ २९ ॥

आज्ञा एति गरी जनार्दनजिले कौन्तेयलाई तहीं ।
फेरी भन्नु भयो अगाड़ि तिनकै हेरेर खूशी भई ॥
के गर्छौ तिमि पार्थ ! यो सब सुनी बिस्तार साथै यहाँ ।
यौटा अंश लगाइ जान तिमिले मैले गरें सिर्जना ॥ ३० ॥

❀ इति दशम अध्यायः ❀

❀ एकादश अध्याय ❀

विश्वरूप-दर्शन

बिन्ती अर्जुनले हरीसित गरें हे नाथ ! ऐहे यहाँ ।
जुन् गुप्तै उपदेश बक्सनु भयो अध्यात्म-ज्ञानै महाँ ॥
हे सर्वेश ! दयासमुद्र ! भगवन् ! स्थायी र राम्रो अती ।
थाहा भो सब प्राणिको सुरचना साथै विनाशै जती ॥ १ ॥

१ मङ्सीर । २ जित्नेमा ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ठीकै हो जति आत्मका विषयमा भन्नू भएको सबै।
इच्छा तैपनि भो म 'देखुँ' भगवन्! श्री ईश्वरी-रूप[1] त्यै॥
हे योगेश्वर! ठान्नु हुन्छ यदि ता मैले उही रूपको।
सक्छू दर्शन गर्न ता हजुरले देखाउनोस् रूप सो॥ २॥
एती वाक्य सुनी धनञ्जयजिको श्रीकृष्णले त्यै घरी।
भन्नू भो अब देख पार्थ! तिमिले सोही अगाड़ी सरी॥
मेरा रूप सऊ सहस्र जतिका नाना किसिम् रङ्गका।
देखेको न-कभै कदापि जनले कैल्यै उही ढङ्गका॥ ३॥
देखील्यौ अब रुद्र फेरि बसु ती आदित्य वायू अनी।
त्याहीं छन् सब अश्विनी सुतहरू स्वर्वैद्य[2] हुन् ती पनी॥
देखेनौ पहिले जउन् उ अहिले आश्चर्य ठूलो यहाँ।
हेरील्यौ तिमि एक ठाउँ सब छन् जड्-चेतनादी जहाँ॥ ४॥
मेरो एहि शरीर भित्र तिमिले जो हेर्न खोज्छौ यहीं।
हेरील्यौ सब देख्दछौ पर न-गै एकै थलामा रही॥
देख्दैनौ तिमि ता यिनै नयनले यो दिव्य-रूपै भनी—
दींदेछू म त दिव्य-चक्षु[3] तिमिले हेर्नू अचम्मै बनी॥ ५॥
श्री योगेश्वर कृष्णले यति कुरा बोलेर सोही घरी।
आफ्नू रूप विशाल श्रेष्ठ जुन हो तिन्का अगाड़ी धरी॥
देखाई दिनु भो र अर्जुनजिले त्यै दिव्य-दृष्टी भई।
देखे कृष्णजिको विराट स्वरुपै आश्चर्य मान्दै रही॥ ६॥
देखे अर्जुनले अनेक मुख फेर् आँखा अनेकै तहाँ।
हातै छन् बहुतै छ शस्त्र सबमा कैयौं किसिम्का वहाँ॥
दिव्यै चन्दन फेर् सुगन्धहरुको लेपैछ देहै भरी।
वस्त्रै दिव्य[4] र भूषणादि जति छन् पैहेर शोभा गरी॥ ७॥
खुश्बू दिव्य थियो ति अस्त्र जति छन् दिव्यै थिए हातमा।
माला दिव्य थिए लगाउनु भई घेर् वक्षका[5] बीचमा॥
थीए देव अनन्त अद्भुत मुहार् सर्वत्र फैली रही।
त्यस्तो अद्भुत-रूपदर्शन थियो सर्वत्र व्याप्तै भई॥ ८॥
पूरा एक हजार सूर्य्यहरुले मीलेर जम्मा भयी।
फैलाउन् तहिं तेज शुभ्र यदि ता तिन्ले कदाचित् रही॥
सक्ने छन् अनि पो समान हुन ता त्यो तेज उस्तै गरी।
कस्तो उज्वल दिव्य मूर्ति प्रभुको चौतर्फ कान्ती छरी॥ ९॥

---

१ विराटरूप। २ स्वर्गका वैद्य। ३ दिव्य दृष्टि। ४ स्वर्गको। ५ छाती।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्रीयोगेश्वर कृष्णकै त जिउमा देखी सबै थोक् तहीं।
एकै ठाममहाँ अनेक पृथिवी नाना तवर्का उहीं॥
साह्रै अर्जुनजी उदेक हुन गै छक्कै परी त्यस् घरी।
रोमाञ्चै भइगो र बाहु दुइटै जोरेर न्यूही वरी॥ १०॥
गर्छन् विन्ति प्रभो! यही तन[1] विषे देख्छु हजुर्कै यहाँ।
दिव्यै सर्प ऋषी र देव गण छन् प्राणी जगत् बीचका॥
फेरी ती कमलासनै गरि लिने ब्रह्माजिलाई पनी।
देख्छु छन् सब ती बसेर रहने चारै मुहार्का बनी॥ ११॥
पाखुरा मुख पेट नेत्रहरु छन् गन्नै न सक्नू अनी।
रूपै हो पनि विश्व-रूप प्रभुको देख्दा अनन्तै छ नी॥
हे विश्वेश्वर! आदि अन्त अनि फेर् मध्यै हजुर्को यहाँ।
मैले देख्दिन हे प्रभो! चकित छु ऐले म ता चित्तमा॥ १२॥
लीनू हुन्छ गदा र चक्र करमा राम्रो किरीटै पनी।
राखेको शिरमा सु-कान्ति जसको देख्छु बहूतै छ नी॥
कस्तो कान्ति भने विचार गर्दै हेर्दा कदाचित् गरी।
छैनन् सूर्य-प्रभा र अग्निहरुको त्यै तेजका नै सरी॥ १३॥
नामै अक्षर हो प्रभो! हजुरको आफू परब्रह्म नै।
जान्ने लायकका हुनुन्छ हजुरै प्राणीविषे आदि भै॥
साक्षात् ओं अविनाशि नाश न-हुने कैल्है कदाचित् यहाँ।
धर्मैको हजुरै गरेर रहने रक्षा सबै कालमा॥ १४॥
आदी मध्य र अन्तले रहितका सर्वेश[2] लाई यहाँ।
देख्छु छन् शशि सूर्य ता नयन पो कस्तो प्रतापै अहा!!॥
बल्दो अग्नि समान देख्दछु मुहार् राम्रो हजुर्को कती!।
आफैं ताप दिनुन्छ लोककन ता संताप दींदै अती॥ १५॥
पृथ्वीको नभको त माझ बिचको सारा दिशादी पनी।
ढाकेको छ हजूरकै स्वरुपले हेर्दैछु मुग्धै बनी॥
स्वामिन्! अद्भुत उग्र-रूप प्रभुको देखेर प्राणीहरू।
सारा व्याकुल छन् त्रि-लोक भरिका त्यस्को कुरा के गरूँ॥ १६॥
पस्दैछन् यि हजूरमा सुरहरू गन्नै न सक्नू जती।
गर्छन् कोहि त प्रार्थना यस बखत् आफैं डराई अती॥
सिद्धादी मुनि स्वस्तिवाक्य पढ्दै जोरेर हातै पनी।
गर्छन् देख्तु प्रणाम हे भवपते! दासानुदासै बनी॥ १७॥
आदित्यै वसु रुद्र पितृ र अनी साध्यादि सिद्धै अनी।
गन्धर्वादि र अश्विनी-सुतहरू फेर् विश्वदेवै पनी॥

[1] शरीर। [2] सबका मालिक।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यक्षादीहरु राक्षसादिहरु फेर् जम्मा भई यस् घरी।
हेर्छन् पक्क परी हजुर्कन सबै अत्यन्त छक्कै परी ॥ १८ ॥
लामा भैकन पाखुरा हजुरका पाऊ र हातै अनी।
जंघा फेरि मुहार पेट र पिठ्यूँ दाहा उदेक्का पनी ॥
देख्नाले यहि सर्व-लोक डरले छन् विह्वलै यस् घरी।
मैलाई पनि खूब् ठुलो भय भयो बिन्ती गरूँ के हरी ॥ १९ ॥
देख्छु देह छ उज्वलै अति अहो! आकाश छोई लिने।
ठूला छन् सब नेत्र आफु प्रभुले बाई मुखै पी दिने ॥
देख्दामा प्रभुलाइ आज मकनै डलाग्न गो खूब् यहाँ।
मेरो धैर्य छुटी गयो अब हरी! पाइन्छ शान्ती कहाँ? ॥ २० ॥
कालाग्नी सम त्यो मुहार् हजुरको दाहा ति तीखा अती।
सारालाइ जलाउने प्रलयको आगो उज्यालो कती? ॥
देख्दा ज्ञान सबै विलाइकन गो भैगो दिशाको भ्रमै।
चित्तै अस्थिर भो कृपा गरि प्रभो! दीनोस् छिटै शान्तिनै ॥ २१ ॥
सारा कौरव फेर् सहायक अरू भूपादि जम्मै अनी।
द्रोणै भीष्म र कर्णले सहितका योद्धादि सारा पनी ॥
हाम्रा तर्फ र कौरवादि तिरका योद्धा र सेना जती।
पस्दैछन् प्रभुका कराल[1] मुखमा देख्दैछु मैले यती ॥ २२ ॥
कस्तो सो मुख हो भने भय दिने मृत्यू-गुफाकै सरी।
त्यस्मा गैकन प्राणिले त पसदा दाहा मनी ती परी ॥
दाँतैले प्रभुका ति प्राणिहरुका चूर्णै शिरै भै गए।
हूँदैछन् कति चूर्ण मस्तकहरू साहै उदेक् पो छ ए ॥ २३ ॥
जस्तै सागरमा बढ़ेकि नदिले दौडेर पस्छन् गई।
उस्तै प्रज्वलितै मुखादिहरुमा यी वीर पस्छन् तहीं ॥
जस्तै मर्न भनी पतंग[2] सहजै गै बत्तिमा पर्दछन्।
त्यस्तै यी सब वीर दौड़ि मुखमा तिम्रै गयी पस्दछन् ॥ २४ ॥
च्यापी दाँत मनी कठोर मुखमा प्राणी जती हे हरी!।
जिब्रो चाट्नु हुँदैछ देख्छु मइले साहै अचम्मै परी ॥
कालाग्नी सरि तेजले हजुरको फेर् क्रूरताले यहीं।
देख्छु थर्थरि काम्दछन् दश-दिशा सर्वज्ञ! जाहाँ तहीं ॥ २५ ॥
गर्छु नाथ! प्रणाम लौ खुशि हुनोस् भन्छु म पाऊ परी।
आफू को हुनुहुन्छ उग्र-रुपका आज्ञा हवस् यै घरी? ॥
लीला जानुँ म के प्रभो! हजुरको कुन् कार्यलाई यहाँ।
आदीदेव! बताउनोस् स्वरुप यो धर्नू भयो छिन्महाँ? ॥ २६ ॥

---

१ डरलाग्दो। २ कीरा फटेङ्ग्रा।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बिन्ती अर्जुनको सुनेर भगवान् फेर् भन्न लाग्नू भयो।
हूँ हर्ता[1] सबको म काल बुझिल्यौ मार्छु समस्तै छ जो॥
मारेनौ तिमिले भने पनि सुन्यौ हे पार्थ! यी छन् जती।
दूईनै तिरका समस्त मरछन् लाग्दैन बेर् क्यै रती॥ २७॥
तस्मात् लौ उठ कीर्ति-लाभ गर लौ जीतेर शत्रू सबै।
पृथ्वीको सब राज्य-भोग तिमिले आनन्द मानी खुबै॥
सारा सैनिक यी म बाट पहिल्यै मारी सकीए यहाँ।
होऊ आर्य! निमित्त मात्र तिमि पो यै युद्ध-भूमीमहाँ॥ २८॥
द्रोणाचार्य जयद्रथै अनिपछी भीष्मै र कर्णै पनी।
योद्धाहेरु अरू सबै मरिसके मुर्दा समानै बनी॥
मैले मारि सकें यिनैकन अघी ऐले तिमीले गई।
मारी यिन्कन जीत युद्ध सहजै संताप केही न ली॥ २९॥
यस्तो केशवको कुरा सुनि खुबै काम्नेर ता थर्थरी।
चित्तैमा भय मानि अर्जुन अनी गद्‌गद् हुँदै त्यै घरी॥
जोरी हात दुवै प्रणाम गरदै श्रीकृष्णलाई तहाँ।
भन्छन् अर्जुनले विनम्र वचनै तिन्का अगाड़ी महाँ॥ ३०॥
कीर्ती जो छ हजूरको विमल खूब् त्यै माइ खूशी भई।
प्रीतीले सब प्राणि छन् मुदित[2] ती एही जगत्‌मा रही॥
सिद्धादी जन ता प्रणाम गरदै बस्छन् ति ढोगै गरी।
भाग्दैछन् सब दैत्यका गणहरू डर्‌मा बहूतै परी॥ ३१॥
ब्रह्मालाइ बनाउने पनि हजुर् कर्ता विधाता भई।
को गर्दैन प्रणाम ता हजुरमा गर्छन् सबै प्रेम ली॥
आफैं अक्षर भै अनन्त हुनु भो देवादिमा श्रेष्ठ भै।
आधारै हुनु हुन्छ विश्व सबको गर्ने सदा पालनै॥ ३२॥
आदी-देव स्वयं पुराण पुरुषै[3] ज्ञाता र ज्ञेयै पनी।
आफैं नै हुनुहुन्छ व्याप्त गरने ठूला र साना बनी॥
वायू अग्नि यमादि चन्द्र वरुणै फेर् ब्रह्मदेवै पनी।
आफैं नै हुनुहुन्छ मालिक स्वयं दाता उदारै पनी॥ ३३॥
बारम्बार म गर्छु दण्डवत लौ सारा जगत्‌का धनी!।
स्वामिन्! एक हजार पालि लिनुहोस् मेरो प्रणामै पनी॥
हे सर्वेश्वर! सामुबाट र अनी फेरी पछीबाट नै।
चौतर्फै तिरबाट गर्दछु नती[4] मैले हजुर्‌लाइ नै॥ ३४॥
सारा देशमहाँ सबै समयमा सम्पूर्णमा व्याप्त भै।
बस्नू हुन्छ अनन्त देख्छु प्रभुको मैले प्रतापै सबै॥

१ सबैलाई मार्ने २ प्रसन्न ३ प्रचीन पुरुष। ४ नमस्कार।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आफैं हौ प्रभु सर्वरूप जगका लीलामयै छौ अती ।
गर्छू नाथ ! ति तापहारि पदमा मैले प्रणामै नती ॥ ३५ ॥
मैले जान्दिनथें प्रभो ! सु-महिमा केही हजुर्को अनी ।
भन्थें यादव, कृष्ण, साथि ! म सदा बोलाउँदा मा पनी ॥
प्रीतीले कि अजान भै भ्रमविषे पर्दा भनेका जती ।
सुत्दा भोजनका बखत् र हँसिमा खेल्दा भने हूँ कती ? ॥ ३६ ॥
आँखाका अघिनै पछाड़ि कहिल्यै मैबाट जो भो यहाँ ।
माफै गर्नुहवस् अनादर हरी ! बिन्ती छ पाऊमहाँ ॥
यो संसार चराचरै सकलका बाबू हजुर्नै भयौ ।
पूज्यै छौ गुरुका ठुला गुरु प्रभू त्यस् अर्थ मान्यै भयौ ॥ ३७ ॥
को होलानि ठुलो तिने भुवनमा श्रीनाथभन्दा कहीं ? ।
बाबूले सुत नारिलाइ पतिले गर्छन् क्षमा खुश् भयी ॥
मित्रैले पनि मित्रलाइ जसरी माफै ति गर्छन् यहाँ ।
गर्नोस् नाथ ! क्षमा उसै तरहले बिन्ती छ पाऊमहाँ ॥ ३८ ॥
देख्दा रूप हजूरको यहि म ता खुशी बहूतै भएँ ।
फेरी उग्र स्वरूप देखि प्रभुजी ! साथै डराई गएँ ॥
हे नारायण ! जो थियो प्रथमको त्यै सौम्य रूपै यहाँ ।
देखाई दिनुहोस् प्रसन्न मनले पर्छू म पाऊमहाँ ॥ ३९ ॥
पैही मस्तकमा किरीट करमा चक्रै गदादी लिई ।
राम्रो चौभुज मूर्ति धारण गरी लीनोस् प्रसन्नै भयी ॥
हे हज्जार करै हुने ! जगतमा हे विश्वमूर्ती ! हरी ! ।
देखाई दिनुहोस् स्वरूप जुन हो श्रीविष्णुको यस्घरी ॥ ४० ॥
बिन्ती अर्जुनको सुनेर हरिले भन्नू भयो त्यै घरी ।
खुशी भैकन पार्थ ! आज मइँले तिम्लाइ माया गरी ॥
योगैका बलले विराट रूप यो देख्दा अपारै यहाँ ।
जो तेजोमय फेर् अनन्त त थियो देखाइदीएँ यहाँ ॥ ४१ ॥
देखेनन् जन कोहिले जगतमा जुन् रूप कैल्यै पनी ।
खुशी भै तिमिदेखि दर्शन दिएँ त्यै रूप भक्तै भनी ॥
खूबै यज्ञ गरोस् कि वेदहरुको अभ्यस्त होस् ता पनी ।
देओस् दानहरू कि ता तप गरोस् खूब् भक्तियुक्तै बनी ॥ ४२ ॥
संसारी जति छन् सबै मनुजले[1] यै मृत्युका लोकमा ।
गर्नै दर्शनलाइ त्यै स्वरुपको पाउन्न देख्नै यहाँ ॥

---

१ मनुष्यले ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चिन्ता केहि नल्यौ न व्याकुलहऊ डर् क्यै न ल्यौ चित्तमा ।
आनन्दै सँग हेर निर्भय हुँदै मेरो स्वरूपै यहाँ ॥ ४३ ॥

आज्ञा यै गरि वासुदेव हरिले फेरी उसै बीचमा ।
आफ्नू सुन्दर रूप दर्शन दिए, ती पार्थलाई तहाँ ॥
राम्रो देह जउन् थियो प्रभुजिको पैल्हे अगाडीमहाँ ।
सोही रूप धरेर अर्जुनजिको डर् शान्त पारे तहाँ ॥ ४४ ॥

बिन्ती अर्जुनले गरे हजुरको यै मानिसैका सरी ।
राम्रो रूप नजर्गरेर मन ता आयो ठेगान्मा हरी ! ॥
देख्दा उग्र-स्वरूप सोहि अधिको यो चित्त हड्बड् थियो ।
ऐल्हे सौम्य शरीरका प्रभुकनै देखी मनै शान्त भो ॥ ४५ ॥

भन्नूभो हरिले वि पार्थकन फेर् त्यै देख्न पाऊनु ता ।
साहै दुर्लभ पो छ पार्थ ! तिमिले देखीलियौ है उ ता ॥
हुन्छन् इच्छुक देवताहरु सबै त्यै हेर्न पाऊँ भनी ।
मेरो सोहि बिराट-रूप सहजै देख्दैन कोही पनी ॥ ४६ ॥

चारै-वेद पढेर पाठ गरदा यज्ञादि गर्दा अनी ।
दींदा दान गरेर विप्रहरुमा गर्दा तपस्या पनी ॥
जस्तो दर्शन प्राप्त भो तिमिकनै त्यस्तो कदाचित् पनी ।
कौनैलाई हुँदैन दर्शन कभै यै जान सत्यै भनी ॥ ४७ ॥

मेरो मात्र अनन्य भक्ति गरदा श्रीविश्वरूपै उही ।
सक्छा दर्शन गर्नलाइ बुझिल्यौ मैले सुनाएँ कही ॥
सक्ला जान्न मलाइ भक्त उसले यस्ता यिनै हुन् भनी ।
मै माथि धरि चित्त प्रीति गरला मेरै हमेशा बनी ॥ ४८ ॥

मेरा लागि सुकर्म गर्छ जसले दानादि गर्दै रही ।
मैमा प्रीति धरेर प्राणिहरुको बस्ने असंगी भयी ॥
प्राणी सीत विरोध कत्ति मनमा राख्दैन जस्ले यहाँ ।
त्यै हूँनेछ अवश्य जान तिमिले तल्लीन पो मैमहाँ ॥ ४९ ॥

❀ इति एकादश अध्यायः ❀

❀ द्वादश अध्याय ❀

भक्ति-योग

सोधे अर्जुनले हरीसित प्रभो ! जो नित्य भक्ती गरी ।
भज्ला त्यै सगुणै स्वरूप प्रभुको प्रीती हजुर्मा धरी ॥
जो फेर् निर्गुण ब्रह्म भज्दछ भने, यी दूइमा कुन् यहाँ ।
श्रेष्ठै हुन्छ बताइ बक्सनु हवस् सोद्धै छु सेवा महाँ ॥ १ ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यस्तो प्रश्न सुनेर अर्जुनजिको श्रीकृष्णजीले अनी।
भन्नू भो सुन पार्थ! भन्छु जसले श्रद्धालु राम्रै बनी॥
प्रीती पूर्वक नित्य भज्दछ भने त्यस्ले मलाई यहाँ।
मेरो भक्त त्यही छ उत्तम सखे! संसारका माझमा॥ २॥
सर्वव्यापि[1] भएर अव्यय छ जो नित्यै अचिन्त्यै अनी।
जस्को छैन कदापि केही अनुहार् आकार मूर्ती पनी॥
जो आफू छ स्वयं प्रकाशक सदा अदृश्य[2] संसारमा।
सोही निर्गुण[3] ब्रह्म हुन् प्रभु भनी जानीलिए चित्तमा॥ ३॥
आफ्ना इन्द्रियलाइ राखि वशमा जड्‌चेतनादी महाँ।
जो होला समदर्शि प्राणिहरुको जो लाग्छ श्रेये महाँ॥
यस्तो भैकन निर्गुणैकन पनी जो भज्छ प्रेमै गरी।
पाऊला मकनै अवश्य उसले भन्छू म पक्का गरी॥ ४॥
जस्ले निर्गुण ब्रह्ममा मन दिई भज्नेछ नित्यै यहाँ।
त्यस्तो मानिसलाइ क्लेश बहुतै पर्नेछ है भज्नमा॥
रूपै निर्गुण ब्रह्मकै त नहुँदा तिन्लाइ भज्नू पनी।
गाह्रै पर्छ सहेर कष्ट तिनले फेर् प्राप्त गर्नन् अनी॥ ५॥
मैमा चित्त दिएर तत्पर भई कर्मादि आफ्नू जती।
गर्छन् जौन समर्पणै मकन ता, ती बुद्धिमान् हुन् यती॥
यो संसार-समुद्र देखि सहजै मर्नेहरूलाइ ता।
मै चाँडै गरि पार पार्दछु तिनै पुग्छन् छिटै मोक्षमा॥ ६॥
आफ्नू बुद्धि ममा लगाउ हरदम् यो चित्तलाई पनी।
मैमा राख जमाइ भक्ति गरदै खूब् भक्त मेरो बनी॥
निःसन्देह मलाइ पाउँछ उही प्राणी सजीलै गरी।
यो तिम्ले बुझि राख पार्थ! मनमा विश्वास यस्मा धरी॥ ७॥
मै माथी मन लाउनै त न-सके राम्रो प्रयत्नै गरी।
पाऊने त मलाइ यत्न गर लौ अभ्यास योगै गरी॥
योगाभ्यास पनी भएन यदि ता मेरै भरोसा गरी।
नामै कीर्तन ध्यान कर्म गरलौ मैमाथि चित्तै धरी॥ ८॥
मेरा खातिर कर्म मात्र तिमिले याहीं गरेका धरी।
त्यस्कोनै फल प्राप्ति हुन्छ तिमिमा चाँडैन सिद्धीसरी॥
सोही कार्य पनी भएन यदि ता मेरो लिई आश्रयै।
कर्मैको फल त्यागिदियौ मनकनै रोकेर राखी सधैं॥ ९॥
ज्ञानै श्रेष्ठ छ जानिलेउ तिमिले अभ्यास भन्दा पनी।
ध्यानै उत्तम हो विचार मनले त्यै ज्ञान भन्दा पनी॥

१ सबमा रहने। २ न-देखिने। ३ निराकार।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कर्मैको फल त्याग्नु झन् अति ठुलो ध्यानादिभन्दा यहाँ।
शान्ति प्राप्त हुनेछ कर्म-फल ती त्यागीदिँदा लोकमा ॥ १० ॥

प्राणीको पनि द्वेष क्यै न गरने राख्ने दया सर्वमा।
संसारी सब प्राणिको पनि हवस् मित्रै सरी लोकमा ॥
दुःखैमा सुखमा समान रहने गर्ने क्षमा प्राणि सो।
शेखी क्यै न-लिने र निर्भय हुने बस्ने पवित्रै छ जो ॥ ११ ॥

सन्तुष्टै रहने सदा निशिदिनै जो मिल्छ सोही लिई।
बुद्धी चित्त मलाइ अर्पण गरी बस्ने अ-संगी भई ॥
मेरै प्रेमि बनेर भक्ति मनमा राखेर मेरो सदा।
जो बस्ला उही भक्त मान्छु मइँले प्यारो सदा-सर्वदा ॥ १२ ॥

जस्देखी जनलाइ क्लेश न-हुने जो प्राणि देखिन् पनी।
पाऊँदैन कदापि क्लेश कहिल्यै अत्यन्त द्वेषी बनी ॥
त्यो प्राणी भय प्रेम हर्ष र अनी क्रोधै न-गर्ने छ जो।
चाहन्छु उसलाइ जान तिमिले धेरैन प्यारो उ हो ॥ १३ ॥

चोखो भैकन बस्छ क्यै विषयको सौख्यादि खोज्दैन जो।
चिन्ता जस्कन छैन कर्म-फलको आशा न राख्ने छ जो ॥
योगाभ्यास विषे छ जो चतुर खूब् बस्ने उदासीन भै।
सोही भक्त मलाइ खुब् छ प्रिय पो जानीलिए ठीक यै ॥ १४ ॥

इच्छा छैन न द्वेष राख्छ न कभै त्यो पर्छ हर्षै महाँ।
शोकैमा पनि त्यो हुँदैन कहिल्यै जो त्याग्छ फिक्री यहाँ ॥
जस्ले कर्म शुभाशुभै कन सदा त्यागेर बस्ला यहाँ।
मेरो भक्त ठुलो त भन्नु त्यहि हो यै मर्त्य-लोकै महाँ ॥ १५ ॥

शत्रू मित्र र दुःख सौख्य अनि फेर् गर्मी र जाड़ो पनी।
माने भो अपमान भो बुझिलिने उस्तै समानै भनी ॥
निन्दा भो यश भो बराबर जउन् ठान्ला न-बोल्ने भई।
जस्को छैन घरै छ खुब् दृढमती बस्ने खुशीमा रही ॥ १६ ॥

खुशी हुन्छ जउन् सबै चिजमहाँ गर्दैन रिस् क्यै पनी।
मेरै वाक्यविषे त राख्छ जसले श्रद्धा बहूतै अनी ॥
मैमा चित्त दिएर बस्दछ जउन् सुनेर मेरा कुरा।
मेरो त्यै प्रियपात्र हो बुझ सखे! मक्कै म ठान्छु पुरा ॥ १७ ॥

❀ इति द्वादश अध्याय ❀

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

❀ त्रयोदश अध्याय ❀

(क्षेत्र क्षेत्रज्ञ योग)

सोधे अर्जुनले प्रभो ! प्रकृति फेर् पूरुष भन्ने अनी।
के हो क्षेत्र र कौन वस्तु पनि हो क्षेत्रज्ञ भन्ने पनी ? ॥
हे सर्वज्ञ ! म ज्ञान ज्ञेयहरुको भेदादि सुन्नै यहाँ।
इच्छा गर्दछु सो बताउनु हवस् मेरा अगाड़ी महाँ ॥ १ ॥

भन्नू भो हरिले ति पार्थकन यै जो क्षेत्र भन्छन् यहाँ।
यै राम्रो तन हो भनेर तिमिले जानी लिए चित्तमा ॥
जस्ले जान्दछ देहलाइ भवमा त्यस्लाइ ज्ञानी जती।
भन्छन् अर्जुन ! जानिलेउ तिमिले क्षेत्रज्ञ नामै यती ॥ २ ॥

मै हूँ ज्ञान प्रधान क्षेत्र अनि फेर् क्षेत्रज्ञको विश्वमा।
मै क्षेत्रज्ञ हुँ सर्व क्षेत्रहरुमा हे पार्थ ! जाने यहाँ ॥
सो क्या हो उसको प्रकार छ कउन् त्यस्मा विकारै पनी।
कुन् होला उसबाट कार्य पनि कुन् हैजान्छ राम्रो बनी ॥ ३ ॥

संक्षिप्तै सँग भन्दछु म अहिले ऋष्यादिले खूब् गरी।
धेरै छन्द बनाइ गायन गरे यस्माथि भक्ती धरी ॥
ज्ञानी योग्य ठुला महर्षिहरुले त्यै ब्रह्मसूत्रै महाँ।
यस्को वर्णन खूब् गरे बुझ तिमी जाहेर् छ संसारमा ॥ ४ ॥

पञ्चैभूतहरू र एक मन फेर् बुद्धी अहंकार पो।
जो छन् इन्द्रिय ती दशै विषय ती पाँचै अरू छन् ति जो ॥
तीनोटै गुणकी समेत प्रकृती इच्छा र द्वेषै अनी।
संघातै सुख-दुःख धैर्य यिनि हुन् यस्का विकारै पनी ॥ ५ ॥

सेवा श्रीगुरुको दया हृदयमा गर्नू अहिंसा अनी।
त्याग्नू गर्व स्वभाव राख्नु सरलै बस्नू पवित्रै बनी ॥
राख्नू चित्त वशैमहाँ हरघड़ी बस्नू स्थिरै भै अती।
आत्मालाइ सदैव राख्नु बलवान् चिन्ता न-गर्नू रती ॥ ६ ॥

व्याधी[1] जन्म बुढ्याइँ फेरि मरणैमा दुःख हुन्छन् भनी।
वैराग्यै लिनु यी 'सबै विषयका सौख्यादिमा खुब् अनी ॥
शेखी केहि न-गर्नु पुत्र गृहिणीको मोह त्यागी दिनू।
इष्टै होस् कि अनिष्ट होस् उकन ता एकै बुझी पो लिनू ॥ ७ ॥
प्रारब्धै वशले विपत्ति परदा गाह्रो परी आउँदा।
केही फिक्रि नगर्नु खुब् दृढ बनी लाग्नू सधैं योगमा ॥

---

१ रोग।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जाहाँ मानिसको छ हूल बहुतै त्यो ठाम त्यागीदिई ।
एकान्तस्थलमा पवित्र भुमिमा बस्नू प्रसन्नै रही ॥ ८ ॥
मेरो भक्ति लियेर योग गरनू अध्यात्मका ज्ञानमा–
लाग्दै तत्त्व-विचार गर्नु बढ़िया हो ज्ञान यै लोकमा ॥
यी बाहेक अरू समस्त जति छन् अज्ञान ठान्नू यहाँ ।
अज्ञानैकन छाड़ि ज्ञान लिनु पो श्रेयै छ संसारमा ॥ ९ ॥
जान्नू पर्दछ जस्कनैं जगतमा त्यस् निम्ति ज्ञेयै भयो ।
जान्नाले जसलाइ प्राणि सहजै मोक्षै भयी गै गयो ॥
जानी जस्कन जन्म-मृत्यु दुइटै छुट्छन् अवश्यै पनी ।
स्वच्छै भैकन सत्-असत् रहितको जो हो अपारै अनी ॥ १० ॥
जस्का छन् सबतीर हात र शिरै आँखा र कानै अनी ।
पाऊहेरु मुखै अनेक जसका गन्नै न-सक्नू पनी ॥
छैनन् इन्द्रिय तिन्सितै तर ति छन् इन्द्रीययुक्तै त जो ।
खाली छैन कतै जगा तिनि न भै व्याप्तै सबैमा छ सो ॥ ११ ॥
अदृश्यै छ परन्तु दृश्य[1] छ सदा हेरी विचारी लिँदा ।
आफैं निर्गुण भै छ जो सगुण झैं संसारका बीचमा ॥
माथी मन्तिर भित्र बाहिर सबै स्थानादिमा हर्घरी ।
जो आफैं छ यही चराचर महाँ बस्ने खुशीले गरी ॥ १२ ॥
सूक्ष्मैमा अतिसूक्ष्म भै नजरले देखिन्न कैल्है यहाँ ।
जो टाढा छ बहूत किन्तु नजिकै देखिन्छ हेर्दामहाँ ॥
जो आफू छ अभिन्न तै पनि सबै जीवादिमा भिन्न झैं ।
नाना रूप र मूर्तिले सहितको देखिन्छ हेर्दा सधैं ॥ १३ ॥
उब्जा गर्दछ सृष्टि गर्छ जगको संहार गर्ने पनी ।
सोही गर्दछ पालना सकलको आफैं विधाता बनी ॥
ज्योतीको पनि ज्योति आफु छ स्वयम् केही तमादी न भै ।
ज्ञानैले गरि जानिने हुनगई ज्ञेयै छ जो ता सधैं ॥ १४ ॥
ज्ञानै क्षेत्र र ज्ञेय यी कहिदिएँ संक्षेप गर्दै यहाँ ।
यो जानीकन पूज्छ भैकन भने त्यो मिल्छ आई ममा ॥
साँचैमा प्रकृती-पुरूषहरु छन् दूबै अनादी यहाँ ।
उब्जा हुन्छ गुणै विकार प्रकृती बाटै सदा लोकमा ॥ १५ ॥
राम्रो ता गुण हुन्छ फेर् दुःख दिने त्यै हो विकारै अनी ।
कर्त्ता कारण कार्यमा प्रकृतिको हेतू छ साँचै पनी ॥

१ देखिने ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जो हो पूरुष जीवमा गिनति भै आफू तनैमा[1] रही ।
दुःखै सौख्य समस्त भोग्छ उहि ता त्यै हेतु त्यस्मा भई ॥ १६ ॥
माझैमा रहि पूरुषै प्रकृतिका त्यस्कै गुणैको पनी ।
भोगै गर्दछ जानिलेउ तिमिले साँचो कहेको भनी ॥
मायाका रहि बीचमा प्रकृतिका भोग्ने गुणैको भई ।
नीचै योनि कि ऊँच योनि लिइ त्यै जन्मन्छ जीवै गई ॥ १७ ॥
देहैमा परमै पुरुष सबका साक्षी र भोक्ता भई ।
बस्छन् भोग गरी गुणै विषयका आफू उसैमा रही ॥
जान्ला भक्त जउन् अहो ! यहि कुरा मैले बताए जती ।
त्यस्को फेरि हुँदैन जन्म भवमा साँचो कुरा हो यती ॥ १८ ॥
ध्यानैका बलले त कोहि नरले आफ्ना शरीरै महाँ ।
देख्ला अर्जुन ! जानिलेउ तिमिले आत्मा हमेशा यहाँ ॥
सांख्यैयोग र कर्मयोग गरदै त्यस्कै त द्वारा गरी ।
कोही देख्दछ जीवलाइ तनमा ध्यानादि गर्दै गरी ॥ १९ ॥
जो जान्दैन यिनै कुरा जगतमा त्यस्तो न-जान्ने पनी ।
अर्काको मुखदेखि सुनिकन त्यो ठीकै कुरा हो भनी ॥
सुन्दै श्री हरिकीर्तनादि अनि फेर् नामै जपी लोकमा ।
पाई उत्तम नै गती सहजमा जानेछ मोक्षै महाँ ॥ २० ॥
यो संसार विषे चराचर जती प्राणीहरू छन् यहाँ ।
की ता भारत ![2] अन्य जीव अरु ता छन् जौन संसारमा ॥
क्षेत्रज्ञै अनि क्षेत्र कै असलमा योगै हुनाले गरी ।
लिन्छन् जन्म भनेर जान तिमिले विश्वास यस्मा धरी ॥ २१ ॥
देखिन्छन् जति प्राणि यै जगतमा तिन्का शरीरै महाँ ।
बस्छन् ईश्वर साम्यभाव सितले एकै समाने यहाँ ॥
यो तत्त्वैकन जानि क्यै तरहको हूँदा विनाशै पनी ।
हुन्नन् नाश भनेर जान्दछ भने जान्नू उ ज्ञानी भनी ॥ २२ ॥
भन्छन् ती समदर्शिले जगतमा जो ईश्वरै हुन् उही ।
व्याप्तै भैकन बस्दछन् सकलमा सर्वत्र जाहाँ तहीं ॥
आत्मा जुन् छ शरीरमा उ कहिल्यै हूँदैन तुच्छै कती ।
तुच्छै त्यसकन देखदैन यदि ता पाऊँछ राम्रो गती ॥ २३ ॥
गर्छन् कर्म समस्त यै प्रकृतिले संसारका बीचमा ।
जीवैले तर कर्मलाइ पनि ता गर्दैन केही यहाँ ॥"

१ शरीरमा । २ अर्जुन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यस्तो जो बुझिलिन्छ आफ्नु मनमा जैह्ले पनी सर्वदा।
त्यस्ले जानिलियो भनेर बुझ्नू जो सत्य हो सो यहाँ ॥ २४ ॥

प्राणीको पनि भिन्न भावकन जो यौटा उही ब्रह्ममा।
देख्ला लीन र त्येसबाट भवको विस्तार ठान्ला यहाँ ॥
जस्ले एति कुरा विचार गरियो जान्ने उ भो तत्त्वको।
ब्रह्मैलाइ चिन्हेर निश्चय गरी मिल्ने भयो ब्रह्मको ॥ २५ ॥

जो कैल्ह्यै पनि नाश हुन्न भगवान् आफैं अनादी भई।
आफैं निर्गुण-रूपले सकलका बस्ने जनैमा रही ॥
यस्तो हो तर आफु क्यै न-गरने ठीक् मौन जस्ता बनी।
बस्छन् नित्य ति देहभित्र भगवान् ज्योतीस्वरूपी पनी ॥ २६ ॥

आकाशै जसरी रहन्छ बुझिल्यौ जाहाँ तहीं सर्वदा।
भिन्नै आफु छ लिप्त[1] छैन कहिं त्यो त्यै रीतिले नै सदा ॥
प्राणीका तनमा रहीकन पनी बस्ने अलिप्तै बनी।
त्यस्ता हुन् अविनाशि ब्रह्म जुन हुन् सारा जगत्का धनी ॥ २७ ॥

आफू एक रवी उदाइ नभमा यो विश्व जम्मैमहाँ।
आफ्नू पूर्ण प्रकाशलाइ जसरी फैलाउँछन् लोकमा ॥
त्यस्तै रीति गरेर क्षेत्रहरुमा क्षेत्रज्ञले सर्वदा।
हाल्छन् निर्मल त्यै विकास सहजै आफू तिनैले सदा ॥ २८ ॥

क्षेत्रज्ञै अरु क्षेत्रको सकल त्यै भेदादिलाई यहाँ।
देख्दा जो जन ज्ञान-दृष्टि सितले यै विश्व-संसारमा ॥
त्यस्ले ता बुझ पूर्ण ब्रह्मकन पो याहीं त प्राप्तै गरी।
पाऊला परमै पदादि उसले यै जान पक्का गरी ॥ २९ ॥

❊ इति त्रयोदश अध्याय ❊

—:❊:—

❊ चतुर्दश अध्याय ❊

(त्रिगुण विभाग योग)

भन्नु मो हरिले ति पार्थकन फेर् हे मित्र ! तिम्ले यहाँ।
ठूलो ज्ञान बताउँछु उ सुनलौ जुन् मुख्य हो ज्ञानमा ॥
पाई ज्ञान जउन् समस्त जगका विद्वान् जती छन् मुनी।
तिन्को सिद्धि मनोरथै हुन गयो यो जान साँचो भनी ॥ १ ॥
यस्कै आश्रयले त प्राणि जति छन् मैलाइ प्राप्तै गरी।
जान्छन् यै भव-सिन्धुलाइ सहजै नाघेर पारै तरी ॥

१ लागे को।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सृष्टीकाल हुँदा हुँदैन जनमै यिन्को कदापी अनी।
बेलामा प्रलयादिको यिनिहरू नष्टै हुँदैनन् पनी॥ २॥
बीजादीहरुलाइ दिन्छ जसले सो बीज-दाता म हूँ।
गर्भस्थान त योनि हो प्रकृतिको त्यै आज मैले कहूँ॥
योनी हुन् सब जान पार्थ! तिमिले माया यि मेरी भनी।
जन्मन्छन् सब प्राणि हेतु यहि भै संसार माहाँ अनी॥ ३॥
सारा योनिमहाँ चराचर जती जन्मन्छ प्राणी जउन्।
हेतु प्रकृति-योनि हुन् म त पिता हूँ बीजदाता छ जुन्॥
उत्पन्नै हुन जान्छ सत्व रजको फेरी तमैको पनी।
दिन्छिन् जन्म यि तीनलाइ प्रकृती यै ठीक जाने तिमी॥ ४॥
यी तीनै गुणले त जीवकन ता एही शरीरै महाँ।
दिन्छन् बाँधि भनेर जान तिमिले संसारका बीचमा॥
यिन्मा दोष-विहीन[1] सत्व गुणले यै दिव्य आत्माकनै।
ज्ञानैले अनि फेरि मुख्य सुखले बाँद्है छ सारा दिनै॥ ५॥
तृष्णैबाट त प्रेमरूप रसले जन्मै लिने हो अनी।
जान्नू अर्जुन! देहमा करमले हो जीव बाँध्ने भनी॥
भन्छन् जस्कन ता तमोगुण भनी अज्ञान देखी भयो।
त्यस्को जन्म भएर मानिसकनै त्यै मोह पार्ने त हो॥ ६॥
अल्छीले र प्रमादले[2] अनि यहाँ फेरी निदैले पनी।
बाँध्ने हो यसले त जीवकन ता यै जान साँचो भनी॥
सत्वैले सब जीवलाइ सुखमा लाऊँछ जान्नू यहाँ।
कर्मैं गर्न लगाउने रजगुणै हो जान मानीसमा॥ ७॥
तेस्रो जौन भयो तमोगुण उ ता जीवादिको देहमा।
ज्ञानैलाइ त ढाकिदीकन छिटै विक्षिप्त[3] पार्ला यहाँ॥
त्याग्नाले रज फेर् तमैकन पनी हूनेछ सत्वै अनी।
छोड्नाले रज-सत्वलाइ तमको हूनेछ जन्मै पनी॥ ८॥
त्याग्दा सत्वगुणै र फेर् तमगुणै त्यस्ता अवस्था महाँ।
पैदा हुन्छ अनी रजोगुण भनी जान्नू तिमीले यहाँ।
जुन् बेला तनका समस्त जति छन् द्वारादि भन्नू पनी।
सद्‌ज्ञानादि प्रकाश भै ति सबमा बढ्नेछ सत्वै अनी॥ ९॥
तृष्णा लाग्न गई रजोगुण अनी बढ्ने छ देहैमहाँ।
सन्तुष्टै नभएर लोभ गरदै कर्मादि गर्ला यहाँ॥

१ निर्दोष। २ घमण्डले। ३ पागल।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कामै गर्न मनै नलाग्नु अलछी लाग्नू बहूतै अनी।
मोहै घेर बढ़ेर भूल बहूतै गर्नू न-बुझ्ने बनी॥ १०॥

बढ्ला जौन बखत् तमोगुण पनी यै देहका बीचमा।
त्यस्तै हुन्छ दशा भनेर बुझलौ जस्तो बताएँ यहाँ॥
सत्वैको हुनजान्छ वृद्धि जब ता त्यस्ता बखत्मा मरी।
प्राप्तै गर्दछ दिव्यलोक सहजै त्यौ प्राणिले ठीक् गरी॥ ११॥
बढ्दामा ति रजादिका गुणहरू जो प्राण त्याग्ला यहाँ।
ठूलै कार्य गरीलिने नर भई जन्मन्छ संसारमा॥
मूढ़ै-योनि पशू चराहरु भई जन्मन्छ सोही यहाँ।
जो ता मर्छ तमोगुणै बढ़िलिंदा यै मर्त्य-लोकै महाँ॥ १२॥
प्राणीमा जब सत्व बढ्छ गुण ता गर्ला सुकर्मैं अती।
जो ता त्यै रजको गुणै बढ़िगए लीनेछ लोभी मती॥
बढ्दामा तम मोह आलसहरू अज्ञान होला यहाँ।
यी तीनै गुणका फलै कहिदिएँ तिम्रा अगाड़ी महाँ॥ १३॥
देला ज्ञान अवश्य सत्वगुणले फेरी रजैले अनी।
देला खूब प्रलोभनादि बुझ लौ फेरी तमैले पनी॥
मोहै भो र प्रमाद भो अनि भयो अज्ञान देला सदा।
जान्छन् माथि सतोगुणी सुर[1] भई स्वर्गादिका लोकमा॥ १४॥
जो प्राणी छ रजोगुणी उ बिचमा यै मर्त्यमा जन्मनन्।
जो हुन् मानिस ता तमोगुणि सदा नीचादि योनी लिनन्॥
हुन्छन् ति चराचुरुङ्गि कि पशु गाई र बाख्ला पनी।
त्यस्ताको छ अधोगती बुझ तिमी साँच्चै कहेको मनी॥ १५॥
भिन्नै छैन गुणादिबाट जुन हो कर्ता भनेको अनी।
आत्मालाई त ठान्छ भिन्न गुणको जस्ले त साँच्चै पनी॥
त्यस्तो जो जन हो यही जगतमा जानेर आत्मा सदा।
पाउने छ मलाई ईश्वर भनी जानेर आखीरमा॥ १६॥
यी तीनै गुणका स्वभावहरुमा कैल्यै न फँस्ने जती।
प्राणी छन् ति त जन्म, मृत्यु अनि ता वृद्धत्व देखी अती॥
टाढा भैकन मुक्ति प्राप्त गरदै मोक्षै ति हुन्छन् यहाँ।
एती बात सुनेर अर्जुनजिले बिन्ती चढाए तहाँ॥ १७॥
यी तीनै गुणलाइ पार गरने प्राणी गुणातीत[2] ती।
कस्ता ती हुनछन् छ लक्षण कउन् तिन्को छ कस्तो गती?॥

१ देवता। २ सत्वादि गुणदेखि पर।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यस्ता मानिसको बताउनु हवस् आचार यो लोकमा।
कस्तो हुन्छ प्रभो! म सुन्छु अहिले आज्ञा हवस् लौ यहाँ ॥ १८ ॥

सत्वै भो रज भो तमोगुणहरूका प्राप्तिको क्यै पनी।
द्वेषादी न-गरी रहन्छ त भने संसारमा त्यै पनी॥
बस्छन् यी गुण ता गुणै बिच भनी खोज्दैन सौख्यै यहाँ।
तीनै हुन् गुणतीत जान तिमिले यै विश्व संसारमा ॥ १९ ॥

देख्दामा गुणलाइ जो विचलितै हूँदैन कैल्हे पनी।
हर्षै देखि र शोक देखि जुन ता बस्ने छ हीनै बनी॥
बस्ला जो अटलै भएर त सदा भन्ला यही बात पो।
"आफ्नै कार्यमहाँ छ लीन गुण ता बाते त पक्का छ यो ॥ २० ॥

माटो पत्थर स्वर्णलाइ जसले ठान्ला समानै अनी।
निन्दा फेरि स्तुती समान बुझ्ला छन् एकनासै भनी॥
ठान्ला जो प्रिय अप्रियैकन यहाँ उस्तै र एकै गरी।
त्यैं हो धीर गुणादिले रहितको खुब् मुख्य ज्ञानी सरी ॥ २१ ॥

शत्रू मित्र बराबरी बुझिलिने मानापमानै पनी।
कर्मैका फ़ललाइ ता प्रथम नै जो त्याग्छ त्यागी बनी॥
त्यस्तो मानिसलाइ जान्नु तिमिले त्यै हो गुणातीत पो।
जस्ले चित्त लगाइ योग गरदै मैलाइ भज्दो भयो ॥ २२ ॥

त्यै हो ब्रह्म-स्वरूप प्राप्त गरने संसारका बीचमा।
त्यै हो तीन गुणादिबाट सहजै पारै हुने लोकमा॥
मै हूँ अव्यय नाश छैन जसको हूँ ब्रह्मरूपी भनी।
संकेतै शुभ जानिलेउ तिमिले मैले बताएँ पनी ॥ २३ ॥

मै हूँ जस्कन भन्दछन् "अमृत[1]" हुन् प्राणीहरू लोकमा।
मै हूँ धर्म सनातनादि कहिने जो हो पुरान् महाँ॥
यौटै मैकन जानिलेउ तिमिले सौख्यादिको बीज हूँ।
शान्तीको पनि खानि हूँ जगतमा ये वाक्य साँचो कहूँ ॥ २४ ॥

❋ इति चतुर्दश अध्यायः ❋

❋ पञ्चदश अध्याय ❋

(पुरुषोत्तम: योग)

यो संसार अपार पीपल तरू[2] जस्को त फेदै पनी।
माथीनै छ बहूत छन् ति जसका हाँगाहरू ता मनी॥

१ कहिल्यै न मर्ने। २ रूख।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जस्का पातहरू त छन्दहरु हुन् त्यै वृक्षलाई यहाँ ।
जस्ले जान्दछ जान वेदहरुको ज्ञाता भनी लोकमा ॥ १ ॥

माथीबाट लिएर तल्तिर तलक् त्यस्का फलै छन् अनी ।
पातै छन् विषयादि तीनगुणका हाँगा कहिन्छन् तिनी ॥
कर्मैको जुन बन्धनै छ जड़को लीएर रूपै यहाँ ।
यत्रो लोक विशाललाइ जसले बाँध्दैछ संसारमा ॥ २ ॥

यस्को आदि र अन्त क्यै पनि कतै देखिन्न संसारमा ।
कस्तो रूप छ भन्न कोहि जनले सक्तैन अंसारमा ॥
यस्तो यो दृढ़मूल युक्त बहुतै ठूलो जउन् वृक्ष ता ।
काटोस् यस्कन ता असंग भनिने अस्त्रै लिई हातमा ॥ ३ ॥

जाहाँ गैकन प्राणि फर्कन पनी फर्कन्न कैल्हे यहीं ।
प्राणीले उहिनै पवित्र स्थल पो खोजुन् ति खोज्ने भई ॥
बोलुन् –"पर्छु म ता सदा शरणमा जस्ले त ठूलो यही ।
सृष्टीलाइ रचीदिए सहजमा साहै दयालू भई ॥ ४ ॥

आफ्नू मान न खोजने न कहिले मोहै हुने लोकमा ।
संगै साथि न खोजने मन भने राख्दै छ आत्मामहाँ ॥
दुःखै भो सुख भो समान जसले ठान्ला त एकै भनी ।
इच्छा क्यै त लिंदैन अव्यय पदै पाऊँछ प्राणी अनी ॥ ५ ॥

सूर्यैले न त चन्द्रले न त कभै अग्नीहरूले गई ।
सक्छन् ज्योति दिई प्रकाश गरनै, त्यस् ठाममाहाँ रही ॥
जाहाँ गैकन प्राणिले जगतमा पर्दैन फिर्नू अनी ।
त्यै मेरो परमै छ धाम कहिने हो दिव्य-धामै पनी ॥ ६ ॥

छन् यी जीव जती अनादि ति सबै यै मर्त्यलोकै महाँ ।
मेरा अंश ति सर्व हुन् तर पनी भोगग्गर्नलाई महाँ ॥
खैंचन्छन् प्रकृतिस्थितै मन अनी इन्द्रीयलाई तिनी ।
अर्कै नूतन[1] देहमा सहजमा ती जीव पस्छन् अनी ॥ ७ ॥

हावाले जसरी सुगन्ध फुलको लीएर जान्छन् यहाँ ।
उस्तै जीव पनी ति इन्द्रिय मनै लीएर साथै महाँ ॥
आफ्नू जीर्ण[2] पुरानु देह कन ता त्यागेर राम्रै गरी ।
अर्को नूतन देहमा सहजमा बस्छन् प्रवेशै गरी ॥ ८ ॥

नाकै कान भए त्वचा[3] र नयनै जिभ्रो मनैमा अनी ।
कब्जा आफ्नु जमाउँदै विषयको भोगग्गर्छ प्राणी पनी ॥

१ नयाँ । २ काम न लाग्ने । ३ छाला ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ज्यूँदामा कि त मृत्युका समयमा भुल्दा गुणै बीचमा।
द्वारा इन्द्रियकै यि जीवहरुको देख्छन् ति ज्ञानी यहाँ॥ ९ ॥
धेरै यत्न गरेर आफ्नु तनमा योगीहरूले यहाँ।
आत्मालाइ त देख्दछन् बुझ सखे! लागेर योगै महाँ॥
जुन् प्राणीसित ता विवेक मनमा क्यै छैन त्यस्ले यहाँ।
यत्ने खूब गरोस् तथापि उसले देख्नेछ आत्मा कहाँ?॥ १० ॥
सूर्यैको जुन तेज यै जगतमा गर्लो उज्यालो अनी।
त्यो तेजै र शशाङ्क[1] पावकहरूको[2] त्यै प्रकाशै पनी॥
मेरै हुन् सब तेज अन्य अरुको त्यो ह्वैन तेजै भनी।
तिम्ले जान सखे! सबै कहिदिएँ जो तत्व थीयो पनी॥ ११ ॥
जीवादीहरुलाइ धारण पनी मै गर्दछु लोकमा।
भूमी भित्र पसेर वृक्षहरुको लाग्छु म सैहारमा॥
सारा मूल जरी-बुटी कन म ता खुब् पुष्ट गर्छु भनी।
आफैं चन्द्र बनेर चन्द्र-किरणै छर्छु म तिन्मा पनी॥ १२ ॥
आफू भै जठराग्नि[3] पेट बिचमा प्राणीहरूका रही।
वायू प्राण-अपानका त बलले आफैं म कर्त्ता भई॥
प्राणीले जति खान्छ चार थरिका पक्वान्न नित्यै महाँ।
मैले नै त पचाइदिन्छु भुँड़िमा यै जान तिम्ले यहाँ॥ १३ ॥
अन्तर्यामि बनी मनुष्यहरुमा बस्छु म्रुटूमा सदा।
प्राणीलाइ त ज्ञानका सँग-सँगै दीने म हूँ सम्झना॥
ज्ञानैलाइ र सम्झनाकन पनी तिन्कै म हर्छु अनी।
जान्ने वेद बनाउने श्रुति पनी लौ जान मै हूँ भनी॥ १४ ॥
यै संसारविषे पदार्थ दुइ छन् पैल्हो क्षरै भो अनी।
दोस्रो अक्षर हो विचार मनले जान्ने कुरा हो भनी॥
प्राणी ता "क्षर" हुन् जती पृथिविमा उत्पन्न हुन्छन् यहाँ।
जो हो "अक्षर" भन्नु जीव बुझिल्यौ नाशिन्छ कैल्यै कहाँ?॥ १५ ॥
अर्को पूरुष उत्तमै छ यउटा जस्लाइ प्राणी यहाँ।
भन्छन् जस्कन ता परात्म बुझिल्यौ संसारका बीचमा॥
आफैं ईश्वर व्यापकै ति हुन गै सारा तिनै लोकमा।
गर्छन् पालन प्राणि आदि सबको लागेर यत्नादिमा॥ १६ ॥
दूवै[4] देखि म छु र उत्तम अती वेदज्ञ योगी मुनी।
यी ता हुन् पुरुषोत्तमै भनि तिनै मैलाइ मान्छन् अनी॥
अज्ञानादि गएर उत्तम पुरुष् भन्ठान्छ मैलाइ जो।
मैलाई भजि बस्छ ता यदि भने सर्वज्ञ हूनेछ सो॥ १७ ॥

१ चन्द्रमा। २ अग्नि। ३ पेटमा रहने आगो। ४ 'क्षर' र 'अक्षर' देखि।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यस्तो रीति गरेर गुह्यतम यै ठूलो त शास्त्रै पनी।
दीयो जो तिमिलाइ ता कहिदिएँ आफ्ना मुखैले भनी॥
जो मैले कहियो कुरा हृदयमा राखेर जान्ने बनी।
जो बस्ला कृत-कृत्य हुन्छ सहजै ज्ञानी जगत्मा बनी॥ १८॥

❋ इति पञ्चदश अध्यायः ❋

❋ षोडश अध्याय ❋

(दैवी-आसुरी-सम्पदा)

चित्तै शुद्ध गराइ निर्भय हुँदै त्यै ज्ञानयोगै महाँ।
लाग्नू उत्तम हो भनेर बुझिल्यौ हे पार्थ! तिम्ले यहाँ॥
दानै दीनु र यज्ञ कर्म गरनू वेदादि पढ्नू अनी।
आफ्नू राख्नु स्वभाव निर्मल अती सोझो तपी[1] झैं बनी॥ १॥

गर्नू पालन सत्यको रिस कभै गर्दै न गर्नू रती।
हिंसा त्याग्नु र जीवमा गरि दया बस्नू असल् ली मती॥
रागद्वेष न गर्नु लोभ न-लिनू त्याग्नू फलाशा[2] अनी।
लज्जा पालन गर्नु राख्नु बहुतै वैराग्य ज्ञानी बनी॥ २॥

त्याग् गर्नू अभिमान द्रोह अरुको गर्दै न गर्नू पनी।
अर्काको भुलचूक माफ गरनू फेर् बस्नु तेजी बनी॥
हुन्छन् सद्गुण यी अवश्य बुझनू त्यस्ता मनुष्यै महाँ।
दैवी सम्पति युक्त जो छ जगमा प्राणी रहेको यहाँ॥ ३॥

पाखण्डै गरि हिंड्नु शेखि गरनू सानू कुरामा पनी।
क्रोधै गर्नु सधैं कड़ा वचनले बोल्नू र फेरी अनी॥
बानी निष्ठुरको लिनू हृदयमा अज्ञान राख्नू पनी।
जान्नू आसुरि सम्पती हृदयले जम्मा यिनै हुन् भनी॥ ४॥

दैवी सम्पति मोक्ष दिन्छ बुझिल्यौ फेर् बन्धनैमा पनी।
पार्ने आसुरि सम्पती छ भवमा यो जान साँचो भनी॥
दैवी सम्पतिमा त जन्म हुनगो तिम्रो यही लोकमा।
फिक्री कत्ति न मान पार्थ! तिमिले साँचै म भन्छु यहाँ॥ ५॥

हुन्छन् दैवि र आसुरी दुइ थरी मानीस संसारमा।
दैवी सम्पति ता सबै कहि सकें तिम्लाइ मैले यहाँ॥
ऐहे भन्दछु आसुरी गुणहरू विस्तार साथै गरी।
पार्ने बन्धन बीच प्राणिकन ता हो जान त्यै आसुरी॥ ६॥

---

१ तप गर्ने। २ फलको आशा।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गर्ने योग्य अयोग्य त्याग्नु परने जान्दैन केही पनी।
शुद्धै भै रहँदैन झूठ कहला, झुट्टा महाको बनी॥
आचारादि[1] समस्त छोड़ि बसला भन्ला जगत् यो छ जुन्।
लोग्ने - स्वास्नि मिलेर सृष्टि हुनु हो अर्को कुरा पो छ कुन्॥ ७॥

हो संसार असत्य ईश्वर यहाँ कवै छैन कर्ता पनी।
आधारै पनि छैन केहि भवको[2] हुन् शास्त्र झूठा अनी॥
मिल्दामा नर-नारि कामवश भै उत्पत्ति प्राणी हुने।
कर्त्ता कोहि पनी त छैन भवको कस्‌बाट सृष्टी हुने !॥ ८॥

आत्मा नष्ट ति मूर्ख स्वाँठहरुले यस्ता कुरामा परी।
विश्वासै गरि बस्दछन् जगतमा दिल् ता भ्रमैमा धरी॥
प्राणीको कु-भलो गरेर जगको नाशै गरूँला भनी।
इच्छा लीकन क्रूर-कर्म[3] गरछन् संसार नाश्नै तिनी॥ ९॥

कैल्है तृप्ति हुँदैन जो विषयको सौख्यादि त्यस्मा परी।
त्यै खोजीकन हिंड्‌दछन् ति बिठुलो कर्मै हमेशा गरी॥
चिन्तैमा ति सदैव मग्न रहने मर्ने बखत् सम्ममा।
भन्छन् ती सुख काम भोग जुन हो यै सार हो लोकमा॥ १०॥

आशाका परि पाशमा[4] जकड़िंदै संसारका बीचमा।
कामैमा अनि क्रोधमा मन दिंदै तिन्ले हमेशा यहाँ॥
गर्छन् यत्न अनेक द्रव्य धनको वृद्धी गराऊँ भनी।
भोगादीहरु भोग्नमा ति चतुरा हुन्छन् अवश्यै पनी॥ ११॥

यो सम्पत्ति मलाइ प्राप्त भइगो आजै यसोरी यहाँ।
भोली इच्छित माल मिल्छ भकनै राख्नेछु पासै यहाँ॥
एतीको धन ता मलाइ हुनगो ऐले परन्तु महाँ।
यस्लाई म बढ़ाउनेछु बहुतै मैले बढुल्दै यहाँ॥ १२॥

यो बैरीकन आज ता गिड़िदिएँ भोली त शत्रू अरू।
मार्नेछु म त भोगि हूँ म बलियो आफैं छु की छन् अरू !॥
जो हुन् ईश्वर सो म हूँ जगतमा मै सिद्ध हूँ लोकमा।
मै जस्तो सुखि अन्य को छ नरमा यैं मर्त्यलोकै महाँ !॥ १३॥

मै छु एक धनाढ्य[5] व्यक्ति भवमा मै हूँ कुलीनै अनी।
मेरो आज बराबरी गरिलिने कवै छैन ठूलो पनी॥
दीने छु म बहूत दान गरूँला यज्ञादि धेरै यहाँ।
खुब् आनन्द गरेर पो म रहुँला भन्छन् ति अज्ञानमा॥ १४॥

१ कुलाचार। २ संसारको। ३ निष्ठुर कर्म। ४ बन्धनमा। ५ धनी।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मोहैका कटु जालमा फँसिकनै जस्को त चित्तै पनी ।
नाना भाँति प्रपञ्चमा भ्रमित भै मोहान्ध पापी बनी ॥
त्यो कामी नर कामका वश परी, पापादि जम्मा भई ।
पर्ला आखिर नर्कमा बुझ सखे ! त्यो ता अवश्यै गई ॥ १५ ॥
जो ता छन् अभिमानि शेखि गरने माया-दयाहीनका ।
सम्मानादि र द्रव्यले गरि तिनै अत्यन्त गाँजीयका ॥
तिन्ले यज्ञ गरे पनी विधि-बिना पाखण्ड धेरै गरी ।
गर्छन् यज्ञ ति नाम मात्र भवमा गर्दै ठुलो मन्परी ॥ १६ ॥
खूबै छु बलियो भनेर बहुतै गर्दै घमण्डै यहाँ ।
रीसाहा अरुकै त चुक्लि गरने मालीकका साथमा ॥
प्राणीका रहने सदा हृदयमा आफ्ने अरूका पनी ।
यस्तो जो छु मलाइ जान्न न-सकी रिस् गर्छ मेरै पनी ॥ १७ ॥
त्यस्ता द्वेषि ति शौचहीन[1] बिटुलो बस्ने ति प्राणी जती ।
हुन्छन् क्रूर कठोर नीच मनका चुक्ली त गर्ने अती ॥
त्यस्ता ती नरलाइ ता असुरका योनीविषे लोकमा ।
फाल्दिन्छु र ति नीचकै कुलविषे उत्पन्न हुन्छन् यहाँ ॥ १८ ॥
योनी आसुरिमा गिरी तिनिहरू यै मर्त्यलोकै महाँ ।
बारम्बार सदैव ली जनम ती लाग्छन् कुकर्मैं महाँ ॥
मेरो त्यो पद दिव्य प्राप्त न-भई त्यस्ता ति मूढ़ै जती ।
जन्मन्छन् नित पाप-योनि बिचमा लीएर नीचै मती ॥ १९ ॥
ढोका भन्नु त नर्कलोक बिचका बस्छन् तिनोटा भई ।
कामै भो अरु क्रोध भो अनिपछी लोभै भयो जान यी ।
यी हुन् आत्मविनाशकै भनि बुझी यिन्लाइ राम्रै गरी ॥
त्यागी बस्नु छ योग्य यस् जगतमा यिन्मा कुदृष्टी धरी ॥ २० ॥
जो ता यी तम-द्वार तीनहरुको संसर्ग त्याग्दै यहाँ ।
आफ्नू श्रेय हुने सुकर्म गरनन् पुग्नन् ति निर्वाणमा ॥
गर्दै मन्परि शास्त्रको विधि त्यजी कर्मादि-गर्दा महाँ ।
सिद्धी भो सुख भो र धाम-शुभ भो पाउन्न त्यस्ले यहाँ ॥ २१ ॥
तस्मात् शास्त्रविषे निमग्न हुनगै गर्दै विचारै यहाँ ।
थाल्नू कार्य अकार्य जाँचि मनले लाग्दै विवेकै महाँ ॥
पैहे अर्जुन ! सोच शास्त्र-विधि फेर् जो गर्नु पर्ने अनी ।
गर्नूं यै शुभ-मार्ग हो हित हुने जानेर राम्रो मनी ॥ २२ ॥

❋ इति षोडश अध्याय ❋

१ अपवित्र, बिटुलो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

❋ सप्तदश अध्याय ❋

(श्रद्धात्रय विभाग योग)

दैवी आसुरि सम्पती कन जसै श्रीकृष्णले त्यै घडी।
भन्नू भो सुनि पार्थले तब गरे बिन्ती अगाडी सरी॥
शास्त्रैको विधिलाइ त्यागि जसले श्रद्धा मनैमा धरी।
पूजादी शुभ कर्म गर्दछ भने आज्ञा हवस् हे हरी!॥ १ ॥

सत्वै भो रज भो तमादि गुणका यी तीन निष्ठा यहाँ।
कुन् चाहीं हुनगो बताउनु हवस् ऐहे हजुर्ले यहाँ!॥
यस्तो प्रश्न सुनेर अर्जुनजिको श्रीकृष्णले फेर् त्यहाँ।
आज्ञा गर्नु भयो कहन्छु सुन लौ हे पार्थ! तिम्ले यहाँ॥ २ ॥

श्रद्धा हुन्छ नरादिमा बुझ सखे! संसारमा छन् जती।
बानीका अनुसार तीन थरिका हुन्छन् ति श्रद्धा मती॥
श्रद्धा सात्विकि राजसी अनिपछी जो तामसी हुन् यिनी।
जुन् श्रद्धा जसमा छ सोहि उसको हूनेछ रूपै पनी॥ ३ ॥

श्रद्धा सात्विक हुन्छ जस्कन उ ता देवादि भन्ला यहाँ।
जो छन् राजसि यक्ष आदिकन पो गर्छन् पुजा लोकमा॥
श्रद्धा तामसका ति प्राणिहरु ता भूतादि पूजा गरी।
प्रेतादी कुल-बायु पूजि हिंड्छन् श्रद्धा तिनैमा धरी॥ ४ ॥

पाखण्डी र घमण्डि कामि अधिकै लोभी बलीया यहाँ।
गर्छन् शास्त्रविरुद्ध घोर तप ती आफ्नै परी जिद्दिमा॥
पञ्चैभूतहरू मनुष्य-तनमा जो छन् बसेका यहाँ।
निष्ठा आसुरिले सबैकन सदा पार्छन् ति त्रासादिमा[1]॥ ५ ॥

तिन्कै ता जिउमा सदैव रहने जो हूँ मलाई पनी।
निष्ठा-आसुरिले सताइ बहुतै संकष्ट दिन्छन् अनी॥
ती तीनै गुणका समान नरका आहार छन् तीन थरी।
दानादी तप यज्ञ हुन्छ प्रिय पो जस्तो छ निष्ठा उही॥ ६ ॥

---

१ डर भयादिमा।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ऐहे सोहि बताउँछु सुन तिमी बिस्तार साथै यहाँ।
आहारादि[1] बताइ दिन्छु पहिले तिम्रा अगाड़ी महाँ॥
आयू शक्ति र सत्व वृद्धि गरने आरोग्य पार्ने अनी।
इच्छा माफिकको र पौष्टिक नरम् देख्दा रसीलो पनी॥ ७॥
प्रीतीलाइ बढ़ाउने सुख दिने आहार जो हुन् इनी।
प्राणी सात्विककै त खाद्य बुझलौ खाने तिनैले भनी॥
खट्टो तीक्ष्ण र गर्म फेरि कडुवा पीरो नुनीलो अती।
छाती पोल्दछ जौन भोजन गरी टर्रो भएको कती॥ ८॥
दुःखैलाइ बढ़ाउने हृदयमा शोकादि दीने अती।
यस्तो भोजन ता रजोगुणिहरू रूचाउने हुन् कती॥
जूठा बासि गनाउने रस बिना सुके सड़ेका पनी।
मान्छन् खूब मिठा ति तामसिहरू भोक्ता तिनैका बनी॥ ९॥
शास्त्रैका विधिले सदा गरिइने कर्त्तव्य यै हो भनी।
आशादी फलको न-राखि गरिने जो यज्ञ हो सो पनी॥
त्यै हो सात्विक यज्ञ जान्नु तिमिले आशा फलैको गरी।
पाखण्डै र घमण्डबाट गरिने त्यै यज्ञ हो राजसी॥ १०॥
अन्नैदान बिना न दीकन कभै क्यै दक्षिणा विप्रमा।
शास्त्रैको विधि हीन मन्त्ररहितै श्रद्धा बिना लोकमा॥
जो यज्ञादि गरिन्छ त्यै तमगुणी हो यज्ञ संसारमा।
पाखण्डीहरु मूर्खबाट गरिने भन्ने बुझे चित्तमा॥ ११॥
द्यौता ब्राह्मण विज्ञ फेरि अतिथी मान्ने गुरूजी कनै।
सेवा खुब् गरि शील सत्य निजको पाल्ने खुशीभै मनै॥
हिंसालाइ त्यजेर बस्दछ जउन् ठीक् ब्रह्मचर्यै महाँ।
देहैको तप सोहि जान तिमिले मैले बताएँ यहाँ॥ १२॥
अर्काको मनलाइ कष्ट न-दिने साँचो र प्यारो अनी।
वाणी हुन् हितकारि सुन्न बढ़िया मीठा रसीला पनी॥
शास्त्रादीहरुको र वेदहरुको अभ्यास गर्नू पनी।
जान्नू वाचिक[2] हो ठुलो तप सबै विद्वान् कहन्छन् भनी॥ १३॥
आफ्नू इन्द्रियलाइ राख्नु वशमा गर्नू कुरा थोर् अती।
हर्दम् चित्त प्रसन्न राख्नु मनको होस् भाव ठूलो कती॥
गर्दै शुद्ध विचार बस्नु जुन हो त्यस्लाइ ज्ञानी यहाँ।
मान्छन् मानस[3] हो तपै भनि सदा संसारका बीचमा॥ १४॥

१ खानेकुराहरू। २ बोली सम्बन्धी, वचनको। ३ मनको।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

देहैको अनि वाणिको र मनको जो तीन मैले यहाँ।
विस्तारै तपको गरें ति फलको आशा विनाले यहाँ॥
उत्पन्नै यदि हुन् त सात्विक तपै यिन्लाइ भन्नू भनी।
भन्छन् पण्डित विज्ञले बुझ तिमी साँचै कुरो हो भनी॥ १५॥

आफूलाइ अनेक प्राणिहरुले मानुन् ठुला हुन् भनी।
भन्ना खातिर जो गरिन्छ तप पो हो दम्भपूर्णै[1] अनी॥
त्यै हो चंचल अस्थिरै तप सदा हो राजसी भन्दछन्।
जस्को हुन्छ रजोगुणै उनिहरू त्यस्तो तपै गर्दछन्॥ १६॥

आफ्नू ता उपकार जौन नरले गर्दैन कैहे पनी।
त्यस्तो मानिस खोजि दान दिनु ता कर्तव्य हाम्रो भनी॥
देशै काल र पात्र पाइकन जो दानादि दिन्छन् यहाँ।
त्यै हो सात्विक दान विज्ञहरुले मानीयको लोकमा॥ १७॥

अर्काको उपकारको त बदला चूकाउने सुर् गरी।
पाऊँला फल दानको पछि भनी दुःखै मनैमा धरी॥
यस्तो दान दिइन्छ जो जगतमा त्यस्लाइ जान्नेहरू।
भन्छन् राजस-दान हो प्रिय! सुन्यौ धेरै कुरा के गरूँ॥ १८॥

जो हो आदर हीन मान रहितै देशै र कालै अनी।
पात्रैलाइ बिना बिचारि दिइने खोजी अपात्रै पनी॥
त्यस्तो तामस-दान हो जसकनै दिन्छन् ति मूर्खै यहाँ।
राम्रो दान बताउँछु सुन तिमी एकाग्र भै चित्तमा॥ १९॥

'ओम् तत्सत्' यहि तीन नाम बुझलौ श्रीब्रह्मको हो भनी।
भन्छन् एहि ति तत्त्वदर्शिहरुले जान्ने बहूतै बनी॥
विप्रै-वेद सुयज्ञ तीन यिनि ता यै ब्रह्मदेखिन् यहाँ।
उत्पन्नै पहिले भए बुझ तिमी संसारका बीचमा॥ २०॥

यै हेतू हुनगै सबै जनहरू ओम् पाठ पैहे गरी।
गर्छन् यज्ञ तपादि दान अनि फेर् आनन्द माहाँ परी॥
छन् याहाँ जति ब्रह्मवादि[2] अहिले ओम् नाम पैहे लिई।
लागे गर्न तपादि पूर्ण विधिले खूशी बहूतै भई॥ २१॥

"तत् यै शब्द कहन्छ ब्रह्म उहि हो सोही पहीले भनी।
मोक्षार्थीहरु गर्दछन् मख-तपै-दानादि-धर्मै पनी॥
नाना भाँति अनेक दान-धरमै संसारमा छन् जती।
पैहे "तत् न भनी हुँदैन कहिल्यै हे पार्थ! बूझे यती॥ २२॥

---

१ पाखण्डले भरिएको। २ आस्तिकहरू।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सद् भावादि र साधु भावहरुमा सत्‌को प्रयोगै भयी ।
सारा मंगल काम-काजहरुमा त्यै शब्द लाग्ने गयी ॥
गर्छन् मानिसले प्रयोग उसकै कर्मादि राम्रा महाँ ।
त्यै जोड़िन्छ गएर जान तिमिले त्यै शब्द सत् नै महाँ ॥२३॥
यज्ञै दान र फेरि जो तप भयो धर्मादि कार्य्यैंहरू ।
सत् नामै सित छन् प्रसिद्ध भवमा भन्ने कुरा के गरूँ ॥
श्री नारायणका निमित्त गरिने कर्मादिलाई पनी ।
त्यै हो "सत्" भनि ठान्दछन् हृदयमा जान्नेहरुले पनी ॥२४॥
श्रद्धा क्यै न भएर आफ्नु मनले श्रद्धा विहीनै भयी ।
जो दानादि अहो ! दिइन्छ अनि फेर् यज्ञादि गर्दै रही ॥
श्रद्धाहीन भई गऱ्यो तप भने त्यै भो असत् लोकमा ।
त्यस्ले काम दिनेछ लोक द्वयमा कल्याण केही कहाँ ! ॥२५॥

❋ इति सप्तदश अध्याय ❋

NEPAL SANSKRIT UNIVERSITY
पुस्तकालय

❋ अष्टादश अध्याय ❋

(मोक्ष संन्यास योग)

श्रद्धाको कहि बक्सियो प्रभुजिले वार्ता जउन् त्यै सुनी ।
लागे अर्जुन बिन्ति गर्न उ बखत् यस्ता तवर्‌ले भनी ॥
केशीनाशक[1] ! पूर्णब्रह्म ! भगवन् ! त्यागै र संन्यासमा ।
कत्तीको छ फरक् बताउनु हवस् ऐल्हे हजुर्‌ले यहाँ ! ॥ १ ॥
ज्ञाने तत्त्व समस्त जान्न अनि फेर् संन्यास वार्ता पनी ।
जान्नै लाइ भनेर खोज्छ मनले अत्यन्त नम्रै बनी ॥
तस्मात् भेदहरू जती छ दुइमा श्रीमान् दयालु हरी ! ।
सोही आज म सुन्न पाउँ भगवन् ! प्रीती मनैमा धरी ॥ २ ॥
यस्तो प्रश्न सुनी धनञ्जयजिको श्रीमान् हरीले अनी ।
आज्ञा गर्नुभयो ति पार्थकन ता हे पार्थ ! भन्छु भनी ॥
सारा काम्यक कर्मका फलहरू त्याग्नु उही "त्याग" हो ।
यै भन्छन् सब पंडितादि जनले सोही पनी ठीक हो ॥ ३॥

१ केशीदैत्यलाई मार्ने ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गर्दामा शुभकर्म आश फलको कत्ती न राख्नू यहाँ।
त्यै "संन्यास" भनेर विज्ञहरुले भन्छन् जगत् बीचमा॥
भन्छन् कोहि त त्याज्य कर्म सब हुन् जानेर दोषी यहीं।
भन्छन् कोहि भने त दान तप भो यज्ञै न-त्याग्नू कहीं॥ ४॥

भन्छ भारत! त्यागका विषयमा लौ आज ऐहे यहाँ।
मेरो निश्चित जौन हो मत उही तिम्रा अगाड़ी महाँ॥
हुन्छन् त्यागहरू त तीन थरिका संसारमा हर्घरी।
यै तिम्ले बुझिराख पार्थ! मनले अत्यन्त राम्रो गरी॥ ५॥

यज्ञै भो तप भो कि दानहरु भो यी कर्म कैल्है पनी।
त्याग्नू हुन्न भनेर जान मनले हो ठीक वार्ता भनी॥
यस्ता कर्म अवश्य गर्नु परने हुन् यी गरेमा यहाँ।
गर्छन् चित्त पवित्र यी करमले संसारिका[2] लोकमा॥ ६॥

त्याग्नू पर्दछ आश जो छ फलको यी कर्म गर्दामहाँ।
मेरो जुन् सुमती थियो कहिदिएँ तिम्रा अगाड़ीमहाँ॥
आफ्नू कर्म छ नित्य जुन् गरिइने त्याग्नू न कैल्है कहीं।
मोहैले यदि त्याग्छ तामस भयो सो त्याग जान्नू यही॥ ७॥

कामै जुन् गरदा हुनेछ भय फेर् क्लेशादि पर्नन् भनी।
कर्त्तव्यैकन त्याग्छ ता पुरुषले काफर् पहीले बनी॥
त्यै हो राजस-त्याग त्यै गुण हुने मानीस गर्छन् यहाँ।
पाईंदैन कदापि त्यागफल पो त्यस्तो त त्यागै महाँ॥ ८॥

"मैले ता फल पाउँनेछु यसको" भन्ने न सोची यहाँ।
जो कामै गरिइन्छ है नियमले एही जगत् बीचमा॥
मेरो ता मतिमा त्यही असल हो जस्लाइ ज्ञानी सदा।
भन्छन् सात्विक त्याग हो भनिकनै हे आर्य! संसारमा॥ ९॥

जस्ले ता शुभ कार्यमा पिरति क्यै राख्दैन संसारमा।
दुष्कर्मैं सित द्वेष छैन जसको कैल्है कदाचित् यहाँ॥
सत्वैयुक्त र संशयै रहितको त्यै त्यागि यो लोकमा।
त्यागी हुन्छ विशेष विज्ञ हुनगै मानिन्छ ज्ञानी महाँ॥१०॥

सक्तैनन् यहिं देह धारिहरुले राम्रा तवर्ले गरी।
कर्मैंको परित्याग गर्न कहिल्यै संसारमा यस् घरी॥
साँचो त्यागि त्यही कहिन्छ नरमा जुन् प्राणिले ठीक् गरी।
कर्मैका फलको त यै जगतमा बस्नेछ त्यागै गरी॥११॥

१ छोड्ने लायक। २ प्राणीहरूका।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कर्मैंका फल तीन छन् सुन सखे ! भन्छु म सोही यहाँ ।
इष्टै भो र अनिष्ट भो अनि पछी मिश्रै भयो लोकमा ॥
पाऊँछन् परलोकमा फल सबै अत्यागिले जान यो ।
त्यागीले त न पाउँने छ फल ता बातै त सच्चा छ पो ॥ १२ ॥

सारा कर्महरू त सिद्धि हुनका खातिर् कुरा छन् जती ।
सांख्यै शास्त्रविषे प्रदर्शित ति छन् राम्रा तवलें अती ॥
त्यस्मा कारण आदि जुन् ति कहिए पाँचै किसिम्का तहाँ ।
सोही आज बताउँछु सुन सखे ! तिम्रा अगाड़ीमहाँ ॥ १३ ॥

हेतू कारण कर्मसिद्धिहरुका छन् मुख्य पाँचै भनी ।
जानी ल्यौ तिमि राम्ररी अब यहीं पाँचै कुरा हुन् यिनी ॥
देही[1] देह[2] र इन्द्रियादि[3] अनिफेर् इच्छा[4] र प्रारब्ध[5] यी ।
मुख्यै कारण पाँच हुन् कहिदिएँ हे पार्थ ! जाने तिमी ॥ १४ ॥

मान्छेका तनले र बोलिहरुले फेरी मनैले अनी ।
न्यायैले कि अन्यायले जुन हुनन् कर्मादिहेरू पनी ॥
जानील्यौ गुण-धाम[6] ! पाँच तिनि हुन् हेतू तिनैमा यहाँ ।
विस्तारै सितले बताइन गयो तिम्रा अगाड़ीमहाँ ॥ १५ ॥

आत्मालाइ त मात्र मान्छ जसले कर्त्ता स्वयं हूँ भनी ।
त्यै हो दुर्मति बुद्धिहीन भवमा राम्रै विनष्टै पनी ॥
शेखी कयै गरदैन कर्मफलमा आशा न राख्ने रती ।
त्यस्ले केहि विनष्ट पो यदि गरोस् निर्लेप होला अती ॥ १६ ॥

कर्मैंको पनि प्रेरणा जगतमा हुन्छन् ति तीनै थरी ।
ज्ञाता ज्ञेय र ज्ञान जान तिमिले यी तीन गिन्ती गरी ॥
कर्मैंका पनि संग्रहै त्रिविध[7] छन् जानीलिनू लोकमा ।
कर्त्ता कर्म अनी जउन् करण हो संयोग हूँदा महाँ ॥ १७ ॥

तीनोटै[8] गुणबाट भेद हुनगै संसारका बीचमा ।
कर्त्ता ज्ञान र कर्मका पनि भए भेदादि तीनै यहाँ ॥
यस्को वर्णन सांख्यशास्त्र बिचमा पाइन्छ राम्रो अती ।
विस्तारै सँग गर्छु वर्णन यहाँ हे द्रौपदीका पती ! ॥ १८ ॥

भिन्नै भिन्न चराचरादिहरुमा आफू रहेरै यहाँ ।
कम्ती बेसि न-भै समान रितले जो ब्रह्म छन् देहमा ॥
जस्ले अव्ययभाव यो जगतमा देख्ने छ राम्रो गरी ।
त्यै हो "सात्विक ज्ञान" यै पृथिविमा जान्नू विचारै गरी ॥ १९ ॥

---

१ कर्त्ता । २ अधिष्ठान । ३ कारण । ४ चेष्टा । ५ दैव । ६ गुणहरूका घर । ७ तीन प्रकारको । ८ सत्व, रज, तम ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सारा प्राणिविषे पृथक् पृथक छन् जीवादि यस्तो गुनी।
गर्छन् सौख्य र दुःखभोग तिनिले यै बात साँचो भनी॥
त्यस्तो ज्ञान हुनू छ जो हृदयमा त्यस् ज्ञानलाई यहाँ।
भन्छन् "राजस ज्ञान" विज्ञहरुले हेर्दा विचार्दा महाँ॥ २०॥

आत्मा भन्नु त देह खास यहि हो भन्ने विचारै गरी।
देहैमा हुनु लुब्ध कारण विना जानेर मुग्धै सरी॥
त्यै हो आशय—हीन[1] अल्प कहिने व्यर्थै कहीने पनी।
भन्छन् "तामस ज्ञान" विज्ञहरुले मान्छन् छ तुच्छै भनी॥ २१॥

राग-द्वेष विना असंगि हुनगै आशा फलैको त्यजी।
गर्ने काम त "सात्विकै करम" हो, भन्छन् सबैले बुझी॥
शेखीले अति यत्नले फलहरू पाइन्छ यस्को भनी।
गर्ने "राजस-कर्म" हो जगतमा हे आर्य ! जाने तिमी॥ २२॥

हिंसा पो यसबाट हुन्छ कि यहाँ हानी हुने हो भनी।
जस्को ता परिणाम मालुम न-भै सामर्थ्य आफ्नू पनी॥
काहाँ सम्म छ क्यै न-जानि मनले मोहै परे झैं गरी।
जो कामै गरिइन्छ "तामस-करम्" त्यै जान राम्रो गरी॥ २३॥

शेखी संगति बाट जो रहित भै हर्दम् हुँदै साहसी।
कार्यै गर्छ र लाभ हानिहरुको गर्दैन चिन्ता बसी॥
यस्तो मानिस निर्विकार मनको धैर्यै भई बस्छ जो।
"कर्त्ता सात्विक" यो सबै पृथिविमा जानीलिनू सोहि हो॥ २४॥

लोभी फेर् फल-इच्छुकै हुनगई जीवादिको घातकी[2]।
बस्ने भै अ-पवित्र प्रेम पनि ता गर्ने झुटो पातकी॥
हर्षै-शोक बिषे परेर रहने बेला-वखत्‌मा पनी।
"कर्ता राजस" हो त्यही पुरुष पो यो जान्नु साँचो भनी॥ २५॥

द्रोही अल्छि अयुक्त दुःखि शठ फेर् उन्मत्त देख्दा अनी।
धेरै नींद लिने गवार लठुवा यस्ता मनुष्यै पनी॥
"कर्त्ता तामस" हुन्छ विज्ञहरुले सोची-विचारी यहाँ।
व्यर्थैको नरमा पशू भनिकनै ठान्छन् सदा चित्तमा॥ २६॥

भेदादी त गुणानुसार यहि छन् सान्है न-जाती निका।
हुन्छन् यी त्रिविधै भनेर बुझिन्यौ बुद्धी र धैर्यादिका॥
भिन्नै-भिन्न गरेर ती सब यहीं खोलेर बिस्तारले।
ऐल्हे दिन्छु कही धनञ्जय ! तिमी लौ सुन सानन्दले॥ २७॥

---

१ तात्पर्य रहित। २ हत्यारा।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गर्ने कर्म कउन् छ यस् जगतमा फेरी न गर्ने पनी ।
कर्मैं कुन् छ डरै छ कुन् गरिलिए डर् छैन कुन्मा अनी ॥
कार्यैं कस्कन भन्नुपर्छ अनि ता फेरी अकार्यैं पनी ।
जान्ने बन्धन-मोक्षका सब कुरा हुन् "सत्वबुद्धी" तिनी ॥ २८ ॥

धर्माधर्म[1] र कार्यलाइ अनि फेर् जो हो अकार्यैं पनी ।
जो जान्दैन कदापि यस् जगतमा मूढै सरीको बनी ॥
त्यै बुद्धीकन "राजसी" बुझ तिमी जस्ले त उल्टै यहाँ ।
बूझी अर्थ उ मोह पर्दछ भने त्यै "तामसी" हो यहाँ ॥ २९ ॥

चित्तै प्राण र इन्द्रियादिहरुका व्यापार राम्रो गरी ।
जुन् चाहीं धृतिले त धारण पनी गर्लो अगाडी सरी ॥
योगैमा मन दी सबै ति व्यभिचारादी विहीनै हुनू ।
त्यै हो सात्विक धैर्य पार्थ ! बुझलौ धेरै कुरा के भनूँ ! ॥ ३० ॥

आशा चित्तविषे लिएर फलको धर्मादि कार्यैं यहाँ ।
जुन् चाहीं धृतिले त धारण गरोस् क्वै प्राणिले लोकमा ॥
भन्छन् राजसि धारणा जगतमा जान्नेहरू छन् जती ।
इच्छा भो फलको भने बुझ सखे ! भो धारणा राजसी ॥ ३१ ॥

निद्रा ताप घमण्ड शोक भयमा हर्दम् लगाई मती ।
उल्टै बुद्धि हुनू सदा विषयमा लाग्नू न सोची रती ॥
यस्तो तामस-धारणा हुनु भनी भन्छन् सबैले यहाँ ।
दुष्टै मानिसमा रहन्छ गुण यो जानीलिए चित्तमा ॥ ३२ ॥

यो पृथ्वीतलमा छ तीन थरिको सौख्यादि जानीलिनू ।
अभ्यासादि गरीलिए ति सबको आनन्द होला भनू ॥
छन् याहीं जति दुःख कष्ट ति सबै भस्मै खरानी भई ।
अभ्यासी जनलाइ सौख्य बढ्ला आनन्द साथै रही ॥ ३३ ॥

थान्दामा नरले छ जुन् जहर झैं जैह्ले गरे ता पनी ।
आखीरी फल अमृतै सम हुने अत्यन्त मीठो बनी ॥
आत्मज्ञान भएर हर्षित हुनू सानन्द चित्तै गरी ॥
त्यै हो सात्विक सौख्य विज्ञ जनले भन्छन् अगाड़ी सरी ॥ ३४ ॥

पैहे यी विषयेन्द्रियादिहरुको सौख्यादि संसारमा ।
लाग्ने अमृत झैं बहूत बढ़िया खुब् श्रेष्ठ जस्तो यहाँ ॥
सोही आखिरमा परन्तु फल ता हूने विषैका सरी ।
सोही हो सुख राजसी गुणिहरू त्याग्छन् न-नीको गरी ॥ ३५ ॥

---

१ धर्म र अधर्म ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पैहेलमा अनि अन्तमा सहजमा मोहै गराई लिने ।
निद्रा अल्छि प्रमाद जन्म हुनगै मूढै बनाई दिने ॥
भन्छु हे गुणधाम ! अर्जुन ! सुन्यौ त्यस्ता किसिम्को भई ।
यो संसार विषे रहन्छ सुख जुन् त्यै जान हो तामसी ॥ ३६ ॥
यो पृथ्वीतलमा र अम्बरविषे[1] देवादिका बीचमा ।
यस्तो क्वै पनि प्राणि छैन बुझनू जुन् यी गुणै तीनमा ॥
लीने[2] छैन कदापि जान तिमिले को छन् गुणै हीनका ।
लीनै छन् सब प्राणि तीन गुणमा क्वै छैन बाँकी यहाँ ॥ ३७ ॥
बाहुन् क्षत्रिय वैश्य शूद्रहरुको बानी छ जुन् आदतै ।
सोही माफिकगर्नु पर्दछ जउन् कार्यादि यो लोकमै ॥
भिन्नै भिन्न ति काम्य कर्महरुको बाँधेर रीती यहाँ ।
चारै भाग गराइ मानिस भए फेर् चार जातै महाँ ॥ ३८ ॥
आफ्ना इन्द्रियवर्ग राख्नु बशमा सौख्यै र दुःखै सही ।
सोझो चाल गरेर बस्नु र दया राख्नू सुविद्या भई ॥
शुद्धै भै रहनू स्व-चित्तकन ता रोक्नू तपस्वी बनी ।
भक्ती ईश्वरको त गर्नु बुझलौ हो ब्रह्मकर्मै भनी ॥ ३९ ॥
दीनू दान र तेजवन्त हुनु फेर् खुब् शूर वीरै भई ।
बस्नू स्वामि बनेर न्याय गरनू रणमा न भाग्नू कहीं ॥
हर्दम् धैर्य हुनू यि लक्षण सबै मैले बताए जती ।
बानीकै अनुसार क्षत्रिहरुको हो धर्म जान्नू यती ॥ ४० ॥
खेतीपाति गरेर बस्नु कि भने व्यापार गर्नू अनी ।
रक्षा गर्नु समस्त गाइहरुको पाली दयालू बनी ॥
यै हो धर्म स्वभाव माफिक कहें वैश्यैहरूको यहाँ ।
सेवा गर्नु छ धर्म शूद्रहरुको यो मर्त्य-लोके महाँ ॥४१॥
आफ्नै ता निजकर्मले जगतमा मिल्नेछ सिद्धी अनी ।
कर्त्तव्यैतिर प्रेम भै जसरि हो हूनेछ सिद्धी पनी ॥
सोही भन्दछु पार्थ ! व्यापक भयी जस्बाट सृष्टी भयो ।
आफ्नू कर्म गरी भज्यो प्रभु भने त्यस्को यहीं सिद्धि भो ॥४२॥
आफ्नै निम्ति छ आफ्नु धर्म जगमा कल्याणकारी अती ।
अर्काको सब धर्म होस् सुलभ ता त्यस्मा न-लाग्नू रती ॥
आफ्नै जाति-स्वभावको करमले यो मर्त्यलोकै महाँ ।
लाग्ने छैन कदापि पाप बुझलौ हे पार्थ ! तिम्ले यहाँ ॥४३॥
दोषैयुक्त भए पनी जगतमा आफ्नो स्वकर्मै महाँ ।
लाग्नू जाति छ त्याग्नु सोहि न-निको होला अयोग्यै यहाँ ॥

१ आकाशमा । २ लागेको ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पैह्ले दोष अवश्य हुन्छ सबमा जस्तो किसिमूले गरी ।
आगोमा रहने छ जान तिमिले धूवाँ अवश्यै गरी ॥ ४४ ॥
हर्दम् आफु जितेन्द्रियै हुनगयी लुब्धै न भै क्यै महाँ ।
जो गर्दैन असत्य प्रेम जसको शुद्धी भयो चित्तमा ॥
संन्यासै उसले गरोस्त सहजै त्यस्तो त प्राणी सदा ।
पाऊँनेछ अवश्य जान सुगती बिग्रन्न काहीं कदा[1] ॥ ४५ ॥
जस्ले सिद्धि त प्राप्त पो गरिलियो त्यस्तो मनुष्यै यहाँ ।
जस्तो रीति गरेर लिप्त[2] पनि त्यो हूनेछ ब्रह्मै महाँ ॥
आफू सिद्ध भएर ईश्वर कनै पाऊँछ जस्तो गरी ।
त्यै मुख्यै शुभ ज्ञान भन्छु अहिले संक्षिप्त चाला गरी ॥ ४६ ॥
आफ्नू शुद्ध मती गराइ सहजै रागादि द्वेषै त्यजी ।
त्यागी भोगविलास सौख्य जति छन् शब्दादिहेरू जती ॥
वैराग्यै लिइ थोर भोजन गरी एकान्तमा बस्छ जो ।
लागेको भइ ध्यानयोग बिचमा शेखी त छाड़ीदियो ॥ ४७ ॥
जम्मा गर्नु बटुल्नु त्याग गरने फेर् काम - क्रोधै पनी ।
त्यागी छोड्दछ ता समस्त ममता जिद्दी नगर्ने बनी ॥
शेखी गर्व पनी कभै नगरने हर्दम् छ शान्तै जउन् ।
दानादी नलिने कभै जगतमा मोक्षै तिनै प्राणि हुन् ॥ ४८ ॥
आफ्नै आत्मविषे प्रसन्न रहला जैह्ले पनी ठिक् गरी ।
ब्रह्मज्ञान भएर प्राणि जति छन् ठान्ला समानै गरी ॥
जो कैल्है पछिताउँदैन अरुको राख्दैन आशा रती ।
मेरो भक्ति अवश्य प्राप्त गरला त्यस्ले सजीलै अती ॥ ४९ ॥
"कत्रो छु म बडो अनी जगतमा कस्तो म छु" यो अनी ।
जस्ले जान्दछ भक्तिबाट मकनै जस्तो म हूँ सो पनी ॥
यो तत्वैकन जानि प्राणि जुन हो सो भक्त मेरो यहाँ ।
मैमा आइ उ मिल्छ दिव्यपदमा जान्थ्यो उ फेरी कहाँ ? ॥ ५० ॥
मेरै आश्र लिएर कर्म बढ़िया जो गर्छ संसारमा ।
पाऊला अविनाशि[3] दिव्य पद सो मेरै कृपाले वहाँ ॥
आफ्नू कर्म समस्त अर्पण गरी मैमा मनैले यहाँ ।
मैमा चित्त दिएर पार्थ ! पर लौ मेरै त निष्ठा महाँ ॥ ५१ ॥
मैमा चित्त लगाइ मैकन भजी विघ्नादि देखिन् यहाँ ।
हौला पार अवश्य गर्ववश भै सोही न-सुन्दा महाँ ॥
बिग्रौला तिमि गर्वले यदि कहू "गर्दीन युद्धै यहाँ" ।
मिथ्या[4] सोहि हुनेछ गर्छ प्रकृती संलग्न युद्धै महाँ ॥ ५२ ॥

१ कहिले । २ लागेको । ३ नाश न हुने । ४ झूटा ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मोहैका वशमा परेर कि भने स्नेहै विना भै यहाँ।
जुन् कामैकन गर्न छैन मन ता यो वर्त्तमानै महाँ॥
आफ्नै बन्धन कर्मले[1] उहि करम् तिम्ले अवश्यै गरी।
गर्ने छौ बुझिलेउ पार्थ! तिमिले आफैं अगाड़ी सरी॥ ५३॥

संसारी सब प्राणिका हृदयको रोजेर ठाऊँ महाँ।
आफैं श्रीपरमेश्वरै गरदछन् आफ्नू निवासै तहाँ॥
नाच्छन् ती कठपूतली जसरि है संसारमा हर्घरी।
आफैं नाच नचाउँछन् सबकनै तिन्ले उही चाल् गरी॥ ५४॥

तिन्कै लौ पर हे सखे! शरणमा आशा उनैको धरी।
पाऊला तिमि शान्ति सत्पद समेत् तिन्कै कृपाले गरी॥
गुप्तैमा अति गुप्त ज्ञान पनि ता मैले बताएँ यहाँ।
सोची जो गरनू छ सोहि गर लौ यो वर्तमानै[2] महाँ॥ ५५॥

छौ तीमी अति प्रेम-पात्र मकनै त्यस् निम्ति मैले यहाँ।
फेरी भन्दछु कान थापि सुनलौ यै गुप्त वार्त्ता महाँ॥
देऊ चित्त ममा तिमी बन सदा खुब् भक्त मेरो अनी।
पूजा मैकन ता गरी गर प्रणामै प्रेमि भक्तै बनी॥ ५६॥

एती काम गऱ्यौ भने सुन सखे! साँचै कहन्छु यहाँ।
मैमा आइ तिमी अवश्य मिलि पो बस्छौ परन्तू महाँ॥
छोड़ी-छाड़ी समस्त धर्मकन ता मेरै शरण्मा परे।
मुक्तै गर्दछु पापबाट यसमा फिक्री न केही गरे॥ ५७॥

जो ता छैन तपस्वि मानिस भई जो छैन भक्तै पनी।
जो सुन्दैन कदापि बात अरुको साह्रै घमण्डी बनी॥
त्यस्ता मानिसलाइ यो सब कुरा मैले बताए जती।
तिम्ले पार्थ! न-भन्नु त्यस्सित कभै जानेर पापी अती॥ ५८॥

मैले गुप्त कुरा भने जति सबै मेरा ति भक्तैमहाँ।
जस्ले प्रेमवशै भएर कहला पारेर एकान्तमा॥
मेरै भक्ति प्रगाढ़ले[3] उ मकनै हूनेछ प्राप्तै भनी।
निःसन्देह म भन्दछु सुन सखे! यो गुप्तवार्त्ता[4] पनी॥ ५९॥

यो पृथ्वीतलमा नरादि जति छन् सम्पूर्णका बीचमा।
त्यस्भन्दा बढ़िछैन कोहि प्रिय पो मेरा निमित्तै महाँ॥
त्योभन्दा अरु कोहि हुन्न प्रिय फेर् कौनै बखत्मा पनी।
जस्ले भक्तकनै कहन्छ यि कुरा त्यै मान्छु प्यारो भनी॥ ६०॥

१ कर्म बन्धनले। २ अहिलेको समयमा। ३ गाढा। ४ गोप्य कुरा।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यो हामी दुइको सुधर्म युतको सम्वादलाई यती ।
जल्ले चित्त दिएर पढ्दछ सुन्यौ मानेर चाखै अती ॥
ज्ञाने-यज्ञ गरेर पूजन गऱ्यो त्यस्ले मलाई पनी ।
एही ठान्दछु हे सखे ! बुझ तिमी साँचै कहेको भनी ॥ ६१ ॥
ईर्ष्या हीन भएर चित्तकन ता यस्मा लगाईवरी ।
"गीता" सुन्दछ पो भने बुझ सखे ! यस्माथि श्रद्धा गरी ॥
धर्मात्मा जनले जहाँ गइकनै बस्छन् परन्तू[1] महाँ ।
मुक्ती पाइ त्यहीं गएर बसला त्यो प्राणि आखीरमा ॥ ६२ ॥
प्यारे अर्जुन ! चित्तलाइ तिमिले एकाग्र गर्दै यहाँ ।
के सून्यौ कि जती सबै कहिदिएँ मैले त अर्ती यहाँ ? ॥
पैल्हेको सरि मोह फेरि अघिको अज्ञान के यस्घरी ।
बाँकीनै छ कि गैगयो कहु सखे ! मेरा अगाड़ी सरी ? ॥ ६३ ॥
सुन्दा केशवका कुरा उहि बखत् ती पार्थ नम्रै भई ।
गर्छन् विन्ति समस्त मोह छुटिगो अज्ञान मेरो गई ॥
पाएँ आज हजूरको भयि कृपा जो हुन्छ आज्ञा यहाँ ।
सो गर्नै म तयार छु यदुपते ! सन्देह गै गो कहाँ ॥ ६४ ॥
श्रीकृष्णार्जुनको त अद्भुत यती सम्वाद विन्ती गरी ।
भन्छन् संजयले ति अन्धनृपमा यस्ता तवर्ले गरी ॥
हे राजन् ! दुइ कृष्ण-पार्थहरुको रोमाञ्चकारी[2] अती ।
यो सम्वाद सबै सुने हृदयमा आह्लाद[3] भो खुब् अती ॥ ६५ ॥
वेदव्यासजिको कृपा हुँनगयो त्यै गुप्त सम्वाद पो ।
राजन् ! सर्व सुनीलिए ति दुइको यो चित्त आनन्द भो ॥
श्रीयोगेश्वर कृष्णले कहनु भो आफ्ना मुखैले वहाँ ।
सोही पावन भव्य ज्ञानकन भो खुब् हर्ष सम्झी यहाँ ॥ ६६ ॥
फेरी तैपनि कृष्णको उहि ठुलो अद्भुत् स्वरूपै पनी ।
संझन्छु अति तेजिलो हृदयमा आनन्द मान्छु अनी ॥
संझन्छु जब विश्वरूप हरिको तत्काल छातीमहाँ ।
बारम्बार मलाइ हर्ष र अनी आश्चर्य लाग्ने यहाँ ॥ ६७ ॥
श्रीयोगेश्वर कृष्णचन्द्र प्रभुजी जाहाँ हुँनन् यस्घरी ।
जाहाँ छन् धनुधारि पार्थ म यही भन्छु अगाड़ी सरी ॥
लक्ष्मी जीत विभूति निश्चय पनि होला अवश्यै तहाँ ।
एही ठान्दछु बुद्धिले नरपते ! मैले हमेशा यहाँ ॥ ६८ ॥

इति अष्टादश अध्याय समाप्त ।

१ आखिरमा । २ आङ्जुरुङ्ग गराउने । ३ खुशी ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सप्तश्लोकी गीता

श्रीगणेशाय नमः ।। ओमित्येकाक्षरं ब्रह्म व्याहरन्मामनुस्मरन् ।। यः प्रयाति त्यजन्देहं स याति परमां गतिम् ।। १ ।। स्थाने हृषीकेश तव प्रकीर्त्या जगत्प्रहृष्यत्यनुरज्यते च ।। रक्षांसि भीतानि दिशो द्रवन्ति सर्वे नमस्यन्ति च सिद्धसंघाः ।। २ ।। सर्वतः पाणिपादं तत्सर्वतोऽक्षिशिरोमुखम् ।। सर्वतः श्रुतिमल्लोके सर्वमावृत्य तिष्ठति ।। ३ ।। कविं पुराणमनुशासितारमणोरणीयांसमनुस्मरेद्यः ।। सर्वस्य धातारमचिन्त्यरूपमादित्यवर्णं तमसः परस्तात् ।।४।। ऊर्ध्वमूलमधःशाखमश्वत्थं प्राहुरव्ययम् ।। छन्दांसि यस्य पर्णानि यस्तं वेद स वेदवित् ।। ५ ।। सर्वस्य चाहं हृदि सन्निविष्टो मत्तः स्मृतिर्ज्ञानमपोहनं च ।। वेदैश्च सर्वैरहमेव वेद्यो वेदान्तकृद्वेदविदेव चाहम् ।। ६ ।। मन्मना भव मद्भक्तो मद्याजी मां नमस्कुरु ।। मामेवैष्यसि युक्त्वैवमात्मानं मत्परायणः ।। ७ ।।

इति सप्तश्लोकी गीता सम्पूर्णा ३५ ।

गीतामाहात्म्यम्

गीताशास्त्रमिदं पुण्यं यः पठेत्प्रयतः पुमान् । विष्णोः पदमवाप्नोति भयशोकादिवर्जितः ।।
गीताध्ययनशीलस्य प्राणायामपरस्य च । नैव सन्ति हि पापानि पूर्वजन्मकृतानि च ।।
मलनिर्मोचनं पुंसां जलस्नानं दिने दिने । सकृद्गीताम्भसि स्नानं संसारमलनाशनम् ।।
गीता सुगीता कर्तव्या किमन्यैः शास्त्रविस्तरैः । या स्वयं पद्मनाभस्य मुखपद्माद्विनिःसृता ।।
भारतामृतसर्वस्वं विष्णोर्वक्त्राद्विनिःसृतम् । गीतागङ्गोदकं पीत्वा पुनर्जन्म न विद्यते ।।
सर्वोपनिषदो गावो दोग्धा गोपालनन्दनः । पार्थो वत्सः सुधीर्भोक्ता दुग्धं गीतामृतं महत् ।।

एकं शास्त्रं देवकीपुत्रगीतमेको देवो देवकीपुत्र एव ।
एको मन्त्रस्तस्य नामानि यानि कर्माप्येकं तस्य देवस्य सेवा ।।

पाराशर्यवचःसरोजममलं गीतार्थगन्धोत्कटं नानाख्यानककेसरं हरिकथासम्बोधनाबोधितम्
लोके सज्जनषट्पदैरहरहः पेपीयमानं मुदा भूयाद्भारतपङ्कजं कलिमलप्रध्वंसि नः श्रेयसे ।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

महाराज युधिष्ठिरले द्रोण भीष्मादि गुरूजनहरू कहाँ गएर उनको आशीर्वाद लिनु ।

त्यै बेला गज-पीठमा सकल ती ❀ शस्त्रादि आफ्ना धरी ।
सोची केहि कुरा ति धर्मसुतले ❀ तत्काल भैंमा झरी ॥
एक्लै पैदल कौरवादिहरूका ❀ सेना तिरै गै गए ।
सो देखी कन पार्थले हरि सितै ❀ यो बिन्ति गर्दा भए ॥१॥
हेर्नूहोस् भगवन् ! ति शत्रुहरूको ❀ त्यो सैन्यमा यस् घरी ।
आफ्नै ता घरमा गए सरि खुबै ❀ आनन्द माहाँ परी ॥
एक्लै जानु हुँदैछ भूपति भने ❀ दुर्योधनैले तहाँ ।
राख्यो बाँधि भने मिलेर सबले ❀ के गर्नु हाम्ले यहाँ ! ॥२॥
भन्छन् भीम सुनेर बात उ बखत् ❀ हे भाइ ! पाशा पनी ।
जुन् बुद्धी लिइ खेल्नु भो नृपतिले ❀ पैह्ले जुवाड़ो बनी ॥
त्यै बुद्धी लिइ आज शत्रुदलमा ❀ एक्लै गए भूपती ।
आज्ञा छैन कसोरि जानु नगए ❀ होला पछूतो अती ॥३॥
यस्ता वाक्य सुनी वृकोदरजिका ❀ श्रीकृष्णले त्यै घरी ।
हाँसी भन्नु भयो चुपै सब रहू ❀ के हुन्छ अड्कल् गरी ? ॥
राजाका मनको कुरा न-गर क्यै ❀ छन् धर्म जान्ने तिनी ।
ठान्छन् एक समान बैरि र सबै ❀ मित्रादिलाई पनी ॥४॥
आज्ञा माग्न लडाइँ गर्न ति गए ❀ मान्यादिका पासमा ।
फर्कन्छन् नृपती लिएर गुरुको ❀ आज्ञा अहीले यहाँ ॥
सेना साथ लिएर वीरहरु हो ! ❀ बोल्दै न-बोली रती ।
चूपै चाप रहेर हेर रमिता ❀ आनन्द मानी अती ॥५॥
धर्मात्मा नृपती युधिष्ठिर जसै ❀ यस्ता तबर्ले गरी ।
बैरीका दल तर्फ आउँनु भयो ❀ देख्दा उदेक्मा परी ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लागे कौरव गर्न आपस कुरा ❀ हे भाइ हो ! यस्घरी ।
देख्दा सैन्य ठुलो डराइ विचरा ❀ आए शरणमा परी ।।६।।
नाती धर्मकुमारलाइ यसरी ❀ साम्ने मुहूँड़ा दिई ।
आएका जब भीष्मले नजर भो ❀ अत्यन्त खूशी भई ।।
त्यै बेला रथदेखि उत्रनु भयो ❀ भेट्ने इरादा धरी ।
आई पाउ परे युधिष्ठिर अनी ❀ श्री भीष्मका त्यै घरी ।।७।।
हाँसी भीष्मजिले उठाइ करले ❀ झट् अङ्कमालै गरी ।
आज्ञा गर्नुभयो युधिष्ठिरजिमा ❀ आशीष जस्तो गरी ।।
राजन् ! शत्रु समस्त मारि तिमिले ❀ राज्यै गरौला यहाँ ।
होस् कल्याण तिमी जयी हुनगए ❀ पर्ने लड़ाइं महाँ ।।८।।
आशीर्वाद सुनेर धर्मसुतले ❀ फेरी उसै बीचमा ।
लागे भन्न हजूरलाइ त पिता ❀ ठान्दैछु मैले यहाँ ।।
पाँचै भाइहरू थियौं सब जना ❀ अज्ञानि साने अती ।
हाम्रो पालन गर्नु भो हजुरले ❀ आनन्द मानी कती ।।९।।
पाशा खेल्न लगाइ खुब् कपटको ❀ हामी भयौं हारन्यै ।
हाम्लाई बनमा पठाउनु हुँदा ❀ हामी गएथ्यौं बनै ।।
तेह्रै वर्ष अती ठुलो दुख सह्यौं ❀ दुर्योधनै भाइले ।
हाम्रो राज्य सबै लिए छल गरी ❀ मामादिको आड़ले ।।१०।।
पाँचै गाउँ मिलोस् भन्यौं तर पनी ❀ सुन्दै नसुन्नू भयो ।
युद्धै गर्न बरू तयार हुनु भो ❀ साह्रै उदेक् भै गयो ।।
सारा बात महाँ दबी कन रह्यौं ❀ होला विचारै भनी ।
हाम्रा माथि दया हटाउनु हुँदा ❀ आएँ हजुरमा अनी ।।११।।
को सक्नेछ हजूरलाइ रणमा ❀ जित्नै अगाड़ी सरी ।
जीतेथे परशूधरै कन पनी ❀ जस्ले लड़ाइं गरी ।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पाई आशिष बल्ल लौं हजुरको ❀ ठूलो भरोसा भयो।
हाम्रो नै जय हुन्छ यो समरमा ❀ भन्ने त विश्वास भो ॥१२॥
यस्तो बात सुनेर धर्मसुतको ❀ श्री भीष्म हाँस्नू भयो।
भन्नू भो अनि साधु छौ नरपते ! ❀ बुद्धी अपूर्वै छ हो॥
जाहाँ धर्म छ कृष्ण छन् बुझ उहीं ❀ छन् कृष्णजी लौ जहाँ।
त्याहीं नै शुभ कीर्ति साथ जय पो ❀ देखिन्छ संसारमा ॥१३॥
आज्ञा एति सुनी युधिष्ठिर गए ❀ फेर् द्रोणका पासमा।
देख्दैमा रथदेखि ओर्लनु भयो ❀ श्री द्रोण आनन्दमा॥
पाऊमा शिर राखि द्रोण गुरुको ❀ ढोगीदिएथे जसै।
खूशीभै गुरुले त आशिष दिए ❀ तिन्लाइ यस्तो तसै ॥१४॥
राजन्! आशिष दिन्छु बैरि जतिछन्❀ तिम्रा लडाईं महाँ।
गिर्नेछन् गर आफु पृथ्वि भरिको ❀ साम्राज्य-भोगै यहाँ॥
होस् कल्याण सदा सुकीर्ति चलदै ❀ सूनेर एती तहाँ।
लागे धर्मकुमार बोल्न गुरुका ❀ साम्ने अगाड़ी महाँ ॥१५॥
दीनू भो गुरुबाट आशिष जउन् ❀ सूनीलिएँ सो पनी।
फेरी तैपनि फिक्रि लाग्छ मनमा ❀ जित्छू कसोरी भनी॥
हातैमा धनु त्यो लिएर गुरुले ❀ जाँदा लड़ाइं महाँ।
वीरादीहरु तीन लोक भरिका ❀ टिक्छन् अवश्यै कहाँ॥१६॥
युद्धै गर्न भनेर उद्यत हुँदा- ❀ खेरी हजुर्ले यहाँ।
हामीले जय पाउँला कसरि पो ❀ त्यै युद्ध-भूमीमहाँ !॥
शंका एहि बुझी युधिष्ठिरजिको ❀ हाँसी गुरूले पनी।
लागे भन्न खुशी भएर इ कुरा ❀ यस्ता तवर्ले अनी ॥१७॥
राजन्! धर्म स्वरूप छौ तिमि सदा ❀ तिम्रो सहायै पनी।
छन् आफैं यदुनाथ ता जगतमा ❀ मित्रै सरीका बनी॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

फिक्री कुन्छ सहस्र द्रोण हतियार् ❀ लीएर आए पनी ।
पाऊँछन् जय चक्रपाणिसित के ❀ तिन्ले लड़ाका बनी?॥१८॥
जस्का छन् ति सहायकै हरि सदा ❀ त्यस्लाइ फेरी यहाँ ।
शंका के छ लडाईंमा विजयको ❀ जीतै छ संग्राममा ॥
जस्का सारथि कृष्ण छन् अतिरथी ❀ श्रीपार्थ छन् फौजमा ।
त्यस्ता छौ तिमि पाण्डु-नन्दन! सुन्यौ ❀ हाथ्यौं तिमीले कहाँ॥१९॥

श्री द्रोणका वचनले अति हर्ष साथ ।
लीई बिदा चलिगए नृप धर्मराज ॥
आचार्य ती कृपजिलाइ गएर भेटे ।
शंका थियो हृदयमा जुन सोहि मेटे ॥२०॥
श्री भीष्म-द्रोणहरुले जुन बात बोले ।
त्यै बात बोल्न कृपले मुखलाइ खोले ॥
साफै कहे कृपजिले वचनै अमोला ।
जीतै युधिष्ठिरजिको रण बीच होला ॥२१॥

यस्तो सत्य भविष्य-वाणि कृपको ❀ सूनेर त्यै बीचमा ।
ती आचार्यजिलाइ नम्र हुनगै ❀ न्यूह्रेर ढोगी तहाँ ॥
त्याहींदेखि अगाड़ि केहि पर गै ❀ त्यै कौरवी-सैन्यमा ।
हेर्दै धर्मकुमारले कहनु भो ❀ एही मिठो शब्दमा ॥२२॥

पाण्डवसँग मिल्न युयुत्सुले आउनु ।

"प्यारे वीरहरू! सबै सुन कुरा ❀ भन्छू प्रतिज्ञा गरी ।
मानू सागर झैं सुयोधनजिको ❀ यो सैन्यमा यस्घरी ॥
मेरा साथ लड़ाइं गर्न अहिले ❀ जो छौ तयारी खड़ा ।
चाहन्छौ जुन वीर मिल्न म सँगै ❀ छोटा ाहे बड़ा ॥१॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आऊ मिल्न खड़ा छु प्रेमवश भै ❀ दिल्मा दयाले भरी ।
राख्नेछू सब चीज-वस्तुहरु दी ❀ भाई सरीको गरी ॥
बाँच्नाको मन गर्छ वीर जुनले ❀ श्रीकृष्णका पाउमा ।
आऊ लौ शरणागतै भइ छिटो ❀ तारीदिने नाउमा" ॥२॥
यस्तो वाक्य सुनेर धर्मसुतको ❀ कोही "युयुत्सू" भनी ।
छोरा श्री धृतराष्ट्रका जुन थिए ❀ दासी तिरैका पनी ॥
आफ्ना सैन्य लिएर लक्ष सँगमा ❀ मिल्ने इरादा धरी ।
आए धर्मकुमारका नगिचमा ❀ आफन्त त्यागै गरी ॥३॥
आएका ति युयुत्सुलाइ नृपले ❀ अत्यन्त प्यारो गरी ।
छाती जोरि लिएर साथ लिनु भो ❀ तिन्को रथैमा चढ़ी ॥
आफ्ना सैन्य लिएर पाण्डवतिरै ❀ लागे युयुत्सू भनी—
साह्रै फिक्रि गरी सुयोधन रहे ❀ दिक्दार जस्तै बनी ॥४॥
छोड़ी आज युयुत्सु गो भनि निकै ❀ चिन्ता मनैमा लिई ।
पौंचे भीष्मजि नेर ती कुरुपती ❀ आफ्ना रथैमा रही ॥
देखी भीष्मजिलाइ फेर् कुरुपती ❀ यो बिन्ति गर्दा भए ।
छोड़ी कौरव-वृन्दलाइ सहजै ❀ हाम्रा युयुत्सू गए ॥५॥
सेना लाख लिएर ती चलिगए ❀ खुब् बेइमानी गरी ।
हे सेनापति ! के गरूँ म अहिले ❀ चिन्ता मलाई परी ॥
रोकीदीनु थियो न-जा भनि कर्ने ❀ त्यस् मूर्खलाई उता ।
आफू रक्षक भै चुपै रहनु भो ❀ आश्चर्य मान्छू म ता ॥६॥
हाम्रा सैन्य महाँ ति धर्मसुतले ❀ आई हजूरै कहाँ ।
वार्तालाप निकै गरे म त सबै ❀ देख्दै थिएँ सो यहाँ ॥
सेनाका पति देखदै रहिगए ❀ हाम्रो त सेना पनी ।
एकै लाख जती उता चलिगयो ❀ त्यस् तर्फ मिल्नै भनी ॥७॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ती दुर्योधनको कुरा सुनि निकै ❀ लागेछ शंका भनी ।
लागे भन्न ति भीष्मजी उहि बखत् ❀ राजन् ! हजुर्ले पनी ॥
व्यर्थै फिक्रि लिनू भयो बिहकमा ❀ गै गो युयुत्सू भनी ।
त्यो ता काफर पो थियो चलिगयो ❀ हाम्लाइ छोड़ी अनी ॥८॥

गै गो पाण्डवका परी शरणमा ❀ भाग्दै युयुत्सू जसै ।
मैले मारिन बाण हानि भगुवा- ❀ लाई कदाचित् कसै ॥
आएथे यहिं ज्येष्ठ पाण्डव पनी ❀ ढोग् दीनलाई भनी ।
ढोगै दी कन ता गए रथ चढ़ी ❀ गै गो युयुत्सू पनी ॥९॥

क्यै चिन्ता नलिएर युद्धतिर पो ❀ थो चित्त दीनू यहाँ ।
राम्रै श्रेय हुनेछ हामिहरुको ❀ यो वीर-वंशै महाँ ॥
मेरा सामु भएर सात दिन पो ❀ भिड्नू भयो तै पनी ।
लीएँथें जयपत्र ती भृगुपती- ❀ जी सीत मैले अघी ॥१०॥

सो तिम्लाइ छँदैछ मालुम सबै ❀ सामर्थ्य मेरो यहाँ ।
मैले जीतिलिएँ सुरासुर सबै ❀ पैल्यै लड़ाइं महाँ ॥
पैह्ले काशिमहाँ स्वयम्वर हुँदा ❀ श्रीकाशि - राजाजिकी ।
छोरीहेरु हरी लगें अनुजका[1] ❀ लागी सहस्रौं जिती ॥११॥

छन् श्रीकृष्ण सहाय यस् जगतमा ❀ ती पाण्डुका पुत्रको ।
छैनन् तैपनि लड्न योग्य म सँगै ❀ साँचै कहन्छू म यो ॥
आफ्नू राख्छु प्रणै म टार्छु हरिको ❀ जुन् हो प्रतिज्ञा यहाँ ।
मार्नेछू म रथी दिनै-दिन दशै ❀ हज्जार गिन्ती महाँ ॥१२॥

यस्ता बात सुनी पितामहजिका ❀ आनन्द मानी अती ।
लागे सोधनि गर्न ती कुरुपती ❀ नम्रै गराई मती ॥

---

१ भाईका ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दूवै तर्फ गरेर हे प्रभु ! यहाँ ❀ अट्ठार अक्षौहिणी ।
सेना छन् यिनिलाई जित्न समयै ❀ लाग्ला कतिन्ज्याल् भनी ॥१३॥

सोद्धै छू मकनै बताउनु हवस् ❀ हे नाथ ! ऐह्ले यहाँ ।
सर्वज्ञै हुनुहुन्छ सोधुँ म अरू- ❀ लाई कता गै कहाँ ? ॥
प्रश्नै एति सुनी सुयोधनजीको ❀ श्रीभीष्मजीले तहाँ ।
भन्नू भो यदि आँटुँ ता म सब ती ❀ मार्छू दिनै एकमा ॥१४॥

द्रोणाचार्य रिसाइ चापशर ली ❀ जाउँन् त युद्धै महाँ ।
सक्छन् गर्न समाप्त तीन दिनमा ❀ सम्पूर्ण सेना यहाँ ॥
कर्णौले गरि युद्ध पाँच दिनमा ❀ सारा थि सेना जती ।
सक्छन् पार्न सखाप् अवश्य नृपते ! ❀ मैले बताएँ यती ॥१५॥

द्रोणी क्रुद्ध भई भिडुन् त रणका ❀ मैदानमा जुन् घरी ।
मार्ने छन् घड़ि तीनमा सकल ती ❀ अट्ठार अक्षौहिणी ॥
यौटै बाण लगाइ गाण्डिव महाँ ❀ त्यागे भने पार्थले ।
सक्छन् मार्न अशेष एक पलमा ❀ सैन्यादि सामर्थ्यले ॥१६॥

यस्ता कुरा सुनि ति भीष्मजिले गरेका ।
राजा सुयोधन अचम्म निकै परेका ॥
भन्छन् ति पार्थ सित ता यदि शक्ति राम्रो ।
त्यस्तो छ ता जय कसोरि हुने छ हाम्रो ॥१७॥

श्रीभीष्मले नृपतिका मुख तर्फ हेरी ।
भन्नू भयो कुरुपती कन झट्ट फेरी ॥
भिड्ने छु आठ दिन सम्म म गै रणैमा ।
मार्नेछु शत्रु-दल ती रणका स्थलैमा ॥१८॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गांगेयका[१] कथनले अति हर्ष पाई।
राजा सुयोधन फिरे बहुतै रमाई॥
लींदै युधिष्ठिर ति वीर युयुत्सुलाई।
आफ्ना पुगे कटकमा रथ त्यै बढ़ाई॥१९॥
जाहाँ थिए जगतका पति कृष्ण प्यारा।
त्याहीं युधिष्ठिर पुगेर समस्त सारा॥
जो-जो भयो कहिदिए प्रभुलाइ ढोगी।
बिन्ती गरे अनि पछी दुइ हात जोरी॥२०॥
आए युयुत्सु शरणागत भै हजुर्मा।
पाँचै थियौं अब भयौं छ जना रहर्मा॥
बिन्ती गरेर यति तिन् कन झट्ट ताहाँ।
पारी दिए प्रभुजिका दुइ पाउमाहाँ॥२१॥
श्रीकृष्णले झट्ट युयुत्सुलाई।
ऊठाउनू भो करले समाई॥
आज्ञा भयो भूपतिलाइ केही।
राजन्! जितौला तिमि युद्ध एही॥२२॥

कौरव-पाण्डवादिहरू कसका अंश हुन्?।

खूशी भै कन श्रीयुधिष्ठिरजिले ❀ श्रीकृष्णलाई तहीं।
सोध्नू भो म कनै बताउँनु हवस् ❀ जो सोध्छु मैले यहीं॥
राजा छन् अहिले जती पृथिविमा ❀ विस्तार तिन्को गरी।
देवांशै अनि दानवांश जुन हुन् ❀ आज्ञा हवस् हे हरी!॥१॥
यस्तो प्रश्न सुनी युधिष्ठिरजिको ❀ श्रीकृष्णजीले अनी।
आज्ञा गर्नु भयो बताउँछु सबै ❀ तिम्लाइ मैले भनी॥

१ भीष्मका।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

राजा दानवको त सत्ययुगमा ❁ जुन् 'विप्रचित्ती' थियो ।
जन्म्यो पृथ्विविषे र नाम उसको ❁ याहीं जरासन्ध भो ॥२।
नामै हो जसको हिरण्यकशिपू ❁ प्रख्यात दैत्यादिमा ।
जन्म्यो सो शिशुपाल भै मुलुक त्यै ❁ 'चेदी' भनेको महाँ ॥
सम्राद् नामक दैत्य जो अघि थियो ❁ सो मद्रका देशमा ।
जन्म्यो शल्य भएर भूपति ठुलो ❁ मानीसकै रूपमा ॥३॥
भाई भक्त प्रह्लादको जुन थियो ❁ यै पृथ्विका बीचमा ।
धृष्टैकेतु भएर जन्मन गयो ❁ मानीस - चोला महाँ ॥
दैत्यैका कुलमा त बालिक थियो ❁ सो ता अहीले यहीं ।
जन्म्यो भै भगदत्त कामरु विषे ❁ मानीस - चोला लिई ॥४॥
छोरो जुन् दितिको सुहर् अघि थियो ❁ त्यै दैत्यका वंशमा ।
राजा बाल्हिक पो भएर जनम्यो ❁ संसारका बीचमा ॥
स्वर्भानू कहिने थियो अघि जउन् ❁ क्वै दैत्य - राजा यहाँ ।
त्यै जन्म्यो नृप उग्रसेन हुनगै ❁ देशै मथूरा महाँ ॥५॥
कोही दानव दीर्घजिह्व कहिने ❁ पैह्ले भएको थियो ।
काशीराज भयो बनारस गई ❁ जन्मै उसैले लियो ॥
थीयो जुन् अघि कालनेमि कहिने ❁ छोरो दनूको पनी ।
सोही कंस भएर जन्मन गयो ❁ पापी बहूते बनी ॥६॥
राजा रुक्मि र दन्तवक्र नृपती ❁ राजा श्रुतायू अनी ।
एकैलभ्य यि दानवैहरु थिए ❁ यो भेद जाने तिमी ॥
यै पृथ्वीतलमा यता-उति गई ❁ जन्मे मनुष्यै भई ।
यी हुन् वीर पराक्रमी अति ठुला ❁ बस्छन् घमण्डी भई ॥७॥
यस्तै रीति गरी उनान्सय जना ❁ जो दानवादी थीए ।
तिन्ले भाइ बनी सुयोधनजिका ❁ मन्तीर जन्मै लिए ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

थीयो रात्तस-राज यै जगतमा ❀ नर्कासुरै नामको ।
जन्मी मानिस-देहमा अति-बली ❀ त्यै कर्ण नामी भयो ॥८॥
अंशै देव-गुरुजिको लिइ भए ❀ श्रीद्रोण नामी गुरू ।
विद्यामा धनुको अती निपुण छन् ❀ भन्ने कुरा के गरूँ ॥
कामै-क्रोध र रुद्र फेरि यमको ❀ अंशादि केही लिई ।
विद्वान् ब्राह्मणका गएर कुलमा ❀ जन्मे ति द्रोणी भई ॥९॥
गन्धर्वाधिप हंस नामक कुनै ❀ राजा थिए जुन् अघी ।
ऐल्हे श्रीधृतराष्ट्र भै भुवनमा ❀ जन्मे ति अन्धा भई ॥
कान्छा चाहिं बसू ति अष्ट-बसुमा ❀ तिन्लाइ आपै परी ।
जन्मी भीष्म बनी प्रसिद्ध ति भए ❀ खुब् वीरताले गरी ॥१०॥
पाञ्चालाधिपती विराट नृपती ❀ ती वीर जुन् सात्यकी ।
फेरी ती कृतवर्म ता पवनका ❀ हुन् अंश जान्नू यती ॥
गन्धर्वाधिप हंसका अतिबली ❀ कान्छा ति भाई थिए ।
तिन्ले पाण्डु भएर एस् जगतमा ❀ जन्मै लिई गै गए ॥११॥
जुन् दुर्योधन छन् ति अंश कलिका ❀ हुन् एति जानी लिनू ।
जान्नू द्वापर अंशि हुन् ति शकुनी ❀ मामा तिनैका भनू ॥
जान्ने नीति अशेष जुन् विदुर छन् ❀ ती दासि-पुत्रै यहाँ ।
अंशै लीकन धर्मको तिनि भए ❀ ऐल्हे मनुष्यै महाँ ॥१२॥
राजन्! जानिलिनोस् स्वयम् कन यहाँ ❀ हूँ धर्म-अंशी भनी ।
हुन् श्रीभीम त वायु अंश बुझ्नोस् ❀ तागत् बहूतै छ नी ॥
साहींला जुन भाइ हुन् हजुरका ❀ श्रीपार्थ जस्लाइ ता ।
भन्छन् अर्जुनजी भनेर सबले ❀ हुन् इन्द्र-अंशी ति ता ॥१३॥
रानी माद्रिजिका दुबै सुतहरू ❀ जो छन् अहींले यहाँ ।
अंशै हुन् दुइ अश्विनी-तनयका ❀ जानी लिनोस् चित्तमा ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जो छन् चन्द्र भनेर देव नभमा ❀ तिन्को त अंशै पनी ।
हुन वीरै अभिमन्यु यस् जगतमा ❀ जन्मे ति मान्छे बनी ॥१४॥
धर्मस्थापन गर्नलाइ जगमा ❀ भू-भार हर्नैं भनी ।
साक्षात् विष्णु म हूँ म जन्मन गएँ ❀ श्री देवकीमा अनी ॥
मेरा सोह्र हजार रानि जनमे ❀ ती अप्सरांशै बनी ।
जन्मिन् द्रौपदि अग्नि बाट भवमा ❀ इन्द्राणिको अंश ली ॥१५॥
अंशै राक्षसको शिखण्डि जनमे ❀ मानीसको ली तनू ।
पाँचै पुत्रहरू ति द्रौपदिजिका ❀ हुन् विश्व-देवैहरू ॥
अग्नीको लिइ अंश मानिस बनी ❀ संसारका बीचमा ।
धृष्टद्युम्नजिको जनम् हुन गयो ❀ श्रीअग्नि-कुण्डै महाँ ॥१६॥

सुनेर हरिका कुरा जति बयान गर्नू भयो ।
प्रसन्न नृपती भए सकल भेद मालूम भो ॥
उसै समयमा हरी कहनु हुन्छ फेरी पनी ।
सफेद गजमा चढ़ी बस नृपेन्द्र ! भिड्नै भनी ॥१७॥

भारतको युद्धारम्भ हुनु ।

यो आज्ञा सुनि कृष्णका चरणमा ❀ ढोगेर सोही घरी ।
हात्ती माथि चढ़ी युधिष्ठिर बसे ❀ युद्धार्थ राम्रै गरी ॥
त्यै बेला दुइ पक्षका दल विषे ❀ बाजा हजारौं बजे ।
शंखैनाद र सिंहनाद उ बखत् ❀ वीरैहरूले गरे ॥१॥
सारा सैनिक क्षत्रिले खुशि हुँदै ❀ शस्त्रादि आफ्ना लिए ।
जो ठूला धनुधारि वीरहरु हुन् ❀ ती ता अगाड़ी भए ॥
भाई हो ! सब वीर सैनिक बढुन् ❀ युद्धार्थ ऐह्ले भनी ।
हूकुम् बक्सनु भो युधिष्ठिरजिले ❀ सोही बखत्मा अनी ॥२॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भीष्म पर्व



महाभारत युद्ध प्रारम्भ

चित्र सं० १०

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भै कोलाहल भारि त्यै समयमा ❀ आकाश ढाक्यो अनी ।
निस्के कौरव वीर युद्ध-भुमिमा ❀ गर्छौं लड़ाइं भनी ॥
भीष्मै-कर्ण र द्रोण-द्रोणि रथमा ❀ हात्ती र घोड़ा चढ़ी ।
आए भूपति ती सुयोधन पनी ❀ जल्दी अगाड़ी बढ़ी ॥३॥

यिन्ले शंखध्वनी गरे उहि बखत् ❀ त्यो शब्द सुन्दा अनी ।
दौड़े त्यस् तिर भीमसेन रिसले ❀ कालै-स्वरूपी बनी ॥
भन्नू भो हरिले ति पार्थ कन फेर् ❀ हे पार्थ ! तिमूले गई ।
रोकी भीष्मजिलाइ युद्ध गर लौ ❀ साम्ने तिनैका भई ॥४॥

आज्ञा एति गरेर झट्ट हरिले ❀ हाँकी रथै त्यस् घरी ।
भीष्मैका रथको पु-याउनु भयो ❀ साम्ने अगाड़ी गरी ॥
त्यै बेला धनु ली धनंजयजिले ❀ पैह्ले प्रणामै गरी ।
हान्नू भो दशबाण भीष्म कन झट् ❀ मानू ति भाला सरी ॥५॥

बीचैमा शर हानि काटि दिनु भो ❀ श्रीभीष्मले बाण ती ।
पश्चात् श्रीहरिलाइ भन्नु पनि भो ❀ स्वामिन् ! जगत्‌का-पती ! ॥
भक्तैको पनि काम गर्न अहिले ❀ आफू बनी सारथी ।
हाँक्नू भो रथ पार्थको प्रभुजिका ❀ छन् भक्त प्यारा कती ? ॥६॥

धन्यै पाण्डव हुन् यही जगतमा ❀ हुन् पार्थ धन्यै अती ! ।
जस्का कारण सारथी हुनु भयो ❀ आफैं जगत्‌का पती !! ॥
पैह्ले एति भनेर कृष्ण कन फेर् ❀ न्यूह्री प्रणामै गरे ।
त्यै बेला ति महारथीहरु भई ❀ युद्धै शुरू गर्दिए ॥७॥

भीष्मको प्रथम दिनको युद्ध, श्वेत-बध ।

पार्थैको अनि भीष्मको शुरु भयो ❀ भारी लड़ाइं तहीं ।
त्यो दुश्शासनलाइ भीम बलिले ❀ रोके अगाड़ी गई ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

धृष्टद्युम्न गएर त्यै बखतमा ❀ श्रीद्रोणलाई पनी ।
लागे हान्न अनेक बाणहरुले ❀ मार्छु अहीले भनी ॥१॥
त्यै बेला नृपती जयद्रथ सँगै ❀ साम्ने अगाड़ी सरी ।
लागे गर्न प्रहार ती नकुलले ❀ अत्यन्त रिस्मा परी ॥
यस्तैमा सहदेवले शकुनिका ❀ साथै म लड्छू भनी ।
पाँची सासुमहाँ अनेक शरको ❀ वर्षा गराए अनी ॥२॥
हात्तीमा चढ़ि श्रीयुधिष्ठिरजिले ❀ त्यै युद्ध-भूमी महाँ ।
खोजी शल्य कनै गएर भिड़ियो ❀ संग्रामका निम्तिमा ॥
लागे लड्न गएर सात्यकि सँगै ❀ भूरिश्रवा त्यै घरी ।
लड्थे श्रीकृतवर्म मत्स्य-पतिका ❀ साथै अगाड़ी सरी ॥३॥
युद्धै गर्नुभयो गई द्रुपदले ❀ भूरिश्रवाजी सँगै ।
देखी श्रीकृपलाइ सम्मुख परे ❀ श्रीकाशिराजा सबै ॥
छोरा भीमजिका घटोत्कच थिए ❀ तिन्का अगाड़ी गई ।
लाग्यो लड्न अलम्बुनाम असुरै ❀ अत्यन्त क्रुद्धै भई ॥४॥
राजा श्रीशशिविन्दुका सँग जुड़ी ❀ श्रीशङ्खको त्यै घरी ।
लाग्यो हून लड़ाइँ बाणहरुको ❀ वर्षा बहूतै गरी ॥
द्रौणीको र शिखण्डिको उहि बखत्❀ भारी लड़ाइँ पऱ्यो ।
सारा सैनिक-वर्गले खुशि हुँदै ❀ साह्रै प्रशंसा गऱ्यो ॥५॥
थीए जुन् वृषसेन कौरव तिरै ❀ तिन्को र फेरी तहाँ ।
चेती कर्णजिको लड़ाइँ परि गो ❀ त्यै युद्ध-भूमी महाँ ॥
थीए कौरवका र पाण्डव तिरै ❀ वीरादि ठूला जती ।
आफ्ना जोड़ि सँगै गई सब भिड़े ❀ देखाइ फुर्ती अती ॥६॥
घोड़ामा चढ़ने र हात्ति चढ़ने ❀ फेरी रथैमा पनी ।
जो थीए बसने ति वीरहरुले ❀ झट् युद्ध गर्छौं भनी ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आफ्नै माफिकका सवार सित गै ❀ भिड्दा महाँ त्यै घरी ।
लागे बाण असङ्ख्य छुट्न उ बखत् ❀ पानी परेझैं गरी ॥७॥
त्यै बेला रण-भूमिमा समरका ❀ बाजा बजी फेर् अनी ।
वीरैको पनि सिंहनाद हुनगै ❀ शंखै बजेरै पनी ॥
टङ्कारै धनुको भएर स्वर सो ❀ चर्को बहूतै भई ।
ढाकीए उहि शब्दले दश-दिशा ❀ आकाश सम्मन् गई ॥८॥
हातैमा तरवार ढालहरु ली ❀ पैदल् सिपाही पनी ।
पैदल् सैनिकका गएर नजिकै ❀ लागे ति भिड्नै अनी ॥
गिर्ने मानिसका चुही रगतको ❀ खोलो बग्यो खुब् गरी ।
मुर्कट्टाहरु भूत - योगिनि समेत् ❀ देखा परे त्यै घरी ॥९॥
भीष्मैले पुरुषार्थ खूब गरियो ❀ श्रीपार्थका सामुमा ।
मानू त्यै घरिमा महा-प्रलयको ❀ आएछ बेला तहाँ ॥
झण्डामाथि हुने ति मारुति[1] कनै ❀ श्रीपार्थका त्यै घरी ।
भीष्मैले शर बीस हानि जिउमा ❀ घाऊ गरे खुब् गरी ॥१०॥
जल्दी ली दशबाण जोरि धनुमा ❀ त्यागेर फेर् भीष्मले ।
हाने मङ्गल-देह कृष्ण कन ता ❀ पूर्णै भई क्रोधले ॥
एती काम गरी तुरुन्त धनुमा ❀ हज्जार बाणै धरी ।
हाने अर्जुनलाइ घायल निकै ❀ गर्ने इरादा गरी ॥११॥
पार्थैका रथका ति चार हयमा[2] ❀ आफ्नू निशाना धरी ।
आठोटा शर हानि घायल गरे ❀ गांगेयले त्यस् घरी ॥
सेनामा शर लाख वर्षण गरी ❀ फेरी उसै बीचमा ।
बीसौटा शर हानि घायल गरे ❀ श्रीकृष्णका छातिमा ॥१२॥

१ हनुमानजी । २ घोडा ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

देखी कर्म ठुलो पितामहजिको ❀ श्रीपार्थले त्यै घरी ।
हाँस्दै गाण्डिव नामको धनु लिए ❀ आफ्ना करैले धरी ॥
जल्दी साठि लिएर बाण धनुमा ❀ जोरेर हान्दा महाँ ।
भीष्मैका गइ छातिमा सब गड़े ❀ पीड़ा गराई तहाँ ॥१३॥
हानी सात शरै उही बखतमा ❀ काटी खसाले ध्वजा ।
मारी सारथिलाइ बाण दशले ❀ घाऊ गरे छातिमा ॥
घोड़ा चार थिए ति घायल भए ❀ श्रीपार्थका बाणले ।
सैन्यैमा पनि वृष्टि पारि शरको ❀ धेरै त योद्धा मरे ॥१४॥
साह्रै क्रुद्ध भएर अर्जुनजिले ❀ मन्त्रेर केही तहाँ ।
हान्दा बाण झिकेर एक शर ता ❀ भै गो हजारौं वहाँ ॥
छोपीयो नभ पार्थका ति शरले ❀ श्री भीष्मका फौजमा ।
गिर्नाले नभदेखि ती शरहरू ❀ धेरै गिरे भूमिमा ॥१५॥
ती भीष्मार्जुन वीरका कटकमा ❀ योद्धाहरू त्यै घरी ।
लागे बाण प्रहार गर्न अरिका ❀ सामू अगाड़ी सरी ॥
यस्तै औसरमा पितामहजिले ❀ झट् अग्निबाणै लिए ।
सो देखी कन पाण्डवीय दल ता ❀ शंकापरे झैं भए ॥१६॥
मन्त्री त्यै शर भीष्मले समरमा ❀ त्यागी दिएथे जसै ।
बल्दा पत्थर झैं शिला अति ठुला ❀ खुब् गिर्न लागे तसै ॥
वर्षा अग्नि समान पत्थर हुँदा ❀ खुब् आग लागी भयो ।
धेरै सैनिकको रणस्थल महाँ ❀ प्राणान्त पो भै गयो ॥१७॥
लाएका कपड़ा जलेर जिउमा ❀ दाहा हुनाले गरी ।
लागे कल्पन रून मानिसहरू ❀ सेना विषे त्यै घरी ॥
गर्मी ज्यादि भएर सैनिकहरू ❀ लागेर तिर्खा अती ।
पानी! पानि! भनेर बोल्न ति सबै ❀ लागे भएका जती ॥१८॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सेना आकुल[1] अग्निले हुन गयो ❀ सोही निभाऊँ भनी ।
त्यागे झट् बरुणास्त्र अर्जुनजिले ❀ जोरी धनूमा अनी ॥
त्यै बेला घनघोर बादल उठी ❀ आकाशका बीचमा ।
सेनामा जल-वृष्टि पो हुन गयो ❀ खुब् मूसलाधारमा ॥१९॥

लागी भारि झरी सबै निभि गयो ❀ अग्नी भएको जति ।
भीजी सैनिक शीतलै जिउ भयो ❀ आनन्द माने अती ॥
यो देखी कन वायु-बाण उ बखत् ❀ त्यागी दिए भीष्मले ।
लाग्यो चल्न हुरी बतास बहुतै ❀ आई-गयो झोकले ॥२०॥

सूक्यो पानि सबै चलेर हुरिले ❀ घोड़ा रथादी-हरू ।
लागे उड्न बतासले कटकका ❀ प्राणी थिए जो अरू ॥
पार्थैले पनि सर्प-बाण कन झट् ❀ त्यागी दिए मंत्रले ।
रोकीयो हुरि चल्न त्यै हुरि सबै ❀ पीई दिए सर्पले ॥२१॥

सारा कौरव-सैन्यमा पसिगए ❀ ती सर्प-नागै गई ।
लागे टोक्न र डस्न प्राणि कन ता ❀ अत्यन्त रिस्मा भई ॥
सर्पैका विषले त व्याकुल भयो ❀ सो सैन्य सोही घरी ।
भीष्मैले गरुडास्त्र त्याग गरियो ❀ आफ्नो धनूमा धरी ॥२२॥

निस्के त्यै गरुडास्त्रले गरुडजी ❀ तिन्ले समाती तहीं ।
धेरै सर्प र नाग भक्षण[2] गरे ❀ अत्यन्त खूशी भई ॥
देख्दामा खगनाथलाइ[3] कति ता ❀ सर्पादि डर्मा परी ।
भाग्दै लोप[4] भए कतीं पसिगए ❀ खोज्दै दुलामा परी ॥२३॥

तीखा बाणहरू लगाइ धनुमा ❀ श्रीभीष्म क्रुद्धै भई ।
हान्दा अर्जुनलाइ पाँच शरले ❀ ती बाण लागे गई ॥

१ घबराए । २ खाए । ३ गरुड़जी । ४ विलाए ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यस्कोख्याल नराखि अर्जुनजिले ❀ त्यागेर बाणैहरू ।
दीए छोपि रथै पितामहजिको ❀ भन्ने कुरा के गरूँ ॥२४॥

हाँसी भीष्मजिले ति बाण सहजै ❀ काटी गिराए जसै ।
लानू भो रथ क्यै अगाड़ि हरिले ❀ श्रीभीष्मनेरै तसै ॥
देखी त्यै रथलाइ आफ्नु नजिकै ❀ साम्ने अगाड़ी महाँ ।
तेजीलो शर एक ली रिस गरी ❀ ती भीष्म बोल्छन् तहाँ॥२५॥

हे नारायण दीनबन्धु भगवन् ! ❀ यी पार्थ जो छन् यहाँ ।
मेरा जोड़ि लडाइँ गर्न अहिले ❀ सक्थे ति हूनै कहाँ ॥
रक्षा गर्न भनेर पाण्डु-नृपको ❀ यै वंशलाई प्रभो ! ।
आफैं सारथि पार्थको हुनु भयो ❀लीला म बुझ्छू विभो !॥२६॥

रक्षा गर्नुहवस् यि पार्थ कन लौ ❀ हान्छू म बाणै यहाँ ।
मेरो बाण यही प्रतापि छ ठुलो ❀ बिस्तूर जाला कहाँ ? ॥
जोरे त्यै शरलाइ आफ्नु धनुमा ❀ श्री भीष्मजीले जसै ।
देवादी-गण ता सशंकित[1] भए ❀ साह्रै डराई तसै ॥२७॥

तेजीलो शर त्यो नजर् गरि त्यहाँ ❀ सेनाहरू त्यस् घरी ।
लागे काम्न हुनेछ कुन् गति भनी ❀ शंका मनैमा धरी ॥
दिक्पालादि त त्रासमा सब परे ❀ श्री पृथ्वि-देवी पनी ।
भीष्मैको शर देखि कम्पित भइन् ❀ हूने कसो हो भनी ॥२८॥

भीष्मैलाइ शरै जउन् भृगुपती- ❀ जीले दिएथे अघी ।
हाने त्यै शर पार्थलाइ रिस ली ❀ श्री भीष्मजीले तहीं ॥
छुट्दामा अति घोर शब्द हुन गै ❀ साह्रै उज्यालो भयो ।
जल्दी कृष्णजिले ति पार्थ कन ता ❀ क्यै बात भन्नू भयो ॥२९॥

१ शोक-संताप मान्न लागे ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

"सुन्छौ पार्थ ! अघी सुरेन्द्र-पुरिमा[1] ❀ दैत्यादिका सङ् लड़ी ।
मार्दामा सब दैत्यलाइ खुशि भै ❀ श्रीइन्द्रले त्यै घरी ॥
तिम्रै ता शिरमा किरीट बढ़िया ❀ बाँधेर यौटा नयाँ ।
दीएथे तिमिलाइ बाण झिकि जुन् ❀ फेरी भनेथे तहाँ ॥३०॥

दींदैछू तिमिलाइ जुन् शर यहाँ ❀ लेऊ खुशी भै अती ।
ठूलो कष्ट पऱ्यो भने समरमा ❀ फिक्री नमान्नू रती ॥
हान्नू यै शरलाइ जोरि धनुमा ❀ संकष्ट टर्ला सबै ।
केही छैन विपत्ति ता यदि भने ❀ एही नत्याग्नू कबै ॥३१॥

ऐह्ले त्यै शर त्यागि देउ तिमिले ❀ हेपार्थ ! चाँडो गरी ।
सत्यै वाक्य छ इन्द्रको सब बिपत् ❀ जानेछ तिम्रो टरी" ॥
आज्ञा कृष्णजिको सुनेर खुशि भै ❀ श्रीपार्थले त्यै घरी ।
सोही बाण चढ़ाइ झट्ट धनुमा ❀ त्यागे अगाड़ी सरी ॥३२॥

जाँदा गाण्डिव देखि यै शर छुटी ❀ जून्[2] झैं उज्यालो भयो ।
ठूलो शब्द गरेर भीष्म-शरमा[3] ❀ बज्रेर काटी दियो ॥
टुक्रा दूइ भएर त्यै शर गिऱ्यो ❀ श्रीभीष्मको जुन् घरी ।
सोही दृश्य नजर् गरेर उ बखत् ❀ हाँस्नू भयो श्रीहरी ॥३३॥

भन्छन् अर्जुनजी पितामहजिले ❀ आफ्नू धनू खुब् गरी ।
थामी राख्नु हवस् र युद्ध गरनोस् ❀ मेरा अगाड़ी सरी ॥
एती बात कहेर अर्जुनजिले ❀ श्रीभीष्मलाई तहाँ ।
हाने बाण झिकी अनेक थरिका ❀ ताकी निशाना महाँ ॥३४॥

त्याग्दै भीष्मजिले पनी शरहरू ❀ श्रीपार्थका त्यै घरी ।
बाणादी कन काटि निष्फल गरे ❀ फुर्ती बहूतै गरी ॥

१ देवलोकमा । २ चाँदनी । ३ भीष्मको बाणमा ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

फेरी पाण्डवका समस्त दलमा ✻ वर्षा शरैको गरे ।
लागी बाण तुरुन्त सैनिकहरू ✻ धेरै जिमिन्मा परे ॥३५॥

हाम्रा सैन्य विनष्ट पो गरिदिए ✻ यिन्ले बहुतै भनी ।
फाल्हाली रथदेखि भीम जिमिमा ✻ उत्रे रिसाहा बनी ॥
दाहीने करले गदा लिइ ठुलो ✻ घुम्दै पसी फौजमा ।
लागे कौरव-सैन्य मार्न बहुतै ✻ तिन्ले खुबै झोकमा ॥३६॥

उफ्री गै कन हात्तिकै त शिरमा ✻ ठोक्थे गदा जुन् घरी ।
त्यस्को मस्तक चूर्ण भै पृथिविमा ✻ गिर्थ्यो उ हात्ती मरी ॥
घुम्दामा परि चोट हात्तिहरुका ✻ दन्तै र सूँडै पनी ।
फुक्ली खूब कराउदै गजहरू ✻ भाग्थे बचौंला भनी ॥३७॥

सामूमा रथ पर्दथे जति-जती ✻ त्यै युद्ध - भूमी महाँ ।
साथै सारथिका रथी हय रथै ✻ हुन्थे धुलो झैं तहाँ ॥
सेनाका ति सिपाहि अश्व चढ्ने ✻ धेरै रिशल्ला पनी ।
खाई चोट तुरुन्त पृथ्वि-तलमा ✻ गिर्थे ति मुर्दा बनी ॥३८॥

कैल्हे फैंकि गदा गएर दगुरी ✻ पक्रेर सूँडै महाँ ।
हात्तीलाइ घुमाइ हात्ति उपरै ✻ हान्थे ति भीमै तहाँ ॥
कैल्हे ता रथलाइ पक्रि करले ✻ आफू घुमी फन्फनी ।
हान्थे त्यै रथले त अन्य रथमा ✻ गिर्थे सवारी अनी ॥३९॥

सारा कौरव-सैन्य त्रासित[1] भयो ✻ ती भीमदेखी तहाँ ।
आए क्रुद्ध भएर वीरहरु ता ✻ गिन्ती हजारौं महाँ ॥
तिन्ले आफ्नु धनू लिएर करमा ✻ वर्षा शरैको गरे ।
छातीमा परि भीमका ति शर ता ✻ टूटेर भैंमा परे ॥४०॥

---

१ डरायो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हाने बाणहरू भनेर रिसले * रातो मुहारै गरी ।
हातैमा लिइ त्यै गदा पवनका- * छोरा[1] अगाडी सरी ॥
लागे घुम्न जसै भई गरुड झैं * तिन्का नजीकै गई ।
लोटे वीर समस्त ती पृथिविमा * अंगादि भंगै भई ॥४१॥

योद्धा एक हजारलाइ यसरी * मारी दिएथे जसै ।
हाँक् दीए गुरु द्रोणले रिस गरी * पौंची नजीकै तसै ॥
पर्खी भीम ! नभागिजा तँ अहिले * गर्नेछु युद्धै यहाँ ।
देख्छू सैन्य निभाइ साहस बढ्यो * तेरो लड़ाइं महाँ ॥४२॥

एती हाँक दिएर चाप[2] करमा * ती द्रोण लींदा भए ।
त्यागी बाण दशै ति भीम कन ता * घाऊ लगाई दिए ॥
फेरी बाण असङ्ख्य जोरि धनुमा * वर्षा शरैको गरे ।
टिक्नू मुश्किल भै गएर रथमा * ती भीम जल्दी चढ़े ॥४३॥

यस्तै औसरमा ति अर्जुन अनी * श्रीभीष्म भिड्दै थिए ।
दूवैका मनमा ति वीर दुइले * जित्ने इरादा लिए ॥
हेर्थे पार्थ ति दाज्यु भीम कन ता * त्यै बीचमा झट् गरी ।
भीष्मैले त दशै हजार शरको * वृष्टी गरे त्यस् घरी ॥४४॥

एती कर्म गरेर शङ्ख करमा * लीएर फुक्ता भए ।
सायंकाल भयो घुमाई रथ फेर् * डेरा तिरै गै गए ॥
फर्की भीष्मजि ता गए शिबिरमा[3] * भन्ने बुझी त्यै घरी ।
फर्काई रथ पार्थको कटकमा * पुग्नू भयो श्री हरी ॥४५॥

देखी ति भीष्म कन भूप सुयोधनैले ।
वीरादिका सँग भने खुशि भै मनैले ॥

१ भीम । २ धनु । ३ डेरामा ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आजै पितामहजिले प्रण आफ्नु राखी ।
मार्नू भयो दश-सहस्र[1] रथी[2] नथाकी ।।४६।।
हाम्रै त जीत हुन गो भइ युद्ध आजै ।
हारी गए सकल पाण्डवका समाजै ।।
विश्राम[3] लौ अब गरौं सबले मिलेर ।
सुन्दा कुरा सब बसे खुशि नै भएर ।।४७।।

फर्की आउनु भो युधिष्ठिर पनी * डेरा महाँ त्यै घरी ।
भूमिमा कवचादि राखि दिनु भो * झीकेर झट्टै गरी ।।
त्याहीं कृष्ण र पार्थ भीमहरु ता * आई बसेकै थिए ।
राजाका सँग भै नुहाइ श्रम जुन् * थीयो हटाई दिए ।।४८।।
ल्याइन् द्रौपदिले अनेक थरिका * मिष्टान्न खाने कुरा ।
खाए साथ बसी समस्त जनले * आनन्द साथै पुरा ।।
लाग्ने मानिस भोजनै गरि उठे * फेर् द्रौपदीले अनी ।
खाइन् खाद्य-पदार्थ[4] खूशि मनले * आफ्नू रुचेको पनी ।।४९।।
खाई-पीइ सकी सबै जन बसे * ती द्रौपदीले तहीं ।
सोधिन् आज लड़ाइँमा जय मिल्यो * कस्लाइ ? भन्ने यही ।।
भन्नू भो हरिले ठुलो रण गरी * श्रीभीष्मजीले तहाँ ।
मारे है दश नै सहस्र रथि पो * आजै लड़ाइं महाँ ।।५०।।
तस्मात् बिन्ति म गर्दछू नृपतिमा * हाम्रा त सेना-पती ।
होउन् शंख[5] यि पार्थ कौरव कने * मारुन् सजीलै अती ।।
यस्ता बात सुनी जनार्दनजिका * भन्छिन् तिनै द्रौपदी ।
सुन्दा केशव ! वाक्य ती हजुरका * आश्चर्य मान्छू अती ।।५१।।

१ दश हजार । २ रथ सवार वीरहरू । ३ आराम । ४ खानेकुरा । ५ विराट राजाका छोरा ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भिड्छन् शंख गएर भीष्म सित ता ❀ भीमार्जुनै यी दुई ।
के गर्नन्? कहि बक्सियोस् हजुरले ❀ यत्रा थिए वीरै भई ॥
आज्ञा भो हरिले छ कारण ठुलो ❀ यस्मा सुन्यौ द्रौपदी ! ।
दूवैले अरि-सैन्य भोलि वध पो ❀ गर्नन् असंख्यै जती ॥५२॥

भोली खूब सबेर सैन्य कन ता ❀ तैयार पर्नै भनी ।
बाजाहेरु बजुन् समस्त रणका ❀ 'मारू' भनेका पनी ॥
आज्ञा एति गरेर राति कन ता ❀ श्रीकृष्णजीले तहीं ।
आज्ञा गर्नु भयो विराट कन ता ❀ यस्ता तवर्ले कही ॥५३॥

राजन्! भोलि समस्त[1] सैन्यहरुको❀ रक्षार्थ[2] सेनापती ।
गर्नोस् शङ्ख कनै म भन्दछु यही ❀ सुन्नू भयो भूपती ! ॥
आज्ञा कृष्णजिको सुनेर खुशि भै ❀ भन्छन् ति राजा तहाँ ।
सोही माफिक काम गर्छु प्रभुजी! ❀ हुकुम् भएको यहाँ ॥५४॥

धन्यै आज भएँ सुपुत्र कुलमा ❀ जन्मेछ मेरो यहाँ ।
ऐह्ले भारत-युद्धको हुन गयो ❀ सेना-पती फौजमा ॥
एती बिन्ति गरी विराट नृपती ❀ अत्यन्त खुशी भए ।
यस्तैमा सब रात्रि बीति कन गै ❀ सूर्योदयै भै गए ॥५५॥

प्रातःकृत्य सबै सकेर जनले ❀ वस्त्रादि फेरे जसै ।
शंखैलाइ किरीट धर्मसुतले ❀ बाँधीदिनू भो तसै ॥
आज्ञा भो हरि बाट सात्यकि! भए ❀ यी शंख सेनापती ।
यिन्कै ता हय हाँकिदेउ तिमिले ❀ आफू बनी सारथी ॥५६॥

आज्ञा पाइ उठेर सात्यकि गए ❀ त्यै काम गर्छू भनी ।
आफ्नू सारथि-भेष पारि कन ती ❀ फर्केर आए अनी ॥

१ सबै । २ रक्षागर्न ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चारोटा हय-युक्त भव्य रथ पो * ल्याए उसै बीचमा ।
बाजा त्यै घरि खुब् बजे समरको * पैचान[1] दींदै तहाँ ॥५७॥

राजा कृष्ण पिता र सात्यकिजिका * साम्ने अगाड़ी गई ।
शंखैले क्रमले[2] परे चरणमा * युद्धार्थ जाने भई ॥
पश्चात् सात्यकिलाइ ली चढिगए * आफ्ना रथैमा तिनी ।
हाँके सारथिले ति अश्व कन फेर् * हींडुन् अगाड़ी भनी ॥५८॥

सेनाका पतिको चल्यो रथ जसै * भीमार्जुनादी जती ।
जो जो वीर थिए सबै चलिगए * आफ्ना रथैमा बसी ॥
सेना पाण्डव तर्फका सब पछी * लागे तिनैका अनी ।
भन्थे सैनिक युद्ध पर्दछ ठुलो * आजै यहाँ लौ भनी ॥५९॥

ती कौरवादिहरुका दल बीचमाहाँ ।
भन्छन् सुयोधन पितामहलाइ ताहाँ ॥
आजै गई हजुरले गरि युद्ध भारी ।
फिर्नू हवस् सहज कृष्ण र पार्थ मारी ॥६०॥

भन्छन् ति भीष्म नृपका मुख तर्फ हेरी ।
"जाऊँ सबै समरमा नगरेर देरी ॥
केको छ फिक्रि रति शोच नगर्नु याहाँ ।
होला भलो यहि म भन्दछु युद्ध माहाँ" ॥६१॥

ऊठे ति कौरवहरू सब जान लाई ।
सामेल भो सकल सैन्य समेत आई ॥
हूँदै सवार रथमा अनि अश्व माहाँ ।
हींड़े सबै रण तिरै कुरु-क्षेत्र माहाँ ॥६२॥

१ इशारा ; २ पालैसंग ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्री सेनापतिको किरीट शिरमा ❀ देखेर ती शंखको ।
श्रीभीष्मै कन त्यै बखत् समरमा ❀ अत्यन्त आश्चर्य भो ॥
भीष्मैको रथनेर सात्यकिजिले ❀ आफ्नू रथै गर्दिए ।
त्यै बेला शरचाप[1]लाइ करमा ❀ श्रीभीष्मजीले लिए ॥६३॥

जोरी धनूमा दश बाणलाई ।
श्रीशंखले जल्दि दिए चलाई ॥
श्रीभीष्मले ती शरलाइ ताहाँ ।
काटी गिराए रण-भूमि माहाँ ॥६४॥

गांगेयले क्रोध गरेर हेरी ।
हाने दशै बाण तुरुन्त फेरी ॥
ती शंखले ती शर वीरताले ।
हानेर बाणैहरु काटि हाले ॥६५॥

सो बाण तिन्ले धनुमा चढ़ाई ।
हान्दा भए फेरि ति भीष्मलाई ॥
ती बाण तिन्का शिरमा गएर ।
लागी गए चोट खुबै गरेर ॥६६॥

ती बाण लाग्दा रिस खूब भै गो ।
ठोक्का महाँ हात तुरुन्त गै गो ॥
तीखा शरै जल्दि निकालि लीए ।
श्री भीष्मले त्यै घरि हानि दीए ॥६७॥

भीष्मैका धनु देखि छूटि शरले ❀ दूवै रथी सारथी ।
साह्रै घायल भै गए रगतको ❀ धारा बगी गो अती ॥

[1] धनु र बाण ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जल्दी बाण झिकी विराट-सुतले * साठी शरैले गरी ।
हानी भीष्मजिलाइ छाति बिचमा * घाऊ गरे त्यस् घरी ॥६८॥

यस्तै रीति गरी परस्पर भिड़ी * श्री भीष्म - शंखै तहाँ ।
लागे लड्न शरादिले दश-दिशा * छोपेर जाहाँ - तहाँ ॥
यस्तै औसरमा महारथिहरू * आएर जम्मा भई ।
लागे बाण चलाउनै अति छिटो * साम्ने अरीका गई ॥६९॥

हात्तीका असवारि हात्तिहरुका * खोजी सवारी भिड़े ।
जो ता वीर रथी थिए रथ चढ़ी * खोजेर त्यस्तै लड़े ॥
लागे गर्न प्रहार घोड्चढ़िहरू * खोजी रिशाला[1] तहीं ।
जूधे पैदल सैन्य पैदल सँगै * साम्ने अगाड़ी गई ॥७०॥

गाण्डीव ली कर विषे अति कोप गर्दै ।
लागे ति पार्थ शर त्याग्न अगाड़ि सर्दै ॥
सामू परे जति ति सैनिक - वृन्दलाई ।
दीए ति अर्जुनजिले भुमिमा गिराई ॥७१॥

मैदान छोपिन गयो मृत - देह गिर्दा ।
बाटो न पाउनु भयो पथ रोकिईंदा ॥
भारी लडाइँ गरि सैनिक धेर मारे ।
देखी सुयोधनजिले मुख लाल पारे ॥७२॥

सेना लिएर सँगमा रथमा चढ़ेर ।
दौड़ाउँदै रथ अगाड़ि खुबै बढ़ेर ॥
भन्छन् सुयोधनजिले निज भाइलाई ।
'हे भाइ ! हान तिमि बाण अगाड़ि जाई' ॥७३॥

---

१ घोड़ा चढ़ी युद्ध गर्नेहरू ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

छाँटेर वीर नृपती सँगमा लिएर ।
दुश्शासनै अघि बढ़े हुकुमै सुनेर ॥
मीलेर वीर सबले ति किरीटि माथी ।
वर्षा गरे शरहरू अति रीस राखी ॥७४॥
पानी परे सरि गरी कन भाद्र माहाँ ।
गिर्दा भए शर अनेक असङ्ख्य ताहाँ ॥
ती बाणले रथ र कृष्ण किरीटिलाई ।
छोपी दिए सहजमा पिंजड़ा बनाई ॥७५॥
इन्द्रास्त्र त्यागदछु भनी शर एक लीए ।
मंत्री धनंजयजिले उहि त्यागि दीए ॥
इन्द्रास्त्रले नृप हजार समेत मारी ।
नष्टै गऱ्यो सहजमा शर-जाल भारी ॥७६॥
रत्नादिका मुकुटले अति शोभिएका ।
भूपादिका शिर खसे सब काटिएका ॥
घोड़ा र सैनिक असंख्य गिरे मरेर ।
शंखै फुके अनि ति अर्जुनले सरेर ॥७७॥
इच्छा बुझेर ति धनंजयका मनैमा ।
आफैं ति सारथि भएर बसी रथैमा ॥
कैह्ले यता र कहिले त उता रथै सो ।
हाँक्थे पुऱ्याइ कन माधव कृष्णले पो ॥७८॥

फुके शंख भनेर अर्जुनजिले ❀ दुश्शासनै बेसरी ।
क्रुद्धै भैकन गर्जना गरि लियो ❀ ठिक् सिंह गर्जे सरी ॥
त्यै बेला शर सात अर्जुनजिले ❀ हानेर छाती महाँ ।
त्यै दुश्शासनलाइ घायल गरे ❀ फेरी उसै बीचमा ॥७९॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तीखो बाण लिएर अर्जुनजिले ❀ राम्रो निशाना गरी ।
हान्दामा शरलागि सारथि गिऱ्यो ❀ लोटेर भैंमा परी ॥
गिर्दा सारथि झट् कुदी पृथिविमा ❀ दुश्शासनै गै गए ।
श्रीदुर्योधनले बढ़ाइ रथ फेर् ❀ तिन्लाइ साथै लिए ॥८०॥

फेरी झट् कुरुनाथले[1] कपिध्वजै[2] ❀ माथी शरादी तहीं ।
लागे छोड्न अनेक आफ्नु धनुमा ❀ जोरेर क्रुद्धै भई ॥
देखी तिन्कन भीमसेन दगुरे ❀ भिड्ने इरादा धरी ।
बीचैमा गुरुद्रोण बाधक[3] भए ❀ आएर सामू परी ॥८१॥

भन्छन् भीष्म ति द्रोणमा कुरुपती ❀ पार्थादि लड्छन् यहाँ ।
आफू गैकन शंख सीत भिड़ लौ ❀ देखिन्छ सोही जहाँ ॥
जाँदैछू म त पार्थ नेर अहिले ❀ एती सुनाई वरी ।
श्रीगांगेय रथै बढ़ाइ दगुरे ❀ जल्दी अगाड़ी सरी ॥८२॥

जल्दीमा नजिकै सुयोधनजिका ❀ पौंचेर सोही घरी ।
राजाको[4] रथलाइ आफ्नु रथका ❀ ठीकै पछाड़ी गरी ॥
वर्षा खूब गरे धनंजयजिमा ❀ बाणादिको भीष्मले ।
छोप्यो अर्जुनको रथै कन जसै ❀ गर्जे ठुलो शब्दले ॥८३॥

पैह्ले गर्जन खुब् गरेर अनि फेर् ❀ गांगेय भन्छन् तहाँ ।
ऐह्ले सम्म असंख्य सैन्य तिमिले ❀ हे पार्थ ! माऱ्यौ यहाँ ॥
तिम्रा सामु यहाँ थिइन र सक्यौ ❀ सैन्यादि नाश्नै अनी ।
हेर्छू लौ अब मार सैन्य तिमिले ❀ मेरा अगाड़ी पनी ॥८४॥

लाखौं अर्जुन हुन् अगाड़ि त पनी ❀ मार्नेछु संग्राममा ।
बाँच्यौ सारथि कृष्ण भैकन अझै ❀ हेपार्थ ! यो युद्धमा ॥

---

१ दुर्योधनले । २ अर्जुन । ३ रोक्ने । ४ दुर्योधनको ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बूढ़ा भीष्मजिका सुनेर यि कुरा ❀ क्रुद्धै गराई मती ।
हातैमा धनुबाण त्यैघरि लिए ❀ पार्थै रिसाई अती ॥८५॥
भन्छन् भीष्मजिलाइ पार्थ उ बखत् ❀ शक्ती छ एती भनी ।
जानेकोछु सबै तपाइँहरुको ❀ हे भीष्मजी ! सो पनी ॥
गाई हर्न भनी विराट-पुरिमा ❀ जानू भएथ्यो अघी ।
मैले युद्ध गरेर गोधन सबै ❀ फिर्ता लिएँथें तहीं ॥८६॥
हूनू हुन्छ बड़ो बड़ो वचन के ❀ बोल्नू भएको यहाँ ? ।
हूँदै यस् घरि सावधान बहुतै ❀ लीनोस् धनू हातमा ॥
एती बात सुनाइ भीष्म कन फेर् ❀ श्रीपार्थले त्यस् घरी ।
वर्षाए शर भीष्मका उपरमा ❀ ताकेर जल्दी गरी ॥८७॥
वैशम्पायनले यती कहनु भै ❀ क्यै काल मौनै रही ।
थाल्नू भो जनमेजयै सित कुरा ❀ फेर् बोलन खूशी भई ॥
सम्राट् ! शंख र द्रोण वीर दुइटै ❀ वर्षा गरी बाणको ।
लड्थे त्यै रण-भूमिमा रिस गरी ❀ इच्छा लिंदै जीतको ॥८८॥
यौटाको शर अन्यले कुपित भै ❀ काटी गिराऊँदथे ।
देख्ने सैनिक ता गरेर सह्नी ❀ दृष्टी त्यतै लाउँथे ॥
श्रीदुर्योधनले लड़ाइँ दुइको ❀ देखेर सोही घरी ।
आश्चर्यै मनमा भई रहिगए ❀ हेरेर छक्कै परी ॥८९॥
द्रोणाचार्यजिका ति चार हय फेर् ❀ साथै गरी सारथी ।
मारे शंखजिले शरादिहरुको ❀ वर्षा गराई अती ॥
आफ्नू देखि दशा ति द्रोण कन ता ❀ क्यै लाज क्यै क्रोध भो ।
फाल्हाली रथ देखि अन्य रथमा ❀ दौड़ेर गै चढ्नु भो ॥९०॥
पाई छिद्र ति शंखले शरहरू ❀ त्यागेर धेरै तहाँ ।
धेरै कौरव-सैन्यको बध गरे ❀ त्यै युद्धभूमी महाँ ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मारे सैन्य ति शंखले बहुत पो * भन्ने विचारै गरी ।
लागे भन्न ति द्रोण शंख कन ता * ऊँचो स्वरैले गरी ॥९१॥
"सुन्छौ शंख! म एक एहि शरले * तिम्लाइ मार्छू यहाँ ;
अर्को बाण कदापि झिक्दिन कभै * जानीलिए चित्तमा ॥"
एती बात गरेर त्यै समयमा * ब्रह्मास्त्र लींदा भए ।
पैह्ले मंत्र पढेर फूकि शर त्यै * हान्ने इरादा लिए ॥९२॥
निस्की तेज अपूर्व सोहि शरको * खूबै उज्यालो भयो ।
साह्रै नै डर नाग-देव-नरमा * देखेर लागी गयो ॥
लागे सात्यकि बोल्न पो उहि बखत् * ती शंखका साथमा ।
लै जाऊँ रथ की? फिराइ अहिले * छन् ती किरीटी जहाँ ॥९३॥
सुन्दा सारथिका कुरा निडर भै * श्रीशंख भन्छन् तहाँ ।
छोड्नू हुन्न कदापि धर्म कुलको * हाम्ले लड़ाइं महाँ ॥
दर्जा प्राप्त भयो मलाइ रणमा * सेनापतीको पनी ।
देखाई द्विजलाइ पीठ कसरी * भागूँ म काँतर् बनी ॥९४॥
भागी गै रणबाट कौन दिनका * लागी म प्राणै पनी—
राखूँ वीर! बताउ मर्नुछ हकै * बाँच्ने सदा को छ नी? ॥
यस्तै औसरमा ति द्रोणगुरुले * ब्रह्मास्त्र छोड़े जसै ।
ठूलो शब्द गरेर अग्नि उठि गो * अत्यन्त ठूलो तसै ॥९५॥
पन्ध्रै हात जती उँचाइ हुन गै * चालीस हातै पनी ।
चाक्लो अग्नि उठेर शंख तिर पो * आयो डढ़ाऊँ भनी ॥
भन्छन् सात्यकि शंखलाइ उ बखत् * "फर्केर जाऊँ अझै ।
मर्नू अग्नि विषे जलेर किन हो * आँट्छौ वृथामा उसै? ॥९६॥
लागे भन्न ति शंखले प्रिय! सुन्यौ * तिम्ले हठी खुब् बनी ।
फर्कायौ रथ यो भने अति ठुलो * लाग्ने छ पापै पनी ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एती बात गरेर सात्यकि सँगै ❀ सेनापतीले अनी ।
त्यागे झट् वरुणास्त्र जोरि धनुमा ❀ अग्नी निभाऊँ भनी ॥९७॥

ब्रह्मास्त्रैकन व्यर्थ गर्नु सजिलो ❀ थीएन कार्यै पनी ।
पानी पर्न गएर अग्नि अझ झन् ❀ तेजी भईगो अनी ॥
"त्राही-त्राहि" भनेर देव नभमा ❀ लागे पुकार्नै तहीं ।
दौड्यो ब्रह्मशरै ति शंखकन ता ❀ कालै सरीको भई ॥९८॥

अस्त्रैको सब तेज अङ्गहरुमा ❀ व्याप्तै भयो जुन् घरी ।
घोड़ा सारथि सम्म कम्पित भए ❀ पोलेर सोही घरी ॥
आए शंख कुदेर भूमि बिचमा ❀ फेर् सात्यकीले पनी ।
फर्काए रथ केहि दूर तिर गै ❀ पर्खे भयो के भनी ॥९९॥

ती सेनापति शंख भस्म हुन गै ❀ मानू खरानी भए ।
भागे सात्यकि ता लिएर रथ सो ❀ जाहाँ हरी पो थिए ॥
देखे शंख मरे ति दूइ दलले ❀ सो ब्रह्म-अस्त्रै पनी ।
ठोक्कैमा पसि गो फिरेर गुरुकै ❀ कार्यै पुरा भो भनी ॥१००॥

यस्तै औसरमा ति द्रोण गुरुले ❀ झट् शंखनादै गरे ।
धृष्टद्युम्नजि सामुमा ति गुरुका ❀ जल्दी अगाड़ी सरे ॥
भन्छन् ती तब द्रोणलाइ तिमिले ❀ अज्ञानि जस्तो बनी ।
नाश्यौ आफ्नु वयादि[1] बाल तरुणै ❀ यो वृद्ध-बेला पनी ॥१॥

जन्मी ब्राह्मणको पवित्र कुलमा ❀ बाँधी हतीयार् यहाँ ।
यौटा बालक माथि ब्रह्म-शर पो ❀ छोड्यौ लड़ाइँ महाँ ॥
यस्तो गर्नु थिएन ज्ञानि गुरु भै ❀ तिम्ले बिजाईं गर्‍यौ ।
साँचै भन्दछु आज बल्ल तिमि ता ❀ मेरै त फेला पर्‍यौ ॥२॥

१ उमेर ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यस्ता, बात सुनी न बोलिकन क्यै ❁ ती द्रोणले खुब् गरी।
हाने बाणहरू तिनैकन त्यहीं ❁ पानी परेकै सरी ॥
जल्दी राजकुमारले शरहरू ❁ हानेर तिन्का जती।
बाणादी सब काटि व्यर्थ गरियो ❁ देखाइ फुर्ती अती ॥३॥

फेरी तीन झिकेर बाण धनुमा ❁ जोरेर त्यागी दिए।
लागे बाणहरू निधार तिर पो ❁ ती द्रोणजी आत्तिए ॥
मारे भीष्मजिले हजार दश नै ❁ सेना लड़ाईं महाँ।
साँझै पर्न गयो सबै फिरि गए ❁ आफ्नू छ डेरा जहाँ ॥४॥

भीष्मजीको दोस्रा दिनको युद्ध, भगदत्तको मृत्यु।

फर्की वीरहरू सबै शिबिरमा ❁ पौंचेर सोही घरी।
लागे भोजन-पान गर्न सबले ❁ शस्त्रादि आफ्ना धरी ॥
कोही ता हतियारमा अति तिखो ❁ धारै बनाई तहाँ।
लागे जाँच गरौं भनेर खुशि भै ❁ हानेर वृत्तै महाँ ॥१॥

घोड़ा मल्न र अश्वलाइ उ बखत् ❁ दाना दिने काममा।
लागे कोहि त जाँचगर्न रथको ❁ क्यै टूटि गो की तहाँ ॥
आफ्ना साथ लिएर कृष्णकन ता ❁ श्रीभूपती त्यै घरी।
भन्छन् एहि विराटका समिपमा ❁ पौंचेर सोही घरी ॥२॥

"राजन्! सोच र फिक्रि त्याग गरनोस् ❁ यस्तो परीगो भनी।
हाम्रो क्षत्रिय धर्म यै छ रणमा ❁ मर्नै कि मार्नै पनी ॥"
भन्छन् भूप विराट त्यै समयमा ❁ "राजेन्द्र ! सुन्नू भयो।
मेरो पुत्र भिड़ेर वीर-गतिमा ❁ हाम्लाइ छोड़ी गयो ॥३॥

लाग्यो काममहाँ ति धर्मसुतको ❁ भन्ने विचारी यहाँ।
केही फिक्रि त छैन छू म खुशि नै ❁ यस्तो अवस्था महाँ ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

फर्के धर्मकुमार माधव दुवै ❀ ती द्रौपदी छन् जहाँ ।
भाई-बन्धु समेत भोजन गरे ❀ श्रीकृष्णका साथमा ॥४॥
सोधिन् द्रौपदिले त आज रणमा ❀ के के भयो हे हरी ! ।
आज्ञा भो हरिबाट अर्जुनजिले ❀ मारे हजारौं अरी ॥
द्रोणाचार्यजिले अधर्म - पथमा ❀ लागी लडाइं महाँ ।
शंखैलाइ त भस्म पो गरिदिए ❀ ब्रह्मास्त्र छोडी तहाँ ॥५॥
भन्छन् त्यौ घरि धर्मराज दिलमा ❀ शंका मलाई पर्‍यो ।
रोजे भीष्मजि मार्दछन् अयुत पो ❀ मानीस गर्नू कसो ? ॥
जीतौंला कसरी यि भीष्मकन लौ ❀ हाम्ले लडाइं गरी ? ।
छक्कै पर्दछु हुन्छ जीत कसरी ❀ आज्ञा हवस् लौ हरी ॥६॥
भन्छिन् द्रौपदि धर्मराजकन फेर् ❀ यस्ता तवर्ले गरी ।
हे राजेन्द्र ! रती पनी भय नहोस् ❀ कल्याण गर्नन् हरी ॥
सम्झी बक्सनु होस् अगाड़ि हरिले ❀ लीला जउन् गर्नु भो ।
कत्रो संकटमा थियौं सब जना ❀ संकष्ट सो हर्नु भो ॥७॥
दुर्वासा ऋषिलाइ जो कुरुपती- ❀ जीले स-शिष्यै गरी ।
भेजेथे बनमा थियौं सब जना ❀ आए ति साँझै परी ॥
माँगे 'भोजन देउ सोहि न दिए ❀ आपै दिनेछू' भनी ।
भन्दामा कति कष्टमा सब पर्‍यौं ❀ थीएन केही पनी ॥८॥
सन्ध्यादी गरि पाल्नुहोस् सब जना ❀ मै पाक्य गर्छू भनी ।
मैले एति कहें र ती चलि गए ❀ स्नानार्थ चाँड़ो अनी ॥
मैले एति छलै गरेर त्तणका ❀ लागी भए दूर ती ।
लाग्यौं श्रीहरिलाइ भन्न मनमा ❀ हेनाथ ! लक्ष्मीपति ! ॥९॥
यो संकष्ट हटाइ बक्सनुहवस् ❀ यो बिन्ति पार्‍यौं जसै ।
आई दर्शन बक्सियो र हरिले ❀ आनन्द मान्यौं तसै ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भोको छू भनि बक्सियो प्रभुजिले ❀ क्यै देउ खान्छू भनी ।
केही अन्न त छैन यो जब भनें ❀ आज्ञा भयो यै अनी ॥१०॥
जाऊ द्रौपदि ! पाक्यपात्र तिमिले ❀ ल्याऊ म हेर्छू यहाँ ।
त्यस्मा क्यै हुनुपर्छ द्रौपदि ! सुन्यौ ❀ केही छ पक्का तहाँ ॥
आज्ञा पाइ गएर पात्र प्रभुका ❀ ल्याई दिएँ हातमा ।
हेर्दा साग रहेछ सानु अड्की ❀ बस्ने उही पात्रमा ॥११॥
त्यै बेला घनश्यामले उहि झिकी ❀ खाई दिनू भो जसै ।
दुर्वासाहरुका भुँडी फुलिगए ❀ साह्रै अघाई तसै ॥
फर्केनन् ऋषि गैगए कुटितिरै ❀ हेनाथ ! लीला यही ।
बिर्सी बक्सनु भो कि श्रीहरिजिको ❀ बिर्सन्न मैले कहीं ॥१२॥
जाहाँ छन् भयलाइ नष्टगरने ❀ श्रीकृष्ण लक्ष्मी - पती ।
त्याहीं ता भय फिक्रि मान्नु परने ❀ कामै छ फेरी कती ? ॥
यस्ता बात सुनेर द्रौपदिजिका ❀ खूशी हुनू भो हरी ।
खाई-पीइ सकी परे शयनमा ❀ प्राणीहरू झट् गरी ॥१३॥
प्रातःकाल भयो दुवै दलहरू ❀ युद्धार्थ मैदानमा ।
आए बज्न शुरू भए समरका ❀ बाजा उसै बीचमा ॥
हात्तीका रथका र अश्वहरुका ❀ जो - जो सवारै थिए ।
लागे घोर लड़ाइँ गर्न उ बखत् ❀ हानेर शस्त्रास्त्रले ॥१४॥
लागे गिर्न असंख्य बाण रणमा ❀ तर्वार् र खड्गै पनी ।
लागे चम्कन सैन्यका करविषे ❀ मानू बनी दामिनी ॥
यस्तै औसरमा गजादिहरुको ❀ सेना त मेघै सरी ।
आयो भिड्न भनी रणस्थल विषे ❀ साम्ने मुहूड़ा गरी ॥१५॥
आए भीमजि मेघ-गर्जन गरी ❀ हात्ती थिए ती जहाँ ।
थाले गर्न प्रहार लीकन गदा ❀ ठोकी कपाले महाँ ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लागे छुट्न ति पार्थका शरहरू ❀ बज्रै खसेझैं गरी ।
थाले गिर्न पटापटी कटकमा ❀ मानीसहेरू मरी ॥१६॥

दौड़ाई रथ भीष्मजी पुगिगए ❀ श्रीपार्थ थीए जहाँ ।
हातैमा धनु ली अनेक शरको ❀ वृष्टी गराए तहाँ ॥
तिन्का बाण ति पार्थले शर त्यजी ❀ काटी गिराई दिए ।
पाँचै बाणहरू झिकेर धनुमा ❀ जल्दी लगाई लिए ॥१७॥

त्याग्दा ती शर छातिमा गड़िगए ❀ गांगेयका त्यै घरी ।
लागे बाण भनी ठुलो रिस उठ्यो ❀ तिन्लाइ सोही घरी ॥
तीखो बाण निकालि पार्थकन झट् ❀ हानेर श्रीभीष्मले ।
छातीमा गडिगो र घायल भए ❀ श्रीपार्थ त्यै चोटले ॥१८॥

श्रीभीष्मार्जुन यै प्रकार सँगले ❀ भिड्दै थीए जुन् घरी ।
धृष्टद्युम्न र द्रोण युद्ध गरथे ❀ दूवै अगाड़ी सरी ॥
तिन्का बाणहरू छुटेर बहुतै ❀ आकाश व्याप्तै भयो ।
दूवै वीर थिए भिड़े रिस लिई ❀ युद्धै ठुलो भैगयो ॥१९॥

देख्दा काहि कतै त बाज जसरी ❀ झम्टन्छ सीनोमहाँ[1] ।
धृष्टद्युम्न उसै गरी त दगुरे ❀ खड्गै धरी हातमा ॥
आएका तिनिलाइ देखि गुरुले ❀ खुब् बाण-वर्षा गरे ।
बाणैले गरि मार्ग रोकिन गयो ❀ बाटै न-पाई फिरे ॥२०॥

भिड्थे क्रुद्ध भएर ती नकुलजी ❀ साथै कृपैका गई ।
दूवैको शर त्यागनु छक्क परदै ❀ हेर्थे सबैले तहीं ॥
एकातीर त्यहीं ति मन्त्रि शकुनी ❀ जुन् युद्ध जान्ने थिए ।
तिन्सीतै सहदेवजी शर-धनू ❀ लीएर भिड्दा भए ॥२१॥

१ मरेको जानवर ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आयो राक्षस फेर् अलम्बु रणमा ❀ भिड्ने इरादा धरी ।
रोके त्यस्कन ता घटोत्कच गई ❀ वर्षा शरैको गरी ॥
राजा शल्यजिलाइ त्यै समयमा ❀ देखी अगाडी महाँ ।
रोके सात्यकिले गरेर शरको ❀ वर्षा उसै बीचमा ॥२२॥

राजा एक थिए बहूत बलिया ❀ जस्को त नामै पनी ।
थीयो है भगदत्त इन्द्र खुशिभै ❀ तिन्लाइ आफ्नै भनी ॥
श्रीऐरावत हात्तिको अति ठुलो ❀ छावा[१] दिएका थिए ।
त्यस्माथी चढि युद्ध गर्न रणमा ❀ ती भूप आई गए ॥२३॥

देख्नामा गज सो पहाड्सरिको ❀ मोटो र अग्लो थियो ।
जस्को दन्त विशाल देखि जनता ❀ साह्लै[२] डराई गयो ॥
आयो पाण्डवकै त सैन्यतिर पो ❀ सो हात्ति कालै सरी ।
लागे गिर्न ति कुल्चिदै नरहरू ❀ त्यस्का नजीकै परी ॥२४॥

पाऊँथ्यो रथि जुन् उ हात्ति सुँढले ❀ पक्रेर ऊँचा गरी ।
दिन्थ्यो त्यस्कन ता पछारि भुमिमा ❀ जान्थे तुरुन्तै मरी ॥
हाहाकार पऱ्यो र सैन्यहरूमा ❀ एता र ऊता भए ।
दौडाई रथलाइ भीम अनि ता ❀ हात्ती नजीकै गए ॥२५॥

हात्तीका शिरमा वृकोदरजिले ❀ ताकेर त्योही घरी ।
जल्दी सौ शर ता चढाइ धनुमा ❀ त्यागीदिए त्यै घरी ॥
फेरी श्रीभगदत्तलाइ तिनिले ❀ साठी तिखा बाणले ।
घाऊ अंगभरी गरे रिस लिई ❀ तत्कालमा भीमले ॥२६॥

त्यै बेला अति क्रुद्ध भै ति नृपले ❀ पच्चीस बाणै लिए ।
त्यागी झट्ट ति भीमलाइ उरमा ❀ घाऊ लगाई दिए ॥

१ हात्तीको बच्चा । २ ठुलो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लाग्दा चोट अनेक बाणहरुका ❀ हात्ती रिसायो अनी ।
जल्दी गै रथ भीमको धरिलियो ❀ आफ्नू सुँढैले पनी ॥२७॥

पक्री त्यै रथलाइ बेग सँगले ❀ फाली दिएथ्यो जसै ।
एकै कोश जती गएर भुमिमा ❀ बज्यो तुरुन्तै तसै ॥
साह्रै शर्म पन्यो र भीम करमा ❀ पक्री गदा त्यै घरी ।
आए क्रोध गरेर दौड़ि नृपका ❀ सामू अगाड़ी सरी ॥२८॥

पर्खी हे भगदत्त ! आइ म पुगें ❀ भन्दै अगाड़ी भई ।
उफ्री त्यै गजको त ताकि शिरमा ❀ हाने गदा झट् गई ॥
साह्रै चोट परेर सो गज हट्यो ❀ चारै कदम् पो पछी ।
हल्लाईकन टाउको अनि कदम् ❀ सान्यो उसैले अघी ॥२९॥

दौड़ी गै गजले ति भीमकन ता ❀ धक्का दियो त्यै घरी ।
लोटे भीम त पृथ्विमा गिरि कनै ❀ मानू खसीगो गिरी ॥
लोटे भीम भनी बढ़े द्रुपदजी ❀ फेर् काशिराजा अनी ।
दौड़े उत्तरजी शिखण्डि सँग भै ❀ यी वीर चारै पनी ॥३०॥

चारै वीर मिलेर त्यै समयमा ❀ सो हात्तिलाई तहीं ।
लागे हान्न असङ्ख्य बाण शिरमा ❀ ताकेर क्रुद्धै भई ॥
हात्तीको शिर छोपियो उहि बखत् ❀ बाणादि धेरै परी ।
लागे वर्षन बाण सोहि गजमा ❀ पानी परे झैं गरी ॥३१॥

राजा श्रीभगदत्तले धनु लिई ❀ वर्षा शरैको गरे ।
यी वीरैहरु चारलाइ रणमा ❀ तिन्ले त मुग्धै[1] गरे ॥
काटे बाणहरु तिनै नृपतिले ❀ वर्षा शरैको गरी ।
हात्ती पेलिदिए लगी कटकमा ❀ साम्ने मुहूँड़ा गरी ॥३२॥

---

१ मूढ बनाए ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हात्ती पाण्डव-सैन्यमा जब पस्यो ❀ सामू जती पर्दथे ।
तिन्को ता शिर हात्तिले सहजमा ❀ फोर्थ्यो र ती गिर्दथे ॥
खुट्टाले कतिलाइ हानि गजले ❀ घोचेर दन्तै पनी ।
लाग्यो मार्न र सैनिकादि बहुतै ❀ नष्टै भए झट् अनी ॥३३॥

हाहाकार परेर सैन्यहरुमा ❀ एता र ऊता गरी ।
लागे भाग्न सिपाहिहेरु रणमा ❀ ठूलो डरैमा परी ॥
भाग्ने सैनिकलाई धर्मसुतले ❀ देखेर भन्नू भयो ।
भाग्छौ मूर्ख ! वृथैव मर्नु बढ़िया ❀ यै युद्धमाहाँ थियो ॥३४॥

जो गिर्छन् रणमा विमान चढ़ि ती ❀ जान्छन् छिटै स्वर्गमा ।
जन्मी क्षत्रिय-वंशमा नरहरू ❀ मार्छन् कि मर्छन् यहाँ ॥
आफ्ना भूपतिका कुरा यति सुनी ❀ भाग्ने सिपाही जती ।
फर्के अस्त्र लिएर भिड्न भनि फेर् ❀ फिक्री नमानी रती ॥३५॥

बर्छीले तरवारले अनिपछी ❀ भाला र खड्गादिले ।
बाणैले र गदादिले सकलले ❀ त्यै हात्तिमा रीसले—
लागे गर्न प्रहार सोहि गजको ❀ सर्वाङ्गमा त्यै घरी ।
लाग्यो रक्त विशेष देवगजको ❀ बग्नै चुहूँदो गरी ॥३६॥

राजा श्रीभगदत्तले शरहरू ❀ त्यागेर तीखा तहीं ।
राजा वीरहरू र सैनिक खुबै ❀ मारे रणैमा रही ॥
जम्मा सौ नृपती गिराइ रणमा ❀ राजा ति गर्जे अनी ।
फेरी भन्न शुरू गरे भट[1] सबै ❀ सूनुन् ति श्रोता[2] बनी॥३७॥

राजा पाण्डुजिको समस्त कुलको ❀ निर्मूल गर्छु यहाँ ।
कोही त्यस् तिर वीर छौ त अहिले ❀ आऊ अगाड़ी महाँ ॥

१ योद्धा । २ सुन्ने मानिस । ३ कुलेनाश ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

छन् ती पाण्डव तर्फका नर जती ❀ उम्केर जानन् कहाँ ? ।
मारी दिन्छु अगाड़ि पर्दछ जउन् ❀ यै युद्ध - भूमी महाँ ॥३८॥
मेरा साम्नु लड़ाइँ गर्न जब ता ❀ श्रीकृष्ण - पार्थै यहाँ ।
आऊँनन् तब ठानुँला म त ठुलो ❀ वीरै बने गिन्तिमा ॥
एती बात सुनाउँदै गज उही ❀ हींडाउँदै त्यस्घरी ।
आए भिड्न युधिष्ठिरै सित तिनी ❀ अत्यन्त रिस्मा परी ॥३९॥
भन्नू भो हरिले उसै समयमा ❀ हेपार्थ ! देख्यौ यहाँ ।
भिड्नै यो भगदत्त जान्छ अहिले ❀ श्रीधर्मराजै कहाँ ॥
राजालाइ सघाउनाकन त्यतै ❀ जानू छ जाती भनी ।
भन्छू पार्थ ! विचार कुन् छ मनमा ❀ तिम्रो बताऊ पनी ॥४०॥
आज्ञा यो सुनि झट् धनञ्जयजिले ❀ बिन्ती गरे त्यै घरी ।
जाऊँ माधव ! हाक्नुहोस् रथ छिटै ❀ त्यस्लाइ खेद्दै गरी ॥
यो बिन्ती सुनि कृष्णले रथ छिटो ❀ हाक्नू भएथ्यो जसै ।
राजा त्यै भगदत्त नेर रथ सो ❀ पौंच्यो अगाड़ी त्यसै ॥४१॥
लागे भन्न किरीटि हे नृप ! सुन्यौ ❀ हात्ती हिकाई[1] यहाँ ।
हाम्रो सैन्यहरू विनष्ट तिमिले ❀ पार्‍यौ लड़ाइं महाँ ॥
फेला बल्ल पर्‍यौ तिमी समरमा ❀ हे भूपते ! यस् घरी ।
आशा जीवनको न-राख तिमिले ❀ मार्छू अवश्यै गरी ॥४२॥
हात्तीका सँगमा तिमीकन छिटै ❀ मैले लड़ाइं गरी ।
चाँडैनै म पठाइ दिन्छु यमका ❀ राज्यै महाँ यस् घरी ॥
भन्छन् ती भगदत्त पार्थकन फेर् ❀ तिम्लाइ खोज्दै थिएँ ।
तिम्ले भेट दियौ स्वयं अघि सरी ❀ साह्रै म खूशी भएँ ॥४३॥

१ दौड़ाई ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तिम्रो भेट गराइदिन्छु सहजै ❀ डाकेर कालै यहाँ ।
मित्रै हुन् भनि कालले तिमिकनै ❀ राख्नेछ भूँडी महाँ ॥
यस्ता वाक्य सुनेर अर्जुनजिले ❀ वर्षा शरैको गरे ।
छोपीए भगदत्त हात्ति सहितै ❀ मानू ति जेल्मा परे ॥४४॥

बाणै वृष्टि गरेर चौतरफमा ❀ छोपे मलाई भनी ।
हातैमा भगदत्तले धनु लिए ❀ हाने शरादी अनी ॥
पार्थैका शर - जाललाइ सहजै ❀ काटेर सोही घरी ।
साठी बाण किरीटिका उपरमा ❀ हाने छिटो खुब् गरी ॥४५॥

अस्सीबाण त्यजेर कृष्णतिर फेर् ❀ तिन्ले उसै बीचमा ।
हाने झट् हनुमानलाइ रिसले ❀ हज्जार बाणै तहाँ ॥
घोड़ालाइ पनी ति अर्जुनजिका ❀ मार्ने इरादा धरी ।
आठै बाण त्यजेर घायल गरे ❀ खुब् वीरताले गरी ॥४६॥

बीसोटा शर पार्थले नृपतिमा ❀ हानेर तिन्को धनू ।
टुक्रा पारिदिए उसै समयमा ❀ छीटो कती के भनूँ ? ॥
शक्ती-बाण झिके तिनै नृपतिले ❀ श्रीपार्थले त्यै घरी ।
चँाडैनै दश बाणले उहि पनी ❀ काटे अगाड़ी सरी ॥४७॥

शक्ति व्यर्थ भयो भनेर रिसले ❀ तिन्ले धनू फेर् लिए ।
हानी बाण तिखा ति कृष्णकन ता ❀ घाऊ लगाई दिए ॥
राजाले[१] गज त्यै बढ़ाइ नजिकै ❀ पौंची किरीटी कहाँ ।
बाणैको पनि वृष्टि खूब गरियो ❀ ती पार्थमाथी तहाँ ॥४८॥

यस्तो औसरमा तुरुन्त गजले ❀ आफ्नो सुँढ़ैले गरी ।
फाल्यो त्यै रथलाइ अर्जुनजिको ❀ फुर्ती बहूतै गरी ॥

१ भगदत्तले ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एकातीर गएर अर्जुन गिरे * लोटेर पृथ्वी महाँ ।
अर्का तीर गई जगत्पति गिरे * श्रीकृष्ण भूमी महाँ ॥४९॥

मौका छोपि लिएर ती नृपतिले * तीखा शरैले गरी ।
श्रीकृष्णार्जुनलाइ मूर्च्छित गरे * खुब् शीघ्रतामा परी ॥
भन्नू भो हनुमानलाइ प्रभुले * हे भक्त ! तिम्ले यहीं ।
रक्षा गर्नु रथै र पार्थ मकनै * अन्तै न जाई कहीं ॥५०॥

आज्ञा एति दिएर वायु-सुतमा * आफैं जगत्का धनी ।
भक्तैका पनि निम्तिमा गिरिगए * श्रीकृष्ण मुग्धै[1] बनी ॥
उत्रेरै हनुमानले दुइ जना- * लाई उठाई लिए ।
बोकी ल्याइ सुताइ सोहि रथमा * आफू खड़ा भै रहे ॥५१॥

मूर्छामा ति दुवै परे अब भनी * ती भूपती त्यै घरी ।
आए हात्ति बढ़ाउँदै नजिकमा * साम्ने अगाडी सरी ॥
देखी श्रीहनुमानलाइ रिसले * भन्छन् ति राजा तहीं ।
"जाऊ लौ अब राम-भक्त ! किन हो * ऐह्ले खड़ा छौ यहीं ? ॥५२॥
मेरा शत्रु यि हुन् म मार्छु अहिले * यिन्लाइ मूर्छै महाँ ।
रक्षा गर्न असक्त छौ तिमि सुन्यौ ? * यिन्लाइ ऐह्ले यहाँ" ॥
भन्छन् ती हनुमानजी सुनि कुरा * हाँसेर केही अनी ।
"राजन् ! के तिमि बोल्दछौ बचन ई * मूर्खै सरीको बनी ?" ॥५३॥
रक्षार्थै रघुनाथको हुकुमले * याहीं खड़ा पो म छू ।
तिम्रो तुच्छ गजै र तीमि दुइको * पुग्दैन तागत् कछू ॥
आऊन् ता यम इन्द्र फेर् बरुणनै * तिन्ले रथै यो यहाँ ।
देख्नै पाऊँनु दुर्लभै छ नृपते ! * बुद्धी हरायौ कहाँ ?" ॥५४॥

---

१ अचेत ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पैह्ले एति सुनाइ भक्तवरले ❀ पुच्छर् बढाई वरी ।
पार्थैको रथलाइ बेह्निदिनुभो ❀ छोपी नदेख्ने गरी ॥
राजा ती भगदत्तले धनु लिई ❀ तिन्लाइ जल्दी तहाँ ।
हाने लाख लिएर बाण सहजै ❀ ताकेर पुच्छर् महाँ ॥५५॥
लागी पुच्छरमा सबै शर टुटे ❀ देखेर यस्तो तहीं ।
हात्ती पेलि दिए अगाडि नृपले ❀ हात्ती पुगी गो उहीं ॥
हात्तीले दुइ दन्तलाइ रिसले ❀ त्याहीं घुसारी दियो ।
यस्तैमा हनुमानका पुछरमा ❀ अड्केर त्यो फुक्लियो॥५६॥
दूई दन्त टुटी बह्यो रगतको ❀ धारा बहूतै गरी ।
देखे ती भगदत्तले उहि बखत् ❀ साह्रै अचम्मै परी ॥
जागा भो भगवानको उहि बखत् ❀ ऊठे ति पार्थैं अनी ।
पुच्छर्लाइ झिकी कुदी कपि गए ❀ फेरी ध्वजैमा पनी ॥५७॥

ऊठेर अर्जुनजिले भगदत्तलाई ।
भन्दाभए नृपति ! धन्य छ तीमिलाई ॥
देखें अपूर्व[१] पुरुषार्थ यहाँ गरेको ।
तिम्लाइ भन्छु प्रण[२] यो मइले गरेको ॥५८॥
हानेर एक शरले यहि हात्तिलाई ।
मार्नेछु हान्दिन अरू शर ता चलाई ॥
सो चोट ता यदि सहोस् गजले न-टेरी ।
लीने म छैन हतियार कदापि फेरी ॥५९॥
यस्ता कुरा सुनि ति अर्जुनले गरेका ।
भन्छन् तिनै नरपती रिसमा परेका ॥

---

१ उदेकको । २ कबोल ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मेरो पनी प्रण छ पार्थ ! म भन्छु याहाँ ।
गिर्नैं म दिन्न गजलाइ त भूमि माहाँ ॥६०॥
लागेर चोट शरको तिमिले त्यजेको ।
यो हात्ति ता यदि गिरोस् सहजै मरेको ॥
मेरो हवस् कु-यश[1] यो जगती - तलैमा ।
झुट्टा रहेछ भगदत्त भनी नरैमा ॥६१॥
एती भनेर तिनि मौन भए जसै ता ।
आज्ञा भयो प्रभुजिबाट पनी तसै ता ॥
हे पार्थ ! राख्नु परला प्रण आफ्नुलाई ।
एती सुनेर धनु झट्ट लिए समाई ॥६२॥
जोरेर ब्रह्मशर गाण्डिवमा लगाई ।
ताँदो खिंची श्रवण[2] सम्म दिए चलाई ॥
छेड़ी ललाट गजको शर पार भै गो ।
निस्केर प्राण गजको त तुरुन्त गै गो ॥६३॥
गिर्नें थियो गज तुरुन्त ति भूपतीले ।
च्यापीदिए सहज ढाड दुई घुँडैले ॥
यस्तो हुँदा गज तहीं त खड़ा रही गो ।
ती पार्थलाइ मनमा भ्रम पो भई गो ॥६४॥
लौ बाण ता विफल भो भनि उत्तिखेरी ।
राखी दिए धनु त्यहीं न-गरेर देरी ॥
देखेर हाल हरिले तब पार्थलाई ।
भन्नू भयो किन त्यज्यौ धनुबाण भाई ? ॥६५॥

१ बदनामी । २ कान ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हे पार्थ ! यी नृपतिले त बलै गरेर ।
आफ्ना घुँड़ा दुइ मिलाइ अली झुकेर ॥
गिर्ने गजैकन तुरुन्त अँचेति[1] दीए ।
त्यस्लाइ गिर्न न-दिईकन रोकिलीए ॥६६॥

राजाजिको छल न-जानि गयौ कि थाकी ? ।
कुन् कामले धनु दियौ रथ बीच राखी ? ॥
यस्ता कुरा सुनि थपक्क धनू उठाई ।
फेर् अर्ध-चन्द्र शर झीकि छिटै लगाई ॥६७॥

ती पार्थले त्यजि दिए शर छूटि गैगो ।
राजाजिको शिर त त्यै घरि गिर्न गैगो ॥
घाँटी समेत शिर कत्तल भै गिरीगो ।
थीयो किरीट शिरमा भुमिमा परीगो ॥६८॥

गीरे जसै ति भगदत्त गजै गिरी गो ।
श्रीपार्थको विजय त्यस् रणमा भईगो ॥
श्रीपार्थको जय-पुकार गरे सबैले ।
हूनूभयो हरि प्रसन्न सुनी यसैले ॥६९॥

हाँक्नू भयो रथ पनी हरिले जसै ता ।
पौंच्यो रथै समर-भूमि विषे तसै ता ॥
त्याहीं थिए सकल वीर र सैन्य भारी ।
थीयो युधिष्ठिरजिको त उहीं सवारी ॥७०॥

श्रीकृष्णले कहनुभो नृपलाइ हेरी ।
श्रीपार्थको जय भयो भगदत्त मारी ॥

१ थिचीदिये ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

राजाजि हर्षित भए सुनि वाक्य एही ।
ढोगेर बिन्ति गरियो हरिलाइ केही ॥७१॥

हे भक्त-रक्षक प्रभो ! हरि ! हे खरारी ! ।
हो यो दया हजुरको सब हे मुरारी ! ॥
पर्ने विपत्ति जति हुन् निज भक्तलाई ।
आफैं दिनुन्छ प्रभुले सहजै हटाई ॥७२॥

यै बीचमा दश सहस्र रथी निभाई ।
गंगेयले सहज शंख दिए बजाई ॥
साँझै पऱ्यो शिबिरमा तिनि फर्कि हाले ।
निस्केर भूत र पिशाचहरू रमाए ॥७३॥

भूतांदिको गजब नृत्य शुरू भईगो ।
निस्के ति भैरव-गरौ र निकै हुलै भो ॥
खाँदै रगत् सकल योगिनि निस्कि गाए ।
न्वाहेर रक्त-नदिमा अनि चैन पाए ॥७४॥

त्यै बीचमा कुकुर श्याल समेत आए ।
मुर्दा लुछेर सब ती बहुतै रमाए ॥
आज्ञा भयो प्रभुजिको तब पार्थलाई ।
फर्केर जाउँ शिविरै तिर जल्दि भाई ॥७५॥

ती पार्थले यति सुनीकन कृष्णलाई ।
बिन्ती गरे रथ दिनोस् अब ता फिराई ॥
हाँक्नू भयो हयहरू हरिले जसै ता ।
लागे निवासतिर जान पछी सबै ता ॥७६॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भीष्मको तेस्रा दिनको युद्ध ।

सारा पाण्डव सैन्य वीर जति छन् ❀ फर्की पड़ावै[1] महाँ ।
डेरामा निजको पसी सब जना ❀ लागे ति विश्राममा ॥
रानी द्रौपदिकै त पाल-गृहमा ❀ कृष्णार्जुनै ती पसे ।
देखी धर्मकुमारलाइ ति दुवै ❀ त्याहीं नजीकै बसे ।१॥
आयो भोजन षड्रसादि बढ़िया ❀ ज्यूनार खातिर् महाँ ।
इच्छा माफिक भोजनै गरिसकी ❀ चूठे सबैले तहाँ ॥
फेरी पान-सुपारि ल्वाङ् र सुकुमेल् ❀ खाएर सोही घरी ।
लागे गर्न कुरा ति आपसमहाँ ❀ यस्ता तवर्ले गरी ॥२॥
भन्छन् त्यै घरि धर्मराज प्रभुजि ! ❀ ती भीष्म नित्यै यहाँ ।
मार्छन् युद्ध गरी हजार दश पो ❀ सैन्यादि हाम्रा महाँ ॥
जाहाँ सम्म ति भीष्म छन् जगतमा ❀ हाम्रो हुने हो खती ।
मेरो बुद्धि त काम दिन्न यसमा ❀ यस्को छ कुन् ओखती ॥३॥
भन्छिन् द्रौपदि नाथ ! शोच मनमा ❀ कुन् अर्थ लीनू भयो ? ।
जस्ले श्रीहरिका दुई चरणमा ❀ यो चित्त लाई दियो ॥
त्यस्लाई रति क्लेश हुन्न किनकी ❀ छन् भक्तहेरु जती ।
रक्षा तिन्कन ईश्वरै त गरछन् ❀ को बुझ्छ तिन्को गती ॥४॥
प्रह्लादैकन क्रुद्ध दैत्य-पतिले ❀ बाँधेर खम्बा महाँ ।
थालेथे जब ठोक्न झट्ट हरिले ❀ औतार लीए तहाँ ॥
जस्को ता शिर सिंहको अरु सबै ❀ देहै मनुष्यै सरी ।
उत्पन्नै हुनुभो नृसिंह-भगवान् ❀ रूपै अनौठा धरी ॥५॥
नङ्राले भुँड़ि फारि त्यस् असुरको ❀ प्राणान्त गर्नू भयो ।
राज्यै दीकन भक्तलाइ हरिले ❀ क्लेशादि पो हर्नुभो ॥

[1] फौज रहने ठाउँ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सोही नाथ अनाथका धनि हरी ❀ जो ईश्वरै हुन् यहाँ ।
बस्नू हुन्छ बनेर कृष्ण अहिले ❀ जस्का त साथैमहाँ ॥६॥
त्यस्तो आज हजूरलाइ किन हो ❀ फिक्री परेको अती ! ।
थाकी बक्सनु भो भिड़ेर रणमा ❀ सुत्नू हवस् भूपती ॥
जागा भैकन भोलि फौजहरुको ❀ व्यूहै तयारी गरी ।
जानू होस् रणगर्न शोच न-गरी ❀ साथै रहन्छन् हरी ॥७॥

देखेर भक्ति हरिमा तिनि द्रौपदीको ।
राजा युधिष्ठिरजिलाइ प्रसन्नता भो ॥
प्यारी ! तिमी अधिक धन्य! भनी सुनाई ।
राजा गए शयनमा तब सुत्नलाई ॥८॥
श्रीकृष्ण पार्थ अनि भीम र दूइ भाई ।
आफ्ना सुते शयनमा निंद जल्दि पाई ॥
त्यो रात बीतिकन प्रात भयो जसै ता ।
जागा भए सब जना खुशिले तसै ता ॥९॥

जानैलाइ भनेर युद्ध-भुमिमा ❀ बाजा बजे त्यै घरी ।
सारा पल्टन भो तयार उ बखत् ❀ हिंड्ने इरादा गरी ॥
सारा भूपति वीरहेरु रथमा ❀ आएर बस्दा भए ।
त्यो सेना चतुरंगिणी सँगसँगै ❀ विस्तार बढ्दै गए ॥१०॥
सेनाका अघि भीमको रथ चल्यो ❀ साम्ने मुहूँड़ा गरी ।
भेटीए कुरु-सैन्य ताहिं रणमा ❀ लड्ने इरादा धरी ॥
बीचैमा दुइ सैन्यले जमिन क्यै ❀ छोड़ेर युद्धार्थमा ।
दूवै सैन्यहरू खड़ा भइगए ❀ सोही कुरुक्षेत्रमा ॥११॥
हात्तीका असवारि हात्तिहरुमा ❀ खोजेर चढ्ने सँगै ।
घोड़ाकै त सवार घोड्चढ़ि सितै ❀ भिड्दा भए त्याहिंनै ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लागे छुट्न शरै दुई तरफमा ❀ आकाश ढाक्ने गरी ।
लागी बाण गएर मर्मथलमा ❀ धेरै गिरे पो मरी ॥१२॥
पार्थैका रथलाइ हाँकि हरिले ❀ त्यै युद्धका भूमिमा ।
श्री गांगेयजिको रथै तिर लगी ❀ थाम्नू भयो सासुमा ॥
दूवैले दुइलाइ देखि उ बखत् ❀ आफ्नू धनू लीलिए ।
साह्रै क्रुद्ध भएर बाण शरको ❀ वर्षा गराई दिए ॥१३॥
यस्तै औसरमा लिएर करमा ❀ कोदण्ड बाणै त्यजी ।
लागे मार्न ति भीम बैरिकन ता ❀ गन्नै न सक्नू कती ? ॥
भीमैका ति तिखा छुटेर शरले ❀ बैरी हजारौं तहीं ।
मारी भूतल छोपियो अरिहरू ❀ मर्दै र गिर्दै रही ॥१४॥
राजा एक तृगर्तका नजिकमै ❀ थीए सुशर्मा भनी ।
तिन्लाई त हुकुम् दिए कुरुपती- ❀ जीले तुरुन्तै अनी ॥
राजन् ! जाउ बढ़ायि यो रथ छिटै ❀ ती भीमका पासमा ।
मार्दैछन् सब कौरवादिकन ता ❀ रिस्‌का परी झोकमा ॥१५॥
तिन्का सैन्य पनी समाप्त गर लौ ❀ बाणै गिराई तहाँ ।
छैनौ क्यै कमती तिमी समरमा ❀ ती भीमका दाँजमा[१] ॥
यो आज्ञा कुरुराजको सुनिसकी ❀ राजा सुशर्मा पनी ।
साथैमा दशनै हजार रथ ली ❀ दौड़े म मार्छू भनी ॥१६॥
गर्जे भूपति सिंहनाद गरदै ❀ पश्चात् धनू लीलिए ।
खूबै बाण गरेर वृष्टि तिनले ❀ सेना गिराई दिए ॥
मारे फौजहरू भनेर रिसले ❀ ती भीम सोही घरी ।
आफ्नू भारि गदा लिएर भुमिमा ❀ उत्रे तुरुन्तै गरी ॥१७॥

१ जोडिमा ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उत्रे भीम भनेर सौ शर छिटै * त्यागेर तिन्ले तहाँ ।
घाऊ पारिदिए ति भीमकन ता * ताकेर छाती महाँ ॥
क्यै चिन्ता नगरेर घाउहरुको * ती भीमले झट् कुदी ।
मारे दूइ सऊ रथी रथहरू * तोड़ेर चोटै त दी ॥१८॥
झन् तिन्को रिस पो बढ्यो गरुड झैं * ती घुम्नथाले अनी ।
लाग्दा सोहि गदा अरू रथ गिरे * टुटेर टुक्रा बनी ॥
तोड़ी घेर रथादि दौड़िकन गै * ती भीमले त्यै घरी ।
राजाको रथमा प्रहार गरियो * लोटे सुशर्मा गिरी ॥१९॥
घोड़ा सारथिका समेत रथ सो * टुटेर धूलो भयो ।
आफ्नू देखि गती तृगर्तपतिको * बुद्धी हराई गयो ॥
भूमीबाट उठेर पीठ रणमा * देखाइ भागे तिनी ।
भागिस् बाँच्न भनेर धिक् यति कहे * श्री भीमजीले अनी ॥२०॥
आए भूरिश्रवा वृकोदरजिका * साम्ने अगाड़ी सरी ।
ल्यायो सारथिले रथै समिपमा * श्रीभीमको त्यै घरी ॥
हाने भूरिश्रवाजिले शर दशै * ती भीमलाई अनी ।
काटे ती शर भीमले सहजमा * त्यागेर बाणै पनी ॥२१॥
धृष्टद्युम्न र द्रोण पूर्ण रिसले * भिड्दै थिए त्यो घरी ।
राजा शल्य र सात्यकी परतिरै * भिड्थे अगाड़ी सरी ॥
अर्का तर्फ विराट फेरि कृतजी * आएर लड्थे तहाँ ।
द्रोणी फेर् अभिमन्युजी भिड़िगए * त्यै युद्ध-भूमी महाँ ॥२२॥
वीरै ती दुइले शरादिहरुको * वृष्टी गराई तहाँ ।
सारा ढाकिदिए नभस्थल जती * दूवै ति लड्थे जहाँ ॥
यस्तै औसरमा जयद्रथजिका * पौंची अगाड़ी महाँ ।
युद्धै गर्न शुरू गरे नकुलले * शस्त्रास्त्र हान्दै तहाँ ॥२३॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ठूलो वृक्ष लिंदै घटोत्कच पुग्यो * कूदेर सेना महाँ ।
लाग्यो कौरव-सैन्य मार्न उसले * त्यै वृक्ष हान्दै तहाँ ॥
हातैको जब वृक्ष नष्ट भइगो * गर्दा प्रहारै अनी ।
थाल्यो पत्थर हानि मार्न उसले * जो छन् अगाड़ी तिनी ॥२४॥
धेरैनै कुरु तर्फका नरहरू * मारी उसै बीचमा ।
लाग्यो हाल्न सिपाहिलाइ मुखमा * पक्रेर त्यस्ले तहाँ ॥
हात्तीलाइ पनी समाति मुखमा * राखी चपाई दियो ।
लागे भाग्न ति सैनिकादि भयले * साह्रै अचम्मै भयो ॥२५॥
देख्दा खेरि दशा सुयोधनजिले * आफ्ना सबै सैन्यको ।
आज्ञा झट्ट दिए अलम्बुकन ता * जो राक्षसै पो थियो ॥
जाऊ जल्दि अलम्बु! दौडि रणमा * सेना पनी क्यै लिई ।
दैत्यै-दैत्य मिलेर युद्ध गर लौ * साम्ने मुहूँडा दिई ॥२६॥
सेना केहि लिई अलम्बुष गयो * आज्ञा हुँदा त्यै घरी ।
ज़ल्दी गै रथमा घटोत्कच बस्यो * भिड्ने इरादा धरी ॥
हान्दै बाणहरू परस्पर महाँ * आधा घडी ती भिडे ।
लीई एक गदा घटोत्कच अनी * जल्दी भुमीमा कुदे ॥२७॥
साथै मुग्दर ली अलम्बु पनि ता * कूदेछ भैंमा झरी ।
कोही मुग्दरले र कोहि उ बखत् * हान्थे गदाले गरी ॥
तिन्का आपसको प्रहार हुन गै * ठिक् बज्रको झैं तहाँ ।
हुन्थ्यो शब्द अघोर वीर दुइले * भिड्दा लड़ाइं महाँ ॥२८॥
केही काल पछी त मुग्दर गदा * दूवै टुटी गै गए ।
लागे ती दुइ भिड्न त्यै समयमा * फेर् मल्ल-युद्धै भए ॥
दन्तैले नखले र लात्तिहरुले * हानेर मुक्का दिई ।
लागे कुश्ति ति खेल्न आपसमहाँ * मार्ने इरादा लिई ॥२९॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यस्तै औसरमा घटोत्कच छिटै ❀ उफ्रेर लात्ती दियो ।
लागी कम्मरमा खड़ाहुन नभै ❀ भैंमा अलम्बू गिन्यो ॥
त्यस्का गैकन छातिमा बल गरी ❀ टेकीदिंदा त्यै घरी ।
लागी गो मुखदेखि बग्न रगतै ❀ गै गो अलम्बू मरी ॥३०॥
हान्थे भीष्मजि पार्थलाइ शरले ❀ ताकेर सोही घरी ।
काट्थे पार्थ त्यजेर बाण ति शरै ❀ जान्थे भुमीमै गिरी ॥
हाने कृष्णजिलाइ बाण दशले ❀ श्रीभीष्मले फेर् अनी ।
बीसोटा शरले कपीकन पनी ❀ हाने छिटो खुब् बनी ॥३१॥
भन्छन् भीष्मजि कृष्णलाइ भगवन्! ❀ मैले हजुर्को यही ।
हान्दैछू रथमा म एक शरले ❀ टिक्नेछ टाढ़ा गई ॥
एती बिन्ति गरी हरीसित तहीं ❀ ती भीष्मले त्यै घरी ।
हाने बाण निकालि एक रथमा ❀ ताकी निशाना धरी ॥३२॥
जस्मा पार्थ र कृष्णजी कपि पनी ❀ बस्नू भएको थियो ।
भीष्मैको शरले घचेटि रथ सो ❀ टाढ़ै पुऱ्याई दियो ॥
गैगो तीनसऊ कदम् रथ पछी ❀ देख्नू भएथ्यो जसै ।
आज्ञा भो हरिको ति भीष्मकन ता ❀ यस्ता तवर्लें तसै ॥३३॥
ठान्छू जन्म यही भयो सुफल पो ❀ गांगेय ! तिम्रो यहाँ ।
मेरो यो रथ डोलिनू गजब हो ❀ यो युद्ध - भूमी महाँ ॥
भीष्मैले तब शंखनाद गरियो ❀ साँझै परीगो अनी ।
फर्काए रथ भीष्मको शिबिरमा ❀ जाने बखत् भो भनी ॥३४॥
फर्की भीष्म जसै गए शिबिरमा ❀ श्रीकृष्णजीले अनी ।
सेनामा रथ झट् पुऱ्याउनु भयो ❀ जाऊँ बखत् भो भनी ।
भाईहेरु र धर्मराज सँग ली ❀ गोविन्द सोही घरी ।
सेनाका सँग फिर्नुभो शिबिरमा ❀ रस्ता उतैको धरी ॥३५॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भीष्मको चौथा दिनको युद्ध ।

रात्री शेष भयो र फेरि निजका ❀ सेना तयारी गरी ।
हींड़े भिड्न भनेर ती दल दुवै ❀ रस्ता रणैको धरी ॥
पौंचे गै रण-भूमिमा जब सबै ❀ बाजा बजीगो तहाँ ।
लागे शस्त्र लिएर क्षत्रियहरू ❀ भिड्नै उसै बीचमा ॥१॥
हात्ती लीकन ता महावतहरू ❀ आए लड़ाइं महाँ ।
बैरीका गजका सँगै भिड़िगए ❀ उत्साह ली चित्तमा ॥
रीशल्लाहरु ता सवार सित गै ❀ झट् युद्ध गर्दा भए ।
जो थीए रथि ता रथी सँग गई ❀ शस्त्रादि त्याग्दै रहे ॥२॥
स्वामीका निमती भिड़ेर रणमा ❀ मर्नें ति क्षत्री तहाँ ।
चढ्दै दिव्य विमानमा उड़ि गए ❀ देवादिका लोकमा ॥
नाना-अस्त्र चलाइ सोहि दिनमा ❀ श्री भीष्मले ली धनू ।
मारे क्षत्रि दशै हजार रथि पो ❀ त्यै क्षेत्रमा के भनूँ ॥३॥
क्षत्रीका सब रक्तको नदि बग्यो ❀ त्यै युद्ध-भूमी महाँ ।
मुर्कट्टाहरु घुम्दथे रणभरी ❀ एता र ऊता तहाँ ॥
नाङ्गा जोगिनिले फिंजाइ शिरको ❀ केशादि रक्तै पिई ।
थाले नाच्न कुदेर सोहि नदिमा ❀ अत्यन्त तृप्तै भई ॥४॥
फर्के भीष्म बजाउँदै उहि बखत् ❀ शंखै लिई हातमा ।
सेना कौरवका फिरीकन गए ❀ तिन्कै भई साथमा ॥
फर्के पाण्डव तर्फका सब जना ❀ साँझै परीगो अनी ।
डेरामा सब गैगए खुशि हुँदै ❀ मेटौं थकाई भनी ॥५॥

भीष्मको पाँचौं दिनको युद्ध ।

श्रीसूर्योदय भो र सैनिकहरू ❀ आफ्ना हतीयार ली ।
हींड़े युद्ध गरौं भनेर रणमा ❀ राम्रै तयारी गरी ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भीष्मैका रथका अगाड़ि हरिले ❀ ल्याई रथै थाम्नुभो ।
लागे भन्न ति पार्थ भीष्मकन ता ❀ बाजे ! यहाँ सुन्नुभो ॥१॥
बीतेका दिन चारमा हजुरले ❀ रोजै गरी वीरता ।
निर्त्यै ता दश नै हजार रथिको ❀ ज्यानै लिनूभो यता ॥
एती काम गरी प्रणै हजुरले ❀ राखी लिनूभो घरी ।
हेर्छू आज हजूर आफ्नु प्रण त्यै ❀ राख्नुन्छ कस्तो गरी ? ॥२॥
बोले भीष्मजिले सुनेर यि कुरा ❀ ती पार्थलाई तहाँ ।
सक्छौ जुन् पुरुषार्थ गर्न गर लौ ❀ हे पार्थ ! यै युद्धमा ॥
साक्षी कृष्णजि छन् म मार्दछु दशै ❀ हज्जार आजै पनी ।
रक्षा तिन्कन गर्दछौ कसरि है ❀ हेर्छू तमाशा भनी ॥३॥
हाने अर्जुन तर्फ पाँच शरले ❀ श्रीपार्थले त्यै घरी ।
पाँचै बाण त्यजेर ती शरहरू ❀ काटीदिए झट् गरी ॥
हाने भीष्मजिलाइ बीस शरले ❀ गांगेयले ती पनी ।
काटे बाणहरू त्यजेर उ बखत् ❀ यी बाण हान्छन् भनी ॥४॥
अग्नी-बाण लिएर अर्जुनजिले ❀ त्यागी दिएथे जसै ।
आगो लाग्न गई यता-उति उठे ❀ अत्यन्त ज्वाला तसै ॥
गर्मीले गरि सैन्य व्याकुल भयो ❀ हात्ती र घोड़ा पनी ।
लागे छट्पट गर्न आकुल भई ❀ उन्मत्त जस्ता बनी ॥५॥
कष्टै कौरव-सैन्यको उहि बखत् ❀ देखेर गांगेयले ।
हान्नू भो बरुणास्त्र जोरि धनुमा ❀ सो अस्त्र गो बेगले ॥
लाग्यो पर्न झरी रणस्थल भरी ❀ धारा समानै बनी ।
आगोलाइ निभाइ पानि बढ़िगो ❀ त्यै भूमिमा खुब् अनी ॥६॥
थाले डुब्न ति सैन्य पाण्डु-सुतका ❀ आधार केही न-भै ।
त्यागे झट् पवनास्त्र अर्जुनजिले ❀ हावा चलीगो खुबै ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हावाले गरि पानि गो सब सुकी ❀ श्रीभीष्मको त्यस् घरी ।
भाँचीएर खस्यो ध्वजा त रथको ❀ आएर भैंमा परी ॥७॥
छाड्नू भो अनि सर्प-बाण करमा ❀ लीएर श्रीभीष्मले ।
पैदा भै कन नाग-सर्पहरुले ❀ हावा सबै पी दिए ॥
काला सर्प विषालुले गइ डसी ❀ मारे सिपाही कती ! ।
धेरै पाण्डव तर्फका नर गिरे ❀ आपत्ति भै गो अती ॥८॥
पार्थैले तब ता मयूर-शर पो ❀ लीएर जल्दी गरी ।
त्याग्दा खेरि मुजूरकै बहुत हुल् ❀ देखा परे त्यै घरी ॥
देखी सर्प र नागलाइ उ बखत् ❀ दौड़ेर तिन्ले गई ।
पक्री खाइदिए क्षणेक भरमा ❀ अत्यन्त तृप्ती भई ॥९॥
भीष्मैले तब अन्धकार-शर पो ❀ लीएर सोही घरी ।
त्याग्दा पक्षिहरू सबै उडिगए ❀ मानेर रातै सरी ॥
साह्रै रात परे सरी हुनगई ❀ आफ्नू पराई पनी ।
चिन्न्नै मुश्किल भै गयो कटकमा ❀ ती पाण्डवैका अनी ॥१०॥
झीकी झट् रवि-बाण अर्जुनजिले ❀ त्यागी दिए त्यै घरी ।
सूर्यैका सरी भो प्रकाश रणमा ❀ सारा अँध्यारो मरी ॥
श्रीगंगा-सुतले रिसाइ बहुतै ❀ ती पार्थलाई तहाँ ।
हानी बाण दिए लगाइ धनुमा ❀ लागी गयो अंगमा ॥११॥
आठै बाण अरू त्यजेर तिनिले ❀ ती चार घोड़ा पनी ।
पारे घायल पार्थका ति रथका ❀ खुब् फुर्तिवाला बनी ॥
फेरी बाण झिकेर हानि कपिका ❀ लाई दिए घाँटिमा ।
त्यागी सत्तर बाण कृष्णकन फेर् ❀ हान्दाभए छातिमा ॥१२॥
फूर्ति देखि ति भीष्मको समरमा ❀ ती पार्थलाई पनी ।
धेरै क्रोध भयो र तीक्ष्ण शर झट् ❀ झीकेर हाने अनी ॥

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

घोची त्यै शरले पितामहजिको ❀ छाती खुबै छेड़ियो ।
लाग्यो बग्न रगत् र तिन्कन पनी ❀ पीड़ा बहूतै भयो ॥१३॥
घोडालाइ समेत घायल गरे ❀ हानेर बाणै पनी ।
तिन्का सारथिलाइ तीन सरले ❀ चोटै लगाए अनी ॥
फूर्ती देखि ति पार्थको समरमा ❀ ती भीष्म क्रुद्धै भए ।
ठोक्राबाट निकालि धेर शरको ❀ वर्षा गराई दिए ॥१४॥
काटी अर्जुनले शरादि तिनका ❀ त्यागेर बाणैहरू ।
हाने भीष्मजिलाइ सौ शर त्यजी ❀ त्यस्को कुरा के गरूँ ? ॥
तिन्का सौ शरलाइ धेर शरले ❀ काटेर सोही घरी ।
झीके पर्वत-बाण हान्न उ बखत् ❀ अत्यन्त रीसै गरी ॥१५॥
भीष्मैले झिकि पर्वतास्त्र धनुमा ❀ जोरी लिएथे जसै ।
शंकामा सब देवताहरु परे ❀ केही डराई तसै ॥
त्यागे पर्वत-बाणलाइ तिनले ❀ सो बाण छूटी गयो ।
थाले वर्षन ता पहाड़ र शिला ❀ सेना सबै आत्तियो ॥१६॥
भागे पाण्डव तर्फका जनहरू ❀ थिच्नन् थिनैले भनी ।
हाहाकार परीगयो कटकमा ❀ टीकेन कोही पनी ॥
ठूला वीर ति भूपतीहरु पनी ❀ भागे डरैमा परी ।
भागेनन् अभिमन्यु पार्थ र अनी ❀ श्रीकृष्णजी त्यस् घरी ॥१७॥
लागे गिर्न पहाड़ ता समरमा ❀ साह्रै अँध्यारो भयो ।
पार्थैले तब वज्र-बाण धनुमा ❀ तत्काल जोर्नू भयो ॥
छूट्यो गांडिव देखि अस्त्र जब त्यो ❀ लाग्यो पहाड़ै महाँ ।
मानू ती कनिका सरी भइ गिरे ❀ टूटेर जाहाँ तहाँ ॥१८॥
सो आपत्ति टऱ्यो र हर्षित भए ❀ ती देवता छन् जती ।
सेना पाण्डवका सबै समरमा ❀ आए खुशी भै अती ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पार्थैको रथमाथि फूलहरुको ❀ वर्षा भयो खुब् गरी ।
लागे भन्न ति भीष्म पार्थकन फेर् ❀ अत्यन्त रिस्मा परी ॥१९॥
"चंखे भै रहु पार्थ ! सैन्यहरुको ❀ रक्षाविषे दी मती ।
गिन्ती पूर्ण गराउँछू कटकमा ❀ मारेर तिम्रा रथी ॥
पैह्ले एति भनेर बाणहरुको ❀ वर्षा गराई दिए ।
आफ्ना बाण त्यजेर अर्जुनजिले ❀ ती काट्न लागी गए ॥२०॥
काटे अर्जुनले शरादि जब ता ❀ फेरी तिनैले पनी ।
वर्षा खूब गरीदिए शरहरू ❀ अत्यन्त क्रुद्धै बनी ॥
काटे तिन्कन फेरि अर्जुनजिले ❀ हानेर बाणै - हरू ।
फेरी भीष्मजिले असंख्य शरको ❀ वृष्टी गरे धेर् अरू ॥२१॥
यस्तै रीति गरेर फुर्सत न-दी ❀ ती पार्थलाई तहाँ ।
लागे हान्न शरादि भीष्म बहुतै ❀ त्यै युद्ध - भूमी महाँ ॥
थाके अर्जुनजी र धेर पसिना ❀ आयो निधारै भरी ।
त्याहाँबाट चुहेर तर्र बहँदै ❀ आँखा तिरै गो परी ॥२२॥
आँखाको पसिना पुछूँ अब भनी ❀ श्रीपार्थ लाग्दा भए ।
पाई औसर भीष्मले कटकमा ❀ बाणादि त्यागी दिए ॥
जम्मा गिन्ति दशै हजार रथिको ❀ मारेर सोही घरी ।
फूके शन्तनु - पुत्रले रणविषे ❀ शंखै करैले धरी ॥२३॥
शंखैको सुनि शब्द अर्जुनजिले ❀ श्रीकृष्णलाई तहाँ ।
सोधे हे हरि ! व्यर्थमा किन फुके ❀ शंखै यिनीले यहाँ ? ॥
आज्ञा भो हरिबाट पार्थ ! पसिना ❀ पुछ्दा तिमीले अघी ।
मारे भीष्मजिले तबै सुन दशै- ❀ हज्जार सेना जती ॥२४॥
यस्तो उत्तर पाइ पार्थकन ता ❀ आश्चर्य लाग्यो अनी ।
ठूला वीर थि भीष्म हुन् भनि बुझे ❀ तिन्ले मनैमा पनी ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

संध्याकाल भयो र कौरवहरू ❀ श्रीभीष्मलाई लिई ।
फर्के आफ्नु बसाइँ तर्फ शिबिरै ❀ जाहाँ छ खूशी भई ॥२५॥
फर्के पाण्डव तर्फका सब जना ❀ डेरा तिरै त्यस्घरी ।
श्रीकृष्णार्जुनको रथै पनि फिर्‍यो ❀ रस्ता उतैको धरी ॥
डेरामा पुगि सैनिकादिहरूले ❀ राखेर शस्त्रै जती ।
थाले गर्न कुरा ति साथिहरूका ❀ साथै खुशीले बसी ॥२६॥

भीष्मको छैटौं दिनको युद्ध ।

फर्की लडाइँ तिरबाट ति भीष्म आई ।
पस्नूभयो शिबिरमा निजका रमाई ॥
त्यै बीचमा तहिं कुरूपतिजी पुगेर ।
बस्दा भए समिपमा उनका गएर ॥१॥
भन्छन् ति भूपति पितामहलाइ ताहाँ ।
बीती सके दिवस पाँच लड़ाइँ माहाँ ॥
ती पाण्डवादिहरु छन् जिउँदै अभै पो ।
साह्रै उदेक म त पर्छु अचम्म नै भो ॥२॥
देवादि - यक्ष - दनुजादिहरू सबैले ।
भन्छन् यि भीष्मसरि वीर कहाँ छ ऐले ? ॥
चाहे भने सकल पाण्डवलाइ याहाँ ।
सक्छन् ति मार्न सहजै रण-भूमि माहाँ ॥३॥
सामर्थ्य भैकन अपूर्व हजूरलाई ।
भै गो विलम्ब किन तिन्कन मार्नलाई ? ॥
लाग्यो दया कि मनमा सब नाति जानी ? ।
मार्नोस् ति पाँचकन शत्रु-समान ठानी ॥४॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यस्ता कुरा सुनि सुयोधनलाइ तिन्ले ।
भन्दा भए नरपते ! सुन ! भन्छु मैले ॥
पैह्ले त नन्द-गृहमा रहँदा मुरारी ।
गाई चराइ हिंड्थे बनमा चहारी ॥५॥
पूजार्थ इन्द्रकन गोप र गोपिनीले ।
सामग्रि भोगहरु ली बन आइ टीके ॥
श्रीकृष्णले सुरपती कन पूज्नलाई ।
रोकी दिए उहि बखत् त्यहिं नेर जाई ॥६॥
श्रीकृष्णका वचनले सबले खुशी भै ।
गोवर्द्धनै कन पुजा गरियो उहीं गै ॥
यो हाल देखिकन इन्द्र अती रिसाए ।
मेघैहरू प्रलयका ब्रजमा पठाए ॥७॥
आएर बादल ठुलै ब्रजमाथि छाए ।
देखेर सोहि ब्रजवासिहरू डराए ॥
लागे पुकारिकन भन्न अहो बिहारी ! ।
तिम्रै पऱ्यौं शरणमा अहिले मुरारी ॥८॥
श्रीकृष्णले गिरि उठाइ लिएर ताहाँ ।
राख्नू भयो सहज बाम हथेली माहाँ ॥
छाता समान गिरि भो प्रभुजी उभीए ।
सोही घरी झरि ति बादलले लगाए ॥९॥
आई समस्त ब्रजबासि हरी पुकारी ।
बस्दा भए गिरि मनी जल-क्लेश टारी ॥
पानी पऱ्यो मुसल-धार बनेर ताहीं ।
ठीकै त सात दिन सम्म झरी लगाई ॥१०॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गाऊँ र गोपहरु माथि बचाइ पानी ।
ठाड़ै रहे हरि उती दिन क्यै न-मानी ॥
देवेन्द्रको यसरि गर्व विनष्ट भैगो ।
पाऊ परे सुरपती मन खूशि भैगो ॥११॥
सो कृष्ण पार्थसित छन् सँगमा बसेका ।
भै सारथी सहज कम्मर खुब् कसेका ॥
को सक्छ गर्न पुरुषार्थ तिमी जताऊ ।
जस्का त रक्षक स्वयम् प्रभु छन् बताऊ? ॥१२॥
कृष्णै न-हुन् त रणमा म अवश्य भोली ।
मार्थें ति पाण्डव कनै शरले छिचोली ॥
फर्की सुयोधन गए शिबिरै छ जाहाँ ।
रात्री बितेर गइगो अनि प्रात माहाँ ॥१३॥
सेना दुवै दल पुगी रण-भूमि माहाँ ।
भिड्दा भए सकल क्षत्रि समूह ताहाँ ॥
सोही बखत् ति सहदेव अगाड़ि जाई ।
हाने अनेक शरले शकुनीजिलाइ ॥१४॥
आफ्नू रथै लगि जयद्रथका नजीकै ।
हान्दा भए नकुलजी शर खूब तीखै ॥
ती धृष्टद्युम्न धनु-बाण लिएर दौड़े ।
भूरिश्रवा सित गईकन युद्ध जोड़े ॥१५॥
श्रीद्रोणका समिपमा अभिमन्यु जाई ।
पैह्ले प्रणाम गरि झट् गुरुदेवलाई ॥
सौ बाण हानिकन तिन्कन छाति माहाँ ।
मारे अनेक गुरुसैन्य समेत ताहाँ ॥१६॥

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

फेरी ति द्रोण गुरुले अभिमन्यु माथी ।
हान्दा भए बिस शरै उरलाइ[1] ताकी ।
तिन्ले पनी दश शरै कन शीघ्र त्यागे ॥
नीधारमा ति गुरुका गइ बाण लागे ॥१७॥

त्यै बीचमा रथ ति अर्जुनको कुदाए ।
श्रीभीष्मका नजीक कृष्णजिले पुऱ्याए ॥
त्यै श्याम-सुन्दर शरीर विषे रहेको ।
सो पीत वस्त्र हरिको बहुतै खुलेको ॥१८॥

देखे समातनु भएर लगामलाई ।
लीएर चाबुक पनी करले समाई ॥
माला छ लामु फुलको उरमा झुलेको ।
दिव्यै किरीट शिरमा छ अती खुलेको ॥१९॥

आँखा मनोहर ति पद्म-दलै[2] सरीका ।
नीधारमा छ शुभ कस्तुरिको त टीका ॥
देखेर कृष्णकन भीष्मजिले रमाई ।
जल्दी प्रणाम गरियो शिर क्यै झुकाई ॥२०॥

हेरेर पार्थकन भीष्मजिले सुनाए ।
हे पार्थ ! पाँच दिन यो रणमा गुमाएँ ॥
बाँच्यौ तिमीहरु म विघ्न उदेक मान्छू ।
लौ चंख भै रहु तिमी अब बाण हान्छू ॥२१॥

एती भनेर शर धेर दिए चलाई ।
घोड़ा हरी कपि र पार्थ समेतलाई ॥

१ छातिमा । २ कमलका पात ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

घायल् गरे हृदयमा जब भीष्मजीले ।
अस्सी शरै त्यजिदिए तब पार्थजीले ॥२२॥

छाती विषे गइ घुसे सब बाण जाई ।
पीड़ा भयो हृदयमा तब भीष्मलाई ॥
श्रीपार्थले विशिख[1] कोटि झिकेर त्यागे ।
ती बाण गै कटकमा सबलाइ लागे ॥२३॥

हात्ती र सैनिक र अश्व असंख्य मारी ।
टूटी गिरे रथहरू परि चोट भारी ॥
धेरै जिऊ धन गयो रण-भूमि माहाँ ।
देखेर भीष्मकन रीस उठेछ ताहाँ ॥२४॥

ती भीष्मले शर झिकीकन धेर हाने ।
ती पाण्डवादि तिरका बहु[2] सैन्य मारे ॥
लाखौं गिरे शिरहरू रण-भूमि माहाँ ।
जागे कबन्धहरु[3] खड्ग लिएर ताहाँ ॥२५॥

जस्को त छैन शिर हातमहाँ छ खड्ग ।
यस्ता कबन्धहरुले पनि हानि चट्ट ॥
आफ्ना पराइ दुइटै कन गिंड्न थाले ।
धेरै सिपाहिहरुले निज ज्यान फाले ॥२६॥

श्रीगंगासुतले किरीटिकन झट् * भन्दाभए त्यै घरी ।
लौ मेरो पुरुषार्थ हेर तिमिले * हे पार्थ ! राम्रै गरी ॥
एती बात गरेर त्यै समयमा * नारायणास्त्रै लिए ।
मन्त्रै झट्ट पढ़ेर जोरि धनुमा * त्यै अस्त्र त्यागी दिए ॥२७॥

१ बाण । २ धेरै । ३ मुर्कुट्टाहरू ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लाखौं सूर्य उदाउँदा जति हुने ❀ खूबै उज्यालो भई ।
सारा पाण्डव-सैन्यमा भय पर्‍यो ❀ सो अस्त्र देख्दै रही ॥
ठूलो शब्द गरेर अस्त्र छुटिगो ❀ ती पार्थलाई अनी ।
आज्ञा भो हरिको कराइ उ बखत् ❀ सूनुन् सबैले भनी ॥२८॥

प्राणी छौ जति राख आफ्नु हतियार् ❀ फीकेर भूमि महाँ ।
पाऊला अनि जीव-दान तिमिले ❀ नाहीं त यस्ले यहाँ—
प्राणान्तै गरिदिन्छ जान तिमिले ❀ नारायणास्त्रै भनी ।
राखीदेउ उतारि बाण धनु यो ❀ हे पार्थ ! तिम्ले पनी ॥२९॥

मानेनौ यदि पार्थ ! यो वचन ता ❀ तिम्ले मलाई यहाँ ।
मारेकै जति पाप लाग्छ बुझ्यौ ❀ झुट्टा म भन्छू कहाँ ॥
यस्तो बात सुनेर गांडिव-धनू ❀ ठोक्रो पनी त्यै घरी ।
फीकी राखिदिए ति अर्जुनजिले ❀ त्यो बात मान्यै गरी ॥३०॥

सेना पाण्डव तीरका सब सुनुन् ❀ मेरा कुरा यस् घरी ।
गाह्रो कत्ति न-मानि राख हतियार् ❀ त्यस्तर्फ पीठै गरी ॥
त्यत्री अस्त्र-बिना छ जुन् उकन ता ❀ मार्दैन यस्ले कहीं ।
छूँदै छुन्न कदापि जो विमुख[1] भो ❀ उस्लाइ यस्ले गई ॥३१॥

सुन्ना साथ समस्त प्राणिहरुले ❀ फीकेर जल्दी गरी ।
आफ्नू राखिदिए समग्र[2] हतियार् ❀ सोही कुरामा परी ॥
मानेनन् यि कुरा वृकोदरजिले ❀ आफ्नू गदा ली तहीं ।
उत्री भूमिमहाँ खड़ा भइ रहे ❀ आज्ञा न-सुन्ने भई ॥३२॥

भन्छन् भीम हजूरले किन उसै ❀ काफर् समानै गनी ।
आज्ञा बक्सनु भो मलाइ यसरी ❀ छाड्दे हतीयार् भनी ? ॥

१ भागेको । २ सब ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

राख्छू भारतमा म कीर्ति त यती * प्राणै दिनेछू बरू ।
युद्धैमा म त पीठ दिन्न कहिल्यै * बिन्ती गरूँ के अरू ? ॥३३॥

त्यै नारायण अस्त्रले कटकमा * घूमेर कोही पनी ।
प्राप्तै गर्न सकेन शस्त्रधर ता * वीरै सरीको अनी ॥
योटा केवल भीमलाइ उसले * देखेर जल्दी गरी ।
आयो त्यस्तिर मार्न भीमकन ता * चौपट्ट कान्ती छरी ॥३४॥

नन्दीघोष[1] भनी धनञ्जयजिको * थीयो रथै जुन् तहाँ ।
हाम्फाली उस बाट कृष्ण दगुरे * ती भीम थीए जहाँ ॥
छेकी झट्ट वृकोदरैकन रहे * श्रीकृष्ण सामू परी ।
कालाग्नी सरि अस्त्र ताहिं पुगिगो * लीनूभयो झट् धरी ॥३५॥

यस्तो रीति गरेर तेज प्रभुले * नारायणै अस्त्रको ।
आफ्नै तेज थियो उ खींचि लिनुभो * बाँच्दाभए भीम पो ॥
श्रीनारायणको हवस् जय भनी * बस्ने विमानै महाँ ।
देवादीहरुले पुकार गरियो * सूने सबैले तहाँ ॥३६॥

भन्छन् भीष्मजि कृष्णलाइ भगवान् * यस्तै छ बानी भनी ।
जानेको छु कि भक्तका निमतिमा * गर्छौं नहूने पनी ॥
रानी कुन्तिजिलाइ धन्य म भनूँ * जस्का सुपुत्रै यहाँ ।
भक्तै ईश्वरका भए सुफल भो * यो जन्म पृथ्वी महाँ ॥३७॥

भीष्मैका यि कुरा सुनेर भगवान् * खूशी हुनू भो अती ।
दौड़ी गै रथमा चढ़ी बसनु भो * आफैं स्वयं श्रीपती ॥
पाँचोटा शर भीष्मले त्यजिदिए * ती पंचबाणै गई ।
पार्थैका त निधारमा गड़िगए * पीड़ा बहूतै दिई ॥३८॥

---

१ अर्जुनको रथको नाम ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हातैले ति ललाटका शरहरू * श्रीपार्थले त्यस् घरी ।
पाँचोटै झिकि भूमिमा त्यजिदिए * मौका उही गो परी ॥
सोही औसरमा हजार दश पो * मारी रथी भीष्मले ।
आफ्नू शंख फुकीदिए समरमा * खूबै ठुलो शब्दले ॥३९॥

गए भीष्म फर्की रथै पो घुमाई ।
पछी सैन्य तिन्का गए खुब् रमाई ॥
फिरे सैन्य श्रीपाण्डवै तर्फका ती ।
गए कृष्ण पार्थै रथैलाइ हाँकी ॥४०॥

भीष्मको सातौं दिनको युद्ध ।

छैटौं रात्रि थियो बसी शिबिरमा * श्रीधर्मराजा अनी ।
लागे माधवलाइ भन्न यि कुरा * चिंतातुरै पो बनी ॥
भिड्ने मुश्किल भो ति भिष्मसित ता * हाम्ले लड़ाइँ महाँ ।
धेरै सैन्य निभाउँछन् दिनदिनै *जोर् चल्छ हाम्रो कहाँ!॥१॥
श्रीनारायण-अस्त्र आज रणमा * त्यागेर ती भीमको ।
लिन्थे प्राण परन्तु गै हजुरले * रक्षा गरी बक्सियो ॥
देखाऊनु ति भीष्मलाइ मुख यो * रोजै लड़ाइँ महाँ ।
जाती छैन गएर बस्नु बनमा * ठान्छू म जाती यहाँ ॥२॥
एती बिन्ति गरी युधिष्ठिरजि ता * मौनै भएथे जसै ।
लागे अर्जुन बोल्न त्यै समयमा * यस्ता तवर्ले तसै ॥
हे राजेन्द्र ! वृथा छ शोच गरनू * श्रीकृष्णजीले यहाँ ।
मेरो ता प्रण राख्नु हुन्छ कठिनै * बेला परेका महाँ ॥३॥
सुन्नूहोस् म कुरा कहन्छु हरिले * कोही बखत्मा अघी ।
स्वर्गैंबाट त पारिजात फुल पो * ल्याई महल्मा लगी ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दीनू भो उहि पुष्प रानि जुन हुन् ❀ श्री सत्यभामाजिमा ।
देख्दा रुक्मिणीलाइ आग्रह[1] भयो ❀ त्यै फूलका निम्तिमा ॥४॥
अन्तर्यामि हरी थिए बुझिलिए ❀ तिन्का मनैको पनी ।
लागे भन्न मलाइ ता कदलिका ❀ जाऊ बनैमा अनी ॥
त्याहीं फूल अनेक छन् बुझ सखे! ❀ लीएर आऊ गई ।
हातैमा धनु-बाण ली म त गएँ ❀ आज्ञा प्रभूको भई ॥५॥
पौंचें त्याहिं म ता गई कदलिका ❀ सोही बनै बीचमा ।
थीए बानरहेरु चार उ बखत् ❀ देखें बसेका तहाँ ॥
मैले गै कन फूल टिप्दछु भनी ❀ आँटै गरेंथें जसै ।
तिन्ले गै हनुमानलाइ उ खबर् ❀ दीए तुरुन्तै तसै ॥६॥
त्यस्तो हाल सुनी रिसाइकन ती ❀ आए म थीएँ जहाँ ।
लागे भन्न तिनै त चोर्न तिमि ता ❀ आईपुगेछौ यहाँ ॥
पूजा श्री रघुनाथको म दिनहूँ ❀ गर्छू र सोही घरी ।
यीनै फूल चढाउँछू प्रभुजिमा ❀ भक्ती बहूतै गरी ॥७॥
जो ता चोर्न भनेर पुष्पहरु यी ❀ आऊँछ यै ठाममा ।
उस्को प्राण म लिन्छु दिन्न फुल ता ❀ लैजान जाहाँ - तहाँ ॥
यस्ता बात सुनी मलाइ बहुतै ❀ रीसै उठीगो पनी ।
लागें उत्तरमा म भन्न उ बखत् ❀ तिन्लाइ हेर्दै अनी ॥८॥
रोजै जुन् रघुनाथलाइ तिमिले ❀ पूजादि गर्छौ यहाँ ।
तिन्लाइ म त जान्दछू सब कथा ❀ थाहैछ भुल्थें कहाँ ? ॥
हातैमा धनुबाण मौजुद थियो ❀ ठोक्रो भिरेकै थिए ।
साँघू सागरमा न-लाइ शरको ❀ तिन्ले सहारा लिए ॥९॥

---

१ इच्छा ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सारा बानरलाइ दीकन हुकुम् ❀ ढुंगा र मूढ़ा पनी ।
ल्याई पूल तयार भो उदधिमा[1] ❀ कुन् कारणैले अनी ॥
बाणौको पुल थापि सागर तरी ❀ जानै नसक्ने पनी ।
के गर्छौ रघुनाथको सह्ननि लौ ❀ हुन् इष्ट मेरा भनी ॥१०॥
यस्ता वाक्य सुनेर क्रुद्ध कपिले ❀ फेरी मलाई तहीं ।
लागे भन्न विचित्र जीव तिमि हौ ❀ मानीस चोला भई ॥
जस्ले रावण कुम्भकर्णकन ता ❀ मारे भुसूनै गनी ।
जान्दैनौ रघुनाथलाइ तिमि के ❀ जो हुन् जगत्का धनी ॥११॥
बाली मारि रजाइँ बक्सनु भयो ❀ सुग्रीव राजा भए ।
लंका बक्सनु भो विभीषणकनै ❀ राजा तिनी भै गए ॥
भालू बानरका समस्त दलको ❀ बोझा सजीलै गरी ।
साँघूले शरको न थाम्न सकने ❀ बूझेर पो त्यस् घरी ॥१२॥
ढुंगाले र पहाड़ले पुल बनोस् ❀ भन्ने हुकुम् भै तहाँ ।
सोही माफिक बन्नगो अतिछिटो ❀ साँघू समुद्रै महाँ ॥
मैले एति सुनी कपीकन भनें ❀ हानी शरै यस् घरी ।
राम्रो साँघु तुरुन्त सागर महाँ ❀ दिन्छू तयारी गरी ॥१३॥
सृष्टीका जति प्राणि छन् सब मिली ❀ हिंड्दा पनी साँघु सो ।
टूट्ने छैन कदापि जाँच गरलौ ❀ मैले भनेको कसो ? ॥
बोले फेर् हनुमानले रच तिमी ❀ सेतू शरैले गरी ।
एक्लै मै हिंड़ि पार तर्छु उदधी ❀ आफैं स्वयं यस् घरी ॥१४॥
मेरो भार परेर सेतु[2] यदि सो ❀ टूटेन ता त्यस् घरी ।
तिम्लाई निज भाइ जानि बसुँला ❀ प्यारो बहूतै गरी ॥

---

१ समुद्रमा । २ पुल ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

क्यै जानी यदि साँघु ता टुटिगयो ❀ मैले त टेक्दा महाँ ।
तिम्लाई म नमारि छोड्दिन बुझे ❀ मेरो प्रतिज्ञा यहाँ ॥१५॥
यै पक्का हुनगो र सिन्धु-तटमा ❀ हामी गयौं त्यस् घरी ।
मैले बाण त्यजेर सेतु-रचना ❀ गर्दो भएँ झट् गरी ॥
साह्रै छक्क परे कपी उहि बखत् ❀ देखेर साँघू तहाँ ।
तिन्ले देह बढ़ाउँदा शिर पुग्यो ❀ आकाश सम्मन् महाँ ॥१६॥
लाग्यो मैकन ता अचम्म बहुतै ❀ देखेर तिन्को जिऊ ।
सोचैं टेकिदिए भने पुल यही ❀ टुट्ने छ साँचै कहूँ ॥
सम्झी श्रीहरिलाइ बिन्ति मनमा ❀ गर्दो भएँ त्यस् घरी ।
राख्नोस् सेवकको प्रणै अब हरी! ❀ बिन्ती छ पाऊ परी ॥१७॥
थाहा भै प्रभुलाइ ती सब कुरा ❀ आफैं कछूवा बनी ।
पानी मन्तिर ता भएर प्रकटै ❀ आफ्ना पिठ्यूँको पनी ॥
दीनू भो र अड़ेस साँघुकन ता ❀ साँघू बलीयो भए ।
टेकी पाउ मचक्क सोहि पुलमा ❀ जल्दी कपी ती गए ॥१८॥
पीठैमा अति भार भै उहि बखत् ❀ नारायणैका पनी ।
लागी गो मुखबाट बग्न रगतै ❀ धारा सरीको बनी ॥
देखे सागरको त लाल भइगो ❀ पानी उसै बीचमा ।
आश्चर्यै हनुमानलाइ हुनगो ❀ देखेर सोही तहाँ ॥१९॥
ध्यानै दृष्टि लगाइ जल्दि कपिले ❀ हेरेर पानी मनी ।
श्रीनारायण दृष्टिमा परिगए ❀ कूदे तटैमा अनी ॥
भन्छन् ती हनुमान आज प्रभुको ❀ कुल्ची दिएँ पीठमा ।
मै जस्तो त अजान पापि पशु को ❀ होला यही विश्वमा ॥२०॥
त्राही-त्राहि म भन्दछू रघुपते ! ❀ जानीन भेदै रती ।
दासै हूँ म त पाउको शरणमा ❀ लीनोस् जगत्का पती ! ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यागी ठेटरिको त रूप प्रभुले ❀ आई अगाड़ी महाँ ।
विष्णूको धरि रूप भक्तकन यैं ❀ आज्ञा भयो झट् तहाँ ॥२१॥
भन्छू हे हनुमान ! तीमिहरु ता ❀ छौ भक्त मेरा दुवै ।
त्यागी द्वेष तुरुन्त प्रेम गर लौ ❀ आफन्तका झैं खुबै ॥
पार्थैको पनि दोषलाइ त क्षमा ❀ गर्नू तिमीले भनी ।
आज्ञा यो दिइ मेल गर्दिनु भयो ❀ साह्रै दयालू बनी ॥२२॥
अन्तर्ध्यान भई सवारि हरिको ❀ द्वारावतीमा गयो ।
धेरै फूल टिपेर मैं पनि फिरें ❀ मेरो प्रणै राखियो ॥
पैह्ले एति कुरा सुनाइकन फेर् ❀ भन्छन् किरीटी तहाँ ।
हे राजेन्द्र ! न शोच ली सब अरी ❀ मार्नू हवस् युद्धमा ॥२३॥
जस्ले आश न-राखि कोहि जनको ❀ प्रेमी बन्यो नाममा ।
जस्ले गर्छ पुकार भक्त उहि हो ❀ हूँदैन नष्टै यहाँ ॥
वार्ता अर्जुनको सुनी सब जना ❀ खूशी भए त्यस् घरी ।
आनन्दै सित भोजनादि गरियो ❀ साथै रही श्रीहरी ॥२४॥

थकाई रणौका सबैलाइ लागी ।
सबै नेत्रमा ता निदै झट्ट जागी ॥
सुते गै सबै आफ्नु ठाऊँ छ जाहाँ ।
उठे रात्रि गै भो उज्यालो र ताहाँ ॥२५॥
दूवै पक्षका वीर योद्धा र राजा ।
हिंड़े भिड्नलाई बजाएर बाजा ॥
गजैमा हयैमा रथैमा चढ़ेका ।
हिंड़े शस्त्र लींदै ति क्षत्री भनेका ॥२६॥
कुरुक्षेत्रमा ती पुगेथे जसै ता ।
भिड़े बैरिका साथ बैरी तसै ता ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शरै खुब् त्यजी भीमले सैन्यलाई ।
गजैलाइ दीए भुमीमा सुताई ॥२७॥
कलिंगै भनेका कुनै वीर थीए ।
सँगै भाइ सो[1] ली तुरुन्तै ति आए ॥
अनेकै थिए हात्ति तिन्का सँगैमा ।
भिड़े भीम सीतै ति आई रणैमा ॥२८॥
गदा हातमा ली कुदे भीम भैंमा ।
दिंदै चोट मारे गजादी त्तणैमा ॥
चलाएर लात्ती रथै घेर तोड़े ।
गदा ली कलिंगै सितै युद्ध जोड़े ॥२९॥
त्यहीं द्रोण पौंचेर ती भीमलाई ।
हजारै तिखा बाण जल्दी चलाई ॥
सबै अंगमा घाउ पारे जसै ता ।
रथैमा चढ़े भीम जाई तसै ता ॥३०॥
समातेर चापै शरै तीन मारी ।
दिए द्रोणका छातिमा घाउ पारी ॥
उतातीर द्रोणी अभीमन्यु भिड्थे ।
अगाड़ी परेका सबैलाइ गिंड्थे ॥३१॥
अभीमन्युले बाण साठी चलाई ।
रथै द्रोणिको फोरिदीए गिराई ॥
हयै चार मारेर फेर् सारथी पो ।
निभाई दिए बाण हानेर तीखो ॥३२॥
कुदी द्रोणि अर्को रथैमा चढ़ेर ।
हजारै शरै त्यागि दीए गनेर ॥

१ सय ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अभीमन्युले धेर बाणै चलाए ।
सबै बाण काटी भुमीमा गिराए ॥३३॥
रणैमा ति भूरिश्रवा आइलागे ।
तिनैलाइ देखी द्रुपद् जाइलागे ॥
दुवैले रिसाई शरै छोड्न लागे ।
नजीकै थिए जो अरू भाग्न लागे ॥३४॥

नन्दीघोष रथै ति अर्जुनजिको * हाँक्तै अगाड़ी बढी ।
भीष्मैका रथका अगाड़ि हरिले * थामी दिनू भो लगी ॥
हाने अर्जुनले त दिव्य शर पो * झीकेर सोही घरी ।
भीष्मैको रथ ता हजार कदमै * गैगो पछाडी सरी ॥३५॥
ल्यायो सारथिले बढ़ाइ रथ सो * हाँकेर पार्थै कहाँ ।
हाने बाण ति पार्थका रथ तिरै * ताकेर तिन्ले तहाँ ॥
धक्का त्यै शरको परी रथ हट्यो * सो पार्थको त्यै घरी ।
अन्दाजी दश पाइला जति हट्यो * देखेर छक्कै परी ॥३६॥
श्याबास् भीष्म! ठुलो पराक्रम गऱ्यौ * भन्नूभयो कृष्णले ।
यस्तो वाक्य सुनेर छक्क परदै * बिन्ती गरे पार्थले ॥
तिन्को त्यै रथ ता हजार कदमै * मैले धचेटी दिएँ ।
मेरो क्यै सह्नी न-गर्नु किनहो! * हे कृष्ण! छक्कै भएँ ॥३७॥
नन्दीघोष हट्यो दशै कदम पो * देखी हजुर्लै यहाँ ? ।
भीष्मैलाइ सह्राउनू किन भयो? * मेरा अगाड़ी महाँ ॥
तिन्को प्रश्न सुनेर हाँसि पहिले * फेरी हरीले अनी ।
भन्नू भो न-बुझेर पार्थ! तिमिले * यो भेद कत्ती पनी ॥३८॥
सोध्यौ लौ सुन भन्दछू रथ जउन् * तिम्रो छ ऐह्ले यहाँ ।
यौता छन् जति स्वर्गमा तिनि सबै * यै नन्दिघोषै महाँ ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बस्छन् फेर् हनुमान मेरु सरिका ❀ भारै हुने यस् घरी ।
तीमी छौ म छु भार खुब् छ रथको ❀ डिग्दैन कस्तै गरी ॥३९॥

त्यत्रो भार समेतको रथ पनी ❀ जस्ले घचेटी दियो ।
त्यस्ता को सह्नी न-गर्नु कसरी ? ❀ त्यै निम्ति तारीफ भो ॥
पाई उत्तर कृष्णबाट उ बखत् ❀ ती पार्थलाई तहाँ ।
लाग्यो निश्चय कृष्णका कथनमा ❀ आश्चर्य भो चित्तमा ॥४०॥

साह्रै क्रोध गरेर अर्जुनजिले ❀ गाण्डीव ली हातमा ।
हान्दा घायल ती भए शरहरू ❀ रोपीन गै छातिमा ॥
आठै बाण त्यजी तुरंगकन फेर् ❀ तीनै शरैले गरी ।
हाने भीष्मजिका ति सारथिकनै ❀ अत्यन्त जल्दी गरी ॥४१॥

फेरी सोहि बखत् करोड शरको ❀ वर्षा गरां सैन्यमा ।
धेरै कौरवका सिपाहिहरुको ❀ प्राणै लिए युद्धमा ॥
देख्दा सो पुरुषार्थ अर्जुनजिको ❀ ती भीष्म क्रुद्धै भए ।
अस्सी बाण त्यजेर एक शर फेर् ❀ अर्को चलाई दिए ॥४२॥

त्यै यौटा शरले गएर धनुको ❀ गाँठो फुकाई दियो ।
अर्को ग्रन्थि दिंदा ति भीष्मकन ता ❀ मौका परी गैगयो ॥
जम्मा ता रथि पो सहस्र दश झट् ❀ मारेर शंख - ध्वनी ।
गर्दै भीष्म गए फिरी शिविरमा ❀ साँझै परीगो अनी ॥४३॥

सारा पाण्डव कौरवादिहरुका ❀ सेनाहरू त्यै घरी ।
युद्धै बन्द गरी फिरे शिविरमा ❀ रस्ता उतैको धरी ॥
नन्दीघोष किरीटिको पनि फिर्‍यो ❀ श्रीकृष्ण भै सारथी ।
बाँचेका जति प्राणि ता खुशिथिए ❀ आनन्दमानी अती ॥४४॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भीष्मको आठौं दिनको युद्ध



श्रीदुर्योधनले ति भीष्मकन ता ❀ रोकेर रस्तै महाँ ।
लागे भन्न खड़ा गराइ रथ पो ❀ हे नाथ ! आजै यहाँ ॥
सातै ता दिन बीति गो तर पनी ❀ यी पाण्डवै छन् जती ।
ज्यूँदै देख्छु गएर भोलि रणमा ❀ मार्नोस् रिसाई अती ॥१॥
माया व्यर्थ गरेर नातिहरुको ❀ जैह्ले पनी युद्धमा ।
मार्नू हुन्न हजूरले शर तिखा ❀ तिन्लाइ कैल्ह्यै तहाँ ॥
यस्मा भारि कलंक लाग्दछ पछी ❀ सारा सुकीर्ती गई ।
तस्मात् पाण्डव पाँच भाइकन ता ❀ मार्नोस् अगाड़ी भई ॥२॥
सुन्दा रीस उठ्यो र एक शर झट् ❀ झीकेर सोही घरी ।
देखाए कुरुराजलाइ तिनिले ❀ आफ्ना करैमा धरी ॥
भन्छन् भीष्मजि भूप ! एहि शरले ❀ छन् पाण्डवादी जती ॥
भोली मार्दछु नाम कालशर हो ❀ यस्मा छ शक्ती अती ॥३॥
बज्रैलाइ समेत काट्छ यसले ❀ भोली शरै यो त्यजी ।
मार्छू पाण्डवलाइ जान तिमिले ❀ साँचै बताएँ यती ॥
तिम्रा शत्रुहरू न-मारि अब ता ❀ पस्दीन बासा महाँ ।
यस्ता वाक्य सुनेर खूशि मन भो ❀ दुर्योधनैको तहाँ ॥४॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आज्ञा दीकन तम्बु[1] त्यहिं यउटा ❀ राम्रो खड़ा गर्दिए ।
डेरामा न-गएर भीष्मजि त्यहीं ❀ आराम गर्दा भए ॥
ती दुर्योधन हर्षमा परि निकै ❀ फर्की गए त्यै घरी ।
सो सारा सहदेवले सुनिलिए ❀ मंत्री हुनाले गरी ॥५॥

लाग्यो भारि सभा युधिष्ठिरजिको ❀ त्यै साँझका बीचमा ।
आज्ञा भो सहदेवलाइ हरिले ❀ हे मंत्रि ! चाँड़ो यहाँ ।
राजालाइ बताउ भेद तिमिले ❀ केही सुनेका भए ॥
हाँसी ती सहदेवले नृपतिमा ❀ बिन्ती चढ़ाई दिए ॥६॥

हे राजेन्द्र ! ति भीष्मले प्रण गरी ❀ त्यागेर डेरा पनी ।
तम्बूमा तिनि बस्दछन् यस बखत् ❀ खुब् अग्निशर्मा[2] बनी ॥
तिन्का पास छ एक कालशर जो ❀ त्यै भोलि युद्धैमहाँ ।
हानी पाण्डव-वर्ग मार्दछु भनी ❀ भै गो प्रतिज्ञा वहाँ ॥७॥

मंत्रीका इ कुरा सुनेर नृपमा ❀ फिक्री बहुतै भयो ।
त्यै बेला त्यहिं धर्मराजकन ता ❀ आज्ञा हरीको भयो ॥
हे राजेन्द्र ! मलाइ अर्जुन दिनोस् ❀ ली जान्छु साथै महाँ ।
भीष्मैलाइ छलेर बाण लिउँला ❀ केको छ फिक्री यहाँ ॥८॥

सोधे युधिष्ठिरजिले हरिलाइ हेरी ।
भन्नोस्न केशव ! शरै मिलने कसोरी ? ॥
आज्ञा भयो प्रभुजिले बनबास माहाँ ।
गन्धर्वले जब सुयोधनलाइ ताहाँ ॥९॥
बाँधेर राखि रथमा उड़ि जान लागे ।
त्राही भनेर कुरुराज पुकार्न लागे ॥

१ पाल । २ अत्यन्त रीसाहा ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आज्ञा दिंदा हजुरले ति किरीटि जाई ।
जीती लड़ाइँ तिनिलाइ दिए फुकाई ॥१०॥
हानेर बाणहरुले त भन्याङ् बनाए ।
आकाशदेखि पृथिवी-तलमा पुऱ्याए ॥
उत्रेर सोहि सिंढिबाट सुयोधनै ती ।
भेट्दा भए हजुरलाइ उ भुल्नु भो की ? ॥११॥
ती पार्थलाइ तिनिले तब यो सुनाए ।
प्राणै र इज्जत बचाइ दिंदा रमाएँ ॥
लेऊ म सीत वर पार्थ ! अवश्य दिन्छू ।
बोले ति अर्जुनजिले पछि माँगि लिन्छू ॥१२॥
ऐह्ले म लिन्न वर सोहि रहोस्न थाती ।
बेला हुँदा वर म माँगि लिनेछु साँची ॥
स्वीकार त्यै गरि सुयोधनजी गएथे ।
सोही कुरा मकन अर्जुनले कहेथे ॥१३॥
त्यै सम्झना हुनगयो अहिले मलाई ।
आज्ञा दिनोस् मसित जान ति पार्थलाई ॥
यस्ता कुरा सुनि युधिष्ठिरजी रमाए ।
हे भाइ ! जाउ हरिसीत भनी अह्राए ॥१४॥
ऊठे किरीटि हरि उठ्नु भयो र फेरी ।
दूवै जना चलि गए नगरेर देरी ॥
पौंचेर द्वार तिर भूप सुयोधनैको ।
ती पार्थलाइ हरिले यहि भन्नु भै गो ॥१५॥
हे पार्थ ! जाउ तिमि भित्र म याहिं बस्छू ।
छन् कृष्ण बाहिर भनी तिमिले न-भन्नू ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

माँगेर ल्याउ मुकुटै तिमि भित्र जाई।
सो प्राप्त हुन्छ अनि भेट ति भीष्मलाई ॥१६॥
त्यै कार्य गर्छु भनि बिन्ति यती चढ़ाई।
दीए तुरुन्त अनि भित्र खबर् पठाई॥
डाकी सुयोधनजिले सँगमा बसाई।
सोधे किरीटिकन आदर साथ ताहीं ॥१७॥
हे बन्धु ! काम कति पर्न गएर ऐले।
पाएँछु दर्शन सुनूँ भनि खोज्छु मैले॥
भन्छन् ति पार्थ वर आज मिलोस् अवश्य।
हे भूपते ! मुकुट दीकन पाल सत्य ॥१८॥

यस्तो बात सुनेर अर्जुनजिको ❀ ती भूपले चित्तमा।
संझे जुन् प्रण आफ्नु हो वर दिने ❀ दुर्योधनैले तहाँ॥
जस्मा धेर मणी जड़ेर मुकुटै ❀ टल्कन्छ तेजी बनी।
सोही सुम्पि दिए सुयोधनजिले ❀ झीकेर लेऊ भनी ॥१९॥
राजाको मुकुटै लगाइ शिरमा ❀ ती पार्थ कान्ती छरी।
तम्बूमा गइ भीष्मका त्यहिं पसे ❀ हींडेर जल्दी गरी॥
कान्तीले भ्रमभै सुयोधन बुझी ❀ ती भीष्मजीले अनी।
सोधे कीन सवारि भो यस बखत् ❀ राजन् ! हजुर्को भनी ॥२०॥
माँगे कालशरै मलाइ दिनुहोस् ❀ आफैं म एक्लै गई।
ऐले मार्दछु पाण्डवादिकन ता ❀ अत्यन्त खूशी भई॥
यस्तो बात सुनेर हर्षित हुँदै ❀ गांगेयले त्यै घरी।
बोले त्यै शर दी अवश्य रणमा ❀ मार्नोस्न भोली अरी॥२१॥
पार्थैले अति हर्षवन्त हुनगै ❀ त्यै बाणलाई लिए।
यस्तै औसरमा हरी प्रकट भै ❀ गांगेय छक्कै भए॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

देखी कृष्णजिलाइ भो छल भनी ❀ जानेर सोही घरी ।
भन्छन् भीष्म प्रणै प्रभू किन दियौ ❀ मेरो अकाथैं गरी ॥२२॥
भक्ती पाण्डववृन्दको नजर भै ❀ तिन्को त हातै महाँ ।
बेचीयौ कि कसो बताउ मकनै ❀ गोविन्द ! तिम्ले यहाँ ? ॥
गर्छौ पाण्डवलाइ रक्षण सदा ❀ देख्दैछु रोजै अनी ।
तिम्रो अंत न-पाइ सक्नुछ प्रभो ❀ जान्दैन कोही पनी ॥२३॥
साँचै हो यदि भक्ति छैन त भने ❀ तिम्लाइ कस्ले यहाँ ।
पाऊला नर-लोकमा रघुपते ! ❀ भक्ती विना लोकमा ॥
तिन्का वाक्य सुनी सकेर हरिले ❀ आज्ञा गरे त्यस् घरी ।
पाऊला तिमि कीर्ति ता समरमा ❀ हे भीष्म ! राम्रै गरी ॥२४॥

टारेर आफ्नु प्रणलाइ म युद्ध माहाँ ।
तिम्रो प्रणैकन त राखिदिनेछु ताहाँ ॥
छौ भाग्यमानि तिमि भीष्म ! त एति भन्छू ।
तिम्लाइ वीरहरुमा म त मुख्य गन्छू ॥२५॥

यस्ता वाक्य सुनेर भीष्म मनमा ❀ अत्यन्त खूशी भए ।
साथैमा लिइ पार्थलाइ प्रभु फेर् ❀ डेरा तिरै गैगए ॥
धर्मात्मा नृपती युधिष्ठिरजिका ❀ सामू परे जुन् घरी ।
देख्दा त्यै शर[१] पाण्डवादि दलमा ❀ खुब् हर्ष भो त्यै घरी ॥२६॥
ती दुर्योधनको मनै अति दुख्यो ❀ सूनेर ईनै कुरा ।
त्यो रात्री बिति श्री रवी गगनमा ❀ ऊदाउनू भो पुरा ॥
सारा लश्कर पाण्डवादिहरुका ❀ दुर्योधनैका पनी ।
आए त्यै कुरुक्षेत्रमा समरका ❀ निम्ती ति शूरै बनी ॥२७॥

१ भीष्मकहाँ बाट ल्याएको कालशर ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पाल्नुभो हरि त्याहिं अर्जुनजिको ❀ हाँकी रथै त्यस् घरी ।
आयो भीष्मजिको रथै पनि त्यहीं ❀ साम्ने मुहूँड़ा गरी ॥
बोले भीष्मजिले ति पार्थसित फेर् ❀ तिम्रो छ शक्ती कती ।
आजै हेर्दछु पार्थ ! यै समरमा ❀ आनन्द मानी अती ॥२८॥

कर् लाऊँछु म कृष्णलाइ रणमा ❀ लीउन् हतीयार् भनी ।
सोही पूर्ण भएन पो यदि भने ❀ त्याग्छू म युद्धै पनी ॥
धर्मैराज कुरूपती अरु हरू ❀ वीरै थिए जो जती ।
सूने गैरह[१] सैन्यले प्रण उही ❀ आश्चर्य मानी अती ॥२९॥

सूनी त्यै प्रण देवताहरु पनी ❀ हेरौं तमाशा भनी ।
आफ्ना भव्य विमानमा बसि हिंड़े ❀ आकाशचारी[२] बनी ॥
हेर्नालाइ भनेर सोहि रमिता ❀ सिद्धै - तपस्वी - मुनी ।
योगी सन्त ऋषी र साधु जति छन् ❀ आईपुगे ती पनी ॥३०॥

यस्तै औसरमा धनञ्जयजिले ❀ बाणादि वर्षा गरी ।
सारा ढाकि दिए दिशा र विदिशा ❀ आकाश व्याप्तै गरी ।
धेरै सैनिक कौरवादि तिरका ❀ लागेर बाणैहरू ।
थाले गिर्न बहूत पीड़ित हुँदै ❀ त्यस्को कुरा के गरूँ ॥३१॥

श्री गांगेयजिले पनी शरहरू ❀ वर्षा गरी त्यस् घरी ।
तोड़े त्यै शर-जाल अर्जुनजिको ❀ रिस्मा बहूतै परी ॥
बाणै पाण्डवका चलाइ दलमा ❀ श्री भीष्मजीले अनी ।
लाग्यो बग्न रगत् ति सैनिक मरी ❀ खोलो सरीको बनी ॥३२॥

त्यागे एक हजार बाण रिसले ❀ ती पार्थका वक्षमा[३] ।
छाड़े श्री हनुमान माथि शर फेर् ❀ कोटी उसै कालमा ॥

१ समस्त । २ उडेर हिंड्ने । ३ छातीमा ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हाने साठि लगाइ बाण धनुमा ❀ ठाकुर्‌जिलाई पनी ।
राजा एक हजार पो गिरि गए ❀ निर्जीव जस्तै बनी ॥३३॥

भन्नूभो हरिले उसै समयमा ❀ ती पार्थलाई तहाँ ।
रक्षा लौ गर पार्थ ! सैन्यहरुको ❀ चित्तै लगाई यहाँ ॥
सुन्दा कृष्णजिका कुरा शरहरू ❀ हानेर जल्दी गरी ।
छाती छेड़ि दिए घुसी कवचमा ❀ ती भीष्मका त्यै घरी ॥३४॥
लागे बाण भनी रिसाइ बहुतै ❀ श्री भीष्मजीले पनी ।
छाती छेड़ि दिए त्यजेर शरले ❀ ती पार्थको झट् अनी ॥
पारी घायल पार्थलाइ तिनिले ❀ ब्रह्मास्त्र झीक्ता भए ।
जस्को तीव्र[1] प्रकाशले सब जना ❀ साह्रै डराई गए ॥३५॥
पार्थैले झिकि कृष्ण-अस्त्रकन ता ❀ लाए धनूमा जसै ।
दोस्रो सूर्य्य उदाउँदा सरि भयो ❀ तेजी प्रभा[2] खुब् तसै ॥
दूवै अस्त्र छुटी निवारण[3] भए ❀ देखेर यस्तो तहीं ।
लागे छाड्न तिखा-तिखा शरहरू ❀ ती भीष्म क्रुद्धै भई ॥३६॥
हानी श्री हनुमानलाइ अयुतै[4] ❀ बाणादि चाँडो गरी ।
हाने एक सहस्त्र बाण हरिका ❀ देहैविषे झट् गरी ।
पार्थैका पनि अंगमा शर तिखा ❀ धेरै लगाई दिए ।
पैह्रेका कपड़ा ति अर्जुनजिका ❀ राता रगत्ले भए ॥३७॥
एती कर्म गरेर फेरि शरको ❀ वृष्टी गरे त्यस् घरी ।
भीष्मैले रथ नन्दिघोष कन ता ❀ छोपे शरैले गरी ॥
हाने कृष्णजिलाइ तीक्ष्ण शरले ❀ ताकेर छाती महाँ ।
पैह्रेको पनि पीत-वस्त्र प्रभुको ❀ रातो भईगो तहाँ ॥३८॥

१ तेज । २ कान्ति । ३ टरेर गए । ४ दश हजार ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu



चित्र सं० ११ भन्नेछन् दुनियाँ पितामहजिले, श्रीकृष्णलाई पनी । कष्ट लाए हतियार लीन प्रभुको, टारी प्रतिज्ञा पनी ॥

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लम्बा नेत्र ति पद्म-पत्र सरिका ❁ श्रीकृष्णजीका थिए ।
भीष्मैदेखि रिसाइ बक्सनु हुँदा ❁ राता तिनै भैगए ॥
चक्रै लीनु भयो सुदर्शन अनी ❁ श्रीकृष्णले हातमा ।
ओर्लही त्यै रथदेखि दौड़नु भयो ❁ ती भिष्मका पासमा ॥३९॥

मेघै जुन् जलयुक्त श्याम[1] बहुधा[2] ❁ देखिन्छ आकाशमा ।
त्यस्तै रंग छ अंगमा प्रभुजिको ❁ राम्रो खुबै देख्नमा ॥
कानैमा मकराकृते अति असल् ❁ टल्केर कुण्डल् पनी ।
भक्तैको मन हर्दथ्यो प्रभुजिको ❁ शोभा अपूर्वै बनी ॥४०॥

कोटी सूर्य सरी छ तेज जसमा ❁ त्यै चक्र लीनू भई ।
हिंड्दा पैदल दौड़ि धेर पसिना ❁ निस्की निधार्मा रही ॥
श्रीविश्वम्भरको गती उहि बखत् ❁ देखेर डोलिन् धरा[3] ।
लागे फर्फर उड्न पीत-वसनै ❁ लागी बतास् पो कड़ा ॥४१॥

झम्टे बाज समान कृष्ण अहिले ❁ पन्छी सरी भीष्ममा ।
मार्छन् निश्चय भीष्मलाइ हरिले ❁ भन्ने विचारी तहाँ ॥
सारा कौरव-वर्गमा डर पसी ❁ जो गर्नु पर्ने भुले ।
हाम्फाली रथबाट पार्थ दगुरी ❁ श्रीकृष्णलाई धरे[4] ॥४२॥

गर्छन् बिन्ति किरीटि नाथ ! किन ❁ यो शस्त्रै लियौ हातमा ? ।
ज्यूँदै सेवक ता म छू प्रभु! हिंड्यौ ❁ यिन्लाइ मार्नै यहाँ ? ॥
भन्नेछन् दुनियाँ ति सांतनवले[5] ❁ श्रीकृष्णलाई पनी ।
कर्लाए हतियार लीन प्रभुको ❁ टारी प्रतिज्ञा पनी ॥४३॥

आफ्नू ता प्रणलाइ त्यागि भगवन्! ❁ ऐले हजुर्ले यहाँ ।
मेरो ता अपमान गर्दिनु भयो ❁ यै युद्ध-भूमी महाँ ॥

१ कालो । २ प्रायः । ३ पृथ्वी । ४ समाते । ५ भीष्मले ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आफ्नू बात न-राखि आज प्रभुले ❀ यो भीष्मको राख्नुभो ।
धन्यै छौ हरि ! भक्त-वत्सल रसै ❀ खुब् भक्तिको चाख्नुभो॥४४॥

बिन्ती गरी चरणमा शिर आफ्नु पारे ।
ती पार्थले प्रभुजिको त्यहिं चक्र टारे ॥
श्रीकृष्ण फर्कनु भयो पछि पार्थ लागे ।
देखेर पृष्ठ[1] अनि भीष्मजि बोल्न लागे ॥४५॥

छौ धन्य नाथ! तिमि ! श्रीपति चक्रधारी ।
राख्छौ सदा प्रण त सेवकको मुरारी ! ॥
एती भनेर करको धनु राखि दीए ।
गर्दै स्तुती उहि बखत् कर जोरि लिए ॥४६॥

मेरो ता प्रण आज राखि दिनुभो ❀ हे दीनबन्धू ! यहाँ ।
दाता दीन-दयालु एक प्रभु छौ ❀ संसारका बीचमा ॥
कङ्गाली बहुतै त विप्र पहिले ❀ कोही सुदामा थिए ।
तिन्लाई प्रभुले गरेर धनवान् ❀ तिन्का अभावै[2] गए ॥४७॥

भक्तैका वशमा परेर नउनी ❀ दूधै-दही जो मिले ।
गोपीका गृहमा पसेर बहुतै ❀ खानू भयो नाथले ॥
व्याधालाइ र गिद्धलाइ गणिका- ❀ लाई पनी तार्नुभो ।
हे गोरक्षक ! भक्त निम्ति प्रभुले ❀ गोवर्द्धनै धार्नुभो ॥४८॥

देख्दा भक्ति ति राज-पुत्र ध्रुवको ❀ सानै थिए ता पनी ।
राज्यै बक्सनु भै भए अचल ती ❀ राजा महात्मा बनी ॥
रानी द्रौपदिको पनी हजुरले ❀ लज्जा बचाउनु भो ।
प्रह्लादैकन गर्न रक्षण स्वयम् ❀ नृसिंह हूनू भयो ॥४९॥

१ पिठ्यूँ । २ न भएको ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

राजा रावणलाइ वंश सहितै ❀ मारी लड़ाइं गरी ।
लंका राज्य विभीषणैकन अघी ❀ दीनू भएथ्यो हरी ! ॥
नारी गौतमकी सराप परदा ❀ थीइन् बनेकी शिला ।
पादस्पर्श[1] गरेर पूर्व-रुपमा ❀ ल्याईदिनू भो पुरा[2] ॥५०॥

ब्रह्मा शंकर देव सिद्धहरुले ❀ ध्यानै गरीने अनी ।
स्वामी जुन् त्रयलोकका उ त स्वयम् ❀ आफैं हजुर् हौ भनी ॥
गर्छू आज प्रणाम संझि मनले ❀ तिम्रा ति पाऊमहाँ ।
ढोगे एति भनेर कृष्णकन ता ❀ गांगेयले फेर् तहाँ ॥५१॥

ल्याए अर्जुनले फिराइ सहजे ❀ श्रीकृष्णलाई जसै ।
फर्की अर्जुन सीत नाथ रथमा ❀ चढ्नू भयो फेर् तसै ॥
लीनू भो हरिले लगाम जब ता ❀ ती पार्थ आफैं पनी ।
आफ्नू त्यै रथमा चढ़ीकन बसे ❀ गर्छू लड़ाइं भनी ॥५२॥

जल्दी आफ्नु धनू लिएर करमा ❀ इन्द्रास्त्र त्यागै गरी ।
मारे पाँच सऊ नराधिपहरू ❀ सेना समेतै गरी ॥
धेरै भूप मरे भनेर रिसले ❀ श्रीभीष्मले ली धनू ।
वर्षाए शर पार्थका उपरमा ❀ धेरै कती पो भनूँ ? ॥५३॥

मारी पाण्डव तीरका अयुत नै ❀ ती चापधारी रथी ।
फर्काए रथ भीष्मले शिबिरमा ❀ शंखै बजाई अती ॥
ती दूबै दलका सबै जनहरू ❀ आफ्ना फिरे धाममा ।
फर्के त्यै घरि धर्मराज र हरी ❀ भाई लिंदै साथमा ॥५४॥

१ ठेकेर। २ उहिले।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

महाभारत-युद्धको नवम दिन ।



आनन्दै सित रात्रि त्यै बिति गयो ❋ भैगो उज्यालो जसै ।
सारा वीरहरू लिएर हतियार् ❋ युद्धार्थ हीँड़े तसै ॥
बाजा घेर बजाउँदै समरका ❋ सेना दुवै तीरका ।
पौँचे त्यै रणभूमिमा असिहरू[1] ❋ झल्के सबै वीरका ॥१॥

लागे गर्जन सिंह-गर्जन गरी ❋ वीरादि सारा तहीं ।
हातैमा धनुबाण वीरहरुले ❋ लीए अगाड़ी भई ॥
सारा सैनिक बाण छोड्न उ बखत् ❋ लागे निशाना महाँ ।
धेरै प्राणिहरू गिरे दुइ तिरै ❋ लागेर बाणै तहाँ ॥२॥

तेजी अश्व चढ़ेर ती नकुलजी ❋ तर्वार खैंची बढ़े ।
आऊँथे अघि खड्ग-धारि जति ती ❋ तर्वार लागी गिरे ॥
गर्थे युद्ध जहाँ तिनै नकुलले ❋ तर्वार हान्दा महाँ ।
माँटो लाल भयो उही जमिनको ❋ बग्दा रगत्ले तहाँ ॥३॥

ती भीष्मार्जुनको लड़ाइँ हुनगै ❋ वर्षा भयो बाणको ।
घोड़ा-हात्ति-सिपाही बेसरि गिरी ❋ हानी भयो प्राणको ॥

१ तरवारहरू ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ती दूवै दलका सिपाहि बहुतै ❀ त्यै युद्धमा मासिए ।
भीष्मैका शर लागि चार सउ पो ❀ राजाहरू नासिए ॥४॥
हानी धेर शरादि अर्जुनजिले ❀ त्यै युद्ध-भूमी महाँ ।
मारे तीन हजार भूपतिहरू ❀ दुर्योधनैका तहाँ ॥
तिन्का लाश परेर पृथ्वितलमा ❀ भूमी नदेख्ने भयो ।
खोलो बग्न गएर वैतरणि झैं ❀ सोही नदी भै गयो ॥५॥
पौंचे भैरव-भूत-योगिनिहरू ❀ आए पिशाचै पनी ।
मुर्दाका मुँड़िमा घुसारिकन नङ् ❀ आन्द्रा निकाले अनी ॥
माला झैं उहि घाँटिमा पहिरँदै ❀ न्वाहेर खाँदै रगत् ।
लागे नाच्न ति मत्त भै गणहरू ❀ श्री रुद्रका त्यै बखत् ॥६॥
आई श्याल अनेक खुब् लुछि-चुँड़ी ❀ टोकेर मासू तहीं ।
धेरै खाइ रगत् पिई खुशि भए ❀ अत्यन्त तृप्तै[1] भई ॥
झाँक्रो खूब फिंजाइ योगिनिहरू ❀ सर्वाङ्ग नाङ्गै रही ।
लागे गाउन उच्च शब्द गर्दै ❀ गीतैहरू फेर् तहीं ॥७॥
मुर्कट्टा जसको त काटिन गई ❀ मण्टो खस्यो भूमिमा ।
दौड़े खड्ग उजाइ हान्न सहसा ❀ जागेर त्यै युद्धमा ॥
राम्रै ता पुरुषार्थ अर्जुनजिले ❀ ती भीष्म भन्दा पनी ।
सोही भारत-युद्धमा गरिलिए ❀ खुब् वीर-मुख्यै बनी ॥८॥
हाने भीष्मजिलाइ अर्जुनजिले ❀ सौ बाण झट् छातिमा ।
फेरी काटि दिए ध्वजा र रथको ❀ उड्ने पताका तहाँ ॥
भीष्मैले दश बाण अर्जुन उपर् ❀ हानेर जल्दी गरी ।
हाने सात शरै छिटै यदुपती- ❀ लाई अगाड़ी सरी ॥९॥

१ अघाएर ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

साठी बाण ति वायु-पुत्रकन ता ❀ हानेर अस्त्रै अरू ।
गिन्ती ता अयुतै पुरा गरिलिए ❀ मारी रथीनै-हरू ॥
शंखैलाइ बजाइ फर्कि ति गए ❀ श्रीभीष्म डेरा महाँ ।
ती दुर्योधन साथमा कटक ली ❀ आए अनी बासमा ॥१०॥

फर्के धर्मकुमार सैन्य सहितै ❀ आफ्नो निवासै महाँ ।
पाँचै अर्जुन कृष्णजी कटकमा ❀ हाँक्तै रथै फेर् तहाँ ॥
डेरामा पसि शस्त्र राखि कवचै ❀ खोले सबैले अनी ।
आफ्ना आसनमा बसे सब जना ❀ शोभायमानै बनी ॥११॥

आज्ञा द्रौपदिको भयो र सखिले ❀ गै पाकशाला[1] महाँ ।
ल्याए खाद्य-पदार्थहेरु सुनका ❀ थाले-कटौरा महाँ ॥
रानीले सुनको लिएर करुवा ❀ श्री कृष्णलाई अनी ।
पाँचै पाण्डवलाइ हात पहिले ❀ दीइन् धुवाई पनी ॥१२॥

रानीले सब खाद्य बाँटिन गयो ❀ तिन्कै अगाड़ी महाँ ।
ज्यूनारै सबले गरे उहि बखत् ❀ आनन्द साथै तहाँ ॥
लागे भन्न ति धर्मराज प्रभुजी ! ❀ जो युद्ध हूँदो भयो ।
उस्को गिन्ति गरेर नौ दिन पनी ❀ आजै बिती गै गयो ॥१३॥

रोजै ता अयुतै रथी गनि-गनी ❀ ती भीष्म सेना महाँ ।
मार्दैछन् प्रभु ! पार पाउँ कसरी ❀ ती भीष्मदेखिन् यहाँ ? ॥
आज्ञा गर्नुभयो तुरुन्त प्रभुले ❀ राजन् ! किरीटि लिई ।
जाऊँ लौ सब भीष्मका शिविरमा ❀ ठिक् दर्शनार्थी भई ॥१४॥
सोधौंला तिनिसीत मृत्यु कसरी ❀ हूनेछ तिन्को भनी ।
सुन्दा श्रीहरिका कुरा खुशि भए ❀ ती धर्मराजा अनी ॥

---

१ भान्साघर ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

खाने काम सकी छवै जनहरू ❀ ऊठेर सोही घरी ।
भीष्मैका पनि द्वारमा पुगिगए ❀ हींड़ेर जल्दी गरी ॥१५॥
ढोकेलाइ जनाउँदा उठि गयो ❀ गांगेय थीए जहाँ ।
आए भीष्मजि पाउँदा खबर त्यो ❀ भेट् गर्नलाई तहाँ ॥
देखी कृष्णजिलाई दर्शन गरी ❀ श्रीभीष्म खूशी भए ।
ढोगे धर्मकुमारले र तिनले ❀ झट् अंकमाले गरे ॥१६॥
भन्छन् भीष्मजि पाण्डु-पुत्र! जय होस् ❀ तिम्रो लड़ाइं महाँ ।
मारुन् पाण्डवले अरीहरु सबै ❀ खुब् ध्वस्त पारी तहाँ ॥
पैहले एति भनी सबैकन लिई ❀ ती भीष्म भित्रै गए ।
योग्यै आसनमा बसाइ उ बखत् ❀ अत्यन्त खूशी भए ॥१७॥
सोधे आउनको त कारण पनी ❀ श्रीभीष्मजीले जसै ।
लागे भन्न ति धर्मराज तिनको ❀ हेरी मुखैमा तसै ॥
हामीले बनबासमा दुख सह्यौं ❀ एता र ऊता गई ।
हाम्रा निम्ति त पाँच गाउँ हरिले ❀ माँग्नू भएथ्यो तहीं ॥१८॥
दीएनन् तिनिहेरुले र हरिले ❀ यो युद्ध रच्नू भयो ।
आफैं नौ दिन ता भिड़ी हजुरले ❀ धेर् सैन्य मार्नू भयो ॥
मार्नू हुन्छ यसै गरी अझ पनी ❀ हाम्रा त सेना यदि ।
साथै द्रौपदिलाइ ली सब जना ❀ बस्छौं बनैमा पुगी ॥१९॥
यस्ता वाक्य सुनेर भीष्मजि पनी ❀ भन्छन् तुरुन्तै तहाँ ।
के बोल्छौ तिमि धर्मराज! यसरी ❀ चिन्ता लिंदै चित्तमा ॥
जान्दैनौ कि सदा सहायक हरी ❀ जस्का त छन् साथमा ।
तिन्कै ता जय हुन्छ निश्चय पनी ❀ कस्तै लड़ाइं महाँ ॥२०॥
जाहाँ धर्म छ कृष्ण छन् बुझ तिमी ❀ छन् कृष्णजी ता जहाँ ।
त्याहीं ता जयप्राप्ति हुन्छ सहजै ❀ संसारका बीचमा ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भन्छन् भीष्मजिका सुनीकन कुरा ❀ ती धर्मराजा अनी ।
आफैं गैकन भिड्नु हुन्छ हजुरै ❀ कुन् कारणैले पनी ?॥२१॥
हाम्रै ता जय-चिंतनै हजुरले ❀ गर्नुन्छ साँचै यदि ।
आफ्नू मृत्यु बताइ बक्सनु हवस् ❀ सत्यैविषे चित्त दी ॥
भन्छन् भीष्मजि धर्मराजकन फेर् ❀ हाँसेर सोही घरी ।
छन् मेरा यदि हातमा त हतियार् ❀ को टिक्छ साम्ने परी ! २२॥
सक्तैनन् यदि इन्द्र हुन् समरमा ❀ जित्नै मलाई कहीं ।
सक्तैनन् तिनि पार्थ मार्न मकनै ❀ मेरा अगाड़ी रही ॥
भोलीका रणमा शिखंडिकन ता ❀ मेरा अगाड़ी गरी ।
राखीदीनु र देखुँला तिकन ता ❀ मैले तुरुन्तै गरी ॥२३॥
देख्दैमा म शिखंडिलाइ धनु यै ❀ राखी दिनेछू तहाँ ।
नारी हुन् ति शिखंडि ती नर भए ❀ कौनै तवर्ले यहाँ ॥
हेर्ने छैन म नारिको वदन ता ❀ कैल्है कदाचित् पनी ।
यै मेरो प्रण हो म पालन पनी ❀ गर्नेछु जाने तिमी ॥२४॥
सुन्छौ हे नृपते ! म आफ्नु धनु ता ❀ राखीदिनेछू जसै ।
लाग्ने छैन मलाइ बाण अरुको ❀ छोएर टुट्ला सबै ॥
पार्थैले त शिखंडिका पछि रही ❀ हानुन् त बाणै तहाँ ।
गर्नन् चोट मलाइ बाणहरुले ❀ पर्दै सबै अंगमा ॥२५॥
यस्तो रीति गरी पितामहजिले ❀ राम्रै तवर्ले गरी ।
सम्भाए जब त्यै बुझी सब जना ❀ खूशीभए त्यस् घरी ॥
बस्नोस् हैं भनि भीष्मलाइ सबले ❀ फर्केर रस्ता लिए ।
डेरामा पुगि रानिलाइ ति कुरा ❀ तिन्ले सुनाई दिए ॥२६॥
विश्रामार्थ सबै गए शयनमा ❀ रात्री बिती गैगयो ।
प्रातःकाल हुँदा सबै उठिगए ❀ राम्रै उज्यालो भयो ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सारा क्षत्रिय वीर भूपतिहरू ❀ सेना समेतै गरी।
ती दूवै दलका पुगे समरमा ❀ लड्ने इरादा धरी ॥२७॥
त्यो दुश्शासनको रथै अघि बढ़ी ❀ आयो रणै बीचमा।
भीमैको रथ झट् बढेर पुगिगो ❀ त्यसको गई सामुमा ॥
बीशोटा शर भीमलाइ उसले ❀ हानेर जल्दी गरी।
घाऊ लाइदियो र वायुसुत खुब् ❀ क्रुद्ध भए त्यस् घरी ॥२८॥
कूदी त्यै रथदेखि लीकन गदा ❀ ती भीम दौड़ी गए।
ती दुश्शासनले पनी रथ त्यजी ❀ आफ्नू गदा लीलिए ॥
दूवैको रण हेर्नलाइ चढ़दै ❀ आफ्नू विमानै महाँ।
आए देव-समूह ता उहि बखत् ❀ भिड्थे ति दूवै जहाँ ॥२९॥
लागे गर्न प्रहार वीर दुइले ❀ आफ्ना गदाले तहाँ।
लाग्यो शब्द सुनीन बज्र सरिको ❀ त्यै युद्धभूमी महाँ ॥
दाऊ पारि त्यहीं वृकोदरजिले ❀ ताकेर छाती महाँ।
ती दुश्शासनलाइ चोट परिगो ❀ हान्दा तिनैले तहाँ ॥३०॥
मूर्छामा ति परेर भीम उ बखत् ❀ कूदी रथैमा गए।
पौंची द्रोण गुरू उसै समयमा ❀ तिन्लाइ रोक्दा भए ॥
हानी बाण कठोर द्रोण गुरुले ❀ ती भीमलाई अनी।
घोडा सारथिलाइ घायल गरे ❀ साठी शरैले पनी ॥३१॥
पाँचै बाण त्यजी रथैकन पनी ❀ तोड़ी गिराए जसै।
आई झट् अभिमन्युले शर त्यजे ❀ ती द्रोणमाथी तसै ॥
छाती छेड़िदियो घुसेर शरले ❀ ती द्रोणजीको पनी।
घोड़ा ती अभिमन्युले शर त्यजी ❀ मारी दिए झट् अनी ॥३२॥
एकै बाण त्यजेर सारथि पनी ❀ काटी गिराए तहीं।
फेर् अर्कै रथमा गईकन चढ़े ❀ ती द्रोण क्रुद्ध भई ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यस्तै औसरमा पितामहजिले ❀ कम्मर् बलीयो कसी ।
हाँक्ने त्यै रथलाइ उर्दि दिनुभो ❀ आफू रथैमा बसी ॥३३॥
हाँक्यो सारथिले रथै जुन बखत् ❀ ती भीष्मजीको तहाँ ।
लागे बोल्न ति कागहेरु उड्दै ❀ आकाशका बीचमा ॥
थाले उड्न अनेक गिद्ध रथका ❀ माथी गई त्यै घरी ।
लाग्यो सारथि भन्न भीष्मकन फेर् ❀ यस्ता तवर्ले गरी ॥३४॥
देख्दैछू असगुन् हुँदैछ बहुतै ❀ हे नाथ ! सुन्नू भयो ।
कुक्कुर् भुक्तछ रोइ काग बहुतै ❀ बोलेर उड्दै गयो ॥
हाम्रो यै रथमाथि मण्डल गरी ❀ घुम्दैछ गिद्धै पनी ।
जानू योग्य त छैन आज रणमा ❀ के हुन्छ मर्जी भनी ॥३५॥

दशौं दिनको युद्ध, भीष्मको पतन ।

भन्छन् भीष्मजि हाँसि सारथि! सुनिस् ❀ बोल्छस् तँ व्यर्थै कती ? ।
थाहा छैन तँलाइ तत्त्व जुन हो ❀ छस् आफु मूढै मती ॥
पार्थैका पनि सारथी भइ हरी ❀ छन् ती बसेकै तहाँ ।
के गर्ला असगुन् स्वयं त भगवान् ❀ छन् कृष्णजी सामुमा ॥१॥
पार्थैका रथको अगाड़ि रथ पो ❀ हाँकेर लैजा भनी ।
आज्ञा भीष्मजिले दिए र उसले ❀ हाँकीदियो त्यै अनी ॥
ल्यायो सारथिले कुदाइ रथ त्यै ❀ श्रीपार्थ थीए जहाँ ।
हाने भीष्मजिले हजार शर झट् ❀ ती पार्थलाई तहाँ ॥२॥
बीशोटा हनुमानलाई र दशै ❀ श्रीकृष्णलाई पनी ।
हाने भीष्मजिले झिकेर शर पो ❀ छीटो बहूतै बनी ॥
पार्थैले पनि वृष्टि बाणहरुको ❀ गर्दाभए त्यै घरी ।
काटे ती शर अन्तरिक्ष बिचमै ❀ ती भीष्मले झट् गरी ॥३॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

देवै-अस्त्र झिकेर अर्जुनजिले * ताकेर छोडी दिए ।
त्यस्लाई पनि भीष्मले सहज मै * काटी खसाली दिए ॥
भन्नू भो हरिले ति पार्थकन झट् * हे पार्थ ! यो युद्धमा ।
जो आफ्नू पुरुषार्थ त्यागि गरलौ * केही उपायै यहाँ ॥४॥
आज्ञा एति गरेर शंख हरिले * फुक्नू भएथ्यो जसै ।
आफ्नू नाम सुनी शिखंडि त्यहिंनै * आई पुगे झट् तसै ॥
भन्नू भो हरिले किरीटि ! यि भने * तिम्रा अगाड़ी रहुन् ।
तिन्का गै पछि बाण हान तिमिले * जसमा ति भीष्मै गिरुन् ॥५॥
सोधे अर्जुनले प्रभो ! कपटले * यिन्लाइ हान्ने भई ।
मैले युद्ध गरीलिनू किन पऱ्यो * ऐह्ले पछाड़ी रही ? ॥
एत्तीमा ति शिखंडिको रथ पनी * आयो अगाड़ी महाँ ।
भीष्मैले धनु राखियो रथविषे * देख्दा शिखंडो तहाँ ॥६॥
हातैको धनु छैन दृष्टि पनि ता * जस्को छ भूमीमहाँ ।
यस्ता भीष्मजि भन्दछन् वचन ई * श्रीकृष्णलाई तहाँ ॥
श्रेयै होस् भनि पाण्डवादिहरुको * ऐले जगत्का धनी ।
गर्दै यो छल-युद्ध आँटनु भयो * मार्छू म भीष्मै भनी ॥७॥
आड़ै ली ति शिखंडिको पछि रही * अत्यन्त चाँडो गरी ।
हाने बाणहरू ति भीष्मकन ता * ती पार्थले त्यैघरी ॥
पार्थैका शरले घुसी कवचमा * छेड़ेर छाती पनी ।
घायल् पारि दिए ति भीष्मकन ता * अत्यन्त क्रुद्धै बनी ॥८॥
भन्छन् भीष्म शिखंडिका शर यिनै * हैनन् यि हुन्थे कहाँ ? ।
पार्थैका शर हुन् गड़े सकल ती * मेरै त छातीमहाँ ॥
मेरो काम्छ शरीर आज जसरी * माघै महीना महाँ ।
जाड़ो भैकन काँम्दछन् जति ति छन् * गाईहरू लोकमा ॥९॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

फेरी बज्र-समान तीक्ष्ण शरले ❋ ती भीष्मलाई तहीं ।
हाने अर्जुनले र ती शर गड़े ❋ सम्पूर्ण सोझै गई ॥
बोल्थे भीष्मजि कृष्ण! कृष्ण!!मुखले ❋ ध्यानै गरी पाउको ।
हान्थे अर्जुन बाण बेसरि थपी ❋ देहै भरी घाउ भो ॥१०॥
धारा बग्न गयो अती रगतको ❋ सर्वाङ्ग देखी तहीं ।
बाणैले गरि सर्व देह रहिगो ❋ ठिक् चालनी झैं भई ॥
टिक्नै मुश्किल भै ति भीष्म सहसा ❋ लोटी खसे पृथ्विमा ।
तिन्को ता करनी फगत् रहिगयो ❋ संसारका बीचमा ॥११॥
भीष्मैको जब भै गयो पतन ता ❋ देखेर जल्दी गरी ।
सारा कौरव - वृन्द दौड़िकन ता ❋ आए अगाड़ी सरी ॥
ती दुश्शासन-द्रोण-कर्ण उ बखत् ❋ आई खड़ा भै रही ।
आफ्नू-आफ्नु धनू उतारि भुमिमा ❋ ती रून लागे तहीं ॥१२॥
ती दुर्योधन त्यागि आफ्नु रथ फेर् ❋ दौड़ेर आए तहाँ ।
राजा कौरव तर्फका सब पुगे ❋ मित्रादि त्यै स्थानमा ॥
लागे शोक गरेर बोल्न सबले ❋ यो पुण्य-भूमी महाँ ।
हामीलाइ रुवाइ आज किन हो ❋ गिर्नू भएको यहाँ ? ॥१३॥
आजै गिर्नु भयो पितामह! हजुर् ❋ कल्पन्छ चित्तै कती ।
श्रीसेनापति भै बहादुरि पनी ❋ गर्नू भएथ्यो अती ॥
साक्षात् ईश्वर कृष्णजीकन पनी ❋ आफैं अगाड़ी सरी ।
अस्त्रै थाम्न पनी लगाउँनु भयो ❋ संग्राम ठूलो गरी ॥१४॥
पैह्ले आफु गई स्वयम्वर जिती ❋ कन्याहरू हर्नुभो ।
ती कन्यासित भाइ दूइहरुको ❋ बीहा गरी दीनुभो ॥
भिड्नू भो परशूधरै सित पनी ❋ संग्रामका बीचमा ।
को यस्तो छ पराक्रमी हजुर झैं ❋ यो विश्व-संसारमा ॥१५॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पृष्ठ सं० ८३३

चित्र सं० १९ पितामहलाई शर-शय्यामा जल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

को जान्ला विधिको विधान जगमा ❀ जान्दैन कोही पनी ।
चिन्तामा परियो थि पाण्डवकनै ❀ जित्नू कसोरी भनी ॥
आफू वीर-गती विषे गइगयौ ❀ क्षत्रीय-धर्मैं गरी ।
हाम्रै कर्म अभागि हो गरुँ कसो ❀ यस्तो अवस्था परी ॥१६॥
यस्तै शोक गरेर भूपतिहरू ❀ रूँदै थिए त्यस्‌घरी ।
आए कृष्ण र धर्मराज रथ पो ❀ त्यागेर जल्दी गरी ॥
साथै अर्जुन-भीम-भूपतिहरू ❀ त्यस्तर्फका जो थिए ।
हेर्नैलाइ भनी पितामहजिका ❀ साम्‌ तिदाखिल् भए ॥१७॥
यस्तै औसरमा पितामहजिले ❀ भन्दाभए सुस्तरी ।
सूतेको छु म ता यही त शरको ❀ शय्याविषे पो परी ॥
मेरो यो शिर लट्कदैछ भुमिमा ❀ तस्मात् कुरूका पती ! ।
देऊ केहि शिरानि ल्याइ मकनै ❀ आनन्द हूँने अती ॥१८॥
तिन्ले कोमल तासको अति असल् ❀ बालिष्ट ल्याई दिए ।
भन्छन् भीष्मजि ज्ञान छैन नृपते ! ❀ यो हुन्न है भन्दिएँ ॥
ती दुर्योधन सीत एति कहि फेर् ❀ ती पार्थलाई पनी ।
भन्छन् पार्थ ! मलाइ आज तिमिले ❀ देऊ शिरानी भनी ॥१९॥
पार्थैले शर तीन झट्ट धनुमा ❀ जोरी निधारै महाँ ।
तिन्का हानिदिंदा निधार्कन गए ❀ छेड़ेर भूमीमहाँ ॥
भूमीभित्र गड़े बनेर त्रिकुटी ❀ ती बाण तिन्का जसै ।
भीष्मैको शिरमा शिरानि भइगो ❀ देखे सबैले तसै ॥२०॥
भन्छन् भीष्मजिलाइ धर्म-सुतले ❀ दुर्योधनैको पनी ।
पापै कारण भै पितामह ! गिऱ्यौ ❀ यस्ता किसिम्‌का बनी ॥
साम्‌ छन् जगतारणै हरि स्वयम् ❀ श्रीकृष्णजी यस्‌घरी ।
गर्नोस् दर्शन कृष्णको अब हजुर् ❀ बिन्ती छ पाऊ परी ॥२१॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

क्यै हाँसीकन भीष्मले तब भने ❀ राजन्! म भन्छू यहाँ।
ऐले छन् रवि दक्षिणायन सुन्यौ ❀ त्यै निम्ति यै ठाउँमा॥
सूती हेर्दछु युद्ध-भारत सबै ❀ क्षत्रीहरूको पनी।
को कस्तो पुरुषार्थ गर्छ रणमा ❀ एक्लै म यस्तै बनी॥२२॥
हूने छन् जब उत्तरायण रवी ❀ यो देह त्याग्छू अनी।
ती दुर्योधन धर्मराजकन फेर् ❀ भन्छन् ति फेरी पनी॥
मेलै गर्नु छ जाति बाबुहरु हो! ❀ मान्छौ भने यस्घरी।
आधा राज्य त बाँडिलेउ दुइले ❀ द्वेषादि त्यागे गरी॥२३॥
गर्दा विग्रह नष्ट हुन्छ कुलको ❀ जाती छ सन्धी भनी।
मेलै गर्नु छ जाति प्रीति सरिको ❀ क्यै छैन राम्रो पनी॥
यस्ता बात सुनी पितामहजिका ❀ दुर्योधनैले तहाँ।
बोले मान्दिन यो कुरा म त कभै ❀ भिड्छू म संग्राममा॥२४॥
भीष्मैले तब यो भने यदि तिमी ❀ भिड्छौ भने युद्धमा।
श्रीसेनापति कर्णलाइ गर लौ ❀ छन् पार्थका दाँजमा॥
श्रीसेनापति योग्य द्रोण पनि छन् ❀ ती वीरतामा पनी।
पार्थैका सरि छन् प्रतापि बहुते ❀ यो जानिलीए तिमी॥२५॥
एती अर्ति दिएर भीष्मजि सुते ❀ दुर्योधनैले अनी।
तम्बू एक त्यहीं खड़ा गरिदिए ❀ होला छहारी भनी॥
ऊठे कृष्ण र धर्मराज उ बखत् ❀ तिन्का सँगैमा भई।
फर्के पाण्डवका सबै जनहरू ❀ श्रीपार्थलाई लिई॥२६॥
कर्त्ता भारतका त व्यास हुनुभो ❀ जो सुन्छ ध्यानै दिई।
गाईदान र तीर्थ बर्तहरुको ❀ जुन् धर्म हो सो लिई॥
श्रोताको सब पाप भस्म हुनगै ❀ धर्मात्म होला अती।
धर्मैले सुख प्राप्त हुन्छ जय भै ❀ खूशी हुनन् श्रीपती॥२७॥

महाभारत भीष्मपर्व समाप्त।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

महाभारत-द्रोणपर्व

मंगलाचरण—

गर्छू प्रणाम गुरुलाइ शिरै नुहाई ।
गर्छू म दण्डवत श्रीरघुनाथलाई ॥
जस्को कृपा हुन गई गणिका र व्याधै—
दूवै तरे सहजमा भव-सिन्धु बाटै ॥१॥
श्री व्यासदेव जुन हुन् कलि-पाप-हर्ता ।
हुन् चार वेद अनि भारतकै त कर्त्ता ॥
तिन्लाइ सम्झिकन गर्दछु लौ प्रणामै ।
होस् द्रोण-पर्व रचना सबलाइ प्यारै ॥२॥

दुर्योधनबाट द्रोणजी सेनापति भई वार्तालाप गर्नु ।

शैय्यामा शरको पितामह सुते ❀ दुर्योधनै भूपती ।
लागे गर्न विचार कस्कन गरी ❀ दीऊँ म सेनापती ॥
भन्छन् कर्ण नृपेन्द्र ! त्यै पदविमा ❀ राख्नोस् मलाइ यहाँ ।
ती भीमार्जुनलाइ मार्दछु म गै ❀ सेना समेत् युद्धमा ॥१॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कर्णौका ति कुरा सुनेर मनमा ❀ अत्यन्त क्रुद्धै भई ।
लागे भन्न ति भूपतीकन त्यहीं ❀ द्रोणी नजीकै गई ॥
राजन् ! सूर्यकुमारलाइ अहिले ❀ पारेर सेना-पती ।
तिन्का तागतमा ति पाण्डव सँगै ❀ गर्नुन्छ युद्धै कती ? ॥२॥
सेनाको सब भार दी हजुरले ❀ सेनापतीको यहाँ ।
दीनोस् ता पदवी मलाइ म भिड़ी ❀ जीताउँछू युद्धमा ॥
यस्ता बात सुनेर कर्ण रिसले ❀ कामेर सोही घरी ।
भन्छन् मार्दछु तीमिलाइ क्षणमा ❀ जान्छौ अवश्यै मरी ॥३॥
छोरा हौ गुरुका भनेर मनमा ❀ राख्छू दया यस् घरी ।
बोल्छौ जीवित भै अझै पनि तिमी ❀ नाहीं त गिथ्यौं मरी ॥
यो सुन्दा नयनै दुई अरुण भै ❀ ती द्रोणिका त्यस् घरी ।
खड्गै लीकन हातमा तिनि उठी ❀ भन्छन् अगाड़ी सरी ॥४॥
पैह्ले जाँचलिंदा पितामहजिले ❀ तिम्लाइ अर्धै रथी ।
भन्ने तोक गरीदिए उहि कुरा ❀ बिर्स्यौ कि ? सोध्छू यती ॥
तिम्रो जन्म भएछ नीच कुलमा ❀ तिम्लाइ सेना-पती ।
गर्दा ता अपमान हुन्छ यि सबै ❀ क्षत्रीहरूको अती ॥५॥
सुन्दा क्रुद्ध भएर खड्ग करमा ❀ लीएर कर्णै पनी ।
ऊठे मार्छु भनेर द्रोणिकन ता ❀ दुर्योधनैले अनी ॥
पक्री बाहु ति कर्णको अति मिठो ❀ बोली गरी त्यै घरी ।
भन्छन् मित्र ! बिचार लौ समय यो ❀ आएछ कस्तो परी ॥६॥
आपस्मा कलहै भयो यदि भने ❀ कुन् लाभ होला यहाँ ! ।
त्यागी यै झगड़ा ति शत्रुकन गै ❀ मार्नू निको हो तहाँ ॥
भन्नूहोस् सबले मिलेर अहिले ❀ कस्लाइ सेना-पती —
गर्नू जाति हुनेछ यस् बखतमा ❀ को योग्य होला अती ॥७॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

राजाका इ कुरा सुनेर दुइले ❀ खड्गादि फेंकी दिए ।
मेटीयो झगड़ा र कर्ण अनि ता ❀ क्यै भन्न लागी गए ॥
योग्यै त्यस् पदका ति द्रोणगुरु छन् ❀ अस्त्रादि जान्ने अती ।
मान्यै हुन् कुरु-पाण्डवादिहरुका ❀ होउन् ति सेना-पती ॥८॥
भन्छन् ती शकुनी कुरा उचित हो ❀ बोले जउन् कर्णले ।
राम्रो त्यै हुन जान्छ त्यै गर भनी ❀ बोले कृपाचार्य्यले ॥
ती दुर्योधनले ति द्रोण कन फेर् ❀ आफ्ना करैले गरी ।
बाँधे झट् मुकुटै अमूल्य शिरमा ❀ आफैं अगाड़ी सरी ॥९॥
श्री दुर्योधन भन्दछन् गुरुजि ता ❀ सेना-पती हूनु भो ।
रक्षा गर्नुहवस् सबै हजुरले ❀ यो सैन्य सुन्नू भयो ॥
एही भारत-युद्धमा हजुरले ❀ खूबै गरी वीरता ।
हाम्रा शत्रु विनष्ट गर्दिनु हवस् ❀ गर्दैछु बिन्ती म ता ॥१०॥
भन्छन् द्रोण-गुरू नृपेन्द्र! गुरुको ❀ मैले कृपाले गरी ।
गर्नेछू दिन पाँच सम्म म ठुलो ❀ युद्धै अगाड़ी सरी ॥
मार्नेछू यदि कोटि सैन्य रणमा ❀ आउन् तिनैका अनी ।
उम्की जान दिने म छैन कहिल्यै ❀ जो पर्छ सामू पनी ॥११॥
पार्थै देखि पृथक् युधिष्ठिर रहुन् ❀ मैदानमानै कता ।
फेला पार्न सकें भने बुझ तिमी ❀ तिन्लाइ बाँधी म ता ॥
ल्याई तिन्कन सुम्पिदिन्छु सहजे ❀ तिम्रा दुई हातमा ।
विश्वासै गर हे नृपोत्तम! तिमी ❀ मेरो यही बातमा ॥१२॥
ती दुर्योधन भन्दछन् यति सुनी ❀ आफू गुरू भै पनी ।
पार्थै सीत डराउँनू किन भयो? ❀ कातर् समानै बनी ॥
हाँसी उत्तर यो दिए गुरुजिले ❀ राजन्! किरीटी पनी ।
वीरै हुन् ति महारथी जसित ता ❀ अक्षय्य ठोक्रो छ नी ॥१३॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नन्दी-घोष रथै छ सारथि हरी ❀ जस्का त छन् साथमा ।
गाण्डीवै धनु अग्नि-दत्त छ अहो ❀ छन् वीर झण्डा महाँ ॥
स्वर्गैमा रहि सात वर्ष जसले ❀ देवास्त्र सीकी लिए ।
जस्माथी शिवजी प्रसन्न हुन गै ❀ पाशूपतास्त्रै दिए ॥१४॥

जस्ले सागर माथि सेतु शरको ❀ बाँधेर चाँड़ो अती ।
जीते श्री हनुमानलाइ प्रणमा ❀ बिस्तार गर्नूं कती ? ॥
पाताले पृथिवी र स्वर्गपुरिमा ❀ जस्का समानै पनी ।
कोही छैन प्रतापि वीर बुझ लौ ❀ हो सत्य वार्ता भनी ॥१५॥

तस्मात् पर्छ उपायगर्नु जसमा ❀ ती पार्थ युद्धै महाँ ।
राजादेखि परै रहुन् समरमा ❀ लागेर टाढ़ै महाँ ॥
यस्तो पर्न गयो भने समरमा ❀ ती धर्मराजै पनी ।
आऊँछन् रणगर्न मैसित जसै ❀ पक्रेर बाँधछू अनी ॥१६॥

द्रोणको पैह्ला दिनको युद्ध ।

भरोसा दिई बातले भूपलाई ।
गुरूले गई झट्ट सेना सजाई ॥
रचे व्यूह राम्रो र बाजा बजी गो ।
उता तीर मालूम सोही भईगो ॥१॥
बढ़े सैन्य दूवै तिरैका अगाड़ी ।
थिए जौन काफर् ति भागे पछाड़ी ॥
मिलाएर जोड़ी सबै शस्त्रधारी ।
भिड़े सन्मुखैमा भयो युद्ध भारी ॥२॥
गुरू द्रोणले पाण्डवैका दलैमा ।
गरे बाण - वर्षा रणैका स्थलैमा ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गिरे बाण लागेर धेरै सिपाही ।
गिऱ्यो रक्त खोलैं सरी बग्न पाई ॥३॥
ति बढ्थे शकूनी सहेदेव जाई ।
भिड़े तिन्सितै बाण धेरै चलाई ॥
दुवैले दुवैको रथै चूर्ण पारे ।
गदा ली भुमीमा गई भिड्न थाले ॥४॥
गुरूका अगाड़ी द्रुपद् जाइ लागे ।
तिनैलाइ देख्दा गुरू खूब जागे ॥
गरे बाण-वर्षा गुरूले जसै ता ।
त्यजी बाण काटे द्रुपद्ले तसै ता ॥५॥
कुरूनाथका भाइ वीविंसती पो ।
थिए भीमको युद्ध तिन्सीत भैगो ॥
रथै भग्न भो भूमिमा उत्रि आए ।
गदा ली दुवैले भिड़ी लड्न पाए ॥६॥
लिई एक ठूलो धनूलाइ हातै ।
विराटै गए भिड्न ती कर्ण साथै ॥
कृपाचार्यजीलाइ देखेर फेरी ।
भिड़े धृष्टद्युम्नै पनी उत्तिखेरी ॥७॥
थिए भूपती पौरवै नाम धारी ।
अभीमन्यु दौड़े लिंदै खड्ग भारी ॥
निभाएर तिन्को त्यहीं सारथी पो ।
कुदी चढ्न पूगे रथैमा तिनैको ॥८॥
चढ़े सिन्धुराजाजिको ती रथैमा ।
तिनै उत्रि हाले असी ली करैमा ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सुभद्रा-सुतैका अगाड़ी ति जाई ।
उजाए असी बेसरी हान्नलाई ॥९॥
अभीमन्युले ढालमा रोकी लीए ।
छिटै दौड़ि धक्का तिनैलाइ दीए ॥
गिरे सिन्धु-राजा भुमीमा जसै ता ।
लिए खड्ग तिन्ले निकाली तसै ता ॥१०॥
गई शल्यले ती अभीमन्युलाई ।
दिए रोकि आफ्नू गदा झट् उजाई ॥
यही दृश्य देख्दा ति भीमै रिसाए ।
गदा ली ति शल्यै तिरै झम्टि आए ॥११॥
दुवैले कुमैलाइ ठोके बजाई ।
भिड़े झट् गदा ली करैले घुमाई ॥
गदा दूइ भिड़्दा ठुलो शब्द भैगो ।
दुवै उफ्रि धूलो पनी उड्न गैगो ॥१२॥
बृकैसेन आए अनी भिड्नलाइ ।
ति हुन् कर्णपुत्रै र चापै समाई ॥
गरे बाण-वर्षा अगाड़ी सरेर ।
गिरे पाण्डवैका सिपाही मरेर ॥१३॥
सतानीक पौंचे धनू-बाण लींदै ।
वृकैसेनका बाण झट् काटि दींदै ॥
रिसाई बृकैसेनले बाण मारे ।
सतानीकलाइ निकै चोट पारे ॥१४॥
पुगी चार पुत्रै अरू द्रौपदीका ।
सबैले चलाएर बाणादि तीखा ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वृकैसेनको देहमा बाण लागे ।
परी चोट साह्रो जिऊमा ति थाके ॥१५॥
तिनैलाइ देखेर एक्लै भिड़ेका ।
कुरू-सैन्य आए त्यहीं जो भएका ॥
त्यहीं पाण्डवैका पनी फौज आए ।
हजारौं हतीयारहरू छुट्न पाए ॥१६॥
गिरे कौरवै तर्फका वीर धेरै ।
हट्यो फौज तिन्को पछी उत्तिखेरै ॥
यही चाल देख्दा गुरू ती रिसाई ।
गरे बाण-वर्षा धनूमा लगाई ॥१७॥
गुरू द्रोणले फेरि दिव्यास्त्र मारी ।
निकै सैन्य दीए भुमी बीच पारी ॥
उताका निकै सैन्य मारें भनेर ।
तिनै द्रोण गर्जे अगाड़ी सरेर ॥१८॥
सुनी गर्जना द्रोणको हत्पताई ।
पुगे पार्थ त्याहीं छिटै भिड्नलाई ॥
गरी बाण - वर्षा गुरूका शरादी ।
सबैलाइ दीए क्षणै बीच काटी ॥१९॥
थपी बाण फेरी कुरू-सैन्यलाई ।
गिराए रणैमा बहूतै सिपाही ॥
पर्‍यो साँझ सोही बखतमा जसै ता ।
सबै सैन्य फर्की गयो फेर् तसै ता ॥२०॥
ति अन्धा-नृपैलाइ ती संजयैले ।
सबै हाल विस्तार गर्दै क्रमैले ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सुनाई दिंदा हर्ष मान्थे सुनेर ।
पछी दिक्क हुन्थे नतीजा बुझेर ॥२१॥

द्रोणको द्वितीय दिनको युद्ध, अर्जुन र सुशर्माको लड़ाईं ।

सोही रात्रि बिती प्रभात हुनगो ❁ केही उज्यालो भई ।
बोले ती गुरुले सुयोधनजिका ❁ साम्ने अगाड़ी गई ॥
गर्नू पर्छ उपाय भूपवर हे ! ❁ ती पार्थ टाढ़ै रहुन् ।
जस्मा धर्मकुमार बन्धन विषे ❁ मेरा ति आजै परुन् ॥१॥
यस्ता बात सुनेर हर्षित हुँदै ❁ राजा सुशर्मा अनी ।
लागे भन्न गुरो ! म गर्दछु छिटै ❁ त्यस्को उपायै पनी ॥
मेरा चौध्द हजार सैन्य रथि छन् ❁ जम्मा धनुर्धारि ती ।
भिड्नै तिन्सित पार्थलाइ रणमा ❁ हाँक्दिन्छु चाँड़ै अती ॥२॥
टाढ़ा गै रणभूमिदेखि म सबै ❁ सैन्यादि राख्छू तहीं ।
पौंचन्छन् अनि पार्थ पाइ रणको ❁ निम्तो न-अड्की यहीं ॥
रोकिन्छन् त्यहिं पार्थ युद्ध गरदै ❁ याहाँ गुरूले पनी ।
पार्छन् बन्धनमा युधिष्ठिरकनै ❁ जीत्छौं लड़ाइं अनी ॥३॥
यस्ता वाक्य सुनी तृगर्त-पतिका ❁ राजा कुरूका पनी ।
साहै खुशि भए हितैषि तिनि हुन् ❁ मेरा यि सच्चा भनी ॥
ती दुर्योधनले सबै कथन ती ❁ मञ्जूर गर्दा भए ।
सोही कार्य सपार्नलाइ उठि भट् ❁ राजा सुशर्मा गए ॥४॥
भिड्नैलाइ तृगर्त-सैन्यसित लौ ❁ आजै हजुर्ले तहीं ।
पाल्नू हुन्छ कि पार्थ ! शक्ति छ भने ❁ अन्तै नजाई कहीं ॥
लेखी पत्र तुरुन्त अर्जुन कहाँ ❁ दूतै पठाई दिए ।
हेरी पत्र बुझेर मर्म उसको ❁ मञ्जूर गर्दा भए ॥५॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

फर्क्यो दूत दिएर पत्र जब ता ❀ ती पार्थले त्यै घरी ।
धृष्टद्युम्नजिलाइ डाकि नजिकै ❀ भन्छन् अगाड़ी सरी ॥
रक्षा गर्नु नृपेन्द्रलाइ तिमिले ❀ हे वीर ! राम्रो गरी ।
जान्छू आज तृगर्त-सैन्य तिर पो ❀ फर्कन्छु साँझै परी ॥६॥
एती बात ति वीरलाइ कहँदै ❀ फेर् झट्ट बिन्ती गरी ।
भन्छन् श्रीपतिलाइ "नाथ ! रथ लौ ❀ हाँक्नू हवस् यै घरी ॥
दीयो हाँक उही तृगर्त-पतिले ❀ जो हो सुशर्मा पनी—
जान्छू त्यस्‌सित भिड्‌न हाँक्नु रथ होस् ❀ त्यस्‌तर्फ जाने भनी" ॥७॥
यस्तो बिन्ति सुनेर अर्जुनजिको ❀ श्रीकृष्णजीले अनी ।
आँटनू भो रथ हाँक्नलाइ उ बखत् ❀ जानै बढ़ीया भनी ॥
चाबुक् बाहुलिले उठाउनु भयो ❀ श्रीकृष्णजीले जसै ।
लागे बोलन ति पार्थ आफ्नु दलमा ❀ केही कराई तसै ॥८॥
सुन्नू होस् सब वीरले अब म ता ❀ जान्छू अगाड़ी त्यतै ।
भिड्छू चौद्दहजार छन् रथि त्यहीं ❀ राजा सुशर्माजिकै ॥
चंखै भै रहु क्षत्रि वीरहरु खुब् ❀ मैदानमा यस् घरी ।
आऊँछन् गुरु द्रोण लड्‌न अहिले ❀ जल्दी अगाड़ी सरी ॥९॥
सुन्नोस् भूपति धर्मराज ! गुरु छन् ❀ अस्त्रादि जान्ने खुबै ।
जस्लाई भृगुनाथले दिनुभयो ❀ विद्या धनूको सबै ॥
ती ऐह्ले कुरु-सैन्यका हुन गए ❀ सेनापती यस् घरी ।
जस्का माफिक छैन वीर अरु ता ❀ खोजीलिएका घरी ॥१०॥
श्रीभीमादि समेत वीरहरुले ❀ राजाजिलाई यहाँ ।
एक्लै छोड़ि न-जानु साथ रहनू ❀ यै युद्ध-भूमी महाँ ॥
हाँक्नूभो हयलाइ झट्ट हरिले ❀ ती पार्थको त्यै घरी ।
गैगो दक्षिण तीर सो रथ अनी ❀ साम्ने मुहूड़ा गरी ॥११॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

देखी सो रथलाइ अर्जुनजिको ❀ राजा सुशर्मा पनी ।
साथै चौद्ध-सहस्र वीरहरु ली ❀ आए म लड्छू भनी ॥
साराले मिलि बाण-वृष्टि गरियो ❀ ती पार्थ माथी तहीं ।
लागे छोड्न तिखा-तिखा शरहरू ❀ ती पार्थ क्रुद्धै भई ॥१२॥

शूरसेनको मृत्यु, युधिष्ठिर भाग्नु ।

वीरादी कुरु तर्फका र अनि फेर् ❀ ती पाण्डवैका पनी ।
सारा सैन्य समेत भै चलिगए ❀ मैदानमाहाँ अनी ॥
दूवै सैन्य खड़ा भयो समरका ❀ निम्ती अगाड़ी जसै ।
बाजा बज्न शुरू भयो समरको ❀ चर्कोगरी खुब् तसै ॥१॥
यस्तै औसरमा ति द्रोण गुरुजी ❀ ठूलो रथैमा बसी ।
आए लड्न भनी रणस्थलविषे ❀ कम्मर् बलीयो कसी ॥
सौ भाई सँग ली सुयोधन चले ❀ सुन्का रथैमा चढ़ी ।
कोही ता हयमा चढ़ी चलि गए ❀ क्वै वीर हात्ती चढ़ी ॥२॥
द्रोणी भूरिश्रवा र कर्ण कृतजी ❀ वीरादि ठूला सबै ।
आफ्ना बाहनमा चढ़ीकन हिंड़े ❀ शस्त्रादि लींदै खुबै ॥
रोके भीम गएर द्रोणकन ता ❀ वर्षा शरैको गरी ।
रोके सात्यकिले गएर रणमा ❀ भूरिश्रवा त्यस् घरी ॥३॥
कर्णैको अभिमन्युको समरमा ❀ युद्धै ठुलो भै गयो ।
त्याहीं ती कृपको र ती नकुलको ❀ संग्राम पर्दो भयो ॥
सोमैदत्त शिखण्डि वीर दुइले ❀ जित्ने इरादा धरी ।
हातैमा धनु ली त्यजे शरहरू ❀ पानी परे झैं गरी ॥४॥
रोके गै सहदेवले ति शकुनी- ❀ लाई अगाड़ी सरी ।
भीड़े उत्तर गै अलम्बुष सितै ❀ त्यस्का अगाड़ी परी ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

धृष्टद्युम्न भिड़े गएर कृतका ❀ सामू धनुर्बाण ली ।
राजाहेरु जयद्रथै द्रुपदजी ❀ भीड़े ति दूवै बली ॥५॥
हात्तीका ति सवार वीरहरुले ❀ दौड़ेर जल्दी गरी ।
रोके झट् त्यहिं भीमसेनकन ता ❀ तिन्कै अगाड़ी परी ॥
सेना लीकन द्रोणको रथ चली- ❀ आयो अगाड़ी महाँ ।
देखे धर्मकुमारलाइ रथमा ❀ तिन्ले बसेका तहाँ ॥६॥
सेना द्रोणजिको बढ़ेर सहजै ❀ आयो अगाड़ी जसै ।
दौड़ाई रथ शूरसेन ति पुगे ❀ रक्षार्थ त्याहीं तसै ॥
तिन्ले बाण त्यजेर तीन त हजार् ❀ मारे सिपाही तहीं ।
सेना रोकिनगो रथै त गुरुको ❀ आयो अगाड़ी भई ॥७॥
तीखा आठ शरै लिएर गुरुले ❀ त्यागदा निशाना धरी ।
लाग्यो चोट ति शूरसेनकन ता ❀ तिन्का शिरैमा परी ॥
झीकी बाण पचीस जोरि धनुमा ❀ त्यागेर तिन्ले पनी ।
छातीमा गुरुलाइ पीडित गरे ❀ घोची शरैले अनी ॥८॥
हानी एक हजार बाण गुरुले ❀ घोड़ा समेत् सारथी ।
तिन्का मारि गिराउँदा ति भुमिमा ❀ उत्रे तुरुन्तै कुदी ॥
त्याहीं एक शिला थियो अति ठुलो ❀ तिन्ले उठाई लिए ।
ताकी तिन्कन शूरसेन नृपले ❀ त्यस्लाइ फेंकी दिए ॥९॥
त्यस्लाई शर हानि द्रोण गुरुले ❀ काटी खसाली दिए ।
हातैमा तब शूरसेन नृपले ❀ खड्गै उठाई लिए ॥
तिन्ले हान्न न पाउँदै शर त्यजी ❀ ती द्रोणले त्यै घरी ।
तिन्को प्राण लिए त्यजेर शरले ❀ लोटे ति भैंमा परी ॥१०॥
मृत्यू भो जब शूरसेन नृपको ❀ आफ्नै अगाड़ी महाँ ।
रीसाए अति धर्मराज उ बखत् ❀ ती द्रोणमाथी तहाँ ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हाने द्रोणजिलाइ ता शर दशै ❀ झीकेर तिन्ले अनी ।
काटे ती शरलाइ द्रोणगुरुले ❀ आफ्ना शरैले पनी ॥११॥
सोचे द्रोणजिले तुरुन्त मनमा ❀ यिन्लाइ मार्दा महाँ ।
यिन्को गिर्न गयो रगत् यदि भने ❀ डढ्‌ला जमीनै यहाँ ॥
फेरी अर्जुनले सुने यदि भने ❀ अत्यन्त क्रुद्धै भई ।
गर्नेछन् प्रलयै कुरू सकलको ❀ देवास्त्र त्याग्दै गई ॥१२॥
तस्मात् यिन्कन मार्नुछैन बढ़िया ❀ यिन्लाइ बाँधी यहाँ ।
सुम्पीदिन्छु लगी सुयोधनजिका ❀ मैले त हातै महाँ ॥
यै पक्का गरि द्रोणले करविषे ❀ झट् नाग-पाशै लिए ।
बूझी आशय ती युधिष्ठिर रथै ❀ त्यागेर भाग्दा भए ॥१३॥

श्रीकृष्णजीले भन्नु भै पार्थले युधिष्ठिरलाई बचाउनु ।

जान्थे धर्मकुमार भागि डरले ❀ ती द्रोणको त्यै घरी ।
अन्तर्यामि ति पार्थ-सारथि थिए ❀ बूझे तुरुन्तै गरी ॥
भन्नू भो तब कृष्णले सुन सखे ! ❀ त्यै युद्ध-भूमी महाँ ।
ठान्छू भूपति धर्मराजकन ता ❀ संकष्ट पर्ला तहाँ ॥१॥
ऐले बन्धनमा युधिष्ठिरकनै ❀ पार्ने इरादा धरी ।
लींदैछन् गुरु नाग-पाश करमा ❀ त्यस् निम्ति चाँड़ो गरी ॥
राजालाइ बचाउ हे प्रिय ! भनी ❀ आज्ञा भएथ्यो जसै ।
पार्थैले मन-व्यापकै शर[1] झिकी ❀ त्यागीदिए झट् तसै ॥२॥
यस्तै औसरमा त पाश गुरुले ❀ त्यागीदिए झट् तहाँ ।
पार्थैको मन व्यापकै शर पुगी ❀ लाग्दो भयो त्यस् महाँ ॥
टुक्रा भैकन नाग-पाश खसिगो ❀ ती द्रोण छक्कै परे ।
छातीमा दश बाण झट्ट गुरुका ❀ तत्काल आई गड़े ॥३॥

१ मनले जहाँ आँटेको छ उहीं गएर लाग्ने बाण ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हेरे बाण ति छातिमा र गुरुले ❀ ती बाणमा पार्थको ।
देखे नाम रहेछ अङ्कित त्यहीं ❀ तिन्लाइ आश्चर्य भो ॥
टाढ़ै अर्जुनजी थिए समरमा ❀ आई पुगे छन् भनी ।
फर्के द्रोण घुमाइ आफ्नु रथ पो ❀ टिक्नै नसक्ने बनी ॥४॥
फर्की द्रोण गुरू गए रथ पनी ❀ तिन्को नदेख्ने भयो ।
हिंड्दै पैदल श्रीयुधिष्ठिरजिको ❀ डेरा सवारी भयो ॥
द्रोणैका पछि लागि सैन्य जति हो ❀ फर्की गयो त्यै घरी ।
ती दुर्योधनले अचम्म परदै ❀ सोधे अगाड़ी सरी ॥५॥
ज्येठा पाण्डवलाइ बाँध्‌दछु भनी ❀ आज्ञा भएको थियो ।
कार्यै पूर्ण न-भै कसोरि गुरुजी ! ❀ ऐह्ले सवारी भयो ? ॥
राजाबाट यसोरि सोधनि हुँदा ❀ ती द्रोण भन्छन् अनी ।
बाँध्ने सूर झिकेर पाशकन ता ❀ लीएँ करैमा पनी ॥६॥
सोही औसरमा त कुन्नि कसरी ❀ कुन् ठाम देखिन् तहीं ।
पार्थैको शर आइ रोपिन गयो ❀ यो छाति भित्रै गई ॥
पीडा धेर भयो मलाइ उ बखत् ❀ चेतै हराई गयो ।
हातै देखि त नाग-पाश गिरिगो ❀ सूर्यास्त फेर् भै गयो ॥७॥
साँझै पर्न गयो र लौ अब सबै ❀ फर्केर जाऊँ भनी ।
डेरामा कुरु-पाण्डवादि तिरका ❀ सेनादि फर्के अनी ॥
फर्कें मै पनि के गरूँ त्यहिं बसी ❀ एक्लै कुरू-क्षेत्रमा ? ।
यस्ता वाक्य सुनी सुयोधन पनी ❀ क्यै भन्न लागे तहाँ ॥८॥
आँट्नोस्‌ता क्षणमा ति पाँचकन ता ❀ पाँचै शरैले गरी ।
सक्नू हुन्छ गुरो ! गिराउन हजुर् ❀ थाहा छ राम्रो गरी ॥
साह्रै गर्व छ पार्थलाइ मनमा ❀ छू वीर मुख्यै भनी ।
सम्झन्छू करनी अघी जति भए ❀ ती पार्थदेखिन् पनी ॥९॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पैह्ले द्रौपदिको स्वयम्वर हुँदा ❀ पाञ्चाल देशै महाँ ।
हामी वीरहरू सबै त्यहिं थियौं ❀ आई बसेका जहाँ ॥
थीए ब्राह्मण भेषमा उहि बखत् ❀ ऊठी खड़ा भैगए ।
पार्थैले त्यहिं लक्ष्य-भेदन गरी ❀ हाम्लाइ जीतीलिए ॥१०॥
तिन्को आज बराबरी गरिलिने ❀ देख्दीन प्राणी यहाँ ।
तिन्कै ता गुरु हौ अवश्य तिमिनै ❀ जीत्छौ लड़ाइं महाँ ॥
पाँचै पाण्डवलाइ नष्ट गरनोस् ❀ भोली हजुर्लें गई ।
एती बात गरी सुयोधन रहे ❀ तत्काल मौनै भई ॥११॥

द्रोणले चक्र-व्यूह रचना गर्नु ।

भन्छन् द्रोण सुयोधनैकन त्यहीं ❀ हे भूपते ! भोलि ता ।
चक्र-व्यूह तयार हुन्छ जसको ❀ जान्दैन क्वै भेद ता ॥
त्यस्को भेद सिवाय पार्थ अरुले ❀ एही जगत्मा पनी ।
जान्ने छैन कदापि क्यै गरि कुनै ❀ कस्तै हवस् ता पनी ॥१॥
आधा रात गए पछी कटक ली ❀ आजै बनाऊछू सो ।
सातोटा त्यहिं द्वार हुन्छ जसमा ❀ देख्दा त चक्रै छ पो ॥
जाहाँ वीर जउन् छ राख्नु परने ❀ सेना र योद्धाहरू ।
ती राखीकन चक्र-व्यूह रचना ❀ गर्छू म आफैं बरू ॥२॥
सुन्दा वाक्य गुरूजिका कुरुपती ❀ अत्यन्त खूशी भए ।
आधा रात्रि बितेपछी ति गुरुले ❀ त्यै कार्य थालीदिए ॥
पैह्ला फाटकमा जयद्रथ रहे ❀ सेना समेतै भई ।
दोस्रामा लिइ सैनिकादि गुरुजी ❀ आफैं रहे झट् गई ॥३॥
तेस्रो फाटकमा रथीहरु समेत् ❀ राधेय[1]लाई धरे ।
चौथोमा कृपलाइ वीरहरु दी ❀ त्याहीं नियुक्तै गरे ॥

१ कर्ण ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

द्रोणी पञ्चम द्वार बीच खटिए ❀ सेना लिई साथमा ।
जो हुन् भूरिश्रवा नियुक्ति गरिए ❀ छैटौं पनी द्वारमा ॥४॥
राजा तीन हजारले सहित भै ❀ सौ भाइ साथै लिई ।
राखे सप्तम द्वारमा कुरुपती- ❀ लाई गुरूले तहीं ॥
साते फाटक भित्र वीरहरु फेर् ❀ सेना करोडौं धरी ।
चक्र-व्यूह रचीदिए गुरुजिले ❀ त्याहीं अ-भेद्यै गरी ॥५॥

अभिमन्युले 'चक्रव्यूह भेदन गर्न सक्तछु' भन्नु ।

बीहानी पख भो र दूत चतुरो ❀ डाकी नजीकै महाँ ।
सीकाए कुरुराजले सब कुरा ❀ जो भन्नु पर्ने तहाँ ॥
भन्छन् फेरि ति धर्मराज सित गै ❀ तैंले कुरा गर्दिनू ।
जे भन्छन् उ जवाफ ली तँ बहुतै ❀ चाँड़ो यहीं फर्कनू ॥१॥
पौंची पाण्डव-सैन्यमा नृपतिकै ❀ ढोकैमहाँ सो गई ।
ढोकेले नृपमा खबर् कहि दिंदा ❀ बोलाहटै भो तहीं ॥
त्यस्ले गैकन धर्मराजकन ता ❀ माथा झुकाई लियो ।
जोरी हात दुवै विनम्र हुनगै ❀ बिन्ती चढाई दियो ॥२॥
ऐह्ले हे प्रभुनाथ ! द्रोण गुरुले ❀ श्रीचक्र-व्यूहै रचे ।
सोही कारणले मलाइ नृपले ❀ याहीं पठाई दिए ॥
गर्नोस् भेदन व्यूहलाइ कि भने ❀ नाहीं त हारें भनी ।
जीता-पत्र दिनोस् मलाइ अहिले ❀ लै जान्छु मैले अनी ॥३॥
दीए उत्तर यो युधिष्ठिरजिले ❀ हे दूत ! भन्दे तहीं ।
दिन्छू वीर खटाइ तोड्छ उसले ❀ त्यै व्यूहलाई गई ॥
पाई उत्तर दूत झट् फिरि गयो ❀ राजाजिले फेर् तहाँ ।
डाके वीरहरू समस्त जति छन् ❀ आफ्नै अगाड़ी महाँ ॥४॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

देखी वीर समूहलाइ नृपले ❀ सोद्धा भए झट् तहीं ।
चक्रै-व्यूह बन्यो पसेर भिड्नै ❀ कुन् वीर सक्ला गई ? ॥
आफ्नू शक्ति बुझी बताउ अहिले ❀ यै सोधनी भो जसै ।
लागे हेर्न टुलू-टुलू सब जना ❀ ती वीरहेरू उसै ॥५॥
वीरादीहरुको खुलेन मुख ता ❀ ती धर्मराजा अनी ।
सोध्छन् कारण कुन् परी तिमिहरू ❀ चूपै भएका भनी ॥
भन्छन् वीर सबै प्रभो ! कहनु के ? ❀ त्यो व्यूहको नाम ता ।
हाम्ले आज सुन्यौं र वीर जति छौं ❀ छक्कै पऱ्यौं हामि ता ॥६॥
चक्र-व्यूह भनेर नाम यहि पो ❀ जान्दैन कोही पनी ।
राजन् ! हामि भनौं कसोरि अहिले ? ❀ जाई लड़ौंला भनी ॥
यस्तो उत्तर पाइ वीरहरुको ❀ राजा अचम्मै परे ।
छैनन् पार्थ यहाँ कसोगरुँ भनी ❀ चिन्ता बहूतै गरे ॥७॥
कान्छा माद्रि-कुमारले नजिक गै ❀ राजाजिलाई तहाँ ।
लागे भन्न ति चक्र-व्यूहकन ता ❀ जान्नेहरूमा यहाँ ॥
तीनै मात्र त प्राणि छन् जगतमा ❀ श्रीपार्थ पैह्ला भए ।
दोस्रा द्रोणगुरू भनी बुझनु होस् ❀ प्रद्युम्न तेस्रा भए ॥८॥
अर्को छैन कुनै पुरुष भवमा ❀ एती कहेथे जसै ।
बोले झट् अभिमन्युले नृपतिका ❀ आई अगाड़ी तसै ॥
राजन् फिक्रि न-मानिबक्सनु हवस् ❀ त्यै व्यूहको भेद ता ।
मैले जान्दछु सो कसो गरि भने ❀ पूरा कहन्छू पता ॥९॥
जम्मा द्वार छवै म तोड्न सहजै ❀ सक्छू उही व्यूहको ।
सातौं द्वार विषे छ भेद जुन ता ❀ जान्दीन केही म त्यो ॥
होउन् रक्षक इन्द्र फेरि बरुणै ❀ त्यै व्यूहको क्यै गरी ।
तोडीदिन्छु छवै म द्वार सहजै ❀ तिन्को घमण्डै हरी ॥१०॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गर्छन् प्रश्न ति धर्मराज अनि फेर् ❀ हे वीर ! सोध्छू यहाँ ।
जान्दैनन् रति भेद भीम जसको ❀ तिम्ले सिक्यौ सो कहाँ ? ॥
यस्तो प्रश्न सुनी युधिष्ठिरजिको ❀ ती वीर भन्दा भए ।
राजन् ! गर्भमहाँ छँदा जननिको ❀ त्यै भेद जानी लिएँ ॥११॥

माताको मन भर्न वीर-रसले ❀ उन्कै रहर्मा परी ।
चक्रै-व्यूह पिताजिले कहनु भो ❀ बिस्तार राम्रो गरी ॥
पस्ने तोड़िदिने सबै सुनिलिएँ ❀ मैले छवै द्वारको ।
सातौं द्वार बताउँदा सुतिगएँ ❀ सूनीन जुन् भेद हो ॥१२॥

आज्ञा पाउँ म जान्छु व्यूहकन ता ❀ तोड्छू सजीलै गरी ।
पुत्रै हूँ म त पार्थको समर ता ❀ ठान्छू म खेलै सरी ॥
यस्ता बात सुनी युधिष्ठिरजिले ❀ भन्छन् कसोरी यहाँ ।
तिम्लाई म दिऊँ बिदा बहुत छन् ❀ वीरादिहेरू तहाँ ॥१३॥

तिम्रो ता वय[1] पंध्रको छ कलिलो ❀ एक्लै तिमीले रही ।
जीत्छौ वीर ती द्रोणलाइ कसरी ❀ त्यै व्यूह भित्रै गई ? ॥
प्यारा छौ तिमि एक हामिहरुका ❀ यो प्राणभन्दा पनी ।
तिम्लाई म पठाउँ भिड्न कसरी ❀ जाऊ अहील्यै भनी ॥१४॥

भन्छन् ती अभिमन्यु बालक भनी ❀ आज्ञा भयो जुन् बुबा ।
आजै बालकले त खेल रणमा ❀ देखाइदिन्छू पुरा ॥
मारी कौरव-सैन्यलाइ रणमा ❀ तिन्का रगत्ले गरी ।
त्यै भूमीकन रक्त-बाहिनि नदी ❀ गर्दिन्छु त्यत्रै भरी ॥१५॥

मेरा बाहुविषे छ तागत कती ❀ ती द्रोण - कर्णौंहरू ।
देख्नेछन् रण-भूमिमा म अहिले ❀ धेरै कुरा के गरूँ ? ।

[1] उमेर ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चिन्ता केहि न-मानि बकसनु हवस् ❀ जान्छू म ऐल्है भनी ।
भन्दा पार्थ-कुमारले उहि सुनी ❀ती भीम भन्छन् अनी ॥१६॥
राजन्! थी अभिमन्युले सहजमा ❀ तोड्छन् छवै द्वार पो ।
सातौं द्वार निमित्त जान्छु म सँगै ❀ त्यो कार्य मेरै भयो ॥
यो बिन्ती सुनि भीमको खुशिहुँदै ❀ ती धर्मराजा तहीं ।
भन्छन् पार्थकुमारलाइ खुशि भै ❀ हेबाबु! तिम्ले गई ॥१७॥
तोड़ी व्यूह बनाउ मार्ग पहिले ❀ त्यै मार्गलाई लिई ।
पस्ने छौं सब हामि सैन्य सहितै ❀ तिम्रा पछाड़ी भई ॥
आज्ञा प्राप्त भयो र हर्षित हुँदै ❀ छोरा सुभद्राजिका ।
प्यारा श्रीअभिमन्युले त्यजिदिए ❀ डेरा ति राजाजिका ॥१८॥
जाँदा बिन्ति गरे बुबा! कवच झट्❀ पैह्रे र ठोक्रो भिरी ।
शस्त्रादी लिइ आउँछू म रणमा ❀ झैषै तुरुन्तै गरी ॥
घोड़ामा चढ़ि ती गए शिविरमा ❀ डेरा छ आफ्नू जहाँ ।
देखे सोहि बखत् प्रियाकन पनी ❀ आई बसेकी तहाँ ॥१९॥

उत्तरा-अभिमन्यु को आखिरी भेट ।

नजर जब परिन् ती उत्तरा चारु-गात्री[१] ।
हृदय-फुल फुली गो भन्दछन् वीर क्षत्री ॥
शशिमुखि! तिमिलाई यस्घरी देख्न पाई ।
हृदय अति खुशी भो प्रेमको बाढ़ आई ॥१॥
सुनिकन मृदु-बोली प्राणका मालिकैको ।
खुशिभइ तिनि ऊठिन् चित्तमा हर्ष भैगो ॥
अरुण[२] अधर[३] तिन्का हास्ययुक्तै भएर ।
प्रियतम सित भन्छिन् ती अगाड़ी बढ़ेर ॥२॥

१ सुन्दर शरीर। २ रातो। ३ ओठ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रजवति[1] भइ प्राणाधार ! पाँचौं दिनै भो ।
गरिकन शुभ स्नानै चित्तमा दर्शनैको ॥
लिइकन वर[2] आशा अउदैछू अहीले ।
रहिकन प्रभु साथै गर्छु गन्थन् मईले ॥३॥
यति सुनि अभिमन्यू प्यारिका पास आए ।
दुइ हृदय मिलाई ओठको म्वाँई खाए ॥
लगिकन तिनिलाई स्वर्ण-का खाटमाहाँ ।
धरिकन अनि भन्छन् सुन्दरीलाइ ताहाँ ॥४॥
कमल-नयनि ! मैले लड्न जानू छ आजै ।
कसरि रहुँ म तिम्रो बात मानेर साथै ? ॥
रण गरि अरिलाई मार्नु हो धर्म हाम्रो ।
यहि छ गरनु पर्ने मुख्य कर्त्तव्य राम्रो ॥५॥
यस समय बुबाको छैन याहीं सवारी ।
कुरुहरु रण गर्छन् व्यूह पारेर भारी ॥
गइकन अरिलाई मार्नको भार ऐले ।
नृपति सँग लिएको छू प्रिये ! जान मैले ॥६॥
वचन त्यजनु गाह्रो क्षत्रिको जन्म पाई ।
यहि बुझि तिमि देऊ जान प्यारी ! मलाई ॥
रचिकन गुरुजीले चक्र-व्यूहै बनाए ।
सुनिकन नृपतीले सर्वलाई सुध्याए ॥७॥
सब जन चुप लागे भेद त्यस्को न-पाई ।
म पनि त त्यहिं थीएँ भन्दिएँ भूपलाई ॥

१ परसरेको । २ भेंष्ठ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सहज सँग म तोड्छू आफु गै ब्यूहलाई ।
हजुर अब दिनूहोस् जान आज्ञा मलाई ॥८॥
यति सुनि पहिले ता भूप राजी भएनन् ।
बुझिकन वय थोरै जान तिन्ले दिएनन् ॥
बहुत गरि बुझाए भीमजीले जसै ता ! ।
कठिन सँग त आज्ञा बक्सनू भो तसै ता ॥९॥
लिन भनि हतियारै याहिँ आई रहेंछू ।
तिमिकन यहिं पाई भाग्यमानी भएँछू ॥
मकन तिमि खुशीभै लौ बिदा देउ प्यारी ।
सहज सँग म तोड्छू व्यूह त्यै जो छ भारी ॥१०॥
यति भनि चुपलागे पार्थका पुत्र ताहाँ ।
शशिमुखि तब भन्छिन् नम्र भै सामुमाहाँ ॥
प्रियवर ! सपना भो आज बीहान राती ।
मकन अति न-राम्रो सम्झि काम्दैछ छाती ॥११॥
विधि-लिपि[1] बलवान् हो आज नै नाथलाई ।
रण-भुमि तिर जानू पार्नगो कीन आई ? ॥
म पनि त दुहिता हूँ क्षत्रियै भूपतीकी ।
म पनि त दुलही हूँ वीर मुख्यै पतीकी ॥१२॥
तर पनि किन कुन्नी चित्तमा चैन छैन ।
प्रियतम ! रण-भूमी जानु ता योग्य छैन ॥
कउन छ कसको है बाबु छोरा र नाती ? ।
जगत भरि सबै छन् आफनै स्वार्थ माथी ॥१३॥

१ कर्म ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यहि बुझिकन स्वामिन्! रोक्दछु नाथलाई ।
अरु बहुत छँदैछन् वीर ती युद्धलाई ॥
यति भनिकन तिन्ले नेत्रमा आँसु काढिन् ।
हृदयकन पतीको त्यै घरीमा पगालिन् ॥१४॥

नयन-जल[1] प्रियाको नेत्रदेखिन् चुहेको ।
तररर गरि गाला बाट भैंमा बहेको ॥
नजर गरि तिनीले बाहुले पूछीदिए ।
शशिमुखि बधुलाई काखमा राखिलीए ॥१५॥

खुशि गरिकन मीठा बातले नारिलाई ।
सुरत गरि अनङ्गैलाइ[2] शान्तै गराई ॥
उहि समय नुहाई देहमा बस्त्र लाए ।
कबच पहिरि तिन्ले जीउ आफ्नू सजाए ॥१६॥

शिर कन पनि ढाके टोपि लाई फलामे ।
भिरिकन अनि ठोक्रो चापलाई समाते ॥
प्रियतम कन देखी वीरका भेषमाहाँ ।
हृदय मुदित भैगो उत्तराको र ताहाँ ॥१७॥

पतिकन तिनि भन्छिन् हात जोरेर झट्ट ।
हृदय-धन! शुभै होस् मार्ग भन्छू समस्त ॥
जगत-पति खुशी हुन्! तोड्नुहोस् ब्यूहलाई ।
अरिगणकन मारी फर्कनोस् कीर्ति पाई ॥१८॥

रथ पनि त्यहीं ल्यायो सारथीले कसेरै ।
उठिकन अभिमन्यू त्यो रथैमा बसे गै ॥

१ आँसु । २ कामदेवलाई ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

द्विजहरु त्यहिं पौंची मङ्गलै पढ्न थाले ।
रथ पनि हिंडि हाल्यो शंख ती फूकिहाले ।।१९।।

अभिमन्युले चक्र-व्यूहमा पसी वैरीका सैन्यलाई ध्वस्त पार्नु ।

ल्यायो ती अभिमन्युको रथ छिटै ❀ त्यो सारथीले तहाँ ।
बस्थे व्यूह रचेर पाण्डवहरू ❀ सेना समेतै जहाँ ।।
बाजा बज्न शुरू भयो समरमा ❀ जाने बखत् भो भनी ।
सेना पाण्डव तर्फका सकलले ❀ लीए हतीयार् अनी ।।१।।
हात्तीका त सवारि सैन्यहरु ता ❀ सारा अगाड़ी भए ।
सेना पैदल पाण्डवादि तिरका ❀ तिन्का पछाड़ी रहे ।।
घोडामा चढि ती निशान्हरु[1] हिंडे ❀ झण्डालिंदै हातमा ।
शस्त्रैधारि रथीहरू चलिगए ❀ तिन्का रही साथमा ।।२।।
सेना ती अभिमन्युको रथ चल्यो ❀ बढ्दै अगाडी गई ।
चक्रै-व्यूह जहाँ थियो तिनिहरू ❀ आए नजीकै तहीं ।।
देखे व्यूह परन्तु द्वार उसको ❀ काहाँ छ देखिन्नथ्यो ।
सेना पाण्डवको अचम्म परदै ❀ क्यै दूरमै रोकियो ।।३।।
बोले श्रीअभिमन्युले सुन सबै ❀ लाग्छू अगाड़ी म ता ।
आऊ सैन्य पछी-पछी तिमिहरू ❀ जान्छू म आगे जता ।।
भन्छन् सारथिलाई हाँक् रथ छिटै ❀ त्यस्तर्फ जानू पऱ्यो ।
सुन्दा सारथिले उसै समयमा ❀ यो वाक्य बिन्ती गऱ्यो ।।४।।
सानै देख्छु हजूरको म त उमेर् ❀ यस्तो कलीलो भई ।
भिड्नू हुन्छ कसोरि द्रोण-शकुनी- ❀ कर्णादि काहाँ गई ? ।।
भन्छन् सारथिलाइ हेरि मुखमा ❀ ती वीरले त्यस्घरी ।
मूर्खै भै किन बोल्दछस् तँ अहिले ❀ ज्ञानी नरैका सरी ।।५।।

१ झण्डालिने सिपाहीहरू ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सेनाले सँग रामचन्द्रकन ता * एक्लै लड़ाइं महाँ ।
पारेथे वशमा भिडेर कुशले * भन् को थियो साथमा ? ॥
यस्ता बात सुनेर बोल्न न-सकी * त्यै सारथीले अनी ।
घोडा हाँकिदियो रथै चलिगयो * हींडे ति सेना पनी ॥६॥
कामिन् पृथ्वि पनी पुगे समरमा * भीमादि वीरै जती ।
रीसाए त्यहिं भीमदेखि सहसा * ती सिन्धुराजा अती ॥
वर्षाए शर भीममाथि तिनले * छीटो बहूतै गरी ।
काटे बाणहरू त्यजी समरमा * ती भीमले त्यै घरी ॥७॥
हाने ती अभिमन्युले शरहरू * आफ्ना विपक्षी[1] महाँ ।
लागे गिर्न पटापटी शर गडी * बैरीहरू पृथ्विमा ॥
लाखौं प्राणि गिरे रणस्थल-विषे * हाहा परी गै गयो ।
कोही टिक्न सकेन सामु तिनको * सो फौज हट्दो भयो ॥८॥
चक्र-व्यूह जउन् थियो गुरुजिको * त्यस्लाइ तोडी दिई ।
व्यूहै भित्र भए बढाइ रथ झट् * ती वीर पस्दै गई ॥
तिन्का सामु जयद्रथै अघिसरी * आए उसै बीचमा ।
बाणै वृष्टि गरे असंख्य तिनले * ती पार्थका पुत्रमा ॥९॥
यो देखी अभिमन्युले धनु लिई * वर्षा शरैको गरे ।
तिन्का बाण समस्त काटिन गई * टुक्रा हुँदै झट् गिरे ॥
फेरी वृष्टि गरेर बाणहरुको * आकाश - पृथ्वी पनी ।
ढाके अर्जुन-पुत्रले समरमा * अत्यन्त क्रुद्धै बनी ॥१०॥

अभिमन्युले छवै द्वार तोड़ी सप्तम द्वारमा पस्नु ।

व्यूहैको जब भित्र ती पसिगए * झट् सिन्धुराजाजिले ।
पैला द्वारमहाँ सिपाहि थपि दी * पूरा गरे युक्तिले ॥

१ शत्रु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आए पाण्डव तर्फका जब त्यहीं * सेना र वीरै पनी ।
रोके तिन्कन ती जयद्रथजिले * पस्नै न-दीने बनी ॥१॥
ब्यूहे भित्र पसूँ भनेर मनले * आँटेर सोही घरी ।
उत्रे भीम त्यजेर आफ्नु रथ पो * लींदै गदा त्यस् घरी ॥
तिन्लाई पनि रोकि सिन्धु-पतिले * बाणादि वर्षा गरे ।
ब्यूहैमा पनि छिर्न मुश्किल परी * ती भीम छक्कै परे ॥२॥
आए भूप विराट फेर् द्रुपदजी * त्यै द्वारमा त्यस् घरी ।
पौंचे सात्यकि ली युधिष्ठिर पनी * वर्षा शरैको गरी ॥
माद्री-पुत्रहरू दुवै त्यहिं पुगे * जम्मा सबै वीर भै ।
लागे हान्न जयद्रथैकन तहीं * बाणादि खुब् तीक्ष्ण नै ॥३॥
त्यागी बाण अनेक सिन्धुपतिले * ती बाण काटी लिए ।
हानी बाणहरू समस्तकन ता * घायल् गराई दिए ॥
साह्रै क्रुद्ध भएर भीम उ बखत् * कालाग्नि जस्ता बनी ।
हातैमा त गदा लिएर दुगुरे * गर्छू प्रहारै भनी । ४॥
हान्दा सौ शर झट्ट सिन्धुपतिले * ती भीमलाई तहाँ ।
मूर्छामा परि ती वृकोदर गिरे * त्यै युद्ध-भूमी महाँ ॥
दौड़ी सारथिले उठाइ रथमा * ती भीमलाई धर्‍यो ।
दौड़ाई रथलाइ दूर लगि झट् * रोकेर पङ्खा गर्‍यो ॥५॥
हाने बाण ति धर्मराजकन ता * तिन्ले दशोटा गनी ।
पीडा पर्न गई गिरे ति रथमा * त्याहीं अचेतै बनी ॥
जेठा माद्रि-कुमारलाइ शर धेर् * हानेर सोही घरी ।
मूर्छा पारिदिंदा तिनै पनि गिरे * अत्यन्त पीड़ा परी ॥६॥
मूर्छा खुल्न गई युधिष्ठिर बसे * आफ्ना रथैमा अनी ।
सोधे फेर् सहदेवसीत किन हो * यस्तो भएको भनी ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हे भाई ! यदि भेद केहि छ भने ❀ खोली बताऊ यहाँ ? ।
देख्दा यो पुरुषार्थ सिन्धु-पतिको ❀ पर्छू अचम्मै महाँ ॥७॥
यस्तो प्रश्न सुनी युधिष्ठिरजिको ❀ भाई ति कान्छा पनी ।
लागे भन्न कुरा अगाडि जुन भो ❀ यस्तो भएथ्यो भनी ॥
हामी ता बनवासमा अघि हुँदा ❀ दुर्योधनैले भनी ।
आएथे ति जयद्रथै बन विषे ❀ मौका म छोप्छू भनी ॥८॥
पाँचै भाइ शिकार खोज्न बनमा ❀ हामी गएका थियौं ।
हाम्ले द्रौपदिको पुकार रथमा ❀ तत्काल सुन्दा भयौं ॥
थीए पार्थ त्यहीं नजीक बनमा ❀ गाण्डीव लीए जसै ।
हाम्फाली रथदेखि भागि ति हिंडे ❀ साह्रै डराई तसै ॥९॥
नागैपाश त्यजेर अर्जुनजिले ❀ तिन्लाइ बाँधी लिए ।
रानी द्रौपदिलाइ ली अनि तिनै ❀ फर्केर डेरा गए ॥
आए मार्छु भनेर भीम रिसले ❀ फेरी हजुर्ले तहाँ ।
ती राजाकन प्राणदान दिनुभो ❀ हाम्रै अगाड़ी महाँ ॥१०॥
त्यै बेला ति जयद्रथैकन शिरै ❀ खौरी मुड्लो गरी ।
जाऊ लौ घरमा भनीकन बिदा ❀ दीयौं बिरूपै गरी ॥
लज्जाले घर तीर जान न-सकी ❀ ती ता बनैमा गए ।
कोही वृक्ष मनी बसेर तपमा ❀ तत्काल लाग्दा भए ॥११॥
लागे जप्न तिनै सदाशिवजिको ❀ त्यै मंत्र पञ्चाक्षरी ।
दीनू भो शिवले त दर्शन पनी ❀ तिन्का अगाडी परी ॥
आज्ञा भो शिवबाट लेउ वर क्यै ❀ सूनेर तिन्ले पनी ।
माँगे जित्न सकूँ ति पाण्डवहरू ❀ भाई त पाँचै भनी ॥१२॥
आज्ञा गर्नु भयो सदाशिवजिले ❀ राजन् ! रणैमा गई ।
जीतौला तिमि चार भाइकन ता ❀ साम्ने तिनैका रही ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

छन् ती अर्जुन ता सदा अजय पो ❀ जित्दैन कोही पनी ।
आज्ञा एती गरेर लोप हुनु भो ❀ स्वामी जगत्का अनी ॥१३॥
सोही शङ्करको प्रतापि वरले ❀ यो आजको युद्धमा ।
यत्तीको पुरुषार्थ सिन्धु-पतिले ❀ गर्दाभए सत्यमा ॥
एती पूर्वकथा कही नृपतिको ❀ शङ्का हटाई दिए ।
फेरी युद्ध निमित्त चाप शर झट् ❀ आफ्ना करैमा लिए ॥१४॥
मार्दै कौरव सैन्यलाइ रणमा ❀ अत्यन्त क्रुद्धै भई ।
दोस्रा द्वारविषे ति पार्थ-सुत झट् ❀ पौंचे अगाडी गई ॥
त्याहीं दर्शन द्रोणको हुन गयो ❀ ती द्रोणले त्यै घरी ।
आफ्ना सैन्य तिरै नजर् दिइ भने ❀ यस्ता तवर्ले गरी ॥१५॥
देख्यौ वीर समाज ! पार्थसुतले ❀ नाऊँ कमाई लिए ।
एक्लै भैकन लाखका बिच पसी ❀ यो व्यूह तोडी दिए ॥
बढ्दैछन् अरु द्वार तोड्न अहिले ❀ यिन्लाइ रोक्नू यहाँ ।
कर्त्तव्यै यहि जान हामिहरुको ❀ यै युद्धभूमी महाँ ॥१६॥
एती बात सुनेर क्षत्रिहरुले ❀ वर्षा शरैको गरे ।
तिन्का ती शर काटि पार्थसुतले ❀ तिन्लाइ घायल् गरे ॥
हाने झट् गुरुलाइ साठि शरले ❀ पीडा बहुतै भई ।
हाने सौ शर द्रोणले ति पनि ता ❀ काटे तिनैले तहीं ॥१७॥
रोक्नैलाइ भनेर द्रोण गुरुले ❀ धेरै प्रयत्नै गरे ।
केही शीप चलेन रोकन नसकी ❀ ती द्रोण छक्कै परे ॥
तोडी द्वार द्वितीय पार्थ-सुतको ❀ बढ्दै रथै गैगयो ।
तेस्रो फाटकमा त कर्णसित पो ❀ तिन्को त भेटै भयो ॥१८॥
देखी ती अभिमन्युलाइ रथमा ❀ भन्छन् ति कर्णै पनी ।
आफैं तोड्न न-आइ व्यूहकन ता ❀ तिम्लाइ जाऊ भनी ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दींदा आज पठाइ अर्जुनजिले * आयौ तिमी व्यूहमा ।
यो ता जाति भएन काम तिमि छौ * कम्ती उमेर्का यहाँ ॥१९॥
हौस्याई अरुले दिंदा तिमि पनी * आयौ उही बातमा ।
सानै बालक छौ फिरेर तिमिले * के जाउला बासमा ? ॥
भन्छन् ती अभिमन्यु कर्ण ! तिमिले * चीन्ह्यौ मलाई यहाँ ।
देखौला बल कुन् रहेछ अहिले * मेरा दुवै बाहुमा ॥२०॥
यस्तो उत्तर पाइ झट्ट धनु ली * ती कर्णले त्यस् घरी ।
त्याग्दा बाणहरू चले सलह झैं * ती अन्तरीक्षै भरी ॥
धेरै बाण त्यजेर पार्थ-सुतले * तिन्का ति बाणैहरू ।
काटी व्यर्थ गरीदिए अति छिटो * त्यस्को कुरा के गरूँ ! ॥२१॥
काटे बाणहरू भनेर रिसले * ती कर्णले फेर् पनी ।
तीखा बाण त्यजे परन्तु ति सबै * काटे तिनैले अनी ॥
दिव्यै बाण त्यजी ति पार्थ-सुतले * सर्वत्र ढाकीदिए ।
कर्णैलाइ भयो दिशा-भ्रम रथै * तिन्ले बढाई लिए ॥२२॥
चौथो फाटकमा ति पार्थ-सुतको * पौंच्यो रथै जुन्घरी ।
लौ आए अभिमन्यु एहि सबले * बोले पुकारा गरी ॥
हातैमा धनु ली तुरुन्त कृपले * वर्षा गरे बाणको ।
बीचैमा सब काटि पार्थ-सुतले * व्यर्थै गरे बाण पो ॥२३॥
काटी बाणहरू सबै ति कृपका * फेर् सैन्यमाथी पनी ।
वर्षाए अभिमन्युले शर खुबै * सेना गिराऊँ भनी ॥
तालैका फल गिर्दछन् जसरि है * मुण्डादि[१] उस्तै गरी ।
चौथा फाटकमा गिरे उहि बखत् * छेकेर रस्ता भरी ॥२४॥

---

१ घाँटी समेतका शिर ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तोड़ी द्वार बनाइ मार्ग तिनले ❀ फेर् बाण पाँचै लिए ।
हानी ती कृपलाइ पाँचशरले ❀ मूर्छा गराई दिए ॥
चौथा फाटकबाट त्यै रथ गई ❀ पाँचौं पुग्यो द्वारमा ।
द्रोणी त्याहिं थिए त्यजे शरहरू ❀ तिन्लाइ रोक्ने तहाँ ॥२५॥
हाँसी ती अभिमन्युले शर सबै ❀ ती द्रोणिका त्यै घरी ।
काटे बाणहरू त्यजी अति छिटो ❀ तिन्का अगाड़ी परी ॥
फेरी बाण दशै त्यजेर तिनिले ❀ ती द्रोणिको त्यस् घरी ।
हातैको धनुलाइ काटि सहजै ❀ दींदा खसीगो गिरी ॥२६॥
पाँचौं द्वार त्यजी अगाड़ि रथ गो ❀ छैटौं पुगी द्वारमा ।
थीए भूरिश्रवा अघी सरि छिटै ❀ रोकी दिए द्वार ता ॥
वर्षा खूब गरेर बाणहरुको ❀ भूरिश्रवाले तहाँ ।
ती पार्थै-सुतलाइ ता रथ समेत् ❀ छोपीदिए छिन्महाँ ॥२७॥
इन्द्रास्त्रैकन त्यागि पार्थ-सुतले ❀ तिन्का ति बाणै जती ।
टुक्रा पारि गिराउँदा पृथिविमा ❀ लागेन बेरै रती ॥
फेरी एक सहस्त्र बाण धनुमा ❀ जोरेर पो त्यागियो ।
लागी भूरिश्रवाजिका जिउभरी ❀ चेतै हराई गयो ॥२८॥
लोटे भूरिश्रवा अचेत[1] हुनगै ❀ आफ्ना रथैमा गिरी ।
हाँक्ता सारथिले रथै चलि गयो ❀ तिन्को अगाड़ी बढ़ी ॥
सातौं द्वार थियो अगाडि तिनको ❀ दृष्टी परीगो तहाँ ।
श्रीदुर्योधन सैन्य लीकन ठुलो ❀ मौजूद थीए जहाँ ॥२९॥

वीर अभिमन्यु-बध :

ती दुर्योधन सीत भूपतिहरू ❀ धेरै थिए साम्नमा ।
पूगे पुग्न त पार्थका सुत त्यहीं ❀ त्यै सातवाँ द्वारमा ॥

१ बेहोश ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यस्को भेद थिएन ज्ञान तिकनै ❀ पस्ने कसोरी भनी ।
घेरे पार्थ - कुमारलाइ कुरुका ❀ सेनाहरूले अनी ॥१॥

ती दुर्योधनले कराइ उ बखत् ❀ बोले ति सेनामहाँ ।
वीरै हो ! सबले प्रहार गर लौ ❀ यो उम्कि जाला कहाँ ?॥
राजाज्ञा सुनि सैन्यले रथ उपर् ❀ बाणादि वृष्टी गरे ।
मानू मन्दरका गई शिखरमा ❀ पानी बहुतै परे ॥२॥

तिन्का सर्व महारथीहरु भए ❀ मेघै सरी त्यस्घरी ।
बाणादीहरु पानिका हुनगए ❀ थोपाहरू झैं झरी ॥
टङ्कारै धनुका ति गर्जन सरी ❀ मेघादिका भैगए ।
तर्वार् खड्गहरू चमक्क चमकी ❀ विद्युत्[1] सरी देखिए ॥३॥

लौ-लौ मारन-मार सैनिकहरू ❀ भन्थे अगाड़ी सरी ।
सुन्दा पार्थ-कुमार क्रोधित भए ❀ तिन्का स्वरैले गरी ॥
दीएथे शर पार्थले अघि जउन् ❀ हान्नू यसोरी भनी ।
सोही बाण त्यजीदिए धनुविषे ❀ लाएर तिन्ले अनी ॥४॥

काटे ती शरले सबै शरहरू ❀ त्यागे जती सैन्यले ।
हाने सैन्य तिरै असंख्य शर फेर् ❀ जल्दी अभीमन्युले ॥
आऊँथे अघि पर्न सैनिक जती ❀ मार्थे तिनैले उती ।
मिर्गैका दलमा मृगेन्द्र[2] सरिझैं ❀ गर्थे तिनैको खती ॥५॥

घोडा-हात्ति-रथै र पैदलहरू ❀ धेरै सिपाही अनी ।
धेरै भूपति नष्ट-भ्रष्ट ति भए ❀ तिन्का शरैले पनी ॥
हल्ला खूब भयो सुनेर कृपजी ❀ साथै गुरूजी अनी ।
आए कर्ण समेत वीरहरु झट् ❀ जो-जो थिए ती पनी ॥६॥

१ बिजुली । २ सिंह ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

साराले मिलि घेरि तिन्कन तहीं ❀ वर्षा गरे बाणको ।
ऊता तीर अनेक वीरहरु छन् ❀ एता त यौटै ति पो ! ॥
बोल्यो सारथिले ति वीर सित झट् ❀ ती द्रोणले यस्घरी ।
लागे गर्न अधर्म-युद्ध यसरी ❀ आई हजारौं मिली ॥७॥

यौटाका सँग एकले भिड्नु पो ❀ सो धर्म-युद्धै थियो ।
मैले हाँकु रथै कसोगरि कता ? ❀ छन् प्राणिनै प्राणि पो ॥
भन्छन् सारथिलाइ पार्थ-सुतले ❀ हे सारथी ! हामि ता ।
भित्रै पो यहि व्यूहका परिगयौं ❀ त्यै निम्ति भन्छू म ता ॥८॥

मार्नैं पर्दछ शत्रुलाइ बलले ❀ यै काम आई पऱ्यो ।
अर्काको अब आश छैन कसले ❀ आएर मद्दत् गऱ्यो ! ॥
चक्रैलाइ ति कुम्भकार जसरी ❀ घूमाउँछन् फन्फनी ।
त्यस्तै रीति गरी रथैकन तिमी ❀ रीङाइदेऊ अनी ॥९॥

चारै तीर म बाण हान्छु अहिले ❀ मार्छू जती छन् यहाँ ।
हेर्छू यो कुरु-सैन्य बाँच्छ कसरी ❀ मेरा अगाडी महाँ ? ॥
आज्ञा एति सुनी लिएर रथिको ❀ फेर् सारथीले पनी ।
हाँकी अश्वहरू घुमाउन रथै ❀ थाल्यो तुरुन्तै अनी ॥१०॥

लाग्यो घुम्न भुरुङ्[1] घुमे सरि रथै ❀ सो घुम्न त्याहीं जसै ।
वर्षाए शर धेर पार्थ-सुतले ❀ त्यै सैन्य माथी तसै ॥
द्रोणै कर्ण समेत वीरहरु ती ❀ प्रत्येकलाई तहाँ ।
सौ-सौ बाण गडे गई उहि बखत् ❀ तिन्कै त छातीमहाँ ॥११॥

थीए सारथि ता जती रथविषे ❀ प्रत्येकलाई तहीं ।
लाए बाण दशै ति पार्थ-सुतले ❀ घुम्दा रथैमा रही ॥

१ छिंह ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रत्येकैकन पाँच हानि शरले * हात्ती गिराए कती ! ।
मारे पैदल एक-एक शरले * धेरै सिपाही जती ॥१२॥
कोही साबुत ता रहेन रणमा * घायल् सबै भैगए ।
भन्छन् क्रुद्ध भई कुरूपति तहीं * वीरादि के आत्तिए ? ॥
यौटा बालकले अनेककन ता * आएर मारी दियो ।
लज्जा छैन कि वीर हो ! बल सबै * तिम्रो यसैले लियो? ॥१३॥
यस्ता बात सुनी सुयोधनजिका * ती द्रोण भन्दा भए ।
राजन् ! पार्थ-कुमारका करविषे * कौनै धनू ता रहे—
कोटी वीर महारथीहरु पनी * आउन् त सामू महाँ ।
सक्तैनन् यिनलाइ जित्न कहिल्यै * भन्छू म साँचै यहाँ ॥१४॥
तिम्रा वीर र सैन्य पंछि सरि हुन् * यी बाज जस्तै यहाँ ।
पंछीले कहिं बाजलाइ कसरी * जित्नेछ युद्धै महाँ ? ॥
धेरै हात्ति मिलेर सिंहकन ता * मार्छौं भनेको सरी ।
भन्नू हो सब हामिले यिकन ता * मार्ने इरादा धरी ॥१५॥
छन् यी अर्जुन तुल्य वीर बुझ लौ * ठूला धनुर्धारि पो ।
यिन्को ता धनु नष्टहोस् यदि यहीं * मर्छन् अवश्यै छ यो ॥
कोही वीर अघी सरेर करको * काटोस् यिनैको धनू ।
मारिन्छन् अभिमन्यु एहि रणमा * यै वाक्य मैले भनूँ ॥१६॥
एती बात सुनेर कर्ण धनु ली * आफैं अगाड़ी सरे ।
ताकी पार्थ-कुमारको रथमहाँ * अग्न्यास्त्र त्यागै गरे ॥
ज्वालामा परि बल्न गो रथ जसै * ती पार्थका पुत्रको ।
हानी झट् बरुणास्त्र सोहि रथको * आगो सबै नष्ट भो ॥१७॥
पानी धेर बढेर बाढ नदिमा * आए सरी भो तहीं ।
धेरै कौरव तर्फका नरहरू * डूबे जलैमा रही ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यै बेला तहिं कर्णले पवनको ❁ अस्त्रै चलाई दिए ।
हावाको अति तेजले जल जती ❁ तिन्ले सुकाई दिए ॥१८॥
सर्पास्त्रैकन त्यागि पार्थ-सुतले ❁ सर्पादि पैदा गरी ।
हावा खाइदिए ति सर्पहरुले ❁ फेरी अगाडी सरी ॥
थाले डस्न ति सैनिकादिकन ता ❁ धेरै सिपाही मरे ।
कर्णैले अनि ता मयूर-शर पो ❁ झीकेर त्यागै गरे ॥१९॥
आई फौज मयूरको समरमा ❁ सर्पै समाती तहीं ।
खाई सर्पहरू सबै सकिदिए ❁ दौडी अगाडी गई ॥
क्रुद्ध भै अभिमन्युले शरहरू ❁ त्यागेर जल्दी गरी ।
कर्णैका पनि अंगमा गड़िगए ❁ पीड़ा बहूतै गरी ॥२०॥
साठी बाण त्यजेर घायल गरे ❁ ती द्रोणलाई तहीं ।
छातीमा कृपका दशै शरहरू ❁ मारे छिटो खुश् भई ॥
हाने भूरिश्रवाजिका हृदयमा ❁ फेर् पाँच बाणै पनी ।
छातीमा परि बाण ती सब टुटे ❁ टुक्रा समानै बनी । २१॥
ती दुश्शासनका घुसी हृदयमा ❁ तीखा शरैले गरी ।
चेतै गैकन ता गिरे ति रथमा ❁ पीडा बहूतै परी ॥
चक्र-व्यूह विषे पसेर तिनिले ❁ जम्मा ति सेनाहरू ।
सातै लाख जती सखाप् गरिदिंदै ❁ मारे रथी धेर् अरू ॥२२॥
कर्णैले शर पाँच त्यागि उ बखत् ❁ हान्दा निशाना धरी ।
छातीमा अभिमन्युका घुसिगए ❁ ती बाण सोही घरी ॥
जल्दी ती अभिमन्युले दश शरै ❁ हानेर घोड़ा अनी ।
कर्णैका पनि सारथी बध गरे ❁ हाने मलाई भनी ॥२३॥
कर्णै ता विरथी भए जब तहीं ❁ पौंचे गुरूजी अनी ।
आए भूरिश्रवा र द्रोणि कृपजी ❁ तिन्का सँगैमा पनी ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ती दुःशासन भाइ-बन्धु सँग ली * आए र सोही घरी ।
लागे हान्न ति पार्थ-पुत्र कन ता * वर्षा शरैको गरी ॥२४॥
काटे ती अभिमन्युले शरहरू * आए अगाडी जती ।
हाने बाण समस्त वीरकन ता * पीडा गराई अती ॥
ती दुर्योधनले भने उहि बखत् * हे वीर हो ! क्वै पनी ।
सक्तैनौ किन काट्न आज धनु त्यो * त्यस् बालकैको भनी ॥२५॥
आए कर्ण चढेर अन्य रथमा * जुन् बाण पैह्ले अघी ।
पाएथे परशूधरै सित झिके * सोही अगाड़ी बढी ॥
ताकी पार्थ-कुमारलाइ तिनले * छोडी दिएथे जसै ।
काटयो ती अभिमन्यु को धनु छिटै * त्यै बाणले पो तसै ॥२६॥
फेकी त्यै धनुलाइ लीकन गदा * ती वीर भन्छन् तहीं ।
देखें आज अधर्म-युद्ध रणमा * तिम्ले गरेको यहीं ॥
हान्थ्यौ बाण तिमीहरू म पनि ता * काट्दै थिएँ बाण ती ।
मेरो ता धनु कर्णले शर त्यजी * काटे लिंदै दुर्मती ॥२७॥
बोली राजकुमारले यहि कुरा * त्यागे गदा त्यस् घरी ।
लाग्यो गैकन छातिमा अनि गिरे * ती कर्ण मूर्छा परी ॥
सेनाले करमा ति पार्थ-सुतको * कौनै न-देख्दा धनू ।
आए ती रथका बहूत नजीकै * घेरेर छीटै भनू ॥२८॥
लागे छोड्न अनेक शस्त्र सबले * ती एकलाई वहाँ ।
हातैमा लिइ शूल घेरकन ता * मारे तिनैले तहाँ ॥
लागे तारिफ गर्न द्रोण-गुरुले * बालक् अभीमन्युले ।
एक्लै कोटि जवानका सँग भिडे * हाम्ले यहाँ भन्नुके ?॥२९॥
धन्यै हुन् यिनि कोहि छैन जगमा * यिन्का समानै अरू ।
मैले देख्दिन वीर कोहि अहिले * धेरै कुरा के गरूँ ? ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तिन्को वाक्य रुचेन ती कुरुपती- ❀ लाई र भन्छन् तहीं ।
साराले मिलि मार बालक यही ❀ उम्की नजावस् कहीं ॥३०॥
जल्दी ती अभिमन्युले असि झिकी ❀ लीए करैमा धरी ।
काटे भूरिश्रवाजिले उहि पनी ❀ बाणै त्यजी त्यै घरी ॥
आठै बाण त्यजेर सारथि अनी ❀ घोडा रथैका पनी ।
मारे भूरिश्रवाजिले निमिषमा ❀ उत्रे ति भैंमा अनी ॥३१॥
घेरे तिन्कन केहि सैन्यहरुले ❀ तिन्ले पनी त्यै घरी ।
हातैमा रथ ली रिसै सित त्यहीं ❀ ठोक्का गिरे ती मरी ॥
ती दुर्योधन ली गदा अघि सरे ❀ सौ भाइ साथै भई ।
तिन्को साथ धरेर भूपतिहरू ❀ आए पछाड़ी रही ॥३२॥
यस्तै औसरमा ति द्रोण-गुरुले ❀ बाणादि हानी तहाँ ।
तिन्को त्यै रथको हजार टुकरा ❀ पारी दिए छिन्महाँ ॥
पाङ्ग्रो क्वै रथको तहीं नजिकमा ❀ थीयो उठाई लिए ।
मानू चक्र लिने ति विष्णुभगवान् ❀ जस्तै त्यहीं देखिए ॥३३॥
त्यै पाङ्ग्रो कुरुराजलाइ तिनले ❀ हान्दाभए झट् गरी ।
रोके आफ्नु गदा बढ़ाइ सहजै ❀ पाङ्ग्रो टुटी गो गिरी ॥
त्यै बेला सब क्षत्रिले नजिकगै ❀ वर्षा गरे बाणको ।
घाऊ भै अभिमन्युका जिउभरी ❀ खोलो बग्यो रक्तको ॥३४॥
ती दुश्शाशन-पुत्रले उहि बखत् ❀ आफ्नू उठाई गदा ।
हाने ती अभिमन्युलाइ शिरमा ❀ बज्र्यो गई त्यै गदा ॥
बाणैको परि चोट जीर्ण चलनी ❀ जस्तो शरीरै थियो ।
त्यै बेला शिरमा प्रहार हुनगै ❀ निर्जीव सोही भयो ॥३५॥
लोट्यो प्राण-विहीन देह भुमिमा ❀ ती वीरको त्यै घरी ।
गैगो जीव उडेर स्वर्ग-पुरिमा ❀ भोगादि पूरा गरी ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चित्र सं० १३ अभिमन्यु - वध

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कीर्ती ती अभिमन्युको जगतमा ❀ सर्वत्र फैली गयो ।
छैनन् भारतमा तिनी तर कथा ❀ प्रख्यात तिन्को भयो ॥३६॥

खूशी भैकन कौरवादिहरुका ❀ वीरै , जतीले तहाँ ।
फूके शंखहरू लिएर करमा ❀ त्यै युद्ध-भूमी महाँ ॥
भन्छन् द्रोण-गुरू खुशी तिमिहरू ❀ ऐले भयौ ता पनी—
लीनेछन् बदला ति अर्जुनजिले ❀ कालाग्नि जस्ता बनी ॥३७॥

पैह्ला फाटकमा जयद्रथ थिए ❀ छेक्थे ति रस्ता बसी ।
आए भीम अगाड़ि सोहि भुमिमा ❀ कम्मर् बलीयो कसी ॥
सिन्धू-राजजिको समाति रथ त्यै ❀ फैंकी दिए भीमले ।
टूटी गो रथ ता परन्तु ति उठी ❀ आए निकै बेगले ॥३८॥

हाने सौ शर भीमका उपरमा ❀ तिन्ले र सोही घरी ।
आई धर्मकुमारले शर त्यजी ❀ काटे ति टुक्रा गरी ॥
त्यै बेला स्वर शंखको हुन गयो ❀ हल्ला हुँदो भो तहाँ ।
हामीले अभिमन्युको बध गर्‍यौं ❀ ढोका छ सातौं जहाँ ॥३९॥

सुन्दा अ-प्रिय वाक्य धर्म-सुतले ❀ आँसू गिराए तहीं ।
चूपै लागि रहे ति युद्ध रुकिगो ❀ तत्काल सन्ध्या भई ॥
फर्के ती कुरुपाण्डवादि जति छन् ❀ डेरा तिरै त्यस् घरी ।
ती भीमादिक क्षत्रिको दिल दुख्यो ❀ त्यै सम्झनाले गरी ॥४०॥

मृत्यू ती अभिमन्युको हुन गयो ❀ ती पाण्डवै तीरका ।
जो-जो प्राणि थिए ति रोदन गरे ❀ सम्झी कुरा वीरका ॥
सोही अ-प्रिय बात ता जब सुनिन् ❀ ती उत्तराले तहाँ ।
काटेका रुख झैं गिरिन् शिर पनी ❀ ठोकीन गो भूमिमा ॥४१॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उत्तराको विलाप ।

मूर्छामा ति परिन् र केटिहरुले * दासीहरू जो थिए ।
तिन्ले पानि छिटी मुहार बिचमा * पङ्खा पनी गर्दिए ॥
केही चेत भयो र ती उठि बसिन् * रोइन् बिलौना गरी ।
धारा झैं जलका बनी कन चुहे * आँसू पनी त्यै घरी ॥१॥
भन्छिन् प्राणपती! छिटै किन अती * दैवी-गतीमा परी ।
एक्लै आज मलाइ पारि यसरी * जानू भयो त्याग् गरी ?॥
प्रीति प्रेम दया थियो हजुरको * मेरा उपर् ता अती ।
सो भूलीकन प्राणका धन ! गयौ * कस्तो हजुर्को मती ॥२॥
बाह्रै वर्षकि छू म थोर छ उमेर् * जान्दीन केही पनी ।
स्वामी नै धन हुन् स्त्रिजातिहरुका * भन्थे ति ज्ञानी गुणी ॥
त्यै अर्ती मनमा धरी हजुरको * सेवा म गर्थें यहाँ ।
एक्लै आज मलाइ पारि अहिले * जानू भयो लौ कहाँ ॥३॥
स्वामिन्! दर्शन बक्सनोस् हजुरले * की साथ लैजानुहोस् ।
एक्लै बस्दिन क्यै गरी म त यहीं * मेरा कुरा सुन्नु होस् ॥
पाँचै मास बितेर आज गइगो * बीहा भएको पनी ।
यस्तो आज बियोग खप्नु कसरी * मैले विधूवा बनी ? ॥४॥
लग्ने व्यासजिले दिए ग्रहदशा * हेरी विचारै गरी ।
दाता भै ति विराटले दिनुभयो * यो देह दानै गरी ॥
भाञ्जा कृष्णजिका ति पार्थ-सुतले * थापेर दानै लिए ।
त्यस्तीलाइ कसोरि आज विधिले * राँडी बनाई दिए ॥५॥
राजाका कुलमा जनम् हुन गई * बीहा पनी भै गयो ।
हे ब्रह्मा ! किन जन्म यो गरि दियौ * यो जन्म व्यर्थै भयो ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जस्का साथ बिहा भयो उहि गए ❀ छोडी मलाई यहाँ ।
कस्का लागि म देह राखुँ अहिले ❀ संसारका बीचमा ॥६॥
सेवा छोड्दिन जान्छु साथ म पनी ❀ ज्राहाँ हजुर् जानुभो ।
प्राणै छैन भने शरीरकन ता ❀ कुन् अर्थले राखुँ यो ? ॥
स्वर्गैमा बसि हेर्नुहुन्छ रमिता ❀ देवांगनाले गई ।
हाँक्छन् चामर ता हजुर्कन तिनै ❀ अत्यन्त खूशी भई ॥७॥
योटी मैछु अभागिनी प्रिय विना ❀ ज्यूँदै छु ऐह्ले पनी ।
नौनी भैं मन पो थियो हजुरको ❀ निष्ठूर साह्रै बनी—
छोडी एक्लि मलाइ आफु रणमा ❀ भिड्नै भनी जानुभो ।
वैरी नष्ट गरेर वीर-गतिमा ❀ आफूकनै लानु भो ॥८॥
आगो हुर्हुरि लाइ काठहरुको ❀ सोला रची सुत्दछू ।
यो देहैकन भस्मपारि म छिटै ❀ त्याहीं पुगी भेट्दछू ॥
स्वर्गैमा दुइ प्राणि साथ रहँदै ❀ ती अप्सराको तहीं ।
हेरौंला सब नृत्य हामिहरुले ❀ आनन्द साथै रही ॥९॥
यस्तै धेर विलाप गर्दि बिचरी ❀ ती उत्तरा झट् गिरी ।
फेरी मूर्छित भैगइन् पृथिविमा ❀ शोकाग्निले त्यै घरी ॥
पौंच्यो सोहि खबर् गएर रणको ❀ थीइन् सुभद्रा जहाँ ।
कुन्ती द्रौपदि अन्य रानिहरु ली ❀ पौंचिन् बुहारी कहाँ ॥१०॥

माता रानीहरुको विलाप ।

डेरामा अभिमन्युको सब पुगे ❀ रानीहरू जुन् घरी ।
रुन्थिन् चेत भई बुहारि बहुतै ❀ छट्पट् भुमीमा गरी ॥
कुन्तीले गइ उत्तराकन धरी ❀ राखी लिइन् काखमा ।
लागे रून विलाप गर्न ति सबै ❀ रानीहरू साथमा ॥१॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वर्षाकाल भएर हुन्छ जलको ❀ बृष्टी जसोरी यहाँ ।
उस्तै रीति गरेर आँसु सबको ❀ खुब् गिर्नलाग्यो तहाँ ॥
बैह्नी कृष्णजिकी सुपुत्रकन खुब् ❀ सम्झेर रूँदै गरी ।
भन्छिन् पुत्र ! वृथा गयौ किन तिमी ❀ हाम्लाइ त्यागै गरी ? ॥२॥
तिम्रा साथ बुबा भए समरमा ❀ तिम्लाइ युद्धै गरी ।
कोसक्थ्यो जितिलीन पुत्र ! तर हा ! ❀ अन्यत्र बूबा परी ॥
तिम्रो त्यो गति भै गयो गरुँ कसो ❀ कत्रो बिपत्ती पऱ्यो ! ।
बेला नै न-पुगेर हाय ! विधिले ❀ यो ता न-गर्ने गऱ्यो ॥३॥
लागिन् द्रौपदि रून रत्न तिमि नै ❀ हाम्रा थियौ पासमा ।
देवै चोर बनी टिपेछ उसले ❀ तीमी गयौ साथमा ॥
रत्नैलाइ गुमाइ हाय ! अहिले ❀ कङ्गालि जस्ता भई ।
रुन्छौं हामि प्रकाश छैन गृहमा ❀ रत्नै हराई गई ॥४॥
रुन्छिन् छाति पिटेर कुन्ति उ बखत् ❀ बत्ती तिमीनै थियौ ।
माथी गै तिमि अन्धकार बिचमा ❀ हाम्लाइ पारीदियौ ॥
हे नाती ! यहि छाती पोल्छ बहुतै ❀ शोकाग्नि बल्दै गई ।
यस्को औषधि छैन जीवन भरी ❀ पोल्ने छ आगो रही ॥५॥
रिस् फेरे रणमा सुयोधनजिले ❀ साथै सबै वीर भै ।
यौटा भैकन लाखका सँग भिड्यौ ❀ संग्राममा धीर भै ॥
पापी वीरहरू मिलेर सबले ❀ ठूलो अधर्मै गरे ।
पार्थैले बदला अवश्य रणमा ❀ लीनन् म भन्छू भरे ॥६॥
प्राणाधार ! कता गयौ तिमि भनी ❀ ती उत्तराजी पनी ।
लागिन् क्रंदन गर्न छाति बहुतै ❀ पीटेर हा ! हा !! भनी ॥
सुन्ने जो पशु-पंछि ता नजिकमा ❀ थीए रहेका तहीं ।
लागे रून सबै ति दुःख तिनको ❀ देखेर दुःखी भई ॥७॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

युद्धबाट कृष्णार्जुन फर्कनू, अप्रिय समाचारले पार्थ मूर्छा पर्नु ।

क्षत्री शिंशपका गणैंसित भिड़ी ❋ श्रीपार्थले साँझमा ।
फर्कूं कृष्ण ! भने र हाँक्नु रथ भो ❋ श्रीकृष्णले मार्गमा ॥
भन्छन् अर्जुनले हरीसित तहीं ❋ यो बाम नेत्रै अनी—
देब्रे हात समेत फर्र हुनगै ❋ फर्क्यौं जगत्का धनी ! ॥१॥

यस्ता वाक्य सुनेर अर्जुनजिका ❋ श्रीकृष्णजीले अनी ।
भन्नू भो अकुलाउँदैछ मन यो ❋ मेरै अहीले पनी ॥
थाहा ता अभिमन्युका मरणको ❋ श्रीकृष्णलाई थियो ।
सो केही न कहेर पार्थकन फेर् ❋ यै बात भन्नू भयो ॥२॥

शंका लाग्छ ति द्रोणले खतिगरे ❋ हाम्रो कदाचित् पनी ।
आपत् केहि पऱ्यो कि धर्मसुतमा ❋ यै देख्छु मैले भनी ॥
हाँक्ता माधवले रथै पुगिगयो ❋ आफ्नू सभामा जसै ।
देखे अर्जुनले सबैकन त्यहीं ❋ रोई बसेका तसै ॥३॥

ओर्ली त्यै रथबाट पार्थ र हरी ❋ सोही सभामा गए ।
आँखालाइ घुमाइ अर्जुनजिले ❋ चौतर्फ दृष्टी दिए ॥
देखेनन् अभिमन्युलाइ तिनले ❋ सोही सभामा पनी ।
भन्छन् त्यो अभिमन्यु छैन अहिले ❋ हे कृष्ण ! हेर्नोस् भनी ॥४॥

बोल्नैलाइ अयोग्य बात जुन हो ❋ ब्रह्माजिको त्यै लिपी ।
लागे भन्न यि धर्मराज उ बखत् ❋ वृत्तान्त त्यस्कै झिकी ॥
चक्र-व्यूह भनेर द्रोण गुरुले ❋ व्यूहै बनाई लिए ।
दूतै एक म सीत ता कुरुपती- ❋ जीले पठाई दिए ॥५॥

त्यस्ले आइ भन्यो हजूरहरुमा ❋ कोही अगाड़ी सरी ।
त्यो व्यूहैकन तोड़िबक्सनु हवस् ❋ नाहीं भने यैं घरी ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जीतापत्र दिएर फेरि बनमा ❀ जानोस् सबैले भनी ।
भन्दा तोड्छु तँ जा भनीकन बिदा ❀ दींदा चरै गो अनी ॥६॥
आपत्ती मकनै पऱ्यो र मइले ❀ राखेर बीडा अनी ।
वीरादीकन डाकि तिन्कन भनैं ❀ बीड़ा उठाऊ भनी ॥
कोही क्षत्रि उठेन त्यस् बखतमा ❀ तोड्छू म ब्यूहै भनी ।
ऊठी झट् अभिमन्युले उहि बिडा ❀ लीए म तोड्छू भनी ॥७॥
सम्झाएँ भरिसक् गरेर मइँले ❀ बाबू ! न-जाऊ भनी ।
मानेनन् ति कुरा कहे म सित ता ❀ ढोका छ ओटै पनी ॥
मैले सक्तछु तोड्नलाइ तर जुन् ❀ सातौं छ ढोका तहाँ ।
त्यस्को भेद मलाइ ज्ञात न-हुँदा ❀ सक्थें म तोड्नै कहाँ ? ॥८॥
बोले त्यै घरि माहिला अधिसरी ❀ जो सातऊँ द्वार हो ।
त्यस्को भार म लिन्छु फिक्रि उसको ❀ गर्नू वृथामा छ सो ॥
त्यो सुन्दा सब सैन्य सज्जित गरी ❀ हामी सबै गै गयौं ।
ब्यूहै नेर पुगेर द्वार उसमा हाम्ले ❀ न-देख्दा भयौं ॥९॥
साह्रै छक्क परी खडा सब भयौं ❀ छोरा अभीमन्युले ।
तोडी ब्यूह लिई रथै ति सहजै ❀ झन् भित्र पस्दै गए ॥
भीमादी सबलाइ सिन्धु-पतिले ❀ गर्दै ठुलो वीरता ।
अड्काए त्यहिं पस्नलाइ न-दिंदै ❀ त्यो ब्यूह भित्रै उता ॥१०॥
तोडी द्वारहरू कुमार ति पुगे ❀ त्यै सप्तमै द्वारमा ।
सातौं द्वारमहाँ लड़ाइँ परिगो ❀ अत्यन्त ठूलो तहाँ ॥
देखेनौं सब हामिले तर सुन्यौं ❀ मारेर धेरै अरी ।
आफैं ती अभिमन्यु ता चलिगए ❀ सोही रणैमा गिरी ॥११॥
यो सुन्दा त्यहिं पार्थ मूर्छित भई ❀ लोटेर भैंमा परे ।
रूँदै कृष्णजिले तिनैकन उठी ❀ झट् काख माथी धरे ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आयो चेत तुरुन्त पार्थ अनी ता ❀ ऊठी बसे त्यस्घरी ।
ती कृष्णार्जुनका सबै नयनमा ❀ आँसू बगे तर्तरी ॥१२॥

भन्छन् पार्थ उमेर चौद्द जसको ❀ थीयो उसैले गई ।
द्रोणैका अनि कर्णका सँग भिडे ❀ एक्लै अगाडी रही ॥
त्यै बेला म भईन घेरि सबले ❀ छोरो निभाई दिए ।
त्यस्तो सुन्दर रूप अंग उसको ❀ टुक्रा गराई दिए ॥१३॥

हे बाबू ! अभिमन्यु ! धर्मसुतका ❀ निम्ती रणैमा गई ।
तिम्ले प्राण दियौ कहाँ चलिगयौ ❀ एक्लै त आफै भई ॥
मैले प्राण कसोरि राखुँ जगमा ❀ छैनौ तिमी साथमा ।
तिम्रा तुल्य पराक्रमी अरु कुनै ❀ वीरादि छैनन् यहाँ ॥१४॥

छोरोलाइ जुधाइ शत्रु-दलमा ❀ भागेर दाज्यू गए ।
भीमैले रणबाट भाग्नु बहुतै ❀ आश्चर्य मान्दो भएँ ॥
सुन्दा वाक्य ति साहिंला अनुजका ❀ ती भीम भन्छन् तहीं ।
आफूहेरु सबै मिलेर तिमिले ❀ लोभी बहुतै भई ॥१५॥

पृथ्वीको सब राज्य ल्यूँ भनि रच्यौ ❀ ठूलो लड़ाइं यहाँ ।
छोरो गो भनि के विलाप गरछौ ❀ देखिन्छ रोई कहाँ ? ॥
साथैमा अभिमन्युको यदि म ता ❀ हुन्थें कदाचित् तहाँ ।
त्यो दुर्योधनलाइ सैन्य सहितै ❀ काट्थें म युद्धैमहाँ ॥१६॥

भन्नूभो हरिले सखे ! हिंड़ सबै ❀ जाऊँ महल्मा भनी ।
भन्छन् अर्जुन जान्न माधव म ता ❀ नामर्द यस्तो बनी ॥
देखाउन्न मुखै ति रानिहरुका ❀ आगे म आफ्नू यही ।
भन्दा कृष्ण गए ति अर्जुन बसे ❀ एक्लै ति ताहीं रही ॥१७॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कृष्णले पार्थलाई अभिमन्युसित भेट गराउनु, तिन्को मोह ज्ञानु ।

पुग्नू भो हरि पाण्डवादि सँग ली ❀ रानीहरू छन् जहाँ ।
बैह्नीले उठि कृष्णका नजिक गै ❀ भन्छिन् अगाड़ीमहाँ ॥
दाज्यू ! आज म ता अभागिनि भएँ ❀ जस्लाइ पाल्नू भयो ।
सोही बालकले मलाइ सहजै ❀ त्यागेर पो गै गयो ॥१॥
पार्थै हुन् जसका पिता जगतमा ❀ प्रख्यात मामा हरी ।
आफैं वीर तिमी थियौ चलिगयौ ❀ भीडेर युद्धै गरी ॥
हाहा ! पुत्र ! गयौ नि स्वर्गपुरिमा ❀ छोडेर माता यहीं ।
भन्दै ती अभिमन्युकी त जननी ❀ रोइन् बहूतै तहीं ॥२॥
त्यै बेला ति बुहारि आइ हरिको ❀ पाऊ समातिन् अनी ।
लागिन् भन्न म जान्छु प्राणपति थ्यैं ❀ आज्ञा दिनोस् लौ भनी ॥
यो बिन्ती सुनि भन्नु भो प्रभुजिले ❀ भान्जी-बुहारी ! यहाँ ।
तिम्रो गर्भविषे छ पुत्र बलवान् ❀ सम्राट् हुने पृथ्विमा ॥३॥
तिम्ले ता सति जान हुन्न अहिले ❀ यस्तो पर्‍यो ता पनी ।
चित्तैलाइ बुझाउँदै बसि रहू ❀ मैले भनेको भनी ॥
संझाएर बुहारिलाइ प्रभुजी ❀ बाहीर आए जसै ।
पार्थै ता अघिने बनैतिर गए ❀ भन्ने सुने यो तसै ॥४॥
लाग्नू भो प्रभु पैदलै वन तिरै ❀ केही अगाडी गई ।
भेट्नू भो हरिले ति पार्थकन ता ❀ जान्थे बनैमा तहीं ॥
बाहूलाइ धरेर अर्जुनजिको ❀ भन्छन् मुरारी अनी ।
त्यगी देउ न शोच पार्थ जगको ❀ यस्तै छ चाला भनी ॥५॥
ज्ञानै निर्मल राख आफ्नु मनमा ❀ कस्का यि माता-पिता ।
कस्को पुत्र छ को सबै पथिक हुन् ❀ बाटो हिंडूवा यि ता ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

राजा जो सगरादि ता अघि थिए * साह्रै प्रतापी पनी ।
तिन्ले ता पनि जानु पो परिगयो * टिक्ला यहाँ कुन् अनी ॥६॥
आफ्नू भन्नु त कोहि छैन जगमा * भन्ने विचारै गरी ।
झुट्टा जान सबै जगत्कन तिमी * विश्वास यस्मा धरी ॥
यस्ता वाक्य सुनेर पार्थ पनि फेर् * भन्छन् गरूँ के हरी ।
शान्तीछैन अशान्त पो छ मन यो * सुर्ता बहूतै परी ॥७॥
भन्नू भो हरिले ति पार्थकन झट् * मेरा सँगैमा भई ।
जान्छौ ता अभिमन्युलाइ मइले * देखाइ दिन्छू गई ॥
आज्ञा यो हरिको सुनेर मनमा * हर्षै भयो खुब् अती ।
पाऊमा परि दण्डवत् गरिलिए * आनन्द मानी कती ॥८॥
छोरा जुन् विनताजिका गरुड हुन् * तिन्लाइ सोही घरी ।
चित्तैमा हरिले त सम्झनु भयो * आए ति झट्टै गरी ॥
ढोगे श्रीपतिलाइ ती गरुडले * भन्छन् रमाका पती ।
आऊ पार्थ ! सँगै बसौं गरुडमा * आनन्द मानी अती ॥९॥
लै जान्छू तिमिलाइ स्वर्गपुरिमा * साथै म तिम्रो रही ।
तिम्रो मन्सुब पूर्ण हुन्छ उहिं गै * एती हरीले कही ॥
साथै अर्जुनलाइ ली गरुडका * पिठमा गई चढ्नुभो ।
आज्ञाले प्रभुकै त झट् गरुडजी * माथी तिरै उड्नु भो ॥१०।
स्वर्गैको रण-भूमिमा गरुडजी * पुग्दा भए जुन् घरी ।
देखीए अभिमन्यु ताहिं करमा * दिब्यै धनू पो धरी ॥
भिड्थे दैत्य समूह सात उ बखत् * अस्त्रादि त्याग्दै तहाँ ।
भन्नू भो हरिले प्रसन्न हुनगै * श्रीपार्थका सङ्महाँ ॥११॥
जाऊ जल्दि सखे ! बढ़ेर नजिकै * तिन्का अगाड़ी गई ।
ल्याऊ ती अभिमन्युलाइ करमा * पक्रेर खूशी भई ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आज्ञा पाइ सु-पुत्रलाइ लिनका ❋ निम्ती ति पार्थैं गए।
तिन्का सासु गएर अर्जुनजिले ❋ हाँसेर भन्दा भए ॥१२॥
तिम्ले कीन मलाइ छोडि यसरी ❋ हे पुत्र! आयौ यहाँ ?।
रूँदैछन् घरमा मुमा हिंड तिमी ❋ हे पुत्र! साथैं महाँ ॥
भन्छन् ती अभिमन्युले सुनि कुरा ❋ के बक्दछौ व्यर्थमा ?।
कस्लाई तिमि पुत्र-पुत्र अहिले ❋ भन्छौ परी स्वार्थमा ॥१३॥
तिम्रो पुत्र कउन् छ लाज पनि ता ❋ लाग्दैन के यस् घरी ?।
जान्दैनौ तिमि वीर भैकन पनी ❋ ठान्छू म लाटो सरी ॥
को कस्को सुत अश्व हात्ति कसको ❋ स्वप्ना छ संसार ता।
जो यो जीव छ बाबु हुन्छ कहिले ❋ कैह्ले त पुत्रै उ ता ॥१४॥
यस्तै ता परिवर्तनै छ जगमा ❋ मर्नू र फेर् जन्मनू।
यस्तै जानु र आउनू छ न त क्यौं ❋ टिक्ला हमेशा भनूँ ॥
छोरो हूँ म त चन्द्रको बुझ तिमी ❋ नामै भने बुद्ध हो।
रुन्छौ कीन यसोरि कुन् छ अहिले ❋ तिम्रो यहाँ पुत्र पो ॥१५॥
लाग्यो लाज ति पार्थलाइ बहुतै ❋ सुन्दा तिनैका कुरा।
बोलेनन् तिनि चूप भैकन रहे ❋ ताहीं नजीकै खड़ा ॥
लागे सोच्न ति चित्तमा जगत हो ❋ साँचै अकार्थैं पनी।
जाग्यो ज्ञान र पार्थले बुझिलिए ❋ संसार झुट्टा भनी ॥१६॥
फर्की अर्जुनले सबै कहि दिए ❋ तिन्ले भनेका जती।
सोधे फेर् हरिलाइ नाथ! कहनोस् ❋ सोद्धैछु मैले यती ॥
छोरा ती शशिका जउन् ति बुध हुन् ❋ कुन् कारणैले गरी।
जन्मी ती अभिमन्यु पो हुनगए ❋ हाम्रा कुलैमा परी? ॥१७॥
पन्ध्रै वर्ष हुँदा त्यजेर जसले ❋ नाता टुटाई गए।
ये सुन्नाकन प्रश्न गर्छु भगवन्! ❋ सुन्थैं म आज्ञा भए ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आज्ञा भो हरिबाट त्यै बखतमा ❀ ती पार्थलाई अनी ।
धर्मस्थापन गर्न मै पनि भरें ❀ पृथ्वी तलैमा पनी ॥१८॥
माता देवकिजी गराइ मइले ❀ यो जन्म लीएँ जसै ।
लीला पूर्ण गराउनाकन भरे ❀ दैत्यादि घ्यौता तसै ॥
जन्मे क्षत्रिय वीर भै जगतमा ❀ राजा रजौटा भई ।
धर्मांशी नृपती युधिष्ठिर ति हुन् ❀ जन्मे जगत्मा गई ॥१९॥
जन्म्यो त्यै कलि ता यही जगतमा ❀ दुर्योधनै पो भई ।
तिन्का तर्फ हुने ति दैत्यहरु हुन् ❀ जन्मे ति क्षत्री भई ॥
तिम्रा पक्ष लिने ति भूपतिहरु ❀ देवांश हुन् लोकमा ।
भिड्दैछन् कति ता कती भिड़ि गिरे ❀ एही लड़ाइं महाँ ॥२०॥
ब्रह्माले शशिलाइ यै कहनु भो ❀ तिन्का नजीकै गई ।
देऊ पुत्र तिमी ति जन्म त लिनन् ❀ वीरै जगत्मा भई ॥
तिन्का माफिक वीर कोहि जगमा ❀ हूँदैन केही गरी ।
ठूलो कीर्ति कमाउनन् यि जसका ❀ मामा हुनन् श्रीहरी ॥२१॥
जन्मै पाण्डवका गएर कुलमा ❀ यिन्ले लिने छन् अनी ।
नामै ता अभिमन्यु हुन्छ जसको ❀ श्रीपार्थ - पुत्रै बनी ॥
पन्ध्रै वर्ष निमित्त माग्छु मइले ❀ एही मियादै दिएँ ।
यस्ता बात सुनेर चन्द्र पनि ता ❀ राजी उसैमा भए ॥२२॥
यो वृत्तान्त सुनेर अर्जुनजिले ❀ भन्छन् जगत्का धनी ।
मार्नैलाइ जयद्रथैकन गरें ❀ मैले प्रतिज्ञा पनी ॥
सूर्यास्तै न-हुँदै त भोलि न-सके ❀ तिन्लाइ मार्नै तहाँ ।
आफैं अग्नि-प्रवेश भैकन स्वयम् ❀ मर्नेछु युद्धै महाँ ॥२३॥
सुन्दामा प्रण पार्थको प्रभुजिले ❀ भन्नूभयो वीर हे ! ।
पाई शंकरको वरै अजय पो ❀ ती सिन्धुराजा भए ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सक्छौ मार्न कसोरि अर्जुन तिमी ❀ तस्मात् उपायै पनी ।
गर्नू आज पऱ्यो हिंडौं दुइ जना ❀ श्रीशम्भु भेट्नै भनी ॥२४॥
ती नारायण साथ ती नर चले ❀ फेरी गरूडै चढी ।
कैलाशै-गिरिमा पुगे गरुडजी ❀ हावा समानै भई ॥
धेरै पुष्पहरू फुली जहिं-तहीं ❀ चल्थ्यो सुगन्धै अती ।
बस्थे ती बटवृक्षका मनि उमा लींदै ❀ उमाका पती ॥२५॥

खरानी घसी मिर्गछाला लगाई ।
जटामाथि गङ्गा बसेकी सुहाई ॥
शशी छन् ललाटै विषे तेज धारी ।
गलामा नरै-मुण्डमाला छ भारी ।२६॥
ठुला नेत्र छन् तीन जस्का बलेका ।
बिछाएर बाघाम्बरै ती बसेका ॥
त्यतै दूइ पौंचे गरूडै त त्यागी ।
नजर्मा परे शम्भु साथै उमाजी ॥२७॥
जसै कृष्णलाई महादेवजीले ।
तहीं देख्न पाए बहूतै रमाए ॥
सबारी हवस् कृष्ण ! एती भनेर ।
दिए आसनी हर्षमा खुब् परेर ॥२८॥
सुध्याए शिवैले अली हाँसि ताहाँ ।
थियो कार्य कुन् पाल्नु भो आज याहाँ ? ॥
बताए हरीले सबै बात खोली ।
बुझी भन्न लागे गिरीशै अघोरी ॥२९॥
दिएँ पार्थलाई वरै दान मैले ।
गरुन् नष्ट सिन्धू-पतीलाइ तिन्ले ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्वयम् कृष्णाजी छन् ति जस्का सँगैमा ।
जयै हुन्छ त्यस्को अवश्यै रणैमा ॥३०॥
बिदा भै गरूडै चढ़े दूइ फेरि ।
उडे वैनतेयै न-लाएर देरी ॥
सभामा युधिष्ठीर कै सैन्य माहाँ ।
पुगी उत्रि हाले दुवै झट्ट ताहाँ ॥३१॥
बिदा बक्सनू भो गए ती गरूडै ।
कहे कृष्णले भूपमा हाल पूरै ॥
सभामा बसेका थिए धेर प्राणी ।
सुने अर्जुनैको प्रणैलाइ जानी ॥३२॥
थियो एक दूतै ति दुर्योधनैको ।
सभा-पाण्डवैमा गई त्यै बसेको ॥
प्रणै अर्जुनैको जसै सुन्न पायो ।
उठी झट्ट दुर्योधनै तीर धायो ॥३३॥
सुनायो कुरा खोलि त्यस्ले बताई ।
ति दुर्योधनैले बुझे बात लाई ॥
थिए सिन्धु-राजा तहीं पो बसेका ।
सुनी भैगए ती नुरै पो खसेका ॥३४॥

द्रोणले जयद्रथको रक्षा गरने भार लिनु ।

भन्छन् सिन्धु-पती उठेर उ बखत् * जान्छू घरैमा म ता ।
राजन् ! याहिं रहें भने मकन ता * मार्छन् अवश्यै ति ता ॥
भन्छन् भूप तपाइँले यस बखत् * जाँदा स्व-देशै महाँ ।
मेरो ता अपमान हुन्छ बहुतै *त्यस् निम्ति भन्छू यहाँ ॥१॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

द्रोणैले मइँले र वीरहरुले ❁ रक्षा बहूतै गरी ।
राखौंला र तपाइँलाइ दिनमा ❁ देख्वैन कोही अरी ॥
साँझै पर्न गए पछी समरमा ❁ आफैं बनाई चिता ।
मर्नेछन् प्रण-भङ्ग भैकन जली ❁ आफैं किरीटी ति ता ॥२॥
मर्छन् पार्थ लडाइँ हामिहरुले ❁ जित्छौं अवश्यै गरी ।
भाग्नू व्यर्थ तपाइँले छ अहिले ❁ तिन्का डरैमा परी ॥
भागीजानु भए पनी अमर भै ❁ पाइन्न बस्नै यहाँ ।
भाग्नाले अति लाज हुन्छ बुझ्नोस् ❁ यी क्षत्रिका माझमा ॥३॥
ब्रह्माले मकनै जिताउन भनी ❁ यस्तो उपायै गरे ।
यस्तो यो खुशिको शुभो समय ता ❁ हेर्नोस्न जानू भरे ॥
त्यै बेला गुरु-द्रोणले पनि भने ❁ आजै म राती गई ।
व्यूहै एक बनाउँछू समरका ❁ मैदानमा सैन्य ली ॥४॥
व्यूहैको सुन नाम ता विकट हो ❁ साह्रै बलीयो छ सो ।
त्यस्को ता पनि माझमा कमलको ❁ व्यूहै बनाऊँछु पो ॥
जस्मा पात सऊ हुने छ बुझनू ❁ जुन् चक्र हो माझमा ।
त्याहीं राख्छु जयद्रथै कन लगी ❁ वीरादिका साथमा ॥५॥
द्रोणी कर्ण सुयोधनै र शकुनी- ❁ लाई पनी व्यूहमा ।
धेरै वीर समेत राख्छु सबको ❁ रक्षार्थ राख्ने जहाँ ॥
रक्षा गर्दछु सिन्धु-राजकन मै ❁ आफू अगाडी सरी ।
जानै दिन्न म जान पार्थकन ता ❁ यिन्का नजीकै बढी ॥६॥
सुन्दा वाक्य गुरूजिका सब जना ❁ खूशी भए दृढ् परी ।
ती दुर्योधनले पनी त्याहे कुरा ❁ पक्का गरे त्यस् घरी ॥
आधारात गई बिकुल् बजिगयो ❁ सेना तयारै परे ।
सारालाइ लिएर द्रोण गुरुले ❁ प्रस्थान झट्टै गरे ॥७॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पौंची त्यै रण-भूमिमा गुरुजिले ❀ त्यै कार्य थाली दिए ।
घण्टा चार बितेर ब्यूह दुइटा ❀ तिन्ले बनाई लिए ॥
ब्यूहै ता पहिले रचे बिकट नै ❀ त्यस्का पनी माझमा ।
दोस्रो ब्यूह रचीदिए कमलको ❀ सौ पात हूने तहाँ ॥८॥
राख्नू पर्दछ वीर जस्कन जहाँ ❀ सोही विचारै गरी ।
राखे ती गुरुले जयद्रथ कनै ❀ आफ्ना नजीकै धरी ॥
त्याहीं आफु पनी रथै चढ़ि बसे ❀ घंटा दुई गो अनी ।
चौथो ता दिन भो शुरू समरको ❀ ती द्रोणजीको पनी ॥९॥

द्रोण र अर्जुनको युद्ध, गुरुले भित्र पस्न न-दिनु ।

जुन् बेला अरुणोदयै भइगयो ❀ बाजा रणौका बजे ।
जानैलाइ भनेर युद्ध-भुमिमा ❀ सेना जती हुन् सजे ॥
नन्दीघोष रथै विषे हयहरू ❀ ल्याएर चारै तहाँ ।
जोत्नू भो हरिले स्वयम् अघि सरी ❀ लैजान युद्धै महाँ ॥१॥
पौंची अर्जुनले हरीकन तहीं ❀ ढोगेर पाऊ परी ।
ऊठी त्यै रथका घुमे वरि-परी ❀ तीनै पटक् ठिक् गरी ॥
एती काम गरी चढ़ेर रथमा ❀ आई बसेथे जसै ।
आफू श्रीपति फेर् चढ़ीकन लगाम् ❀ पक्रीलिनू भो तसै ॥२॥
धोती सुन्दर चट्किलो कटिविषे ❀ पेह्रेर पीताम्बरी ।
जस्को ता शिरमा किरीट छ असल् ❀ रत्नादि धेरै जड़ी ॥
कानैमा पनि कुण्डलै छ बढ़िया ❀ खुब् तेजिलो झल्कने ।
टीका ऊर्द्ध निधारमा छ जसको ❀ कस्तूरिको टल्कने ॥३॥
काँधै माथि जनै छ छाति बिचमा ❀ माला र हारै पनी ।
देख्दा श्याम शरीर माधवजिको ❀ राम्रो बनावट् बनी ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पाउन्नन् शिव-देवता र मुनिले * खोजेर अन्त्यै पनी ।
हाँक्छन् भक्त निमित्त अश्व रथका * आफैं जगत्का धनी ॥४॥
पौंच्यो पाण्डव-सैन्य युद्ध-भुमिमा * साथै सबै वीर भै ।
आज्ञा गर्नुभयो युधिष्ठिरजिमा * श्रीकृष्णले धीर भै ॥
सारा सैन्यहरू लिएर अहिले * राजन् ! हजुर्ले यहीं ।
पर्खी बस्नु हवस् अगाड़ि न-बढी * जाँदै न-जाई कहीं ॥५॥
सारा सैन्य लिई गयौं यदि भने * अल्भी लड़ाई महाँ ।
व्यूहै भेद हुँदैन सिन्धुपतिको * जानेछ प्राणै कहाँ ? ॥
हाँक्तै यो रथ पार्थकै सँग म ता * जाँदैछु साथी भई ।
राजन् ! हेर्नु हवस् बसेर रमिता * याहीं हजुर्ले रही ॥६॥
आज्ञा एति सुनी युधिष्ठिरजिले * फेर् बिन्ति गर्छन् तहीं ।
सुम्पें पार्थ हजुरलाइ मइले * लानोस्न साथी भई ॥
भन्छन् मानिस पाण्डु-वंशकन ता * आफैं अगाड़ी सरी ।
बस्नू हुन्छ स्वयं समस्त जगका * मालीक रक्षा गरी ॥७॥
यस्तो बात सुनेर फेरि हरिले * आज्ञा गरे त्यस्घरी ।
पार्थै छन् रथि मै छु सारथि यहाँ * व्यर्थै छ चिन्ता गरी ॥
एतीमात्र कहेर हाँक्नु रथ भो * श्रीकृष्णजीले अनी ।
गर्जे श्रीहनुमानले ध्वजमहाँ * सूनुन् सबैले भनी ॥८॥
घोड़ा चार ति वायुवेग सितले * दौड़ेर जाँदा महाँ ।
पौंच्यो त्यै रथ पार्थको नजिकमा * व्यूहै थियो सो जहाँ ॥
देखी अर्जुनलाइ द्रोणगुरुले * एक्लै ति सेना बिना ।
चापैमा शर जोडि कृष्णकन फेर् * भन्छन् तिनैले तहाँ ॥९॥
अन्तर्यामि हरी ! छ एहि सुन लौ * मेरो प्रतिज्ञा पनी ।
पार्थैलाइ म दिन्न पस्न कहिल्यै * यै द्वार देखिन् भनी ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तिन्लाई न-दिएर उत्तर कुनै ❀ हेरी हरीले तहाँ ।
आज्ञा अर्जुनलाइ बक्सनु भयो ❀ लेऊ धनू हातमा ॥१०॥
देखाऊ पुरुषार्थ इन्कन भनी ❀ भन्नू भएथ्यो जसै ।
न्यूह्नी अर्जुनले प्रणाम गरियो ❀ ती द्रोणलाई तसै ॥
तिम्रो पूर्ण हवस् मनोरथ भनी ❀ ती विप्रले त्यै घरी ।
दीए आशिष पार्थलाइ खुशि भै ❀ फेरी अगाड़ी सरी ॥११॥
हाने बाण ति पार्थलाइ गुरुले ❀ हाने तिनैले पनी ।
चेलाको गुरुको लड़ाइँ परिगो ❀ त्यै फाटकैमा अनी ॥
लागे वर्षन बाण वृष्टि सरि भै ❀ दूवै दिशामा तहाँ ।
हाने साठि शरै निकालि गुरुले ❀ ती पार्थका अंगमा ॥१२॥
हाने ती हनुमानलाइ रिसले ❀ हज्जार बाणै पनी ।
हाने श्रीपतिलाइ बाण दशले ❀ अत्यन्त छीटो बनी ॥
पार्थैले पनि इन्द्र-अस्त्र धनुमा ❀ लाएर छोडीदिए ।
ठूलो शब्द भएर पर्वतहरू ❀ सम्पूर्ण काम्दा भए ॥१३॥
द्रोणैले करमा कुमार-शर ली ❀ मंत्रेर त्यागी दिए ।
इन्द्रास्त्रै सित लागि ठक्कर दुवै ❀ भैंमा गिरी गैगए ॥
पार्थैले यम-अस्त्र लीकन त्यजे ❀ ती द्रोण माथी तहीं ।
मृत्यू-अस्त्र त्यजेर झट्ट गुरुले ❀ शान्तै गराए उही ॥१४॥
लागे भन्न ति द्रोण अर्जुन! सुन्यौ ❀ छाड्दीन ढोका म ता ।
श्रीकृष्णार्जुनले बुझेर गरलौ ❀ गर्नू छ जो कार्य ता ॥
द्रोणैका इ कुरा सुनेर हरिले ❀ भन्नू भयो त्यै घरी ।
तिम्रो ता पुरुषार्थ यी गुरु सँगै ❀ चल्दैन केही गरी ॥१५॥
सुन्छौ पार्थ! अबेर भो दिन चढ़ी ❀ आयो र भन्छू यहाँ ।
न्यूहे भेद भएन जाउँ अब ता ❀ बाहीर निस्की तहाँ ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

केही दूर गएर हालुँ रथ यो ❀ यै व्यूह भित्रै अनी।
तोडी व्यूह जयद्रथैकन तिमी ❀ सक्छौ त मार्नै पनी॥१६॥

भन्छन् पार्थ जगत्पते-यदुपते ! ❀ बाहीर जाँदा महाँ।
क्षत्री-धर्म-विरुद्ध पीठ गुरुले ❀ हाम्रै त देख्छन् यहाँ॥
भन्नू भो हरिले भुलेर तिमिले ❀ यो वाक्य बोल्यौ यहीं।
आफ्नू कार्य निमित्त हुन्न गुरुको ❀लाज्‌मान्नु कैल्है कहीं॥१७॥

एती बात सुनाइ झट्ट रथ त्यौ ❀ बाहीर हाँकी दिए।
ढोका बाट हटेर द्रोणकन ता ❀ तत्काल त्यागी गए॥
सेनालाइ परिक्रमा गरि रथै ❀ केही अगाडी गयो।
चाबुक् हानि उफारि अश्व रथ झट् ❀ भित्रै गिराऊनु भो॥१८॥

नन्दीघोष रथै मजासित छिटै ❀ सो व्यूह भित्रै गयो।
धेरै प्राणिहरू दबीकन मरे ❀ फेर् बाण वर्षा भयो॥
सेनाका शरलाइ काटि शरले ❀ श्रीपार्थले त्यै घरी।
धेरै कौरव तर्फका जनहरू ❀ मारे अगाड़ी सरी॥१९॥

धेरै शूल र बाणको रथमहाँ ❀ वर्षा भयो त्यस् घरी।
खूशी पार्थ भए ठुलो समर भो ❀ भन्ने विचारै गरी॥
हानी बाण असङ्ख्य अर्जुनजिले ❀ ठिक् एक कोशै जती।
रस्ता साफ गरी पसीकन गए ❀ ढीलो न-लाई रती॥२०॥

युधिष्ठिरले अर्जुनको खबर बुझ्न सात्यकीलाई पठाउनु।

यस्तै औसरमा युधिष्ठिरजिले ❀ आफ्नू मनैमा पनी।
लागे गर्न विचार पार्थ र हरी ❀ टाढै गएछन् भनी॥
टङ्कारै धनुको सुनिन्छ मधुरो ❀ काहाँ गए हुन् तिनी।
कस्लाई म पठाउँ बुझ्न खबरै ❀ को जान सक्ला अनी॥१॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

देखी सात्यकिलाइ धर्म-सुतले ❀ आज्ञा दिए त्यस् घरी ।
जाऊ वीर अगाड़ि पार्थ र हरी ❀ छन् ती जहाँ यस् घरी ॥
भेटी तिन्कन आउ जल्दि म कहाँ ❀ देऊ खबर् यो सुनी ।
चाँडैने रथमा बसी चलिगए ❀ ती वीर जान्छू भनी ॥२॥
पौंचे सात्यकि व्यूहमा अति छिटै ❀ ढोका थियो है जहाँ ।
देखे द्रोणजिलाइ रक्षक भई ❀ बस्ने ति द्वारै महाँ ॥
देखी सात्यकिलाइ द्रोणगुरुले ❀ हाँसेर भन्छन् तहाँ ।
आयौ व्यर्थ तिमी बढेर अहिले ❀ मेरा अगाड़ी महाँ ॥३॥
काले खोज्न भनेर पो तिमि यहाँ ❀ आई पुग्यौ की भनी ।
भन्दैमा शर एक सौ त्यजिदिए ❀ ती सात्यकीले पनी ॥
बीचैमा गुरुले त्यजेर शरले ❀ तिन्का ति बाणै जती ।
काटी नष्ट गरीदिए सहजमै ❀ ढीलो न-लाई रती ॥४॥
हाँस्दै ती गुरुले भने तिमि त झन् ❀ मूर्खै रहेछौ भनी ।
आजै जानिलिएँ थिएन पहिले ❀ यो ज्ञान केही पनी ॥
बाहीरै तिरबाट अर्जुन गए ❀ त्यागेर ढोका यही ।
आँट् गर्छौ तिमि भित्र पस्न अहिले ❀ यै मार्ग देखिन् गई ॥५॥
आऊन् इन्द्र यमादि पस्दछु भनी ❀ यै द्वार देखिन् यदी ।
दीने छैन प्रवेश गर्न मइले ❀ रोक्ने छु पस्ने न-दी ॥
यस्ता वाक्य सुनी प्रणाम गरदै ❀ हेरेर लीकै पनी ।
बाटो अर्जुनको धरी रथ लगे ❀ ती सात्यकीले अनी ॥६॥
रोके भूरिश्रवाजिले भइ खडा ❀ तिन्लाइ सोही घरी ।
उत्रे झट् रथबाट सात्यकि पनी ❀ भिड्ने इरादा धरी ॥
कुश्ती भो दुइ वीरको अतिठुलो ❀ मैदानका बीचमा ।
लीए भूरिश्रवाजिले उहि बखत् ❀ तर्वार पो हातमा ॥७॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यै बेला हरिले बताउनु भयो ❋ भूरिश्रवा यस् घरी ।
आँट्छन् काट्न ति सात्यकीकन सखे ❋ तर्वार हातै धरी ॥
सुन्दैमा मन-व्यापकै शर त्यजी ❋ ती पार्थले त्यै घरी ।
तर्वारैसितको त बाहु तिनको ❋ काटीदिए गो गिरी ॥८॥
कस्ले काटि दिए छ हातकन ता ❋ यै सोच्न लागी गए ।
पीडा भैकन पाखुरा जब गल्यो ❋ भूरिश्रवा आत्तिए ॥
त्याहीं गै युयुधानले कुपित भै ❋ तर्वार हान्दा महाँ ।
लोटे भूरिश्रवा परै शिर गिर्‍यो ❋ उफ्रेर भूमीमहाँ ॥९॥
वैरी भूरिश्रवा गिरे पछि रथै ❋ चढ्दा भए सात्यकी ।
हान्दै बाण बढेर त्याहिं ति पुगे ❋ जाहाँ थिए पार्थ ती ॥
देखी सात्यकिलाइ खूशि हुनु भो ❋ दूवै जना त्यस् घरी ।
रोके तिन्कन सोमदत्त नृपले ❋ जल्दी अगाडी परी ॥१०॥
श्रीकृष्णार्जुनलाइ बाण दशले ❋ हानेर तिन्ले अनी ।
हाने ती कपिलाइ बीस शरले ❋ घायल् म पार्छू भनी ॥
सूर्यास्त्रैकन त्यागि घाँटि सहितै ❋ तिन्को शिरै त्यस् घरी ।
काटे अर्जुनले र सो खसिगयो ❋ सामू सबैको परी ॥११॥
पाए वीर-गती जसै समरमा ❋ ती सोमदत्तैजिले ।
आए बाल्हिक कन्दहार-नृपती ❋ माहारथी बेगले ॥
तिन्का साथ भएर सैन्य बलिया ❋ आए अगाडी सरी ।
चारै ता तिर बाट शस्त्रहरुको ❋ वर्षा भयो त्यस् घरी ॥१२॥
हानी अर्जुनले असंख्य शर फेर् ❋ त्यो शस्त्र-वर्षा पनी ।
छिन्नैभिन्न गरेर फेर् शर थपी ❋ त्यै फौजलाई पनी ॥
लागे काटि गिराउनै समरमा ❋ धेरै गिरी गै गए ।
गिर्दा रुण्ड र मुण्डहेरु बहुतै ❋ रस्ता सबै रोकिए ॥१३॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लाशै माथि रथै चलाउनु भयो ❀ श्रीकृष्णले त्यस् घरी।
रस्ता अन्य थिएन जान अघि ता ❀ लाशै हजारौं परी॥
हाने बाण तिखा हरीकन तिनै ❀ काम्बोज राजाजिले।
लाग्यो बग्न रगत् शरीर बिचमा ❀ बाणै घुसी बेगले॥१४॥
पैह्रेको जुन पीतवस्त्र हरिको ❀ रातो हुँदो भो अनी।
पार्थैले शर त्यागि घाँटि तिनको ❀ दीए तुरुन्तै छिनी॥
पार्थैका रथका पछी हुन गई ❀ हिंड्थे तिनै सात्यकी।
गर्थे रक्षण पार्थकै ति रथको ❀ हेरेर एता-उती॥१५॥
भन्नू भो हरिले ति पार्थकन फेर् ❀ घोड़ाहरू यस् घरी।
थाके बिघ्न पिलाउनू जल पऱ्यो ❀ केही उपायै गरी॥
आज्ञा एति सुनेर अर्जुनजिले ❀ यौटा शरै त्याग् गरी।
हान्दा पृथ्विमनी घुसेर शर गो ❀ पातालमा त्यस्घरी॥१६॥
गङ्गा भोगवतीजिको अति मिठो ❀ पानी फुहारा बनी।
निस्क्यो त्यै शर-छिद्रबाट सहसा ❀ अत्यन्त चीसो पनी॥
फेरी त्यै शर निस्कि चारतिर गो ❀ काटेर माटो जती।
यौटा सुन्दर पोखरी बनि गयो ❀ त्यै भूमिमा ठिक् अती॥१७॥
प्यासा कौरव सैनिकादि पनि ता ❀ थीए र सोही घरी।
आई निर्मल शीतलै जल त्यहीं ❀ पीए मजामा परी॥
त्यै बेला हय चारलाइ हरिले ❀ खोलेर त्याहीं लगी।
पानी खूब पियाई न्वाहि दिनु भो ❀ आफ्ना करैले मली॥१८॥
ताजा खूब भए तुरंगहरु ता ❀ फेर् ठाकुरैले पनी।
धोई हात र पाउ जल्दि हरिले ❀ कुल्ला गरीयो अनी॥
त्यै गंगाजल भारिमा भरि गरी ❀ घोडा फिराई लगे।
पौंची श्रीहरिले तुरुन्त रथमा ❀ घोडा ति जोती दिए॥१९॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बाँकीका कुरुसैन्यले पनि तहीं ❁ पौंचेर पानी पिए।
धन्यै पार्थ यि हुन् ! विपत्तिहरूले ❁ एही पुकारी लिए॥
चढ्नू भो हरिले गएर रथमा ❁ लींदै लगाम् झट् गरी।
थाल्नू भो रथ हाँक्न सैन्य कुरुका ❁ आए अगाड़ी सरी ॥२०॥

आएका कुरुसैन्यले रिस गरी ❁ वर्षा गरे बाणको।
हानी बाण असंख्य अर्जुनजिले ❁ तिन्को हरे प्राण पो॥
सोचे धर्मकुमारले खबर पो ❁ ल्याऊनलाइ भनी।
मैले सात्यकिलाइ त्यस्तिर अघी ❁ दीएँ पठाई पनी ॥२१॥

युधिष्ठिरले भीमलाई पठाउनू, भीम र द्रोणको युद्ध।

फर्कन्नन् किन सात्यकी अझ पनी ❁ यस्तो बिचारै गरी।
आज्ञा झट्ट दिए ति भीमकन ता ❁ हे भाइ ! चाँडो गरी॥
जाऊ पार्थ र कृष्ण नेर तिनिले ❁ मारे कि सिन्धूपती।
भाई! आउ खबर् लिएर सहजै ❁ फर्कैर चाँडो अती ॥१॥

आज्ञा पाइ चढेर भव्य रथमा ❁ ती भीम जाँदा भए।
व्यूहैमा गयि द्रोण भेट हुनु भो ❁ ती ता रिसाई गए॥
जल्दी ती गुरुलाइ पाँच शरले ❁ हाने गुरूले पनी।
ती पाँचै शरलाइ हानि शरले ❁ काटीदिए फेर् अनी ॥२॥

भन्छन् द्रोण मुसुक्क हाँसिकन फेर् ❁ अज्ञानि हुन्छौ कती ?।
पस्नै ता न-सकेर फाटकमहाँ ❁ पार्थै र फेर् श्रीपती॥
निस्की बाहिर बाट नै चलि गए ❁ आँट् गर्दछौ पस्नको।
तिम्रो माफिक बुद्धिहीन जगमा ❁ होला कउन् वीर पो ? ॥३॥

जुन् रस्ता धरि पार्थको रथ गयो ❁ त्यै मार्ग धर्नै पनी।
फर्की जाउ तुरुन्त भीम! अहिले ❁ ती पार्थ भेट्नै भनी॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भन्छन् भीम रिसाइ द्रोणकन फेर् ❀ यस्ता कुरा त्यै घरी ।
ढोकै बाट पसेर जान्छु बुझ लौ ❀ सेना विनष्टै गरी ॥४॥

देखाऊ जति वीरता छ तिमिमा ❀ ती पार्थ जस्तै भई ।
देखाईकन पीठ जान्न रणमा ❀ बाहीर तर्फै भई ॥
यस्ता बात सुनाइ भीम रथ झट् ❀ त्यागेर उत्री गए ।
त्यै बेला जग-वन्दनैकन पनी ❀ तिन्ले त सम्झी लिए ॥५॥

हाने द्रोणजिले रिसाइ शर धेर् ❀ ती भीमलाई तहाँ ।
बज्रै अङ्गविषे परेर शर ती ❀ टूटी गिरे भूमिमा ॥
द्रोणैका नजिकै पुगेर रथ त्यै ❀ तिन्को उठाई लिए ।
जल्दीमा गुरुजी समेत रथ झट् ❀ तिन्ले त फालीदिए ॥६॥
दूरैं कोश दुई गई रथ गिऱ्यो ❀ ती द्रोणजीको जसै ।
घोडाका सँग सारथी पनि मऱ्यो ❀ टूटी गयो सो रथै ॥
भूमीबाट उठेर द्रोण ति हिंडे ❀ रस्ता धरी द्वारको ।
ढोकैबाट घुसी शरीर बलियो ❀ ती भीमको पार भो ॥७॥
व्यूहै भित्र पसेर लीकन गदा ❀ ती घुम्न लागे जसै ।
लागी चोट अनेक सैनिक गिरे ❀ ती कौरवैका तसै ॥
हात्तीका शिरमा कुदेर रिसले ❀ हान्थे गदा जुन् घरी ।
गिर्थे मत्तमतंग[1] मस्तक फुटी ❀ ताहीं भुतुक्कै मरी ॥८॥
लातैले अनि मुड्किले गरि निकै ❀ सेना गिराए तहाँ ।
पक्री खूब घुमाइ फेंकि रथ धेर् ❀ तोडी दिए छिन्महाँ ॥
पर्थे सामु जती वृकोदरजिका ❀ प्राणीहरू त्यस् घरी ।
गिर्थे मस्तकमा प्रहार हुनगै ❀ तिन्कै गदाले गरी ॥९॥

१ हात्ती ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कर्ण र भीमको युद्ध ।

मार्दै सैनिक बैरिका रणविषे ❀ बढ्दै गए भीम ता।
पौंचे त्याहिं गएर रक्षक भई ❀ बस्थे ति कर्णौ जता ॥
भन्छन् कर्ण ति भीमसेनकन ता ❀ देख्दा अगाड़ी महाँ।
ऐले भीम! तिमी वृथा किन यतै ❀ आयौ म बस्छू यहाँ ॥१॥

पैल्हे एति भनेर तीक्ष्ण शरले ❀ तिन्लाइ हानीदिए।
लाग्दा बाण कुदेर भीम उ बखत् ❀ तिन्का नजीकै गए ॥
आफ्नू सोहि गदा उठाइ तिनिले ❀ जल्दी प्रहारै गरी।
तोडी त्यै रथ सारथी हयहरू ❀ मारे अगाडी सरी ॥२॥

तिन्लाई विरथी गराइ अनि फेर् ❀ हात्ती भएमा गई।
लाग्दा गर्न प्रहार लीकन गदा ❀ गिर्थे ति हात्ती तहीं ॥
धेरै हात्तिहरू निभाइ रणमा ❀ ती भीम गर्जे जसै।
बोले अर्जुनले हरीसित प्रभो! ❀ ती भीम आए यतै ॥३॥

सुन्छू गर्जन भीमको म अहिले ❀ भन्दा तिनैले तहाँ।
भन्नू भो हरिले परै ति अभ्र छन् ❀ ठीक् कोश चारै महाँ ॥
त्यै बेला चढ़ि अन्य कोहि रथमा ❀ ती कर्ण फेरी पनी।
भीमैका गइ सासुमा रथ लगे ❀ अत्यन्त क्रुद्धै बनी ॥४॥

हाने धेर शरै ति भीमकन ता ❀ ती कर्णले त्यै घरी।
लागी ती शर दर्द खूब हुनगो ❀ तिन्का जिऊमा परी ॥
हातैमा त गदा धरेर रिसले ❀ ती भीम उफ्री गए।
चारै अश्वहरू र सारथि पनी ❀ ठोकी गिराई दिए ॥५॥

पाङ्ग्रा ति रथका दुवै टुटिगए ❀ लाग्दा गदा त्यस् घरी।
कर्णौको रथ ता थचक्क बसिगो ❀ धक्का रथीमा परी ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

फाल्हाली रथदेखि भागि ति गए * राधेय सेना महाँ ।
फेर् अर्कै बलियो चढेर रथमा * पोंचे तुरुन्तै तहाँ ॥६॥

छातीमा दश बाण त्याग् गरि दिए * ती कर्णले रिस् गरी ।
साठी बाण ति भीमकै त शिरमा * लाए थपी त्यस् घरी ॥
जल्दी तीन हजार त्यागि शर ता * पीड़ा बढाई दिए ।
भीमैको सब शक्ति लोप भइगो * पाऊ न चल्ने भए ॥७॥

मुर्दा हात्तिहरू जतातिर थिए * तिन्कै उपर्मा गिरी ।
थाकी बेसरि ती वृकोदर लडे * मूर्छा तुरुन्तै परी ॥
कर्णैको रथ भीमकै नजिकमा * आई खड़ा भो अनी ।
टुप्पाले धनुको ति भीमकन ता * घोचेर कर्णै पनी ॥८॥

भन्छन् भीम उठेर युद्ध गर लौ * सुत्छौ यसोरी कती ? ।
खान्छौ धेर् तिमि अल्छि लाग्छ बहुतै * कस्तो छ तिम्रो मती ॥
तिम्ले ता घरमै बसेर बहुतै * खाएर सुत्नू थियो ।
युद्धै गर्नु भनेर आज कसले * तिम्लाइ अर्ती दियो ॥९॥

माता कुन्तिजिले अगाड़ि मसितै * माग्नू भएको थियो ।
तिम्लाई तब जीव-दान अहिले * मेरो मनैले दियो ॥
बोली एति कुरा हँकाइ रथ फेर् * ती ता अगाड़ी गए ।
हावा शीतल चल्न गो र अनि ता * ती भीम जागा भए ॥१०॥

मेटीएछ थकाइ झट्ट ति उठी * लीए गदा हातमा ।
त्यस्ले ठोक्न शुरू गरे नरहरू * आऊँछ जो सामुमा ॥
रस्ता साफ गरेर भीम सहजै * हिंड्दा अगाड़ी बढ़ी ।
पोंचे कृष्ण र पार्थका नजिकमा * खुब् गर्जना पो गरी ॥११॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जयद्रथ-बध ।

हाँक्नू भो रथ पार्थको प्रभुजिले ❀ केही अगाडी जसै ।
आए सैन्यहरू बढेर बहुतै ❀ तिन्का अगाडी तसै ॥
वर्षा खुब् शरको गरेर उ बखत् ❀ ती पार्थले वैरिमा ।
रक्तैको नदि पो ठुलो बगि गयो ❀ त्यै युद्ध-भूमीमहाँ ॥१॥
आए भूत-पिशाच-डाकिनिहरू ❀ वैताल फेर् योगिनी ।
थाले मासु लुछेर खान शवको ❀ मोटो र राम्रो बिनी ॥
भर्थे खप्परमा ति योगिनि रगत् ❀ प्यूँथे मजामा अती ।
कौवा-गिद्ध-शृगाल आइ तटमा ❀ बस्थे ति बोल्दै कती ॥२॥
आए बाल्हिक क्रुद्धभै समरमा ❀ आए कृतैजी अनी ।
पाँचै क्षत्रिहरू अनेक नजिकै ❀ छोड्दै हतीयार् पनी ॥
देखी तिन्कन पार्थले पनि तिखा ❀ बाणादि वृष्टी गरी ।
तिन्मध्ये कति क्षत्रियादिकन ता ❀ मारे अगाड़ी सरी ॥३॥
द्रोणीका सँग भै कृपै पनि पुगे ❀ बाणादि त्याग्दै तहीं ।
सेनाले पनि शूल मुग्दर शरै ❀ त्यागे अगाडी भई ॥
यस्तै औसरमा विचारि हरिले ❀ हेर्दा त बेला पनी ।
बाँकी एक रहेछ मात्र प्रहरै ❀ फेर् साँझ पर्ला अनी ॥४॥
सन्ध्याकाल भयो भने सहजमा ❀ यी पार्थ जानन् मरी ।
रक्षा यिन्कन गर्नु कुन् तरहले ❀ मेरा यि छन् ज्यान् सरी ॥
भन्नू भो मनमा सुदर्शनकनै ❀ गै जल्दि आकाशमा ।
तेर्सो भैकन झट् लुकाउ तिमिले ❀ श्रीसूर्यलाई तहाँ ॥५॥
आज्ञा ठाकुरको शिरोपर धरी ❀ ती चक्रले त्यै घरी ।
दौडी गै रविका अघी उभिदिए ❀ छेकेर तेर्सो गरी ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आकाशै तिर दृष्टि दी सकलले ❀ हेर्दा उसै बीचमा ।
देखे मन्द भएर तेज रविको ❀ संध्या भएझैं तहाँ ॥६॥
हल्ला भो कुरु-सैन्यमा अति ठुलो ❀ साँझै परीगो भनी ।
को जान्ने हरिको चरित्र उ बखत् ❀ तिन्ले गरेको भनी ? ॥
सेनामा त्यहिं पाण्डवादिहरुका ❀ साह्रै निराशा भयो ।
ती दुर्योधन - कर्णका हृदयमा ❀ आनन्द आई गयो ॥७॥
साँझै ता परिगो भनेर मनको ❀ उत्साह त्यागै गरी ।
पार्थैले करको धनू त्यजिदिए ❀ जल्दी रथैमा धरी ॥
युद्धै बन्द भयो र सैनिकहरू ❀ पौंचे सबै फेर् तहाँ ।
ती दुर्योधनलाइ अर्जुनजिले ❀ भन्छन् अगाड़ीमहाँ ॥८॥
दाऊराहरु ल्याइ हे कुरुपती ! ❀ यौटा चिता यस् घरी ।
मेरा निम्ति तयार पार्न दिनुहोस् ❀ आज्ञा तुरुन्तै गरी ॥
बाँचे सिन्धुपती डुबेछ दिन ता ❀ साँझै पन्यो यस् घरी ।
आफ्नै ता प्रणकाऽनुसार म छिटै ❀ डढ्छू चितामा परी ॥९॥
ती दुर्योधनलाइ हर्ष हुनगो ❀ सुन्दा कुरा यै तहाँ ।
मानू चातकलाइ स्वातिजल पो ❀ चूह्यो मुखै बीचमा ॥
आज्ञा चट्ट दिए ति भाइहरुमा ❀ दुर्योधनैले अनी ।
भाई हो ! रचिदेउ ल्याइ लकड़ी ❀ याहीं चिता झट् भनी ॥१०॥
सम्राट् दाज्यु ठुला सुयोधनजिको ❀ आज्ञा सुनी खुश् भई ।
सौ भाईहरुले मँगाइ लकड़ी ❀ सोला रचाए तहीं ॥
तैयारै भइगो चिता जुन बखत् ❀ चढ्ने इरादा धरी ।
हींडे अर्जुनजी उतैतिर जसै ❀ दृष्टी भुमीमा छरी ॥११॥
त्यै बेला हरिले कराउनु भयो ❀ हे पार्थ ! जाँदा महाँ ।
ठोक्कोलाइ भिरेर बाण धनु ली ❀ जाती छ जानू तहाँ ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

क्षत्रीका सँगमा रहन्छ हतियार् ❀ कस्तै बखत्मा पनी ।
तिम्ले त्याग्नु हुँदैन धर्म निजको ❀ लैजाउ शस्त्रै भनी ॥१२॥

आज्ञा यो प्रभुको सुनेर उबखत् ❀ फर्की रथैमा गए ।
ठोक्को जल्दि भिरेर चाप शर ली ❀ ती पार्थ फिर्दा भए ॥
हेर्दै कृष्णजिको मनोहर मुहार् ❀ ती पार्थले त्यै घरी ।
सोलामा चढियो कुदेर जिउनै ❀ सोही चितामा धरी ॥१३॥

ती दुर्योधन हेर्दथे उहि बखत् ❀ दृष्टी चितामै दिई ।
भन्छन् सिन्धु-नरेशलाइ शकुनी ❀ अत्यन्त खुशी भई ॥
तिम्रा कारण पार्थले बहुतको ❀ ज्यान् लीदिए युद्धमा ।
पार्थैको मरणै छिटै नजरहोस् ❀ खोलेर आँखा यहाँ ॥१४॥

यस्भन्दा सुख केहि छैन अरु ता ❀ आफ्नै अगाडी महाँ ।
देख्नै पाउनु मृत्यु हूनु अरिको ❀ संसारका बीचमा ॥
सुन्दा एति कुरा जयद्रथजिले ❀ आनन्द-चित्तै गरी ।
ऊठाए शिरलाइ मृत्यु अरिको ❀ हेर्नै इरादा धरी ॥१५॥

यस्तै औसरमा तुरुन्त हरिले ❀ त्यौ चक्र खिंच्नू भयो ।
लाग्यो झलमल घाम त्यस् बखतमा ❀ आश्चर्य पो भै गयो ॥
साँझै पो अहिले थियो कसरि पो ❀ लागे छ घामै भनी ।
लागे हेर्न सबै ति सूर्यकन ता ❀ साह्रै अचम्मै बनी ॥१६॥

त्यै बेला हरिले सुनाउनु भयो ❀ ती पार्थलाई यता ।
हेर्दैछन् तिमिलाइ सिन्धु-पतिले ❀ घाँटी उठाई ति ता ॥
गर्छौ कीन विलम्ब पार्थ! अहिले ❀ भन्नू भयो यो जसै ।
सुन्दैमा शर पार्थले त्यजिदिए ❀ जोरी धनूमा तसै ॥१७॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

काट्यो त्यै शरले जयद्रथजिको ❀ घाँटी उसै बीचमा ।
रुण्डै[1] ता गिरि गैगयो तर शिरै ❀ गिर्दै थियो भूमिमा ॥
भैंमा गिर्न न-पाउँदै शिर त्यहीं ❀ श्रीकृष्णले झट् अनी ।
आज्ञा भो शिरलाइ हानि शरले ❀ माथी उठाऊ तिमी ॥१८॥
हान्दै बाणहरू थपेर तिमिले ❀ ठिक् अन्तरिक्षै महाँ ।
बाटो त्यै गरि यो शिरैकन लगी ❀ जानू छ टाढै महाँ ॥
यो आज्ञा सुनि झट् रथै चढि शरै ❀ ती त्याग्न लागी गए ।
लाग्यो हिंड्न शरै उँभो प्रभुजिले ❀ घोडा ति हाँकी दिए ॥१९॥

सुरथ राजाको वृत्तान्त ।

त्यस्तै चाल गरेर त्यै शिर गयो ❀ त्यस्का पछाडी रही ।
लाग्यो यै रथ जान अर्जुनजिको ❀ बढ्दै अगाडी भई ॥
पौंचे जङ्गलमा जहाँ सुरथजी ❀ श्रीसूर्यलाई उभी ।
पानी केहि लिएर ता अँजुलिमा ❀ अर्घै गरूँला भनी ॥१॥
दूवै नेत्र थुनेर ध्यान गरदै ❀ क्यै मन्त्र पढ्दै थिए ।
पार्थैलाइ तुरुन्त माधवजिले ❀ आज्ञा यसोरी दिए ॥
बाणै हानन पार्थ! जल्दि तिमिले ❀ अन्दाज राम्रो गरी ।
तिन्कै अंजुलिमा गई शिर परोस् ❀ सोझै उसैमा गिरी ॥२॥
आज्ञाले हरिको ति अर्जुनजिले ❀ बाणै चलाई दिए ।
तिन्को त्यै अँजुलीविषे शिर उही ❀ त्यस्मै गिराई दिए ॥
झस्की हात फरक् गरे शिर गिऱ्यो ❀ आएर पृथ्वी महाँ ।
काटीएर गिऱ्यो शिरै सुरथको ❀ लाशै खस्यो भूमिमा ॥३॥
देख्नाले घटना घट्यो जुन तहीं ❀ ती पार्थलाई तहाँ ।
साह्रै नै भ्रम भो कसोरि ति मरे ❀ मुड् काटिएरै यहाँ ॥

१ बिना शिरको शरीर ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सोधे अर्जुनले उदेक भइगो * हे नाथ ! आज्ञा गरी ।
मेरो चित्त बुझाइ बक्सनु हवस् * कुन् कारणै पो परी ? ।।४।।
मन्टो गै तिनका पऱ्यो अँजुलिमा * जो ध्यानगर्दै थिए ।
तिन्ले झस्कनगै त्यही शिर अनी * भैंमा गिराई दिए ।।
भूमीमा जब छिन्न-मस्तक पऱ्यो * तत्काल तिन्को तहाँ ।
जुद्दा भै शिर ती गिरे पृथिविमा * कुन् कारणैले यहाँ ? ।।५।।
यस्तो प्रश्न सुनेर अर्जुनजिको * श्रीकृष्णजीले पनी ।
आज्ञा गर्नु भयो पुरातन कथा * यस्तो भएथ्यो भनी ।।
राजा सिन्धु-पती यिनै सुरथ हुन् * थीए प्रतापी अती ।
भोगी राज्य-सुखादि धेर तपमा * लागेर यिन्को मती ।।६।।
यिन्ले गै बनमा कुटी रचि गरे * ठूलो तपस्या जसै ।
केही काल बितेर खूशि हुनु भो * गौरी-पतीजी तसै ।।
आई दर्शन दी तिनैकन वरै * लेऊ भनी भन्नु भो ।
माँगे पुत्र म पाउँ जो अमर होस् * गौरीपते ! सुन्नु भो ।।७।।
आज्ञा गर्नुभयो बुझाइ बहुतै * तिम्ले भनेको यहाँ ।
सृष्टीमा त हुँदैन क्वै अमर पो * जानीलिए चित्तमा ।।
आज्ञा शंकरको सुनी सुरथले * भन्छन् उ जावस् मरी ।
जस् द्वारा शिर पुत्रको पृथिविमा * गिर्ला अवश्यै झरी ।।८।।
त्यै बेला शिव "एवमस्तु" कहँदै * कैलाश जानू भयो ।
त्यस्को क्यै दिनमा जयद्रथजिको * जन्मै पनी भै गयो ।।
बढ्दै गैकन ती महारथि बने * कोही दिनैमा पनी ।
गर्थे पूजन ती सदाशिवजिको * भक्तै तिनैका बनी ।।९।।
बैह्नी ती कुरुराजकी जुन थिइन् * नामै दुशाला भनी ।
तिन्कै साथ बिहा जयद्रथजिको * हूँदो भयो झट् अनी ।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

माहाभारतको लड़ाइँ शुरु भै ❀ यी ता बनैमा गए ।
पुत्रैको शुभ होस् भनेर तपमा ❀ यी भूप लाग्दा भए ।।१०।।
एसै कारणले उही शिर पनी ❀ इन्का करैमा धरें ।
हातैदेखि गिराउँदै सुरथका ❀ तिम्लाइ रत्ता गरें ।।
एती पूर्वकथा कहेर हरिले ❀ त्यै नन्दिघोषै पनी ।
हाँकी पाण्डव-सैन्यमा जब पुगे ❀ सेना खुशी भो अनी ।।११।।
देखी पार्थ र कृष्णलाइ नृपती ❀ अत्यन्त खूशी भए ।
ढोगै भेट गरेर बात गरनै ❀ ती त्याहिं लागी गए ।।
हाँसी कृष्णजिले सुनाउनु भयो ❀ यी पार्थले व्यूहमा ।
राखी आफ्नु प्रणै जयद्रथकनै ❀ मारीदिए युद्धमा ।।१२।।
भन्छन् धर्मकुमार त्यै समयमा ❀ यी पार्थको हर्घरी ।
आफैंले प्रण राखि ता दिनु भयो ❀ देख्दैछु यो श्रीहरी! ।।
जैह्ले पर्न गयो बड़ो कठिनता ❀ हाम्रा उपर् त्यै घरी ।
आफैं रत्तक भै बचाउनु भयो ❀ माया हजुर्ले गरी ।।१३।।
लाहाको घरमा डढीकन सबै ❀ मर्ने भएका थियौं ।
आफ्कै करुणा भई सहजमा ❀ हामी त बाँची गयौं ।।
फेरी कौरवका सभा-भवनमा ❀ ती द्रौपदीमा पनी ।
आपत्ती परिगो परन्तु प्रभुले ❀ लज्जा बचायौ अनी ।।१४।।
दुर्वासा ऋषि छलनलाइ बनमा ❀ हाम्रा अगाड़ी गए ।
हाम्रो रत्तण गर्नुभो हजुरले ❀ आफैं ति भाग्दा भए ।।
जैह्ले कौरवले मिलाइ ज़हरै ❀ खाद्यान्न पस्की दिए ।
त्यै बेला प्रभुबाट रद्दित भयौं ❀ प्राणै त जाने थिए ।।१५।।
हाने जुन् घरि भीष्मले शर झिकी ❀ नारायणै नामको ।
मर्ने भीम थिए दया हजुरले ❀ गर्दा बच्यो प्राण पो ।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जिद्दी श्रीहनुमानजी सित गरे ❀ यी पार्थले जुन् घरी ।
रक्षा आफु खडा भई गरनु भो ❀ बिर्सन्छु कैह्ले हरी ॥१६॥

पार्थैको प्रण राख्नु हुन्छ प्रभुले ❀ जैह्ले पनी हे विभो ! ।
जस्का सारथि आफु छौ उसित ता ❀ कालै पनी हार्छ पो ॥
जस्ले पद्म समानका चरण ती ❀ सम्झेर पाऊ पर्‍यो ।
त्यस्का दुःख जती अवश्य प्रभुले ❀ टार्नुन्छ कष्टै टर्‍यो ॥१७॥

ग्राहैले गजराजलाइ धरदा ❀ सम्झी पुकारा गर्‍यो ।
ग्राहै मारि गजै बचाउनु हुँदा ❀ तिन्को विपत्ती टर्‍यो ॥
भक्तैको प्रण राख्नलाइ प्रभुले ❀ आफैं अगाडी सरी ।
खम्भा फोरि लिनूभयो नरहरी- ❀ रूपै तुरुन्तै गरी ॥१८॥

संकष्टै ध्रुवको हरी हजुरले ❀ माथी सबैका गरी ।
राखी बक्सनु भो गराइ अटलै ❀ बस्छन् चयन्मा परी ॥
भाई रावणका परे शरणमा ❀ तिन्लाइ राज्यै पनी ।
खूशी भैकन दीनुभो हजुरले ❀ हुन् भक्त मेरा भनी ॥१९॥

भीष्मैको प्रण भक्तवश्य[१] प्रभुले ❀ राख्नै भनी युद्धमा ।
आफ्नू ता प्रण त्यागनु भो हजुरले ❀ पाङ्ग्रो उठाई तहाँ ॥
यस्ता बात ति धर्मराज नृपले ❀ गर्दा अगाडी महाँ ।
खुशी भैकन गद्गदै हुनुभयो ❀ आफैं मुरारी तहाँ ॥२०॥

ती दुर्योधनले पनी समरकै ❀ मैदानमा त्यस् घरी ।
लागे भन्न ति द्रोणलाइ रिसले ❀ छेडेर चर्को गरी ॥
हे सेनापति ! पार्थकै प्रण रह्यो ❀ आजै पनी युद्धमा ।
रक्षा गर्न सकेन कोहि जनले ❀ सिन्धू-पतीको तहाँ ॥२१॥

---

१ आफ्ना भक्तका वशमा पर्ने ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मारी वीर जयद्रथैकन गए ❀ बाँचेर पार्थै पनी ।
तिम्ले जान दियौ न-हानि शरले ❀ हुन् शिष्य मेरा भनी ॥
ती दुर्योधनका कुरा यति सुनी ❀ ती द्रोण भन्छन् तहाँ ।
राजन् ! शक्ति भएन पार्थकन ता ❀ मार्नै लडाइँ महाँ ॥२२॥
भन्छू सत्य कुरा सुन्यौ नरपते ! ❀ श्रीकृष्णले त्यै घरी ।
राम्रो एक उपाय पो रचिदिए ❀ सोची - विचारै गरी ॥
बाँकी एक रह्यो जसै प्रहर ता ❀ आकाशमा चक्र गो ।
तेर्सो भैकन चक्रले गगनको ❀ श्रीसूर्य ढाकी दियो ॥२३॥
देखे प्राणिहरू मिलेर सबले ❀ सूर्यास्त भैगो भनी ।
युद्धै बन्द गरे ति अर्जुनजिले ❀ साँझै परीगो भनी ॥
यस्तो ता भगवानले छल गरे ❀ हामी पऱ्यौं भूलमा ।
भक्तैको प्रण राख्नुभो प्रभुजिले ❀ त्यो सैन्यको हूलमा ॥२४॥

रात्रिमा युद्ध, द्रुपद्-वध ।

श्री द्रोण भन्छन् कुरु-राजलाई ।
देऊ तिमी सोचहरू हटाई ॥
नरेन्द्र ! सैन्यादि सबै बटुल्छू ।
यै रात्रिमा पाण्डव सीत भिड्छू ॥१॥
हेरौं तमाशा विधि जे त गर्ला ।
बाली मशालै अब भिड्नु पर्ला ॥
राजाजिको मञ्जुरि भो यसैमा ।
बाजा बजे वीर बसे रथैमा ॥२॥
मशाल बालेर प्रकाश भै गो ।
सेना जती पैदल हींडि गै गो ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

घोड़ा र हात्ती रथि भै अगाड़ी ।
वीरादि लागे उनकै पछाड़ी ॥३॥
ती पाण्डवैका दलमा चरैले[१] ।
दीयो खबर् युद्ध हुने छ ऐले ॥
सूनेर वीरादि सबै रमाए ।
श्रीभीमले सैन्यहरू सजाए ॥४॥

मशाल बत्ती सबले जलाए ।
प्रकाश राम्रो दलमा गराए ॥
सुन्का किरीटै शिरमा रहेका ।
रत्नादिका कल्कि खुबै खुलेका ॥५॥

रथी चले सुस्त रथै बढाई ।
चापैविषे बाण पनी लगाई ॥
चढेर नै बाहनमा निजैका ।
ठूला-ठुला वीर हिंडे सजेका ॥६॥

सेना समुद्रै सरि बढ्न लाग्यो ।
जो काफरै हो उ उठेर भाग्यो ॥
गजादि-अश्वादि र ऊँट आदी ।
हींडे लहर् पारि शरादि लादी ॥७॥

श्रीद्रोण थीए रण भूमि माहाँ ।
रथै पुग्यो अर्जुनको र ताहाँ ॥
वर्षा गरे बाणहरू दुवैले ।
लडाइँ भैगो पहिले शरैले ॥८॥

१ दूतले ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दुवै तिरैका पनि सैन्य ताहीं ।
गिर्दा भए चोट नितान्त[1] पाई ॥
भीडे शकूनी सहदेव साथै ।
भयो ठुलो युद्ध परेर रातै ॥९॥

श्रीभीम दुश्शासनले गदा ली ।
उत्रेर भैंमा बल खुब् निकाली ॥
ठोक्का भए आफ्नु गदा दुवै पो ।
जान्ने थिए युद्ध दुवै गदाको ॥१०॥

ज्येठा तिनै माद्रि-कुमार आई ।
रोक्दा भए ती कृतवर्मलाई ॥
अगाडि गै सात्यकिले रिसाई ।
रोकी लिए ती कृप वीरलाई ॥११॥

जरासुतैका त्यहिं पुत्र जाई ।
रोके ति द्रोणीकन देख्न पाई ॥
ती शल्यका साथ युधिष्ठिरैले ।
थाली दिए युद्ध त्यजी शरैले ॥१२॥

ती कर्णले गैकन धृष्टलाई ।
छेक्दा भए आफ्नु रथै घुमाई ॥
रातै अँध्यारो छ दिशा छ कालो ।
अस्त्रादि चम्केर हुने उज्यालो ॥१३॥

त्यो रात्रिमा युद्ध हुँदा यसोरी ।
मित्रै र बैरी बुझ्ने कसोरी ! ॥

---

१ बेरै ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ती द्रोणले आफ्नु रथै त्यजेर ।
हिंड्दा भए पैदल पो बढेर ॥१४॥
सामू परे द्रोणजिका द्रुपद् पो ।
ती द्रोणले खड्ग चलाउनू भो ॥
त्यै चोटले घाँटि छिन्यो जसैता ।
टुक्रा दुई भै ति गिरे तसैता ॥१५॥
देख्दा भए द्रोणजिले गिरेका ।
राजा द्रुपद्जी शिर छुट्टिएका ॥
न-जानि मित्रैकन काटि दीएँ ।
भन्ने त फिक्री गुरुले ति लीए ॥१६॥
बढ्यो अँध्यारो रण-भूमि माहाँ ।
गिर्थ्यो अगाड़ी जुन पर्छ ताहाँ ॥
हीरा जडेका मुकुटै गिरेर ।
चम्के तिनै जुन्किरि भैं भएर ॥१७॥
सबै जनाका मुख तर्फ हेरी ।
बोल्दा भए ति गुरु द्रोण फेरी ॥
यो रात्रिको युद्ध भयो न-राम्रो ।
चीनिन्न कुन् हो अरिको र हाम्रो ॥१८॥
दूवै तिरैका सब सैन्य जाई ।
थकाइ मेटुन् त्यजि युद्धलाई ॥
एती भनी युद्ध त रोकि दीए ।
सन्ताप तिन्ले मन बीच लीए ॥१९॥
देखेर चिन्तातुर द्रोणलाई ।
अगाडि तिन्कै कुरुराज जाई ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सोद्धा भए चिंतित देख्छु साह्रै ।
कुन् दुःख लाग्यो ? गुरुजी ! अपारै ॥२०॥
भन्छन् गुरू भूपति ! भन्छु याहाँ ।
हूँदा अँध्यारो रण-भूमि माहाँ ॥
काटेँछु मित्रैकन आज ऐह्ले ।
राजा द्रुपद्‌लाइ न-जानि मैले ॥२१॥
सुनेर भन्छन् कुरुराज फेरी ।
ती द्रोणजीको मुखतर्फ हेरी ॥
मित्रै भए ती द्रुपदै कसोरी ? ।
बुझाइ भन्नोस् ति भए जसोरी ॥२२॥

द्रोणले सुयोधनसित द्रुपद्-मैत्रीको कारण भन्नु ।

लागे भन्न कथा पुरानु गुरुले ❀ राजाजिका सामुमा ।
हे राजन् ! तप गर्नलाइ बनमा ❀ थीएँ बसेको तहाँ ॥
स्नानै गर्न भनी गएँ म यमुना- ❀ जीमा उठी जुन् घरी ।
जोडे हात मलाइ ती द्रुपद्‌ले ❀ देखेर भक्ती गरी ॥१॥
तिम्रो पूर्ण हवस् मनोरथ भनी ❀ बोलेर खूशी भई ।
सोधें तिन्सित जाति नाम मइले ❀ तिन्का नजीकै गई ॥
लागे भन्न तिनै त भूपति भएँ ❀ क्षत्री म हूँ जातमा ।
भाग्यैका वशमा परी गृह त्यजी ❀ आएँ बनै-बासमा ॥२॥
धोका दीकन ती किरातिहरुले ❀ राज्यादि जीती लिए ।
रानी पुत्र र मंत्रिलाइ सँग ली ❀ भागेर निस्की गएँ ॥
जाने ठाम थिएन साथ हतियार् ❀ थीएन केही पनी ।
आएँ जंगलमा बसेर दिन क्यै ❀ आफ्नू बिताऊँ भनी ॥३॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भन्छन् लोक मलाइ ता द्रुपदजी ❀ पांचाल-राज्यै थियो ।
के गर्नूं विधि-लेखले बन तिरै ❀ ल्याई पछारी दियो ॥
एती बात गरेर दुःखित भए ❀ राजा द्रुपद्जी जसै ।
मेरो ता मनमा दया उदय भै ❀ तिन्सीत बोलें तसै ॥४॥
राजन्! लौ हिंड साथ लागि मसितै ❀ आफ्नू स्वदेशै महाँ ।
मैले मार्दछु त्यै किरात-नृपती ❀ देख्छौ तिमीले तहाँ ॥
राखी दिन्छु म तीमिलाइ सहजै ❀ त्यै राजगद्दी महाँ ।
एती गर्न सकें भने म त भएँ ❀ श्रीद्रोण संसारमा ॥५॥
मेरो वाक्य सुनी भने द्रुपदले ❀ क्षत्री थिएँ जातको ।
मैले जित्न सकीन तिन्कन भिडी ❀ तिम्रो सुनें बात यो ॥
जित्छौ आज कसोरि? तिन्कन तिमी ❀ युद्धै न-जान्ने बनी ।
जान्दैनौ धनु हान्न कत्ति तिमि ता ❀ विप्रै हुनाले पनी ॥६॥
एती बात सुनेर ती द्रुपदको ❀ मैले बताएँ अनी ।
प्राप्तैभो जसरी मलाइ त धनु- ❀ विद्या भनेको पनी ॥
यज्ञै गर्नु भयो ठुलो भृगुपती- ❀ जीले बनैमा रही ।
डाकीए सब विप्र वर्ग जति छन् ❀ निम्तो पठाई दिई ॥७॥
यज्ञै पूर्ण भएपछी धनहरू ❀ दीनू भयो दक्षिणा ।
खूशी भैकन विप्र वर्ग त गए ❀ आफ्ना पनी धाममा ॥
सारा ब्राह्मण दक्षिणा लिइ हिंडे ❀ आफ्ना घरैमा जसै ।
पोंचें त्याहिं म ता पछी हुन गई ❀ देखे मलाई तसै ॥८॥
लागे भन्न तिनी विलम्ब गरि पो ❀ आयौ अहीले यहाँ ।
मैले दान गरी दिएँ धन थियो ❀ मेरा जती पासमा ॥
बाँकी ता धनुबाण मात्र रहिगो ❀ सर्वस्व दानै दिएँ ।
साह्रै बेर गरेर ब्राह्मण! तिमी ❀ आयौ लजाई गएँ ॥९॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यस्ता बात सुनेर दुःखित हुँदै ❀ मैले कहें त्यै घरी ।
पैसा पास न-भै दरिद्रि म भएँ ❀ आशा बहूतै धरी ॥
भार्याले भृगुनाथका हजुरमा ❀ जाऊ भनिन् त्यै सुनी ।
आएँथें म त दान लीन अहिले ❀ क्यै पाउँला की भनी ॥१०॥
ब्रह्माले त अभागि गर्दिनुभयो ❀ जस्ले अभागी भई ।
जावस्ता उ कुबेरका भवनमा ❀ पर्ला उपासै तहीं ॥
मेरा वाक्य सुनी तिनैकन दया ❀ लाग्यो र तिन्ले पनी ।
तिम्रो जान्छ दरिद्रता भनि धनु- ❀ विद्या सिकाए अनी ॥११॥
अस्त्रै-शस्त्रहरू समर्पण गरी ❀ ठोक्रो र बाणै धनू ।
दीए श्री भृगुनाथले त्रिभुवनै ❀ जित्नै म सक्छू भनूँ ॥
मेरो भेद बुझेर ती द्रुपदले ❀ गर्दा भए मित्रता ।
आधा राज्य दिने प्रणै पनि गरे ❀ मैले जिताई दिंदा ॥१२॥
मैले खूशि भएर ल्याइ कुटिमा ❀ ती मित्रलाई अनी ।
दीएँ भोजन गर्न पक्व-फल फेर् ❀ क्यै कन्दमूलै पनी ॥
रात्री त्याहिं बिती प्रभात हुनगो ❀ सोही बनैमा जसै ।
हातैमा धनु-बाण लीकन कहें ❀ ती मित्रलाई तसै ॥१३॥
युद्धै गर्न भनेर जाउँ दुइटै ❀ भन्दा ति राजी भए ।
मेरा साथ भएर ती द्रुपदजी ❀ पाञ्चाल देशै गए ॥
सेना तीन करोडले सहित भै ❀ राजा किराती पनी ।
आयो भिड्न भनी जसै समरमा ❀ भन्छन् ति मित्रै अनी ॥१४॥
आए वैरिहरू समस्त अहिले ❀ युद्धै गरौंला भनी ।
गर्नोस् युद्ध चढाइ बाण धनुमा ❀ हे मित्र ! चाँडै भनी ॥
सुन्दा वाक्य ति मित्रका उहि बखत् ❀ ब्रह्मास्त्र त्याग्दो भएँ ।
सेना त्यै चतुरंगिणी कन तहीं ❀ भस्मै गराई दिएँ ॥१५॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गद्दीमा लगि मित्रलाइ मइँले * राखीदिएँ खुश् भई ।
मैले लाइ दिएँ त्यहीं तिलक पो * पांचाल-राज्यै दिई ॥
खूशी भैकन मित्र ती द्रुपदले * भन्दाभए त्यस् घरी ।
आधा राज्य लिनोस् भनेर मकनै * बिन्ती समेतै गरी ॥१६॥
मैले तिन्सित यै भनें खुशि हुँदै * यो अर्ध-राज्यै पनी ।
तिम्ले राखि दिनू बुझीकन स्वयम् * यो मित्रकै हो भनी ॥
ऐल्हे ता बनमा म जान्छु बुझलौ * गर्छु तपस्या उहीं ।
आऊँला म पछी र राज्य लिउँला * माँगेर आधा यहीं ॥१७॥
एती बात गरी बिदा भइ म ता * फेरी बनैमा गएँ ।
साथैमा ऋषिवर्गका मिलिजुली * गर्दै तपस्या रहें ॥
भाग्यैले गरि पुत्र-जन्म भइगो * मैले बनैमा रही ।
आश्वत्थाम भनेर नाम सुतको * राखीदिएँ खुश्भई ॥१८॥
खेल्थ्यो ब्राह्मणका कुमारहरुका * साथै बनैमा गई ।
बोल्थ्यो वाक्य शिशू मिठो मह सरी * बोली त तोते भई ॥
कोही बालकले भनेछ उसँगै * कौनै दिनैमा तहीं ।
गाईकै त 'बुबू' दिइन् जननिले * आनन्द भो त्यै पिई ॥१९॥
यस्तो बात सुनेर पुत्र कुटिमा * दौडेर आई गयो ।
आमाका नजिकै गएर सुतले * यै वाक्य भन्दो भयो ॥
माता ! 'गाइ बुबू' म खान्छु अहिले * देऊ मलाई यहाँ ।
सुन्दा पुत्रवती ति नारिकन ता * पीरै परीगो तहाँ ॥२०॥
थोरै चामल ता रहेछ घरमा * झीकेर तिन्ले लिइन् ।
पींधी पत्थरले अनी अलिकती * पानी मिसाई दिइन् ॥
पातैका त दुना रचेर तिनिले * त्यै दुग्ध हालिन् भरी ।
बाबू खाउ 'बुबू' भनेर नजिकै * दीइन् अगाडी धरी ॥२१॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गाईकै दुध हो भनेर उसले ❀ खुब् हर्ष मानी पियो ।
खुशी भैकन साथिका सँग अनी ❀ खेल्नै भनी गै गयो ॥
देख्दा आफ्नु दरिद्रता अति ठुलो ❀ ती रून लागिन् तहीं ।
आई बाहिरबाट रोदन सुनी ❀ सोधें नजीकै गई ॥२२॥
रुन्छयौ कीन यसोरि दुःख कुन भो ❀ भन्ने सुध्याएँ जसै ।
लागिन् भन्न ति छाति पीटि बहुतै ❀ मेरा अगाड़ी तसै ॥
मैले के भनुँ पुत्रलाइ दुधको ❀ थाहा न-भै यस् घरी ।
सेतो पानि उ ठान्छ दुग्ध यहि हो ❀ भन्ने विचारै गरी ॥२३॥
देख्छू आफ्नु दरिद्रता र अहिले ❀ हाम्रो गृहस्थी पनी ।
धिक्कारै भनि ठान्छु यै जगतमा ❀ दुर्भाग्य कस्तो भनी ॥
इच्छा उठ्छ बिलाइ जान्छ उसरी ❀ कंगालिको त्यै सरी ।
जस्तै क्यै कुलकी ति बाल-विधवा ❀ कै छाति जस्तै गरी ॥२४॥
पुत्रैकी महतारिका सुनि कुरा ❀ मैले भरोसा दिएँ ।
भार्या पुत्र लिएर कष्ट सहँदै ❀ पांचाल पुग्दो भएँ ॥
हेर्दै सुन्दर राजधानि नृपका ❀ पौंचें म द्वारै महाँ ।
ढोकेलाइ भनें गई खबर दे ❀ मित् आइ पूगे यहाँ ॥२५॥
ढोकेले गइ भित्र हाजिरि दियो ❀ हाम्रो र तिन्ले सुनी ।
त्यै बेला धनमत्त भैकन भने ❀ घुस्नै नदीनू भनी ॥
फर्की झट् प्रतिहारिले उहि कुरा ❀ दीयो सुनाई जसै ।
क्रुद्धै भैकन आप दी म त हिंडें ❀ त्यै द्वार त्यागी तसै ॥२६॥
आएँ त्यै घरि हस्तिना-नगरिमा ❀ खेल्थ्यौ तिम्हेरु जहाँ ।
तिम्रो गेंद गिन्यो गईकन लडी ❀ कोही इनारै महाँ ॥
कूवामा जब सोहि कन्दुक पन्यो ❀ झिक्ने कसोरी भनी ।
लाग्यौ हेर्न तिमीहरू उहि बखत् ❀ चिन्तातुरै पो बनी ॥२७॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हान्दा त्यै घरि सिद्ध बाण धनुमा ❀ जोरेर त्यै कूपमा ।
ल्यायो त्यै शरले त गेंदकन झट् ❀ त्यै कूपका डीलमा ॥
त्यो गेंदै मइले लिएर करमा ❀ सुम्पी दिएँ त्यै घरी ।
साह्रै छक्क पर्‍यौ सबै तिमिहरू ❀ देख्दा अचम्मै परी ॥२८॥
सोही गेंद लिई गयौ सब जना ❀ जाहाँ थिए भीष्म ती ।
तिम्ले हाल सुनाउँदा बुझिलिए ❀ आए भनी द्रोणजी ॥
खूशी भैकन ती कुमारहरुका ❀ साथै भई त्यस् घरी ।
आए भीष्म मलाइ भेट्न बनमा ❀ आनन्द चित्तै गरी ॥२९॥
भेटी आदर खुब् गरेर रथमा ❀ राखेर तिन्ले अनी ।
आफ्नै ता घरमा लगे सब जना- ❀ लाई तुरुन्तै पनी ॥
हाम्रो पाउ पखालि आसनविषे ❀ राखेर दानै गरी ।
गाऊँ पाँच दिए मलाइ तिनले ❀ गाई समेतै गरी ॥३०॥
लागे भन्न ति भीष्मले रहु यहीं ❀ छन् राज-पुत्रै जती ।
इन्लाई तिमिले सिकाउ गुरु भै ❀ अस्त्रादि हे द्रोणजी !॥
मानी भीष्मजिका कुरा त्यहिं रहें ❀ त्यै काम गर्छू भनी ।
सामग्री त गृहस्थिको घर समेत् ❀ दीए मलाई अनी ॥३१॥
आफ्नू त्यै घरमा सुखैसँग रही ❀ अस्त्रादि राम्रै गरी ।
सीकाएँ सब बालकादिकन ता ❀ आफ्नै शिशूका सरी ॥
अस्त्रै हान्न सिकेर बालकहरू ❀ जान्ने भएथे जसै ।
दीए हैं गुरु-दक्षिणा ति सबले ❀ आई मलाई तसै ॥३२॥
पालो अर्जुनको थियो र ति पनि ❀ मेरा घरैमा पुगे ।
के दीने गुरुदक्षिणा हजुरमा ❀ यै प्रश्न गर्दा भए॥
मैले अर्जुनलाइ यै कहिदिएँ ❀ पाञ्चालका भूपती ।
मित्रै हुन अपमान ती द्रुपदले ❀ मेरो गरेथे अती ॥३३॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तिम्ले गै तिनलाइ जीति रणमा ❀ बाँधेर ल्याऊ यहाँ।
राखी देउ घमण्डि भूपतिकनै ❀ मेरा थिनै पाउमा ॥
यै माँग्छू गुरुदक्षिणा जब भनें ❀ ती पार्थ ता गै गए।
युद्धैमा जिति बाँधि तिन्कन छिटै ❀ ल्याएर सुम्पीदिए ॥३४॥
मित्रै हुन् बुझि मुक्त-बन्धन गरी ❀ मैले बिदा दी दिएँ।
साह्रै लज्जित भै उठी द्रुपदजी ❀ पाञ्चालमा गै गए ॥
यै हो कारण मैत्रिको बुझ तिमी ❀ राजन् ! यही युद्धमा।
मैले मारिदिएँ ति मित्रकन ता ❀ तिम्रा निमित्तै महाँ ॥३५॥

पार्थसित द्रोण र दुर्योधनको युद्ध।

सेना ती कुरु-पाण्डवादि तिरका ❀ डेरा तिरै गै गए।
खाई-पीइ सकी परी शयनमा ❀ विश्राम गर्दा भए ॥
भोली पल्ट उठी दुवै ति दलका ❀ सेना तयारै परी।
पौंचे त्यै रण-भूमिमा समरका ❀ लागी इरादा धरी ॥१॥
पार्थैको रथ नन्दिघोषकन ता ❀ हाँकेर मैदानमा।
पौंचाए हरिले अगाडि कुरुका ❀ सेना थिए हे जहाँ ॥
त्याग्दै बाण असंख्य अर्जुनजिले ❀ दुर्योधनैका तहीं।
मारे सैनिक धेर एक क्षणमा ❀ खोलो रगत्को बही ॥२॥
ठाऊँ खालि भएन रक्त बगदा ❀ मुर्दा गिरी भूमिमा।
देखी छक्क परे सुयोधनजि ता ❀ पौंचे गुरू छन् जहाँ ॥
भन्छन् द्रोणजिलाइ हे गुरु! म ता ❀ ती पार्थका साथमा।
भिड्ने मन्सुब भो र के गरुँ भनी ❀ आएँ तपाइं कहाँ ॥३॥
राजाको बुझि मन्सुबा ति गुरुले ❀ मन्त्रै पढी झट् तहाँ।
न्यूह्नी फूकिदिए थियो कवच जुन् ❀ तिन्का शरीरै महाँ ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लागे भन्न ति द्रोण भूपति ! सुन्यौ ❀ नारायणी नामको ।
थीयो दिव्य जउन् म सीत कवचै ❀ दीने खुबै काम पो ॥४॥
सोही मंत्र पढेर ता फुकिदिएँ ❀ तिम्रा शरीरै महाँ ।
जाऊ अर्जुनसीत लौ भिड़ तिमी ❀ उत्साह लींदै तहाँ ॥
लेऊ खुब् दृढ़ भै धनू करविषे ❀ मारेर शत्रू जती ।
राज्यै ल्यौ तिमि पृथ्विको सब जिती ❀ मैले बताऊँ कती ॥५॥
पौंचे आफ्नु रथै बढाइ रणमा ❀ ती पार्थका सामुमा ।
देखी तिन्कन पार्थले शर त्यजे ❀ ताकेर ता छातिमा ॥
लागे बाण परन्तु निष्फल भए ❀ टूटेर भैंमा परी ।
फेरी अर्जुनले थपे शरहरू ❀ राम्रै निशाना धरी ॥६॥
ती बाणै पनि व्यर्थ भैं भइ गिरे ❀ देखेर छक्कै परी ।
सोधे कृष्णजिलाइ हेरि मुखमा ❀ ती पार्थले त्यस् घरी ॥
हान्छू बाण जती उती सब टुटी ❀ जान्छन् म छक्कै परें ।
यस्मा भेद भए बताउनु हवस् ❀ हे नाथ ! बिन्ती गरें ॥७॥
भन्नू भो हरिले ति द्रोणगुरुले ❀ नारायणी मन्त्रले ।
राजालाइ फुकीदिए शरहरू ❀ टुट्छन् यही हेतुले ॥
यस्तो भेद सुनेर अर्जुनजिले ❀ हानेर बाणै तहाँ ।
घोड़ा सारथिलाइ मारि सहजै ❀ पारीदिए भूमिमा ॥८॥
राजाजी बिरथी भए भनि गुरू ❀ आफैं अगाड़ी सरे ।
पार्थैलाइ त्यजेर पाँच शरले ❀ घायल् तुरुन्तै गरे ॥
घोड़ा चार भए हरी पनि भए ❀ फेर् वायुपुत्रै पनी ।
घायल् त्यैं घरिमा भए शरहरू ❀ हान्दा गुरुले अनी ॥९॥
क्रुद्ध भैकन पार्थले शर त्यजी ❀ तिन्का रथैका पनी ।
घोड़ा चार दिए गिराइ भुमिमा ❀ शेखी यि गर्छन् भनी ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यागी त्यस् रथलाइ अन्य रथमा * गै द्रोण बस्दा भए ।
ल्याई त्यै रथ पार्थका नजिकमा * फेर् युद्ध थाली दिए ॥१०॥

लागे क्षत्रिहरू दुवै ति दलका * संग्राम गर्नैं अनी ।
थाले बाण प्रहार गर्न रथिले * सेना हटाऊँ भनी ॥
यस्तै औसरमा गदा लिइ हिंडे * ती भीम घुम्दै गरी ।
घोडा हात्ति रथादि धेर तिनले * नासे प्रहारै गरी ॥११॥

कर्णैको रथ भीमका नजिकमा * आई पुग्यो त्यस् घरी ।
भीमैले पनि आफ्नु गै रथ चढे * भिड्ने इरादा धरी ॥
कर्णैको दलमाथि बाणहरुको * वृष्टी गरे भीमले ।
तिन्का ती शरलाइ काटि भुमिमा * पारी दिए कर्णले ॥१२॥

ती दुश्शासन धृष्टद्युम्न दुइको * भैगो लड़ाइं तहीं ।
रोके गै कृपलाइ ता नकुलले * बाणादि हान्दै गई ॥
काशीराज र द्रोण सम्मुख परी * त्यै युद्ध-भूमी महाँ ।
लागे सैनिक मार्न वैरी तिरका * हान्दै शरादी तहाँ ॥१३॥

द्रोणाचार्य-वध ।

साँझै ता परिगो अनी दल दुवै * थाके सरीका बनी ।
फर्के शंख बजाउँदै शिविरमा * विश्राम गर्छौं भनी ॥
लागे भन्न ति धर्मराज नृपती * श्री कृष्णका साथमा ।
चौध्रै ता दिन बीति गो समरको * हे नाथ ! ऐह्ले यहाँ ॥१॥

छन् द्रोणै पुरुषार्थि भीष्म सरिका * धेर् सैन्य मारीदिए ।
यिन्लाई रणमा निभाउन हरी ! * भन्नोस् उपायै भए ॥
हे राजन् ! सुन भन्नु भो प्रभुजिले * भोली बिहानै भई ।
युद्धारम्भ हुँदा उपाय गरनू * तिम्से म भन्छू तहीं ॥२॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आज्ञा देउ ति भीमलाइ तिमिले ❀ ती भीम आफैं गई ।
द्रोणीलाइ परै गरुन् समरका * मैदान देखिन् कहीं ॥
एती गर्न सके ति द्रोण सहजै ❀ आफैं ति मर्छन् तहाँ ।
हानी शस्त्र निभाउनू किन पऱ्यो ❀ तिन्लाइ युद्धै महाँ ॥३॥
त्याहीं भीम थिए सुनेर ति कुरा ❀ बोले तिनैले अनी ।
द्रोणीलाइ रथै समेत् पर तिरै ❀ फाल्नेछु भोली भनी ॥
यस्ता बात सुनी युधिष्ठिर पनी ❀ खूशी बहूतै भए ।
थाकेका सब वीर क्षत्रियहरू ❀ पल्टी निदाई गए ॥४॥
लाली देखिन गो जसै गगनमा ❀ जागे सबै त्यस् घरी ।
हातैमा हतियार ली सब चले ❀ सामू अगाड़ी बढ़ी ॥
दूवै ती दलका सबै रथिहरू ❀ सेनाहरूले गई ।
जल्दी त्यै रणभूमिमा शरहरू ❀ त्यागे प्रसन्नै भई ॥५॥
घोडा अर्जुनका थिए रथमहाँ ❀ सेता बहूतै अनी ।
द्रोणैका हय जो थिए ति रथमा ❀ काला रँगैका पनी ॥
ती दूवै रथ सामु केहि जमिनै ❀ छोडी खडा भै गए ।
त्यै बेला गुरुले त्यजेर शरले ❀ आकाश ढाकी दिए ॥६॥
बाणैको झरि लाइ अर्जुनजिले ❀ ती कौरवैका तहीं ।
धेरै सैन्यहरू गिरे समरका ❀ मैदानमा ज्यान् गई ॥
एकै पल्ट चढ़ाइ बाण धनुमा ❀ एकै सऊ त्यस् घरी ।
हाने अर्जुनले ति द्रोणकन झट् ❀ लागे ति आङ्मा परी ॥७॥
त्यै बेला गुरुले पनी शर सऊ ❀ झीकेर हान्दा महाँ ।
लागी बाण किरीटिका हृदयमा ❀ पीडा गरायो तहाँ ॥
द्रोणैका सँग पार्थको परिगयो ❀ ठूलो लडाइं अनी ।
धेरै खून चुहेर बग्न पनि गो ❀ खोलो समानै बनी ॥८॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ओर्ली झट् रथदेखि भीम दगुरे ❀ हान्दै गदा त्यस् घरी ।
लाग्ने वीर परेर चोट शिरमा ❀ गिर्थे भुमीमा परी ॥
अश्वत्थाम भनेर नाम जसको ❀ क्यै मत्त हात्ती तहीं—
राजा ती कृतवर्मका सँग थियो ❀ साह्रै बलीयो उही ॥९॥
लख्यो त्यै गज भीमका उपरमा ❀ मार्ने इरादा धरी ।
पार्थैको शर लागि त्यै गज गिऱ्यो ❀ ताहीं तुरुन्तै मरी ॥
द्रोणी ताहिं पुगेर भीमसित पो ❀ भिड्दा भए त्यै घरी ।
तीखा बाण निकालि त्याग्न तिनले ❀ लागे अगाडी सरी ॥१०॥
द्रोणीका शरले हजार जनका ❀ प्राणै चली गै गए ।
तिन्को त्यै रथ भीमले कुपित भै ❀ पक्रेर फँकी दिए ॥
अश्वत्थाम समेत त्यै रथ गिऱ्यो ❀ टाढा बहूतै गई ।
जाहाँ श्रीभुवनेश्वरै शिव थिए ❀ जग्गा मजाको भई ॥११॥
भूमिमा जब बज्रनै रथ गयो ❀ टुक्रा हजारौं भयो ।
घोडा सारथिकै त प्राण सहजै ❀ निस्केर ता गै गयो ॥
जम्मा अष्ट चिरञ्जिवीहरु महाँ ❀ यौटा ति द्रोणी भई ।
हूँदा ती अमरै गएन तिनको ❀ प्राणै बची गो रही ॥१२॥
धक्का पर्न गयो र मूर्छित भई ❀ द्रोणी सुते भूमिमा ।
लाग्यो खूब दया नजर् गरि दशा ❀ तिन्को महादेवमा ॥
निस्की त्यै शिव-लिङ्गदेखि शिवजी ❀ ऊठेर जल्दी गई ।
पानी अंजलिमा लिएर तिनका ❀ पौंचे नजीकै तहीं ॥१३॥
हानी त्यै जलले छिटा मुखतिरै ❀ ती विप्रलाई अनी ।
होशैमा शिवले गराउनु भयो ❀ ऊठी बसे फेर् तिनी ॥
देखी श्रीशिवलाइ ताहिं तिनले ❀ जोडेर हातै दुई ।
दीए ढोग उठेर त्यस् बखतमा ❀ घाँटी झुकाई लिई ॥१४॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सेनामा तहिं खल्बली परिगयो ❀ फेंक्दा रथैं भीमले ।
अश्वत्थाम मरे पछारिन गई ❀ ढुंगामहाँ बेगले ॥
हल्ला यो सुनि द्रोणले कटकमा ❀ सोधे निजैका तहाँ ।
मेरो पुत्र कहाँ गयो भन तिमी ❀ अत्यन्त साँचो यहाँ ॥१५॥
लागे भन्न सबै मिली गुरुसँगै ❀ द्रोणी र भीमै भई ।
गर्थे युद्ध ठुलो मरे कि त तिनै ❀ भागे कतै पो गई ॥
सेनाका यि कुरा सुनेर गुरुले ❀ ती भीमलाई पनी ।
सोधे द्रोणि थियो तिमीसित यहीं ❀ लड्दै कता गो भनी ॥१६॥
भन्छन् भीम अघी सरेर गुरुजी ! ❀ मैले गदा त्यागगरी ।
द्रोणीको रथ चूर्ण पो गरिदिएँ ❀ रिस्का वशैमा परी ॥
यस्ता बात सुनेर व्याकुल भए ❀ मिथ्या कुरा हुन् भनी ।
बोले पार्थ यि भीमले समरमा ❀ मारे ति द्रोणी भनी ॥१७॥
आज्ञा कृष्णजिबाट भो उहि बखत् ❀ ती द्रोणलाई तहाँ ।
पूर्वश्राप थियो जउन् त अहिले ❀ तिम्रा उपर्मा यहाँ ॥
आई आज खड़ा भए छ शिरमा ❀ त्यस् निम्ति तिम्ले पनी ।
प्राणै त्याग गरेर जानु परिगो ❀ जाऊ बखत् भो भनी ॥१८॥
सोधे अर्जुनले हरीसित तहीं ❀ त्यस्ता कुरा पो सुनी ।
पाए श्राप कसोरि द्रोण गुरुले ❀ आज्ञा हवस् त्यै भनी ॥
सुन्दा अर्जुनका कुरा प्रभुजिले ❀ भन्नू भयो फेर् तहाँ ।
पैह्ले द्रोण तपादि काम गरथे ❀ बस्दा बनै बीचमा ॥१९॥
द्रोणैका कुटि नेर सोहि बनमा ❀ कोही दिनैमा गई ।
लागे खेल्न कुमार विप्रहरुका ❀ साथी सँगैमा भई ॥
खेल्दा साथिहरू सँगै नकल ता ❀ गर्छ भनी बाघको ।
श्री उद्दालक-पुत्रले उहि बखत् ❀ गर्जे उही ठीकको ॥२०॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आयो बाघ भनेर पत्नि ऋषिका ❀ साह्रै डराई गए ।
त्यै बेला त्यहिं द्रोणले शर झिकी ❀ झट् शब्द-भेदी त्यजे ॥
लाग्दा त्यै शर विप्र-पुत्रकन ती ❀ लोटी मरे त्यस् घरी ।
हल्ला बालकले गरे यि त गिरे ❀ लागेर बाणै मरी ॥२१॥

आए विप्र ऋषी मुनीहरु तहीं ❀ दौडेर जल्दी गरी ।
देखे द्रोणजिले पनी शिशु मऱ्यो ❀ तिन्का शरैले गरी ॥
चित्तैमा अतिसोच भो तिकन ता ❀ उद्दालकैले पनी ।
आई श्राप दिए ति द्रोणकन ता ❀ शोकातुरै[1] पो बनी ॥२२॥

युद्धै-भूमिविषे हुँदा तिमि त्यहीं ❀ झट् पुत्रशोकै परी ।
मर्नै छौ भनि श्राप दी तिनि गिरे ❀ झट् प्राण त्यागै गरी ॥
सोही श्राप भएर आज उदयै ❀ यी द्रोण मर्छन् यहाँ ।
हाम्रो जीत भयो भनेर बुझ लौ ❀ हे पार्थ ! यै युद्धमा ॥२३॥

एती हाल कहेर कृष्ण पनि ता ❀ मौनै हुनू भो जसै ।
भन्छन् द्रोण भएर आकुल अती ❀ श्रीकृष्णलाई तसै ॥
मिथ्यानै रचना तिमी हरघड़ी ❀ गर्छौं मुरारी ! यहाँ ।
बोल्छन् सत्य कुरा युधिष्ठिरजिले ❀ संसारका बीचमा ॥२४॥

सोधीलिन्छू गई युधिष्ठिर सँगै ❀ साँचै हवस् ता उही ।
त्यागीदिन्छु म प्राणलाइ सहजै ❀ ऐह्ले रणैमा रही ॥
सुन्दा वाक्य ति द्रोणका हरि छिटै ❀ ती पार्थलाई लिई ।
पैह्ले पौंचि गए युधिष्ठिर थिए ❀ जाहाँ रथैमा तहीं ॥२५॥

द्रोणैको रथ श्रीयुधिष्ठिरजिको ❀ सामू पऱ्यो त्यै घरी ।
सोधे हात उठाइ झट्ट गुरुले ❀ आँसू नजर्मा भरी ॥

---

१ चिन्तित ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बोल्छौ सत्य कुरा सदा नरपते ! ❀ संसार मिथ्या महाँ ।
मेरो पुत्र गि-यो कि युद्ध गरदै ❀ देख्यौ कि तिम्ले यहाँ ॥ २६॥
बोले सुस्तरि दीनबन्धु हरिले ❀ राजन् ! तिमीले यहाँ ।
भन्देऊ गुरुलाइ द्रोण ति मरे ❀ यै युद्ध-भूमी महाँ ॥
देखेंथें अघिनै यिनै नयनले ❀ भीमै र द्रोणी भई ।
गर्थे युद्ध यि भीमले गरिदिए ❀ प्राणान्त चोटै दिई ॥ २७॥
भन्छन् धर्मकुमार कृष्णकन झट् ❀ हे नाथ ! मैले यहाँ ।
मिथ्या बात कहूँ उसै किन हरी ❀ केका निमित्तै महाँ ? ।
सातै द्वीपविषे छ सम्पति जउन् ❀ सोही मिलोस् ता पनी ।
बोल्ने छैन असत्य बात कहिल्यै ❀ धर्मैं म त्याग्ने बनी ॥ २८॥
यस्ता धर्मकुमारका सुनि कुरा ❀ श्रीकृष्णले त्यस् घरी ।
लागे भन्न उसो भए किन कहू ? ❀ कुन् कारणैले गरी ? ॥
तिम्ले एहि लड़ाइँमा मन दियौ ❀ खेल्दा त्रिपासा तहाँ ।
यस्तो धर्म-विचार कौन तिमिमा ❀ आएन ? सोध्छू यहाँ ॥ २९॥
राजा जौन प्रतापि श्रीद्रुपदकी ❀ पुत्री अती सुन्दरी ।
जो हुन् ती पटरानि द्रौपदिजिको ❀ चुल्ठो कसैले धरी—
तान्दै ती कुरुका सभा-भवनमा ❀ दुश्शासनैले जसै—
ल्याएथ्यो तब धर्म गो कुन तिरै ❀ कस्ता तवर्लें तसै ॥ ३०॥
हे राजन् ! तिमिले त शर्मकन ता ❀ त्यागी दियौ जुन्घरी ।
संझिन् द्रौपदिले मलाई मनमा ❀ रोइन् पुकारा गरी ॥
तिम्ले ती सब बातलाइ कसरी ❀ भूली गएका यहाँ ? ।
एती बात कहेर मौन ति भए ❀ श्रीकृष्णजी ता तहाँ ॥ ३१॥
कृष्णैका यि कुरा सुनी नृपतिको ❀ चित्तै बुझी त्यस् घरी ।
लागे भन्न ति द्रोणलाइ तिनले ❀ ऊँचा अवाजै गरी ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अश्वत्थाम त मारिए नर ति हुन् ❀ की कुंजरै हुन् तिनी ।
अर्धै-वाक्य सुने ति द्रोण गुरुले ❀ सोही बखतमा पनी ॥३२॥
एही कारण ता पऱ्यो प्रभुजिले ❀ शंखै बजाई दिए ।
सूनेनन् अनि अर्ध-वाक्य गुरुले ❀ सोही पत्याई लिए ॥
यस्तै औसरमा ति सप्त-ऋषिजी ❀ आकाश-मार्गै महाँ ।
आई झट्ट खड़ा भए अनि पछी ❀ देखे गुरुले तहाँ ॥३३॥
लागे भन्न ति द्रोणलाइ ऋषिजी ❀ जो हुन् भरद्वाजले ।
पैदा भै ऋषि-वंशमा किन तिमी ❀ डूबी गयौ गर्वले ? ॥
गर्छौ धर्म ति क्षत्रियादिहरुको ❀ शस्त्रादिले यस्घरी ।
मर्छौ ता तिमिलाइ स्वर्ग कहिल्यै ❀ मिल्दैन याहीं मरी ॥३४॥
हाम्रो वाक्य लिएर आज शिरमा ❀ त्यै ब्रह्मरन्ध्रै पनी ।
योगैले गर भेदनै यहि कुरा ❀ राम्रो बताए भनी ॥
यस्तो आर्ति सुनेर झट्ट धनु त्यै ❀ राखे उसै बीचमा ।
पानीको लिइ झारि आचमन पो ❀ गर्दा भए है तहाँ ॥३५॥
एतीले गरि देह शुद्ध तिनले ❀ फेर् अंगन्यासै पनी ।
गर्दै ध्यान धरेर मौन ति भए ❀ बोल्दीन केही भनी ॥
एही अन्तरमा विराट नृपती ❀ आई अगाडी तहीं ।
लागे हाँक सुनाउँनै तिकन ता ❀ गर्जेर सामू भई ॥३६॥
छोडी ध्यान तुरुन्त द्रोणगुरुले ❀ हातैविषे ली धनू ।
बाणै त्यागि दिए भनेर रिसले ❀ लौ चोट तिम्ले सहू ॥
लागी गर्दनमा विराट नृपको ❀ त्यै बाणले फेर् अनी ।
काटीएर गिऱ्यो शिरै मुकुटका ❀ साथै भुमीमा पनी ॥३७॥
भन्छन् सप्तऋषी उसै समयमा ❀ फेर् ध्यान छोडीदिई ।
लाग्यौ के तिमि युद्ध गर्न अहिले ❀ आफ्नू धनू पो लिई ? ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भन्छन् द्रोण सुनेर हाँक तिनको ❀ ज्ञानै हराई यहाँ ।
मैले भूप विराटको बध गरेँ ❀ व्यर्थै म गर्थें कहाँ ॥३८॥
यस्तो उत्तर दी त्यजेर धनु त्यै ❀ पानी अचाई लिए ।
योगैका बलले ति द्रोणगुरुले ❀ ज्यान् छोडिदींदा भए ॥
द्रोणैको अनि प्राणवायु चलिगो ❀ पाएर ऊर्ध्वै गती ।
आए अर्जुन-कृष्ण हेर्न उ बखत् ❀ दौडेर चाँडो अती ॥३९॥
धृष्टद्युम्न रिसाई उत्रि भुमिमा ❀ खड्गै उजाई लिए ।
द्रोणैको शिरलाइ काटि जिमिमा ❀ तिन्ले गिराई दिए ॥
लागे खुब् जय बोल्न फौजहरुले ❀ ती पाण्डवैका तहीं ।
सेना कौरवका मलीन ति भए ❀ कान्ती हराई गई ॥४०॥

युधिष्ठिरलाई संताप लाग्नू, श्रीकृष्णले सम्झाउनु ।

गै गो त्यै दिन ता ढलेर सहजै ❀ साँझै परीगो अनी ।
फर्के कौरव-पाण्डवादि तिरका ❀ विश्राम गर्नैं भनी ॥
खाई-पीइ सकी बसी कुरुपती ❀ मंत्रीजिका साथमा ।
गर्थे बात तहीं ति द्रोणि पनि ता ❀ पौंचीगए रातमा ॥१॥
देखी तिन्कन ती सुयोधनजिले ❀ भन्दा भए त्यै घरी ।
हे द्रोणी! गुरु द्रोण वीरगतिमा ❀ प्राप्तै भए ती गिरी ॥
धृष्टद्युम्नजिले खिचेर तरवार् ❀ हानेर गर्दन् महाँ ।
पृथ्वीमा शिर द्रोणको गिरिगयो ❀ देख्यौं सबैले तहाँ ॥२॥
द्रोणी क्रुद्ध भए सुनेर यि कुरा ❀ भन्छन् अगाडी सरी ।
मार्छू पाण्डवलाइ सैन्य सहितै ❀ भोली लडाईं गरी ॥
पापी त्यै पशु-तुल्य धृष्टकन ता ❀ मैदानमै मारुँला ।
त्यै बेला म पिताजिलाइ जलको ❀ खल्को पनी हालुँला ॥३॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यस्तै औसरमा रही शिविरमा ❀ ती धर्मराजै अनी ।
लागे भन्न मुरारिलाइ उ बखत् ❀ हे नाथ ! मिथ्या पनी—
मैले बोल्नु पर्‍यो गुरूसित तहीं ❀ आज्ञा हजुर्को भई ।
सोही गर्छ मलाइ फिक्रि बहुतै ❀ एही मनैमा रही ॥४॥
आज्ञा गर्नुभयो सुनेर यि कुरा ❀ श्रीकृष्णजीले पनी ।
धर्मैको गति सूक्ष्म हुन्छ भवमा ❀ भन्छन् ति ज्ञानी मुनी ॥
जस्ले झूट कुरा गर्‍यो उहि गयो ❀ आनन्दले स्वर्गमा ।
बोल्ने सत्यकुरा छ जो उहि गयो ❀ आखीरिमा नर्कमा ॥५॥
जस्ले बोल्छ कुरा विचारि समयै ❀ त्यस्लाइ दुःखै पनी ।
कैल्है हुन्न उ सौख्य-युक्त रहला ❀ सप्रेर जाला अनी ॥
आज्ञा एति सुनेर छक्क परदै ❀ भन्छन् ति राजा तहीं ।
आज्ञा गर्नु हवस् कथा जउन हो ❀ सुन्छू म ऐल्है यहीं ॥६॥
देखी आग्रह भूपको प्रभुजिले ❀ आज्ञा गरे त्यस्घरी ।
राजाका दरबारमा घुसिगयो ❀ क्वै चोर जल्दी गरी ॥
पक्री त्यस्कन ता सिपाहिहरुले ❀ ल्याए सभामा जसै ।
झट्का दीकन चोर उम्कन गयो ❀ दौडे सिपाही तसै ॥७॥
त्याहींनै नजिकै तपोवन थियो ❀ त्याहीं पस्यो चोर ता ।
लुक्यो गैकन आड पारि तरुको ❀ आए सिपाही त्यता ॥
थीए एक ऋषी तहीं ति सबले ❀ सोधे कता गो भनी ? ।
देखाए ऋषिले उ चोरकन ता ❀ खुब् सत्य बोल्ने बनी ॥८॥
पक्री सैनिकले उ चोरकन फेर् ❀ लीएर जाँदा भए ।
आज्ञाले नृपको उ चोरकन ता ❀ घाँटी छिनी पो दिए ॥
लाग्यो ती ऋषिलाइ पाप बहुतै ❀ त्यस्कारणैले गरी ।
नर्कैमा ऋषिजी परे जब मरे ❀ भावी न-टर्ने परी ॥९॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कुन् मौका छ कुरा छ बोल्नु परने ❀ कुन् चाहिं त्यस् कालमा ।
सोही सोचि-विचारि बोल्नु परने ❀ रीती छ जाती यहाँ ॥
भन्नूभो हरिले तसर्थ सबले ❀ बोल्नू विचारै गरी ।
साँचै बात गरेर बस्नु परिगो ❀ तिन्लाइ नकैं परी ॥१०॥
बाबू जो भृगुनाथका तप गरी ❀ बस्थे बनै बीचमा ।
कोही भूपति क्षत्रिले बध गरे ❀ तिन्लाइ पौंची तहाँ ॥
त्यै रिस् फेर्न भनी भृगूपतिजिले ❀ शस्त्रै धरी हातमा ।
क्षत्रीलाई सखाप् गरे बिनि-बिनी ❀ खोजेर पृथ्वीमहाँ ॥११॥
एकै पालि त हैन मार्नु तिनिले ❀ एक्काइसै पालि पो ।
क्षत्री मारि सबै ति पृथ्वीकन ता ❀ दानै गरी दीनु भो ॥
राजा एक थिए सुबाहु नृपती ❀ त्यै हस्तिनापूरमा ।
तिन्लाई भृगुनाथले वध गरे ❀ सेना समेतै तहाँ ॥१२॥
तिन्कै भागि गए कुमार दुइटा ❀ ज्यान्को डरैमा परी ।
धर्नैलाइ भनी भृगूपति गए ❀ तिन्लाइ खेद्दै गरी ॥
भाग्दै बालकहेरु कोहि द्विजको ❀ भित्रै घरैमा गए ।
आफ्नू हाल सुनाउँदै शरणमा ❀ तिन्कै ति पर्दा भए ॥१३॥
तिन्को हाल सुनी दया हुनगई ❀ ती विप्रले त्यै घरी ।
भेषै ब्राह्मणको गराइ सँगमै ❀ राखे सुरैका सरी ॥
आए ती भृगुनाथ ब्राह्मण कहाँ ❀ ऊठेर तिन्ले अनी ।
ढोगी प्रश्न गरे प्रभो ! किन हजुर् ❀ पाल्नू भएको भनी ॥१४॥
लागे भन्न तिनै यहीं सुन तिमी ❀ क्षत्री-कुमारै दुई ।
आएथे तिनिलाइ देउ मकनै ❀ काट्छू म क्रुद्ध भई ॥
भन्छन् ब्राह्मणले त विप्र-सुत पो ❀ पढ्छन् दुईटै यहीं ।
क्षत्री-बालक कोहि छैन म कहाँ ❀ हूनन् ति अन्तै कहीं ॥१५॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पैह्ले एति भनेर आसन दिए ❀ ती विप्रले त्यै घरी।
त्यस्मा ती भृगुनाथ गैकन बसे ❀ हेर्नें इरादा गरी॥
डाकी बालक दूइलाइ द्विजले ❀ देखाइ दीए अनी।
बूझे क्षत्रिय हुन् भनेर तिनले ❀ हेरेर ठिक् हो भनी॥१६॥
भन्छन् ती परशूधरै पनि तहाँ ❀ भूलमा तिमी पर्दछौ।
क्षत्री बालकलाइ विप्र-सुत हो ❀ भन्ने कुरा गर्दछौ॥
मिथ्या बोल्नु हुँदैन ब्राह्मण भई ❀ कुन् काम गर्छौ यहाँ?।
क्षत्री-बालक विप्र हुन्छ कसरी ❀ एही जगत् बीचमा?॥१७॥
दूवै विप्र-कुमार हुन् म सित यी ❀ पढ्छन् भने विप्रले।
भन्छन् ती भृगुनाथ एति सुनि फेर् ❀ सोचेर क्यै चित्तले॥
भन्छौ ब्राह्मण हुन् भनेर तिमिले ❀ पत्यार खातिर् महाँ।
यिन्ले भात पकाइ खानु तिमिले ❀ मेरा अगाडी यहाँ॥१८॥
आज्ञा एति सुनेर पाक्य गरने ❀ वस्तू निकाली दिए।
चौकामा बसि क्षत्रि-पुत्रहरुले ❀ सोही पकाई लिए॥
पाक्यो भात-तिहुन् र पस्किकन झट् ❀ साथै बसी त्यस्घरी।
खाए तीन जना मिलेर जब ता ❀ तिन्को गयो रिस् मरी॥१९॥
मौनै भै भृगुनाथजी चलिगए ❀ जान्छू कुटीमा भनी।
मिथ्या बात गरेर जात द्विजले ❀ फालीदिए ता पनी॥
दोटा प्राण बचाउँदा बहुत भो ❀ तिन्लाइ धर्मै पनी।
तिन्को मृत्यु भएर स्वर्ग मिलिगो ❀ तिन्लाइ बस्नै भनी॥२०॥
यस्ता बात सुनी युधिष्ठिरजिको ❀ चित्तै बुझी गो अती।
आज्ञा भो हरिबाट भूपति! सुन्यौ ❀ भोली बिहानै उठी॥
युद्धै गर्नु अवश्य पर्छ सबले ❀ सोही कुरू-क्षेत्रमा।
सेनाको पति कर्ण हुन्छ कुरुका ❀ सेना समस्तै महाँ॥२१॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तीनै ता दिन कर्णले समरमा ❀ गर्नन् ठुलै वीरता ।
शक्ती इंद्रजिको छ रक्षित सदा ❀ तिन्का तहीं पासमा ॥
गर्छन् मन्सुब पार्थलाइ रणमा ❀ त्यै शक्तिले मार्नको ।
तागत् छैन कुनै त प्राणिहरुमा ❀ त्यस्लाइ ता टार्नको ॥२२॥
पाए देख्न भने ति पार्थकन ता ❀ तिन्ले रणैमा यदी ।
सक्ने को उहि बज्र-शक्तिकन ता ❀ टार्नै अगाडी रही ! ॥
भन्छन् धर्मकुमार निश्चय छ यो ❀ हाम्रा उपर् क्यै गरी—
आयो कष्ट भने तुरुन्त प्रभुले ❀ लीनुन्छ रक्षा गरी ॥२३॥

❀ इति द्रोणपर्व समाप्त ❀

पुस्तक पाइने ठेगाना —
बाबू माधवप्रसाद शर्मा,
वाराणसी-१

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्रीः

महाभारत-कर्णपर्व

कर्ण सेनापति हुनु ।

सीता-पती ति रघुवंश-प्रदीप लाई ।
सम्झेर मानस विषे शिर क्यै झुकाई ॥
गर्छू प्रणाम महिमा छ अहो ! महान ।
होस् कर्ण-पर्व कविता मधुकै समान ॥१॥

मृत्यू भो जब द्रोणको रणविषे * दुर्योधनैमा अती ।
चिन्ता पर्न गयो बनाउनु यहाँ * कस्लाइ सेना-पती ॥
त्यस्का खातिरमा सभा बसिगयो * त्यै कौरवी-सैन्यमा ।
द्रोणी कर्ण र शल्य आदि नृपती * सामेल थीए जहाँ ॥२॥

सारा क्षत्रि मिली विचार गरदा * पार्थै सरीका तहीं ।
वीरै कर्ण यि छन् भनेर ठहऱ्यो * कूरा बहूतै भई ॥
श्रीदुर्योधनले ति कर्णकन ता * सैन्यादिको भार दी—
सेनाकै पतिका पुगी पदविमा * बोल्दा भए झट्ट ती ॥३॥

राजन् ! शत्रु ति पाण्डवादि तिरका * प्राणी जती छन् यहाँ ।
सारालाइ निभाउँछू म सहजै * मैदानका बीचमा ॥
कम्ती छैन म पार्थदेखि त कुनै * योटा पनी बातमा ।
बढ्ताछन् तिनि एक बात हुनगै * पुग्दीन मै दाँजमा ॥४॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तिन्का सारथि कृष्ण छन् मकन हुन् * तिन्कै सरी सारथी ।
सत्रौटा पनि पार्थ मार्छु सहजै * मैले लडाइं गरी ॥
यस्ता बात सुनी भने शकुनिले * कृष्णै सरी सारथी ।
देख्छू शल्यजि छन् अरू म त कुनै * देख्दीन खोजी गरी ॥५॥
यस्ता बात सुनी सुयोधनजिले * ती शल्यलाई तहाँ ।
भन्छन् मातुल ! कर्णको रथ हजुर् * हाँकी दिनोस् युद्धमा ॥
यस्तो काम अह्राउनू अनुचितै * हो जान्दछू ता पनी ।
कृष्णै तुल्य पराक्रमी हजुर छौं * त्यस् निम्ति लाचार् बनी ॥६॥
बिन्ती गर्दछु कर्णको रथ हजुर् * हाँकी दिनोस् ता गई ।
हाम्रो जीत अवश्य हुन्छ रणमा * मद्दत् हजुर्को भई ॥
बातैले गरि शल्यलाइ उ बखत् * राजी गराई लिए ।
कर्णैलाइ पनी सुयोधनजिले * एती सुनाई दिए ॥७॥
सुन्छौ वीर ! ति कृष्ण तुल्य तिमिले * राजाजि शल्यै यहाँ ।
पायौ सारथि हाँक्दछन् रथ यिनै * तिम्रा रही साथमा ॥
आरामै सित मार पाण्डव सबै * सेना समेतै गरी ।
मामा सारथि बन्न राजि हुनु भो * जीतिन्छ युद्धै गरी ॥८॥
राजाज्ञा सुनि कर्णको मन खुबै * आनन्द भैगो अती ।
अंकैमाल गरे ति शल्यकन ता * ती कर्णले झट् उठी ॥
भन्छन् कर्ण नरेन्द्र ! सारथि मिले * यी शल्य-राजा यहाँ ।
जीतै आज गराउँछू हजुरको * मैले लडाइं महाँ ॥९॥
एताको सब हाल दूतहरुले * श्रीधर्मराजा कहाँ ।
आई बिन्ति गरेर मालुम भयो * जो-जो भएको तहाँ ॥
सल्लाहा गरि कृष्णसीत नृपले * जाउन् रणैमा भनी ।
सेनालाइ हुकुम् दिंदा चलिगयो * सेनादि तिन्को अनी ॥१०॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कौरव र पाण्डव तिरका वीरहरूको युद्ध ।

सेना ती दुइ पक्षका चलिगए ❀ मैदानमा त्यस् घरी ।
जाहाँ ता रण-भूमि हो त्यहिं रचे ❀ व्यूहै तयारी गरी ॥
कर्णौंका रथलाइ शल्य नृपले ❀ हाँकेर सोही घरी ।
ल्याए कौरव-सैन्यमा र रमिता ❀ जस्तो भयो त्यै घरी ॥१॥

कर्णौंका रथका पछी शरहरू ❀ बोक्ने ति हात्ती अनी ।
गाडा - ऊँट - कहार - वृन्द बहुतै ❀ हिंड्थे असंख्यै पनी ॥
बाजा युद्ध शुरू हुने सब बजे ❀ ताहीं दुवै सैन्यमा ।
सेतो हात्ति चढेर दाखिल भए ❀ ती धर्मराजै तहाँ ॥२॥

पाँचै भीम र माद्रिपुत्र दुइटै ❀ फेर् धृष्टद्युम्नै पनी ।
आफ्ना बाहनमा बसेर खुशि भै ❀ गर्छौं लडाइं भनी ॥
पार्थैको रथ हाँकि माधवजिले ❀ ल्याए रणैमा तहीं ।
भन्नू भो प्रभुले ति भीमकन फेर् ❀ हे भीम ! तिम्ले यहीं ॥३॥

हाम्रो यै रथको अगाडि हुनगै ❀ यी शत्रुका साथमा ।
भिड्नू पर्दछ सोहि काम गरलौ ❀ एती म भन्छू यहाँ ॥
यो आज्ञा सुनि पार्थले प्रभुजिका ❀ सोधे अगाडी अनी ।
आज्ञा यो किन गर्नु भो हजुरले ❀ यी भीमलाई भनी ॥४॥

यस्तो प्रश्न सुनेर अर्जुनजिको ❀ जल्दी तुरुन्तै अनी ।
भन्नू भो जब सम्म शक्ति रहला ❀ तिन्का करैमा पनी ॥
ताहाँ सम्म अगाडि पर्नु उसको ❀ हूनेछ राम्रो कहाँ ? ।
द्रोणी सीत गएर भिड्नु बढिया ❀ ऐह्ले म देख्छू यहाँ ॥५॥

यस्तै औसरमा लडाइं शुरु भो ❀ ती दूइ पक्षै महाँ ।
हात्तीका सँग हात्ति अश्वहरुका ❀ सामू ति अश्वै तहाँ ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

फौजै का सँग फौज फेर रथिका ❀ साथै रथी गै जुधे ।
ती दूवै कटकादि बाट रणमा ❀ धेरै हतीयार् छुटे ॥६॥
राजा शल्यजिले बढाइ रथ पो ❀ त्यै कर्णको त्यस् घरी ।
ल्याए त्यै रणमा अगाडि सबका ❀ साम्ने मुहूँडा गरी ॥
भीमैको रथ सामुमा पुगि गयो ❀ ती भीमले झट् अनी ।
हाने बीस शरै ति कर्णकन ता ❀ ताकेर लागोस् भनी ॥७॥
देखी तिन्कन कर्णले तब भने ❀ काहाँ गए पार्थ ती ? ।
पार्थैलाइ कता पठाइ अहिले ❀ आयौ अगाडी तिमी ? ॥
यस्ता वाक्य सुनाइ भीमकन फेर् ❀ पच्चीस गिन्ती गरी ।
जोरी झट् धनुमा त्यजे शर छुटे ❀ मानू ति भाला सरी ॥८॥
सातै बाण त्यजेर अश्वहरुका ❀ घाऊ गरे अंगमा ।
एता भीम उता ति कर्ण हुनगै ❀ चोटै चले जंगमा ॥
त्यै बेला कृतलाइ गै नकुलले ❀ रोके अगाडी भई ।
ती दुर्योधनको युधिष्ठिरजिको ❀ युद्धै परीगो तहीं ॥९॥
भीडे गै सहदेवजी शकुनिका ❀ साथै ठुलो क्रोध ली ।
लागे गिर्न शरैहरू समरमा ❀ पानी परे झैं गरी ॥
कर्णैले शर त्याग् गरी हयहरू ❀ श्रीभीमका चार ती ।
ताहीं मारिदिंदा गिरेर भुमिमा ❀ तिन्को भयो दुर्गती ॥१०॥
आफ्नू भारि गदा लिएर करमा ❀ ती भीम उत्री गए ।
घुम्दै त्यै रणभूमिमा नजिकमा ❀ पर्ने निभाई दिए ॥
हात्तीका शिरमा कुदीकन गदा ❀ ठोक्थे तिनी जुन् घरी ।
फूटी मस्तक धेर् बगेर गिदिने ❀ गिर्थे ति हात्ती मरी ॥११॥
कोही वीर ति नाम ता द्विरद हो ❀ भिड्ने इरादा धरी ।
सौ भाईहरु साथ लीकन तिने ❀ आए अगाडी सरी ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वर्षाए शर भीमका उपरमा ❀ सौ प्राणिले फेर् अनी ।
हाने मुग्दलले तिनै द्विरदले ❀ ती भीमलाई पनी ॥१२॥
तिन्का मुग्दलको प्रहार छलदै ❀ ती भीमले छातिमा ।
हान्दा भारि गदा उठाइ रिसले ❀ पूगे ति पञ्चत्वमा ॥
गर्दै खूब प्रहार लीकन गदा ❀ ती भीमले युद्धमा ।
सौ भाईहरुमा त बीसकन पो ❀ मारीदिए छिन्महाँ ॥१३॥
कर्णैले शर त्यागि त्यै बखतमा ❀ घोडा ति चारै अनी ।
धृष्टद्युम्नजिका गिराइ रणमा ❀ दीए रथैका पनी ॥
धृष्टद्युम्नजिलाइ पारि बिरथी ❀ ती कर्णले त्यै घरी ।
हाने तीक्ष्ण शरै ति भीमकन ता ❀ लागे शरीरै भरी ॥१४॥
लाग्दा चोट ति भीमलाइ जिउमा ❀ टिक्नै न-सक्नू भई ।
अन्तै भीम चलीगए उहि बखत् ❀ त्यै स्थान छोडी-दिई ॥
पौंचे त्यै घरिमा युधिष्ठिर तहीं ❀ ती कर्णका सामुमा ।
हाने बाण दशै त कर्णकन ता ❀ लाग्दा भए छातिमा ॥१५॥
लागे बाण भनेर फेरि नृपले ❀ लीएर बीसै अरू ।
हाने बाण थपेर कर्णकन ता ❀ छीटो अती के भनूँ ॥
कर्णैले सहि चोट बाणहरुको ❀ बाणै दशै झट् लिए ।
ताकी ती नृपती युधिष्ठिर कनै ❀ ती बाण त्यागी दिए ॥१६॥
लागे गैकन कर्णका शरहरू ❀ राजाजिका अंगमा ।
भन्छन् कर्ण ति धर्मराजकन ता ❀ बोल्दै कुरा व्यंगमा[1] ॥
हे राजन्! तिमिले ति पार्थकन ता ❀ दीयौ लुकाई कहाँ ? ।
आयौ आफु अघी सरेर म सितै ❀ भिड्ने भनी युद्धमा ॥१७॥

१ छेड्का कुरामा ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

देखाऊँ पुरुषार्थ कुन् म अहिले ❀ तिम्रा अगाडी महाँ ?।
शक्तीमा तिनि पार्थ छन् म सरिका ❀ तिन्लाइ खोज्छू यहाँ ॥
बोले सारथि शल्यले उहि बखत् ❀ हे वीर सेनापती !।
बाँधी लेउ यि धर्मराजकन लौ ❀ मौका छ राम्रो अती ॥१८॥
यिन्लाई लगि ती सुयोधनजिका ❀ सुम्पीदिंदा हातमा।
हाम्रो जीत हुनेछ बन्धन यिनै ❀ पर्दा यही युद्धमा ॥
यस्तै औसरमा चढेर रथमा ❀ ती धृष्टद्युम्नै तहीं।
आई रोकीलिए ति कर्णकन ता ❀ सामू अगाडी गई ॥१९॥
त्यागी बाण अनेक सैनिकहरू ❀ ती कर्णका त्यस् घरी।
तिन्ले मारि दिएर भूमि रणको ❀ छोप्यो शवैले[1] गरी ॥
एकापट्टि तहीं रणाङ्गणविषे[2] ❀ द्रोणी र पार्थै पनी।
गर्थे युद्ध अपूर्व वृष्टि शरको ❀ गर्दै जितौंला भनी ॥२०॥
द्रोणीले करमा सहस्र शर ली ❀ त्यागे उसै बीचमा।
बीचैमा शर त्यागि अर्जुनजिले ❀ काट्दा गिरे भूमिमा ॥
दूवैको अति घोर युद्ध हुनगो ❀ घोड़ा र हात्ती रथी।
लागे गिर्न अघीसरी मरि-मरी ❀ पाएर वीरै गती ॥२१॥

कर्णद्वारा घटोत्कच-वध।

युद्धैमा दिन त्यै बितेर नजिकै ❀ आएछ सन्ध्या पनी।
युद्धै बन्द भएन सैनिकहरू ❀ भिड्दै रहे तै पनी ॥
भन्नू भो हरिले घटोत्कच तहीं ❀ थीए र सोही घरी।
जाऊ सैन्य लिएर वीर तिमिले ❀ तिन्कै अगाड़ी सरी ॥१॥
माया-युद्ध गरेर कौरव सबै ❀ सेना र सेनापती।
तिम्ले नष्ट गराउ वीर ! सँगमा ❀ ती राक्षसी सैन्य ली ॥

१ मुर्दाले। २ युद्धस्थलमा।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आज्ञा प्राप्त हुँदा प्रणाम गरि झट् * तिन्ले उसै बीचमा ।
डाके राक्षस सैन्यलाइ र छिटै * भैगो अँध्यारो तहाँ ॥२॥
त्याहीं कौरव-सैन्यका उपरमा * आकाश मार्गै भरी ।
पौंचे राक्षस-वर्ग बाणहरुको * वर्षा तुरुन्तै गरी ॥
लागे हान्न शिला र वृक्ष हतियार् * आकाश देखिन् जसै ।
अङ्गै-भङ्ग भएर सैनिकहरू * धेरै गिरे पो तसै ॥३॥

घोरान्धकार हुन गैकन युद्ध माहाँ ।
हातै पनी नजरले त न-देख्नु ताहाँ ॥
आकाशबाट अति वृक्ष शिला गरेर ।
आपत्तिकाल पुगि गो रणमा कुदेर ॥४॥
हा ! प्राण गो भनि ति घायल गिर्न थाले ।
पानी पिलाउ भनि कोहि पुकार्न लागे ॥
तिग्रा टुट्यो गरुँ कसो ? भनि कोहि प्राणी—
थाले पुकार्न नजिकै छ कि साथि ठानी ॥५॥
देखेर दृश्य रणमा प्रलयै सरीको ।
फिक्री अशान्ति डरले मन ता भरी भो ॥
भन्छन् सुयोधन पुकारि ति कर्णलाई ।
हे मित्र ! छौ तिमि कहाँ कहु यो मलाई ? ॥६॥
देऊ तिमी अब घटोत्कचलाइ मारी ।
हानी गर्‍यो सकल सैन्य विनाश पारी ॥
भन्छन् ति कर्ण नृपलाइ नरेन्द्र ! ऐह्ले ।
सक्नेछु मार्न यसलाइ अवश्य मैले ॥७॥
यो बज्र-शक्तिकन पार्थ वधार्थ मैले ।
राखी रहेंछु त्यहि त्यागनु कसोरि ऐले ? ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भन्छन् सुयोधन तिमी कुन बात गर्छौं ? ।
त्यै पार्थको भय वृथा मन बीच धर्छौं ॥८॥
भोली सबै जन मिलीकन घर्न पाई ।
सक्छौं निभाउन सुन्यौ यहिं पार्थलाई ॥
तस्मात् तिमी असुरलाइ गिराउ ऐले ।
त्यै बज्र-शक्ति त्यजि मारन भन्छु मैले ॥९॥
भन्छन् ति कर्ण विधि-लेख भयो न-टर्ने ।
मार्थें म पार्थकन भोलि भए न-मर्ने ॥
राजन् ! अह्राउनु भयो उहि काम गर्छू ।
हेर्नू हवस् असुरको अब प्राण हर्छू ॥१०॥



त्यै बज्र-शक्ति शरलाइ झिकेर हेरी ।
ताँदो विषे धरि खिचेर तुरुन्त फेरी ॥
ताकेर त्यै असुरलाइ त्यजे जसै ता ।
लाग्यो गई हृदयका बिचमा तसै ता ॥११॥
लोटयो घुमेर उ घटोत्कच त्यैं भुमीमा ।
हंसै भने उडिगयो सुरका पुरीमा ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मारेर त्यस्कन त शक्ति उडेर गै गो ।
फेर् इन्द्रकै त करमा रहने उ भै गो ॥१२॥
खूशी सुयोधन भए जब त्यै मरी गो ।
श्रीकृष्णको हृदय-पद्म पनी खिली गो ॥
रोकेर युद्ध उ बखत् निज बासमाहाँ ।
पौंचे दुवै कटकका ति जवान ताहाँ ॥१३॥

भीमले फिक्रीगर्नु, कृष्णले बुझाउनु ।

मृत्यु भै रणमा घटोत्कच गिरे ❀ सूनी खबर् त्यै घरी ।
माता तिन्कि हिडम्बि रोदन गरिन् ❀ हा पुत्र ! भन्दै गिरी ॥
भीमैका पनि चित्तमा हुनगयो ❀ सन्ताप-शोकै अती ।
आज्ञा गर्नु भयो बुझाइ हरिले ❀ खोल्दै जगत्को गती ॥१॥
सुन्छौ भीम ! वृथा छ शोक गरनू ❀ जो जन्म लिन्छन् यहाँ ।
मर्नै पर्छ अवश्य एक दिन ता ❀ हुन्छन् न-मर्ने कहाँ ? ॥
आफ्नू प्राण ति वीरले त्यजिदिए ❀ एही कुरू - क्षेत्रमा ।
रक्षा अर्जुनको गरे खुद मरी ❀ मैदानका बीचमा ॥२॥
थामी साहसलाइ भीम ! तिमिले ❀ आफ्नू प्रतिज्ञा पनी ।
पूरा गर्नु अवश्य पर्दछ सुन्यौ ❀ कर्त्तव्य त्यै हो भनी ॥
क्षत्री भैकन बात राख्नु परने ❀ रीतै छ संसारको ।
तस्मात् युद्ध गरेर गर्नु अरिको ❀ योग्यै छ संहार पो ॥३॥
तेह्रै वर्ष बित्यो ति द्रौपदिजिले ❀ आफ्नू अझै सम्म ता ।
बाँधेकी छइनन् जुरो बुझ तिमी ❀ सम्झी प्रणैलाइ ता ॥
सम्झाऊनु भयो कुरा प्रभुजिले ❀ यस्तो र सोही सुनी ।
छूट्यो शोक ति भीमको रिस बढ्यो ❀ मार्छू म बैरी भनी ॥४॥

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कर्णैका सँग युद्ध भै समरमा ❀ ती धर्मराजै पनी ।
घायल् भै त्यहिं पो थिए उस बखत् ❀ देख्दा मदौरू[1] बनी ॥
भन्छन् अर्जुनलाइ धर्मसुतले ❀ हे पार्थ ! संग्राममा ।
तीखा बाणहरू मलाइ बहुतै ❀ हानेर ता अंगमा ॥५॥
कर्णैले जिउ थिल्थिलो गरिदिए ❀ घायल् बहूतै भएँ ।
उम्की बल्ल लडाइँबाट म यहाँ ❀ आएर बाँची गएँ ॥
साह्रै चोट परी रिसै पनि उठ्यो ❀ हे पार्थ ! तिम्रो धनू—
धिक्कारै छ शरीर ता चलनि भो ❀ मेरो अहीले भनूँ ॥६॥
कर्णैका शरले त अंग भरिमा ❀ घाऊ मलाई भयो ।
तिम्रो पौरुष फेरि गाण्डिव धनू ❀ ठान्छू म धिक्कार भो ॥
यस्ता वाक्य सुनी युधिष्ठिरजिका ❀ ती पार्थ क्रुद्धै भए ।
तिन्का दक्षिण बाहु ता कमरको ❀ मीयान[2] नेरै गए ॥७॥
आफ्ना बाहुलिले ति अर्जुनजिको ❀ बाहू समाती लिई ।
सम्झाई हरिले फुल्याउनु भयो ❀ तिन्लाइ शिक्षा दिई ॥
साथैमा रहि भोजनै ति सबले ❀ गर्दा भए त्यस् घरी ।
विश्रामादि गरेर रात्रि बिति गो ❀ निद्रा बहूतै परी ॥८॥

शल्यले कर्णको निन्दा गर्नु ।

रातो पूर्व कुना भयो गगनको ❀ राम्रै उज्यालो भई ।
सेना ती दुइ पक्षका समरमा ❀ पौंचे हतीयार ली ॥
ती सेनापति कर्ण आफ्नु रथमा ❀ आएर बस्दा भए ॥
हेरी सारथि शल्यराजकन फेर् ❀ आज्ञा तुरुन्तै दिए ॥१॥
देखौला तिमि शल्य ! आज रणमा ❀ गर्नेछु जुन् वीरता ।
आजै मार्दछु पार्थलाइ रणमा ❀ उम्केर जानन् कता ? ॥

१ बिमारी । २ तरवारको खोल ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मेरो यै रथ हाँकिदेउ तिमिले ❀ छन् पार्थ जुन् ठाउँमा ।
कर्णौं हूँ म त मै समान भन लौ ❀ कुन् वीर होला यहाँ ॥२॥
एती सारथि सीत बात गरि फेर् ❀ ती कौरवी सैन्यमा ।
हेर्दैं कर्ण ति भन्दछन् स्वर पनी ❀ चर्कैं गरी बोल्नमा ॥
आजै युद्ध गरेर पार्थसित खुब् ❀ शस्त्रास्त्र त्यागै गरी ।
मारी दिन्छु म पार्थलाइ रणमा ❀ जानन् अवश्यै गिरी ॥३॥
कोही दूत भए गएर बुझ लौ ❀ छन् पार्थ ऐल्हे कहाँ ? ।
त्यस्लाई धन रत्न ग्राम घर खेत् ❀ दिन्छू इनामै महाँ ॥
सुन्छू ती लुकि हिंड्दछन् यहिं कतै ❀ मेरा डरैमा परी ।
फेला पारि निभाउँछू म सहजै ❀ तिन्लाइ युद्धै गरी ॥४॥
यस्ता बात सुनेर शल्य बहुतै ❀ हाँसेर भन्छन् तहीं ।
हे सेनापति ! बोल्दछौ किन उसै ❀ विक्षिप्त जस्तै भई ? ॥
मार्छू अर्जुनलाइ भन्नु तिमिले ❀ यै युद्धभूमी महाँ ।
पारी जानु समान ठान्दछु म ता ❀ पौड़ेर सिन्धू महाँ ॥५॥
मिर्गैले गइ सिंहलाइ कसरी ❀ मार्ला लडाइं गरी ? ।
मिर्गै हौ तिमि पार्थलाइ नरले ❀ ठान्छन् मृगेन्द्रै सरी ॥
देख्यौ की सपना बसेर रथमा ❀ श्रीपार्थ मार्ने यही ? ।
हाँसो उठ्छ मलाइ ता गफ कुरा ❀ सुन्दा रथैमा रही ॥६॥
बुद्धीलाइ गरेर आफ्नु वशमा ❀ बोल्छन् ति बोल्नेहरू ।
बोल्छौ कर्ण तिमी त मन्परि उसै ❀ तिम्रो कुरा के गरूँ ? ॥
कौवाको अनि हंसको जुन कथा ❀ पैल्हे भएको थियो ।
तिम्रो बात सुनेर आज मनमा ❀ त्यो सम्झना भै गयो ॥७॥
सुन्दा क्रुद्ध भएर शल्यसित फेर् ❀ ती कर्ण सोद्धा भए ।
कौवाको अनि हंसको कहु कथा ❀ तिम्लाइ यादै भए ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भन्छन् शल्य अघी कुनै समयमा * कोही तलाऊ महाँ ।
कौवाको अनि हंसको हुन गयो * भेटै उसैं बीचमा ॥८॥
भन्दो भो उहि काग हंससित गै * हे मित्र ! साथै धरी ।
तीमीसीत उडेर जान्छु म पनी * ऐह्ले समुद्रै तरी ॥
पारी सागरको गएर हरियो * राम्रो चउर्मा दुवै ।
खूशी भै चरुँला दुभो नरम खुब् * हामीहरू तृप्त भै ॥९॥
कौवाका यि कुरा सुनेर बहुतै * हाँसेर हंसै पनी ।
लाग्यो भन्न वृथा छ आँट्नु तिमिले * तर्छू समुद्रै भनी ॥
थाकौला तिमि शक्ति छैन ति दुवै * तिम्रा पखेटा महाँ ।
डुब्ने छौ असहाय भैकन तिमी * गैह्रो जलै बीचमा ॥१०॥
दीयो उत्तर कागले उहि बखत् * कुन् बात गर्छौ यहाँ ? ।
तिम्रै साथ उडेर जान्छु म पनी * डुब्दीन त्यै पानिमा ॥
एती बात गरी चलौं अब भनी * दूवै ति पंछीहरू ।
लागे सागर माथि उड्न खुशि भै * त्यस्को कुरा के गरूँ ? ॥११॥
चारै कोश जती उड़ेर अनि ता * त्यै काग थाक्दो भयो ।
लाग्यो भन्न उडूँ कसोरि अहिले * यो देह गल्दै गयो ॥
लागें बुड्न म पानिमा गरुँ कसो * यो ज्यान् बचाऊ तिमी ।
भन्दा भन्दछ हंस बल्ल तिमिले * चेत्यौ अहीले भनी ॥१२॥
त्यै कौवाकन पीठमा धरि लिई * फर्केर हंसै गयो ।
सोही पोखरिका पुगेर तटमा * त्यस्लाइ राखीदियो ॥
एती काम गरेर हंस अनि फेर् * आफैं उड़ी बेगले ।
गै गो सागर पारि सो सब कुरो * देखें यिनै नेत्रले ॥१३॥
बाँधी सागर माथि बाणहरुको * साँघू तयारै गरी ।
जस्ले ता हनुमानलाइ प्रणमा * जीते अगाड़ी सरी ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उस्तासीत भिड़ेर जित्दछु भनी * व्यापारि जस्तै बनी ।
राख्दैछौ शरकै भकारि रथमा * बाँधेर भारी पनी ॥१४॥
जीतौला तिमिले भनेर कसरी * पत्याउँ मैले यहाँ ? ।
फर्काईकन गौ लगे जुन बखत् * तीमी हरायौ कहाँ ? ॥
भन्छन् कर्ण रिसाइ व्यर्थ यि कुरा * गर्छौ तिमी यस् घरी ।
देख्नेछौ पुरुषार्थ आज रणमा * यै कर्णको बेसरी ॥१५॥
लैजाऊ रथ हाँकि अर्जुनजिका * साम्ने अगाड़ी महाँ ।
आजै युद्ध त पर्छ पार्थसित पो * देख्नन् सबैले यहाँ ॥
हाँके शल्यजिले तुरुन्त हय फेर् * दौड्यो रथै खुब् गरी ।
रोके तिन्कन भीमले उहि बखत् * आफैं अगाड़ी परी ॥१६॥

कर्णको बहादुरी, पाण्डवसेनामा हाहाकार पर्नु ।

भीमैका सँग लागि सैन्य पनि ता * ती पाण्डवैका तहाँ ।
आए वीरहरू मिलेर बहुतै * राजा-रजौटा महाँ ॥
कर्णैले धनु ली त्यजी शरहरू * लाखौं सिपाही पनी ।
मारे त्यै रणभूमिमा अति छिटो * आए यि लड्नै भनी ॥१॥
पाञ्चाले तिरका रथीहरु थिए * पाँचै जना त्यस् घरी ।
तिन्लाई पनि मारि वीर अरु धेर् * मारे शरैले गरी ॥
यस्तै औसरमा सुषेण कहिने * ती कर्णका पुत्रले ।
भाला त्याग गरेर भीमकन ता * घायल् गरे रीसले ॥२॥
यस्ले चोट गर्‍यो भनेर रिसले * ती भीम जागी गए ।
तीखो बाण त्यजेर तिन्कन तहीं * मूर्छा गराई दिए ॥
कर्णैको रथलाइ बाणहरु धेर् * हानेर सोही घरी ।
सारा ढाकिदिए वृकोदरजिले * केही न-देख्ने गरी ॥३॥

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

काटी ती शरजाललाइ सहजै ❀ ती कर्ण निस्के तहाँ ।
भीमैले अनि शक्ति त्याग गरियो ❀ लागेछ छाती महाँ ॥
त्यस्को ख्याल नराखि तीक्ष्ण शर झट्❀ जोरी धनूमा लिए ।
भीमैको पनि छाति ताकिकन पो ❀ सोही चलाई दिए ॥४॥
गाडीयो शर बेगले हृदयमा ❀ ती भीमजीको जसै ।
खूशी भैकन कर्णले पनि भने ❀ तिन्लाइ हेरी तसै ॥
आफू तुल्य छ वीर जुन् उ सित पो ❀ भिड्नू निको हो यहाँ ।
आयौ मैसित युद्ध गर्न तिमि ता ❀ बुद्धी हरायो कहाँ ? ॥५॥
मान्दैनौ यदि टिक्‌दछौ यहिं भने ❀ निर्जीव पार्छू यहाँ ।
जाऊ अन्त तिमी बताउ मकनै ❀ छन् पार्थ ऐल्हे कहाँ ? ॥
त्यै बेला रथ पार्थको प्रभुजिले ❀ दौडाउँदै खुब् गरी ।
ल्याई सामु गरी खडा गरिदिए ❀ ती कर्णकै त्यस् घरी ॥६॥
भन्छन् पार्थ ति भीमलाइ उबखत् ❀ याहीं म आईगएँ ।
त्यै दुश्शासन सीत युद्ध गरनोस् ❀ इच्छा हजुर्को भए ॥
भिड्छू आज म कर्णसीत रणमा ❀ दाज्यू र भाई यहीं ।
हेरून् त्यै पुरुषार्थ यै समरमा ❀ अत्यन्त छक्कै भई ॥७॥

कर्ण र अर्जुनको भयंकर युद्ध ।

एती बात गरेर भीमकन ता ❀ अन्तै पठाई दिए ।
हातैमा अनि पार्थले निज धनू ❀ गाण्डीव थामी लिए ॥
वर्षाए शर कर्णमाथि उ बखत् ❀ छोपी दिशादी दशै ।
कर्णैले शर त्यागि बाणहरु ती ❀ काटी गिराए सबै ॥१॥
पार्थैले अनि अग्निबाण करमा ❀ लीएर मन्त्रै गरी ।
त्याग्दा बाण छुटेर अग्निहरुका ❀ ज्वाला ति लाखौं थरी ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

निस्की त्यै शरदेखि कर्ण-दलमा ❀ दौड़ेर जाँदा भए ।
धेरै सैनिकलाइ भस्म तिनिले ❀ सल्केर पारीदिए ॥२॥
कर्णले यहि दृश्य देखिकन झट् ❀ आगो निभोस् यो भनी ।
हातैमा जल-बाण ली त्यजिदिए ❀ आगो मरीगो अनी ॥
लाग्यो पर्न झरी ठुलो रण भरी ❀ भीजे मनुष्यै कती ? ।
त्यागीयो पवनास्त्र अर्जुनजिले ❀ सूके ति पानी जती ॥३॥
लागे गिर्न टुटी ध्वजाहरु खुबै ❀ आँधी बतास्को चली ।
कर्णले तब सर्प-बाण त्यजियो ❀ निस्के बहूतै फणी[1] ॥
नागादीहरुले पिए पवन त्यै ❀ ती पार्थले फेर् अनी ।
हाने बाण मयूर-अस्त्र रिसले ❀ जोरी धनूमा पनी ॥४॥
आए धेर मयूर उत्रि भुमिमा ❀ आकाश देखिन् झरी ।
तिन्ले सर्पहरू सबै टिपि-टिपी ❀ खाईदिए त्यस् घरी ॥
सारा सर्प सकी मयूर-गण ती ❀ ऊडेर अन्तै गए ।
पार्थैले अनि कर्णले शरहरू ❀ फेर् वृष्टि गर्दा भए ॥५॥
सेना ती दुइमा असंख्य शरको ❀ वर्षा हुनाले गरी ।
ढाकीए दश ती दिशा र विदिशा ❀ हेर्दै अँध्यारो गरी ॥
हेर्थे युद्ध ति देवताहरु सबै ❀ वीरै दुवैको तहीं ।
देख्नू मुश्किल भो असंख्य शरले ❀ आकाश ढाकीदिई ॥६॥
ती दूवै दलले ति वीर दुइटै- ❀ लाई न-देख्दा महाँ ।
चिन्तामा ति परे कसो हुनगयो ❀ भन्ने विचारी तहाँ ॥
तीखो बाण झिकेर जोरि धनुमा ❀ हान्ने इरादा गरी ।
आँट्दामा त्यहिं कर्णले प्रकट भो ❀ क्वै सर्प सामू परी ॥७॥

---

१ सर्प ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सर्पैंले तब भन्छ "कर्ण! बदला ❀ लीने विचारै गरी ।
आएको छु म पार्थसीत अहिले ❀ मेरा तिनै हुन् अरी ॥
सूक्ष्मैरूप लिएर एहि शरको ❀ टुप्पा तिरै बस्दछू ।
त्यागौला शर यै म बेगसित गै ❀ तिन्लाइ ता डस्दछू ॥८॥
ती कृष्णार्जुन नन्दिघोष रथ फेर् ❀ घोडा समेतै गरी ।
मैले निल्छु गएर शीघ्र गतिले ❀ ठूलो स्वरूपै धरी ॥
चुंचुक् नाम हुने ति सर्पहरुमा ❀ खूबै बलीयो म छू ।
तिम्रो पाइ सहायता क्षणिकमा ❀ बैरी सबै निल्दछू ॥९॥
मेरो त्यै पुरुषार्थ हेर्नु तिमिले" ❀ एती कहेको सुनी ।
खूशी भैकन कर्णले पनि भने ❀ लौ बस्न आऊ भनी ॥
सानू रूप धरेर सर्प बसि गो ❀ टुप्पा तिरै बाणको ।
भन्छन् कर्ण सचेत पार्थ! अब हौ ❀ हान्दैछु यै बाण पो ॥१०॥
पैह्ले एति भनेर बाणकन ता ❀ त्यागीदिएथे जसै ।
रूपै बिघ्न ठुलो धरे छ उ बखत् ❀ त्यै सर्पले पो तसै ॥
फैलीएर फणा तहीं गगनमा ❀ श्रीसूर्य छोपी दियो ।
छन् सूर्यै तर अन्धकार बहुतै ❀ सोही बखतमा भयो ॥११॥
सोधे अर्जुनले हरीसित प्रभो! ❀ आकाशमा सूर्य भै ।
बढ्दो भो तम पो कसोरि रणमा? ❀ आज्ञा हवस् शीघ्र यै ॥
प्रश्नै अर्जुनको सुनेर हरिले ❀ भन्नू भयो त्यै घरी ।
पैह्ले खाण्डव-दाहका समयमा ❀ बाँच्ने इरादा धरी ॥१२॥
उड्थी गर्भिणि नागिनी गगनमा ❀ घुर्मी भनेकी तहीं ।
तिम्रै ता शरले पुछर् गिंडिदियो ❀ भागेर बाँची उही ॥
पाताले-पुरिमा गईकन बसी ❀ छोरो पनी जन्म भो ।
त्यै घुर्मी-सुत लीनलाइ बदला ❀ ऐह्ले यहीं आइगो ॥१३॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एती भेद बताइ फेरि हरिले ❀ आज्ञा दिनू भो तहीं ।
तिम्ले हे हनुमान ! यो रथ छिटै ❀ देऊ जमिन्मा थिची ॥
आज्ञा पाइ तुरुन्त खुब् बल गरी ❀ थीचे कपीले अनी ।
नन्दीघोष सबै धस्यो पृथिविमा ❀ हेर्दा नदेख्ने बनी ॥१४॥
ती दूवै तिरका मनुष्यहरुले ❀ ठाने रथै जो धस्यो ।
सर्पैले त निलीदिए छ उसको ❀ ठूलो भुँडीमा पस्यो ॥
आयो सर्प न-पाउँदा रथ फिरी ❀ त्यै कर्णका पासमा ।
श्याबास् ! निल्न सक्यौ भनी खुशि भए ❀ राधेय त्यै आशमा ॥१५॥
बोले शल्यजिले वृथा किन उसै ❀ यो सर्पलाई यहाँ ।
तिम्ले ता सह्नी गऱ्यौ अबुझ भै ❀ संग्रामका बीचमा ? ॥
जस्का सारथि कृष्ण छन् उ रथ ता ❀ को सक्छ निल्नै पनी ? ।
सोधी ल्यौ यहि सर्पलाइ तिमिले ❀ खुल्नेछ बातै अनी ॥१६॥
यस्तै औसरमा उचालि हरिले ❀ त्यै नन्दिघोषै पनी ।
पृथ्वीमै त खडा गराउनु भयो ❀ देखुन् सबैले भनी ॥
खूशी पाण्डव तर्फका जन भए ❀ देख्दा रथैं त्यस् घरी ।
भन्छन् शल्य ति कर्णलाइ उ बखत् ❀ औंलो उतै पो गरी ॥१७॥
हे सेनापति कर्ण ! ताहिं छ रथै ❀ ती पार्थको यस् घरी ।
सर्पैलाइ सह्लाउनू हुनगयो ❀ ऐह्ले उ मिथ्या सरी ॥
यस्तो वाक्य सुनेर कर्णकन ता ❀ क्रोधै उठीगो अनी ।
लागे भन्न झुटा कुरा किन गऱ्यौ ? ❀ हे सर्प ! निल्छू भनी ॥१८॥
चुंचुक् भन्दछ कर्णका समिपमा ❀ हे भाइ ! ठान्छू म ता ।
ठूलोनै छल पो भएछ अहिले ❀ पाइन त्यस्को पता ॥
टुप्पामा शरको म बस्छु गइ फेर् ❀ त्यै बाण तिम्ले अनी ।
छोड्नू निल्छु अवश्य त्यै रथ म गै ❀ लाग्दैन बेर् क्यै पनी ॥१९॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नन्दीघोष रथै समेत् हय पनी * चारै ति चाँड़ो गरी ।
निल्छू ती भगवान् र पार्थकन ता * मैले सलक्कै गरी ॥
भन्छन् कर्ण सुनेर वाक्य अहिको * विश्वास तिम्ले दियौ ।
सोही वाक्य असत्य पो भइगयो * पापी तिमी भै गयौ ॥२०॥

पत्याउन्न कदापि जान जति हुन् * तिम्रा कुरा यस् घरी ।
नर्कैमा गइ बस्नुपर्छ तिमिले * विश्वासघातै गरी ॥
सुन्दा वाक्य ति कर्णको रिस उठी * त्यै सर्प भन्दो भयो ।
मर्ने छौ तिमि कालकै मुख परी * हे कर्ण ! ठान्छू म यो ॥२१॥

चुंचुक् नामक सर्प एति कहँदै * आफ्ना घरैमा गयो ।
कर्णैको अनि पार्थ वीरवरको * फेरी लडाइं भयो ॥
लागे हेर्न बसी विमान उपरै * आकाशमा देवता ।
आई त्यै रणभूमिमा ऋषि-मुनी * हेर्थे लड़ाइं ति ता ॥२२॥

भीमले दुःशासनलाइ मारी उस्को रगतले द्रौपदीको केश भिजाउनु ।

त्यै दुश्शासनको र भीमसिन्नको * आफ्ना रथैमा रही ।
ठूलो युद्ध हुँदो भयो समरमा * दूवै ति क्रुद्धै भई ॥
हानी बाण तिखा वृकोदरजिले * दुश्शासनैका पनी ।
चारै अश्व मरे गिरेर रणमा * निर्जीव जस्तै बनी ॥१॥

त्यै दुश्शासनले पनी शर त्यजी * घोडा र फेर् सारथी ।
भीमैका पनि मारि बेस बदला * लीयो छिटै खुब् अती ॥
दूवै वीरहरू भएर विरथी * उत्रेर त्यै भूमिमा ।
लागे हान्न गदा उठाइ रिसले * देखे सबैले तहाँ ॥२॥

लाग्दा सोहि गदा गएर जिउमा * आवाज चर्को भई ।
बज्रै पर्नगए सरी सब जना * ठान्थे ति प्राणी तहीं ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हानाहान गरे गदा ति दुइले * क्यै काल सम्मन् पनी ।
हारे जीत भएन क्यै र रिसले * फाले जमिन्मा अनी ॥३॥
वीरै ती दुइले गदा पृथिविमा * राखेर रिस्मा परी ।
थाले लड्न ति कुश्ति खेलिकन ता * दाऊ र पेचै गरी ॥
कैह्ले हात समाति तानि बलले * उफ्रेर झट्का दिने ।
कैह्ले घात विचारि कम्मर तिरै * लात्ती चलाई लिने ॥४॥
कैह्ले मुड्कि उठाइ शत्रुकन ती * हान्थे रिसैमा परी ।
कैह्ले गर्दनमा समाति करले * तान्थे अगाड़ी सरी ॥
लामा जुल्फि धरेर हानि मुठिले * फेरी शिरैले पनी ।
ठोक्तै गै शिरलाइ आपसमहाँ * ती लड्न लागे अनी ॥५॥
दूवैको त्यहिं मल्ल-युद्ध कन ता * देख्ने ति प्राणी जती ।
लागे गर्न कुरा अहो गजब हो * शक्ती छ यिन्मा कती ? ॥
दूवै वीर थिए अपूर्व भइगो * कुश्ती दूवैको तहाँ ।
छिर्के लाउन खोज्दथे दुइ जना * आफ्ना विपक्षै महाँ ॥६॥
धेरै बेर पछी कुदेर सहसा * ती भीमले त्यस् धरी ।
दीए लात्ति कसेर छाति बिचमा * धक्का उसैको परी ॥
त्यै दुश्शासन गिर्न गै पृथिविमा * घोप्टो परेथ्यो जसै ।
अर्को लात्ति दिएर देह उसको * पल्टाइ दीए तसै ॥७॥
छातीमा धरि पाउ पूर्ण रिसले * ती भीम भन्छन् तहीं ।
सम्झी जुन् अपराध पो अघि गरिस् * तैंले पशूझैं भई ॥
चुल्ठो द्रौपदिको धरेर करले * ल्याई सभा बीचमा ।
भन्थिस् दासि तँ होस् भनेर बहुतै * हाँसेर तैंले तहाँ ॥८॥
तैंले ता ति कुरा सबै भुलिदिइस् * सम्झन्छु मैले उही ।
तेरो छाति चिरी रगत् म अहिले * झिक्छू मुट्ठको यहीं ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तातो सोहि रगत् भरी अँजुलिमा ❀ ती द्रौपदीको पनी ।
हालीदिन्छु म केशमा तँ बुझिले ❀ बाँध्लिन् ति जूरो अनी ॥९॥
त्याहीं नै रथमा थिए नकुलजी ❀ तिन्लाइ हेर्दै गरी ।
भन्छन् भीम गएर भाइ! तिमिले ❀ जल्दी बहुतै गरी—
रानी द्रौपदिलाइ लीकन यहीं ❀ आऊ र तिन्को पनी ।
पूरा हुन्छ प्रणौ जउन् अघि गरिन् ❀ बाँध्दीन जूरो भनी ॥१०॥
आज्ञा पाइ बढाइ त्यै रथ गए ❀ भाई जसै काँहिला ।
लागे भन्न कराइ भीम जुन हुन् ❀ ती पाण्डवै माहिला ॥
सुन्छौ कौरव हो! सभाबिच जउन् ❀ मैले प्रतिज्ञा गरें ।
सोही पूर्ण गराउनाकन यहीं ❀ यस् पाजिलाई धरें ॥११॥
यस्को आज रगत् म खान्छु रणमा ❀ मैले सुनाई दिएँ ।
बाँचेकै छ कुकुर् बचाउ तिमिले ❀ खोसेर तागत् भए ॥
यस्का दाज्यु र भाइ दुष्टहरु ती ❀ ऐह्ले गए की मरी ? ।
आउन्नन् किन ती छुटाउन भनी ❀ यस्लाइ चाँडो गरी ? ॥१२॥
द्रोणी-कर्ण-कृपादि-शल्य - शकुनी ❀ वीरादिमा कोहि ता ।
आउन्नन् किन खोस्न यस्कन भनी ? ❀ मेरा अगाडी यता ॥
यस्ता बात गरेर पूर्ण रिसले ❀ दाह्रा किटेथे जसै ।
मेघै गर्जन तुल्य शब्द सुनियो ❀ सारा डराए तसै ॥१३॥
त्याहीं नेर यता उती सब थिए ❀ ती कौरवादी पनी ।
कोही सामु परेन त्यस् बखतमा ❀ रिस्मा तिनै छन् भनी ॥
रानी द्रौपदिलाइ ली नकुलको ❀ आयो रथै त्यस् घरी ।
उत्रिन् त्यौ रथदेखि रानि भुमिमा ❀ क्यै मन्दहास्यै गरी ॥१४॥

हे रानि ! आउ नजिकै भनि भीमजीले ।
दुश्शासनैकन गलो थिचि बाहुलीले ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu



भीमले दुःशासनलाई मारी कलेजाको रगत पिएको

चित्र सं० १४

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

निर्जीवका सरि गरी नङले त फारी ।
छाती चिरी रगत धेर दिए निकाली ॥१५॥

लीएर त्यौं रगत अञ्जलिमा भरेर ।
ती भीमले नजिक द्रौपदिका पुगेर ॥
हाल्दा रगत् त्यहिं जुरोकन बाँधिदीइन् ।
चूही रगत् वसन लाल गराइ लीइन् ॥१६॥

धारा चुही रगतको कपड़ा भिजेर ।
रातो हुँदा तिनि त चण्डि सरी बनेर ॥
ठान्थे सबै जनहरू रण गर्नलाई ।
दुर्गाजि आउनु भएछ खुबै रमाई ॥१७॥

यस्ता प्रकार सँगले प्रण-पूर्ण पारी ।
ती द्रौपदी गइ भइन् रथमा सवारी ॥
आफू पनी नकुलजी ति बसे रथैमा ।
हाँक्यो रथै अनि त सारथिले मजैमा ॥१८॥

आफ्नू भरी पसरमा रगतै उठाए ।
ती भीमले रगत ओठ भरी लगाए ॥
यस्ता प्रकार सँग पूर्ण कबोल पारी ।
गर्जे ति भीम रणमा स्वर खुब् निकाली ॥१९॥

गै गो रथै नकुलको रण-भूमि त्यागी ।
कर्णार्जुनै अनि भिडे रिसले त जागी ॥
लागे अनेक शर छुट्न रणस्थलैमा ।
गिर्दा भए जन ति घायल भै रणैमा ॥२०॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कर्ण-वध ।

दूवै वीरहरू त मेघ सरिका ❀ तत्काल हूँदा भए ।
बाणै ता जल-बिन्दु झैं रणभरी ❀ चौतर्फ बर्सीगए ॥
मेघै-गर्जन ता हिंडेर रथका ❀ पाङ्ग्रा ति गर्थे तहाँ ।
ती कर्णार्जुनको अपूर्व हुनगो ❀ युद्धै कुरुक्षेत्रमा ॥१॥
मार्छन् पार्थ ति कर्णलाइ रणमा ❀ आजै अगाडी सरी ।
भन्थे आपसमा ति देवहरुले ❀ सोची-बिचारै गरी ॥
ठान्थे दैत्य र राक्षसादिहरुले ❀ ती पार्थलाई यहाँ ।
आजै कर्ण निभाउँछन् तिनिसरी ❀ वीरै छ अर्को कहाँ ? ॥२॥
तीखा बाणहरू चढाइ धनुमा ❀ ती कर्णले त्यै घरी ।
पार्थैलाइ र कृष्णलाइ पनि ता ❀ हाने छिटो खुब् गरी ॥
छातीमा शर लागि रक्त बहुतै ❀ निस्केर पीडा दियो ।
लाग्दा बाणहरू किरीटिकन फेर् ❀ उत्पन्न क्रोधै भयो ॥३॥
तीखो बाण चलाइ अर्जुनजिले ❀ ताकेर हान्दा महाँ ।
कर्णैको पनि छाति भेदिकन गो ❀ निस्केर बाणै कहाँ ? ॥
छातीदेखि रगत् बगेर बहुतै ❀ आङ्का लुगा त्यस् घरी ।
कर्णैका त्यहिं लाल पो हुनगए ❀ रातो रँगाए सरी ॥४॥
राजा शल्य ति सारथीकन पनी ❀ ती पार्थले त्यस् घरी ।
पूरा एक हजार हानि शरले ❀ घायल् गरे खुब् गरी ॥
हेरी अर्जुनलाइ कर्ण रिसले ❀ भन्छन् म ऐह्ले यहाँ ।
सुन्छौ पार्थ ! गिराइ दिन्छु सहजै ❀ तिम्लाइ भूमीमहाँ ॥५॥
यै यौटा शर हान्छु नील-शर पो ❀ यस्लाइ भन्छन् सबै ।
दुर्वाशा ऋषि बाट प्राप्त हुनगो ❀ व्यर्थै न-जाने कबै ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आफैं सारथि भै सँगै रहि तिमी ❀ हाँक्छौ रथै पो अरे !।
प्यारे पङ्कज-नेत्र ! पार्थकन लौ ❀ रक्षा तिमीले गरे ॥६॥
भन्छन् शल्य ति कर्णलाइ भगवान् ❀ जस्का त छन् सारथी।
उस्ताको जिउलाइ कर्ण तिमिले ❀ भन्छौ म गर्छू खती ? ॥
ठोक्रो बाट निकालि नील-शर त्यै ❀ जोरेर ताँदो महाँ।
कानै सम्म खिचेर त्याग गरियो ❀ ती कर्णले फेर् तहाँ ॥७॥
मार्गै लीकन अन्तरिक्ष बिचको ❀ बज्रै छुटे झैं गरी।
आयो अर्जुन तर्फ नील-शर त्यै ❀ मार्ने इरादा धरी ॥
हाने काट्न भनेर बाण बहुतै ❀ ती पार्थले त्यस् महाँ।
लागे किन्तु टरेर नील शर ता ❀ आयो निशाना महाँ ॥८॥
घाँटी लक्ष्य थियो ति अर्जुनजिको ❀ त्यै बाण आई गयो।
थिच्नू भो हरिले रथै जमिनमा ❀ केही घुसी गै गयो ॥
पार्थैका शिरको गिऱ्यो मुकुट ता ❀ काटेर त्यै बाणले।
बाँचे अर्जुनजी दया हुन गई ❀ आनन्दका धामले ॥९॥
तान्नू भो रथलाइ पक्रि बलले ❀ राधापतीले अनी।
पृथ्वीमा उठि आइगो उहि बखत् ❀ त्यै नन्दिघोषै पनी ॥
हाने क्रुद्ध भएर अर्जुनजिले ❀ तीखा शरै खुब् गरी।
काटे ती शरलाइ आफ्नु शरले ❀ राधेयले त्यस् घरी ॥१०॥
लागे गिर्न असंख्य बाण नभमा ❀ पानी परेझैं गरी।
उड्ने पन्छिहरू गिरे पृथिविमा ❀ पाएर चोट् बेसरी ॥
ती कर्णार्जुनका छुटेर शरले ❀ दूवै ति सेना-महाँ।
धेरै प्राणिहरू मरी गिरिगए ❀ मैदानका बीचमा ॥११॥
रस्ता काहिं न भै रणस्थल भरी ❀ मुर्दै उपरमा भई।
लागे चल्न रथादि वीरहरुका ❀ खोजी सुकेझी महीं ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यै बेला शर त्यागि अर्जुनजिले ❀ ती कर्णको झट् गरी ।
लाएको कवचै र त्यै मुकुट फेर् ❀ काटी दिए त्यस् घरी ॥१२॥
बीसोटा शर त्यागि अर्जुनजिले ❀ ती कर्णलाई तहीं ।
मर्मस्थान समस्त घायल गरे ❀ अत्यन्त क्रुद्धै भई ॥
ब्रह्मास्त्रैकन त्यागि अर्जुनजिले ❀ ती कर्णका सैन्यमा ।
लाखौंका शिर ता कतल् गरि दिए ❀ त्यै युद्धभूमी महाँ ॥१३॥
लागिन् बग्न नदी त्यहीं रगतकी ❀ जस्मा ति मुर्दा जती ।
ग्राहा तुल्य भएर उत्रन गए ❀ बग्दै रगत्मा कती ॥
निस्की भूत-पिशाच-डाकिनिहरू ❀ नाचेर गाना गरी ।
लागे प्यून रगत् घुट्ट-घुटु तहीं ❀ आनन्दमा खुब् परी॥१४॥
गिद्धै-जम्बुक-चील-काग बहुतै ❀ कुत्ता ति ठूला पनी ।
आई मासु-ठुँगी लुछी चुँडि त्यहीं ❀ खान्थे मिठो खुब् भनी ॥
घाँटीका बिच मुण्डमाल पहिरी ❀ नन्दी चढेका तहीं ।
लागे शंकर डुल्न प्राणिहरुले ❀ देखे अचम्मै भई ॥१५॥
धेरै बाण चढाइ झट्ट धनुमा ❀ ती कर्णले त्यै घरी ।
कृष्णै-पार्थ-कपी सबैकन गरे ❀ घायल् बहुतै गरी ॥
कृष्णैले रथ नन्दिघोषकन फेर् ❀ एता र ऊता गरी ।
चारै तर्फ घुमाइ हाँक्नु पनि भो ❀ मौका विचारै गरी ॥१६॥
ताकी त्यै रथलाइ जान्छ उ जता ❀ ती कर्णले बाण ता ।
लागे हान्न छिटो गरेर बहुतै ❀ कैल्हे यता फेर् उता ॥
कर्णैको धनुबाट बाणहरु ता ❀ छूटेर सोही घरी ।
पार्थैको रथलाइ झट्ट रणमा ❀ छोप्यो न-देख्ने गरी॥१७॥
भन्नू भो हरिले ति पार्थकन फेर् ❀ हे पार्थ ! चाँडो गरी ।
ब्रह्मास्त्रैकन त्यागि बाण जति छन् ❀ तिम्ले अगाड़ी सरी ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कर्ण पर्व

पृष्ठ सं० ९४९



चित्र सं० १५ कर्णले पृथ्वीमा गाडिएको रथको पाङ्ग्रो दाहिने हातले उचाली देब्रे हातले अर्जुनसित युद्ध गरिरहेको ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

काटी देउ ति गिर्दछन् पृथिविमा ❀ त्यर्थै अबेर् भै गयो ।
आफ्नू जो छ कबोल राख्नु परने ❀ त्यै सम्झ बेला भयो ॥१८॥
जो हून् छ उ हुन्छ निश्चय छ यो ❀ टर्दैन कस्तै गरी ।
पाङ्ग्रो ता रथको धस्यो पृथिविमा ❀ ती कर्णको त्यस् घरी ॥
शल्यै बाट उपाय धेर गरियो ❀ पाङ्ग्रो छुटोस् यो भनी ।
केही शीप चलेन कर्णकन फेर् ❀ भन्छन् ति शल्यै अनी॥१९॥
हे सेनापति ! हाँक्नु दुर्लभ भयो ❀ पाङ्ग्रा रथैका पनी ।
गाडीए भुमिमा जमे सरि भयो ❀ छोड्दै न छोड्ने बनी ॥
यस्ता बात सुनेर कर्ण बहुतै ❀ चिन्तातुरै भैं भए ।
खींचे त्यै रथलाइ पूर्ण बलले ❀ धेरै पसीना चुहे ॥२०॥
आज्ञा कृष्णजिको शिरोपर धरी ❀ ती पार्थले त्यस् घरी ।
ब्रह्मास्त्रैकन त्यागियो र शर ती ❀ टूटे भुमीमा परी ॥
कर्णैले पनि उत्रि झट्ट भुमिमा ❀ पाङ्ग्रो समाती लिए ।
पूर्णै शक्ति लगाइ खिच्न बलले ❀ चित्तै लगाई दिए ॥२१॥
कत्रो तागत कर्णको उहि बखत् ❀ ठिक् चार अंगुल् जती ।
सारा पृथ्वि उठिन् परन्तु रथका ❀ पाङ्ग्रा छुटेनन् रती ॥
भन्नू भो हरिले ति पार्थकन फेर् ❀ तिम्रो यही हो अरी ।
कर्णैको शिर काटिदेउ तिमिले ❀ दिव्यास्त्र त्यागै गरी ॥२२॥
भन्छन् अर्जुनले अधर्म छ ठुलो ❀ यो कार्य गर्दा महाँ ।
मार्नू हुन्न निरस्त्रलाइ कहिल्यै ❀ संग्रामका भूमिमा ॥
आज्ञा गर्नु भयो तुरुन्त हरिले ❀ तिन्का कुरा ती सुनी ।
हेर्छौ धर्म तिमी परन्तु अरुले ❀ हेरे कहाँ त्यै पनी ? ॥२३॥
मार्दा जुन् अभिमन्युलाइ दिनमा ❀ ती कर्ण ताहीं थिए ।
तिन्ले धर्मविचार त्यै दिन पनी ❀ केही न-गर्दै रहे ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यस्ताका सँग आज काम परदा ❀ तिम्ले त धर्मै पनी ।
हेर्छौं ता तिमि भैं छ मूर्ख अरु कुन् ❀ एही जगत्मा अनी ॥२४॥
माता कुन्तिजिले जउन् शर दिइन् ❀ तिम्लाइ राख्नू भनी ।
हानी त्यै शर कर्णको शिर छिटै ❀ देऊ तिमीले छिनी ॥
यै मौका चुकि बस्नु छैन तिमिले ❀ पाङ्ग्रो छुटीगो भने ।
फेरी मार्न सकिन्न यस्कन कभै ❀ एती तिमीले बुझे ॥२५॥
भन्छन् कर्ण ति पार्थलाइ उ बखत् ❀ हे पार्थ ! पृथ्वी महाँ ।
पाङ्ग्रो ता रथको पसी गडि गयो ❀ झिक्तैछु मैले यहाँ ॥
पूर्णै शक्ति लगाइ खिच्छु सहजै ❀ छुट्ने छ पाङ्ग्रो जसै ।
लीनेछू रथमा बसेर धनु फेर् ❀ भिड्नू तिमीले तसै ॥२६॥
त्याहाँ सम्म नछोड गाण्डिव-धनू ❀ एती भनेथे जसै ।
भन्नू भो हरिले सुनुन् तिनि भनी ❀ बोलेर चर्को तसै ॥
के बोल्छौ तिमि कर्ण ! वाक्य अहिले ❀ यी पार्थका साथमा ।
धर्मैको त विचार कुन् गरिलियौ ❀ तिम्ले सभा बीचमा ॥२७॥
आफ्नू स्वार्थ विचारि जौन तिमिले ❀ पापादि धेरै गऱ्यौ ।
तिम्रा ता सब पाप नै उदय भै ❀ फेला रणैमा पऱ्यौ ॥
योटा बालक मार्नलाइ तिमिले ❀ धेरै जना वीर भै ।
घेरा दी अभिमन्युको वध गऱ्यौ ❀ के त्यै थियो धर्म नै ? ॥२८॥
पापी जुन् अपराधि हुन्छ जगमा ❀ आफू अ-धर्मै गरी ।
अर्कालाइ कहन्छ धर्म गर है ❀ तिम्ले उसैका सरी ॥
आफ्नू पालि छँदा अधर्म गरि खुब् ❀ ऐले अरूलाइ ता ।
भन्छौ धर्म न-छोड्नु ठान्छु म त खुब् ❀ पाजी तिमीलाइ ता ॥२९॥
तिम्रा माफिक दुष्ट पापिकन ता ❀ धर्मात्मि जो छन् तिनी ।
मौका पर्नगयो भने खुशि हुँदै ❀ मार्छन् धरम् हो भनी ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यस्ता वाक्य सुनेर कर्ण रिसले * झन् अग्निशर्मा[1] भए ।
ब्रह्मास्त्रैकन त्यागन मन्सुब गरी * दृष्टी धनूमा दिए ॥३०॥
अस्त्रैका जति मन्त्र याद पहिले * थीए मनै बीचमा ।
त्यसबेला त भएन याद किन हो * भूली गए चित्तमा ॥
बिर्सी मन्त्रहरू ति कर्णकन ता * साह्रै निराशा भयो ।
लागे तै पनि खिच्नलाइ रथको * चक्का जउन् भासियो ॥३१॥
ताकी गर्दनमा ति अर्जुनजिले * हाने शरै त्यस् घरी ।
कर्णैको शिर काटिएर शरले * दौड्यो जमिन्मा परी ॥
खूशी भैकन कृष्णले जय भयो * जानुन् सबैले भनी ।
शङ्खैलाइ धरी बजाउनु भयो * सूने सबैले अनी ॥३२॥

खिन्न चित्त कौरवादि र प्रसन्नचित्त पाण्डवादि हुनु ।

मृत्यू भो जब कर्णको शिर गिरी * मैदानका बीचमा ।
खूशी पाण्डव तर्फका जन भए * उत्साह भो पार्थमा ॥
पुष्पै वृष्टि तहीं रणस्थल भरी * देवादि देखिन् भयो ।
चक्का ता रथको त्यजिन् पृथिविले * सैन्यादि देख्दो भयो ॥१॥
रित्तो त्यै रथ ली फिरे शिबिरमा * ती शल्य-राजा अनी ।
ती दुर्योधनलाइ मालुम भयो * बीते ति कर्णै भनी ॥
सन्ध्याकाल भयो भनेर सबले * युद्धादि बन्दै गरे ।
ती दूवै दलले निवास तिरको * रस्ता तुरुन्तै धरे ॥२॥
डेरामा पुगि सैन्यले सहित भै * वीरादिले त्यै घरी ।
शस्त्रादी सब राखि भोजन गरे * आनन्द चित्तै गरी ॥
सेनामा पनि कौरवादिहरुका * दुःखी सबै भै गए ।
सेना पाण्डवका सबै खुशि भई * हाँस्ने तिनै देखिए ॥३॥

१ चौपट्टै रिसाए ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

व्यूहैमा पनि पाण्डवादिहरुका ❀ लाग्यो सभा त्यै घरी ।
सारा वीरहरू गईकन बसे ❀ आनन्द-चित्तै गरी ॥
मारैं कर्ण भनेर पार्थकन ता ❀ शेखी भएथ्यो जसै ।
त्यै बूझी हरिले सुनाउनु भयो ❀ सोही सभामा तसै ॥ ४॥

ठान्छौ पार्थ! तिमी त कर्णकन ता ❀ मैले निभाएँ भनी ।
यौटाबाट मरेन कर्ण रणमा ❀ यो जानिलेऊ तिमी ॥
मार्‍यौं हामिहरू छवै जन भई ❀ त्यै कर्णलाई यहीं ।
को भन्ला यहि कर्णको वध गरे ❀ एक्लै किरीटी गई ॥५॥

मैले फेर् तिमिले र कुन्ति फुपुले ❀ साथैं इनै पृथ्विले ।
इन्द्रैले भृगुनाथले सब जना ❀ हामी छवै प्राणिले ॥
मार्दामा यहिं कर्णको निधन[1] भो ❀ यो जान्नु साँचो भनी ।
मैले पूर्वकथा सुनाउँछु यहीं ❀ जानुन् सबैले भनी ॥६॥

पैह्ले कर्ण यिनै त बालक छँदा ❀ विद्यातिरै दिल् गयो ।
पढ्छू गैं धनुवेद खुब् निपुण भैं ❀ भन्ने मनैमा भयो ॥
भेषै आफ्नु त विप्र-पुत्र सरिको ❀ तिन्ले बनाए अनी ।
सोझै श्री भृगुनाथका कुटिविषे ❀ पौंचे म पढ्छू भनी ॥७॥

चेला विप्रकुमार मात्र तिनका ❀ पढ्थे कुटीमा रही ।
औरै जाति भए पढाउन कभैं ❀ मान्दैनथे ती कहीं ॥
सामू भै भृगुनाथलाइ तिनले ❀ झूकी प्रणामै गरी ।
विद्या त्यैं धनुको म पाउँ गुरुजी ❀ बोले पुकारा गरी ॥८॥

देख्दा भेष ति कर्णलाइ गुरुले ❀ हुन् विप्र-पुत्रै भनी ।
राखी साथ पढाउनू शुरू गरे ❀ विद्या धनूको अनी ॥

१ मरे ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

साथैमा गुरुका रहेर बहुतै ❀ सेवा गुरूको गरी ।
केही काल बिते पछी निपुण ती ❀ हूँदा भए त्यस् घरी ॥९॥
जान्ने खूब भए सिकाइ गुरुले ❀ हान्नै निशाना पनी ।
अस्त्रै-शस्त्रहरू सिकाइ दिनुभो ❀ जानुन् यिनैले भनी ॥
कर्णैका पनि जाँघमा शिर धरी ❀ विश्राम गर्नैं भनी ।
सुत्नूभो भृगुनाथ एक दिन ता ❀ कोही रुखैका मनी ॥१०॥
त्यस्तै औसरमा पुरानु बहुतै ❀ क्वै बिच्छि त्याहीं गयो ।
जाँघैमा पनि कर्णको रिस गरी ❀ त्यस्ले त टोकीदियो ॥
घाऊबाट रगत् चुहीकन भिज्यो ❀ गाला गुरूको जसै ।
निद्रा भङ्ग भएर ती गुरु उठे ❀ आश्चर्य मानी तसै ॥११॥
टोक्ता बिच्छि गएर घाउ हुनगै ❀ धेरै रगत् पो बगी ।
देखे ती भृगुनाथले सहि खपी ❀ चेलो बसेको तहीं ॥
ध्यानै दृष्टि गरेर मालुम भयो ❀ हेर्दा तिनैले तहाँ ।
क्षत्री जात रहेछ ब्राह्मण न-भै ❀ चेलो त सामू महाँ ॥१२॥
दीए क्रुद्ध भएर श्राप गुरुले ❀ जातै लुकाइस् यहाँ ।
अस्त्रैका सब मन्त्र ती भुलिजाएस् ❀ आखीरि बेला महाँ ॥
एती श्राप दिएर क्यै रिस मरी ❀ आयो दया पो जसै ।
दीनूभो शर पाँच कर्ण कन ता ❀ भन्नूभयो फेर् तसै ॥१३॥
साथैमा जब सम्म यी शर हुनन् ❀ तिम्लाइ जित्नै पनी ।
कोही प्राणि सक्वैन जान्नु तिमिले ❀ आज्ञा गुरूको भनी ॥
यी पाँचै शर शत्रुका करविषे ❀ पौंचे भने क्यै गरी ।
तिम्रो मृत्यु हुनेछ जान्नु तिमिले ❀ यो वेद वाक्यै[1] सरी ॥१४॥

१ अति सत्य वचन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आफै दी वर-दान भैं शर दिंदा ❀ खूशी ति कर्णै भए।
ती पाँचै शर ली बिदा भइ उठी ❀ आफ्ना घरैमा गए ॥
थाहा भैकन कुन्तिजी चलिगइन् ❀ तिन्का घरैमा अनी।
माँगिन् ती शर दी दिए प्रण हुँदा ❀ दानी बहूतै बनी ॥१५॥

गाई हर्न भनी विराट पुरिमा ❀ जाँदा तिनै कर्णले।
हाँक्ता गाइहरू सबै हिंडिगए ❀ योटी उठीनन् अरे ॥
त्यै गाईकन लाठिले कुटीदिए ❀ आफै दिइन् भट् अनी।
चक्का पृथ्विविषे गडेर रथको ❀ हूँनेछ मृत्यू भनी ॥१६॥

कुन्तीले शर माँगि कर्णसित त्यै ❀ तिम्लाइ सुम्पिन् अनी।
माँगे कुण्डल दिव्य त्यै कवच फेर् ❀ ती इन्द्र बाहुन् बनी ॥
इत्यादी सब भेद भन्दिनु भयो ❀ श्रीकृष्णजीले जसै।
सुन्ने पाण्डव तर्फका सब जना ❀ छक्कै परे खुब् तसै ॥१७॥

❀ इति कर्णपर्व समाप्त ❀

पुस्तक पाइने ठेगाना —

बाबू माधवप्रसाद शर्मा,

वाराणसी-१

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्रीः

महाभारत-शल्यपर्व

मद्रराज शल्य सेनापति बन्नु ।

ठूला वीर ति कर्ण जुन् दिन गिरे * त्यस्को पनी रातमा ।
ती दुर्योधनले सभा गरि लिए * आफ्ना त्यहीं व्यूहमा ॥
गुन् सम्झे सब सभ्यले हृदयमा * ती कर्णको त्यस् घरी ।
धेरै शोक पनी तहीं प्रकट भो * चिन्ता मनैमा परी ॥१॥

भन्छन् ती कुरुराज सभ्यजनहो ! * एही म ता भन्दछू ।
बीते कर्ण परन्तु गुन् म तिनको * बिर्सन्न यै ठान्दछू ॥
शक्तीमा पुरुषार्थमा जगतमा * ती कर्ण जस्ता अरू ।
पाइन्नन् यहिं वीर खोजि गरदा * धेरै कुरा के गरूँ ! ॥२॥

पार्थै ले भिडि कर्ण मार्न रणमा * तागत् नपुग्ने भई ।
कृष्णैले छल गर्नुभो र तिनको * भै गो इतिश्री तहीं ॥
मेरै ता सब कर्मदोष हुनगै * ज्यान् मित्रको गै गयो ।
हाम्रो क्षत्रिय धर्मले भनुँ भने * राम्रै गती भै गयो ॥३॥

बाँच्नेले रहि कर्म गर्नु परने * कर्त्तव्यमा दी मती ।
तस्मात् प्रश्न म गर्छु कस्कन गरूँ * ऐह्ले म सेना-पती ? ॥
भन्छन् ती कृतवर्मले अघिसरी * यी मद्रराजा सरी ।
कोही अन्य त वीर छैन भवमा * हेर्दा विचारै गरी ॥४॥

तिन्को वाक्य सुनी अरू जति थिए * वीरादि तिन्ले पनी ।
जल्दी बिन्ति गरे ति शल्यकन त्यै * दर्जा दिनूहोस् भनी ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यस्ता बात सुनी सुयोधनजिले ❀ मञ्जूर भै बातमा ।
श्रीसेनापतिको दिए मुकुट ता ❀ ती शल्यका माथमा ॥५॥
भन्छन् ती शकुनी ति शल्यकन फेर् ❀ कीर्ती हजुर्ले लिई ।
राजन् ! पाण्डव पाँचलाइ रणमा ❀ मारी दिनूहोस् गई ॥
भन्छन् शल्य म भोलि हे नरपते ! ❀ सेना लिई साथमा ।
मार्छू पाण्डव पाँच भाइ सहजै ❀ फिक्री न-होस् गाथमा ॥६॥
देख्नेछन् पुरुषार्थ वीरहरुले ❀ मेरो लडाइं महाँ ।
यस्तो बात सुनी सबै खुशि भए ❀ जो-जो थिए है तहाँ ॥
ऊठ्यो सोहि सभा सबै चलिगए ❀ विश्राम गर्नै भनी ।
त्यै रात्री बिति प्रातकाल भइगो ❀ सूर्यै उदाए अनी ॥७॥

दूवै पक्षका वीरहरूको रण-भूमिमा प्रस्थान ।

रोजैका सरि सैन्य दूइ तिरका ❀ आफ्नू तयारी गरी ।
बाजा खूब बजाउँदै चलिगए ❀ मैदानको मार्ग ली ॥
हात्तीमा रथमा तुरङ्गहरुमा ❀ चढ्दै ति वीरादिले ।
बाटो त्यै रणभूमिको खुशि हुँदै ❀ पक्रेर जाँदा भए ॥१॥
हींडे श्रीकृपजी र द्रोणि कृतजी ❀ घोडा - रथैमा चढी ।
वीरादी जन कौरवै तरफका ❀ हींडे अगाडी बढी ॥
पौंचे ती शकुनी पनी रथ चढी ❀ ठिक् वीर भेषै धरी ।
आयो श्रीकुरुराजको रथ तहीं ❀ देख्दा विमानै सरी ॥२॥
राजाकै रथका पछाडि चलने ❀ धेरै ति हात्ती थिए ।
सेना सागर झैं हिंडी पछि-पछी ❀ अत्यन्त शोभा दिए ॥
सेनामै ति निशानका जनहरू ❀ झण्डा-पताका लिई ।
लागे हिंड्न विकम्प पारि पृथिवी ❀ धूलो उड़ाई दिई ॥३॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

निस्के कौरवका रथीहरु जती ❀ आफ्ना रथैमा रही ।
हातैमा धनुबाण पीठ तिर ता ❀ ठोक्रो शरैको लिई ॥
हींडे पाण्डव तर्फका रथि पनी ❀ भिड्ने इरादा गरी ।
भाला बर्छि र खड्ग मूसल गदा ❀ आफ्ना रथैमा धरी ॥४॥
हात्ती माथि सवार धर्मसुत फेर् ❀ पौंचे ति मैदानमा ।
आए पार्थ पनी चढेर रथमा ❀ श्रीकृष्णकै साथमा ॥
देहैमा त्यहिं पार्थको कवच त्यै ❀ टल्टल् गरी टल्कने ।
हातैमा छ प्रसिद्ध गांडिव धनू ❀ झल्झल् गरी झल्कने ॥५॥
पीठ्यूँमा कहिले पनी न-सकिने ❀ ठोक्रो छ राम्रो अती ।
साथैमा भगवान् जगत्पति हुँदा ❀ शोभा कती हो कती ॥
दाहीने करमा लगाम् छ जसको ❀ देब्रे करैमा पनी ।
चाबुक् थाम्नु भएर अश्वकन ता ❀ कुट्ने जगत्का धनी ॥६॥
रत्नैका बहुमूल्य पैह्रि मुकुटै ❀ हेरेर एता उती ।
हाँस्दै हाँक्नु हुने रथै ति हरिको ❀ धोती पहेंलो अती ॥
जस्का सुन्दर त्यै ललाट बिचमा ❀ देख्दा त्रिशूलै सरी ।
टीका कस्तुरिको विचित्र रचना ❀ लिन्थ्यो सबै दिल् हरी ॥७॥
क्रोधैले गरि नेत्र लाल दुइ छन् ❀ देख्दा रिसाहा अती ।
मानू रुद्र तिनै त हुन् प्रलयका ❀ जस्को छ भिन्नै गती ॥
आएका रथमा चढेर करमा ❀ ठूलो धनूबाण ली ।
देखीए तहिं भीमसेन जिउका ❀ खुब् हृष्टपुष्टै बली ॥८॥
पीठैमा चढि अश्वका नकुलजी ❀ पौंची गए त्यै घरी ।
आए ती सहदेव स्वर्ण-रथमा ❀ आफैं सवारी गरी ॥
धृष्टद्युम्न र वीर क्षत्रिहरु फेर् ❀ धेरै जना अश्वमा ।
चढ्दै खूब कुदाउँदै पुगिगए ❀ त्यै युद्धका क्षेत्रमा ॥९॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हिंड्ने पैदल सैनिकादिहरुमा ❀ लीने धनू-नै कती ।
हातैमा फरसा गदा र तरवार् ❀ भाला लिने फेर् कती ॥
खाँडा खड्ग त्रिशूल बर्छि खुकुरी ❀ मूशल् घुँएत्रो लिने ।
पौंचे सोहि बखत् रणस्थल महाँ ❀ अग्ला खुबै देखिने ॥१०॥

दुवै दलका वीरहरूको युद्ध ।

दूवै थरीका जति सैन्य थीए ।
तिन्ले लडाईं तिर चित्त दीए ॥
पैदल् भिडे पैदलका सँगैमा ।
सवार् सवारै सित पो रणैमा ॥ १ ॥

चित्रसेन ति कौरवादि तिरका ❀ क्वै वीर थीए तहीं ।
तिन्ले ता विरथी गरे नकुलजी- ❀ लाई अगाडी गई ॥
तीनोटा शरले निधार बिचमा ❀ घाऊ लगाई दिए ।
हातैमा लिइ खड्ग ती नकुलजी ❀ कूदी भुमीमा गए ॥२॥
चित्रसेन पनी लिएर करमा ❀ खड्गै रथै त्याग् गरी ।
लागे गर्न प्रहार ती नकुलका ❀ सामू अगाडी परी ॥
खड्गैले रण गर्नमा नकुलजी ❀ चौपट्ट जान्ने थिए ।
मौका पाइ ति चित्रसेनकन ता ❀ काटी गिराई दिए ॥३॥
नामै ता सतसेन एक अनि फेर् ❀ दोश्रा सुषेणै तहीं ।
दोटै कर्ण-कुमार हुन् नकुलका ❀ सामू अगाडी गई ॥
लागे त्याग्न शरादि खुब्सित जसै ❀ देखेर रिस्मा परी ।
दूवैका रथ तोड्दिए नकुलले ❀ वर्षा शरैको गरी ॥४॥
शक्ती-बाण त्यजेर झट् नकुलले ❀ सत्सेनको ज्यान् लिए ।
खड्गैले दिइ चोट् सुषेणकन द्वी ❀ टुक्रा बनाई दिए ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मृत्यू कर्णकुमारको हुन गई ❀ ठूलो डरैमा परी ।
लागे कौरव-सैन्य भाग्न उ बखत् ❀ चिन्ता बहूतै गरी ॥५॥
लागे भाग्न भनेर सैन्य उ बखत् ❀ ती मद्रराजा गई ।
थाले त्याग्न शरादि पाण्डु दलमा ❀ अत्यन्त क्रुद्धै भई ॥
तिन्कै ता धनुबाट छूटि शरले ❀ सेना गिराए अती ।
तालैका फल झैं गिरे शिरहरू ❀ पाण्डूदलैमा कती ॥६॥
देख्दामा पुरुषार्थ शल्यनृपको ❀ उत्साह फेरी लिई ।
भाग्ने ती कुरु-सैन्य फर्किकन झट् ❀ आए अगाडी भई ॥
भाग्ने सैन्य फिऱ्यो भनेर रिसले ❀ त्यै शल्य मार्छौं भनी ।
पौंचे सात्यकि धृष्टद्युम्न उ बखत् ❀ कालाग्नि जस्तै बनी ॥७॥
ताहीं आइपुगे शिखंडि ति पनी ❀ तीनै जनाले भई ।
थाले हान्न शरै ति शल्यकन ता ❀ तिन्कै अगाडी रही ॥
तिन्का ती शर काटि मद्रपतिले ❀ प्रत्येकलाई तहाँ ।
हाने है शर ता दशै दश लिई ❀ लागे गई देहमा ॥८॥
शल्यैका शरले दिशा र विदिशा ❀ आकाशलाई पनी ।
छोपी ढाकिदियो रणस्थल भरी ❀ मेघै सरीको बनी ॥
वीरै पांडव तर्फ सोमक थिए ❀ अर्का प्रभद्रक् पनी ॥
शल्यैका शरले खतम् भइ गिरे ❀ मुर्दा समानै बनी ॥९॥
सारा पाण्डव - सैन्यमा खलबली ❀ पर्दोभयो त्यस् घरी ।
आए पाण्डव पाँच भाइ अनि ता ❀ वर्षा शरैको गरी ॥
पाँचै पाण्डव ता पुगे त्यहिं भनी ❀ द्रोणी कृतैजी अनी ।
साथैमा शकुनी सुयोधन पुगे ❀ घेरेर मार्छौं भनी ॥१०॥
पाँचै भाइ मिलेर पांडवहरू ❀ ती शल्यलाई तहाँ ।
लागे गर्न प्रहार तीक्ष्ण शरले ❀ ताकेर देहै महाँ ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तिन्का बाणहरू घुसेर जिउमा ❀ घाऊ लगाई दिए ।
लाग्यो बग्न रगत् लुगाहरु सबै ❀ तिन्का भिजी गैगए ॥११॥
भीमैलाइ र धृष्टलाइ कृतले ❀ रोके अगाडी गई ।
रोके द्रौपदि-पुत्रलाइ कुरुका ❀ सेना नजीकै रही ॥
माद्रीका दुइ पुत्रलाइ सहजै ❀ द्रोणी अगाड़ी सरी ।
रोके अन्त न-जान दी रिस गरी ❀ बाणादि वर्षा गरी ॥१२॥
ती दुर्योधनले अगाड़ि हुनगै ❀ ती पार्थलाई तहीं ।
रोके बाण तिखा त्यजेर उ बखत् ❀ अत्यन्त क्रुद्धै भई ॥
शल्यैका सुतलाइ माद्रि-सुत ती ❀ भाई दुवैले तहाँ ।
देख्दैमा शर हानि ज्यान् लिइदिए ❀ गिर्दा भए भूमिमा ॥१३॥
शल्यैले रिसले अनेक शर ली ❀ हान्दै र थप्दै गरी ।
घाऊ धर्मकुमारका जिउमहाँ ❀ लाईदिए त्यै घरी ॥
घायल् दाज्यु भए भनेर रिसले ❀ ती भीम क्रुद्धै भए ।
उफ्री गै रथदेखि मद्रपतिका ❀ घोडा निभाई दिए ॥१४॥
त्यागी त्यै रथलाइ अन्य रथमा ❀ जल्दी सवारी गरी ।
हान्दै बाण अनेक बैरि-दलमा ❀ उत्साह राम्रै धरी ॥
राजा शल्य पुगे फिरी ति रणमा ❀ श्रीकृष्णजीले पनी ।
नन्दीघोष त्यहीं पुऱ्याउनु भयो ❀ युद्धै भईगो अनी ॥१५॥
द्रोणीका सँग भीमको रण भयो ❀ खुब् बाण वर्षा गरी ।
धृष्टद्युम्न भिडे कृपैसित गई ❀ आफ्नू धनुर्बाण ली ॥
ती दुर्योधन श्रीयुधिष्ठिर दुवै ❀ राजाहरूले पनी ।
लागे त्याग्न परस्परै शरहरू ❀लोट्नु यि चाँडै भनी ॥१६॥
ती दूवै दलका जवानहरुले ❀ त्याग्दा हतीयार् तहीं ।
लाग्दाखेरि प्रहार युद्ध-भुमिमा ❀ गिर्थे ति हंसै गई ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शल्यैका धनुबाट छूटि शरले ❀ भेदेर सेना महाँ ।
लागे गिर्न सिपाहि युद्ध गर्ने ❀ त्यै युद्ध-भूमी महाँ ॥१७॥
पार्थैका शरले कुरू समुहमा ❀ साह्रै पऱ्यो खल्बल्ली ।
यौटा बाण पचास छाति सहजै ❀ छेडेर जान्थ्यो चली ॥
आँधीले कुसुमादि झार्छ जसरी ❀ उस्तै तवर्ले गरी ।
प्राणी ता कुरु-सैन्यका गिरिगए ❀ मर्दै जमिन्मा परी ॥१८॥
शल्यैले रण-भूमिमा अघिसरी ❀ घोडा कपी सारथी ।
पार्थैलाइ समेत पीडित गरे ❀ तीखा शरादी त्यजी ॥
आठै बाण त्यजेर अर्जुनजिले ❀ घोड़ा समेत् सारथी ।
मारी शल्यकनै त घायल गरे ❀ तीखा शरैले अती ॥१९॥
त्यागी त्यै रथलाइ अन्य रथमा ❀ ती शल्य चढ्दा भए ।
साह्रै क्रुद्ध भएर बाणहरुको ❀ वर्षा गराई दिए ॥
धेरै सैनिक पाण्डवादि तिरका ❀ तिन्का शरैले गरी ।
गिर्दा क्रुद्ध भएर पार्थ करमा ❀ गांडीवलाई धरी ॥२०॥
लागे भन्न तिमी त सारथि थियौ ❀ ऐल्हे रथी भै यहाँ ।
आयौ लड्न म सीत शल्य ! रणमा ❀ जोर् चल्छ तिम्रो कहाँ ? ॥
आफ्ना सैन्य बचाउ शक्ति छ भने ❀ नाहीं त सेना जती ।
तिम्रो आज अशेष पार्छु सबको ❀ हूने छ वीरै गती ॥२१॥
एती बात सुनाइ शल्यकन ता ❀ ती पार्थले बाणको ।
ताहीं लाइ दिए झरी र कुरुका ❀ सेनादिको प्राण गो ॥
लाग्यो बग्न रगत् रणस्थल भरी ❀ मानू नदी झैं तहीं ।
खुट्टा हात र टाउका तरिगए ❀ मानू ति गोही भई ॥२२॥
द्रोणी भीम दुवै लडेर रणमा ❀ बाणादि वर्षा गरी ।
दृश्यै एक खडा गरे प्रलयको ❀ लाखौं मनुष्यै मरी ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बाणै सत्तरि द्रोणिले त्यजिदिए ❀ ती भीमलाई तहाँ ।
लागे ती शर भीमका उहि बखत् ❀ आएर छाती महाँ ॥२३॥
सौ तीखा शर भीमले त्यजिदिए ❀ ती द्रोणिलाई पनी ।
देहै जर्जर भैगयो चलनि झैं ❀ घोची शरैले अनी ॥
द्रोणी भीम मिलेर युद्ध गरदा ❀ सेना दुवै तीरका ।
सातै लाख जुधी गिरे पृथिविमा ❀ नोक्सान भै वीरका ॥२४॥
द्रोणीले तहिं भीमको धनु पनी ❀ काटे शरैले गरी ।
फैंकी भीमजिले धनूकन अनी ❀ लीए गदा त्यै घरी ॥
दौड़े भीम गदा लिएर रिसमा ❀ कालाग्नि जस्तै बनी ।
बीचैमा शर द्रोणिले त्यजिदिए ❀ भागुन् इ चाँडै भनी ॥२५॥
बायाँ अङ्गतिरै गई शर गडे ❀ ती भीमका त्यै घरी ।
भीमैले त गदा रथै उपरमा ❀ ठोके बलैले गरी ॥
बाँचे द्रोणि कुदेर त्यै रथ त्यजी ❀ आएर ती भूमिमा ।
घोडा सारथि चूर्ण भैकन गिरी ❀ मिल्दा भए मट्टिमा ॥२६॥
ती दुर्योधन धर्मराज नृपती ❀ हुन् छत्र-धारी दुवै ।
भिड्थे बाण त्यजेर आपसमहाँ ❀ देखाइ फुर्ती खुबै ॥
हान्दा पाँच शरै युधिष्ठिरजिले ❀ लागे शिरैमा गई ।
तिन्ले छाति तिरै ति धर्मसुतका ❀ नौ बाण लाए तहीं ॥२७॥
त्त्री वीरहरू लिई धनु-शरै ❀ खुब् बाण वर्षा गरी ।
मार्थे वीरहरू गिराइ रणमा ❀ शेखी मनैमा धरी ॥
भन्नूभो हरिले ति पार्थकन फेर् ❀ हे पार्थ ! जल्दी गरी ।
सेना ध्वस्त गराउ हानि शरले ❀ ऐल्हे अगाडी सरी ॥२८॥
आज्ञा पाइ उठाइ गाण्डिव धनू ❀ बाणादि त्याग्दा भए ।
शल्यैका तहिं सैन्य लाख दुइ ता ❀ तिन्ले गिराई दिए ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

साथैका गजले ति शल्य नृपका * लम्केर सेना महाँ ।
लागे मार्न ति पाण्डवादि तिरका * कुल्चेर ठोक्तै तहाँ ॥२९॥
दन्तैले सुँढले प्रहार गर्दै * हानेर लात्ती पनी ।
सेनाका शिरलाइ तोड्न गजले * लागे ति मत्तै बनी ॥
हात्तीले जब नष्ट-भ्रष्ट गरियो * सेना बहूतै तहाँ ।
कूदे भीम गदा लिएर तहिं नै * ती हात्तिका माझमा ॥३०॥
ठोक्तै भारि गदा कुदेर गजका * ताकी कपालै महाँ ।
मारे एक हजार हात्ति रिसले * ती भीमले पो तहाँ ॥
दौड़ी गैकन हात्तिको सुँढ धरी * घूमेर फाल्दा महाँ ।
धेरै हात्तिहरू मरीकन गिरे * ती भीम द्वारा तहाँ ॥३१॥
धेरै हात्ति मरे भनेर रिसले * भिड्ने इरादा धरी ।
आए द्रोणकुमार आफ्नु रथ पो * दौड़ाइ फुर्ती गरी ॥
तिन्का सामु परेर थामि रथ झट् * सौ बाण त्याग्दा महाँ ।
लागी ती शर छातिमा सब गिरे * टूटेर पृथ्वी महाँ ॥३२॥
हानी बाण दशेक द्रोणिकन ता * ती भीमले त्यै घरी ।
घाऊ पारिदिंदा रगत् बहिगयो * सर्वाङ्ग बाधा गरी ॥
दूवैंले गरि युद्ध अंग भरिमा * दूवै जनाको पनी ।
बग्दा धेर रगत् शरीर हुनगो * मानू गुराँस् झैं अनी ॥३३॥

शकुनी-वध ।

भन्छन् ती शकुनी सुयोधनजिका * आएर सामू महाँ ।
राजन्! लक्षण देख्छु युद्ध अब ता * पर्नेछ ठूलै यहाँ ॥
आज्ञा पाउँ म जान्छु भिड्न अहिले * सेना लिई साथमा ।
सेना पाण्डवका गिराउँछु म गै * मेरो छ शिप् हातमा ॥१॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मामालाइ हुकुम् दिए नृपतिले ❋ जाऊ रणैमा भनी ।
आज्ञा पाइ हिंडे तुरुन्त शकुनी ❋ वीरै सरीका बनी ।।
डेढै लाख सिपाहि पैदलहरू ❋ छानी लड़ाका अती ।
मत्ता हात्ति दशै हजार रथि ता ❋ पाँचै हजारै जती ।।२।।

धेरै घोड़चढ़ी सिपाहि सँग ली ❋ हाँकी रथै खुब् गरी ।
पौंचे ती शकुनी रणाङ्गण तिरै ❋ युद्धार्थ छीटै गरी ।।
गंगाजी जसरी घुमेर बहँदै ❋ मिल्छिन् समुद्रै महाँ ।
उस्तै रीति गरी मिले ति शकुनी ❋ ती शल्यका सैन्यमा ।।३।।

दूवै फौज मिलेर बाणहरुको ❋ वर्षा बहूतै गरे ।
धेरै सैनिक पाण्डवादि तिरका ❋ निर्जीव हूँदै गिरे ।।
स्वाहा भो जब सैन्य लाख जति ता ❋ ती पाण्डवैका तहीं ।
कृष्णैले रथ हाँकि ल्याउनु भयो ❋ ती पार्थलाई उहीं ।।४।।

लागे अर्जुन बाण हान्न उ बखत् ❋ संहारकर्त्ता बनी ।
थाले गिर्न तुरङ्ग-हात्ति-रथि धेर् ❋ पैदल् सिपाही पनी ।।
त्यै बेला सय बाण ली शकुनिले ❋ कृष्णार्जुनैमा तहीं ।
घोड़ालाइ समेत विद्ध शरले ❋ पारे रिसैमा भई ।।५।।

हानी तीक्ष्ण शरै ति अर्जुनजिले ❋ काटी धनू सारथी ।
घोड़ा भूतल-शायि[1] पो गरिदिंदा ❋ मामा रिसाए अती ।।
फालहाली रथबाट ती शकुनिले ❋ कवै अश्व पक्री लिए ।
त्यै घोड़ा चढि ती त भानिज कहाँ ❋ दौडाइ जाँदा भए ।।६।।

भन्छन् हे कुरुराज ! के भनुँ म ता ❋ ती पार्थ जैह्ले पनी ।
हाम्रा सैन्य असङ्ख्य ध्वस्त गरछन् ❋ काले सरीका बनी ।।

१ भूमिमा सुत्ने ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मैलाई ब्रिरथी गरे र अहिले क्यै ❀ शिप् न-लागी म ता ।
आएकोछु हजूरमा दुइ कुरा ❀ बोल्नै बिचारी यता ॥७॥
एक्लै वीर कुनै गएर रणमा ❀ ती पार्थलाई यहाँ ।
जित्नेछैन कदापि श्रेष्ठ तिनि छन् ❀ सारा धनुर्धारिमा ॥
तस्मात् सोचि-विचारि भन्दछु म ता ❀ हामी सबैले भई ।
घेरी अर्जुनलाइ हानुँ शरले ❀ तिन्का अगाडी गई ॥८॥
जो हूने हुनिहार हुन्छ रणमा ❀ हारौं कि जीतौं बरु ।
अर्को छैन उपाय पार्थकन ता ❀ निर्जीव पार्ने अरू ॥
मामाका थि कुरा सुयोधनजिले ❀ सूनेर भन्छन् खुबै ।
भन्नूभो तर लड्नु हुन्न यसरी ❀ हामी खड़ा भै सबै ॥९॥
जम्मा भैकन लड्नु पार्थसित गै ❀ हूँदैन हाम्ले यहाँ ।
त्यागी पाशुपतास्त्र भस्म तिनिले ❀ पार्छन् निमेषै महाँ ॥
वीरादीहरु शस्त्र-पाणि हुनगै ❀ पैदल् अगाड़ी सरी ।
युद्धै आज गरुन् त्यजी रथहरू ❀ जोड़ा विचारै गरी ॥१०॥
राजाज्ञा सुनि गैगए ति शकुनी ❀ चित्तै बुझी त्यस् घरी ।
राजा शल्य पुगे युधिष्ठिरजिका ❀ साम्ने अगाडी सरी ॥
भन्छन् शल्य ति धर्मराजकन ता ❀ राजन् ! यही युद्धमा ।
सत्रै ता दिन गो परन्तु नतिजा ❀ निस्केन केही यहाँ ॥११॥
भीष्मै-द्रोण र कर्ण ता गिरिगए ❀ खूबै गरी वीरता ।
आजै भार पऱ्यो मलाइ रणको ❀ त्यै निम्ति भन्छू म ता ॥
त्यागी दी रथलाइ आइ भुमिमा ❀ दूवै जना यस् घरी ।
हामी युद्ध गरौं भिडेर सँगमा ❀ जित्ने इरादा धरी ॥१२॥
मामा शल्यजिका सुनेर वचनै ❀ ती धर्मराजा अनी ।
भन्छन् हाजिर छू म भिड्न अहिले ❀ जस्तै किसिम्ले पनी ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सुन्दा शल्य पनी रथै त्यजि स्वयं * उत्रे ति भूमी महाँ ।
हात्तीलाइ बसाइ धर्म-सुत फेर् * उत्रीगए झट् तहाँ ॥१३॥
यस्तै ओसरमा दुवै ति दलका * जो-जो रथीनै थीए ।
तिन्ले त्यागि रथादि हातहतियार् * लींदै खड़ा भैगए ॥
बस्नू भो हरि ता नउत्रि रथमै * खड्गै लिई हातमा ।
उत्रे अर्जुन धृष्टद्युम्नकन ली * आफ्ना त्यहीं साथमा ॥१४॥
कान्छा माद्रिकुमार धर्म-सुतका * साथै उभीए तहीं ।
लीए भीमजिले गदा अति ठुलो * खूशी बहूतै भई ॥
बर्छा लीकन बाहुमा नकुलजी * भिड्नै तयारी भए ।
सारा वीरहरू सशस्त्र हुनगै * त्याहीं खडा देखिए ॥१५॥
ती दुर्योधनले त अस्त्र-कर[1] भै * त्यागी रथै त्यस् घरी ।
आउँदा रणभूमिमा हुनगयो * शोभा बहूतै गरी ॥
ठाउँ हेरि खडा भए जब सबै * वीरादि मैदानमा ।
एकैका सँग एक गैकन लडे * प्रत्येक प्राणी तहाँ ॥१६॥
कोही मुद्‌गर ली घुमेर बहुतै * ठोक्थे कपालै महाँ ।
कोही बर्छि त्यजेर पेट अरिको * फार्थे पछारी तहाँ ॥
कोही खड्ग-प्रहारले कतल पो * मन्टो अरीको गरी ।
जूँघालाइ मुसार्दथे समरमा * हेरेर दृष्टी छरी ॥१७॥
खड्गैको परि चोट घाउ शिरमा * हूँदै ति गिर्थे कति ।
हातै काटिन गै परेर तरवार् * हा! हा!! ति गर्थे कति ॥
लाग्दा भारि गदा कपाल बिचमा * निस्की गिदी त्यै घरी ।
प्राणैलाइ गुमाइ हाइ! गरदै * मर्थे कती ता गिरी ॥१८॥

१ शस्त्र हातमा लिएर ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नामी वीर-पुरूषले असि लिई ❀ गर्दा प्रहारै तहाँ ।
टुक्रा दूइ भई गिरे कति जना ❀ त्यै युद्धभूमी महाँ ॥
नाडी काटिन गै करै-रहितका ❀ मानीस भूमीमहाँ ।
घाईते हुनगै गिरेर छटपट् ❀ धेरै ति गर्थे तहाँ ॥१९॥

यस्तै औसरमा गदा लिइ ठुलो ❀ ती भीम क्रुद्धै भई ।
पस्दै कौरवका गएर दलमा ❀ हान्दा अगाडी गई ॥
बाँकी भाइहरू सुयोधनजिका ❀ चौधै रहेका थिए ।
तिन्लाई पनि भीमले सहजमा ❀ ठोकेर मारी दिए ॥२०॥

ती भाईहरुमा सुयोधनजिका ❀ बाँकी रहेछन् कती ।
त्यस्को निश्चय गर्न भीम ति हिंडे ❀ हेरेर एता उती ॥
काटेका शिर भूप-बन्धुहरूको ❀ चिन्दै र गन्दै गरी ।
लातैले सब एक ठाम तिनले ❀ दीए इकट्ठा गरी ॥२१॥

गिन्ती पूर्ण भयो उनान्सय जती ❀ भाईहरूको जसै ।
खूशी भैकन भीम-गर्जन[१] गरे ❀ ती भीमजीले तसै ॥
फेरी कौरव-सैन्यका बिच पसी ❀ ती भीमले त्यै घरी ।
बाँकी सैन्य बिनी-बिनी वध गरे ❀ हान्दै गदाले गरी ॥२२॥

काहाँ लुकन गयो सुयोधन भनी ❀ ती भीम घुम्दा भए ।
छोरो एक थियो त्यहीं शकुनिको ❀ त्यस्लाइ देखीलिए ॥
देखी त्यस्कन भीमले रिस गरी ❀ हान्दा गदाले तहीं ।
त्यस्को मस्तक चूर्ण भै गिरिगयो ❀ मुर्दा समानै भई ॥२३॥

देख्दा परै द्रुपद-राजकुमारलाई ।
दुर्योधनै पुगिगए त्यहिं भिड्नलाई ॥

---

१ भयंकर गर्जना ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हानेर धेर शरले ति सुयोधनैले ।
घाऊ गरे तिकन ता थपदै शरैले ॥२४॥
पूगेर अर्जुनजिले त्यहिं भूपलाई ।
हाने अनेक शरले बहुतै रिसाई ॥
घाऊ भएर सब देह खराब भै गो ।
घोड़ा र सारथि मरे रथ भाँचि गै गो ॥२५॥
मार्नन् त्यहीं रहिगए भनि उत्तिखेरी ।
भागे सुयोधन बखत्कन खूब हेरी ॥
केही अगाडि पर गैकन झाडिमाहाँ ।
लागे ति दृश्य रणको बसि हेर्न ताहाँ ॥२६॥

भाई ती सहदेवलाइ नजिकै ❀ डाकी अगाडी भई ।
भन्छन् धर्मकुमार भाइ ! सँगमा ❀ पाँचै जना पुत्र ली ॥
जाऊ युद्ध गरेर आज शकुनी ❀ मारेर आऊ यहाँ ।
त्यै पापीकन मार्नु पर्छ अब ता ❀ तिम्ले लडाइं महाँ ॥२७॥
आज्ञा भै सहदेवजी चलिगए ❀ छोराहरू साथ भै ।
खड्गै ली करमा छवै जन हिंडे ❀ टेकेर खुब् लाश मै ॥
केही फौज त्यहीं थियो शकुनिको ❀ तिन्सीत युद्धै गरी ।
लागे हान्न ति खड्गले र बहुतै ❀ लोटे सिपाही मरी ॥२८॥
खड्गैले सहदेवले बहुतको ❀ हानेर घाँटी महाँ ।
सेना कौरव तर्फका बहुत नै ❀ गिर्दा भए है तहाँ ॥
दौडी गै नजिकै छवै जन मिली ❀ खड्गै चलाई दिए ।
घोडा हात्तिहरू अनेक रणमा ❀ काटी गिराई दिए ॥२९॥
सामू आइ खडा भए ति शकुनी ❀ तिन्का नजीकै परी ।
भन्छन् ती सहदेव हाँसिकन झट् ❀ केही अगाडी सरी ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



सहदेवले शकुनीको बध गर्नु ।

हे मन्त्री ! अभिमानि ! दुष्ट शकुनी ! ❀ तिम्रै सुनी मन्त्रणा[1] ।
सारा कौरवकै त प्राण गइगो ❀ पाई ठुलै यन्त्रणा[2] ॥३०॥
फेला बल्ल पऱ्यौ तिमी समरमा ❀ तिम्रा कुकर्मैं जती—
तिम्रो ता पुरुषार्थलाइ रणमा ❀ चल्नै दिंदैनन् रती ॥
पापी कौरवका सभा-भवनमा ❀ पाशा कपट्को गरी ।
धर्मात्मा नृपती युधिष्ठिरजिको ❀ जीत्यौ सबै राज्य ली ॥३१॥
पापी हौ तिमि नीच हौ कुटिल[3] हौ ❀ मानीसका रूपमा ।
आत्मा ता पशुकै रहेछ बुझियो ❀ देखेर कर्त्तव्यमा ॥
हाँसेथ्यौ अघि ता सभा-भवनमा ❀ जीतें सबै थोक् भनी ।
त्यै पापै अब फल्छ जान्छ अहिले ❀ तिम्रो त प्राणै पनी ॥३२॥
यो खड्गैकन हेर आज तिमिले ❀ यै दिन्छ अन्त्यै गरी ।
आजै दिन्छु पठाइ ता यमपुरी ❀ तिम्लाइ युद्धै गरी ॥
यस्ता बात सुनी न-बोलिकन क्यै ❀ खाँडा उठाई लिए ।
त्यै बेला सहदेवलाइ तिनिले ❀ झंटेर हानीदिए ॥३३॥

---

१ सल्लाह । २ दुःख । ३ खल ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तिन्को वार छले घुमेर तिनले ❀ उफ्रेर ऊँचा गरी ।
हाने झट् सहदेवले अति छिटै ❀ खड्गै करैमा धरी ॥
घाँटीमा परि खड्ग बज्रन गई ❀ पारै भएथ्यो जसै ।
टाऊको गिरिगो तिनै शकुनिको ❀ छट्केर भैंमा तसै ॥३४॥

शल्य-बध

धृष्टद्युम्नजिले र अर्जुनजिले ❀ साथै शिखंडीजिले ।
सेना ती कुरु तर्फका वध गरे ❀ आफ्नू यथाशक्तिले ॥
द्रोणीले कृतवर्मले रण गरी ❀ घेर् सैनिकादी तहीं ।
मारे पाण्डव तीरका समरमा ❀ अत्यन्त क्रुद्धै भई ॥१॥
भिड्नैलाइ भनेर धर्मसुतका ❀ साथै ती सेनापती ।
राजा शल्य चढे गएर रथमा ❀ राखेर शस्त्रै कती ॥
शल्यैको रथ चढ्नु धर्मसुतले ❀ देखेर सोही घरी ।
आफू फेर् रथमा गईकन बसे ❀ भिड्ने इरादा धरी ॥२॥
ती दूवै नरनाथको रथ चली ❀ मैदानका बीचमा ।
थामीयो मुख ता यता उति गरी ❀ सामू अगाडी महाँ ॥
भन्छन् शल्य बसी रहू नरपते ! ❀ तीखा शरै त्याग् गरी ।
तिम्रो छाति म फोर्छु उम्कि अब ता ❀ जान्छौ कहाँ यस् घरी ॥३॥
भन्छन् धर्मकुमार शल्य तिमिले ❀ पापी तिरैका भई ।
यस्तो बोल्नु अयोग्य हो समरमा ❀ शेखी मनैमा लिई ॥
पापीको जय गर्न आँटि तिमिले ❀ मेरा अगाडी महाँ ।
भन्छौ छाति म फोरिदिन्छु शरले ❀ हाँसो उठ्यो चित्तमा ॥४॥
यस्तै औसरमा युधिष्ठिरजिको ❀ रक्षा गरौंला भनी ।
सामू भीम र अर्जुनै दुइ जना ❀ आए तुरुन्तै अनी ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

साथै सात्यकि-धृष्टद्युम्न ति दुवै ❀ आई दुई पार्श्वमा ।
हातैमा धनुबाण ली उभिरहे ❀ दृष्टी दिंदै शल्यमा ।।५।।
माद्रीका दुइ पुत्र चाप शर ली ❀ राजाजिका त्यै घरी—
पौंची त्यै रथका पछी रहिगए ❀ रक्षार्थ ठीकै परी ।।
बाँकी कौरव तर्फका जन जती ❀ एता र ऊती थिए ।
ती सेनापति शल्यका नजिकमा ❀ आई खडा भै गए ।।६।।
भिड्ने सैनिक पाण्डवादि तिरका ❀ बाँची रहेका जती ।
आए अर्जुन भीमका नजिकमा ❀ आनन्द मानी अती ।।
यस्तो रीति गरी दुवै दल तहीं ❀ आएर जम्मा भयो ।
मृत्यूको त बजार लागिकन ता ❀ साह्रै गरम् भै गयो ।।७।
दूवै पट्टि पटापटी नर गिरे ❀ वर्षा शरैको भई ।
त्यत्रो युद्ध अघी भएन कहिं ता ❀ जस्तो भईगो तहीं ।।
शल्यैले दशबाण जोरि धनुमा ❀ ताकेर छोड़ी दिए ।
बीचैमा शर हानि धर्मसुतले ❀ बाणादि काटीलिए ।।८।।
सातैबाण लिई युधिष्ठिरजिले ❀ ती शल्यलाई पनी ।
हान्दा छाति विषे गई शर गड़े ❀ ती शल्यजीका अनी ।।
हाने शल्यजिले यमास्त्र करमा ❀ लीएर मार्छू भनी ।
इन्द्रास्त्रैकन त्यागि धर्मसुतले ❀ शान्तै गराए अनी ।।९।।
काटे धर्मकुमारले शर त्यजी ❀ तिन्को धनू त्यै घरी ।
फाली त्यै धनुलाइ शूल तिनले ❀ हाने अगाडी सरी ।।
सातै बाण त्यजेर शूलकन ता ❀ काटी गिराए तहाँ ।
शल्यैले शर त्यागि धर्मसुतको ❀ लाईदिए छातिमा ।।१०।।
दूवै वीर रिसाइ त्यस् बखतमा ❀ वृष्टी गरी बाणको ।
लागे मार्न विपक्षका जनहरू ❀ गाहक् भई प्राणको ।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शल्यैले त्यजि बाण पाण्डव जती ❋ घायल् गराई दिए ।
भीमैले शर हानि मद्रपतिको ❋ घोडा निभाई दिए ॥११॥
कूदी शल्य खडा भएर भुमिमा ❋ त्यागेर बाणै अनी ।
घोडा सारथि ती युधिष्ठिरजिका ❋ मारी गिराए पनी ॥
हानी भीमजिले तिखो शर छिटै ❋ ती शल्यजीको धनू ।
काटी त्याहिं दिंदा लिएर तरवार् ❋ ती शल्य दौड़े भनूँ ॥१२॥
हातैको तरवारलाइ पनि ता ❋ ती शल्यको झट् तहीं ।
काटे बाण त्यजी वृकोदरजिले ❋ हेरेर हाँस्दै रही ॥
यस्तै औसरमा ति धर्मसुतले ❋ ती शल्यलाई तहाँ ।
भन्छन् शल्य ! बचाउ आफुकन लौ ❋ हान्दैछु मैले यहाँ ॥१३॥
पैह्ले एति भनेर शक्तिकन ता ❋ त्यागी दिए त्यै घरी ।
शक्ती बज्र समानको छुटिगयो ❋ साह्रै उज्यालो गरी ॥
हातैमा लिइ ढाल मद्रपतिको ❋ रोक्ने इरादा भयो ।
शक्ती त्यै गइ ढाल फोरि हृदयै ❋ फोरेर निस्की गयो ॥१४॥
मृत्यूका मुखमा परी गिरिगए ❋ ती शल्य पृथ्वीमहाँ ।
सम्राट् धर्मकुमारको जय भनी ❋ बोले सबैले तहाँ ॥
दाह्रा कर्र किटेर भीम अरिका ❋ सेना भएमा गए ।
जो-जो पर्छ अगाडि त्यसकन छिटै ❋ काटेर मार्दा भए ॥१५॥
पाँचै पाण्डवले लिएर तरवार् ❋ ती शत्रुका सैन्यमा ।
गर्दा खेरि प्रहार ती सब गिरे ❋ बाँचेन कोही तहाँ ॥
जीते पाण्डवले भनेर रणमा ❋ चिन्ता र डरमा परी ।
भागे द्रोणि कृतै र फेरि कृपजी ❋ तीनै जना झट् गरी ॥१६॥
पैह्ले जुन् रणभूमि हो अब भने ❋ रक्तै नदीको भई ।
लागे भूत-पिशाच नाच्न बहुतै ❋ सोही रगतमा गई ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कुत्ता श्याल र काग गिद्धहरु गै ❋ खान्थे ति मुर्दा जती ।
शून्यै भै जिमि ता भयंकर भयो ❋ देख्दा न-राम्रो अती ॥१७॥

भन्छन् धर्मकुमार खुब् हुनगयो ❋ ऐह्ले अँध्यारो यहाँ ।
आँखाले पनि देख्न मुश्किल भयो ❋ कुन् मानिसै छन् कहाँ ॥
जाऊँ कृष्ण भनेर भाइहरु ली ❋ फर्केर सोहि घरी ।
आफ्नू व्यूहमहाँ पुगे शिविरमा ❋ हिंड्दै हतारो गरी ।१८॥

ती दुर्योधनले नदी रगतकी ❋ तर्ने इरादा गरी ।
लाएका कपडा सबै त्यजिदिए ❋ धोती कटीमा धरी ॥
काखी च्यापि गदा अगाडि बढदा ❋ मुर्दा कुनै भेटियो ।
देखी त्यस्कन पङ्क्ति पार ति भए ❋ ज्यान् एक बाँची गयो ॥१९॥

❋ इति शल्य पर्व समाप्त ❋

पुस्तक पाइने ठेगाना —

बाबू माधवप्रसाद शर्मा,

वाराणसी-१

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्रीः

महाभारत-गदापर्व

रक्तैकी नदिलाइ लाश सँग भै ❀ तर्दै ति पारी गए ।
त्यै मुर्दाकन चिन्नलाइ नृपले ❀ इच्छा मनैमा लिए ॥
थीयो रत्न-किरीट ता शिर विषे ❀ त्यस्कै त ज्योतीमहाँ ।
मुर्दाको मुख हेरि लक्ष्मण भनी ❀ चीह्ने तिनैले तहाँ ॥१॥
आफ्नै पुत्र भनेर मालुम भई ❀ दुर्योधनैमा अनी ।
साह्रै भो करुणा विचार गरनै ❀ लागे ति दुःखी बनी ॥
मेरा निम्ति लड़ाईंमा मरिगयो ❀ यो पुत्र मैले गई ।
के भन्नू अब रानिलाइ मनमा ❀ अत्यन्त लज्जा भई ॥२॥
कस्तो पुत्र सपूत यो रण गरी ❀ जो आफु मुर्दा भयो ।
रक्तैकी नदिमा त पारि मकनै ❀ यस्ले गराइ दियो ॥
भन्छन् रोइ कुरूपती विधिगती ❀ बुझ्दैन कोही पनी ।
यो मुर्दाकन गाड्नु पर्छ अहिले ❀ खानेछ काग्ले भनी ॥३॥
यस्लाई त जलाउँ पो यदि भने ❀ पाइन्न अग्नी यहाँ ।
तस्मात् खाडल खन्छु लौ अब भनी ❀ आफ्नै गदाले तहाँ ॥
भूमिमा दिइ चोट खाडल गरी ❀ मुर्दा उसैमा धरी ।
ती दुर्योधनले रुँदै पुरिदिए ❀ मट्टी उसैमा भरी ॥४॥
साह्रै दिक्क भएर पागल सरी ❀ दौडी घरैमा गए ।
खोपीमा पुगि रानिका निकटमा ❀ राजा खडा भै गए ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

देखिन् भूपतिको छ धोति कटिमा * देहै छ रातो अती ।
हातैमा छ गदा किरीट शिरमा * छैनन् ति साथी जती ॥५॥

दूवै हात बजारि आफ्नु शिरमा * रोएर रानी तहाँ ।
भन्छिन् यो सब कर्मकै फल मिल्यो * हे नाथ ! ऐह्ले यहाँ ॥
ऊठी हात समाति स्वामिकन झट् * राख्दी छँदी गद्दिमा ।
रानीले जलले पखालि रगतै * साफै गराइन् तहाँ ॥६॥

फेराईकन वस्त्र भोजन दिइन् * मिष्ठान्न पानी पनी ।
खाए भूपतिले र तृप्ति हुनगो * भन्छिन् ति रानी अनी ॥
स्वामिन्! बात न मान्नु भै हजुरको * यस्तो अवस्था भयो ।
भाई बन्धु र पुत्र मित्रहरुको * प्राणै पनी गैगयो ॥७॥

भीष्मै कर्ण र द्रोण शल्यहरुको * जूधेर ज्यान् गैगयो ।
त्यागी आज रणस्थलै किन हजुर! * याहाँ सवारी भयो ? ॥
बिग्रेको अभ्र छैन केहि अहिले * फिक्री न-मानी रती ।
राखी बक्सनु पर्छ साहस ठुलो * धेरै बताऊँ कती ॥८॥

चारोटै युगदेखि ता प्रचलितै * देखिन्छ जैह्ले पनी ।
भाग्यैको लिपि जो छ त्यसकन कुनै * सक्तैन मेट्छू भनी ॥
यस्ता बात सुनी बिदा भइ तिनै * ऊठेर जाँदा भए ।
भेटी श्रीधृतराष्ट्रका चरणमा * पस्रेर ढोगै दिए ॥९॥

भन्छन् हूँ म सुयोधनै हजुरको * हारी लड़ाइं महाँ ।
भाईबन्धु र इष्टमित्र जति हुन् * मेरा मरे ती तहाँ ॥
के गर्ने अब हो बुबा! हजुरले * आज्ञा दिनू होस् भनी ।
भन्दा ती धृतराष्ट्रले तब भने * हे बाबु! धीरै बनी ॥१०॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तिम्ले गैकन बस्नु व्यास-सरमा[1] ❀ भित्रै जलैमा लुकी ।
जानीदैन प्रपञ्च जो छ विधिको ❀ के हुन्छ छाती पिटी ॥
गान्धारी पनि भन्दछिन् यति सुनी ❀ हे बाबु ! तिम्लाइ ता ।
हेर्छू पट्टल[2] खोलि आज मइँले ❀ तिम्ले नजाँदै त्यता ॥११॥
देखें जुन् घरिमा पतीकन स्वयं ❀ मैले त अन्धा पनी ।
आफ्ना नेत्र पनी दुवै थुनिदिएँ ❀ बाँधेर पट्टल् अनी ॥
नाङ्गै आउ लुगा फुकालि तिमिले ❀ मेरा अगाड़ी महाँ ।
हेर्छू नेत्र उघारि जानु अनि फेर् ❀ त्यै पोखरी हो जहाँ ॥१२॥
माताका इ कुरा सुनेर तिनले ❀ छोटो रुमाले लिई ।
बेरी फन्फनि जाँघ माथि अनि फेर् ❀ आए नजीकै भई ॥
खोली पट्टल पुत्रलाइ तिनिले ❀ हेरेर भन्छिन् तहाँ ।
बाबू! बात नमानि आज तिमिले ❀ जंघा छिपायौ यहाँ । १३॥
तिम्रो बज्र शरीर भो तर दुवै ❀ जंघा ति निर्धा भए ।
एती बात सुनाइ पट्टल पनी ❀ बाँधिन् बिदा भैगए ॥
आमा-बाबु र नारि-दौलत-घरै ❀ त्यागेर सोही घरी ।
ती दुर्योधन ता हिंडे कर विषे ❀ आफ्नू गदा पो धरी ॥१४॥
सोझो मार्ग धरेर व्यास-सरमा ❀ पौंचे ति राजा तहाँ ।
पानीमा कमलादि फूलिकन खुब् ❀ चल्थ्यो सुगन्धै जहाँ ॥
पानी निर्मल भै सरोवर उही ❀ खूबै गहीरो थियो ।
पद्मैमा भुँमराहरू जलविषे ❀ हंसादि खुब् देखियो ॥१५॥
विद्या जुन् जलस्तम्भनै[3] छ तिनले ❀ पैहे सिकेकै थिए ।
त्यै विद्या-बलले अगाध जलमा ❀ विश्राम गर्दा भए ॥

१ एक पोखरीको नाम । २ दुवै आँखा छोपेको रुमाल । ३ जलस्तम्भन पानी रोक्ने ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

युद्धैबाट फिरेर पाण्डवहरू ❋ आफ्ना घरैमा गई ।
युद्धैमा जयप्राप्ति भो भनि बसे ❋ साथै प्रसन्नै भई ॥१६॥
माता कुन्तिजिले सुवर्ण-थलिया ❋ ल्याएर बत्ती धरी ।
पाँचै पाण्डवलाइ आरति गरिन् ❋ आनन्द चित्तै गरी ॥
भन्छन् भीम मुमा ! सुयोधनजिका ❋ भाई उनान्सै गनी ।
मैले मारिदिएँ सुयोधनकनै ❋ पाईन खोज्दा पनी ॥१७॥
भन्छन् धर्मकुमारले खुशि हुँदै ❋ माता ! लड़ाइं गरी ।
शल्यैलाइ त छाति फोरिकन ता ❋ मारें गए ती मरी ॥
बोले अर्जुनले ति कुन्तिसित यै ❋ मैले त काहीं पनी ।
देख्दै देखिन शोकले रगतमा ❋ डूबी मरे की तिनी ॥१८॥
सोद्धा कुन्तिजिले कहे नकुलले ❋ तिन्लाइ युद्धै महाँ ।
देखेथें पहिले परन्तु पछि ता ❋ काहाँ बिलाए कहाँ ॥
भन्छन् ती सहदेव भन्दछु मुमा ! ❋ मेरा विचारै महाँ ।
ज्यूँदै छन् कुरुराज देखिन कतै ❋ मैले गिरेको तहाँ ॥१९॥
भन्छिन् कुन्ति हरी र पार्थ दुइले ❋ यत्रो लडाइं गरी ।
सेना यो विधि मार्नु ठान्दछु म ता ❋ हूने छ व्यर्थै सरी ॥
खोजी मार्नु अवश्य पर्दछ गई ❋ त्यस् दुष्टलाई कहीं ।
बाँचूला भनि लुक्छ की महलमा ❋ त्यो पापि भित्रै गई ॥२०॥
कुन्तीका इ कुरा सुनेर हरिले ❋ आज्ञा भयो त्यै घरी ।
भन्नू भो फुपुले कुरा जति यहाँ ❋ हुन् सत्य सूयैं सरी ॥
मार्नै पर्दछ दुष्टलाइ तब पो ❋ जीत् हुन्छ हाम्रो यहाँ ।
होला कीर्ति र नाम यस् जगतमा ❋ सर्वत्र जाहाँ तहाँ ॥२१॥
जाऊँ खोज्न भनेर पाण्डवहरू ❋ पाँचै उठे त्यै घरी ।
साथै जान भनेर आफु पनि ता ❋ उठ्नू भयो श्रीहरि ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्याहाँबाट उठी छवै जनहरू ❀ आएर रस्ता महाँ ।
बल्दो एक मशाल् लिए नकुलले ❀ बाटो समाते तहाँ ॥२२॥
पौंचे कृष्ण र पाँच पाण्डवहरू ❀ त्यै युद्धका भूमिमा ।
झल्कन्थे मुकुटादि वीर नृपती ❀ मर्नेहरूका जहाँ ॥
काहीं ता नर-मुण्ड काहिं शवको ❀ भेटिन्छ देहै अनी ।
काहीं सूँढ छ हात्तिका कहिं भने ❀ हात्ती मरेका पनी ॥२३॥
थुप्रा छन् कहिं ता टुटेर रथका ❀ काहीं त घोड़ा गिरी ।
ढाकेको छ जिमी भएर बहुतै ❀ रातो रगत्ले गरी ॥
देखे एक नदी त्यहीं रगतकी ❀ जस्मा पसी योगिनी—
नाच्थे रक्त पिएर दौडि बहुतै ❀ उन्मत्त जस्ता बनी ॥२४॥
त्यै राती-नदिको बसेर तटमा ❀ श्याल् कुक्कुरादी पनी ।
खान्थे मांस लुछेर त्याहिं शवको ❀ पायौं अहारै भनी ॥
हेर्दा खेरि समग्र त्यै रणभुमी ❀ दुर्योधनैको तहाँ ।
पत्ता लाग्न सकेन फर्कि ति छवै ❀ आएर रस्तामहाँ ॥२५॥
लागे सोच-विचार गर्न ति सबै ❀ जाने कता हो भनी ।
ऊँभो देखि झरेर त्याहिं पुगिगो ❀ व्याधा कुनै झट् अनी ॥
सोधे त्यस्सित भीमले अघि सरी ❀ ए दाज्यु ! तिम्ले कहीं ।
देख्यौ की कुरुराजलाइ पथमा ❀ हिंड्ने भगूवा भई ?॥२६॥
व्याधाले करजोरि भीमसित फेर् ❀ बिन्ती गऱ्यो त्यै घरी ।
भेटेंथें अघि वीर एक्कन ता ❀ जान्थे अगाड़ी बढी ॥
जस्का मस्तकमा थियो मुकुट ता ❀ थीयो गदा हातमा ।
जान्थे व्यास-सरोवरै तिर तिनी ❀ थीएन क्वै साथमा ॥२७॥
व्याधाका यि कुरा सुनेर मनमा ❀ विश्वास पैदा भयो ।
त्याहीं जान भनेर ती चलिगए ❀ व्याधा सँगैमा गयो ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

देखायो पथ व्याधले अघि भई ❀ पौंचे सरैमा तिनी ।
भूमीमा पद-चिन्ह भेटिन गए ❀ चीने तिनैको भनी ॥२८॥
भन्छन् धर्मकुमार हे यदुपते ! ❀ देख्छू तलाऊ यही ।
होला व्यास-सरोवरै छ गहिरो ❀ पानी बहूतै भई ॥
ती दुर्योधन छन् कहाँ म त यहाँ ❀ देख्दीन काहीं पनी—
भन्दा कृष्णजि भन्नुहुन्छ उ बखत् ❀ राजन्! कहन्छू भनी ॥२९॥
पानीलाइ हटाइ भित्र जलमा ❀ बस्ने छ विद्या जउन् ।
त्यै विद्या जलस्तम्भ नै भनि सबै ❀ संसारले भन्दछन् ॥
त्यै विद्या कुरु-राजलाइ हुनगै ❀ गैह्रो जलैमा पसी ।
मार्दैछन् ति थकाइ हे नरपते ! ❀ आनन्द साथै बसी ॥३०॥
दीउन् हाँक यि भीमले तटमहाँ ❀ कुल्चेर ता यस् घरी ।
निस्कन्छन् जलबाट ती कुरुपती ❀ अत्यन्त रिस्मा परी ॥
आज्ञा एति सुनेर भीम तटमा ❀ दौड़ेर आई तहीं ।
भन्छन् हे कुरुराज ! भित्र जलमा ❀ लूकेर बस्छौ यहीं ॥३१॥
अन्यायैसित युद्धमा दिल दियौ ❀ शेखी धरी पो खुबै ।
भाई-बन्धु मराइ आफ्नु कुलका ❀ प्राणी मराई सबै ॥
धेरै प्राणि अरू मराइ रणमा ❀ पापै बटूल्यौ अती ।
बाँचूँला भनि लुक्तछौ जलमनी ❀ धिक्कार दिन्छू अती ॥३२॥
निस्कन्नौ यदि भिड्नलाइ अहिले ❀ मेरा सँगैमा तिमी ।
पानी शोषि गराउँछू म सहजै ❀ त्यस् भित्र खाली जिमी ॥
तान्नेछू धरि जुल्फि खैंचि बलले ❀ गर्दै ठुलो दुर्गती ।
पाउन्नौ जलभित्र लुक्न यसरी ❀ आऊ छिटै दुर्मती ॥३३॥
त्यस्ता वाक्य सुनेर खप्न न-सकी ❀ अत्यन्त क्रुद्धै भए ।
ती दुर्योधन ली गदा तट तिरै ❀ निस्केर आई गए ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ती दुर्योधनलाइ देखि उ बखत् ❀ माया तिनैमा धरी ।
भन्छन् धर्मकुमार दौडिकन गै ❀ खुब् अंकमाले गरी ॥३४॥
भाई ! लौ हिंड राखिदिन्छु मइले ❀ तिम्लाइ ता गद्दिमा ।
सम्राट् भैकन राज्यभोग गर लौ ❀ चिन्ता नमानी यहाँ ॥
हाम्रा खातिर पाँच गाउँ तिमिले ❀ देऊ र राजी भई ।
बस्नेछौं सब हामि सेवक सरी ❀ तिम्रा नजीकै रही ॥३५॥
हाँसी ती कुरुराजले त्यहिं भने ❀ राजन् ! म तिम्रा सरी ।
धर्मात्मा अरु कोहि देख्दिन कतै ❀ संसारमा यस् घरी ॥
धर्मै पालन गर्दछौ तिमि सदा ❀ यस्तो अवस्था महाँ ।
आफ्नू टेक कदापि त्याग्दिन सुन्यौ ❀ दिन्थें म गाऊँ कहाँ ॥३६॥
भन्छन् धर्मकुमारले यति सुनी ❀ हामीहरू पाँचमा ।
जस्का साथ लडाइँ गर्न मनहोस् ❀ उस्कै भिडी साथमा ॥
तिम्ले मार्न सक्यौ भने जय भयो ❀ तिम्रै भनी यस् घरी ।
जानेछौं बन-वास गर्न उठि फेर् ❀ पैह्ले समानै गरी ॥३७॥
ती दुर्योधनले भने नरपते ! ❀ राजा र राजा भई ।
भिड्नू योग्य छ भूपले अरुसँगै ❀ हूँदैन भिड्नू गई ॥
तिन्का बात सुनेर झट्ट हरिले ❀ भन्नू भयो त्यै घरी ।
तिम्रो सोहि विचार ता उचित हो ❀त्यस् निम्ति चाँड़ो गरी॥३८॥
तिम्ले गैकन भीमसीत लडनू ❀ योग्यै छ भन्छू म ता ।
कृष्णैका यि कुरा सुनेर बहुतै ❀ रीसाइ बोल्छन् ति ता ॥
पैह्ले कुन् दिनदेखि भीम भवमा ❀ राजा भएका थिए ? ।
राजा धर्मकुमार हुन् पृथिविमा ❀ रैती त भीमै भए ॥३९॥
भन्नूभो हरिले सुयोधन ! सुन्यौ ❀ संसारका रीतमा ।
जस्को लाठि छ भैंसि हुन्छ उसको ❀ यी भीमले युद्धमा—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सारालाइ जितीलिए समरमा ❀ गर्दै ठुलो वीरता ।
तस्मात् भूपति भीम हुन् बुझ तिमी ❀ साँचै कहन्छू म ता ॥४०॥
देखील्यौ तिमि धर्मराज अहिले ❀ यी भीमका सामुमा ।
राजा हुन् भनि भीमलाइ शिर पो ❀ झुकाउने छन् यहाँ ॥
यस्ता बात सुनी मुखामुख गरे ❀ पाँचै जनाले तहीं ।
कृष्णैले हरिवंश-पुस्तक दिए ❀ ती भीमलाई गई ॥४१॥
देखेनन् रचना सुयोधनजिले ❀ श्रीकृष्णको त्यै अनी ।
लीए पुस्तक भीमले बगलमा ❀ च्यापेर काखी मनी ॥
भन्छन् श्रीहरि धर्मराज ! तिमिले ❀ चाँडै अगाडी बढी ।
माथा आफ्नु झुकाउ भीमकन ता ❀ मानेर राजा सरी ॥४२॥
त्यै बेला शिर आफ्नु धर्मसुतले ❀ सामू गई भीमका ।
झुकाईकन ढोग पुस्तककनै ❀ दीए हरी-वंशका ॥
हातैमा लिइ पाञ्चजन्य हरिले ❀ फुक्नू भयो त्यै घरी ।
भीमै हुन् नृपती सुयोधनजिले ❀ बूझे तुरुन्तै गरी ॥४३॥

भन्दा भए तब सुयोधन भीमलाई ।
आऊ दुवै जन भिडौंन गदा समाई ॥
देखुन् सबै जन यहीं बसि युद्ध भारी ।
को सक्छ कस्कन गिराउँन शस्त्र मारी ॥४४॥
आए वृकोदर अगाड़ि गदा लिएर ।
त्याहीं पुगे तब सुयोधन रिस् गरेर ॥
ती दूइले त्यहिं गदा करले उठाए ।
कूदेर मण्डल घुमेर अनी बजाए ॥४५॥
रोक्थे प्रहारकन आफ्नु गदा पसारी ।
हुन्थ्यो अवाज पनि बज्र समान भारी ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उफ्रेर पृथ्विकन डग्मग पारि दीए ।
दूवै जना समर गर्न शिपालु थीए ॥४६॥
भन्छन् सुयोधन वृकोदर ! हेर ऐले ।
देखाउँछू म पुरुषार्थ ठुलो बलैले ॥
दिन्छन् जवाफ तहिं भीम गफै गरेर ।
पुग्ला मनोरथ कहाँ बकदै रहेर ? ॥४७॥
आजै पऱ्यो म सित काम विचार तिम्ले ।
हेरी रहू कउन जित्छ गिराइ ऐह्ले ॥
एती भनीकन गदा लिइ उफ्रि हाले ।
ती भीमले कुरुपतीकन चोट मारे ॥४८॥
तिन्ले पनी पछि हटीकन उत्तिखेरी ।
उफ्री प्रहार गरियो अरिलाइ हेरी ॥
यस्तै प्रकार सँग वीर ति भिड्न थाले ।
थाक्तै न-थाकिकन तागत खुब् निकाले ॥४९॥
दूवै तागतमा गजे अयुतको ❀ शक्ती भएका थिए ।
प्रद्युम्नै अनि शम्बरासुर सरी ❀ मीलेर भिड्दा भए ॥
पाल्नूभो बलराम तीर्थ गरदै ❀ घूमेर त्यौ बीचमा ।
देख्नू भो दुइको गदा-समर त्यौं ❀ हूँदै रहेको तहाँ ॥५०॥
भन्नूभो बलरामले निपुण छन् ❀ दूवै गदा - युद्धमा ।
भीमैमा बल केहि ज्यास्ति छ भनी ❀ ठान्छू म अन्दाजमा ॥
जीतै हार हुँदैन छन् यि दुइटै ❀ एकै समानै पनी ।
मेलै गर्नु म ठान्छु उत्तम अती ❀ भाई दुवै हुन् यिनी ॥५१॥
सूनेनन् बलरामका वचन ती ❀ त्याहाँ कसैले पनी ।
युद्धैमा सबको थियो तन-मनै ❀ लिप्तै उसैमा बनी ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

फर्की जानुभयो हिंडेर बलजी * हेर्दै कुरु-क्षेत्रमा ।
हेर्थें देव समाजले रण बसी * आफ्ना विमानै महाँ ॥५२॥
अट्ठारौं दिन त्यै थियो समरको * दूवै जनाले भिडी ।
युद्धैमा दिन गै गयो बिति सबै * हान्दा गदाले गरी ॥
हारै जीत भएन त्यस् समरमा * श्रीकृष्णजीले अनी ।
तिग्रामा करले ठटाउनु भयो * बूझुन् इशारा भनी ॥५३॥
एक्कासी दुइ जाँघमा कर दुवै * हानेर श्रीकृष्णले ।
शब्दै भो जब भीमले बुझिलिए * संकेत त्यै चित्तले ॥
पारी घात ति भीमले कुरुपती- * जीका दुवै जाँघमा ।
ठोके आफ्नु गदा उठाइ बलले * ताकेर जंघा महाँ ॥५४॥



तिग्रामा जति हाड् थिए सब टुटे * दुर्योधनैका तहाँ ।
साहै चोट परी सुयोधन गिरे * उत्तानु भै भूमिमा ॥
जस्तो चाल्सँग फेद काटिन गए * जान्छन् ति वृत्तै गिरी ।
उस्तै चाल्सँग ती सुयोधन गिरे * त्याहीं जमीन्मा परी ॥५५॥
बैरी गिर्नगयो भनेर खुशि भै * तिन्का नजीकै गई ।
लागे छेड् गरि भन्न भीम उ बखत् * अत्यन्त क्रुद्धै भई ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पैह्लेका सब बातको स्मरण भो * ऐह्ले मलाई यहाँ ।
भन्थिस् राज्य जितें भनेर कुरुका * तैंले सभा बीचमा ॥५६॥
थीयो सो छलको जिताइ यहि ता * हो सत्यकै जीत पो ।
हारी नीच ! गिरिस् तँ जीत जगमा * मेरै त हूँदो भयो ॥
मानिस् भैकन राक्षसी करम ती * अन्याय ठूलो गरिस् ।
त्यै पापैकन भोग्नलाइ अहिले * हे नीच ! भैंमा परिस् ॥५७॥
नातामा पनि भाउज्यू जुन थिइन् * खुब् मान्नु पर्ने पनी ।
रानी द्रौपदिलाइ जाँघ तइँले * देखाइ बोलिस् अनी ॥
मेरी दासि तँ होस् तँ बस् अब छिटै * आएर जंघामहाँ —
त्यस्कै ता बदला लिएर मइले * जंघा टुटाएँ यहाँ ॥५८॥
पैह्ले एती सुनाइ ती कुरुपती- * लाई शिरैमा पनी ।
ठोकर् दीकन लातले अनि भने * कुत्ता तइँ होस् भनी ॥
देख्दा कर्म ति भीमको उहि बखत् * ती धर्मराजै तहाँ ।
लागे भन्न बुझाइ भीमकन ता * त्यै युद्धका भूमिमा ॥५९॥
भाई ! भूपति हुन् सुयोधन यिनै * यिन्का शिरैमा पनी ।
नाना तीर्थ-जलै परे बुझ तिमी * वेदादि-मन्त्रै भनी ॥
पाएको अभिशेष सोहि शिरमा * लात्ती लगाई दिनू ।
अन्यायै हुनजान्छ भाइ ! तिमिले * त्यै काम छाडीदिनू ॥६०॥
लात्को चोट परेर मस्तक दुखी * आफ्ना करैले गरी ।
खुट्टालाइ समेटि ती कुरुपती * भैंमा बसे त्यै घरी ॥
भन्छन् क्षत्रिय-धर्म त्यागिकन ता * यिन्ले प्रहारै गरे ।
तिघ्रा भाँचि दिएर हाड् टुटिगए * भैंमा म ऐह्ले परें ॥६१॥
भन्छन् भीम अघी सभाभवनमा * ती द्रौपदीको पनी ।
आँटिस् हर्नु भनेर वस्त्र जब ता * कुत्ता पशू झैं बनी ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यै बेला प्रण पो गरेर मइँले ❀ त्याहीं सुनाई दिएँ ।
संझी त्यै प्रणलाइ पूर्ण गरनै ❀ तिघ्रा टुटाई दिएँ ॥६२॥

भन्नू भो हरिले सुयोधन ! सुन्यौ ❀ मेलै गराऊँ भनी ।
मैले बात गरें सभाभवनमा ❀ सुन्दै सुनेनौ पनी ॥
सेना सम्पति नष्ट भै तिमि गिऱ्यौ ❀ सोही न-सुन्दा महाँ ।
धर्मैको जय हुन्छ सोहि भइगो ❀ प्रत्यक्ष देख्यौ यहाँ ॥६३॥

भन्छन् कृष्णजिलाइ ती कुरुपती ❀ नादान थीएँ म ता ।
मैलाई किन दोष लाउनु भयो ? ❀ मेरो थियो कुन् खता ? ॥
थीयौ हे भगवान ! प्रेरक स्वयम् ❀ जस्तो रच्यौ सो भयो ।
आधा अङ्ग टुटेर गिर्नु रणमा ❀ मेरै नसिब्मा थियो ॥६४॥

तिन्का वाक्य सुनेर खूशि हुनुभो ❀ आफैं जगत्का पती ।
बिन्ती धर्मकुमारले अनि गरे ❀ हे नाथ ! लक्ष्मीपती ! ॥
साँचै बात कहे सुयोधनजिले ❀ ऐह्ले हजूरै महाँ ।
जीत्यौं भारत-युद्ध जाउँ अब ता ❀ के काम बस्ने यहाँ ॥६५॥

पाँचै भाइ मिलेर कृष्णकन ली ❀ फर्की महल्मा गए ।
एक्लै निर्जन स्थानमा कुरुपती ❀ पल्टेर भैंमा रहे ॥
माता कुन्तिजिलाइ धर्मसुतले ❀ आफ्ना महल्मा गई ।
वृत्तान्तै रणको सबै कहिदिए ❀ दुर्योधनैको तहीं ॥६६॥

बोले फेरि तहीं वृकोदरजिले ❀ माता ! गदा त्याग् गरी ।
तिघ्रा भाँचिदिंदा लुँजो[१] हुन गई ❀ गीऱ्यो जमीन्मै परी ॥
मै माथी करुणा भयो र हरिको ❀ आफ्नू प्रतिज्ञा पनी ।
मैले पूर्ण गरें सुयोधनजिको ❀ भाँचेर तिघ्रा अनी ॥६७॥

---
१ हर नचल्ने ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भन्छिन् कुन्ति प्रसन्न भै यि हरिको ❀ यस्तै छ बानी सदा ।
भक्तैका पनि बातलाइ सहजे ❀ राखी दिने हुन् यि ता ॥
पैह्ले एति भनेर आरति गरिन् ❀ श्री कृष्णजीको पनी ।
दीइन् भोजन खानलाइ तिनिले ❀ खाए सबैले अनी ॥६८॥
खाईपीइ सकेर धर्मसुतको ❀ हातै समाती लिए ।
हेरी तिन्कन कृष्णले खुशि हुँदै ❀ एही सुनाई दिए ॥
टारेनौ अभसम्म ता वचन ती ❀ मैले अह्राए जती ।
ऐह्ले भन्दछु बात जुन् उ पनि ता ❀ मान्नै पऱ्यो भूपती ॥६९॥
मेरो मन्सुब यै छ पाण्डवहरू ❀ पाँचै जना छन् यहाँ ।
मेरा साथ हिंड्नु म लान्छु अहिले ❀ जानू छ हाम्ले जहाँ ॥
बस्नू छैन सबै जना महलमा ❀ यो आजको रात् भरी ।
नन्दीघोष रथै चढीकन छवै ❀ जाऊँ कहीं यस्घरी ॥७०॥
बिन्ती धर्मकुमारले तब गरे ❀ आज्ञा शिरैमा धरी ।
जान्छौं हामिहरू जता हजुरको ❀ इच्छा छ हर्षै गरी ॥
यस्ता बात सुनी युधिष्ठिरजिको ❀ जम्मै उठेरै गए ।
नन्दीघोष रथै त फाटकमहाँ ❀ थीयो उसैमा चढ़े ॥७१॥
हाँक्नू भो हरिले रथैकन अनी ❀ घोड़ा कुदे खुब् गरी ।
कोशै चार गएर ताहिं हरिले ❀ थामे रथै त्यस् घरी ॥
लागे अर्जुन सोच्न आफ्नु मनमा ❀ यी कृष्णजीले यहाँ ।
कुन् चाहीं घटना घटाउन भनी ❀ इच्छा लिए चित्तमा ॥७२॥
यस्तै औसरमा रहेर रथमा ❀ आफ्ना मनैले गरी ।
भन्नू भो शिवलाइ संझि हरिले ❀ गौरीपते ! यस् घरी ॥
हामी छौं बनमा तसर्थ गढमा ❀ हेर्चाह गर्नैं भनी ।
द्वारैमा गढका गई बसिदिनोस् ❀रात्री बितोस् यै भनी ॥७३।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

थाहा भै शिवलाइ बात मनमा ❀ श्रीकृष्णको त्यस् घरी ।
जानू भो उठि रात्रिमा गढतिरै ❀ रत्नार्थ चाँड़ो गरी ॥
पाँचै पाण्डव कृष्णजी सँगसँगै ❀ सुत्नू भएथ्यो जसै ।
पौंची श्रीहनुमानले त पहरा ❀ दीए खड़ा भै तसै ॥७४॥
तीं दुर्योधन ता गिरे पृथिविमा ❀ भन्ने विचारै गरी ।
आधारात हुँदा ति द्रोणि त पुगे ❀ खोज्दै अगाड़ी बढ़ी ॥
देखे भूपतिलाइ व्यास-सरका ❀ ठीकै किनारा महाँ ।
बस्थे गिद्ध धपाउँदै लिइ गदा ❀ थीएन साथी तहाँ ॥७५॥
भन्छन् ती गुरुपुत्र द्रोणि म त हूँ ❀ हे भूपते ! यस् घरी ।
आएँ भेट्न हजूरलाइ बहुतै ❀ ढूँढेर खोज्दै गरी ॥
यस्ता बात सुनेर ती कुरुपती ❀ तिन्लाइ भन्छन् तहाँ ।
हानी नाभिमनी गदा मकन ता ❀ ती भीमले पो यहाँ ॥७६॥
तिघ्रा भाँचिदिए अधर्म गरदै ❀ सक्तीन उठ्नै पनी ।
लूँजो भै म बसी रहेंछु गरुँ क्या ❀ यस्तै नसीब् हो भनी ॥
हे द्रोणी ! तिमि छौ अजम्बर यहाँ ❀ कैल्है नमर्ने अनी ।
सक्तैनन् तिमिलाइ कोहि नरले ❀ आएर मार्नै पनी ॥७७॥
तस्मात् भन्दछु साध कार्य तिमिले ❀ मेरो अहीले गई ।
आऊ पाण्डव पाँच मारि अहिले ❀ सोझै म काहाँ यहीं ॥
टीका लाइ बनाइदिन्छु मइँले ❀ तिम्लाइ राजा यहाँ ।
मारी पाण्डवलाइ होउ तिमिनै ❀ सम्राट् जगत् भर् महाँ ॥७८॥
ती दुर्योधनका कुरा यति सुनी ❀ द्रोणी नजीकै गए ।
भूमीमा रगतै थिंयो र नृपले ❀ टीका लगाई दिए ॥
भन्छन् राज्य दिएँ गएर तिमिले ❀ मारेर आऊ यहाँ ।
भन्छन् उत्तरमा ति द्रोणि खुशि भै ❀ तिन्कै अगाडीमहाँ ॥७९॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हे राजन् ! प्रण गर्दछू म सहजै ❀ तिन्लाइ मार्छू गई ।
काटी पाण्डवको त पाँच शिरनै ❀ ल्याएर दिन्छू यहीं ॥
यस्ता बात सुनी बिदा जब दिए ❀ द्रोणी उठी गै गए ।
केही दूर गई कृतै र कृपजी ❀ दूवै जना भेटिए ॥८०॥
भन्छन् द्रोणि ति दूइलाइ खुशि भै ❀ राम्रो बखत्मा यहाँ ।
भेटें बल्ल तपाइँ हेरुकन ता ❀ यो मध्यरात्री महाँ ॥
राजा आज भएँ सुयोधनजिले ❀ टीका लगाई दिंदा ।
पाँचै पाण्डवलाइ मार्न म हिंडें ❀ दीएर तिन्ले बिदा ॥८१॥
दीनोस् आज सहायता मकन लौ ❀ लै जान्छु साथै महाँ ।
सूतेका सब पाण्डवादिकन गै ❀ मार्छू म रातै महाँ ॥
मारी पाण्डवलाइ राज्य जगको ❀ हामी गरौंला भनी ।
भन्दा राजि भए ति साथ तिनका ❀ लागेर जानै पनी ॥८२॥
वीरै तीन जना लिएर हतियार् ❀ त्यै मध्यरात्री महाँ ।
चाँडै खूब कदम् बढाइ गढका ❀ पौंचे ति ढोकामहाँ ॥
देखे शंकर छन् त्रिशूल करमा ❀ लीएर ताहीं खडा ।
यस्तो देखिलिंदा ति वीरकन ता ❀ आश्चर्य लाग्यो बडा ॥८३॥
भन्छन् ती कृतवर्म द्रोणिकन ता ❀ हे वीर ! रक्षा गरी ।
बस्नू हुन्छ यहाँ सदाशिव भने ❀ कुन् ढुक्न सक्ला अरी ? ॥
तिन्का बात सुनेर द्रोणि मनमा ❀ सोचेर भन्छन् तहीं ।
भेट् गर्छू अब रुद्रलाइ म स्वयम् ❀ तिन्कै अगाड़ी गई ॥८४॥
एती बात गरेर द्रोणि उ बखत् ❀ ढोका तिरै गैगए ।
ढोगै दी शिवलाइ झट्ट स्तुति पो ❀ ती गर्न लाग्दा भए ॥
हे शम्भो ! जगदीश ! हे पशुपते ! ❀ हे पार्वतीका पती ! ।
देख्छू वर्ण कपूर झैं हजुरको ❀ गोरो र राम्रो कती ॥८५॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नेत्रै छन् प्रभुका ति पद्म-दल झैं ❀ राम्रा तिनोटा भई ।
शोभा दिन्छ शशी निधार बिचमा ❀ जस्को हमेशा रही ॥
घाँटीमा धरि कालकूट प्रभुको ❀ भो नील घाँटी पनी ।
भन्छन् सज्जनले हजुर्कन सदा ❀ हे नीलकण्ठै भनी ॥८६॥
छाला त्यै कटिमा सुहाउँछ अती ❀ देख्दैछु शार्दूलको ।
हातैमा छ त्रिलोक नष्ट गरने ❀ मुख्यास्त्र त्रीशूल पो ॥
सर्पैका गहना शरीर भरिमा ❀ फेर् मुण्ड-माला पनी ।
शोभा दिन्छ अपूर्व धन्य महिमा ❀ भन्छू जगत्का धनी ॥८७॥
इच्छा पूर्ण हवस् भनी भर गरी ❀ जस्ले विनम्रै भई ।
प्रेमैले स्तुति गर्छ मन्सुब हजुर् ❀ गर्नुन्छ पूर्णै यहीं ॥
गर्दै एति स्तुती धरी अँगुलिले ❀ गाला बजाई तहाँ ।
बम् बम् बम् शिव बम् भनेर तिनले ❀ नाचे अगाडीमहाँ ॥८८॥

सुन्दा स्तुती खुशि भईकन उत्तिखेरी ।
आज्ञा दिए शिवजिले मुख तर्फ हेरी ॥
हे द्रोणि ! जे छ मनमा तिमि माँग ऐले ।
जे माँग्दछौ सहज भन्दछु दिन्छु मैले ॥८९॥
आज्ञा सुनेर शिवको मनमा रमाई ।
भन्छन् ति द्रोणि शिवजी सँग बिन्ति लाई ॥
जानै दिनोस् मकन भित्र प्रभो ! अहीले ।
माँग्छू वरै यहि हजुर्सित पो मईले ॥९०॥

❀ इति गदापर्व समाप्त ❀

पुस्तक पाइने ठेगाना —
बाबू माधवप्रसाद शर्मा,
वाराणसी-१

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्रीः

महाभारत-सौप्तिकपर्व

आज्ञा बक्सनु भो सदाशिवजिले ❀ यै द्वारदेखिन् भई ।
भित्रै पस्न म दिन्न जाउ परखाल् ❀ फाँदेर आफैं तहीं ॥
भन्छन् द्रोणि त्रिशूल घुम्छ शिवजी ! ❀ चौतर्फ रक्षा गरी ।
सुन्दा झट्ट बिगूत लाइ दिनुभो ❀ कूदे तिनी त्यै घरी ॥१॥
उफ्री द्रोणि गएर भित्र गढका ❀ सोझै महल्मा गए ।
खोपी द्रौपदिको थियो नजिकमा ❀ ताहीं ति दाखिल् भए ॥
ताहीं स्वर्ण-पलङ्गमा सुतहरू ❀ ती द्रौपदीका पनी ।
निद्राका वशमा थिए तहिं पुगे ❀ ती खड्ग-पाणी बनी ॥२।
देख्दामा अनुहार पाँच सुतका ❀ ठीक् बाबुका झैं थियो ।
द्रोणीलाइ त पाण्डवादिहरु हुन् ❀ भन्ने भ्रमै भै गयो ॥
तिन्ले खड्ग चलाइ पाँच जनको ❀ काटी शिरै त्यस् घरी ।
टूपी पक्रि लिएर ती शिर लिए ❀ देब्रे करैमा धरी ॥३॥
जागे दासिहरू र त्यै समयमा ❀ हल्ला बहुतै भयो ।
ऊठे रानिहरू र बाहिर तिरै ❀ खूनी पनी गैगयो ॥
रूँदा खोपिमहाँ विलाप गरदा ❀ हल्ला बहुतै भई ।
निस्के बाहिर मानिसैहरु पनी ❀ छाम्दै र हिंड्दै गई ॥४॥
निस्पट्ट छ न देखि सक्नु जनले ❀ रात्री अँध्यारो कती ।
बत्ती छैन प्रकाश छैन सबको ❀ हूँदो भयो दुर्गती ॥

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आफ्नु कुन् छ पराइ कुन् छ न चिह्नी ❀ तर्वार चल्दा भए ।
धेरै प्राणि मरे कती त गढको ❀ बाहीर भागी गए ॥५॥
निस्कन्थ्यो गढ बाहिरै नर जउन् ❀ त्यस्लाइ देख्दामहाँ ।
मार्थे ती कृतवर्मले रिस गरी ❀ खड्गै चलाई तहाँ ॥
भित्रै ता गढमा ति द्रोणि नरको ❀ हत्या खुबै गर्दथे ।
आएका गढ बाहिरै कन कृतै ❀ तर्वारले मार्दथे ॥६॥
बाँचेका जति युद्ध-भारत महाँ ❀ मानीस सोही घरी ।
रात्रीका बिचमा सबै भिड़ि गिरे ❀ ठूलै लड़ाइं परी ॥
निस्की त्यै गढबाट बाहिर हुँदा ❀ ती द्रोणिले सामुमा ।
भेटे ती कृतवर्म साथ कृपजी-❀ लाई त्यहीं मार्गमा ॥७॥
भन्छन् द्रोणि प्रसन्न भैकन सुन्यौं ❀ हे वीर हो ! यस् घरी ।
इच्छा भूपति श्रीसुयोधनजिको ❀ पूर्णै भयो ठीक् गरी ॥
पाँचै पाण्डव ती थिए शयनमा ❀ तिन्लाइ मैले गई ।
काटी पाँच शिरै लिएर करमा ❀ आई पुगें लौ यहीं ॥८॥
जाऊँ तीन जना मिलेर अहिले ❀ दुर्योधनै छन् जहाँ ।
राखी दिन्छु शिरै ति पाँच मइँले ❀ तिन्का अगाड़ीमहाँ ॥
देख्नन् जुन् घरि पाण्डवादिहरुका ❀ पाँचै शिरादी तिनी ।
हुनेछन् बहुतै प्रसन्न नृपती ❀ वैरी सकीए भनी ॥९॥
सुन्दा वाक्य ति द्रोणिका खुशि भए ❀ सुन्नेहरू त्यै घरी ।
लीए मार्ग समाति व्यास-सरको ❀ पुग्ने इरादा धरी ॥
रस्तैमा हिंडि झिस्मिसै हुनगयो ❀ केही उज्यालो पनी ।
ती दुर्योधनका पुगे समिपमा ❀ ती तीन प्राणी अनी ॥१०॥
लागे भन्न ति द्रोणि हे नरपते ! ❀ तिम्रा ति वैरी जती ।
मारें पाण्डवलाइ बाँकि अरु धेर् ❀ मारें रहेका कती ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ल्याएको छु शिरै यि पाँच मइँले ❀ ती पाण्डवैका पनी ।
गर्नोस् निश्चय हेरि पंच शिर नै ❀ बैरी सकीए भनी ॥११॥
खूशी भैकन ती सुयोधनजिले ❀ भन्दा भए त्यै घरी ।
मेरो टेक यि द्रोणिबाट रहिगो ❀ मारेर मेरा अरी ॥
ती पाँचै शिर द्रोणिले धरिदिए ❀ तिन्का अगाड़ी महाँ ।
हेरे दृष्टि दिएर छिन्न शिरमा ❀ दुर्योधनैले तहाँ ॥१२॥



पाँचै पाण्डवका ति पाँच सुतका ❀ देख्दा शिरै त्यस् घरी ।
साह्रै छक्क परे सुयोधनजि ता ❀ भन्छन् अचम्मै परी ॥
हे द्रोणी ! किन बालकादिहरुको ❀ हत्या तिमीले गर्‍यौ ? ।
यी हुन् द्रौपदि-पुत्रका शिरहरू ❀ तिम्ले यहाँ जुन् धर्‍यौ॥१३॥
हत्यारा तिमि पापि हौ यति भनी ❀ दुर्योधनैले पनी ।
आफ्नू प्राण उही बखत् त्यजिदिए ❀ हंसै उडीगो अनी ॥
साह्रै हर्ष भएर ताप परदा ❀ हूनेछ मृत्यू भनी ।
आपै तिन्कन ता थियो उहि पुग्यो ❀ द्रोणी डराए अनी ॥१४॥
लागे गर्न विचार द्रोणि अनि फेर् ❀ भीमार्जुनै पो तहाँ ।
मैले मारिनछू यि बालककनै ❀ मारेंछु खोपी महाँ ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तस्मात् बस्नु यहाँ भएन अब ता * भागेर मैले कतै ।
जानू ठीक छ नत्र खूब बदला * लिन्छन् तिनैले यतै ॥१५॥
त्यै पक्का गरि मार्ग पक्रि बनको * बद्री म जान्छू भनी ।
हीँड़े द्रोण-कुमार पाप-भयले * काँमेर थर्थर् अनी ॥
भागी ती कृतवर्मजी चलिगए * श्रीद्वारिका धाममा ।
श्रीसूर्योदय भै प्रकाश हुनगो * सम्पूर्ण संसारमा ॥१६॥
साथै पाण्डववर्ग ली गढ तिरै * हाँकी रथै खुब् गरी ।
पुग्नूभो जब कृष्णजी महलमा * दृश्यै अगाडी परी ॥
भैगो ज्ञात भए जती नर मरे * राती अँध्यारो महाँ ।
पुत्रै पाँच जना ति बालक मरे * श्रीद्रौपदीका तहाँ ॥१७॥
हत्याकारि जउन् थियो लुकिछिपी * आएर खोपीमहाँ ।
खड्गैले शिर पाँचको गिंडि लग्यो * छैनन् शिरादी यहाँ ॥
आफ्ने छन् गिरने जती जनहरू * छैनन् पराई भनी ।
दासीले खबरै यही कहिदिए * रोएर दुःखी बनी ॥१८॥
रानी द्रौपदि निस्कि सामु हरिका * आएर रोइन् अती ।
साह्रै छक्क परे ति अर्जुन तहीं * बोल्दै नबोली रती ॥
भन्छिन् रानि कुकर्म यो सब गरे * ती द्रोणिले रातमा ।
निद्रामा परि मस्त पो सब थियौं * चोर् झैं पसे खोपिमा॥१९॥
पाँचै पुत्रहरू थिए शयनमा * त्यै विप्र खूनी पसी ।
पाँचोटै शिर ली गयो सहजमा * काटेर खड्गै धसी ॥
हत्या बालकको गरेर शिर ली * बाहीर गै त्यस् घरी ।
बासामा पसि अन्यलाइ पनि ता * मारे छ रिस्मा परी ॥२०॥
थीए नोकर चाकरै नर जती * तिन्लाइ मारी गयो ।
त्यस् द्रोणीकन बाँधि ल्याउनुहवस * बाहुन् कुकर्मी भयो ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गर्नूसम्म गरी गयो अधमले ❀ छू पुत्र-शोकै महाँ ।
लीनू होस् बदला नहीं त म पनी ❀ बाँच्दीन मर्छू यहाँ ॥२१॥
रानी द्रौपदिले रुँदै जब कहिन् ❀ यस्ता कुरा त्यै घरी ।
पार्थैले अति क्रुद्ध भै प्रण गरे ❀ तिन्का अगाडी सरी ॥
हे रानी ! त्यहि ब्रह्मबन्धुकन ता ❀ बाँधेर मैले यहाँ ।
ल्याईदिन्छु भनी गई रथ चढे ❀ उम्की किरीटी तहाँ ॥२२॥
रस्ता जुन् धरि भाग्दथे भय लिंदै ❀ द्रोणी त्यही मार्गमा ।
हाँक्नू भो रथ कृष्णले पवन झैं ❀ भो नन्दिघोषै तहाँ ॥
पाङ्ग्राको सुनि शब्द घर्घर तिनी ❀ फर्केर हेर्दा भए ।
देखे ती गुरु-पुत्रले मकन ता ❀ खेद्दै ति आई गए ॥२३॥
ती द्रोणीकन देखि अर्जुनजिले ❀ भन्छन् कराई अति ।
हत्या बालकको गरेर अहिले ❀ भाग्छौ कहाँ दुर्मति ? ॥
द्रोणीले सुनि हाँक अर्जुनजिको ❀ आफ्ना मनैमा पनी ।
ठाने आयु समाप्तको समय ता ❀ आएछ मेरो भनी ॥२४॥
गर्नू सम्म उपाय गर्दछु भनी ❀ श्रृंगीशरै झट् गरी ।
ताँदोमा धनुको लगाइ तिनले ❀ मन्त्रेर सोही घरी ॥
सारा पाण्डववंश नष्ट यसले ❀ निर्मूल पारोस् भनी ।
त्याग्दा देवसमाजमा भय पस्यो ❀ काँमे ति थर्थर् अनी ॥२५॥
कालाग्नी सरि भै महाप्रलयको ❀ त्यै बाण छूट्यो जसै ।
सोधे छक्क परेर कृष्णसित फेर् ❀ ती अर्जुनैले तसै ॥
हे नारायण ! द्रोणिले शर जउन् ❀ छोडे अगाडी महाँ ।
यस्को भेद म कत्ति जान्दिन प्रभो ❀ आज्ञा हवस् लौ यहाँ ॥२६॥
भन्नूभो हरिबाट द्रोणगुरुले ❀ माया बहूतै गरी ।
दीएथे अघि द्रोणिलाइ शर यै ❀ सोही अगाडी सरी ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यिन्ले त्याग गरे यही त शर हो ❀ शृङ्गी भनेको पनी ।
खोलेनन् यसको त भेद गुरुले ❀ तिम्लाइ कैल्हैं भनी ॥२७॥
आज्ञा गर्नुभयो सुदर्शनकनै ❀ डाकी अगाडी महाँ ।
गर्भैमा गइ गर्नु रक्षण पऱ्यो ❀ ती उत्तराको तहाँ ॥
रक्षा पाण्डव-वंशको गर तिमी ❀ भन्नू भएथ्यो जसै ।
सूक्ष्मै रूप धरेर चक्र ति गए ❀ वायू सरी भै तसै ॥२८॥
हाने अर्जुनले लिएर करमा ❀ साते शरै त्यस् घरी ।
ती साते शर व्यर्थ भै फिरिगए ❀ शृङ्गी न-टर्दै टरी ॥
उत्री पृथ्विमहाँ खडा हुनु भयो ❀ श्रीकृष्ण आगे गई ।
आयो बाण मुखै त बाउनु भयो ❀ नारायणैले तहीं ॥२९॥
गै गो बाण अनन्तका[1] उदरमा[2] ❀ आकाशवाणी भयो ।
श्रीनारायण कृष्णको जय हवस् ❀ रक्षा सबैको भयो ॥
पाँचै भक्तहरू यसोरि प्रभुले ❀ आफैं बचाई लिए ।
रक्षा गर्भविषे परीक्षितजिको ❀ राम्रै गराईदिए ॥३०॥
हातैमा लिइ नागपाश उ बखत् ❀ त्यागी दिए पार्थले ।
त्यस्ले गैकन द्रौणिको त सहजै ❀ मस्काइ पाता दिए ॥
द्रौणीको गठरी उचालि हरिले ❀ आफ्ना रथैमा धरी ।
फर्काए रथ फेर् गढैतिर अनी ❀ वायू समानै गरी ॥३१॥
पौंच्यो त्यै रथ ता गएर गढको ❀ द्वारैमहाँ जुन् घरी ।
उत्रे कृष्ण र पार्थ झट्ट भुमिमा ❀ श्री कृष्णले त्यै घरी ॥
द्रौणीलाइ लिएर गै महलमा ❀ दाखिल् भएथे जसै ।
देखिन् द्रौपदिले ति द्रौणिकन ता ❀ पाता कसेका तसै ॥३२॥

१ परमेश्वरका । २ पेटमा ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जस्को कान्ति विना मलीन मुख भै ❋ खुब् टन्कँदा बन्धनै ।
पीडा भैकन धेर् बगेर पसिना ❋ भीजेर सर्वाङ्गनै ॥
दृष्टी दीकन भूमिमा तिनि खड़ा ❋ देखेर साम्ने महाँ ।
खूबै भीम रिसाइ खड्ग करमा ❋ लीएर भन्छन् तहाँ ॥३३॥
तैंले ब्राह्मण भै कसाइ सरिको ❋ जो बाल-हत्या गरिस् ।
सोही पाप फली वृकोदरजिका ❋ साम्ने अगाडी परिस् ॥
लिन्छू त्यो बदला तँलाई सहजै ❋ प्रत्यङ्ग काटी यहाँ ।
खुट्टा-हात म काटि गिद्धकन ता ❋ दिन्छू जमीनै महाँ । ३४॥
थाहा खुब् छ मलाइ होस् अमर तैं ❋ त्यस्को घमण्डै भयो ।
तेरा फोर्छु दुवै म नेत्र अनि ता ❋ दृष्टी हराई गयो ॥
बाँच्लास् हात र पाउ नेत्रहरु गै ❋ खूबै अजम्बर् भई ।
खूनी पापि घमण्डि नीच रहिछस् ❋ दिन्छू म दण्डै यही ॥३५।
रानी द्रौपदिले कहिन् प्रभु हरी ! ❋ हे नाथ ! यी भीमले ।
आँट्नू भो बदला लिनै रिस गरी ❋ यस् निम्ति बिन्ती गरें ॥
मेरा पुत्रहरू मरे ति त मरे ❋ यिन्लाइ डूँडो गरी ।
फर्कन्नन् ति त गैगए तब वृथा ❋ ठान्छू म दण्डै गरी ॥३६॥
जातै ब्राह्मणको विशेष गुरुको ❋ पुत्रै भयो यो खुनी ।
यस्को काट्नु हुँदैन अंगहरु क्यै ❋ ठूलो छ पापै भनी ॥
तस्मात् हे हरि ! बन्धनै अब दिनोस् ❋ फोई हजुर्ले यहाँ ।
रानीका यि कुरा सुनी हरि पनि ❋ खूशि हुनू भो तहाँ ॥३७॥
भन्नू भो तिमि धन्य द्रौपदि भयौ ❋ यस् पापिलाई यहाँ ।
रक्षा आज गर्‍यौ म खूशि छु सुन्यौ ❋ तिम्रा अगाडी महाँ ॥
भन्छू एक म गुप्त बात अहिले ❋ यस्का कपालै महाँ ।
यौटा दिव्य मणी छ हो नर-मणी ❋ त्यै झिक्नु पर्ला यहाँ ॥३८॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एती बात गरेर भीम सितको ❀ खड्गै लिई त्यै घरी ।
झिक्नू भो हरिले मणीकन चिरी ❀ आफ्ना करैले गरी ॥
तिन्को बन्धन मुक्त गर्दिनु भयो ❀ आज्ञा भयो फेर् तहाँ ।
व्यर्थै दुःख दियौ थि पाण्डवकनै ❀ हौ दुष्ट संसारमा ॥३९॥
पीडा भैकन दुःख पाउ तिमिले ❀ दुर्गन्ध भै घाउमा ।
तिम्ले तीन हजार वर्ष पृथिवी ❀ घुम्नू त्यही रोगमा ॥
यस्ता बात सुनी अधोमुख गरी ❀ द्रोणी उठी गै गए ।
कृष्णौंले मणि पार्थलाइ दिनुभो ❀ तिन्ले मणी लीलिए ॥४०॥
रानी द्रौपदिलाइ त्यै मणि दिए ❀ श्रीपार्थले त्यै घरी ।
तिन्ले धर्मकुमारलाइ मणि त्यै ❀ सुम्पिन् अगाडी सरी ॥
जो-जो भारत-युद्धमा मरिगए ❀ सम्बन्ध पर्ने जती ।
तिन्को सद्गति श्री युधिष्ठिरजिले ❀ गर्दाभए चित्त दी ॥४१॥
राजा श्री धृतराष्ट्रका हजुरमा ❀ दूतैहरूले अनी ।
युद्धैको सब हाल् बताइकन फेर् ❀ दुर्योधनैको पनी ॥
मृत्यू भो यसरी भनी सब खबर् ❀ दीएर सुन्दा महाँ ।
सौ छोराहरुको त शोक परदा ❀ मूर्छा परे ती तहाँ ॥४२॥
हाहाकार परीगयो महलमा ❀ त्यै हस्तिनापूरको ।
लागे रून जनानि रानिहरु ता ❀ पर्दा ठुलो पीर पो ॥
मूर्छा खुल्न गएर अन्धनृपती ❀ ऊठी बसे त्यै घरी ।
पुत्रादीकन संझि रोइ ति रहे ❀ त्याहीं विलापै गरी ॥४३॥
गान्धारी पनि पुत्रशोक परदा ❀ रुन्थिन् बिलौना गरी ।
बूहारीहरु गिर्दथे पृथिविमा ❀ रोएर छट्पट् गरी ॥
यस्तै औसरमा ति व्यासजि तहीं ❀ पूगेर राजा कहाँ ।
आफ्नू भाषण दी बुझाउनु भयो ❀ क्यै शान्ति भैगो तहाँ ॥४४॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पौंची त्यैं घरि भाइ ती विदुरजी ❀ राजाजीका सामुमा ।
भन्छन् शोक वृथा छ गर्नु तिनको ❀ जो-जो बिते युद्धमा ॥
सोची यै परिणाम बिन्ति प्रथमै ❀ मैले चढाएँ पनी ।
केही ख्याल नराखि बात सुतकै ❀ सुन्नू भयो ठीक् भनी ॥४५॥
पुत्रै हुन् नृपती युधिष्ठिर यहाँ ❀ तिन्लाइ पुत्रै बुझी ।
बस्नूहोस् अब शान्त-चित्त हुनगै ❀ शोकादिलाई त्यजी ॥
गर्नूभो यदि पुत्रशोक बहुतै ❀ ती राज्य गर्नन् कहाँ ? ।
राजा कोहि न-भै समस्त जगको ❀ को गर्छ रक्षा यहाँ ॥४६॥
सम्झाई यहि रीतिले विदुरले ❀ शान्तै गराए जसै ।
वेदव्यास उठी बिदा भइगए ❀ केही न-बोली तसै ॥
साथैमा हरि रानि दासिहरु ली ❀ फेर् मालमत्ता लिई ।
फर्की पाण्डव हस्तिनापुर पुगे ❀ त्यागी गढै खुश् भई ॥४७॥
सोझै ती सब कुन्तिकै त अघिको ❀ बासामहाँ त्यस् घरी ।
पौंची ताहिं बसे प्रसन्न मनले ❀ विश्राम गर्दै गरी ॥
राजा श्री धृतराष्ट्रका हजुरमा ❀ भेट् गर्नलाई भनी ।
भीमैको पनि लोहमूर्त्ति हरिले ❀ तैयार् गराए अनी ॥४८॥
त्यै मूर्ती लिइ पाण्डवादि सहितै ❀ श्री कृष्ण हिंड्दा भए ।
राजा श्री धृतराष्ट्रका महलमा ❀ तिन्का अगाड़ी गए ॥
आफ्नू नाम बताइ पाण्डवहरू ❀ पाऊ परे ता पनी ।
राजा श्री धृतराष्ट्र क्रोधित थिए ❀ नाशे यिनैले भनी ॥४९॥
लागे भन्न ति अन्धभूपति त्यहीं ❀ श्री कृष्णका सामुमा ।
सूनँथें बहुतै पराक्रम गरे ❀ ती भीमले युद्धमा ॥
तस्मात् हे हरि ! भीमलाइ अहिले ❀ खुब् अंकमालै गरी ।
भेट्ने मन्सुब भो र भन्दछु यहाँ ❀ आऊन् अगाडी सरी॥५०॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अन्तर्यामि हरी थिए बुझि कुरा ❀ मूर्ती अगाड़ी धरे ।
आए भीम नजीकमा नृप ! भनी ❀ उच्चारणै यै गरे ॥
सुन्दा वाक्य दुवै पसारि कर झट् ❀ त्यै मूर्तिलाई धरी ।
अंकैमाल गरेर चूर्ण त गरे ❀ अत्यन्त रिस्मा परी ॥५१॥
मूर्ति सोहि फलामको गरि धुलो ❀ रिस् मर्न गै गो तहाँ ।
लागे छाति पिटेर बोल्न नृपती ❀ रूँदै उसै बीचमा ॥
मैले मारिदिएँ यि भीमकन ता ❀ व्यर्थैं रिसैमा परी ।
बाँच्ने छैन म खूनि भै अब हिंडें ❀ मै आत्महत्या गरी ॥५२॥
यस्तै ता पछितो गरे ति नृपले ❀ देख्दा हरीले अनी ।
आज्ञा गर्नुभयो न फिक्रि गरियोस् ❀ यी भीम मारें भनी ॥
लोहाको पनि मूर्ति हो हजुरले ❀ भाँच्नू भएको यहाँ ।
यस्ता बात सुनेर शान्त नृपती ❀ हूँदा भए चित्तमा ॥५३॥
गान्धारीकन पाण्डवादिहरुले ❀ नामै बताई वरी ।
दीए ढोग र भन्दछिन् ति पनि ता ❀ अत्यन्त रिस्मा परी ॥
हे नारायण कृष्णजी ! गरिलियौ ❀ तिम्ले सबै काम ता ।
अट्ठारै दिन युद्ध भारत भयो ❀ कोही न-राखी यता ॥५४॥
मेरा एकसये कुमारकन ता ❀ मारी दियौ युद्धमा ।
तिम्लाई अब श्राप दिन्छु सुन लौ ❀ जो भन्छु मैले यहाँ ॥
तिम्रा हे हरि ! राज्यले सहित भै ❀ सन्तान वंशै जती ।
हूनेछन् सब नष्ट आपस महाँ ❀ हूँदा कचिङ्गल् अती॥५५॥
यस्तो श्राप सुनेर हाँसि हरिले ❀ आज्ञा गरे त्यैघरी ।
गान्धारी ! तिमिले भने जति कुरा ❀ हूनेछ साँचो गरी ॥
तीमी यौटि पतिव्रता गृहिणि भै ❀ आज्ञा बिना स्वामिको ।
दीयौ श्राप तसर्थ धर्म जुन हो ❀ तिम्रो बिलाई गयो ॥५६।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गान्धारी तब भन्दछिन् हरि ! वृथा ❀ श्रापै दिएँछू यहाँ ।
भुक्ता श्राप हवस् कहे जति सबै ❀ माँग्छू म ऐह्ले क्षमा ॥
पैह्ले एती भनेर रून जब ती ❀ लागिन् विलापै गरी ।
आज्ञा भो हरिबाट व्यर्थ तिमि ता ❀ रुन्छयौ अबूझै सरी ॥५७॥
हूँने ता भवितव्यता उहि थियो ❀ त्यस्तै हुनाले गरी ।
तीमीबाट दिएँ गराइ मईंले ❀ श्रापै यहाँ यस् घरी ॥
मेरै मन्सुबले र खास गरि ता ❀ इच्छा त मेरै भई ।
तिम्ले श्राप दियौ नमान पछितो ❀ त्यस्का कुराको यहीं ॥५८॥
त्याहाँबाट उठेर पाण्डवहरू ❀ श्रीकृष्ण साथै भई ।
बासामा पुगि बस्नु भो खुशि हुँदै ❀ श्रीव्यास आए तहीं ॥
सत्कारादि गरेर पाउ परदै ❀ राखेर चौकी महाँ ।
दीए ढोग प्रणाम व्यासकन ता ❀ प्राणीहरूले तहाँ ॥५९॥
भन्नूभो त्यहिं व्यासले अब शहर् ❀ यै हस्तिनापूरमा ।
रैतीले जल-पूर्ण ती कलशका ❀ जोड़ा धरुन् द्वारमा ॥
राखी फेर् त्यहिं पञ्चपल्लवहरू ❀ लावा-अबीरै छरी ।
ऐह्ले मंगल खुब् गरुन् सब मिली ❀ आनन्द-चित्तै गरी ॥६०॥
टाँगुन् तोरण ता यही महलमा ❀ शोभा हवस् खूब् गरी ।
नाचुन् कश्चि र नृत्यमा निपुण ती ❀ प्राणीहरू यस् घरी ॥
गाउन् भाटहरू सुकीर्ति नृपको ❀ मीठा स्वरैले गरी ।
थालुन् विप्र ति वेद-पाठ गरनै ❀ मंत्रादि खूबै पढी ॥६१॥
सम्राट् धर्मकुमार द्रौपदि दुवै ❀ सिंहासनैमा गई ।
पैह्री राजसि वस्त्र शोभित हउन् ❀ आनन्द चित्तै लिई ॥
सम्राट्का सब भाइ ता पदविका ❀ माफिक् नजीकै रहुन् ।
विप्रादीहरुबाट तीर्थजलको ❀ खुब् सेचनादी गरुन् ॥६२॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यस्ता बात सुनेर व्यास ऋषिका ❀ त्यौ काम गर्नू भनी ।
आज्ञा कृष्णजिबाट भो र नृपले ❀ ती मंत्रिलाई अनी ॥
हूकुम् दीनु भयो र ती उठिगए ❀ उर्दी मुलुक्मा भयो ।
घण्टा दूइ पछी घरैघर महाँ ❀ खुब् मंगलाचार भो ॥६३॥
रानी द्रौपदि धर्मराज दुइटै ❀ लाई लुगा राजसी ।
रत्नैका पहिरी अनेक गहना ❀ अत्तर् सुगन्धै घसी ॥
श्रृङ्गारादि गरेर फूलहरुका ❀ माला गलामा धरी ।
भारी भारत-राजगद्दि बिचमा ❀ बस्दाभए त्यस् घरी ॥६४॥
जम्मा भै कुलका पुरोहित ऋषी ❀ विप्रादि विद्वान् मुनी ।
तिन्ले मन्त्र पढेर तीर्थजलले ❀ दीए अभीशेष् अनी ॥
लागे गायन गर्न भाटहरुले ❀ सम्राट्-सुकीर्ती पनी ।
वेदव्यासजिले लिए मुकुट झट् ❀ आफ्ना करैमा अनी ॥६५॥
आफ्ना दिव्य विमानमा बसि सबै ❀ देवादि देवी जती ।
थाले हेर्न महोत्सवै तिलकको ❀ आनन्द मानी अती ॥
सम्राट् धर्मकुमारको जय हवस् ❀ भन्दै पुकारा गरी ।
बर्साए कुसुमादि त्यै स्थलमहाँ ❀ तिन्माथि पर्ने गरी ॥६६॥
बेला भो सु-मुहूर्त्तको जब तहाँ ❀ श्रीव्यासजीले अनी ।
सम्राट्का शिरमा धरे मुकुट त्यै ❀ सम्राट् सुखी हुन् भनी ॥
गर्दा धारण त्यै ति सूर्य सरिका ❀ खुब् तेजयुक्तै भए ।
टीका कृष्णजिले लगाइदिनु भो ❀ सारा खुशी भैगए ॥६७॥
हाँके चामर भीमले नृपतिका ❀ भै पार्श्वभागै महाँ ।
ओढाए बहुमूल्य छत्र शिरमा ❀ ती पार्थले झट् तहाँ ॥
बाजा खूब बजे अनेक थरिका ❀ फेर् पाण्डवैश्रेष्ठले ।
गाई दान दिए हजार उ बखत् ❀ लीए ति विप्रादिले ॥६८॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सम्राट् धर्मकुमारले खुशि हुँदै ❀ श्रीकृष्णलाई तहाँ ।
लागे भन्न दयालु नाथ ! प्रभुले ❀ हाम्रो जगत् बीचमा ॥
राखी बक्सनु भो प्रणै जुन गऱ्यौं ❀ हाम्ले उ पूर्यौं गरी ।
भक्तैको प्रण पूर्ण गर्न प्रभु झैं ❀ क्वै अन्य छैनन् हरी ॥६९॥
खुशी भैकन भन्नु भो प्रभुजिले ❀ धर्मावतारी भई ।
छौ धन्यै तिमि हे युधिष्ठिर ! सुन्यौ ❀ छैनन् तिमीझैं यहीं ॥
साथै ली उपहार-भेटि बहुलै ❀ ती पौरवासी जती ।
आए धर्मकुमारका समिपमा ❀ गर्दै प्रणामै नती ॥७०॥
सम्राट् पृथ्विपती युधिष्ठिर हुँदा ❀ दुःखादि सारा गए ।
संसारी सब प्राणिवर्ग जति छन् ❀ सारा सुखी भै गए ॥
मन्त्री धर्मकुमारका द्रुपदका ❀ पुत्रै भए त्यस् घरी ।
धर्मात्मा नृपती युधिष्ठिर हुँदा ❀ कल्याण भो खुब् गरी॥७१॥
जस्ले चित्त लगाइ पढ्छ अथवा ❀ सुन्ने छ चित्तै धरी ।
जाने छैन कदापि पाप नजिकै ❀ त्यस्का अगाड़ी सरी ॥
भन्छन् रामप्रसाद पण्डित कवी ❀ सत्याल् यही लोकमा ।
जस्ले सुन्दछ एहि भारत कथा ❀ पर्दैन सो रोगमा ॥७२॥
कार्यै जुन् परमार्थको गरिलिंदा ❀ पाइन्छ धर्मै जती ।
गर्दा श्राद्ध गयाजिमा फल जउन् ❀ पाइन्छ मिल्छा उती ॥
बैरीका संगमा भिडेर रणमा ❀ मर्दा हुने जुन् गती ।
एही भारतको कथा सुनिलिए ❀ पाइन्छ सोही गती ॥७३॥
कन्यादान र तीर्थस्नान गरदा ❀ जुन धर्म होला यहाँ ।
सोही धर्म हुनेछ भारत-कथा ❀ भन्दा र सुन्दा महाँ ॥
माहाभारतको कथा पढिलिने ❀ अभ्यास रोजै गरे ।
श्रीनारायण कृष्णकै त दरशन् ❀ पाइन्छ आखिर् भरे ॥७४॥

॥ इति सौप्तिक पर्व समाप्त ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

❀ श्री ❀

महाभारत-स्त्रीपर्व

याहाँ सम्म कहेर भारत-कथा ❀ फेर् नारि-पर्वै पनी ।
लागे भन्न ति व्यासशिष्य नृपती ❀ जन्मेजयैमा अनी ॥
सम्राट्! पाप-समूह नष्ट सहजै ❀ गर्नै छ सुन्दा महाँ ।
सोही पुण्य-कथा म भन्दछु प्रभो! ❀ विस्तार गर्दै यहाँ ॥१॥
मृत्यू ती कुरुराजको नयनले ❀ देख्दा अचम्मै भई ।
जल्दी सोहि खबर् ति संजयजिले ❀ दीए महल्मा गई ॥
सुन्दा श्रीधृतराष्ट्रका हृदयमा ❀ वज्रै परेझैं भयो ।
लागे गर्न विलाप अन्धनृपती ❀ शोकाग्नि बल्दै गयो ॥२॥
श्रीदुर्योधन पुत्र पृथ्विपति हुन् सौ ❀ भाइ जस्का थिए ।
भीमैले रणमा गएर सबको ❀ मृत्यू गराई दिए ॥
हे सीतापति! के गऱ्यौ जगतमा ❀ यो वज्रपातै भई ?।
वृद्धै छू अनि अन्ध छू म बदला ❀ लीऊँ कसोरी गई? ॥३॥
पैह्ले भीष्म गिरीगए समरमा ❀ द्रोणै गिरे फेर् मरी ।
राजा कर्ण प्रसिद्ध वीर ति थिए ❀ बीते लडाइं गरी ॥
छोरा नाति-पनाति-बन्धु सबको ❀ ज्यान् गैगयो युद्धमा ।
एक्लो आज भएँ अनाथ टुहुरो ❀ जस्तो म ता लोकमा ॥४॥
मेरा पुत्रहरू बिते समरमा ❀ बामै विधाता भए ।
काटेको दुइ पंख झैं म अहिले ❀ पन्छी सरी भै गएँ ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कर्मैको भइ दोष दुःख परिगो ❀ यो पुत्र-शोकै परी।
मेट्ने कर्म-लिपी भएन विधिको ❀ कोही अगाडी सरी ॥५॥
मैले नारदले भृगूपतिजिले ❀ सम्झाउँदामा पनी।
मानेनन् ति कुरा सुयोधनजिले ❀ खूब् जिद्दि गर्ने बनी ॥
मेरो ता पुरुषार्थ भन्नु जगमा ❀ पुत्रादिहेरू थिए।
ती छैनन् पुषार्थ हीन मकनै ❀ ब्रह्माजिले गर्दिए ॥६॥
आँखाहीन शरीर फेर् दिवस ता ❀ सूर्यै बिनाको अनी।
रात्री चन्द्रविहीन दीपक बिना ❀ कस्तै महल् होस् पनी ॥
त्यस्तै पुत्रबिना भएछ अहिले ❀ यो वंश मेरो यहाँ।
पुत्रैलाइ गुमाइ हाइ !! मइले ❀ के बाँच्नु संसारमा ॥७॥
राजालाइ बुझाउँछू अब भनी ❀ ती संजयैले तहाँ।
लागे भन्न नरेन्द्र ! शोच गरनू ❀ व्यर्थै छ संसारमा ॥
राजन्! विज्ञ भएर आफु किन हो? ❀ देख्दा अजान्कै सरी।
यस्तो रूनु कराउनू गरनु भो ❀ मोहैविषे पो परी ॥८॥
जन्मै-मृत्यु यि मित्र हुन् दुइ जना ❀ साथै रहन्छन् अनी।
यिन्को कारण जान्नु केवल छ है ❀ माया जगत्मा भनी ॥
मर्नू-जन्मनुलाइ जानि मनले ❀ माया भनेको यहाँ।
रूनू कारण कुन् छ ज्ञानिहरुले ❀ रुन्थे यसोरी कहाँ? ॥९॥
राजन् ? संजय नामका नृप थिए ❀ पैह्ले कुनै कालमा।
तिन्माथी परि पुत्रशोक मरनै ❀ आँटे बिना कालमा ॥
सम्झाए नृपलाइ नारद गई ❀ राजन्! विचारी लिनू।
कर्मैको फल हो भनेर बुझनू ❀ यो मर्नु जन्मै लिनू ॥१०॥
राजन्! यी सब जान्नु होस् हजुरले ❀ माया भनी लोकमा।
कर्मैका गति हुन् भनेर कहिल्यै ❀ पर्नू नहीं शोकमा ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पुत्रैको बुझि दोष आफ्नु मनमा ❀ संतोष मान्नू भनी ।
सम्झाए जब एति देवऋषिले ❀ बूझे ति राजा अनी ॥११॥
ती दुर्योधनलाइ धेर जनले ❀ सम्झाउँदामा पनी ।
आफ्नै जिद्दि गरी रहे वचन ता ❀ कत्ती न केही सुनी ॥
कर्णैले अनि भीष्मले शकुनिले ❀ दुश्शासनैले पनी ।
नीतीयुक्त कुरा गरीकन भने ❀ ढीपी न-गर्नोस् भनी ॥१२॥
गान्धारी जननी थिइन् तिनि पनी ❀ बोलेर हारिन् तहाँ ।
तिन्को अर्ति पनी अनादर गरे ❀ शेखी लिंदै चित्तमा ॥
धर्मैको त विचार लोप हुनगै ❀ तिन्को त्यही चित्तमा ।
ठूलो पाप बस्यो र पाप हुनगै ❀ ज्यान् गै गयो युद्धमा ॥१३॥
वाणी व्यासजिको अनादर गरी ❀ तिन्ले सुनेनन् रती ।
शेखी धेर लिए सुयोधनजिले ❀ गर्दै घमण्डी-मती ॥
भन्नू भो गइ कृष्णले हित कुरा ❀ तिन्को भलो होस् भनी ।
झन् तिन्सीत विरोध गर्न मति भो ❀ दुर्योधनैको पनी ॥१४॥
ती दुर्योधनकै कुरा हजुरले ❀ मानेर राम्रो तहाँ ।
सुन्नू भो न-दिएर अर्ति हितको ❀ तिन्लाइ शिक्षामहाँ ॥
पुत्रैका वशमा परी हजुरले ❀ केही न बोल्दामहाँ ।
सोही पाप फलेर मृत्यु हुनगो ❀ दुर्योधनैको तहाँ ॥१५॥
तस्मात् शोक अवश्य त्याग गरनोस् ❀ एती कहेथे जसै ।
लामू श्वास निकालि अन्धनृपती ❀ फेर् रून लागे तसै ॥
भन्दा संजयले बुझेन मन ता ❀ ती भूपतीको भनी ।
लागे गैकन भन्न ती विदुरजी ❀ तिन्कै अगाडी अनी ॥१६॥
राजन् ! उठ्नु हवस् न शोच गरनोस् ❀ मेरा कुरा यस् घरी ।
लीनोस् हुन् सब ज्ञानका भनि खुबै ❀ आफ्ना मनैमा धरी ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कालैका वशमा समस्त जन छन् ❀ जान्छन् बखत्मा मरी ।
मृत्यू घुम्दछ तीन लोक बिचमा ❀ एता र ऊता गरी ॥१७॥
बूढ़ा बालक फेर् जवान तरुना ❀ जो छन् जगत् बीचमा ।
राजा हुन् कि प्रजा अवश्य सबले ❀ पर्नेछ मर्नू यहाँ ॥
संसारी जन जान्दछन् यहि कुरा ❀ आखिर् छ मर्नू भनी ।
तस्मात् फिक्रि न गर्नुहोस् नरपते ! ❀ अज्ञानि जस्तो बनी ॥१८॥
सुन्दा वाक्य ति ज्ञानका विदुरका ❀ क्यै शान्ति भो चित्तमा ।
सम्झी फेरि ति मूर्छिते भइ गिरे ❀ पर्दै ठुलो मोहमा ॥
छर्की शीतल नीर अन्धनृपका ❀ दींदा मुहारै महाँ ।
मूर्छा खुल्न गएर ती उठि बसे ❀ हा ! हा !! पुकार्दै तहाँ ॥१९॥
क्यै गर्दा पनि चित्त शान्त न-हुँदा ❀ कैह्ले ति मूर्छा परी ।
कैह्ले चेत भई विलाप गरथे ❀ ती भूपती खुब् गरी ॥
यो चाल् देखिलिंदा ति अन्धनृपको ❀ श्रीव्यास भन्छन् तहीं ।
राजन् ! केहि कुरा कहन्छु सुन लौ ❀ मेरातिरै दिल् दिई ॥२०॥
राजन् ! नारद आदि साथ ऋषि ली ❀ घुम्दै म ता स्वर्गमा—
पौंचें क्वै दिनमा शचीपतिजिका ❀ साम्ने अगाड़ी महाँ ॥
त्यै बेला पृथिवी पुगेर तहिंनै ❀ रोएर भन्छिन् अनी ।
हे देवेन्द्र ! अहो असह्य भइगो ❀ भारै मलाई पनी ॥२१॥
विष्णूले अघि मार्नु भो समरमा ❀ दैत्यादिहेरू जती ।
ऐह्ले ती सब क्षत्रि भै बढ़िगए ❀ छन् इन्द्र तुल्यै कती ॥
मैलाई त अपार भार हुनगो ❀ तिन्ले त पापै गरी ।
उद्धारै अब गर्दिनोस् हजुरले ❀ बिन्ती छ पाऊपरी ॥२२॥
श्रीनारायण विष्णुले कहनुभो ❀ ती भूमिलाई तहाँ ।
तिम्रो भार उतारुँला अब छिटै ❀ मैले गई पृथ्विमा ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जाउन् देवहरू मनुष्य-कुलमा ❋ जन्मुन् गई पृथ्विमा ।
पर्ला भारत-युद्ध नष्ट ति हुनन् ❋ सारा कुरुक्षेत्रमा ॥२३॥
जाऊ पृथ्वि तिमी भनेर हरिले ❋ आज्ञा दिए त्यै घरी ।
फर्किन् पृथ्वि ति मृत्युलोकतिर झट्‌ ❋ संतोष दिल्‌मा धरी ॥
तिम्रा पुत्र तिनै सुयोधनजि हुन् ❋ अंशै कलीको लिने ।
क्रोधी चञ्चल-चित्त जिद्दि गरने ❋ अन्यायमा दिल् दिने॥२४॥
तिन्का बान्धव सौ जना र नृपती ❋ तिम्रा तरफ्‌का पनी ।
दैत्यैका अवतार हुन् बुझ तिमी ❋ साँचा कुरा हुन् भनी ॥
सोही कारणले सबै चलिगए ❋ ठूलो लड़ाई गरी ।
आफैं विष्णु यि कृष्ण हुन् सब गरे ❋ यिन्ले अगाड़ी सरी ॥२५॥
राजन् ! तीमि र ती युधिष्ठिर दुवै ❋ हौ धर्म अंशी भनी ।
भन्छू पाण्डवलाइ जान्नु मनले ❋ छोरा यिनै हुन् भनी ॥
सेवा खुब् गरनन् ति पाण्डवहरू ❋ तिम्रो सुन्यौं भूपती ! ।
तिम्ले प्रेम लिएर बस्नु सँगमा ❋ कल्याणमा दी मती ॥२६॥
वेदव्यासजिका सुनी सब कुरा ❋ ती अन्धराजाजिले ।
भन्छन् नाथ ! शरीर दग्ध त थियो ❋ त्यै शोकका अग्निले ॥
सुन्दा भाषण ज्ञानको हजुरको ❋ शान्ती मलाई भयो ।
त्यागें शोक सबै कृपा हजुरको ❋ हूँदा उ पारै गयो ॥२७॥
अन्तर्ध्यान भएर व्यास तपका ❋ निम्ती गए त्यै घरी ।
आज्ञा श्रीधृतराष्ट्रले विदुरमा ❋ दींदा भए झट् गरी ॥
हे भाई ! तिमिले गई महलमा ❋ राजाजि भन्थे भनी ।
गान्धारीकन देउ लौ खबर गै ❋ जो भन्छु ऐह्ले सुनी ॥२८॥
हाम्रा छन् महलैमहाँ जति जना ❋ रानी बुहारी अनी ।
नारी कौरवका ति कुन्ति सहितै ❋ गान्धारिहेरू पनी ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

फेरी पाण्डवका बुहारि र अरू ❀ रानी जती छन् तहाँ।
हामीहेरु समेत जानु परिगो ❀ त्यै युद्ध-भूमी महाँ ॥२९॥
तिन्का खातिरमा रथैहरु पनी ❀ ल्याउन् तयारी गरी।
नारीहेरु सबै रथै चढि हिंडुन् ❀ बाटो रणैको धरी ॥
सम्राट् पाण्डवश्रेष्ठ भाइहरु ती ❀ पौंचुन् कुरुक्षेत्रमा।
खल्को हाल्नु अवश्य पर्छ सबले ❀ मर्नेहरूको तहाँ ॥३०॥
आज्ञा एती सुनी उठी विदुरजी ❀ पैह्ले महल्मा गए।
गान्धारीकन त्यै खबर् कहिसकी ❀ कुन्ती भएमा गए ॥
आज्ञा तिन्कन त्यै सुनाइ नृपको ❀ फेर् पाण्डवैमा पनी।
जाहेर् सोहि कुरा गरे विदुरले ❀ सूने सबैले अनी ॥३१॥
रूँदै प्राणिहरू सबै रथ चढे ❀ जानैं भनी त्यस् घरी।
साना बालक-बालिकाहरु पनी ❀ साथै हिंडे झट् गरी ॥
जम्मा भै सबको रथै चलिगयो ❀ धीमा तवर्ले तहाँ।
रून्थे रानिहरू बसेर रथमा ❀ हातै पिटी छातिमा ॥३२॥
पौंची गो रथको समूह नगरी ❀ त्यागी कुरुक्षेत्रमा।
जाहाँ युद्ध गरी गिरे सब जना ❀ योद्धादि भूमीमहाँ ॥
रक्तैले गरि भूमि सोहि रणको ❀ रातो भएको थियो।
पौंची त्यै रण-भूमिमा सकलको ❀ सारा रथै थामियो ॥३३॥
देखीए त्यहीं वीर तीन जन ता ❀ द्रोणी कृपाचार्यजी।
साथैमा कृतवर्मजी पनि थिए ❀ देख्दा भए भूपती ॥
भन्छन् ती कृतवर्म अन्धनृपका ❀ आई अगाडी महाँ।
राजन् युद्ध ! खुबै गरे कुरुपती- ❀ जीले म भन्छू यहाँ ॥३४॥
भीमैको कुरुराजको हुनगयो ❀ ठूलो लड़ाइं यहाँ।
लाग्दा नाभिमनी गदा गिरिगए ❀ दुर्योधनै पृथ्विमा ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

डूबै पट्टि भए जती सब मरे ❀ बाँचेन कोही पनी ।
शोचै कत्ति न-गर्नुहोस् हजुरले ❀ भुट्टा छ माया भनी ॥३५॥
थीए पुत्रहरू दुखै दिइ गए ❀ बाँचेन कोही पनी ।
श्रीधर्मैसुतलाइ पुत्र अहिले ❀ ठान्नोस् हजुर्ले भनी ॥
गर्छौं बिन्ति यही अवश्य नृपते ! ❀ त्यै काम गर्दा महाँ ।
गर्नन् पाण्डवले हजुर्कन खुबै ❀ सेवा मनैले यहाँ ॥३६॥
भन्छन् श्रीधृतराष्ट्र वीरहरु हो ! ❀ तिम्रा कुरा यस् घरी ।
मानी मान्दछु पाण्डवादिकन ता ❀ आफ्ना सु-पुत्रै सरी ॥
केही रिस् अब छैन पाण्डव उपर् ❀ एती कहेथे जसै ।
आफ्नू नाम बताइ पाण्डवहरू ❀ पाऊ परे भट् तसै ॥३७॥
ती पाँचैकन अंकमाल नृपले ❀ गर्दा भए भट् तहाँ ।
थीयो शोक अघी जउन् उ हटिगो ❀ राजाजिका चित्तमा ॥
पाँचै पाण्डव - वर्ग दर्शन गरौं ❀ भन्दै पहूँचे तहाँ ।
गान्धारी अति शोक मानिकन ता ❀ थीइन् बसेकी जहाँ ॥३७॥
यस्तै औसरमा ति व्यासजि पनी ❀ आएर देखा परी ।
गान्धारीकन भन्दछन् त्यज सबै ❀ शोकादि टाढ़ा गरी ॥
हे रानी ! तिमि पाण्डवादिकन ता ❀ दिन्छू भनी श्राप जो ।
आँट्छयौ श्रेय कदापि हुन्न बुझलौ ❀ इच्छा त्यजी देउ सो ॥३९॥
शान्तै भै रहु रानि ! दुःख जति हुन् ❀ जानन् अवश्यै टरी ।
सेवा पाण्डवले अवश्य गरनन् ❀ बूझेर माता सरी ॥
गान्धारी पनि भन्दछिन् त्यजिदिएँ ❀ शोकादि मैले यहाँ ।
ठान्छू वाक्य समान वेदहरुका ❀ आज्ञा भएको यहाँ ।४०॥
हान्नू नाभि मनी थिएन त गदा ❀ अन्याय ठूलो गरी ।
भीमैबाट त्यही हुँदा म त रहें ❀ अत्यन्त रिस्मा परी ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सुन्दा वाक्य हजूरको रिस मऱ्यो ❀ शान्तै भएकी म छू।
पाँचै पाण्डवलाइ प्रेमवश भै ❀ पुत्रै सरी मान्दछू ॥४१॥
रानीका सुनि वाक्य व्यासजि पनी ❀ अत्यन्त खूशी भई।
भन्छन् रानि! यि पाँच पाण्डवहरू ❀ आए अगाड़ी यहीं ॥
भन्छन् भीम म भीम बोल्छु जननी! ❀ ऐह्लै म सेवा महाँ।
हाम्रो राज्य लिए ठुलो छल गरी ❀ दुर्योधनैले यहाँ ॥४२॥
पाँचै ग्राम मिलोस् भनेर कहँदा ❀ राजी भएनन् तिनै।
सम्झाए तिनलाइ मान्य जनले ❀ इच्छा गरेनन् दिनै ॥
रानी द्रौपदिको समाति चुलठो ❀ ल्याई सभा बीचमा।
आ बस् जाँघमहाँ भनेर तिनले ❀ तिघ्रा ठटाए तहाँ ॥४३॥
त्यै बेला प्रण गर्दिएँ समरमा ❀ तिम्रा यि जङ्घा दुई।
भाँच्नेछू म अवश्य संझि प्रण त्यै ❀ पूर्णै गराएँ त्यही ॥
तिन्का तर्फ अरू थिए जति जना ❀ वीरादिलाई पनी।
मार्यौं युद्ध गरेर हामिहरुले ❀ खुब् अग्निशर्मा बनी ॥४४॥
बाँचे केवल ती सुयोधन फगत् ❀ तिन्लाइ छोड्दा महाँ।
हुन्थ्यो भारत-युद्ध निष्फल भनी ❀ मार्नै परीगो यहाँ ॥
राजा हुन् ति सुयोधनै ति न-मरी ❀ बाँचेर बस्दा महाँ।
हाम्रो जीत हुने थिएन न कभै ❀ हुन्थ्यो स्वराज्यै यहाँ ॥४५॥
हाम्रो दोष कउन् छ दोष यसमा ❀ देखिन्न केही कहीं।
ती दुर्योधन ता गिरे समरमा ❀ अन्याय तिन्कै भई ॥
गान्धारी पनि भन्दछिन् यति सुनी ❀ हे भीम! सोध्छू यहाँ।
ती दुःशासनको र फेर् नकुलको ❀ हुन्थ्यो लड़ाइं तहाँ ॥४६॥
ती दुःश्शासनलाइ झम्टि तिमिले ❀ हातै उखेली दियौ।
मारी छाति चिरी रगत् अँजुलिमा ❀ तिम्ले निकाली लियौ ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

साह्लैनै अपमान पो हुनगयो ❀ हामीहरूको यहाँ ।
यस्को उत्तर देउ केहि छ भने ❀ मेरा अगाड़ी महाँ ॥४७॥
भन्छन् भीम रजस्वला समयमा ❀ एकै त वस्त्रै भई ।
बस्ने द्रौपदिलाइ केश पकडी ❀ जुन् बाहुलीले गई ॥
तान्दै ती कुरुका सभा बिच लगे ❀ दुश्शासनैले जसै ।
तिन्को सोहि भुजा उखेल्दछु भनी ❀ बोलें प्रतिज्ञा तसै ॥४८॥
हाम्रो क्षत्रिय-धर्ममा प्रण पुरा ❀ गर्नू अवश्यै थियो ।
त्यै पूरा गरना निमित्त गरनू ❀ त्यै काम मैले पऱ्यो ॥
यस्मा दोष भए क्षमा गरनुहोस् ❀ माताजि कुन्ती सरी ।
ठान्दैछू म मुमा हजुर्कन सदा ❀ भक्ती मनैमा धरी ॥४९॥
एती बिन्ति सुनी वृकोदरजिको ❀ गान्धारिले रिस् जती ।
भीमै माथि थियो सबै त्यजिदिइन् ❀ खूशी भए श्रीपती ॥
आफ्नू दोष क्षमा गराउन भनी ❀ जोडेर हातै तहाँ ।
आए धर्मकुमार खुब् डर गरी ❀ गान्धारि थीइन् जहाँ ॥५०॥
ज्येठो पाण्डव हूँ मुमा ! शरणमा ❀ आएँ हजुर्को म ता ।
सारा वंश निभाउने कपुत हूँ ❀ मेरै छ यस्मा खता ॥
धिक्कारै म त ठान्छु आफुकन ता ❀ यत्रो लडाईं गरी ।
मैले मारिदिएँ स्वबान्धव जती ❀ अत्यन्त रिस्मा परी ॥५१॥
सुन्दा नम्र कुरा युधिष्ठिरजिको ❀ गान्धारि भन्छिन् अनी ।
निर्दोषी तिमि छौ बुझ्नै सब कुरा ❀ इच्छा हरीको भनी ॥
ए बाबू ! ति कता गए तिन जना ❀ सुन्दीन बोली पनी ।
साहींला अनि माद्रि-पुत्र ति दुवै ❀ ऐह्ले कहाँ छन् तिनी ! ॥५२॥
गान्धारीसित ता डराइ बहुतै ❀ तीनै जना काम्दथे ।
पैह्लेदेखि गई पछाडि हरिका ❀ तीनै जना बस्दथे ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दिन्छिन् श्राप यिनी भनी भय गरी ❀ लूके यि तीनै भनी ।
बूझी त्यै घरि भन्दछिन् खुशि हुँदै ❀ गान्धारिदेवी अनी ॥५३॥
बाबू हो! न-डराउ श्रापभय क्यै ❀ तिम्ले न-लेऊ यहाँ ।
पाँचै पाण्डवलाइ पुत्र सरिका ❀ ठान्दैछु चित्तै महाँ ॥
जाऊ नीति लिएर राज्य गर लौ ❀ आफ्ना प्रजाको पनी ।
कल्याणै गरनू र न्यायकन ता ❀ कर्तव्य ठान्नू भनी ॥५४॥
भन्छिन् लौ हिंड कुन्ति पाण्डवहरू ❀ साथै बुहारी लिई ।
घूमौं ये कुरुक्षेत्रमा सब जना ❀ हामीहरूले गई ॥
यस्ता वाक्य सुनी रथैकन त्यजी ❀ उत्रे गएका जती ।
जम्मा भैकन ता अलीअलि हिंडे ❀ लीएर मन्दैगती ॥५५॥
बूहारीहरु एक सौ ति विधवा ❀ सौ बान्धवैका तिनी ।
लागे गर्न विलाप आफ्नु पतिको ❀ देखेर मुर्दा चिह्नी ॥
काहीं ता शिरनै थिए कहिं थिए ❀ हातै र गोडाहरू ।
काहीं रत्न-किरीट काहिं पगरी ❀ काहीं लुगा धेर् अरू ॥५६॥
यस्तै औसरमा सबै नगरका ❀ स्त्रीजाति जम्मा भई ।
आई त्यै रणभूमिमा शवहरू ❀ खोज्दै अगाडी गई ॥
लागे रून समस्त नारिहरुले ❀ कोलाहलै भै गयो ।
सुन्दा सोहि विलाप पन्छि र पशू- ❀ लाई पनी शोक भो ॥५७॥
खोज्थे लाश ढुँड़ी-ढुँड़ी पृथिविमा ❀ नारीहरू त्यस् घरी ।
कोही ता लिइ नाम तीव्र स्वरले ❀ डाक्थे पुकारा गरी ॥
मुर्दामा पनि हातहीन बहुतै ❀ थीए परेका तहाँ ।
टिप्थे हात चिह्नेर नारि पतिको ❀ देहै न-मिल्दामहाँ ॥५८॥
खुट्टा हात र जाँघ पाखुरि बिना ❀ मुर्दा कती हुन् कती ।
टुक्रा दूइ भई परेर भुमिमा ❀ गिर्नें कती हुन् कती ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

छातीमा शर लागि धेर त थिए * मुर्दा गिरेका तहीं ।
यौटा टाँग फगत् हुने नर थिए * यौटा हराई गई ॥५९॥
कौवा-गिद्ध-शृगाल-कुक्कुरहरू * घुम्दै रहन्थे तहाँ ।
दुर्गन्धी बहुतै थियो पवनमा * त्यै युद्ध-भूमी महाँ ॥
मांसाहारि अनेक पन्छिहरु ता * ठूला र साना पनी ।
खान्थे मासु लुछेर गै उड़ि-उड़ी * तृप्तै बहूतै बनी ॥६०॥
मुर्कट्टाहरु जागि तालि पिटि खुब् * दौडेर एता उती ।
नाच्थे त्यै रणभूमिमा डुलि-डुली * आनन्द मानी कती ! ॥
बेताल्-भूत-पिशाच-योगिनिहरू * निस्केर खेल्दा महाँ ।
राम्रो दृश्य थिएन नारिहरु ता * रुन् रून लागे तहाँ ॥६१॥
प्राणाधार गयौ त्यजेर मकनै * भन्थे कती त्यस् घरी ।
हाहा पुत्र! गयौ नि ! वीर-गतिमा * भन्थे कती त्यस् घरी ॥
हे भाई! तिमि ता गयौ भनि कती * रुन्थे जनानी तहाँ ।
रोएको घनघोर शब्द उठिगो * त्यै युद्धभूमीमहाँ ॥६२॥
नारी ती कुरुराजकी विकल भै * गर्थिन् विलापै अती ।
भन्थिन् हाइ ! अनाथ पारि मकनै * जानूभयो हे पती ! ॥
खुश्बू अत्तरको घसेर तनमा * उड्थ्यो सुगन्धै अती ।
सोही आज शरीर कागहरुले * ठूँगेर खान्छन् कती ॥६३॥
गान्धारी पनि भन्दछिन् सय जना * मेरा सुपुत्र थिए ।
कृष्णौको त पराक्रमै हुनगई * सारा मरी गैगए ॥
अन्धा-भूपतिको दशा अब हरे ! * कस्तो हुने हो यहाँ ! ।
भन्दै हुँदिभइन् सुयोधनजिकी * माता उसै बीचमा ॥६४॥
भन्नू भो तहिं कृष्णले सुनि कुरा * गान्धारिका त्यै घरी ।
मैले भीष्म र द्रोण व्यासहरुले * कल्याण हूने गरी ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सम्झायौं तर ती सुयोधनजिले ❀ मान्दै न-मानी तहाँ ।
आफ्नै जिद्दि गरी विनष्ट ति भए ❀ दोषादि दीनू कहाँ ? ॥६५॥
भन्छन् द्रोणि हजूरका सय जना ❀ पुत्रादि युद्धै गरी ।
पाई वीर-गती गए सब तिनै ❀ स्वर्गैमहाँ यस् घरी ॥
स्वर्गैवास भयो ति पुत्रहरुको ❀ फिक्री न-गर्नू यहाँ ।
चित्तैलाइ बुझाइ बस्नु परने ❀ रीती छ संसारमा ॥६६॥
पापै भो जब भीमबाट म पनी ❀ अत्यन्त क्रुद्धै भएँ ।
रात्रीमा गइ द्रौपदी-सुतहरू ❀ पाँचै निभाई दिएँ ॥
धृष्टद्युम्न समेतको बध गरें ❀ हो पितृघाती भनी ।
मारें पाण्डव तर्फका जनहरू ❀ बाँकी भएका पनी ॥६७॥
बद्रीमा अब जान्छु व्यास-कुटिमा ❀ भन्दै ति द्रोणी गए ।
तिन्कै साथमहाँ कृतै र कृपजी ❀ ऊठेर जाँदा भए ॥
आफ्ना पुत्र ति पाँचलाइ मनले ❀ सम्झेर सोही घरी ।
लागिन् द्रौपदि रानि रून बहुतै ❀ आँसू नजर्मा धरी ॥६८॥
भन्छिन् हा ! सुत पाँच बालक थिए ❀ मेरा सुतेका तहीं ।
पापी ती गुरु-पुत्रले शिर जुदा ❀ गर्दाभए झट् गई ॥
यो ता एक कुकर्म पो हुनगयो ❀ अन्याय ठूलो यहाँ ।
भन्दै भूमिविषे गिरेर बहुतै ❀ पांचालि रोइन् तहाँ ॥६९॥
सम्झी ती अभिमन्युलाइ उ बखत् ❀ भन्थिन् सुभद्रा पनी ।
चक्रव्यूह समेत भेदन गऱ्यो ❀ जस्ले प्रतापी बनी ॥
सानू बालक पन्ध्रवर्ष उसको ❀ छोटै अवस्था थियो ।
हूलै कौरवको उठेर रणमा त्यस्को ❀ गई ज्यान् लियो ॥७०॥
आफ्ना नाथ ति पार्थपुत्रकन ता ❀ सम्झी उसै बीचमा ।
भन्छिन् सानि बुहारि नानि दुलही ❀ ती उत्तराले तहाँ ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्वामिन् ! जानु भयो त्यजेर मकनै ❀ सानै अवस्था महाँ ।
मैले जीवन यो कसो गरि धरूँ ❀ कल्पन्छ छाती यहाँ ॥७१॥
लागे रून यसो गरी सब जना ❀ वूहारि नानी जसै ।
तिन्को आँसु पुछेर धैर्य दिनुभो ❀ गान्धारिजीले तसै ॥
कुन्तीले अनि कृष्णकी भगिनिले ❀ सम्झाइ राम्रो गरी ।
बूहारी जति शान्त-चित्त ति भए ❀ आखीरमा त्यस् घरी॥७२॥
आज्ञाले धृतराष्ट्रको सब जना ❀ विप्रादि विद्वान् जती ।
आए ताहिं चिता बने मृतकका ❀ निम्ती जती हो उती ॥
सामग्रीहरुको भएन कमती ❀ कर्पूर - घीऊ पनी ।
काठै चन्दनका र धूप बहुतै ❀ ल्याई पु-याए अनी ॥७३॥
रानी वीर ति कर्णकी सति गइन् ❀ साथै चितामा धरे ।
विप्रादिहरुले त मन्त्रहरुको ❀ उच्चारणै फेर् गरे ।
आज्ञाले धृतराष्ट्रको सब जना ❀ ती पाण्डवादी भई ।
दाहाकर्म समस्त वीरहरुको ❀ पूर्णै गरे झट् तहीं ।७४॥
आँट्थिन् जान सती उसै समयमा ❀ ती उत्तराजी पनी ।
रोक्नू भो हरिले र ती रहिगइन् ❀ मान्छू म आज्ञा भनी ॥
दाहादी जब पूर्ण भो सब जना ❀ विप्रादि साथै भई ।
गंगामा गरि स्नान तर्पण पनी ❀ गर्दा भए झट् तहीं ॥७५॥
पाँचै पाण्डवका गएर नजिकै ❀ ती कुन्तिजीले अनी ।
कर्णोत्पत्ति कही भनिन् जल पनी ❀ तिन्लाइ देऊ भनी ॥
आज्ञा एति सुनेर ती जननिको ❀ ती पाँच भाई पनी ।
लागे रून ति कर्णलाइ सबले ❀ दाज्यू रहेछन् भनी ॥७६॥
भन्छन् धर्मकुमार कर्ण ! तिमि ता ❀ दाज्यू रहेछौ भनी ।
जानेनौं यहि गुप्तभेद हुनगै ❀ हामी कसैले पनी ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मार्‍यौं शत्रु बुझेर हामिहरुले ❀ के गर्नु भूलै भयो ।
ऐल्हे बात खुलेर हामिहरुको ❀ छाती चिरींदै गयो ॥७७॥
यस्तै घेर विलाप पाण्डवहरू ❀ गर्दाभए त्यै घरी ।
फेरी चित्त बुझाइ जौं-तिल-कुशै ❀ लीएर खल्को गरी ॥
पानी दीकन कर्णलाइ तटमा ❀ निस्केर तिन्ले अनी ।
दीए ब्राह्मणलाइ दान बहुतै ❀ ऐल्हे दिने हो भनी ॥७८॥
आएका जति नारिवृन्द कुरुका ❀ सारा जनाना अनी ।
राजा श्रीधृतराष्ट्र पाण्डवहरू ❀ श्रीकृष्ण आफैं पनी ॥
फर्की आइ ति राजधानि बिचको ❀ दर्‌बारमा गै गए ।
सम्राट् धर्मकुमारले हृदयमा ❀ फिक्री बहूतै लिए ॥७९॥
डेरा कृष्णजिको त पाण्डवतिरै ❀ हूँदो भयो त्यस् घरी ।
त्यै ठूलो दरबारमा अरु रहे ❀ बासा निजैको गरी ॥
चित्तै शान्त भएन धर्मसुतको ❀ चिन्तातुरै भैं बनी ।
बस्छन् एति सुनेर व्यास प्रभृति ❀ आए बहूतै मुनी ॥८०॥

आए त्यै दरबारमा ऋषिहरू ❀ पाराशरादी अनी ।
देवर्षी सनकादि श्रीकपिलजी ❀ व्यासै वशिष्ठै पनी ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पाँचै पाण्डव कृष्णजी कुरुपती ❀ फेरी विदुर्जी तहाँ ।
साथैमा रहि गर्दथे सब कुरा ❀ त्यै युद्धकै पो जहाँ ॥८१॥
आँखामा धरि आँसु फिक्रि मनमा ❀ लीएर दर्बारमा ।
बस्ने धर्मकुमारलाइ उ बखत् ❀ श्रीव्यासजीले तहाँ ॥
लागे भन्न बुझाइ खुब् तरहले ❀ हे भूपते ! यस् घरी ।
गर्छौ शोक तिमी यसोरि किन हो ? ❀ देख्दा अबूझै सरी । ८२॥
जन्मै मृत्यु प्रमाणले जगतमा ❀ हूने कुरा हुन् दुई ।
माया श्रीहरिको सबै जगतमा ❀ बुझ्दैन कोही रही ॥
मर्छन् देव र दैत्य-मानिस-पशू- ❀ नागै र यक्षै अनी ।
आकाशादि र पृथ्वि-मेघ-रवि फेर् ❀ यी चन्द्र तारा पनी॥८३॥
मर्छन् योगि-ऋषी-मुनी जगतमा ❀ बाँची रहन्नन् तिनी ।
जो जन्म्यो उ त मर्छ जान तिमिले ❀ साँचा कुरा हुन् भनी ॥
यो संसार असारलाइ सबले ❀ हो मृत्यु-लोकै भनी ।
भन्छन् छैन यहाँ अजम्बरि कुनै ❀ कौनै बखत्मा पनी॥८४॥
जो-जो हुन् अवतारि ती पनि गए ❀ बाँकी रहेनन् यहाँ ।
राजा रानि ठुला-ठुला मरिगए ❀ जन्मेर काहाँ-कहाँ ॥
आमा-बाबु-वधू र पुत्र-सँगि फेर् ❀ ती दाज्युभाई पनी ।
नाता जीवनका ति हुन् सँग कुनै ❀ जाँदैन साथी बनी । ८५॥
आफ्नू अन्त्य बखत् महाँ सँग महाँ ❀ योटै छ जाने यहाँ ।
त्यै हो धर्म भनेर जान्नु तिमिले ❀ त्यै मित्र हो सत्यमा ॥
राजन् ! शोक समस्त त्याग असली ❀ साथी छ धर्मै भनी ।
सारा चीज रहन्छ याहिं सँगमा ❀ जाँदैन केही पनी ॥८६॥

यस्ता प्रकार सँग व्यासजिले बताई ।
ती धर्मराजकन धैर्य अलीक आई ॥
उत्पन्न ज्ञान हुनगो मनमा जसैता ।
खुब् तेजिलो मुख भयो नृपको तसैता ॥८७॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

❀ श्रीः ❀

महाभारत-शान्तिपर्व

भीष्म-युधिष्ठिर-संवाद ।

गर्थे धर्मकुमार राज्य जगको ❀ नीती विचारी अती ।
चित्तै शान्त भएन राज्यसुखमा ❀ ती भूपतीको रती ॥
संझन्थे दिनमा र रात्रिबिचमा ❀ बस्दा र उठ्दामहाँ ।
आफ्ना ती शतबन्धुलाइ र गुरू- ❀ लाई हमेशा तहाँ ॥१॥
देख्थे झलझलि ती मुहार सुतको ❀ जो पाँच सानै थिए ।
जस्लाई गइ द्रोणिले शयनमा ❀ राती निभाई दिए ॥
सम्झी दाज्यु ति कर्णलाइ मनमा ❀ साह्रै पछीतो भई ।
मातादेखि पनी प्रसन्न न-भई ❀ बस्थे ति मौनै रही ॥२॥
देख्दा सोहि दशा युधिष्ठिरजिको ❀ श्रीव्यास भन्छन् तहाँ ।
राजन्! लौ हिंड जाउँ भीष्मजिकहाँ ❀ तिन्कै नजीकै महाँ ॥
शय्यामा शरको पितामह अझै ❀ तिम्रा छँदैछन् तहीं ।
भेटौं तिन्कन गै सबै जन छिटै ❀ रस्ता रणैको लिई ॥३॥
राजन्! तिन्सित ज्ञानका शुभ कुरा ❀ सोधौं र भन्नन् तिनी ।
ज्ञानी छन् तिनिझैं मनुष्य भवमा ❀ पाइन्न कोही पनी ॥
सुन्दा व्यासजिका कुरा ऋषिमुनी ❀ जानै तयारी भए ।
वेदव्यास र पाण्डवादि सँग भै ❀ श्रीकृष्ण साथै गए ॥४॥
बिस्तारै हिंडि मार्गमा सब जना ❀ पौंचे त्यही ठाउँमा ।
शय्यामा शरका पितामह थिए ❀ सूती रहेका जहाँ ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ती आगन्तुकले ति भीष्मकन ता ❀ नामै सुनाई तहाँ ।
तिन्का गै नजिकै बसे सब जना ❀ खाली जमीनै महाँ ॥५॥
देखी कृष्णजिलाइ आफ्नु नजिकै ❀ ती भीष्मले त्यै घरी ।
ढोगे हर्षित भै तुरुन्त मनले ❀ मूर्त्ती मनैमा धरी ॥
भन्नूभो हरिले पितामह ! हजुर् ❀ गै ब्रह्मलोकै महाँ ।
बस्ने मन्सुब गर्नु हुन्छ बढिया ❀ सोचीलिनूभो यहाँ ॥६॥
आयौं भेट्न भनेर हामिहरु ता ❀ तस्मात् हजुर्ले पनी ।
शिक्षा धर्मकुमारलाइ दिनुहोस् ❀ फिक्री हराओस् भनी ॥
सम्राट् धर्मकुमार बन्धुहरुको ❀ ठूलो विनाशै भई ।
चिन्ताग्रस्त भए दिनोस् अलिकती ❀ शिक्षा हजुर्ले यहीं ॥७॥
भन्छन् भीष्मजि नाथ ! घाउहरुले ❀ पीडा बहूतै भई ।
शक्ती छैन मलाइ बोल्न पनि ता ❀ बोलूँ कसोरी यहीं ? ॥
यस्ता वाक्य सुनेर हाँसि हरिले ❀ तिन्लाइ भन्नू भयो ।
हे गांगेय ! म छोडदिन्छु तनको ❀ दुःखादि सारा गयो ॥८॥
तिर्खाले अनि भोकले हजुरमा ❀ बाधा न-होस् क्यै पनी ।
दर्दै जो छ शरीरमा सब छुटोस् ❀ बोल्नोस् सु-वक्ता बनी ॥
सन्तानै पनि छैन हे हजुरको ❀ त्यस् निम्ति प्राणी सबै ।
दीनन् तर्पण ता महालयमहाँ ❀ श्राद्धादि गर्दा सधैं ॥९॥
आज्ञा एती गरेर स्पर्श हरिले ❀ गर्नू भएथ्यो जसै ।
भीष्मैको सब दुःख दर्द हटिगो ❀ आनन्द माने तसै ॥
भन्छन् हे हरि ! देख्दछू म अहिले ❀ सारा पदार्थै जती ।
भै गो ज्ञान हजूरबाट अहिले ❀ पाएर शक्ती अती ॥१०॥
सोधुन् धर्मकुमारले मसित लौ ❀ इच्छा भएको यहाँ ।
दिन्छू उत्तर शास्त्रकै मत लिई ❀ तिन्का अगाडीमहाँ ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यस्ता बात ति भीष्मका सुनि सबै ❋ खूशी भए त्यस् घरी ।
सामू आइ बसे युधिष्ठिर पनी ❋ गांगेयका झट् गरी ॥११॥
आँसू धर्मकुमारले नयनमा ❋ काढ़ेर शोकै गरी ।
लागे भन्न ति भीष्मलाइ उ बखत् ❋ सम्बोधनादी गरी ॥
हे गांगेय ! हजुर् पितामह अनी ❋ खुब् मान्य हाम्रा यहाँ ।
होई बक्सनु हुन्छ ज्ञानि प्रभुझैं ❋ क्वै छैन हेर्दा महाँ ॥१२॥
साना बालक जुन् घरी सब थियौं ❋ हाम्लाइ प्यारो गरी ।
हुर्काईकन शिक्षितै गरनु भो ❋ योग्यै भयौं यस्घरी ॥
हूनीहार जउन् थियो उहि भयो ❋ ती बान्धवादीहरू ।
आफ्नै जिद्दि गरी भिडेर रणमा ❋ मर्दाभए के गरूँ ? ॥१३॥
बोल्छन् सत्य सदा युधिष्ठिर भनी ❋ सोधे गुरूले तहाँ ।
मैले ताहिं असत्य भाषण गरें ❋ लेखीन गो पापमा ॥
दाज्यू वीर ति कर्णलाइ न-चिनी ❋ वैरी समानै गनी ।
अस्त्रैहीन हुँदा ति अर्जुनजिले ❋ मार्दा मरे ती पनी ॥१४॥
सार्दै सामु शिखंडिलाइ रणमा ❋ आफू पछाडी रही ।
हान्दा बाण ति पार्थले हजुरको ❋ यस्तो अवस्था भई ॥
पापी हूँ म समान नीच अरु कुन् ❋ होला जगत् बीचमा ? ।
जस्ले ज्ञाति[१] समस्त नष्ट गरियो ❋ क्वै छैन बाँकी यहाँ ॥१५॥
दुःखी फेरि विपत्तिग्रस्त म सरी ❋ कुन् भूप होला यहाँ ? ।
जस्को ता अभिमन्यु झैं सुत बिते ❋ सो चक्रव्यूहै महाँ ॥
जस्का बालक पाँच पुत्रकन ता ❋ त्यै बिप्रबन्धू गई ।
राती मारिदिए हुँदा शयनमा ❋ बाहुन् कसाई भई ॥१६॥

---

१ दाज्यु भाइ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सम्राट् भैकन सौख्य कुन् छ मकनै ❀ संसारमा यस् घरी ?।
छाती पोल्दछ तप्त भीर रिसले ❀ घोची दिए भैं गरी ॥
सारा बान्धव इष्ट मित्र जति हुन् ❀ नाता परेका पनी ।
तिन्को प्राण हन्यौं ठुलो रण गरी ❀ शत्रू समानै गनी ॥१७॥
सारालाइ निभाइ हाइ ! यसरी ❀ यो राज्य गर्दा महाँ ।
मेरो चित्त प्रसन्न छैन कसरी ❀ राज्यै चलाऊँ यहाँ ?॥
आज्ञा बक्सनुहोस् म जान्छु बनमा ❀ एकान्त सेवी बनी ।
बस्छू त्याहिं र बिर्सनेछु ति कुरा ❀ गर्दै तपस्या पनी ॥१८॥
भन्छन् भीष्म नरेन्द्र ! मर्त्य-भुमिमा ❀ कर्मानुसारै गरी ।
जन्मै मृत्यु हुँदै रहन्छ नरको ❀ दुःखै र सौख्यै परी ॥
ऐह्ले दुःख पऱ्यो भनेर रुनु फेर् ❀ सौख्यादिमा हाँस्नु यो ।
अज्ञानी जन गर्दछन् न-बुझ्दै ❀ माया हरीको छ जो ॥१९॥
जो जन्म्यो उहि मर्छ धेर कहुँ के ? ❀ रोगी र वैद्यै पनी ।
मर्छन् आयु समाप्त भै जगतमा ❀ बाँच्दैन कोही पनी ॥
भुल्को उठ्दछ पानिमा उठि उही ❀ नासिन्छ छीटै गरी ।
त्यस्तै जन्मनु मर्नु जान तिमिले ❀ बेला पुगेका घरी ॥२०॥
रस्तामा हिंडने सबै पथिक भैं ❀ हुन् प्राणि संसारमा ।
रात्रीमा रहि साथ प्रात ति सबै ❀ लाग्छन् स्व-मार्गैमहाँ ॥
कुन् रस्ता धरि जानु पर्दछ कहाँ ? ❀ जान्दैन कोही पनी ।
मेरो हो यहि यै त हो हजुरको ❀ भन्छन् वृथामा तिनी ॥२१॥
राँहाँट्चक्र चले सरी जगतमा ❀ यो जन्म-मृत्यू दुबै ।
बारम्बार हुँदै रहन्छ बुझ लौ ❀ थामिन्न कैल्है कबै ॥
जस्तो कर्म गरेर हिंड्छ दुनियाँ ❀ उस्तै बमोजिम् गरी ।
जन्मै लिन्छ यहाँ बड़ो र अनि ता ❀ छोटो कुलैमा परी ॥२२॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यस्तो हो तर प्राणिका घटघटैं ❀ गोविन्द बस्छन् गई ।
देहै नष्ट भएर जान्छ ति भने ❀ हुन्नन् विनष्टै कहीं ॥
यज्ञै गर्दछ ध्यान गर्दछ भने ❀ पुग्ला मनैका कुरा ।
नामै लिन्छ भने फगत् ति हरिको ❀ संसार तर्ला पुरा ॥२३॥

पूर्वै जन्ममहाँ छ पाप यदि ता ❀ यस् जन्ममा दुःख भो ।
धर्मै धेर छ ता यहीं जनम ली ❀ आनन्द भै कष्ट गो ॥
देख्ला भक्ति गऱ्यो भने जगतमा ❀ श्रीविष्णुलाई यहीं ।
कोटी यज्ञ र धर्मकर्महरुले ❀ ती मेटिंदैनन् कहीं ॥२४॥

मृत्युको उत्पत्ति ।

भन्छन् फेरि ति भीष्मले जनकका ❀ त्यै यज्ञशाला महाँ ।
अत्रीले कहनू भयो जुन कुरा ❀ सम्झैं म भन्छू यहाँ ॥
पैह्ले सृष्टि हुँदा प्रजापतिजिले ❀ एही त्रिलोकै रचे ।
द्यौता-दैत्य र नाग सृष्टि गरिंदा ❀ छीटै ति सारा बढे ॥१॥

को हुन् मृत्यु भनेर कोहि पनि ता ❀ जान्दैनथे त्यस् घरी ।
पृथ्वी व्याकुल पो भइन् ति सबको ❀ भारै बहूतै बढी ॥
पृथ्वीले ति प्रजापतीकन भनिन् ❀ यी तीन लोकै महाँ ।
प्राणी धेर बढेर भार बहुतै ❀ भै गो मलाई यहाँ ॥२॥

मैले के गरने भनिन् जब यती ❀ श्रीरुद्रले त्यै घरी ।
हेरे क्रुद्ध भएर भूमिकन ता ❀ तेस्रो नजर्ले गरी ॥
कन्या यौटि भइन् त्यहीं प्रकट पो ❀ त्यै नेत्रदेखिन् जसै ।
ब्रह्मालाइ कहीदिए खबर त्यै ❀ श्री रुद्रजीले तसै ॥३॥

ब्रह्माले तब सोधनी गरनु भो ❀ को माँग्छ कन्या भनी ।
खोलेनन् मुख ता कुनै पुरुषले ❀ गर्छू म बीहा भनी ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

क्रोधैकी अवतार केटि अति ती ❀ अत्यन्त रिस्मा परिन् ।
तीनै लोक म नष्ट गर्दछु भनी ❀ तिन्ले प्रतिज्ञा गरिन् ॥४॥
ब्रह्माले तब नाम राखिदिनु भो ❀ मृत्यू तिमी हौ भनी ।
चौसट्ठी सब रोग साथ रहनन् ❀ तिम्रा ति साथी बनी ॥
मर्ने मानिसलाइ रोगहरु क्यै ❀ लाग्ला र जाला अनी ।
दीने छैन कदापि दोष तिमिमा ❀ मार्ने यि मृत्यू भनी ॥५॥
डाकी श्रीयमराजलाइ दिनु भो ❀ फेर् कालदण्डै अनी ।
पृथ्वी नेर यमैपुरी रचि दिए ❀ त्यस्को रजाईं पनी ॥
मन्त्री तिन्कन चित्रगुप्त दिनु भो ❀ जस्ले बहीमा दरी
प्राणीको सब पाप धर्मकन ता ❀ लेख्थे सरासर् गरी ॥६॥
स्वर्गैं जान त द्वार चार रचना ❀ ब्रह्माजिले गर्नु भो ।
ढोका चार दिशा तिरै बनिगए ❀ विस्तार गर्छूं म सो ॥
सृष्टी उत्तर द्वार बीच अलका ❀ भै गो विचित्रै पुरी ।
गन्धर्वादि र यक्ष किन्नरहरू ❀ बस्थे मगन्मा परी ॥७॥
पूर्वै द्वार भएर जान्छ जन त्यै ❀ अन्नादि दानै दिने ।
कन्यादान गरी दिने अतिथिको ❀ सत्कार खुब् गर्दिने ॥
हिंसा त्यागिदिने भलाइ गरने ❀ कूवा - तलाऊ खनी ।
पौवा-पाटि र मन्दिरै रचिदिने ❀ पस्छन् सजीलै तिनी ॥८॥
संन्यासी-तपि-सिद्ध-योगिहरु ता ❀ त्यैं पश्चिमै द्वारमा ।
पस्छन् सूर्य न-भै प्रकाशित हुने ❀ बाटो उज्यालो महाँ ॥
बाटो दक्षिण द्वारको हृदयमा ❀ देख्दा अँध्यारो अती ।
सातैलाख विषे सहस्र पनि ता ❀ तीनै लमाई जती ॥९॥
चौरासी अति घोर नर्कहरु छन् ❀ जस्का किनारै महाँ ।
घुम्छन् धेर कुरूप दूत यमका ❀ दण्डै लिने हातमा ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पापीलाइ त दुःख हुन्छ बहुतै ❀ पाऊँदछन् कष्ट ती ।
मैले त्यै कहि सक्नु छैन मुखले ❀ बोलेर हे भूपती ! ॥१०॥
नर्कैनेर रगत् र पीप-थुक-राल् ❀ सीङान् र कानेगुजी ।
कूहेका ति खकार माँसु बगने ❀ योटा छ ठूलो नदी ॥
नामै बैतरणी भनेर बुझ्नू ❀ त्यै पार तर्दै गरी ।
जानू पर्दछ पारि पापिहरुले ❀ पौडेर कष्टै गरी ॥११॥
कुम्भीपाक र सूचिभेद कहिने ❀ धेरै नरक् छन् तहीं ।
हाल्छन् पातकि प्राणिलाइ यमका ❀ दूतैहरूले उहीं ॥
अर्काकी परनारिलाइ हरने ❀ चोरेर द्रव्यै लिने ।
गाई-ब्राह्मण -नारि- जातिहरुको ❀ प्राणै पनी लीदिने ॥१२॥
आमा-बाबु-गुरू र मान्यजनको ❀ मानै न-राख्ने रती ।
अर्कालाइ छलेर वा लुटिपिटी ❀ खोसेर लीने झिटी ॥
त्यस्ता पातकि दुर्भिलाइ यमका ❀ ती दूतले रिस् गरी ।
लैजान्छन् अति कष्ट दी यमपुरी ❀ तान्दै र खिच्दै गरी ॥१३॥
पौंचाई यमका सभा-भवनमा ❀ हाजीर गर्छन् जसै ।
हेर्छन् तिन्कन चित्रगुप्त र अनी ❀ तोक्छन् सजा पो तसै ॥
कर्मैका अनुसार प्राणिहरुमा ❀ क्लेशादि पर्ला अनी ।
पापैको बदला लिइन्छ बुझ्नू ❀ उम्कन्न कोही पनी ॥१४॥
प्राणीको जब जन्म हुन्छ भुमिमा ❀ तोकिन्छ मृत्यू पनी ।
तस्मात् शोच नगर्नु त्यस् विषयमा ❀ भन्छन् ति ज्ञानी-मुनी ॥
जस्ले कृष्णजिको पदै-कमलको ❀ ध्यानादि गर्ला यहाँ ।
कर्मैबन्धनबाट छुट्छ जन सो ❀ यै विश्व-संसारमा ॥१५॥
राजन् ! राखि विचार एहि मनमा ❀ संताप शोकै जती ।
त्यागीदेउ हरी यि छन् असलमा ❀ कर्त्ता जगत्‌का पती ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कृष्णौंको पद-पद्ममा दिल दिनू ❀ पापादि जान्छन् जली ।
गर्ने और गराउने सब यिनै ❀ क्वै छैन यी भैं बली ॥१६॥

राजा भरतको वृत्तान्त ।

फेरी भीष्मजि भन्दछन् नरपते ! ❀ फिक्री न-गर्दैं यहाँ ।
आफ्नू राज्य चलाउ शोक गरनू ❀ पर्दैन संसारमा ॥
विष्णूभक्त कुनै थिए भरतजी ❀ राजा पहीले यहाँ ।
धेरै काल गरेर राज्य पछि ता ❀ वैराग्य भो चित्तमा ॥१॥
भाईलाइ रजाइँ दी बन गई ❀ चित्तै तपैमा दिए ।
स्नानै गर्न भनेर एक दिन ती ❀ ऊठी नदीमा गए ॥
यौटी गर्भवती मृगी त्यहिं पुगी ❀ राजाजिका सामुमा ।
लागी सो जल प्यून पुत्र प्रसवै[1] ❀ भै गो उही बीचमा ॥२॥
इच्छा श्रीहरिको विचित्र रचना ❀ त्याहीं विधीको भई ।
जन्माई शिशु मिर्गलाइ हरिणी ❀ आफू मरी पो गई ॥
रूने त्यै अ-सहाय मिर्गकन ता ❀ देख्दा दया भैगयो ।
त्यस्लाई करले उठाइ नृपले ❀ काखैमहाँ राखियो ॥३॥
पाले आश्रममै लगेर नृपले ❀ त्यै मिर्गलाई अनी ।
दिन्थे खान दुबो टिपेर करले ❀ त्यै जन्तु बाँच्ला भनी ॥
छोरो भैं गरि पालिपोसि नृपले ❀ त्यै मिर्ग ठूलो भयो ।
भागी त्यै मृग ता कुनै दिन वनै ❀ आफ्ना बथान्‌मा गयो॥४॥
साथैमा मृगयूथका सुख सँगै ❀ त्यै बस्न लाग्यो जसै ।
खोजे भूपतिले न-पाई बहुतै ❀ सन्ताप माने तसै ॥
चिन्तामा मृगकै परेर रहँदा ❀ बीते छ वर्षै कती ।
राजाको अनि मृत्युको समय भो ❀ पूगेर आयू जती ॥५॥

---

१ जन्म ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पौंची ती यमदूतले नृपतिका ❀ आत्मा सँगैमा लिए ।
सोझै गै यमराजका हजुरमा ❀ तिन्ले पुऱ्याई दिए ॥
राजाको मनमा मृगै बसि सदा ❀ चिन्ता उसैको भई ।
मिर्गै-योनि विषे त जन्म यमले ❀ तिन्लाइ दीए तहीं ॥६॥

जन्मे कुण्डलको गएर बनमा ❀ चोला मृगैको लिई ।
केही वर्ष बिती गएर ति ठुला ❀ हूँदाभए झट् तहीं ॥
कोही सिद्ध-मुनी थिए मिलिगए ❀ डुल्दा बनै बीचमा ।
देखी तिन्कन सिद्धले कहि दिए ❀ हे भूपते ! चित्तमा ॥७॥

मिर्गैको धरि ध्यान मिर्ग तिमि भै ❀ जन्म्यौ अहीले यहाँ ।
ध्यानै गर्नुथियो सदैव हरिको ❀ भूल्यौनि मायामहाँ ॥
सुन्दा सिद्धजिका कुरा स्मरण भो ❀ हाल् पूर्वका जन्मको ।
साह्रै शोक गरेर ती मरिगए ❀ चोला छुट्यो मिर्गको ॥८॥

तिन्को जन्म भएर राजकुलमा ❀ ती भूप राजा भए ।
विद्वान् ज्ञानि बनेर श्रीहरि भजी ❀ संसार तर्दै गए ॥
यो संसार-समुद्र तर्न कन ता ❀ नामै हरीको पनी—
जाहाजै सरि जानिलेउ तिमिले ❀ नामै छ साथी भनी ॥९॥

राजन् ! राम हरी र कृष्ण भगवान् ❀ गोपाल राधापती ।
कंसारी रघुनाथ राघव विभू ❀ गोविन्द फेर् श्रीपती ॥
इत्यादी प्रभुका ति नामहरु हुन् ❀ छन् यी अनन्तै सधैं ।
यिन्मा कोहि त एक नाम जपनू ❀ पापादि जानन् सबै ॥१०॥

वर्णाश्रमधर्म र राजधर्म ।

राजन् ! ब्राह्मण क्षत्रि वैश्य अनि फेर् ❀ शूद्रादि वर्णौं यहाँ ।
जम्मा चार यि छन् कहन्छु तिनले ❀ गर्ने कुरा लोकमा ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गर्नू पर्दछ ब्रह्मकर्मकन ता ❀ ती ब्राह्मणैले पनी ।
विद्या सिक्नु र वेद पढ्नु गरनू ❀ सन्ध्या त्रिकालै भनी ॥१॥
साँचो बोल्नु दया लिनू प्रभुजिको ❀ नामै त जप्नू अनी ।
अर्कालाइ पढ़ाउनू र निजले ❀ यज्ञादि गर्नू पनी ॥
हिंसा-कर्म नगर्नु सत्य वचनै ❀ बोल्नू हमेशा सधैं ।
बस्नू एहि छ भव्य जन्म नरमा ❀ संस्कारले विप्र भै ॥२॥
पाल्नू ब्राह्मणलाइ वैरिकन ता ❀ मार्नू लडाईं गरी ।
पीडा पर्दछ कोहि ता यदि भने ❀ राख्नू अगाडी सरी ॥
अन्नै दान दिनू अकाल परदा ❀ खुब् शूर हुनू अनी ।
कर्त्तव्यै यहि क्षत्रिको तिमि बुझे ❀ हो क्षात्र-धर्मै भनी ॥३॥
व्यापारै गरि बस्नु खोल्नु पसलै ❀ बिक्री हुने चीजको ।
मान्नू वैष्णव-विप्रलाइ बहुतै ❀ खेती पनी गर्नु पो ॥
वैश्यैले गरने त धर्म यहि हो ❀ हातै तराजू लिई ।
बेच्नू चीज र वस्तु ता पसलमा ❀ अत्यन्त खूशी भई ॥४॥
शूद्रैको यहि धर्म हो गरिलिनू ❀ सेवा अरूको यहाँ ।
तन्खामा गरिलीनु नोकरि कुनै ❀ ठूलो गृहस्थी कहाँ ॥
जोत्नू पर्छ हलो नमान्नु अलसी ❀ धर्मै नछोड्नू अनी ।
त्याग्नू छैन कदापि सत्यकन ता ❀ लोभी न-बन्नू पनी ॥५॥
राजाको पनि धर्म भन्दछु यहाँ ❀ राजाहरू छन् जती ।
तिन्ले न्याय समाति दण्ड गरनू ❀ पत्तै नलीनू रती ॥
यज्ञै गर्नु बखत् परेपछि भिडी ❀ गर्नू लडाईं अनी ।
पुत्रैको सरि पालना गरिलिनू ❀ रैतीहरूको पनी ॥६॥
बोलेको जुन वाक्य हो उ त हवस् ❀ साँचो प्रतिज्ञा सरी ।
विश्वासै त न-मान्नु कोहि जनको ❀ पत्यार राम्रो गरी ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विष्णूकै ति स्वरूप हुन् भनि बुझी ❀ गौ ब्राह्मणैमा पनी ।
पूजा आदर गर्नु धर्म कुलको ❀ थाम्नू हमेशा अनी ॥७॥
श्रीपाञ्चायनलाइ पूज्नु तिनको ❀ भाकल् पनी गर्दिनू ।
कार्यैपूर्ण भएपछी खुशि हुँदै ❀ पूजा बली दीदिनू ॥
रात्रीमा भइ चङ्ग सुत्नु नृपले ❀ क्यै रात् छँदै उठ्नु पो ।
मैह्ला पुग्न गएर बाँड्नु तनखा ❀ यै भूपको कार्य हो ॥८॥
दासी-दास सहस्र हुन् तर पनी ❀ संसारमा रानिको ।
धर्मै हो पतिदेवको गरिलिनू ❀ सेवा सके सम्मको ॥
धर्मै सेवकको यही छ जगमा ❀ आफ्ना प्रभूको पनी ।
सेवा गर्न न-अल्छि गर्नु कहिले ❀ थाकें म ऐह्लै भनी ॥९॥
धर्मै यै छ ठुलो गृहस्थिहरुको ❀ अभ्यागतैको[१] सदा ।
गर्नू खातिरि अन्न-पानिहरुले ❀ भुल्नू न एही कदा ॥
अर्को दान ठुलो त छैन भवमा ❀ त्यै अन्नदानै त हो ।
हिंसा-कर्म न-गर्नु शुद्ध रहनू ❀ हो वैष्णवी धर्म सो ॥१०॥
जीवादीकन ता न-मार्नु कहिल्यै ❀ आफू दयालू रही ।
भोकोलाइ खुवाउनू असलमा ❀ हो धर्म जान्नू यही ॥
नाङ्गोलाइ लुगा दिएर उसको ❀ देहादि ढाके सरी ।
अर्को छैन कुनै त धर्म बुझ्नू ❀ संसारमा यै सरी ॥११॥
भक्तीमा सुन मुख्य हो गुरुजिको ❀ भक्ती भनेको यहाँ ।
विष्णूमा गुरुमा फरक् रति पनी ❀ क्यै छैन संसारमा ॥
गंगाजी नदिमा ति श्रेष्ठ बुझ्नू ❀ क्यै प्राणि मर्दा महाँ ।
पापी होस् यदि तर्छ बिन्दु जलको ❀ पर्दा शरीरै महाँ ॥१२॥

---

१ पाहुँना ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शास्त्रैमा जति धर्म छन् गरिलिए ❀ कल्याण होला अती ।
क्षत्री भैकन शोच-फिक्रि गरनू ❀ हूँदैन हे भूपती ! ॥
युद्धै गर्न भनी अगाडि परदा ❀ बन्धू पिता - पुत्रमा ।
नाता त्यस् घरिमा रहन्न रणमा ❀ आएर भिड्दा महाँ ॥१३॥
गर्नू साहस युद्धमा यहि ठुलो ❀ कर्त्तव्य हो क्षत्रिको ।
पाऊ श्रीघनश्यामको भज सधैं ❀ होला अनी त्राण[1] पो ॥
नाताको गणना हुँदैन रणका ❀ मैदानमा क्यै गरी ।
जो आयो हतियार ली उ सँग ता ❀ भिड्नै छ सामू परी ॥१४॥
मुख्यै हुन् व्रतमा भनेर बुझ्नू ❀ जो हुन् ति एकादशी ।
पुष्पादीहरुमा त मुख्य तिमिले ❀ जानीलिए तूलसी ॥
तीर्थैमा पनि मुख्य छन् बुझ तिमी ❀ काशी भनेकी यहाँ ।
श्रीएकादशिको कहन्छु महिमा ❀ तिम्रा अगाडीमहाँ ॥१५॥

एकादशी व्रत-माहात्म्य ।

राजा एक थिए अघी अवधमा ❀ दानी प्रतापी अती ।
नामै मंगल हो प्रसिद्ध ति थिए ❀ राम्रा भएका मती ॥
तिन्को ता फुलवारि सुन्दर थियो ❀ नाना सुपुष्पै खिली ।
शोभा षड्ऋतुमा सबै कुसुमले ❀ दिन्थे बहूतै फुली ॥१॥
टिप्थिन् पुष्प ति उर्वशी दिनदिनै ❀ त्यै बाटिकामा[2] गई ।
मालीले नृपलाइ त्यै खबर पो ❀ दीएछ देख्दा तहीं ॥
राजाले पनि हेर्न मन्सुब धरी ❀ त्यै बागमा गैगए ।
टिप्थिन् पुष्प ति उर्वशी नृपतिले ❀ तिन्लाइ देखी लिए ॥२॥
सोधे सामु गई तिनै नृपतिले ❀ को हौ तिमी सुन्दरी ! ।
भन्छिन् ती पनि नाम हो नरपते ! ❀ हूँ अप्सरा उर्वशी ॥

१ रक्षा । २ बगैंचामा ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आज्ञा इन्द्रजिको भएर म सधैं * पुष्पादि टिप्छू यहाँ ।
पूजा गर्छु चढाइ पुष्प यि सबै * एकादशी देविमा ॥३॥
जो एकादशि बर्त गर्छ उसका * खातिर् विमानै पनी ।
आउँनेछ त्यसैमहाँ चढि उही * जाने छ स्वर्गैं भनी ॥
भन्दा उर्वशिले तिनै नृपतिले * प्रश्नै गरे फेर् तहाँ ।
हे देवी ! व्रतको विधी सब कहू * एकादशीको यहाँ ॥४॥
भन्छिन् उर्वशि भूपते ! दशमिमा * एकै बखत् मात्र पो ।
गर्नू भोजन फेरि त्यस् दिन कभै * खानू पनी हुन्न हो ॥
भोली पल्ट गरेर स्नान बसनू * एकादशी हो भनी ।
खाँदै केहि न-खानु त्यै व्रत भयो * एकादशीको अनी ।५॥
एतीले त शरीर शुद्ध हुनगो * फेर् द्वादशी भो जसै ।
स्नानादी गरि अन्न दान गरनू * सीधा बनाई तसै ॥
सीधाका सँग दक्षिणा पनि दिनू * क्वै विप्र डाकी अनी ।
एतीले व्रत पूर्ण भो बुझिलिनू * एकादशीको भनी ॥६॥
यस्तै रीति गरी व्रतै गरिलिने * प्राणी कदापी पनी ।
जाने छैन यमालयै तिर कभै * पापी सरीको बनी ॥
त्यस्कालागि बिमान आउँछ चढ़ी * जाने छ त्यै स्वर्गमा ।
तस्मात् त्यै व्रत गर्नु हे नरपते ! * योग्यै छ संसारमा ॥७॥
श्री एकादशिको विधी कहि सकी * ती ता गइन् स्वर्गमा ।
राजा मङ्गलजी निकै खुशि भए * माहात्म्य सुन्दामहाँ ॥
राजाले मनमा विचार गरियो * मेरा यही देशमा ।
को एकादशि बर्त गर्छ कि कतै * गर्दैन कोही यहाँ ॥८॥
यस्तै औसरमा कुनै चर गई * बिन्ती चढ़ाई दियो ।
राजन् ! आज विचित्रकै त घटना * यो राज्यमा देखियो ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कोही दम्पति धोबि यै शहरमा ❀ बस्थे गृहस्थी भई ।
धोबीदेखि रिसाइ त्यै रजकिले ❀ आहार त्यागी दिई ॥९॥
सो एकादशिको रहेछ दिन ता ❀ भोकै सुती धोबिनी ।
भोकैले उसकै त मृत्यु भइगो ❀ ठीक् द्वादशीमा अनी ॥
श्रीएकादशिको व्रतै हुनगयो ❀ पूरा तवर्ले गरी ।
आयो एक विमान त्यस्कन लिनै ❀ झट् स्वर्गदेखी झरी॥१०॥
गै धोबीनि विमानमा बसि अहो ! ❀ आश्चर्य मान्दो भएँ ।
सोही बिन्ति गरूँ भनेर अहिले ❀ आई सुनाई दिएँ ॥
यस्ता बात सुनेर ती नरपती ❀ छक्कै परे खुब् तहाँ ।
मन्त्रीलाइ हुकुम् दिए मुलुकमा ❀ प्राणी जतीले यहाँ ॥११॥
त्यै एकादशिमा गरुन् व्रत सबै ❀ त्यस् निम्ति हे मन्त्रिजी ! ।
भोकै त्यस् दिनमा रहुन् सब जना ❀ खाँदै न-खाई रती ॥
भ्याली देउ पिटाइ देश भरिमा ❀ थाहा सबैमा भई ।
राजाज्ञा त न-नाघि रैतिहरु यी ❀ मानुन् सबैले यहीं ॥१२॥
जो मान्दैन हुकुम् मिचेर जसले ❀ एकादशीमा पनी ।
खाला अन्न उ दण्डभागि सहजै ❀ हूनेछ याहाँ भनी ॥
यो आज्ञा नृपको सुनी तिनि गए ❀ केही न-बोली उठी ।
थाहा भो सब रैतिलाइ नृपको ❀ आज्ञा सुनी डुग्डुगी॥१३॥
लागे जो पनि बर्त गर्न खुशि भै ❀ एकादशीमा तहीं ।
आज्ञा मान्य गरे भनेर नृपती ❀ बस्थे प्रसन्नै भई ॥
धर्मै वृद्धि भएर रोग उठि गो ❀ अन्यत्र अन्तै कहीं ।
दुःखी फेरि दरिद्र रैतिहरुमा ❀ कोही भएनन् तहीं । १४॥
रैतीले खुशि भै व्रतै शुरु गरे ❀ एकादशीको अनी ।
दीएनन् पशु - पन्छिलाइ तिनिले ❀ केही अहारा पनी ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पालेका गजले तुरंगहरुले ❀ बूढा युवाले अनी ।
नारीले पनि खाद्य त्याग गरियो ❀ एकादशी हो भनी ॥१५॥
मर्ने पन्छि पशू र मानिसहरू ❀ साना र ठूला जती ।
जान्थे स्वर्ग विमानमा बसि सबै ❀ आनन्द मानी अती ॥
कोही एक चमार पापि बहुतै ❀ थीयो मरीगो जसै ।
आई ती यमदूतले धरि लगे ❀ जानेर पापी खुबै ॥१६॥
रस्तैमा पुणि विष्णु-दूतहरुले ❀ ती दूतलाई तहाँ ।
कूटीपीटि चमारलाइ तिनले ❀ खोसी लगे साथमा ॥
फर्की श्रीयमराजका हजुरमा ❀ वृत्तान्त बिन्ती गरे ।
आश्चर्यै मनमा भयो र यम ता ❀ सूनेर छक्कै परे ॥१७॥
ब्रह्माजीकन भेट्न श्रीयम गए ❀ फेर् सत्यलोकै महाँ ।
भेट् भै तिन्सित भन्दछन् यम पनी ❀ दिक्दार हूँदै तहाँ ॥
न्यायै गर्नु भनेर बक्सनु भयो ❀ दर्जा मलाई विधी ! ।
अन्यायै सहनू पर्‍यो मकन ता ❀ आश्चर्य लाग्यो अती॥१८॥
यो दर्जा अरुलाइ बक्सनु हवस् ❀ गर्दीन यो कार्य ता ।
बिन्ती गर्दछु सुन्नुहोस् हजुरले ❀ मैले भनेका कुरा ॥
यौटा पापि चमार् थियो अवधमा ❀ सो ता बखत्ले गरी ।
मृत्यूका सुखमा पर्‍यो र यमका ❀ दूतादिले त्यै घरी ॥१९॥
बाँधी त्यस्कन ली हिंडे यमपुरी ❀ पौंचेर रस्तै महाँ ।
विष्णूका चरले ठटाइ बहुतै ❀ ती दूतलाई तहाँ ॥
साथैमा गरि व्योमयान बिचमा ❀ त्यै पापिलाई धरे ।
बैकुण्ठै तिरको लिएर पथ फेर् ❀ तिन्ले प्रयाणै गरे ॥२०॥
पापै मात्र गरेर जीवन भरी ❀ नाना रकम्का तहाँ ।
जस्ले धर्म कभै गरेन उसतो ❀ पापी चमारै महाँ ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

खूशी भैकन विष्णु-दूतहरूले ❀ त्यस्लाइ लाँदा भए।
आऊला अब कुन् यमै पुरिमहाँ ❀ बैकुण्ठ त्यस्ता गए ॥२१॥
भन्नूभो विधिले ति धर्मकन फेर् ❀ केही विचारै गरी।
सून्यौ हे यमराज ! धर्म अरु ता ❀ एकादशीका सरी ॥
कोनै छैन अरू यही जगतमा ❀ पापी चमार्ले पनी।
लिन्थ्यो त्यै व्रत सोहि कारण भई ❀ बैकुण्ठ पायो भनी ॥२२॥
ब्रह्माका यि कुरा सुनेर यमले ❀ भन्नू भयो त्यैं घरी।
लीने छैन म कालदण्ड करमा ❀ बस्दीन न्यायै गरी ॥
अर्कै योग्य पुरूषलाइ प्रभुले ❀ मेरो जगामा धरी।
सोही कार्य चलाउनोस् हजुरले ❀ आनन्द-चित्तै गरी ॥२३॥
एती बात सुनाउँदै यम पनी ❀ मौनै भएथे जसै।
ब्रह्माले तब भन्नु भो यमतिरै ❀ हेरेर फेरी तसै ॥
आफ्नू काम तिमी नछोड यसरी ❀ खिन्नै गराई मती।
कोही एक उपाय गर्नु बढिया ❀ देख्दैछु मैले यती ॥२४॥
देवर्षी त्यहिं भन्दछन् यति सुनी ❀ हे धर्म ! एकादशी।
सारा पाप हटाउँछिन् सकलको ❀ तीनै त घूँड़ा धसी ॥
कस्तै पापि हवस् व्रतै यदि गरोस् ❀ एकादशीको यहाँ।
निष्पापै भइ धर्मि हुन्छ जन सो ❀ त्यै मर्त्यलोकैमहाँ ॥२५॥
तस्मात् आज विरंचिले रचनुहोस् ❀ कन्या त योटी यहाँ।
देख्दा पूर्णशशी समान मुखकी ❀ जाउन् ति मर्त्यै महाँ ॥
जाउन् ती बनमा छिटै अवधको ❀ बीडा लिई पानको।
देख्नेछन् नृपती र मोहित भई ❀ गर्नन् कुरा लानको ॥२६॥
राजाको व्रत-भंग हुन्छ अनि ता ❀ तिन्का कुरामा परी।
गर्ने छैन कुनै पनी अवधको ❀ प्राणी व्रतै त्यस् घरी ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सुन्दा नारदका कुरा रचिदिए ❀ कन्या अती सुन्दरी ।
तिन्लाई त पठाउँदा गइगइन् ❀ बीड़ा करैमा धरी ॥२७॥
यस्तै औसरमा शिकार गरदै ❀ राजा बनैमा थिए ।
तिन्ले मोहनिरूपकी शशि-मुखी ❀ तिन्लाइ देख्दा भए ॥
साह्रै मोहित भै ति भूपति गए ❀ तिन्कै अगाड़ी महाँ ।
लागे सोधनि गर्न हौ तिमि कउन् ❀ माता-पिता छन् कहाँ॥२८॥
कर्काईकन नेत्र ती शशिमुखी ❀ भन्छिन् म राजन्! कहूँ?।
द्यौताका कुलमा जनम् हुनगयो ❀ श्रीमोहिनी पो म हूँ ॥
कन्यै छू अविवाहिता म अहिले ❀ बस्छू बनैमा पनी ।
पाऊँला मन-माफिकै वर अनी ❀ बीहा गरूँली भनी ॥२९॥
तिन्का वाक्य सुनेर भूपति पनी ❀ भन्छन् अगाड़ी सरी ।
राजा हूँ यहि देशको म त सुन्यौ ❀ हे मोहिनी ! सुन्दरी !॥
तिम्रो प्रेमि भएँ तिमी बन प्रिया ❀ तिम्लाइ बीहा गरी ।
राख्नेछू म सँगै तिमीकन सदा ❀ प्रीती मनैमा धरी ॥३०॥
इच्छा पूर्ण गराइदेउ तिमिले ❀ हे कोमलाङ्गी ! भनी ।
राजाले जब यो भने तब तिनी ❀ हाँसेर भन्छिन् अनी ॥
भर्त्ता पाउनु भूपती जगतमा ❀ क्वै कन्यकाले यहाँ ।
ठूलो भाग्य म ठान्दछू नरपते ! ❀ आएर संसारमा ॥३१॥
मागूँली जुन चीज जुन् बखतमा ❀ सोही हजुर्ले पनी ।
दीनै पर्दछ त्यै मलाइ प्रण यो ❀ गर्नोस् दिनेछू भनी ॥
क्षत्रीको प्रण नै ठुलो छ भवमा ❀ त्यै सुन्न पाऊँ यहाँ ।
भार्या हुन्छु हजूरकी सँग बसी ❀ लाग्नेछु सेवामहाँ ॥३२।
तिन्का बात सुनी प्रणै नृपतिले ❀ गर्दा भए त्यस् घरी ।
ती कन्या नृपका सँगै चलिगइन् ❀ गन्धर्व - बीहा गरी ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

केही ता दिन गै पऱ्यो र दशमी ❀ ती भूपतीले पनी ।
एकै छाक गरेर भोजन रहे ❀ रात्री बिती गो अनी ॥३३॥
भोली पल्ट व्रतै बसे नृपतिले ❀ न्वाहेर शुद्धै भई ।
रानीले नृपलाइ पान त्यहिं ता ❀ दीइन् अगाडी गई ॥
सम्झाए नृपले ति रानिकन ता ❀ एकादशी हो प्रिये ! ।
आजै खान हुँदैन खान्न तिमिले ❀ ल्याएर भोली दिए ॥३४॥
यस्ता बात सुनेर भूपवरको ❀ रानी रिसाइन् अती ।
बोलिन् मान्दिन खानु पर्दछ बिड़ा ❀ ज्यूनार होस् भूपती ! ॥
खाएनन् नृपले कुरा बढि गयो ❀ रैतीहरूले सुनी ।
आए ती पुरवासिमा कति जना ❀ राजा बुझाऊँ भनी ॥३५॥
यस्तै औसरमा ति मोहिनि पनी ❀ बोल्छिन् अगाडी सरी ।
त्याग्नूहोस् व्रत पान खानु अब होस् ❀ मेरा कुरामा परी ॥
लागे भन्न ति भूपती सुन प्रिये ! ❀ यो त्याग गर्दा महाँ ।
धर्मै जान्छ तसर्थ त्याग्न न-हुने ❀ त्यागथें म एही कहाँ ॥३६॥
रैतीले तब बिन्ति झट् गरिलिए ❀ राजन् ! हजुर्ले यही ।
त्याग्नूहोस् व्रतलाइ हामि व्रत त्यै ❀ गर्छौं खुशीले रही ॥
दीनेछौं व्रतकै त धर्म प्रभुमा ❀ एती भनेथे जसै ।
बोले भूपतिले म त्यागिदन कभै ❀ हे रैति हो ! यो व्रतै ॥३७॥
हे रानी ! तिमिलाइ भन्छु म यहीं ❀ यै बर्त तिम्ले पनी ।
गर्नू श्रेय हुनेछ आखिरमहाँ ❀ पाइन्छ स्वर्गै भनी ॥
भन्छिन् रानि नरेन्द्र ! स्वर्ग मकनै ❀ चाहिन्न भोकै रही ।
रोक्दैछू म हजूरलाइ पनि ता ❀ खानोस् यही पान ली॥३८॥
मेरो बात न-मानि हे नरपते ! ❀ त्याग्नुन्न ता यस् घरी ।
दीनोस् राजकुमारको शिरकनै ❀ काटेर जल्दी गरी ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रानीको सुनि जिद्दि भूपवर ती ❀ अत्यन्त छक्कै परी ।
लागे भन्न प्रिये ! ढिपी किन गर्‍यौ ! ❀ साह्रै न-राम्रो गरी ॥३९॥
भन्नू सम्म भने बुझुन् तिनि भनी ❀ तिन्ले सुनीनन् रती ।
सूने राजकुमारले पनि कुरा ❀ आई भएका जती ॥
खूशी भैं ति कुमारले तब भने ❀ ती भूपलाई तहाँ ।
मेरो यो शिर काटि बक्सनुहवस् ❀ बिन्ती म गर्छू यहाँ ॥४०॥
आफ्नू धर्म र सत्य पालन गरी ❀ बस्नू ठूलो धर्म हो ।
मेरो यो शिर काटि तिन्कन दिनोस् ❀ नाहीं भने शर्म भो ॥
यस्ता बात सुनेर भूपवरले ❀ तरवार खींची लिए ।
श्रीधर्माङ्गदले शिरैकन त्यहीं ❀ आफ्नू झुकाई दिए ॥४१॥
आए देवसमाज हेर्न रमिता ❀ वायूसरी रूप ली ।
डोल्यो आसन श्रीजगत्पतिजिको ❀ मालूम भै त्यस् घरी ॥
रूपै ब्राह्मणको लिएर पहुँचे ❀ श्रीनाथ त्यै ठाउँमा ।
रोक्नूभो नृपलाइ पर्ख नृपते ! ❀ भन्दै उसै बीचमा ॥४२॥
भन्नू भो त्यहिं विप्ररूप प्रभुले ❀ राजन् ! म खूशी भएँ ।
तिम्रो राजकुमारको अति ठुलो ❀ सत्यै छ देखी लिएँ ॥
प्राणी छन् यहि देशमा नरपते ! ❀ जीवादि जन्तू जती ।
पुग्ने छन् सब मोक्तका पदविमा ❀ पाएर राम्रो गती ॥४३॥
खूशी छैन म मोहिनीसित यहाँ ❀ छन् नर्क योग्यै तिनी ।
मेरा भक्तविषे त संकट दिइन् ❀ खुब् जिद्दि गर्नै बनी ॥
यो एकादशिको व्रतै छ बहुतै ❀ प्यारो मलाई सदा ।
धर्मै-संकटमा पर्‍यौ तिमि भनी ❀ आएँ म ऐह्ले यहाँ ॥४४॥
विष्णू हूँ म भनेर मर्जि हुनगो ❀ श्रीनाथको त्यै घरी ।
दीए ढोग समस्त प्राणिहरुले ❀ माथा भुमीमा धरी ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लागिन् भन्न ति मोहिनी गहभरी ❀ आँसू गरी फेर् तहाँ ।
हे नारायण ! दोष जो हुनगयो ❀ पाऊँ म ऐह्ले क्षमा ॥४५॥
उद्धारै गरि बक्सियोस् हजुरले ❀ बिन्ती गरीथिन् जसै ।
हेर्नूभो प्रभुले ति भूपकन ता ❀ सोही बखत्मा तसै ॥
बोले झट् करबद्ध भै नृपतिले ❀ यी मोहिनीको प्रभो ! ।
शापानुग्रह होस् रहुन् ति मसितै ❀ बिन्ती म गर्छू विभो! ॥४६॥
बिन्ती मंगल भूपको सुनिसकी ❀ लक्ष्मीपतीले तहाँ ।
आज्ञा गर्नुभयो रहुन् यि नृपते! ❀ तिम्रै त साथै महाँ ॥
दोषै मोहिनिको क्षमा गरिदिएँ ❀ भन्दै जगत्का धनी ।
अन्तर्ध्यान भएर जानु तब भो ❀ खूशी भए ती अनी ॥४७॥
श्रीजन्मेजयका रही हजुरमा ❀ भन्थे ति भीष्मै भनी ।
वैशम्पायनले बताउनु भयो ❀ माहात्म्य एती अनी ॥
ठूलो हो व्रत यै परन्तु हरिको ❀ झन् नाम ठूलो अती ।
नामै लिन्छ जउन् सदा प्रभुजिको ❀ पाउँछ राम्रो गती ॥४८॥

तुलसी-शालिग्रामको माहात्म्य ।

भन्छन् धर्मकुमारले तुलसिको ❀ उत्पत्ति संसारमा ।
भै गो कुन् रितले बताउनु हवस् ❀ हे नाथ ! ऐह्ले यहाँ ॥
यस्तो प्रश्न सुनेर भीष्म खुशि भै ❀ फेर् भन्न लागीगए ।
श्रोताले मन दी खुबै तुलसिको ❀ वृत्तान्त सुन्दा भए ॥१॥
भूमीबाट हुने वनस्पतिहरू ❀ मध्ये पवित्रै अती ।
हुन् एकै तुलसी भनेर बुझ लौ ❀ संसारमा भूपती ॥
रोपी आँगन बीचमा तुलसिको ❀ बोटै उठी ढोग दी ।
पूजा रोज गऱ्यो भने जति हुनन् ❀ पापादि जानन् डढी ॥२॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रानी हुन् तुलसी समस्त जगमा ❀ राजा उनै विष्णु हुन् ।
पूजा ध्यान गरीलिए ति दुइको ❀ कल्याण खूबै दिनन् ॥
जस्ले गर्छ प्रदक्षिणा तुलसिको ❀ माता ! बचाऊ भनी ।
त्यस्ले ता यमराजका पुरितिरै ❀ पर्दैन जानू पनी ॥३॥
शालिग्राम शिला ति गण्डकिमहाँ ❀ पाइन्छ खोजी गरी ।
तिन्का भित्र सुवर्ण हुन्छ सबमा ❀ मानुन् तिनै हुन् हरी ॥
ल्याई तिन्कन ता सधैं तुलसिको ❀ पातै चढाई दिई ।
गर्नू पूजन विष्णुलोक पछि ता ❀ पाइन्छ मुक्ती भई ॥४॥
थीए एक प्रतापि वीर पहिले ❀ क्वै दैत्यराजा यहाँ ।
जस्को नाम पनी जलन्धर थियो ❀ मान्यै थिए दैत्यमा ॥
तिन्की रानि थिइन् अती गुणवती ❀ अत्यन्त राम्री पनी ।
वृन्दा नाम थियो थिइन् पतिव्रता ❀ साह्रै सुशीला तिनी ॥५॥
ती देवासुरको ठुलो रण भयो ❀ देवादिले क्यै गरी ।
दैत्यैमा जय-प्राप्त गर्न न-सकी ❀ मुश्किल् पऱ्यो त्यस् घरी ॥
वृन्दाको अति धर्मले अजय भो ❀ जालन्धरै तहाँ ।
लागे भाग्न ति देवता भय गरी ❀ त्यै दैत्यको युद्धमा ॥६॥
गै गो दैत्यपती उठेर रणमा ❀ पाएर मौका पनी ।
विष्णूले छलले सतीत्व तिनिले ❀ नष्टै गरे झट् अनी ॥
त्यै जालन्धर मारियो रणमहाँ ❀ वृन्दाजिले त्यै घरी ।
जानिन् विष्णु भनेर श्राप अनि ता ❀ दीइन् रिसैमा परी ॥७॥
हे विष्णो ! तिमिले ठुलो छल गऱ्यौ ❀ मैमाथि संसारमा ।
तस्मात् श्राप म दिन्छु जल्दि तिमिले ❀ पाषाण हूनू यहाँ ॥
तिन्को श्राप सुनेर हाँसि हरिले ❀ आज्ञा भयो त्यै घरी ।
हे वृन्दे ! तिमिलाइ छोड्न म कभै ❀ सक्तीन प्यारो गरी ॥८॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तस्मात् मै पनि दिन्छु श्राप तुलसी * तिम्ले हुनू मर्त्यमा ।
शाल्तिग्रामशिला म हुन्छु रसिली * तिम्रो शरापले तहाँ ॥
जस्ले पूज्छ मलाइ ता तुलसिको * पत्ता चढाई वरी ।
त्यसमाथी खुशि मै परन्तु पछि ता * दीनेछु मोक्षै गरी ॥९॥
भन्छन् भीष्म पवित्र छन् यि तुलसी * प्यारी हरीकी हुँदा ।
माहात्म्यै यिनको ठुलो छ जगमा * कम्ती नहूने कदा ॥
पापी होस् यदि मृत्युका समयमा * त्यस्का नजीकै गई ।
पानीमा तुलसीदलैकन धरी * छर्कोस् कसैले तहीं ॥१०॥
त्यस्को पाप समस्त नष्ट हुनगै * त्यै पापि धर्मी बनी ।
भन्थे शंकरले ठुलो छ महिमा * बैकुण्ठ जाला भनी ॥
बोटैका पनि काठले तुलसिको * माला बनाई कती ।
जप् गर्छन् हरिनाम गिन्ति गरदै * आनन्द मानी अती॥११॥
त्यस्ता प्राणिहरू अनेक जुनिका * पापादि नष्टै भई ।
बैकुण्ठै गइ बस्दछन् प्रभुजिका * साथै प्रसन्नै रही ॥
प्राणी रोज उठेर गै तुलसिमा * अर्घ्यै गरोस् ता यहीं ।
त्यस्को भाग्य ठुलो भएर सुख खुब् * पाऊँछ जाहाँ तहीं ॥१२॥
उड्दै खूब सुगन्ध त्यै तुलसिको * रोगादि नाश्ला सबै ।
जाहाँ छन् तुलसी छुँदैन घटिया * जादू र टूना कभै ॥
भक्ती खूब गऱ्यो भने तुलसिमा * त्यस्देखि विष्णू पनी ।
हूनू हुन्छ प्रसन्न भक्त प्रिय हो * मेरो जगत्मा भनी॥१३॥

काशी-माहात्म्य ।

काशी नै सब तीर्थमा प्रमुख जो * हो तीर्थ श्रीशम्भुको ।
श्रीविश्वेश्वर बस्नुहुन्छ सँगमा * ली अन्नपूर्णाजि पो ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गौरी हुन् शिवकी प्रिया बुझ तिमी ❀ श्री अन्नपूर्णा भनी ।
गर्छिन् पालन पौरवासिहरुको ❀ माता सरीकी बनी ॥१॥
रूचेको अति बिल्वपत्र शिवको ❀ प्यारो हुनाले गरी ।
गर्छन् पूजन त्यै चढ़ाइ शिवमा ❀ भक्तादिले हर्‌घरी ॥
काशीमा गरि वास बस्दछ जउन् ❀ त्यसमाथि खूशी रही ।
कैलाशै दिनुहुन्छ बस्न शिवले ❀ आयू समाप्तै भई ॥२॥
जस्ले त्याग्दछ आफ्नु प्राणकन ता ❀ वाराणसीमा रही ।
दिन्छन् तारक-मन्त्र श्रीशिवजिले ❀ बस्ने छ मुक्तै भई ।
कैल्हौ ता यमदूतको भय पनी ❀ हूँदैन काशीमहाँ ।
बस्छिन् काशिपुरी त्रिशूल बिचमा ❀ श्रीशम्भुकै हातमा ॥३॥
गाईदान गरीदियो यदि भने ❀ काशीपुरीमा गई ।
दाताले त अनन्त पाउँछ फलै ❀ को भन्न सक्ला यहीं ? ॥
कोटीलिंग शिवादि छन् नगरि त्यै ❀ वाराणसीमा भनी ।
भन्छन् दर्शनले समस्त जनको ❀ नाशिन्छ पापै पनी ॥४॥
श्रीभागीरथि बग्दछिन् नगरमा ❀ वाराणसीको गई ।
गङ्गाजी मणि-कर्णिका गति दिने ❀ बस्छिन् हमेशा तहीं ॥
पूजा दर्शन ता गरेर शिवको ❀ ती काशिवासीहरू ।
कैलाशैकन पाउँछन् तिनि पछी ❀ त्यस्को कुरा के गरूँ ? ॥५॥
तीर्थै ती वरुणा असी नदिहरू ❀ आएर मिल्दामहाँ ।
भो वाराणसि नाम काशिपुरिको ❀ प्रख्यात छन् विश्वमा ॥
भक्ती श्रीयदुनाथका चरणको ❀ राखेर नामै भजी ।
बस्ला जो गइ काशिमा बनिगयो ❀ उस्को दुवै लोक ती ॥६॥
ती गङ्गासुत भन्दछन् अरु पनी ❀ धर्मै कहन्छू यहाँ ।
कन्यादान ठुलो छ धर्म बुझनू ❀ त्यस् झैं छ अर्को कहाँ ? ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कन्यादान गरी दियो यदि भने ❀ श्रीविष्णुलोकै महाँ ।
बस्ला कल्प भरी भनेर बुझनू ❀ कोही हवस् ता यहाँ ॥७॥
कन्या दिन्छु भनेर द्रव्य रुपियाँ ❀ लीनू ठुलो पाप पो ।
कन्या बिक्रि गरे सरी हुनगयो ❀ त्यै प्राणि पापी भयो ॥
बस्नू पर्दछ कुम्भिपाक कहिने ❀ नर्कैहरूमा परी ।
तस्मात् दाम नलीनु त्यस् किसिमले ❀ कन्यादि बिक्री गरी ॥८॥
गाईको घृतको मधू र दुधको ❀ जो दान देला गरी ।
जाला स्वर्गविषे विमान चढि त्यै ❀ बस्ने छ कल्पै भरी ॥
दानैको सरि धर्म छैन अरु क्यै ❀ दीनू असल् हो यहाँ ।
दातालाइ त कम्ति हुन्न कहिल्यै ❀ दीएर संसारमा ॥९॥

श्री गंगाजीको माहात्म्य ।

कन्दू नामक क्वै मुनी अघि थिए ❀ जस्ले मनैमा पनी ।
विष्णूको शुभमूर्ति संझि बसथे ❀ भक्तै तिनैका बनी ॥
यस्तो कर्म हुँदा ति धार्मिक बने ❀ तिन्ले घरै त्याग् गरी ।
पृथ्वी गर्न परिक्रमा चलिगए ❀ तीर्थादि घुम्दै गरी ॥१॥
पृथ्वीमा जति तीर्थ छन् सब गरे ❀ पाहाड् तलाऊ नदी ।
कुण्डैहेरु तपोवनादि नगरी ❀ तिन्ले घुमे चित्त दी ॥
पौंचे ती मुनि चन्द्रभाग नदिका ❀ राम्रा किनारा महाँ ।
थीयो मण्डप बाटुलो नजिकमै ❀ देखे मुनीले तहाँ ॥२॥
बस्थे पाँच जना भयङ्कर खुबै ❀ प्राणी ति दुब्ला कती ।
देख्दा बाँस समानका जिउमहाँ ❀ बल्ने ति आँखा अती ॥
चर्को बोलि गरेर झर्किकन ती ❀ गर्थे कुरा त्यस् घरी ।
देखे ती मुनिले तिनैकन त्यहीं ❀ आश्चर्य खूबै गरी ॥३॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यौटाले मुनिलाइ सोधनि गर्‍यो * ऊँचो स्वरैले गरी ।
आयौ हे परदेशि ! नाम कुन हो ? * कुन् कामले यस् घरी ? ॥
त्यस्को प्रश्न सुनी कहे ति मुनिले * कन्दू भनेका म हूँ ।
जातैको म त विप्र हूँ डुलि-फिरी * आएँ यहाँ ये कहूँ ॥४॥
को हौ आफुहरू बताउ मकनै * देख्दा उदेक् मान्छू ।
लाभा छौ तर पातला अति हुँदा * क्यै वीर झैं ठान्दछू ॥
यौटाले तब भन्छ ब्राह्मण ! सुन्यौ * पाँचै जना छौं यहाँ ।
हामीलाइ त प्रेत जान तिमिले * बस्ने यही ठाउँमा ॥५॥
पैह्लै मानिसनै थिएँ तिमिसरी * क्यै कारणैले गरी ।
मैले प्रेत भएर बस्नु परिगो * भन्छू म राम्रै गरी ॥
नाऊँ शील थियो सुशील म थिएँ * मेरा घरैमा कुनै ।
आए ब्राह्मण अन्न-पानि नमिली * लाग्दा ठुलो भोक नै ॥६॥
मैले तिन्सित यो भनें तिमि बडा * मूर्खै रहेछौ यहाँ ।
जाऊ त्यस्तिर यज्ञ हुन्छ अतिथी * खाँदै रहन्छन् जहाँ ॥
हो ता नी भनि विप्र त्यस्तिर गए * थीएन यज्ञै पनी ।
झुट्टा बात गरें भनेर तिनिले * श्रापै दिएछन् अनी ॥७॥
तिन्ले श्राप दिंदा म प्रेत हुनगै * साह्रै न-राम्रो भएँ ।
त्याहाँदेखि घचेटिएर सहसा * याहीं म पोंचीगएँ ॥
पाँचै वर्ष भयो छँदैछु म यहाँ * भोको र प्यासा भई ।
जूठो अन्न मलादि मूत्रहरु छन् * आहार मेरा यहीं ॥८॥
अर्को भन्दछ प्रेत विप्र म त हूँ * शृंगीकरै नामको ।
आयो एक क्षुधार्त विप्र घरमा * आहारका निम्ति पो ॥
थीयो अन्न परन्तु छैन म कहाँ * क्यै अन्न भन्दो भएँ ।
थीए सिद्ध पुरुष त्यै छल बुझी * श्रापै मलाई दिए ॥९॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तिन्को श्राप परेर प्रेत म भएँ * साह्रै न-राम्रो भई ।
हावाले न उडाइ खूब मकनै * ल्याईदिंदा छू यहीं ॥
एती हाल बताइ मौन हुनगो * त्यै प्रेत ताहाँ जसै ।
अर्को लेखक नाम भन्दछ अनी * यस्ता तरह्ले तसै ॥१०॥
भोको साधु खड़ा भयो अलिकती * आशा मनैमा धरी ।
देखें त्यस्कन द्वारमा तर रहें * मौनै म ता त्यस्घरी ॥
बीत्यो एक प्रहर् खडा रहि तहीं * बोलीन मैले जसै ।
तिन्को श्राप परेर प्रेत म भएँ * आएँ सरासर् यतै ॥११॥
अर्को भन्दछ चन्द्रकेतु म त हूँ * राजा प्रतापी थिएँ ।
विद्या खूब पढेर गर्व हुनगै * साह्रै घमण्डी भएँ ॥
श्रीनारायणलाई फेरि गुरुजी- * लाई नमानी म ता ।
गर्थें खूब अनादरै ति दुइको * मेरो भयो त्यै खता ॥१२॥
सोही पाप फलेर प्रेत म भएँ * बस्ने थलो भो यहीं ।
एती बात सुनाइ चूप हुनगो * त्यै प्रेत-राजा तहीं ॥
पाँचौं बोल्दछ प्रेत सूचिमुख हूँ * झुट्टा म बोल्थें कुरा ।
साँचो बात गरीन कोहिसित ता * गप्फी म थीएँ पुरा ॥१३॥
निम्तो दीकन विप्रलाइ घरमा * डाकें ति भोकै रही ।
आए भोजन गर्न हाँसिकन ता * मैले सुनाएँ यही ॥
निम्तो खाइ मुँडी म भर्दछु भनी * आयौ वृथा यस् घरी ।
ढाँटी बात गरें परन्तु तिमिले * जान्यौ कि सत्यै सरी॥१४॥
अर्ती दिन्छु न जानु खान कहिं ता * पाएर निम्ता भनी ।
खूबै हाँसिदिएँ अनादर गरी * मेरा कुरा ती सुनी ॥
तिन्ले श्राप दिए तँ मानिस भई * कामै गरिस् प्रेतको ।
जा तेरो पनि प्रेत-रूप अब होस् * भन्दा भएँ प्रेत पो ॥१५॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बस्नू पर्दछ अन्धकार बिचमा ❀ जस्ता तवर्‌ले गरी ।
उद्धारै हुन जान्छ हामिहरुको ❀ त्यै काम दीनोस्‌ गरी ॥
यो वृत्तान्त सुनेर प्रेतहरुको ❀ ती विप्र भन्छन्‌ अनी ।
गंगाको जलले गराउँछ गती ❀ तीमीहरूको पनी ॥१६॥
अर्को छैन उपाय प्रेतहरुको ❀ प्रेतत्व छुट्ने यहाँ ।
गङ्गाको महिमा ठुलो छ कलिमा ❀ यो मर्त्य-संसारमा ॥
ब्याहानै उठि हात जोरिकन ता ❀ गङ्गा पुकार्छन्‌ जउन्‌ ।
तिन्को पाप रहन्न कञ्चन सरी ❀ निष्पाप प्राणी हुनन्‌ ।१७॥
भन्छन्‌ कन्दु मुनी ति प्रेतकन फेर्‌ ❀ हे प्रेत हो ! यस्‌ घरी ।
माहात्म्यै तिमिलाइ भन्दछु यहाँ ❀ पापादि जानन्‌ जली ॥
देवादीहरुले सभा गरि बसे ❀ कोही दिनैमा अनी ।
विष्णूले शिवलाइ भन्नु अनि भो ❀ क्यै राग गाऊ भनी ॥१८॥
लौ सुन्नोस्‌ भनि शम्भुले उहि बखत्‌ ❀ पाँचै मुखैले गरी ।
लागे गाउन राग जुन्‌ ध्रुपद हो ❀ मीठो बहूतै गरी ॥
त्यै सुन्दा अतिहर्ष प्राप्त हुनगै ❀ आँसू सबैको चुहे ।
ब्रह्माको करमा कमण्डलु थियो ❀ आँसू उसैमा भरे ॥१९॥
विष्णूको पनि आँसु थापिलिनु भो ❀ ब्रह्माजिले त्यै घरी ।
ब्रह्माको करको कमण्डलु भयो ❀ आँसूहरूले भरी ॥
जुन्‌ बेला हरिले बलीकन छले ❀ पाऊ तिनोटा गरी ।
यौटा पाउ त सत्यलोक पुगिगो ❀ ढाकेर पृथ्वी भरी ॥२०॥
ब्रह्माको सु-समाधि भंग हुनगो ❀ आँसू करैमा लिए ।
त्यै पानी लिइ विष्णुको चरण त्यै ❀ तिन्ले पखाली दिए ॥
देवी यौटि खडा भइन्‌ उहि बखत्‌ ❀ गंगा अगाडी महाँ ।
धारा तीन बगीगए ति जलका ❀ सर्वत्र जाहाँ-तहाँ ॥२१॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गंगा-देवि तिनै पछी पृथिविमा ❀ आइन् र पापी जती ।
न्वाही त्यै जलमा गती सब परे ❀ आनन्द भैगो अती ॥
गङ्गाजी कसरी पुगिन् पृथिविमा ❀ माहात्म्य तिन्को पनी ।
मैले भन्दछु त्यै सुनी रहु तिमी ❀ आइन् यसोरी भनी ॥२२॥
राजा एक ठुला भए सगरजी ❀ थीए प्रतापी अती ।
तिन्का राजकुमार पुत्र त थिए ❀ साठी हजारै जती ॥
वंशैमा पनि सूर्यका ति नृपको ❀ जन्मै हुनाले गरी ।
धर्मात्मा अति वीर ती नृप भए ❀ तिन्ले अगाडी सरी ॥२३॥
ठूलो युद्ध गरी सबै मुलुकका ❀ राजा वशैमा गरे ।
यज्ञै ता गरि अश्वमेध हय फेर् ❀ पूजेर छोडी दिए ॥
रक्षा गर्न भनी कुमारहरु ता ❀ साठी हजारै पनी ।
केही सैन्य लिई पछीपछि गए ❀ त्यै अश्व दौड्यो अनी ॥२४॥
इन्द्रैले मनमा विचार गरियो ❀ इन्द्रासनैको पनी ।
इच्छाले मख[1] गर्दछन् सगर ता ❀ त्यस्निम्ति मैले पनी ॥
यज्ञैको म तुरङ्ग हर्दछु भनी ❀ माया गरी त्यै घरी ।
पक्रे अश्व उ श्यामकर्णकन ता ❀ देवेन्द्रले झट् गरी ॥२५॥
बस्ने ध्यान गरी मुनी कपिलजी ❀ कोही बनैमा थिए ।
तिन्का साम्मु खै थियो त्यहिं लगी ❀ त्यै अश्व बाँधी दिए ॥
आफू स्वर्ग गए सुरेन्द्र जब ता ❀ सेनाहरूले अनी ।
खोज्दै अश्व पुगे ति टापहरुले ❀ हेरेर चिह्नै पनी ॥२६॥
देखी तिन्कन चोर हो यहि भनी ❀ दौडेर लात्ती दिए ।
ध्यानै भंग भएर ताहिं मुनिले ❀ आँखा उघारीलिए ॥

१. यज्ञ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

क्रोधाग्नी मुनिको बलेर ति सबै ❀ भस्मै भए त्यस् घरी ।
सूनी हाल सबै वहाँ सगरजी ❀ बस्थे ति शोकै गरी ॥२७॥
पुत्रै-शोकमहाँ परे नरपती ❀ त्यै यज्ञ रूकी गयो ।
जेठा राजकुमारलाइ नृपले ❀ आज्ञा तुरुन्तै भयो ॥
जाऊ पुत्र ! प्रणाम भन्दिनु गई ❀ मेरो मुनीमा अनी ।
भन्नू भस्म भए कुमारहरु ता ❀ हेर्दा हजुर्ले भनी ॥२८॥
जेठा ती असमंजसै चलिगए ❀ सोभ्कै मुनी छन् जहाँ ।
राजाज्ञा तिनिले सबै कहिदिंदा ❀ भन्छन् मुनीले तहाँ ॥
घोडा ता यहिं देख्छु जान्दिन कुरा ❀ बाँधे छ कस्ले यहाँ ? ।
निर्दोषी म थिएँ मलाइ तिनले ❀ लात्ती चलाए यहाँ ॥२९॥
पापैले सब भस्म यी हुनगए ❀ हूने कुरा भै गयो ।
यज्ञै पूर्ण गराउ अश्वकन लौ ❀ लैजाउ बेला भयो ॥
आज्ञा पाइ लिएर अश्व नृपको ❀ पुत्रै प्रणामै गरी ।
फर्के अश्व समेत ती अवधमा ❀ राजाजिले त्यै घरी ॥३०॥
वेदैका विधिबाट यज्ञकन ता ❀ पूर्णै गराई दिए ।
केही काल बितेर ती सगरजी ❀ भै स्वर्गवासी गए ॥
राजा ती असमंजसै भइगए ❀ आफ्ना मुलुक्को जसै ।
उद्धारै तिर चित्त गो नृपतिको ❀ बन्धूहरूको तसै ॥३१॥
सोधे श्रीगुरुजी वशिष्ठसित गै ❀ उद्धार खातिर् महाँ ।
ध्यानैबाट बिचारि राजगुरुले ❀ आज्ञा गरे यै तहाँ ॥
राजन् ! ब्रह्म-कमण्डलू बिच जउन् ❀ गंगाजि छन् यस् घरी ।
रीझाई तपले तिनैकन यहाँ ❀ल्याऊ यि जानन् लरी॥३२॥
तिन्कै ता जलबाट यी सकलको ❀ हुनेछ राम्रो गती ।
कीर्ती खूब् रहला ति पातकि अरू ❀ उद्धार हूनन् कती ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यै आज्ञा शिरमाथि राखि तपका ❋ खातिर् ति राजा गए ।
पौंची जंगलमा हिमालयतिरै ❋ लाग्दा तपैमा भए ॥३३॥
त्यै बेला नभ-वाणि भो नरपते ! ❋ त्यै काम गर्ने पनी ।
तिम्रा नाति हुनन् सु-कीर्ति तिनकै ❋ चल्नेछ जाने तिमी ॥
सुन्दा त्यौ नभ-वाणि हर्षित भई ❋ राजा ति फर्की गए ।
पुत्रै तिन्कन अंशुमान पनि ता ❋ पैदा महल्मा भए ॥३४॥
अंशूमान बढी ठुला जब भए ❋ वर्षै बहुतै गई ।
तिन्लाई नृपले रजाइँ दिनुभो ❋ आफू तपैमा रही ॥
धेरै वर्ष बिती भगीरथ भए ❋ तिन्लाइ पुत्रै पनी ।
पाली तिन्कन भूपले बढिगए ❋ ती राज-पुत्रै अनी ॥३५॥
उद्धारै कुलको हुनेछ अब ता ❋ भन्ने मनैमा धरी ।
अंशूमान खुशी भए हृदयमा ❋ चिन्तादि दूरै गरी ॥
राज्यै दीकन पुत्रलाइ तपका ❋ निम्ती तिनै गै गए ।
राजा भैकन ती भगीरथ अनी ❋ नीकै प्रतापी भए ॥३६॥
काका साठि हजार छन् अगतिमा ❋ भन्थे पिताले पनी ।
सम्झे सोहि कुरा भगीरथजिले ❋ तार्नू छ मैले भनी ॥
देवर्षी र वशिष्ठ नाम गुरुजी ❋ आए ति राजा कहाँ ।
पाद्यार्घ्यादि गरेर आसन दिए ❋ ती भूपतीले तहाँ ॥३७॥
बस्नूभो दुइटै र प्रश्न नृपले ❋ गर्दा भए त्यै घरी ।
पितृ साठि हजार तार्नु परने ❋ कस्तो प्रकारै गरी ? ॥
यस्तो प्रश्न सुनी वशिष्ठ गुरुले ❋ आज्ञा सुनाए भनी ।
गंगा ल्याउनु पर्छ उत्तम गती ❋ होला सबैको अनी ॥३८॥
गङ्गाजीकन छाडि अन्य गति ता ❋ क्यै छैन अर्को यहाँ ।
सोधे भूपतिले बताउनु हवस् ❋ गंगा रहन्छिन् कहाँ ? ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यस्तो प्रश्न सुनी भगीरथजिको ❁ देवर्षिलाई अनी ।
भन्नूभो ति वशिष्ठले कहिदिनोस् ❁ गंगा यहाँ छन् भनी ॥३९॥
यस्तो प्रश्न सुनी वशिष्ठ ऋषिको ❁ देवर्षि भन्छन् तहाँ ।
घुम्दै स्वर्गपुरी म एक दिन ता ❁ पौंचें ति इन्द्रै कहाँ ॥
सोधें तिन्सित सुन्न खोज्छु महिमा ❁ गंगाजिको यस् घरी ।
मैलाई उ बताइ बक्सनु हवस् ❁ भन्दा अचम्मै परी ॥४०॥
बोले इन्द्रजिले म जान्दिन भनी ❁ तिन्लाइ मैले अनी ।
छोडी श्रीयमराजका नगरिमा ❁ पौंचें म सोधूँ भनी ॥
गर्दा प्रश्न भने मलाइ यमले ❁ यो सोध्न खातिर् महाँ ।
जानूपर्छ विरंचिका हजुरमा ❁ त्यै सत्यलोकैमहाँ ॥४१॥
त्याहाँबाट उठी गएँ विधिकहाँ ❁ सोधें कहाँ छन् भनी ।
आज्ञा गर्नु भयो मलाइ विधिले ❁ कैलाश जाऊ भनी ॥
उड्दै गै शिवजी कहाँ जब पुगें ❁ श्री शम्भुले त्यै घरी ।
भन्नूभो बस भन्दछू म महिमा ❁ गंगाजिको यस्घरी ॥४२॥
गंगाको शुभ नामले जगतमा ❁ पापादि नष्टै गरी ।
सौख्यै पाउँछ प्राणिले अरु कुरा ❁ सुन्छौ भने यस् घरी ॥
जाऊ विष्णु कहाँ र सोध तिमिले ❁ गंगाजिको भेद ता ।
वाहींबाट कहिन्छ जाउ तिमि लौ ❁ देवर्षि ! बैकुण्ठमा ॥४३॥
आज्ञा शंकरको सुनेर म गएँ ❁ बैकुण्ठमा त्यै घरी ।
देखी श्री हरिलाइ सोधनि गरें ❁ न्यूह्रे र बिन्ती गरी ॥
गंगाको महिमा म सुन्छु भगवन् ! ❁ त्यै निम्ति आएँ यहाँ ।
आज्ञा भो अनि विष्णुबाट उ बखत् ❁ मेरा अगाडीमहाँ ॥४४॥
देवर्षी ! सुन ! सत्यलोक पुरिमा ❁ ब्रह्माजिका पासमा ।
गंगा छन् जसको ठुलो छ महिमा ❁ सारा त्रिलोकै महाँ ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्रीगंगाजल एक बिन्दु जसको ❀ पर्ला शरीरै महाँ ।
त्यस्का पाप समग्र नष्ट हुन गै ❀ त्यै धर्मि होला यहाँ ॥४५॥
राजन् ! सोहि कुरा निवेदन गरें ❀ मैले हजूरै महाँ ।
गर्नूहोस् तप आउनिन् अनि पछी ❀ गंगा यही मर्त्यमा ॥
यस्ता बात सुनी भगीरथजिले ❀ ती मन्त्रिलाई तहीं ।
राज्यैको सब भार दी चलदिए ❀ बद्री तिरै खुश् भई ॥४६॥
राजाले बनमा बसी तप गरी ❀ वर्षादि धेरै गए ।
खूशी भैकन दर्शनै दिन भनी ❀ श्रीविष्णु ताहीं पुगे ॥
पाई दर्शन विष्णुको नृपतिले ❀ गर्दा प्रणामै तहाँ ।
आज्ञा भो हिंड जाउँ हे नरपते ! ❀ ब्रह्माजिका पासमा ॥४७॥
ऊठे भूपति जानलाइ हरिले ❀ हातै धरी त्यस् घरी ।
आँखा चिम्ल भनी हुकुम् हुनगयो ❀ माया बहूतै गरी ॥
पौंचे दुइ जना हरी र नृपती ❀ ब्रह्माजिका पासमा ।
आज्ञा भो हरिबाट हे विधि ! सुन्यौ ❀ गंगाजिका आशमा ॥४८॥
आएका यिनि हुन् भगीरथ यहाँ ❀ त्यस् निम्ति गंगा पनी ।
जाउन् यिन्सित मृत्युलोक बिचमा ❀ प्राणी ति तार्नै भनी ॥
ब्रह्माको त कमण्डलू त्यहिं थियो ❀ जस्मा ति गंगा थिइन् ।
आज्ञा श्रीहरिको सुनेर तिनिले ❀ यै प्रश्न गर्दी भइन् ॥४९॥
अर्काको सब पाप हर्न भनि ता ❀ आज्ञा मलाई भयो ।
मेरो पाप हरेर लिन्छ कसले ❀ हे नाथ ! सोध्छू म यो ॥
आज्ञा भो अनि विष्णुबाट तिमिले ❀ चिन्ता नलयौ क्यै पनी ।
तिम्रो पाप म हर्दछू सहजमा ❀ यिन्सीत जाऊ तिमी ॥५०॥
यो आज्ञा सुनि जान तत्पर भइन् ❀ गंगा जलै भैं बनी ।
लागे हिंड्न भगीरथै पछि-पछी ❀ धारा बहीगो अनी ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गंगाजी अनि ती भगीरथ पुगे ❀ हींडेर कैलाशमा ।
शम्भूले तिनिलाइ थापिलिनुभो ❀ आफ्नू जटाजूटमा ॥५१॥
गंगाजी त्यहिं अलमलीकन रहिन् ❀ सोही जटाजूटमा ।
झट्टै ती नृपले स्तुती शिवजिको ❀ गर्दाभए हैं तहाँ ॥
खूशी भै शिवले जटाकन पनी ❀ खोली दिनू भो अनी ।
त्याहाँदेखि बजाइ शंख ति हिंडे ❀ लागिन् पछाडी तिनी ॥५२॥
डाँडा-जंगल-ऊँच-नीच पृथिवी ❀ छोपेर गंगा अनी ।
पौंचिन् त्यै स्थलमा थिए नरपती ❀ जह्नू बसेका पनी ॥
गर्थे जह्नु तहीं बसेर तप पो ❀ देखेर गंगा तहीं ।
चीह्नी तिन्कन हातमा लिइ पिए ❀ अत्यन्त खूशी भई ॥५३॥
साह्नै छक्क परी भगीरथजिले ❀ तिन्लाइ ढोगै दिए ।
तिन्ले त्यै घरि जाँघ चीरिकन ता ❀ गंगा निकालिदिए ॥
गंगाको त्यहिंदेखि नाम पनि ता ❀ श्रीजाह्नवी भै गयो ।
त्याहाँबाट पुगे तिनै कपिलको ❀ जाहाँ निवासै थियो ॥५४॥
थुप्रा भैकन भस्मको सगरका ❀ पुत्रादि थीए तहाँ ।
गंगाका जलमा परेर गति भो ❀ तिन्को उसै बीचमा ॥
आए दिव्य विमान घेर उ बखत् ❀ तिन्का निमित्तै महाँ ।
बस्दै सोहि विमानमा सब गए ❀ श्रीइन्द्रका लोकमा ॥५५॥
कन्दूले तिनि पाँच प्रेतकन ता ❀ माहात्म्य एती कही ।
लागे भन्न माहात्म्य ता सुनिलियौ ❀ भागीरथीको यहीं ॥
तिम्रो पाप समस्त नष्ट हुनगो ❀ यी चन्द्रभागा पनी ।
गंगा हुन् यिनको म ल्याइ जल क्यै ❀ छर्की दिनेछू भनी ॥५६॥
आफ्नू कन्दु कमण्डलु लिइ गए ❀ ऊठी नदी-तीरमा ।
पानी लीकन तो फिरे उहि बखत् ❀ ती प्रेतका बासमा ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मोक्षं देहि शुभे[1] ! भनेर जल त्यै * तिन्का उपर्मा तहीं ।
तिन्ले छर्कि दिए गएर नजिकै * अत्यन्त खूशी भई ॥५७॥
तिन्को मुक्ति भयो शरीरकन ता * त्यागी सबै प्रेतले ।
दिव्यै देह लिए विमान पुगिगो * त्याहीं चढे हर्षले ॥
यस्तो रीति गरेर उत्तम गती * पाए तिनैले भनी ।
भन्दा भीष्मजिले सुने शुभकथा * ती पाण्डवैले पनी ॥५८॥

शिवको चतुर्दशी-व्रत माहात्म्य ।

श्री भागीरथि मुख्य छन् जगतका * सारा नदीमा अनी ।
देवादीहरुमा स्वयं ति भगवान् * हुन् मुख्य जाने तिमी ॥
शास्त्रादीहरु मध्य मुख्य बुझनू * गीताजिलाई यहाँ ।
भन्छन् भीष्म दया छ मुख्य नृपते! * धर्मादिका बीचमा ॥१॥
भक्ती शङ्करको धरेर मनमा * उन्कै जपी नाम ता ।
उन्कै पूजन गर्छ गर्दछ व्रतै * उन्कै भने ता यहाँ ॥
त्यस्को भाग्य ठुलो छ दुःख भवमा * पाउन्न कैल्है पनी ।
कैलाशै-पुरिमा रहन्छ पछि त्यै * प्यारो प्रभूको बनी ॥२॥
मुख्यै हो व्रतमा चतुर्दशि तिथी * श्रीशम्भुको भूपती ।
जस्ले त्यै व्रत गर्छ बस्छ पछि गै * कैलाशमा भै गती ॥
व्याधा एक थियो गएर बनमा * मिर्गादि मारी सदा ।
आफ्नू खर्च चलाउँथ्यो दिनदिनै * माँसू लगी बेचदा ॥३॥
कोही जन्तु मिलेन एक दिन ता * व्याधा बनैमा गई ।
भोकै आज सबै परे ति घरमा * भन्ने विचारै भई ॥
साह्रै चिन्तित भो चतुर्दशि तिथी * सोही दिनैमा थियो ।
बेलैको चढि वृक्षमा बसि तहीं * दिक्दार हूँदो भयो ॥४॥

---

१ हे शुभे ! मुक्ति दिनुहवस् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लाग्यो गर्न विचार निर्धनि हुनू ❀ धिक्कार पो मान्दछू ।
भोको आफु रहें सबै ति घरका ❀ भोकै परे ठान्दछू ॥
आधा रात हुँदा क्षुधार्त[1] हुनगै ❀ व्याधा दुखैमा परी ।
लाग्यो रून गिराइ आँसु बहुतै ❀ नाना विलापै गरी ॥५॥
गौरी-शङ्कर बाघ-नन्दिहरुमा ❀ आफ्नू सवारी गरी ।
आए त्यै बनमा लिएर सँगमा ❀ भूतादि नाना थरी ॥
सोही वृक्ष मनी बसेर सबले ❀ नृत्यादि गर्दा भए ।
व्याधाले त न-देखि नेत्र-जल ता ❀ तलतीर झर्दै गए ॥६॥
आँसू पर्न गयो गएर शिवका ❀ सोझै कपाले महाँ ।
धर्मै ता जलको चढाउनु मिल्यो ❀ भोको हुनाले तहाँ ॥
हावाले अनि बेलपत्रहरु ता ❀ झारी दिनाले गरी ।
ती पत्ता शिव-गौरि माथि उ बखत् ❀ पर्दाभए हैं गिरी ॥७॥
साह्रै खूशि भई सदाशिवजिको ❀ आज्ञा भयो त्यस् घरी ।
यो पुष्पाञ्जलि जो दिइस् खुशि भएँ ❀ आ ओर्लि साम्ने परी ॥
आज्ञा यो सुनि उत्रि झट्ट भुमिमा ❀ व्याधा अगाड़ी गयो ।
जोरी हात प्रणाम गौरि-शिवमा ❀ त्यस्ले चढाई दियो ॥८॥
खूशी भै वर दीनुभो शिवजिले ❀ ठूलो धनी हो भनी ।
आज्ञा पाइ गयो घरै तिर उ ता ❀ आश्चर्य मान्यो अनी ॥
त्यस्को जुन् झुपडी थियो महल भै ❀ सम्पूर्ण वस्तूहरू ।
त्याहीं पूर्ण थिए जहान सुखमा ❀ थीए कुरा के गरूँ ॥९॥
व्याधालाइ लगे उही महलमा ❀ भृत्यादिले त्यै घरी ।
नारी-पुत्र र पुत्रिले खुशि हुँदै ❀ बोले अगाडी सरी ॥

---

१ भोकले पीडित ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सुन्नूहोस् ! शिवका मिलेर गणले ❀ आई यही स्थानमा ।
हामीलाई महल् रची सब दिए ❀ जो चाहिने हो यहाँ ॥१०॥
व्याधा निर्धनि पो थियो व्रत गरी ❀ आनन्दमा पर्न गो ।
आयू पूर्ण भएपछी उ सहजै ❀ कैलाश-वासी भयो ॥
भन्छन् भीष्मजिले युधिष्ठिर ! सुन्यौ ❀ चिन्तादि त्यागै गरी ।
ध्यानै ता धर वासुदेव प्रभुको ❀ हुँनन् प्रसन्नै हरी ॥११॥

प्राण राख्नलाई जे गरे पनि हुन्छ ।

भन्छन् धर्मकुमार नाथ ! कहनोस् ❀ पर्दा अनीकाल ता ।
रक्षा गर्नु कसोरि प्राण निजको ❀ मानीसले लोकमा ? ॥
धर्मै थाम्न हुनेछ मुश्किल अती ❀ त्यस् निम्ति मैले पनी ।
एही प्रश्न गरें बताउनु हवस् ❀ कर्त्तव्य कुन् हो भनी ॥१॥

गांगेयले प्रश्न सुनेर ताहाँ ।
भन्दाभए हे नृप ! पृथ्विमाहाँ ॥
अन्नादि - पत्ता - फल - फूल - दाना ।
सूके - तलाऊ - नदि - कूप - नाना ॥ २ ॥

युगै थियो द्वापरको नरेश ! ।
पर्‍यो खडेरी भुमिमा अशेष ॥
खेतै सुकी बालि डढेर गै गो ।
फलादि सूकीकन हड्डि भै गो ॥ ३ ॥

पानी पनी दुर्लभ पाउनू भो ।
देख्नै हरीयो त न-पाउनू भो ॥
दाना बिना मानिस मर्न लागे ।
भोका भई कौशिक खूब जागे ॥ ४ ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गाऊँ घुमे माँग्न भनेर सारा ।
बगे पसीना तन बाट धारा ।।
मिलेन काहीं तिनिलाइ अन्न ।
क्षुधा भयो त्यै घरिमा प्रचण्ड ।। ५ ।।
चाण्डालको एक रहेछ बासा ।
त्याहीं गए कौशिक राखि आशा ।।
माँसू थियो सुङ्गुरको भिरैमा ।
तिन्को पुग्यो दृष्टि त्यतै तिरैमा ।। ६ ।।
त्यस्का नजीकै गइ हातलाई ।
पसारि तिन्ले बहुतै रमाई ।।
माँग्दाभए माँसु मलाइ देऊ ।
भोको म छू खान्छु बचाइलेऊ ।। ७ ।।
चाण्डालले बात गऱ्यो रिसाई ।
आयौ तिमी कष्ट दिनै मलाई ।।
अलीकती माँसु छ यो सुँगुर्को ।
भोकै जहान् छन् घरमा सबै पो ।। ८ ।।
माँसू छ थोरै दिन सक्छु काहाँ ? ।
अन्तै कतै जाउ र माँग्नु ताहाँ ।।
भोका सबै छौं यहि बासमाहाँ ।
को दिन्छ माँसू तिमिलाइ याहाँ ? ।। ९ ।।
सुन्दा कुरा दिन्न भनेर जानी ।
गए ति अन्तैतिर साधु-प्राणी ।।
माँगे अरूका घरमा गएर ।
दिएन कोही जनले झिकेर ।। १० ।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भोकै रहे खान न-पाउँदामा ।
साँझै पऱ्यो फर्कि त आउँदामा ॥
चाण्डालको त्यै घर नेर जाई ।
बसे तिनै मार्न थकाइलाई ॥ ११ ॥
रात्री बितीगो घडि चार ताहाँ ।
सुते सबै दश्यु ति बासमाहाँ ॥
त्यै मासु चोर्नाकन घत् गरेर ।
पसे तिनै त्यै घरमा गएर ॥ १२ ॥
अलीकती माँसु रहेछ बाँकी ।
देखेर तिन्ले तब झिक्न आँटी ॥
बढाउँदै हात उही समाते ।
चाण्डालका ती परिवार जागे ॥ १३ ॥
चाण्डालले भन्छ प्रवेश गर्ने ।
को होस् बता आइ तँ माँसु चोर्ने ॥
भन्छन् तिनै दश्यु तँ जान् मलाई ।
ऋषी म हूँ कौशिक नाम पाई ॥ १४ ॥
भोको हुनाले गरि पेट भर्न ।
आएँ यहाँ माँसु म चोरि गर्न ॥
आश्चर्य मानीकन भन्छ सोही ।
ऋषी भई चोर्दछ माँसु कोही ! ॥ १५ ॥
यो माँसु हो कुक्कुरको मलाई ।
चाण्डाल भन्छन् सबले हियाई ॥
यो श्वानको माँसु कसोरि खान्छौ ? ।
खायौ भने लीमि कुजात हुन्छौ ॥ १६ ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चोर्नू नजाती छ यही जगत्मा ।
कुन् काम आँट्छौ तिमि यस् बखत्मा ? ॥
जुन् वस्तु ता छुन्न कदापि कोही ।
छुन्छौ तिमी उत्तम जात सोही ॥ १७ ॥
यो माँसु खान्छू भनि आँट गर्छौ ।
मलाइ ता छक्क बहूत पार्छौ ॥
बताउ हे कौशिकजी ! मलाई ।
के पेट भर्छौ यहि माँसु खाई ? ॥ १८ ॥
भन्छन् ऋषी आफु कि ता कसैको ।
बचाउनू प्राण ठुलो धरम् हो ॥
यो प्राणलाई त बचाउनामा ।
खाने न-खाने कुन हेर्छ याहाँ ॥ १९ ॥
पर्दैन छूवाछुत हेर्न लाई ।
पाइन्छ जो चीज लिएर खाई—
जो प्राण रक्षा गरिलिन्छ याहाँ ।
ज्ञानी उही हो नरलोकमाहाँ ॥ २० ॥
माँसू जती छन् सब तुल्य जान्नू ।
माँसू न-खानू यहि वाक्य मान्नू ॥
धेरै जना नित्य रुचाइ खान्छन् ।
ती निर्दयी हुन् भनि विज्ञ ठान्छन् ॥ २१ ॥
माँसू सधैं खानु न-जाति बानी ।
खाँदैन माँसू जग बीच ज्ञानी ॥
खाएर माँसू बलवान हुन्छ ।
आयू यसैले त घटाइ दिन्छ ॥ २२ ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

खान्थे सबै ब्राह्मण माँसु ल्याई ।
श्राद्धादिमा पितृकनै चढाई ॥
हो अग्नि ता ब्राह्मणको मुखै पो ।
गर्नेछ भस्मै तब पाप कुन् भो ॥ २३ ॥
मलाइ दे माँसु यही म लिन्छू ।
चढाइ पितृकन सोहि खान्छू ॥
भोको म छू यस् घरिमा मलाई ।
बचाइदे धर्म हुनेछ भाई ! ॥ २४ ॥
अ-भक्ष चीजै कन विप्रलाई ।
दानै दिंदा पाप छ खूब् मलाई ॥
भन्दीन केही त तसर्थ मैले ।
इच्छा भए लीकन जाउ ऐले ॥ २५ ॥
चाण्डालका बात सुनेर फेरी ।
लिएर माँसू न-गरेर देरी ॥
हिंडे ऋषी कौशिकजी जसै ता ।
पानी पऱ्यो खूब गरी तसै ता ॥ २६ ॥
भरी-भराऊ नदि-पोखरी भो ।
इनारमा पानि बहूत भै गो ॥
फर्की कुटीमा तिनि पौंचि हाले ।
चेलाहरूले तब भन्न थाले ॥ २७ ॥
खोजेर ल्यायौं गुरु ! कन्दमूलै ।
तरुल् पनी छन् यहिं पो घनेरै ॥
पोलेर आगो बिच साफ पारी ।
पकाइ दीयौं गरि खुब् तयारी ॥ २८ ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चढाउँदै श्रीहरिलाइ ऐह्ले ।
खानू हवस् हे गुरु ! आफु पैह्ले ॥
दिनोस् अनी हामि पनी त खाऊँ ।
क्षुधा छिटै शान्त यहीं गराऊँ ॥ २९ ॥
सुनेर चेलाहरुले कहेका ।
खुशी भएं कौशिकजी भनेका ॥
ती कन्दमूलैकन देखि ताहाँ ।
हाली दिए माँसु उ अग्निमाहाँ ॥ ३० ॥
त्यै श्वानको[1] माँसु भयो खरानी ।
गरेर स्नानै उहि बीचमा नी ॥
त्यो माँसुको स्पर्श भयो भनेर ।
जपे हरी नाम हजार फेर ॥ ३१ ॥
एती गरी शुद्ध भएर फेरी ।
लगाउँदै भोग न-लाइ देरी ॥
बाँडी ति चेलाहरुलाइ खाद्य ।
खाए ऋषीले खुशि भै असाध्य ॥ ३२ ॥
आपत् परेमा त न-खान पाई ।
अनेक रीती गरि प्राणलाई ॥
बचाउनू धर्म रहेछ याहाँ ।
बुझ्यौ कि राजन् ! नरलोकमाहाँ ॥ ३३ ॥

राजा बली र देवेन्द्रको वार्त्तालाप ।

सोद्धाभए धर्मकुमार फेरी ।
ती भीष्मजीका मुख तीर हेरी ॥

---

१ कुकुर ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गांगेय ! सम्पत्ति कसोरि हुन्छ ? ।
कसोरि त्यै नष्ट भएर जान्छ ? ॥ १ ॥

सुनेर यो प्रश्न युधिष्ठिरैको ।
भन्दा भए भीष्मजि मर्म जुन् हो ॥
राजन् ! कहन्छू म कथा अघीको ।
वार्ता बलीको र सुरेन्द्रजीको ॥ २ ॥

देवेन्द्र ऐरावतमा चढेर ।
गर्थे सयल् स्वर्ग-पुरी घुमेर ॥
पुरी घुमी काननमा[1] ति आए ।
यौटा गधालाइ त देख्न पाए ॥ ३ ॥

देखे दुबो खान भनी झुकेको ।
रहेछ त्यै गर्दभ[2] पो फुकेको ॥
देखेर तिन्ले मनमा विचारी ।
सोधे तिमी गर्दभ-रूप धारी ॥ ४ ॥

को हौ महात्मा मकनै बताऊ ? ।
जवाफ देऊ र दुबो चपाऊ ॥
बोल्यो गधाले म त हूँ बली पो ।
सर्वस्व लिए हरिले छली पो ॥ ५ ॥

देवेन्द्र भन्छन् सुनि बात यस्तो ।
ठूला थियौ आज दशा छ कस्तो ? ॥
तिम्रो थियो राज्य सबै जगत्मा ।
खानू पऱ्यो घाँस यही बखत्मा ॥ ६ ॥

१ जंगलमा । २ गदहा ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पैहे भई भूपति कीर्ति छायौं ।
ऐह्ले यही गर्दभ - देह पायौं ॥
कुट्ने छ धोबी बहुतै रिसाई ।
पर्ने छ खानू तिमिले चुटाई ॥ ७ ॥
सुनेर ती इन्द्रजिले कहेका ।
कुरा ति भन्छन् गदहा भएका ॥
छेड् हान्दछौ व्यर्थ मलाइ आई ।
शेखी कसैको त रहन्न भाई ! ॥ ८ ॥
धर्मै हुँदा पूर्व कमाइकै ता ।
सम्राट् थिएँ क्यै दिनलाइ मै ता ॥
नसीबको मै वशमा म ऐह्ले ।
गधा भएँ भोग्दछु कर्म मैले ॥ ९ ॥
राजा हुँदा मिष्ट पदार्थ खाई ।
आनन्द मान्थें बहुतै रमाई ॥
ऐह्ले गधा भैकन घाँस खान्छू ।
त्यै खाद्य मीठो मनले म ठान्छू ॥ १० ॥
जुन् चैन आनन्द थियो मलाई ।
राजा हुँदा राज्य सबै चलाई ॥
ऐह्ले गधाको जुनि एहि पाई ।
उस्तै छ आनन्द सुखै मलाई ॥ ११ ॥
सुखै र दुःखैकन एक मान्छू ।
गर्मी र जाडो म समान ठान्छू ॥
गधा र राजा सब प्राणिमाहाँ ।
आत्मा छ एकै उ फरक् छ काहाँ ॥ १२ ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सुखी थिएँ क्यै दिनमा म आफैं ।
ऐहले दुखी छू भनि चित्तमा नै ॥
यस्तो किसिम्को म विचार लिन्न ।
यो चित्तलाई म दगुर्न दिन्न ॥ १३ ॥
स्वभाव छूट्यो अघिको नृपैको ।
बानी अचेल् गर्दभकै त भैगो ॥
मर्नू र फेर् जन्मनु यै छ कामै ।
रहन्छ यौटा जग बीच नामै ॥ १४ ॥
धनी र कङ्गाल सबै ति मर्छन् ।
अजम्बरै भैकन को रहन्छन् ? ॥
ठूलो र सानू हुनु ता जगत्मा ।
कमाइ हो कर्म-फलै बखत्मा ॥ १५ ॥
लक्ष्मी पनी चञ्चल छन् बहूतै ।
कमाइ भन्दा कम होस्न खर्चै ॥
आम्दानि हेरीकन खर्च गर्नै ।
ती हुन् चतूरा दुख क्यै न-पर्नै ॥ १६ ॥
संकष्टमा सौख्यमहाँ नरैले ।
विषाद् हर्षै न-लिने क्रमैले ॥
त्यै हो ठुलो प्राणि सदा समानै ।
रहन्छ जस्को मन बीच ज्ञानै ॥ १७ ॥
सुनी बलीका यति भव्य वाणी ।
खडा भइन् त्यै घरि विष्णु-रानी ॥
को हौ भनी इन्द्रजिले सुध्याए ।
भन्छिन् तिनै लक्ष्मि म हूँ र आएँ ॥ १८ ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रणाम गर्दै तिनि लक्ष्मिलाई ।
सुरेन्द्र भन्छन् ति कुरा जमाई ॥
माता ! यि राजा बलिका सँगैमा ।
बसेर वर्षौं यिनका गृहैमा ॥ १९ ॥
श्रीराजलक्ष्मी यिनको बढाई ।
ऐश्वर्यवान् दीनु भयो गराई ॥
ऐहले रिसाई बलि-राजलाई ।
त्यागी दिनू भो कि दिनोस् बताई ? ॥ २० ॥
त्याग्नू भयो यिन्सँग कौन नाता ? ।
क्यै अर्थले रीस भयो कि माता ? ॥
हजूर हूँदा सँगमा यि पैह्ले ।
सम्राट् थिए भन्दछु बात मैंले ॥ २१ ॥
त्याग्दा हजुरले यिनलाइ आज ।
गधा भए वीर यि दैत्य-राज ॥
देवेन्द्रको प्रश्न सुनेर ताहाँ ।
भन्छिन् ति लक्ष्मी रहि सामुमाहाँ ॥ २२ ॥
गर्छू म ता उद्यम यै विचारी ।
त्यस्को गरी खूब सँगै तयारी ॥
पूँजी लगाईकन काम जस्ले ।
थाल्ने छ लाभै अति लिन्छ उस्ले ॥ २३ ॥
ते-काममा द्रव्य न-खर्च गर्नें ।
हेरी बिचारीकन खर्च भर्नें ॥
क्यै काममा गर्छ किफायतै जो ।
त्यस्को धनै टिक्छ सधैं भरी पो ॥ २४ ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कमाइ बाटै भिकि केहि पैसा ।
जो गर्छ दानैं जगमा हमेशा ॥
उत्फालमा खर्च हूँदैन जस्को ।
टिक्नेछ श्री-सम्पति जान उस्को ॥२५॥
कौडी त्रिपाशाहरु हानि-हानी ।
जो खेल्छ जूवा धरि सोहि बानी ॥
सकिन्छ पैसा जति पासमा भो ।
ऋणी उ होला रुपियाँ बिना सो ॥२६॥
खेल्ने जुवा जो छ जुवारि याहाँ ।
जोर्ला जउन् प्रीति कु-पात्रमाहाँ ॥
रक्सी विषे भक्ति त गर्छ जस्ले ।
जाला धनैं रोक्छ कउन् सकस्ले ? ॥२७॥
जो धर्म त्याग्दैन कसै गरेर ।
बस्ने छ जो चित्त दया धरेर ॥
जो उद्यमै गर्छ न अल्छि मानी ।
बस्छू उसैका सँग प्रेमि जानी ॥२८॥
यस्ता कुरा लक्ष्मिजिले गरेका ।
सुन्दा बलीलाइ न मन् परेका ॥
राजा बलीको मुख उत्तिखेरी ।
अन्तै घुम्यो तिन्कन ता न-हेरी ॥२९॥
बूझी रमाले बलिका मनैको ।
बोलिन् ति इन्द्रैसित फेर् धनैको ॥
थिएन कम्ती म सँगै रहन्थें ।
राजा बलीको म कुरा सहन्थें ॥३०॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तथापि तिन्ले मनमा घमण्ड ।
राखे म ठूलो छु भनी प्रचण्ड ॥
घमण्ड तिन्को जब देखिलीएँ ।
मैले बलीलाइ त छाडिदीएँ ॥३१॥
दिन्छू म धेरै धन विप्रलाई ।
शैय्या घरै खेत समेत गाई ॥
म भन्नैं ठुलो को छ छईन दातै–
भन्थे बलीले त घमण्ड साथै ॥३२॥
देखेर शेखी बलिमा बढेको ।
मलाइ खूबै तब ता उदेक् भो ॥
बानी छ मेरो म घमण्डिलाई ।
सक्तीन हेर्नैं पनि दृष्टिलाई ॥३३॥
दानी थिए शूर थिए बली ता ।
खुब् सत्यवादी यि थिए सधैंका ॥
यिन्का भएका गुण जत्तिलाई ।
त्यै शेखिले नाशिदियो जलाई ॥३४॥
सत्यै छ जस्मा उ त सज्जनै हो ।
ती सज्जनैबाट जगत् खडा भो ॥
तिन्कै त निन्दा गरि बस्छ जस्ले ।
मलाइ पाउन्न कदापि उस्ले ॥३५॥
गर्थे म ठूलो छु भनेर शेखी ।
हीयाउँथे सज्जनलाइ देखी ॥
घमण्ड गर्दा सब नष्ट भै गो ।
आफ्नै हुँदा दोष समस्त गै गो ॥३६॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कूरा सुनी लक्ष्मिजिले गरेका ।
देवेन्द्र भन्छन् अति दङ् परेका ॥
सूनें कुरा ती जगदम्ब ! मैले ।
भन्नू भएको सब बात ऐह्ले ॥३७॥
म गर्छु क्यै प्रश्न जवाफ पाउँ ।
शङ्का मनैको म पनी हटाऊँ ॥
गृहस्थिकै ता घरमा जसोरी ।
स्थिरै भई बस्नु हुने कसोरी ? ॥३८॥
श्रीले सुनी प्रश्न सुरेन्द्रलाई ।
भन्दी भइन् लौ सुन भन्छु याहीं ॥
छन् पाउ चारै यि म सीत याहीं ।
यिन्लाइ राख्नू परने छ काहीं ॥३९॥
मलाइ ठाऊँ तिमि देउ इन्द्र ! ।
गएर बस्छू म त्यहीं सदैव ॥
सुनेर भन्छन् ति उठाइ बाहू ।
दिन्छू म माता ! तिमिलाइ ठाऊँ ॥४०॥
मनुष्यको भार सदैव थामी ।
सहेर बस्छिन् पृथिवी नकामी ॥
त्यै भूमिमा राख्नु हवस्न पाऊ ।
यौटा भयो त्यै अति भव्य ठाऊँ ॥४१॥
पानी बिना जीवन राख्न गाह्रो ।
आधार प्राणीहरुको छ साह्रो ॥
तस्मात् जलैमा निज पाउलाई ।
राख्नोस् दुई ठाम दिएँ बताई ॥४२॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यज्ञादिले श्रेय हुने सबैको ।
राख्नोस् त्यहीं पाउ पनी निजैको ॥
दीएँ हजुरलाइ तृतीय ठाऊँ ।
चौथो सुनाऊँछु म आज नाऊँ ॥४३॥
स्व-धर्म थामेर गृहस्थि गर्ने ।
दयालु हूँदै पर-दुःख हर्ने ॥
ती सज्जनैमा धरि एक पाऊ ।
ऐश्वर्य दीनोस् यहि चार ठाऊँ ॥४४॥
मानी कुरा इन्द्रजिले कहेका ।
बसिन् स्थलैमा तिनले दिएका ॥
लक्ष्मी भइन् है वशमा भनेर ।
खूशी भए इन्द्र निकै फुलेर ॥४५॥
खूशी भए इन्द्र भनेर जानी ।
भन्छन् बलीले गरि तेज वाणी ॥
हे इन्द्र ! थोरै दिन सम्मलाई ।
प्रसन्नताले बस राज्य पाई ॥४६॥
हूनेछ अन्त्यै मनुको जगत्मा ।
आफ्नू स्वरूपै धरि त्यै बखत्मा ॥
म फेरि पैल्यै सरि राज्य गर्छु ।
यै स्वर्गदेखी तिमिलाइ झार्छु ॥४७॥
बढ्ने छ मेरो जब धर्म फेरी ।
लक्ष्मीजि बस्निन् मकनै त घेरी ॥
मेरै हुनिन् यी वशमा हमेशा ।
तिम्रो म हेर्नेछु अनी तमाशा ॥४८॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तिम्ले प्रयत्नै गरि रोक्नलाई ।
सक्छौ कहाँ सोहि हुनेछ आई ॥
खुल्नेछ यो भाग्य भनेर मान्छू ।
तिम्लाइ भाग्नै परने छ ठान्छू ॥ ४९ ॥
सुन्दा कुरा इन्द्र अती रिसाए ।
सूनुन् तिनैले भनि खुब् कराए ॥
अझै छ आशा कि गधा ! तँलाई ? ।
यै स्वर्गको फेरि लिने रजाईं ? ॥ ५० ॥
दरिद्रले पाउँ धनै भनेर ।
सुतेर तारा नभका गनेर ॥
केही नथालीकन कामलाई ।
बस्नू सरी ठान्दछु मै तँलाई ॥ ५१ ॥
चोला गधाको मिलिगो तँलाई ।
पैले बिता यस्कन घाँस खाई ॥
यो स्वर्गमा राज्य हुँदैन तेरो ।
पत्यार मानेस् यहि वाक्य मेरो ॥ ५२ ॥
कुरा सुनाई बलिलाइ यस्ता ।
लिए समाती निजकै त रस्ता ॥
गए ति स्वर्गै तिर इन्द्र फेरी ।
रहे बली ता तिनलाइ हेरी ॥ ५३ ॥

भीष्मैले सब सार धर्महरुको ❀ वृत्तान्त एती गरी ।
आज्ञा गर्नु भयो युधिष्ठिरजिमा ❀ खूशी भई त्यै घरी ॥
हे राजन्! हरिको कृपा हुन गई ❀ कष्टादि मेरो गयो ।
केही काल जपेर नाम हरिको ❀ बस्ने इरादा भयो ॥५४॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तस्मात् भूपति! राज्य पृथ्विभरको ❀ तिम्ले चलाऊ गई ।
साथैमा हरि बस्नुहुन्छ अभ्क ता ❀ तिम्रा सँगैमा रही ॥
भेट्नै आउनु फेरि केहि दिनमा ❀ तिम्ले मलाई यहाँ ।
यस्ता बात सुनी विदा भइ गए ❀ श्रोता सबै बासमा ॥५५॥
पाँचै पाण्डव कृष्णजी महलमा ❀ खूशी भई त्यस् घरी ।
साथैका ऋषिजी सबै चलिगए ❀ इच्छा तपैमा धरी ॥
रानी द्रौपदिले सबैकन तहाँ ❀ ज्यूनार् गराइन् अनी ।
आनन्दै सँग साथमा सब बसे ❀ वार्ता गरौंला भनी ॥५६॥

काटिएको शिरले लड़ाइँको कुरा गर्नू ।

रानी द्रौपदिले ति धर्मसुतका ❀ हेरी मुहारै महाँ ।
लागिन् सोध्न बताउनोस् नरपते! ❀ त्यै भारतै युद्धमा ॥
कस्ले खूब बहादुरी गरिलियो ❀ कस्ले अगाडी सरी ।
मारी कौरव-वाहिनीकन[1] बस्यो ❀ आफ्नू त जीतै गरी ? ॥१॥
रानीको सुनि प्रश्न हाँसि नृपले ❀ भन्दाभए फेर् तहाँ ।
हाम्रो जीत गराउने बुझ्क तिमी ❀ को अन्य हुन्थ्यो वहाँ ? ॥
हामीलाइ जिताइ बक्सनु भयो ❀ श्री द्वारका - नाथले ।
हाम्रो शक्ति कहाँ थियो जितिलिने ❀ आफ्नू पुरूषार्थले ॥२॥
सम्राट् धर्मकुमारका सुनि कुरा ❀ ती द्रौपदीजी अनी ।
साह्रै खूशि भइन् कुरा हजुरले ❀ आज्ञा भयो ठीक् भनी ॥
जस्ले युद्ध गरी बहादुरि गऱ्यो ❀ वीरादि मारी दिंदा ।
ती भीमार्जुनलाइ शर्म परिगो ❀ नामै न तिन्को लिंदा ॥३॥
ती भीमार्जुनले सुनेर ति कुरा ❀ दूवै ति सोच्दा भए ।
"हाम्रा सारथि कृष्णले कसरि है ❀ जीतै गराई दिए ? ॥

१ कौरव-सेना ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वैरी वीर बिनी-बिनी रण गरी ❀ मार्‍यौं दुई भाइले ।
हाम्रो नाम नलीनु अर्थ कुन हो ❀ हाम्रा यिनै दाइले ? ॥४॥
हाम्रो ता पुरुषार्थ जुन् हुनगयो ❀ त्यै भारतै-युद्धमा ।
पर्छन् छक्क ति देवताहरु पनी ❀ त्यै सम्झि ऐले यहाँ ॥
दाज्यूले सब वीरता भुलि दिनू ❀ आश्चर्यको बात हो ।
कृष्णैलाइ सहाउनू यसरि ता ❀ के भक्तिको बात हो ॥५॥
तिन्को सोहि विचार ज्ञात भइगो ❀ श्रीकृष्णलाई तहाँ ।
आज्ञा गर्नुभयो युधिष्ठिरजिको ❀ हेरी मुहारै महाँ ॥
राजन् ! भारत-युद्धमा हुन गयो ❀ जसबाट बाहादुरी ।
त्यस्ता भीम र अर्जुनादिहरुको ❀ नामै न-लींदै गरी ॥६॥
मेरो केवल गर्नु हुन्छ सहनी ❀ यिन्कै प्रशंसा यहाँ ।
गर्नू योग्य थियो यहीं हजुरले ❀ हाम्रा अगाडीमहाँ ॥
आज्ञा यो हरिको सुनी मुसुमुसू ❀ हाँसेर ती भूपती ।
भन्छन् हे हरि! के भनूँ म अहिले ❀ मेरा यि भाई जती ॥७॥
आफ्नै तारिफ गर्दछन् अरिहरू ❀ मारीदिएथ्यौं भनी ।
कस्लाई म भनूँ गई समरमा ❀ यिन्ले जितेको भनी ? ॥
बोलिन् द्रौपदिले दयालु भगवन् ! ❀ क्यै कार्य गर्दामहाँ ।
कर्त्ता हुन्छ अवश्य काम गरने ❀ कोहीन-कोही - यहाँ ॥८॥
त्यत्रो युद्ध महान भारत भयो ❀ जेता यिनै हुन् भनी ।
खुट्याउनु अवश्य पर्दछ यहाँ ❀ जीते यिनैले भनी ॥
आज्ञा भो हरिबाट त्यै सुनि तहाँ ❀ राजन् ! गवाही पनी ।
देख्ने युद्ध सबै छँदै छ अहिले ❀ जाऊँन भेट्नै भनी ॥९॥
साह्रै छक्क परी युधिष्ठिरजिले ❀ बिन्ती चढ़ाए तहीं ।
देख्ने साक्षि छ कुन् बताउनुहवस् ❀ हे कृष्ण ! ऐह्ले यहीं ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भन्नूभो हरिले छ एक शिर ता ❀ सोही कुरुक्षेत्रमा ।
जस्को छैन शरीर झुण्डिन गई ❀ बस्दैछ हाँगामहाँ ॥१०॥

सोधौं त्यस्सँग हामिले नजिक गै ❀ दीने छ त्यस्ले कही ।
त्यै पक्का गरि पाँच-पाण्डव गए ❀ श्रीकृष्ण साथै भई ॥
यौटा वृक्ष ठुलो थियो समरको ❀ मैदानका छेउमा ।
लानू भो हरिले ति पाण्डव सबै- ❀ लाई उही ठाउँमा ॥११॥
हाँगोको बिचमा परेर रहने ❀ त्यहीं बिना रुण्डको[1] ।
देखे धर्मकुमारले र अरुले ❀ मानीसको मुण्ड पो ॥
देखी त्यै शिरलाइ पाण्डवहरू ❀ आश्चर्य मान्दाभए ।
आज्ञा पाइ म सोध्दछू अब भनी ❀ राजा नजीकै गए ॥१२॥
भन्छन् हे नर-मुण्ड ! कुन् पुरुषले ❀ ठूलो लडाइं गरी ।
जीत्यो भारत-युद्धलाइ सहजै ❀ संग्राम ठूलो परी ॥
आयौं सोध्न भनेर हामिहरु ता ❀ ठिक् प्रश्नकर्त्ता बनी ।
जो देख्यौ तिमिले बताउ अहिले ❀ आफ्ना मुखैले भनी ॥१३॥
यस्तो प्रश्न सुनी युधिष्ठिरजिको ❀ हाँसेर त्यै बीचमा ।
लाग्यो भन्न उ मुण्ड हे नरपते ! ❀ सुन्नोस् कहन्छू यहाँ ॥

१ बिना शरीरको ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

देखें हे नृपते ! यिनै नयनले ❀ गिर्थे हजारौं मरी ।
मार्थे कृष्णजिले स्वयं रणमहाँ ❀ आफैं अगाड़ी सरी ॥१४।
हातैमा हरिको सुदर्शन थियो ❀ त्यै चक्र छोड्दै गरी ।
तालैका फलझैं असङ्ख्य शिर पो ❀ काट्थे ति गिर्थे झरी ॥
चम्कन्थ्यो अति तेजयुक्त हुनगै ❀ त्यै चक्र छुट्दा पनी ।
गर्थिन् पान रगत् ति द्रौपदि स्वयम् ❀ आफैं बनी योगिनी ॥१५॥
जो भिड्थे रणमा ति वीरहरु ता ❀ शस्त्रादि हान्दै गरी ।
बच्चाको उ त खेलको नकल झैं ❀ देख्थें वृथाकै सरी ॥
एती बात सुनाइ मौन भइगो ❀ त्यै मुण्ड ताहाँ जसै ।
सोधे धर्मकुमारले अनिपछी ❀ यस्ता तवर्ले तसै ॥१६॥
बोल्छौ देह बिना शिरै फगत भै ❀ आश्चर्य साह्रै भयो ।
तिम्रो भेद सुनौं भनेर अहिले ❀ इच्छा यही भै गयो ॥
को हौ हे शिर ! लौ बताउ तिमिले ❀ वृत्तान्त आफ्नू भनीं ।
कस्ले काटिदियो र कुन् पुरुषले ❀ राख्यो रुखैमा अनी ॥१७॥
यस्तो प्रश्न सुनी युधिष्ठिरजिको ❀ हाँसेर हा ! हा !! गरी ।
लाग्यो बोल्न खुशी भएर शिर त्यै ❀ आवाज चर्कै गरी ॥
"राजा हूँ म त बङ्गका मुलुकको ❀ नामै थियो बर्बरे ।
युद्धै ता कुरु-पाण्डवादिहरुको ❀ पर्ने भएको छ रे" ॥१८॥
ताज़ा एहि खबर् सुनेर खुशि भै ❀ केही सिपाही लिएँ ।
साथैमा शर तीन लीकन फगत् ❀ प्रस्थान गर्दो भएँ ॥
त्यस्बेला कुरुक्षेत्रका चउरमा ❀ सैन्यादि थीए अनी ।
आफ्नू देश त्यजेर हेर्न रमिता ❀ आईपुगें मै पनी ॥१९॥
पौंची याहिं खड़ा भएँ समर त्यै ❀ हेर्ने इरादा धरी ।
बूढा ब्राह्मण एक आइ मसितै ❀ सोधे अगाड़ी सरी ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

को हौ वीर पुरूष भैं छ अनुहार् * कुन् अर्थ आयौ यहाँ ?।
तिन्को प्रश्न सुनेर उत्तर पनी * मैले सुनाएँ तहाँ ॥२०॥
युद्धै हेर्न भनेर मन्सुब लिई * यै युद्धका क्षेत्रमा।
आएको छु मदत् दिनेछु दुइमा * जुन् हुन्छ निर्धो यहाँ ॥
मेरा वाक्य सुनेर हाँसिकन फेर् * तिन्ले कहे त्यै घरी।
थोरै मानिस बाण तीन छ फगत् * जित्छौ तिमी क्या गरी॥२१॥
मैले तिन्कन यै भनें शर यही * यौटै म त्याग्छू यहाँ।
कस्को मृत्यु कहाँ छ जान्दछु सबै * मानीसका देहमा ॥
दोस्रो बाण त्यजेर मार्दछु सबै * सेनादि ध्वस्तै गरी।
तेस्रो बाण बची रहन्छ मसितै * मानू जगेरा सरी ॥२२॥
फेरी ब्राह्मणले भने जति भनी * तिम्ले सुनायौ कुरा।
त्यस्को जाँच दियौ भने मकन ता * विश्वास हुन्थ्यो पुरा॥
दिन्नौ जाँच भने गफै गरिलियौ * भन्ने छु मैले यहाँ।
तस्मात् के गरछौ बताउ नृपते ! * मेरा अगाड़ीमहाँ ॥२३॥
दिन्छू जाँच भनी मसक्क मनले * आँटेर मैले पनी।
सिन्दूरै करमा लिई घसिदिएँ * यौटा शरैमा अनी॥
आफ्नै ता धनुमा लगाइ शर त्यै * त्यागी दिएँथें जसै।
गैगो बाण छुटी घुम्यो वरिपरी * ती सैन्यलाई तसै ॥२४॥
मेरो बाण गएर दूइ दलका * प्रत्येकलाई पनी।
छोई चिह्न लगाउँदै सिंधुरको * फर्केर आयो अनी॥
यस्तो अद्भुत कर्म देखि द्विज ती * अत्यन्त खूशी भर।
लागे भन्न मलाइ दान दिनुहोस् * राजन्! दया क्यै भए॥२५॥
माँग्नन् क्यै धन-रत्न ता यिनि भनी * मैले भनें त्यै घरी।
दिन्छू दान अवश्य माँग तिमिले * इच्छानुसारै गरी॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दिन्छू दान भनें सुनेर ति कुरा ❀ ती ब्राह्मणैले पनी ।
माँगे दान बनेर निष्ठुर अती ❀ मेरा शिरैको अनी ॥२६॥
साहै छक्क परेर सोधनि गरें ❀ को हौ घरै हो कहाँ ? ।
मेरो यै शिरबाट हुन्छ कुन पो ❀ तिम्रो भलाई यहाँ ? ॥
मैले भारत-युद्ध हेरिकन ता ❀ काटी शिरै त्यस् घरी ।
दीनेछू तिमिलाइ साथ रहु लौ ❀ हे विप्र ! साथी सरी ॥२७॥
बोले ब्राह्मणले नरेन्द्र ! बुझ लौ ❀ श्रीकृष्ण भन्ने म हूँ ।
मित्रै हुन् यिनि पाँच-पाण्डवहरू ❀ यै बात मैले कहूँ ॥
मैले जीत गराउनू छ यिनको ❀ यै युद्ध-भूमीमहाँ ।
माग्दैछू शिर दान देउ तिमिले ❀ त्यै निम्ति ऐह्ले यहाँ ॥२८॥
तीमीलाइ जिती लिनै रण गरी ❀ सक्तैन कोही यहाँ ।
तस्मात् काटि मलाइ देउ शिर यै ❀ तिम्ले शुभो काममा ॥
देख्नेछौ शिर काटिएर त पनी ❀ तिम्ले लड़ाइं जती ।
तिम्रो मस्तक ज्ञान-युक्त रहला ❀ दीएँ वरै भूपति ! ॥२९॥
आज्ञा एति दिएर कृष्ण-प्रभुले ❀ त्यै विप्र-भेषै पनी ।
त्यागी चार भुजा समेत हुनु भो ❀ श्रीविष्णुरूपी बनी ॥
पाई दर्शन विष्णुको सुफल भो ❀ यो जन्म मेरो जसै ।
काटी आफ्नु शिरै समर्पण गरें ❀ श्रीकृष्णलाई तसै ॥३०॥
खूशी भैकन कृष्णले शिर लगी ❀ राखेर यै वृक्षमा ।
आज्ञा भो तिमि देख दृश्य रणको ❀ सारा बसेरै यहाँ ॥
देखें याहिं बसेर युद्ध-रमिता ❀ पाएर दृष्टी अती ।
सोधी बक्सनु भो सबै कहिदिएँ ❀ वृत्तान्त मेरो जती ॥३१॥

त्यस्का कुरा सुनि ति पाण्डव पाँच भाई ।
श्रीकृष्णका चरणमा शिर पाँच लाई ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

राखेर ढोग दिइ जन्म पवित्र माने ।
श्रीकृष्णलाइ हरि विष्णु भनेर जाने ॥३२॥
श्रीकृष्णले अति प्रसन्न भएर ताहाँ ।
श्री-हस्तले शिर झिकीकन भूमिमाहाँ ॥
खाडल् खनेर तहिं राखि पुरीदिनू भो ।
फेरी ति पाण्डव लिईकन फर्कनू भो ॥३३॥
आई पुगी महलमा ति कुरा बताई ।
नारायणै बुझि स्वयं प्रभु कृष्णलाई ॥
सेवा गरी मन दिईकन पाउ पर्थे ।
यो जन्म भो सुफल पो भनि हर्ष हुन्थे ॥३४॥

❀ इति शान्तिपर्व समाप्त ❀

पुस्तक पाइने ठेगाना —

बाबू माधवप्रसाद शर्मा,

वाराणसी-१

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

॥ श्रीः ॥

महाभारत-अनुशासनपर्व

भाग्यैले दुःख-सुख दिन्छ, संताप नगर्नु ।

राजन्! भीष्मजिका सुनौं अरु कुरा ❀ जाऊँ उहीं लौं भनी ।
आज्ञा कृष्णजिको भयो र उठि फेर् ❀ ती पाण्डवादी पनी ॥
पौंचे कृष्णजि साथ भै ति शरका ❀ शैया नजीकै महाँ ।
लिन्थे श्रीहरि-नाम पल्टिकन ता ❀ गाङ्गेयजीले जहाँ ॥१॥

शैयाका त वरीपरी गइ बसे ❀ प्राणीहरू ता छवै ।
देख्दा भीष्मजिलाइ चित्त पनि ता ❀ पग्ल्यो दयाले खुबै ॥
भन्छन् धर्मकुमारले गहभरी ❀ आँसू गराई अनी ।
बाजेज्यू! मरने सबै चलिगए ❀ ती भाग्यमानी बनी ॥२॥

बाँचें केवल मै हरे! हजुरको ❀ यो दुःख देख्नै यहाँ ।
छोड़ी स्वर्ण-पलङ्ग आज सुकला ❀ भो वीर-शैया महाँ ॥
जस्ले पालि बढाइ शिक्षित गरे ❀ राखेर काखै महाँ ।
तिन्को दुःख-दशा नजरगरि कउन् ❀ रोवैन ऐह्ले यहाँ? ॥३॥

यस्ता कुरा नृपतिका सुनि त्यस् बखत्मा ।
भन्छन् ति भीष्म सुन भूपति! यस् जगत्मा ॥
जुन् दुःख खप्नु जुन सौख्य छ गर्नु पर्ने ।
को टार्न सक्तछ? कदापि हुँदैन टर्ने ॥४॥

पैले कुनै समयमा तिनि गौतमीका ।
एकै थिए सुत कुमार बहूत नीका ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

डुल्थे बनै तिर तिनै उहि बीचमाहाँ ।
क्वै सर्पले डसि दिएछ पुगेर ताहाँ ॥५॥
इच्छा भएर हरिको पुगि क्वै मदारी ।
पक्रेछ सर्पकन मन्त्र फुकेर भारी ॥
त्यस्लाइ लीकन मदारि हिंडेर आई ।
भन्दोभयो नजिक गैकन तीनिलाई ॥६॥
तिम्रा सु-पुत्रकन गैकन जङ्गलैमा ।
यस्ले डसेछ बुझ मृत्यु भयो तणैमा ॥
यै हो खुनी भनि पढीकन मन्त्र मैले ।
ल्याएँ समातिकन सर्प यहीं छ ऐले ॥७॥
यस्लाइ मार तिमि पत्थरले किचेर ।
ल्यौ प्राण आज सुतको बदला लिएर ॥
यस्ता कुरा सुनि ति गौतमिले विचारी ।
भन्छिन् म मार्दिन यसैकन हे मदारी ! ॥८॥
मर्ने मरीकन गयो अब फिर्छ काहाँ ? ।
यो सर्प मारिकन लाभ छ कौन याहाँ ? ॥
मार्दीन यस्कन म ता तिमि छाडिदेऊ ।
मार्ने कुरा न-गर सर्प बचाइलेउ ॥९॥
फेर् भन्छ त्यै सरप हो यहि पुत्र-घाती ।
यस्लाइ मारि बदला लिनु हुन्छ जाती ॥
बैरी यही अति ठुलो भनि जानिलेऊ ।
हे गौतमी ! तिमि यसैकन मारिदेऊ ॥१०॥
एती कहेर तिनि सीत उ सर्प हेरी ।
मन्दो भयो रिस गरेर मदारि फेरी ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मार्छू तँलाइ खुनि होस् भनि छोड्छु काहाँ ?।
तेरो शिरै किचि म दिन्छु अवश्य याहाँ ॥११॥
त्यै सर्प भन्छ सुनि बात मदारिलाई।
टोकी तँ दे भनि भनिन् जब मृत्यु आई॥
मैले अनी डसिदिएँ उहि बात मानी।
मेरो वृथा नगरनोस् यहिं प्राण हानी ॥१२॥
यस्ता कुरा ति गरथे उहि बीचमाहाँ।
मृत्यू पनी सहज आइपुगिन् र ताहाँ॥
तिन्ले भनिन् मकन दोष कभै न-दीए।
श्रीकालको हुकुम भो तब मारिदीएँ॥१३॥
आज्ञा दिने छ अरकै भनि एति जाने।
मै ता हुँ शस्त्रसरि एहि अवश्य ठाने॥
मार्ने सबैकन त जानन काललाई।
गर्ने तिनै सब त हुन् बुझ मर्म भाई !॥१४॥
श्रीकालनाथ पनि पाल्नु भयो त्यहीं पो।
तिन्लाइ हेरिकन एहिं त भन्नु नै भो॥
जसदेखि जस्कन छ हानि र लाभ पुग्नू।
त्यस्कै गराउँछ त भाग्य भनेर बुझ्नू॥१५॥
दोषै लगाउनु अरूकन ठीक छैन।
दीयो दुखै त अरुले भनि भन्नुछैन॥
पाइन्छ जुन् दुख र सौख्य उ भाग्यले पो।
दीयो भनेर बुझ्नू यहि ठीकनै हो॥१६॥
कर्मानुसार दुनियाँ दुख भोग गर्छ।
भाग्यानुसार जन ता सुख बीच पर्छ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जस्देखि जस्कन त मर्नु छ सोहि मर्छ ।
जो हूनु पो छ उहि हुन्छ काहाँ उ टर्छ ? ॥१७॥
आफ्नै कमाइहरु पाप र पुण्य ठानी ।
दुःखै छ पाप सुख पुण्य भनेर ज्ञानी ॥
ज्ञानी जउन्छ उ त फिक्रि लिंदैन केही ।
हो मुख्य सार सबमा बुझ बात एही ॥१८॥
एती सुनाइकन ताहिं अदृश्य हूँदै ।
श्रीकालनाथ अनि जानु भयो र छीटै ॥
छोडीदियो पुरुषले तब सर्पलाई ।
ती गौतमी चुप रहिन् त्यजि फिक्रिलाई ॥१९॥
एती कथाकन सुनाइ ति भीष्म ताहाँ ।
भन्छन् बुझेर यि कुरा तिमि चित्तमाहाँ ॥
संताप-शोककन त्यागि समस्त पैह्ले ।
राजन् चलाउ निज राज्य गएर ऐह्ले ॥२०॥
कर्मानुसार ति मरे रणमा लड़ेर ।
तिन्को न शोक गर क्यै मनमा लिएर ॥
हूने कुरा जुन थियो उहि भो रणैमा ।
ए बाबु ! फिक्रि तिमि केहि न ल्यौ मनैमा ॥२१॥
गर्दै भलो सकलको धरि न्यायलाई ।
कामै गरेर रहनू नर-देह पाई ॥
गर्दा भलाइ सबको दुख हुन्न केही ।
राम्रो छ गर्नु शुभ-कर्म न - बिर्सि एही ॥२२॥
आफ्नै त पेट भरनाकन गै ठगेर ।
लूटेर हर्नु अरुको धन ता छलेर ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यो काम जान घटिया सुख दिन्न त्यसले ।
पाउन्न भोग गरनाकनलाइ उस्ले ॥२३॥
कैल्हौ कसैसित असत्य कुरा न-गर्नू ।
मीठो कुरा गरि सबैकन चित्त हर्नू ॥
आफ्नै समान सुख-दुःख बुझी सबैको ।
बस्ने उ हुन्छ अति धन्य जगत् बिचै पो ॥२४॥
भाग्यै फलेर जब दौलत मिल्छ याहाँ ।
शेखी न-गर्नु जनले यहि लोकमाहाँ ॥
सेवा समाजकन गर्नु उही धनैले ।
धर्मै कमाउनु उही धनका बलैले ॥२५॥
आफ्नू स्वधर्म कुल-रीति समेत थाम्नू ।
यो चित्तले गरनु ध्यान प्रभू छ जान्नू ॥
जो सत्य हो उहि छ ईश्वर एति जानी ।
त्यै व्यापकै छ भवमा भनि लीनु मानी ॥२६॥
छन् ईश्वरै सकलका हृदयादि माहाँ ।
तिन्लाइ छाडि अरु छैन कुनै त याहाँ ॥
नामै हजार लिइ ज्ञानिहरू उनैको ।
गर्छन् ति ध्यान मुनिले खुशि भै शिवैको ॥२७॥
धेरै ति थालिहरुमा जल पूर्ण हाली ।
राखेर घाम विच हेर्नु ति सर्व थाली ॥
श्रीसूर्य-बिम्ब सबमा पनि देखिएला ।
तिन्लाइ झिक्नु तब सूर्य हुनन् अकेला ॥२८॥
उस्तै चराचर विषे रहि एक आफैं ।
छन् भिन्न रूप सरि देखि लिंदा ति साफैं ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

छन् सर्वशक्तिमय ती बहुतै कृपालू ।
हर्छन् समस्त अघलाइ[1] भई दयालू ॥२९॥
त्यस्ता ति ईश्वरविषे निज चित्त लाई ।
पाली दयाकन गरीकन धर्मलाई ॥
जो कार्य गर्छ भवमा उ समान धन्य ।
हूँदैन मानिस कुनै बुझि लेउ अन्य ॥३०॥

पति-पत्नीको सम्बन्ध ।

सोधे भूपतिले बताउनु हवस् ❀ कन्या बिहा गर्नु यो ।
केका लागि छ लोकमा पुरुषले ❀ सम्बन्ध यै जोर्नु को ? ॥
स्त्रीलाई वशमा कसोरि गरने ❀ तिन्को स्वभावै अनी ।
कस्लाई सुख धेर हुन्छ रतिमा[2] ❀ आज्ञा हवस् यो पनी ॥१॥
यस्का उत्तरमा पितामहजिले ❀ सम्झेर सोही घरी ।
भन्छन् पूर्वकथा सुन्यौ नरपते ! ❀ बस्ने तपस्या गरी ॥
अष्टावक्र ऋषी थिए तिकन ता ❀ इच्छा बिहाको भई ।
माँगे शौरभ सीत पुत्रि तिनकी ❀ तिन्का घरैमा गई ॥२॥
अष्टावक्रजिका कुरा सुनि भने ❀ ती शौरभैले पनी ।
ब्रह्मर्षी ! गइ दर्शनै गरनु होस् ❀ दीक्षावतीको अनी ॥
तिन्को दर्शन पाइ फर्कनु हवस् ❀ यो कार्य होला जसै ।
कन्या दिन्छु तपाइँलाइ निजकी ❀ आनन्द मानी तसै ॥३॥
एती बात सुनी गए ति ऋषिजी ❀ पैह्ले कुबेरै कहाँ ।
सोधे तिन्सित भेट भो र नृपते ! ❀ दीक्षावती छन् कहाँ ॥
कैलाशाचलकै त कोहि बनमा ❀ छन् ती बसेकी भनी ।
बोले त्याहिं कुबेरले चलिगए ❀ त्याहीं म पुग्छू भनी ॥४॥

१ पाप । २ संभोगमा ।

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अष्टावक्र पुगे पहाड़ चढ़दै ❀ कैलाशमा जुन् घरी ।
साँझै पर्नगयो हवेलि सुनको ❀ देखे त्यहीं त्यस् घरी ॥
सुन्मा रत्न जडेर कान्ति बहुतै ❀ थीयो हवेली महाँ ।
ढोका बन्द थियो पुगे ऋषि पनी ❀ बासादि खोज्दै तहाँ ॥५॥
सिक्रीलाइ बजाउँदा खुलिगयो ❀ ढोका र तिन्ले अनी ।
देखे सुन्दरि नारिलाई उ बखत् ❀ आफ्ना अगाड़ी पनी ॥
नारीले धरि हात तिन्कन लगिन् ❀ क्वै एक कोठा महाँ ।
देखे ती ऋषिले किशोर वयका ❀ आठै कुमारी तहाँ ॥६॥
जो हुन् स्वामिनि ता उ रूपवति खुब् ❀ थीइन् शचीकै सरी ।
बस्थे अन्य ति कामिनीहरु पनी ❀ सेवा तिनैको गरी ॥
अष्टावक्रजिलाइ देखि ति उठिन् ❀ जो सुन्दरी थिन् कती ।
तिन्ले हात समाति तिन्कन अनी ❀ ल्याइन् खुशी भै अती ॥७॥
आफ्नो स्वर्णपलंगमा ति ऋषिजी- ❀ लाई धरिन् त्यै घरी ।
सुन्को झारि लिएर पाउ ऋषिको ❀ धोइन् सफा खुब् गरी ॥
पूछी चादरले ति पाउ ऋषिका ❀ सुक्खा गराई दिइन् ।
मिष्ठान्नादि फलादि धेर थरिका ❀ तिन्ले मगाई लिइन् ॥८॥
खवाइन् ती ऋषिलाइ आफ्नु करले ❀ खूशी बहूतै भई ।
लागिन् भन्न ति सुन्दरी उहि बखत् ❀ तिन्का नजीकै रही ॥
हे योगेश्वर ! भाग्यमानि म भएँ ❀ भेटै हजुर्ले दिंदा ।
मेरा माफिक भाग्यशालि युवती ❀ कुन् चाहिं होली यहाँ? ॥९॥
एती बात गरेर ती युवतिमा ❀ आज्ञा तिनैले दिई ।
बाजाका सुरमा त रागिनिहरू ❀ गाए सबैले तहीं ॥
आधा रात गए पछी सब सखी ❀ अन्यत्र सुत्नै गए ।
ती राम्री युवती र ती तपि ऋषी ❀ दूवै जना पो रहे ॥१०॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जाड़ोको ऋतु पो थियो निशिविषे ❀ जाड़ो बहूतै भई ।
साथैमा ऋषिका सुतिन् ति युवती ❀ काख्मा तिनैका रही ।।
भन्छिन् तिन्सित हे ऋषे ! जुन घरी ❀ देखें हजुर्लाइ ता ।
पत्नी हुन्छु हजूरकी भनि गरें ❀ मैले त्यहीं मन्सुबा ।।११।।
इच्छा पूर्ण गरीदिनोस् हजुरले ❀ लौ चुम्बनादी गरी ।
चाख्नू होस् रस यो मिठो अधरको ❀ आनन्द-सिन्धू परी ।।
मेरा जोड़ि अनार झैं कुचहरू ❀ पक्री करैले यहाँ ।
माडी काम-कला शुरू गरिदिनोस् ❀ मेरा शरीरैमहाँ ।।१२।।
साह्रै मन्सुब भो मलाइ रतिको ❀ कामातुरै भै यहाँ ।
गर्नोस् भोग मसीत हे ऋषि ! भनी ❀ भन्दैछु सामू महाँ ।।
यो देहै धन यो हवेलि सुनको ❀ आफ्नै बुझी यस् घरी ।
निर्धक्कैसित उफ्रनोस् उदरमा ❀ घोड़ा चढ़ेझैं गरी ।।१३।।
साह्रै राम्रि म छू किशोर वयकी ❀ देख्दा रसीली अती ।
दीनेछू म मजा बहूत बुझ्नोस् ❀ गर्दा हजुर्ले रती ।।
यस्तो बात खुला गरी जब भनिन् ❀ ब्रह्मर्षि छक्कै परे ।
केही सोचि-विचारि फेरि तिनिले ❀ तिन्सीत कूरा गरे ।।१४।।
कल्याणी ! किन यो कुरा गरिलियौ ❀ तिम्ले अबुझ्को सरी ?।
यस्तो मैथुन हो घृणीत भवमा ❀ ठान्छू म राम्रै गरी ।।
आफ्नी स्त्रीसँग भोग गर्छ जनले ❀ सन्तान होला भनी ।
कामै शान्त गराउनाकन कुनै ❀ गर्दैन ज्ञानी पनी ।।१५।।
अर्काकी युवती परस्त्रि सित जो ❀ सम्भोग गर्छन् यहाँ ।
आयू नष्ट भएर जान्छ भनिने ❀ देखिन्छ शास्त्रैमहाँ ।।
गर्नाले यहि कर्म धर्म नरको ❀ नष्टै हुने हो भनी ।
मैले मान्दिन वाक्य निश्चय शुभे ! ❀ तिम्ले भनेको पनी ।।१६।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भन्छिन् हाँसि ति सुन्दरी सुन ऋषी! ❀ सम्भोग पाऊँ भनी।
माँगोस् ता रति-दान कोहि युवती ❀ कामातुरै खुब् बनी॥
त्यस्को ता दिल खुश् नपारिकन ता ❀ भोगै नगर्दा महाँ।
लाग्ला पाप भनेर ठान्दछु म ता ❀ त्यस् निम्ति भन्छू यहाँ॥१७॥
सेवा जन्म भरी रहेर सँगमा ❀ मैले गरूँली भनी।
आँटेकी छु ऋषे! मलाइ कहनोस् ❀ लौ बस् तँ मेरी बनी॥
अर्को ता सुख केहि मान्दिन म ता ❀ संभोग गर्नू सरी।
त्यै पाऊँ सुख भन्दछू हजुरमा ❀ जिद्दी बहूतै गरी॥१८॥
अष्टावक्रजिले भने सुन तिमी ❀ प्रेमै छ मैमा कहाँ?।
गर्नेछैन म प्रेम एहि प्रण हो ❀ मैले गरेको यहाँ॥
प्रेमै छैन भने कहाँ सुख भयो ❀ त्यस् निम्ति तिम्ले पनी॥
जिद्दी गर्नु त योग्य छैन तिमिले ❀ निर्मोहि योगी भनी॥१९॥
भन्छिन् ती यदि मान्नु हुन्न त भने ❀ मेरा रही साथमा।
बस्नोस् क्यै दिन गर्दछू म बहुतै ❀ सेवा हजुर्को यहाँ॥
जस्तो रीति गरी कुनै पतिव्रता ❀ सेवा पतीको गरी।
बस्छन् सोहि बमोजिमै गरि म ता ❀ बस्नेछु सेवा गरी॥२०॥
मेरा माफिककी जनानिकन ता ❀ पाएर हेर्छू यहाँ।
प्रेमै हुन्न कसोरि लौ हजुरको ❀ त्यै वज्र छाती महाँ॥
आज्ञालाइ हजूरको शिर धरी ❀ गर्नेछु कार्यै पनी।
मै माथी कसरी बस्वैन अनि ता ❀ प्रेमै हजुर्को भनी॥२१॥
तिन्ले एति कुरा गरिन् र ऋषिले ❀ भन्दाभए त्यै घरी।
लौ केही दिन बस्दछू सँग सुन्यौ ❀ खुब् सत्य प्रेमै गरी॥
यस्ता बात सुनेर ती खुशि भइन् ❀ बस्छन् ति साथै भनी।
अर्कै गैकन खाटमा ऋषि सुते ❀ रात्री बितीगो अनी॥२२॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भन्थिन् यौटि फँसाउँछु ऋषिकनै * अर्कां भने चित्तमा ।
ठान्थे भोग-विलास गर्दिन म ता * यिन्सीत कैल्है यहाँ ॥
आफ्नू-आफ्नु ढिपी लिए ति दुइले * क्यै काल बीती गयो ।
सेवाले तिनिको ऋषीकन ठुलै * खूशी र हर्षे भयो ॥२३॥
खूशी छन् ऋषि जानि स्वामिनि पनी * ऊठेर क्वै रात्रिमा ।
लागिन् भन्न ऋषे! म सीत अब लौ * सम्भोग गर्नोस् यहाँ ॥
भन्छन् ती ऋषिले सुनेर यि कुरा * जानी पर-स्त्री भनी ।
मैले गर्दिन जान एहि करनी * कस्तै भए ता पनी ॥२४॥
भन्छिन् ह्वैन पर-स्त्रि छू म त अभै * आफैं कुमारी पनी ।
कन्या छू वरिलिन्छु आज बुझ्नोस् * मेरा पती हुन् भन्नी ॥
यस्मा ता अपराध छैन अनिफेर् * सारा गुणै छन् जती ।
मैमा छन् किन खोज्नु हुन्छ अरकी ? * हे भाग्यमानी तपी !॥२५॥
स्वाधीनै छु म आजसम्म ऋषिजी ! * देख्दा हजुर्लाइ ता ।
प्रेमै गर्न म खोज्दछू दिल दिई * देख्नू भयो कुन् खता ? ॥
त्यागी बक्सनु भो मलाइ यदि ता * ऐले कदाचित् भने ।
पापै लाग्छ हजूरलाइ ऋषिजी ! * यो आज साँचै कहें ॥२६॥
अष्टावक्रजिले भने उहि बखत * स्वाधीन छू जो भन्यौ ।
नारीजाति कदापि हुन्न बुझ लौ * स्वाधीनता मा सुन्यौ ॥
आमा-बाबु कहाँ रहेर तिनिले * त्यै माइतैमा पनी ।
बीताऊँनु त पर्छ बाल्यवय पो * यै रीति भै गो अनी ॥२७॥
तिन्ले यौवनमा पतीसित रही * फेरी बुढ़ेइं महाँ ।
पुत्रैका सँगमा भएर रहने * रीतै छ जाहाँ-तहाँ ॥
आफूखुशि ति छन् कहाँ कुलवधू * देख्दीन काहीं म यो ।
स्वाधीनै छु भनेर भन्नु तिमिले * साँचो कसोरी भयो ?॥२८॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आफ्नै जातिमहाँ विवाह गरने * चल्दैछ राम्रो प्रथा ।
आफू मानिस हूँ म मानिससितै * गर्नेछु कैल्ह्ये बिहा ॥
कल्याणी ! तिमिलाइ ठान्दछु म ता * हौ देवबाला भनी ।
तीमीलाइ बिहा म गर्दिन कभै * जोडा कहाँ मिल्छ नी ॥२९॥
अष्टावक्रजिका सुनेर यि कुरा * ती सुन्दरीले अनी ।
लागिन् भन्न ऋषे ! सबै गरिलिएँ * तिम्रो परीक्षा पनी ॥
तिम्रो सत्य ठुलो रहेछ खुशि छू * मैलाइ दीक्षावती ।
जानीलेउ म भन्छु शौरभजिका * जाऊ घरैमा तपी !॥३०॥
तिन्का बात सुनी ऋषी खुशि भए * जान्छू हवस् लौ भनी ।
प्रातःकाल हुँदा बिदा भइ हिंडे * पाहाड झर्दै अनी ॥
भेटी शौरभलाइ हाल सब त्यै * तिन्ले सुनाई दिए ।
सुन्दा हर्षित भै ति शौरभजिले * कन्या बिहा गर्दिए ॥३१॥
यस्तो यो इतिहास वर्णन गरी * ती भीष्मजीले अनी ।
भन्नू भो पुरुषादिले जगतमा * सन्तान होला भनी ॥
गर्छन् आफ्नु विवाह जान तिमिले * कौनै अवस्था महाँ ।
गर्नू हुन्न परस्त्रि-भोग कहिल्यै * ज्ञानीहरूले यहाँ ॥३२॥

नारीलाई वश गर्ने उपाय ।

भन्छन् भीष्मजि कोहि सुन्दरि थिइन् * नामै रुची हो भनी ।
राम्रीमा पनि हद्दको हुनगई * बस्थिन् घरैमा तिनी ॥
तिन्का स्वामि पनी ठुला ऋषि थिए * तिन्कै थिइन् साथमा ।
आसक्तै भइ इन्द्र भेट्दछु भनी * मौका ति हेर्थे तहाँ ॥१॥
स्वामी जुन् रुचिका थिए ति तब ता * श्रीदेवशर्मा भनी ।
प्रख्याते ति थिए तपोवनमहाँ * ठूला तपस्वी भनी ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पाई क्वै दिनमा निमन्त्रण पनी ❀ ज्यूनार गर्नै कहीं ।
जानू तिन्कन ता पर्‍यो र तिनले ❀ डाकेर चेला तहीं ॥२॥
जस्को नाम थियो विपूल तिकनै ❀ तिन्ले अह्राए तहाँ ।
"हेर्‌चाहा गरनू बसेर गुरुमा- ❀ लाई तिमीले यहाँ" ॥
एती काम अह्राइ ती चलिगए ❀ जानू थियो है जहाँ ।
आए इन्द्र लुकेर वायु सरि भै ❀ सामू रुचीको तहाँ ॥३॥
देखी सुन्दर ती सुरेन्द्रकन ता ❀ चित्तै रुचीको पनी ।
साह्रै चञ्चल भै गयो उहि बखत् ❀ सम्भोग गर्नै भनी ॥
इन्द्रैले पनि मोहितै म छु भने ❀ सूनेर सोही घरी ।
शय्यामा ति गई सुतिन् उहि बखत् ❀ उत्तानु चाला गरी ॥४॥
तिन्को बात बुझी पुगे विपुलजी ❀ कोठैमहाँ पो जसै ।
लूके इन्द्र न-देखिने हुनगई ❀ तिन्का डरैले तसै ॥
भागे इन्द्र भनी बुझी विपुलले ❀ केही विचारै गरी ।
सोचे इन्द्र अवश्य भ्रष्ट गरनन् ❀ यिन्लाइ भोगै गरी ॥५॥
तस्मात् मै अब काम गर्दछु भनी ❀ सोही पलङ्मा गई ।
थाले कामकला प्रसन्न मनले ❀ तिन्का सँगैमा रही ॥
भागी इन्द्र गए ति स्वर्ग पुरिमा ❀ सर्वत्र हल्ला भयो ।
कानैमा रुचिका पतीकन पनी ❀ सोही खबर् गै गयो ॥६॥
हल्ला यै सुनि शिष्य ती विपुलजी ❀ दिक्‌दार हूँदा भए ।
तिन्लाई गुरुले गई नजिकमा ❀ एही सुनाई दिए ॥
हुन्छौ दिक्क वृथा म जान्दछु सबै ❀ तिम्ले गरेको यहाँ ।
इन्द्रै देखि बचाउनाकन गर्‍यौ ❀ मान्छू म फिक्री कहाँ ! ॥७॥
सम्झाए गुरुले परन्तु ति उठी ❀ ठूलो बनैमा गई ।
लागे गर्न तपादि संग सबको ❀ छोडेर एक्लै भई ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

साह्रै चंचल हुन्छ चित्त बुझ्नू * नारीहरूको भनो ।
भन्छन् फेरि ति भीष्मजी उहि बखत् * यस्ता तवर्ले अनी ॥८॥
स्त्रीलाई पतिले सबै तरहले * शिक्षा दिई धर्मको ।
माहात्म्यै सतिको सुनाउनु असल् * हूने छ यै कर्म पो ॥
नारी शिक्षित छन् भने मन तिनै * राख्नन् वशैमा गरी ।
मूर्खालाइ सुधार्नु मुश्किल छ है * आफ्ना वशैमा गरी ॥९॥
कर्त्तव्यै यहि जान्नु स्वामिहरुको * तिन्लाइ शिक्षा दिई ।
प्राणै तुल्य गरेर राख्नु परने * विश्वास तिन्मा लिई ॥
थूमी ठोकि म राख्दछू वशमहाँ * भन्ने पती छन् जती ।
अज्ञानी तिनि हुन् भनेर बुझ लौ * संसारमा भूपती ! ॥१०॥

स्त्री-स्वभावमहिमा ।

नारीकै त स्वभावका विषयमा * यौटा कथा यस् घरी ।
भन्छू धर्मकुमार ! आज सुन लौ * विश्वास यस्मा धरी ॥
पैह्ले एति भनेर भीष्मजि अनी * भन्छन् सुन्यौ भूपती ! ।
देवर्षी सब लोक डुल्न ति उडे * आकाशको मार्ग ली ॥१॥
घुम्दै नारदजी पुगे खुशि हुँदै * गन्धर्वका लोकमा ।
रस्तामा त्यहिं अप्सरा सित भयो * भेटै पनी बस्तिमा ॥
सोधे तिन्सित हे शुभे ! कहु तिमी * स्त्री-आदिका जातिमा ।
कस्तो बानि त हुन्छ देउ तिमिले * ऐह्ले सुनाई यहाँ ॥२॥
ती भन्छिन् जुन बात सोधनु भयो * ऐह्ले मलाई यहाँ ।
नारी हूँ म भनी परन्तु महैले * थामेर सत्यै यहाँ ।
साँचै बोल्नु पऱ्यो कहन्छु म सबै * वृत्तान्त राम्रो गरी ।
यस्मा शर्म त छैन भन्नु परने * रीती हुनाले गरी ॥३॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लोग्ने मानिसमा भएजति सुन्यौ ❀ कन्दर्प भन्दा पनी ।
ज्यादी आठ गुना स्त्रिजातिहरुमा ❀ यै हुन्छ ठीकै अनी ॥
लोग्ने मानिसलाइ देखि युवती ❀ आसक्त तिन्मा बनी ।
भेट्ने मन्सुब गर्दछन् खुशि हुँदै ❀ सम्भोग गर्नन् भनी ॥४॥
हाँस्नू हेर्नु कटाक्षले कुचहरू ❀ देखाउनू खुश् भई ।
हाई गर्नु र आङ तान्नु युवती ❀ गर्छन् नजीकै गई ॥
केही कार्य गरीदियो यदि भने ❀ त्यसमाथि माया धरी ।
डाकी भोग गराउँछन् ति निशिमा ❀ आनन्द-चित्तै गरी ॥५॥
राम्रो मानिस हुनुपर्छ कुलको ❀ जातै र नातै पनी ।
राख्दैनन् ति विचार भेट्न तिनिले ❀ गर्छन् उपायै अनी ॥
एकान्तस्थलमा कुनै पुरुष ता ❀ देखे भने कामिनी ।
आँट्छन् भोग गराउने उहि बखत् ❀ पाल्नोस्न एता भनी ॥६॥
गाईले जसरी नयाँ किसिमका ❀ ताजा ति घाँसै पनी ।
खोज्छन् खान सदैव पौंचि बनमा ❀ उस्तै तवर्ले तिनी ॥
लोग्नेमानिस खोज्दछन् तिनि नयाँ ❀ भेट् गर्न रोजे यहाँ ।
मान्छन् खूब मजा ति नारिहरुले ❀ सम्भोग हुँदा महाँ ॥७॥
प्रेमी कोहि पुरुष ता मिलिगए ❀ आमा र बाबू पती ।
छोरा-छोरि समेत त्यागि हिंडछन् ❀ नारी खुशी भै अती ॥
आफ्नै ता घरमा समस्त सुखका ❀ सामग्रि भै साथमा ।
स्वामी सुन्दर छन् भने पनि तिनै ❀ सन्तोष मान्छन् कहाँ ॥८॥
बल्दो अग्निविषे घृताहुति दिंदा ❀ जत्ती दिए ता पनी ।
अग्नी शान्त हुँदैन झन् प्रबल भै ❀ बल्नेछ तेजी बनी ॥
उस्तै तृप्ति हुँदैन नारिहरुमा ❀ सम्भोग धेरै गरी ।
झन् सम्भोग ति खोज्दछन् युवतिले ❀ इच्छा उसैमा धरी ॥९॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बुद्धी चौबर हुन्छ नारिहरुको ❀ यिन्का छलैमा परे ।
साँचो हुन्छ झुटो झुटो त पछि ता ❀ हूनेछ साँचो अरे ॥
वारस्त्री[1]हरुले गृहस्थि सरि भै ❀ राखेर कोही धनी ।
बस्छन् तिन्सित प्रीति बेसरि गरी ❀ धुत्छन् धनादी तिनी ॥१०॥
त्यस्को पूँजि झिटी सबै थुतिलिई ❀ सो निर्धनी भो जसै ।
माखो झैं दुधको निकालिकन ता ❀ त्यागी दिनेछन् तसै ॥
स्त्री-जातीहरुमा छ दोष तर ती ❀ दोषी भए ता पनी ।
पैदा सन्तति गर्दछन् तिनिहरू ❀ माता ति आफैं बनी ॥११॥
तस्मात् पालन गर्नु पर्छ जनले ❀ यिन्लाइ प्यारो गरी ।
जाहाँ आदर हुन्छ नारिहरुको ❀ ऐश्वर्य होला भरी ॥
जुन् नारी पतिकै रहेर सतमा ❀ बस्नन् पवित्रै भई ।
तिन्ले पितृ त तार्दछन् धरमले ❀ दूवै कुलैका तहीं ॥१२॥
देवर्षीकन यी कुरा कहिसकी ❀ त्यै अप्सरा गैगई ।
त्याहाँबाट ति नारदै पनि गए ❀ अत्यन्त खूशी भई ॥
एती गुप्त कथा कहेर अनि फेर् ❀ गांगेय भन्छन् तहीं ।
राजन्! अन्य कथा कहन्छु सुनलौ ❀ सम्बन्धमा नै यही ॥१३॥

लोग्ने-स्वास्नीको मैथुनमा धेर मजा कसलाई हुन्छ ।

राजा कोहि भगास्व यै पृथिविमा ❀ थीए पहीले कहीं ।
हींडे एक दिनै शिकार गरनै ❀ सेना पनी क्यै लिई ॥
दौडाएर तुरंगलाइ बनमा ❀ जाँदा ति राजा अनी ।
पूगे एक ठुलो खजीत बनमा ❀ थाकेर प्यासा बनी ॥१॥
सेना ता पछि नै सबै रहिगए ❀ बाटो छलींदा महाँ ।
एक्ला ती नृपले तृषार्त हुनगै ❀ भेटे तलाऊ तहाँ ॥

१ वेश्या ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

घोड़ाका पिठबाट उत्रि भुमिमा ❀ पैह्ले लगामै धरी ।
बाँधे आफ्नु तुरङ्गलाइ रुखमा ❀ डोरी उसैको गरी ॥२॥
खोली आफ्नु लुगा धरेर तटमा ❀ पानीविषे ता भई ।
लागे न्वाहुन गर्मि शान्त भइगो ❀ सारा थकाई गई ॥
न्वाही भूपति निस्कँदा तटविषे ❀ देहै जनाना भयो ।
योनी प्राप्त भएछ चिह्न नरको ❀ तिन्को हराई गयो ॥३॥
छातीमा कुच भैगए ति दुइटा ❀ देख्दा अनारै सरी ।
पैह्ले वस्त्र ति शर्म मानि नृपले ❀ देखेर छक्कै परी ॥
घोडालाइ फुकाइ झट् चढि हिंडी ❀ आए महल्मा जसै ।
आफ्ना ती युवराजलाई तिनिले ❀ राजा बनाए तसै ॥४॥
साह्रै दिक्क भई ति कोहि बनमा ❀ गर्छू तपस्या भनी ।
आई एक कुटी बनाइ ति रहे ❀ सर्वस्व त्यागी बनी ॥
कोही विप्र मुनी थिए नजिकमा ❀ तिन्सीत तिन्ले रही ।
छोरा सौ तिनिका भई बढिगए ❀ पालेर ठूला भई ॥५॥
तिन्लाई पनि देशमा नृपतिले ❀ बस्नै पठाई दिए ।
रानी तर्फ थिए कुमार सउ जो ❀ तिन्सीत भिड्दा भए ॥
लड्दा आपसमा दुई सउ मरे ❀ पुत्रैहरू जुन् घरी ।
लागे छाति पिटेर रून नृपती ❀ गिर्दै भुमीमा परी ॥६॥
आई इन्द्रजि भन्दछन् सुतहरू ❀ सौलाइ मैले यहाँ ।
ज्यूँदो पार्दछु लौ कउन् भन बचुन् ❀ तिम्रा अगाडी महाँ ॥
भन्छिन् जन्म दिएँ रहेर बनमा ❀ सौ पुत्रलाई यहाँ ।
ती मेरा सुत सौ बचाउनु हवस् ❀ बिन्ती छ पाउमहाँ ।७॥
यस्तो बिन्ति सुनी सुरेन्द्र खुशि भै ❀ तिन्का अगाडी महाँ ।
भन्छन् मर्द बनाइदिन्छु नृपते ! ❀ तिम्लाइ मैले यहाँ ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तिम्रा पुत्रहरू दुवै तरफका ❀ ज्यूँदा म पार्छू भनी ।
भन्दा ती तब भन्दछन् शचिपते! ❀ मै हुन्न मर्दै पनी ॥८॥
यस्को कारण बिन्ति गर्छु अहिले ❀ स्त्रीकै त चोलामहाँ ।
साह्रै मोज हुने रहेछ रतिमा ❀ त्यै निम्ति मैले यहाँ ॥
बिन्ती गर्दछू ब्राह्मणैसित रही ❀ बस्छू बनैमा म ता ।
सुन्दा खूशि भए सुरेन्द्र मनमा ❀ आश्चर्य मानी ति ता ॥९॥
तिन्लाई वर-दान दी उहि बखत् ❀ पुत्रादि तिन्का तहीं ।
ज्यूँदो पारि दिएर इन्द्रजि गए ❀ फेरी अदृश्यै भई ॥
सुन्दा यो इतिहास पाण्डवहरू ❀ अत्यन्त खूशी भए ।
श्रीभीष्मै सित श्रीयुधिष्ठिरजिले ❀ फेर् सोध्न लागी गए ॥१०॥

विवाह आदिको वर्णन ।

बीहा को सित गर्नु पर्छ नरले ❀ त्यस्को प्रकारै अनी ।
तत् सम्बन्धमहाँ कुरा अरु भए ❀ आज्ञा हवस् लौ भनी ॥
यस्तो प्रश्न सुनी युधिष्ठिरजिको ❀ ती भीष्म भन्छन् अनी ।
आफैं जन्मनु पर्छ गै उदरमा ❀ स्त्रीकै त छोरो बनी ॥१॥
लिन्छन् जन्म गएर आफ्नु पतिले ❀ स्त्रीकै रही गर्भमा ।
भन्ना खातिर नाम नारिहरुको ❀ 'जाया' रहीगो यहाँ ॥
तस्मात् स्त्रीकन खानलाउन दिई ❀ सौख्यै दिई राख्छ जो ।
बस्छिन् लक्ष्मि गएर सोहि घरमा ❀ यै कर्म ता मुख्य हो ॥२॥
आफ्नै जातमहाँ विवाह गरनू ❀ खोजेर कन्या भनी ।
भन्छन् ज्ञानिहरू तसर्थ सबले ❀ मानीलिनू बेस् छ नी ॥
ऊँचो जात भएर शूद्रिसित त्यै ❀ सम्बन्ध राख्दामहाँ ।
शूद्रै हुन्छ भनेर जान्नु सबले ❀ त्यै उच्च हुन्थ्यो कहाँ ॥३॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ऊँचा जातिहरू रखेलिकन ता ❀ छन् पानि चल्ने यदी ।
सक्छन् राख्न परन्तु शूद्रिकन ❀ ता हूँदैन राख्नू यहीं ॥
कन्याले वरले परस्पर महाँ ❀ रोजेर राम्रो गरी ।
भिन्नै गोत्र छ ता स्वजाति सँग गै ❀ गर्नू बिहा ठिक् परी ॥४॥
पैसाको लिनदीन केहि न-गरी ❀ कौनै तरफ्ले पनी ।
बीहा गर्नु छ सोहि उत्तम अती ❀ भन्छन् तपस्वी-मुनी ॥
कीनेको सरि हुन्छ द्रव्य दिइ ता ❀ बीहा गरेमा यहाँ ।
तस्मात् क्यै रुपियाँ न-लीनु जनले ❀ कन्या-वधू-पत्नमा ॥५॥
बाबूको धन सम्पती जति छ जो ❀ आधा गरी भाग पो ।
पाऊँछन् ति विवाहिता तिर हुने ❀ पुत्रादिले ठीक हो ॥
बाबूको धनमा रखेलिहरुका ❀ छोराहरूको पनी ।
पुग्ने छैन हकै दिए यदि भने ❀ पाऊँदछन् ती अनी ॥६॥
माता ऊँच पिता छ नीच यदि ता ❀ जात्को विचारै गरी ।
सन्ताने यदि होस्त नीच उ भयो ❀ त्यै बाबुको जात ली ॥
शूद्रीका रुप-शीपमा भुलि गई ❀ क्वै विप्र भार्या गरी ।
राखोस् ता रहँदैन धर्म उसको ❀ बस्ने छ शूद्रै सरी ॥७॥
गोत्रै भिन्न भएर जाति मिलने ❀ कन्या-वधू पत्नमा ।
साटोमा धन क्यै लिईकन बिहा ❀ गर्दा यही लोकमा ॥
बीहा मध्यम रीतिको यहि भयो ❀ पैसा लिनाले गरी ।
गर्छन् कोहि गरीबले यहि बिहा ❀ खाँचो धनैको परी ॥८॥
कन्यालाइ भगाइ चोरि बलले ❀ ल्याएर देशै महाँ ।
गर्नू जो छ विवाह तुच्छ उहि हो ❀ हो नीच-बीहा यहाँ ॥
कन्याको वरको मिलेर मन ता ❀ बीहा गरौं लौ भनी ।
माला साटि बिहा गरे उहि भयो ❀ गन्धर्व-बीहा पनी ॥९॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आफ्ना छिमेकीको उपकार गर्नुपर्छ।

भन्छन् भीष्म नरेन्द्र! कोहि दिनमा ❀ गर्छू तपस्या भनी।
गंगाका जल भित्र गै च्यवनजी ❀ गर्थे तपस्या अनी॥
माछा मार्न भनेर माझिहरूले ❀ हानेर जालै तहाँ।
माछाका सँगमा तिनै ऋषि पनी ❀ निस्के परी जालमा॥१॥
माँझीले मनमा ठुलो डर लिई ❀ बिन्ती गरे त्यस् घरी।
जालैमा फँसि पाल्नुभो हजुर ता ❀ हाम्लाइ माफै गरी॥
जानू होस् बनमा भने जब यती ❀ भन्छन् ऋषीले तहाँ।
मेरा हुन् यि छिमेकि मत्स्यहरुता ❀ यिन्लाइ छोड्छू कहाँ?॥२॥
यस्ता वाक्य सुनी सकेर ऋषिका ❀ दर्बारमा ती गए।
माँझीले सब हाल भूपवरमा ❀ बिन्ती चढाई दिए॥
सुन्दा हाल अचम्म मानि नृपती ❀ माँझी लिई साथमा।
त्याहीं आई खडा भए च्यवनजी ❀ थीए तटैमा जहाँ॥३॥
बिन्ती भूपतिले गरे कहनु होस्! ❀ कुन् कार्य मैले यहाँ—
गर्नू योग्य छ हे ऋषे! हजुरको ❀ सूनेर एती तहाँ॥
भन्छन् ती ऋषि माँझिलाइ नृपते! ❀ माछा र मेरो पनी।
देऊ मूल्य चुकाइ यी घर फिरुन् ❀ जान्छौं जलैमा रही॥४॥
मेरा हुन् यि छिमेकि मत्स्यहरु ता ❀ यिन्का सँगैमा रही।
बस्नू पर्दछ दुःख-सौख्य सहँदै ❀ मैले खुशी पो भई॥
राजाले ऋषिका सुनीकन कुरा ❀ लाखौ रुपीयाँ जती।
सुम्पे त्यौ घरिमा मँगाइ जब ता ❀ भन्छन् ति फेरी तपी॥५॥
मेरो मूल्य पुगेन मत्स्यहरुको ❀ पूगेन मोलै पनी।
देऊ भूपति! मूल्य जो उचित हो ❀ ल्याएर न्यायी बनी॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यस्ता बात सुनेर छक्क ति परे * पौंचेर मन्त्री तहीं ।
बूझे बात अनी र आर्ति नृपमा * दीए अगाड़ी गई ॥६॥
माछाको पनि मूल्य लाख रुपियाँ * हे नाथ ! ठीकै भयो ।
मोलैमा ऋषिको त गाइ दिनुहोस् * गर्दैछु बिन्ती म यो ॥
मन्त्रीका सुनि वाक्य भूप-वरले * यौटी स-वत्सा पनी ।
गाईलाइ मँगाइ त्यै धरि दिए * ल्यौ मूल्य तिम्रो भनी ॥७॥
देख्दा न्याय नरेन्द्रको च्यवनजी * खूशी बहूतै भए ।
माँझीले मछली त्यजेर जलमा * गाई- रुपीयाँ लिए ॥
गाई पूज्य ति विप्र पूज्य हुनगै * मोलै पुरा भो तहाँ ।
राजा फर्कि गए ऋषी चलिगए * सोही जलै भित्रमा ॥८॥
यो वृत्तान्त कही पितामहजिले * भन्छन् सुन्यौ भूपती ।
गर्नू पर्छ भलो छिमेकिहरुको * पर्दा वखत्ले खती ॥
साथीलाइ फँसाइ आफु सहजै * उम्केर जान्छू भनी ।
भन्ने छैन कदापि सज्जन छ जो * स्वार्थी समानै बनी ॥९॥

दानादिको फल, भीष्मको स्वर्गवास ।

सुन्नाले इतिहास हर्षित हुँदै * ती भूप भन्छन् अनी ।
दानैको फल लौ बताउनु हवस् * यो दान यस्तो भनी ॥
भन्छन् प्रश्न सुनी पितामहजिले * गर्नू भलो यो सरी ।
अर्को दान त छैन क्यै नरपते ! * अन्नैन् भलैले गरी ॥१०॥
गर्दा दान विचारि पात्र बढिया * दानै दिनू ठीक हो ।
त्यसको ता फलमिल्छ जान तिमिले * त्यै कर्म ता जाति भो ॥
बोल्नै सत्य कुरा दया हृदयमा * राख्ने पढेको अभी ।
खोजी ब्राह्मणलाइ दान दिनु खुब् * हूने छ जाती पनी ॥११॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विद्वान् ब्राह्मणलाइ डाकि खुशि भै ❀ दानै गरी स्वर्ण भो ।
चाँदीका रुपियाँहरू गरि समेत् ❀ जस्ले त दानै दियो ॥
आफ्नू आयु सकेर स्वर्ग गइ त्यै ❀ आफू-सुखी भै तहाँ ।
गर्छा सौख्य ठुलो त कल्प भरि पो ❀ आनन्दका साथमा ॥३॥
कोही एक गृहस्थिलाइ सहसा ❀ दुःखै परी त्यस् घरी ।
पाल्नैलाइ जहान मुश्किल परे ❀ देखेर सोही घरी ॥
जस्ले दिन्छ सुवर्ण धेर रुपियाँ ❀ मद्दत् दिएझैं गरी ।
सोही फेरि जनम् लिंदा जगतमा ❀ हूनेछ राजा सरी ॥४॥
दानै दिन्न गरीबलाइ जसले ❀ आफू धनी भै यहाँ ।
अर्को जन्म हुँदा दरिद्रि बहुतै ❀ हूनेछ संसारमा ॥
तस्मात् दौलत पासमा छ त भने ❀ आफू उदारै बनी ।
गर्नू खूब सहायता धन दिई ❀ प्राणीहरूमा पनी ॥५॥
खाँदै कत्ति न-खाइ खर्च नगरी ❀ राखी ढुकूटी महाँ ।
कौड़ी-कौड़ि गरेर जोरि धन खुब् ❀ जो हेर्छ राखी यहाँ ॥
त्यस्को त्यै धन व्यर्थ हो भनि बुझ्के ❀ चोला छुटेका घरी ।
बस्ला द्रव्य-पिशाच भै धनमहाँ ❀ रक्षा उसैको गरी ॥६॥
दानैमा पनि अन्न-दान गरनू ❀ प्राणै बचाए सरी ।
ठूलो धर्म छ अन्न दीनु जनले ❀ जावस् मुखैमा परी ॥
चाण्डालादि हउन् कि कुक्कुर हवस् ❀ खाएर अन्नै यहाँ ।
रक्षा हुन्छ अवश्य प्राणिहरुको ❀ जो जन्म लिन्छन् यहाँ॥७॥
जस्ले अन्न दियो उ व्यर्थ कहिल्यै ❀ हूँदैन त्यस्को कहीं ।
भोकोलाइ खुवाउनू अति ठुलो ❀ हो धर्म जान्नू यही ॥
आए माँगन भनेर भीख यदि ता ❀ तिन्लाइ केही दिनू ।
रित्तै जान न-दीनु पाप छ ठुलो ❀ तिन्लाइ फर्काउनू ॥८॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भित्ता जो जन दिन्छ अन्न-धनको * धर्मैं भई लोकमा ।
पर्ने भारि विपत्ति टर्छ सहजै * आउन्न त्यै पासमा ॥
अन्नैले धनले सदैव घर त्यै * हूनेछ पूर्णौं अनी ।
बढ्ला सम्पति रोग-व्याधिहरु ता * लाग्वैन केही पनी ॥९॥
दिन्छन् दुग्ध ति गाइले जगतमा * दाता तिनै हुन् भनी ।
तिन्का पास गएर लक्ष्मि खुशि भै * बोलिन् विनम्रै बनी ॥
बैह्नी हूँ म तपाइँकी मकन ता * आफ्ना नजीकै महाँ ।
दीनोस् बस्न मलाइ आज दिदि हो ! * आएँ यही आसमा ॥१०॥
लक्ष्मीलाइ भने ति गाइहरुले * हे बैह्नि ! छौ चञ्चलै ।
तिम्लाई सँग राख्नु हामिहरुले * याहीं छ कुन् काम है ? ॥
गाईका सँग लक्ष्मिले रहनु यो * हूनेछ राम्रो कहाँ ? ।
यसनिम्ती तिमि जाउ अन्त भगिनी! * हूने गुजर् हो जहाँ ॥११॥
भन्छिन् फेरि रमा यसोरि तिमिले * त्यागे मलाई गरे ।
भाग्ने छैन मलाइ कोहि जनले * हानी छ मेरो भरे ॥
आफ्नेर यतै कहीं मकन ता * ठाऊँ खटाऊ यहीं ।
बस्नेछू म अवश्य त्यै स्थलविषे * जाहाँ कहन्छयौ गई ॥१२॥
सुन्दा नम्र कुरा तिनै हरिप्रिया- * जीका ति गाई पनी ।
लागे भन्न दया धरेर मनमा * हे बैह्नि ! सुन्छयौ ? भनी ॥
तिम्ले गोबरमा र फेर् गउँतमा * बस्दा यि हाम्रामहाँ ।
होला खूब कदर् भनेर बुझ्लौ * संसारका बीचमा ॥१३॥
यै मानीकन लक्ष्मिजी गइ बसिन् * गोबर् गउँत्मा गई ।
लागे बस्न ति देवताहरु पनी * तिन्का सँगैमा रही ॥
गाईदान र भूमिदान गरनू * हो धर्म ठूलो भनी ।
गर्नू पर्दछ प्राणिले यदि छ ता * शक्ती अवश्यै पनी ॥१४॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

थौटा गाइ पनी दियो यदि भने ❁ दानै गरी विप्रमा।
बस्ला श्रीप्रभु कृष्णका नगिच गै ❁ गो-लोकका बीचमा॥
भूमिदान गरीदिए सहजमा ❁ गै ब्रह्मलोकै महाँ।
ब्रह्माजीसित बस्न पाउँछ सदा ❁ आनन्दकै साथमा॥१५॥
बाबूले र बराज्युले अघि जगा ❁ दानै दिएको पनी।
लेला खोसि जउन् उ ता जगतमा ❁ बस्ने छ कीरा बनी॥
कूवा पोखरि फेर् जलाशय कुनै ❁ धारा बनाए यहाँ।
बस्ला गैकन जान्नु त्यै वरुणका ❁ साथै उही लोकमा॥१६॥
ठूला वृक्ष फलादिका र बहुतै ❁ दीने छहारी पनी।
त्यस्ता वृक्ष लगाउने जनहरू ❁ जन्मेर हुन्छन् धनी॥
स्नानै गर्नु पनी ठुलो नियम हो ❁ त्यै काम नित्यै गरे।
रक्तै शुद्ध रहन्छ हुन्न कहिल्यै ❁ बीमार सो ता अरे॥१७॥
भाग्यैले गरि दुःख कष्ट परदा ❁ तिन्लाइ तुच्छै गनी।
जस्ले चञ्चल ता मनै न-गरदै ❁ बस्ने छ ज्ञानी बनी॥
त्यै हो धार्मिक हो उही व्रति ठुलो ❁ थामेर धर्मैं यहाँ।
आफ्नू ता कुलको रहन्छ यदि त्यै ❁ पर्दैन दुःखैमहाँ॥१८॥
स्वप्ना झैं बुझि यो चराचर सबै ❁ संसारिलाई यहाँ।
ज्ञानैमा मन राख्छ पो यदि भने ❁ हो योगि संसारमा॥
आत्मैदर्शन पाउने छ उसले ❁ सो दर्शनैले गरी।
सर्वज्ञै हुनजान्छ तर्छ सहजै ❁ पाऊँछ त्यस्ले हरी॥१९॥
जप्छन् नाम हजार पाठ गरदै ❁ भक्तादि जस्लाइ ता।
त्यस्ता कृष्ण ति भक्तलाइ मनको ❁ दिन्छन् कुरा सर्वदा॥
श्रीकृष्णै हरिलाइ सम्झि मनले ❁ तिन्मा लगाई मती।
शक्तीवान् भद्र मोक्ष हुन्छ सहजै ❁ धर्मात्मि होला अती॥२०॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यस्तै रीति गरी युधिष्ठिरजिमा ❀ वार्ता कथाको गरी ।
अन्ठाउन्न दिनै ति भीष्मजि रहे ❀ त्यै बाण-शैय्या गरी ॥
भैगो है जब उत्तरायण पनी ❀ गांगेयले त्यस् घरी ।
भन्छन् श्रीहरिलाइ नम्र हुनगै ❀ भक्ती प्रभूमै धरी ॥२१॥

भीष्मको स्वर्गारोहण ।

हे नारायण ! भक्तवत्सल ! प्रभो ❀ हे कृष्ण ! पाऊ परी ।
माँग्छू उत्तम लौ गती दिनु हवस् ❀ चाँडै हजुर्ले हरी ॥
भक्ती गर्छु म ता सदा हजुरकै ❀ मेरा निमित्तै महाँ ।
अर्को छैन सहायकै प्रभुबिना ❀ आज्ञा मिलोस् लौ यहाँ ॥२२॥
भन्नू भो हरिले हजूर त स्वयम् ❀ अष्टै वसूमा पनी ।
कान्छा नै हुनुहुन्छ जानु अब होस् ❀ बेला भईगो भनी ॥
आज्ञा एति सुनी-लिएर हरिको ❀ ती भीष्मले त्यै घरी ।
प्राणायाम गरेर प्राणकन ता ❀ खीचीलिए झट् गरी ॥२३॥
यस्तै औसरमा प्रसन्न हुनुभै ❀ श्रीकृष्णले भन्नु भो ।
जानूहोस् मइँले लिएँ शरणमा ❀ हे भीष्मजी ! सुन्नुभो ॥
यस्तो बात हुँदै थियो रथ लिई ❀ आईपुगे मातली ।
विष्णू-दूत समेत हाजिर भए ❀ तिन्लाइ लीनै भनी ॥२४॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

इन्द्रैका रथमा ति भीष्मकन ता ❀ दूतैहरूले गई—
ओकी राखिदिए यता जिउ ढल्यो ❀ तिन्कै त मृत्यू भई ॥
हाँक्दा मातलिले रथै उडिगयो ❀ आकाश बाटो गरी ।
बोले भीष्मजिले सदा जय हवस् ❀ श्रीकृष्णजी हुन् हरी ॥२५॥
पुष्पै वृष्टि भयो उही स्थलमहाँ ❀ श्रीकृष्णजीले अनी ।
आज्ञा बक्सनु भो युधिष्ठिरजिमा ❀ संस्कार गर्नू भनी ॥
वेदैका विधिबाट सत्गति गरे ❀ श्रीभूपतीले तहीं ।
त्याहाँबाट ति हस्तिनापुर गए ❀ फर्केर फिर्की लिई ॥२६॥
तेह्रौं ता दिनमा पितामहजिको ❀ भो शुद्धशान्ती पनी ।
तिन्कै नाममहाँ युधिष्ठिरजिले ❀ दानै दिए खुब् अनी ॥
यज्ञै आदि गरेर ब्राह्मणहरू ❀ खूवाए बहूतै तहाँ ।
चोखीएर बसे ति पाण्डवहरू ❀ आफ्ना रही राज्यमा ॥२७॥
आज्ञा श्रीपतिले युधिष्ठिरजिमा ❀ गर्नू भयो त्यै घरी ।
राजन्! न्याय लिएर राज्य गर लौ ❀ भक्ती त मेरै धरी ॥
देऊ भूपति ! लौ विदा मकन ता ❀ जान्छू म द्वारावती ।
भन्दा धर्मकुमारले पनि भने ❀ बिन्ती चढाई यती ॥२८॥
स्वामिन्! जान्छु भनीयहाँ हुकुम भो❀ मेरो भरोसा गती ।
आफैं ता हुनुहुन्छ दीन-जनका ❀ स्वामी जगत्का पती ॥
यस्तै औसरमा सुनेर हरिका ❀ जाने कुरा देशमा ।
आए रानिहरू बुहारिहरु फेर् ❀ तिन्कै अगाडीमहाँ ॥२९॥
बैह्नी श्रीहरिकी र द्रौपदि समेत् ❀ रानीहरूले भई ।
ढोगे-भेट गरे ति कृष्णकन ता ❀ हेर्दै अगाड़ी रही ॥
पाँचै पाण्डव पाउमा प्रभुजिका ❀ पर्दा भए त्यै घरी ।
आऊँला म फिरी भनी रथ चढी ❀ बस्नू भयो श्रीहरी ॥३०॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हाँके सात्यकिले रथैं प्रभुजिको ❀ वायू सरी भै गयो ।
थोरै बेर पछी उही रथ अनी ❀ द्वारावतीमा पुग्यो ॥
पाल्नू भो प्रभु कृष्णजी अब भनी ❀ सम्पूर्ण खूशी भए ।
थामीयो रथ उत्रि श्रीपति अनी ❀ दर्बार-भित्रै गए ॥३१॥
देख्दामा शशिलाइ हर्षित खुबै ❀ हुन्छन् चखेवा पनी ।
उस्तै कृष्णजिलाइ पाइ दुनियाँ ❀ खूशी भईगो अनी ॥
जस्ले भारतको कथा यहि पढोस् ❀ सूनोस् सुनाओस् यहाँ ।
त्यस्ले धर्म कमाइ विष्णु-पद पो ❀ पाऊँछ अन्त्यैमहाँ ॥३२॥

❀ इति अनुशासनपर्व समाप्त ❀

पुस्तक पाइने ठेगाना —

बाबू माधवप्रसाद शर्मा,

वाराणसी-१

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

* श्रीः *

महाभारत-अश्वमेधपर्व

नष्टै भो कुल ता भनी हृदयमा * सन्ताप ली भूपती ।
बस्थे खिन्न भएर व्यास उ बखत् * आएर भन्छन् यती ॥
राजन्! लौ गर अश्वमेध तिमिले * तिम्रा ति पापैहरू ।
जानन् नष्ट भएर धर्म बढला * हूनेछ कीर्ती अरू ॥१॥
मार्दा रावण-वंशलाइ रणमा * श्रीरामजीले पनी ।
गर्नू भो अघि अश्वमेध भवमा * त्यै पाप छुट्ला भनी ॥
आज्ञा यो सुनि हर्ष मानि बहुतै * श्री व्यासलाई तहाँ ।
भन्छन् धर्मकुमार दौलत खुबै * चाहिन्छ यस् कार्यमा ॥२॥
युद्धैमा धन द्रव्य खर्च भइगो * एती भनेथे जसै ।
केही ध्यान गरेर व्यास ऋषिले * फेर् भन्न लागे तसै ॥
धेरै दौलत छन् मरुत् नृपतिका * गंगोत्रि नेरै पनी ।
भूमिलाइ खनी मगाउनु हवस् * त्यै खर्च गर्नू अनी ॥३॥
यस्तै औसरमा पुग्यो रथ पनी * श्री कृष्णजीको तहीं ।
उत्री कृष्णजि ता सभा-भवनमा * पाल्नू भयो खुश् भई ॥
देखी श्रीहरिलाइ पाउ परदै * सिंहासनैमा धरी ।
सोधे धर्मकुमारले उहि बखत् * यस्ता तवर्ले गरी ॥४॥
अर्ती व्यासजिको शिरोपर धरी * हे नाथ! मैले यहाँ ।
अश्वैमेध गरूँ भनेर मनले * आँटीलिएँ राज्यमा ॥
गंगोत्री नजिकै धनै छ भुमिमा * ह्यूँमा गडेको पनी ।
वेदव्यासजि भन्नु हुन्छ भगवन्! * त्यै हो मरुत्को भनी ॥५॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पाए द्रव्य असंख्य ती मरुतले * कस्ता तवर्ले गरी ? ।
फेरी त्यै धन हीउँमा गडिगयो * गाड़ेछ कस्ले धरी ? ॥
यस्तो प्रश्न सुनी युधिष्ठिरजिको * श्री द्वारकानाथले ।
आज्ञा गर्नुभयो कुनै नरपती ! * थीए मरुत् नामले ॥६॥
भक्ती शंकरको गरेर तिनले * तिन्देखि खूशी भई ।
ठूलो दौलत रत्न बक्सनु हुँदा * ल्याए मरुत्ले उही ॥
भाँडा बर्त्तन खुब् रचेर सुनका * द्रव्यादि खर्चैं गरी ।
यज्ञैको शुरु गर्दिए मरुतले * आनन्दमाहाँ परी ॥७॥
दानै दीकन स्वर्ण-पात्र द्विजमा * राजा मरुत्ले तहाँ ।
लानू सम्म लगे अरू त्यहिं त्यजे * विप्रादिले भूमिमा ॥
तिन्माथी हिम वर्षदा दबिगए * जम्मा ति पात्रै तहीं ।
राजाको हक हो गडोति धनमा * त्यै द्रव्य ल्याऊ गई ॥८॥
सोही द्रव्य गरेर खर्च तिमिले * त्यै अश्वमेधै गरी ।
आफ्नू पाप हटाइ पुण्य गर लौ * कीर्ती जगत्मा छरी ॥
यो आज्ञा हरिको सुनी खुशि भए * ती व्यासजी त्यस् घरी ।
भन्छन् त्यै धन लौ मँगाउ तिमिले * यो अर्ति मेरो धरी ॥९॥
राजा धर्मकुमारलाइ यि कुरा * अर्ती सरीका भनी ।
ऊठी व्यास गए कुटीतिर स्वयम् * गर्नैं तपस्या अनी ॥
भन्नूभो हरिले ति धर्मसुतमा * राजन् ! त्यजी शोक ती ।
गर्नोस् यज्ञ त अश्वमेधकन ता * धर्मैविषे दी मती ॥१०॥

अनुगीता ।

हेरी कृष्णजिलाइ पार्थ खुशि भै * भन्छन् हजुर्ले तहाँ ।
गीता ज्ञान सुनाइ-बक्सनु भयो * पैहे लड़ाईंमहाँ ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ऐेह्ले ती सब ज्ञान छैन मनमा ❀ भूलेंछु मैले हरी ! ।
फेरी त्यै अब सुन्न खोज्दछु प्रभो ! ❀ आज्ञा हवस् यै घरी ॥१॥
भन्नू भो हरिले उही विषयमा ❀ ज्ञानादिको यस् घरी ।
भन्दैछू इतिहास लौ सुन सबै ❀ एकाग्र चित्तै गरी ॥
डुल्थे कश्यपजी कुनै विपिनमा ❀ तिन्सीत क्वै सिद्धको ।
भेटै भो पथमा र कश्यपजिले ❀ केही कुरा सोध्नु भो ॥२॥
त्यस्का उत्तरमा ति सिद्ध खुशि भै ❀ यै वाक्य भन्दा भए ।
भोगैमा विषयादिको मन धरी ❀ प्राणी ति बिग्रीगए ॥
नाना कर्म गरेर प्राणिहरुले ❀ पाऊँ सुखादी भनी ।
गर्छन् यत्न परन्तु छैन स्थिर त्यै ❀ मेटिन्छ चाँडै पनी ॥३॥
लोभी क्रोधि र इच्छुकै बनि अघी ❀ बस्दा मईले पनी ।
ऊँचो कर्म र नीच कर्म गरियो ❀ सौख्यै म पाऊँ भनी ॥
तिन्कै ता फलले कती समय ता ❀ गै स्वर्गमा मै रहें ।
पृथ्वीलोक र नर्कमा पनि गई ❀ बेला बिताई दिएँ ॥४॥
कैह्ले सौख्य भयो मलाइ बहुतै ❀ कैह्ले त दुःखै परी ।
कैह्ले सानु भई बसें म कहिले ❀ थीएँ ति राजै सरी ॥
धेरै पालि सहेर दुःख-सुख सो ❀ यी तुच्छ पो हुन् भनी ।
कामै-क्रोध र लोभ-मोह अब ता ❀ गर्दीन कैह्ले पनी ॥५॥
मेरा लोभ र क्रोध दूर जब भो ❀ ज्ञानी म आफैं भएँ ।
तस्मात् कश्यपजी ! तिमीकन पनी ❀ यै अर्ति मैले दिएँ ॥
इच्छा केहि न-लेउ यो विषयको ❀ सौख्यादि होला भनी ।
एती गर्न सक्यौ भने सुफल भो ❀ यो जिन्दगानी पनी ॥६॥
यो अर्ती सुनि सिद्धको ति ऋषिले ❀ फेर् प्रश्न गर्छन् तहाँ ।
प्राणीले किन जन्म-मृत्युकन ता ❀ देखेर संसारमा ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मेरो जन्म भयो मरें म त भनी ❀ ठान्छन् ति साँचै गरी ।
आफ्नू देह त आफु हो किन यहाँ ❀ ठान्छन् भ्रमैमा परी ॥७॥
आफू भन्नु त देह हो कि नरको! ❀ आत्मा कि हो आफु यो ?।
भस्मै भैकन मट्टिमा मिलिसकी ❀ त्यै देहले सुन्नु भो ॥
त्यस्ले पाउँछ लीन देह पनि ता ❀ अर्कै जसोरी यहाँ ।
त्यै सुन्नाकन खोज्छु सोहि कहनोस् ❀ मेरा अगाडीमहाँ ॥८॥
कस्तो पाप गरेर यै पृथिविमा ❀ की दोष कौनै परी ?।
आफ्नू आयु घटेर एहि जगमा ❀ जान्छन् यि प्राणी मरी ॥
मर्ने काम छुटेर सौख्य जगमा ❀ हूने प्रयत्नै पनी ।
याहाँ केहि भए बताउनु हवस् ❀ यै हो उपायै भनी ॥९॥
यस्तो प्रश्न सुनेर सिद्धजि अनी ❀ क्यै भन्न लागे तहाँ ।
मिल्दा खेरि यि पञ्च-भूतहरुले ❀ देहै खड़ा भो यहाँ ॥
देहै ता घर हो मनै त उसको ❀ ढोका समानै भई ।
आग्लो हो भनि जान्नु मोहकन ता ❀ साँचो कुरा हो यही ॥१०॥
साथैका त दशेन्द्रियैहरु पनी ❀ हुन् भयाल त्यस्का तिनी ।
ठान्छन् ज्ञानिहरू सदा हृदयले ❀ भुट्टा बनेका भनी ॥
स्वामी त्यै घरको छ जीव अरु क्वै ❀ त्यै देह आफैं यदी ।
हुन्थ्यो मालिक ता उ स्वप्न सरिको ❀ सृष्टी त आफैं रची ॥११॥
गर्थ्यो सौख्य उ रोज-रोज बहुतै ❀ इच्छानुसारै यहाँ ।
तस्मात् जीव छ स्वामि ता अरु कुनै ❀ भन्नू पर्‍यो लोकमा ॥
मान्नै पर्दछ देह भित्र छ कुनै ❀ आत्मा भनेको पनी ।
त्यै हो दुःख र सौख्य भोग गरने ❀ स्वामी सरीको बनी ॥१२॥
मट्टीको पुतली समान छ यही ❀ देहै सबैले कहे ।
यस्लाई सुख-दुःख छैन कहिल्यै ❀ यो तत्त्व जानी लिए ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पैह्लेको कपड़ा पुरानु हुन गै * फेर्छन् अरू जो पनी ।
उस्तै जीर्ण शरीर फेर्छ अरकै * लीएर आत्मा पनी ॥१३॥
पूर्वै जन्मविषे विचार मनमा * जस्तो थियो त्यस् घरी ।
सोही आफ्नु विचार ली सब जना * जन्मादि लिन्छन् धरी ॥
आमा-बाबु र दाज्यु-भाइ सबको * भिन्नै विचारै भई ।
तिन्कै ता मति भिन्न हुन्छ बुझ्नू * हर्दम् न-मिल्दै रही ॥१४॥
आफ्नू पूर्व कमाइ माफिक यहाँ * क्वै निर्धनी क्वै धनी ।
हूँदै बस्दछ दुःख सौख्य गरदै * यै बात साँचो छ नी ।
देखिन्छन् जगमा ति अल्छि र महा- * मूर्खै पनी यस् घरी ।
लक्ष्मीवान् धनि भै सुखै ति गरने * माहाजनैका सरी ॥१५॥
देखिन्छन् ति गरीब निर्धनि सरी * अल्छी न-गर्ने अनी ।
विद्वान् जो छ परिश्रमी उ पनि ता * याहाँ हुने निर्धनी ॥
देख्दा एहि बुझिन्छ पूर्व जुनिमा * जस्तो कमाई गर्‍यो ।
उस्तै माफिक क्वै धनी हुनगई * आनन्दमाहाँ पर्‍यो ॥१६॥
यस्तो देखि दशा यि प्राणिहरुको * ज्ञानीहरू छन् जती ।
मान्दैछन् तिनि पूर्वजन्मकन ता * मानेर साँचो अती ॥
धेरै खानु हुँदैन थोर पनि ता * खाँदै न-खाई यहाँ ।
भोकैको अनुसार भोजन गरे * रोगी उ होला कहाँ ?॥१७॥
बेलामा मलमूत्र त्याग गरनू * यै रीति राम्रो भनी ।
रोक्नू हुन्न कदापि कोहि जनले * फेरी गरूँला भनी ॥
खाएको जति खाद्य वस्तुहरु गै * पाकस्थलीमा रही ।
सारै वस्तु रसादि रक्त हुन गै * शक्ती ति दिन्छन् तहीं ॥१८॥
चिन्ता फिक्रिहरू न-गर्नु कहिल्यै * आएर संसारमा ।
रीसै गर्नु पनी न-जाति छ सधैं * क्वै प्राणिका साथमा ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यस्तो कर्म गरे विकार बहुतै ❀ फैली रगत् बीचमा ।
वीर्यै दूषित हुन्छ जान्नु सबले ❀ आफ्नू शरीरै महाँ ॥१९॥
वीर्यैबाट शरीर धारण सदा ❀ हुने यहाँ हो भनी ।
वीर्यै नष्ट न-गर्नु वीर्यकन ता ❀ राख्नू बढोस् यै भनी ॥
वीर्यैलाइ बढाउनू विषयमा ❀ धेरै न-भूल्ने भई ।
सोही हुन्छ निरोगि जीवन पनी ❀ टिक्ने छ धेरै रही । २०॥
देहै मानुषको त मर्छ बुझ्नू ❀ आत्मा न-मर्ने बनी ।
सोही व्यापक यत्रतत्र छ सधैं ❀ नाशिन्न कैल्ह्यै पनी ॥
त्यै आत्माकन चिन्नु पर्छ जनले ❀ चिह्न यही हो भनी ।
देख्ने मानिस पापले रहित भो ❀ भै जान्छ मुक्तै पनी ॥२१॥
त्यै भो जीवनमुक्त कर्महरुले ❀ त्यसलाइ बाँध्ने यहाँ ।
सक्ने छैन कदापि चैन गरला ❀ घूमेर संसारमा ॥
एती कश्यपलाइ अर्ति दिइ फेर् ❀ सिद्धै बिलाई गए ।
त्यै अर्ती मनमा लिएर खुशि भै ❀ ती कश्यपैजी गए ॥२२॥
कोही विप्र थिए तपस्वि बनमा ❀ बस्ने कुटीमा रही ।
गर्थे चिन्तन ब्रह्मको तिनि सदा ❀ आफू विरक्ती भई ॥
भार्या तिन्कि थिइन् भनिन् नजिक गै ❀ क्यै झर्किए झैं गरी ।
गर्नू हुन्न कमाइ ध्यान छ फगत् ❀ मानू छ त्यै चाकरी ॥२३॥
खानू-लाउनु पूर्ण छैन धन क्यै ❀ पाउन्न राख्नै भनी ।
मै जस्ती त अभागिनी अरु कुनै ❀ होवैन नारी पनी ॥
स्त्रीका बात सुनेर ब्राह्मण पनी ❀ क्यै भन्न लागे तहाँ ।
तिम्ले भन्नु भन्यौ थियो उचित जो ❀ भन्ने कुरा हो यहाँ ॥२४॥
के गर्नू तर द्रव्य सौख्यहरु भै ❀ देखेर मानीसले ।
गर्छन् द्वेष ठुलो यही सुखि भयो ❀ भन्दै ठुलो ईखले ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तस्मात् खोज्दिन क्यै म ता सुख कभै * त्यै सौख्य खोज्दामहाँ ।
नाना दुःख उठाउनू पनि यहाँ * पर्नेछ आखीरमा ॥२५॥
साह्रै चञ्चल यो मनै छ नरको * त्यस्लाइ रोकी लिए ।
दुःखादीहरु ती बिलाइ सहजै * जान्छन् अवश्यै अरे ॥
आँखीभौंहरुकै त मध्यस्थलमा * नाडी भएका जती ।
जम्मा भैकन बस्दछन् मन तहीं * लाए उ जाला रुकी ॥२६॥
हेर्दा ता मनकै छ खेल सब यो * दुःखादि सौख्यै पनी ।
तस्मात् त्याहिं नजर् दिए मन रुकी * पाइन्छ शान्ती भनी ॥
गर्दैछू त्यहि काम सुन्दरि ! म ता * भन्छू तिमीले पनी ।
इच्छा केहि न-राख सौख्य गरुँला * खाई-लगाई भनी ॥२७॥
जस्देखी सब सृष्टि भो पछि पनी * मिल्नेछ जस्मा गई ।
जो छन् व्याप्त यता-उता सब ति ता * आफ्नै त सत्ता लिई ॥
जस्मा चित्त लगाइ ज्ञानिजन ता * भै मुक्त मिल्छन् तहीं ।
त्यस्ता मालिक ब्रह्ममा मन दिए * बस्छन् ति शान्तै भई ॥२८॥
भार्यालाइ दिएर ज्ञान तिनिले * अज्ञान गै गो अनी ।
दूवैको मन ब्रह्ममा रमिगयो * बस्थे ति मुक्तै बनी ॥
संवादै पति-पत्निको प्रभुजिले * भन्नू भएको सुनी ।
अज्ञानादि विनष्ट भै खुशि भए * खूबै किरीटी पनी ॥२९॥

युधिष्ठिरले धन-दौलत लिनजानु, परीक्षित-जन्म ।

सल्लाह गरि पाँच पाण्डव गए * सेना लिई साथमा ।
गंगोत्री तिर गै गए धनहरू * ल्याउनका निम्तिमा ॥
बस्नू भो हरि हस्तिनापुरि महाँ * रक्षा गरी राज्यको ।
गै गो उत्तर तर्फ त्यै कटक पो * श्री धर्मराजाजिको ॥१॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गाऊँ - पर्वत - जंगलै - शहर घेर् ❀ नाघेर हिंड्दै गरी ।
गंगोत्री नदिका पुगे तटविषे ❀ सेना खुशीमा परी ॥
पाँचै भाइ मिलेर तीर्थ-जलमा ❀ स्नानादि पैह्ले गरे ।
पूजा शंकरको गरी त्यहिं रही ❀ रात्री बिताईदिए ॥२॥
भोली पल्ट उठेर फौज सहितै ❀ मीलेर जल्दी गरी ।
खन्दा त्यै तटमा असंख्य धन पो ❀ निस्क्यो सजीलै गरी ॥
पाए दौलत स्वर्ण-पात्र सहितै ❀ खुब् रत्नराशी तहाँ ।
गाडा-ऊँट र हात्तिमा धन सबै ❀ लादे उसै बीचमा ॥३॥
पाई द्रव्य असंख्य पाण्डवहरू ❀ खूशी बहूतै भए ।
बिस्तारै सित फर्कि राज्यतिरको ❀ रस्ता समातीलिए ॥
जानू खन्नु र लादनू अनिपछी ❀ फर्केर राज्यै महाँ ।
पुग्दा मास तिनेक ता बितिगए ❀ तिन्को यही कार्यमा ॥४॥
भार्या श्रीअभिमन्युकी जुन थिइन् ❀ श्री उत्तरा सुन्दरी ।
सुत्केरी हुनको पुगेछ महिना ❀ तिन्को र गिन्ती गरी ॥
सासू रानिहरू मिलेर बहुतै ❀ दानादि तिन्ले गरे ।
गाई - भूमि - सुवर्ण - दान मिलदा ❀ लीने चयन्मा परे ॥५॥
दासी केटिहरू नियुक्त गरिए ❀ आए त्यहीं ज्योतिषी ।
थापे पानिघड़ी ग्रहादि कन ती ❀ हेर्थे लगाई मती ॥
मत्स्यैराज-कुमारिका उदरमा ❀ पैह्ले त पीडा भई ।
बेला पूर्ण भएर बालक पनी ❀ जन्म्यो मरेको तहीं ॥६॥
त्यस्तो दुर्घटना हुँदा महलका ❀ रोए जनाना सबै ।
गर्नें झारफुक ती गुनीहरु सबै ❀ भागे अचम्मै हुँदै ॥
पाई सोहि खबर् उसै समयमा ❀ श्रीकृष्ण आफैं गई ।
देख्नू भो सब हाल-चाल घरको ❀ त्याहीं खड़ा भै रही ॥७॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

देखी कृष्णजिलाइ द्रौपदि रुँदै ❀ भन्छिन् हजुर्ले यहाँ ।
यो बच्चाकन लौ जियाउनु हवस् ❀ बिन्ती छ पाऊमहाँ ॥
आँट्यो यो कुल-नष्ट हून अहिले ❀ ज्यूँदो न होस् ता यही ।
तस्मात् माधव! भक्तवत्सल! हरे ❀ यो बिन्ति लागोस् यहीं ॥८॥
लागिन् आँसु गिराउने उहि बखत् ❀ ती द्रौपदीजी तहाँ ।
रानी जत्ति मिलेर फेरि हरिका ❀ भन्छन् अगाडीमहाँ ॥
हे नारायण! कृष्ण! आज भगवान् ❀ आफैं जगत्मा भई ।
हाम्रो वंश कदापि डुब्न न-सकोस् ❀ बिन्ती छ हाम्रो यही ॥९॥



श्रीकृष्णजीले मृत बालक बचाएको ।

सुन्दा बिन्ति दया लिएर मनमा ❀ निर्जीव त्यै बालकै ।
काखैमा लिई बस्नुभो प्रभु पनी ❀ खाली भुमीमा तबै ॥
त्याहाँका सब प्राणिलाइ हरिले ❀ हेरेर सोही घरी ।
आज्ञा गर्नु भयो सुनुन् तिनि भनी ❀ चर्को स्वरैले गरी ॥१०॥
आजन्मै यदि सत्य मैसित छ ता ❀ मेरा कुराले गरी ।
ज्यूँदो पारिदिउन् यही शिशुकनै ❀ श्रीईश्वरै यस् घरी ॥
आज्ञा एति गरेर मन्त्र पढ़ि क्यै ❀ अस्त्रै उतार्नू भयो ।
ज्यूँदो भैकन त्यै शिशू उहि बखत् ❀ फेर् रून लागीगयो ॥११॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

देख्दा कृष्णजिको प्रभाव सबले ❀ आनन्द मानी अती ।
श्रीनारायण कृष्णको जय भनी ❀ लागे पुकार्नैं कती ॥
राख्नू भो हरिले परीक्षित भनी ❀ त्यस्कै त नामै पनी ।
लाग्यो मंगल-वाद्य बज्न बहुतै ❀ गीतै शुरू भो अनी ॥१२॥
दानै-पुण्य गरे ति रानिहरुले ❀ विप्रादिमा त्यै घरी ।
कंगालीकन अन्न द्रव्य बहुतै ❀ बाँडे खुशीमा परी ॥
गाडा-हात्ति र ऊँटमा धनहरू ❀ लीएर सोही घरी ।
फर्की त्याहिं पुगे ति पाण्डवहरू ❀ आनन्द चित्तै गरी ॥१३॥

महाराज युधिष्ठिरको अश्वमेध यज्ञ ।

भन्नू भो हरिले युधिष्ठिरजिमा ❀ राजन् ! हजुर्ले यहीं ।
थाल्नोस् त्यै मख अश्वमेध कहिने ❀ हाम्रा अगाडी रही ॥
यस्तै बात हुँदै थियो उहि बखत् ❀ श्री व्यास आईगए ।
सत्कारादि गरेर धर्मसुतले ❀ तिन्लाइ राखी लिए ॥१॥
भन्छन् भूपति नाथकै त अहिले ❀ हूँदा कृपा यस् घरी ।
गङ्गोत्री गइ रत्न-दौलतहरू ❀ ल्याएँ सजीलै गरी ॥
अश्वैमेध कसोरि गर्नु मइँले ❀ आज्ञा हवस् त्यै यहाँ ।
सुन्दा व्यास खुशी भएर उ बखत् ❀ लागे ति भन्नै तहाँ ॥२॥
राजन् ! दीक्षित हूनु पर्छ तिमिले ❀ यै पूर्णिमाका दिनै ।
यो वर्षैं भरि ब्रह्मचर्य रहनू ❀ आनन्द मानी खुबै ॥
सुत्नू ता मृगचर्ममा पृथिविमा ❀ खाद्यादिका बीचमा ।
खानू पर्छ हविष्य अन्न कन ता ❀ इच्छा न-दी पापमा ॥३॥
जो पर्ने अरु कर्म गर्न सब छन् ❀ विप्रादिहेरू यहाँ ।
गर्नेछन् मख याज्ञवल्क्यहरुले ❀ त्यै यज्ञ-कुण्डै महाँ ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अश्वैका पछि लागि पार्थ हिंडनन् ❀ रक्षा उसैको गरी ।
भीमैले अनि भाइ ती नकुलले ❀ राज्यादि बस्नन् गरी ॥४॥
हेर्‌चाहा सहदेव बाट हुनगै ❀ दर्‌बारका बीचमा ।
श्रीनारायण कृष्ण मंगल दिनन् ❀ हाम्लाइ त्यै यज्ञमा ॥
पूर्णै सो हय-मेध हुन्छ सहजै ❀ फिक्री न-लेऊ रती ।
सामग्री सब लौ जुटाउन हुकुम् ❀ देऊ छिटै भूपती ! ॥५॥
आज्ञा व्यासजिको सुनेर खुशि भै ❀ ती भूपतीले अनी ।
हूकुम् उर्दि दिए सबैकन तहीं ❀ जो गर्नु पर्ने भनी ॥
साराले मिलि आफ्नु काम गरदा ❀ उत्साह ठूलो गरी ।
सामग्रीहरु चाहिने जउन हो ❀ पूर्णै भयो त्यस् घरी ॥६॥
यज्ञै-मण्डप चारकोश भुमिमा ❀ तैयार पारीलिए ।
संस्कारादि गरेर टाँगि चँदुवा ❀ राम्रो गराई दिए ॥
देवर्षी अरु कश्यपादि बहुतै ❀ जो-जो ऋषीजी थिए ।
निम्तो पाइ ति सर्वले हवनमा ❀ आएर लागी गए ॥७॥
बेला भैकन व्यासले नृपतिमा ❀ दीक्षा सुनाई तहाँ ।
राजा दीक्षित ती युधिष्ठिर भए ❀ त्यै यज्ञ शालामहाँ ॥
आचार्यै भइ व्यासले हवनको ❀ पूजा जपैको पनी ।
कार्यैभार खटाइ बक्सनु भयो ❀ सारा ऋषीमा अनी ॥८॥
राजाले मृगचर्म पैह्रिकन फेर् ❀ सारा ऋषीलाइ ता ।
टीका लाइ दिई गरे वरण फेर् ❀ त्यै यज्ञका कार्यमा ॥
वेदैका पढ़ि मन्त्र ती ऋषिहरू ❀ होमादि गर्दा भए ।
स्वाहाको अति तीव्र शब्द हुनगै ❀ देवादि खूशी भए ॥९॥
घोड़ालाइ सिंगारि वीरहरुले ❀ ल्याई पुऱ्याए तहाँ ।
लेखे व्यासजिले सुकीर्ति नृपको ❀ क्वै स्वर्ण-पत्रै महाँ ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जो छन् भूप-समाज पृथ्वितलमा ❀ ऐह्ले रहेका तिनी ।
जानुन् भूपति श्रीयुधिष्ठिर म हूँ ❀ श्रीपाण्डु-पुत्रै पनी ॥१०॥

गर्नैलाइ भनेर आज मख यो ❀ श्री अश्वमेधै यहाँ ।
छोड्दैछू हयलाइ रक्षक गरी ❀ श्रीपार्थ साथै महाँ ॥
जो छन् क्षत्रिय वीर भूपतिहरू ❀ साम्ने अगाडी सरी ।
मेरो यो हयलाइ तागत भए ❀ लीएर जाउन् घरी ॥११॥

मेरा भाइ ति इन्द्र तुल्य बलमा ❀ श्रीपार्थ छन् साथमा ।
तिन्ले युद्ध गरी जितेर रणमा ❀ त्यै अश्व लीनन् तहाँ ॥
शक्ती छैन भने परी शरणमा ❀ श्रीपार्थ साथै भई ।
जाउन् अश्व पछी-पछी नृपहरू ❀ हाम्रो त पत्तै लिई ॥१२॥

पैह्ले भारत-युद्धमा नृपहरू ❀ प्राणी असंख्यै जती ।
मारेको सब पाप मेट्न मख यो ❀ गर्दैछु हे भूपती ! ॥
इत्यादी सब वाक्य लेखिकन ता ❀ त्यै स्वर्णका पत्रमा ।
बाँधीदीनु भयो ललाट बिचमा ❀ त्यै अश्वकै पो तहाँ ॥१३॥

पूजा-कर्म सबै गरेर हयको ❀ फेरी उसै बीचमा ।
छोड़ीयो हय त्यै युधिष्ठिरजिले ❀ दौड्यो अगाड़ी महाँ ॥
भन्नूभो नृपले ति पार्थकन फेर् ❀ हे भाइ ! तिम्ले गई ।
रक्षा गर्नु तुरंगको सब जना ❀ सेना समेतै भई ॥१४॥

तिम्रो मंगल होस् पथादिहरुमा ❀ जाऊ भनेथे जसै ।
घोडाका पछि लागि अर्जुन गए ❀ सेनाहरू ली तसै ॥
घोडा वेदि त्यजेर उत्तर दिशा ❀ लीएर दौड़ी गयो ।
रक्षा गर्न भनेर सैन्य नृपको ❀ त्यस्कै पछाड़ी भयो ॥१५॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

राजाहरूसित अर्जुनको युद्ध ।

घोड़ा त्यै त त्रिगर्तका मुलुकमा ❀ पुग्दो भयो जुन्घरी ।
आए भिड्न त्रिगर्तका नरपती ❀ सेना समेतै गरी ॥
भन्थे भूपतिलाइ त्यै मुलुकमा ❀ श्रीसूर्यवर्म्मा सबै ।
तिन्ले अर्जुनमाथि बाणहरुको ❀ वर्षा गराए खुबै ॥१॥
तिन्का बाण समूह काटिकन फेर् ❀ श्री पार्थले त्यै घरी ।
सत्रोटा सरदार वीर तिनका ❀ मारे अगाडी सरी ॥
राजालाइ समेत घायल गरी ❀ सेनादि मारी दिए ।
मेलै गर्छु भनी तृगर्त-पतिले ❀ घोडा अनी दीदिए ॥२॥
त्याहाँदेखि कुदेर अश्व बहुतै ❀ घुम्दै बनादी महाँ ।
प्राग्ज्योती पुरमा पुग्यो हय थिए ❀ श्रीवज्रदत्तै जहाँ ॥
पुत्रै हुन् भगदत्तका तिनि त्यहीं ❀ राजा भएका थिए ।
तिन्ले पत्र पढेर अश्वकन ता ❀ जल्दी समाती लिए ॥३॥
तिन्का साथ गजे रहेछ बलवान् ❀ ठूलो र मोटो अती ।
त्यैमाथी चढि भिड्न अर्जुनसितै ❀ आईगए भूपती ॥
केही बेर भिडेर अर्जुनजिले ❀ सातै शरै त्याग् गरी ।
हात्ती मारि दिए र त्यै गिरिगयो ❀ देख्दा पहाड़ै सरी ॥४॥
हात्ती ता गिरिगो कुदे नरपती ❀ लींदै गदा हातमा ।
पाँचै बाण त्यजी गदाकन पनी ❀ टुक्रा गराए तहाँ ॥
शस्त्रै-हीन भए ति भूपति जसै ❀ श्रीपार्थले त्यै घरी ।
लागे भन्न म खुशि छू बस तिमी ❀ याहीं स्वराज्यै गरी ॥५॥
आऊनू पछि हस्तिनापुर तिरै ❀ त्यै यज्ञशाला महाँ ।
अश्वैमेध हुनेछ भूपतिहरू ❀ जम्मा हुनेछन् तहाँ ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आज्ञा मान्य गरी तुरंगकन ता * सुम्पेर राजा तिनी ।
फर्के राज्य तिरै र अश्व छुटिगो * पक्रेर रस्ता अनी ॥६॥
घोडा सिन्धु प्रदेशमा घुसिगयो * घुम्दै र नाच्दै गरी ।
जम्मा भैकन भूपतीहरु निकै * आए अगाडी सरी ॥
साथैमा सब सैन्धवादि हतियार् * लीएर आई गए ।
घेरी अर्जुनलाइ बाणहरुको * वर्षा गराई दिए ॥७॥
काटी त्यै शर-जाल अर्जुनजिले * लाखौं शरादी त्यजी ।
मारे सैन्धव-सैन्यलाइ रणमा * थीए अगाडी जती ॥
आफ्नू सैन्य विनष्ट भो र बहुतै * वीरादि जम्मा भई ।
लागे हान्न अनेक शस्त्र उ बखत् * ती पार्थ नेरै गई ॥८॥
साराले मिलि खुब् प्रहार गरदा * ती पार्थका देहमा ।
चारै तीर घुसेर बाण बहुतै * पीडा पऱ्यो जीउमा ॥
साह्रै निर्बल भै उ गाण्डिव धनू * फुत्रुक्क खस्दो भयो ।
भन्न् उस्माथि ति सैन्धवादि गणले * चोट् फेरि थप्दै गयो ॥९॥
देखी अर्जुनको दशा उहि बखत् * वायू सरीका भई ।
आई इन्द्रजिले बचाउनु भयो * ती पार्थलाई तहीं ॥
स्पर्शै इन्द्रजिको हुँदा जति थिए * पीडा हराई गए ।
ताजा भैकन उत्तिखेरि तिनले * गाण्डीव आफ्नू लिए॥१०॥
अग्नी-बाण त्यजेर अर्जुनजिले * त्यै सैन्धवी-सैन्यमा ।
आगो लाग्न गएर डढ्न सब ती * लागे उसै बीचमा ॥
जल्दै भस्म खरानि भै गिरिगयो * सेना उ आधा जसै ।
पुत्रै लीकन दुश्शला पुगिगइन् * सोही रणैमा तसै ॥११॥
देखी अर्जुनलाइ गै नजिकमा * ती दुश्शलाले अनी ।
लागिन् भन्न म बेह्नि हूँ हजुरकी * ऐह्ले हजुर्ले पनी ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यो सानू शिशुलाइ मानिज बुझी ❀ आफ्नै पिछामा लिई ।
युद्धै बन्द गराउनोस् हजुरले ❀ मानेर बिन्ती यही ॥१२॥
हाम्रा सैन्धवमा फुटेर कतिले ❀ आई लडाइं गरे ।
लाग्दा बाण हजूरका ति त सबै ❀ डढ्दै रणैमा गिरे ॥
थीए जुन् मुखिया विरोध-मतिका ❀ तिन्को इती भै गयो ।
मेरो बिन्ति लिएर प्राण सबको ❀भित्ता दिनोस् भन्छु यो॥१३॥
बैह्नीको विनती सुनेर करुणा ❀ गर्दै किरीटी तहाँ ।
भन्छन् बैह्नि ! फिरेर जाउ तिमि लौ ❀ आफ्नै त दर्बारमा ॥
आउन् ता रणमा अगाडी ति सबै ❀ आपस्त हुन् ता पनी ।
हाम्रो क्षत्रिय-धर्म यै छ भिड्नू ❀ शत्रू समानै गनी ॥१४॥
बाँकी सैन्धव छन् यिनै अभय लौ ❀ दिन्छू म छोड़ी यहाँ ।
लैजाऊ अब बैह्नि ! यिन्कन तिमी ❀ फर्केर राज्यै महाँ ॥
बैह्नीलाइ बुझाइ यस् तरहले ❀ त्यै अश्व छोड़ी दिए ।
फर्किन् बैह्नि ति पार्थले पथ अनी ❀ आफ्नू समाती लिए ॥१५॥

मणिपुरको युद्ध, पार्थले पुनर्जीवन प्राप्त गर्नु ।

गर्थे राज्य ति बभ्रुवाहन भनी ❀ श्रीपार्थ-पुत्रै जहाँ ।
घोडा त्यै मणिपूरमा घुसिगयो ❀ देखेर पत्रै तहाँ ॥
भैगो भूपतिलाइ मालुम पनी ❀ आए पिताजी भनी ।
भेट्नैलाइ लिएर रत्न बहुतै ❀ पौंचे अगाड़ी तिनी ॥१॥
पुत्रै हो भनि चीनि अर्जुनजिले ❀ भन्दाभए त्यस् घरी ।
तिम्ले मिल्न यसोरि आउनु यहाँ ❀ मेरा अगाडी सरी ॥
यो ता क्षत्रिय-धर्म ह्वैन बुझ लौ ❀ हे पुत्र ! जाऊ अनी ।
घोडा बाँधि लडाइँ गर्न रणमा ❀ आऊन वीरै बनी ॥२॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बोल्दै केहि न-बोलि भूपति छिटै ❀ दर्बार फर्की गए ।
बाटामा उलुपी मिलिन् र तिनले ❀ त्यै हाल भन्दाभए ॥
माता सौतिनि हुन् भनिन् उलुपिले ❀ हे पुत्र ! ऐह्ले गई ।
आज्ञा मानि पिताजिको भिड़ तिमी ❀ तिन्सीत सेना लिई ॥३॥
बाबूको दिल खुशि पार्नु सुतको ❀ कर्तव्य ठान्छू म ता ।
तिम्री हूँ म मुमा समान बुझ लौ ❀ जस्तै ति चित्राङ्गदा ॥
बाबूबाट निकै अनादर हुँदा ❀ झोकी भएकै थिए ।
अर्ती प्राप्त हुँदा लडाइँ गरनै ❀ तिन्ले त आँटीलिए ॥४॥
यज्ञैको हयलाइ पक्रन हुकुम् ❀ दीएर बाँधीवरी ।
सेना केहि लिई चढेर रथमा ❀ राजा चले ठीक् परी ॥
शस्त्रादी सहितै चढ़ेर रथमा ❀ मानू ति वीरै बनी ।
आएका सुतलाइ देखि खुशि भै ❀ ती पार्थ हाँसे अनी ॥५॥
हातैमा लिइ मुख्य गाण्डिव धनू ❀ ती भूपतीमा अनी ।
हाने बाण तिखा ति अर्जुनजिले ❀ देखेर तिन्ले पनी ॥
पार्थैका शरलाइ काटिकन ता ❀ हाने र बाणैहरु ।
घायल् पारिदिए ति पार्थकन ता ❀ त्यस्को कुरा के गरुँ ॥६॥
घायल् आज भएँ भनेर रिसले ❀ ती अर्जुनैले पनी ।
तीखा बाण त्यजेर तिन्कन छिटै ❀ घाऊ गराए अनी ॥
यस्तै औसरमा रिसाइ नृपले ❀ तीखा शरै तीस ली ।
हान्दा अर्जुनलाइ लागि ति गिरे ❀ मूर्छा तुरुन्तै परी ॥७॥
झट्टै होश भयो र अर्जुनजिले ❀ भन्छन् म धन्यै भनी ।
भन्छू आज तिमीसितै खुशि भएँ ❀ वीरै रहेछौ भनी ॥
एती बात सुनाइ वर्षण गरी ❀ बाणादि सोही घरी ।
घोड़ा मारि दिएर सारथि पनी ❀ मारे तुरुन्तै गरी ॥८॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उत्री झट् रथदेखि बभ्रु-नृपले ❀ कुल्चेर भूमी महाँ ।
हाने बाण पचास पार्थकन ता ❀ ताकेर छाती महाँ ॥
तीखा ती शर गै गडे हृदयमा ❀ ती पार्थका जुन् घरी ।
लोटे अर्जुनजी तुरुन्त रथमा ❀ हूँदै ति मुर्दा सरी ॥९॥
बाबू मारिदिएँ हरे ! भनि गिरे ❀ मूर्छा परी बभ्रुजी ।
यस्तो हाल सुनी पुगिन् त्यहीं छिटै ❀ चित्रांगदा ती सती ॥
पैह्ले नै उलुपी पुगेर स्थलमा ❀ हेरी रहेकी थिइन् ।
देखी तिन्कन छेड हानिकन ता ❀ चित्रांगदाले कहिन् ॥१०॥
तिम्ले ता कुल-नारि भैकन पनी ❀ यै पुत्रदेखिन् यहाँ ।
स्वामीलाइ मराइ हेर्नु यसरी ❀ पर्छ्यू उदेकै महाँ ॥
नारीले पति-भक्ति गर्नु परने ❀ सो छोड़ि रिस्मा परी ।
पेचै लाइ दियौ र आज विचरा ❀ ऐह्ले गिरे यी मरी ॥११॥
यिन्माथी रिस क्यै थियो कि कहु लौ ❀ सोही कदाचित् भए ।
मैले माँग्छु क्षमा मलाइ तिमिले ❀ लौ आज माफी दिए ॥
पुत्री हौ तिमि नागकी र तिमिमा ❀ शक्ती छ ठूलो पनी ।
बिन्ती गर्दछु प्राणनाथकन लौ ❀ सक्छयौ जियाऊ भनी॥१२॥
गर्दीनौ यदि कार्य ता यदि भने ❀ यिन्का सँगैमा म ता ।
जानेछू सति भै जलेर बुझ लौ ❀ स्वामी यि जानन् जता ॥
यस्तै औसरमा ति बभ्रुकन ता ❀ क्यै ज्ञानसञ्चार भो ।
बभ्रूवाहन होशमा भइ उठे ❀ देखेर संताप भो ॥१३॥
भन्छन् भूपति हे सुमा उलुपिजी ❀ आज्ञा हजुर्को भई ।
मैले कार्य गरें न-गर्नु परने ❀ थीयो तथापी उही ॥
खूशी भैकन ता मदेखि बहुतै ❀ यी पार्थलाई यहाँ ।
गर्नोस् जीवित ल्याइ अमृत छिटै ❀ यै मृत्यु-भूमीमहाँ ॥१४॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बभ्रूका सुनि वाक्य नाग-तनया ❀ हाँसेर ऊठीन् अनी ।
पृथ्वी फाटि गयो त्यहीं तिनि पसिन् ❀ फेर् बन्द भैगो जिमी ॥
माता पुत्र दुवै अचम्म हुनगै ❀ हेर्थे त्यरोकै महाँ ।
फाटिन् भूमि उलूपि निस्कन गइन् ❀ लींदै मणी हातमा ॥१५॥
बभ्रूवाहनलाइ त्यै मणि दिई ❀ भन्छिन् उलूपी अनी ।
हे बाबू ! यसलाइ जान तिमिले ❀ हो प्राण-दाता मणी ॥
मृत्यू भो जब नाग-राजहरुको ❀ पातालमा त्यस् घरी ।
राख्छन् यै मणि छातिमा र बिउँझी ❀ उठ्छन् अवश्यै गरी ॥१६॥
तस्मात् यै मणि राखिदेउ तिमिले ❀ श्रीपार्थका छातिमा ।
निद्राबाट उठेसरी ति सहजै ❀ बाँचेर उठ्छन् यहाँ ॥
एती बात सुनेर गैकन मणी ❀ आफ्ना पिताका पनी ।
बभ्रूले जब छातिमा धरिदिए ❀ आश्चर्य भैगो अनी ॥१७॥
श्रीनारायण ! राम-कृष्ण !! कहँदै ❀ निद्रा टुटे झैं गरी ।
ऊठे अर्जुनजी तुरुन्त उ बखत् ❀ ती बभ्रु पाऊ परी ॥
भन्छन् युद्ध त्यजी दिनोस् अब पिता ❀ एती भनेथे जसै ।
रोकी झट् रण गर्नलाइ खुशि भै ❀ ती पार्थ भन्छन् तसै ॥१८॥
हे बाबू ! अहिले रणस्थलमहाँ ❀ तिम्रा यि माता दुवै ।
आए आज बताउ लीन किन हो ! ❀ कुन् कार्य थीयो यतै ? ॥
दूवै रानिहरू उठेर पतिका ❀ पाऊ परे त्यस् घरी ।
लागिन् भन्न ति नाग-राज तनया ❀ तिन्का अगाडी सरी ॥१९॥
स्वामिन् ! गुप्त कुरा कहन्छु अहिले ❀ सुन्नोस् सबैले यहाँ ।
भीष्मैलाइ गिराउँदा हजुरले ❀ त्यै युद्ध-भूमी महाँ ॥
गङ्गा भागिरथीजिलाइ उ खबर् ❀ दीए बसूले गई ।
बोले अर्जुनले छलै गरि ठुलो ❀ ती भीष्म ढाले तहीं ॥२०॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गंगाले तब श्राप त्यै दिन दिइन् * ती पार्थ युद्धै गरी ।
पुत्रैका शर लागि मृत्यु-मुखमा * जाउन् अवश्यै मरी ॥
थीएँ प्राणपती ! म ता नजिकमै * मैले सुनें सो जसै ।
सो श्रापैकन टार्न मन्सुब गरी * सेवा गरें खुब् तसै ॥२१॥
सेवाले गरि जाह्नवी खुशि भइन् * साह्रै म देखी तहाँ ।
लागिन् भन्न मलाइ खूशी मनले * डाकेर साम्ने महाँ ॥
भीष्मैलाइ गिराउनू छल गरी * ठूलो अधर्मै भई ।
दिन्थे श्रीयमले त दण्ड बहुतै * ती पार्थलाई तहीं ॥२२॥
तस्मात् त्यै यम-दण्ड टार्न मनमा * चिन्ता म गर्दी भएँ ।
सौख्यै होस् पर-लोकमा भनि यही * मैले शरापै दिएँ ॥
मर्नैछन् ति किरीटि कोहि दिनमा * युद्धै हुँदा जुन् घरी ।
तिम्ले तिन्कन गै बचाउ उलुपी ! * क्यै दिव्यवस्तू धरी ॥२३॥
आज्ञा बक्सनुभो मलाइ जब यो * भागीरथीले तहाँ ।
हेर्थें त्यस् दिनदेखि त्यै समय ता * मैले मणी-पूरमा ॥
त्यै संयोग यहाँ पऱ्यो र मइँले * यी बभ्रुलाई भनी ।
युद्धै गर्न लगाइ आपकन त्यै * दीएँ टुटाई अनी ॥२४॥
सुन्दा एति कुरा प्रसन्न हुनगै * ती पार्थले त्यै घरी ।
भन्छन् पुत्र ! म जान्छु अश्व पछि लौ * रस्ता उसैको धरी ॥
तिम्ले आफ्नि मुमा दुवैकन लिई * श्री हस्तिनापूरमा ।
आऊनू हय-मेध हेर्न भनि ता * रानी लिंदै साथमा ॥२५॥
घोड़ा छोड़ि दिए गएर उ बखत् * ती बभ्रुले झट् गरी ।
गै गो सोहि तुरंग दौड़िकन ता * हेर्दै अगाड़ी बढ़ी ॥
रानी पुत्रहरू सँगै भइ बिदा * हाँकी रथै त्यस् घरी ।
घोड़ाका पछि लागि अर्जुन गए * आनन्द-चित्तै गरी ॥२६॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

देश-देशका भूपतिहरूसित पार्थको लड़ाइँ।

घोड़ा त्यै मखको गयो मगधमा ❀ जाहाँ जरासन्धका।
नाती भूप थिए समाति हय त्यै ❀ बाँधे परी गर्वमा॥
पौंचे पार्थ त्यहीं स-सैन्य जब ता ❀ तिन्का ति सेना पनी।
आए युद्ध निमित्त शस्त्रहरु ली ❀ गर्छौं लड़ाइं भनी॥१॥
वर्षा भो शरको दुवै तिर अनी ❀ पानी परे झैं गरी।
लागे गिर्न अनेक प्राणि रणमा ❀ घायल् भएरै मरी॥
ती राजा विरथी भए मगधमा ❀ श्रीपार्थका बाणले।
पैह्ले एक गदा लिएर बहुतै ❀ तत्कालमा क्रोधले॥२॥
उत्री भूमिविषे तुरुन्त दगुरे ❀ मार्ने इरादा धरी।
भाला त्याग गरेर अर्जुनजिले ❀ काटे गदा त्यै घरी॥
टुक्रा भैकन सो गदा गिरिगयो ❀ भन्छन् किरीटी अनी।
राजन्! क्रोध मलाइ छैन रतिभर् ❀ तिम्रा उपर्मा पनी॥३॥
धर्मैं क्षत्रियको लड़ाइँ गरने ❀ थीयो र पो भूपती!।
मेरा साथ गरेर युद्ध तिमिले ❀ खूशी गरायौ अती॥
आऊनू पछि हस्तिनापुर तिरै ❀ त्यै यज्ञ-शालामहाँ।
सम्राट्को हय-मेध हेर्नु तिमिले ❀ हाम्लाइ भेटी तहाँ॥४॥
यो सुन्दा मगधेन्द्र अर्जुनजिका ❀ पाऊ परे त्यै घरी।
त्यै घोडाकन मुक्तबन्धन गरे ❀ भै गो उ हावा सरी॥
चन्देरी तिर अश्व गो र नृपले ❀ पक्री लिएथे जसै।
ठूलो युद्ध गरेर अर्जुनजिले ❀ घोडा छुटाए तसै॥५॥
यस्तै रीत गरी दशार्णव अनी ❀ देशै किरातै महाँ।
त्यै घोडा पुगिगो धरे नृपतिले ❀ शेखी गरी खूब् तहाँ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पोंची अर्जुनले भिड़ी समरमा ❀ शेखी तिनैको हरी ।
घोडा छोडिदिए र अश्व दगुन्यो ❀ रस्ता शहर्को धरी ॥६॥
सारा देश डुलेर फर्कि हय त्यै ❀ गान्धारमा पुग्न गो ।
पक्रे त्यस्कन पुत्रले शकुनिका ❀ त्याहीं ठुलो युद्ध भो ॥
रानी जौनथिइन् तिनै शकुनिकी ❀ ती राजमाता पनी ।
सुन्दा सोहि खबर् पुगिन् रणतिरै ❀ रोक्छू लड़ाइं भनी ॥७॥
पार्थैका गइ सामुमा यहि भनिन् ❀ यो युद्ध हूनू यहाँ ।
भै गो क्षत्रिय-धर्म पालन पनी ❀ कर्त्तव्य ठान्दा महाँ ॥
मेरा पुत्रहरू त बालक यि हुन् ❀ इन्लाइ माफै गरी ।
लैजानोस् हयलाइ पार्थ! अहिले ❀ बिन्ती छ पाऊ परी ॥८॥
एती बिन्ति गरेर युद्ध तिनिले ❀ रोकी दिइन् त्यै घरी ।
घोडालाइ फुकाउँदी तिनि भइन् ❀ आफैं अगाडी सरी ॥
घोडा बन्धन-मुक्त भै चलिगयो ❀ रस्ता शहर्कै लिई ।
पोंचे जल्दि ति हस्तिनापुरमहाँ ❀ अत्यन्त खूशी भई ॥९॥

महाराज युधिष्ठिरको अश्वमेध यज्ञ पूर्ण हुनु ।

पोंची धर्मकुमारका नजिकमा ❀ त्यै यज्ञशाला महाँ ।
श्रीकृष्णादि ठुला ति मान्य जनका ❀ फेर् भूपतीका तहाँ ॥
पाऊमा परि युद्धको सब कुरा ❀ खोलेर राम्रो गरी ।
बोले अर्जुनले बसी नजिकमा ❀ विस्तार साथै गरी ॥१॥
युद्धैको सब हाल ज्ञात हुनगै ❀ खूशी मनैले गरी ।
धन्यै पार्थ यि हुन् भनेर सबले ❀ बोल्ले प्रशंसा गरी ॥
घोडालाइ लगेर वेदि नजिकै ❀ बाँधेर राखी लिए ।
दींदै आहुति विप्र-वर्गहरुले ❀ होमादि थालीदिए ॥२॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यस्तै औसरमा अनेक नृपती ❀ त्यै यज्ञ हेर्नैं भनी ।
लागे आउन बन्धुवर्ग सँग भै ❀ सेना सेमेतै अनी ॥
गर्थे स्वागत भीमले ति नृपको ❀ दर्जानुसारै गरी ।
दींदै आसन बस्नलाइ उ बखत् ❀ ठानेर मित्रै सरी ॥३॥
बस्दै आसनमा ति भूपहरुले ❀ भेटी भनी त्यस् घरी ।
लागे अर्पण गर्न भीमकन ता ❀ रत्नादि धेरै थरी ॥
जम्मा सोहि गरे वृकोदरजिले ❀ त्यै यज्ञशाला महाँ ।
थुप्रो भो सब रत्नको अति ठुलो ❀ जम्मा हुनाले तहाँ ॥४॥
सक्ला वर्णन गर्न कौन कविले ❀ शोभा भएको तहाँ ? ।
झुल्थे भारि ध्वजा र झन्डि बहुतै ❀ राम्रा पताका जहाँ ॥
धेरै ब्राह्मण ती ऋषी-मुनिहरू ❀ मीलेर मन्त्रैहरू ।
पढ्दै आहुति हाल्दथे ति करमा ❀ लीएर राम्रै चरू ॥५॥
गर्थे पूजन देवतादिहरुको ❀ धेरै ऋषीले तहीं ।
यज्ञैनेर बसेर पाठ गरथे ❀ धेरै मुनीले उहीं ॥
गर्थे भोजन काहिं ती ऋषिहरू ❀ मिष्ठान्न खूबै गरी ।
पाऊँथे कति याचकादि कपडा ❀ रत्नादि नाना थरी ॥६॥
काहीं ता बसि कस्बिहेरु बढिया ❀ गाएर नृत्यै गरी ।
हेर्नें ती सब दर्शकादि जनको ❀ चित्तै ति लिन्थे हरी ॥
भाटै-चारण-बन्दिले नृपतिको ❀ कीर्ती रची छन्दमा ।
भन्थे राग झिकेर त्यै सुनि सबै ❀ पर्थे ति आनन्दमा ॥७॥
चल्थ्यो खुश्बु अनेक धूपहरुको ❀ त्यै यज्ञशाला महाँ ।
बस्थे देश-विदेशका नृपहरू ❀ हेर्दै तमाशा जहाँ ॥
रात्रीमा बहुतै प्रकाश हुन गै ❀ बत्तीहरूले गरी ।
शोभा इन्द्रपुरी समान हुनगो ❀ त्यै यज्ञशाला भरी ॥८॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ल्याई त्यै हयलाइ तीर्थ-जलले ❀ न्वाहेर शुद्धै गरी ।
जो गर्ने जति पूजनादि गरियो ❀ विप्रादिले त्यै घरी ॥
पापै नष्ट हवस् युधिष्ठिरजिले ❀ बोलेर एती तहाँ ।
भक्तीले गरि प्रार्थना पनि गरे ❀ त्यसका अगाडीमहाँ ॥९॥
वेदैका विधि-वाक्यले वध गरी ❀ त्यै अश्वलाई पनी ।
होमे त्यै हयको झिकेर उ बखत् ❀ बोसो तुरुन्तै अनी ॥
त्यै धूवाँकन झट् सुँघे नृपतिले ❀ भाई समेतै गरी ।
सारा राज-कुटुम्बले उहि धुवाँ ❀ सुङ्दाभए त्यस् घरी॥१०॥
फेरी त्यै हयलाइ काटि ऋषिले ❀ टुक्रा बहूतै गरी ।
मन्त्रादी पढ़ि होम्न झट् शुरु गरे ❀ स्वाहादि शब्दै गरी ॥
विद्वान्-विप्र-ऋषी-मुनी सहितका ❀ श्रीव्यासजीले भई ।
गर्नू भो अभिशेष पंच-कलशैका ❀ पानिले फेर् तहीं ॥११॥
पूर्णाहूति दिएर पूर्ण हुन गो ❀ त्यै यज्ञ ता जुन् घरी ।
गो भूमी र हिरण्य-दान नृपले ❀ गर्नू भयो खुब् गरी ॥
यज्ञै पूर्ण भएपछी अवभृथै ❀ स्नानादि गर्नै भनी ।
लावा-लश्कर ली सवारि नृपको ❀ भैगो नदीमा अनी ॥१२॥
सोही लश्करका पछी सब हिंडे ❀ ती पौरवासी पनी ।
वेदैका विधिले नुहाउन सबै ❀ लागे जलैमा अनी ॥
गाईदान र स्वर्णदान गरियो ❀ श्रीभूपतीले तहाँ ।
आएका ति सबै बिदा भइ गए ❀ आफ्ना स्वदेशैमहाँ ॥१३॥

अश्वमेधकोभन्दा सत्तुदानको ठूलो धर्म ।

सम्राट् धर्मकुमारको जब भयो ❀ त्यै यज्ञ पूर्णै तहाँ ।
फर्की आइ सबै जना त्यहिं बसे ❀ विश्राम खातिर् महाँ ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यस्तै औसरमा त न्याउरि मुसो * आएर सामु भई ।
मान्छेकै सरि बोलि बोल्न पनि ता * लाग्यो यसोरी तहीं ॥१॥
सुन्नू होस् सब सज्जनादिहरुले * श्रीभूपतीले अनी ।
प्राणीले कहिं धर्म-कर्म गरदा * आडम्बरादी पनी ॥
गर्ने काम त छैन भन्दछु यहाँ * जो दृश्य मैले तहाँ ।
देखेंथें सबका अगाडि अहिले * विस्तार साथैमहाँ ॥२॥
कोही विप्र गृहस्थिको घर थियो * याहीं कुनै देशमा ।
तिन्का त्यै घरमा बिलै पनी थियो * मेरो बनेको तहाँ ॥
आए एक जनै ति विप्र अतिथी * तिन्का घरैमा अनी ।
सत्तूदान गरीदिए ति द्विजले * तिन्लाइ खानै भनी ॥३॥
खाए सत्तु लिएर ती अतिथिले * तिन्को क्षुधा शान्त भो ।
लागे चुठ्न ति विप्रले मकन ता * छीटा परी गै गयो ॥
बामै अंगविषे छिटा परि उही * सुन्को भयो त्यै घरी ।
दाहीने यहि अंगलाइ सुनको * पार्ने इरादा धरी ॥४॥
आएँ आफ्नु गृहै त्यजीकन यहाँ * खोजेर हेर्दा महाँ ।
देखें ठाम पनी ऋषीश्वरहरू * कुल्ला ति गर्थे जहाँ ॥
त्याहीं नेर गई लुकीकन बसी * थापें छिटा अंगमा ।
हज्जारौं ऋषिले चुठी त्यहीं गई * भै तृप्ति-आनन्दमा ॥५॥
मेरो दक्षिण अंग आज सुनको * पल्टेन कत्ती पनी ।
तस्मात् भन्छु म दान-धर्म गरदा * चाहिन्छ श्रद्धा भनी ॥
सम्राट् धर्मकुमारबाट जुन भो * दानादि पुण्यै अती ।
राम्रो भो धन खर्च भो तर भनूँ * थीएन श्रद्धा रती ॥६॥
विस्तारै सित भन्दछू सुनिलिनोस् * ती ब्राह्मणैका तहाँ ।
नारी-पुत्र-बुहारि-आफु सहितै * चारै थिए घरमहाँ ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सोही वर्ष पन्यो र भारि अनिकाल् ❀ बस्थे गरीबै बनी ।
कंगाली हुनगै ति विप्र घरमा ❀ थीएन अन्नै पनी ॥७॥
भोका तीन दिनै परे सब जना ❀ केही न मिल्दा महाँ ।
चौथो ता दिनमा जऊ मिलिगयो ❀ भिक्षान्न माँग्दा तहाँ ॥
जो भूटीकन सत्तु पारि उसको ❀ भागै त चारै गरे ।
त्यै बेला डुबि सूर्य साँझ परिगो ❀ खाने इरादा धरे ॥८॥
पौँचे त्यै घरमा अतीथि द्विज क्वै ❀ तिन्का अगाडीमहाँ ।
लागे भन्न क्षुधार्त छू म बहुतै ❀ त्यै निम्ति आएँ यहाँ ॥
यस्तो वाक्य सुनेर विप्रवरले ❀ आफ्नू दिए भाग सो ।
खाए त्यस्कन ता छिटै अतिथिले ❀ मानेर खूबै मिठो ॥९॥
भन्छन् फेरि ति भोक झन् बढिगयो ❀ इच्छा बढी सत्तुमा ।
केही सत्तु भए अरू दिनुहवस् ❀ खान्छू म ऐह्ले यहाँ ॥
आफ्नू भाग दिइन् ति ब्राह्मणिजिले ❀ लौ खाउ बाबू ! भनी ।
दोस्रो भाग पनी लिएर सहजै ❀ खाए तिनैले अनी ॥१०॥
दोस्रो भाग पनी हजम् गरि सकी ❀ भन्छन् तिनैले तहाँ ।
दीनोस् सत्तु अलीकती यदि भए ❀ केही दया ली यहाँ ॥
पुत्रैले द्विजमा दया गरि खुबै ❀ आफ्नै त हिस्सा पनी ।
सत्तूको तिनिलाइ झट् धरिदिए ❀ खाऊन् यिनैले भनी ॥११॥
तेस्रो भाग पनी समाप्त गरि झट् ❀ तिन्ले भने त्यै घरी ।
केही सत्तु दिनूभए उदर यो ❀ जान्थ्यो सजीलै भरी ॥
सुन्दा वाणि दया उठेर मनमा ❀ श्रद्धा बहूतै गरी ।
दीइन् सत्तु बुहारिले उहि बखत् ❀ तिन्कै अगाड़ी धरी ॥१२॥
त्यै सत्तू पनि खाइ ती अतिथिले ❀ ऊठेर कुल्ला गरे ।
भन्छन् फेरि म धर्म हूँ बुझ तिमी ❀ तिम्रो परीक्षा गरें ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

धन्यै हौ तिमिहेरु सज्जन हुँदा * श्रद्धा मनैमा धरी—
भोकै आफु रही अरूकन दियौ * खाद्यान्न माया गरी ॥१३॥

धर्मै हुन्न कदापि कष्ट न-सही * सोही तिमीले सह्यौ ।
तिम्रा लागि विमान आउँछ छिटै * जाने अवश्यै भयौ ॥
जाऊ लौ अब सत्यलोक विचमा * ब्रह्मा रहन्छन् जहाँ ।
त्याहीं गैकन बस्नुपर्छ तिमिले * सौख्यै र आनन्दमा ॥१४॥

नाना कर्म गरेर दौलत खुबै * जम्मा गरेरै यहाँ ।
देखाऊन भनेर धाक सबमा * शेखी लिंदै चित्तमा ॥
धर्मै-कार्य गरेर दौलत निकै * खर्चैं गरोस् ता पनी ।
श्रद्धा छैन भने त थोर फल पो * मिल्नेछ जाने तिमी ॥१५॥

आफ्नै ता श्रमको कमाइ गरदै * त्यस्‌बाट त्यस्ले पनी ।
धर्मै-कर्म त केहि गर्दछ भने * साफल्य भै गो जुनी ॥
धर्मै वृद्धि हुनेछ सम्पति पनी * बढ्नेछ धर्मै भई ।
त्यस्को उन्नति भै सुखादि गरला * आनन्दले नै रही ॥१६॥

तिम्रा यी परिवारले हृदयमा * राखेर श्रद्धा यहाँ ।
भोकै आफु रहेर दान गरदा * वृद्धी भयो धर्ममा ॥
यस्तै बात हुँदै थियो उहि बखत् * आयो विमानै पनी ।
दूतैले हरिका तिनैकन लगे * चढ्नोस् यसैमा भनी॥१७॥

एती बात कहेर न्याउरि मुसो * फेर् भन्न लाग्यो तहीं ।
पापै नष्ट हवस् भनेर फलको * इच्छा मनैमा भयी ॥
गर्नू भो यहि यज्ञ ता हजुरले * त्यस् निम्ति श्रद्धा यहाँ ।
उस्तो दिव्य भएन जो हुनु थियो * यस् पुण्य कार्यैमहाँ ॥१८॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यो विस्तार चढाइ बिन्ति गइगो ❀ बासा तिरै न्याउरी ।
राजा फर्कनु भो सबैकन लिई ❀ दर्‌बारमा त्यै घरी ॥
जस्ले भन्दछ सुन्दछ हेर्दछ भने ❀ एही कथा चित्त दी ।
त्यस्ले धर्म कमाउने छ बहुतै ❀ सप्रन्छ त्यस्को गती ॥१९॥

❀ इति अश्वमेधपर्व समाप्त ❀

पुस्तक पाइने ठेगाना —

बाबू माधवप्रसाद शर्मा,

२३।११६ दूधविनायक,वाराणसी-१

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

❀ श्रीः ❀

महाभारत-आश्रमवासिकपर्व

भीमसेनले छेड़हान्दा धृतराष्ट्र बनमा जान खोज्नु ।

सम्राट् भई नृप युधिष्ठिर देशमाहाँ ।
भै न्याययुक्त निज राज्य चलाइ ताहाँ ॥
खूशी गराउन तिनै धृतराष्ट्रलाई ।
सेवा समेत गरथे अति हर्ष पाई ॥१॥
रौक्तैनथे नृपति अन्ध-नरेन्द्रलाई ।
इच्छानुसार गरथे तिनि कार्य ताहीं ॥
दानादि गर्न धन-द्रव्य बहूत दिन्थे ।
मानी सबै वचन खूशि गराइ लिन्थे ॥२॥
सेवा नजर् गरि युधिष्ठिरले गरेको ।
आफ्ना उपर् अधिक भक्ति पनी धरेको ॥
देखेर अन्ध-नृपती अति हर्ष पाई ।
भूली बसे महलमै त्यजि शोकलाई ॥३॥
गान्धारिजी र धृतराष्ट्र दुवै भएर ।
प्यारो युधिष्ठिरजिलाइ निकै गरेर ॥
छोरा सुयोधनविषे जति प्रेम गर्थे ।
माया उसै तरहको तिनि माथि धर्थे ॥४॥
सम्झेर दुष्ट व्यवहार अघी गरेका ।
श्रीअन्धराज ति बिडाल-व्रती बनेका ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ठानेर भीम तिनको त्यहि प्रेमलाई ।
मान्थे उ प्रेम नकली कपटी तुल्याई ॥ ५ ॥
श्री भीमले महलमा रहि पार्थलाई ।
बोले ति अन्ध-नृपले जति हामिलाई ॥
दुःखै दिए अघि उ भूलि सकिन्छ काहाँ?।
गर्छन् ति भोजन मजा सित आज याहाँ ॥ ६ ॥
मारी दिएँ सुत सबै तर शोक केही ।
यिन्मा म देख्दिन र मान्छु अचम्म एही ॥
ज्येठा बुबा कृत अनिष्ट सबै भुलेर ।
गर्छन् ति दान धन हामिसँगै लिएर ॥ ७ ॥
हाँसे यती भनि ति भीम त्यहीं जसै ता ।
क्वै दासिले सुनिछ सोहि कुरा तसै ता ॥
त्यस्ले गएर भनि दी धृतराष्ट्रलाई ।
श्रीभीमले जति भने ति कुरा सुनाई ॥ ८ ॥
त्यस्का कुरा सुनि ति भूपतिलाइ ताहाँ ।
आफ्नू अनादर भयो भनि चित्तमाहाँ ॥
त्यागेर यो महल जान्छु बनै भनेर ।
इच्छा भयो उहि बखत् मन खुब् जलेर ॥ ९ ॥
डाकेर मित्र अरु बान्धव-वर्गलाई ।
कूरा कहे ति नृपले सबमा बुझाई ॥
अर्ती दिए विदुरले पहिले मलाई ।
मानीन केहि मइँले तिनको भनाई ॥ १० ॥
तिन्का कुरा न-सुनि बात सुयोधनैको ।
मैले पुरा गरिदिएँ अति मानि नीको ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यै कारणै भइ ठुलो परिगो लडाईं ।
पञ्चत्वमा सकल वंश गयो बिलाई ॥११॥
त्यै दोष आफ्नुकन भुल्दिन जान मैले ।
भै वान-प्रस्थ बनमा गइ बस्छु ऐले ॥
जो पाप भो मसित मेट्छु तपै गरेर ।
कौनै तपोवन तिरै कुटिमा रहेर ॥१२॥
दीनोस् बिदा सब जना सित यै कहन्छू ।
बस्दीन यो महलमा बन तीर जान्छू ॥
गान्धारिलाइ सँग लीकन गै बनैमा ।
गर्छू तपै म हरिको खुशि भै मनैमा ॥१३॥
मित्रादिका सँग यही कहि उत्तिखेरी ।
भन्छन् युधिष्ठिरजिलाइ न-लाइ देरी ॥
राजन् ! मलाइ सुखपूर्वक राखिलीयौ ।
सन्ताप जो छ मनको उ भुलाइ दीयौ ॥१४॥
गान्धारि छन् अति खुशी तिमिसीत याहाँ ।
अन्त्यै सुधार्नु परने रहि पृथ्विमाहाँ ॥
ए बाबु ! देउ तिमि जल्दि बिदा मलाई ।
बेला भयो अब तपैकन गर्नलाई ॥१५॥
साह्रै खुशी छु म तिमीहरु द्रौपदीमा ।
सेवा गर्‍यौ दुइ जनाकन खूब याहाँ ॥
राजाहरू अघि पनी चउथो वयैमा ।
जान्थे तपै गरनलाइ भनी बनैमा ॥१६॥
देऊ बिदा मकन रोक्नु कदापि छैन ।
रीती बिगार्नु कुलको बढिया हुँदैन ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एती भनी धृतजि चूप भए जसै ता ।
लागे कुनै ऋषिजि भन्न पनी तसै ता ॥१७॥
राजन् ! भविष्य जुन हो विधिले रचेको ।
त्यै हुन्छ टर्छ उ कहाँ नसिबै विषेको ॥
दुर्योधनादि सब जो रणमा मरेका ।
छन् स्वर्गमा सुख गरी अहिले बसेका ॥१८॥
तिन्का निमित्त लिनु शोक वृथा छ याहाँ ।
जो भो भयो गइगयो उ त फिर्छ काहाँ ? ॥
जन्मै भरी सुख गरीकन हे नरेन्द्र ! ।
दुःखै कसोरि सहुला ? बनमा रहेर ॥१९॥
भन्छन् युधिष्ठिर अगाडि सरेर फेरी ।
ती अन्ध-भूपतिजिको मुख तर्फ हेरी ॥
बूबा ! हजूर दुःख गर्न बनै त जाने ।
मैले चलाइ यहि राज्य बसेर खाने ॥२०॥
पर्नेछ कष्ट बन बीच नखान पाई ।
सुत्नू कसोरि कुशमा ? बिझने छ हाई ॥
वृद्धै उमेर छ दुखै पनि खप्नलाई ।
बूता हवैन बल-हीन शरीर पाई ॥२१॥
धिक्कार हो मकन यो म त मान्छु काहाँ ।
बस्नोस् हजूर यहि बिन्ति छ पाउमाहाँ ॥
छोरा युयुत्सुकन राज्य दिनोस् अहीले ।
याहीं बसेर तप गर्नु हवस् हजुर्ले ॥२२॥
जान्छू बरु म यहि राज्य त्यजी बनैमा ।
साँचो कहें वचन जौन थियो मनैमा ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सुन्दा कुरा नृपतिका अति हर्ष पाई ।
भन्छन् ति अन्ध-नृपती ऋषि व्यासलाई ॥२३॥
सर्वज्ञता हजुरमै छ यि भूपलाई ।
शिक्षा दिनोस् हजुरले मन खुब् बुझाई ॥
यस्ता कुरा सुनि ति व्यास युधिष्ठिरैका ।
भन्छन् अगाडि नृपते ! सुन बात नीका ॥२४॥
सौख्यै गरे अधिक यी धृतराष्ट्रजीले ।
आयो बुढ्याइँ तस अर्थ कहन्छु मैले ॥
आफ्नू सुधार गरनाकन जन्मलाई ।
जानै छ योग्य बनमा तप गर्नलाई ॥२५॥
श्री व्यासले यति भने तब अन्ध-राज ।
भन्छन् म गर्दछु यहीं सब पितृ-काज ॥
मर्नें जती समरमा सबलाइ तार्न ।
श्राद्धादि गर्नु यहि योग्य छ भार टार्न ॥२६॥
यस्ता कुरा सुनि ति भीम अली रिसाई ।
भन्छन् ति धर्मसुतका तिर दृष्टि लाई ॥
यिन्लाइ काम छ कउन् अब श्राद्ध गर्ने ।
मै गर्दछु सकल श्राद्ध जती छ गर्ने ॥२७॥
जस्को त नेत्र पनि छैन उ श्राद्ध गर्ने ।
दृष्टी मलाइ छ म हूँ उहि काम गर्ने ॥
ज्येठा-बुबा बन गई तप बीच लागुन् ।
आँखा नदेखि धन-द्रव्य वृथा नफालुन् ॥२८॥
जस्ले ठुलो दुःख दियो सब हामिलाई ।
उस्को गराउँ किन श्राद्ध धनै लगाई ? ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दुर्योधनादिहरुको यहिं श्राद्ध गर्नैं।
दीने म छैन धनको बरबादि गर्नैं॥ २९॥

भीमले रोक्नु, तर युधिष्ठिरले खर्च दिंदा धृतराष्ट्रले श्राद्ध गर्नु।

भन्छन् युधिष्ठिरजिले त्यहिं भीमलाई।
छन् मान्य अन्ध-नृपती सब हामिलाई॥
यिन्कै त चित्तकन हुन्न दुखाउनू पो।
दिन्छू म खर्च धन श्राद्ध गरुन् सबैको॥ १॥
एती भनेर ढुकुटीकन खोलिदीए।
जो चाहिने विदुरले धन झीकिलीए॥
त्यै द्रव्य खर्च गरि चीजहरू मगाए।
विप्रादि ज्ञानिकन डाक्न पनी पठाए॥ २॥
भो पूर्णिमा तिथि र श्राद्ध शुरू गराए।
पन्ध्रै पनी दिवस सम्म द्विजै खुवाए॥
ती बान्धवादि अरु पुत्रहरू सबैको।
श्राद्धै गरे धृतजिले गरि भक्ति खुब् पो॥ ३॥
श्राद्धै सकेर दछिना धन-रत्न दींदै।
खूशी भए ति अनि आशिष धेर लींदै॥
घोड़ा र भूमि-गज-गौहरु दान माहाँ।
दीए ति अन्ध-नृपले सब बाँडि ताहाँ॥ ४॥

धृतराष्ट्र, गान्धारी र कुन्तीको वनगमन।

गान्धारिले सहित श्रीधृतजी दुवैले।
ठिक् वानप्रस्थ हुनलाइ भनी क्रमैले॥
बोक्रा झिकाइ रुखका कपड़ा लगाई।
कुन्ती र ती विदुरको कर झट् समाई॥ १॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ती पाण्डवादिकन आशिष राम्ररी दी ।
त्यागी गए महल जंगलको पथै ली ॥
देखेर रैतिहरुले पनि आँसु काढ़ी ।
तिन्का पछी-पछि हिंड़े मनमा दया ली ॥ २ ॥
यो देखि अन्ध-नृपले तिनलाइ ताहाँ ।
लागे बुझाउन पनी उहि बीच माहाँ ॥
इच्छा बुझेर हरिको सब पौरवासी ।
जानोस् घरै तिर बरू सब शोक त्यागी ॥ ३ ॥
यस्ता प्रकार सितले कहँदा बुझाई ।
फर्के ति रैतिहरु क्यै मन शान्ति पाई ॥
कुन्ती र सञ्जय अनी विदुरै यि तीनै ।
सेवा न-छोड़ि नृपका ति गए सँगै नै ॥ ४ ॥
भेटे गएर बनमा सतयूपलाई ।
ताहीं रहे बनमहाँ झुपड़ी बनाई ॥
शिक्षा दिए ति ऋषिले जति गर्नु पर्ने ।
भै वानप्रस्थ नृपले व्यवहार गर्ने ॥ ५ ॥
वर्षै दिनै जति रही कुरुक्षेत्र माहाँ ।
होमादि नित्य गरदै नृपबाट ताहाँ ॥
धर्मादि पालन भयो मन शुद्ध पारी ।
फर्के अनी विदुरजी पनि आँसु काढी ॥ ६ ॥
यै बीचमा अरु ऋषी अनि व्यास आई ।
अर्ती दिए नृपति श्रीधृतराष्ट्रलाई ॥
त्यै अर्ति मानिकन ती तप गर्न लागे ।
कुन्ती र संजय हुँदा सब कष्ट भागे ॥ ७ ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

न्वाहेर नित्य गरि पाठ र होम तिन्ले ।
खान्थे फलादिहरु खोज गरी यतन्ले ॥
टाढै पुगी रुख मनी ति विदूर जाई ।
लागे ठुलो तपविषे अति कष्ट खाई ॥८॥

धृतराष्ट्रलाई भेट्न पाण्डवले वनमा जानु, विदुरको मृत्यु ।

माता कुन्ति गइन् उठेर वनमा ❀ गान्धारिका साथमा ।
वर्षै दूइ जती बितीकन गयो ❀ श्री हस्तिना-पूरमा ॥
जाऊँ हामि पनी तपोवन तिरै ❀ भेट् गर्नलाई भनी ।
भन्दा धर्मकुमारले खुशि भए ❀ रानी र भाई पनी ॥१॥
भाई भीमजिले रथादि गज फेर् ❀ घोड़ा र पाल्की पनी ।
सेना पैदल साथ जान बनमा ❀ तैयार पारे अनी ॥
रानी भाइहरू समेत नृपती ❀ प्रस्थान गर्दा भए ।
बस्ती नाघि अगाडि जाइ कुरुको ❀ त्यै क्षेत्र पौंचीगए ॥२॥
राज्यैको सब कार्य-भार नृपले ❀ दींदा युयुत्सू महाँ ।
लागे गर्न प्रबन्ध साथ तिनले ❀ राज्यादि तिन्को तहाँ ॥
सारा फौजहरू परै तिर तहीं ❀ राखी बनै मध्यमा ।
रानी भाइ युधिष्ठिरै चलिगए ❀ छन् अन्धराजे जहाँ ॥३॥
आफ्नू नाम कही सबैकन गई ❀ साम्ने क्रमैले गरी ।
ढोगे राज-कुटुम्बले चरणमा ❀ पस्रेर भक्ती धरी ॥
ज्येठा बाबु खुशी भएर बहुतै ❀ आशीष दींदै तहाँ ।
भन्छन् बाबु! खुशी भएँ तिमिहरू ❀ आएर भेट्दा यहाँ ॥४॥
कल्याणै हरिले गरुन् सब जना ❀ तिम्लाइ राम्रो गरी ।
सारा रैति प्रसन्न छन् कि कहु लौ ❀ तिम्रा ति राज्यै भरी ? ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जो जो छन् अरु प्राणि त्यै महलमा ❀ आराम तिन्को पनी ।
देऊ आज सुनाइ हे नरपते ! ❀ सुन्छू म ऐल्हे भनी ॥५॥
यस्तो प्रश्न सुनी ति वृद्ध-नृपको ❀ ती धर्मराजा सबै ।
गर्छन् बिन्ति प्रतापले हजुरको ❀ छौं जाति हामी सबै ॥
चिन्ता लागि रहन्छ खुब् हजुरको ❀ गान्धारिजीको पनी ।
सम्झी पुत्रहरू रुनुन्छ कि कभै ❀ यै जंगलैमा भनी ॥६॥
माता कुन्तिजिबाट संजयजिले ❀ सेवादि गर्दा महाँ ।
गर्छन् क्यै त्रुटि की बताउनुहवस् ❀ ऐल्हे हजुरले यहाँ ? ॥
साथै आउनु भो अघी विदुरजी ❀ देख्दीन मैले यहीं ।
आज्ञा गर्नु हवस् वनै तिर कतै ❀ जानू भयो की कहीं ? ॥७॥
बोले श्रीधृतराष्ट्रले विदुर ता ❀ गर्छू तपस्या भनी ।
एताबाट गएर केहि पर नै ❀ बस्छन् रुखैका मनी ॥
सुन्दा बात उठी युधिष्ठिर गए ❀ तिन्लाइ भेट्छू भनी ।
देखे केहि अगाडिमा विदुरजी ❀ थीए रुखैका मनी ॥८॥
दौडी धर्मकुमार गै विदुरका ❀ ढोगेर पाऊ महाँ ।
लागे भन्न म दर्शनै गरुँ भनी ❀ आएँ हजुरको यहाँ ॥
यस्ता बात सुनेर नेत्रकन ता ❀ खोलेर तिन्ले पनी ।
श्री सर्वेश्वर राम ! कृष्ण ! कहँदै ❀ प्राणै त त्यागे अनी ॥९॥
तिन्कै ता मुखदेखि तेज निसकी ❀ ती धर्मराजै महाँ ।
गै गो मिल्न र तेजिला अति भए ❀ सम्राट् उसै बीचमा ॥
त्यै बेला नभवाणि भो कुरुपते ! ❀ भन्छू न-राखी तथा ।
संन्यासी यिनि हुन् नगर्नु तिमिले ❀ यिन्को क्रिया-कर्म ता ॥१०॥
सुन्दा यो नभ-वाणि दिक्क बहुते ❀ मानेर सम्राट् अनी ।
फर्की गै कुटिमा सबै कहि दिए ❀ यो हाल भै गो भनी ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्रोतालाइ अचम्म भै विदुरको ❀ तारीफ धेरै गरे ।
कर्मैको फल जन्म-मृत्यु बुझ्दै ❀ फेर् धैर्यलाई धरे ॥११॥
खाए जङ्गलि कन्द-मूल सबले ❀ ल्याई फलादी तहाँ ।
त्यै रात्री बिति प्रात भो सब गए ❀ स्नानार्थ गंगाजिमा ॥
राजाकै त भँडार अन्न-घृतको ❀ साथै गएको थियो ।
भान्चे ब्राह्मणले पकाइ सबले ❀ पक्वान्न खुब् खाइयो ॥१२॥
बूढा श्रीधृतराष्ट्रका सँग बसी ❀ वार्ता-कथा खुब् गरी ।
रात्रीमा गइ पालमा सब जना ❀ सुत्थे पलङ्मा परी ॥
बीहानै उठि डुल्दथे सब जना ❀ रानी र दासीहरू ।
इन्द्रैको बन झैं अपूर्व हुनगो ❀ शोभा कुरा के गरूँ? ॥१३॥
खान्थे ती बन-भात त्यै बन डुली ❀ सुन्दै पुराना कुरा ।
गर्दै दर्शन सिद्ध योगिहरुको ❀ मैह्ना बिती गो पुरा ॥
संसारी सित बस्नु छैन तपिले ❀ सोही कहन्छू भनी ।
वेदव्यास तहीं तपोवन महाँ ❀ आईपुगे झट् अनी ॥१४॥

व्यासले सबलाई नगर फर्कने अर्ती दिनु ।

देखी व्यासकनै प्रणाम गरदै ❀ ती पाण्डवैले तहाँ ।
राखी तिन्कन माझमा सब बसे ❀ तिन्का नजीकै महाँ ॥
रानीहेरु पनी सबै वरिपरी आई ❀ बसे त्यै घरी ।
भन्छन् व्यासजिले सबैकन तहीं ❀ यस्ता तवर्ले गरी ॥१॥
हे छोरा र बुहारि हो ! जगतमा ❀ जन्मी सबैले यहाँ ।
थाम्नू पर्दछ सत्यलाइ सबले ❀ लाग्दै स्वधर्मै महाँ ॥
धर्मै एक ठुलो छ राख्नु परने ❀ साथी यही हो भनी ।
प्राणीमा न-रिसाउनू त्यजि दिनू ❀ लोभादिलाई पनी ॥२॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हाम्रा यी कुरुराज ती विदुरजी ❀ दोटा थिए ता पनी ।
धर्मांशी ति थिए गई तब मिले ❀ आखीर एकै बनी ॥
जान्दै छौ सबले मलाइ बनमा ❀ बस्ने ति साधू भनी ।
शक्ती बेश् छ मलाइ योगबलको ❀ बस्छू असंगी बनी ॥३॥
आफ्नै हौ उपकार गर्नु परने ❀ मेरो त कर्त्तव्य हो ।
तस्मात् सोध्छु कुरा छ कौन मनमा ❀ कुन् चाहिं इच्छा छ पो ॥
केही देख्न मनै छ ता कहु तिमी ❀ सल्लाह चाँडै गरी ।
त्यै इच्छाकन आज योग-बलले ❀ गर्दिन्छु पूरा गरी ॥४॥
श्री योगेश्वर व्यासका सुनि कुरा ❀ खूशी बहूतै भई ।
भन्छन् ती धृतराष्ट्र दर्शन दिंदा ❀ ऐह्ले हजुर्ले यहीं ॥
मेरो ता पर-लोकमा गति पनी ❀ हूनेछ ठान्छू यहाँ ।
चिन्ता एक मलाइ पोल्दछ खुबै ❀ हे नाथ ! यो चित्तमा ॥५॥
ती दुर्योधन आदि पुत्रहरुले ❀ चाला न-राम्रो लियी ।
अन्यायै गरि युद्धमा मरिगए ❀ खुब् शेखिवाला भई ॥
तिन्कै ता पर-लोकमा गति कउन् ❀ होला यही बातको ।
हे सर्वज्ञ ! बताइ बक्सनु हवस् ❀ चिन्ता मलाई भयो ॥६॥
गान्धारी पनि भन्दछिन् प्रभु ! तिनै ❀ छोराहरूको यहाँ ।
फिक्रीले निंद-भोक छैन अनुहार् ❀ सम्झेर चित्तै महाँ ॥
भन्छिन् कुन्ति पनी तिनैसित प्रभो ! ❀ ती वीर कर्णौं पनी ।
मेरा ज्येष्ठ कुमार हुन् मन भयो ❀ देखूँ म फेरी भनी ॥७॥
रानी ती विधवाहरू जति थिए ❀ तिन्ले पनी त्यै घरी ।
आफ्ना स्वामि र जो मरे रणमहाँ ❀ छोरा भतीजा गरी ॥
नातेदार समस्तलाइ उ बखत् ❀ इच्छा छ हेर्नै भनी ।
बिन्ती व्यासजिका गरे हजुरमा ❀ अत्यन्त नम्रै बनी ॥८॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भन्नू भो सुनि वेदव्यास ऋषिले * हे नानि हो ! बाबु हो ! ।
जस्तो हूनु भविष्य ता पनि थियो * त्यै बात हूँदै गयो ॥
युद्धैमा भिडि जो मरे ति त सबै * देवांश आफैं थिए ।
आफ्नै रूप विषे गई सब मिली * उद्धारमा भै गए ॥९॥
विश्वासै तिमिमा हवस् अब भनी * तिन्लाइ डाक्छू यहाँ ।
देखी तिन्कन सोध्नु हाल जति हो * तिन्कै अगाडीमहाँ ॥
एती बात भनेर व्यास ऋषिले * आफू अगाडी भई ।
गंगाका तटमा सबैकन लगे * अत्यन्त खूशी भई ॥१०॥

गत महाभारत-युद्धमा मरेका वीरहरूसित कुरु-पाण्डवको पुनर्मिलन ।

गंगाका तटमा परै तिर बसे * नारी-नरादी अनी ।
सन्ध्याकाल भईगयो उहि बखत् * श्रीव्यासजीले पनी ॥
दाहिने कर झट् खडा गरनु भो * क्यै मन्त्र पढ्दै गरी ।
वायू-मण्डलमा अवाज हुन गो * ठिक् मेघ गर्जे सरी ॥१॥
यक्षै-किन्नर-सिद्ध आदि गणले * टाँगेर तम्बूहरू ।
चाहीने सब चीज पूर्ण गरियो * कार्पेट् बिछाए अरू ॥
बत्ती दिव्य बली प्रकाशित गरे * झल्मल् बहूतै गरी ।
आए ती मृतकादि त्यै समयमा * आफ्ना विमानै चढी ॥२॥
श्रीदुर्योधन भाइ सौ सँग लिई * छोरा र नाती अनी ।
भीष्मै-द्रोण-विराट-कर्ण-शकुनी * शल्यै-गुरूजी पनी ॥
पाँचै द्रौपदिका कुमारहरु ती * फेर् पार्थ-पुत्रै तहाँ ।
आए सिन्धुपती अरू जति मरे * वीरादि युद्धै महाँ ॥३॥
लाई राजसि-वस्त्र कुण्डल अनी * पैह्री किरीटै पनी ।
ठोक्का पीठ तिरै भिरेर ति सबै * वीरादि उस्तै बनी ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आफ्नै सोहि स्वरूप लीकन सबै * आएर जम्मा भए।
यत्तैले सबलाइ पालहरुमा * पौंचाइ राखी दिए ॥४॥
गान्धारी र समस्त रानिहरुमा * ती पाण्डवादी महाँ।
बूढा श्रीधृतराष्ट्रलाइ र अनी * सारा ति प्राणीमहाँ॥
दिव्यै दृष्टि दिएर व्यास ऋषिले * तिन्ले उसै बीचमा।
देखे ती सब वीरलाइ खुशि भै * बस्ने ति पालैमहाँ॥५॥
दिव्यै दृष्टि दिएर त्यै समयमा * तागत् समेतै दिई।
भन्नू भो ऋषि व्यासले अब सबै * ऊठेर झट्टै गई॥
जाऊ लौ अब भेट गर्न खुशि भै * त्यै दिव्य पालैमहाँ।
श्रीदुर्योधन आदि वीरहरु छन् * सारा बसेका जहाँ॥६॥
आज्ञा व्यासजिको सुनेर खुशि भै * ऊठेर सोही घरी।
हींडे ती धृतराष्ट्र-पाण्डवहरू * लीएर चाँड़ै गरी॥
बूहारीहरु साथ ली सब जना * रानी महारानि ती।
साथै लागि तुरुन्त पालतिर पो * जाँदाभए झट् उठी॥७॥
आमा-बाबु गएर पुत्रहरुको * देखे मुहारै तहाँ।
आफ्ना स्वामि चिनेर नारिहरुले * पाऊ समाते वहाँ॥
सारा प्राणिहरू सबै सित मिले * देखेर खूशी भई।
लागे गर्न कुरा प्रसन्न मनले * तिन्का सँगैमा रही॥८॥
आनन्दै सँग रात्रि त्यै बिति गई * भैगो उज्यालो अनी।
भन्नू भो तब व्यासले उहि बखत् * रानीहरूमा पनी॥
जुन् नारीकन जानको छ दिल है * आफ्ना पतीका सँगै।
न्वाहुन् गैकन जल्दि भागिरथिमा * हाली डुबुल्की अबै॥९॥
आज्ञा एति सुनेर धेर विधवा * नारी प्रसन्नै भई।
पानीमा परि झट्ट भागिरथिका * देहादि त्यागदै गई॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

छिन्यै रूप धरेर आफ्नु पतिका ❀ सङ्मा विमानै चढी ।
आकाशै तिर ता उँचा उडिगए ❀ आनन्द-चित्तै गरी ॥१०॥
यक्षैका गणले भए जति सबै ❀ सामग्रि बोक्दै गरी ।
पौंचाए सब यक्षका नगरिमा ❀ आकाश-मार्गै धरी ॥
वेदव्यासजिले त योग-बलले ❀ यो दृश्य रात्रीमहाँ ।
देखाईकन प्रातमा उठि गए ❀ जानूछ आफ्नू जहाँ ॥११॥
राजा श्रीधृतराष्ट्र कुन्ति र अनी ❀ गान्धारि रानीजिको ।
गैगो शोक जती थियो हृदयमा ❀ आफ्ना ति पुत्रादिको ॥
खूशी भै धृतराष्ट्रजी सँग लिंदै ❀ रानी बुहारी पनी ।
पाँचै पाण्डवलाइ ली चलिगए ❀ आफ्ना कुटीमा अनी ॥१२॥

वनवासी राजा-रानीको डढेलाले मृत्यु हुनु, युधिष्ठिरको विलाप ।

पौंची त्यै कुटिमा ति अन्ध-नृपका ❀ क्यै बेर ताहीं रही ।
माँगे जान विदा युधिष्ठिरजिले ❀ फिर्ने इरादा लिई ॥
राजा श्रीधृतराष्ट्रले खुशि हुँदै ❀ गान्धारिले कुन्तिले ।
दींदै आशिष जानलाइ सहजै ❀ दीए बिदा हर्षले ॥१॥
रानी फेरि बुहारिले चरणमा ❀ पश्रेर ढोगै दिई ।
पाँचै पाण्डव साथ भै कटकमा ❀ आए ति पैदल् हिंडी ॥
त्याहाँदेखि चढेर वाहनमहाँ ❀ पैह्ले सरी त्यस् घरी ।
फर्की सैन्य समेत ती नगरमा ❀ आए तुरुन्तै गरी ॥२॥
लागे धर्म कुमार राज्य गरनै ❀ त्यै हस्तिनापूरमा ।
आज्ञा मान्य गरेर भाइहरु ती ❀ बस्थे सदा साथमा ॥
हुन्थ्यो जुन् घरि चित्तमा समझना ❀ ती जंगलै-वासिको ।
चित्तैमा बढि शोक दुःखित खुबै ❀ हुन्थे महाराज पो ॥३॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गर्दा राज्य प्रतापि धर्म-सुतले ❀ सर्वत्र राज्यै भरी ।
बेलामा परि अन्न-पानि बहुतै ❀ हुन्थ्यो गजब्ले गरी ॥
धोका चोरि डकैति राज्य भरमा ❀ गर्दैनथे क्वै पनी ।
रोगी कोहि भएन स्वास्थ्य सबको ❀ अत्यन्त राम्रो बनी ॥४॥
चारै वर्ण सुखी थिए मुलुकमा ❀ कर्त्तव्य आफ्नू गरी ।
दूभो खूब बढेर गो-धन बढे ❀ पाल्दा सबैले मिली ॥
सस्तो भैकन घीउ-दूध दुनियाँ ❀ मोटा र घाटा भए ।
बढ्दा खेरि कला र कौशल धनी ❀ प्राणी सबै भैगए ॥५॥
पर्वादीहरुमा युधिष्ठिरजिले ❀ डाकेर विप्रै जती ।
दिन्थे दान गरी सुवर्ण-पृथिवी ❀ गाई र भैंसी कती ॥
सम्राट् बाट मिलेर दान बहुतै ❀ ती विप्र-वर्गै पनी ।
आनन्दै सँग बस्दथे भवनमा ❀ सच्चा गृहस्थी बनी ॥६॥
देवर्षी घुमि पृथ्वि एक दिन ता ❀ श्रीहस्तिना — पूरमा ।
आए पाण्डवका सभा-भवनमा ❀ देखे सबैले तहाँ ॥
सम्राट्ले सँग चार भाइहरुले ❀ ऊठेर पाल्नोस् भनी ।
गर्दै स्वागत भव्य आसनविषे ❀ राखेर ढोगे अनी ॥७॥
सामग्रीहरु ल्याइ पूजन गरे ❀ देवर्षिको त्यै घरी ।
सोधे तिन्सँग हात जोरिकन फेर् ❀ नम्रै तवर्ले गरी ॥
गै गो वर्ष दिनै बितेर सहसा ❀ यो राज्य गर्दा महाँ ।
केही हाल मिलेन मातृ सहितै ❀ जेठा-बुबाको यहाँ ॥८॥
आरामी शुभ हाल भूपवरको ❀ हाम्री मुमाको अनी ।
श्रीगान्धारिजिको न-पाइकन ता ❀ बस्दैछु दुःखी बनी ॥
हे सर्वज्ञ ! बताइबक्सनु हवस् ❀ केही सुनेको भए ।
साह्रै चञ्चल चित्त भै हजुरमा ❀ यो प्रश्न सोधीलिएँ ॥९॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सुन्दा प्रश्न यही युधिष्ठिरजिको ❀ देवर्षिजीले अनी ।
लागे भन्न बताउँछू जति कुरा ❀ थाहा छ मैमा पनी ॥
सम्राट्! क्यै दिन बीतिगो यहि जगत् ❀ घुम्ने इरादा धरी ।
आकाशै तिरबाट वायु-पथको ❀ रस्ता समाती वरी ॥१०॥
हेर्दै मन्तिर दृष्टि दी म सहजै ❀ पौंचें ऋषीकेशमा ।
देखें संजयलाइ खिन्न मनले ❀ थीए बसेका तहाँ ॥
ओर्ली साम्नु गएर तिन्कन भनें ❀ के गर्न आयौ भनी ।
तिन्ले हाल सबै कहे म सँग जो ❀ त्यै भन्छु मैले पनी ॥११॥
हे भूपेन्द्र! तिमीहरू बन गई ❀ भेटेर फर्क्यौं यहाँ ।
तत्पश्चात् तिनिहेरुले तप ठुलो ❀ थाली बसे हे तहाँ ॥
अन्नादीहरु त्यागगरी जल फगत् ❀ प्यूँदै तपस्या गरी ।
मैह्ना तीन जती बिताइकन फेर् ❀ तेजी भए त्यस् घरी ॥१२॥
त्यागी त्यै जल खान वायुकन ता ❀ पीएर तिन्ले तहाँ ।
थाले छन् तप श्रीजगत्पतिजिको ❀ भक्ती लिंदै चित्तमा ॥
मैह्ना पूर्ण भएर एक दिनमा ❀ खाई फलादी अनी ।
कुन्तीले तप थालिछन् दुःख सही ❀ ठिक् योगिनी झैं बनी॥१३॥
मैह्ना आठ बितेछ खुब् तप गरी ❀ तीनै जनाले तहाँ ।
योटा बात अचम्मको भइगयो ❀ तिन्कै कुटी बीचमा ॥
गर्थे एक दिनै बसेर तप ता ❀ जन्मान्ध-राजा तहीं ।
तिन्कै ता मुखबाट अग्नि बहुतै ❀ निस्केछ ज्वालामयी॥१४॥
ज्वाला त्यै उडि अग्निको तृणविषे ❀ पत्ता सुकेका महाँ ।
लाग्दा सल्कन गै समस्त वनमा ❀ लाग्यो डढेलो तहाँ ॥
पर्नाले उहि अग्निमा जलिमरी ❀ भस्मै भएछन् तिनी ।
एती हाल मलाइ ता कहिदिए ❀ ती संजयैले भनी ॥१५॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



एती हाल सुनाइ नारद् ऋषी ❀ मौनै हुनू भो तहाँ ।
लागे रून सबै ति पाण्डवहरू ❀ ठोकेर छाती महाँ ॥
वायू झैं उड़ि त्यै खबर् पुगिगयो ❀ सर्वत्र देशै महाँ ।
रोए रैतिहरू पनी उहि बखत् ❀ नीको नलागी तहाँ ॥१६॥
लागे रून सभासदादिहरुले ❀ नाना विलापै गरी ।
थाले रून समस्त रानि उ बखत् ❀ त्यै कानमाहाँ परी ॥
सुन्ने ती पुर-वासिले पनि निकै ❀ आँसू बगाई दिए ।
पत्ती उड्न त्यजी त्यसै रहिगए ❀ जाहाँ पुगेका थिए ॥१७॥
गाईले तृण चर्न छाडिकन ता ❀ बाँ-बाँ अवाजै गरी ।
लागे रून गिराइ आँसु बहुतै ❀ धारा समानै गरी ॥
रोएको सब बोलि वायु-पथमा ❀ पौंचेर जम्मा भई ।
झन् माथी उडि स्वर्गसम्म पुगिगो ❀ घूसेर सोझै गई ॥१८॥
भन्छन् धर्मकुमार सभ्यजन हो ! ❀ जन्मै भरी सौख्यमा ।
बस्ने ती धृतराष्ट्र वीरहरुमा ❀ थीए जउन् मुख्यमा ॥
तिन्माथी पनि दैव लागिकन ता ❀ वंशादि जम्मै मरी ।
आफू मर्नु पन्यो जलेर वनमा ❀ भस्मै खरानी सरी ॥१९॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हात्ती साठि हजारको बल थियो ❀ जस्का शरीरै महाँ ।
सौ छोरा जसका थिए ति बलवान् ❀ भूपेन्द्रका गिन्तिमा ॥
तिन्को दुर्गति सुन्नुभो विपिनमा ❀ लाग्दा डढेलो मरे ।
कस्को के छ नसीबमा कुन बुझ्नोस् ❀ के होइजाला भरे ? ॥२०॥
गान्धारी ति पतिव्रता जगतकी ❀ रानी ति ठूली भई ।
सेवा गर्न खडा थिए ती जसका ❀ लाखौं सुसारे तहीं ॥
उस्ती रानि ठुली पनी जलि मरिन् ❀ पर्दै डढेला महाँ ।
को जान्ने विधिलेख यस् जगतमा ❀ जान्दैन कोही यहाँ ॥२१॥
हामी पाँच सुपुत्र छौं जगतमा ❀ जस्का अहीले खडा ।
कन्या पाँचविषे ति कुन्ति कहिने ❀ जो राजमाता बडा ॥
तिन्ले ता जिउँदै डढेर मरनू ❀ कोही बनैमा रही ! ।
कस्तो हो विधिको लिपी न-बुझिने ❀ मर्नू छ काहाँ गई ? ॥२२॥
माता कुन्तिजिले रहेर दिनमा ❀ भोकै ति ज्येठाज्युको ।
सेवा गर्नु घड़ा उठाइ जल गै ❀ ल्याऊनु गंगाजिको ॥
उस्माथी तप गर्नु फेरि सहसा ❀ लागी डढेलो तहाँ ।
स्वर्गैवासि हुनू विधान - विधिको ❀ यस्तै थियो भालमा ॥२३॥
के गर्नू धनि भै भएर बलियो ? ❀ टर्दैन दैवी-गती ।
हा ! माताजि ! सवारि भो हजुर ता ❀ चाँडै यसोरी अती ॥
यस्तै धेर विलाप भूपति रुँदै ❀ खुब् गर्न लागे तहाँ ।
सम्झाए कहि ज्ञान नारदजिले ❀ तिन्का अगाडी महाँ ॥२४॥
पाँचै पाण्डवलाइ ज्ञान कहँदै ❀ चित्तै बुझाई दिए ।
फेरी नारदले सभाकन त्यजी ❀ निस्केर रस्ता लिए ॥
जानू भो जब धाममा ऋषि उठी ❀ ती पाँच भाई अनी ।
लागे गर्न क्रिया ति प्रेतहरुको ❀ उद्धार होला भनी ॥२५॥

इति आश्रमवासिक पर्व ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

❀ श्रीः ❀

महाभारत-मुशलपर्व

नारदले श्रीकृष्णलाई ब्रह्माजीको सन्देश बिन्तीगर्नु ।

माता कुन्तिजिको स-पत्निक तिनै ❀ ज्येठा बुबाको पनी ।
जो गर्नू परने क्रिया-करम ता ❀ सम्पूर्ण राम्रै छिनी ॥
वर्षै छत्तिस सम्म धर्म-सुतले ❀ श्रीराम-राज्यै गरी ।
ठूलो दान र यज्ञ आदि गरियो ❀ भक्ती मनैमा धरी ॥१॥
डाकी अर्जुनलाइ कोहि दिनमा ❀ सम्राट् युधिष्ठीरले ।
आज्ञा बक्सनु भो गएर अब ता ❀ द्वारावती तीमिले ॥
हे भाई ! कुशलादि कृष्ण प्रभुको ❀ सोधेर आऊ भनी ।
दीनू भो र विदा रथै चढ़ि हिंडे ❀ छीटै किरीटी पनी ॥२॥
देवर्षी पथमा मिले र तिनिले ❀ जानुन्छ काहाँ भनी ।
सोद्धा नारदले भने हरिकहाँ ❀ जाँदैछु भेट्नै भनी ॥
यस्तो उत्तर पाइ साथ रथमा ❀ देवर्षिलाई धरी ।
हाँक्दा त्यै रथ द्वारका नगरिमा ❀ पौंचे तुरुन्तै गरी ॥३॥
देखीए अनिरुद्ध-साम्ब-बलजी- ❀ प्रद्युम्न रस्तै महाँ ।
ओर्लें त्यै रथदेखि ती दुइ जना ❀ तिन्सीत भेट्नै तहाँ ॥
सारा ती यदुवंशिले ति ऋषिमा ❀ न्यूही प्रणामै गरे ।
कृष्णौका पनि पुत्र नातिहरु ता ❀ आएर पाऊ परे ॥४॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दीए आशिष ती सबैकन शुभै ❀ देवर्षिले त्यै घरी ।
भेटे अर्जुनलाइ श्रीबलजिले ❀ फेर् अङ्कमाले गरी ॥
सोध्नू भो बलरामले खुशि हुँदै ❀ ती पार्थलाई तहाँ ।
जाती छन् कि सबै जना भन तिमी ❀ हे पार्थ ! देशै महाँ ॥५॥
सञ्चै छन् सब प्राणि केवल दया ❀ हूँदा हजुरको भनी ।
योग्यै बिन्ति चढाउँदै चलिगए ❀ दूवै जना फेर् अनी ॥
त्याहाँदेखि दुवै पुगे महलमा ❀ श्रीकृष्णजीको गई ।
स्वर्णैको नगरी महल् पनि सुनै ❀ सुन्ले बनेको भई ॥६॥
हीरा-मोति जड़ी महल् प्रभुजिको ❀ बैकुण्ठ जस्तै बनी ।
बीचैमा फुलवारिको हुन गई ❀ शोभा थियो धेर् अनी ॥
ती दूवैकन द्वारपालहरुले ❀ श्रीनाथ जाहाँ थिए ।
देखाईकन मार्ग तिन्कन लगी ❀ त्याहीं पुऱ्याई दिए ॥७॥
खोपी रुक्मिणिको अपूर्व रितले ❀ खूबै सजेको भई ।
छोरा-नाति-बुहारि-रानि सँग भै ❀ बस्थे प्रभूजी तहीं ॥
देखी नारद-पार्थलाइ भगवान् ❀ खूशी हुनू भो अती ।
गर्दै हाँसि प्रणाम साथ प्रभुले ❀ राख्नू भयो झट् उठी ॥८॥
अर्घ-पाद्य दिएर नारदजिको ❀ आशीष लींदा भए ।
कृष्णैका परिवारले तब उठी ❀ तिन्लाइ ढोगी दिए ॥
श्रीकृष्णार्जुनको अनी मिलन भो ❀ खुब् अङ्कमाले गरी ।
आनन्दैसित ती बसे सँग सँगै ❀ कूरा-कहानी गरी ॥९॥
ल्याए रानिहरू उठेर हरिका ❀ मिष्ठान्न खाने कुरा ।
कृष्णैका सँग पार्थ नारद मिली ❀ खाए अघाई पुरा ॥
खाने काम सकेर चूठिकन फेर् ❀ आज्ञा हरीको लिई ।
सूते पार्थ त्यहीं थकीत हुनगै ❀ चौकी उपर्मा गई ॥१०॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

निद्राका वशमा ति अर्जुन परे * श्रीकृष्णजीले अनी ।
सोध्नू भो ऋषिलाइ कार्य कुन ली * पाल्नू भएको भनी ॥
देवर्षी तब भन्दछन् प्रभु ! म ता * ब्रह्माजिको बिन्ति ली ।
आएको छु बताउँछू सब कुरा * विस्तार राम्रै गरी ॥११॥
ब्रह्माजी यहि भन्दथे कहिदिनू * श्रीकृष्णलाई गई ।
भैगो धेर उमेर मानुष सरी * देहै हजुर्ले लिई ॥
आऊँने मन गर्नुहुन्न किन हो * वैकुण्ठमा हे हरी ! ।
आऊँदैन डराइ काल प्रभुका * साम्ने अगाड़ी सरी ॥१२॥
डर् मानेर प्रतापका हजुरको * द्वारावतीमा कहीं ।
काले पस्न सकेन मानिस सबै * बाँचे अजम्मर् भई ॥
भन्दै छू म 'प्रसाद' ले हजुरको * माता-पिताजी पनी ।
मर्दैनन् अझ हे कृपालु भगवन् ! * बाँची रहेछन् तिनी ॥१३॥
सृष्टीको नियमादि नाघिन गयो * चल्नेछ सृष्टी कहाँ ? ।
ब्रह्माजी मकनै तुल्याउनु भयो * व्यर्थैं हजुर्ले यहाँ ॥
गाई-गोप बनाइ बक्सनु भयो * पैह्ले ब्रजैमा पनी ।
तिम्लाई म चिनी रहेछु उहिल्यै * देखिन् हरी हौ भनी ॥१४॥
आज्ञा गर्नु भयो सुनेर हरिले * देवर्षि ! भन्छू यहाँ ।
भारै भो अति पृथ्विलाइ यदुको * यो वंश बढ्दा महाँ ॥
मर्दैनन् यदुवंशि यादवहरू * मार्दा अरूले यहाँ ।
तस्मात् गर्छु उपाय नष्ट यि हुनन् * भीड़ेर आफ्नै महाँ ॥१५॥
एही भारतयुद्धको मिति लिई * छत्तीस वर्षैं महाँ ।
मर्नेछन् यदुवंशि श्राप दिइथिन् * गान्धारिजीले तहाँ ॥
तिन्को श्राप म पूर्ण गर्नकन ता * गर्छू उपायै अनी ।
त्यस्का बाद म आउँला भनि दिनू * ब्रह्माजिलाई भनी ॥१६॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

देवर्षीकन यै कुरा सब कही * आराम गर्नु भयो ।
रात्री त्यै बिति भो प्रकाश नभमा * सूर्योदयै भै गयो ॥
निद्रा त्यागि उठे सबै जनहरू * दर्बारमा जुन्घरी ।
ऊठे अर्जुनजी र नारद ऋषी * जागा हुनू भो हरी ॥१७॥

नित्यै कर्म गरी लगाइ कपडा * श्री पार्थले त्यै घरी ।
पाऊमा परि कृष्णचन्द्र प्रभुको * भन्छन् ति बिन्ती गरी ॥
"हे नारायण ! श्रीयुधिष्ठिरजिले * लौ कृष्णलाई गई ।
भन्नू उत्तर तीर जान सब छौं * हामी तयारै यहीं ॥१८॥

नातीलाइ दिएर राज्य जगको * जाने विचारै भई ।
ल्याऊँनै भनि नाथलाइ नृपले * दीए पठाई यहीं ॥
जाऊँला सँग उत्तरै तिर भनी * आज्ञा भएको थियो ।
सोही कार्य निमित्त आउनु हवस् * बेला पनी भैगयो ॥१९॥

यो बिन्ती सुनि भन्नु भो प्रभुजिले * हे पार्थ ! त्यै कार्य ता ।
गर्नेछू तर पर्ख याहिं रहु लौ * हिंड्नेछु साथै म ता ॥
यस्तो जाल रचेर कृष्ण प्रभुले * ती पार्थलाई तहाँ ।
श्रीद्वारावतिमै त राखनु भयो * आफ्ना नगीचै महाँ॥२०॥

दुर्वाशा ऋषिले भयानक श्राप दिनु ।

बिन्ती सम्झि विरञ्चिको प्रभुजिले * वैकुण्ठ जान्छू भनी ।
लाग्नूभो मन बीच गम्न उ बखत् * कर्त्तव्य कुन् हो भनी ॥
सारा यादव यी पराक्रमि भई * छन् इन्द्र तुल्यै यहाँ ।
यिन्लाई यहिं छोडि जानु कसरी * ऊठेर वैकुण्ठमा ? ॥१॥

यिन्को वंश निभाउनू अब पर्‍यो * भूभार हर्नै भनी ।
विप्रैद्वार ऋषिलाइ श्राप सहजे * बन्नेछ कार्यै पनी ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

इच्छा कृष्णजिको भयो र उ बखत् ❁ ती यादवादी अनी ।
साह्रै इच्छुक भै गए वन महाँ ❁ खेलौं शिकारै भनी ॥२॥
श्रीप्रद्युम्न र साम्ब पुत्र हरिका ❁ नातीहरूले पनी ।
आज्ञा कृष्णजिको लिई बन गई ❁ मिर्गादि मारे अनी ॥
दुर्वासा ऋषिजी त्यहीं विपिनमा ❁ बस्थे तपस्या गरी ।
तिन्को जाँच लिनै ति यादवहरू ❁ आँट्दा भए त्यस् घरी ।३॥
श्रीप्रद्युम्नजिले ति साम्बकन ता ❁ मानू जनाना सरी ।
पैह्राई कपड़ा लगाई गहना ❁ चूरा र पोते गरी ॥
बाँधी नूतन वस्त्र धेर भुँड़िमा ❁ ठीक् गर्भिणी ती भए ।
दुर्वासा ऋषिका अगाड़ि ति सबै ❁ हींडेर पौंची गए ।।४॥
सोधे ती ऋषिलाइ यी युवतिले ❁ छोरा र छोरी महाँ ।
कस्तो जन्म दिनिन् बताउनु हवस् ❁ केही दया ली यहाँ ॥
यस्तो प्रश्न सुनेर ध्यान ऋषिले ❁ गर्दा भए त्यस् घरी ।
थाहा भो तिनलाइ छलन भनि ती ❁ आए अगाड़ी सरी ॥५॥
क्रोधी बानि थियो र क्रुद्ध ति भए ❁ त्यै हाल देखी तहाँ ।
लागे भन्न रिसाई यादव ! सुन्यौ ❁ भन्छू त साँचै यहाँ ॥
सारा यो यदुवंश कृष्णजि समेत् ❁ संहार गर्नैं भनी ।
यौटा मूशल पाउला पुरुषले ❁ निर्वंश होला अनी ॥६॥
आफै माफिकका कुरा यति सुनी ❁ फोएर वस्त्रै तहाँ ।
लागे हेर्न फलामको मुशल पो ❁ निस्केछ खोल्दामहाँ ॥
साह्रै नै डर मानि यादवहरू ❁ पौंचे सभामा अनी ।
देखाए नृपती र सभ्यहरुमा ❁ वृत्तान्त सारा भनी ॥७॥
सुन्दा हाल ति उग्रसेन नृपले ❁ वृद्धादिका साथमा ।
के गर्नें भनि सोधनी गरनु भो ❁ तिन्ले भने झट् तहाँ ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चित्र सं० १६ दुर्वासा शाप

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

राजन् ! रेति लगाइ रेत्नु परला ❀ यस्लाइ धूलो गरी ।
त्यै चूर्णैकन ता समुद्र-जलमा ❀ दीनू बगाई वरी ॥८॥
यो बिन्तीकन मानि झट् नृपतिले ❀ त्यै काम गर्दा भए ।
धूलो भो र लगी समुद्र-जलमा ❀ हाली बगाई दिए ॥
रेतेको अवशेष भाग रहिगो ❀ सानू फलाम्को तहाँ ।
रेत्नैंलाइ भएन त्यै पनि लगी ❀ हाली दिए पानिमा ॥९॥
माछोले त्यहि पो निलेछ जब ता ❀ माँझी पुगी त्यै घरी ।
जाल्हानी मछली धरेछ र लग्यो ❀ बेच्ने इरादा गरी ॥
व्याधा कोहि जरा थियो किनि लग्यो ❀ माछा घरैमा पनी ।
चिर्दा खेरि भुँड़ी उ क्षुद्र टुकड़ो ❀ निक्लेछ ताहीं अनी॥१०॥
त्यै टुक्राकन राखि आफ्नु शरको ❀ टुप्पोविषे ठिक् गरी ।
ठोकी ठाकि गराइ बेस बलियो ❀ पारेछ युक्ती गरी ॥
पानीको पनि छाल हानिकन ता ❀ ती सिन्धुले खुब् गरी ।
खड्गै तुल्य ति काँस झार बहुतै ❀ उम्रे तटैका भरी ॥११॥

यदुवंश विनष्ट हुँनु, श्रीकृष्ण-बलरामको बैकुण्ठ तिर जानु ।

बीते क्यै दिन सोच्नु भो हृदयमा ❀ श्रीकृष्णजीले अनी ।
लाग्ने छैन कदापि श्राप ऋषिको ❀ द्वारावतीमा भनी ॥
तस्मात् अन्त कतै यि यादवहरू ❀ जाउन् त आपै पनी ।
लागी नष्ट हुनन् र भार भुमिको ❀ हूनेछ हलका अनी ॥१॥
त्यस्का लागि प्रभास-तीर्थ जुन हो ❀ जग्गा छ राम्रो अनी ।
जानू पर्छ यि यादवादिहरुले ❀ भोली बिहानै उठी ॥
यै पक्का गरि भूपका हजुरमा ❀ श्रीकृष्ण जानू भयो ।
सारालाइ सुनाइ बक्सनु हुँदा ❀ थाहा पनी भै गयो ॥२॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

साह्रै खुशि भए ति यादवहरू * आज्ञा हरीको सुनी ।
त्याहाँबाट उठी पुगे महलमा * फेरी जगत्का धनी ॥
आए उद्धव भक्त जानि हरिको * इच्छा अगाड़ी महाँ ।
बोले नाथ ! म के गरूँ अब बसी * एक्लै यही देशमा ॥३॥
हुन्छन् यी यदुवंशि नष्ट सहजै * भोली अवश्यै गरी ।
फेरी आउनु हुन्न नाथ पनि ता * द्वारावतीमा फिरी ॥
एती बात सुनाइ उद्धव बसी * ती रून लागे जसै ।
आज्ञा गर्नु भयो बुझाउन भनी * श्रीकृष्णजीले तसै ॥४॥
जाऊ उद्धव ! बद्रिकाश्रम तिरै * गर्नू तपस्या तहीं ।
जान्दैछौ सबले त जानु परने * रस्ता छ एकै उही ॥
नातेदार गृहादि दौलत सबै * झूटो छ जानी लिनू ।
साथी भैं भइ कोहि जान्न सँगमा * एक्लै छ मृत्यू हुनू ॥५॥
आज्ञा कृष्णजिको सुनी चरणमा * ढोगेर तिन्ले अनी ।
त्यै बेला त्यजि द्वारिका चलि गए * जान्छू म बद्री भनी ॥
रात्री त्यै बिति भो बिहान अनि ता * ती यादवादी उठी ।
छोरा - नाति - पनातिहेरु हरिका * ठूला भएका जती ॥६॥
साथैमा यदुवंशिको कटक ली * तम्बू र पाल्है अनी ।
अंगूरी मदिरा लिएर ति चले * जाऊँ प्रभासै भनी ॥
पृथ्वी कम्प गराइ सैन्य चलि गो * तीर्थैं प्रभासै महाँ ।
पालै टाँगि लिएर स्नान सबले * गर्दा भए सिन्धुमा ॥७॥
न्वाही सागरमा फिरेर तटमा * खाए सुरा खुब् गरी ।
मिष्ठान्नादि झिकेर भोजन गरे * आफ्नू त पेटै भरी ॥
व्यर्थैमा झगड़ा गरे ति सबले * कूरा-कुरैमा अनी ।
प्रद्युम्नै गइ साम्बजीसित भिड़े * शत्रू समानै बनी ॥८॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्रीकृष्ण स्वर्गारोहण

चित्र सं ८७

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यै बेला अनिरुद्ध सात्यकिजिको * कुस्ती परीगो तहाँ।
मुक्कामुक्कि र लात् पनी चलि गयो * आपस्तका बीचमा ॥
भन्नू भो बलरामले नजिक गै * हे वीर हो ! यस् घरी।
गर्छौ कीन लड़ाइँ आज यसरी * साह्रै नशामा परी ॥९॥
आपैका वशमा ति यादवहरू * पर्दा तिनैको पनी—
वार्तालाइ गरे अनादर खुबै * देखेर दिक्कै बनी ॥
सोच्नू भो बलरामले हृदयमा * इच्छा हरीको भनी।
बैकुण्ठै तिर जान मन्सुब भयो * तिन्लाइ फेरी अनी॥१०॥
त्याहाँ देखि हिंडेर झट्ट बलजो * जानू भयो तीरमा।
हाम्फालीकन धाममा गइगए * त्यै सिन्धुका नीरमा ॥
भीड्दा आपसमा भए जति सबै * शस्त्रादि टूटी गए।
देखी काँश ति खड्ग तुल्य सबले * सोही उखेली लिए॥११॥
लागे गर्न प्रहार काँश करमा * लीएर ता जुन् घरी।
आपैले ऋषिका कतल् भई गिरे * ती यादवादी मरी ॥
कस्तो भारि उदेक भो यदु-कुलै * निर्मूल भै गो तहाँ।
कोही बाँच्न सकेन है सब गिरे * त्यै सिन्धुका तीरमा॥१२॥
भूमीको सब भार उत्रन गई * खूशी हुनू भो हरी।
यौटा पीपलको ठुलो रुख थियो * जानू भयो झट् गरी ॥
ऊपर् खुट्टि लगाइ त्यै तरु मनी * श्रीकृष्ण बस्नू भयो।
व्याधाले नजिकै गएर शर त्यै * ताकेर हानी दियो ॥१३॥
थीयो अंगद त्यै परन्तु अहिले * थीयो उ व्याधा पनी।
पाऊको बुढ़ि औंलिलाइ मृगको * ठानेर हान्नै भनी ॥
हान्यो कृष्णजिलाइ बाण घुसि गो * औंला विषे गै जसै।
लीला मानुसको गरेर भगवान् * मौनै हुनूभो तसै ॥१४॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मारौँ मिर्ग भनेर ता खुशि हुँदै ❀ व्याधा पुगी गो तहीं ।
देख्यो कृष्णजिलाइ पल्टि रहने ❀ त्यस्ले नजीकै गई ॥
त्राही ! त्राहि !! प्रभो ! गरूँ अब कसो ❀ भन्दै तुरुन्तै गरी ।
झीक्यो त्यै शरलाइ तानि करले ❀ आँसू नजर्मा भरी॥१५॥
ठिन्को सोहि फलामको शरविषे ❀ त्यस्को हुनाले तहाँ ।
दुर्वासा ऋषिको त श्राप भइगो ❀ साँचो उसै बीचमा ॥
आज्ञा कृष्णजिबाट यै हुन गयो ❀ हे व्याध ! चिन्ता रती—
गर्ने काम अवश्य छैन बुझिले ❀ यै हो जगत्‌को गती॥१६॥
तेरो केहि कसूर छैन यसमा ❀ रामावतारै महाँ ।
बाली-पुत्र त अंगदै अघि थिइस् ❀ भन्छू म साँचो यहाँ ॥
खूशी भै म तँलाइ माँगि वरले ❀ भन्दो भएँथें जसै ।
बाबूको बदला म पाउँ लिन पो ❀ एही कहीथिस् तसै ॥१७॥
मैले एहि भनें म कृष्ण जब ता ❀ हुन्छू जगत्‌मा गई ।
सक्लास् मार्न मलाइ सोहि वचनै ❀ पूरा गराएँ यहीं ॥
मेरै भक्त तँ होस् तँ जा अब छिटै ❀ स्वर्गै पुरीमा भनी ।
आज्ञा एति हुँदा विमान पुगिगो ❀ त्यस्लाइ लीनै अनी ॥१८॥
पाऊमा परि कृष्णका गइ बस्यो ❀ त्यै व्योमयानै महाँ ।
गैगो सोहि विमान वायु-पथ भै ❀ देवेन्द्रका लोकमा ॥
इच्छाले हरिको लिएर रथ झट् ❀ दारुक त्यै सारथी ।
आयो कृष्णजिका नजीक जब ता ❀ सोही उदेक् भो अती॥१९॥
पाऊ पर्न भनेर दारुक अनी ❀ उत्र्यो भुमीमा जसै ।
घोड़ा चार समेत त्यै रथ उड्यो ❀ श्रीकृष्णजीको तसै ॥
यस्तै औसरमा कही सब कुरा ❀ फेर् भन्न लाग्नू भयो ।
जाऊ गै भन कृष्णको त अहिले ❀ चोला छुटी गै गयो ॥२०॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जाऊ गै कहु पार्थलाइ तिमिले * द्वारावती यै पनी ।
बुड्ला सागरको गभीर जलमा * चाँडै अवश्यै अनी ॥
तस्मात् रानिहरू र बालकहरू * बूढ़ी र बूढ़ा जती ।
जो छन् ती सबलाइ लीकन छिटै * जाउन् ति पार्थै उठी ॥२१॥

तिन्लाई लगि श्रीयुधिष्ठिरजिको * त्यै इन्द्रप्रस्थै महाँ ।
राखी पालन गर्नु यै कहि दिनू * दारुक ! तिम्ले तहाँ ॥
फेरी भन्नु ति पार्थलाइ पहिले * गीता बताए जती ।
यादै राख्नु न भूलि कार्य गरनू * जो गर्नु गर्दै स्थिती ॥२२॥

हे दारुक! म जान्छु धाम निजमा * ऐह्ले तुरुन्तै गरी ।
आऊँनू तिमिले पछी जगतको * आयू सकेरै मरी ॥
आज्ञा यो सुनि दारुकै उठि गयो * दौड़ेर नै द्वारका ।
बाजा खूब बजे अपूर्व नभमा * आनन्दकै सूरमा ॥२३॥

आए त्याहिं सुरादि दर्शन गरौं * भन्ने इरादा धरी ।
पौंच्यो दिव्य-विमान कृष्ण प्रभुको * जाहाँ थिए श्रीहरी ॥
श्रीनारायण कृष्ण सूक्ष्म-रुप पो * लीएर आफ्नू तहाँ ।
हाँस्दै दिव्य विमानमा चढनु भो * देवादिकै सामुमा ॥२४॥

उड्दै कृष्णजिको विमान चलिगो * बैकुण्ठको मार्ग ली ।
देवादी सब वायु झैं उडि हिंडे * तिन्का पछीनै चली ॥
यस्तो चाल गरेर कृष्ण भगवान् * जानू भयो धाममा ।
पौंच्यो सारथि द्वारिका नगरिमा * ती पार्थका सामुमा ॥२५॥

कृष्णका विरहमा वसुदेव-देवकी र महारानीहरूले देहत्याग गर्नु ।

यस्तै औसरमा सभा-भवनमा * श्रीपार्थ नेरै गई ।
रूँदै दारुकले सबै कहिदिए * वृत्तान्त जो हो तहीं ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सारा नष्ट भए ति यादवहरू ❀ आपस्तमा नै भिडी ।
आफैं कृष्ण समेत जानु पनि भो ❀ वैकुण्ठ तर्फै उठी ॥१॥
सुन्दा एहि खबर् विलाप सबले ❀ थाले रुँदै पो तहाँ ।
धेरैलाइ पत्यार् भएन ति कुरा ❀ शंका परी चित्तमा ॥
फेरी अर्जुनले सवारिहरुको ❀ जल्दी प्रबन्धै गरे ।
सारा रानिहरू लिएर सँगमा ❀ माता-पिताजी अरे ॥२॥
पौंचे सोहि प्रभासमा दुख मनी ❀ जाहाँ हरीको पनी ।
थीयो मंगल-देह पूर्ण शशिझैं ❀ खुब् तेजवाला बनी ॥
उत्री झट् रथदेखि प्राणि ति सबै ❀ ताहीं नजीकै गए ।
आकाशैकन व्याप्त पारिकन ती ❀ चौपट्ट रूँदा भए ॥३॥
गीरे श्रीवसुदेव जीव-बिनु भैं ❀ हा कृष्ण ! भन्दै अनी ।
माता कृष्णजिकी ति देवकि गिरिन् ❀ मुर्दा तुरुन्तै बनी ॥
रानी ती पटरानि जो जति थिए ❀ ज्यान् छोड़ि गिर्दै मरे ।
हा प्यारे ! प्रभुकृष्ण ! एति कहँदै ❀ ती पार्थ मूर्छा परे ॥४॥
केही चेत भयो र अर्जुन उठी ❀ मानिस् खटाई दिई ।
दाहादी गरने समस्त सरजाम् ❀ जल्दी मगाए तहीं ॥
लाई चन्दनको चिता अगरधुप् ❀ कर्पूर घीऊ पनी ।
हाली मंगल-देह कृष्णप्रभुको ❀ राखे उसैमा अनी ॥५॥
अग्नी अर्जुनले दिए उहि बखत् ❀ न्वाहेर चोखो भई ।
कृष्णैका पटरानि ती जलि मरे ❀ साथै सती भै गई ॥
बाँकी रानि सबै ति सिन्धु-जलमा ❀ डूबेर जाँदा भए ।
देवीका सब अंशमा मिलिगई ❀ वैकुण्ठमा गैगए ॥६॥
विद्वान् विप्र - पुरोहितादिहरुले ❀ ती पार्थलाई तहाँ ।
लाए दाहक्रिया गराउन अनी ❀ चिन्ता लिंदै चित्तमा ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

देख्दै मंगल-देह त्यै जलिगयो * ली अस्तु भागै पनी।
तिन्ले झट्ट दिए बगाइ जलमा * जावस् बगेरै भनी ॥७॥
सोलालाइ पखालि सिन्धु-जलले * ठंडा गराई लिए।
न्वाही पानि दिएर पैह्रि कपड़ा * ती पार्थ मौनै भए।
सारा ती पुरवासिले श्रम गरी * सोला र खाडल् गरी।
संस्कारादि गरीदिए सहजमा * जो-जो गएथे मरी ॥८॥
आएका जति पौरवासि र अरू * रानी र प्राणी लिई।
फर्के अर्जुन वाहनादि चढदै * सर्वस्व-हीनै भई।
श्रीद्वारावतिमा पुगेर उ बखत् * भ्याली पिटाई खुबै।
रैतीलाइ हुकुम् दिए यहि कुरा * मालूम गर्दै सबै ॥९॥
यो द्वारावति भोलि डुब्छ बुझनू * मध्याह्न बेला भई।
आफ्नू झीटि पशू र प्राणि सब ली * बस्नू तयारै रही ॥
हाल्नू मालहरू समस्त जति छन् * गाड़ा र बग्गीमहाँ।
चढ्ने वाहन ठीक राख्नु सबले * अल्छी न मानी यहाँ॥१०॥
आज्ञा कृष्णजिको छ जानु सबले * त्यै इन्द्रप्रस्थै महाँ।
लैजान्छन् धनुधारि पार्थ सबको * रक्षा गरी मार्गमा ॥
एती डुगडुगि पीटिंदा नगरमा * रैतीहरूले पनी।
थाहा भैकन खुब् तयारि गरियो * जानू छ भोली भनी॥११॥

रस्तामा भिल्लहरूले डकैती गरी सब थोक लिनु।

भोली पल्ट उठेर रैतिकन ता * पैह्ले हिंडाई दिए।
ल्याई वाहन पार्थले महलमा * जम्मा गराई लिए॥
सारालाइ चढाइ पालिक रथमा * माले लदाए अनी।
सेना लीकन पार्थ ती चलिगए * रक्षा म गर्छू भनी ॥१॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यागी त्यौ नगरी अली पर पुग्यो ❋ त्यौ सैन्य हिंड्दै गरी ।
डूबीगो अनि द्वारका नगरि ता ❋ पानी बहूतै बढी ॥
यस्तै औसरमा ति भिल्लहरुले ❋ निस्केर घेरी लिए ।
लट्ठीले सबलाइ ठोकिकन ता ❋ सेना भगाई दिए ॥२॥

रानी कृष्णजिका हरीकन लगे ❋ च्यापेर काखी महाँ ।
लाखौं भिल्लहरू मिली लुटिलिए ❋ सामग्री सारा तहाँ ॥
त्यागी दी कुल-लाज रानि बहुतै ❋ साथै गए भिल्लका ।
हान्दा बाण ति पार्थले विफल भै ❋ मानू भए खेलका ॥३॥

साह्रै क्रुद्ध भएर अर्जुनजिले ❋ अस्त्रादि त्याग्छू भनी ।
आँट्दा मन्त्र ति अस्त्रका भुलिदिए ❋ दिक्‌दार साह्रै बनी ॥
हेर्दा शस्त्रहरू त छैन सँगमा ❋ ठोक्रो त रित्तो भयो ।
यस्तो देखि ति पार्थको हृदय ता ❋ खिन्नै भई गै गयो ॥४॥

भागे भिल्लहरू अदृश्य हुनगै ❋ काहाँ हराए कहाँ ? ।
केही रानि र केहि सैन्य अनि ता ❋ आए अगाड़ी महाँ ॥
देखी तिन्कन शर्म मानि बहुतै ❋ ती पार्थले त्यौ घरी ।
लामू सास निकालि नम्र वचनै ❋ बोले अचम्मै परी ॥५॥

अर्जुन दिक्‌दार हुनु, व्यासले आई सम्झाउनु ।

हे साथीहरुहो ! र रानिहरुहो ! ❋ रक्षा गरूँला भनी ।
आएँथैं तर भिल्लले लुटिलगे ❋ ठूला ति वीरै बनी ॥
ठोक्रो खालि भएछ छैन हतियार ❋ मेरो हराई गयो ।
मन्त्रै ता पनि अस्त्रको भुलिदिएँ ❋ के दुर्गती भै गयो ॥१॥
श्रीद्वारावति डुब्नु भिल्लहरुले ❋ लुट्नू ति रानी यहाँ ।
मेरो शक्ति समाप्त हूनु सब हो ❋ इच्छा हरीकै यहाँ ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एती बात गरी सबै जन चली * फेर् इन्द्रप्रस्थै गए ।
दींदै राज्य ति वज्रनाम कन ता * क्यै शान्त पार्थैं भए ।।२।।
रानी कृष्णजिका र सैन्य पनि ता * तिन्लाइ सुम्पी दिए ।
नीतीले गर राज्य एति कहँदै * ऊठेर ती गैगए ।।
पौंची व्यासजिलाइ रोइ बहुतै * सो हाल तिन्ले कहे ।
त्यै सूनीकन व्यासले पनि कुरा * अर्ती सुनाई दिए ।।३।।
सुन्छौ पार्थ ! ति कृष्ण हुन् हरि उनै * उन्कै त इच्छा भई ।
ऐह्ले यो नहुने कुरा हुनगयो * बूझ्नू तिमीले यहीं ।।
तिम्ले फिक्रि न-लेउ काल जुन हो * छोटा बड़ा हर्छ त्यै ।
कालैले यहि सृष्टि गर्छ जगमा * पैदा गराई दिंदै ।।४।।
भूमीको सब भार हर्न हरिको * कृष्णावतारै भयो ।
तिम्ले खूब सहायता गरि दिंदा * त्यै कार्य हूँदै गयो ।।
आयो काल प्रवेश गर्छ कलिले * सर्वत्र जाहाँ तहीं ।
बस्नू ता उचितै म देख्दिन विना * श्रीकृष्णजीले यहीं ।।५।।

* इति मुशलपर्व समाप्त *

पुस्तक पाइने ठेगाना —
बाबू माधवप्रसाद शर्मा,
२३।११६ दूधविनायक,वाराणसी-१

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

❁ श्रीः ❁

महाभारत-स्वर्गारोहणपर्व

नाग र ब्राह्मणको कथा ।

पाई व्यासजिबाट अर्ति बढिया ❁ सन्तोष केही धरी ।
घोडामा चढ़ि हस्तिनापुर पुगे ❁ ती पार्थ जल्दी गरी ॥
बस्थे बैठकमा युधिष्ठिरजि ता ❁ भाईहरू साथ ली ।
ताहीं पार्थ पुगी कहे सब कुरा ❁ विस्तार राम्रो गरी ॥१॥

"जानू भो हरि धाममा नगरि त्यौ ❁ द्वारावती डूबि गो ।
डाँका भारि परेर माल सहितै ❁ रानीहरू लूट भो ॥
शक्ती व्यर्थ भयो ति अर्जुनजिको" ❁ भन्ने कुरा ती सुनी ।
रानी द्रौपदि साथ पाण्डवहरू ❁ रोए बहूतै अनी ॥२॥

यस्तै औसरमा ति व्यास ऋषिजी ❁ देखा त्यहीं पर्नु भो ।
रूने धर्मकुमारलाइ अघि गै ❁ यो प्रश्न पो गर्नु भो ॥
राजन् ! शास्त्र पढेर ज्ञानि भइ खुब् ❁ अज्ञानि जस्तो भई ।
रुन्छौ ताप लिएर कीन मनमा ❁ श्रीकृष्ण जाँदा उहीं ? ॥३॥

लीला जो गरनू थियो उहि गरी ❁ भू-भार हर्नू भयो ।
पाल्नू भो हरि धाममा त निजकै ❁ रूने कुरा कुन् भयो ? ॥
यस्ता बात सुनी युधिष्ठिरजिले ❁ ती व्यासलाई तहाँ ।
भन्छन् हे प्रभु ! गोत्रघात भइगो ❁ मै पापिदेखिन् यहाँ ॥४॥

कस्तो रीति गरेर जान सकुँला ❁ बैकुण्ठमा मै पनी ? ।
केही आज उपाय अर्ति सरिको ❁ दीनोस् हजुर्ले भनी ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सुन्दा एति कुरा ति व्यास ऋषिले * आज्ञा गरे फेर् तहाँ ।
राजन्! जानु हिमालयै तिर असल् * गल्नै भनी हीउँमा ॥५॥
जस्ले बद्रि गएर प्राण सहजै * त्याग्ने छ हीऊँ महाँ ।
त्यस्का पाप सहस्र जन्महरुका * बाँकी रहन्छन् कहाँ ? ॥
मैले त्यै इतिहास भन्छु सुन लौ * हे भूपते ! यस् घरी ।
जो सुन्दा भ्रम जान्छ जो छ मनमा * तिम्रा अवश्यै गरी ॥६॥
कोही ब्राह्मण गाउँमा घर लिई * बस्थे गृहस्थी भई ।
श्रीमद्भागवते पुराण ति सधैं * भन्थे महल्मा गई ॥
सीधाकै सँगमा लिएर दछिना * दर्बार देखिन् तिनी ।
फर्कन्थे घरमा पकाइ अनि फेर् * खान्थे ति अन्नै पनी ॥७॥
बाँची कृष्ण-कथा सिधाहरु लिई * कोही दिनैमा तिनी ।
हींडे जान घरै पुगी सडकमा * त्यागी महल् त्यै अनी ॥
केही दूर गएर पोखरि मिल्यो * जस्का किनारै महाँ ।
कोही नाग रहेछ विप्रवरले * देखे बसेको तहाँ ॥८॥
देख्दा नाग ति विप्रलाइ मनमा * केही डरै पो पर्‍यो ।
नागैले तिनिसीत मानिस सरी * बोलेर बातै गर्‍यो ॥
नागै हूँ म त जातको तर पनी * बोल्छू मनुष्यै सरी ।
डेरा याहिं छ याहिं आइ तिमिले * पोथी अगाडी धरी ॥९॥
अध्यायैकन एक भागवतको * तिम्ले सुनाऊ कथा ।
रोजै एति अवश्य गर्नु फरकी * दर्बार देखी यता ॥
दीनेछू तिमिलाइ भागवतको * मैले सधैं दच्छिणा ।
सुन्दा एति कुरा ति पण्डित निकै * खूशी भए चित्तमा ॥१०॥
लीलामा हरिको ति नागवरको * देखेर प्रीती पर्‍या ।
बोल्ले ब्राह्मणले प्रसन्न मनले * सुननोस् कथा लौ भनी ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सूनाए तिनलाइ विप्रवरले ❀ अध्याय यौटा तहाँ ।
नागैले त अशर्फि एक भिकि भट् ❀ राखी दिए हातमा ॥११॥
सुन्को एक अशर्फि हात परदा ❀ ती विप्र खूशी भए ।
भोली आउनुहोस् न-बिर्सि कहँदै ❀ तिन्लाइ बीदा दिए ॥
भोली पल्ट उठेर गै महलमा ❀ जो भन्नु पर्ने भनी ।
फर्की नागकहाँ गएर द्विजले ❀ सोही सुनाए अनी ॥१२॥
दीए एक अशर्फि नागवरले ❀ तिन्लाइ फेर् दक्षिणा ।
यस्तै रीति गरी अशर्फि द्विजले ❀ जम्मा गरे पासमा ॥
पूरा भागवतै सुनेर सकदा ❀ ती नाग दङ्ग परे ।
भो ज्ञानोदय चित्तमा र तिनले ❀ साँचो विचारै गरे ॥१३॥
यो संसार भुटो रहेछ हरिको ❀ नाऊँ छ सच्चा यहाँ ।
तस्मात् ज्ञानि मनुष्य नाम जपदै ❀ पुग्छन् ति बैकुण्ठमा ॥
गर्दै एहि विचार नागवरले ❀ ती विप्रलाई अनी ।
भन्छन् एक कुरा म माग्दछु दिनू- ❀ होला कि ऐहे भनी ॥१४॥
दिन्छू जे तिमि माग्दछौ यति भने ❀ ती विप्रजीले जसै ।
जाऊँ बद्रि तिरै दुवै जन भनी ❀ बोले तिनीले तसै ॥
जन्मै-भूमि त बद्रि हो घर पनी ❀ मेरो छ भन्नू तहीं ।
घैंटोमा छ अशर्फि धेर घरमा ❀ दिन्छू म सुम्पी उही ॥१५॥
यस्ता बात सुनेर लोभवश भै ❀ ती विप्र साथै गए ।
बद्रीकाश्रमकै त जंगल पुगी ❀ तिन्ले अशर्फी दिए ॥
पोको पारिलिए ति विप्रवरले ❀ सोही अशर्फी पनी ।
नागैका सँग लागि ती पुगि गए ❀ केदारमाहाँ अनी ॥१६॥
दूवैले गई दर्शनै शिवजिको ❀ गर्दा भए भट् अनी ।
भन्छन् नाग मलाइ बोकि हिंडलौ ❀ त्यै हीँउँनेरै भनी ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मानी सोहि कुरा ति नागकन ली ❀ ती विप्र हिंड्दै गरी ।
हीउँ नेर पुगे ति नाग खुशि भै ❀ तिन्सीत भन्छन् फिरी ॥१७॥
बाजे ! राख मलाइ सोहि हिउँमा ❀ हिंड्छू म चीसो महाँ ।
सुन्दा राखि दिए लगेर हिमको ❀ थुप्रो थियो है जहाँ ॥
फर्के ब्राह्मण जानलाइ घरमा ❀ देखेर त्यै नाग ता ।
लाग्यो हाँस्न र विप्रले उहि बखत् ❀ फर्केर भन्छन् त्यता ॥१८॥

नाग हाँसेको कारण विप्रले सोध्नु ।

हाँस्यौ कीन यसोरि नाग ! कहु लौं ❀ भन्दा ति भन्छन् तहीं ।
भेदै जान्नु हँसाइको यदि छ ता ❀ काशीपुरीमा गई ॥
राजासीत गएर सोध तिमिले ❀ कुन् कारणैले गरी ।
हाँसे नाग भनेर ती कहिदिनन् ❀ तिम्लाइ सोही घरी ॥१॥
यस्ता बात सुनेर ब्राह्मण गए ❀ वाराणसीमा अनी ।
गंगा स्नान गरेर दर्शन गरे ❀ विश्वेश्वरैको पनी ॥
फेरी भूपतिका गई महलमा ❀ तिन्सीत भेटै गरी ।
आफ्नू फेरि ति नागको कहिदिए ❀ वृत्तान्त पूरा गरी ॥२॥
भन्छन् ती द्विज भूपते ! किन उसै ❀ ती नाग हाँसे तहीं ? ।
सोही भेद बताइ बक्सनु हवस् ❀ जाँला म खूशी भई ॥
भेदै जो छ हँसाइको उ नबुझी ❀ पीरै मलाई पऱ्यो ।
जाने छैन न-जानि भेद मनले ❀ एही प्रतिज्ञा गऱ्यो ॥३॥
राजाले तब विप्रलाइ नजिकै ❀ राखेर भन्छन् अनी ।
हीँडे वैष्णव तीन प्राणि सँग भै ❀ पृथ्वी घुमौंला भनी ॥
धेरै देश - पहाड - पर्वत घुमी ❀ कोही बनैमा गए ।
ताहीं भात तिहुन् पकाइ तिनिले ❀ कृष्णार्पणै गर्दिए ॥४॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri Funding: MIDF

आँटे सोहि प्रसाद खान जब ता * आएछ कुत्ता कुनै ।
त्यस्लाई पनि खान दी ति सबले * खाए अघाई खुबै ॥
खाई-पीइ सकेर वैष्णव हिंडे * तिन्का पछाडी रही ।
लाग्यो श्वान समेत हिंड्न जब ता * देखेर तिन्ले तहीं ॥५॥
लागे भन्न ति जन्म-भूमि यहि हो * तिम्रो र श्वानै यहीं ।
बस्नू पर्छ न साथ लाग तिमि ता * हाम्रै त साथी भई ॥
भन्दो भो तब श्वानले बुझि लिनोस् * पेटै त भर्ला जहाँ ।
मेरो जन्म-भूमी र ताहिं घर हो * यै बात जान्नोस् यहाँ ॥६॥
एती उत्तर दी ति वैष्णवसि... * लाग्यो पछाडी तहीं ।
ती चारै गइ हीउँमा गलि गए * पापादि नष्टै भई ॥
कुत्ताकै रहि कानमा दुइ किरा * भित्रै बसेका थिए ।
त्याहीं श्वान मर्‍यो किराहरु दुवै * ज्यान् छोड़िदींदा भए ॥७॥
राजन् ! त्यै हिउँको प्रभाव सुन लौ * ती दुइ कीरा पनी ।
पुरीमा मकसूदबाद भुमिमा * जन्मे ति राजा बनी ॥
त्यै कुत्ता म हुँ काशिमा जनम भो * दर्बारका बीचमा ।
बूबाका पछि भूप भै अब भएँ * गर्दैछु राज्यै यहाँ ॥८॥
ज्ञानी भैकन पूर्व-जन्महरुको * वार्ता मलाई यहाँ ।
मालूमै छ र आज त्यौ कहिदिएँ * तिम्रा अगाडी महाँ ॥
एती पूर्व-कथा कहेर नृपले * जुन् कारणै पो परी ।
हाँस्यो नाग उ भन्दछन् द्विजसँगै * खोलेर राम्रो गरी ॥९॥
ज्ञानी पण्डित जानि तिन्कन लगी * सर्वस्व मैले दिएँ ।
साथै गैकन ता गलें म हिउँमा * फर्केर ता ती गए ॥
फर्के ती घरमा कउन् सुख वृथा * मैले गरूँला भनी ।
गर्दै सोहि विचार नाग सहसा * हाँसे बहूते अनी ॥१०॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भन्नू भै इतिहास व्यास ऋषिले * आज्ञा गरे फेर् तहाँ ।
राजन् ! बद्रि गएर गल्नु बढ़िया * देखिन्छ हीऊँ महाँ ॥
अर्ती एति दिएर व्यासजि गए * ऊठेर सोही घरी ।
आँटे उत्तर-पन्थ जान तिनले * सल्लाह राम्रो गरी ॥११॥

महापन्थ जाँदा रास्तामा गिर्नें प्राणीहरूको दोषवर्णन राजाले भीमसित गर्नु ।

नाती आफ्नु परीक्षितैकन छिटै * सिंहासनैमा धरे ।
लूगा एकसरो लगाइ जिउको * आभूषणैं त्याग् गरे ॥
निस्के पाण्डव स्वर्ग जान सँगमा * रानी लिई द्रौपदी ।
हींड़े त्यै नगरी त्यजेर ति सबै * आनन्द-चित्तै गरी ॥१॥
पैह्ले भारतको प्रदक्षिण गरौं * भन्ने विचारै भई ।
पूर्वै तीर गएर सागर पुगे * आनन्द साथै रही ॥
फाले अर्जुनले त गाण्डिव धनू * त्यै सिन्धुका पानिमा ।
घुम्दै दक्षिण फेरि ती सब पुगे * पश्चीमका सिन्धुमा ॥२॥
देखे डूबि गए छ स्वर्ण-नगरी * त्यै द्वारिकाजी अनी ।
आँसू बर्र गिराउँदै चलिगए * फेर् उत्तरैमा तिनी ॥
धेरै बाँझ-भुमी बनादि बहुतै * नाघेर जाँदा महाँ ।
देखीयो र सुमेरु पर्वत तहीं * त्यस्कै गए बीचमा ॥३॥
ऊँचा त्यै हिमशैलको र अनि त्यौ * सूमेरुकै मध्यमा ।
के राम्रो बगरै रहेछ ति हिंड़े * दृश्यादि हेर्दै तहाँ ॥
धेरै शीत बढ़ेर मृत्यु हुन गो * पाञ्चालि लोटिन् अनी ।
वैकुण्ठै पुरिमा उड़ेर ति गइन् * भेटिन् जगत्का धनी ॥४॥
देखी द्रौपदिको शरीर हिउँमा * लोटी मरेको तहीं ।
साह्रै शोच बढेर भीमकन ता * पीड़ा बहूतै भई ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लागे भन्न गयौ नि देवि ! तिमि ता * जस्का निमित्तै महाँ ।
त्यस्तो भारत-युद्ध भै सब मरे * क्षत्री थिए जो तहाँ ॥५॥
भन्छन् धर्मकुमार भाइ ! किन यो * फिक्री गरेको अती ? ।
तिन्कै लागि त युद्ध भारत भयो * को बुझ्छ दैवी गती ? ॥
युद्धैमा गुरुजी समेत ति सबै * क्षत्री मरी गैगए ।
सोही कारणले गिरिन् तिनि भनी * चित्तै बुझाई लिए ॥६॥
यस्तै बात गरेर भीमसित फेर् * राजा अगाडी गए ।
ताहीं स्वर्णपुरी नजर् परिगयो * देख्दा अचम्मै भए ॥
त्यै बेला अति रूप युक्त बहुतै * कन्या अगाड़ी महाँ ।
आई बिन्ति गरिन् ति धर्म-सुतका * हेर्दै मुहारै महाँ ॥७॥
राजन् ! धर्मकुमार ! आउनुभयो * हामीहरू स्वागतै ।
गर्नैलाइ भनेर हाजिर भयौं * गर्नोस् यहीं राज्य नै ॥
नाना भाँति सुखै गरेर रहनोस् * भाई लिई साथमा ।
आयू धेर छ वृद्ध हुन्न जन क्वै * रोगादि छैनन् यहाँ ॥८॥
कन्याका यि कुरा सुनेर नृपले * भन्दा भए त्यै घरी ।
हामी ता सब राज - भोग त्यजि दी * आयौं यहाँ सुन्दरी ! ॥
कृष्णैका पद-कंजमा मन रम्यो * तिन्लाइ भेट्ने भनी ।
वैकुण्ठै तिर जानलाइ सुर ली * हिंड्छौं बटोही बनी ॥९॥
यस्ता वाक्य सुनी सबै फिरिगए * ती रूपकानै धनी ।
ताहाँदेखि हिंडी अनंग कहिने * पौंचे शिलामा तिनी ॥
सर्दीले सहदेवजी गिरिगए * त्यै हीउँका राशमा ।
भन्छन् भीम हरे ! यि भाइ त गिरे * यो आधि रस्तै महाँ ॥१०॥
बुद्धीमा यि सरी थिएन जन क्वै * मन्त्री यि ज्ञानी थिए ।
ऐहे कारण कुन् परेर यिनिले * ज्यान् छोड़ि याहीं दिए ? ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भन्छन् धर्म-कुमार शेखि गरथे ❀ तर्वार हान्नै महाँ ।
त्यस् निम्ती ति गिरे यही बुझ तिमी ❀ हे भाइ ! ऐह्ले यहाँ ॥११॥
त्याहाँ देखि हिंडेर ती सब पुगे ❀ कर्मैशिलामा अनी ।
वर्षाले हिमको तिनै नकुलको ❀ ढाकेछ देहै पनी ॥
हींऊँमा गलि ती मरे नकुलजी ❀ देखेर यस्तो तहीं ।
तीनै भाइ रूँदै गए अघि बढी ❀ सर्दी बहूतै भई ॥१२॥
भन्छन् भीम र अर्जुनैहरु रूँदै ❀ मेरा ति भाई दुई ।
साह्रै सुन्दर ज्ञानि शील-गुणका ❀ मानू ति थुप्रा भई ॥
युद्धैका सब कार्यमा कुशल ती ❀ आज्ञा त मान्ने थिए ।
हा ! हा !! तौ पनि आयुपूर्ण हुनगै ❀ ह्यूँमा गलेरै गए ॥१३॥
पूगे तीन जना ति गोमति-शिला ❀ भन्ने जगामा तहीं ।
पार्थैको पनि देहपात भइगो ❀ निर्जीव हूँदै गई ॥
भन्छन् भीम गयौ धनञ्जय ! तिमी ❀ तिम्रा समाने पनी ।
कोही वीर थिएन पृथ्वितलमा ❀ श्रीकृष्ण-भक्तै बनी ॥१४॥
भन्छन् धर्मकुमार पार्थ ! तिमिले ❀ त्यै अश्वमेधै महाँ ।
दीयौ खूब सहायता मकन ता ❀ जीतेर भूपादिमा ॥
ल्यायौ अश्व बचाइ पूर्ण हुनगो ❀ त्यै यज्ञ मेरो अनी ।
त्यस्ता भाइ म वीर पाउँछु कहाँ ❀ खोजेर सूर्य्यै मनी ॥१५॥
रूँदै फेरि भने युधिष्ठिरजिले ❀ धिक् जन्म मेरो भयो ।
मेरो बन्धु-समूह कालवश भै ❀ त्याग्दै मलाई गयो ॥
आँखालाइ पुछेर धैर्य मनमा ❀ राखी हिंड्दैथे जसै ।
आयो वैतरणी-शिला हिउँ पनी ❀ खुब् पर्न लाग्यो तसै ॥१६॥
वर्षाले हिमको ति भीमकन ता ❀ छोपेर पुर्दो भयो ।
शोचै भारि त्यहीं युधिष्ठिरजिमा ❀ ती भीमको भैगयो ॥

· Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यस्तै औसरमा कुकुर् पनि कुनै ❀ आयो र साम्ने महाँ ।
भन्छन् धर्मकुमार श्वान ! कहु लौ ❀ बासा छ तिम्रो कहाँ ॥१७॥
बाटो उत्तर-पन्थ स्वर्ग-पुरिको ❀ देख्छू अगम्को अती ।
हाम्रा भाइहरू गलेर हिममा ❀ तिन्को भयो कुन् गती ? ॥
देख्यौ की तिमिले तिनैकन कतै ? ❀ पांचालि होलिन् कता ? ।
सुन्छू गर्जन कोहि ठूलि नदि झैं ❀ की छू भ्रमैमा म ता ॥१८॥

सम्राट् युधिष्ठिरको वैकुण्ठ गमन ।

लाग्यो भन्न ति भूपलाइ खुशि भै ❀ त्यै श्वान मान्छे सरी ।
राजन् ! वैतरणी नदी यि बगछिन् ❀ खुब् गर्जनाले गरी ॥
तीर्थै हुन् यि पवित्र कृष्णप्रभुले ❀ आज्ञा गरेथे यही ।
जाऊ गैकन न्वाहु पाप जति छन् ❀ छूटेर जानन् कहीं ॥१॥
जस्ले यो नदिमा नुहाउँछ गई ❀ फेर् मर्त्यलोकै महाँ ।
लीने छैन कदापि जन्म कहिल्यै ❀ त्यै मानुषी देहमा ॥
जस्मा छन् मल-मूत्र पीप र रगत् ❀ त्यै मानवी-देह पो ।
पाँचै तत्त्व मिलेर बन्छ बुझ्लौ ❀ कस्तो न-जाती छ यो ॥२॥
जो प्राणी गइ स्नान गर्छ यसमा ❀ पल्टेर देहै पनी ।
त्यस्को देह हुनेछ देव-तन पो ❀ धर्मात्मि ठूलो बनी ॥
तस्मात् जाउ नरेन्द्र ! स्नान गरलौ ❀ सोही नदीमा डुबी ।
आऊला लिन व्योम-यान हरिको ❀ श्री स्वर्गदेखिन् छुटी ॥३॥
सुन्दा कुक्कुरका कुरा खुशि हुँदै ❀ सोही नदीमा झरी ।
गर्दा स्नान छुटेर मोह ति भए ❀ धर्मात्मि ज्ञानी सरी ॥
राजाले अनि श्वानकै त सहनी ❀ खुब् गर्न लागे तहाँ ।
भन्छन् मात-पिता सरी तिमि भयौ ❀ अर्ती दिनाले यहाँ ॥४॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



युधिष्ठिर-परीक्षा ।

यस्तै औसरमा विमान पुगिगो ❀ तिन्लाइ लीनै भनी ।
जस्को तेज थियो ति सूर्य सरिको ❀ खूबै उज्यालो पनी ॥
सुन्का चौकि थिए ति रत्न जड़ितै ❀ गद्दी नरम् खुब् भई ।
चारै तीर फुलेर पुष्प बहुतै ❀ मीठो सुगन्धै तहीं ॥५॥
विष्णू-दूतहरू बसेर जसमा ❀ शोभा भएको अती ।
आयो दिव्य-विमान सोहि स्थलमा ❀ जाहाँ थिए भूपती ॥
दूतादीहरु सामुमा नृपतिका ❀ भन्छन् हजुर्लाइ ता ।
लीनैलाइ भनी हुकुम् हुनगई ❀ आयौं यहीं हामि ता ॥६॥
हे राजन्! चढ़िबक्सियोस् अब हजुर् ❀ यै व्योमयानै महाँ ॥
वैकुण्ठै पुरिमा गई गरनु होस् ❀ अक्षय्य सौख्यै तहाँ ।
त्यै वैकुण्ठमहाँ बसेर भगवान् ❀ श्रीलक्ष्मिका साथमा ।
चारै तीर ऋषी र देवहरु भै ❀ गर्नुन्छ वार्ता जहाँ ॥७॥
जस्ले गर्छ ठुलो तपादि भुमिमा ❀ त्यस्लाइ श्रीनाथले ।
राख्नू हुन्छ लगेर आफ्नु सँगमा ❀ आनन्दका धामले ॥
सुन्दा वाक्य ति दूतका नरपती ❀ भन्छन् ति नम्रै भई ।
पैहले श्वान यही चढ़ाउनु हवस् ❀ बिन्ती छ मेरो यही ॥८॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चढ्ने छैन विमानमा म त कभै ❀ यो श्वान छोडी यहाँ ।
वैकुण्ठै तिर जान्न साथि छ यही ❀ मेरो म त्याग्छू कहाँ ? ॥
सुन्दा त्यै नृप-वाणि श्वान उ बखत् ❀ खूशी बहूतै भयो ।
हेर्दै धर्मकुमारलाइ मुखमा ❀ यै वाक्य बोल्दै रह्यो ॥९॥

हे बाबू ! तिमि धन्य छौ खुशिभएँ ❀ यो ज्ञान देख्दा महाँ ।
कुत्ता ह्लैन म धर्मराज खुद छू ❀ तिम्रा अगाड़ी यहाँ ॥
तिम्रै हूँ म पिता भनी कुकुर ता ❀ श्रीधर्मराजै भए ।
आफ्नू हात् बढ़ाइ भूपकन ता ❀ तिन्ले समाती लिए ॥१०॥

भन्छन् हात समाति भूपवरको ❀ हाँसी यमैले तहाँ ।
आऊ बाबु ! बसौं गएर हरिको ❀ यै व्योमयानै महाँ ॥
त्यै बेला नभ बाट पुष्पहरुको ❀ वर्षा पनी भै गयो ।
धन्यै हुन् नृपती युधिष्ठिर भनी ❀ फेर् देव-वाणी भयो ॥११॥

एक्कासी परिवर्तनै कुकुरको ❀ त्यस्तो भएथ्यो जसै ।
देखी श्रीयमलाइ पाउ ति परे ❀ श्रीभूपती पो तसै ॥
बिन्ती धर्मकुमारले यहि गरे ❀ धन्यै भएँ हे पिता ! ।
पाई दर्शन आज ता हजुरको ❀ आनन्दमा छू म ता ॥१२॥

एती बिन्ति गरी युधिष्ठिर चढ़े ❀ त्यै व्योमयानै महाँ ।
पैह्राए हरि-दूतले मुकुट ली ❀ तिन्का कपालै महाँ ॥
ल्याई पीत अमूल्य अम्बर पनी ❀ पैह्राइ तिन्ले दिए ।
रत्नैका गहना सबै जिउभरी ❀ खूबै सजाई लिए ॥१३॥

धर्मकुमारले मायापति श्रीरामको दर्शन पाउँनु ।

राजालाइ शिंगारि पूर्ण रितले ❀ त्यै व्योमयानै अनी ।
ऊड़ाए हरि-दूतले यमकनै ❀ राखेर जाऊँ भनी ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्याहाँबाट उड़ी विमान पुगिगो ❀ श्रीधाममा जुन्घरी ।
ओर्ली भूप गए जहाँ जगतका ❀ स्वामी रहन्थे हरी ॥१॥
पाई दर्शन रामको नृपतिले ❀ त्यूह्ती प्रणामै गरे ।
प्यारे श्रीघनश्याम राम जय होस् ❀ भन्दै ति पाऊ परे ॥
हाँस्दै राम स्वयं उठेर नजिकै ❀ पाल्नू भयो त्यै घरी ।
लीनू भो तिनिलाइ दीर्घ-करले ❀ झट् अंकमालै गरी ॥२॥
खूशीभै जगदीशले ति नृपती- ❀ लाई लगी साथमा ।
आफूनेर बसाइ बक्सनु भयो ❀ श्रीकृष्णले पासमा ॥
यस्तो रीति गरेर धर्म-सुतले ❀ वैकुण्ठ धामै महाँ—
पाए स्थान र देवता ति गनिए ❀ सारा तिनै लोकमा ॥३॥
त्यै बेला नृप ती युधिष्ठिरजिको ❀ इच्छा भएको जती ।
जानी श्रीहरिबाट बक्सनु भयो ❀ फेर् दिव्य-दृष्टी अती ॥
देखे दृष्टि मिलेर धर्म-सुतले ❀ आफ्ना अगाड़ी महाँ ।
चारै तीर छ दिव्य चौकि सुनको ❀ अत्यन्त राम्रो तहाँ ॥४॥
आफ्ना भाइहरू र द्रौपदि अनी ❀ गान्धारि कुन्ती पनी ।
द्रोणाचार्य विदूर भूपतिहरू ❀ जन्मान्ध-राजा अनी ॥
थीए भीष्म र कर्ण कौरवहरू ❀ दुर्योधनादी गरी ।
पैह्रेका सब दिव्य वस्त्र मुकुटै ❀ शृङ्गार खूबै गरी ॥५॥
थीए भारत-युद्धमा नृपहरू ❀ त्याहीं मरेका जती ।
पाण्डु-माद्रि-विराट-देवऋषिका ❀ साथै ति सिन्धू-पती ॥
देवीहेरु र देवताहरु सबै ❀ त्याहीं बसेका थिए ।
चारै तर्फ नजर् घुमाइ नृपले ❀ देखेर हाँसीलिए ॥६॥
आज्ञा भो यमराजलाइ हरिको ❀ फेरी उसै बीचमा ।
भूको भारि उतारियो यम ! सबै ❀ कृष्णावतारै महाँ ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जस्को अंश लिएर गै पृथिविमा ❀ जन्मै लिएको थियो ।
तिन्ले गै निज-रूपमा अब मिलुन् ❀ लौ आज बेला भयो ॥७॥
आज्ञा मान्य गरी उठेर यमले ❀ हातै बढाई दिए ।
हाँस्दै झट्ट उठी युधिष्ठिर गई ❀ तिन्मा मिली गै गए ॥
वायूसीत गई वृकोदर मिले ❀ पार्थै मिले इन्द्रमा ।
त्यै बेला अभिमन्यु गै मिलिगए ❀ जाहाँ थिए चन्द्रमा ॥८॥
सूर्यैमा गइ कर्ण पो मिलिगए ❀ माद्री कुमारै दुई ।
अश्वीनी-सुतमा गएर ति मिले ❀ एकै जिऊका भई ॥
द्रोणाचार्य मिले बृहस्पतिजिमा ❀ भीष्मै वसूमा मिले ।
जस्का अंश थिए उठेर उ बखत् ❀ त्यै देवतामा मिले ॥९॥
सुन्दा यो इतिहास पाण्डु-सुतको ❀ अत्यन्त खूशी भई ।
सम्राट् श्रीजनमेजयै ति ऋषिका ❀ पाऊ परे झट् गई ॥
वैशम्पायनले उठाइ करले ❀ प्यारो बहूतै गरी ।
सम्राट्लाइ दिएर आशिष खुबै ❀ भन्दा भए त्यै घरी ॥१०॥
वेदव्यास गुरूजिले रचिदिए ❀ राम्रो कथा भैं गरी ।
माहाभारत पाण्डवादिहरुको ❀ पूर्वै-कथा खुब् गरी ॥
यस्लाई पढ्दा बसेर कि भने ❀ सुन्दा भएका जती ।
जानन् नष्ट भएर पाप हरिका ❀ कीर्ती हुनाले अती ॥११॥
आफ्नू चित्त गरेर शुद्ध जसले ❀ सुन्ला महाभारतै ।
आफैं पढ्छ कि ता भने अघतिरै ❀ जावैन इच्छा कतै ॥
गंगा-स्नान र तीर्थ गैकन हुने ❀ गौ-दान भू-दानको ।
पुण्यै प्राप्त भएर हुन्छ मनमा ❀ उत्पन्न फेर् ज्ञान पो ॥१२॥

॥ इति स्वर्गारोहणपर्व समाप्त ॥

पुस्तक पाइने ठेगाना—बाबू माधवप्रसाद शर्मा, दूधविनायक, वाराणसी—१

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

NEPAL SANSKRIT UNIVERSITY
पुस्तकालय
Acc. २५०८४
29.065

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu